CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको साँस्कृतिक परम्परा र राजमुकुट

कुलचन्द्र कोइराला

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नं. १५२३

नेपालको सांस्कृतिक परम्परा

र

राजमुकुट

R

लेखक

कुलचन्द्र कोइराला

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक:

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान
कमलादी, काठमाडौं,

Acc. 22290 / 22290

प्रथम संस्करण: २०४५

रु. १३०।–

मुद्रक:

सृजना प्रिन्टर्स
ब्रह्मटोल, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

संरक्षक

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर्गीय श्री ५ महेन्द्रबाट २०१४ साल आषाढ ९ गतेका दिन नेपाली साहित्य, कला र संस्कृतिको संरक्षण र संवर्द्धनको निम्ति प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिबक्सेको हो ।

२०३१ साल वैशाख १ गतेका दिन **राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको** कृपापूर्ण संरक्षकत्व प्राप्त गरी नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञानविज्ञानका क्षेत्रमा युगानुकूल विकास गर्ने सौभाग्य पाएको छ ।

नेपालको कला र संस्कृतिको गौरवमय इतिहास अत्यन्त प्राचीन, विशाल र आफ्नै किसिमको छ । आज **राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको** वात्सल्यपूर्ण नेतृत्वमा जसरी बौद्धिक, आध्यात्मिक, आर्थिक र औद्योगिक विकासको ढोका उघ्रन खोजेको छ उसरी सिर्जनात्मक उपासनामा लागेका हाम्रा प्रतिभाशाली लेखक, कवि, कलाकार र विद्वान्हरूले पनि आफ्नो देशको कला, साहित्य र संस्कृतिको गौरवमय इतिहासलाई संसारसमक्ष परिचय गराउन सक्ने खालका कृतिहरू सिर्जना गरी आफ्ना-आफ्ना क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्नेछन् भन्ने हामीलाई लागेको छ ।

राष्ट्रको गौरव बढाउने र नेपालको सौरभ फिँजाउने जस्ता महत्त्वपूर्ण कार्यमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले सबैबाट सहयोग पाउनेछ भन्ने आशा गर्दछौं ।

लैनसिंह बाङ्गदेल
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

बैशाख १ गते २०३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

संस्कृति भन्नु कुनै देश या जातिलाई चिनाउने चिह्न हो। त्यो अम्लान कुसुमको कुसुमे रङ्जस्तै हुन्छ, त्यसलाई मेटेर त्यहाँ अर्को रङ्ग भर्न सकिंदैन। संस्कृतिको रङ्ग त्यो देशको माटोदेखि मुटुसम्म मुछिएको हुन्छ। संस्कृतिको स्पर्श पाउनासाथ त्यस देशका जड प्रकृतिको पनि रूपै बदलिन्छ। त्यहाँ ऋतु र मासहरू उत्सव बनेर आउँछन्, पर्वतहरू सन्देश बनेर उभिन्छन् र नदीहरू करुणा बनेर बग्छन्। हाम्रा लेखा शरद् ऋतु आकाश खुल्ने र धान फुल्ने भौतिक परिवर्तन मात्र हैन, त्यो त शिरमा आशीर्वादका जमरा लाउने र जुनेलीरातमा पीङमा चढेर एकै छिन धर्ती छोडेर स्वर्ग छुने मानसिक पर्व हो र अन्धकारमाथि विजय गरेर सत्यको ज्योतिलाई साक्षात्कार गर्ने आध्यात्मिक पर्व पनि हो। हाम्रो संस्कृतिले प्रकृतिलाई मानिसको समीपमा र मानिसलाई देवताको समीपमा पुऱ्याउँछ। संस्कृतिको प्राण-प्रतिष्ठापाउनासाथ हाम्रा साहित्य, कला र दर्शनहरूको अर्कै अर्थ लाग्छ। हाम्रा साहित्यहरू हामीले आफ्ना परिवार र समाजमा हुर्काउँदै ल्याएका मूल्यहरूकै महिमागान हुन्। भानुभक्तीय रामायण केवल सिलोक र कथा हैन, त्यो त लोककल्याणको निम्ति व्यक्तिगत स्वार्थत्याग गर्न सक्ने आदर्शको जीवन्त अभिव्यक्ति हो र मनुष्यभित्र दैवी गुणको अवधारणा हो। हाम्रा कलाहरू देहसौष्ठव र सात्त्विक भावको अभिव्यक्ति मात्र हैनन्– तिनीहरूमा दिव्य दीप्तिको प्रभामण्डल पनि हुन्छ र आत्मप्राप्तिको प्रशान्ति पनि हुन्छ। हाम्रो दर्शन अनेकतामा एकताको दर्शन हो, "**एकं सद्विप्रा बहुधा बदन्ति**" भनेर हामीले विविध शक्तिमा उही केन्द्रीय शक्ति अनुस्यूत भएको अनुभव गऱ्यौं। हामी एकै देवमन्दिरमा शिवलाई पनि र बुद्धलाई पनि दर्शन गर्छौं, हामी एकै मूर्तिमा शिवलाई पनि र शक्तिलाई पनि अर्द्धनारीश्वरको रूपमा अर्चना गर्छौं। यही समन्वयात्मक भावना र यही समग्रताको दृष्टि नै हिमवत्खण्डको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतिको विशेषता हो । यही सांस्कृतिक विशेषताले गर्दा नै हामी एक हुन सक्यौं र एक राजमुकुटको आभामनि एकत्रित बन्न सक्यौं । आज विश्वका कतिपय सांस्कृतिक चिह्नहरू खण्डित र विलुप्त हुँदै जाँदा पनि यही अटूट आस्था र यही सबल राजसंरक्षणले गर्दा हाम्रा सांस्कृतिक चिह्नहरू सुरक्षित रहँदै आएका छन् र हामी अति प्राचीन सांस्कृतिक संपदाका धनी बन्न पाइरहेछौं ।

"**नेपालको सांस्कृतिक परम्परा र राजमुकुट**" नामक यस पुस्तकका प्रणेता हुनुहुन्छ– श्री कुलचन्द्र कोइराला । कोइरालाजी मधुर कविको साथै अध्ययनशील विद्वान् पनि हुनुहुन्छ । खास गरी, नेपाली संस्कृति र नेपालीपनका अध्ययन र अनुसन्धान उहाँका प्रिय विषय हुन् । विशद् अध्ययनबिनाको सांस्कृतिक निष्कर्ष अवैज्ञानिक बन्न सक्छ र आस्थाबिनाको सांस्कृतिक अध्ययनमा आफ्नोपनको छवि उपेक्षित बन्न सक्छ । विद्वान् कोइरालाजीले यहाँ वैदिक, बौद्ध, तन्त्र र सन्त साहित्यको साथै नेपालका विविध जातिको इतिहासको अध्ययन प्रस्तुत गर्नुभएको छ र नेपाली संस्कृतिको मूल धारालाई पहिल्याउनु भएको छ– जहाँ सम्पूर्ण उपधाराहरू वेला–वेला सम्मीलित हुँदै आएका छन् । वैदिककालदेखि विक्रमको पहिलो शताब्दीसम्मको सांस्कृतिक इतिहासको गोरेटो पत्ता लगाउने यस अध्ययनले नेपालको सांस्कृतिक परम्परालाई अतिप्राचीनकालसम्म पुऱ्याएको छ । प्रज्ञा-प्रतिष्ठानबाट प्रदान गरिएको विद्वद्वृत्तिअन्तर्गत एक वर्षको छोटो अवधिमै यति विषद् सांस्कृतिक अध्ययन प्रस्तुत गर्नुहुने कुलचन्द्र कोइरालाज्यूप्रति प्रज्ञा–प्रतिष्ठानको तर्फबाट बधाइ ज्ञापन गर्दछु ।

२०४५–१–२८

माधवप्रसाद घिमिरे
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगतः पितरौ बन्दे पार्वती परमेश्वरौ ।

– महाकवि कालिदास

नेपालको सांस्कृतिक पृष्ठभूमि

कुनै पनि देश र जातिको सांस्कृतिक परम्पराको चर्चा - परिचर्चा गर्ने पृष्ठभूमिमा पहिले त्यस देशको र त्यस देशभित्र चिरकालदेखि निवास गर्नेको जातीय इतिहासको समुद्रमा पनि डुबुल्की लगाउनुपर्ने अवस्था आइ-पर्छ । साथै धार्मिकपक्षको व्यापक विवेचन र अनुशीलन पनि त्यतिकै आवश्यक ठहरिन्छ । हरेक देश र जातिको सांस्कृतिक परम्परा धर्मसँग नै घनिष्ठ सम्बन्ध राख्दछ । हुन त धर्म, संस्कृति र इतिहास छुट्टा छुट्टै विषवस्तु हुन् तथापि परस्परमा यी विषयहरू अन्योन्याश्रयी छन् । प्राचीनकालमा धार्मिक कारणबाट आक्रमण र प्रत्याक्रमण हुन्थे, धार्मिक कारण नै राजनीतिक कारण बनेर इतिहासको निर्माण पनि भएको पाइन्छ । राजनीतिक र आर्थिक कारणले आक्रमण र विजय गरेपछि त्यसको स्थायित्वको निम्ति धार्मिक प्रभाव नै मुख्य भएर रहेको देखिन्छ । त्यसपछि विजयी र पराजितका आपसी मान्यता र मर्यादाहरू मिलेर नै विश्वमा नयाँ सांस्कृतिक विकास भएको पाइन्छ । कुनै पनि देश र जातिको निम्ति संस्कृति चिरन्तन–सत्य र सार्वभौम सत्य पनि हो । किनभने धेरै देशको धर्म एउटै हुनसक्छ, तर संस्कृति छुट्टै हुन्छ । सांस्कृतिक मान्यता र मर्यादाले देशको राष्ट्रिय सीमा छुट्याउँछ । कुनै देशको नामकरणले जातीय संस्कृति अलग भएको सहजै अनुमान गर्न सकिन्छ । यस-कारण राजनीतिक, सामाजिक, आर्थिक इतिहासभन्दा सांस्कृतिक इतिहास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै कुनै पनि देशको र जातिको प्राणवान् अस्तित्व हो। सांस्कृतिक इतिहास परम्परा र मान्यता एवं मर्यादाहरूको विनाश हुनु नै देश र जातिको अस्तित्व लोप हुनु हो। देशको इतिहास लेखिदा राजनीतिक, सामाजिक र आर्थिकपक्षमा बढ्ता जोड दिइन्छ तापनि सांस्कृतिकपक्ष पनि त्यसभित्र केही अंशमा अन्तर्निहित हुन्छ। त्यस्तै सांस्कृतिक पक्षको चर्चा गर्दा इतिहासका अन्य पक्षवाट सँगसँगै डोरिएका हुन्छन्। फरक के हुन्छ भने सांस्कृतिक इतिहासमा धार्मिकपक्षको प्रधानता रहन्छ र राजनीतिक इतिहासमा आर्थिक र सामाजिकपक्षलाई नै बढ्ता जोड दिइन्छ।

संसारका कतिपय धर्ममा मान्यताहरू अपरिवर्तनीय मानिन्छन्। त्यही पुरातन धार्मिक परिधिभित्र नै सांस्कृतिक मान्यता र मर्यादा पनि रहेकोले परम्परा सीमित छ। किन्तु हिन्दूधर्मको मौलिक रूप यज्ञवाद, बहुदेववाद सँगसँगै डोरिएर आएकोले अपरिवर्तित माने तापनि यसका विविध पक्षहरू गतिशील छन्, वाटाहरू अनन्त छन्, मान्यता र मर्यादाहरू असीमित छन्। जो प्रथम व्याख्या गरियो, त्यही नै पूर्ण सत्य हो नभनेर विविधपक्षमा अन्वेषक र चिन्तनशील महर्षिहरूले जुन सत्यताको साक्षात्कार गरे त्यो नै रहस्यमय उक्तिमा प्रकट गरिएका वेद मन्त्रहरूको संकलन नै वैदिक साहित्य हो, जसको भाषा, उक्ति र चिन्तन-पक्षहरूको तुलनात्मक अध्ययन गरेर उत्तरोत्तर विकास-प्रणालीलाई आधुनिक प्राज्ञहरूले निश्चय गरेका छन्।

यसकारण हामी हिन्दूहरूले यस सत्यतालाई नकार्नु छैन के कुरामा भने वैदिक सनातनधर्म चिन्तन, मनन र उहापोहको परिष्कृत रूप हो।

कुनै पनि हिन्दूबाहेकको धर्ममा उल्लेख गरिएका कुरालाई त्यो धर्म मान्नेले आँखा चिम्लेर स्वीकार्नुपर्छ। वादविवाद र कुनै तर्कको ठाउँ छैन। तर वैदिकधर्म, वेदमन्त्रहरूको उत्पत्तिकालदेखि नै वाद-प्रतिवाद र नयाँ नयाँ तर्कशील चिन्तनले माझिएको छ। ऋग्वैदिक चिन्तन धाराको प्रारम्भिक अवस्था र दशौं मण्डलका मन्त्रहरू केलाएर हेर्यौं भने मात्रै पनि उपर्युक्त सत्योद्घाटन हुन्छ। यजुर्वेदकालमा यसको विविध पक्षको विकसित रूप देखिन्छ र यज्ञप्रधान मानिएको यस वेदको ४० औं अध्यायले जसलाई वेदान्त भनिन्छ, वैदिक चिन्तन परम्परामा क्रान्ति ल्याइदिन्छ, जसको विस्तृत रूप अनेकौं उपनिषद्मा आएर उद्भासित हुन्छ।

उपनिषद्कालपछि अनुसन्धान र चिन्तनको विकसित रूप तर्क-वितर्कद्वारा हिन्दूदर्शन शास्त्रको विविधपक्ष सांख्य, वैशेषिक, न्याय, मीमांसा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्त आदिको विस्तार भयो । रामायण र महाभारतकालमा र त्यसपछि हिन्दूधर्मले संसारका कुनाकुनासम्म पुगेर आफ्नो झण्डा गाड्यो । तर्क-वितर्कद्वारा चित्त बुझेपछि मात्र स्वीकार्य हुने भएको र सत्य-सापेक्ष भएकोले नै प्रेम र सद्भावनाद्वारा व्यापकता लिन सक्थ्यो । धर्म प्रचारको लागि तरवारको आवश्यकता परेन । "वादे वादे जायते तत्त्व बोधः" उक्ति नै वैदिक धर्मको गतिशीलता हो ।

ऋग्वैदिककालका यज्ञमा आह्वान गरिने इन्द्र, वरुण, मित्र, सूर्य, सोम, रुद्र आदि देवताको जुन महत्त्व थियो, त्यसै वेला "एकमेवसत्" भन्ने चिन्तनशील महर्षिहरू पनि थिए । विपुल विश्वको संरचना केलाउन संलग्न मुनिहरूबाटै उपनिष्का मन्त्रहरू निस्केका हुन् । आत्मा परमात्मा, प्रकृति, पुरुष, ब्रह्म, ब्रह्माण्डको विवेचन र अनुशीलन गरेर भौतिक र अध्यात्म दुवै पक्षको रहस्यात्मक अभिव्यक्ति उपनिषद्मा गरिएको छ । धार्मिक चिन्तनमा वाद-विवाद र तर्कले खुलाछुट पाएकोले नै हिन्दू-दर्शनले विश्वमा माथिल्लो स्थान ओगटेको छ । स्वर्ग, नरक, ईश्वर भन्ने कुरा मिथ्या हो, "जति बाँचिन्छ ऋण गरेर भने पनि घिउ नै खाऊ, मरेपछि खरानी भएको शरीर फर्कंदैन" भनेर तर्क दिने चार्वाकजस्ता पनि हिन्दूधर्मका परंपराभित्रै जन्मे । उनको बिचार सम्मलाई नास्तिक भनियो, व्यक्ति भने हिन्दू वाहिर परेनन् । अपौरुषेय वेद नै हाम्रो पनि प्रमाण हो भनेर वेदको एक मंत्रको कुनै अंश मात्र पक्रेर गरिने तर्क-बितर्क र सिद्धान्तको प्रतिस्थापन पनि हिन्दूधर्म नै मानिन्छ ।

उपासित देवताप्रति अनन्य भक्तिभावको पुकारा, श्रद्धा, प्रार्थना र आवाहन गरिएका मन्त्रहरूको संगालो नै ऋग्वेद हो । त्यही श्रद्धा र भक्तिभावलाई केन्द्रबिन्दु मानेर शैव, वैष्णव, शाक्त, सौर्य आदि सम्प्रदाय र भक्तिवादी दर्शनशास्त्रको बिस्तार भएको छ । उपनिषद्ले निर्गुण र निराकार मानेको ब्रह्मलाई अलौकिक मानवको रूपमा मानेर सगुणोपासना गर्ने सम्प्रदायहरू पनि हिन्दू नै हुन् ।

वैदिक सनातन धर्मको विविध पक्षको विस्तार र उत्कर्ष कालमा नै सरल यज्ञविधामा जटिलता थपिंदै गयो । वैदिक यज्ञमा पशुवलि गर्ने प्रथा नै धर्म मान्ने र वलिप्रथा हिंसा हो, घोर पाप हो भन्ने दुवै थरी हिन्दूमा तर्क वितर्क भई नै रह्यो तर आपसी प्रेम र सद्भावनामा भने कुनै आँच आएन । दुवै थरीको धर्मको मूलग्रन्थ वेद नै थियो । व्याख्या मात्रै आफ्नो तर्क र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धिमा निर्भर गर्थ्यो । यही विभेद भएर पनि एकता, परस्परको दार्शनिक पक्षलाई मान्यता, आफ्नो विवेक शक्तिले स्वीकार गरेको वाटो नै ठीक भन्न सकिने धार्मिक सिद्धान्त, वादविवाद र तर्कद्वारा प्रस्थापित सिद्धान्तलाई मान्यता दिने परिपाटी नै हिन्दू धर्मको उदारवादी दृष्टिकोण हो, सहिष्णुता र समन्वयको ज्वलन्त उदाहरण हो ।

सप्तसिन्धु– हिमालदेखि आसमुद्रान्त फैलिएका आर्यजनहरूले विविध जातिहरूको माझमा आफ्नो वर्णको रक्त शुद्ध राख्न बनाएका कठोर नियमहरूले र बढ्दो यज्ञवादको जटिलता र खर्चिलो यज्ञधर्मले विक्षुब्ध समाजको मनोभावलाई नेतृत्व दिन यसै बेला महावीर र बुद्धको जन्म भयो । उनीहरूले आफ्नो आफ्नो दार्शनिक तर्कद्वारा जातिवाद, यज्ञविधान, पशुवलिको बिरोध गरे । आर्येतर जातिको वाहुल्य भएको मगध आदि प्रदेश नै बुद्धको मुख्य प्रचारको ठाउँ भयो । जातिवादको कठोर नियमले भिन्न-भिन्न हीनता बोध भएर कुँडिएको समाजले महात्मा बुद्धलाई सबैतरहले साथ दियो । आर्य सन्तानभिन्नैका बुद्धको दया, क्षमा, करुणा, अहिंसा, सदाचार, निर्लोभ, पवित्रताजस्ता आचारको प्रचारले मानव मष्तिष्कमा ठूलो असर पऱ्यो । जसले गर्दा आर्य-संस्कृतिभिन्न नै नयाँ दर्शन र चरित्रको उद्‌गम भयो । जैनधर्म पनि बुद्धसँग मिल्दोजुल्दो नै थियो । तर कठोर व्रत, नियम र दिगम्बरपनले गर्दा लोकप्रिय हुनसकेन । विकसित समाजमा नाङ्गोपन श्रद्धेय पनि हुँदैन ।

कुनै पनि धार्मिक, सामाजिक क्रियाकलापमा कालान्तरले विकृति आउनु, हठवादीपनले छुनु नौलो कुरा होइन । यद्यपि वैदिकधर्मभिन्नै "शुनिचैव श्वपाकेच पण्डिताः समदर्शिनः" भन्ने भगवान् कृष्णजस्ता योगेश्वर जन्मिसकेका थिए । तथापि वैदिक धर्मको वा यज्ञवादको प्रतिपक्षी उनी नभएको कारणले र बुद्धको सरल र सहज सिद्धान्तको लोकभाषा-पालीमा गरिएको प्रचार-प्रसारले जनसाधारणलाई आकृष्ट गऱ्यो । फेरि नयाँ-नयाँ पक्षको बढी चाहना हुनु पनि मानव प्रवृत्ति हो । सूत्रकारहरूले त्यो बेला जातिवादलाई कस्तै पनि लगेका थिए ।

बुद्धधर्मको सरल सहजताले आकृष्ट भएर पछिपछि वैदिकधर्म र दर्शनका प्रकाण्ड पण्डितहरू पनि अनुयायी बने । यसले गर्दा वैदिकधर्मका संस्कार र दर्शनले नजानिदो तबरबाट बुद्धधर्म र दर्शनभिन्न प्रवेश गरे । आर्यसंस्कार त चिरन्तन नै थियो, नयाँ धर्मभिन्न प्रवेश गर्दैमा परम्परागत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कार मेटिने कुरा पनि थिएन । यसको प्रतिफल बुद्धदर्शनभित्र पनि तर्क-वितर्क, वादप्रतिवादको प्रधानता भयो। महात्मा बुद्ध तर्कको उल्झनमा पस्न चाहदैनथे । उत्तराधिकारीले यो कुरा ख्याल गरेनन् । देवता र मूर्तिमा आस्था राख्ने हिन्दूहरूले बुद्धधर्मभित्र पसेर पनि विस्तारै यस पक्षको वीजारोपण गरे। यसले गर्दा एउटा सशक्त पक्ष महायानको जन्म भयोको बुद्ध-भिक्षु अश्वघोषले वैदिक र पौराणिक चरित्रको उपमा दिएर बुद्धको गुण गाए । नागार्जुन, वसुबन्धु, धर्मकीर्ति आदि वैदिक दर्शनका प्रकाण्ड पण्डितहरूले बौद्ध बनेर प्रचार - प्रसार शुरू गर्दा संस्कारगत भावनाले पर्त नपाइकन नयाँ दर्शनको रूप लियो। अनि मूर्ति पूजाका विरोधी बुद्ध कालान्तरमा आफैं अवतारी बुद्ध भएर मूर्तिमा जकडिएर पूज्य बन्न पुगे । झन् तन्त्रयानले त आदिम युगमै पुऱ्याइ दियो।

बुद्धदर्शन उपनिषद्द्वारा प्रभावित त छँदै थियो । वैदिक दर्शनका कतिपय पक्षसँग समानता राख्ने हुँदा र हिन्दूभित्रैबाट जन्मेको सम्प्रदाय हुँदा यसभित्र पनि अनेक सम्प्रदाय नजन्मने कुरै भएन । फेरि पहिले पहिलेका सज्जनहरूले बुद्धविहार बनाई अर्पण गरेका दानले बुद्धभिक्षुहरू धनी भए । भिक्षाद्वारा जीविका गर्ने शील, सदाचार, विनय-सम्पन्न भिक्षुजीवनको मर्यादा, सम्पन्नताले मासियो । अतुल ऐश्वर्यले राजसी ठाँटबाँट र विलासिता बढ्यो। धन नै अविवेक र व्यभिचार बढाउने साधन भएकोले यसभित्र निरन्तर विकृतिहरू नै बढे ।

ऋग्वैदिक मन्त्रहरूमा देखापरेका टूना-टोड्का महौषधी वंशीकरण, सम्मोहन आदि विधाको विकसित रूप अथर्वसंहितामा नै देखापर्छ । यस पक्षका साधकहरूले तन्त्रमन्त्रको विकास गर्दै लगेकाले आगमनशास्त्रहरूको पनि बुद्धकालमा निकै नै विस्तार भएको थियो । मन्त्र, यन्त्र सिद्धि, अणिमादि सिद्धिप्राप्ति, भौतिक उत्कर्ष, मारण, मोहन, वशीकरण आदि व्यामोहले र सिद्धहरूको चमत्कारिताले पछिल्लो कालमा आएर बुद्धदर्शन पनि अछुतो रहन सकेन । अनि बुद्धका महावाणीमा पनि आगमनशास्त्रको दर्शन हुन थाल्यो । तन्त्रमन्त्रले नै बुद्धभिक्षुहरू निर्वाण सिद्धि प्राप्त हुने विश्वास गर्न थाले । बुद्ध सिद्धिदाता भए । उनका शक्ति तारा, उग्रतारा, योगिनीहरू साधनाका सोपान भए । यसरी विस्तारै हिन्दू-आगमशास्त्रको प्रवेश र आर्येतर जातिमा विकसित शावरतन्त्र-पद्धतिको योगले बुद्धधर्मको महायान शाखाभित्रै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्त्रयान, सहजयान तथा वज्रयान सम्प्रदायको जन्म भयो । मानव बुद्ध अलौकिक र अवतारी बुद्धलाई रिझाउन उनका शक्ति र महाशक्तिको जटिलतम वाममार्गी उपासना हुन थाल्यो । आफ्नो विभिन्न धार्मिक चिन्तनसँग समन्वय गरिसकेको हुनाले वैदिकधर्मका आचार्यले पनि बुद्धलाई विष्णुका दश-अवतारमध्येका एक अवतार मानिदिन कन्जुसी देखाएनन् । हिन्दूहरू-मध्येकै तत्त्वचिन्तकलाई हिन्दूमै विलिनीकरण गरेको कुरो आश्चर्य लाग्दो पनि भएन ।

यसरी हिन्दू संस्कृतिको इतिहासलाई सिंहावलोकन गर्दा अनेक हाँगाविंगा छरिएर असीमित रूप लिएको देख्न पाइन्छ । आज अहिन्दूले हिन्दूधर्मको छोटो परिभाषा सोध्यो भने शायद हिन्दू धर्माचार्यहरूले स्पष्ट र छोटो उत्तर दिन सक्लान्, शंकै छ ।

यी उपर्युक्त कुराको यहाँ दिग्दर्शन गराउन किन आवश्यकता पऱ्यो भने उल्लिखित सबैजसो धार्मिक सम्प्रदायहरूको विकसित र अर्धविकसित रूप र अझ यहाँ छुट्टै पल्हाएका हाँगाविंगाको समष्टि रूप नै नेपालको सांस्कृतिक धरातल हो । उपर्युक्त सम्प्रदायहरू जन्मेका ठाउँमा हराइ सके । यहाँ भने कुनै मठ-मन्दिरमा, कुनै मूर्तिकला–वास्तुकलामा, कुनै जातका संस्कारमा, थर र गोत्रमा, जात्रा र पर्वमा, नृत्यगानमा, लौकिक परम्परामा, जातीय र सामाजिक मर्यादामा, संस्कारगत मान्यतामा प्रत्यक्ष वा परोक्ष रूपले जीवित छन् । यी सबैको धार्मिकपक्ष जेजस्तो रूपमा रहेको होस् अथवा मूलरूपमा नबाँचेको होस् तर सांस्कृतिकपक्ष भने जीवन्त छ । पाशुपत, मुण्डश्रृंखलितपाशुपत, कौलाचार, वामाचार, भैरवीचक्रका सम्प्रदायको प्रत्यक्ष रूप नभेटियोस् तर पूजाक्रम, मूर्ति र मन्दिर, त्यसका कतिपय सामाजिक परम्परा छँदै छन् । यही समष्टिगत संस्कृति नेपालको अमूल्य निधि हो, सांस्कृतिक इतिहासको विकासक्रमको मूर्त-चित्र हो ।

नेपालीहरूको एउटै घरभित्र कोही शैव, कोही वैष्णव र शाक्त हुनु; कोही वैदिक र कोही बौद्ध हुनु; जे जस्तो भए पनि आपस्तमा प्रगाढ स्नेह, ममता रहनु; एक सम्प्रदायले अर्को सम्प्रदायका देवताको उत्तिकै मर्यादा र पूजा गर्नु; बौद्ध-विहारभित्र वैदिक देवता र वैदिक मठ-मन्दिरको प्रांगणमा बौद्ध स्तूप चैत्य रहनु; शैव, वैष्णव, मन्दिरमा पूजा गर्नेले उत्तिकै सम्मान साथ चैत्यको पनि पूजा प्रदक्षिणा गर्नु; बौद्ध, वैदिक दुवैले मिलेर दुवैका चाड-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्व मनाउनु; जात्रा चलाउनु; राजमुकुटप्रति समान आस्था, पूज्यभाव, देवभाव राख्नु धर्म सहिष्णुता एवं समन्वयका ज्वलन्त उदाहरण हुन् ।

एक्काईसौं शदीमा विकसित देशका मानव समाजमा उठेको धार्मिक कलह, एउटै धर्मका दुई सम्प्रदाय बीचको हिंस्रक फाटो, धर्मनिरपेक्ष देशमा भएका दङ्गाले साँस्कृतिक इतिहासको विच्छिन्नतालाई औंल्याउछन् । तर नेपालभित्र भने वैदिक हिन्दूहरूको अनेकताभित्र रहेको एकता र सद्भावनाका सुमधुर सम्बन्धले तथा अहिन्दूसँग रहेको गाढा मैत्री र प्रेमले नेपालीको सांस्कृतिक परम्परा अत्यन्त उज्ज्वल रहेको छ ।

उपर्युक्त नेपालको धार्मिक र सांस्कृतिक परम्परालाई नै राष्ट्रको मौलिक यथार्थता मानिएको कुरा नेपालको संविधानका निम्नाङ्कित विभिन्न धारा उपधाराले पनि अभिव्यक्त गरेका छन् ।

सम्वैधानिक मान्यताहरू –

सम्विधानको प्रस्तावनामा भनिएको छ – नेपाल अधिराज्यको निमित्त एक सम्विधान बनाई जारी गर्नु वाञ्छनीय हुँदा हाम्रा महान् आदरणीय पूर्वजहरूका पालादेखि नै चलिआएको सम्वैधानिक कानून, रीत र परम्पराअनुसार हामीमा अन्तर्निहित राजकीय सत्ता र विशेषाधिकार प्रयोग गरिवक्सी हामी श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट यो सम्विधान बनाई जारी गरिबक्सेका छौं ।

उपर्युक्त प्रस्तावनाबाट नेपालमा लिखित कानूनजस्तै पूर्वजहरूका पालादेखि नै चलिआएको रीत र परम्परा पनि अलिखित कानूनकै मर्यादा प्राप्त गर्दछ भन्ने तथ्यको पुष्टि हुन्छ । त्यस्तै संविधानको भाग १ धारा २ को उपधारा (२) मा उल्लेख भएको छ – आफ्नो प्रतिभा र परम्पराअनुसार राजनीतिक आर्थिक र सांस्कृतिक जीवनको विकास गर्ने · · · राष्ट्रको अविनाश्य र अविच्छेद्य अधिकार हो । यसबाट पनि सांस्कृतिक जीवनको विकास राष्ट्रको राजनैतिक र आर्थिक जीवनको विकासजस्तै अनिवार्य हो र त्यो परम्पराअनुसार नै विकसित हुनुपर्छ भन्ने जानिन्छ ।

उपर्युक्त भागकै धारा ३ मा उल्लेख भएको छ, नेपाल एउटा अभिभाज्य र सार्वभौमसत्ता सम्पन्न राजतन्त्रात्मक हिन्दू अधिराज्य हो । नेपालको राष्ट्रिय धर्म उपर्युक्त कारणले हिन्दूधर्म हो । हिन्दू शब्दको उत्पत्ति सिन्ध वा सैन्धव शब्दबाट भएको छ । ऋग्वैदिककालमा आर्यहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तसिन्धुमा बस्तथे र छिमेकी ईरानीहरू 'स' को उच्चारण गर्न नजान्ने हुँदा सप्तसिन्धुलाई हप्तहिन्दू भन्दथे । यसै कारण हिन्दू नाम ज्यादै प्राचीन हो र यसबाट सप्तसिन्धुमा आदिनिवास हुने आर्यहरूको बोध हुन्छ । हिन्दूधर्मकै अन्तर्गत पछिका बुद्ध, जैन, शीख आदि धर्म भएकाले यी सबै हिन्दूभित्रै पर्दछन् । सम्विधान भाग ४ को धारा ३ को उपधारा १ मा ··· परापूर्वकालदेखि नेपालको समृद्धि तथा वैभव तथा राष्ट्रिय चरित्रको रूपमा नेपाली नागरिकले अवलम्बन गरिआएको नेपालको संस्कृति र परम्परागत मान्यताप्रति रही आएको पारस्परिक सुमधुर सहिष्णुतालाई कदर गर्दै राष्ट्रिय एकता कायम गर्नु पञ्चायत प्रणालीको सामाजिक लक्ष्य हुने छ ।

उपर्युक्त धारावाट के थाहा पाइन्छ भने – परापूर्वकालदेखि चलिआएको संस्कृति र परम्परागत मान्यता र धार्मिक सहिष्णुता नेपालीका मूलभूत सामाजिक लक्ष हुन् । साथै धार्मिक सहिष्णुता परम्परागत मान्यता हो र साँस्कृतिक पक्षको मेरुदण्ड पनि ।

सम्विधानको भाग ५ को धारा २० को उपधारा (१) मा उल्लेख भएको छ यो सम्विधानमा श्री ५ भन्ने शब्दले श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका वंशज आर्य संस्कृतिका अनुयायी हिन्दू धर्मावलम्बी गद्दीनसीन **श्री ५ महाराजाधिराज**लाई सम्झनु पर्छ ।

उपर्युक्त धाराले नेपालको संस्कृति आर्य संस्कृति हो, जसका परम्परागत मर्यादा र मान्यताहरू मौसूफवाट पालना गरिवक्सन्छ । हिन्दूधर्मको मूलपक्ष वैदिक हो । आर्य संस्कृतिका अनुयायीको मर्यादाले हिन्दूधर्मका शाखा-प्रशाखाको पनि मर्यादापालना गरिवक्सिन्छ । साथै नेपालको राष्ट्रिय-चरित्रको रूपमा रहिआएको पारस्परिक सुमधुर सहिष्णुतालाई कदर गरिवक्सी अन्य धर्मावलम्बीहरूप्रति पनि परम्परागत सद्भावना राखि वक्सन्छ ।

माथि उल्लेख भएका संविधानका धाराहरूको समष्टिगत मन्सायवाट राष्ट्रिय धर्म हिन्दूधर्म हो, परम्परागत आर्य संस्कृति नेपालको मूल संस्कृति हो, उक्त धर्म र संस्कृतिभित्रका परम्परादेखि चलेका रीति, स्थिति मान्यता र मर्यादाहरू पनि अलिखित कानूनको रूपमा मान्यता प्राप्ति गर्छन् ।

देशकाल परिस्थितिले आवश्यकतानुरूप प्रशासनको क्षेत्र विकसित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदै जाने र बहुजनहिताय कार्य गर्दा आर्थिक सामाजिक क्षेत्रपट्टि विशेष जोड दिनु पर्ने तथा धार्मिक र सांस्कृतिक पक्ष पछिपर्न सक्ने दूरगामी परिणामलाई शोचिबक्सी परम्परागत धर्म, संस्कृति अक्षुण्णरूपमा रही आफ्नो पक्षको छुट्टै निर्वाह गर्दै जाओस् भन्ने सदिच्छाले, देवस्व जतिको अलग्गै सङ्कलन, व्यवस्थापन र संचालन गर्न स्वर्गीय श्री ५ बाट २०२१ साल कार्तिक ७ गते गुठी संस्थान खडा गरिबक्सेको छ । समयको राजनीतिक प्रवाहमा परेर देवस्व पनि मासिन जाला भन्ने मनसायले नेपालको सम्विधानको भाग १० को धारा ५९ मा राष्ट्रको संचितकोषमा जम्मा हुने रकमको उल्लेख गर्दा गुठी रकमलाई बाहेक गरिएको छ ।

उपर्युक्त सांस्कृतिक पृष्ठभूमिको दिग्दर्शनमा वर्तमान नेपालको सम्विधानद्वारा इङ्गित गरिएको रीति, स्थिति, परम्पराको मर्यादा मान्यता नै राष्ट्रको सांस्कृतिक नीति भएकोले उल्लेख गर्नु आवश्यक मानिएको हो । समाजको नियमन र व्यवस्थापन तथा विविध पक्षहरूलाई मर्यादित गर्न विश्व भातृताको परिप्रेक्षमा समय र देश सुहाउँदो ऐन, कानूनको तर्जुमा, संशोधन र परिवर्तन गरिन्छ । तर धार्मिक र सांस्कृतिक पक्षका धेरैजसो कामकर्तव्य रीतिरिवाज र परम्परामा नै आधारित हुन्छन् । धार्मिक र सांस्कृतिक शिक्षा, मर्यादा र मान्यता एवं रीतिस्थिति, कुल परम्पराबाटै आउने हुँदा हाम्रो श्रुति-परम्परा कायम नै थियो । तर आजको शिक्षा–दीक्षामा यो परिपाटी कायम रहन नसकेकोले धार्मिक र सांस्कृतिक पक्षका अलिखित परम्परा र राष्ट्रले र राजसंस्थाले पालना गर्दै आएका रीति, स्थिति, मान्यता, मर्यादाहरू जोगाई राख्न लिपिबद्ध हुनु आवश्यक भएको छ । पुरातन युगका नियम र स्थिति सूत्रग्रन्थ र स्मृतिहरूमा सुरक्षित भए तापनि वेदका शाखा-भेद र धर्मशास्त्रका निर्माताहरूको विचार बहुलताले गर्दा पक्ष छुट्टिदैन । देशभेद र समयभेदले हुने परम्पराको पृथक्ताले नेपालीपक्ष निश्चय गर्न पनि गाह्रो पर्छ । लिच्छविकालीन अभिलेख–शिलापत्र, ताम्रपत्र, मल्लकालीन शिलापत्र, ताम्रपत्र, लालमोहर र प्राचीन पद्धतिहरू; शाहकालीन, शिलापत्र, ताम्रपत्र, लालमोहर र प्राचीन पद्धतिहरू एवं अन्य प्राचीन ग्रन्थहरू जो खिइएर हराए, चोरिएर मासिंदैछन्, तीनको प्रमाणितपरम्परा पक्ष र जो मठ-मन्दिरका पुजारी, महन्त, गुठियारका मन - मस्तिष्कमा मात्रै सुरक्षित र संचित छन् तथा दिनप्रतिदिन उनीहरूको अवसानसँगै बिलाउने तर्खरमा छन्, त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिपिबद्ध गरी सांस्कृतिक परम्परा जोगाई राख्ने प्रयत्न गर्नुपर्ने त छँदैछ । नेपाली संस्कृति के हो ? राजमुकुटसँग कसरी सम्बन्धित छ भन्ने विषयको जानकारी हुन पनि आवश्य ठानिएकोले यो शोधग्रन्थ तयार गरिएको छ ।

यसरी विषयवस्तुको निर्देशन गर्दा नेपालको इतिहास केलाउन सजिलो छैन । प्राप्त पुरातात्त्विक र साहित्यिक सामग्रीबाट इतिहास शुरू गर्न ता पाइन्छ तर सांस्कृतिक इतिहास र आजसम्म विभिन्न क्षेत्रमा छरिएर जीवित रहेको सांस्कृतिक परम्पराको खोजिनीति गर्दा ऋग्वैदिककालदेखिको सांस्कृतिकसम्बन्ध नडोऱ्याई धर छैन । साथै आजका पूजारी, महन्त, गुठीयारका मन-मस्तिष्कमा मात्र संचित रहेका रीति-स्थिति र परम्पराको यथासम्भव अनुसन्धान गरी दिग्दर्शन प्रस्तुत गर्नु पर्ने भएकोले यस ग्रन्थको रूप विशाल नै हुने भयो । यसकारण यो प्रबन्धलाई पूर्वखण्ड र उत्तरखण्डमा विभाजित गर्नु परेको छ ।

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले २०३९ सालको विद्वत् वृत्ति यस अकिञ्चनलाई प्रदान गरेर ठूलो दायित्व सुम्पेको छ । यद्यपि यसको लेखाजोखा गर्न पूर्णरूपले आधिकारिक व्यक्ति म होइन, तथापि प्रज्ञाप्रतिष्ठानले "नेपालको सांस्कृतिक परम्परा र राजमुकुट" शीर्षक दिएर यो ग्रन्थ लेखाउने जुन गुरुत्तर जिम्मेदारी र विश्वास सुम्पेको छ, त्यसको आभारी छु । गुठी संस्थानको सदस्य भएर २०३७ सालदेखि गुठीका जात्रा, पर्व, परम्परा रीतिरिवाज मठ-मन्दिरसँग परिचित हुन पाएकोले नेपालको धार्मिक तथा सांस्कृतिक पक्षका गुठियार, पूजारी, महन्तसँग पनि विशेष सम्पर्क हुन पाएकोले नेपालसम्बन्धी सांस्कृतिक पक्षको उल्लेख गर्न ठूलो मद्दत भएको छ र तत्सम्बन्धी विषय प्रमाणित रूपमा नै प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत ग्रन्थको पूर्वार्ध शास्त्रीय एवं ऐतिहासिक पक्षको दिग्दर्शनमा नै पूर्ण भएको छ । उक्त पक्षकै विकसित नेपाली परम्पराको रूपचाँहि दोस्रो खण्डमा प्रस्तुत छ ।

विभिन्न धार्मिक सम्प्रदायको जन्म र विकासको ऐतिहासिक दिग्दर्शन गर्ने मोह छोड्न नसकेकोले ग्रन्थको रूप ठूलो भए पनि वर्तमान नेपाली समाजको निम्ति उपादेय नै हुने ठानेको छु । मध्यकालीन युगमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकसित भएको तान्त्रिक पक्षको बहुलता नै उपत्यकाभित्रका जात्रा पर्व र मन्दिरहरूमा देख्न पाइने भएकोले यसको यथासम्भव दिग्दर्शन गर्न प्रयत्न गरिएको छ र विभिन्न पक्षमा छरिएर रहेका विषयवस्तुको समष्टिरूपमा सङ्कलन भएको यो ग्रन्थले नेपाली समाजलाई आफ्नो सांस्कृतिक परम्पराको स्वल्पज्ञान गराउन सक्यो भने लेखकले आफ्नो श्रम सफल भएको ठान्ने छ ।

अस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूची

नेपालको सांस्कृतिक पृष्ठभूमि–क–ट

पहिलो परिच्छेद–१–१३२

पहिलो अध्याय–नेपालको परिचय र सांस्कृतिक धरातल–१, वैदिक सभ्यताको उत्पत्ति र विकास–४, वेदको कालनिर्धारण–५, वैदिक साहित्यको वर्गीकरण–१४,वेदका शाखा विभाग–१६, ब्राह्मण साहित्य–१७, उपनिषद् साहित्य–१८,

दोस्रो अध्याय– ऋग्वैदिक संस्कृति एवं आर्यपरम्परा–२३, ऋग्वेदकालीन समाज–२७, गृह निर्माण र वास्तुकला–३१, निर्माणसामग्री-३२, पेयवस्तु–३५, बस्त्र र परिधान–३६, पगरी तथा उष्णीष–३८, गहना–३८, कपर्द केशरचना–३९, सवारी साधन–३९, जलयान–४०, आर्थिक व्यवसाय–४०, व्यापार–४१, सामुद्रिक व्यापार–४२,

तेस्रो अध्याय ऋग्वेदका मन्त्रहरूमा उल्लिखित प्रसिद्ध जातिहरू–४४, दास, दस्यु र पणि--४४,

चौथो अध्याय– वैदिक संस्कृति र राजसंस्था-५६,वंश परम्परागत राजा–६०, सामाजिक अनुबन्धवाद-६३,सभा,समिति र विद्थ-६५,सभाको कार्य प्रणाली-६८,-समिति ६९,समितिको गठन तथा प्रणाली-७१, विद्थ र यसको क्षेत्र एवं महत्त्व–७२, विदथको सदस्यता–७३,अध्यक्षता–७४, विदथको कार्य–७५,

पाचौं अध्याय– आर्य राजाहरूको राज्याभिषेक प्रणाली–७८, राज्याभिषेक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्बन्धी सिद्धान्त–८२, राजपद प्राप्तिको घोषणा–८७, समकालीन राजाहरूबाट मान्यता–८७, वैदिककालका राज्यको स्वरूप–८८, वैदिक संहितामा राज्यका चारतत्त्व–९०, उत्तर वैदिककालमा राज्यतत्त्व–९२,

छैंटौं अध्याय– वैदिक संहितामा राज्यका कार्यकर्ता–९५,अराजवंशीय राजकर्ता–९६,वैदिक आर्यराजा र राज्यको संवैधानिक पक्ष–९८, विविध संविधान– (राज्यव्यवस्था) –९९, विधि–संहिता (सामाजिक ऐन)–१०५, विधि–संहितानिर्माण स्थल–१०६,

सातौं अध्याय– वैदिक सनातन धर्म र कल्प–साहित्य–१०८, धर्मसूत्रको कालनिर्णय–११६, नेपाली समाजको वैदिक शाखा–११९, नेपालीहरूको पम्परागत संस्कार–१२१, हिन्दूसंस्कार–अन्तर्गत विवाह–१२६, चतुवर्ग साधना–१३१,

दोस्रो परिच्छेद–१३३–२४९

पहिलो अध्याय– इतिहास र पुराणहरूको समीक्षा–१३३, प्राचीन भूगोल र आर्यनिवास–१४०,

दोस्रो अध्याय– पौराणिकसृष्टि-१४६,युगमानसम्बन्धी शास्त्रीय विवेचना-१४९,

तेस्रो अध्याय– जलप्रलय र वैवश्वत मनु–१६२, जलप्रलयको सत्यता–१६७, मनुको वंश-१७०,

चौथो अध्याय– मनुको आदिनिवास स्थान–१७६,

पाँचौं अध्याय– रामायण युग र हिन्दू संस्कृति–१८९,

छैंटौं अध्याय– महाभारतकालीन संस्कृति–२०५, महाभारतकालीन राजधर्म-२१२, राज्य व्यवस्थाका अन्त्य तत्त्वहरू–२१७, राजा र प्रजा बीचको सम्बन्ध–२२०, नीतिशास्त्रको राज्यव्यस्थामा ज्ञान हुनु आवश्यक–१२९,

सातौं अध्याय– महाभारतकालीन सामाजिक धरातल–२३१, समाज तथा धर्म –२३३, कर्म अथवा संस्कार–१३५, विवाहप्रथा र नारी-समाज–२३६, नारीको मर्यादा २४५, महाभारतको दार्शनिक पक्ष २४७,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेस्रो परिच्छेद–२५०–४०८

पहिलो अध्याय– बुद्धकालीन संस्कृति एवं जैनदर्शन–२५०, महाजनपद युग–२५५, बर्धमान महावीर–२६२, जैनधर्मका विशेषता एवं साहित्य-२६३, जैनधर्मका मुख्य पाँच अङ्ग र महाव्रत–२६४, बुद्धको जन्म र उनको युग–२६६,बुद्धको धर्म र दर्शन–२६९; अष्टाङ्गिक मार्ग–२७०, चार आर्यसत्य–२७१, बुद्धधर्म आस्तिक वा नास्तिक दर्शन हो–२७१, यज्ञसम्बन्धी बुद्धको विचार–२७२.

दोस्रो अध्याय– बुद्धकालीन विभिन्न सामाजिक अवस्था–२७६, विवाहविच्छेद तथा पुनर्विवाह–२९०,नागरिक सभ्यता र वेश्याजीवन–२९३, बौद्धयुगको भोज्य सामग्री–२९६, बौद्धयुगमा सुरापान–३०१, बुद्धकालीन बस्त्राभूषण–३०४, पादपोश (जुत्ता)–३०८,

तेस्रो अध्याय — बुद्धकालीन दार्शनिक सम्प्रदाय र लोकधर्म–३११, बुद्धकालीन तापस सम्प्रदाय र तिनको दर्शन–३१६, प्रमुख तापस सम्प्रदाय–३१९,

चौथो अध्याय– बुद्धकालीन वैदिक तथा लोकधर्मको बुद्धधर्ममा प्रभाव–३२९, यक्ष, नाग र वृक्षपूजा–३३१, नेपालका तराईमा यक्षपूजा–३३८, बुद्धकालीन गणतन्त्र र अन्य सांस्कृति पक्ष–३४५, बौद्ध प्रथम सङ्गीति–३५७,दोस्रो सङ्गीति र परिणाम–३५८; संशोधन गर्न खोजेका दशधर्म–३५९, तेस्रो बौद्ध संङ्गीति र बुद्ध धर्मको प्रचार–३६२, मौर्यकालीन शासनव्यवस्था संस्कृति एवं सभ्यता–३६६,

पाँचो अध्याय– बुद्धधर्मको दार्शनिक विकास–३६८, चौथो सङ्गीति र त्यसपछिको विकास—३७६,

छैटौं अध्याय– नेपाली संस्कृतिमा मन्त्रयान, बज्रयानको प्रभाव-३८०, मन्त्रयानका ८४ सिद्ध तथा नाथसम्प्रदाय–३९९,

चौथो परिच्छेद–४०९–४७४

पहिलो अध्याय– नेपाली संस्कृतिको दोस्रोपक्ष—४०९, नेपालका प्रमुखजातिहरू-४११, खश जातिको आगमन र नेपालमा जीवित अस्ति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्व-४१६, आर्यमूलका खश जातिका शाखा-प्रशाखा-४२०,

दोस्रो अध्याय— आर्यमूलका कश (खश) शक र आर्य (इरानी)शाखा-४४०, कश (खश) कुषाण शाखाको ऐतिहासिक विशेषता-४४२, कश वा खशका इष्टदेवता-४४३, सांस्कृतिक पृथकता-४४५,

तेस्रो अध्याय— नेपालका किरांत जाति-४५२, तामाङ्ग जाति-४५८, नेपाल उपत्यकाका नेवार जाति-४६३,उपत्यकाको सांस्कृति नवीनता-४६७, नेवार जातिका संस्कार-४६८,नेवारी संस्कृतिमा राजमुकुट-४७२;

सन्दर्भग्रन्थ सूची-४७५-४८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको सांस्कृतिक परम्परा र राजमुकुट

(पूर्वार्द्ध)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिलो परिच्छेद

नेपालको परिचय र सांस्कृतिक धरातल

नेपाल शब्दको इतिहासकारले र प्राचीन वंशावलीकारहरूले विभिन्न परिभाषा गरेका छन् 'ने' नाम भएका मुनिले पालना गरेको हुनाले नेपाल नाम रहेको हो भन्ने कसैको भनाइ छ भने, 'ने' भनेको ऊन र 'पाल' भनेको घर भनेर पनि नेपाल शब्दको व्याख्या गरिन्छ। नेपाल शब्दको अर्थ र व्युत्पन्ति जे जस्तो गरेता पनि प्राप्त साहित्यमा नेपालको नाम महाभारत–काल देखिनै भेटिन्छ।

महाभारतको निर्माण–काल विभिन्न इतिहासकारहरूको विचारमा छुट्टाछुट्टै छ। यसलाई विद्वान्हरूले ईसापूर्व ९५० देखि २८०० वर्षसम्म मानेका छन्।[1] महाभारतको मूल संस्करण 'जय' नामक ग्रन्थ थियो। त्यसैको नयाँ संस्करण भारत र महाभारत हुँदा शत साहस्री संख्या पुगेको उल्लेख महाभारत आदिपर्वमा नै पाइन्छ। बुद्ध जन्मनु अगाडि नै विशाल–काय महाभारतको रचना भइसकेको थियो भन्ने कुरालाई महाभारतमा बुद्धको उल्लेख नपाइनुले पनि सावित गर्दछ।

महाभारतको वनपर्व अ ०२५४।७ मा कर्णको दिग्विजयको वर्णन गर्दा नेपाल विषय (प्रान्त अथवा जिल्ला) का राजाहरूलाई जितेर पूर्वी पहाडवाट ओर्ले भनिएको छ[2] र यो ठाउँ वर्तमान सीमानाभन्दा पनि पर थियो भन्ने पनि थाहा पाइन्छ। यस्तै ई. पू एकहजार तिरको सुश्रुत संहिता, ई. पू. ८०० तिरको काश्यप संहिता, त्यही नै वेलातिरको अथर्व परिशिष्ट (कूर्म विभाग) ई. पू. चौथो शताब्दीको कौटिल्यको अर्थशास्त्र, ई. पू. दोस्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शताब्दीतिरको चरक संहिता र यही ताकाको साहित्य ग्रन्थ भरतको नाट्य-शास्त्रमा पनि नेपाल शब्दको उल्लेख पाइन्छ। यसकारण, ई. पू. एकहजार वर्षभन्दा अगाडिदेखि नै नेपाल, बाहिरका क्षेत्रमा प्रसिद्ध भइसकेको ज्ञान हुन्छ।

नेपाल शब्दको व्युत्पत्ति गर्नेहरूले जे जस्तो भने तापनि शब्दको बनोट हेर्दा यो मङ्गोलियन परिवारको शब्द होइन भन्ने कुरा निश्चय गर्न सकिन्छ। कुनै ठाउँको पहिलो नामाकरण हुँदा त्यहाँ आवाद गुल्जार गर्ने जातिको भाषा, धर्म–संस्कृति बोध हुने शब्द नै राखिन्छ। नेपाल शब्द वैदिक संस्कृत र भाषासँग मेल खाने, संस्कृत वा प्राकृत भाषा भिन्नकै हुँदा, यहाँ किराँत सभ्यताभन्दा पहिले नै वैदिक धर्म र सभ्यता प्रवेश गरिसकेको थियो भन्न सजिलै सकिन्छ।

नेपाल शब्दको उल्लेख पाइने ग्रन्थहरूको रचनाकाल विचार गर्दा त्यस वेलातिर, भारत वर्षका अन्य छिमेकी मुलुकहरूमा वैदिक धर्मवाहेक अन्य कुनै धर्मको अस्तित्व थिएन। नेपालका प्राचीन वंशावलीले पनि किराँत-भन्दा पहिले गोपालवंश उपत्यकामा आएको र राज्य गरेको उल्लेख गर्दछन्। यी गोपालहरू आर्य–मूलका वश शाखासँग सम्बन्धित शैव गोपालक जाति थिए। आमीरहरू सिकन्दरको सेनामा भर्ती भएर भारत पसेका हुन् र यिनीहरू सिन्धु सौराष्टमा नै पहिलो आवाद भए। नेपालमा किराँत शासनको अन्त्य भएपछि लिच्छवि–शासनको वेलातिर मात्रै आमीरहरू पूर्व उत्तर भारतमा छरिए। त्यही वेलातिर मात्रै आमीर नेपाल आएका हुनसक्छन्।

महाभारतमा "नेपाल विषये राजान" भनेकाले नेपाल प्रान्तमा त्यस वेला धेरै राजा थिए भन्ने देखिन्छ। यो वर्णन महाभारत युद्धभन्दा अगाडिको हो। यो इतिहासक्रमलाई सत्य मानेमा विक्रम पूर्व २३०० वर्ष लगभगमा कर्णको दिग्विजयको समय मान्नु पर्ने हुन आउछ। यो तथ्य मानेमा मात्र नेपालको वंशावलीको कथन ठीक हुन आउँछ।

नेपालमा किराँतभन्दा अगाडि गोपालवंशी शैवर र किराँत पछाडि वैदिक सनातन धर्मका अनुयायी लिच्छवि राजाहरू थिए भन्ने कुरा धार्मिक साहित्य र पुरातन अभिलेखबाट सिद्ध हुन आएपछि, किराँतहरू कुन धर्मका अनुयायी थिए भन्ने शंका उठ्छ। किराँतहरू वर्तमान अवस्थामा पनि शैव छन्, अग्नि पूजक छन् र यिनका अन्य प्राचीन शाखा–प्रशाखाहरू पनि बहु-संख्यक शैव नै भएको कुरा निर्विवाद छ। वैदिक ऋषिहरू गार्हस्पत्य अग्निको आराधना गर्दथे भने, किराँतहरूको पनि अगेनो पवित्र मानिन्छ र चम्कालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवता मानेर पूजा गर्दछन्। यो आर्यहरूकै प्रभाव भने पनि हुन्छ। किराँतलाई मनु–स्मृतिकार व्रात्य क्षेत्रिय मान्दछन्।

नेपाल उपत्यकामा किराँतशासन शुरू भएको केही इतिहासकार-हरू ईसा पूर्व एकहजार वर्ष मान्दछन्। लगभग यसै वेलातिर महाभारतको पनि विस्तृतीकरण भएको इतिहासकारहरूले मानेका छन्। महाभारतको वनपर्व अ. ८४ मा महर्षि पुलस्त्यले महाराज युधिष्ठिरलाई तीर्थ यात्राको प्रसङ्ग वर्णन गर्दा त्रिशूल गण्डकीको धारा समातेर लानू र 'दिवौकसां पुष्करिणीम् (देवीघाट ?) को स्नान गर्नु भनेका छन्। यस्तै, शालग्राम विष्णु भएको ठाउँ-(मुक्तिनाथ) को जलपान गर्दा सबै पाप नाश हुन्छ, चार समुन्द्ररूपी चार कुण्ड भएको (दामोदर कुण्ड) को जल स्पर्शले दुर्गति हुँदैन भनेका छन्।

साथै त्यही अध्यायमा माहेश्वर पुर (पशुपति क्षेत्र) गएर वृष-भध्वज (पशुपति) को दर्शन गर्नु र पूजा गर्नाले चिताएको फल पाइन्छ भनिएको छ। साथै चम्पकारण्य (चाँगु नारायण) गएर एक रात वस्नाले हजार गाई दान गरेको फल पाइने उल्लेख छ। त्यस्तै ज्येष्टिल तीर्थ, कुशिकाश्रमको (दुम्जा) कौशिकी स्नान, जटा पोखरी, स्तन कुण्ड (दूध कुण्ड) कौशिकी र अरुणको संगम स्थल, कालिका–तीर्थ स्नान, कुम्भकर्ण आश्रम, (कुम्भकर्ण हिमालको फेदी) कोकामुख–बराह (वाराह क्षेत्र) को दर्शन गर्दा पाइने फलको महात्म्य पनि वर्णन गरिएको छ। त्यसपछि पनि पूर्वतिर गएर मेघले छोपिरहने क्रौञ्च पर्वतको ऋषभ द्वीप र सरस्वती (टिष्टा) को औद्दालक तीर्थ र धर्मतीर्थपछि चम्पा (भागलपुर) कुर्ने वर्णन छ।

यसरी महाभारत-कालमा नै मुख्य तीर्थस्थल, देवता, नदी, सरोवर आदिको क्रमबद्ध उल्लेख भएकोले नेपाल छिमेकी भारत वर्षसँग अपरिचित रहेको थियो भन्न र यहाँ वैदिक धर्म र संस्कृतिले व्यापकता पाएको थिएन भन्न मिल्दैन। धर्मस्थल र तीर्थस्थल मानिएको नेपालमा वराबर भारतवर्षबाट तीर्थयात्रीको आवागमन भइरहन्थ्यो। सार्थवाहहरू आउने जाने गर्थे। तथा नेपालको ऊनी माल र जडीबूडी प्रसिद्ध थियो भन्ने कुरा निर्विवाद हुन्छ। साथै यहाँ वैदिक सभ्यता र संस्कृति मान्ने आर्यमूलका मानिसहरूको जमघट भइसकेकोले किराँत जातिमा उनीहरूको प्रभाव परेको मान्न सकिन्छ।

किराँत शासनको वेलाभन्दा अगाडि नै आर्य–सभ्यता पसिसकेको हुँदा किराँतहरूले वैदिक धर्म मध्येकै शैव धर्म अपनाए। आज पनि किराँत जाति र उनको शाखा थारू, दनुवार, कछडियाहरू शैव नै छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदक सभ्यताको उत्पत्ति र विकास

विश्वका मानव–समुदाय भित्रमा नै सर्व–प्राचीन मानिएको तथा हिन्दूहरूको जीवन्त अस्तित्व राख्ने र अतिनै पुरातन ऐतिहासिकताको बोध गराउने शास्त्र हो वेद । वेद, शब्दको विभिन्न विद्वान्ले विभिन्न अर्थ गरेका छन् । संस्कृत भाषाका व्याकरणकारहरूमा वरिष्ठ मानिएका पाणिनिले (ईसापूर्व छैटौं शताब्दी) वेद शब्द निष्पन्न हुने चार धातु पाठ गरेका छन् । विद् ज्ञाने, धातुबाट बनेको वेदको अर्थ हो ज्ञान । अरू धातुहरूमा, विद्लृ लाभेबाट बनेको वेद शब्दको अर्थ हुन्छ लाभ गर्नु । तेस्रो विद् सत्तायाम्— बाट बनेको शब्दार्थ हुन्छ, आफ्नो सत्तामा स्थिर रहनु र चौथोविद् विचारणे धातुबाट बनेको वेद शब्दको अर्थ हुन्छ विचार गर्नु, चिन्तन गर्नु ।

वेद, वास्तवमा चारै धातुको अर्थ अंगालेर रहेको छ । ज्ञानको लाभ स्थिरता र चिन्तन, सबै वेदमा पाइन्छन् । ज्ञानबाट लाभ पनि हुन्छ र ज्ञानमा विचारको पनि पनि महत्त्व छ तथा ज्ञानैबाट सत्ताको बोध पनि हुन्छ । वेद शब्दको अर्थ गर्दा वेद भाष्यकारमा मूर्धन्य ठहरिएका आचार्य सायण, तैत्तिरीय आरण्यकमा भन्दछन्– प्रत्यक्ष र अनुमान प्रमाणले जुन उपायलाई जान्न सकिन्न र त्यस्तो उपायलाई जसले बताइदिन्छ, त्यो नै 'वेद' हो ।[३] यस कारण, हिन्दू ऋषि महर्षिहरूले वेदलाई नै परम प्रमाण माने । अपौरुषेय अथवा ईश्वरीय सत्ताको प्रतीक रूपमा वेदलाई मान्दै आए । वेदभित्र सृष्टि, स्थिति, लय, ईश्वर, प्रकृति, पुनर्जन्म आदि दैवी कुरामा र यज्ञ, धर्म, कर्म, आचरण, व्यवहार हानी, लाभ, सामाजिक नीति–नियम, उत्थान–पतनका कारणहरूमा गहन चिन्तन र मनन भएको पाइन्छ । ठूला ठूला योगनिष्ठ महर्षिहरूले चिन्तनद्वारा साक्षात्कार गरिएका गूढ–तत्त्वले युक्त उद्गार नै वेदका मन्त्र हुन् । धेरै विवेचना युक्त हुँदा श्रुति परम्परामा जीवन्त राख्न कठिन पर्छ भनेर नै सूत्ररूपमा मन्त्रहरूको संकलन गरियो । जसको गूढार्थ जान्ने र ज्ञानार्जन गर्ने कुरा, चिन्तन, मनन एवं निरन्तर साधना र उत्कृष्ट प्रतिभामा निर्भर गर्दछ । कुनै मन्त्रको व्याख्या गर्नको मस्तिष्क कुन संस्कार, कुन विचार र धारणाले प्रभावित छ, त्यही अनुसारको अर्थ निष्पत्ति गरेको पाइन्छ । ऋग्वेदको भाष्य भूमिकामा सायणाचार्यले वेदको परिभाषा गर्दै भनेका छन्– 'आवश्यक इच्छित वस्तुलाई प्राप्त गराउने, अनावश्यक र अनिष्ट वस्तुबाट जोगाउने, अलौकिक उपाय सिकाउने, शब्द समूह नै वेद हो ।[४]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त परिभाषाबाट वेद हिन्दूहरूको निम्ति स्वतः प्रमाण, ईश्वर प्रदत्त, सबै विषय वस्तुहरूको खानी मानिन्छ भने, वेदका विशेष अनुसन्धाता मैक्समूलर, मैकाडनल, कीथ, श्लेगल, आदि पाश्चात्य पण्डितहरू, वेदलाई संसारकै इतिहासमा सर्व–प्राचीन ग्रन्थ हो भनेर स्वीकार्दछन् । तर उनीहरूको विचारमा वेद, अपौरुषेय नभएर प्राचीन ऋषिहरूकै रचना हो भन्ने छ ।

वेदको काल निर्धारण

वेदसम्बन्धमा चालीस वर्षको लामो साधना गर्ने जर्मन विद्वान् प्रो० मैक्समूलर वेदको निर्माणकाल ईसाभन्दा १२०० वर्ष अगाडि हुनु पर्दछ भन्दछन् र उनको समय निर्धारण गर्ने तर्क केहो भने– बौद्ध दर्शनमा उपनिषद्को प्रभाव छ । छान्दोग्य र वृहदारण्यक उपनिषद्मा अहिंसालाई बढ्ता जोड दिइएको छ । यज्ञको नैतिकतालाई नयाँरूप दिन खोजेका छन् । यसकारण बौद्धकालको केही समय पूर्व, पुराना उपनिषद्हरू बने होलान् । बुद्धको समय, ईसापूर्वको छैटौं शताब्दीको मध्यतिर भएकोले त्योभन्दा पूर्वको शताब्दीमा उपनिषद्को विकास भयो होला । ब्राह्मण– ग्रन्थहरू उपनिषद्भन्दा पहिलेका हुन् । यसकारण ईसापूर्व ८०० तिर ब्राह्मण–ग्रन्थ बनेको हुनु पर्छ । वेदको संहिता भाग– यजुः, साम, अथर्व, ऋग्वेद भन्दा भाषाले नयाँ छन् र ईसापूर्वको १००० वर्षतिर बनेका होलान् । सबैभन्दा पुरानो ऋग्वेदचाहिं १२०० ईसा पूर्वको रचना हुनु पर्छ ।

यसरी वैदिक साहित्यको निर्माण काललाई दुई दुई शय वर्षको फरक समय दिएका छन् । सन् १८५९ मा प्रकाशित उनको प्राचीन संस्कृत इतिहासको यो भनाइ भए तापनि ३० वर्षपछि १८८९ मा 'भौतिक धर्म' शीर्षक आफ्नो जीफोर्ड व्याख्यान-मालाको अवसरमा उनैले भने कि यो पृथ्वीमा कुनै पनि शक्ति यस्तो छैन, जो कुनैबेला निश्चय गरोस् कि वैदिक मन्त्रहरूको रचना १००० मा १५०० या २००० या ३००० ईसा पूर्व गरेको हो । यसरी आफ्नो पुरानो धारणाको आफैले खण्डन गरेका छन् । फेरि उनो भन्छन्– संसारको पुस्तकालयमा पुरानो ग्रन्थ चाँहिं वेदमात्रै हो ।

भारतीय विद्वान् लोकमान्य तिलक वेद भित्रकै ज्योतिषको परिशीलन गरेर भन्दछन् – एक वर्षमा ६ ऋतु हुन्छन् । प्राचीनकाल देखिनै ऋतुको उदय पछाडि हटेरनै हुन्छ । अर्थात् प्राचीन कालमा जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋतु, जुन नक्षत्रमा शुरु हुन्थ्यो, आज त्यै ऋतु पूर्ववर्ति नक्षत्रमा आएर उदय हुन्छ । प्राचीन कालमा वसन्त ऋतुवाट वर्षको शुरु हुन्थ्यो र आजकल मीन संक्रान्ति, पूर्व-भाद्र नक्षत्रको चतुर्थ चरणवाट वर्ष शुरु हुन्छ। वसन्त सम्पात, नक्षत्रको विस्तारै-विस्तारै पछि हट्ने प्रक्रियावाट भएको हो। कुनै वेला वर्षको शुरु, उत्तर भाद्र, रेवती, आश्विन, भरणी, कृतिका, रोहिणी, मृगिणी (मृगशीर्ष) आदिवाट हुन्थ्यो। जहाँवाट क्रमशः पछि हट्दै गएर वर्तमान अवस्थामा आइपुगेको छ । सूर्यको संक्रमण वृत्तलाई भारतीय ज्योतिषीहरूले २७ नक्षत्रमा बाँडेका छन्। पुरा संक्रमण वृत्त ३६० अंशको हुन्छ। ३६० लाई २७ ले भाग गर्दा १३½ अंशको एक चाप हुन्छ। संक्रमण विन्दुवाट एक अंश पछि हट्न ७२ वर्ष लाग्दछ। जब यो वसन्त सम्पात, कृतिका नक्षत्रमा पर्दथ्यो, त्यसको गणना गर्दा ४३७४ वर्ष हुन्छ। अर्थात् पूरा नक्षत्र हट्नाको लागि ७२×१३½=९७२ वर्षको अवधि लाग्दछ र पूर्व भाद्रको अन्तिम चरणवाट पछि हट्दै गएर कृतिकामा पुग्दाको हिसाब ४३७४ वर्ष भएको हो।

वेदमा खोजी गर्दा ऋतुसूचक नक्षत्र निर्देशन, मृगशिरा नक्षत्रमा वसन्त-सम्पात भएको पाइन्छ । ऋग्वेदभित्रका अनेक आख्यानमा र मन्त्रमा मृगशिराको आकाश-स्थितिको निर्देशन पनि भेटिन्छ। यसकारण, कृतिकाको सम्पात आजभन्दा पूर्व ४३७४ वर्षमा थियो भने, रोहिणी नक्षत्र नाघेर मृगशिरामा पुग्न ९७२×२ = १९४४ वर्ष अरू चाहिने भयो। ४३७४ + १९४४ = ६३१८ वर्षपूर्व मृगशिराकाल ठहर्दछ । वेदमा अदितिलाई वेदमाता भनिएको छ । यसको रहस्य के हो भने, पुनर्वसु नक्षत्रका देवता अदिति मानिन्छिन् । पुनर्वसु नक्षत्रमा वसन्त-सम्पात हुँदा नै वर्षको शुरु, अर्थात् देवयान (उत्तरायण) मानिन्थ्यो । पुनर्वसु नक्षत्र नै त्यो वेला नक्षत्रमालाको पहिलो नक्षत्र थियो। यही अदिति-युग (पुनर्वसु) भारतीय संस्कृति (आर्यसभ्यताको) शुरु युग थियो । यो मृगशिरावाट २ नक्षत्र पछि हटेर पुनर्वसुवाट सम्पात शुरु हुँदा लगभग २००० वर्ष अरू थपिन्छ । यसरी ६३१८ + २००० = ८३१८ वर्ष, आजभन्दा पूर्व वित्यो। यसमा वर्तमान विक्रम सम्वत् घटाउँदा ८३१८= २०४० = ६२७८ वर्ष हुन्छ। लगभग ६००० र ४००० ईसा पूर्वको बीचलाई वैदिक कालको शुरु मान्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी विवेचना गर्दै तिलकले भारतीय ज्योतिष र वैदिक मन्त्रकै अनुसन्धानबाट उपर्युक्त समयलाई निम्न प्रकारले बाँडेको छ ।

१. **अदितिकाल** (६००० र ४०००)– को बीच, उपास्य देवताको नाम, गुण, चरित्रसम्बन्धी विधिवाक्यको रचना यो युगमा भयो ।

२. **मृगशिरा काल** (४००० देखि २५०० वि. पू)– आर्य-सभ्यताको इतिहासमा महत्वशाली युग । ऋग्वेदको अधिकांश मन्त्रको रचना यही कालमा भयो ।

३. **कृतिका काल** (२५०० देखि १४०० वि. पू.)– तैत्तिरीय संहिता, यजुः संहिता, शत-पथ–ब्राह्मण आदिको रचना यसैकालतिर भयो । वेदाङ्ग ज्योतिषको रचना, यसैका अन्तिम समय १४०० वि. पू. मा भएको हो । किनभने, यसमा सूर्य र चन्द्रमा श्रविष्टाको आदिमा उत्तरतिर घुमेको वर्णन छ । जुन कुरा उपर्युक्त समयमा नै घट्दछ ।

४. **अन्तिम काल** (१४०० देखि ५०० वि. पू.)– श्रौत, गृह्य, धर्मसूत्र, दर्शन-सूत्र, केही स्मृतिहरूको रचना यही समयभित्र भयो । वैदिक धर्मको प्रतिक्रियामा जैन तथा बौद्ध धर्म तथा दर्शनको उदय पनि यसै भित्र पर्दछ ।

उपर्युक्त विवेचना, तिलकको हो । जुन कुरा उनले आफ्नो ओरायन भन्ने ग्रन्थमा लेखेकाछन् ।[५]

जर्मन विद्वान् डा० याकोवी ज्योतिषकै गणना गरेर पनि यति टाढा पुग्न चांहदैनन् । उनी गृह्य-सूत्रमा उल्लेख भएको ध्रुब-दर्शनको आधारमा स्वतन्त्ररूपले वेदको समय विक्रम पूर्व ४००० वर्ष मान्दछन् ।[६]

अर्का महाराष्ट्रका प्रख्यात ज्योतिषी शंकर बालकृष्ण दीक्षित, शतपथ-ब्राह्मणको एक विशेष वर्णनको अध्ययन गरेर यो निश्चयमा पुग्दछन् कि ऋग्वेदको समय ३५०० वर्ष वि. पू. भन्दा यता हुनै सक्तैन । शतपथ-ब्राह्मणको यो वाक्यमा कृत्तिका ठीक पूर्वीय विन्दुमा उदय हुने वर्णन छ ।[७]

जहाँबाट अलिकति पनि च्युत हुदैन । आजकल पूर्वीय विन्दुबाट केही उत्तरतिर हटेर कृत्तिका उदाउँछिन् ।[८] दीक्षितजीको गणनानुसार, ठीक पूर्वी विन्दुको उदय ३००० वि. पू. मा भयो होला भन्ने छ । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शतपथ-ब्राह्मणको निर्माणकाल हो । तैत्तिरीय-संहिता, जनमा कृत्तिका र अन्य नक्षत्रको वर्णन छ, निश्चय नै शतपथभन्दा पुरानो हो । ऋग्वेद तैत्तिरीय-संहिताभन्दा पनि निकै पुरानो हो । अतः प्रत्येकको निम्ति २५० वर्षको समय मान्यौं भने पनि ऋग्वेद वि. पू. ३५०० वर्षभन्दा यतातिरको हुँनै सक्तैन ।

यस आधारमा ऋग्वेदको संकलन-काल आज भन्दा साढे पाँच हजार वर्ष पुरानो ठहर्दछ ।

अर्का जर्मन विद्वान्, विन्टरनित्सको मतचाहिं भारतदेखि बाहिर पाइएका सांस्कृतिक चिन्हहरूबाट ऋग्वेदकाल ईसा पूर्व लगभग ३००० वर्ष अगाडि मान्दछन् ।

प्रो० धुल्लर मैक्समूलरको विचारको खण्डन गर्दै ऋग्वेद ईसा पूर्व १२०० भन्दा धेरै अगाडिको हुनु पर्दछ भन्दछन् ।

यी उपर्युक्त तर्क र गणनाको विपरीत डा० अविनाशचन्द्र दास भूगर्भ-विज्ञानको आधारमा ऋग्वेदको समय ५०,००० वर्षभन्दा पनि अगाडिको हो भन्ने ठहराउँछन् ।[६] ऋग्वेदिक कालमा सिन्धुनदीका किनारमा यज्ञहरू गरिन्थे । यही सप्तसिन्धु मध्येकी सरस्वती नदी, अग्लो पर्वतबाट झरेर समुद्रमा गिर्छिन् भन्ने ऋग्वेद (७।९५।२) मा वर्णित छ । त्यसै ऋग्वेदको (३।३३।२) मा सरस्वती र शुतुद्रि (सतलज) गर्जना गर्दै समुद्रमा गिरेको उल्लेख छ । वैदिक-कालका आर्यजनहरूको निवास-स्थान सप्तसिन्धु भनेर मानिएको छ । सप्तसिन्धु (हाल पंजाब) को चारैतिर समुद्र थियो भन्ने उल्लेख पनि ऋग्वेदको (९।३३।६) मा र यस्तै ऋ. (१०।४७।१२) मा उल्लेख भएको छ ।

"स्वायुधं सुनीथं चतुः समुद्रं धरूण रयीणाम्" अर्थात् हे ! सोम चारै समुन्द्रको चारै दिशाबाट आधिपत्य, धन, असीम, अभिलाषा ल्याऊ भनेर प्रार्थना गरेको पाइन्छ । सिन्धुको पश्चिममा अरब-सागर भए पनि वर्तमानमा अरू समुद्रको अस्तित्व भेटिदैन । उपर्युक्त तथ्यबाट र भूगर्भ शास्त्रको परीक्षणबाट पनि वर्तमान गंगाको मैदानमा पूर्वी समुन्द्र थियो र वर्तमान राजपूतानाको मरूभूमिमा दक्षिण समुद्र थियो भन्ने मानेका छन् । उत्तरी समुद्र, उत्तर दिशामा बलख र फारसको उत्तरमा पर्ने वर्तमान काश्पियन सागर, अराल-समुद्र, वाल्कश-ह्रदको संयुक्त रूप, एशियाली भू-मध्यसागर थियो भन्ने भूगर्भ वेत्ताको मन्तव्य छ । यस वेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पंजाबमा हिउँ पर्दथ्यो र वर्षको नाउँ हिम, भनेर ऋग्वेदमा उल्लेख गरेको पाइन्छ। यो समयलाई ईसा पूर्व ५०,००० देखि २५,००० वर्षको बीच भनेर भूगर्भ वेत्ताहरू सिद्ध गर्दछन्।[९]

तर पश्चिमी वेदविद्हरूको दृष्टिमा-पूर्वोक्त चार समुद्रको वर्णन वैज्ञानिक होइन कोरा भावुकता मात्रै हो भन्ने छ। अनावश्यक भावुकता प्रकट गर्नु पर्ने कारण के थियो, त्यो कुरा भन्दैनन्। ठोस अन्य प्रमाण नपाएको वेला वेदको अनुसन्धाताले वेदमा नै उल्लेख भएको कुरा कसरी झुट्टा हो भन्ने र उनीहरूको कुरा मान्ने? यो प्रश्न खडा भएको छ।

यस्तै नारायण राव पावगी ९००० वर्ष ईसा पूर्व वेद निर्माण काल मान्दछन्। उनको आफ्नो तर्क छ।

अमलनेकर ६६०० वर्ष पूर्व वेदको रचनाकाल मान्दछन्। तर यी विचारहरू सर्वमान्य छैनन्।

पश्चिमी विद्वान् बेवर भन्दछन् – वेदको समय निश्चय गर्न सकिदैन, समय निर्धारणको लागि हामीसँग चाहिदो साधन छैन।

अर्का जर्मन विद्वान् श्लेगल भन्दछन्– वेद संसारको सबै-भन्दा पुरानो ग्रन्थ हो। यसको समय निश्चित गर्न सकिदैन। वेदको भाषा हामी विदेशीलाई जस्तै – भारत-वासीलाई पनि दुरुह भएको छ।[१०]

भारतका अर्का प्रसिद्ध विद्वान् अल्तेकरको विचारमा– वेद जस्तै पुराणहरूको पनि ऐतिहासिक अस्तित्व मान्नु पर्छ। पौराणिक राजाहरूको वंशावली हेरेर विचार गर्ने हो भने, महाभारतको पछिल्लो काल ९५० वि. पू. मानेमा पनि युधिष्ठिरभन्दा अगाडि बितेका इक्ष्वाकु–वंशको गणना गर्दा ७५ देखि ९५ पुस्ता बितेका छन्। यस आधारमा पनि वेदको निर्माणकाल ईसा पूर्व २१०० वर्षभन्दा अगाडि नै हुन्छ।

वेदमा अर्का धुरन्धर विद्वान्, आर्य समाजका संस्थापक स्वामी–दयानन्द सरस्वती, आफ्नो अकाट्य तर्क ज्योतिष आदि शास्त्रीय प्रमाणद्वारा यो सृष्टि आरम्भ भएको १९७२९४०७४ मान्दछन् र वेद पनि मानव समाज-को ज्ञानको लागि सृष्टिकै समयमा उत्पन्न भएको हो भन्दछन्। उनको यो मत ज्योतिष र शास्त्रीय प्रमाणकै आधारमा भए पनि अन्य विद्वान्को रायसँग मेल खादैन। पृथ्वीको सृष्टिविषक छानवीन गर्ने पुरातत्त्वविद्हरू पृथ्वीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टि भएको ५ अरबदेखि २ अरबवर्ष भयो होला भन्दछन् । तर वेदकोवारेमा चाहिं सहमत छैनन् ।

आर्य समाजीहरू भने दयानन्द सरस्वतीको विचारलाई निर्विवाद रूपले स्वीकार गर्दछन् ।[११]

यी उपर्युक्त विद्वान्हरूका मत र पुरातात्त्विक प्राप्त प्रमाणको आधारमा केलाएर हेर्यौं भने पनि ऋग्वेदको समय ईसा पूर्व तीन हजार वर्षभन्दा अगाडि नै मान्नु पर्ने हुन्छ । किनभने ई. सं. १९०७ मा विद्वान् विक्लरले बोधज्कोइ (एशिया माइनर) को उत्खननबाट हित्ति र मितन्नी जातिको सन्धि पत्र (ईसापूर्व १३६०) अभिलेख पढेर सन्धि पत्रको साक्षीमा रहेका–इन्द्र, वरूण, नासत्यौ, आदि देवताको पत्ता लगाएर ऐतिहासिक जगत्लाई आश्चर्य पारिदिएका थिए । यस्तै कस्सी (कसाइट) जातिको ईसापूर्व १७६० को अभिलेखमा राजाहरूको नाउँमा वैदिक देवताको नाउँसँग मेल खाने कुरा पत्ता लगाएर यो समयलाई अझ बढाएका छन् ।

१९६० इसा पूर्वमै भेटिएको यस तथ्यले, यो समयभन्दा अगाडि नै वैदिक सभ्यता र संस्कृतिले एशिया माइनर (ईराक) ईरान, बेविलोन, आदि पश्चिम एशियाका मुलुकहरूमा व्यापकता पाइसकेको प्रमाणित गर्दछ । उत्तरबाट नै वैदिक संस्कृति यता आयो भनौं भने पनि वैदिक साहित्य र धर्मको अखण्ड सत्ता यहाँ नै पाइने र उत्तरोत्तर हिन्दू सभ्यताको विकास यहाँ नै भएकोले वैदिक सभ्यता सिन्धु प्रदेशबाटै बाहिर गएको मान्नु पर्दछ । कुनै पनि सभ्यता संस्कृतिले ठाउँ ओगट्नु नयाँ देशमा निकै समय लिन्छ । साथै भाषा परिवर्तन जस्ता तथ्यले पनि समयको अवधि झन् लम्याउँछ । मित्तन्नी र हित्तिभाषा आर्य परिवारकै मानेमा पनि वैदिक भाषाको रूपसँग धेरै नै पृथकता पाइने हुनाले आर्यहरूसँग यो शाखा धेरै अगाडि छुट्टिएको थियो र वैदिक धर्म तथा देवताहरूको मान्यता झन पुरानो थियो भन्ने साबित हुन्छ ।

यी उपर्युक्त तथ्यलाई केलाएर हेर्दा आर्य सभ्यता एवं ऋग्वेद काल ज्यादै पुरानो मान्नु पर्दछ र आवश्यक अन्य साधनको अभावमा प्राप्त प्रमाणलाई पनि पन्छाएर अनुमानकै भरमा वेदको समय निर्धारण गर्न खोज्नु चाहिं उचित देखिंदैन ।

उपर्युक्त तर्कवितर्क र प्राप्त प्रमाणको लेखाजोखाबाट पश्चात्यहरूको विचारमा पनि पहिलो कल्पना गरिएको जस्तो वेद-निर्माणको समय अब अर्वाचीन मानिंदैन । उनीहरू पनि अब वेदको समय आजभन्दा पाँच हजार वर्ष पूर्व हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने मात्र थालेका छन् । तथापि समयको ठीक निश्चिय भने सम्भव छैन । संसारको सभ्यतामा वेद सर्वप्राचीन ग्रन्थ हो भन्ने कुरामा दुई मत छैन ।

हिन्दूहरूको विश्वास र परम्परा अनुसार, कठिन साधना, निरन्तर अभ्यास, योग चिन्तन, ध्यान र तपस्याद्वारा नै वेदको वास्तविक ज्ञान हासिल गर्नसकिन्छ । जसको निम्ति ईश्वरको अनुकम्पा पनि हुनुपर्छ ।

यसकारण, वेदमा अन्तर्निहित सत्य, वीज रूपमा रहेको ज्ञान–विज्ञान, रहस्यका विविध पक्ष, सांकेतिक रूपमा रहेको अनेकन विषय-वस्तुलाई केलाएर हृदयङ्गम गर्न एवं लक्षणा र व्यन्जनाद्वारा इङ्गित सूक्ष्मतम् रहस्य विन्दुको यथार्थतालाई पहिल्याउन, आर्य–परम्पराकै अभ्यास चिन्तन र साधना एवं दीर्घ तपस्चर्याको आवश्यकता देखिन्छ । निरन्तर चिन्तन र मन्थनले मात्र वेद–शब्द–सिन्धुको अन्तस्तलमा पुग्न सकिएला ।

रूप, रङ्ग, आकार–प्रकार, साधारण गुण एवं मानवीय आचरणले स्थूल रूपमा मानव जातिको समानता प्रतीति भए तापनि सृष्टि देखिकै परम्परागत संस्कार र चिन्तन पक्ष एवं पुस्तौंदेखि बन्दै आएतो सामाजिक परिवेशको धारणामा सूक्ष्मतम भेद अवश्य नै रहेको छ । पुस्तौंको पारंपर्य सोचाइ, ऐतिहासिक–काल देखिकै परिस्थिति, एवं देश, काल र शिक्षा–दीक्षाको प्रविधिले मानव–समाजको चिन्तन पक्ष र काम गराइमा निकै नै पृथकता ल्याएको हुन्छ । शयौं पीढिको भौतिकवादी सोचाइ र रहन–सहन खान–पानमा अध्यात्मवादी धारणा र चिन्तन परम्परा, हास्यास्पद हुनसक्छ । त्यस्तै आध्यात्मिक चिन्तन र साधनाको परिवेशमा हुर्केको समाजलाई कोरा–भौतिक पक्ष पनि हास्यास्पद र महत्त्वहीन हुनसक्छ । प्रसब वेदनाको कटुता वन्ध्यालाई थाहा हुँदैन । त्यस्तै मातृत्वको सहज स्नेह–शीलता उसले पाउँदिन र तीक्ष्णता र रूखोपन नै उसको वास्तविक स्वभावगत लक्षण बन्दछ । भौतिक जीवन केवल यस्तै रूखो पक्ष हो ।

यसकारण, आर्य संस्कृतिको अन्तः सतहलाई पहिल्याउन आर्य संस्कार र यसै परम्पराको शिक्षा-दीक्षा, साधना एवं चिन्तन-परम्परा नै सहज र फलदायक हुन सक्छ भन्ने कुरा मान्नु पर्छ ।

यूरोपीयन महादेश र चीनको भू-भागमा पनि मानव सभ्यताको विकास धेरै पछि शुरु भयो भन्ने कुरा ऐतिहासिक र पुरातत्त्वविद्हरूले मानेका छन् । आज भौतिक विकासले उनीहरू विश्व सभ्यतामा नै माथि उठेका छन् । संसारका अधिकांश मानव समुदाय पाषाण युगीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सभ्यतामा नै छंदा सभ्यताको उच्च शिखरमा पुगेका मिश्र, सुमेर बेबिलोन, क्रीट र मेसोपोटामियाका सभ्यता र संस्कृति, आज अनुसन्धान र पुरातात्त्विक इतिहासमा मात्रै जीवित छन्। यस्तै सिन्धुघाटी-सभ्यता पुरातात्त्विक लेखाजोखामा सर्वप्राचीन र विकसित सभ्यता मानिए पनि यो सभ्यताको विकास गर्नेमा नव–समुदायकै टुङ्गो लागेको छैन।

पुरातात्त्विक सामग्री, भाषाको मूल-प्रकृतिगत समता, नृतत्व शास्त्रीहरूको अस्थिकङ्कालको नाप, साईज तौलाइले मूल एउटै भनेर मानिएका आर्य-इरानी, स्लाभ, यूनानी, र यूरोपीय नर्डिक-जातिहरू, मध्यएशियाका शक, महाशक पार्थियन, हित्ती, मित्तानी र कस्सी भनेको ऐतिहासिक जातिहरू विभिन्न शाखा प्रशाखामा बाँडिएर एशिया र यूरीपीय महादेशमा फैलिनु अगाडि नै वैदिक देवताको अस्तित्व र आर्य शाखामा वेदको प्रारम्भिक रचना भइसकेको थियो भन्ने कुरा अगाडिका प्रसङ्गबाट अनुमान गर्न सकिन्छ। वैदिक-सभ्यताको सांस्कृतिक छाप बोकेर नै आर्य-शाखाहरू विश्वमा छरिए। किनभने, उपर्युक्त जातिहरूको भाषागत समता र वहुदेव-वादी विचार-इन्द्र, वरूण, मित्र, मरुत्, नासत्यौ, द्यावापृथ्वी एवं आदित्य आदि वैदिक देवताको छाप परेको कुरा वोधज्कोई सुमेर र बेबिलोनको पुरातात्त्विक अभिलेखबाट निश्चित प्रायः भइसकेको छ।

कुनै आर्य-शाखाको निवास धेरै समयसम्म निश्चित ठाउँमा रहेकोले चिन्तन मनन र अध्यवसायले श्रुति परम्परालाई अक्षुण्ण राख्न सफल भए भन्ने, मूल थलोबाट छरिएर विभिन्न ठाउँका आदिम जातिलाई विजय गर्दै आफ्नो सत्ता जमाउन सफल भएका र अर्को बलियो शाखाले आक्रमण गरी त्यहाँबाट पनि लखेटिनु पर्दा, अन्य ठाउँका जनजातिका बीच शरणागत हुन पुगेका आर्य–शाखाहरूले वेद र वैदिक सभ्यता यथावत् जोगाई राख्न सकेनन्। फेरि अर्का जातिको देशमा गएर सत्ता जमाउदा वा शरणपर्दा, त्यहाँको पुरातन संस्कार, सभ्यता र संस्कृति एवं भाषाको साथै स्थानगत लोक-मर्यादाको प्रभाव पनि नपरिरहन सकेन। यसरी विश्वमा विभिन्न संस्कृतिको निर्माण भएको छ र संस्कृतिका विविध पक्षहरूको समन्वय भएको छ।

डार्विनले आफ्नो विकासवादको व्याख्यामा भनेका छन्- "मानिसहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जङ्गली अवस्थामा कैयन वर्षहरूमा दाहिने हातमा हतियार लिएर बिकट शत्रुको मुकाबिला गर्ने परम्परामा हुर्केकोले, भाग्नु पर्दा दाहिने हातको हतियार शत्रुपट्टि देखाउँदै बायातिर सर्ने र भाग्ने प्रवृत्ति विकास भयो, त्यो आजको मानव समुदायमा पनि यथावत् रहेको पाइन्छ ।"

यो उपर्युक्त तथ्यबाट के ज्ञान गर्न सकिन्छ भने– भौतिक पक्षलाई गौण मानेर अध्यात्म चिन्तनमा लागेको भनौं अथवा भौतिक लाभको लागि पनि अध्यात्म पक्षलाई नै साधन मानेर सन्तुलित र नियम बद्धताको सभ्यतानै जुन वैदिक ऋषिमुनिहरूबाट विकास भयो, त्यस पक्षको जस्तै गाँस–बासको लागि बढ्ता प्रयत्न–शील अन्य आर्य शाखामा संस्कृति फस्टाउन सकेन अथवा स्थितिले गर्दा अध्यात्मपक्षले ठाउँ पाएन ।

यूरोपीयन वा अध्येशिया र पश्चिमेशियाका भू–भागमा विचरण गर्ने, बसैं सर्ने र आक्रमण र प्रत्याक्रमणको फेरिमा लागेका आर्य–सन्तानको संस्कार पक्ष मेटिंदै गए । स्थानगत अवस्था र संघर्षमय जीवनको दीर्घकालतक निर्वाह गर्नु पर्दा अतिभौतिक किसिमको संस्कार बढ्दै गयो । वैदिक चिन्तन र अध्यात्म चिन्तन पक्ष बिर्सदै गए । यायाबर जीवन बिताउने र अन्य जातिको धर्म संस्कृतिको प्रभावमा पर्नेहरूको यो निमित्त बाध्यता र वास्तविकता पनि हो ।

यी उपर्युक्त विषयक चर्चा यहाँ किन गरियो भने, वैदिक आर्यहरूको धर्म–संस्कृति र सभ्यताको विकासक्रम अध्यात्मवादी धाराको थियो र अन्य यूरोपीयन आर्य शाखाहरूको भौतिकपरक छ । हिन्दू आर्यहरूको सामाजिक जीवन, जन्मदेखि मृत्युसम्म नियमबद्ध छ । धर्म, अर्थ, काम, मोक्ष, क्रमैसंग जीवनका अपरिहार्य लक्ष्यहरू राजादेखि रङ्कसम्म समान रूपले विहित छन् । सदाचार र सद्व्यवहारको पालन नै आर्यहरूको जीवन–पद्धति हो यसैलाई वेदमा ऋतं (सत्य) भनिएको छ ।

यस कारण, आर्यहरूको शब्द, मात्रा, बिन्दुसम्म पनि हेरफेर गर्न नसकिने नियमबद्धताले हज्जारन वर्षदेखि जस्ताको तस्तै सांचेर ल्याएको वेद–संहिताको व्यवस्था र समीक्षा गर्दा अध्यात्मवादी संस्कारमा हुर्केका आँखाले नै ठीक ठम्याउन सजिलो पर्दछ । यस आधारमा वैदिक संहिताको निर्माणकालको विवेचनामा पनि तिलक, दीक्षित, दयानन्द र अर–विन्द, आदि विद्वान् जति सत्यको नजीक पुग्न सक्छन्, अन्य पाश्चात्य पण्डितहरूलाई तथ्यको त्यतिनै जजीक पुग्न गाह्रो छ । अनुसन्धान र विवेचना बराबर भइनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेमा वेदको कालनिर्धारणसम्बन्धी हिन्दू–पण्डितको चिन्तनमा एक दिन सबै-ले आइपुग्नु पर्ने छ। पुग नपुग एक शताब्दीभित्र १२०० ईसापूर्वबाट ३००० वर्ष पूर्वको धारणा राख्न, पाश्चात्य विद्वानहरूलाई पनि अनुसन्धानले नै बाध्य तुल्याएको छ।

वेद–संहिताको सम्बन्धमा पनि अनुसन्धाताहरूले भाषागत क्लिष्टता, व्याख्यात्मक विषय वस्तु र भौगोलिक वर्णनको नवीनता आदिलाई लिएर पूर्वापर रचनाकाल छुट्याएका छन्। भाषाको पुरातन रूपले र वर्ण्य विषय–वस्तुले गर्दा ऋग्वेद संहिता सर्वप्राचीन मानिन्छ।

वेदको निर्माणकालसम्बन्धी धेरै परिचर्चा गरियो। सबै विद्वान्-हरूको अडकल वाजीले निष्कर्षमा पुग्न सकिदैन। यसकारण, अन्य सुपुष्ट प्रमाणको अभावमा वैदिक संहिताको परिशीलबाटै स्थिर गरिएको तिलकको मत नै प्रमाणित मान्नु पर्ने भएको छ। तर यो पनि सत्य छ कि ऋग्वेदका सम्पूर्ण मन्त्रहरू पनि एकै समयमा बनेका होइनन्। यसको प्राप्त कलेवर वन्न शताब्दीयौ लागेको छ।

वैदिक साहित्यको वर्गीकरण

वैदिक साहित्य भन्नाले चार संहिता ऋक्, यजु, साम, अथर्ववेदका साथै ब्राह्मण ग्रन्थहरू, आरण्यकहरू र उपनिषद्हरूको गणना हुन्छ। वैदिक साहित्यमा मन्त्रभागलाई संहिता, भनिन्छ। कतिपय विद्वान्हरूको मतमा पहिले वेद एउटै थियो। पछि विषयानुसार चार भागमा विभाजन गरियो। यो विभाजन कृष्ण–द्वैपायन व्यासले गरेका हुन् भन्ने पुराण संहिताको भनाइ छ। प्राचीन पुराण र इतिहासमा वेदलाई त्रयी भनिएको छ। त्रयीमा ऋग्वेद संहिता, यजुर्वेदसंहिता, र सामवेदसंहिता पर्दछन्। त्रयीमा अथर्ववेद नपर्ने भएकोले र यसका विषय वस्तु पनि अभिचार, ओखतीमूलो, ब्रम्हचिन्तन, आदि छयासमिस भएकोले अलि पछिल्लै कालको हुनुपर्छ भन्ने विद्वान्हरूले तर्क गरेका छन्। ऋक् देवपरक, यजुः यज्ञपरक साम स्तोम (स्तुतिपरक) छ। ऋग्वेद छन्दोबद्ध छ, यजुर्वेदमा गद्य भाग पनि मिसिएको छ। सामवेद, गेय (गान) गरिने मन्त्रलेयुक्त छन्द र लययुक्त वेद हो, जो यज्ञमा गाइन्थ्यो। ऋग्वेदका नै कैय्यन मन्त्रहरू यजुर्वेद, सामवेद र अथर्ववेदमा पनि दोहोरिने भएकोले वेद, पहिले एउटै सँगालो थियो र पछि विषय–वस्तु हेरेर विभाग गरिएको हो भन्ने निष्कर्षमा पुगिन्छ। सामवेदमा पूरै ऋग्वेदमा पाइने मन्त्र-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूनै छन् वर्तमानमा पाइने सामवेदमा ७५ मन्त्र मात्र आफ्ना छन् । यस्तै यजुर्वेदमा पनि प्रशस्त ऋग्वेदका मन्त्रहरू छन् ।

अथर्ववेदका पनि ऋग्वेदीय मन्त्रहरू संगृहीत छन् । यसकारण, उपर्युक्त वेदको ठीकठीक काल गणना गर्न र कुन अघि कुन पछि हो भनेर निश्चय रूपमा किट्न सकिंदैन । किन्तु ऋग्वेदका बाहेक स्वतन्त्र मन्त्रहरूको अध्ययन गर्ने विद्वान्हरूले भाषागत सरलता र स्पष्टतालाई लक्ष्य गरेर ऋग्वेद-पछिको यजुर्वेद मानेका छन् ।

ऋग्वेदका मन्त्र-द्रष्टा ऋषिहरूको अध्ययन गर्दा आदि मनुदेखि पौरव वंशका राजा शन्तनुका पालासम्म मन्त्र दर्शनको परम्परा रहेको पाइन्छ । महाराज युधिष्ठिरभन्दा चार पुस्ता माथि, राजा सन्तनु थिए र पौराणिक पुस्ता गन्ने अल्तेकर जस्ता विद्वान्को परिगणनानुसार मनुदेखि ७५ पुस्ताको काल वितुन्जेलसम्म वेद संहिताका मन्त्रहरू बन्दैरहे । अरु राजाहरूको पुस्तावलि उल्लेख गर्ने हरिवंश आदि पुराणमा परिगणना गरिएका राजा, मुख्य मुख्य हुनाले उल्लेख गरिएको हो भन्ने कुरा पाइन्छ । यस आधारमा उज्वल चरित्र नभएका साधारण राजा अवश्य पनि २५ प्रतिशत जति त छुटे हुनन् भन्ने हो भने, वेदमन्त्रको रचनाकालको इतिहास सय पुस्ताको हुन्छ । पच्चीस वर्षको सरदरले हिसाब गर्दा २५ सय वर्ष हुने भयो । युधिष्ठिरसम्मको ४ पुस्तालाई एकसय वर्ष दिएमा वेदका मन्त्र प्रत्यक्ष हुन थालेका २६०० वर्ष पछि व्यासले मन्त्रको संकलन गरी वेदको विषयगत विभाजन गरे भन्नुपर्छ ।

उपर्युक्त समय भित्र नै सम्पूर्ण वेद-संहिताका मन्त्र ऋग्, यजुः साम र अथर्व–संहिताको मन्त्र रचना भइसकेका थिए र प्राचीन दुरूह मन्त्रको स्पष्ट व्याख्या गर्नको निम्ति ब्राह्मणग्रन्थको प्रवचन पनि शुरू भइसकेको थियो । वेद–कालको लामू समयमा चिन्तन र मन्थन परम्पराले पनि नयाँ रूप लिएको थाहा पाइन्छ । शुक्ल यजुर्वेदको अन्तिम अध्यायलाई उपनिषद् भनिन्छ ।

कतिपय पाश्चात्य विद्वान्हरूको विचारमा– ऋग्वेदको द्वितीय मण्डलदेखि सातौं मण्डलतकको अंश प्राचीन हो, नवम मण्डलको निर्माण यिनै प्राचीन मण्डलको विषय वस्तुलाई लिएर भएको छ । आठौं मण्डल, दोस्रो र सातौंमा आधारित छ । दशौं मण्डल अन्य मण्डलको अपेक्षा विषय वस्तुले नयाँ छ । प्रथम मण्डल चाहिं नयाँ पुरानाको सम्मिश्रण छ । यस प्रकार वर्तमान कलेवर धारण गर्न लामो समय लियो होला । त्यो कुन समय होला भन्ने विषयमा भने विद्वान्हरू एकमत छैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदका शाखा विभाग

वेदका अनन्त शाखा थिए भनिन्छ । जनश्रुति र कतिपय ग्रन्थको भनाइ अनुसार एघार सय एकतीस शाखामा वेद विभाजित थियो । यसमा ऋग्वेदका २१ शाखा यजुर्वेदका १०१ शाखा, सामवेदका एक हजार शाखा र अथर्ववेदका ९ शाखा थिए । समयको प्रवाहमा वेदका कैयन शाखाहरू वगेर विलाए । आज थोरै शाखामात्र फेला परेका छन् ।

ऋग्वेदका २१ शाखामा शाकल शाखा र वाष्कल-शाखा मात्र पाइन्छन् । त्यसमा पनि वाष्कल शाखा अपुरो छ । कतिपय विद्वान् ऋग्वेदको वालखिल्य-शाखाको पनि नाउँ लिन्छन् । किन्तु यस शाखाको केवल वालखिल्य सूक्तको नाउँले केही मंत्रहरू पाइन्छन् । यसलाई अन्म शाकल शाखाका कतिपय मंत्रहरू जोडेर खिलसेक्तको वृद्धि गरेर श्री सातवलेकरले ऋग्वेदको वाष्कल शाखा, औंध सतारवाट प्रकाशित गरेका छन् । पूर्ण ग्रन्थको रूपमा शाकल शाखा मात्र पाइन्छ ।

यो शाकल शाखामा एक हजार सत्र सूत्र छन्, दश हजार चारसय बहत्तर ऋचाहरू छन् ।

यजुर्वेद मूलतः दुई रूपमा इन्छ, शुक्ल यजुर्वेद र कृष्ण यजुर्वेद । दक्षिण भारतमा कृष्ण एजुर्वेदको चल्ती छ । नेपाल र उत्तर भारतमा शुक्ल यजुर्वेद, त्यसमा पनि माध्यान्दिनीय-शाखाको पठन पाठन र मान्यता छ ।

कृष्ण एजुर्वेद गद्य पद्यमय छ । यसमा मंत्रको ब्राह्मण भाग (प्रवचन) पनि सम्मिलित छ र दुवैको संयुक्त नामनै कृष्ण-यजुर्वेद हो । परन्तु शुक्ल-यजुर्वेदमा मंत्रको मात्रै सँगालो छ । आधुनिक समयमा कृष्ण, शुक्ल दुवै यजुः संहिता प्राप्त छन् र वसमा पनि नयाँ पुरानाको पिष्टपेषण विद्वान्हरूले गरेका छन्, तर त्यो सबै व्यर्थ छ ।

यसरी कृष्ण र शुक्ल यजुर्वेदका शाखा पनि अलग छन् । कृष्ण-यजुः को चार शाखा-छठ संहिता १ कपिष्ठल-संहिता मैत्रायणी २ संहिता ३ तैत्तिरिया संहिता ४ मात्र उपलब्ध छन् र शुक्ल यजुर्वेदका माध्यान्दिनीय शाखा र काण्व शाखा, दुई शाखामात्र प्राप्त छन् । यसरी १०१ शाखामा यजुर्वेदको ६ मात्रै उपलब्ध छन् र अन्य शाखाहरू काल-कवलित भए ।

यसरै सामवेदका एकहजार शाखामा केवल तीन शाखामात्र पाइन्छन्, तीन तीन शाखामा– रामायनीय १ कौथुमी २ जैमिनीय ३ हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथर्व वेदका नौ शाखा बताइको छ किन्तु पिप्पलाद र शौनक दुई–शाखा मात्र अहिले पाइन्छन् ।

ब्राह्मण साहित्य

ब्राम्हण साहित्यलाई पनि श्रुति नै भन्दछन् र वेदकै अङ्ग मानिन्छ । कुनै ब्राम्हणभाग वेदको जस्तै सारस्वरले पाठ गर्ने गरी लेखिएका छन् । कुनै वेदका व्याख्या रूपमा गद्यमद्य शैलीमा मात्र छन् । ब्राम्हण–साहित्य पनि वेदका भिन्न भिन्न शाखाका भिन्ना भिन्नै ब्राम्हण थिए भनिन्छ । ब्राम्हण ग्रन्थमा वैदिक यज्ञका विधिविधानको विशद वर्णन गरिएको छ र प्रसङ्गवश प्राचीन कथाहरूको पनि उल्लेख भेटिन्छ । परन्तु सम्पूर्ण ब्राम्हण–साहित्य वैदिक कर्मकाण्ड प्रधान छ । केवल कर्मकाण्ड पद्धतिको साधारण भेदले विभिन्न ब्राम्हण–ग्रन्थको रचना भएको छ भने, पाठभेदले र प्रबन्धनको क्रमभेदले, कठिनको सरलार्थ गरिएको भेदले पनि संहिताको शाखा–भेद भएको पाइन्छ । कतिपय शाखाहरूमा केही विशेष मन्त्र पनि उपलब्ध नहुने होइनन्, किन्तु आमूल फरक भने पाइदैन ।

ऋग्वेदका ब्राह्मणहरू

ऋग्वेदका आजसम्म दुई ब्राम्हण ग्रन्थ उपलब्ध छन्, ऐतरेय–ब्राम्हण र कौशितकी ब्राम्हण । कौशितकी ब्राम्हण सांख्यायन ब्राम्हणको नाउँले प्रसिद्ध छ । ऐतरेय ब्राम्हण इतराका पुत्र एवं महीदासद्वारा रचना (व्याख्या) गरेको मानिन्छ । छान्दोग्य-उपनिषद्मा ऐतरेय महीदासको उल्लेख पाइन्छ र दर्शनशस्त्रबन्धीका विशेषज्ञाता भएकोले यसको प्रभावद्वारा एक सये सोह्र वर्ष तक बाँचेका थिए ।[१२] विद्वान्हरूको विचार अनुसार प्राचीन–ब्राम्हणका साहित्यमा ऐतरेय तथा शतपथ मानिन्छन् ।

यजुर्वेदका ब्राह्मण ग्रन्थ

कृष्ण यजुर्वेद र शुक्ल यजुर्वेदको भिन्न रूपअनुसार नै ब्राम्हण ग्रन्थ पनि भिन्न छन् । कृष्ण यजुर्वेदको ब्राम्हणलाई तैत्तिरीय ब्राम्हण भन्दछन् । शुक्ल यजुर्वेदको ब्राम्हणलाई शतपथ ब्राम्हण भन्दछन् । शतपथ-ब्राम्हणविशाल-काय ग्रन्थ हो । यो एक सये अध्यायमा विभाजित छ । यस ग्रन्थमा, संहितामा नपाइने कैयन प्राचीन कथाको दिग्दर्शन छ, जसको आधारमा पछिका इतिहास पुराण-साहित्य निर्माण भए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदका शाखा विभाग

वेदका अनन्त शाखा थिए भनिन्छ । जनश्रुति र कतिपय ग्रन्थको गणना अनुसार एघार सय एकतीस शाखामा वेद विभाजित थियो । यसमा ऋग्वेदका २१ शाखा यजुर्वेदका १०१ शाखा, सामवेदका एक हजार शाखा र अथर्ववेदका ९ शाखा थिए । समयको प्रवाहमा वेदका कैयन शाखाहरू वगेर विलाए । आज थोरै शाखामात्र फेला परेका छन् ।

ऋग्वेदका २१ शाखामा शाकल शाखा र वाष्कल-शाखा मात्र पाइन्छन् । त्यसमा पनि वाष्कल शाखा अपुरो छ । कतिपय विद्वान् ऋग्वेदको वालखिल्य-शाखाको पनि नाउँ लिन्छन् । किन्तु यस शाखाको केवल वालखिल्य सूक्तको नाउँले केही मंत्रहरू पाइन्छन् । यसलाई अन्म शाकल शाखाका कतिपय मंत्रहरू जोडेर खिलसेक्तको वृद्धि गरेर श्री सातवलेकरले ऋग्वेदको वाष्कल शाखा, औध सतारवाट प्रकाशित गरेका छन् । पूर्ण ग्रन्थको रूपमा शाकल शाखा मात्र पाइन्छ ।

यो शालल शाखामा एक हजार सत्र मूत्र छन्, दश हजार चारसय बहत्तर ऋचाहरू छन् ।

यजुर्वेद मूलतः दुई रूपमा इन्छ, शुक्ल यजुर्सेद र कृष्ण यजुर्वेद । दक्षिण भारतमा कुष्ण एजुर्वेदको चल्ती छ । नेपाल र उत्तर भारतमा शुक्ल यजुर्वेद, त्यसमा पनि माध्यान्दिनीय-शाखाको पठन पाठन र मान्यता छ ।

कुष्ण एजुर्वेद गद्य पद्यमय छ । यसमा मंत्रको ब्राह्मण भाग (प्रवचन) पनि सम्मिलित छ र दुवैको संयुक्त नामनै कृष्ण-यजुर्वेद हो । परन्तु शुक्ल-यजुर्वेदमा मंत्रको मात्रै सँगालो छ । आधुनिक समयमा कृष्ण, शुक्ल दुवै यजुः सहिता प्राप्त छन् र वसमा पनि नयाँ पुरानाको पिष्टतेषण विद्वान्हरूले गरेका छन्, तर त्यो सबै व्यर्थ छ ।

यस्तै कृष्ण र शुक्ल यजुर्वेदका शाखा पनि अलग छन् । कृष्ण-यजुः को चार शाखा-कठ संहिता १ कपिष्ठल -संहिता मैत्रायणी २ संहिता ३ तेत्तिरिया संहिता ४ मात्र उपलब्ध छन् र शुक्ल यजुर्वेदका माध्यान्दिनीय शाखा र काण्व शाखा, दुई शाखामात्रा प्राप्त छन् । यसरी १०१ शाखामा यजुर्वेदको ६ मात्रै उपलब्ध छन् र अन्य शाखाहरू काल–कवलित भए ।

यस्तै साम वेदका एकहजार शाखामा केवल तीन शाखामात्र पाइन्छन्, ती तीन शाखामा– रामायनीय १ कैथुमी २ जैमिनीय ३ हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथर्व वेदका नौ शाखा बताइको छ किन्तु पिप्पलाद र शौनक दुई–शाखा मात्र अहिले पाइन्छन् ।

ब्राह्मण साहित्य

ब्राम्हण साहित्यलाई पनि श्रुति नै भन्दछन् र वेदकै अङ्ग मानिन्छ । कुनै ब्राम्हणभाग वेदको जस्तै सारस्वरले पाठ गर्ने गरी लेखिएका छन् । कुनै वेदका व्याख्या रूपमा गद्यमद्य शैलीमा मात्र छन् । ब्राम्हण–साहित्य पनि वेदका भिन्न भिन्न शाखाका भिन्ना भिन्नै ब्राम्हण थिए भनिन्छ । ब्राम्हण ग्रन्थमा वैदिक यज्ञका विधिविधानको विशद वर्णन गरिएको छ र प्रसङ्गवश प्राचीन कथाहरूको पनि उल्लेख भेटिन्छ । परन्तु सम्पूर्ण ब्राम्हण–साहित्य वैदिक कर्मकाण्ड प्रधान छ । केवल कर्मकाण्ड पद्धतिको साधारण भेदले विभिन्न ब्राम्हण–ग्रन्थको रचना भएको छ भने, पाठभेदले र प्रबन्धनको क्रमभेदले, कठिनको सरलार्थ गरिएको भेदले पनि संहिताको शाखा–भेद भएको पाइन्छ । कतिपय शाखाहरूमा केही विशेष मन्त्र पनि उपलब्ध नहुने होइनन्, किन्तु आमूल फरक भने पाइदैन ।

ऋग्वेदका ब्राह्मणहरू

ऋग्वेदका आजसम्म दुई ब्राम्हण ग्रन्थ उपलब्ध छन्, ऐतरेय–ब्राम्हण र कौशितकी ब्राम्हण । कौशितकी ब्राम्हण सांख्यायन ब्राम्हणको नाउँले प्रसिद्ध छ । ऐतरेय ब्राम्हण इतराका पुत्र एवं महीदासद्वारा रचना (व्याख्या) गरेको मानिन्छ । छान्दोग्य-उपनिषद्मा ऐतरेय महीदासको उल्लेख पाइन्छ र दर्शनशस्त्रबन्धीका विशेषज्ञाता भएकोले यसको प्रभावद्वारा एक सये सोह्र वर्ष तक बाँचेका थिए ।[१२] विद्वान्हरूको विचार अनुसार प्राचीन–ब्राम्हणका साहित्यमा ऐतरेय तथा शतपथ मानिन्छन् ।

यजुर्वेदका ब्राह्मण ग्रन्थ

कृष्ण यजुर्वेद र शुक्ल यजुर्वेदको भिन्न रूपअनुसार नै ब्राम्हण ग्रन्थ पनि भिन्न छन् । कृष्ण यजुर्वेदको ब्राम्हणलाई तैत्तिरीय ब्राम्हण भन्दछन् । शुक्ल यजुर्वेदको ब्राम्हणलाई शतपथ ब्राम्हण भन्दछन् । शतपथ-ब्राम्हणविशाल-काय ग्रन्थ हो । यो एक सये अध्यायमा विभाजित छ । यस ग्रन्थमा, संहितामा नपाइने कैयन प्राचीन कथाको दिग्दर्शन छ, जसको आधारमा पछिका इतिहास पुराण-साहित्य निर्माण भए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साम तथा अथर्वका ब्राह्मणहरू

सामवेदका तीन ब्राम्हण ग्रन्थहरू हाल उपलब्ध छन् । ताण्ड्य-महाब्राम्हण १ षडविंश-ब्राम्हण २ र जैमिनीय ब्राम्हणका ३ नाउँले अभिहित छन् । अथर्ववेदको केवल एउटा ब्राम्हण ग्रन्थ उपलब्ध छ । त्यो हो, गोपथ-ब्राम्हण । यो त्यति पुरानो मानिदैन । अरू ब्राम्हण ग्रन्थको तुलनामा निकै अर्वाचीन हो ।

आरण्यक ग्रन्थहरू

वैदिक युगमा वानप्रस्थी जीवन बिताउने महर्षिहरूले वनमा वसेर वेदको गहन चिन्तन र मन्थन गर्दै गम्भीर रहस्यको ज्ञान हासिल गर्ने सततः प्रयास गरेको फलस्वरूप, आरण्यक साहित्यको विकास भएको छ । लोक कल्याणकारी भावनाले प्रेरित भएर आफ्नो अटूट चिन्तनद्वारा प्राप्त ज्ञान, गुरुशिष्यको परम्पराद्वारा जनमानसमा पुऱ्याउने प्रयत्न गरेका छन् । प्रकृति, जीव, ब्रम्हको अनन्तसत्ता सरल तरिकाले बुझाउने प्रयत्न, आरण्यक-साहित्यमा भएको छ । यो साहित्य परमार्थ हेतुले निर्माण गरियो । यसले जनतालाई ईश्वर प्राप्तिको लागि प्रेरित गर्दछ ।

ऋग्वेदका आरण्यक पनि ब्राम्हण ग्रन्थ जस्तै भिन्न छन् । तर यसको एक मात्र कौशितकी आरण्यक प्राप्त छ । यस्तै यजुर्वेदको कृष्ण र शुक्लका भेदले आरण्यक पनि भिन्न छन् । कृष्ण यजुर्वेदको आरण्यक तैत्तिरीय आरण्यक भनिन्छ । शुक्ल यजुर्वेदको बृहदारण्यक हो । यी आरण्यकहरू सांसारिक बन्धन-बाट मुक्ति दिलाउने सम्बन्धमा उपदेश गर्दछन् ।

उपनिषद् साहित्य

वैदिक साहित्यको अन्तिम विकसित रूप उपनिषद् साहित्य भनिन्छ ।

उपनिषद्को अर्थ हो नजीक वस्न अर्थात् जो जीव प्रकृतिको यथार्थतालई बुझेर बुझाएर जीवलाई ब्रह्मको नजीक पुऱ्याउने विषयमा सहायक हुन्छ त्यो नै उपनिषद् हो । वैदिक युगमा ऋषिमुनिहरूले जङ्गलको आश्रममा वसेर जीव, ब्रह्म, प्रकृति, आत्मा आदिका विषयमा गंभीर गवेषणा गरेर जो फल निकाले, त्यो उपनिषद् साहित्यमा संकलन गरियो । उपनिषद् साहित्यले मनुष्यलाई सांसारिक बन्धनबाट मुक्ति दिलाएर परमार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिर अग्रसर गराउन सहायता गर्छ । हिन्दू साहित्यको अत्यन्त विकसितरूप उपनिषद् साहित्य हो र यो चिन्तनद्वारा मन्थन गरिएर निकालिएको दर्शन साहित्यले नै हिन्दू सभ्यतालाई चिरस्थायी र विशिष्ट बनाएको छ ।

उपनिषद्हरू पनि प्रत्येक वेदअनुसारनै पृथक् पृथक् छन् । उपनिषद् शास्त्रको वर्तमान समयमा निकै लामोसूचि पाइन्छ । परन्तु यी मध्ये १० लाई हिद्वान्हरूले मुख्य र प्राचीन मानेका छन् । यी दश उपनिषद् हुन्– ईश, कठ, प्रश्न, केन, मुन्डक, माण्डूक्य, ऐतरेय, तैत्तिरीय छान्दोग्य । कोही कोही विद्वान्हरूको विचारमा, मुख्य उपनिषद्– ऐतेरय, कौशीतकी, तैत्तिरीय, श्वेताश्वतर, बृहदारण्यक. ईश, केन, कठ, छान्दोग्य, मुण्डक मान्डुक्य र प्रश्नोपनिषद् समेत १२ परिगणनमा पर्दछन् । उपनिषद्को संख्या १३५ पनि पाइन्छ । किन्तु, मुक्तिको पनिपद्मा उपनिषद्को संख्या १०८ बताएको छ ।

उपनिषद् साहित्य पनि वेदअनुसारनै पृथक भएकोले यहाँ परिगणन गर्नु आवश्यक भएको छ । ऋग्वेदको प्रमुख उपनिषद् ऐतरेय हो । कृष्ण यजुर्वेदको चार कठ १ श्वेताश्वतर २ तैत्तिरीय ३ र मैत्रायणी उपनिषद् हुन् । यस्तै शुक्ल यजुर्वेदको ईशोपनिषद् र बृहदारण्यक उपनिषद् दुई छन् ।केन र छान्दोग्य दुइटा साम वेदका हुन् भनिन्छ । अथर्व वेदका तीन उपनिषद्हरू छन्, ती हुन्– मुण्डक, प्रश्न र माण्डूक्य ।

यसप्रकार वैदिक साहित्यको विशाल भण्डार अद्यावधि पनि बाँकी छ र यस साहित्यभित्र लौकिक जीवनका कृत्य, तथा पारलौकिक जीवनका निम्ति अनुपमेय सामग्री संकलित छन् । वैदिक साहित्यको सँगालो गौतम बुद्ध जन्मनुभन्दा निकै अगाडि नै संकलित थियो । तथापि लोक जीवनमा मुक्तिको भन्दा भुंक्तिको अभिलाषा बढी हुने हुनाले उपनिषद्को चिन्तन धाराले सर्वसाधारणमा प्रभाव जमाउन सकेन । अध्यात्मचिन्तनतर्फ लागेका ऋषिमुनिहरूले वेद ब्राह्मण ग्रन्थमा प्रतिपादित यज्ञ परम्परामा सारा तत्त्व नदेखे तापनि वेद विहित कर्म र परम्पराको देन नै उपनिषद् पनि भएकोले बुद्धले र महावीरले जस्तै खुलेर यज्ञवादको विरोध गर्न सकेनन् । कारण उपनिषद् पनि वेदभित्रै रहेको बीज-बिन्दुको परिभाषित रूप थियो र यज्ञवाद पनि वेद विहित नै धर्म थियो । यसैकारण, गौतम बुद्धले उपनिषद्कै सारतत्त्व बुझेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो दर्शन प्रतिवादन गरे तापनि वेदलाई प्रमाण मानेनन् । वेदलाई प्रमाण स्वीकार गरेका भए यज्ञवाद तथा ब्राह्मण समाजको संरचना, जातिवादे (पछिल्लो कालको श्रेणिभेद) को खुलेर विरोध गर्न सक्ने थिएनन् र उनका समकालीन आजीवक सम्प्रदाय जस्तै विलाएर जाने थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादटिप्पणी

(१) डा० अल्तेकर इण्डियन हिष्ट्री कांग्रेस २२ सौ अधिवेशन अध्यक्षीय भाषण ।

(२) स हैमवन्तिकाञ्जित्वा करंसर्वानदापयेत् ।
नेपाल विषये यत्र राजनस्तानवाजयत् । अ २५४।७
अवतीर्यस्तत शैलाद् पूर्वादिस अभिद्रुतः । महाभारत वनपर्व तथा टिष्टालाई सरस्वती भनेको पुरानो प्रमाण पनि छ ।

(३) प्रत्यक्षेणानुमित्या वा यस्तुप्रायो नबुध्यते ।
एवं विदन्ति वेदेन तस्मात् वेदस्य वेदता । ऋग्वेद भाष्य भूमिकामा सायणाचार्य । चौखम्वा प्रकाशन

(४) इष्टानिष्ट प्राप्ति परिहारयोरलौकिकोपायबोधकत्वे सति शब्दराशित्वं वेदस्य लक्षणम् । ऋ. भा भू. सायणाचार्य ।

(५) लोकमान्य तिलक– ओरायन । तथा उद्धरण – हिष्ट्री अफ इण्डियन लिटरेचर (प्रो० विन्टरनित्स)

(६) लोकमान्य तिलक – गीतारहस्य पृ० ५४६ । डा० याकोवी— हि. अफ इन्डियन लिटरेचर भाग १ पृ० २९६–२९७ मा उद्धृत

(७) पं. शंकर बालकृष्ण दीक्षित – भारतीय ज्योतिष शास्त्र पूजाप्रकाशन (१८९६) इ. प्र. पृ. १३६–१४० ।

(८) एक द्वित्रिणि चत्वारि वा अन्यानि नक्षत्राणि, अथैता एव भूयिष्ठायत् । शतपथ ब्राह्मण ।
तथा कृतिका स्तद् भूमानमेव एतदुपैति, तस्मात् कृतिको सोदधीत एता ह वै प्राच्यदिशो नच्यवन्ते सर्वाणि वा अन्यानि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नक्षत्राणि प्राच्यदिशो नच्यवन्ते । शतपथ वा २।१।२

(९) अविनाशदास– ऋग्वैदिक इन्डिया १९२२ इ प्रकाशन ।

(१०) प्रो० विन्टरनित्स – इन्डियन इन्टी ववैरी पृ. ३४५ ई १८८४ प्रकाशन तथा हिष्ट्री अफ इन्डियन लिटरेचरमा उद्धरण ।

(११) प्रो० विन्टननित्स– हिष्ट्री अफ इन्डियन लिटरेचर । भाग १ पृ. २९ तथा २९४ (सवै विद्वानका मतमतान्तर प्रो० विन्डर-नित्सले उक्त ग्रन्थमा उद्धरण गरेका छन् ।

(१२) छान्दोग्योपनिषद् ७।१६।३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो अध्याय

ऋग्वैदिक संस्कृति एवं आर्य परंपरा

वेदका अन्वेषक कतिपय पाश्चात्य विद्वान्हरू तथा पुरातन युगका इतिहास केलाउने विदेशी विद्वान्हरू, आर्यहरू सप्तसिन्धुमा बाहिरबाट आए होलान् भन्ने तर्क दिन्छन् । यसमा मुख्य कारण के हो भने– अठारौं शदीका विद्धान्हरूले जब संस्कृतको अध्ययन गरेर छानबीन गर्नथाले, त्यो वेला शतम्-शाखा (आर्य ईरानी) र केन्तम्-शाखा (यूरोपीयन समुदाय) को भाषा र शब्दमा आश्चर्यजनक समता पाए । वेदको अनुसन्धान र भारतीय अन्य साहित्य पढेपछि आफूलाई आर्य-शाखा भित्रको नै पाएकोले मूल थलोका बारेमा व्यापक चर्चा परिचर्चाहरू भए ।

एउटै छानामुनि हुर्केको मूलबाट हांगाबिगा छरिएको कुरा सत्य सावित भएपछि यूरोप र एशियाका सबै भू-भागलाई ढाक्न पुग्ने आर्यहरूको मूल-थलो सबै क्षेत्रको पायकपर्ने ठाउँमा हुनु पर्छ, जहाँबाट पूर्व पश्चिम यूरोप, मध्य पश्चिम र दक्षिण एशियाका मुलुकहरूमा छरिन पायक परोस् भन्ने कल्पनामा, कसैले आर्यहरूको मूल थलो इरान हो भने । कसैले मध्येशियाको कयाश्पियन सागर र कृष्णसागरको तटवर्ती इलाका हुनु पर्छ र कसैकसैले पूर्वी-यूरोपतिरबाट आर्यहरू अन्यत्र फैलिएका हुन् भने । यसै सन्दर्भमा ऋग्वेदका मन्त्रहरू केलाएर त्यसमा वर्णित रूख, पात, पशु, पक्षि, लता गुल्म भएको ठाउँ नै मूल थलो हुनुपर्छ र त्यो मध्येशिया हो भन्ने तर्क दिए । युरोपको तर्क दिने विद्धान्हरूका पनि यस्तै आधारहरू छन् ।

भारतीय विद्धान्हरू भने आर्यहरूको मूल थलो सप्तसिन्धु प्रदेशलाई नै मान्दछन् । वैदिक सभ्यता यहीं कै उपज हो र यो सभ्यताले प्राचीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालमा इरान, मध्येशिया, (दक्षिण रुस) को भू-भाग हिन्दुकुश-पर्वतको अगल-वगल ढाकेको थियो भनेर मान्दछन् । ऋग्वेदमा वर्णित नदी नाला, भू-भाग तथा जातीय गणनाले पनि ऋग्वेदकालका आर्यहरूको वसोवास सप्त-सिन्धु (हाल को पंजाव, र काश्मीर, अफगानिस्तान) मा थियो भन्ने स्पष्ट उल्लेख पाइन्छ । आर्यहरू वाहिरवाट यहाँ आएको उल्लेख, विपुल वैदिक सा-हित्यमा कहीं पनि भएको छैन । यस्तै आर्यहरू वसेको मूल थलो मान्ने ठोस आधार मध्येशिया र यूरोपको पुरातत्त्व अन्वेपकहरूले पनि फेला पारेका छैनन् । पश्चिम एशियाका हित्तो, मितन्नी, कस्सी, आदि जातिका अभिलेख प्राप्त भए पनि वैदिक-आर्य तिनै हुन् भन्न, भाषा, चरित्रले सहायता दिदैनन् । उनीहरूको अपभ्रंश रूपको भाषामा वैदिक देवताको नाम प्राप्त भए पनि अन्य साहित्यिक सामग्री उपलब्ध छैनन् । यस कारण, ठोस प्रमाण प्राप्त नभएसम्म आर्यहरू वाहिरबाट आएका हुन् भन्ने कथन तथ्यहीन नै मान्नु-पर्दछ ।

ऋग्वेदकालका शुरूवर्षहरूमा आर्यजनहरू सप्तसिन्धुमा बस्तथे । चारैतिर समुद्रको अस्तित्व भएको त्यस वेलाको सप्तसिन्धु प्रदेश शीत-प्रधान थियो । ऋग्वेदमा सप्तसिधवः को धेरै ठाउँ उल्लेख पाइन्छ । किन्तु उक्त क्षेत्र-मा आजकल धेरै नदीहरू पाइने भएकोले सप्तसिन्धु भनेर कुन कुन नदीहरू-लाई भनिन्थ्यो, छुट्याउन गाह्रो छ । ऋग्वेदको दशम मण्डलमा एक पूरा सू-क्तनै नदी सूक्तको नाउँले प्रख्यात छ । जसमा विभिन्न नदीहरूको स्तुति गरि-एको छ ।[१]

ऋग्वेदमा एक दुई पटक मात्रै गंगाको पढ्न पाइन्छ । यमुनाको नाम भने ऋग्वेद, ऐतरेय ब्राह्मण, शतपथको अनेक ठाउँमा उल्लेख छ ।

सरस्वती – वैदिक आर्यहरूको पवित्र र प्रख्यात नदी सरस्वती हुन् । यिनै नदीका किनारमा ठूला ठूला यज्ञगरिन्थे । यी नदी यमुना र सुतु-द्रि (सतजल) को बीच बग्दथिन् भन्ने थाहा पाइन्छ । समुद्रमा मिल्दछिन् भन्ने उल्लेख भए पनि दक्षिण समुद्र राजस्थानको बालुकामय मरुभूमिमा परि-णत भएपछि सरस्वती पनि भूगर्भको उथल पुथलमा मरुभूमि भित्रै हराएको अनुमान् विद्वान्हरूले गरेका छन् ।

शुतुद्रि – वर्तमान सतलज कालमा भनिएका नदी यिनै हुन् । रामायणमा यिनलाई शतद्रु: भनेर उल्लेख गरेको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परुष्णी – यिनलाई ईरावती भनिएको पनि उल्लेख पाइन्छ । आज-कल यिनलाई रावी नदी भनिन्छ । एकीकरणको अभियानमा विजय गर्दै नेपाली वीर सैनिकहरू यिनको तटसम्म नै पुगेका थिए । सुगौली सन्धि अगाडिसम्म यो पवित्र नदी नै नेपालको पश्चिमी सीमाना थियो भन्ने कुरा अंग्रेजहरूले नै प्रकाशित गरेको प्राचीन नक्शाबाट देखिन्छ ।

असिक्नी – काली हुनाले यिनलाई असिक्नी भनिन्थ्यो । पौराणिक साहित्यमा चन्द्रभागा र वर्तमान नाउँ चेनाव हो ।

मरुद्वृधा – यी नदी कुनै ठूलो जलराशी भएकी होइनन् । डा० स्टाइनको भनाइमा, चेनावको पश्चिमी सहायक नदी मरुबर्दवान् हुन् ।

वितस्ता – आजकल यिनलाई झेलम भनिन्छ । काश्मीरमा आज पनि वेथ, भनिन्छिन् जसबाट पुरानो नाउँको स्मरण दिलाउँछ ।

आर्जीकीया – ऋषिक पर्वतबाट बग्ने भएकीले अथवा सीधा बग्ने कारणबाट यो नाउँरहेको हो भन्ने निरुक्तकार यास्काचार्यको कथन छ ।

सुषोमा – अटक जिल्लामा बग्ने सोहन नदी हुन् भनेर मानिन्छ ।

यस्तै नदी सूक्त ऋ । १०।७५।६ मा सिन्धुको पश्चिमी सहायक नदीहरूको उल्लेख पाइन्छ ।

तृष्टामा–यिनी सिन्धुको पहिलो सहायक नदी हुन् ।

सुसर्तुः– यिनी दोस्रो सहायक नदी हुन् भनिन्छ ।

रसा–यी ऋग्वेदमा प्रसिद्ध (ऋ १०।१०८।१–२) नदी हुन् । वर्तमानमा रह्ना नाउँजे पुकारिन्छिन् र सिन्धुको तेस्रो सहायक नदी मानिन्छिन् ।

श्वेती–यिनी सिन्धुको महत्त्वपूर्ण सहायक नदी हुन् । काश्मीरमा बग्ने गिलगित नदी यिनै हुन् भन्ने विद्वान्हरूको धारणा छ ।

कुभा–वर्तमानमा, यिनलाई कावुल नदी भनिन्छ, यिनी हिन्दुकुश भन्दा दक्षिणमा बग्दछिन् र सिन्धुको सहाक नदीमा गनिन्छिन् ।

मेहत्नू–यी पनि सिन्धुको पश्चिमी सहायक नदी हुन् । हिजोआज यिनलाई सवान, भन्दछन् ।

गोमती–यिनी आजभोलि गोमाल नाउँले प्रख्यात छन् अफगानिस्तानमा बग्दछिन्

क्रुमु–यिनलाई आजकल 'कुर्रम भनिन्छ । सिन्धुको पश्चिमी सहायकको रूपमा बग्दछिन् ।

यस्तै–सुवास्तु (ऋ ०८।१९।२७)लाई वर्तमानमा स्वात भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरयू–(ऋ. ५।१३३।६) अवेस्तामा उल्लिखित 'हरयू' र वर्तमान-मा हरिद नाउँकी नदी हुन् भन्ने पश्चिमी वेदविद्हरूको मन्तव्य छ ।

यहाँ विचारणीय कुराचाहिं के भने पश्चिम बग्ने सिन्धु पूर्व बग्ने ब्रह्म-पुत्र तथा दक्षिणमा बग्ने सरयू (कर्णाली) को मूल मानसरोबर मानिन्छ । सिन्धुको किनारा वरपर विचरण गर्ने आर्यजनहरूले सिन्धुको शिर देखेका थिएनन् र सरयूको ज्ञान थिएन भन्न सकिन्न । तर वैदिक अनुशीलनबाट वर्तमान सरयू नै वैदिक सरयू हुन् भन्न चाहिं सकिदैन ।

विपाश–(ऋ. ३।३३।१–३) लाई पंजावमा बग्ने "व्यास" नदी भनेर मानिएको छ । यस्तै द्वपद्वती (ऋ. ३।२३।४) सरस्वतीकी सहायक नदी भनेर मानिएकी छन् र अहिले यिनलाई घघ्घर भन्दछन्

यसरी ऋग्वेदमा वर्णित नदी सूक्तका नदीहरूको विवेचना गर्दा, सिन्धु पश्चिमका वहुसंख्यक नदी र नदी किनाराका उर्वर-उपत्यकामा बस्ने जाति, एवं पर्वत-प्रदेशका अधित्यकासँग वैदिक ऋषिहरू पूर्ण परिचित थिए । यी माथि उल्लेख गरिएका सबै नदी किनारा वरपरका ठाउँमा आर्य-सन्तान-हरूकै बसोबास थियो भन्ने कुरा निश्चय रूपमा भन्न सकिन्छ ।

जहाँ विजातीहरू छन्, त्यहाँ त्यो वेला आवागमन सहज थियो भन्न सकिदैन । आवागमन नभएको ठाउँ र आफन्त नभएका ठाउँको त्यति चासो पनि हुँदैन । वैदिक ऋषिहरूले नदीसूक्तमा पूर्वका नदी भन्दा वढी सिन्धु पश्चिममा बग्ने नदीहरूको नाउँ लिएका छन्, स्तुति गरेका छन् । परस्परको सम्पर्क, आपसी घनिष्ठता नभएको ठाउँमा बग्ने नदीको पक्कानै नाउँ लिने थिएनन् । यसबाट के थाहा पाइन्छ भने, ऋग्वैदिक कालमा आर्यका बन्धुवान्धव, शाखा-सन्तानले सिन्धु पश्चिम इरानसम्म नै ढाकेका थिए । वैदिक सभ्यताका अनुयायी आफन्तले ढाकेको क्षेत्रमा प्रशस्त जानेआउने गर्दथे र सब नदीको महिमा र नाउँ याद थियो ।

ऋग्वेदमा गंगाभन्दा पूर्वका नदीको नाउँ उल्लेख भएको छैन । यसकारण, ऋग्वैदिक कालमा गंगाको मैदान, यात समुद्र थियो, अथवा पानी, भास (दलदल) जङ्गलले गर्दा बस्ती लायक थिएन । यसकारण, आर्यहरू पूर्वमा गंगायमुनाको अन्तर्वेदीसम्म र पश्चिममा भने, अफगानिस्तान बलुच, फारसको पूर्वी-भाग, तथा बलख आदि क्षेत्रमा ढाकेका थिए भन्ने थाहा हुन्छ । सप्तसिन्धु भन्ने वैदिक शब्दले सात-नदी क्षेत्र र त्यस क्षेत्रमा बस्ने जातिलाई बुझाउँथ्यो । आर्यशाखाकै कुनै वंशको भाषामा "स"का सट्टा "ह"को उच्चा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रण हुन थाल्यो । सप्त सिन्धुको सट्टा हप्त हिन्दू उच्चारण गर्न शाखाको बोलीबाट आर्यहरू हिन्दू कहलाए । इरानीहरू र हिन्दू-कुशका आसपास बस्ने आर्य शाखाकै कश (खश) हरूले सको "ह" उच्चारण गर्दछन् । आज पनि गढ़वाल कुमाउँमा बस्ने जातिहरूको भाषामा 'स, को सट्टा 'ह' को नै उच्चारण गरिन्छ । यो छिटाले हाम्रो कर्णाली-अञ्चलसम्म छोएको छ ।

यसरी सप्त सिन्धुको नाउँबाट हिन्दू शब्द बनेर जाति-वाचक अर्थमा आज प्रसिद्ध भएको छ । यूनानीहरू 'ह'को ठाउँमा 'इ' को उच्चारण गर्ने हुँदा हिन्दूबाट इन्डु र इन्डिया शब्द बनेका छन् ।

यी सप्त-सिन्धुमा गणना गरिएका नदीहरू कुन कुन हुन् त भन्ने बारेमा विद्वान्हरूको मतभिन्नता पाइन्छ । प्रो. मैक्समुलरको विचारमा पंजाव क्षेत्रका पाँच नदी, शुतुद्रि १, विपाश २, परुष्णी (रावी) ३, वितस्ता (झेलम) ४, असिक्नी (चेनाव) ५, सिन्धु ६, सरस्वती ७ लाई गणना गर्दछन् । कसैको विचारमा गंगा र यमुनालाई मिलाएर ७ पुऱ्याउँने छ । कसैको मतमा कुभा (काबुल) र आक्सस मिलाउनु पर्छ भन्ने छ । यी उपर्युक्त विचार मध्ये ऋग्वेदको अनुशीलन गर्दा मैक्समुलरको मत नै ठीक मान्न करलाग्छ ।

ऋग्वेद कालीन समाज

ऋग्वेद-काल आर्य- सभ्यताको आदिकाल मानिन्छ । ऋग्वेदको समयमा आर्य सभ्यता कस्तो थियो भन्ने र समाज रचना, गृहविज्ञान, आजीविकाको साधन, आवश्यक पर्ने अन्य-साधनको विषयमा पनि ऋग्वेदको अनुशीलनबाट धेरै कुरा थाहा पाउन सकिन्छ ।

ऋग्वैदिककालमा आर्यहरू विभिन्न जनपदमा बाँडिएर सप्त-सिन्धुका विभिन्न नदी-किनारका ऊर्वर भू-भागमा बस्तथे । कृषि र पशुपालन मुख्य पेशा थियो । पशुहरूमा गाई नै मुख्य धन-हो र अन्य पशुहरूमा भेंडा बाख्रा घोडा पनि पाल्दथे । पशुपालक अवस्थाको सभ्यतामा नगर सभ्यताका विषय-वस्तुको आवश्यकता पर्दैन । किन्तु, वैदिक आर्यहरू, गोधनको चरन र घाँसको लागि जङ्गलका छेउछाउका बस्तीमा आवाद भए पनि अन्य सुख सुबिधाबाट पूरै वञ्चित थिएनन् । विभिन्न समूहमा बाँडिएका आर्यहरूलाई "जन" भन्दथे र जन (गण) आवाद भएको वस्ती "जनपद" कहलाउँथ्यो । ऋग्वेदकालमा आर्यहरूको मुख्य जनसमूह पाँच भागमा विभक्त थियो । यिनीहरूलाई पन्चजना भनेको पनि पाइन्छ । यी पञ्चजन भिन्न-अनु, दुह्यु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुर्वश, तृत्सु, पुरू, यदु, भरत, आदि गरिएका गण थिए । यी मध्ये तृत्सु र भरत-गण, एउटै गणबाट तुरून्तै फुटेका हुन् भन्ने थाहा पाइन्छ ।

यदु, अनु, दुह्यु, तुर्वश, पुरु, यी पन्चजनलाई पुराण साहित्यले पाँच राजाको रूपमा उल्लेख गरेको छ । हुनसक्छ, पाँच राजाको नाउँबाट पाँच गणको विकास भएको होस् । तर वैदिक साहित्यमा पाँच राजा नभएर यी नाउँले अभिहित पाँच शक्तिशाली गण देखिन्छन् । कतिपय वेदका विशेषज्ञ-हरूको विचारमा पञ्चजनाको अर्थ,-असुर, पितृ, गन्धर्व, राक्षस, देव, हुन् भन्ने पनि छ । तर ऋग्वेदको परिशीलनबाट यसो भन्न मिल्दैन । पञ्चजना भनेर आर्यकुलमा प्रमुख मानिएका अनु, दुह्यु, आदिनै हुन् । शुरू-शुरूमा यिनै पञ्चजनका मुखियाहरू बसेर छलफल गर्थे होलान् र त्यो निर्णय सबैमा मान्य हुनाले पञ्चनज, पञ्च, पञ्चायत, पञ्चाली आदि प्रशासनिक इकाईको उद्गम र विकास भएको होला भन्न सकिन्छ ।

उपर्युक्त पाँच जनपद, प्रायशः सिन्धुभन्दा पूर्व पट्टिनै बस्तथे । सुदूर पश्चिममा बस्ने गणहरू पानि, पहिलेनै छुट्टिएका आर्यायण (इरान) मा बस्ने आर्यहरूसँग बराबर कचिङ्गल पर्ने गरेकोले पूर्व पट्टिनै बढ्दै आएको संकेत पाइन्छ ।

पुरु-यी जनपद परुष्णी (रावी) को पूर्वीतटमा बसोबासो गर्दथे । ऋग्वेदको सुरुकालमा नै पुरु-वंशबाट भरत-कुल र तृत्सु-कुल फुटिसकेको थियो । कुशिक-वंश पनि पुरूबाटै छुट्टिएको हो । कुशिक-वंशमा प्रतापी राजर्षि विश्वामित्र भए । भरत-कुलका राजाहरू बध्र्यश्व दिवोदास, सुदास, भएको कुरा ऋग्नेदमा उल्लेख छ । पुरुकुल र यसैबाट फुटेको भरतकुलका बीच झगडा भयो । भरत-कुलका प्रतापी राजा सुदासले पुरुकुललाई विजय गरेको वर्णन (ऋग्वेद ७।८।४) पाइन्छ ।

पुरु वंशका राजा पुरुकुत्स, त्रसदस्यु, कुरुश्रवण, तीन पुस्ताको नाउँ ऋग्वेदमा उल्लिखित छ । किन्तु यिनीहरूलाई ऐक्ष्वाकव भनिएकोले यो वंश पुरुखाको नभएर सूर्यवंशी पुरुको कुल थियो ।[२] एउटै नाउँका राजा दुवै कुलमा हुन सक्छन् ।

यदु – ऋग्वेदको पञ्चजन मध्येको यदुकुलबाट नै पछि यादव-कुलको बिस्तार भयो । यिनीहरू वैदिककालमा सिन्धुभन्दा निकै पश्चिममा बस्तथे । दश-राजासँग सुदासको युद्ध हुँदा यिनीहरू सिन्धुभन्दा पूर्वतिर वसैं सरिसकेका थिए । उत्तर वैदिककाल र प्राग् – इतिहासकालमा यदुवंशीहरू राजस्थान, मथुरादेखि लिएर सुदूर-दक्षिणसम्म फैलिए । पछि, यसै कुलमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगेश्वर कृष्णको जन्म भयो । यदुवंशीहरूका कुल-पुरोहित कण्ववंशी ब्राह्म-
यदुवंशीहरूका कुल-पुरोहित कण्ववंशी ब्राह्मणहरू थिए ।

तुर्वश–ऋग्वेदमा यदुकोसँगै तुर्वशको नाउँ उल्लेख छ (ऋ.५।३१) प्रसिद्ध दशराजासंगको युद्धमा भरत-कुलका राजा सुदासका विरुद्ध युद्ध, र तुर्वश, लडेको उल्लेख पाइन्छ । यिनीहरूलाई भरतकै सहयोगी शाखा तृत्सु-जनले पनि हराएका थिए । पहिले सिन्धु नदभन्दा धेरै पर रहेको दुवैकुल प-छि भरत र तृत्सुकुलको नजीक वस्न आउँदा स्वार्थ जुधेर विरोध पनि पर्न गएको हो भन्ने विद्वान्हरूको कथन छ ।

दुह्यु - यो वंश पञ्चजनमा प्रतापी वंश हो भन्ने थाहा पाइन्छ । यो कुलका पुरोहित प्रसिद्ध भृगुवंशी थिए । यिनीहरूको जनपद पनि यदु र तुर्वशको भन्दा टाढा बुझिदैन ।

अनु - यो जनपद पनि दुह्युको नजीकै थियो । यिनीहरूका कुल-पुरोहित पनि भृगुवंशनै हो । यसैकारण, आपस्तमा मेलमिलाप थियो भन्न सकिदैन । वसिष्ठको स्तुति - (ऋ.७। १८।६ तथा ७। २२। १४) मा इन्द्रका मित्र भएका सुदाश राजाको मुकाविला गर्दा श्रुतकाष (एक सह-योगी ऋषि)पानीमा डुवेर मरे, तथा अनु र दुह्युका ६६ हजार ६६ वीरयोद्धा मारिए भन्ने उल्लेख छ ।

उपर्युक्त पाँच जनराज्य आर्यहरूका ऐतिहासिक पुर्खा हुन् । यी बाहेक अरू धेरै जनपदवासीहरू पनि सिन्धुको वरपर वस्तथे । राजा सुदासको बढ्दो प्रभाव देखेर उनको विरोधमा मुख्य दशराजाहरू मिलेर एकैचोटि आक्र-मण गरेका थिए । यो युद्ध, कौरव पाण्डवको युद्धको पुर्वजनै थियो । दाशराज्ञ युद्धको नाउँले ऋग्वेदमा प्रसिद्ध यस लडाईले धेरै नर-संहार गऱ्यो । सुदास-सँगको यो युद्धमा पक्थ, भलान, अलिन, विषाणी, शिव आदि गण लडेका थिए भन्ने कुरा वसिष्ठले (ऋ.७। १८। ७-९) मा उल्लेख गरेका छन् । यिनीहरू-का अतिरिक्त सुदासका विरोधमा शिम्यु, क्रिवि, मत्स्य, कवथ, सुतुक, उचथ, ऋतवृद्ध, मञ्चु, पृथु, आदि जन-जातिको पनि उल्लेख भएको छ । यी सबै जनजातिहरूको समूह सिन्धुपूर्व र पश्चिम आवाद थियो भन्ने थाहा पाइन्छ । पक्थ - काबुलसम्म सिन्धु पश्चिममा पख्तून (पठान) नाउँले यो जनजाति आ-ज पनि आवाद छ । शिव नै शायद पछिको शिविकुल भयो । क्रिवि जनजातिको उल्लेख कुरु पंचालमा पाइने हुँदा जाति त्यो वेला गंगा-यमुनाको अन्तरालमा आवाद रहेको बुझिन्छ । मत्स्य- जाति पछि पंचालको दक्षिणमा आवाद भएको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त सबै जनपद-निवासीहरू प्रायशः संस्कृतिकै अनुयायी थिए । जनसंख्याको वृद्धि खेतीयोग्य जमीनको लोभ, गौचर भूमिको आवश्यकता, कुनै वंशको बढ्दो प्रभाव र अर्काले' भोगेको सुख सुविधालाई देखेर बढेको ईर्ष्याले गर्दा युद्धको रूप लिन आश्चर्य थिएन । एउटाराजालाई हराउन दश- जनपद-का राजा मिलेर लड्नु, तथा अन्य जनपदले पनि साथ दिनु, त्यति गर्दा पनि सुदासलाई परास्त गर्न नसक्नु, आदिले निश्चयनै सुदासलाई साधारण जनपदको स्वराट् पदबाट सम्राटको विशिष्ट पदमा आसीन तुल्यायो । यो घटनाले आर्य-हरूको इतिहासमा नयाँ साम्राज्ययुगको श्री गणेश गरेको मान्नु पर्दछ ।

यसरी सप्त-सिन्धु भरीको एकछत्र सम्राट् भएका राजा सुदासले नै पहिलो अश्वमेध यज्ञ गरे ।

यसपछि पराजित भएर बाँचेका विभिन्न जनपद निवासी गणले नयाँ ठाउँ खोज्नु आवश्यक पऱ्यो । सप्तसिन्धुपारि सबल जाति असुरहरू थिए भने, पश्चिम उत्तरमा लडाका कश-जाति र महाशक जाति थिए । दक्षिण पश्चिममा सेमाईट (अरबियन) जातिको प्रबलताभित्र ठाउँ बनाउन सक्ने आशा थिएन । यसकारण, दाशराज्ञ युद्धमा पराजित जनजाति गंगाको मैदान, गंगा-यमुनाको अन्तर्वेदी, सिन्धुको दक्षिण-पूर्वको क्षेत्रमा बढ्न बाध्य भयो । साथै सप्तसिन्धुको एकछत्र राज्यप्राप्तिले पनि सुदासको इच्छा पूरा हुन सकेन होला ।

सप्तसिन्धु भू-भाग-वर्तमान पंजाब, काश्मीर, बलुचिस्तान, अफगा-निस्तान, इरानको उत्तर-पूर्वी क्षेत्र, (शाक द्वीप) उत्तर-कुरुको नाउँले प्रसिद्ध दक्षिण रूसको क्षेत्र पनि आर्यकुलकै जनजातिले आबाद थियो । सिन्धुको वर-परका ९९ नदीको नाम नदी सूक्तमा आएको छ । यी सबै नदीको क्षेत्र आर्यवंशले नढाकेको भए र सबैतिरको आवागमनले भौगोलिक ज्ञान प्राप्त नभ-एको भए यी नदीको उल्लेख ऋग्वेदमा हुने थिएन ।

यसरी जनपदनिवासी गणमुख्यको रूपमा रहेका राजाहरूको उल्ले-खका साथै दाशराज्ञयुद्धबाट विशाल साम्राज्यको सिर्जना भएको इतिहास पनि ऋग्वेदकै मंत्रहरूमा देख्न पाइन्छ । एउटा पशुचारक र कृषिकर्ममा संलग्न रहेको जनपदको नेतृत्व गर्ने राजाबाट साम्राज्यको युगमा लम्केको वैदकालीन सभ्यतामा कस्ता प्रजागण थिए, कस्तो घरवास थियो र खानपान, उद्योगधन्दा, वाणिज्य, व्यवसाय, सवारी-साधन, माल-सामान, गर्गहना, शृङ्गार साधन, वेशभुषा के कस्तो थियो भनेर जान्न आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋग्वेदको प्रारम्भिक तथा मध्यवर्ती युगमा वर्ण-विभाजन भएको पाइँदैन । वेदविद्या पढ्ने चिन्तन मनन गर्नेहरू ऋषि कहिन्थे । युद्ध गर्नको निम्ति जनपदका सबै बासिन्दा तयार रहन्थे । पशु पालन कृषि वाणिज्यमा लागेका र शिल्प व्यवसायिहरू विश (प्रजा) कहिन्थे गोधनबाट दूध, दही, मोही, घिउ, पाउँदथे भने, गोरुबाट खेती गर्दथे । भेंडाबाट झिकेको उनले उनी कपडा तयार गरिन्थ्यो । कपासको खेती गरेर बुनेका मिहीन कपडाहरू बेबिलोन असिरिया, मिश्र आदि देशमा बिक्रि गर्न पठाइन्थे । सिन्धु प्रदेशमा बुनेको मिहीन कपडा मलमल बेबिलोनमा 'सिन्धु' नाउँले प्रसिद्ध थियो । घर-घरमा आफ्नो लागि कपडा बुन्ने चलन थियो । यो काम घरका गृहिणीले गर्दथे ।[३] राम्रा-राम्रा कपडा बुनेर आमाहरूले छोराछोरीलाई लगाइदिन्थे ।[४] तक्षक (कर्मी) लडाइको निम्ति सवारी (रथ) र मनो-विनोदको निम्ति रथदेखि खेलौंनासम्म तथा घरमा उपयोग हुने काठका भाडाँ-कुँडा बनाउँथे । लोहार (कर्मार) हली, फाली, कोदालो, कोदाली, हतियार बनाउँथे । कुमाले (कुम्भकार) गाग्रा, घैंटा, कलस (उखा) अन्न राख्ने घ्याम्पा, कोठीहरू तथा अन्य माटाका उपयोगी भाँडावर्तन बनाउँथे । घिउ, तेल र अन्य सामान राख्ने छालाको (अजिन) थैलो, पेटारो, चौंठो, आदि चर्मम्न (ऋ ८।५।३८) चर्मकार अथवा सार्कीले बनाउँथे । गाउँ-गाउँमा दाह्री कपाल बनाउने वप्ता (हजाम) (ऋ. १०।४२।४) पनि थिए । भिषक् (वैद्य) ऋ. २।३३।४ पनि प्रशस्त थिए भन्ने उल्लेख पाइन्छ ।

स्वर, लय, ताल, मिलाएर साम गायन हुन्थ्यो । यज्ञको वेला र अघिपछि पनि गाउने चलन थियो । ऋग्वेदमा कथोपकथन सम्वाद सूक्तहरू प्रशस्त छन् । जर्मन विद्वान् डा. श्रीयेदर यसै सम्वाद सूक्तबाट नाटकको विकास भएको मान्दछन् । यज्ञोत्सब तथा अन्य चाडपर्वहरूमा यिनै सम्वादको अभिनय, नृत्य, गीत, द्वारा मनोरञ्जन गरिन्थ्यो भन्ने कुरा ऋग्वेदको अनुशीलनबाट जान्न सकिन्छ ।

गृह निर्माण र वास्तु कला

वैदिक साहित्यमा घरलाई कहने, गृह आयतन, पस्त्या, वास्तु, हर्म्य, दुरोण, आदि अनेक शब्द पाइन्छन् । यी शब्दहरूले घरको आकार प्रकार र विशिष्टताको परिचय दिन्छन् । वरिपरि पर्खालले घेरिएको घरलाई आयतन भनिन्थ्यो भने, यसरी घेरेर ढोका राखिएको घरलाई दुरोण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनिन्थ्यो । बस्ने घर चाहिं वास्तु, पस्त्य, कहिन्थे । सुवास्तुर वास्तोस्पति मूल घरलाई भन्दथे, जसमा गृहपतिका परिवारहरू बस्तथे । अग्निशाला, अतिथिशाला, गोठ, भेडाबाख्रा बाँध्ने खोर, घोडा बाँध्ने तवेला, आदिले युक्त चारैतिर घेरिएका र ठाउँ ठाउँमा ढोका राखिएका घर नै आयतन र दुरोण नाउँले पुकारिन्थे । राजाहरूको महललाई हर्म्य भनिन्थ्यो । यस्तै सभाभवन, अध्यापनको लागि कुलपतिको परिषद्-भवन, पान्थशाला, आदि विशेष प्रकार-का भवनहरूको अस्तित्व भएको परिचय पनि वैदिक मन्त्रहरूमा पाइन्छ ।

निर्माण सामाग्री

घर बनाउने साधनमा बाँस, माटो, काठ, ढुङ्गा पकाएको ईंट आदिको उपयोग ररिन्थ्यो । अथर्ववेदको सूक्त, (४।१ र ९।३) मा घर बनाउने प्रक्रियाको सविस्तार वर्णन गरिएको छ । काठका खाँवा गाडेर, काठका निदाल, दलिन, बाँसका डाँडा-भाटा माथि खरले छाइन्थे । धूंवाँ छिर्न बाँसका भाटाको आँखिझ्याल (जाफडी) राखिन्थ्यो । विभिन्न किसिम-का डोरीले बाँधछाँद गरिन्थ्यो, जसलाई नहन, प्राणाह, परिस्वञ्जत्य आदि नाउँ राखेको पाइन्छ ।

काठका अनेक खाँवा गाडेर काठै काठले मात्रै पनि घर बनाउँथे । माटाका डल्लाबाट पनि घर बन्दथे । ईंटको प्रयोग गरेर लामा र ठूला घर बनाइन्थे । राजमहलमा हजार खम्वा गाडेर बनाएको हजार ढोका भएको महलको वर्णन पनि वैदिक साहित्यमा भेटिन्छ ।

आवश्यकतानुसार भिन्नाभिन्नै घर पनि बनाइन्थे, अथवा लामो घरमा विभिन्न कोठाहरू हुन्थे र यसबाट सबै आवश्यक काम लिइन्थ्यो । दृविर्धान (होमको सामाग्री राख्ने भंडार) अग्निशाला (आगो ननिभाइकन राखिएको) यज्ञशाला, बाहिरका गोठहरूमा हुन्थे । पत्नीशाला (जनानी-घर) चाहिं अलिभित्रका कोठामा हुन्थ्यो । सदस, (बैठककोठा) पुरूष वर्गको जमघट हुने (बडघरा) लाई भनिन्थ्यो । यस्तै शाला, गोत्र, (गोठ) छुट्टै वा लामो घर छ भन्ने, एक पट्टिका कोठाहरूमा व्यवस्था गरिएको हुन्थ्यो ।

विवाहित स्त्रीहरू भिन्न बाहिर गर्दा पछ्यौरा ओड्दथे ।[५]

उत्सव, चाडपर्व र यसमा आउने निमन्त्रित पाहुना, अतिथि-अभ्या-गतलाई बस्ने छुट्टै घरहरू हुन्थे । जसलाई आवस्थ (पाहुना घर) भन्दथे ।[६]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता अतिथिशालाहरूमा सुत्ने, बस्ने र ओडने बिछ्याँउनेहरूको व्यवस्था गरिन्थ्यो । यो परम्पराको विस्तृत व्यवस्था आपस्तंब श्रौत सूत्रमा (५।९।३) र धर्म सूत्र (२।३।६–७) मा उल्लेख गरिएको छ ।

ऋग्वेदको (६।४६।६) मंत्रको व्याख्याअनुसार आँगनको तीन भाग हुन्थ्यो, अथवा तिनौटा आँगन हुन्थे । उक्त मंत्रको "त्रिधातुकम्"को अर्थ, त्रिभूमिकम् भनेर सायणले गरेका छन् । कसैले ३ तले घर हो पनि भन्छन् ।

त्यो बेलाका आर्य ऋषिहरूले वास्तोस्पति भनेर गृहदेवताको आवाहनमा ऋ (७।५४।५५) सूक्तनै पढेका छन् । घर शोभायुक्त होस्, निरोगी होस्, दोपाया चौपायाको कल्याण होस्, गाई र घोडाको बृद्धि हवस् र सधैं जवानीको अनुभव गरौं, हे ! देव ? छोरालाईझैं हामीलाई माया गर, भनेर उक्त सूक्तमा प्रार्थना गरिएको छ ।

घर बनाउँदा नापसाइज सूत्र (धागाको डोरी)बाट गर्दथे ।[७] खाँवा गाढ्ने साइत हेरिन्थ्यो । (ऋ १०।४४) घर दुइतले, तीनतिर अथवा चार-तिर छानाका पाखा झर्ने पनि हुन्थे । ईंटढुङ्गाको गारो लगाएका घर हुन्थे । घरमा माल सामान झुण्ड्याएर राख्न सजिलो पर्ने डोरीका शिख पनि लगाइन्थे । एउटा कोठाबाट अर्को कोठामा जाने दैलो हुन्थ्यो । फराकिलो र हजारौं आँखा भएका आँखिझ्याल लगाएरवार्दली बनाइन्थे । यस्तै जाफडी (बाँसको आँखिझ्याल) लगाएका घरहरूको वर्णन वैदिक संहितामा पढ्न पाइन्छ । पशुपालन र कृषि व्यवसायमा आधारित जनपदमा निश्चित घरद्वार र गृहस्थ-को लागि सबै आवश्यकता पूरा गर्ने व्यवस्थाको उल्लेख पाइन्छ भने, धना वस्तीको वाणिज्य र शिल्प-व्यवसाय भएका सहरहरूको अस्तित्व थिएन भन्न सकिंदैन । विभिन्न जनपदमा बाँडिएका आर्यकुलहरूको संरक्षण, व्यवस्था र प्रतिपालन गर्ने राजाहरूको अस्तित्व वैदिक-कालमा भएकोले राजाको महल, सुरक्षा-व्यवस्था, दुर्गको निर्माण, आदिको पनि सुप्रबन्ध थियो भन्ने थाहा हुन्छ । वेद, ऋषि-आश्रम (वन्यस्थली) को अध्यात्मपरक विषय हुँदा शहरी सभ्यताको साँङ्गो पाङ्गो वर्णन पाइदैन । वेद वाहेकका अन्यशास्त्र पनि थिए होलान्, किन्तु ती विषयहरू आज प्राप्त छैनन् ।

ऋग्वेदकालीन अन्य सामाग्रीहरू

तल्प–अन्तःपुरका स्त्रीहरूका निमित्त बिछ्यौनाको काममा यो शब्द प्रयोग भएको छ । ऋग्वेदमा तल्प, प्रोष्ट, वह्यमा लेटेर आराम गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्त्रीहरूको वर्णन पाइन्छ । तल्प, साधारण खाट नभएर विशेष शयचा हुन्थ्यो । जसलाई हामी पलङ्ग भन्दछौं । अथर्वको (१४।२।३१) विवाह सूक्तमा वधूलाई तल्पमाथि लेटेर पुत्रोत्पादन गर्ने मङ्गलमय उपदेश दिएको पाइन्छ । यो डुम्रीका काठको रचना विधानले पनि उक्त कुराकै पुष्टि गर्छ । पछि यो पर्यङ्क भनियो ।

प्रोष्ट–(ऋ. ७।५५।८) ठूलो महलमा प्रोष्टमा लेट्ने स्त्रीको उल्लेख भएकोले अग्लो बेन्च अथवा फलेंचाको बोध हुन्छ । दुई पायावालाको संकेत भएकोले भित्ताको सहारामा खडा गरिन्थ्यो भन्ने थाहा हुन्छ । छोरी बिदा गर्दा, तकिया, तेलको ठेकी, र कोष (बाकस) तथा प्रोष्ट पनि दिइन्थ्यो । यसकारण प्रोष्ट बाकस सहितको पलङ पनि हुन सक्छ ।[८]

बह्य–यो पनि स्त्रीहरूको आरामदायक आसन थियो । बह्य-बोकिने शब्दबाट थाहा हुन्छ कि आजकलको पाल्की, खटौलीको पूर्वरूप हो । अथर्व-वेदका अनुसार, बधू थाकेपछि यसमा आराम गर्दथिन् । विवाहको समयमा बरसहित वधू शयन गर्थिन् भन्ने पनि उल्लेख पाइन्छ र यो काठको बुट्टेदार जरीयुक्त तन्ना बिछ्यौना सजाएको, लान र ल्याउन सकिने शय्याको रूपमा थियो ।[९]

आसन्दी–(अथर्व १५।३) यजुः ८।५६) र शतपथ तथा ऐतरेय ब्राह्मणको वर्णनबाट राजा महाराजहरूको राज्याभिषेक समारोहमा प्रयोग हुने गद्दादार आराम कुर्सी वा उच्चासन थियो । यसको प्रतिरूप पर्यङ्क (पलङ्क) पनि मान्न सकिन्छ । राज्याभिषेकमा प्रयोग हुने र यसको निर्माण विधिको पनि प्रशस्त परिचय पाइने हुँदा सिंहासनको प्रारूप थियो भन्ने जानिन्छ ।

अथर्व १५।३ मा व्रात्य (आर्य वाहेक) जातिको आसन्दीको विशेष वर्णन पाइन्छ । यो-अगाडि पछाडि अग्ला खुट्टा लागेको, धागाले बुनेको, लम्बा चौडा गद्दादार, चादर बिछ्याएको तथा तकिया र वालिष्ट लागेको हुन्थ्यो ।

यस्तै अन्य घरेलु सामानमा कलश, माटाको अथवा धातुको गाग्री जस्तै भाँडो, द्रोण काठको ३२ सेर जाने भाँडो (सदर ८ पाथी) छतिछालाको थैलो पेटारो, तथा चषक (सुन, चाँदी, काठको) प्यालाको पनि उल्लेख पाइन्छ । यस्तै उखा-यज्ञमा हविष्य पकाउने भाँडो (कसौंडी) स्थली-(तसला) दृषद्, उपल; जाँतो, सिलौटो, उलूखल काठको ठाडो ओखल, मुसर-मुसल, सुर्प-नाङ्लो (चेप्टोखाले) तिताउन-चालनो, उर्दर नापी गर्ने (मानु, पाथी जस्तै) भाँडो, आदिको उल्लेख पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थिवि-भकारीमा ननापेको अन्न राख्ने झिक्ने गरिन्थ्यो । शिक्टा (शीख, डोरीको सामान झुण्डाउन बनाएको) यो अझै मधेशमा चलन हुन्छ । यस्तै वस्तु, धातु तथा माटाका भाँडावर्तनको पनि प्रचुर मात्रामा चलन गरिन्थे ।

भोजन

वैदिक आर्यहरूको भोज्य सामाग्री साधारण र सात्विक नै हुन्थ्यो । दूध, दही, घिउ जौको रोटी, करम्म (सातुमा दही हालेको) यभागू, जौको फाँडो, अथवा खोले अपूप (दूधमा पिठो मुछेर पकाएको रोटी) मान्पुआ आदि हुन् । यस्तै, क्षीरौदन-खीर, दध्यौदन-दही-भात, मुग्दौदन, मुँगीको खिचडी, आदि साधारण खानेकुरा व्यवहृत हुन्थे । धाना–भुटेको गहूँ, जौ आदि खाने चलन पनि थियो ।

गहूँ र चामलको ऋग्वेदमा उल्लेख पाइदैन । यसैकारण, केही पाश्चात्य पण्डितहरू धान गहूँ आर्यहरूलाई थाहा थिएन भन्दछन् । ऋग्वेद-कालमा पंजाब शीतप्रदेश भएकोले गहूँ र धान हुन्, संभव थिएन । तर सर्वत्र ठाउँको भूगोलज्ञाताहरूलाई धान गहूँको थाहा थिएन भन्न सकिदैन ।

माँस भोजन

आर्यहरूको मांस भोजनमा विद्वान्हरू विवाद गर्दछन् । तर वेदको अनुशीलनबाट निश्चय रूपले भन्न सकिन्छ कि आर्यहरू माँस भोजन गर्दथे । शीतलजलवायु भएको प्रदेशमा बस्ने हुँदा, कतिपय जनावरको मासु खान्थे । सबै खान्थे वा खाँदैनथे त्यो अर्कै कुरा हो । तर मांस भोजन, निषिद्ध थिएन । यस्तै फलफूल दही, दूध, घिउ, उखु, मह, जौ, मास, मुँगी, आदि अनाजको ऋग्वेदमा उल्लेख पाइन्छ । नूनको ऋग्वेदमा उल्लेख नभएकोले वैदिक आर्य-हरूलाई नून थाहा थिएन भन्ने कुनै विद्वान्को तर्क छ । सिन्धु प्रदेशमा नै नूनको पाहाड भएकोले ज्ञान थिएन भन्नु गलत हुन्छ । ऋग्वेद, सबै विवरणा-त्मक इतिहास वा समाजशास्त्र पनि होइन । नून नखानाले स्वास्थ्य हानि पनि हुदैन । धेरै प्रयोग गर्थे वा गर्दैनथे भन्न सकिदैन । जुन कुरा जहाँ धेरै हुन्छ, त्यो प्रयोगमा नआउनु सम्भव हुँदैन । शुरूमा निषिद्ध भएको भए, पछि पनि नूनको महत्त्व हुने थिएन ।

पेय वस्तु

वैदिक ऋषिहरू सोम पान गर्दथे । यो भुंजवत पर्वतमा हुने एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किसिमको लहरा थियो । यसलाई कुटेर दूध मिलाएकोलाई गवाशीर भन्दथे । दही मिलाएकोलाई दध्याशीर भन्दथे । यो पान गरेपछि शरीरमा विचित्र स्फूर्ति, उत्साह, उमङ्गको संचार हुन्थ्यो । मनमा मोहक मस्ती दिनुको साथै सुन्याईं र उत्साहको वृद्धि हुन्थ्यो । यो अस्वास्थ्यकर र विवेकहीन स्थिति ल्याउने पेय होइन ।

राहुल सांस्कृत्यायन, सोमलाई भाँग हो भनेर उल्लेख गर्दछन् । भाँगको नशा, मस्त बनाउने मात्र हुँदैन । शक्तिहीन, संज्ञाहीन, र डरपोक एवं निस्तेज पनि बनाउँछ । यस्तो किसिमको नशाको यत्रो महात्म्य अवश्य गाइने थिएन । भाँग सर्वव्यापी झारपात हो । यो उच्च पाहाडी भूभागमा र समतल मैदानमा पनि व्यापक छ । भाँग नै सोम भएको भए भूंजवत पाहाडमा मात्र पाइने र आर्यहरू समतल भू-भाग (उत्तर प्रदेश) मा झरेपछि महँगो मोलले किन्नु पर्ने अवस्था पर्दैनथ्यो । भाँग तराईको भूभागमा पनि जङ्गलै फेला पर्छ । ऋग्वेदमा इन्द्र र अग्निका स्तुतिमा भनिएका मन्त्रभन्दा बढ्ता सोमको लागि भनिएका मन्त्रहरू छन् । ब्राह्मण वर्ग (चेतनशील वर्ग) को पनि राजा, सारा लहरा वनौषधीको पनि राजा, तेज, बल, वीर्यवर्द्धक, युद्धवीर अमृतमय, मानिएको सोम भाँग नै हो भनेर किट्न खोज्नु, योभन्दा हास्यास्पद तर्क के हुनसक्छ । मस्तीको केही गुण भाँगमा पनि भएकोले इरानी-हरूले यसलाई पनि 'होम, भने हुनन् । एउटै किसिमको फलफूलको स्वाद र गुण, फरक पर्दछ । एकै किसिमको वनौषधि कुनै अमृत हुन्छ र कुनै विष हुन्छ । वैदिक युगमा उपलब्ध सर्वगुणयुक्त सोम समयको गतिमा हराउन सक्छ । आदिम युगका लहरा-पात बृक्ष, पशुहरू कति मासिए, कति नयाँ आए । सोम व्यापक प्रयोगमा आउने भएकोले निश्चय नै मासियो । सोमका केही गुणको अंश, भाँगमा पनि थियो होला, यसैले "होम" भनियो । आजका आधुनिक मदिराका पसलेहरू सोमरस भनेर बेच्छन्, के यो सत्य भन्ने । मदिराको पनि अवगुण वैदिक साहित्यमा पाइन्छ । तसर्थ, मदिरा पनि सोम होइन भन्ने कुरा स्पष्ट छ ।

वस्त्र र परिधान

अजिन (छाला) प्राचीन कालमा बाघ्रा र बोकाको नै प्रयोग हुन्थ्यो । पछि मृग छालको चल्ती हुँदा पनि नाउँ चाहिं उही रह्यो । सुकेको छाला वाचक अजिन शब्द मृगजिन, हरिणाजिन, भएर प्रयोगमा आएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मरुत् देवताले लगाएको वर्षान् (ऋ. १।६२।१०) मा पनि प्रयुक्त छ। ऋषि-मुनिहरू पनि यसको परिधान प्रयोग गर्थे। म्लात माडेर, नरम पारिएका एकसय छाला दान पाएको उल्लेख ऋषि कुशले (ऋ ७।२।३) मा गरेका छन्। कृष्णाजिन (कृष्ण-सार-मृगको छाला) को पवित्रता शतपथ तथा ऐतरेय ब्राह्मणमा उल्लेख छ। मनुले पनि कृष्णसार मृग जहाँ पाइन्छ, त्यो यज्ञ गर्न योग्य देश हो भनेका छन्।[११] यज्ञदीक्षाको बेलामा अन्य कपडा माथि कृष्णाजिन लगाउने, बाँसको मण्डपमा वस्नु पर्ने, तथा यजमानकी पत्नीले कौशवास (शतपथ ५।२।१।८) कुशले बुनेको कपडा लगाउने विधि ब्राह्मण ग्रन्थमा बताइएको छ। पछिपछि रेशमलाई कौशेय भनियो। किन्तु-कौशेय, कुशबाटै तयार भएको परिधानको नाउँ हो।

रेशमी वस्त्र पनि वैदिक अनुष्ठानमा लगाइन्थ्यो। क्षौम, भन्ने रेशमको नाउँ हुनसक्छ। तर्प्य-तृप नाउँको लहराको रेशाबाट बुनेको कपडालाई भनिन्थ्यो। यो सन, सनई अल्लो भोर्लो के हो, निश्चय रूपले भन्न सकिदैन।

वैदिक ग्रन्थमा वासस्, भनिएको चाहिं सूति कपडा नै हो। वैदिक-कालमा कपडा बुन्ने काम राम्रैसँग चलेको उल्लेख पाइन्छ। मर्दाना धोती, किनारावाला सारी, त्यसमाथि कार्चोबी फूलबुट्टा भरेर लगाउने चलन थियो। सुनौला साडी लगाएकी उषाको वर्णनबाट पहेंलो सारी युवतीको मनपर्ने वस्त्र थियो भन्ने थाहा हुन्छ। यो लगाउँदा आजकलको जस्तै नीवि (गाँठो) पारेर लगाउने चलन थियो। त्यसमाथि अधिवास, पछ्यौरा, ओड्दथे। अधिवासलाई तलसम्म आउने कुर्ता (अचकन) हो भन्ने पनि विद्वान्हरूले तर्क गरेका छन्। यस्तै उपवासन, पर्याणहन् प्रतिधिको नाउँ पनि पाइन्छ, जो चोलो र अचकन नै भन्दछन्।

यस्तै द्रापिको पनि महत्त्वपूर्ण वस्त्रको रूपमा नाउँ आएको छ। वरुण देवताले सुनौला द्रापि लगाएको वर्णनले यो अन्य कपडामाथि लगाइने कोटजस्तो मूल्यावान परिधान हो भन्ने थाहा हुन्छ। यस्तै अत्कको पनि नाउँ छ। अत्क, आजकलको जाकेट जस्तै उनी कपडा, लुकुनी हो भन्न सकिन्छ। सायणले द्रापिको कवच भन्ने अर्थ गरेका छन्। स्त्री-पुरुष दुवैले लगाइने परिधान भएकोले कवच अर्थ गर्न मिल्दैन। वरुणको द्रापि (ऋ. १।२।२५।१३) को वर्णन र सविताको पहुँलो द्रापि लगाएको उल्लेख (ऋ. ४।५३।२) मा पाइन्छ भने स्त्रीहरूको हिरण्यमय द्रापि (सुनौला जरीको काम भएको) को उल्लेख (अथर्व ५।७।१०) मा भएकोले सुनको जरी युक्त यो वस्त्र स्त्री पुरुष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुवैले प्रयोग गर्थे। उत्सव-पर्वमा लगाइने हुँदा कवच होइन भन्ने निश्चय हुन्छ। यो लामोकोट जस्तै परिधान हो।

पेशस–यो पनि एउटा महत्त्वपूर्ण परिधान थियो। यसमा पनि सुनौला जरीकै काम हुन्थ्यो। स्त्री-पुरुष दुवैको परिधानमा र देवताहरूको पहिरनमा पनि यसको वर्णन आएको छ। अश्विनी कुमारले सेतो तथा कालो पेशस, लगाएको वर्णन भएकोले यो मर्यादा युक्त परिधान थियो भन्न सकिन्छ।

पगरी तथा उष्णीष (फेटा)

शिरमा लगाउने चलन पनि वैदिक कालमा थियो। यी पनि समय हेरेर लगाउने आधुनिक परिधान जस्तै भिन्नाभिन्नै किसिमका हुन्थे। व्रात्य (शक) को उष्णीप सेतो हुन्थ्यो। अभिचार (मरण र उच्चाटन) गर्ने ब्राह्मणको पगरी रातो हुन्थ्यो। यस्तै महिलाहरूको पनि उष्णीपको उल्लेख भएकोले शिरमा छोपो बाँद्धथे भन्ने थाहा पाइन्छ। कात्यायन-श्रौत-सूत्र (१५।५।१३।१४) अनुसार कार्चोवी भरेका फेटा फुर्को छाडेर बाँधिन्थ्यो र अगाडि पछाडि छाडेका दुवै फुर्का, अगाडि धोतीको गाँठो पारेको ठाउँमा सिउरने चलन थियो। यस्तै किरीट, शब्दले पनि शिरमा लगाउने रत्न जडित पगरीको बोध हुन्छ। उष्णीष शब्दले पगरी र फेटा दुवैलाई बुझाउँ छ र दुवैको चलन थियो भन्ने कुरा पनि जानिन्छ।

जुत्ता–वैदिक कालमा जुत्ताको पनि चलन थियो। फौजीहरू घुँडासम्म आउने जुत्ता लगाउँथे। बटुपरिणा पदा (ऋ. १।१३।३।२) तथा अथर्व (५।२१।१०) मा उल्लेख भएको पत्सङ्गिनीले पनि जुत्ता र माथि पट्टि पिंडुलामा छालाकै फित्ता बाँध्ने चलनलाई इङ्गित गर्दछ। जुत्ता वाचक उपानह शब्द चाहिं यजुर्वेद तथा ब्राह्मण ग्रन्थमा मात्रै प्रयोग भएको छ। त्यस्तै छाता र लट्ठी पनि प्रयोगमा आएको थाहा पाइन्छ।

गहना

ऋग्वेदकालीन आर्यहरूमा गहनाको प्रचलन पनि प्रशस्तै थियो। निष्क सुनको गहनालाई भनिन्थ्यो र यो घाँटीमा लगाइन्थ्यो। निष्क, मुद्रामा पनि प्रयोग हुने हुँदा यो गोलाकार अथवा चारकुने हुनसक्छ। सुन चाँदीका सिक्काको माला लगाउने चलन आज पनि छदैछ। यस्तै, रुक्म, नाउँको अर्को सुनको गहना पनि लगाउँथे। रुक्म वक्षसः (ऋ. २।३४।२) को प्रयोग देखिएकोले छातीमा लगाउने यो गहना आजको जन्तरकै पूर्वरूप हो। मणिग्रीव,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दको वेदमा उल्लेख भएकोले मणि-माला अथवा मोतीको हारका घटेसी लाउँथे भन्ने बुझिन्छ । कर्ण-शोभन (ऋ. ८।७८।३) देखिएकोले कुण्डल लगाउने चलन वैदिक कालकै हो रुक्म-पास शब्दको उल्लेख शतपथ (६।७-१७) मा भएकोले सुनको सिक्री लगाउने चलन पनि थियो भन्ने बुझिन्छ । यस्तै विवाहमा दुलाहाले सुनौला गहना लगाउँथे भन्ने (ऋ. १।१२२।१४) मा उल्लेख छ ।

कपर्द केश रचना

केश रचनाका पनि विभिन्न तरिका थिए भन्ने कुरा वैदिक साहित्यबाट अवगत हुन्छ । कपर्द (जूरी) बनाउँदा पनि आफ्ना आफ्ना तरिका गरिन्थे । वसिष्ठका कुलपुत्रहरू दाहिने ढल्काएर जुरो बाद्धथे, गौर वर्णका थिए र सेतो कपडा लगाउथे । (ऋ. ७।३२।१) मा दक्षिणतः कपर्दा भन्ने उल्लेख भएको छ ।

स्त्रीहरू पनि चार जुरा बनाउँथे या चार चुल्ठा बाट्दथे । चतुष्कपर्दा युवती सुपेशा (ऋ. १०।११४।३) भन्ने उल्लेख भएकोले चार सिउँधो बनाएर शृङ्गार गर्ने सुन्दर युवतीहरू थिए । यस्तै केश-सज्जाका अन्य तरिकाहरूमा ओपरा कुरीर, कुम्व, आदिको पनि उल्लेख छ । यो कस्तो प्रकारको केश विन्यास थियो अहिले भन्न सकिदैन । यजुर्वेद । ११।५० तथा अथर्व (६।-१३-८।३) मा उपर्युक्त केश-सज्जा, स्त्रीहरूका लागि भनिएको पाइन्छ। कुरीर शब्दलाई सायणले शिरो-भूषण भनेका छन् । उब्कटले मुकुट र महीधरले सुनको फूल अर्थ गरेका छन् । कुम्बलाई आचार्य बलदेव पछाडि बाध्ने जुरो भनेर अनुमान गर्दछन् । उपर्युक्त केश-विन्यास स्त्रीहरूको लागि भनिएको कुरा आपस्त्व श्रौत-सूत्रबाट पनि जान्न सकिन्छ ।

सवारी साधन

सवारी साधनमा रथ (बग्गी) को चलन थियो । खेल तमासा आदिमा रथ तथा घोडाको दौड गरिन्थ्यो । रथको वर्णनमा जुवा, दुई पाङ्ग्रा जोड्ने काठको धूरा, जुवाका सोइलो, गोलाई अड्याउने अरा (आरा गज भनिन्छ ।) को उल्लेख छ। बाहिरी चक्कालाई पधि भनिन्थ्यो । दुई पांग्रा माथिको भागलाई बन्धुर, भित्री भागलाई बीड, अगल बगललाई पक्ष, आदि नाम दिएको पाइन्छ । रथमा दुई अथवा चार घोडा पनि जोतिन्थे । त्यस्तै ३ घोडा र एक घोडा जोतिने रथ र एक्काको पनि चलन थियो । यस्तै,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्वरथ र वृषभ-रथ (गाडा) पनि जोतिन्थे । षडश्व पंचवाही, आदिको पनि उल्लेख पाइने हुँदा पाँच घोडे, ६ घोडे रथ पनि जोतिन्थे । अन्य सवारीमा हात्ती घोडा र गोरु पनि प्रयोग गरिन्थे । सवारीमा रथ बाहेक अनस् (गढी) मानिसले तान्ने र गोरुले तान्ने ठूलो गाडा (शकट) को पनि चलन थियो । साना गाडीलाई गोलिङ्ग, लघु-मान भनेको पाइन्छ । यही शकट शब्द (शघ्घड) वर्तमान टाँगा एक्काको निम्ति प्रयोग हुन्छ ।

जलयान

ऋग्वेद तथा यजुर्वेदमा जलयान (डुंगा) ठूलो नाउँको पनि उल्लेख पाइन्छ । सयेओटा वहनाले चलाउने नाउँको वर्णन भएकोले जहाजको पूर्वरूप ठूला नाउँबाट समुद्र यात्रा गरिन्थे भन्ने थाहा हुन्छ । वहनालई अरित्र, भनिन्थ्यो र वहना खियाउने माझीलाई अरितृ शब्द प्रयोग गरिएको छ ।

पछिल्लो कालमा त क्रीडानौका, युद्ध-पोत र व्यापारी जहाजको पनि वर्णन पाइन्छ ।

आर्थिक व्यवसाय

कृषि र पशुपालन तथा वाणिज्य ऋग्वेदकालीन समाजको मुख्य पेशा थियो । हलो, फाली, जुवा, गोरुले जोत्ने व्यवस्था, सबै विकसित रूपमा भएको पाइन्छ । खेतलाई ऊर्वर अथवा क्षेत्र भनिन्थ्यो । अप्नस्वती उब्जाऊ, भूमिलाई र आर्तन (ऋ. १। ११७।६) बाँझो जग्गालाई भन्दथे ।

आदिम साम्यवादको चर्चा गर्ने श्री अमृत-पाद डाँगे जस्ता कतिपय विद्वान्हरू वैदिक कालमा वैयक्तिक सम्पत्ति नभएको चर्चा गर्दछन् । तर ऋग्वेदको अनुशीलनबाट के थाहा पाइन्छ भने-खेत सामाजिक सम्पत्ति थिएन । यद्यपि कुलको सामूहिक प्रयत्नबाट खेती लगाउने चलनलाई नकार्न सकिदैन । तर अपालाले आफ्ना बाबुको खेत, आफ्नो शिरको समान उल्लेख गरेकी छन् । (ऋ. ८।९१।५) यसबाट सामूहिक अधिकार नभएको भन्न चांहि सकिन्छ । सामूहिक परिवार तथा गुरुकुलको अवस्था भएकोले एक कुल (वंश) को एक चक्ला खेतमा कुलका सबैमिलेर काम गर्दथे । आफ्ना वंश र गुरुकुलका छात्र द्वारा सम्पादनहुने कृषि-कर्मलाई नकार्न सकिदैन ।

खेती गर्ने तरिका मल, जल, वपनको प्रयोग आजको जस्तै थियो । हलो भने, भिन्नै प्रकारको अनुमान हुन्छ । ४, ६ देखि बाह्र र चौबीसओटासम्म गोरु लगाएर जोतिन्थ्यो भन्ने प्रमाण पाइन्छ । शायद बाँझो फोर्न यसो गरिन्थ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाली पाकेपछि दात्र (ऋ. १०। १०१।३) (हंसिया) ले वाली काटिन्थ्यो। अनाजको बिटा (वर्ष) बाँध्दथे र खल (ऋ.१०।४८।७) खलामा लगेर माड्दथे। तितउन (चाल्नाले) चाल्दथे। शूर्प (नाऊला) ले निखन्दथे। उर्द (पाथि) ले नापेर स्थिवि (भकारी) मा थन्क्याउँदथे।

आर्य-परम्परामा विचार गर्दा साधारण हेरफेर बाहेक प्राचीन तरिका र व्यवस्थामा आमूल परिवर्तन आज पनि भएको छैन।

व्यापार (वाणिज्य)

वैदिक कालमा स्थल व्यापार प्रशस्त हुन्थ्यो। गोरु ऊँट, घोडा, आदि पालतु जनावरले मालताल बोक्ने काम गर्थे। गदहा पनि रथमा जोत्ने, गाढामा जोत्ने काममा आउँथे। वस्तु व्यापार क्रय-विक्रय हुन्थ्यो। व्यापारमा मूल्य चुकाउने साधनमा गाई, गोरु, घोडा, पनि मुख्य हुन्थे। मुल्यका रूपमा मालको अदली बदली र धातुका टुक्रा आदिबाट पनि मोल चुकाइन्थ्यो। पणि नामको व्यापारीवर्गले स्थल र जलमार्ग दुवैबाट देश विदेशमा व्यापार गर्दथे। समुद्री-व्यापारमा पणि व्यापारी वर्गले प्रायशः सुन चाँदीबाट सट्टा पट्टा गर्दथे। रावी, सिन्धुका किनारमा बस्ने वासिन्दाले बुनेको ऊनी तथा सूती (मलमल) कपडा अन्यत्र बिक्रीका निम्ति पठाइन्थे। (ऋ. ५।५२।२ तथा ऋ. ६०।७५।८) का मंत्रहरूबाट रंगीन ऊनी र सूती कपडा बुन्दये भन्ने थाहा पाइन्छ। यस्तो मालको सट्टापट्टा र विक्रीको लागि त्यो वेलामा बजारहरू थिए।

वैदिक साहित्यमा हिरण्यशत-मान शब्द पाइएको छ। यसबाट सुनको तौल हुन्थ्यो भन्ने बुझिन्छ। "कृष्णल" एक वैदिक शब्दको परिमाण मनुस्मृति-अनुसार भन्ने हो भने ¾ मासा हो। यस्तै निष्क शब्दले पनि निश्चित परिमाण नै बुझाउँथ्यो। वैदिककालमा कति परिमाणको निष्क हुन्थ्यो, किटेर भन्न सकिदैन। पछिल्लो कालमा १६ देखि ३० मासाको हुन्थ्यो भन्ने प्रमाण पाइन्छ।

वैदिक साहित्यमा 'मना' शब्द पनि पाइन्छ। यो सुवर्णको सिक्कानै थियो। वैदिक मना र रोमन मीना शब्दले पनि समुद्री व्यापारको पुष्टि गर्दछ। तर यो शब्दलाई लिएर विद्वान्हरू आफ्नो आफ्नो खिचडी पकाउनेमा लागेका छन्।

ऋग्वैदिक आर्यहरू मूर्तिहरूको पूजा गर्थे अथवागर्दैनथे भन्ने विषयमा विद्वान्हरूले ठूलो विवाद चलाएका छन्। तर (ऋ. ४।२४। १० तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८।१।५) मंत्रमा देवताको मूर्ति खरीद विक्रीको कुरा उल्लेख भएकोले कुनै पक्षमा मूर्ति पूजा हुन्थ्यो, तर यज्ञको सट्टामा गौण रूपमा देव प्रतिमाको पूजन हुन्थ्यो भन्न सकिन्छ । प्रतिमा पूजा जन-साधारणमा चलेको हुनुपर्छ । विद्वान्हरू यज्ञ नै गर्दथे ।

सामुद्रिक व्यापार

केही पश्चिमी विद्वान्हरू ऋग्वेदकालीन आर्यहरूलाई समुद्रको ज्ञान थिएन, अथवा समुद्री व्यापार गर्दैनथे भन्ने तर्क दिन्छन् । तर ऋग्वेदमा सय वहनाले ख्याउने नाउको वर्णन (ऋ. ०१।११६।५।) भएकोले र साथै नाउको वर्णनमा पतत्री (पंख) को उल्लेख भएकोले पालवाला नाउहरू चलाउँथे, जुन सय वहानाले ख्याउनु पर्थ्यो भन्ने कुरा थाहा हुन्छ । समुद्री डाकुबाट रक्षा गर्ने आयुधधारी सैन्य, माल असवाफ, व्यापारी समेत ५।७ सय मानिस समेतको भारी बोक्ने जहाज थिए भन्न सकिन्छ । फेरि नाउमा चढेर समुद्र यात्रा गर्ने तुग्र-पुत्र भुज्युको समुद्री तुफानमा नाउ फसेको वेला, उद्धार भएको वर्णन गर्ने ऋग्वेदमा (१।११२।६।) तथा (६।६७।७ र १०।६२।१२) मंत्रहरू छन् । देवताहरूले भुज्युलाई डुब्नबाट बचाए भन्ने वर्णन उक्त मंत्रमा पाइन्छ । शुनःशेफले बरुणको स्तुति गर्दा आकाशमार्ग मात्रै होइन सामुद्रिक मार्गदेखि पनि वरुण परिचित छन् भनिएको छ । उपर्युक्त अनुशीलनबाट ऋग्वेदमा-जहाजद्वारा समुद्री व्यापार हुन्थ्यो भन्ने कुरा निर्विवाद सिद्ध हुन्छ । ऋग्वेदको नदी सूक्तको प्रसङ्गमा हरि-यूपिया शब्द आएको छ यसलाई कसैले नदीको नाम भनेका छन् भने कसैले स्थानको नाम स्वीकार गरेका छन् । हरियूपिया नै हडप्पा हो भन्ने डा. वासुदेव शरण अग्रवाल जस्ता विशिष्ठ अन्वेषकहरूको धारणा पाइन्छ । यो ठाउँ रावीको किनारामा भएको र ऋग्वेदकालीन भरत-शाखाका राजा सुदासको कुनै गण-यहीँ बस्तथे भन्ने वेदको अनुशीलनबाट थाहा पाइने हुँदा हडप्पा आर्यहरूकै संस्कृतिको नगरसभ्यता हुनसक्छ । यो निश्चय गर्ने साधन अझै उपलब्ध छैन । यदि यो ठीक ठहरियो भने वर्तमान इतिहासको आमूल परिवर्तन गर्नु पर्ने हुन्छ ।...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादटिप्पणी–

(१) तृष्टा मया प्रथमं यातवे सजूः सुसर्त्वा रसया श्वेत्याया ।
त्वं सिन्धो कुभया गोमतीं क्रमुं मेहत्न्वा सरथं यामिरीयसे ।।
इमं मे गंगे यमुने सरस्वती शुतुद्रि स्तोमं सचता परुष्णया ।
असिक्न्या मरुद्वृधे वितस्तयाऽआर्जीकीये श्रृणुह्या सुषोमया ।
ऋग्वेद (१०।७५।५६७–८८)

(२) वैदिक इन्डेक्स भा. २ तथा शतपथ ब्राह्मण (१३।५।४।५)

(३) तन्तु ततं संवयन्ती समीची यज्ञस्य पेशः सुदुधे पयस्वती (ऋ. २।३।६)

(४) वितन्वते धियो अस्मा अपांसि वस्त्रा पुत्राय मातरो वयन्ती
(ऋ. ५।४७।६)

(५) गुहाचरन्ती योषा । (ऋ. १।१६७।३)
अपमुत्वा विचर्षणो जनीरिवामि संवृतः प्रसोम इन्द्र सर्पतु
(ऋ. ८।१७।७)

(६) अथर्ववेद ९।६।५।

(७) अथर्ववेद ९।३।१९। ऐ ९।३।२१, ऐ ९।३।६, ऐ ९।३।२०

(८) चित्तिरा उपवर्हण चक्षुरा अभ्यञ्जन् । द्यौ भूमि कोष आसीद् यदयात् सूर्यां पतिमू । अथर्व वे. १४।१।१६।

(९) सामूमिका रुशेहिय वह्य श्रान्ता बधुरसि (अथर्व ४।२०।३)

(१०) प्रोष्ठेशया वहच्येशया नारीणां तल्पशीवरीः र स्त्रियो या पुण्यगन्धास्ता सर्व स्वापयामसि । (ऋ. ७।५५।८।)

(११) (कृष्णा सारो मृगो यत्र ब्रह्मदेश स उच्यते ।।
कृष्ण सारस्तु चरति मृगोयत्र स्वभावतः
स ज्ञेयो यज्ञियो देशी म्लेच्छ देशस्त्वतः परः ।। मनुस्मृति अ २।२३ श्लो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेस्रो अध्याय

ऋग्वेदका मंत्रहरूमा उल्लिखित प्रसिद्ध जातिहरू

दास, दस्यु र पणि ।

विद्वान्हरूले खोजीगरी भनेका छन् कि भारतवर्षमा पाइने कृष्ण-वर्ण जाति प्राचीन नेगृतो जाति र अस्त्रोलाइड् जातिको सन्तान हो । नेगृतो जाति पाषाण युगीन सभ्यतासम्म बढ्न सकेको थियो ।[१] अब यसको मूलरूप समाप्त भैइसकेको छ। यो जातिभन्दा पछाडि भारतवर्षको पश्चिमा घाटीबाट मूल आस्त्रोलाइड् जातिले प्रवेश गऱ्यो र नेगृतो जातिसँग मिसिएर एकाकार पनि भयो । यो जातिले सभ्यताको बिकासमा महत्त्वपूर्ण योगदान गरेको थियो भन्ने भाषाशास्त्री विद्वान्हरूको कथन छ ।[२] यस जातिले वीससम्म (कोरी) गन्ती गर्ने, सखर बनाउने, तरकारी उब्जाउने र कपडाबुन्ने काम जानेको थियो । यिनीहरू ठूला शिलाले घेरा बनाएर मृतक पितृहरूलाई समाधिदिने गर्दथे भन्ने कुरा पनि विद्वान्हरूले पत्ता लगाएका छन् । यही मूल अष्ट्रियन (आस्त्रोलाइड्) र निगृतो जातिको सम्मिश्रणले कोल, मुण्ड, प्रजातिको उत्पति भएको कुरामा मजुमदार विश्वास गर्दछन् । यसको वर्ण कालो पाषाण-युगीन सभ्यताभन्दा त्यति अघि नबढेको र आदिम युगको संघर्षशील जाति हुँदा लडाइँ भिडाइँ पनि अवश्य गर्थे । लुटपाट, चोरी, हिंसा, आदि गर्नु प्राचीन जातिको वाध्यता र स्वाभाविक गुण हुँदा यही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जातिलाई ऋग्वैदिक आर्यहरूले दास, दस्यु, संज्ञा दिएको अनुमान गर्न सकिन्छ। आर्यहरूभन्दा उत्तर आसपास कै पर्वतशृङ्खलामा लौह पाषाण-मय दुर्ग (गढ) बनाएर बस्ने दास जातिको वर्णन, तथा चालीस वर्षको लामो समयसम्म निरन्तर जस्तो आर्य र दासका बीच संघर्ष भइरहेको कुरा ऋग्वेदमा वर्णित छ।[३]

दास जातिलाई कृष्ण वर्ण, कृष्ण योनि, (कालो वर्णभएका काला सन्तान) भनेर वर्णन गरिएकोले दास जातिको समूह कालो रूपरङ्गको थियो भन्ने थाहा पाइन्छ। यो कृष्णयोनि लेखिएको वर्णन पढेर पश्चिमा कतिपय विद्वान्हरूले आर्यको र द्रविड जातिको बीच भएको संघर्ष हो भनेका छन् भने, राहुल सांस्कृत्यायनले आफ्नो ऋग्वैदिक–आर्य भन्ने पुस्तकमा दास जाति-लाई किराँत हुनुपर्छ भनेर लेखेका छन्। द्रविड जाति, दक्षिण भारतको ठूलो भूभागमा फैलिएको आदिम जाति हो। यो जाति भएको दक्षिणभारत-को भूभाग पनि भूगर्भ शास्त्रीहरूको अन्वेषणबाट ज्यादै पुरानो धर्ती हो। उत्तर भारतत्योभन्दा नयाँ हो भनेर मानेका छन्। यसकारण द्रविड जातिको उत्पत्ति, विकास र विस्तार जे जति भयो, दक्षिणमा नै भयो। भूमध्य सागरको तटवर्ती इलाकाबाट फिजिएको भए पनि ठूलो समूह दक्षिणबाटै समुद्र तरेर पसेको हुनु पर्छ। आर्यहरूभन्दा कम संख्या द्रविडको कल्पना गर्नसकिदैन र उत्तरभारतमा यो जाति पहिले बसिसकेको भए सम्पूर्ण रूपमा लखेटिएर दक्षिणमा जाने कल्पना पनि गर्न सकिदैन। अन्यथा यसको अवशेष जाति उत्तरभारतमा ठाउँ ठाउँमा थुप्रै पाइनुपर्दथ्यो। उत्तरभारतमा कोल, मुण्ड, निषाद र अन्य आर्येतर जाति प्रशस्तै पाइने र विभिन्न अन्य जातिको सम्मिश्रणले विभिन्न उपजाति प्रजातिको वंश विस्तार भएको छ। द्रविड जातिको सम्मिश्रणले प्रजातिको जन्म भएको छ भने दक्षिणभारतमा नै भएको छ। यसकारण उत्तरभारतमा द्रविड जातिको व्यापक अस्तित्व भनेर ठोस प्रमाण विना मान्न सकिदैन। त्यस्तै ऋग्वेदकालमा किराँतलाई इङ्गित गर्ने कुनै शब्द पाइदैन र यजुर्वेदमा मात्र किलांत शब्द आएको छ त्यो पनि असुर पुरोहितको रूपमा। यजुर्वेद ऋग्वेदभन्दा पछिल्लो कालको-रचना हो। यजुर्वेद र ब्राह्मण ग्रन्थहरूको संकलन र प्रवचन हुँदा आर्यहरू अङ्ग, बङ्ग, कलिङ्ग आदि देशको कुना कुना छान्न पुगिसकेका थिए। कुरु पंचालमा आर्य ऋषिहरूको विशाल जमघट भइसकेको थियो र यजुर्वेद पनि कुरु पंचालकै मंत्र–दर्शन या रचना हो भन्ने कुरा यजुर्वेद कै परिशी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लनबाट थाहा पाइन्छ । यसकारण पनि ऋग्वेदकालीन आर्यहरूसँग संघर्ष गर्ने दास जाति, न किराँत हो न द्रविड हो भन्ने सिद्ध हुन्छ ।

सिन्धुघाटीको उत्खननबाट प्राप्त सामाग्रीको आधारमा मार्शल आदि विद्वान्ले यो सभ्यताको विकास गर्ने जाति लिङ्गपूजक थियो भनेका छन् । यसै कुरालाई लिएर कतिपय पश्चिमी विद्वान् यो द्रविड सभ्यता हो भन्दछन् भने राहुलजी पणिहरूको सभ्यता हो र पणि द्रविड हुन् भनेर लेख्दछन्। पणिको प्रसंगमा पणिलाई अधार्मिक, लोभी सूदखोर दस्यु (लुटेरा) भनेर निन्दा गरेको पाइन्छ तर कृष्णयोनि भनेको पाइन्न । त्यस्तै पिप्रुपणिको दान-स्तुति गर्ने ऋग्वेदका ऋषि भरद्वाज उसको (ऋ० ०६।३१–३३) प्रशंसा गरेर थाक्दैनन् । यसकारण, पणि पनि द्रविड होइनन् भन्न सकिन्छ । द्रविड जाति व्यापार पनि गर्थे । व्यापारको सिलसिलामा उत्तरभारत, सिन्धु-घाटी र अन्य सिन्धु प्रदेशमा फैलिएर व्यापार गर्दा, यस क्षेत्रमा कोठी (एजेन्सी) पनि खोले होलान् र केही समूह बस्ने पनि गरेहोलान् । जुन कारणबाट ब्राहुई, भाषामा द्रविड शब्द पाउन सकिने भयो र नृतत्त्वशास्त्री-हरूले सिन्धुघाटी सभ्यताको उत्खननमा द्रविडको पनि केही अस्थिकंकाल फेला पारे त्यहाँ मंगोल कङ्काल पनि फेला परेको थियो । यतिकैमा त्यो सभ्यताबारे जातिको निश्चिति हुँदैन । आर्यहरू शव–दाह गर्ने हुँदा उनीहरूको सभ्यताको खोजी गर्न यी उपाय काम लाग्दैनन् । सिन्धुसभ्यता वास्तबमा कसको सभ्यता हो, भन्ने कुरा उत्खननबाट प्राप्त भएका अभिलेख पढ्न नसकुन्जेल निश्चय गरेर भन्न सकिदैन ।

अब प्रश्न उठ्छ, दास जातिको थिएन भन्ने । दास जाति कृष्ण-त्वक्–बहुल थिए भन्ने कुरा ऋग्वेदबाटै थाहा पाइने र यो दासजाति भनेर गणना गरिने जातिका सर्दार वा केही वर्ग चाहिं आर्यहरूसँग पनि रूपरङ्ग मिल्ने थिए भन्ने कुरा पनि ऋग्वेदकै अनुशीलनबाट पत्ता पाइन्छ ।

वेदका निर्वचनकार, यास्काचार्य भन्दछन्,- दासो दस्यते रूपदास-यति कर्माणि (निरुक्त ७।२३) अर्थात् नोक्सान पुऱ्याउछ कृषि आदि कार्यमा जसले, भन्ने र दस्यते क्षयार्थात् उपदस्यन्ति, अस्मिन् रसा, उपदासयति कर्माणि वा यस्तो निर्वचन गरेर, जसले रस (फल) को नोक्सान गर्छ, कृषि कर्मलाई हानि पुऱ्याउँछ, त्योनै दस्यु हो भन्ने अर्थ गरेका छन् । यस विग्रहबाट के थाहा पाइन्छ भने, दास अथवा दस्यु खेतीको अन्न चोर्ने, लुट्ने, गाई हरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने आदि खराब आचरण भएकालाई भनिन्थ्यो । आज पनि दस्यु शब्द लुटेरा अर्थमा नै प्रयोग भएको पाइन्छ । खराब आचरण भएका कूटकाम गर्ने व्यक्तिलाई काल मुखे, कालोपेट भएको भनिन्छ र खराब कामलाई पनि कालो धन्दा, कालो–धन, कालोकाम, आदि आदि संज्ञा दिइने परंपरा आज पनि विद्यमान् छ ।

ऋग्वेदमा पञ्चमानुषा, पञ्चजनाः भनेर उल्लेख गरिएका (ऋ० ३।३७।९) तथा (८।९।२) अनु, दुह्यु, युद्ध, तुवर्श, पुरु जानपद मध्येका यदु र तुवर्श जनपदका जातिलाई वैदिक धर्ममा अनास्था देखाएको र खराब आचरण गरेको कारणबाट दास शब्दको व्यवहार भएको (ऋ०१०।६२,१०) पाइन्छ । यस्तै यज्ञ नगर्नेलाई दास शब्द व्यवहृत भएको (ऋ. ५।३४।६) देखिन्छ । यसकारण, दास दस्यु, जाति–विशेष होइन ।

ऋग्वेदको (१०।८६।१९) मंत्रमा दास र आर्य छुट्याउन मात्रै आउन इन्द्रलाई आव्हान गरिएकोले आर्य र दासको केही वर्गको रूप, रङ्ग, बसाई, लवाइ, कद, वर्णमा पनि विशेष फरक थिएन भन्ने थाहा हुन्छ ।[४]

यस्तै दास सर्दार गढपतिहरू शम्बर, शुष्ण, वेतसु, तुग्र, चुमुरि, अर्बुद, धुनि आदि नाउँहरू पनि भाषाको दृष्टिले न द्रविड हो भन्न मिल्छ न किराँत भाषाकै यी शब्दहरू हुन् भन्न सकिन्छ । भाषाशास्त्रीय आधारबाट पनि भन्ने हो भने यी संज्ञा वाचक शब्दहरू आर्य-भाषाभन्दा टाढा छैनन् । वीर, लडाकू, ठूला ठूला दुर्गमा बस्ने, यातु–धान (मायावी छल गर्ने, जादू टुंना जान्ने) भनिएकोले पनि पुराण तथा इतिहासमा वर्णित राक्षस, दानव, असुर, भनेर नाम रहेका भौतिक विकासमा अभिरुचि राख्ने शूरा, वलिया, आर्यमूलकै जातिलाई भनिएको अनुमान गर्न सकिन्छ । दास दस्यु भनिएका आर्यमूलकै असुर जातिहरू आदिवासी आष्ट्रियन जातिलाई विजय गरेर त्यस क्षेत्र भित्र अघि देखि वसोवास गर्थे । आष्ट्रियन जातिसँग विहाबारीगरी नाता जोडेपछि जन्मेका सन्तानहरू ध्वाँसे, ताम्रवर्णी र काला हुन सक्छन् । अथवा असुरका सेना, तथा प्रजा कोल, मुण्ड जाति भएकोले बहुसंख्यकको रूपरङ्ग–लाई हेरेर कृष्णयोनि कृष्णत्वक् भने । वास्तबमा कोल-मुण्ड जातिलाई प्रजा बनाएर बस्ने शम्बर, धुनि, आदि गणपतिहरू कश्यप ऋषिकै सन्तान असुर, दानवहरू थिए । प्राचीन निगृतो र आस्त्रोलाइड्को समागम पछिको जातिसँग नाता जोडी कोल, मुण्ड, शवर, धीवर, आदि वर्ण–संकरप्रजातिको जन्मदिने यही आर्यमूलका असुर जाति हुन् । शुद्ध असुर जातिसँग देव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जातिको पनि विहावारी चल्दथ्यो। रक्त-शुद्धिमा त्यति ध्यान नदिने असुर जातिका सन्तान काला ध्वांसे र ताम्रवर्णी थिए। पौराणिक साहित्यमा पनि लालवर्ण राता मश्रु भएका वा कृष्णवर्ण कै उल्लेख छ।

अर्को कुरा ऋग्वेदको समकालीन र भाषाको दृष्टिले पनि ज्यादा फरक नपाइने इरानी वेद "जेन्दावेस्ताको" अनुशील गर्नेहरूको व्याख्या-बाट के थाहा पाइन्छ भने,– जेन्दावेस्ताका कतिपय मंत्रमा आफ्नो पैतृक भूमि छाड्नु परेकोमा दुःख मानेर आर्यहरूलाई गालिगरेकाछन्। आफ्नो देश, थातवासबाट धपाउने आर्यहरूको धर्म संस्कृतिलाई नै निन्दा गरेको र इन्द्रलाई दुष्टको रूपमा गाली गरेको कुरा अवेस्तामा पढ्न पाइन्छ भने, ऋग्वेदका आर्यऋषिहरू, शम्वर आदि दासवर्गलाई परास्त गरेर उनीहरूको ९९ गढ ध्वस्त पार्ने श्रेय इन्द्रलाई दिन्छन्। वीर शम्वर, धुनि, पिप्रु, आदि असुर सर्दार मारिएर गढ (निवास-स्थान) ध्वस्त भएपछि उनीहरूका बचेखुचेका सन्तानहरू भागेर फारस पसे। धेरै मारिए, कोही पाहाडको उच्च शिखर-तिर लागे र गुफावासी बने। धेरै पक्रिएका बाल–वनिता बूढाहरू आर्यका दास बन्न बाध्य भए। यो ठूलो मार र नर–संहारलाई मातृ–भूमिवाट निर्वासित भएका असुर सन्तति, तथा उनीहरूका ऋषि पुरोहितवर्गले विर्सन सकेनन् र त्यो कुरानै जेन्दावेस्ताका ऋचाहरूमा पछि संकलित भएका छन् भन्ने पनि अनुसन्धाताहरूको भनाइ छ।

अर्को ऐतिहासिक तथ्य के हो भने – सप्त सिन्धुकै पश्चिम–दक्षिण-को पहाडी प्रदेशमा पनि एक वलिष्ठ असुरजाति बस्तथ्यो। जो आर्यमूलकै हो। यो जाति दुर्दान्त लडाका थियो र यसले सुमेर, वेविलोन, मेसोपोटामिया आदि प्राग् ऐतिहासिक सभ्यताको देश जितेर ठूलो वैभव युक्त साम्राज्य खडा गऱ्यो। जसको आदि निवास स्थानलाई इतिहास–विद्हरू अशिरिया"एलाम" भन्दछन्। ईसापूर्व ३००० वर्ष तिरको असुर राजा तथा राजवंशको वंशावली पनि उत्खननमा पाइएको छ। विद्वान्हरू यो वंश या जातिलाई सामी (सेमाइट) जातिको संज्ञा दिन्छन्। कला शब्दको विश्लेण गर्दै प्रसिद्ध इतिहासकार भगवत शरण उपाध्याय आफ्नो निवन्धमा भन्छन् – कला नगर (इसापूर्व चौधौं शदी) का असुर–नरेश शाल मनेसरले वसाएका हुन् यो वर्तमान इराकको दजला नदी र उत्तरी जोब नदीको संगमना पर्दछ। त्यो ठाउँलाई आजकल,कलख भनिन्छ। यिनै असुर नरेशहरू संगभएको युद्ध घटना पौराणिक कथामा वर्णित छ। बाबुल, सुमेर, उत्तर, आदि गरिएका प्राचीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगर नै पुराणमा भनिएको पाताल-देश हो भन्ने पनि विद्वान्हरूको उक्ति छ ।

पुराणमा वर्णित 'देवासुर संग्राम' जो नर्मदा-नदीको किनारमा भएको उल्लेख छ, त्यो अरब-समुद्र तरेर आउने असिरियन जायिसँग नै भएको मान्न युक्तिसंगत हुन्छ । पौराणिक राजाहरू र असुर, दानव, दैत्यहरू-सँग भएको युद्ध वर्णन पनि यसै उपमहादेश भित्रकै घटनाको रूपमा छन् । अतः आर्य जनसँगसगै उनीहरूको अस्तित्व पनि यहाँ थियो ।

यी उपर्युक्त तथ्यको विवेचना गर्दा के निष्कर्षमा पुगिन्छ भने, सिन्धुको पूर्व-दक्षिण भागमा आर्यहरू बस्तथे भने, सिन्धु पश्चिम दक्षिण र उत्तरी घाटीहरूमा असुर जाति बस्तथे । प्रजा र सहायकका रूपमा अष्ट्रियन (आस्त्रोलाइड) जातिका वर्ण-संकरकोल,मुण्ड,जाति थीए। असुर जाति बलवान् त छँदै थियो साथै त्यसले भौतिक उन्नति पनि प्रशस्त गरेको थियो । यिनीहरू लौहमय दुर्ग बनाएर बस्तथे । जुन जातिलाई परास्त गर्न चालीस वर्षको सङ्घर्ष गर्नुपर्‍यो । असुर विजयले राजा सुदासको कीर्ति पताका फैलियो । तीन पुस्ताको सङ्घर्ष टुंगिएकोले उनको अभिमान पनि बढायो । सुदासको घमण्ड तोड्न दश जनपदका मुख्य गण र अन्य जानपदका जाति समेत मिलेर सुदासमाथि संयुक्त रूपमा आक्रमण गरे । यसमा पनि सुदासकै विजय भएकोले साम्राज्य र सम्राट् पदवीको श्रीगणेश भयो । यो दशराजासँग भएको युद्ध महाभारतको पूर्वज थियो भन्ने इतिहासविद्को कथन छ ।

यो युद्धको ठूलो उपलब्धि के भयो भने,- विजित जानपदका राजा र जनतालाई सप्तसिन्धु छाडेर जान अन्यत्रजान वाध्य तुल्याउनु नै हो । कुरू-पंचालमा अवाद भएका क्रिवि, शिव, आदि गणजाति पनि पराजित भएका हुँदा गंगा र यमुनाको अन्तर्वेदीसम्म सुदासको एकछत्र प्रभुत्व मानियो । ऋग्वैदिक आर्यहरू गंगा पनि तरेर पारिपट्टिका जनराज्यमा दृष्टि दिन थाले । पश्चिमी क्षेत्रबाट विस्तार विस्तार आर्यजनहरू गंगा यमुनाको उर्वर उपत्यकामा वसैं सरे । सर्वत्र विजयलाभ गरेकोमा देवताको ठूलो कृपा ठानि-यो र धूमधामसँग देवता खुशी गराउने यज्ञहरू हुन थाले । तथा विधि-विधानको कर्मकाण्डी विशेषता पनि बढ्यो । चिन्तन प्रक्रियामा पनि फरक आउन थाल्यो । महान् नरसंहारको भीषणताले रोमाञ्चित भएका आर्य ऋषि-मुनिहरू व्यापक ब्रह्मसृष्टिको अनुभव गरेर अहिंसावादी विचारतिर शोच्न थाले । यजुर्वेदका विशेष मंत्रहरूको निर्माण र अथर्व-संहिताको सङ्कलन एवं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान्यताका साथै ब्राह्मण ग्रन्थहरू पनि कुरूपंचालकै देन हो भन्ने बुझ्न सकिन्छ। उपनिषद् पनि दाश राज्ञयुद्धकै प्रतिक्रियाबाट जन्मन शुरू भयो भन्न सकिन्छ र स्वतन्त्र चिन्तन गर्नेलाई अब कुनै कुराको अभाव पनि थिएन।

ऋग्वेदकालीन समाजको विश्लेषण गर्दा शम्वर आदि असुरलाई पराजय नगरेसम्म राज्य स्वावलम्बी जनपद थियो। राजा पनि मंत्रद्रष्टा ऋषि थिए भने ऋषिकुल पनि युद्धमा भाग लिन्थे। विश्वामित्रको कुशिल-कुल, तथा बसिष्ठको कुलले लडाइमा भाग लिएको उल्लेख ऋग्वेदमा पाइन्छ यस्तै कण्ववंशी, भृगुवंशी, ऋषिहरू पनि अन्यजनपदवासी सरहनै युद्धमा भाग लिन्थे। युद्धसंबन्धी, प्रविधि अस्त्र-शस्त्र चलाउने विद्या पनि ऋषिहरूले नै सिकाउँथे र पठाउँथे। अन्य विश् (समाज) पनि खेतीपाती, वाणिज्य व्यवसाय, शिल्पकला, पशुपालनको साथै युद्धमा पनि भाग लिन्थे भन्ने कुरा ऋग्वेदबाट थाहा पाइन्छ। दासहरूको पराजय पछि एउटा समस्या खडा भयो। जीवनदान माग्ने बूढा, स्त्री र बालकहरूलाई मार्नु उचित थिएन। युद्धमा हजारौं संख्यामा दास-सेना मारिएको वर्णन (ऋ. ३।३१।२१) छ। युद्धमा दास-सेना मात्रै मरेनन् त्यति नै संख्यामा आर्य युवकहरूको पनि बलिदान भयो होला। यसले गर्दा खेतीपातीगर्न, शिल्प-व्यवसाय र पशुपालन गर्न पनि आवश्यक मानिसको कमी भयो। यसकारण, युद्धबन्दीहरूलाई संहार गर्नु-भन्दा दासबनाएर काममा लाउनु उपयुक्त ठानियो। लौहमय गढ बनाएर बस्ने दास (असुर) जातिले अवश्य नै शिल्पकलामा दक्षता पाएको हुनु पर्छ। यस्ता व्यवसायीलाई संहार गर्नुभन्दा काममा लगाएर नयाँ नयाँ उत्पादन गर्नु, गराउनु, समाजका लागि हितकार थियो। यसकारण, युद्धमा पक्रिएका काला, गोरा, ताम्रवर्णे, सबै खालका मानिसहरू दास बनाइए। यो प्रथा निकै उपयोगी सावित भयो होला। आर्यहरूको सामाजिक जीवन भित्र दास वर्गको नयाँ उदयले क्रान्ति ल्याइदियो होला।

दाशराज्ञ युद्धमा स्वामी भक्ति देखाएर कतिपय दासले युद्धमा पनि भाग लिएहोलान्। यसरी समाजको अभिन्न अङ्गको रूपमा दासजाति घुलमिल भए पछिनै ऋग्वेदको दशौंमण्डलको मंत्र-रचना भएको बुझिन्छ। शुद्रवर्णको मान्यता पछिल्लो कालको हो। शुरुमा वर्ण विभाजन थिएन। दास विजयपछि विशाल साम्राज्य खडा भइसकेको थियो। अब वेदविद्या पढ्ने, पढा-उने, यज्ञगर्ने गराउने, अर्तीउपदेश दिएर राज्यसञ्चालन कार्यमा सहयोग पुऱ्याउने वर्ग ब्राह्मण कहलाउन लागे। ठूलो राज्यको व्यवस्था र सुरक्षा गर्नुपर्दा युद्धको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निम्ति सँधै तयार रहने वर्ग नै राजन्यवर्ग (क्षेत्रिय) कहिए। व्यापार, उद्योग, पशुपालन, शिल्पकलामा निरन्तर संलग्न रहने वर्ग विश (प्रजा) कहलायो र सबै वर्गको सेवा सुश्रुषा गरेर काममा सहयोग पुऱ्याउने वर्ग दास (शूद्र) कहलाए। यसवेला, कामको विभाजनअनुसार मात्र वर्ग छुट्याइएको हो ; खान, पान र अन्य कुरामा भेद थिएन भन्ने थाहा पाइन्छ। सृष्टिरूप विश्व–ब्रह्मका यी चारै वर्ग (वर्ण) अङ्ग भएको कुरा (ऋ. १०।९०।१२) दशौं मण्डलको मंत्रबाट थाहा पाइन्छ।[५] वैदिक राजा दिवोदास, सुदासको, चालीस वर्षको सङ्घर्षबाट ९९ पुर विध्वंस भएको र लाखौं दाससेना मारिएको कथा ऋग्वेदको मंत्र (३।२०।७ तथा १।१३०।८ एवं ३।३१।२१।र २।२०।७)मा पाइन्छ। यस युद्धबाट ज्यान जोगाएर भागेका असुरवंशीहरू पश्चिम लागे भन्ने उल्लेख गरियो। किन कि यो वंशको विशाल जाति पश्चिम तिर नै बस्तथ्यो। उनीहरूका प्रजा र सैन्यगण कोल–मुण्डनिषाद, भिल्ल आदि भागेर कोही पूर्वतिर वर्तमान गढवाल, कुमाउँ तिर पसे, कोही दक्षिण-पूर्व छिचोलेर उत्तर प्रदेशका जङ्गलतिर लुक्न पुगेको अनुमान हुन्छ। जुन जातिका सन्तानहरू जन–जातिका रूपमा आज पनि भारतभरि छरिएका छन्। संथाल जाति यसै आष्ट्रियन जातिको वंशज हो भनेर भनिएको छ।

यो हज्जारौं वर्षको अन्तरालमा ऋग्वैदिक दासहरूको सिङ्गो इतिहास खोज्नु मूर्खता नै हुन्छ। दास जीवनबाट कतिमाथि उठेहुनन् र कति पिसिएर समाप्त भए हुनन्। तर यो ऋग्वैदिक युद्धको अनुदान नै आर्यहरूमा दास प्रथाको जन्म हो भन्न सकिन्छ। युद्धमा विजित व्यक्तिहरू इतिहासको लामो अन्तरालमा यसरी नै दास जीवन विताउन बाध्य भएको पाइन्छ र यो मध्यकालको इतिहाससम्म नै जीवन्त - प्रथा हो।

ऋग्वेदको परिशीलबाट दास अथवा दस्यु कुनै जाति विशेष हो भन्ने कुरा सिद्धहुँदैन। काला, गोरा, पहेंला, सबै यस वर्गमा आउन सक्तथे। दास भनेका द्रविड वा किराँत हुन् भन्ने तर्क सरासर गलत छ। आर्य-अनार्यबीच युद्धको विभेदलाई आर्य र द्रविडबीच भएको देखाउने कूटनीतिक चाल थियो भन्नै कुनै भारतीय विद्वान्को बिचार थियो त्यसलाई अझ धोई पखालीगर्न राहुलजीले किराँतलाई खडा गरे। किराँतहरूको ऋग्वेदकालमा सिन्धु प्रदेशमा न अस्तित्व थियो न यो जाति सिन्धु त्यसवेला पूर्वतिरबाट बढ्दै गंगातरेको नै थियो।[६] आर्यहरूले किराँतलाई न दास, दस्यु भनेका छन् न उनीहरूसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीषण संग्राम भएको वर्णन नै पाइन्छ। यो किराँत जाति सधैं अन्य जाति-सँग मिलेर नै बसेको पाइन्छ।

यजुर्वेदमा भारतका पूर्वी समुद्रसम्मको परिचय पाइन्छ। ऋग्वेदका-आर्यहरू कुरूपंचालनमा फरेर पूर्व वङ्ग, कलिङ्गसम्म पुग्दा करीब एकहजार वर्षको अन्तराल हुनुपर्छ। पूर्वी समुद्रको परिचय पाए पछि नै किराँत जाति-सँग आर्यहरूको परिचय भएको निश्चित छ। जुन कुरा प्राचीन पुराण तथा इतिहासले पनि प्रमाणित गर्दछन्। किराँत जातिको विषयमा अन्य विस्तृत चर्चा नेपालका जाति विषयक विवेचना गर्दा छुट्टै गरिने छ।

पणि

ऋग्वेदमा पणिको विषयमा धेरै उल्लेख पाइन्छ। पणि र सरमाको सम्वादमा पूरा सूक्त नै छ। पणिहरू धनी थिए, व्यापारी थिए। समुद्र पारको व्यापार पनि गर्दथे। पणि जातिसँग आर्यहरूको सङ्घर्ष भएको उल्लेख पाइदैन। व्यापारीको सबैलाई आवश्यक पर्दछ। देश विदेशका अमूल्य चीजवीज पणिद्वारानै आर्यहरूले प्राप्त गर्थे। सुनका गहना, मणि-माला, सामुद्रिक मोतीका हार, जो आर्यहरूको गहना थियो, त्यो प्राप्त गर्ने माध्यम पणिहरू नै थिए। व्यापारी, व्यापार कुशल हुनाले विनम्र, मिलन-सार र सबैलाई मान भाउ राखेर आफ्नो काम निकाल्ने हुनाले कसैसँग झगडा मोल्दैनथे। मिहिनेतले कमाइ गर्ने भएकोले लोभ गर्थे। यज्ञ–यागादि गरेर धन फुक्नु, दान दिने बानी थिएन। यसैकारण आर्यहरू चिढिएका थिए, लोभी, अधार्मिक, सूदखोर भन्ने संज्ञादिएको पाइन्छ। कसैले दान दियो भने, प्रशंसाको स्तुति पनि गरिहाल्दथे।

पणिलाई द्रविड मानेर सिन्धुघाटी सभ्यताका जनक यिनै पणि हुन् भन्ने राहुल सांस्कृत्यायनको तर्क छ। किन्तु पणि द्रविड होइनन् भन्ने कुरा माथि पनि उल्लेख गरिएको छ। पणिलाई अरू किसिमको भर्त्सना गरे पनि कृष्ण–योनि वा कृष्णत्वक भनेको पाइदैन। काला भए निन्दा गर्दा अवश्यनै त्यो शब्द प्रयोग गर्दथे।

अब प्रश्न उठ्छ पणि को थिए त भन्ने। पणि धनी व्यापारी थिए, सभ्य थिए, उद्यमी थिए भन्ने कुरामा शङ्का छैन। यस जातिको बारेमा गवेषणा गर्दा पणिहरू असुर जातिकै एक शाखा थिए भन्न सकिन्छ।

सिन्धुघाटी सभ्यताको विकास गर्ने पणिहरूनै हुन् भनेर किट्न सक्ने आधार भने पाइदैन। वेबिलोन, सुमेर, उर, क्रीट, आदि देशमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सभ्यताको विकास भएको बेलातिर अथवा अझ त्योभन्दा पनि पुरानो सिन्धु-घाटी-सभ्यता हो भन्ने कतिपय विद्वान्हरूको धारणा छ । साथै तिनै विद्वान्-हरू वैदिक सभ्यता सिन्धुघाटी पछिको हो भन्दछन् । यसकारण बौद्धिक कालका पणिद्वारा विकसित सभ्यताबारे केही उल्लेख पाइनु पर्थ्यो त्यो पाइदैन र समुद्री-व्यापारमा कुशल पणिहरू मिश्र, सुमेर, बेविलोनको सभ्यता देखेका, जानेका, अनुभव गरेका आधारमा आफ्नो जन्म भूमिलाई अझ सुन्दर र प्रशंसनीय बनाउन भने नसक्ने थिएनन् । त्यो बेलाको विकसित र अर्धविक-सित विश्वमा एकछत्रव्यापार गर्ने पणि जाति भएकोले अन्य प्रमाणित आधार नपाएसम्म यिनैलाई सिन्धुघाटी सभ्यताको निर्माता मान्न सकिन्छ । पणिहरू यज्ञमा विश्वास गर्दैनथे । यसको कारण, भूर्तिपूजक भएको नै हुनु पर्छ । यसो भएमा सिन्धुसभ्यतासँग मेल खान्छ ।

पणिहरू व्यापारको साथै मौका परे चोरी लूटपाट पनि गर्दथे भन्ने कुरा चाहिँ पणि र इन्दकी दूती सरमाको सम्वादबाट जान्न सकिन्छ । (ऋ० १०।) डा० अविनाश चन्द्रले पणिबारे निकै छानबीन गरेर एउटा निष्कर्ष निकालेका छन् । उनी भन्दछन्-आर्यहरूको दबदबा बढेपछि धेरै तिरष्कृत भएर उनीहरूले सप्तसिन्धुको प्रदेश छोडे । समुद्रको किनारै किनार जहाजद्वारा उनीहरू गुजराँत पुगे । अनि दक्षिणमा मालाबारसम्म पुगे र फेरि जहाजद्वारा बेविलोन पुगे । यिनीहरू व्यापारीका रूपमा केही समय सिरीयामा बसेर फिनिशियन कहलाए । यी फिनिसियनहरू नाउ र जहाजद्वारा यूरोपसम्म पुगेर व्यापार गर्ने पहिला नाविक र व्यापारी तथा ठूला पुरूषार्थी एवं व्यापारका लागि उपनिवेश खडा गर्ने मानिन्छन् । यूरोपको लिपि यिनी-हरूकै देन हो भनिन्छ । उपर्युक्त कुरालाई देखाएर अविनाश पणि नै फनि-शियन वा फिनीशियन हुन् भन्छन् । यो कुरालाई कल्पनाको उडान भनेर कतिपय विद्वान्हरू भन्छन् तापनि यूनानका इतिहासकार हिरोडोटसको कथन, विचारणीय छ । उनी भन्छन्-"फनिशियनहरू यहाँका मूल निवासी होइनन्, इरिथ्रीयन समुद्र-किनारमा बस्ने जाति हुन् । यिनीहरूले सिरिया नाघेर भूमध्य-सागरको किनारामा बस्ती बसाए ।" इरिथ्रियन समुद्र भनेको अरब समुद्र हो र पणि र फिनिशियनमा नाम साम्य पनि पाइन्छ । साथै यिनीहरूको आजीविका,आचरण तथा धर्ममा पनि आश्चर्यजनिक समता पाइन्छ भन्दछन् । फिनिशियनको सम्बन्धमा उपर्युक्त कथन असंभव भन्न सकिदैन । व्यापारी धनी वर्गको वास्तवमा भन्ने हो भने आफ्नो देशजन्मभूमी भन्ने हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धनी र व्यापारी जहाँ कमाउन पायो, सुविस्ता साथ बस्न पायो त्यसैलाई देश मान्दछन् ।

यस प्रसंगमा पश्चिमेशियासँगको व्यापारिक सम्बन्धमा चर्चा गर्नु असङ्गतनहोला । पछिको ऐतिहासिककालमा पश्चिमसँगको व्यापारिक सम्बन्धमा शंका गर्ने ठाउँ छैन । डा०सेरा जो सिरियाको विषयमा ज्वलन्त प्रमाण मानिन्छन् । उनी भन्दछन्– उर, नगरको उत्खननमा जो तीन हजार वर्ष ईशापूर्व उरगस राजाले बसाएको सहर भनिन्छ, त्याहाँ चीडको काट फेला परेको छ । चीड दक्षिणभारतको मालावार प्रान्तमा मात्रै पाइन्छ । यस्तै यहुदीहरूका राजा सुलेमान (१००० इंसापूर्व)को जहाजले भारतबाट चन्दन, हात्तिका दाँत, मयूर, बाँदर, आदि ल्याउँथे भन्ने उल्लेख पाइन्छ । यहुदी भाषाको मयूरलाई कहने शब्द टुकियिम र प्राचीन द्रविड भाषाको मुजूरलाई भनिने शब्द, टोककईमा पनि समानता पाइन्छ । यसकारण, परापूर्वकालमा दक्षिणभारतको पश्चिमैशियाका देशहरूसँग व्यापार हुन्थ्यो भन्ने कुरा निश्चित छ ।

ऋग्वेदका मंत्रमा उल्लेख भएको नाउँको दुर्घटना र बेबिलोनको भाषामा मलमललाई भनिने शब्द "सिन्धु" नै सामुद्रिक व्यापारको प्रमाण हो । यो व्यापार थलमार्गबाट इरान हुँदै भएको भए सिन्धुको सट्टा हिन्दु हुने थियो किनकि इरानीहरू सको ठाउँमा " ह " उच्चारण गर्दछन् । यस्तै ऋग्वेद (८।७८।२) मा सिक्काको अर्थमा मना शब्द आएको छ । युनानी भाषा र ल्याटिन भाषामा पनि मना त्यही अर्थमा प्रयोग हुन्छ ।

उपर्युक्त विवेचनाबाट पणि नै फिनिशियन् हुन् भन्ने र पणि द्राविड होइनन् भन्ने कुरा सिद्ध हुन्छ । द्रविडहरू दक्षिणभारतकै आदिवासी हुन् र समुद्री मार्गबाट पश्चिमएशियामा प्राचीन कालदेखिनै उनीहरू पनि व्यापार गर्दथे भन्ने कुरा प्रमाणित हुन्छ । व्यापारको काममा द्रविडहरूले उत्तरभारत र सिन्धु प्रदेशमा संस्थान खडा गरेको र आउने जाने गरेको कुरामा भने तर्क गन सकिन्छ । उपर्युक्त विवेचनाको निष्कर्ष पणिहरू आर्यमूलकै असुर शाखाका जाति हुन् र यहाँ बाँकी भएका बनियाँ जाति यिनीहरूकै सन्तान हुन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादटिप्पणी–

(१) आर० सी० मजुमदार–एन्शेन्ट इन्डिया ।

(२) ऐ० ऐ०.....

(३) ऋग्वेद ३।२०।७ तथा १।१३०।८ ऐ ३।३१।२१ र २।२०।७

(४) अयमेति विचाकसद् विचिन्वन् दासमार्यम् । पिवामि पाक सुत्वनोभि धीरमचाकशं विश्वस्मादिन्द्र उत्तरः ऋ.१०।८६।१९।

(५) ब्राह्मणोऽस्य मुखमासीद् वाहुराजन्यः कृतः । उरू तदस्य यद् वैश्यः पद्भ्यागुँ,, शूब्वे अजायत । ऋ०दशौंमण्डल । नद्रोसूक्त

(६) पूर्वे किराँता यस्यान्ते पश्चिमे यवनाः स्थिताः। आन्ध्रा दक्षिणतो वीरतुरुष्कास्त्वपि उत्तरे । वायुपुराण ।
[पूर्वपट्टि किराँत जाति बस्तछन् । पश्चिम दिशामा यवनहरू छन् । दक्षिणमा आन्ध्र जाति छन् र वीर तुरुष्का [तुर्क] हरू उत्तरमा छन्]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो अध्याय

वैदिक संस्कृति र राजसंस्था

विश्वमा मानवहरूको इतिहासमा सर्वप्राचीन ग्रन्थ मानिएको वेद र वैदिक साहित्यबाट थाहा पाउन सकिने इतिहास, जाति, सामाजिक अवस्था, सांस्कृतिक परम्परा, निवास स्थान, आदिका बारेमा वेदविद्हरूको मत मतान्तरको समीक्षा गर्दै वेदको परिशीलनबाट थाहा पाउन सकिने विषयको केही दिग्दर्शन अगाडिका अध्यायमा गरियो ।

आर्य संस्कृति र राजसंस्थाको इतिहास आर्य साहित्यको परिशीलनबाट मानव सृष्टि देखिनै शुरू भएको मानिएकोले र सर्वप्राचीन मानिएको ऋग्वेदमा पनि राजा तथा राज्य व्यवस्थाको वर्णन पाइने हुनाले, राजा र राज्यविनाको समाजको परिकल्पनापनि गर्न सकिदैन । वैदिक सनातन धर्म, जति प्राचीन छ, राज-संस्थाको इतिहास पनि त्यतिनै पुरातन छ । आर्यहरूले राजाविनाको समाजको कहिल्यै परिकल्पना पनि गरेनन् । वैदिक सभ्यता र राजा, एवं हिन्दू संस्कृति र राज्यसंस्था सधैं अन्योन्याश्रयी छन् ।

विश्वका अन्य मानव-जातिको प्राचीन इतिहासमा मानव सभ्यताको विकासक्रम जोड्न, राजा-रहित समाजको परिकल्पना गर्दै कविलाका सर्दार अथवा समूहका बलशाली व्यक्तिको मान्यतावाट राजाको विकास भएको ऊहापोह गर्नुपर्छ । हाम्रा प्राचीन साहित्यमा मानव सृष्टिको शुरूमा नै प्रजाको सुरक्षा, पालना, व्यवस्था गर्न ईश्वरले राजालाई खटाउँछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वप्राचीन मानिएको ऋग्वेदमा वर्णन गरिएका राजाहरूले प्रजासँग मिलेर युद्ध गर्दछन्, जनपदको रक्षा गर्दछन् । यज्ञ गर्दछन् र ऋषि महर्षिको साथमा बसेर वेद मन्त्रहरूको साक्षात्कार गर्दछन् ।

प्रजा रञ्जयति इति राजा, यस्तो विग्रह गरेर प्रजालाई खुशी र उज्वल राख्ने हुनाले राजा भनिएको हो भन्ने अर्थ गरिन्छ ।

राजा वा राजसंस्थाको क्रमबद्ध इतिहास भने वेदमा तथा वैदिक साहित्यमा पाइदैन । वेद इतिहास वा समाजशास्त्र पनि होइन । आर्य साहित्य अनुसार वेद ईश्वर प्रदत्त ज्ञान विषयक ग्रन्थ मानिन्छ । राजसंस्थाको सिलसिलायुक्त वर्णन तथा उत्तरोत्तर विकास क्रमको वर्णन महाभारत (इतिहास) तथा प्राचीन उपाख्यानले भरिएको पुराण साहित्यमा पाइन्छ । तथापि राजा, राजसंस्थाको महत्त्व, राजाको कर्तव्य, राजा प्रजाका बीचको सम्बन्धको लेखाजोखा भने वैदिक साहित्यमा प्रचुर मात्रामा पाइन्छ । पश्चिमी इतिहासकार र केही भारतीय बरिष्ठ वेदविद्हरूले पनि पौराणिक कथाको उल्झनलाई हेरेर पुराणलाई प्रमाणमा संलग्न गर्न मानेका छैनन् । तथापि पुराणको प्रामाणिकता वेदले नै मानेकोले यसलाई सर्वांशमा त्याज्य भन्न मिल्दैन ।[१]

पुराणहरूको आधारमा-स्वयंभुव (ब्रह्मा) ले प्राकृतिक र वैकृतिक नामका, दुई प्रकारका सृष्टि गरे । काल, द्रव्य, गुण, ज्ञान, क्रिया, पञ्चमहाभूत, पृथ्वी, जल, तेज, वायु, आकाश, तथा इन्द्रिय र यिनका देवता-को सृष्टि प्राकृत सृष्टि मानिन्छ ।

पशु 'पक्षी' वनस्पति आदि वैकृत-सृष्टि गरेपछि आठ किसिमका देवयोनि सृष्टि गरे, ती यसप्रकार छन् । देवता, पितृ, असुर, मनुष्य, गन्धर्व-अप्सरा, यक्ष,-रक्ष (–राक्षस) नाग, भूतयोनि-गण (विद्याधर किन्नर पिशाच)

यसपछि सबै गणका निम्ति राजाको व्यवस्था गरे । देवगणका राजा इन्द्र भए, नागगणका वासुकिनाग, गन्धर्वका विश्वाबसु, पितृगणका यम र जलचरका राजा वरुण भए ।

यस्तै मनुष्य गणको लागि राजाको आवश्यक ठानेर स्वयंभुव मनुको सृष्टि गरेर राज्यगर्न पठाएको कुरा सारा पुराण साहित्यले वर्णन गर्दछन् । उपर्युक्त–आधारबाट पनि वैदिक आर्यहरूको राजाबिहीन समाजको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्पना गर्न सकिदैन। पौराणिक आधारमा ऐतिहासिक चर्चा पछि गरिने छ। यहाँ सर्वप्राचीन मानिएको वेद र वैदिक साहित्यद्वारा निर्दिष्ट राज संस्थाको मान्यता र महत्त्वबारे उल्लेख गर्नु आवश्यक भएको छ।

ऋग्वेदको अनुशीलनबाट के थाहा पाइन्छ भने–आफ्ना शत्रुलाई विजय गर्नको निम्ति आर्यहरूले इन्द्रलाई राजा बनाए। इन्द्रलाई नेता मानेर आह्वान गरेका कतिपय मन्त्रहरू ऋग्वेदमा पढ्न पाइन्छन्।[२]

मानव-जातिका पहिला राजाको रूपमा मनुको नाउँ पुराण र महाभारतले प्रस्तुत गर्छन् भने, त्यो कुरा ऋग्वेदबाट पनि समर्थन हुन्छ। ऋग्वेदमा सार्वर्णि मनुको नाउँ ३६ पल्ट आएको छ। यिनलाई कुनै ठाउँमा "ग्रामणी" पनि भनिएको छ। ग्रामणिको पनि वैदिक साहित्यमा प्रमुख स्थान छ र जननेताको रूपमा मानिएको पाइन्छ। मनुको उल्लेख गर्ने ऋषिहरूमा वेद-विद्हरूले पुराना कालका ऋषि भनेर मानेका भरद्वाज, गौतम, वामदेव, विवोदासका वंशज परूच्छेद, गृत्समद, सदापृण, र कश्यप हुन्। सदापृण ऋषिले मनुले विशिशिप्रलाई विजय गरेको उल्लेख गरेका छन्। विशिशिप्र को थियो र कहाँ थियो भन्ने पत्ता लाग्दैन तापनि शम्बर जस्तै बलिष्ठ कुनै अनार्य नेता हुनुपर्दछ। गृत्समद (ऋ. २।२३।१३) तथा युवा स्युवान्दत्त (ऋ. १०।१००।५) ले मनुलाई हाम्रा पिता (पुर्खा) भनेर उल्लेख गरेका छन्। मारीच काश्यप (ऋ. ०९।९२।३) ले पवमान सोम देवताले मनुको रक्षा गरे भनेका छन् उपर्युक्त कथनबाट सार्वर्णि मनु, मानव-कुलका आदि राजा, आर्य-ऋषिहरूका आदिपिता, प्रभावशाली र धर्मात्मा तथा नीति-विद् राजा थिए भन्नेसम्म थाहा पाइन्छ।

ऋग्वेदमा चर्चित विवोदास, वध्र्यश्व, सुदास, तथा कुरुश्रवण आदिराजा, मनुभन्दा कति पछिका हुन् र कति पुस्ता बिते भन्ने कुरा थाहा पाउन सकिदैन। यसको निमित्त पुराण र महाभारतबाट केही भन्न सकिन्छ। एउटा कुरा चाहिं के थाहा पाइन्छ भने–अनु, दुह्यु, पुरु, आदि कुलका छुट्टा छुट्टै राजा थिए र भरखरै छुट्टिएका सानातिना गणले भने एउटै प्रभावशाली राजा मान्दथे। जस्तै तृत्सु र भरतकुलका राजा सुदास हुन् भनेर थाहा पाइन्छ। यस्तै आफ्ना आफ्ना कुलका कुलपतिपनि राजा कहिन्थे। कुशिक कुलमा विश्वामित्र जस्तै भरद्वाज र भृगु, वसिष्ठ, आदि पनि आफ्ना आफ्ना कुलका राजा नै हुन्। तथापि बाहिरका ठूला शत्रुसँग मुठभेड पर्दा र समस्त विश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(प्रजा) को सुरक्षा, व्यवस्था गर्ने क्षात्रधर्मका पालक शूर वीर राजा छुट्टै हुन्थ्यो । असुरसँगको युद्धमा मन्त्रवल, शस्त्रबल र आफ्ना कुलका योध्दा समेत दिएर ऋषिहरू सारा जनपदका क्षात्र-राजालाई सहयोग गर्दथे । युद्ध मैत्री, प्रतिरक्षा र व्यवस्थामा मन्त्रणा दिने कुलगुरु (पुरोहित) हुन्थे । राज्य व्यवस्थामा सम्पूर्ण वैदिककाल तथा पौराणिक कालमा पुरोहितको मुख्य भूमिका रहन्थ्यो । सन्धि, विग्रह, भेद, व्यवस्थापन आदि राज्य कार्यमा प्रधानमन्त्रीको काम कुल-पुरोहितवाटै हुन्थ्यो । यसरी राज्य-प्रशासनको मुख्य भागीदार बनेर आर्जन गरेको सम्पत्ति, सामूहिक आर्जन, मानिन्थ्यो तापनि यस मध्येवाट भाग लगाएर दिदा, दान गरेर दिने अधिकार चाहिँ राजामा रहेको थाहा पाइन्छ । वीर, पराक्रमी, विवेकशील एवं चिन्तनशील वेदमन्त्रका साक्षात्कर्ता व्यक्ति नै राजा हुन्थे भन्ने कुरा वैदिक साहित्यकै अनुशीलनबाट थाहा पाइन्छ ।

ऋग्वेदकालमा आर्यजनहरूका मुख्य देवताको रूपमा चर्चित इन्द्र विषयक कतिपय मन्त्रहरूको विचार गर्दा देवताका राजा इन्द्र देवसेनासहित सशरीर आएर आर्य र दासदस्युहरूको युद्धमा भाग लिएका हुन् कि भन्ने भान पर्दछ । शतक्रतु (सययज्ञ गर्ने) पुरन्दर (९९ गढतोडने) आदि संज्ञाले के बुझाउँछ भने-इन्द्रले सययज्ञ पनि गरे, तथा शम्बर पिप्रु आदि दास (असुर) राजाका ९९ पुर (गढ) पनि तोडे भन्ने देखिन्छ । किन्तु शम्बर आदि सर्दारको संहार गर्ने आर्य-जन र राजा सुदास थिए । सर्वशक्ति सम्पन्न देवराज इन्द्रको कृपा तथा उनको तेज शक्ति राजामा र देव-सेनाको तेजोमय शक्ति आर्य-सेनामा प्रवेश नभएको भए यो विजय असम्भव थियो भन्ने पूर्ण विश्वास आर्य-ऋषिहरूमा थियो । यज्ञ र मन्त्रद्वारा इन्द्रको अभ्यर्थना गरेर विश्वाससाथ गरिएको युद्ध सफल भएकोले इन्द्रकै विजयको रूपमा उद्गार पोखिएको र पुरन्दर (९९ गढ भेत्ता) पनि इन्द्रलाई नै मानियो । सुदास र अन्य पुरोहित-कुल तथा आर्य-सेनाका वीरहरू युद्धका निमित्तमात्र भइदिए। विजयका सम्पूर्ण श्रेय इन्द्रलाई नै मिल्यो ।

ऋग्वेदकालमा इन्द्रादि देवताको भूतलमा अस्तित्व बाँकी थिएन । इन्द्र स्वर्गीय देवता भइसकेका थिए । इन्द्रादि देवताको तेजोमयरूपको मात्र सम्भावना गर्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बंश परम्परागत राजा

ऋग्वेदकालमा नै राजा, बंश-परम्परागतले हुने प्रचलन थियो। मनु, आदिराजा हुन् भन्ने कुरा उल्लेख गरियो। ऋग्वेदमा चर्चित भरत-कुलका राजाको क्रममा वध्र्यश्व, उनका छोरा दिवोदास र दिवोदासका पुत्र पिजवन, यिनका पुत्र सुदास देखिन्छन्।[३]

भरत गणको मुख्य वस्ती सरस्वती, आपया, र दृषद्वती नदीको क्षेत्रमा थियो भन्ने स्पष्ट प्रमाण (ऋ. ३।२३।४ मा) पाइन्छ।

पछाडिको वर्णनमा उल्लिखित राजा भरत दौष्यन्ति एवं शतानिक र सत्राजितको उल्लेख शतपथमा पाइन्छ। भरत राजाले कांशी (कश वा खश)गणलाई जितेर यमुना गङ्गाको तटमा यज्ञ गरेको वर्णन शतपथ, (तैतिरीय संहिता १।८।१०। २ तथा ऐ० ब्रा० १।७।४।२) मा उल्लेख पाइन्छ। वाजसनेय-संहितामा (११।३) कुर व : पान्चालान् कुरु पञ्चाला, को उल्लेख भएको र कुरु पञ्चालको पर्याय भरता : (आपस्तंव श्रौ. सू. मा) भएकोले दश राजाको युद्ध विजयपछि भरत कुलको राज्य गङ्गापारिसम्म फैलिएको थाहा पाइन्छ।[१] सुदासले ठूलो युद्ध, रावीको किनारमा गरेका थिए।

यस्तै पुरुकुत्स, पुरु वंशका राजा हुन् र यिनका छोरा त्रसदस्यु हुन् भन्ने थाहा पाइन्छ। यिनलाई इक्ष्वाकव भनिएकोले पुराण र इतिहासहरूमा वर्णित मनुका जेठा छोरा इक्ष्वाकुको ऐतिहासिकतामा सन्देह रहँदैन। कुनै मन्त्रबाट यो पुरुकुल र भरतकुल यौटै देखिन्छ।[४]

उपर्युक्त विवेचनाबाट के थाहा पाइन्छ भने राजा बंशपरम्पराबाट हुन्थे र राजाको ऋग्वेदकालमा विशेष स्थान र मान्यता थियो।

यद्यपि राजाको उत्पत्ति बारेमा ऐतरेय ब्राह्मणमा भनिएको छ-"देवा सुरा वा एषु लोकेषु समयन्तत... तान्तोसुरा अजयन्... देवा अब्रुवन्न राजातया नो जयन्ति राजानं करवामहा इति तथेति" यो कथनअनुसार पहिलेको युगमा देवता र दानवहरूको युद्ध चलेको। देवतालाई दावहरूले हराए। हारेका देवताहरूले विचार गरेकि–हाम्रा राजाछैनन्। यसैकारण हामी हार्न्यौं। हामी पनि राजा थापौं भन्ने सल्लाह भयो। अनि प्रजापति (बृहस्पति) को नेतृत्वमा जम्मा भएका देवताहरूले, देवताहरूमा यिनै इन्द्र शक्तिशाली र सर्वभन्दा बढ्ता साहसी छन्। यिनैलाई राजा बनाऔं भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सल्लाह पनि भयो। सबैले मन्जूर गरे र इन्द्रलाई राजा बनाए, अनि युद्ध जिते।[५]

यस्तै कुरा, बुद्ध साहित्य–दीघ-निकायमा पनि उल्लेख छ–"धेरै प्राचीन कालमा पृथ्वीमा- स्वर्णयुग थियो। दिव्य प्रकाशवान् मनुष्यहरू आनन्दपूर्वक रहन्थे। पछि यो आदर्श समाजको पतन भयो। समाजमा अव्यवस्था उत्पन्न भएकोले महाजनसम्मत, नामक व्यक्तिसँग आफ्नो राजा बनाउने र अव्यवस्थाको अन्त गर्ने प्रार्थना गरे। यसको बदलामा जन-समाजले राजालाई चामल (अन्न) को एक भाग दिने कबुल गरे" यहाँ महाजन-सम्मतले ब्रह्म वा प्रजापतिको अर्थ बोध हुन्छ।

यस्तै जैन ग्रन्थकार, जिग्रसेनले पनि उल्लेख गरेका छन्। सृष्टिको आरम्भमा यी पृथ्वी भोग–भूमि थिइन् कल्पवृक्षबाट नै खोजेको कुरा पाउँथे। पछि कल्पवृक्षको नाशभयो। समाजमा अराजकता फैलियो। यसकारण, यो अराजकता हटाउन आदि तीर्थङ्कर ऋषभनाथले राजाको नियुक्ति गरे तथा मानिसमा कार्य विभाजन पनि गरे।

यी युपर्युक्त कथनको पुष्टि मार्कण्डेय पुराणले पनि गर्दछ। त्यसमा भनिएको छ– शुरू (सत्ययुग) मा कल्पवृक्षले नै मानिसको सबै आवश्यकता पूरा हुन्थ्यो। मानिस लोभिए। कल्वृक्ष नै काटेर घर बनाउन थाले। अनि यो सुविधाबाट पछि मानिसहरू वञ्चित भए। बाच्नको लागि पछि खेती गर्नु पऱ्यो, समाज, सङ्गठन गर्नु पऱ्यो।

यी उपर्युक्त कथनमा कति सत्यता छ त्यो त निश्चय भन्न सकिदैन। किनकि सर्वप्राचीन मानिएको ऋग्वेदका मन्त्रहरूले आदिपिता भनिएका मनु नै राजाको पहिलो रूपमा देखा पर्दछन् र त्योभन्दा पनि पूर्व सृष्टिकै शुरूमा इन्द्र देवताका नेताको रूपमा उल्लिखित छन्। राजारहित समाजको उल्लेख ऋक् संहितामा पाइदैन। ऐतरेय-ब्राह्मण पछिल्लो कालको मानिन्छ। ऐतरेय-ब्राह्मणमा उल्लिखित कुरा परम्परागत अनुश्रुतिमा आएको होला भन्न मात्र सकिन्छ। यस्तै अनुश्रुति वा कल्पनाको आधार नै जैन तथा बुद्ध साहित्य मान्नु पर्छ।

यस्तै वृहदारण्य उपनिषद्मा भनिएको छ, पहिलेको समाजमा अकेला ब्रह्म (प्रजापति) मात्र थिए। एक्ला हुनाले विभूति युक्त कार्य गर्न असमर्थ भए। यसकारण उनले क्षेत्रको निर्माण गरे। यसप्रकार देवताका राजा इन्द्र, जल चरका राजा वरुण, पितृका यम, वर्षाका पर्जन्य, प्रकाशका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईशान आदिको सृजना गरे ।[६]

वैदिक साहित्य तथा जैन साहित्य पछि राज्य व्यवस्थाका उत्कट समर्थक अर्थशास्त्रका निर्माता महर्षि कौटिल्यले राज्यको उत्पत्तिबारे सविस्तार उल्लेख नगरे तापनि आठौं प्रकरणको बाँह्रौं अध्यायमा दुइटा गुप्तचरको परिसम्बादमा राज्यको उत्पत्ति विषयक चर्चा गरेका छन् जो यसप्रकार छ ।

जसरी ठूलो माछाले सानु माछालाई खान्छ, त्यस्तै प्राचीन समयमा बलियाले निर्वलियालाई बाँच्न धौ धौ पारे । यो अन्यायबाट बच्न, जनताहरूले मिलेर विवश्वान्का छोरा मनुलाई थापे । खेतीका उब्जाको छैटौं भाग, व्यापारका आम्दानीको दशौं भाग, केही सुन पनि राजाको लागि करको रूपमा दिने प्रबन्ध गरे । दुनियाँले दिएको कर लिएर राजाले प्रजाको योगक्षेमको सम्पूर्ण दायित्व आफूले लिए । यसप्रकार निर्धारित दण्ड र कर, दुनियाँको दुःख-दर्द मेट्न सहायक हुन्छ र प्रजाको भलो हुन्छ । यही कारणले जंगलमा एकान्त जीवन बिताउने ऋषिमुनिले पनि दानादाना शिलाखोजेर जम्मा गरेको अन्नको छैटौं भाग, राजालाई परसार्दछन् । यो राजाको वास्तविक हक हो भन्ने ठानिन्छ । यसको बदला राजाले हाम्रो रक्षा गर्दछन् । इन्द्र र यस जस्तै राजाहरू प्रत्यक्ष दण्ड र अनुग्रह गर्न सक्तछन् । यसकारण, राजाको जसले तिरस्कार गर्दछन्, उसमाथि दैवी विपत्ति पर्न सक्दछन् । यो कुरा बुझेर राजाको अपमान गर्नु हुँदैन ।[७]

यस्तै राज्य वा राजसंस्थाको अनुबन्ध विषयक चर्चा महाभारतमा पनि पाइन्छ । शान्ति पूर्वको अध्याय ६७ मा भनिएको छ– कोही राजा नहुँदा मानिसहरूमा एउटाले अर्काको नाश गर्दछ । एउटाले अर्काको सम्पत्ति अपहरण गर्दछ । बलियाले निर्धोलाई दास बनाउँछ । यसरी सर्वत्र, मत्स्यन्याय चलेको बेलामा पीडित मानिसहरूले ब्रह्मसँग बिन्ति गरे, प्रभो, बिनाराजाले हामी विनाश हुनलाग्यौं, हाम्रो राजा नियुक्त गरिदिनोस्, हामी राजाको सम्मान गर्छौं, राजाले हाम्रो रक्षा गर्छन् ।

जनताको पुकार सुनेर ब्रह्मले मनुलाई संकेत गरे । तर मनुले अस्वीकार गर्दै भने– मलाई पापमय कर्मदेखि डरलाग्छ । शासनगर्ने कठिन काम हो, मानिसहरू व्यवहारमा छल गर्छन् ।

यो सुनेर मानिसहरूले मनुलाई भने– तपाईं डर नमान्नुहोस् । राज्य सञ्चालनको निम्ति हामी धन दिन्छौं । हामी पशु र सुनमा पाँचौं भाग, धान्य (अन्न) मा उत्पादनको दशौं भाग दिन्छौं । राज-कोषको वृद्धि हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । तपाईंको शासनमा हामीले कमाएको मुनाफामा चौथो भाग पनि तपाईंकै हुनेछ । यसको बदला तपाईं हाम्रो रक्षा गर्नोस् जसरी देवताको इन्द्रले रक्षा गर्छन् ।

यो कुराले मनु प्रशासन गर्न राजी भए । विश्वभ्रमण गरेर सर्वत्र पापको रोकथाम गरे । मानिसलाई आफ्नो आफ्नो काममा लगाए ।

यसरी वेद, ब्राह्मण ग्रन्थ, उपनिषद्, पुराण इतिहास र राजशास्त्रले हिन्दूहरूको राज्य-व्यवस्थाको विषयमा वर्णन गर्दछन् ।

सामाजिक अनुबन्धवाद

आधुनिक राजनीतिशास्त्रमा समाज अनुबन्धवादको सिद्धान्त महत्त्वपूर्ण मानिन्छ । पाश्चात्य राजनीति शास्त्रका चिन्तक रुसोको सामाजिक अनुबन्धवाद (Theorsocialoontract) को प्रतिध्वनि नै उपर्युक्त उक्तिहरूमा पाइन्छ । जसद्वारा जनताको स्पष्ट अभिमतको कल्पना गरिन्छ । हिन्दू-शास्त्रअनुसार जो राजनीतिक समाजको निर्माण भयो, त्यो व्यक्तिहरूको पारस्परिक सम्झौताद्वारा नै भयो । यसमा राजाको हात रहेको देखिदैन ।

यो उपर्युक्त कथन हो भारतीय विद्वान् डा० काणेको । प्राग्वैदिक कालमा नै विशिष्ट सम्मान प्राप्त भएको राज-संस्थाको वैध राजा हुने राज्याभिषेकसम्बन्धी विधिविधान, आज पनि सम्झौताको रूपमा नै प्राप्त छ । यसको मान्यता र मर्यादालाई राजा र जनताले ससम्मान पालना गर्दै आएको आर्य-परम्परा जीवन्त छ । जुन सृष्टि कालमा नै आर्य-ऋषि महर्षिहरूले राजा र जनताका बीचको कर्तव्यनिर्धारण गरेका छन्, त्यसको हरसम्भव पालना हुँदै आएको इतिहास पनि छ ।

आधुनिक राजनीतिशास्त्रका विवेचक, पश्चिमी विद्वान्हरूलाई अनुबन्धवाद विषयक जुन चिन्तन गर्नुपर्ने आवश्यकता पऱ्यो, त्यो हिन्दूशास्त्रको मर्यादा र आपसी समझदारीमा परम्परादेखि आएको राज्य-व्यवस्था नभएको र यूरोपीय राज्य-व्यवस्थाको खडा हुने धरातल छुट्टै पाराको भएकोले पनि आवश्यक परेको हो । आर्यहरूमा समय अनुसारको अनुबन्ध शुरू देखिने थियो ।

पाश्चात्य राजनीति चिन्तकहरूमा मुख्य मानिएका हाब्स, लाक, रूसो, तीनैजना अनुबन्धवादको सिद्धान्तलाई स्वीकार गर्दछन् । तर यसको व्यवस्थामा भने, तीनैजनाको मत भिन्नता छ । जस्को विवेचना गर्नु यहाँ आवश्यक छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजसंस्थाको उत्पत्ति विषयक हिन्दूशास्त्रका जे जति पनि उल्लेख यहाँ गरियो, ती कुराहरू, उत्तर वैदिककाल तथा इतिहासकालका साहित्यमा पाइन्छन् । ऋग्वेदकालमा नै राजायुक्त व्यवस्थाको मात्र उल्लेख पाइएकोले विभिन्न तर्क वितर्कको हिन्दूशास्त्र एवं परम्परामा आधारित समाजमा आवश्यकता पनि छैन । मौरीको रानु जस्तै राजासँगै लिएर आर्यहरू जन्मे ।

देवताका राजा इन्द्र, ऋग्वेदभन्दा पुराना हुन् र यो प्राचीन मान्यताको आर्य-मानव समाजले सृष्टिकाल देखिनै पालना गऱ्यो । राजालाई बरण गर्दा वैदिकपरम्पराअनुसार जेजस्तो प्रक्रिया, विधि-विधान, प्राचीन कालमा अपनाइन्थे, श्रुति परम्पराले आएको तिनै विधिहरू आज पनि राज्याभिषेक कर्ममा प्रयोग हुन्छन् । इन्द्रको महाराज्याभिषेकमा प्रयुक्त निधि, मन्त्रोच्चारण र प्रतिज्ञा, निर्देशन, र कर्तव्य-वोधका ऋचाहरू नै सनातनदेखि आजसम्म पनि प्रयोगमा आएका छन् ।

पितापुर्खाले बोकेको दायित्व, सन्तानको निम्ति पनि सहज र मान हुन्छ । परेर जानिने कुराहरू, देखेर सुनेर नै जानिने र पैतृक-पेशामा अभिरुचिका साथ दक्षता प्राप्त गर्न सकिन्छ भन्ने कुरा राम्ररी जानेका प्राचीन महर्षिहरूले कुल क्रमागतनै राजा हुने परिपाटी शुरुमै बसालेका थिए भन्ने कुरा निर्विवाद छ । समस्त प्राणीको हित साधन, संरक्षण र व्यवस्थापनमा न्याय-दण्ड-धर भएर सजग रहनु, सबैबाट मान मर्यादा, श्रद्धा, आस्था र विश्वास, प्राप्त गरेर पुत्र र प्रजामा समान भावना राखेर प्रशासन गर्नु, इत्यादि कुरा दैवी शक्ति भई सम्भव छैन । यसकारण, राजामा अष्टदिक्पालको अंश रहेको हुन्छ भन्ने आर्यहरूले मानेका थिए । इन्द्र, अग्नि, यम, वरुण-कुवेर निऋति, सोम, ईशान आदिका रक्षा कर्मका साथै तेज, शक्ति, कर्तव्य, एउटै व्यक्तिमा समाविष्ट भएपछि मात्र राज्य- प्रशासन हुन्छ । अतः राजा ईश्वरीय अवतार हो भन्ने हिन्दूशास्त्रको उक्तिछ ।

आर्य-साहित्यमा सम्पूर्ण प्राणीका प्रतिपालक देवता विष्णु मानिन्छन् । जो सत्वगुणी छन्, अपराधीलाई दण्डदिन र धर्मस्थापनाको निम्ति अवतार लिन्छन् । विष्णुको काम कर्तव्य र राजाको कर्तव्य क्षेत्र पनि समान हुने, गुण पनि उस्तै चाहिने भएकोले नै, 'नराणांच नराधिपम्', भनेर कृष्णले गीतामा व्यक्त गरेका छन् । अतः राजालाई वैदिक-धर्मका मान्यतामा विष्णुको अवतार भनिन्छ । यसरी वैदिक साहित्यको छानवीन गर्दा राजसंस्थाको गरिमामय प्रतिष्ठा प्राचीनकालदेखिनै रहेको पाउँछौं । साथै राजसंस्थालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रशासनको क्षेत्रमा सघाउ पुऱ्याउने अन्य संस्थाको पनि वेदमा उल्लेख पाइने भएकोले त्यसमा पनि केही समीक्षा गर्नु आवश्यक भएको छ । आर्यहरूको राज्य व्यवस्थामा त्यही प्राचीन कुरानै समय अनुसार थपघट फेरवदल हुँदै आएको पाइन्छ ।

सभा समिति र विद्थ

वैदिकलालमा प्रशासनलाई सघाउ पुऱ्याउने मुख्यतः दुइटा निकाय-हरूको उल्लेख पाइन्छ । ती हुन्-सभा र समिति । आजको व्यवस्थामा सभा, समिति, परिषद्, गोष्ठी, सदन र संसद्शब्दहरूको प्रायः एकै किसिमको अर्थबोध भएता पनि वैदिककालमा भने उक्त शब्दहरूका छुट्टै क्षेत्र थिए भन्ने थाहा हुन्छ ।

सभा

वैदिक आर्यहरूको संस्थाहरूमा सभाको प्रमुख स्थान थियो । यो संस्थाको माध्यमबाट राष्ट्रिय-जीवनको व्यवस्थापन र विकासमा महत्त्वपूर्ण योगदान प्राप्त हुन्थ्यो । अथर्ववेद (७।१३।१) मा सभालाई प्रजापतिकी दुहिता (छोरी) भनेर सम्बोधन गरिको छ । यस्तै सभाको उत्पत्ति विराट् पुरुषबाट भएको हो भनिएको छ (अथर्व-८।१०।८)

उपर्युक्त कथनबाट वैदिक आर्यहरूको यो सभा, त्यति नै पुरानो हो, जति पुरानो प्रजापति वा विराट् पुरुष हुन् । अथवा सृष्टिको शुरूदेखि नै सभाको अस्तित्व रहेको छ । सभा, जहिलेदेखि शुरू भएता पनि वैदिक साहित्यमा अन्य संस्थाभन्दा बढ्ता परिचयात्मक सामग्री पाइने भएकोले पनि यसको प्रमुख स्थान हेरेको बोध हुन्छ ।

सभाको वास्तविकरूपको व्याख्यामा वेदका अनुसन्धाता विद्वान्-हरूको मत विभिन्नता पाइन्छ । विद्वान् हेली-ब्रान्ट, सभा भनेको समिति जम्मा भएर बस्ने भवन हो भन्दछन् भने विद्वान् जिमर 'सभा, गाउँको संस्था हो भन्दछन् । डा० लुडविकको विचारमा, आर्यहरूका अति पुरातन र महत्त्वपूर्ण संस्था थिए, जसलाई सभा र समिति भनिन्छ । समिति जन साधारणको सदन हो र सभा विशिष्ट व्यक्तिहरूको उच्च सदन हो भनेको पाइन्छ ।

डा० काशीप्रसाद जायसबालको विचारमा-समिति राष्ट्रिय संस्था-हो र सभा चाहिं समितिको एक उपसमिति हो । परन्तु उनी भन्छन्, यी दुईका बीच के कस्तो सम्बन्ध थियो त्यो कुरा भन्न सकिदैन । डा० अल्तेकरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचारमा सभा गाउँको संस्था हुनुपर्छ र यो गाउँगाउँमा थियो । समिति चाहिं केन्द्रीय संस्था हो । यी मतभिन्नतामा एउटा कारण (ऋ. १०।३४।६) को कथन पनि हो, जसमा जुवाडेको अड्डालाई पनि सभा भनिएको छ ।

अक्ष- (पाशा) पछिल्लो युगको पनि मान्यता प्राप्त खेल हो । वैदिक आर्यहरू पनि वाजी थापेर पाशा खेल्न सभा-भवनमा जम्मा हुन्थे । न सभासद्को सधैं बैठक हुन्थ्यो नसधैं जुवा खेल्नेको अड्डा जम्ननै सम्भव हुन्छ । यसकारण, अरू बैठकको काम नभएको वेला, सभाभवनमा बसेर लहडीहरू जुवा खेलेर मनोरञ्जन गर्दथे भन्ने थाहा हुन्छ । सभा, जुवाघर हो भन्नु चाहिं तथ्यहीन हो ।

अथर्ववेद (१९।५।५५ मा) सभासद्, सभ्यको उल्लेख छ । उनीहरू सभामा प्रवचन गर्थे । तर सभाभवनलाई पनि सभानै भनिन्थ्यो । सभा र समिति, अलग संस्था हुन् भन्नेकुरा वेदको अनुशीलनबाट स्पष्ट थाहा पाइन्छ । सभा, गाउँस्तरमा पनि हुन सक्छ । तर गाउँमा मात्र सभाको कार्यविधि सीमित थियो भन्न मिल्दैन । सभा तथा समिति, दुइटै राष्ट्रिय संस्थाको रूपमा थिए । यिनीहरूको कार्यक्षेत्र तथा अधिकार पनि भिन्न भिन्नै थियो भन्ने स्पष्ट थाहा पाइन्छ ।

सभा, कति जनाको हुन्थ्यो तथा निर्वाचन वा नियुक्ति प्रणाली के थियो भन्ने गणपूरक संख्या एवं पक्ष विपक्षमा मतदान आदि विषयमा भने स्पष्ट थाहा पाउन सकिदैन । तथापि प्राप्त अत्यल्प सामग्रीबाट स्वरूप निर्धारण गर्न भने सकिन्छ । फेदका पात चिन्न टुप्पाका पात हेरेर पनि सकिन्छ । बुद्ध कालीन सभाको रूपले पुरातनकाललाई पनि अनुमान गर्न सक्छौं ।

सभाको शाब्दिक अर्थ हुन्छ, भासित हुनु अथवा प्रकाशित हुनु यस-कारण सभाको तात्पर्य, तेजस्वी, विशिष्ट व्यक्तिहरूको मेलानै हुन्थ्यो । सभाको सदस्यता प्राप्त गर्न विशेष योग्यता चाहिन्थ्यो ।[८] ऋग्वेदको एउटा मन्त्र (१।९१।२ मा) भनिएको छ-श्रद्धा भक्ति साथ सोमको उपासना गर्नाले दुधालु गाई, तेजिलो घोडा, कर्तव्यशील र पितृभक्त एवं कुशल, गुणी, विदथ र सभाको सदस्य हुन लायक योग्य पुत्र प्राप्त हुन्छ । यसबाट के थाहा पाइन्छ भने,– वैदिककालको सभाको सदस्यता प्राप्त गर्नु राष्ट्रिय सम्मानको कुरा मानिन्थ्यो । यो पद, सामान्य मानिसको लागि सुलभ थिएन । सभामा पाँच, सात, नौ र यो भन्दा पनि बढी सभासद् हुन्थे भन्ने केही विद्वान्हरूको उक्ति छ । महाभारतमा यसको संख्या ३६ भएको उल्लेख पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋग्वेद (६।२८।६ मा) सभासद्को एउटा योग्यता भद्र भाषी (कल्याण भाषी र मिष्ठ भाषी) हुनु पर्ने वर्णन छ । भद्र, कल्याण–बाचक शब्द भएकोले राष्ट्रको–भलाई र प्राणीमात्रको भलाई हुने कुरा सभासद्हरू बोल्दथे भन्ने ज्ञात हुन्छ ।

ऋग्वेदमा वृहद् वाणी सभासद्ले सभामा बोल्नु पनि भनिएको छ । यसकारण सभासद् बन्न गम्भीर, ओजस्वी र सारगर्भित वचन बोल्न सक्ने पनि हुनु पर्थ्यो । यस्तै (ऋ. १।१६७।३ मा यथार्थवादी हुनु पर्ने कुरा पनि इङ्गित गरिएको छ ।

यजुर्वेदको एउटा आशिष मन्त्रमा– ब्राह्मण ब्रह्मतेजयुक्त होऊन्, क्षत्रिय शूरवीर होऊन्, धेरै दूध दिने गाई होऊन्, ठूला जुराभएका गोरु होऊन्, सुशील नारीजन होऊन्, हाम्रा यजमानका सन्तति सभेयु (सभासद् बन्न योग्य) होऊन्, आदि प्रार्थना गरिएकोले पनि सभासद्को योग्यता र महत्त्व वैदिककालमा विशिष्ट रूपमा थियो भन्ने स्पष्ट छ । यस मन्त्रले पाती पढ्ने र आशिष दिने चलन अझ पनि छदैछ ।

ऋग्वेदमा संकेत गरिएको सभा तथा सभासद्सम्बन्धी विशेषता अथर्ववेदमा स्पष्ट गरिएको छ । अथर्व ७।१३।३ मा सभासद् बन्ने व्यक्ति वर्चस्वी र प्रज्ञावान् हुनुपर्छ, तथा सभाको सदस्य हुने व्यक्ति, इन्द्रको विभूति धारण गर्ने हुनुपर्छ । उपर्युक्त प्रसङ्गबाट तथा अथर्व (७।१३।३) को उक्तिले निर्भीकता, वीरता पराक्रमीको साथै विद्वत्ता हुनु पनि आवश्यक छ । यस्तै अथर्व (१३।१।५६) को मन्त्रार्थअनुसार पनि सभासद् सत्यवादी र न्यायपरायण हुनुपर्थ्यो । सभासद्लाई अथर्व (६।१३।१ मा) पिताको सम्बोधन गरिएको छ । यसबाट सभासद् पितृवत् सबैसँग व्यवहार गर्नसक्ने भएको हुनुपर्थ्यो ।

उपर्युक्त कथनबाट सभासद्मा हुने सबै विशिष्ट गुणको वर्णन भयो । वैदिक राज्य व्यवस्थाका अन्वेषक डा० श्याम लालको शब्दमा वैदिक संहिताको अनुशीलनबाट सभाको विशेषाधिकार थियो भन्ने पनि थाहा हुन्छ भन्ने छ ।

सभामा सभापति हुन्थ्यो भन्ने कुरा त यजुर्वेद १६।२४ बाट थाहा पाइन्छ र सभापतिको पद सम्मान युक्त नै हुन्थ्यो । तर अरू सभासद्को भने समान आसन हुन्थ्यो र सभाभवनमा जातिवर्ण, लिङ्ग, आदिको भेदभाव गरिदैनथ्यो । जस्तै यजुर्वेदको ३०।६ मा धर्माय समाचरम् आदि शब्द आएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् । अर्थात्– 'धर्मको निम्ति सभामा जानेहरू, वाक्य आएकोले सभा धर्म-सभा (न्याय सभा) को काम पनि गर्थ्यो भन्ने थाहापाइन्छ ।

यस्तै यजुर्वेदमा पठित कतिपय मन्त्रहरूबाट सभा सुरक्षित स्थान थियो तथा संत्रस्त व्यक्तिको शरण लिन्थ्यो र अधिकार र कर्तव्यबोध गराउने काम पनि सभाको नै हुन्थ्यो भन्ने बुझिन्छ । सर्वदा राष्ट्र–हित र स्वतन्त्र न्याय व्यवस्था कायम गर्ने काम सभाकोनै थियो भन्ने पनि बुझिन्छ ।

सभापति को हुन्थ्यो र कसरी छान्दथे भन्ने कुराचाहिं वैदिक साहित्यमा स्पष्ट छैन । तथापि पछिल्लो कालमा धार्मिक न्यायालयका मुख्य, वेदविद्यामा पारङ्गत भएका राजपुरोहितको मुख्य भूमिका देखिएकोले पुरोहित नै सभापति हुन्थे होलान् । राजपुरोहित हुनको लागि पनि माथि उल्लेख गरिएका सबै गुण हुनु नितान्त जरूरी थियो । राज्यमा विशेष मन्त्रणा दिन सक्ने योग्य व्यक्ति नै पुरोहित हुन्थे । यो प्रथा उत्तरकालीन राज्य व्यवस्था-मा पनि पाइन्छ ।

सभाको कार्य–प्रणाली

सभाको कार्य-प्रणाली के कस्तो थियो भन्ने विषयमा वैदिक-साहित्यमा स्पष्ट उल्लेख भने पाइदैन । किन्तु अथर्व (७।१३।१) मा सभाका सदस्यले पुत्रवत् रक्षागरून् भन्ने उक्ति पाइएकोले फिरादी सभामा गएर दुःख परेको कुरा प्रार्थना गर्थे भन्ने अनुमान गर्न सकिन्छ । त्यस्तै अथर्व (७।१३।४) को उक्तिले सभासद्हरू आफ्ना समक्ष पेश भएको विषय ध्यानपूर्वक सुनून् भन्ने प्रार्थना गरिएको पाइन्छ । यस्तै सभाको निर्णयमा (अथर्व ७।१३।१) सर्वसम्मतिको अपेक्षा गरिन्थ्यो । यो संभव नभएमा अथर्व (७।१२।७) को उक्तिले बहुमतको आधारमा निर्णय गर्न प्रार्थना गरिको हुँदा, सभाको सर्वसम्मति र त्यो नभएमा बहुमतको निर्णय नै सर्वमान्य ठहरिन्थ्यो । साथै सभामा आफ्नो आफ्नो मत व्यक्त गर्न पाउने छुट थियो भन्ने कुरा वैदिक साहित्यको अनुशीलनबाट थाहा पाइन्छ ।

सभामा एउटा सदस्यले मत व्यक्त गर्न लागेको वेला, अर्कोले बोल्न पाउन्नथ्यो भन्ने कुरा अथर्व (७।३९।४) मन्त्रबाट पनि थाहा पाइन्छ । त्यसमा भनिएको छ-जब म सभामा भाषण गर्छु त्यस वेला तिमी नबोल, मेरो भाषण पछिनै तिमी भाषण गर ।

अथर्ववेद (१९।५५।५) मा सभाका सदस्यहरूलाई सभ्य अथवा सभासद् नामले पुकारिएको छ । यसको अनुशीलनबाट के कुरा भन्न सकिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भने, सभासद्हरूमध्ये पनि कुनै विशिष्ठ गुणशाली हुन्थे र त्यस्तालाई विशेष कामको जिम्मेवारी सुम्पिएको हुन्थ्यो । यस्तो विशिष्ठ कार्य सुम्पिएको सभाको उपसमितिका सदस्यलाई सभ्य भनिन्थ्यो । वैदिक साहित्यको सकेतबाट यस्तो उपसमितिको काम न्यायसम्बन्धी हुन्थ्यो ।

प्राचीन भारतीय आर्य– साहित्यमा सभ्य न्यायालयको उल्लेख पाइन्छ । शुक्रनीति (जो प्राचीन संप्रदायको नयाँ रूपमा प्राप्त छ) तथा मनु संप्रदायको मत अभिव्यक्त गर्ने मानव धर्म शास्त्र या मनु स्मृति ग्रन्थमा विकसित न्याय–व्यवस्था र सभ्य न्यायालयको उल्लेख पाइन्छ जसमा जनताको अटुट विश्वास र श्रद्धा थियो ।

समिति

वेद विद्हरूको विचारमा वैदिक–संहिताहरूमा उल्लेख भएको समिति पुरै राष्ट्रका वालिक व्यक्तिहरूको राष्ट्रिय सभा हो भन्ने पाइन्छ । राजाले देशको प्रशासनमा सहमति पाउन समितिमा उपस्थित हुनु पर्दथ्यो । (राजानः सत्य समिति रियानः, ऋ. ०९।९२।२–६) तथा छान्दोग्य उपनिषद्को वर्णन्अनुसार पनि राजाको उपस्थिति समितिमा हुन्थ्यो ।

जब श्वेतकेतु आरूणेय भन्ने ऋषि पञ्चाल राज्यको समितिमा गएका थिए त्यसवेला त्यस देशका राजा प्रवाहण जैवली समितिको बैठकमा उपस्थित थिए । त्यहीँ श्वेतकेतुले पाँचोटा आध्यात्मिक प्रश्न सोधे (छान्दो ०५।३)

यसबाट समिति राजकाजको छलफलको निम्ति मात्र थिएन र धार्मिक, आध्यात्मिक, साहित्यिक विषयमा पनि समितिमा चर्चा, परिचर्चा हुन्थे भन्ने जान्न सकिन्छ ।

अथर्ववेद (७।१२।१) मा सभा समितिलाई प्रजापतिकी छोरीको संज्ञा दिइएको छ ।

–सभाचमा समितिश्चावतां प्रजापते दुहितरौ संविदाने ।
येना संगच्छा उपमा स शिक्षाच्चारू वदानी पितर संगतेषु ।।

अर्थात्–सबै समान पदका व्यक्तिहरूको सभा, तथा सबैजना भएको समिति दुवै प्रजापतिका दुइटी छोरी हुन् । यी दुवै एकमत भएर मलाई रक्षा गरून् । दुवै मिलेर मलाई शिक्षा दिऊन् । पितृ–तुल्य विद्वान्हरू तपाईहरू राष्ट्रको पिता–तुल्य हुनु हुन्छ, तपाईंहरूको सङ्गतमा राम्रोसँग अभि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राय प्रकट गर्न सकौं, सभा–समितिका सभ्यजनहरू मलाई सहायता गर्नोस् । आदि उक्तिहरू वैदिक साहित्यमा देख्न पाइन्छ ।

अथर्ववेद (७।१२।१) मा सभालाई नरिष्टा, भनिएको छ । यसको व्याख्यागर्दै वेदका प्रमुख भाष्यकार सायणाचार्य भन्दछन्-सभा या समितिमा अनेकन पुरुषहरू बसेर जुन निर्णयमा पुग्दथे, त्यो अनुल्लङ्घनीय मानिन्थ्यो । सभामा छलफलद्वारा निष्कर्षमा पुगेको कुरा सर्वमान्य ठहरिन्थ्यो ।

समितिमा योग्य, शिक्षित, विचारवान् युवक जनप्रतिनिधि हुन्थे भने, सभामा चाहिं अनुभवी खाई खेलीगरेका बूढाहरू धेरै हुन्थे भन्ने थाहा पाइन्छ ।

न सा सभा यत्र नसन्ति वृद्धा : भन्ने र यस्तै

नसभा यत्थ न सा मन्ति सन्तो (जातक गाथा बुद्ध साहित्य) आदि उक्तिबाट पनि के थाहा हुन्छ भने-बूढा नभएको सभा सभा होइन र सज्जन पुरुष नभएको सभा पनि सभा होइन । यी कुरा करीब समितिमा पनि लागु हुन्थे ।

पारस्कर गृहसूत्र (३।१३) मा सभालाई नादि, त्विषि, भनिएको छ र भाष्यकार जयरामले नदनशील र दीपनशील अर्थ गरेका छन् । (नदनशील दीप्ता धर्म निरुपणात्) यस व्याख्याबाट सभा धर्मसभा, न्यायालय थियो भन्ने कुरा थाहा भएपछि यसवाहेक अन्य काम कुरामा समितिले विचार गर्दथ्यो भन्ने थाहा हुन्छ ।

अथर्ववेद (७।१४।१) को मन्त्रमा समितिलाई सभाको यमजभगिनी (जम्ल्याहा) भनिएको छ । यसबाट समिति पनि सभा जस्तै महत्त्वपूर्ण संस्था थियो भन्ने थाहा पाइन्छ । साथै ऋग्वेदको पुरुषसूक्तबाट ब्रह्मको रूप, ब्राह्मण, राजन्य, विश, शुद्र, युक्त समष्टि हो भने जस्तै, अथर्ववेदको मन्त्र (८।१०।१०) मा विराट् पुरुषबाटै समितिको जन्म भएको वर्णनले समिति प्राचीनकालदेखिनै शुरू भएको संस्था हो भन्ने वोध हुन्छ । व्यक्तिरूप विराट् पुरुषको प्राचीनता जति हो त्यतिनै समितिको पनि भयो । यसकारण, वेदकालीन ऋषिमुनिहरूभन्दा पनि समिति जेठो भयो । ऋ. १०। १७।६ तथा ९।९२।६ मा प्राचीन ऋषिहरूले उपयोगी संस्थाको रूपमा समितिको नाम लिएका छन् ।

वैदिक समितिका अन्य विषयमा भने विशेष भन्न सकिदैन । स्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कस्तो थियो, कसरी कति प्रतिनिधिहरू छानिन्थे, मतदानकार्यप्रणाली कस्तो थियो तथा यसको बैठक बस्ने समय र निर्णय गरिने विशेष विषयहरूको बारेमा निश्चयरूपले केही भन्न वैदिक साहित्यमा सामग्री पाइदैनन् । तथापि जो अत्यल्प संकेतहरू प्राप्त छन् त्यसैबाट केही विवेचना गर्नु पनि उपयुक्त नै होला ।

समितिको सङ्गठन तथा कार्य–प्रणाली

" समिति शब्दको निर्वचन गर्दा सम् इति यो पदच्छेदबाट जम्मा हुनु भन्ने अर्थ हुन्छ । यसबाट विवेचना गर्दा समिति वैदिककालको विचार व्यक्त गर्न सक्ने र वालिग व्यक्तिहरूको जमघट हो । यसबाट के विश्लेषणात्मक अर्थ गर्न सकिन्छ भने सभा विशिष्ठ व्यक्ति वूढापाकाको भेला हो र समितिमा चाहिं राष्ट्रका सबै वर्गका बयस्क व्यक्तिहरू जम्मा भएर छलफल गर्न सक्थे । यो विवेचनाबाट सभाभन्दा समिति उदार र व्यापक थियो ।

अथर्व (८।१०।११) मा समितिका सदस्यलाई सामित्य भनिएको छ । त्यस्तै समितिद्वारा निर्धारित नीतिलाई वैदिक भाषामा मन्त्र (सल्लाह अथवा निर्णय) भनेको पाइन्छ । अथर्व (८।१०।११)

ऋ. ० (८।१०।११ तथा १०।१९१।३) मा समितिको निर्णयलाई मन्त्र भनिएको र समितिको सदस्यहरूको चित्त मन, तथा निर्णयमा एकमत रहोस् भनी प्रार्थना गरेको पाइन्छ । यसबाट सार्वजनिक महत्त्वका विषयमा समितिमा छलफल, वादविवाद हुन्थ्यो र मत विभिन्नता पनि हुन्थ्यो भन्ने संकेत पाइन्छ

ऋग्वेद (१०।१६६।४) मा समितिको सम्बन्ध चित्त र व्रतसँग जोडेको पाइन्छ । यसबाट समितिका सदस्यहरू विवेकपूर्ण छलफल गरेर एकनिष्ठासँग एक मतमा पुग्ने संकल्प गरून् र निर्णित विषयमा दृढरहुन् भनिएको हो भन्ने वेद विद्हरूको विचार छ ।

यजुर्वेदमा समिति विषयक चर्चा पाइदैन । तर अथर्व (६।६४।२) मा भने समितिका सदस्यको चित्तवृत्ति तथा उनीहरूद्वारा निर्णित मत सर्वसम्मतिको रहोस् भन्ने उक्ति पाइन्छ । यस प्रसङ्गबाट यस्तो तर्कना गर्न सकिन्छ-समितिमा पेश भएका समाजका विभिन्न पक्षका विषय–वस्तुहरूमा वादविवाद मत विभिन्नता हुन्थ्यो र सूक्ष्मतासाथ विवेचना गरिएको उक्त प्रस्तावमा निर्णयमा पुग्दा सर्वसम्मति अथवा पूर्ण बहुमतद्वारा पास गरिन्थ्यो र त्यो विषय सर्वमान्य हुन्थ्यो । राज्यको आन्तरिक तथा वाह्यनीति निर्धारण गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समितिको नै काम थियो । वैदिक भाषामा प्रस्तावको संकल्प र नीतिको मन्त्र शब्दले अभिहित गरेको पाइन्छ ।

समितिको वैठक के गरी बस्थ्यो वा बोलाइन्थ्यो, गणपूरक संख्याको व्यवस्था थियो वा थिएन भन्ने र मत–गणना सम्बन्धमा पनि के गरिन्थ्यो भन्ने कुरा वैदिकसाहित्यबाट स्पष्ट हुदैन।

यस्तै कार्य प्रणालीको विषयमा पनि स्पष्ट केही भन्न सकिदैन । परन्तु केही केही विषयमा भने समितिको काम कर्तव्यका संकेत पाइन्छ । यद्यपि यो संकेत पनि प्रत्यक्ष भन्न सकिन्न । तथापि संहिताका यी संकेतहरूले वैदिक आर्यजनहरू एकमत भएर राजाको वरण (राज्याभिषेक) गर्थे । यो कार्य समिति तथा सभासद्हरूको संयुक्तभेलाबाट गरिन्थ्यो ।

ऋग् ० (१०।१९१।३ तथा १०।१७१।१) र अथर्व (६।८७।१) अदिबाट उपर्युक्त कुराको पुष्टि हुन्छ । त्यसमा भनिएको छ–हे भावी राजन् ? आर्यविश (जनता) तपाईंको कामना गर्छन् । उनीहरू अचल छन् । तपाईं पनि सर्वप्रकारले दृढ भएर राजाको पदमा आसीन हुनुहोस् । तपाईं राष्ट्रबाट भ्रष्ट नहुनोस् ।

अथर्ववेदले स्पष्ट संकेत गरेको छ कि आर्यविशः (जनता) राजाको वरण गर्दछन् ।

अथर्ववेदको (७।७१।५ तथा ३।३।३–४–५) मा निष्काशित राजाको पुनः स्थापनाको निम्ति प्रार्थना गरिएको छ । यसको निम्ति समिति नै अधिकारी हुन्थ्यो भन्ने विद्वान्हरूले अर्थ गरेका छन् ।

यसबाहेक–राज्यको नीतिनिर्धारण, योजनामा विचार र कार्यान्वयन कुनै प्रस्तावको स्वीकार वा अस्वीकार गर्ने आदि काम पनि समितिको कार्य क्षेत्र भित्र पर्दथे भन्ने विद्वान्हरूको धारणा छ ।

विदथ र यसको क्षेत्र एवं महत्त्व

वैदिक आर्यहरूको सभा समिति जस्तै, "विदथ" पनि एउटा प्राचीन संस्था हो । यो सभा र समितिभन्दा अलग भएको बुझिन्छ यसको स्वरूप विषयक अन्वेषण गर्दा यो विद्या र ज्ञान सम्बन्धी तथा यज्ञ सम्बन्धी विवेचना र निर्णय गर्ने संस्था थियो । यसलाई आजको शब्दमा भन्ने हो भने प्रज्ञा प्रतिष्ठानको नाउँ दिन सकिन्छ । ऋग्वेदमा अनेक ठाउँमा विदथको उल्लेख भएको छ । यो सभा तथा समिति जत्तिकै प्राचीन र वैदिक आर्यहरूको मान्य समिति थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"विदथ" को विषयमा विद्वान्हरू एक मत छैनन् । ऋग्वेदको प्रथम मण्डलको आठौं सूक्तको पहिलो मन्त्रको आधारमा मि० जिमर 'विदथ'लाई वैदिक समितिकै एक उप-समिति भन्दछन् ।[१] मि० रायको विचारमा-विदथ, मूल समिति हो भन्ने छ । यसैबाट सभा समिति र सेनाको उत्पत्ति भएको मान्दछन् । ह्विटनी अथर्ववेदको भाष्य कर्ताको रूपमा प्रख्यात् छन् र उनी प्रथम काण्डको १३ रौं सूक्तको चौथो मन्त्रको आधारमा 'विदथलाई एक किसिमको परिषद् मान्दछन् ।' यस्तै डा० आर० एस० शर्माको विचारमा 'विदथ, सैनिक व्यवस्थासम्बन्धी समिति हो भन्ने छ ।

उपर्युक्त मतको उल्लेख गर्दै डा० श्यामलाल भन्छन् वेदको गम्भीर अनुशीलन गर्दा उपर्युक्त मत सर्वांशमा सत्य मान्न सकिदैन । वेदमा विदथको यत्र तत्र वर्णन पाइन्छ र त्यसबाट ज्ञान हुन्छ कि विदथ स्वतन्त्र संस्था थियो । त्यो समिति सभाको आमा वा छोरी होइन । "विदथ" शब्दको निष्पत्ति विद् धातुबाट हुन्छ र जसको अर्थ सत्यको खोज गर्नु भन्ने हुन्छ । यसबाट विद्थ विद्वान्को परिषद् हो भन्ने थाहा पाइन्छ ।

यस विषयमा भारतीय वरिष्ठ विद्वान् डा० अल्तेकरले जो मत व्यक्त गरेकाछन् त्यो नै समिचीन ठहरिन्छ । उनले विदथ शब्दलाई विद्वान् परिषद्कै नाउँ दिएकाछन् ।

ऋग्वेदको (७।९३।३) मा विदथमा विद्वान्–ब्राह्मणहरू एकत्र हुन्थे भनिएको छ । त्यसै (ऋ. ० ३।१।२) मा विदथ क्रान्तदर्शीहरूको संस्था भनिएको पाइन्छ । त्यस्तै अग्निको ज्वाला विदथको पताका भनेर वर्णन गरिएको (ऋ० १।६०।१) पाइन्छ ।

उपर्युक्त उद्धरणको विवेचना गर्दा "विदथ" विद्वान्हरूको परिषद् हो र यसले यज्ञसम्बन्धी विधि विधान र प्रक्रियाको साथै प्राणी मात्रको कल्याण हेतु-गम्भीर चिन्तन मनन गर्दथ्यो र विचारपूर्ण निर्णयहरू दिइन्थ्यो। यसमा तथ्यहीन तथा साधारण विषयमा विचार गर्ने गुन्जायस थिएन । शायद ब्राह्मण ग्रन्थ र आरण्यक तथा विज्ञान प्रविधि विदथकै निष्पति र अभिव्यक्ति हुन् । धर्मशास्त्र, इतिहास पुराणको सिर्जना र नीतिशास्त्रको छलफल र प्रयोग, तथा नवीन रचनाको मान्यता आदि पनि विदथकै कार्यक्षेत्र थियो भन्नु पर्छ ।

विदथको सदस्यता

उपर्युक्त विवेचनबाट "विदथ" एउटा वैदिक संस्था थियो जसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदस्य विद्वान् ब्राह्मण (ब्राह्मण कर्मी) हुन्थे । ब्रह्म चिन्तन, मनन, अन्वेषण विदथको काम थियो यसमा साधारण नर नारीको प्रवेश सम्भव थिएन । विदथको सार्वजनिक उत्सव प्रवचन व्याख्या आदिमा साधारण पुरुष-महिला उपस्थित हुन सक्दथे । धार्मिक काम कुरा गर्दा वादविवादमा उपस्थित रहेर फाइदा उठाउनु छुट्टै कुरा हो । सदस्यता प्राप्त गर्न चाहिं विशेष योग्यता र गुण नै चाहिन्थ्यो । ऋग्वेद (१।९१।२०) मा विदथको सदस्यता प्राप्त गर्नु सोमको कृपा हो भनिएको छ । यसकारण विशेष गुण विद्या विवेक नभइकन विदथको सदस्यता पाउन सकिदैनथ्यो भन्ने स्पष्ट थाहा हुन्छ ।

विदथको सदस्यता प्राप्त गर्नको निम्ति कतिपय विशेष योग्यताको आवश्यकता हुन्थ्यो । ऋग्वेदमा विदथको सम्वन्ध धीमान् ब्राह्मणसँगै वतलाइ-एको छ त्यस्तै अश्विनी कुमारहरूलाई यज्ञमा बोलाउने प्रार्थना मन्त्रमा भनिए-को छ–देवस्तुति (स्तोम) मा सिपालु दुई ब्राह्मण विदथमा आए जस्तै आउनोस् । यस्तै यजुर्वेदको एउटा मन्त्रमा–वैदिक कर्मकाण्डमा निष्णात धैर्य-वान् मनीषीगण विदथमा आसन ग्रहण गर्थे भनिएको छ । ऋ० (१।१६७। १) मा विदथमा आसन ग्रहण गर्ने आधिकारिक पुरुष त्यस्तालाई भनिएको छ जो सम्मेलनमा स्पष्ट, ओजपूर्ण, निर्भीक तथा सारयुक्त वचन बोल्नमा अभ्यस्त होस् । (ऋ० २।२।१३) तथा १।१६७।१)

त्यस्तै विदथको सदस्य को संख्या व्यवस्थापन प्रणाली र कर्तव्य एवं अधिकारका विषयमा भने पूर्ण परिचय गर्ने सामग्रीको वैदिक साहित्यमा अभाव छ । तथापि यो प्रजापतियुगको समाज परिचालन गर्ने परिषद्को सन्ततिरूपमा मान्न सकिन्छ ।

अध्यक्षता

वैदिक साहित्यमा विदथको अध्यक्ष विषयमा केही उल्लेख भएको पाइदैन । तैपनि अध्यक्ष अवश्यनै हुनु पर्छ । शायद त्यो वेलाको कुलपति (आश्रममा विद्यालय संचालन गर्ने प्रसिद्ध आचार्य) हुन्थे होलान् । यो एउटै व्यक्ति भइरहन्थ्यो या हेरफेर हुन्थ्यो भन्ने बारेमा सामाग्री उपलब्ध छैन । डा० श्यामलालको विचारमा प्रधान पुरोहित नै यो विदथका अध्यक्ष हुन्थे होलान् भन्ने छ । किन कि वैदिक साहित्य–(अथर्व १९।६३।१) मा पुरोहितलाई ब्राह्मणस्पतिको उपाधि दिएको छ । यजमानको आयु, प्राण-शक्ति, सन्तति, कीर्ति र पशुहरूको वृद्धि गराऊ भनिएको छ । त्यस्तै ब्राह्मण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तिलाई ऋग्वेदमा विदथका सञ्चालक एवं नियन्ता भनिएको छ । यसकारण मुख्य पुरोहित नै विदथका अध्यक्ष हुनुपर्छ भन्ने तर्क युक्ति संगत देखिन्छ ।

मुख्य पुरोहित हुन पनि ऋग्वेद-कालमा शस्त्र र शास्त्रका पूर्ण ज्ञाता, नीतिविद् तथा प्रशासनमा दक्ष हुनुपर्थ्यो । वैदिककालमा पुरोहित कुल वसिष्ठ, भरद्वाज, विश्वामित्र, कण्व र भृगु उपर्युक्त सबै विषयमा पारङ्गत र कुलपति (आश्रममा हज्जारन् विद्यार्थीलाई शिक्षा दिने) नै हुन्थे ।

विदथको कार्य

वेदमा विदथको कार्य यज्ञसँग नै जोडिएको पाइन्छ । यज्ञसम्बन्धी सम्पूर्ण विधि विधानको व्यवहारिक पक्ष निर्धारण गर्नु र तदनुसार गर्नु वा गराउनु पनि विदथको काम-थियो । अनुष्ठानसम्बन्धी सैद्धान्तिक र व्यवहारिक पक्षमा मत-भिन्नता भयो भने शायद त्यसमा एक मत ल्याएर कर्मकाण्ड निश्चित गर्नु पनि काम थियो भन्ने बुझिन्छ । यसबाहेक विदथको अन्य कार्यमा-सत्यको खोजी गर्नु र साधन जुटाउनु पनि हो, वेदमा सत्यलाई नै धर्म भनिएको पाइन्छ । लोक-मानसलाई धर्म-पथमा लगाउनु तथा चिन्तन र मननद्वारा प्रकृति, जीव, ब्रह्म, सृष्टि विषक खोजीगर्नु पनि विदथकै कार्य थियो भन्ने अनुमान हुन्छ । यही विदथको चिन्तन मन्थन र वादविवादद्वारा मध्यकालीन ब्राह्मण ग्रन्थ तथा उत्तर कालीन उपनिषद्हरूको बीज सिर्जना भएको मान्न सकिन्छ ।

यसले यज्ञ विधाको संपुष्टि गर्ने ब्राह्मण ग्रन्थ र अहिंसावादी उपनिषद् साहित्यलाई समन्वयकै स्थितिमा राखेर दुवै पक्षलाई वेदविहित बाटो नै हो भन्ने मान्यता प्रदान गरेको बोध हुन्छ ।

विदथ (विद्वत् परिषद्) मा चर्को रूपमा वादविवाद हुन्थ्यो तथा मत मतान्तर पनि उग्ररूपमा देखा पर्थे भन्ने कुरा विदथको नियन्त्रणहेतु प्रार्थना गरिएका मन्त्रहरूबाट जान्न सकिन्छ । साथै विदथमा प्रशस्त वाणीको प्रयोग निम्ति पनि प्रार्थना गरिएको छ । वेद कालपछि विद्वत् परिषद्को रूपमा प्रचलित विदथको अस्तित्व मेटिदैन । यसको सट्टा विद्वत्समिति वा परिषद्को अस्तित्व चाहिं प्राप्त हुने हुँदा विदथको काम विद्वत् समिति वा परिषद्ले पूरा गर्ने गरेको थियो होला भन्न सकिन्छ । उत्तर-वैदिककालमा आर्य-समाजले विपुलरूप धारण गरिसकेको थियो र सम्पूर्ण आर्यवर्तमा छरिएका विद्वान्हरूको टोलीले एक ठाउँमा भेला भएर विदथको काम पूरा गर्ने कुरा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्भव थिएन । यसै कारणले होला, धर्मशास्त्रका नियम नीतिहरूका केही पक्ष-हरूमा विभिन्न मतान्तर देखा पर्छ । अलग अलग विद्वद्परिषद्को गठन भएर कार्य सम्पादन हुन थालेपछि एक रूपता संभव भएन । वेदका शाखा विभाजन र कर्मकाण्डको पद्धतिमा केही पृथक्ता ल्याउनमा पनि यही नै कारण हुनसक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादटिप्पणी

(१) ऋच सामानि छन्दांसि पुराण यजुषां सह। उच्छिष्टा ज्जज्ञिरे सर्वे दिविदेवा दिविश्रिता ।। येन आसीद् भूमिपूर्वा यमद्धा तयाइद् विदुः ।। अथर्व. ११।७।२२
तथा-यो वै तां विद्यान्नामथा समन्थे तं पुराणविद् अथर्व ११।७।२२८।७

(२) ऋग्वेद १०।२६. तथा ऋ० १।२९।

(३) वैदिक इन्डेक्स १०६ पृ० भाग२ पृष्ट १५४ मैकाडनल तथा प्रो कीथ।

(४) ऐ ऐ मैकाडनल तथा प्रो कीथ।

(५) शत पथ ब्राह्मण (१३।५।४।५) ऐतरेय ब्राह्मण तथा धर्मशास्त्रका इतिहास भा० २ पृ० १५४ ले० पाण्डुरङ्ग वामन कांणे

(६) वृहदाख्यक उपनिषद् १।४।११।

(७) कौटिल्यको अर्थशास्त्र पृ० ४४-४५,-वाचस्पति गौरोला, चौखम्बा प्रकाशन।

(८) ऋग्वेद १।१६७।३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाँचौं अध्याय

आर्य राजाहरूको राज्याभिषेक प्रणाली

वेद–कालीन समाजको व्यवस्थामा सहयोग पुऱ्याउने अङ्गहरू सभा, समिति र विदथको विषयमा विगत अध्यायमा विचार गरियो। यी समिति र सभाहरूको अर्को मुख्य काम, राजाको वरणगर्ने पनि थियो भन्ने कुरा वैदिक साहित्यको अनुशीलनबाट थाहा पाइन्छ।

वैदिक कालमा समितिको अस्तित्वबारे विचार गर्दा सारा जनपदको मेला वा सम्पूर्ण वर्गका वयस्क व्यक्तिहरूले प्रतिनिधित्व गरेको संस्था नै समिति हो भनियो। यस्तो समितिको जमघट जनपद–राज्यमा मात्र संभव थियो। प्रजाहरूको संख्या थोरै हुन्थ्यो र राजाको वरण (राज्याभिषेक) मा सबै जम्मा हुन संभव हुन्थ्यो। पछिपछि राज्यविस्तार हुँदै गयो, जनपद-राज्य, विशाल राष्ट्र तथा साम्राज्यमा परिणत हुँदै गए। त्यसपछि सम्पूर्ण प्रजावर्गको समिति जम्मा हुने कुरा संभव भएन। उत्तर वैदिक कालमा राज्य व्यवस्थाको परिचालन गर्ने पदाधिकारीहरूको व्यवस्था भए अनुसार राज्याभिषेकको कार्यमा भाग लिने जनप्रतिनिधिमा परिगणत वर्गलाई 'रत्निन्' भनिएको पाइन्छ।

राजालाई राज्याभिषेकद्वारा वरण गरिदा राष्ट्रका तमाम प्रजाको पालना गर्ने र कर्तव्य–पथबाट कहिल्यै च्युत नहुँने एवं विदेशमा घुमेर धनोपार्जन गर्न अनुरोध गरिन्थ्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथर्ववेद (६।८८ र ८७) तथा ऋग्वेद (१०।१७३) का मंत्रले पनि राजाको बरण गरेर कर्तव्यको निर्देशन गर्दछन् ।

ध्रुवाऽच्युत पमृणीहि शत्रुंछत्रु यताऽधरान् पादयस्व–
सर्वादिशः समन् सः सध्रिची ध्रुर्वायते समिति कल्यतामहि।६।८८।३अथर्व।

यस्तै अथर्व (३।४।२) मा भनिएको छ – राज्यको निम्ति तपाईंलाई यसै विशः (समाज) ले वरण गरेको छ । यो पाँच मार्ग देखाउने समितिले पनि वरण गरून् । समस्त राष्ट्ररूपी शरीरको उत्तम स्थानमा आसीन भएर राज दण्डको बलले बलशाली भएर हामी प्रजाजनको निमित्त यथायोग्य स्थान र जीविकाको विभाग गरिदियोस् । यस्तै अथर्व (३।४।४–५–६) मंत्रहरूमा इन्द्र, बरुण, अश्विनी, आदि देवता सेनापति, मंत्री, समस्त विद्वान् तथा सेनाले पनि तपाईंलाई आफ्नो राजा स्वीकार गरून् । आफ्नो संकल्पद्वारा उत्तमधन प्रजालाई वितरण गर्न र हामीलाई दण्डयुक्त भएर रक्षा एवं धनधान्यको बिभाजन पनि गर्नोस् । हेराजन्[1] अत्यन्त टाढाका देशमा पनि आउने जाने गर्नुहोस्, द्यावापृथ्वीले तपाईंलाई रक्षा गरून् । सबैले योग्य शासक भनुन् र तपाईं योग्य भएर यो पद (राज पद) प्राप्त गर्नोस् ।

यी उर्युक्त वैदिक मंत्रको व्यवस्थाले राजाको निम्ति शुभकामना चढाएको र साथैं राजपदको गुरुतर भार सुम्पेर कर्तव्य–पथको बोध गराएको थाहा पाइन्छ ।

ऋग्वेद (१।२३।१४) तथा ऋ० (१०।११७।१) आदि मंत्रको परिशीलनबाट पनि राज संस्थाको स्थापनाको वैदिक कालको सिद्धान्तको बोध हुन्छ । उपर्युक्त मंत्रमा भनिएको छ–भयले समस्त जनताले राजाको वरण गर्दछन् । त्यस्तै दोस्रोमा –हे प्रस्तावित राजन् ! राष्ट्रवासी विशः तपाईंको चाहना गर्दछन् । तपाईं अचल भएर राज–पदमा आसीन हुनोस् तथा यो स्थानवाट भ्रष्ट नहुनोस् ।

यस्तै यर्जुवेदका कतिपय मंत्रहरूमा राज्याभिषेक सम्बन्धी कृत्यको वर्णन पाइन्छ । राज्याभिषेक सम्बन्धी कर्ममा समारोह स्थलमा उपस्थित जनसमक्ष पुरोहितद्वारा स्पष्ट तथा उच्च स्वरमा घोषणा गर्ने विधान छ, जसमा पुरोहितले अमुक क्षेत्रिय राष्ट्रका राजा बनाएका छन् भनिन्छ । यो घोषणाको एक अंशमा उक्त राजपदमा सुशोभित हुने क्षत्रियको निम्ति राष्ट्रवासी विविध वर्गका मानिसहरूको अनुमति प्राप्त गरि सकिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यजुर्वेदको एउटा मंत्रमा भनिएको छ – हे भावी राजन्, म (पुरोहित) जल र औषधीहरूले तपाईंको अभिषेक गर्दछु, तपाईंका माता, पिता, सहोदरभाइ, तपाईंका मित्र–गण तथा बन्धुवर्गहरू यो कार्यको अनुमोदन गर्दछन् ।,

यसबाट के थाहा पाइन्छ भने–माता पिता बन्धुगण र सहोदर भ्राताहरूको पनि सहमति आवश्यक मानिन्थ्यो । यस्तै राष्ट्रवासीको स्वीकृति सम्बन्धमा माथिनै उल्लेख गरियो । यजुर्वेद (९।२) मा यस्तो विचार व्यक्त गरिएको छ – राष्ट्रवासीद्वारा वरण गरिएका तपाईंलाई प्रीतियुक्त इन्द्रपदको निम्ति ग्रहण गर्दछु । यस्तै अथर्व (६।८८।३) तथा ६।८७।१ र ६।८७।२ मा उपर्युक्त प्रसङ्ग नै वर्णित छ । अथर्ववेदको एउटा मंत्रमा भनिएको छ– सबैलाई भयभीत (कम्पित) बनाउने क्षत्रियलाई मनुष्यगण राजा बनाउँछन्, जस्तै तारागण चन्द्रमालाई राजा बनाउँछन् ।[२]

उपर्युक्त तथ्ययुक्त सामग्रीबाट के कुरा स्पष्ट हुन्छ भने राजपद वरणशील थियो । वंश परंपरागत नै आएको कुरा ऋग्वेदको प्रसङ्गमा पाइन्छ भन्ने कुरा माथि उल्लेख गरिसकिएको छ । वंश परंपरामा पनि गुणी योग्य शूरबीर तेजस्वीलाई उक्त अधिकार दिंदा पनि प्रजावर्गको अनुमति मागिन्थ्यो । कारणबश राजपद रिक्त भएमा उक्त पदको लागि योग्य गुण सम्पन्न क्षत्रियको खोजी गरिन्थ्यो । यस्तो प्रथा, हिन्दूहरूको पछिसम्मकै परंपरामा पाइन्छ । लमजुङ्गेहरूले यशो ब्रह्मशाहलाई ल्याएर राजा स्थापना गरेका थिए र द्रव्यशाहलाई गोरखालीहरूले राजा स्थापना गरी वैदिक काल-देखि चलेको परंपराको निर्वाह गरेका छन् । राज–पद निम्तिवरण गरिने व्यक्ति राजन्य (क्षत्रिय) कुलकै हुनुपर्ने जरूरी ठानिन्थ्यो । क्षत्रिय बाहेक अन्यलाई राजा थाप्न निषिद्ध गरिएको प्रमाण पाइन्छ । ऋग्वैदिक कालमा राजपदको गणना वंश परंपरामा नै पाइए तापनि यस कुराको स्पष्ट अभि-व्यक्ति भने देखिंदैन । ऋग्वेदपछिको कालमा भने वंश परंपरामा राज–पद रहेको प्रशस्त उल्लेख पाइन्छ । शतपथ ब्रा० (१२।९।३।१) पनि भनि-एको छ – दुष्टरीतुर्ह पौसायनः । दश पुरुष राज्यापदरूद्ध आस । अर्थात् दुष्टरीतु राजा पौसायन वंशका दशौं राजा थिए । यसबाट स्पष्ट वंशानुक्रम थियो भन्ने थाहा हुन्छ । परन्तु–वंशानुक्रमले नै राजपद प्राप्त गर्दा पनि राष्ट्र-वासीको स्वीकृति आवश्यक हुन्थ्यो राज्याभिषेकको वैदिक विधि विधानमा उपर्युक्त वैदिक मंत्रको उच्चारणकासाथै अन्य प्रजागणका प्रतिनिधिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वीकृति सम्बन्धी कृत्यहरू पनि पूरा गरिनु पर्थ्यो ।

वैदिक सभ्यता ज्यादै प्राचीन हो । त्यस बेला साना साना जनपदमा विभाजित समाजमा योग्य, बुद्धिमान्, शूरो, पराक्रमी, राजन्य-वर्ग भित्रबाटै छानेर राजपदमा आसीन गराउने चलन भएको बुझिन्छ। एउटा गण ठूलो भएपछि एउटै जनपदमा बस्न संभव थिएन । खेतीयोग्य जमिन, पशुको लागि प्रशस्त घाँसपात भएको जङ्गल र चरन भूमिको खोजी गर्दै नयाँ नयाँ जनपद खडा गरिन्थे । एउटा जन-समूहको अर्को जनसमूहसँग स्वार्थ जुधेर युद्ध हुनु आश्चर्य थिएन । यसकारण, सर्व साधारण जनताको सुरक्षा पालनाको लागि गणभित्रका योग्य र बलिष्ट व्यक्तिलाई छानेर राज-पदमा आसीन गराउनु अनिवार्य हुन्थ्यो भन्ने कुरा पनि वैदिक साहित्यको अनुशीलनबाट जान्न सकिन्छ । पैतृक गुणनै विशेष गरेर सन्ततिमा सर्न हुनाले र यो बरीयताको स्थिति पनि राजकुलमा नै प्राप्त हुन सक्ने भएकोले शुरूदेखिनै वंश परं-परागत चलेको थियो भन्न सकिन्छ ।

राजा सर्वगुण सम्पन्न हुनु पर्थ्यो भन्ने कुरा पनि वैदिक साहित्यबाट थाहा पाइन्छ । वैदिक आर्यहरू त्यो प्राग् ऐतिहासिक कालमा निरन्तर सङ्घर्षद्वारा सभ्यता, संस्कृति, धर्मको विकास र प्रसार एवं संस्थापनामा संलग्न थिए । त्यस बेला, सर्वगुण सम्पन्न सुयोग्य राजाको नितान्त आवश्यकता थियो । उपर्युक्त कार्यमा सदैव सहायक हुन प्रशासनिक दक्षता, अदम्य साहस बल, पौरुष, शौर्य, राज्य विस्तारको भावना, सबै राजामा हुनु आवश्यक थियो । यसकारण वैदिक आर्यको निम्ति आदर्श राजा हुन इन्द्र समानका सबै गुण आर्य राजामा हुनुपर्थ्यो । सम्पूर्ण गुणले युक्त इन्द्रको वैदिक संहितामा उल्लेख भएको पाइन्छ ।

अथर्ववेद भूमि सूक्तमा-राजामा हुनु पर्ने गुणहरूको उल्लेख छ । त्यसअनुसार सत्य, उग्र, ऋत, दीक्षा, तप, ब्रह्म, यज्ञ आदि हुन् । यी गुणहरू राजामा हुनुपर्छ भन्ने आर्यहरूको धारणा रहेको पाइन्छ । यी गुणहरूमा सत्य पहिलो छ र त्यसलाई व्यापक अर्थमा बृहत्सत्यको संज्ञा दिइएको छ । यसबाट मानब-जीवनका हरेक पक्षमा सत्य यथार्थताको महत्त्व झल्कन्छ । दोस्रो गुण उग्र ऋत हो । ऋतको अर्थ, 'ऋतं मनसा यथार्थ सङ्कल्पनम्' अर्थात् दृढ सङ्कल्प नै उग्र ऋत हो भनिएको पाइन्छ ।[३] यसबाट राजा आफ्नो सत्य विचार तथा व्यवहारमा अटल हुनु आवश्यक ठानिएको छ । तेस्रो गुणमा दीक्षा भनिएको छ । दीक्षाको अर्थ हुन्छ व्यवहार कुशल र आवश्यक विषय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तुले सुसज्जित रहनु तथा वेला मौकाको काम गर्न सक्नु। चौथो गुण तप भनिएको छ। तपको वास्तविक गुण हो संयमी रहनु इन्द्रिय जयी हुनु। यी गुण राजपदको लागि अत्यावश्यक छन्। राजाका दैनिक कर्तव्य, नियमित हुनुपर्छ भनेर आर्य साहित्यका ग्रन्थहरूमा बताइएको छ। यस्तै पाँचौ गुण, ब्रह्म भनिएको छ। वैदिक साहित्यमा ब्रह्मको अर्थ व्यापक छ, सृष्टि, स्थिति, लय, र ईश्वरीय सत्ताको ज्ञानलाई पनि ब्रह्म भनिन्छ। ब्रह्मको ज्ञाता नै ब्राह्मण कहिन्छन्। यस्तै सृष्टि स्थिति सम्बन्धी व्यवस्थापन गर्ने विद्वत् गोष्ठीलाई पनि ब्रह्मको संज्ञा दिएको पाइन्छ। त्यस्तै सृष्टि कर्ता परमेष्टी प्रजापतिलाई पनि ब्रह्म भनिएको छ। ब्रह्मको अर्थ यहाँ विद्या गरिएको छ। अथवा माथि उल्लेख गरिएका ब्रह्म सम्बधी अर्थका ज्ञाता विवेकशील राजा हुनु पर्छ। छैटौं गुण हो यज्ञ। जीवनको श्रेष्ठतम कर्म नै यज्ञ भनिन्छ। यसकारण सत्यका ज्ञाता, दृढ सङ्कल्पी, व्यवहार कुशल, संयम, विद्याभ्यासी र श्रेष्ठ कर्मकर्ता नै राजपद पाउनको निम्ति वैदिक समाजमा योग्य क्षत्रिय भनिन्थे।

राज्याभिषेक सम्बन्धी सिद्धान्त

आर्य जनताको राजपद प्राप्तिको निम्ति उपर्युक्त गुणले युक्त भएपछि पनि अर्को महत्त्वपूर्ण प्रतिबन्ध राज्याभिषेकको रूपमा छ। प्रस्तावित राजा अथवा वंश परंपरागत हुने राज्य-पद प्राप्तिको निमित्त पनि राज्याभिषेक हुनु अनिवार्य हुन्छ। वैदिक सनातन परंपरामा अनभिषिक्त राजा अवैध मानिन्छन्। तैत्तिरीय ब्राह्मण (२।२।१०।२।१) मा उक्त प्रसङ्ग आएको छ। यसकारण आर्य-साहित्यमा राजालाई मूर्धाभिषिक्त भनिन्छ। राज्याभिषेकको विधि विधान सम्पन्न नभएसम्म सिंहासनरुढ भए पनि आधिकारिक रूपमा राजा भएको मानिदैन।

यसकारण वैधताको निम्ति र वास्तविक राजपदको अधिकारी हुन राज्याभिषेक हुनुपर्छ। यो विधि सम्पन्न भएपछि साधारण व्यक्ति पनि श्रेष्ठताको मान्यता प्राप्त गर्दछ। इन्द्र, देवताहरूमा कान्छा थिए। तथा राज्याभिषेक नभएसम्म साधारण देवमा उनको गन्ति हुन्थ्यो। महाराज्याभिषेक पछि उनी देवताहरूमा ज्येष्ठ र श्रेष्ठ गनिए। शतपथ ब्राह्मणमा पनि यो कुरा भनिएको पाइन्छ। राज्याभिषेक नै श्रेष्ठताको आधार हो।[४]

यो भनाइको तात्पर्य के हो भने वेदविद्याविद् र उपर्युक्त गुणले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पन्न भएका राजन्यवर्ग प्रशस्त हुन्छन् । त्यसमध्ये राज्याभिषेकद्वारा जसलाई राजपदमा आसीन गराइन्छ, उसले अन्य सारा समाजमाथि शासन गर्दछ ।

अजुर्वेद, कर्मकाण्ड प्रधान वेद हो । यसमा विभिन्न यज्ञयागादि सम्पन्न गर्न विधिविधान छन् । यस भित्र राज्याभिषेक पनि एउटा यज्ञ नै मानिन्छ । राज्याभिषेकको विधिविधान तथा त्यस वेलामा सम्पादन गरिने काम कुराहरू त्यसमा उल्लेख भएको पाइन्छ । राज्याभिषेकको अवसरमा विधिपूर्वक वरण गरिएका पुरोहितले अन्य आर्य जनताका प्रतिनिधिहरूका समक्ष राज्याभिषेक गरिने राजन्यहरूले गर्नु पर्ने विधि कृत्य सम्पन्न गरेपछि मात्र राज्याभिषेक कर्मको विधिविधान गरिन्छ । राजा घृतव्रत भनिएको छ । राज्याधिरूढ हुनको निम्ति आर्य परंपराअनुसार गरिने राज्याभिषेक कर्म पनि उल्लिखित प्रसङ्गबाट कठोर व्रत पालना गर्ने कर्मनै हो ।

यजुर्वेदको १०।३ मंत्रमा राज्याभिषेक कर्मको लागि यज्ञाग्निमा हवन गर्दै पुरोहितले अमुक राजन्यलाई राष्ट्रको जिम्मा दिइयोस् भनेर प्रार्थना गर्ने बचन छ ।

ऋग्वेदकालमा राजाको विशिष्ट स्थान मानमर्यादा प्राप्त भए पनि राजपद कसरी प्राप्त गरिन्थ्यो भन्ने विषयमा विधिवत् उल्लेख पाइदैन । किन्तु त्यसवेला सम्पूर्ण कुरा श्रुति परंपरा (सुनेर कण्ठस्थ राख्ने) भएकोले राजपद दिने र राज्याभिषेक गर्ने चलन थिएन भन्न सकिदैन । त्यही श्रुति परंपरागत आएका विषयहरू विसिन सकिने, भ्रम हुने भएकोले वेदको विशेष व्याख्या स्वरूप ब्राह्मण ग्रन्थहरू बनेको कुरा विद्वान्हरूले मानेका छन् । समाज बढ्दै गयो, यज्ञका विधिविधानका साथै नयाँ नयाँ यज्ञ गर्ने विद्या पनि बन्दै गए । पद्धतिहरू ज्यादै विस्तृत भएकोले सबै कण्ठस्थ राख्न पनि मुस्किल थियो ।

ऋग्वेदमा वर्णित शम्बर, पिपु, धुनि, चुमुरि, आदि दास जातिका सरदार असुरहरूलाई विजय गरेर ९९ गढ ध्वस्त पारेपछि राजा सुदासको महत्व बढेको थियो साथै दश आर्य राजाहरूसँग भएको युद्धको विपक्षबाट सम्मिलित भएका अन्य आर्य र आर्य भिन्न जनपदका गणलाई बिजय गरेपछि विशाल राष्ट्रको राजा सुदासको कीर्ति, मान प्रतिष्ठा एवं अधिकार क्षेत्रको साथै संप्रभुतामा पनि निकै वृद्धि भयो । सामान्य राजपद प्राप्तिको निम्ति राजसूय यज्ञ गरिने विधान छ । चक्रवर्ती राजाहरूले अश्वमेध यज्ञ गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा बाहेक यी यज्ञ गर्ने अधिकार अरूलाई हुँदैन । राजा सुदासले नै शायद पहिलो अश्वमेध यज्ञ गरे ।

इतिहासकार तथा वैदिक साहित्यका अन्वेषकहरूको विचारमा यजुर्वेद,अथर्ववेद र ब्राह्मण ग्रन्थको संकलन र प्रवचनकाल ऋग्वेदभन्दा पछिको हो भन्ने छ । उक्त साहित्यमा पाइने सामग्रीसँग ऋग्वेदको तुलनात्मक अध्ययन गर्दा पनि उपर्युक्त मन्तव्यको पुष्टि नै हुन्छ । यसकारण सम्राटको पद सिर्जना भएपछि आर्यहरू पूर्वतिर बढ्दै कुरु पञ्चालमा बस्न आए । पश्चिम उत्तरको सिन्धु–साम्राज्य र कुरु पञ्चालको भूभाग हस्तगत भएपछि आर्यहरूको सर्वतोमुखी विकास भयो । यसै सन्दर्भमा यजुर्वेदका नयाँ मंत्रहरू र अथर्ववेदका अंथर्वा अंगिरसद्वारा साक्षात्कार गरिएका र संकलन गरिएका मंत्रहरूको सँगालो अथर्ववेदको रूपमा संग्रह भयो । यसै बेलातिर नै ब्राह्मण ग्रन्थहरूको प्रारंभिक रचना भएको मानिन्छ । पछि पछि व्याख्या बढ्दै गए । संशोधन र परिवर्धन हुँदै गए । यसैले वर्तमान कलेवरमा ब्राह्मण ग्रन्थको संकलन हुन निकै समय लाग्यो होला । ब्राह्मण –ग्रन्थहरूको अनुशीलनबाट धेरै कुराहरूपछि संकलन भएको मानेता पनि त्यसका कतिपय विषयवस्तुहरू, जो मंत्र-संहितामा इङ्गित छन् त्यसलाई प्राचीन श्रुति परंपराबाट नै आएको मान्नुपर्छ ।

यो कुरा यहाँ किन उल्लेख गरियो भने वेदहरूमा राज्याभिषेकमा प्रयुक्त हुने मंत्रहरू प्रशस्त छन् तापनि त्यसको विस्तृत व्याख्या विधिविधान सम्बन्धी लेखाजोखा र यसका प्राचीन आख्यानहरू जो श्रुति परंपराबाट आए ती सबै कुरा ब्राह्मण–साहित्यमा मात्र पाइन्छ । ब्राह्मणग्रन्थ पनि वेद जत्तिकै प्रमाण मानिन्छ र प्राचीन भारत वर्षी मनीषीहरूले ब्राह्मण ग्रन्थलाई पनि श्रुति नै भनेका छन् । हाम्रा वैदिक कर्म काण्डहरूमा ब्राह्मण ग्रन्थका वैदिक मंत्रहरू पनि वेदकै रूपमा पाठ गरिन्छन् ।

राज्याभिषेकको विधिविधान ऐन्द्र राज्यहाभिषेकको नाउँले ऐतरेय ब्राह्मण भन्ने वैदिक ग्रन्थमा वर्णित छ । देवता गणको निम्ति इन्द्रलाई राजा बनाउँदा जसरी राज्याभिषेक गरियो त्यही नै नियम र विधिहरू आर्य परंपरामा आजसम्म प्रयोग हुन्छन् ।

शतपथ ब्राह्मण (५।३।५।२ तथा तैत्तिरीय ब्राह्मण । (१।७।१०।-१-६) मा राज्याभिषेकको वेलामा राजाबाट गरिने प्रतिज्ञाको उल्लेख भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । ऐतरेय ब्राह्मण (८।३।१५)मा उल्लेख भएको प्रतिज्ञा मंत्र यस प्रकार छ–

यांच रात्रिमजायेऽहं यां च प्रेतास्मि तदुभयमन्तरेणा इष्टा पूर्तं मे लोकं सुकृतमायुः प्रजा बृञ्जीया यदिते द्रुह्येयमिति ।।

अर्थ– जुन रात म पैदा भएँ तथा जुन रात मेरो मरण होला यी दुबै अवधि बीचको बेलामा जति मैले यज्ञीय अनुष्ठान गरें र गर्नेछु त्यो धर्मले पाउने स्वर्गलोक तथा आफ्नो जीवन र सन्तानले पनि वन्चित होऊँ यदि तिमीहरू (प्रजा प्रतिनिधि) लाई द्रोहगरें (दुख दिएँ) भने ।

उपर्युक्त प्रतिज्ञा अनिवार्यरूपले राज्याभिषेकको समयमा हिन्दू राजाहरूले गर्नुपर्छ । यो प्रतिज्ञापछि व्याघ्र–चर्म विछ्याइएको आसन्दी (काठको अग्लो पीठिका) मा बस्न मूल पुरोहितले आज्ञा दिन्छन् र सुवर्ण-को चालनुवाट विभिन्न तीर्थको जल र सर्वौषधि सहित शुक्ल यजुर्वेदका मंत्र (९।४०। तथा १०।१८) पढेर अभिषेक गरिन्छ । यस बेला पनि तीन खुडकिलामाथि चढेर काठको सिंहासन (पीठिका) माथि आसीन भए-पछि राज्यको राजपद प्रदान गरिन्छ ।

यस बेलामा शतपथ ब्राह्मणको मंत्र पाठ गरिन्छ, जो निम्न छ ।-

इयं ते राट् यन्तासि यमनो ध्रुवोसि धरुण ः।

कृष्यैत्वा क्षेमायत्वा रयैत्या पोबायत्वा । शतपथ० (५।२।१।२५।

अर्थ – खालीरहेको ठाउँमा राष्ट्रको नाउँ राखिन्छ र भनिन्छ तपाईंलाई यो राष्ट्र दिइएको छ । तपाईं नै यसको नियम (राष्ट्रको प्रशासन) गर्नेवाला हुनुहुन्छ र कृषिकर्मको निम्ति, राष्ट्र (प्रजावर्गको) कल्याण गर्नको निम्ति, समृद्धि (धन ऐश्वर्य पूर्ण गर्न) को निम्ति, पोषण (भरण पोषण) को निम्ति पनि तपाईं दृढधारण कर्ता (राज्यको दायित्व बोक्नको निम्ति) सुयोग्य व्यक्तिलाई यो राज्य प्रदान गरिएको छ ।

यी उपर्युक्त मंत्रोच्चारणपछि राज्य–सिंहासन ग्रहण गर्ने विधि छ । यी उपर्युक्त विधिविधान र वैदिक ब्राह्मणग्रन्थका मंत्रहरूको परिशीलन गर्दा वैदिक कालदेखि आजसम्म चलेर आएको हिन्दू राज्यको धारणा एवं मर्यादा भव्यरूपमा रहेको दृष्टिगोचर हुन्छ । यसको उत्तरोतर परंपरा सनातनदेखि नै चलिआएकोले हिन्दू जनताको राजसंस्था प्रति आस्था,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अटल विश्वास र सम्मान रहेको पाइन्छ ।

उपर्युक्त वेद वाक्यकै प्रतिज्ञा र कर्तव्यलाई व्याख्या गर्दै महाभारतको शान्ति पर्व (५९।१०६ र ७) मा यस्तो भनिएको छ ।–

प्रतिज्ञां चाधिरोहस्व मनसा कर्मणा गिरा ।
पालयिष्याम्यहं भौमं ब्रह्म इत्वेव चासकृत् ।
यश्चात्र धर्मो नित्याक्तो दण्डनीति व्यपाश्रय : ।
तमशङ्क करिष्यामि स्ववशो न कदाचन ।।

उपर्युक्त बचन राजा पृथुले राज्याभिषेकको अवसरमा गरेको प्रतिज्ञाको उल्लेख हो । यसको व्याख्या यस प्रकार छ—

म पृथु प्रतिज्ञा गर्दछु कि यो भूमि (राज्य)लाई ब्रह्म संझेर सदैव मन बचन र कर्मले रक्षा गर्नेछु । दण्नीतिको अनुसार नित्य धर्म (राजधर्म) बताइएको छ, त्यसअनुसार निर्भण भएर काम गर्ने छु र स्वेच्छाचारी हुने छैन ।

महाभारत तथा पुराणहरूको कथनअनुसार भारतीय राजाहरूमा पृथु आदर्श राजा थिए र मनुपछि या ब्रह्म(प्रजापति व्यवस्था)पछिका आद्यराजा हुन् भनिएको छ । यसरी राजा र प्रजाको बीच सुमधुर सम्वन्ध र परंपरामा अटूट विश्वास कायम रहने वैदिक परंपरादेखि नै चलिआएको हिन्दू राज्यको यो विधि बिधान छ ।

उपर्युक्त बिधि गर्दा प्रजा जम्मा भएर गर्ने तथा राज्यको समितिको मन्तव्य लिइनु पर्ने कुराको पहिले उल्लेख गरियो । उत्तर वैदिक कालमा सारा जनपद जम्मा हुने वा जनप्रतिनिधिको समिति जम्मा हुने कुरा पनि सजिलो रहेन । यसकारण राज्य–सञ्चालनमा मुख्य सहभागी हुने व्यक्तिहरू नै राज्यका समस्त प्रजाको प्रतिनिधि भएर राज्याभिषेक कर्म सम्पादन गरिने व्यवस्था गरिएको र उक्त समारोहमा राष्ट्रको प्रतिनिधित्व गर्ने एघार किसिमका व्यक्तिहरूले अभिषेक गर्ने विधि बन्यो ।

शतपथ ब्रा० (५।३।५।२) अनुसार उक्त ११ जना व्यक्तिहरू ' रत्नी ' कहिन्थे । शतपथ० (५।३।१) अनुसार सेनानी (सेनापति) १ पुरोहित २ अभिषेक लिने राजा ३ महिषी (पट बन्धा रानी) ४ सूत (रथ हाँक्ने सारथी र कीर्तिगाथा गाउने काम पनि यिनीहरू कै थियो) ५ ग्रामणी (ग्रामको व्यवस्था गर्ने जननेता) ६ क्षतृ (भूमि प्रशासक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संगृहितृ (कोषाध्यक्ष) ८ भागदुह (मालगोत र कर असूल गर्नेअधिकृत) ९ अक्षावाम (महालेखापाल) १० गोविकर्त (वन व्यवस्था अधिकारी) ११ किसिमका पदाधिकारी मुख्य मानिएका छन्। वेदमा राजकृत (राज्य सहायक) भनिएका व्यक्तिहरू नै पछिल्लो वैदिक कालमा मुख्य रास्ट्र प्रतिनिधि गनिए। राज्याभिषेकमा यिनै प्रतिनिधि र चारवर्णका प्रतिनिधि समेत भएर अभिषेक परंपरा छ।

राजपद प्राप्तिको घोषणा

राजाको राज्याभिषेक सम्बन्धी कर्म विधिवत् समाप्त भएपछि यो समारोहमा उपस्थित भएका जन समुदायका समक्ष मूल पुरोहितद्वारा नयाँ राजा प्रकट भएको घोषणा गरिनु पर्छ। घोषणामा भनिने वचन यस्तो छ–

हे मनुष्य वर्ग ! नयाँ राजा प्रकट हुनु भएको छ। तपाईंहरू सबैले परिचय गर्नोस् र अनुमोदन पनि गर्नोस्। उहाँ तपाईंहरूको लागि उस्तै उपयोगी, उपकारी, पालना कर्ता हुनुहुन्छ. जस्तै गृहपतिहरूका लागि अग्नि छन्। इन्द्र जस्तै अतुल सम्पति दाता, कर्तव्य पालनमा धृतव्रती मित्र र वरुण जस्तै हुनुहुन्छ। महान धनको स्वामी पूषा जस्तै सबै किसिमको कल्याण गर्न र सुखदिन द्यु० र पृथ्वी कै समान सन्ततिरूपी प्रजा-को निम्ति माता अदिती समान हुनुहुन्छ।

यसरी राज्याभिषेकपछि प्रजावर्गमा अमुक व्यक्तिलाई राजपद दिइएको छ भन्ने परिचयका साथै उपयुक्त वाक्य (वेदवाक्य) पढेर घोषणा गरिने विधि पनि मुख्य अङ्गकै रूपमा मानिन्छ।

समकालीन राजाहरूबाट मान्यता

आधुनिक युगमा पनि कुनै नयाँ राज्यको उदय भएमा विभिन्न राज्यबाट मान्यता नपाउन्जेल त्यो राज्य बैध मानिदैन। नयाँ बनेको मन्त्री-मण्डलको निम्तिमा पनि छिमेकी मित्र राष्ट्रबाट समर्थनको अपेक्षा गरिन्छ। यो परम्परा प्राचीन युगमा पनि रहेको थाहा हुन्छ। नवोदित राजालाई समकालीन राजाहरूको मान्यता आवश्यक थियो। समर्थन नपाएसम्म राज-पदको वैधता मानिदैनथ्यो।

यसै कुरालाई शतपथ ब्राह्मणमा स्पष्ट उल्लेख गरेको पाइन्छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्मै वै राजानो राज्यमनुमन्यन्ते स राजा भवति न स यस्मै न ।

अर्थ–जसलाई अन्य राजाहरूले मान्यता दिन्छन् ती मात्रै वैधराजा हुन्छन्, जसलाई मान्यता मिल्दैन त्यो वैध राजा हुँदैन ।

उपर्युक्त वैदिक वाक्यबाट प्राचीन वैदिककाल देखिनै राजापदको निम्ति अन्य राष्ट्रका राजाहरूबाट मान्यता प्राप्त गर्नु अझ कठिन थियो भन्ने अनुमान गर्न सकिन्छ । किनभने राष्ट्रले सबल र योग्य व्यक्तिलाई राजा बनाउँथ्यो । त्यसता राजालाई मान्यता दिएपछि आफूमाथि चाँडै आइलाग्छ कि भन्ने शङ्का पनि स्वाभाविक हुन्थ्यो । नवोदित राजालाई पूर्व, पश्चिम, उत्तर, दक्षिण दिग्विजय गर्नको निम्ति साइत गर्न प्रेरणा दिएको यजुर्वेदका मन्त्रहरूमा देखन पाइन्छ ।

हे राजन् ! राष्ट्रविरोधी प्रजालाई दुःख दिने प्राणीको नाश गर्न पूर्वतिर प्रस्थान गर । दक्षिण दिग्विजयको निम्ति प्रस्थान गर । पश्चिम दिग्विजयको लागि प्रस्थान गर । उत्तर विजय हेतु प्रस्थान गर । ऊर्ध्व विजयको लागि प्रस्थान गर । यस प्रकारका आदेश दिने मन्त्रहरू यजुर्वेदमा पाइन्छन् ।

उपर्युक्त कथनबाट के तथ्य बुझन पाइन्छ भने नयाँ राजाको शौर्य, क्रियाशीलता, क्षमता के कस्तो छ र प्रजा-पालन, श्रीवृद्धि र रक्षा, उन्नति गर्ने क्षमता छ छैन जनता हेर्न चाहन्थे राज्याभिषेक पछिको यो पनि मुख्य कृत्य नै मानिन्थ्यो । लिच्छवि राजा मानदेवको शिलास्तंभ (वि. सं. ५२१) को अभिलेखबाट पनि यो परम्पराको निर्वाह गरिन्थ्यो भन्ने थाहा पाइन्छ । मानदेवले राज्य प्राप्तिपछि पूर्व पश्चिमका सामन्तहरूलाई वशवर्ती बनाएर विजयको उपलक्षमा चाँगु स्थित चाँगु नारायणको विधिवत् पूजा आजा गरी गरुड स्तंभ (विजय स्तंभ) खडा गरेका थिए ।

यो परम्परा कहिलेसम्म रह्यो त्यस्को निश्चयरूपले लेखाजोखा गर्न सकिदैन । तर नयाँ राजा भएपछि अवस्था र समय हेरेर राज्य वृद्धिमा प्रयत्नशील रहेका राजाहरूको क्रम मल्ल कालसम्म नै देखा पर्छ । शाहकालमा आएर एउटा विशाल राज्य नै खडा भएको र साना ठूला राजा रजौटा भएको मुलुकको एकीकरणको काम श्री ५ वडा महाराजाधिराज पृथ्वी नारायणबाट शुरू भएर पाँच पिढीसम्म नै रह्यो ।

वैदिककालका राज्यको स्वरूप

प्राचीन आर्यहरूको राज्य-व्यवस्था सम्बन्धमा विशद विवेचना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएका राज शास्त्र सम्बन्धी ग्रन्थहरू उपलब्ध छन् । पुराना आचार्यहरूले राज्यलाई सप्त प्रकृति अथवा सप्ताङ्ग युक्त भनेका छन् । महाभारतमा यी सात अङ्गहरूमा राजा, अमात्य, कोष, (धन) दण्ड (सेना) जनपद (ग्राम समूह) र पुर (नगर) लेखा गरिएका छन् ।[६] यस्तै मनुले स्वामी, अमात्य, पुर, (दुर्ग) राष्ट्र, कोष, दण्ड, सुहृद्, यी सात कुरालाई सप्त प्रकृति मानेका छन् ।[७] राजनीतिका मूर्धन्य मानिएका महर्षि कौटिल्य (चाणक्य) आफ्नो अर्थशास्त्र भन्ने ग्रन्थमा मनुकै सात अङ्गको वर्णन गर्दछन् ।[८] यसपछिका राजनीतिका विवेचक जति पनि आर्य परम्परामा भए ती सबैले उपर्युक्त सात कुरा नै सप्ताङ्गमा लिएको पाइन्छ ।[९] यो राज्यको सप्ताङ्गको परिकल्पना कहिले देखि शुरू भयो भन्ने कुरा निश्चय गर्नभने सकिदैन । वैदिक साहित्यमा राष्ट्रको नाम आएको छ र राष्ट्र कस्तो हुनु पर्ने हो त्यसको उल्लेख पनि यजुर्वेद (२२।२२) को मन्त्रअर्थबाट थाहा पाउन सकिन्छ । पुर (दुर्ग) सेना, धनको पनि उल्लेख भएको छ । सुहृद्को बारेमा पनि माथिको उक्तिले कल्पना गर्न सकिन्छ । किनकि राज्यका मित्रराष्ट्रहरू छैनन् भने राज्याभिषेक पछिका राजालाई मान्यता कसले दिने ? । शत्रुराज्यबाट स्वीकृतिको आशा गर्न सकिदैन । साथै सबैतिर शत्रु राज्य मात्र भएमा राज्यको स्थिरता पनि सम्भव हुँदैनथ्यो । यसकारण राज्यको मित्र पनि हुनुपर्छ भन्ने सिद्धान्त वैदिककालको नै विचार मात्र सकिन्छ । वैदिककालमा अमात्य (मन्त्री) पदको कार्यभार पुरोहितले लिएका हुन्थे । वेद, विद्या तथा दण्ड नीतिमा पारङ्गत तथा रण-कौशलको ज्ञाता र यज्ञ यागादि विधि विधानमा पनि अग्रणी कुलपति नै राजाका गुरु पुरोहित र मन्त्री हुन्थे । पछिपछि राज्य विस्तार भएर कार्य-भार पनि बढेपछि मन्त्रीहरूको आवश्यकता पनि बढ्न गयो र अमात्य गणको स्थापना गर्ने परिपाटी पनि बस्यो होला भन्न सकिन्छ । पछिल्लो कालसम्म नै गुरु तथा पुरोहित मन्त्री मण्डल भित्रै पर्दथे र विशिष्ठ आचार्य नै प्रधानामात्य रहन्थे भन्ने कुरा पनि निर्विवाद जस्तै छ । ऐतिहासिक तथा पौराणिक कालमा पनि ब्राह्मणकुलका विद्वान्हरू नै प्रधान मन्त्रीको पदमा आसीन रहेको पाइन्छ । बुद्धकालका वर्षकार, नन्द साम्राज्यका राक्षस, मौर्यकुलका संस्थापक आचार्य (विष्णु गुप्त) चाणक्य तथा पुष्प मित्र, (शुङ्ग) र कण्ववंशी राजा जो पहिले मगध साम्राज्यका मन्त्री थिए, ती सबै ब्राह्मण कुलका थिए । यस्तै दक्षिण भारका सातवाहन तथा चोल-साम्राज्यको इतिहा सबाट पनि थाहा पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै वैदिक कालमा सेना राज्यको प्रमुख अङ्ग थियो र सेनाका सर्वोच्चपति राजा नै हुन्थे तथापि सैन्यको तालिम व्यवस्था परिचालनको निम्ति सेनानी तथा सेनापति हुनु अनिवार्य नै थियो ।

राष्ट्रको सुरक्षाको निम्ति सीमाना सीमानामा किल्ला (दुर्ग) बनाइन्थे, अयस् मय (फलामे) दुर्ग (पुर) को वर्णन ऋग्वेदमा पाइन्छ । शम्वर, धुनि, पिप्रु, आदि दास राजाका यस्तै फलामे दुर्ग थिए । आर्य राजा-हरूलाई यी दुर्ग विदीर्ण गरेर असुर सर्दारहरू उपर विजय गर्न चालिस वर्ष लागेको थियो। यस कुराबाट आर्यहरूले पुर (दुर्ग) को महत्त्व भलिभाँति बुझेका थिए। यसै कारण पछिको कालमा पनि दुर्ग राष्ट्रको मुख्य अंगनै मानियो । चाणक्यले आफ्नो अर्थशास्त्र भन्ने पुस्तकमा दुर्ग-निर्माणको विविध-ताबारे विशद वर्णन गरेका छन् । जलदुर्ग, स्थलदुर्ग, शैलदुर्ग, धान्व (मरुस्थल) दुर्ग आदि अनेकन किल्लाहरू बनाएर राष्ट्रको रक्षा गरिन्थ्यो ।

उपर्युक्त तथ्यको विवेचना गर्दा राज्यका सप्तङ्गको उत्पत्ति पुरातन वैदिक कालमा नै भएको मान्नुपर्दछ । यसको परिगणना गर्ने परम्परा पनि वैदिक-संहिता भिन्न अन्य वेदकालीन साहित्यमा भएको हुँदो हो, जसको व्याख्या पछिल्लो साहित्यले गरे । वैदिक कालको सम्पूर्णता पौराणिक कालमा आएर अपूर्ण हुन सक्तछ र कौटिल्यको अर्थशास्त्र आजको युगमा आएर अपूर्ण र कतिपय अंशहरू अनावश्यक भएका छन् । समाजको गति र आवश्यकता हेरेर नै नयाँ परिभाषा बन्दै जान्छन् तथा विषय वस्तुहरू थपिदै जान्छन् । वैदिक संहितामा राष्ट्रको नाउँ प्रशस्त ठाउँमा आएको छ । किन्तु राष्ट्र के कस्तो हुनु पर्ने हो भन्ने साङ्गोपाङ्गो वर्णन नभए तापनि पनि ब्राह्मण, क्षत्रिय, वैश्य, शुद्र, चार वर्ण र यी वर्ण भित्रमा विभिन्न पेशागत काम गर्ने तक्ष (शिल्पी) कर्मकार, चर्मम्न (चमार) सुचीकार, कुंभकार (कुमाले) पणि (बनियाँ) आदि थिए । तर यी विश (प्रजा) अन्तर्गत नै मानिन्थे र जातिको विकास भएको पाइदैन । निर्वाहहरूको निम्ति सबै वर्णले सबै किसिमको काम गर्न सक्तथे भन्ने कुरा ऋग्वेदका (बिभिन्न) मन्त्रबाट जान्न पाइन्छ ।

वैदिक संहितामा राज्यका चारतत्त्व

वेद सम्बन्धी अनुसन्धान गर्ने विद्वान्हरूको विचारमा वैदिक काल-मा राज्यका मुख्य तत्त्व चार कुरा मानिन्थे भन्ने छ । ती चार हुन्-ब्रह्म, क्षत्र, विश, राष्ट्र । ऋग्वेद (१०।१२४।१) तथा यजुर्वेद (२०।८) मा राष्ट्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाउँसँगै विशको नाउँ पनि आएको छ । राष्ट्रको अर्थमा भू-भाग र विशको अर्थमा जनताको प्रयोग भएको छ । अथर्ववेद (१३।१।९) मा पनि भूभागको निम्ति राष्ट्र र त्यसमा बस्ने (विश) प्रजा अथवा जनताको उल्लेख भएकोले राष्ट्र र विश (जनता) दुई छुट्टै तत्त्व मानिन्थे भन्ने थाहा पाइन्छ ।

वैदिक साहित्यमा तेस्रो तत्त्व हो क्षात्र जसलाई राजन्य पनि भनिएको छ । सम्पूर्ण समाजको रक्षा गर्ने सामर्थ्य जसमा छ र जसले धर्मको पालना गर्छ त्यो वर्ग नै क्षात्र अथवा क्षत्रिय भनिन्थ्यो । क्षात्र एउटा धर्म विशेष भयो । त्यो धर्म (व्यवसाय) को पालना राजन्य कुलबाट हुन्थ्यो राष्ट्रको अध्यक्ष(राजा)भएर क्षत्र धर्मको पालना गर्ने अधिकार पनि केवल क्षत्रिय वर्गलाई मात्र थियो । यो कुरा पछिल्लो साहित्यमा पनि उल्लेख छ । कालीदासले रघुवंश महाकाव्यमा पनि नाशहुनुबाट बचाउँनेकाम गर्ने हुँदा क्षत्रिय भनिएको हो भन्ने ऊल्लेख गरेका छन् । (रघुवंश दोस्रो सर्ग ।)

यद्यपि विशः (प्रजा) को उल्लेख भित्र नै क्षत्रिय पनि पर्न सक्तथे । किन्तु त्यो आदिम युगमा विभिन्न यायाबर (घुमन्ते) जातिको आगमन र आक्रमण भइरहने युग भएकोले रक्षक गणको राष्ट्रमा प्रमुख स्थान रहनु जरुरी थियो । शान्ति, सुरक्षा भएपछि मात्रै कृषि, पशुपालन, वाणिज्य व्यवसायहरू चल्न र मौलाउन सक्तथे । यसै वर्गबाट राजा हुने र राष्ट्रको मुख्य जिम्मेवारी सुरक्षा हुने भएकोले राष्ट्रको मूल तत्वमा "क्षात्र" रहेको थियो ।

हातमा शास्त्रास्त्र लिएको राजन्य वर्ग, स्वतंत्रताको आडमा कहिले काँही उच्छृंखल र अनियन्त्रित हुने र यसबाट समाजमा कुपरिणाम पनि निस्कने भएकोले नियन्त्रण राख्नु जरुरी थियो । स्वच्छन्दता र बीरता नै कहिले कहिले मर्यादाको अतिक्रमण गर्ने हुन्छ र राज्य तथा विशको नै नाश हुने अवस्था पनि आउन सक्छ । यसकारण यी शक्तिलाई मर्यादित र नियन्त्रित राखेर उपयोगी बनाउनु आवश्यक भएकोले एउटा वलको सर्जन गर्नुपर्ने हुन आयो । यही वल वैदिक साहित्यमा ब्रह्मबल, ब्रह्म (एउटा विशिष्ठ विद्धद् जनको परिषद्) र त्यसका प्रमुखलाई प्रजापति (ब्रह्म) भन्दथे । पौराणिक उपाख्यानबाट आदि कालमा यस्ता प्रजापति रहेको थाहा पाइन्छ । दक्ष, कश्यप, अत्रि, आदि विशिष्ठ विद्धान्हरू प्रजापति भएका थिए र देव, असुर, नाग, गन्धर्व, आदि विभिन्न आदिम जातिहरूमा समान रूपले प्रभावशाली थिए यस्ता ब्रह्मले भनेको सबैले मान्दथे ।

यही ब्रह्म-बलका प्रतीक पछिल्ला समयमा ब्राह्मणहरू मानिए । ब्रह्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बल अर्जन गर्न वेदविद्याको विशिष्ठ ज्ञाता, तपस्वी, त्यागी, प्राणीमात्रको कल्याण हेतु सतत प्रयत्नशील रहने ब्रह्म-समाजद्धारा राजन्य वर्गको पथ-प्रदर्शन गर्ने, धर्म शासन गर्न प्रेरित गर्ने र राम्री कार्यमा सर्वत्र सहयोग जुटाएर सहयोग गर्ने ब्रह्मबल भएकोले राज्यका चार तत्त्व - ब्रह्म, क्षात्र, विश (प्रजा) तथा राष्ट्रको परिकल्पना गरिएको पाइन्छ ।

उत्तर वैदिककालमा राज्य तत्त्व

समय वित्तै जाँदा समाजको विकास पनि बढ्दै गयो । राज्य-व्यवस्थामा पहिले स्वीकृत गरिएका विषयवस्तुहरू अव्याप्ति हुनु पनि स्वाभाविक भयो । धार्मिक प्रशासनको क्षेत्र पनि बढेकोले ब्रह्मलाई राज्यको मुख्य तत्त्वमा परिगणित भएर सहयोग गर्ने काम सजिलो रहेन । फेरि वेदको उत्तरकाल (उपनिषद् काल) मा ब्रह्मको अर्थ पनि व्यापक भयो । विश्व-समष्टि -रूप ब्रह्मको चिन्तन उत्तर ऋग्वेदकालमा नै भइसकेको थियो । विश्वरूप ब्रह्मको मुख ब्राह्मण वर्ग हो, राजन्य हात हो र पेट, उरू, जाँघ बैश्य र उभिने पाउ ब्रह्मको शूद्ररूप हो भन्ने कुरा मान्य भइसकेका थिए ।

यसरी ब्रह्म (ईश्वरीय सत्ताको विभूतिस्वरूप) ईश्वरको कल्पनामा गरिएको समाज-रचना निकै नै महत्त्वपूर्ण चिन्तनको सत्यता थियो । वास्तवमा पाउ नभए उठ्नै नसक्ने अरू गोडा जाँघ जिउ नभए स्वरूप नै नहुने र हात नभए केही गर्ने क्षमतारहित हुने तथा मुख-वाक्शक्ति नभएर अर्थहीन शरीर हुने भएकोले चारै किसिमको काम प्राणी समाजरूपी ब्रह्मको लागि आवश्यक थियो ।

ऋग्वेदको दशौं मण्डलमा उल्लेख भएको पुरुष सूक्त वेदकालीन महर्षिहरूको गहन चिन्तन, मन्थनको परिणाम हो र हिन्दूदर्शनको पहिलो उद्गम स्थान पनि हो जसबाट विकसित हिन्दूदर्शन शास्त्रद्धारा यो जाति जीवन्त रहेको छ ।

समाजको परिकल्पनामा ब्राह्मण, क्षात्र, बैश्य, शूद्र चारवर्ण राष्ट्रको अङ्ग मानिए तापनि ब्रह्मले यो लोकमा बिभूतियुक्त कार्य गर्न सकेन । ब्रह्मले अनुभव गऱ्यो कि क्षेत्रको स्वभाव उग्र हुन्छ र नियन्त्रणमा राख्न गाह्रो पर्छ । ब्रह्मले सर्वत्र दृष्टि पुऱ्याउन पनि संभव छैन । यसकारण केही हुनु आवश्यक छ भन्ने सोचेर अतिशय श्रेयको सिर्जना गरियो । यही श्रेय रूप नै धर्म कहलायो, यो धर्म क्षेत्रको पनि क्षेत्र हो (तदेतत् क्षत्रस्य क्षत्रम्) अर्थात क्षत्रलाई पनि नियन्त्रणमा राख्ने हुनाले धर्मभन्दा उत्कृष्ट वस्तु अर्को भएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मको नियामक अरू कोही भएन । धर्म नै सबैमाथि प्रभु भएकोले संप्रभूता (Sove reingty) को रूपमा धर्मको उदय भएको विद्वान्हरू मान्दछन् ।

बृहदारण्यक उनिषद् (१।४।१४) को उक्तिद्वारा माथिको विवेचन गरियो । साथै धर्मको स्वरूप स्पष्ट गर्दै त्यसैमा भनिएको छ जो सत्य हो त्यही नै धर्म हो जो अनृत (झुट्टा) हो त्यही नै अधर्म हो । सत्यवादी भन्नु र धर्मवादी भन्नुमा अन्तर छैन । सत्यनिष्ठ ऋषि महर्षिहरूले जो सदाचारका नियमहरू बनाएका छन्, लोक कल्याणका निम्ति जो विधि विधान छन्, तदनुरूप नै सबैले काम गर्नुपर्दछ । ती नियम र विधानको उल्लङ्घन गर्ने अधिकारी क्षत्री वा बैश्य होइनन् ।

बृहदारण्यक उपनिषद्मा धर्मको उत्पत्ति सम्बन्धको वर्णनसँगै क्षेत्रको उत्पत्तिको वर्णन पनि गरिएको छ । त्यसमा भनिएको छ - पहिले ब्रह्म (बगोबृद्ध विज्ञ समाज) मात्र थियो, यो एक्लो परेकोले विभूतियुक्त कार्य गर्न सकेन र श्रेयोरूप क्षत्रको सृष्टि गऱ्यो । देवतामा इन्द्र, वरुण, सोम, मेघ, यम आदि क्षत्रिय उत्पन्न गऱ्यो । ब्रह्मले अतिशय रूपबाट क्षेत्रको सिर्जना गरेको हो । यसकारण क्षत्रियले उत्कृष्ट ब्राह्मणको पनि नयमन गर्छन् । यसैकारण राजसूय यज्ञमा (राज्य प्राप्तिको लागि गरिने यज्ञ) आफू, तल बसेर उच्च आसनमा प्रतिष्ठित क्षत्रियको उपासना गर्ने विधान छ ।[१०] जो क्षत्रिय यो ब्राह्मणको नाश गर्दछ, त्यो पापी हुन्छ ।

यसरी बृहदारण्यकमा व्यक्त विचारहरूबाट लोकको शासन गर्नको निमित्त ब्रह्मले क्षत्रियको सृष्टि गरेर लोकका अधिपति बनाए । आर्य राज्यसत्तामा राजाहुन क्षत्रिय नै अधिकारी हुन्छ । संप्रभुता चाँहि धर्ममा निहित हुन्छ । धर्मको नियन्त्रणमा बसेर शासन गर्ने अधिकार चाँहि विधिवत् राज्य-भिषेक द्वारा प्राप्त राज्य सिंहासनमा बसेपछि मात्र प्राप्त हुन्छ ।

उपर्युक्त प्रकरणबाट ब्राह्मण, बैश्य, तथा शूद्र आर्य परम्परामा राज-पद पाउने अधिकारी हुन सक्तैनन् भन्ने थाहा पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादटिप्पणी–

१. यजुर्वेद ६।९।
२. अथर्ववेद ६।१२८।१
३. यजुर्वेद भाष्य (महीधर)
४. तथेनम म्यषि चं स्ततो वैस देवानां श्रेष्ठी भवच्छ्रेष्ठः ।
स्वातां भवति य एवं मभिषिच्यते । शतपथ ब्रा.
५. यजुर्वेद १०।१० तथा १०।११ र १०।१२ एवं १०।१३, १०।१४
६. महाभारत अनुशासन पर्व ६९।६४
७. मानव धर्म शास्त्र (९।२४९)
८. अर्थशास्त्र (६।१।१)
९. शुक्रनीति (१।६१)
१०. वृहदारण्यक उपनिषद् १।१।११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैटौं अध्याय

वैदिक संहितामा राज्यका कार्य कर्ता

वैदिक संहितामा राज्यका विविध पद, अधिकार, एवं अधिकारीको विषयमा क्रमबद्ध लेखाजोखा गरेको प्रसङ्ग पाइदैन । यत्रतत्र छरिएका सांकेतिक सामाग्रीबाट अन्वेषक विद्वान्हरूले केही तथ्य निकालेका छन्

वैदिक मन्त्रहरूमा छरिएका प्रार्थना मन्त्रहरूको अन्वेषणबाट कतिपय राज्यका कार्यकर्ताहरूको संक्षिप्त परिचय प्राप्त गर्न सकिन्छ ।

अथर्ववेद (३।५।७,६) मा राज-कर्ता पाँच जना बताइएको छ । रथकार (सूत) कर्मार (शिल्पी) सूत (राजाको इतिहास जान्ने कीर्ति गाथाको रचनाकार) ग्रामणी (गाउँको प्रधान र नेता) राजगण (भावी राजा समेत) को उल्लेख छ ।

तैत्तिरीय ब्राह्मणमा राज कर्ताको संख्या ब्राह्र पुगेको छ । ब्राह्मण (पुरोहित) राजन्य (भावी राजा) महिषी, वावाता, परिवृक्ति, सूत, सेनानी, ग्रामणी, क्षत्रिय संगृहीता, भागदुध, अक्षवाप, यसमा राजन्व राजाको रूपमा विद्वान्हरूले गणना गरेकोले अन्य एघार पद राज्यका मुख्य कर्मचारी मानिन्छन् ।

शतपथ ब्राह्मण (५।३।१।१) मा अन्य दुई गोविकर्तन र पालागल बढेका देखिन्छन् । भने मैत्रायणी संहिता (यजुर्वेद २।६।५) मा दुई अन्य, तक्षण, र रथकार बढेका छन् । पञ्चविंश ब्राह्मण (१९।१।४) मा राज्याभिषेकमा सामेल हुनेहरूमा राजा, उनका भाइ, छोरा, पुरोहित, महिषी, ग्रामणी, सूत, क्षत्रिय र संगृहीताको मात्र उल्लेख भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शतपथ, ब्रा० (१३।२।२।१८) अनुसार राजवंशीय र अराजवंशीय गरी यिनलाई पनि दुई भागमा विभक्त गरिएको पाइन्छ । प्रथम श्रेणीको राजकर्तामा राजन्य, महिषी (जेठी बिधिवत् क्षत्रिय कुलमा विवाह गरिएकी) वावता (राजाकी प्यारी पत्नी) परिवृक्ता त्यागिएकी पत्नी) भावी राजाका भाइहरू छोराहरू र यसमा क्षत्रिय (भावी राजा मान्ने हो भने राजन्य चाहिं सामन्त-गण बुझ्नुपर्ने हुन्छ ।

अराज वंशीय राजकर्ता

पुरोहित-राजाको धार्मिक कृत्य गराउने ब्राह्मण जो राजाका गुरु तथा मन्त्री पनि हुन्थे । आवश्यकतानुसार राज्यका परामर्शदाता, युद्धमा पनि सहयोगी, राजाको सबैभन्दा अधिक हित चिन्तक मानिएको पाइन्छ ।

सेनानी-राज्यको सुरक्षा गर्ने, ब्राह्य आक्रमण र आन्तरिक भयबाट रक्षा गर्ने, सेनाका प्रमुख अर्थमा प्रयुक्त भएको शब्द हो । सेनां नयतीति सेनानी, यस्तो विग्रह गरेमा सेना सञ्चालन गर्ने सर्वोच्च सेनापतिको रूपमा सेनानी मानिन्छन् र वैदिक कालका 'रत्निन्' हरूमा सर्वोच्च रत्नी सेनानी मानिन्थे ।

ग्रामणी-वैदिककालको राज्य व्यवस्थामा ग्रामणीको स्थान महत्त्वपूर्ण रहेको छ । ऋग्वेदमा (१०।१०७।५) दक्षिणाको महत्त्व वर्णन गर्दै भनिएको छ । दक्षिणा दिने दाता पुण्यभागी हुन्छ, उत्सव समारोहमा प्रथम आमन्त्रित हुन्छ तथा राजपद पाउने अधिकारी हुन्छ । साथै दक्षिणा दाताले ग्रामणी पद पाउने छ भन्ने उल्लेख भएकोले ऋग्वेदकालमा राजपद जस्तै महत्त्वपूर्ण ग्रामणी पद पनि हुन्थ्यो भन्ने बुझिन्छ । यजुर्वेद (१५।१५ देखि १९) मा ग्रामणी र सेनानीको साथसाथै उल्लेख भएको छ । यजुर्वेद तीसौं अध्यायको प्रसङ्गबाट पनि र अन्य स्थलबाट पनि ग्रामणीको महत्त्वपूर्ण पदरहेको बोध हुन्छ । युद्धमा सेनानी र ग्रामणी साथ साथ रथमा बसेर सेनाको अग्र भागमा गमन गर्थे भन्ने उल्लेख पाइन्छ । यसबाट ग्रामणी सैनिक, असैनिक, दुवै किसिमका हुन्थे भन्ने विद्वान्हरूको विचार अथवा जनता पनि युद्धमा भाग लिने त्यो समय हुँदा, अवैतनिक सैन्य (मिलसिया) का प्रधान र गाउँहरूका प्रशासक ग्रामणी हुन्थे भन्न सकिन्छ । कुनै विद्वान् ग्रामणीलाई ग्रामनेता भन्दछन् भने कोही गाउँका जननेता पनि मान्दछन् ।

वाल्मीकि रामायण (११७।१६ युद्धकाण्ड) मा ग्रामणीलाई प्रतिष्ठित पदाधिकारीको रूपमा वर्णन गरिएको पाइन्छ भने, महा भारत शान्ति पर्व (१३५।११) मा जननेताको रूपमा वर्णित छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत- सूतलाई वेद भाष्यकारहरू सारथी मान्दछ । सूतहरू योद्धाको रूपमा लडभीड गर्दैनथे । सारथी कर्म गर्ने र दर्शकको रूपमा युद्धको तमासा हेरेर वीर योद्धाको कीर्ति गाथाको रचना गर्ने, वढाइ चढाई प्रशंसा गर्ने, इतिहास पुराणका वंशावली कथा जान्ने र कीर्तिशाली राजाहरूको चरित्र गानगर्ने कार्य सूतहरूले गर्दथे । इतिहास र पुराणका ज्ञाता र व्याख्याता भएको नाताले यिनीहरू अवध्य ठहरिन्थे र ब्राह्मणहरूका निम्ति पनि इतिहास पुराण धर्मशास्त्रको प्रवचन गर्ने हुनाले यिनीहरूलाई ब्रह्मासनको अधिकार दिइएको थियो । यस्तै यजुर्वेद अ० (३०।६) बाट सूतहरू नृत्य-कर्म गर्दथे भन्ने थाहा पाइन्छ । विविध कथाका ज्ञाता र उपाख्यानका रचयिता पनि भएकोले नाटकको सिर्जनाको साथै अभिनय र नृत्य पनि रङ्गमञ्चमा प्रस्तुत गर्दा रहेछन् भन्ने थाहा पाइन्छ । मध्यकालमा पनि राजदरवारको शोभा बनेका प्रशस्तिकार (भाट) राजकविहरूको उल्लेख पाइन्छ र यो वैदिक कालका सूतहरूकै परम्परा हो भन्ने ज्ञात छ ।

भागदुध-भागदुध शब्दलाई अर्थ विभागको विशिष्ट कर्मचारीको रूपमा विद्वान्हरूले अर्थ गरेका छन् । राज्यका निम्ति कोष जम्मागर्ने कर-अधिकारीलाई उक्त पदले उल्लेख गरेको पाइन्छ ।

अक्षवाप- भाष्यकारहरूले अक्षवापलाई द्यूत (जुवा) को अध्यक्ष भन्ने अर्थ गरेका छन् । ऋग्वेदमा जुवा खेल्ने विषयलाई निन्दा गरिएको पाइन्छ । यसकारण, समाजमा यो प्रथालाई नियन्त्रण गर्न यो पद सिर्जना भएको अड्कल गरिन्छ ।

यो विकर्ता- गो शब्द सूर्य, पृथ्वी, गाई, किरण अर्थमा प्रयुक्त भएको पाइन्छ र सामान्य पशुको रूपमा पनि गो शब्द वैदिक साहित्यमा आएको छ । गो विकर्ता वन अधिकारी भनेर मानिएको छ । प्राचीनकालमा घना जङ्गल फाँडेर नयाँ वस्ती बसाउने, कृषि योग्य भूमि तयार गर्ने कार्य आवश्यक थियो । यसकारण जङ्गल सुरक्षा गर्ने होइन कि जङ्गल सफा गरेर बनैया पशुवाट हुने हानि-नोक्सानी बचाउने वस्ती वसाउने, आवादी बढाउने कार्य, गो-विकर्ताको हुन्थ्यो भन्ने जानिन्छ र यो पद वेदकालीन राज्य व्यवस्थामा मुख्य थियो । साधारण अर्थगर्दा पनि (गो विकर्ता) भूमि साफ गर्ने हुन्छ ।

पालागल-वैदिक कालमा राजाको आज्ञा जनताका छेउसम्म पुऱ्याउने व्यक्तिलाई पालागल भनिन्थ्यो । यो साधारण सन्देश वाहक मात्र नभएर राज्यको विशिष्ठ कर्मचारी हुन्थ्यो । यो प्राचीन परम्पराको अनुसरण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा लिच्छवि-कालको शासनमा दूतकको पदको उल्लेख पाइन्छ । दूतक विशिष्ट राज कर्मचारी हुन्थे र कतिपय अभिलेखमा युवराज नै दूतकको स्थानमा उल्लिखित भएका छन् । पछिल्लो कालमा आएर यसरी जारीगरिएको शासन पत्रमा राज्यका प्रमुख पदाधिकारीहरू मार्फत् वा रुजू रहेको हस्ताक्षरद्वारा प्रमाणितगर्ने चलन भएको पाइन्छ ।

यी उपर्युक्त राज्यका प्रमुख कर्मचारीहरूको नाउँ राज कर्ताको रूपमा आएकोले विशेषता मानिएको हो । यी प्रमुख मानिएका कर्मचारी बाहेकका अन्य प्रशस्त राज-कर्मचारी थिए भन्ने प्रमाण यजुर्वेद (१६।१८) बाट थाहा हुन्छ । यजुर्वेदका मन्त्रमा गणक, हस्तिप, अश्वप, अश्वपति, परिचर, मागध, क्षत्ता, आदि नाउँ भेटिन्छन् । सौह्रौं र तीसौं अध्यायमा यी पदहरूको उल्लेख भएको छ ।

वैदिक आर्यराजा र राज्यको संवैधानिक पक्ष

वैदिक संहिताको अध्ययन र परिशीलनबाट राज्यको सङ्गठन परिचालनको निम्ति संविधान थियो भन्ने विद्वान्हरूको निष्कर्ष छ ।किनकि त्यस जातिको परम्परामा राष्ट्रका सर्वोच्च शासक राजाको नियुक्तिका संस्कारहरू, प्रतिज्ञा, कर्तव्यबोधका निर्देशक मंत्रहरू, राज्य तथा राजपदको आवश्यकता कर्तव्य, अधिकार आदि सबै विषयमा एक, निर्धारित नियमवद्धता रहेको पढ्न पाइन्छ । जस्तै– प्रत्येक व्यक्ति राजपदको निम्ति उमेदवार बन्न पाउँदैनथे र केवल राजन्य (क्षत्रिय) वर्गबाट मात्र राजपद सुशोभित हुन्थ्यो । त्यस्तै राजपद प्राप्त गर्ने व्यक्तिमा ओज, वीर्य, बल, पराक्रम प्रशासन पटुता, हुनु अनिवार्य थियो भने त्यस्तै जितेन्द्रिय, दृढप्रतिज्ञ धृतव्रत, सत्यनिष्ठ, धर्मान्वयी हुनु पनि आवश्यक थियो । अनभिषिक्त राजालाई वैधराजा मानिन्थ्यो र अभिषेकपछि मूर्धाभिषिक्तराजा र पटवन्धा महारानीको पद अत्युच्च र संमानित तथा गरिमायुक्त मानिन्थ्यो । राज्याभिषेक समारोहमा उपस्थित जन–समूहको अगाडि प्रतिज्ञा गर्नु पर्ने विधि, जन–समाज समक्ष घोषणा गर्नु पर्ने नियम, खेतिको निम्ति, धनको निम्ति, पोषणको निम्ति, कार्य गर्नु पर्ने उक्तिले पनि संविधानका धारा उपधाराको दिग्बोध गराउँदछ ।

वैदिक संहिता एवं ब्राह्मण ग्रन्थमा उल्लिखित विधिलाई धार्मिक कृत्य संज्ञिएता पनि त्यो वैदिक विधि नै विधान–संहिताको रूपमा प्रस्तुत छ । जवकि देशको सर्वोच्च सत्तालाई नै यसरी प्रतिज्ञा वद्ध गराएर नियममा बाँधिन्छ भने, अन्य राज–कर्मचारीको निम्ति प्रचलित नियम र कर्तव्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उल्लङ्घन गर्ने अधिकार हुनु संभवनै छैन । जसले यस्तो साहस गर्थ्यो, उसलाई अधिकार वञ्चित गरिन्थ्यो भन्ने कुरा स्पष्ट छ । यिनै वेदमा उल्लिखित विधिस्वरूप, विधानको समुच्चय नै वैदिक आर्यहरूको लिखित संविधान हो र यिनै नियम तथा मर्यादामा बसेर गरिएका कीर्तिमय असल काम कुराहरूको परम्परागत अनुकरण नै अलिखित विधानका अनुल्लङ्घनीय धारा हुन सक्छन् । यसरी विवेचना गर्दा वैदिक राज्य-व्यवस्था मर्यादित र सङ्गठित थियो । राजा र प्रजाको बीच सुमधुर सम्बन्ध कायम राख्न वैदिक विधान सक्षम भएकोले विभिन्न जातिका बीचमा विशाल साम्राज्य कायम गर्न र कृण्वन्तो विश्वमार्यम्, भन्ने सिद्धान्तलाई सफल गर्न आर्यहरू सक्षम भए ।

विद्वान्हरूको विचारमा, वैदिक संविधानको स्वरूप अनम्य (Rigid) थियो भन्ने छ। किनभने यसका धारा उपधारा नियम उपनियममा संशोधन परिवर्तन र परिवर्धन गर्न सजिलो थिएन र छैन । मूलभूत विषयवस्तु यथावत् राखेर अन्य प्रक्रियामा भने समयानुकूल अदलबदल हुन गएको संकेत पाइन्छ । त्यो पनि विशेष अवस्थामा शायद विद्वान् समितिको अनुमति प्राप्त गरेर मात्रै । यस दृष्टिले वैदिक आर्य राज्यको यो संविधानक रूप अनम्य, थियो र महत्वपूर्ण विशेषताले युक्त पनि ।

आर्य राज्यको संवैधानिक नियम उपनियमका उपर्युक्त विवेचना विद्वान्हरूले गरेका छन् साथै देश काल परिस्थितलाई ध्यानमा राखेर आर्य-हरूले विविध किसिमका राज्य प्रणालीलाई विविध रूपले व्याख्या गरेको र नियम वद्ध गरेको पनि वैदिक साहित्यमा देख्न पाइन्छ विभिन्न प्रकारका राज्य स्थापना गर्न र परिचालन गर्न दक्षता आर्यहरूले पाए । तदनुकूल संविधानको व्यवस्था पनि गरे । किन्तु राज्य व्यवस्थाको निम्ति मूल तत्त्व जुन हो, त्यसमा भने अन्तर आएको पाइँदैन । राज्यको जुनसुकै संज्ञाले अभिहित गरे पनि आत्मा एउटै हो मुख्य सिद्धान्तमा अन्यथा गरिएन ।

विविध संविधान (राज्य व्यवस्था)

वैदिक साहित्यको अन्वेषणवाट वैदिक कालमा राज्य व्यवस्थाको विभिन्न रूप तथा राजपद विविध उपाधियुक्त हुन्थ्यो भन्ने थाहा पाइन्छ । नाम अनुसारको राज्यको भिन्न भिन्न स्वरूप थियो भन्ने र प्रशासनिक यन्त्र तथा परि-चालन परिपाटीमा पनि विविधता थियो भन्ने कुरा ज्ञात हुन्छ । जस्तो राज्यको नाम, या उपाधि थियो, त्यस्तै किसिमको संवैधानिक व्यवस्था पनि भएकोले नै संहितामा यसको उल्लेख भएको छ । ऋग्वेद (१।१००।१ तथा १।१७।१ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१।१८१।२ एवं १।५३।९। तथा २।२८।९ र १।१८८।५) मा राज्यको विविध उपाधिको संकेत गरिएको छ । उत्तर वैदिक युगका ब्राह्मण ग्रन्थहरूमा विशेष उल्लेख भएको छ । ऐतरेय ब्रा० ८।२।५ मा राज्य, साम्राज्य, भौज्य, स्वाराज्य, वैराज्य, पारमेष्ठ्य, महाराज्य आधिपत्य, स्वावश्य, आदि राज्य व्यवस्थाको नाम उल्लेख भएको छ । यसबाट वैदिक कालमानै राज्य सञ्चालन विधि तथा प्रशासनिक व्यवस्था विभिन्न किसिमको थियो भन्ने थाहा पाइन्छ । साथै उपर्युक्त विविध प्रणालीलाई वैदिक ऋषिहरूले मान्यता दिएका थिए । यी सबै राज्य व्यवस्थाको संवैधानिक भिन्नता के कस्तो थियो र परिचालन विषयमा के कति अन्तर थियो भन्ने विषयमा स्पष्ट भन्नसक्ने साधनभने प्राप्त छैन । तथापि प्राप्त सामग्रीबाट अन्वेषकहरूले जे जति प्रस्तुत गर्न सकेका छन् तिनको दिग्दर्शनसम्म यहाँ गरिन्छ ।

राज्य– राज्य यस्तो वा यति भू-भागको यति जनसंख्या वा यस्तो अङ्ग युक्त हुनु आवश्यक थियो भन्ने कुरा निश्चय-रूपमा भन्ने आधार पाइदैन । राजा क्षत्रिय हुनु पर्थ्यो र राजाको वैदिक साहित्यमा विहित विधि विधान-द्वारा राज्याभिषेक कर्म सम्पादन हुनु पर्थ्यो । (शतपथ ब्रा० ९।३।४।८) अनुसार राजा वै राज सूयेनेष्ट्वा अर्थात् राज सूय यज्ञ सम्पादन गर्ने क्षत्रिय, राजपद पाउन योग्य मानिन्थ्यो । राज-पद प्राप्त गरेपछि आफ्ना राष्ट्रको सुरक्षा प्रजाको भरणपोषण, कृषि, वाणिज्य, पशु पालन र यस्तै अन्य राष्ट्रोन्नतिका काम कुरामा विशेष योगदान गर्नु राजाको कर्तव्य हुन्थ्यो ।

साम्राज्य– साम्राज्यका अधिपति शासक सम्राट् भनिन्थे । सम्राट्-का प्रत्याशी राजामात्रै हुन सक्थे । त्यसमा पनि राजसूय यज्ञ सम्पादन गर्ने र विधिवत् राज्य प्राप्ति गर्ने राजा उमेदवार हुन पाउने र वाजपेय नामक यज्ञ विधिपूर्वक गरेपछि सम्राट् हुन पाउने व्यवस्था शतपथ ब्रा० ९।३।४।८ ले बताएको छ ।

यस्तै अर्को महत्त्वपूर्ण विषय के हो भने आफ्ना समकालीन अनेकौं राजाहरूलाई पराजित गरेर आफ्नो साम्राज्यमा माण्डलिक राजा बनाउनु पर्थ्यो र पराजित राज्यका राजाहरू सम्राट्का करद राजाको रूपमा रहन्थे । सम्राट्प्रति भक्ति तथा मर्यादा प्रदर्शन गरी बेलाबेलामा नजराना चढाएर सम्मान प्रकट गर्नु एवं सम्राट्लाई परेको बेलामा सैनिक सहयोग र अर्थ सहयोग पनि गर्नु पर्थ्यो । सम्राट्को अनुमति बिना अन्यराज्यसँग सन्धि विग्रह गर्ने तथा राज्य सञ्चालन विधिमा हेरफेर गर्ने काम पनि माण्डलिक राजाहरूलाई

Acc. 22490 42290

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिएन । स्वायत्तता भने माण्डलिकहरूको हुन्थ्यो । आजकलका भाषामा भन्ने हो भने परराष्ट्रको विभागले गर्ने सन्धि विग्रहका कामहरू गर्ने अधिकार सम्राट्को अधीनस्थ राजाहरूलाई थिएन भन्न सकिन्छ । साम्राज्य विकासको ऐतिहासिक युगमा विजित राजालाई राज्य फिर्ता दिएर कर मात्र असूल गर्ने परम्परा कतिसम्म रहेथ्यो, त्यो निश्चय रूपले भन्न सकिदैन । भारतीय इतिहासको गुप्त साम्राज्यमा समुद्र गुप्तले यो परम्परालाई पालना गरेका थिए भन्ने उनको प्रयाग अभिलेखबाट थाहा हुन्छ । त्यस्तै मानदेवको चाँगु नारायणको स्तंभलेखबाट पनि सामन्त राजालाई दमन गरेको थाहा पाइन्छ ।

भौज्य - राज्य व्यवस्था-वैदिक साहित्यमा भौज्य राज्यको उल्लेख पाइन्छ । इन्द्रलाई दिइएको भौज्य उपाधिको संकेत ऋग्वेद (१०।४२।३) मा पाइन्छ । भौज्य सामग्रीको जुनराज्यमा प्रचुरता छ, सम्पूर्ण जनताले भोजन, वस्त्र, आवास र सुख सुविधा प्राप्त गर्छन् त्यस्तो राज्यलाई भौज्य भनिन्थ्यो । यसबाट यो अर्थ निकालेका छन् कि भौज्य राज्य व्यवस्थामा उत्पादन अनुसारको न्यायोचित वितरण पनि हुन्थ्यो । श्रेणीभेद थिएन भन्ने र यस्तो समान व्यवहारमा उत्पादन र वितरणमा साझा व्यवस्था हुनुपर्छ भन्दछन् । जति क्षेत्रका जनतामा यो सुख सुविधा पुऱ्याउन सकिन्छ त्यति मात्र राज्यको राजा भएर काम गर्ने अथवा राज्यमा समान भावनाले व्यवस्था मिलाउने राजालाई भौज्य भनिन्थ्यो ।

सातवलेकरको विचारमा भू र ज यौगिक शब्द भएकोले भू को अर्थ पृथ्वी र ज को अर्थ जन्म हो भन्नु पर्छ । यो दृष्टिले भौज्य राज्य नैसर्गिक मर्यादाले आवेष्टित अर्थात् प्राकृतिक सीमाबद्ध राष्ट्रलाई मान्न सकिन्छ । जसको उदाहरण स्कटल्याण्ड, नेपाल, जस्ता देशलाई भौज्य राज्य भन्न सकिन्छ भन्ने छ ।

स्वराट् - स्वराट् पदबाट एउटा राज्यको राजाको बोध हुन्छ र आर्य परम्परामा राज्याभिषेक सम्बन्धी अध्यायमा यो विषयको वर्णन गरिसकिएको छ । जुन विषयअनुसार क्षत्रिय कुलको राजा हुनु पर्छ । विधिवत् राज्याभिषेक कर्म सम्पन्न गरिएका राजाको राज्यलाई स्वराट् भनिन्छ । स्वराट् शब्दले साधारण राज्यको बोध भए तापनि अर्को के विशेषताको बोध हुन्छ भने परम्परागत पैतृक अधिकारको रूपमा प्राप्त र पहिलेदेखिकै निश्चित सीमा रेखाभित्र रहेको तथा एउटै गण (समूह) भित्रको राज्य भन्ने अर्थ गर्न पनि सकिन्छ जसभित्र आर्य परम्परा भित्र कै जातिहरूको बसोवास भएको राज्य हुन्थ्यो होला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैराज्य - व्यवस्था–अथर्ववेदको (८।१०।१) मन्त्रमा वैराज्य (राजारहित व्यवस्था) को संकेत पाइन्छ । मंत्रार्थमा भनिएको छ - पहिले (सृष्टि कालमा) कोही शासक थिएन । जनता नै स्वयं आफ्नो सारा व्यवस्था मिलाउँथे । यस किसिमको शासन - व्यवस्थाको राज्यलाई वैराज्य व्यवस्था भनिन्थ्यो । यसको परिचालन कसरी गरिन्थ्यो र के कस्तो प्रशासनिक - रूप खडा गरेका थिए भन्ने विषयमा भने वैदिक साहित्यको अन्वेषणबाट स्पष्ट गर्न सकिदैन । तथापि विगत राजकं वैराज्यम्, यस्तो निर्वचन यास्का-चार्यले गरेकोले राजारहित (गणतंत्र) व्यवस्था थियो भन्ने कल्पना गर्न सकिन्छ ।

बुद्ध - कालमा भारत वर्षमा क्षेत्रमा धेरै गणराज्य थिए भन्ने प्रमाण पाइन्छ । मल्ल, कोलि, शाक्य, मोरिय, वज्जि आदि गण राज्यको अस्तित्व थियो । त्यस्तै मौर्यसाम्राज्यको उदयभन्दा अगाडि सिकन्दरको दिग्वि-जयको वेलामा पश्चिमी भागमा क्षुद्र, मालव, आदि गणराज्य थिए भन्ने कुरा इतिहास सम्मत छ । वैदिक संहितामा पनि वैराज्यको उल्लेख भएको र मौर्य-कालका आचार्य कौटिल्यले आफ्नो अर्थशास्त्र (८।२।६) मा पूर्ववर्ती आचार्यको मत उद्धरण गर्दै धेरै विवेचना गरेका छन् । तर उनी वैराज्यभन्दा द्वैधराज्य बरू असल हुन्छ भन्ने निष्कर्षमा पुग्दछन् । आचार्य चाणक्य, तक्षशिलाका छात्र तथा त्यहींका अध्यापक भएर बसेको वेलामा सिकन्दरको आक्रमण भए-को र साना साना गण-राज्यमा विभाजित पश्चिमी भागलाई सिकन्दरले परास्त गरेको तथा विशाल मगधको नन्द-साम्राज्यसँग भिड्न आँट नगरेको कुरा चाणक्यलाई अनुभव थियो । तक्षशिला गणराज्यकै रूपमा रहेको र पहिले नै विदेशी आक्रमणका अगाडि शरणागत भएको ताजा घटनाले चाणक्यलाई पूर्ण साम्राज्यको समर्थक बनायो र उनी मौर्य-साम्राज्य खडा गर्नमा सफल पनि भए । वैराज्यको अवगुण देखाउँदै चाणक्य भन्दछन् - "अन्य राजाले आक्रमण गरी विजय गरेमा राजारहित देशलाई आफ्नो राज्यमा मिलाउँछ तथा आफ्नो देशको शासन - प्रणाली करवलले पनि विजित देशमा प्रयोग गर्दछ; यसको निम्ति क्रूर पनि बन्न सक्छ र कठोर व्यवहार पनि गर्न सक्दछ ।"

उपर्युक्त चाणक्यको विश्लेषण ऐतिहासिक युगको निम्ति यथार्थ थियो । वास्तवमा त्यो वेलाका प्रसिद्ध गणतंत्रको इतिहास मात्र हराएन कि त्यो गणका निवासीले जातिगत अस्तित्व तथा सांस्कृतिक अस्तित्व पनि राख्न सफल नभएको थाहा हुन्छ । यस सम्बन्धी अरू चर्चा बौद्ध -कालीन राज्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवस्था अन्तरगत गर्नु उपयुक्त होला ।

पारमेष्ठ्य - राज्य व्यवस्था, परमेष्ठियज्ञको विधिवत् संपादन गर्ने राजाको राज्याभिषेक पारमेष्ठ्य राजाको निम्ति गरिन्थ्यो । परमेष्ठि ब्रह्मा (प्रजापति) को नाम हो प्रजापतिलाई ब्रह्म वा ईश्वरको रूपमा मानिएकोले परमेष्ठिको अर्थ ईश्वर र पारमेष्ठ्य राज्यको अर्थ ईश्वरीयराज्य भनेर पनि मान्न सकिन्छ । राज्य परमेश्वरको हो र परमेश्वरका दृष्टिमा सारा प्रजा समान छन् । म पनि परमेश्वरको अंश, जनताजनार्दनको सेवक मात्र हुँ भन्ने भावना राखेर जुन राजाहरू शासन गर्थे त्यसलाई पारमेष्ठ्य राज्य भनिएको मानिन्छ । राज्यको सारा सम्पत्ति परमेश्वरको हो । यसकारण सम्पूर्ण प्राणी योग्यता र आफ्नो क्षमता अनुसार न्याययुक्त वितरणले भोग्न पाउने र राजा सम्पूर्ण जनताका पिता भएर संरक्षकको रूपमा रहने एवंप्रजालाई पुत्रवत् ठान्ने तथा प्रजाले पनि पिता माताको रूपमा स्नेह सद्भावना युक्त भएर हेर्ने, मान्यता गर्ने, आदर्श राज्य (देव-राज्य) पारमेष्ठ्य राज्य हो भनेर विद्वान्-हरूले विवेचना गरेका छन् । यस किसिमको राज्य व्यवस्था वैदिक कालमा कहाँ थिए अथवा थिएनन्, त्यसको यथार्थता भने पाइदैन । पौराणिककालमा रामराज्य अथवा विदेहका जनक नामधारी राजाहरूको शासनमा कल्पना गर्न सकिन्छ । विदेहका राजा राजसी ठाँटबाट युक्त भएता पनि उनीहरू राजाको सट्टा जनक (पिता) कहलाउँथे । तथा आफू र आफ्ना परिवारको भरण पोषणको निम्ति किसानको अगुवा भएर आफै हलो चलाउँथे । हलो जोतेर नयाँ पर्ती आवाद गर्दा खर बुट्टा भएको भूमिमा सीताजी फेला परेकी थिइन् तथा राजाको नाउँ सीरध्वज जनक थियो । सीर हलो वा फालीलाई भनिन्छ, ध्वजको अर्थ हुन्छ अग्रणी । यसरी हलीका अगुवा र जनक (सबै प्रजाका पिता) को रूपमा विदेह (जनकपुरका) राजाको राज्य व्यवस्था सम्बन्धमा जानिन्छ । पारमेष्ठ्य राज्यको उदाहरणमा विदेह जनकको राज्य व्यवस्थालाई अघि सार्न सकिन्छ ।

महाराज्य व्यवस्था-कुनै देशका शक्तिशाली राजा अन्य छिमेकी देशका राजालाई परास्त गरेर विस्तृत भूभागको एकछत्र राज्य गर्दछन्, त्यस्ता राजा महाराज कहलाउँदछन् र व्यवस्थालाई महाराज्य भनिन्छ । महाराज्यका महाराज वैदिक व्यवस्था अनुसार वरण गरिएका क्षत्रिय राजाबाट भएको राज्य विस्तार पछिको नाम हो र राज्यका सम्बन्धमा नै विशद वर्णन भइसकेकोले यहाँ पुनरुक्तिको आवश्यकता भएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिपत्य राज्यव्यवस्था-पति शब्दको अर्थ हुन्छ । पालन कर्ता र मालिक । पतिको रूपमा प्रशासन गर्ने अधिकारी, सामन्तहरूका अधिपतिको रूपका राजा भएको व्यवस्था हो भन्ने र अधिकारी तन्त्र (Bureauceati cstate) हो भन्ने विद्वान्हरूले तर्क गरेका छन् । यसबाट सम्पूर्ण कार्यपालिकाको अधिकार कर्मचारीलाई सुम्पेर आफूमाथि बस्ने राज्यव्यवस्था पनि उत्तर मध्यकालको वैदिक परम्परा हो भन्न सकिन्छ ।

स्वावश्य राज्यव्यवस्था स्वावश्य राज्यको नाउँ आए तापनि यसको रूप-रेखा संविधानको बारेमा अन्य वैदिक साहित्यमा उल्लेख नपाइएको हुनाले र महाभारत आदि इतिहासमा पनि उल्लेख नभएकोले यस सम्बन्धमा अन्य कुरा भन्न सकिदैन । स्वावश्यको साधारण अर्थ हुन्छ-आफ्नो वशमा रहेको भन्नें । यस अर्थलाई लिएर विद्वान्हरूले यो कुल-राज्य अर्थात् एउटा कुलका व्यक्तिहरूले प्रशासन गरिने जानपद (केही गाउँको समूह) हुनुपर्छ भन्ने तर्क गरेको छन् । वैदिककालको गवेषणा गर्दा यस्ता राज्य प्रारम्भिक कालमा थिए होलान् भन्न सकिन्छ र पछिपछि यस्तो राज्यनै गणराज्यमा परिणत भएर स्वावश्य राज्य व्यवस्थाको अस्तित्व विलोप भएको मान्न सकिन्छ । पछि धेरै यस्तो कुल मिलेर गणराज्यमा परिणत भए होलान् । किनकि वैशाली गणतन्त्रमा लिच्छवि, वज्जि,ज्ञातृ 'क्विदेह' आदि अष्ट कुल (गण) सम्मिलित थिए भन्ने इतिहास पाइन्छ । यसरी वैदिक साहित्यको परिशीलन गर्दा शुरूदेखिनै आर्यहरूको परम्परामा राजतन्त्रात्पक परिपाटी नै मुख्य थियो भन्ने थाहा हुन्छ । राज्यको नाउँको विविधता देश, काल, परिस्थितिजन्य विकासले प्रशासनमा केही फरक पर्ने संवैधानिक व्यवस्था भएकोले नै तदनुरूप राज्यको नाउँ रहेको हो भन्ने कुरा जान्न सकिन्छ । वैदिक साहित्यमा राज्य वा राज्यको जतिसुकै नाउँ सुन्न पाइए तापनि मौलिक सिद्धान्त-राजा क्षत्रिय हुनुपर्छ र सर्वगुण सम्पन्न पनि हुनुपर्छ, प्रजाको अनुमतिको आवश्कता पर्दछ, जिम्मेदारी वहन गर्दा प्रजाको द्रोह नगर्ने प्रतिज्ञा गर्नुपर्छ तथा धृतव्रत भएर धर्मानुकूल शासन गर्नुपर्छ भन्ने सिद्धान्त चाहिं अनुल्लंघनीय नै रहेको पाइन्छ । वैदिक साहित्यको अनुशीलनबाट आर्यहरूको राजतन्त्रात्मक इतिहास जन्म जात हो तथा वैदिक धर्म र राजसंस्था अन्योन्याश्रयी हुन् भन्ने कुरा निश्चित हुन्छ र अर्को विशेषता वैदिक राज्यको प्रभुसत्ता धर्ममा रहन्छ भन्ने कुरा उपर्युक्त विधिविधान, संस्कार र नियम वद्धताले सिद्धहुन आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधि-संहिता (सामाजिक ऐन)

वैदिक साहित्यको अन्वेषण र विवेचन गर्दा वैदिक कालमा आर्य-हरूको विधि-संहिता निर्माण भइसकेको थियो भन्ने थाहा पाइन्छ। मनुलाई ऋग्वेदमा प्राचीन मानिएका महर्षिहरूले पनि पिता भनेका छन् र आद्य राजाको रूपमा मनुलाई तमाम आर्य साहित्यले स्वीकार गरेका छन् वैज्ञानिक आधारमा भन्ने हो भने पनि पाषाण युगीन सभ्यताबाट ताम्र युगीन सभ्यतामा प्रवेश गरेका आर्यहरूले सामाजिक ढाँचामा परिणत हुँदा समाजलाई अनुशा-सनमा राख्ने तथा परस्परमा मधुर सम्बन्ध कायम गर्न चाहिने नियम नीति, कर्तव्याकर्तव्यको ज्ञान, उत्तराधिकारको व्यवस्था, विवाह सम्बन्ध समाजको दृष्टिमा के उचित र के अनुचित हुनसक्छ तथा शारीरिक, मानसिक र स्वास्थ्यको दृष्टिकोणले गर्नु हुने र नहुने काम कुराको लेखा गरेर विधि संहिता निर्माण गरिसकेका थिए भन्ने कुरा वैदिक संहिताको मन्त्रहरूबाट नै थाहा पाइन्छ। ऋग्वेदको (१०।९) पुरै सूक्तमा प्रसिद्ध यम र यमीको सम्बाद आएको छ। त्यसमा यमी, यमसँग यौनसमागमको याचना गर्दछिन् र यम निषेध गर्दछन् उक्त प्रसंगमा बराबर याचना गरेको घुर्की लगाएको सुनेर पनि अर्कै बलिष्ठ पुरुष खोजेर वरण गर्ने सल्लाह दिन्छन्।

यसबाट के थाहा पाइन्छ भने ऋग्वेद कालमा भाइ–बहिनीहरूको यौन सम्बन्ध तथा विवाह निषेध थियो भन्ने थाहा पाइन्छ। यमीले भाइसँग यौन समागमको याचना गर्ने साहस गरेकीले आर्यजनभन्दा बाहिर अनार्य जातिमा यो प्रथा जीवित थियो भन्ने पनि सजिलै अनुमान हुन्छ।

यस्तै सम्पत्तिको उत्तराधिकार सम्बन्धमा ऋ. (३।३१।१) मा संकेतबाट बाबुको उत्तराधिकारी छोरो हुन्थ्यो र छोरीको छोरालाई नप्त्यं भनिन्थ्यो तथा छोरा नहुनेको उत्तराधिकारी छोरी नभएर नाति हुन्थ्यो। बाबु आमा मरेर छोरा छोरी दुवै जीवित छन् भने सम्पत्तिको अधिकार छोराको हुन्थ्यो र छोरीको विवाह गरी दिने जिम्मा दाजु वा भाइको हुन्थ्यो। यस्तै छोरा छोरी दुवै भए पनि बाबु आमाको कृत्य (काज क्रिया) छोराले नै गर्नु पर्थ्यो। छोरी केबल सुभूषित गरिदिनु पर्थ्यो। (ऋ. ३।३१।२) अर्थात् विवाह गरिदिनु पर्थ्यो।

अथर्ववेद (५।१९।३) तथा (५।१९।१४) अनुसार ब्राह्मणको समाजमा विशेष स्थान थियो र विशेषाधिकारको रक्षा राज्यबाट गरिन्थ्यो। ब्राह्मणघातीलाई मृत्युदण्ड दिने बिधान थियो भन्ने कुरा जान्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राज्यको विकासको साथसाथै समाजमा काम अनुसारको श्रेणी (वर्ण) विभाजन ऋग्वेदको अन्तिमकालतिर नै भइसकेको थियो । ब्राह्मणवर्ग अब विशेषतया वेद विद्याको अभ्यास गर्ने, पढ्ने र पठाउने, यज्ञ गर्ने र गराउने, दान दिने र लिने तथा समाजमा धार्मिक अनुशासन कायम गर्ने विविध धार्मिक कृत्य गराउने कार्यमा संलग्न रहन्थे । राज्यबाट उनीहरूको सुरक्षा र सम्मान गरिन्थ्यो । ऋषिमुनिहरू उत्तर तथा मध्य वैदिक कालमा तपस्वी, अकिञ्चन (संग्रह नगर्ने) मुनि (चिन्तन र योगमा लागेका) को रूपमा समाधिरत हुन थालेका थिए । विग्रह, युद्ध, संधि सुरक्षाको कार्य राजन्य वर्गले लिइसकेको थियो । धर्म-शासनको निम्ति राजालाई सघाउ पुऱ्याउने मन्त्रीको रूपमा कुल पुरोहित राज गुरु र अन्य २।४ विशिष्ठ विद्वान् ब्राह्मणहरूको मात्र आवश्यकता पर्थ्यो । यसकारण अथर्ववेदको कालमा निश्चित विधि संहिता (ऐन कानून) बनिसकेका थिए ।

मनुको बारेमा पहिले नै आद्यराजा हुन् भनियो । यो कुरा वैदिक साहित्यबाट पनि समर्थन हुन्छ र इतिहास पुराणले त स्पष्ट नै आद्य राजा, धर्माधिकारी, धर्मशास्ता र व्याख्याताको रूपमा सर्वप्रथम मनुको नाम लिएको छ । हिन्दूहरूको मुख्य विधि-संहिता मानव धर्मशास्त्र, जसको वर्तमान रूप पनि ईस्वी पूर्व दोस्रो शताब्दी हुनुपर्छ भनेर विद्वान्हरूले अनुमान गरेका छन्, हिन्दूहरूको यो धर्मशास्त्र अथवा विधि–संहिता हिन्दू ल (Law) को नाउँले विख्यात् छ । वैदिक भाषामा धर्म शब्द विधिको रूपमा प्रयुक्त छ ।

वैदिक संहितामा राजालाई बरुणको संज्ञादिएको पाइन्छ । बरुण धर्मपति हुन् भन्ने कुरा ज्ञतपथ ब्रा. (५।३।३।९) मा उल्लेख छ र बरुणको अंश राजामा निहित हुनाले राजा धर्मपति (रक्षक) मानिन्छम् ।

वैदिक साहित्यमा ऋत् शब्दको ठूलो विशेषता पाइन्छ । ऋत्को सरल अर्थ हो सत्य, सत्य अथवा ऋत् विना विश्वको अस्तित्व नै हुँदैन । यो संसारको सृष्टि, स्थिति, लय, ऋतबाट नै चलेको मानिन्छ यस्तो ऋतैका अधिपति बरुण मानिन्छन् । ऋत सत्य हो, सत्य नै धर्म हो धार्मिक विधि संहिताका निर्माता मनु र ठूला ऋषि महर्षिहरू हुन् ।

विधि निर्माण स्थल

धार्मिक विधि-संहिताका निर्माता ऋषि महर्षिहरू थिए भने यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्माण स्थल आश्रम थियो। विशाल ब्राह्मण कुलका प्रमुख वेद विद्यामा निष्णात कुलपति हुन्थे र उनीहरूको आश्रम नै त्यो बेलाका महाविद्यालय, विश्वविद्यालय थिए भन्नु अनुचित हुदैन । विभिन्न देशका ब्राह्मणकुमार, राजकुमार, श्रेष्टीपुत्रहरू विद्याध्ययनको निम्ति ऋषिकुलका आश्रमहरूमा जान्थे जहाँ वेद, व्याकरण दर्शन, धनुर्वेद, आयुर्वेद, गान्धर्ववेद (नृत्य र संगीत विद्या) खगोल, भूगोल गणित र ज्योतिष आदि समग्र विद्या पठाइन्थ्यो। समाजको गतिविधि र विकासको प्रक्रियालाई ध्यानमा राखेर विधि-संहिताको निर्माण हुन्थ्यो र प्राचीन परम्पराका संहिता जो देश काल परिस्थितिले अपूर्ण, अव्यवहारिक ठहरिन्थे, त्यसको संशोधन परिवर्धन यही आश्रमका विद्या-पीठहरूमा गरिन्थे। मनुको विचार धारालाई मान्ने कुनै कुल थियो भन्ने वसिष्ठ र विश्वामित्र भारद्वाज, भृगु, कश्यप, अत्रि, पराशर, अंगिरा, वृहस्पति उशना, आदि महर्षिहरूको पनि आफ्नो कुल (समूह) थियो। जनपद समूहलाई नियमित रूपमा हिडाउँन विधि संहिताहरूको रचना गरिन्थ्यो, पठन पाठन गराइन्थ्यो। यिनै विभिन्न वेदकालीन विचार, चिन्तन-द्वारा निश्चित गरिएका विधि, नियम उपनियमहरू परम्परागत जुन जुन कुलमा चल्दै आए, जुनजुन देशका राज्यमा प्रयोग हुँदै गए, त्यहीनै समयानु-कुल संशोधित र परिवर्द्धित पनि हुँदै गए। आज पाइने सूत्र-ग्रन्थहरूको समय ईसा ६०० वर्ष देखि २०० ईसबीसम्म निर्धारित गरिएको छ। यस्तै स्मृति ग्रन्थ (सम्झनाका लागि लेखिएका) ईसापूर्व दोस्रो तेस्रो शताब्दीदेखि दोस्रो तेस्रो शताब्दीसम्ममा अन्तिम संशोधन गरिएका हुनुपर्छ भन्ने अनुसन्धा-ताहरूको विचार छ।

सर्वदा लोक कल्याणमा लागेका वीतराग, सर्वदर्शी, चिन्तनशील मनीषी महर्षिहरूद्वारा आश्रममा निर्माण गरिएका विधिसंहितानै हिन्दूमर्यादाका निम्ति महनीय र अनुल्लङ्घनीय छन्।

वैदिक ऋषि र त्यसपछिका आश्रमवासी महर्षिहरूको आश्रमस्थल विभिन्न जातिका वीचमा विभिन्न रीति रिवाज, सर्दीगर्मी ठाउँ, पहाड र मैदान, जङ्गल र हिमाल आदि ठाउँमा भएकोले पनि विधि संहिता निर्माणमा मत मतान्तर पाइन्छ । किन्तु आर्यजातिको जन्मदेखि मृत्यु पर्यन्तको जीवन पद्धति नै नियमबद्ध रहेको र अग्निको धर्म तातोपन छुट्याउन नसके जस्तै सम्पूर्ण जीवन धर्मयुक्त भएकोले हिन्दू र हिन्दू धर्म पनि अविभाज्य रूपमा रहेको पाइन्छ। □

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सातौं अध्याय

वैदिक सनातन धर्म र कल्प-साहित्य

कल्प साहित्यसम्बन्धी चर्चा गर्नुभन्दा पहिले धर्मको सम्बन्धमा केही विशेष उल्लेख गर्नु आवश्यक हुन्छ। धर्मसम्बन्धी चर्चा गर्दा पहिले ऋग्वेदमा धर्मसम्बन्धमा के पाइन्छ भनेर खोजी गर्दा ऋ. १।२२।१८ तथा १।४३।५० र ३।३।१,१।३।१७ आदि धेरै ठाउँमा धर्म शब्द आएको छ।[१] यस्तै तैत्तिरीय संहिता (३।५।२।२) वाजसनेय यजुः संहिता (१५।६।२०।९) तथा ३०।६) मा पनि धर्मन् शब्द आएको छ।[१]

वैदिक साहित्यमा धेरै जसो धार्मिक विधिको अर्थमा धर्मन् शब्द-को प्रयोग पाइन्छ भने धार्मिक प्रक्रिया, निश्चित नियम मानवीय वर्णको आचरण सम्बन्धमा पनि प्रयोग भएकोले धर्म शब्दले सामूहिक रूपमा विधि-विधान. आचरण, नियम. धार्मिक क्रिया (दैनिक र विशेष) सबै कुरा बुझाउथ्यो भन्ने जानिन्छ। आर्यहरूले अपनाएको वैदिक धर्म र राजसंस्था अङ्गाङ्गी भावले रहेको हुँदा राजाद्वारा गरिने प्रशासनको विधि संहिता बनेको थियो भन्ने र हिन्दू राज्य पद्धतिको प्रभुता धर्ममा निहित थियो भन्ने कुरा गत अध्यायमा उल्लेख भइसकेको छ।

पाश्चात्य विद्वान्हरूले धर्मको अर्थ (रिलिजन) गरेका छन् तर हिन्दू धर्मलाई व्याख्या गर्न त्यो शब्द प्रर्याप्त छैन। रिलिजनको अर्थ सम्प्रदाय हुन्छ। सम्प्रदायमा साम्प्रदायिक देवताको गुण, महत्त्व र उपासना पद्धतिको वर्णन गरिन्छ। हिन्दू धर्मको अर्थ त्यतिले पुग्दैन। जन्मदेखि मृत्युसम्ममा दैनिक क्रियाकलाप, आचार, संस्कार, र जीवनका प्रत्येक पाइलामा गरिने कृत्य धर्मसँग सम्बन्धित हुन्छन्। स्नान, खान, पान, दिनु, लिनु, खुवाउनु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खानु, सुत्नु, वस्नु, आदि सबै कुरा धर्मसँग सम्बन्धित छन् । हिन्दू धर्म मानव जीवनसँग यति घनिष्ठ सम्बन्ध राख्दछ कि मानव र धर्म, अभिन्न रूपमा दृष्टिगोचर हुन्छन्, जो छुट्याउनै सकिदैन । ऋग्वैदिक आर्यहरू सामाजिक स्थितिलाई व्यवस्थित गर्न निरन्तर चिन्तनशील रहन्थे र लोक कल्याणको निम्ति रचना गरिएका नीति नियमहरू यति उच्च थिए कि जसको बिकल्प त्यो बेलामा हुन नै सक्दैनथ्यो । जुन काम कुराहरू गर्दा समाजलाई हानि दुःख हुँदैन भन्ने कुरा मात्रै होइन कि एउटा व्यक्तिले गरेको कामबाट अर्को कुनै पनि व्यक्तिलाई किन्चित् पनि दुःख कष्ट नहुने र सर्वत्र कल्याणकै भावना नाखेर नियमहरू बनेका थिए । यसै कारण यस्ता नियमको पालना गर्नु नै धर्म भनिथ्यो । नियमको प्रतिकूल आचरण गर्ने अधर्मी हुन्थ्यो र समाजमा दुःखको भागी पनि हुन्थ्यो ।

धर्म संहितामा समाजका व्यक्तिको कार्यक्षेत्र हेरेर धर्माचण गर्ने व्यवस्था छ । हिंसा (यज्ञदेखि बाहेक) अधर्म मानिन्छ । तर राज-धर्ममा त्यो कुरा धर्म अन्तरर्गत नै पर्न आउँछ । युद्धमा हिंसा अनिवार्य हुन्छ । त्यस्तै रक्षकको नाताले खेतीको बाली नोक्साल गर्ने जङ्गली पशु, हिंस्रक पशु, पनि मार्नै पर्थ्यो । यसकारण क्षात्र धर्ममा पशुवध तथा दण्डनीय व्यक्तिलाई दण्ड दिंदा र युद्ध गर्दाको हिंसा अधर्म नभएर धर्म ठहरियो । यो क्षत्रियले गर्ने काम ब्रह्मनिष्ठ ब्राह्मणले गरेमा अधर्म नै हुन्छ ।

यस्तै कृषि-कर्म गर्ने वैश्यले वन विनाश गर्दा, वनमा कृषि निम्ति आगो लगाउदा, जोत खन गर्दा भएको साधारण हिंसाको पनि अधर्ममा लेखा गरिदैन ।

यसरी शुरूमा आचार, नियम, संस्कार, विभिन्न पेशामा लागेका व्यक्तिहरूले पेशागत काम गर्दा गरिने हिंसा पनि धर्म भित्रै परेकोले धर्म व्यावहारिक थियो । राजाको के के कर्तव्य हुन्छ भन्ने विषयमा वैदिक साहित्यमा प्रतिपादित विधिविधान र कर्तव्य निर्देश गर्ने मन्त्रहरूबाट नै राज्य विधि संहिता, निश्चित भइसकेको कुरा भनिसकिएको छ ।

ऋग्वेदको उत्तर कालमा वैदिक आर्यहरूको समाज रचनामा नयाँ-पन आइसकेको थाहा पाइन्छ । त्यो बेला समाजमा कार्य विभाजन भइसकेको थियो । प्रारम्भिक कालमा ब्राह्मण, क्षत्रिय, वैश्य शूद्रको कार्य विभाजन संकेत पाइदैन । बरु राजा पनि मन्त्रद्रष्टा ऋषि हुन्थे । ऋषि कुल पनि युद्ध गर्थे, प्रशासन गर्थे भन्ने कुरा अन्वेषणबाट थाहा पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाज बढेर अनार्यहरूको युद्धबाट विश्रान्ति पाएपछि विभिन्न पेशामा मानिसहरू लागे। बाबु, बाजेले गर्दै आएका काम कुराहरूमा छोरा नातिको स्वभावतः चासो हुनु कामको भेउ पाउनु पनि सजिलो हुन्थ्यो। यस-कारण पेशा खान्दानी हुन लाग्यो खान्दानी पेशा बढेपछि बहुसंख्यकको रुची त्यसैमा भयो र स्वतः नै पेशागत जाति (वर्ण) विभाजनको युग देखा पऱ्यो। यसरी वर्णविभागको समाज रचना हुन आर्यहरूलाई सयौं वर्ष लाग्यो होला।

पहिलेको एउटै जातिको विभिन्न पेशा भएकोले यसतर्फ चिन्तनको आवश्यकता पनि थिएन। तर अनार्य जातिसँग युद्ध गरेर विजय भएपछि समातिएका युद्धवन्दी र तिनका स्त्री बालबच्चाको संरक्षण गर्दा र स्नतन्त्र छोडिएमा पुनः विद्रोह गर्ने भएकोले नियन्त्रण गर्नु पर्दा दासवर्गको जन्म भयो। यो संख्या सानो थिएन, सेवा सुश्रुषा गर्न र खेतीपाती एवं अन्य व्यवसाय गर्नमा ठूलो सहायक भएकोले समाज बाहिर राख्न सकिने कुरा पनि भएन। यसकारण आर्य सभ्यतामा शूद्ध वर्गको जन्म भयो। यो वर्गका दास जीवनबाट मुक्ति पाएका व्यक्तिहरू जीवन निर्वाहको निम्ति विभिन्न शिल्प व्यवसायतिर पनि लागे। शूद्ध वर्गको वाणिज्य र पशुपालन तथा कृषिमा पनि ठूलो योगदान रह्यो। यसपछि परब्रह्मरूपी सृष्टि जगत्का ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, चारै वर्ण अभिन्न अङ्ग मानिए।

उपर्युक्त वर्ण विभाजन काम हेरेर गरिएको थियो। खानपान छुवा-छुतको रोग वैदिक कालमा त्यति सल्किसकेको थिएन।

आर्यहरू सप्त-सिन्धुबाट पूर्व दक्षिण बढ्दै गए र राज्य विस्तार भएपछि विभिन्न अनार्यकुल सँगको सम्पर्कमा आए। सबै जातिलाई दास बनाउन सकिने कुरा पनि भएन। सबैलाई सजिलै आर्य धर्ममा दीक्षित गर्न सकिने पनि थिएन। जो जो आर्य वैदिक धर्म मान्नमा तयार भए, तिनीहरूको पनि आफ्नो परम्पराको धर्म, रीति रिवाज, परम्परादेखि गर्दै आएका विचार, खानपान, र व्यवसाय सबै छुट्न सक्दैनथे र छुटाएर पनि उपयोगी व्यवसाय दिन सकिदैनथ्यो।

बरू उनीहरू ले आफ्नो जातिगत पेशा, खानपान गरेकोमा नै आर्य-राष्ट्रहरूलाई फाइदा थियो। यसकारण वैदिक धर्मका कतिपय कुराहरू दिएर अन्य व्यवस्थामा खलल नगर्नु नै उचित ठानियो। प्रशासनचाहिं आर्यहरूले अरूभन्दा राम्रो दिएकोले प्रभुत्त्व बढ्यो।

उत्तर वैदिक कालमा अन्य व्यवसाय छाडेर आश्रमवासी जीवन-मा आफूलाई सीमित गर्ने ब्राह्मण-समाजको चिन्तन प्रक्रिया पनि बढ्दै गयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उतातिर सुखीसम्पन्न जीवन बिताउन पाएका र कृषि, वाणिज्य, शिल्प व्यवसायको वृद्धिले सम्मपन्नता प्राप्त गरेका राजामहाराज तथा धनी वैश्य वर्गले यज्ञ सम्पादनमा धेरै धन खर्च गर्न सक्दथे । धेरै समय पनि दिन सक्ने हुँदा खर्चिलो यज्ञ यागादिका विधिविधान पनि निर्माण भए । कर्म पद्धतिमा विविध जटिलता थपिदै गयो । साथै साधनारत आश्रम-वासी ऋषिमुनिहरूले चिन्तन द्वारा सृष्टि, स्थिति, लय, प्रकृति-पुरुष, ईश्वरीय सत्ताको विविध रूपको विषयमा विवेचना गरेर आरण्यक तथा उपनिषद् आदि दर्शन शास्त्रको निर्माण गरे । वेदका साँकेतिक शब्द, वाक्य, केलाएर व्याख्या गरे । हिंसाद्वारा यज्ञविधान सम्पन्न गरिने परम्परामा अहिंसावादी बिचार वेदकै अनुशीलनबाट प्रतिपादन गरियो । यस वेलातिर आर्यहरूको समाज बृहत्तर समाज भइसकेको थियो । प्राचीन बिचार धारामा नयाँ नयाँ विचारहरूको उदय हुन थालेको र वैदिक सनातन धर्मका अनुयायी भएका विभिन्न अनार्य कुलको विशाल समुद्रमा आर्य सन्तानको संघ बिलाउँदै जाने अवस्था अगाडि आएकोले त्यस वेलाका ब्रह्मकुलले समयोचित धर्म संहिता निर्माण गर्नुपर्ने आवश्यकता हुन आयो । कतिपय कामहरू सत्यको भरमा चल्दथे भने कतिपय कुराहरू परम्परागत श्रुति (सुनेको भर) मा पनि चल्दथे । अब आर्य कुलको मात्र शास्ता भएर नहुने भएकोले नयाँ धर्म संहिता बने । पुरानाको संशोधन र परिवर्द्धन गरियो । आफ्ना आफ्ना कुल परम्परा र शाखामा प्रचलित नियमहरू पनि लिपिवद्ध अथवा सूत्रवद्ध भएर रहनु अनिवार्य थियो र गरियो पनि ।

जन्मदेखि मृत्युसम्म र मरेपछि पनि पुनर्जन्मको सुख सुविधाको लागि गरिने कृत्यको परम्परा आर्यहरूमा पहिले देखिनै थियो र जो धर्मको रूपमा अनिवार्य नै मानिन्थ्यो । तर वर्ण व्यवस्था र अन्य विभिन्न जातिको समावेश एवं आर्येतर जातिको सम्पर्कबाट जन्मेका वर्णसंकर जातिको निम्ति पनि समाजमा के स्थान हुन्छ भन्ने कुरा त्यो वेला विचारणीय प्रश्न भएको थियो होला भन्ने अनुमान गर्न सकिन्छ ।

यस्तै ब्राह्मण समाज अण्यवासी भएपछिको कसले कति अध्ययन गर्ने, कसले गृहस्थ जीवन बिताउने, दार्शनिक चिन्तन र उपासना कहिले गर्ने भन्ने विषयमा पनि निश्चित नियम हुनु जरूरी मानियो । यसको प्रतिफल-आश्रम धर्मको व्यवस्था शुरूभएको मान्न सकिन्छ । यो व्यवस्था उपनिषद्कालभन्दा केही अगाडि मात्र शुरूभएको हुनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छान्दोग्य उपनिषद् (२।२३) मा भनिएकोछ–

त्रयो धर्म–स्कन्धा यज्ञोऽध्ययनं दानमिति । प्रथम स्तप एवेति, । द्वितीयो ब्रह्मचर्या ऽऽ चार्य कुलवासी, तृतीयोऽत्यन्तमात्मानमाचार्यकुले अवसादयन् । सर्व एते पुण्यश्लोका भवन्ति ब्रह्म संवयोऽमृतत्वमेति ।

अर्थ तीन धर्मका स्कंध (शाखा) छन् । यज्ञ, अध्ययन र दान ।

पहिलो तप हो, दोस्रो ब्रह्मचारी भएर आचार्यकुलमा वस्नु, तेस्रो आफूलाई आचार्य कुलमा मिलाउनु हो ।

उपर्युक्त कथनवाट आर्यकुलका ब्राह्मण, क्षत्रिय वैश्य कुलका छात्रहरू उपनयन (व्रतवन्ध) संस्कार पछि गुरुकुल आश्रममा वसेर ब्रह्मचर्य पालना गर्थे र २५ वर्षको उमेरसम्म साधना, उपासना, वेद विद्याको अध्ययन चिन्तन गर्दथे । विद्यार्थीले पूर्णतया गुरुको सेवा गरेर आचार्यकुलमा आफूलाई भिजाउनु पर्दथ्यो । कर्मठ, अनुशासित, विवेकशील, विनम्रतायुक्त आदि गुण गुरुकुलमा नै उपार्जन गर्दथे । त्यस पछिको गृहस्थाश्रम, प्रौढावस्थाको वानप्रस्थ र चरम अवस्थामा यति धर्मको विधानद्वारा पूर्णरूपमा आर्यहरूको जीवन पद्धति मर्यादित गरियो ।

उत्तर वैदिक कालमा यज्ञपरक ब्राह्मण ग्रन्थको वाचनपछि अध्यात्म दर्शनको उपनिषद्हरूको निर्माण कालमा वेदाङ्ग कल्प, व्याकरण, निरुक्त, शिक्षा, छन्द, ज्योतिष यी छ विषयको संकलन, निर्माण र विभाजन पनि गरियो ।

यसपछि आर्य सहित्यका विविध पक्षहरू समाज रचनाको विधान, धर्मसम्वन्धी व्यापक व्याख्या, राजनीति शास्त्र, प्रशासनिक क्षेत्रका विधि संहिताहरूको संगालो र व्याकरणले भाषाको नियन्त्रण गरिदिएर आर्य शास्त्रहरू सुव्यवस्थित रूपमा जीवन्त हुनपुगेका छन् ।

हिन्दूहरूको धार्मिक परम्परामा विवेचना गर्दा चार किसिमको धर्म वा धार्मिक नियमको विभाजन गर्न सकिन्छ । वर्ण-धर्म १, आश्रम धर्म २, नित्य नैमित्यिक धर्म ३, गुण-धर्म या राजशास्त्र ४ ।

प्राचीन आचार्यहरूले धर्मको परिभाषा गर्ने प्रयास गरेका छन् । मीमांसा दर्शनका आचार्य जैमिनि (पूर्व मिमांसा सूत्र १।१।२) मा भन्दछन् ।

"चोदना लक्षणो धर्म" अर्थात् वेदमा वताइएको प्रेरक नियम र लक्षण नै धर्म हो ।

यस्तै वैशेषिक दर्शनका सूत्रकार भन्दछन् - यतोऽभ्युदय - निःश्रेयस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धिः स धर्मः । अर्थात् जुन कुरा गर्नाले इहलोकमा अभ्युदय (उन्नति) हुन्छ र परलोकमा पनि कल्याण अथवा मुक्ति प्राप्त हुन्छ, त्यसलाई धर्म भनिन्छ ।

यसै कुरालाई धर्म शास्त्रकार हारित भन्दछन्-"श्रुतिप्रमाणको धर्मः" अर्थात् श्रुति स्मृतिद्वारा विहित आचरण नै धर्म हो । वसिष्ठ पनि उक्त मतलाई नै समर्थन गर्दै भन्दछन् । श्रुतिस्मृति विहितो धर्मः । तदलाभे शिष्टाचारः प्रमाणाम् ।

अर्थात् वेद र धर्म शास्त्रले बताएको नै धर्म हो र त्यसमा स्पष्ट नभएको विषयमा शिष्टजन (विद्वान्) को आचरण नियम नै धर्म मान्नु पर्दछ ।

प्रसिद्ध स्मृतिकार याज्ञवल्क्य भन्दछन्–

वेदोऽखिलो धर्ममूलम् स्मृतिशीलेच तद्विधाम् ।
आचारश्चैव साधूनामात्म संतुष्टिरेव च । २।६
श्रुतिस्मृतिः सदाचारः स्वस्यच प्रियमात्मनः ।
सम्यक् संकल्पजं कामो धर्ममूल मिदंस्मृतम् ।१।७।

अर्थात् सम्पूर्ण धर्मको मूल वेद हो । परम्परागत ज्ञानबाट निर्मित स्मृति पनि त्यतिकै प्रमाण हुन् । सज्जन पुरुषको आचरण पनि धर्म हो र जुन राम्रो कुरा गर्नाले मन संतुष्ट हुन्छ त्यो पनि धर्म नै हो । यस्तै कुरा फेरि स्पष्ट गर्दछन्-श्रुतिस्मृतिले भनेका कुरा, सदाचार र आफ्नो प्यारो लोग्ने कुरा एवं असल संकल्पबाट उठेको इच्छालाई धर्मको मूल भन्नुपर्दछ । मनु भन्छन्-"धृतिक्षमा, दमोस्तेयं शौचमिन्द्रिय निग्रहः । धीर्विद्या सत्यमक्रोधो दशकं धर्म लक्षणम् ।" अर्थात्-उक्त सदाचार नै धर्म हो ।

यसरी आर्य ऋषि महर्षिहरूले धर्म विषयलाई लिएर धेरै विचार व्यक्त गरेको पाइन्छ । तथापि यसको मूल आधार वेदलाई नै मानेका छन् । वेदमा निर्देशित कुरा, संकेत गरिएका विषय-वस्तु र वैदिक ऋषिहरूबाट शुरू-भएको सदाचार, कर्तव्यका नियम उपनियमहरू, जो परम्परागत रूपमा चलेर आए, त्यसैको आधारमा छोठो छरितो रूपले जान्नको लागि पछिपछि सूत्र रूपमा धर्म संहिताहरू बने । वेदमा जुन विषय प्राप्त हुन्छ त्यसलाई नै विशदरूपमा ब्राह्मण ग्रन्थहरूले व्याख्या गर्दछन् । तथा ब्राह्मण ग्रन्थमा पाइने आख्यानहरूले पनि वेद विहित धर्माचरणको दिग्बोध हुन्छ । ब्रह्मचर्यको महत्त्व, उत्तराधिकार सम्पत्तिको विभाजन यज्ञ- विधान, अतिथि सत्कार, विवाह, श्राद्ध, स्त्रीविषयक धारणा आदि धार्मिक तथा सामाजिक पक्षमा संहिता र ब्राह्मण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थको अनुशीलनबाट जुन कुरा जानिन्छ, तिनै कुराको सूत्ररूपमा र स्मृति रूपमा संकलन भएको पाइन्छ । धर्मशास्त्रका इतिहासकार डा. काणे आफ्नो "धर्मशास्त्रको इतिहास भन्ने ग्रन्थ (भा १, पृ–७) मा भन्दछन्, कालान्तरमा धर्मशास्त्रमा जो विधि बताएको पान्छ, त्यो वैदिक साहित्यमा अक्षुण्ण रूपले प्राप्त हुन्छ। यसकारण धर्मशास्त्रले वेदलाई फेद मानेको कारण उचितै देखिन्छ।

वैदिक संहिताको सयौंवर्षपछि परम्परागत आचार, विचार, संस्कार र विधिविधानलाई ध्यानमा राखेर वेदको व्याख्या स्वरूप ब्राह्मण ग्रन्थको रचना भएको थियो । वेदको अध्ययन र अध्यापनमा पनि कुल-सम्प्रदायअनुसार शाखा भेद भइसकेका र आ-आफ्ना शाखामा अपनाएका आचार, संस्कार र कृत्य-विधिमा पनि साधारण अन्तर आएकोले प्रत्येकशाखाका वेदको व्याख्या स्वरूप ब्राह्मण, आरण्यक र उपनिषद्हरू निर्माण गरिएको पाइन्छ ।

वेद– कर्मकाण्डको व्याख्यास्वरूप ब्राह्मणग्रन्थ भए पनि त्यसबाट सम्पूर्ण धार्मिक, सामाजिक कृत्यको साङ्गोपाङ्ग जान्न संभव भएन र धार्मिक पक्ष जस्तै सामाजिक तथा व्यवहार पक्ष सबैले जान्नु पर्ने कुरा हुँदा वेद र ब्राह्मणको अनुशीलन गरेर मात्र सबै वर्ग वा व्यक्तिले जान्न सक्तैनथे । वर्तमानमा पनि ऐन कानून विरुद्ध आचरण गर्नेले मलाई कानून थाहा थिएन भनेर दण्ड विधानबाट बाच्न सक्तैन । त्यो आवश्यकतालाई पुरा गर्न विधि संहिता, लिखित रूपमा हुनु वाञ्छनीय थियो । त्यो पनि विशाल ग्रन्थको रूपमा तयार गरेर पठन-पाठन गर्नु गराउनु संभव थिएन । यसकारण अत्यन्त उपयोगी रूपमा विशिष्ट विद्वान् महर्षिहरूले सूत्र - साहित्यको सिर्जना गरेर पढाउने व्यवस्था गरेको कुरा अनुसन्धानबाट थाहा पाइन्छ ।

वैदिक कर्मकाण्ड (मीमांसा शास्त्रका) प्रकाण्ड पण्डित व्याख्याता कुमारिल भट्ट भन्दछन्- वेदादृतेऽपि कुर्वन्ति कल्पैः कर्माणि याज्ञिकाः ।

नतु कल्पैर्विना केचिन्मंत्रब्राह्मण मात्रकान् ।।

अर्थ - वेद र ब्राह्मणको आदर गरेपनि याज्ञिकहरू कल्पसूत्रहरूबाटै यज्ञ सम्पादन गर्दछन् । कल्पसूत्रविना नै संहिता र ब्राह्मणग्रन्थबाट मात्रै यज्ञ गराउन संभव छैन ।

कल्पशास्त्रको बारेमा विष्णुमित्र भाष्यकारले यस्तो परिभाषा गरेका छन् - "कल्पो वेद विहितायां कर्मणां आनुपूर्वेण कल्पना शास्त्रम्" अर्थात् - वेदमा बताइएका कर्महरूको क्रमपूर्वक व्यवस्थित कल्पना गरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै कल्पशास्त्र हो। यसभित्र सूत्र (धागो) अर्थात् ज्यादै छोटो रूपमा लेखिएको सूत्रशास्त्र र पद्यबन्ध (छन्दमा लेखिएको) स्मृतिग्रन्थहरू पनि कल्पसाहित्य भित्र नै गणना गरिन्छन्।

मानवीय सदाचार, संस्कार, दैनिक र अन्य कृत्यविधि वैदिक यज्ञको अनुष्ठान, राजधर्म स्त्रीधर्म, समाजका अन्य आवश्यक नियमहरूको निदर्शन सूत्रग्रन्थ र स्मृतिग्रन्थहरूमा पाइन्छन्। यसलाई सजिलो होस् भनेर तीन अथवा चार विभाग गरिएको छ जो निम्न प्रकार छ–

१. श्रोतसूत्र - यसमा वैदिक यज्ञमा गरिने विधिविधानहरूको साङ्गोपाङ्ग वर्णन पाइन्छ। यी आफ्ना आफ्ना वेदका शाखा र कुलपरम्परा-अनुसार गरिने विधिविधानको स्पष्टताको लागि छुट्टाछुट्टै लेखिएका थिए भन्ने बुझिन्छ। किन्तु त्यसमा कतिपय श्रौतसूत्रहरू हाल प्राप्त छैनन्।

२. गृह्यसूत्र– यसमा जन्मदेखि मृत्यसम्मका आर्यधर्मावलम्बीका निम्ति गरिने संस्कार विवाह, व्रतबन्ध, न्वारन, पास्नी क्षौरकर्म आदिको विधि उल्लेख भएको छ र मरेपछि गरिने कर्म विविध श्राद्धहरूको विधि पनि लेखिएको छ।

३. धर्मसूत्र– धर्मसूत्रले संक्षेपमा श्रौतसूत्रका नियम, गृह्यसूत्रका संस्कार र कृत्यको दिग्दर्शनका साथै सदाचार, व्यवहार, राजधर्म, दण्डविधान, वर्णाश्रमधर्म, सामाजिक कानून, दायित्व, उत्तराधिकार आदि सम्पूर्ण विषय-मा नियम नीति निर्धारण गर्दछ। यसमा पूर्ववर्ती आचार्यहरूको मन्तव्य पनि उद्धरण गरिएको पाइन्छ भने समसामयिक समाजको स्थितिलाई व्यवस्थित गर्न बनेको हुँदा समाजको ऐतिहासिक स्थितिको गवेषणा गर्न पनि सजिलो पारेको छ।

४. शुल्वसूत्र– यसमा यज्ञको चौकी मण्डप, वैदिको विषयमा रेखागणितीय पद्धतिले नाप साइजको लेखाजेखा गरिएको छ।

उपर्युक्त कल्पसूत्रहरूको रचनाकालभन्दा पूर्व पनि उक्त विषय-हरूलाई प्रस्थापन गर्ने शास्त्रहरू थिए भन्ने कुरा कल्प साहित्यको अन्वेषणबाट नै थाहा पाइन्छ। ती के के नामका कसरी लेखिएका ग्रन्थ थिए त्यसको विव-रण दिन त्यस्ता ग्रन्थहरू अनुपलब्ध हुँदा सकिदैन। मैक्समूलर आदि पाश्चात्य विद्वान् तथा भाण्डारकर जस्ता भारतीय विद्वान् सूत्रसाहित्यभन्दा छन्दोबद्ध श्लोकमा लेखिएको धर्मशास्त्रको रचना भयो होला भन्दछन्। तर डा. काणे यो विचारसँग सहमत छैनन्। प्राचीन सूत्रसाहित्यमा पनि छन्दोबद्ध श्लोकमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखिएका प्राचीन ग्रन्थको उद्धरण दिएको पाइन्छ । यसकारण छन्दोवद्धरूपमा विभिन्न विषयक ग्रन्थहरू सूत्रसाहित्यभन्दा पहिले नै लेखिएका थिए । (काणे धर्म शा. इतिहास प्रथम भाग पृ. ९)

उपर्युक्त विवेचित विषयका सूत्रसाहित्यहरू आ-आफ्ना विषयमा महत्त्वपूर्ण मानिन्छन् तापनि मानव जीवनका समग्रपक्षमा प्रकाश पार्ने समाज व्यवस्थित गर्ने विधि संहिताको रूपमा धर्मसूत्रहरूको विशेष महत्त्व छ । यद्यपि जन्मेदेखि मृत्युपर्यन्तका आचार र संस्कार गृह्यसूत्रमा संकलित छन्, परन्तु ती विषयको विवेचना पनि धर्मसूत्रमा पाइन्छ । संक्षेपमा धर्मसूत्रको विषय सूची यसरी दिन सकिन्छ–धर्म, त्यसको उपादान, चारैवर्णको आचार कर्तव्य, एवं जीवनवृत्तिहरू तथा आश्रमधर्म - ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ, (बैरवानस) सन्यास आश्रमका सदाचार, उपजाति र संकर (मिश्रित) जातिका विनिश्चय, तथा कर्तव्य, सपिण्ड सगोत्र, पाप, त्यसको प्रायश्चित्त, व्रत, आशौच, शुद्धि, ऋण, व्याज, साक्षी, न्याय-व्यवहार, अपराध, र दण्ड, राजा र राजाको कर्तव्य, स्त्री जीवन र कर्तव्य, पुत्र, दत्तक पुत्र (धर्म पुत्र) उत्तराधिकार स्त्री धन्, अंश, सम्पत्तिको विभाजन, आपद्, धर्म आदि धर्मसूत्र (धर्मशास्त्र र स्मृतिहरू) का मुख्य वर्ण्य विषय हुन् ।

धर्मसूत्र वा अन्य सूत्रहरू वेदका शाखा भेदले छुट्टाछुट्टै रचना भएका थिए भन्ने तर्कमा पूर्व मीमांसा सूत्र (१।१३।११) को तंत्रवार्तिक नामक भाष्यमा विचार गर्दै भनिएको छ-मुख्यकारण यो हो कि कयचौं शाखाले छुट्टै धर्मसूत्र रचना गर्नु पर्ने आवश्यक ठानेनन् र प्रमुख शाखाकै सूत्रसाहित्यबाट नै काम चलाए । सबै धर्मसूत्र र सबै गृह्यसूत्रहरू वैदिक आर्यहरूको निम्ति मान्य छन् । कल्प-सूत्रकार आफ्ना शाखाको नियमको विधान गर्दछन् र विकल्पको रूपमा अन्यशाखाका नियमको पनि उल्लेख गर्दछन् । यी कुराको उल्लेख आफ्नो भाष्यमा कुमारिलले गरेका छन् ।

स्वशाखा विहितैश्चापि शाखान्तर गतान्विधीन्
कल्पकारा निवध्नन्ति सर्व एव बिकल्पितान् ।
सर्व शाखोपसंहारो जैमिनेश्चापि सम्मतः । कुमारिल १।३।

साथै यो पनि भनिएको छ कि कुनै पनि सूत्रकार आफ्नो शाखाको नियमले मात्र संतुष्ट थिएनन् ।

धर्मसूत्रको काल निर्णय

धर्मसूत्रको विषयमा विद्वान्हरूको धारणा छ कि श्रौतसूत्र र गृह्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत्रभन्दा अगाडिको हुनुपर्छ । किन भने श्रौतसूत्रमा भनिएको छ, जनै लगाउने कर्मपछि मात्रै यज्ञ गर्ने अधिकारी हुन्छ । तर व्रतबन्ध गर्ने विधि श्रौतसूत्रमा छैन र धर्म-सूत्रबाट जानिन्छ भनिएको छ । किन्तु अर्काथिरी विद्वान् यसलाई प्रमाण मान्दैनन् । उनीहरूको विचारमा श्रौतसूत्र र गृह्यसूत्रमा शूद्रको स्थितिबारे स्पष्ट निर्देश छैन तर धर्मसूत्रमा शूद्रको स्थिति ज्यादै हीन अवस्थामा पाइन्छ । यो ज्यादै पछिल्लो समयको सामाजिक विधान मान्नु पर्छ । वेद ब्राह्मणमा यस्तो कडाई भेटिदैन ।

अनेक ठाउँमा धर्मसूत्र गृह्यसूत्रकै विषय प्रतिपादन गर्दछन् प्रामाणिक विषयमा गृह्यसूत्रकै समकक्ष छन् । पूर्ववर्ती साहित्यमा अन्वेषण गर्दा निरूक्तकार यास्कले (३।१।४) रिक्थाधिकारमा धर्म शास्त्र सम्बन्धि अनेक मतको उल्लेख गरेका छन् । साथै एक श्लोक पनि उद्धृत गरेका छन्-

अविशेषेण पुत्राणां दायो भवति धर्मतः ।

मिथुनानां विसर्गादौ मनुः स्वायंभुवो ब्रवीत् ।

यस दृष्टिबाट विचार गर्ने हो भने यास्क (८०० ईसापूर्वभन्दा पनि पहिले धर्मशास्त्रकार संप्रदाय र ग्रन्थ थिए भन्नुपर्छ ।

अर्थ-छोरा र छोरी दुबैले बराबर अंश पाउछन् भनेर सृष्टि कालमा नै स्वायंभुव (ब्रह्मा अथवा मनु) ले भनेका छन् ।।

यहाँ विवेचना गर्दा तर्कसंगत कुरा के देखिन आउँछ भने ऋग्वेद कालमा नै प्रमुख धार्मिक क्रिया यज्ञ थियो । आर्यहरूको आचार विचार र संस्कार विधान पनि ऋग्वेदकालीन नै हो र त्यस वेला पछिपछिको जटिलता आइसकेको थिएन । त्यस्तै समाज-रचना पनि विश्व विजय गर्ने जातिको सानो थियो होला भन्न सकिदैन र राजसत्ता आर्यहरूको जन्मजात आदिकालीन व्यवस्था हो । सज्जन र दुष्ट चोर र हिंस्रक समाजमा जहिले पनि हुन्थे । यिनीहरूलाई दण्ड विधानको व्यवस्था हुनु जरूरी थियो । भगिनी विवाह जस्ता कुरीति आर्यहरूले ऋग्वेदकालमा नै दूषित मानिसकेका थिए । पुनर्जन्ममा विश्वास, पितृगणको मान्यता, दान, यज्ञ, र उपासना पनि ऋग्वेदकालमा प्रचलित थियो । यसकारण श्रौत, गृह्य र धर्मसूत्रका विषयहरू सूत्ररूपमा निर्माण नभए तापनि कुनै न कुनै रूपमा अवश्य प्रचलित थिए भन्न सकिन्छ । संभवतः शुरूमा एउटै संहितामा संकलित भएर पछि सजिलोको लागि तीन विषयमा विभाजन भयो होला । एउटा विषयको एउटा ग्रन्थ तयार भएपछि अन्य विषयको पनि त्यत्तिकै आवश्यक पर्ने हुँदा श्रौत गृह्य-तथा धर्मसूत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वा संहिताको रचना एकै समय तिर भयो र आफ्ना आफ्ना शाखा अथवा आश्रम कुलका कुलपतिहरूले आफ्नो मतान्तर दर्शाएर अलग अलग ग्रन्थ रचना गरेका रहेछन् भन्ने कुरा पनि पछिका सूत्रकारहरूले आफ्ना पूर्ववर्ती आचार्यको नामोल्लेख गरेकोबाट थाहा पाइन्छ ।

विद्वान्हरूले छानवीन गरेर सूत्र-साहित्यको सिर्जनाकाल ईसापूर्व ६०० देखि ४०० सम्मको अड्कल गरेका छन् । सूत्र ग्रन्थहरूमा सबैभन्दा प्राचीन गौतम धर्मसूत्र मानिन्छ, जसको काल ६०० ई. पू. मानेका छन् ।

गौतम धर्मसूत्रमा-त्रिणी प्रथमान्यनिर्देशान्मनु (३।३।७) तथा एक श्रभ्यत्वाचार्याः प्रत्यक्ष विधानात् गार्हस्थस्य (१।३।३५) भन्ने र वर्णान्तर गमनमुत्कर्षापकर्षाभ्यां सप्तमे पञ्चमे वा.ऽऽचार्याः (१।४।१८)

उपर्युक्त विभिन्न आचार्यका मत देखाउने गौतम धर्मसूत्रको सूत्र र पतञ्जलि (दोस्रो शदी ईसापूर्व) को "धर्म शास्त्रंच तथा" भन्ने वाक्यका साथै पूर्व मीमांसा सूत्र ६।७।६ "शूद्रश्च धर्म शास्त्रत्वाद्" भन्ने जैमिनिको कथनलाई हेरेर धर्मशास्त्र-इतिहासकार काणे भन्दछन् ।[२] धर्मशास्त्र यास्कभन्दा पूर्व पनि थिए । कमसेकम ६०० - ३०० ई. पू. मा त निश्चय नै थिए र दोस्रो शदी ईसापूर्व, मानवधर्मशास्त्र आचारको निम्ति सबैभन्दा ठूलो प्रमाण मानिन्थ्यो ।

बौधायन धर्मसूत्र- बौधायन धर्मसूत्र चार प्रश्नमा विभाजित छ र अन्तिम प्रश्न परिशिष्ट मानिन्छ जो पछिको रचना हो । यसमा गौतमको नामका साथै अनेक धर्मशास्त्रकार आचार्यको उल्लेख पाइन्छ । बौधायन समय ५००–२०० ई. पू. मानिएको छ ।

आपस्तंव धर्मसूत्र– दुई प्रश्न र एघार पटल छन् यसमा । शैली प्राञ्जल र भाषा पाणिनिभन्दा पूर्वको मानिन्छ । यो गद्य र पद्य दुवैमा ग्रथित छ । यसको सम्बन्ध पूर्व मीमांसासँग छ भनिन्छ र निकै नै प्रामाणिक मानिन्छ । यसको समय पनि ६००–३०० का बीच नै मान्छन् ।

हिरण्यकेशी धर्मसूत्र- यसको छब्बीस र सताइसौं प्रश्न छन् । यसमा आपस्तंवका सयौंसूत्र आएका छन् । यसका धर्म, श्रौत, गृह्य, तीनै सूत्रहरू उपलब्ध छन् ।

वसिष्ठ धर्मसूत्र– यसका विभिन्न संस्करण उपलब्ध छन् । कुनैमा २० अध्याय कुनैमा ३१ र योभन्दा पनि कम भएकोले पछि परिवर्धित र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अदलबदल एवं संशोधन भएको मानिन्छ । यद्यपि यो संप्रदाय प्राचीन हो ।

विष्णुधर्मसूत्र– यसमा एकसय अध्याय छन् । गद्यपद्य मिश्रित छ । यसमा समय समयमा संशोधन भएको मानिन्छ । यजुर्वेद कठ शाखा-सँग सम्बन्धित छ भनिन्छ र ३००–१०० ई. पू. को समय विद्वान्हरूले राखेका छन् ।

हारीतधर्मसूत्र– यसको धेरै ठाउँमा उद्धरण प्राप्त छ र कृष्ण यजर्वेदसँग सम्बन्धित मानिन्छ । यसको रचना समय पनि उपर्युक्त नै मानिएको छ ।

शंखलिखित धर्मसूत्र– यो शुक्लयजुर्वेद बाजसनेयी शाखाको सूत्र मानिन्छ । तंत्र वार्तिक तथा पराशर, याज्ञबल्क्य स्मृतिमा पनि शंखको उल्लेख छ । यो धर्मसूत्रलाई गौतम र आपस्तंव रचना कालको बीचमा रचना भएको हो भनेर विद्वान् अन्वेषकहरूले निश्चित गरेका छन् । शंखलिखित सूत्रग्रन्थ तथा स्मृतिग्रन्थ दुवै थिए भन्ने कुरा पनि थाहा पाइन्छ ।

धर्मशास्त्रमा अनेक धर्मसूत्र तथा स्मृतिहरूका उद्धरण छरिएका छन् । तीमध्ये प्रमुख अत्रि उशना, कण्व, कश्यप, काश्यप, गार्ग्य, च्यवन, जातुकर्ण्य देवल पैठिनसि, बुध, वृहस्पति, र भरद्वाज, भारद्वाज, शातातप, सुमन्तु, आदिका सूत्रग्रन्थ थिए वा छन् भन्ने कुरा थाहा पाइन्छ ।

यस्तै धर्मशास्त्रसम्बन्धी विवेचना र निर्णय बताउने श्लोकबद्ध अनेकन स्मृतिक्रन्थहरू पनि छन्, जसमा १८ स्मृतिहरू प्रमुख मानिन्छन् । साधारण तथा सूत्र-साहित्य तथा स्मृतिग्रन्थ दुवै धर्मशास्त्र कहिन्छन् । किन्तु सूत्र रूपमा बढी लेखिएकालाई सूत्र र श्लोकमा लेखिएकालाई स्मृति भन्ने चलन छ ।

श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रस्तु वै स्मृतिः, ।। मनु २।१०
श्रुति भनेको वेद हो, धर्मशास्त्र भनेको स्मृति हो भनेर मनुले भनेका छन् ।

डा. काणे भन्दछन्– धर्मसूत्रकारलाई ऋषिको पद प्राप्त छैन । तर मनु तथा याज्ञबल्क्य जस्ता स्मृतिकारहरूलाई दैवी शक्ति सम्पन्न देखाइएको छ । वीर मित्रोदयअनुसार १८ प्रमुख र २१ अन्य स्मृतिहरू पनि भएको पाइन्छ ।

नेपाली समाजको वैदिक शाखा

भारतवर्षको उत्तरी क्षेत्रमा शुक्लयजुर्वेदको प्रचलन थियो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वा संहिताको रचना एकै समय तिर भयो र आफ्ना आफ्ना शाखा अथवा आश्रम कुलका कुलपतिहरूले आफ्नो मतान्तर दर्शाएर अलग अलग ग्रन्थ रचना गरेका रहेछन् भन्ने कुरा पनि पछिका सूत्रकारहरूले आफ्ना पूर्ववर्ती आचार्यको नामोल्लेख गरेकोबाट थाहा पाइन्छ ।

विद्वान्हरूले छानवीन गरेर सूत्र-साहित्यको सिर्जनाकाल ईसापूर्व ६०० देखि ४०० सम्मको अड्कल गरेका छन् । सूत्र ग्रन्थहरूमा सबैभन्दा प्राचीन गौतम धर्मसूत्र मानिन्छ, जसको काल ६०० ई. पू. मानेका छन् ।

गौतम धर्मसूत्रमा-त्रिणी प्रथमान्यनिर्देशान्मनु (३।३।७) तथा एक श्रभ्यत्वाचार्याः प्रत्यक्ष विधानात् गार्हस्थस्य (१।३।३५) भन्ने र वर्णान्तर गमनमुत्कर्षापकर्षाभ्यां सप्तमे पञ्चमे वा.ऽऽचार्याः (१।४।१८)

उपर्युक्त विभिन्न आचार्यका मत देखाउने गौतम धर्मसूत्रको सूत्र र पतञ्जलि (दोस्रो शदी ईसापूर्व) को "धर्म शास्त्रंच तथा" भन्ने वाक्यका साथै पूर्व मीमांसा सूत्र ६।७।६ "शूद्रश्च धर्म शास्त्रत्वाद्" भन्ने जैमिनिको कथनलाई हेरेर धर्मशास्त्र-इतिहासकार काणे भन्दछन् ।[२] धर्मशास्त्र यास्कभन्दा पूर्व पनि थिए । कमसेकम ६०० - ३०० ई. पू. मा त निश्चय नै थिए र दोस्रो शदी ईसापूर्व, मानवधर्मशास्त्र आचारको निम्ति सबैभन्दा ठूलो प्रमाण मानिन्थ्यो ।

बौधायन धर्मसूत्र- बौधायन धर्मसूत्र चार प्रश्नमा विभाजित छ र अन्तिम प्रश्न परिशिष्ट मानिन्छ जो पछिको रचना हो । यसमा गौतमको नामका साथै अनेक धर्मशास्त्रकार आचार्यको उल्लेख पाइन्छ । बौधायन समय ५००–२०० ई. पू. मानिएको छ ।

आपस्तंव धर्मसूत्र– दुई प्रश्न र एघार पटल छन् यसमा । शैली प्राञ्जल र भाषा पाणिनिभन्दा पूर्वको मानिन्छ । यो गद्य र पद्य दुवैमा ग्रथित छ । यसको सम्बन्ध पूर्व मीमांसासँग छ भनिन्छ र निकै नै प्रामाणिक मानिन्छ । यसको समय पनि ६००–३०० का बीच नै मान्छन् ।

हिरण्यकेशी धर्मसूत्र- यसको छब्बीस र सताइसौं प्रश्न छन् । यसमा आपस्तंवका सयौंसूत्र आएका छन् । यसका धर्म, श्रौत, गृह्य, तीनै सूत्रहरू उपलब्ध छन् ।

वसिष्ठ धर्मसूत्र– यसका विभिन्न संस्करण उपलब्ध छन् । कुनैमा २० अध्याय कुनैमा ३१ र योभन्दा पनि कम भएकोले पछि परिवर्धित र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अदलबदल एवं संशोधन भएको मानिन्छ । यद्यपि यो संप्रदाय प्राचीन हो ।

विष्णुधर्मसूत्र– यसमा एकसय अध्याय छन् । गद्यपद्य मिश्रित छ । यसमा समय समयमा संशोधन भएको मानिन्छ । यजुर्वेद कठ शाखा-सँग सम्बन्धित छ भनिन्छ र ३००–१०० ई. पू. को समय विद्वान्हरूले राखेका छन् ।

हारीतधर्मसूत्र– यसको धेरै ठाउँमा उद्धरण प्राप्त छ र कृष्ण यजर्वेदसँग सम्बन्धित मानिन्छ । यसको रचना समय पनि उपर्युक्त नै मानिएको छ ।

शंखलिखित धर्मसूत्र– यो शुक्लयजुर्वेद बाजसनेयी शाखाको सूत्र मानिन्छ । तंत्र वार्तिक तथा पराशर, याज्ञबल्क्य स्मृतिमा पनि शंखको उल्लेख छ । यो धर्मसूत्रलाई गौतम र आपस्तंव रचना कालको बीचमा रचना भएको हो भनेर विद्वान् अन्वेषकहरूले निश्चित गरेका छन् । शंखलिखित सूत्रग्रन्थ तथा स्मृतिग्रन्थ दुवै थिए भन्ने कुरा पनि थाहा पाइन्छ ।

धर्मशास्त्रमा अनेक धर्मसूत्र तथा स्मृतिहरूका उद्धरण छरिएका छन् । तीमध्ये प्रमुख अत्रि उशना, कण्व, कश्यप, काश्यप, गार्ग्य, च्यवन, जातुकर्ण्य देवल पैठिनसि, बुध, बृहस्पति, र भरद्वाज, भारद्वाज, शातातप, सुमन्तु, आदिका सूत्रग्रन्थ थिए वा छन् भन्ने कुरा थाहा पाइन्छ ।

यस्तै धर्मशास्त्रसम्बन्धी विवेचना र निर्णय बताउने श्लोकबद्ध अनेकन स्मृतिग्रन्थहरू पनि छन्, जसमा १८ स्मृतिहरू प्रमुख मानिन्छन् । साधारण तथा सूत्र-साहित्य तथा स्मृतिग्रन्थ दुवै धर्मशास्त्र कहिन्छन् । किन्तु सूत्र रूपमा बढी लेखिएकालाई सूत्र र श्लोकमा लेखिएकालाई स्मृति भन्ने चलन छ ।

> श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रस्तु वै स्मृतिः, ।। मनु २।१०
> श्रुति भनेको वेद हो, धर्मशास्त्र भनेको स्मृति हो भनेर मनुले भनेका छन् ।

डा. काणे भन्दछन्– धर्मसूत्रकारलाई ऋषिको पद प्राप्त छैन । तर मनु तथा याज्ञबल्क्य जस्ता स्मृतिकारहरूलाई दैवी शक्ति सम्पन्न देखाइएको छ । वीर मित्रोदयअनुसार १८ प्रमुख र २१ अन्य स्मृतिहरू पनि भएको पाइन्छ ।

नेपाली समाजको वैदिक शाखा

भारतवर्षको उत्तरी क्षेत्रमा शुक्लयजुर्वेदको प्रचलन थियो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृष्णयजुः का कठ, कपिष्टल पनि चल्ती थिए भन्ने कुरा पतञ्जलिको महाभाष्यबाट थाहा हुन्छ । तर नेपालमा शुक्लयजुर्वेदको बाजसनेयिशाखाको प्राधान्य छ र यो प्राचीन इतिहासकाल देखिनै व्यवहारमा थियो भन्ने प्रमाण छ ।

जावालको यजुः शाखाका २६ भेदमध्ये बाइसौं शाखा टौनका, भनिन्थ्यो । यो नेपालमा प्रचलित थियो । यस्तै गालवका १५ औं शाखाको उप विभाग १४ भिन्न पर्ने बैतानलशाखा, पनि नेपालको पश्चिम प्रदेशमा पढ्ने चलन थियो । यस्तै नैलवशाखा र कुसन्द्रवशाखा कुमाउँमा पढिन्थ्यो । शाखा विभाजनमा पाठको धेरै भिन्नता नभए पनि स्थान भेदले नै बढी शाखाभेद भएको हुनु पर्छ ।[३]

यसबाट नेपालमा ई. पू. मै वेदको पठन-पाठन गर्ने ब्राह्मण समाज थियो भन्ने थाहा हुन्छ र पतञ्जलिले नै शुक्ल यजुः को शाखाभेदको उल्लेख गरेका छन् पछिपछि अन्य शाखा प्रशाखामा त्यति अन्तर नभएको कारणले र शुक्ल यजुः बाजसनेयिशाखाको बढ्ता चल्ती भएकोले अन्य शाखाको लोप भएर उक्त शाखाको चल्ती नै सर्वत्र भएको थाहा हुन्छ । बाजसनेयिशुक्लयजुर्वेदको श्रौतसूत्र-कात्यायन श्रौतसूत्र हो, यसैको मान्यता नेपालमा छ । यसैको आधारमा यज्ञ यागादि कर्म नेपालमा सम्पन्न गरिन्छन् ।

गृह्यसूत्र– कात्यायनको गृह्यसूत्र प्राप्त छैन । गृह्यसूत्रमा पारस्कर गृह्यसूत्र नै बाजसनेयिहरूको भएकोले तदनुसार जन्मदेखि मृत्युसम्मका संस्कार गर्दा नेपाली ब्राह्मण, क्षेत्रिय, तथा वैश्य समाज पारस्कर गृह्यसूत्रबाटै सम्पादन गर्दछन् ।

यस्तै पारस्करको गृह्यसूत्र छ भने श्रौतसूत्र र धर्मसूत्र पाइदैन । शंखलिखित धर्मसूत्र, शुक्लयजुर्वेद बाजसनेयिशाखाको भनिएकोले यसैबाट र यसलाई प्रमाण मान्ने याज्ञवल्क्य स्मृति तथा शंखस्मृति र कतिपय विषयहरूमा मानव धर्मशास्त्र नेपालमा मुख्य रूपले प्रमाण मानिने गरेको पाइन्छ । नेपालको मुलुकी ऐनमा उक्त स्मृतिहरू नै प्रमाण मानिएका छन् ।

नेपालमा बस्ने कुर्माञ्चलीय (कुमाई) ब्राह्मणहरू पनि आफूलाई शुक्लयजुर्वेदी नै मान्दछन् । तर उनीहरूको कर्मकाण्ड विधानमा भने केही फरक रहेको पाइन्छ । केही वर्ष अगाडिसम्म श्राद्धविधि कात्यायनी विधि भनिन्थ्यो र यो लेखोट पुस्तकबाट श्राद्ध सम्पन्न गरिन्थ्यो । पूर्वीय (उपाध्याय) ब्राह्मणको विधि भने वर्तमान बजारमा उपलब्ध हुने पद्धति नै हो जुन नेपालमा सर्वत्र प्रचलित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै मैथिल ब्राह्मणहरू पनि आफूलाई धेरै जति शुक्लयजुर्वेदीय नै भन्दछन्, तर उनीहरूको संस्कार गर्ने कर्मकाण्ड विधि फरक छ । मैथिल वा मिथिलाविधि भनेर उल्लेख गरेको पाइन्छ । नेपाली ब्राह्मण (उपाध्याय) हरूको पश्चिमी भेकमा कर्मकाण्डका विधिविधानमा वासिष्ठी-पद्धति पनि निकै प्रचलित थियो । कुलाउनी ब्राह्मणहरू पनि वासिष्ठी पद्धतिबाट विवाह व्रतवन्ध संस्कार गर्दथे ।

आजकल बहुशः पद्धतिकै चलन छ जो पारस्कर गृह्यसूत्रको पूर्ण अनुकूल छ । वासिष्ठी-विधिमा विवाहको विधि निकै लामू छ र उपनयन विधिभने निकै छोटो र सरल छ । मैथिल ब्राह्मण तथा भूमिहार र राजपूत-हरूको बीचमा चलेको व्रतवन्ध तथा विवाह पद्धति पनि नेपालमा चलेको पद्धति-भन्दा बेग्लै किसिमको छ र छोटो पनि छ । उनीहरूको विवाहमा कुलाचार कृत्य भने धेरै गरिन्छन् किन्तु कर्मपद्धति भने छोटो छ । जसको छाया सिने-मामा पनि हामी देख्नपाउँ छौं । द्वारपूजा मैथिल विवाहपद्धतिमा एक छुट्टै प्रक्रिया हो, जो नेपाली विवाहमा हुदैन । वासिष्ठी विवाहमा द्वारपाली भन्ने विधान छ । बधू वाहिर यज्ञमण्डपमा ल्याउँदा ढोकामा पर्दाले छेकेर केही श्लोकहरू भन्ने चलन छ । पद्धति विधि गर्नेहरू पनि यो थप विधि रमाइलोको निम्ति कहीं कहीं गर्दछन् ।

नेपालीहरूको परम्परागत संस्कार

आर्य सनातन धर्ममा संस्कार, आचारक्रिया र विधि नियमको पालना पनि धर्म अन्तर्गत नै मानिन्छ । यसको उल्लंघन नै अधर्म हो । दार्श-निक पक्षको विकास भएपछि पनि संस्कार क्रिया र आचार विचार यथावत् नै रह्यो । यसकारण आचार र संस्कार क्रिया, नियम अनि दर्शन हिन्दू धर्मका दुई पक्ष हुन् । दर्शन पनि धर्म वाहिर छैन ऋग्वेद कालमा आर्य- अनार्य संघर्ष अनार्य र दस्युबाट पीडित आर्य ऋषिहरूले अनार्य दस्युप्रति जुन आक्रोश व्यक्त गरेको पाइन्छ, यो समाजविस्तार भएपछि र अनार्यहरूले पनि आर्यको छत्रछायाँमा मिलेर बस्न थालेपछि संकलित ऋग्वेदका दशौं मण्डलमा पाइने मंत्रका भावनाहरू उच्च आदर्शमा निहित छन् । ऋ. (१०।१९१।२।३।४) मा आएका मंत्रहरू--

संगच्छध्वं संवदध्वं संवो मनांसि जानताम् । देवा भाग यथा पूर्वे सञ्जाना मुपासते ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समानो मंत्र समिति समानी समानं मनः सह चित्तमेषाम् ।
समानं मंत्रमभि मंत्र एवः समानेन वो हविषा जुहोमि ।।
समानी व आकुतिः समाना हृदयानि व :
समान मस्तु वो मनो यथा व सुसहासति ।।

अर्थात्-तपाईंहरू सँगै हिड्नोस्, एक भएर बोल्नोस्, एउटै मन (विचारका) हुनु होस्, जसरी देवताहरू एकै विचारवाला भएर यज्ञमा हवी ग्रहण गर्दछन् त्यस्तै समान विचारवाला भएर धन ऐश्वर्यको ग्रहण गर्नु होस् ।

मंत्र (स्तोत्र) सल्लाह समान होस्, समितिमा जम्मा भएर छलफल गर्दा पनि एउटै मत होस्, मन चित्त सबैको एकै किसिमको होस् । समान विचार र सल्लाहले मंत्रणा गरौं । समान विचार समान कर्मद्वारा यज्ञ गरौं र हवन गरौं । अर्थात् धर्म तथा आचार समान होस् ।

तपाईं पुरोहित (ब्राह्मण कुल) यजमान (ब्राह्मण क्षत्रिय वैश्यहरू) को मनवचन कर्म समान होस् । तपाईंहरू एउटै विचार लिएर संगठित हुनुहोस् ।

उपर्युक्त अन्तिम चरणमा ऋग्वेदीय मंत्रबाट आर्यहरूको मानवीन भावनामा उदात्त प्रवृति देखा पर्दछ । ब्रह्ममय यो संसार (ब्रह्माण्ड) हो यस भित्रका समस्त प्राणी ईश्वरीय विभूति हुन् र समान छन् । मन र चित्तका विकार–काम, क्रोध, लोभ, मद, मात्सर्य आदिले मात्र भावनामा फरक आएको छ । अन्यथा प्राणी मात्रमा अन्तर छैन भन्ने कुरालाई आर्यहरूले आफ्नो चित्तद्वारा राम्ररी बुझिसकेका थिए ।

यो उदात्त भावनालाई साकार पार्न जीवन पद्धतिलाई संस्कार र सदाचारद्वारा बाँधिराख्नु नितान्त जरुरी थियो । यो भावनालाई जगाउन पहिले स्वाध्याय (शिक्षा) को आवश्यकता हुन्छ तथा शिक्षा प्राप्त गर्ने छात्रले गुरुदेखि नै सदाचारको नियम पालना गरेर अनुशासनमा बस्ने बानी परे मात्रै पछिसम्म समान भावनाले हेर्न सक्ने क्षमता हासिल गर्छ भन्ने कुरा पनि सत्य हो । यसैकारण, आठ वर्षको उमेरमा व्रतवन्ध संस्कार भएपछि आचार्यको निर्देशनमा गुरुकुल आश्रममा रहेर अध्ययन गर्नु अनिवार्य थियो । स्नान, संध्या, पाठ, हवन, आदि नियमित गरिने आचारका साथै ब्रह्मचर्यको पालना गरिनु पनि छात्र जीवनको लागि आवश्यक मानियो । 'काम'लाई अजेय हो भन्ने कुरा आर्यहरूले बुझेका थिए । सोह्रदेखि २५ वर्षको उमेर नै मनुष्यहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को निम्ति असंयमित, उदण्ड र उछृङ्खल हुने समय हो। यो वेला संयमको जिन्दगी बिताउन वाध्य भएपछि प्राणी व्यावहारिक र विवेकशील हुन्छ भन्ने कुरा ध्रुव सत्य थियो। यही वेला कुसङ्गत र कुलतमा लागेर जीवनभर नै अनियन्त्रित रहने संभव भएकोले र यस्ता व्यक्तिबाट समाज–रचनामा योगदानको सट्टा बिच्छुङ्खलता नै हुने भएकोले पनि ब्रह्मचर्याश्रमको अनिवार्यता र स्वाध्यायको आवश्यकतामा आर्यहरूले बढ्ता जोड दिएको देखिन्छ। गुरुकुलमा अध्ययनरत छात्रको जीवनचर्चा, स्वाध्याय, अनुशासन आदि मानव समाजको निमित्त चाहिने आदर्श गुण प्राप्त गरेपछि मात्र गुरुले अध्ययन पूरा भएको दीक्षान्त निर्देशन दिन्थे। छात्रको भावनामा यथोचित गुण प्राप्त नभएसम्म स्नातक उपाधि गुरुले दिदैनथे।

जुन वेलालाई आज पनि लोकोक्तिमा 'गधेपच्चीस' भनिन्छ। केवल विनाहोसको जोश र उद्दण्डता एवं काम–राग बढ्ता हुने समय भएको र जान्नुपर्ने, सिक्नुपर्ने, पनि यही समय भएकोले हिन्दू समाजको सर्यादामा ब्रह्मचार्यश्रमको ठूलो महत्त्व छ। जुन वेला यो व्यवस्था टुट्यो, त्यसपछि नै आर्य समाज निर्बल र उच्छृङ्खल बन्यो भन्ने कुरा निश्चित छ।

२५ वर्षको ब्रह्मचार्यश्रम वितेपछि र स्वाध्यायद्वारा स्नातक भएपछि असल कुलकी कन्या विवाह गरेर गृहस्थाश्रममा प्रवेश गर्दथे। त्यसपछिको जीवन संयमित, विवेकशील तथा कर्तव्य परायण हुने भएकोले समाजको उन्नति र कल्याण नै हुन्थ्यो। तथापि कर्तव्य तथा नियमबाट च्युत नहोस् भनेर गृहस्थाश्रमको आचार र कर्तव्यको पनि धर्मशास्त्रमा निर्देशन गरिएको छ।

आफूभन्दा कम उमेरकी सुशील कन्या विवाह गर्न र ऋतुकाल (रजोदर्शन) को चारदिन छाडेर बाँकी १२ दिन समाजको निम्ति स्त्रीसमागमको औचित्य धर्मशास्त्रले विधान गरेको छ। त्यस भित्र पनि व्रतको दिन श्राद्ध र पर्वदिन त्याज्य छन्। यो नियम पालना गर्नसके अखण्ड ब्रह्मचर्य रहेको मानिन्छ।[४]

सूत्रकार गौतम भन्दछन् (ऋतावुपेयात् (१।५।१) तथा सर्वत्रवाद प्रतिसिद्धवर्जम् (१।५।२) अर्थात् ऋतुकालमा गमन गरोस् अथवा निषिद्ध दिन छाडेर अरू दिनमा समागम गर्न सकिन्छ।

यसको व्याख्या गर्दै स्मृतिकार तथा भाष्यकारहरूले भनेका छन्– स्त्री सर्वदा रक्षणीय हुन्छन् र उनीहरूले इच्छागरे भने वा आफू पनि असंयमित हुन्छ भने त्याज्य दिन छाडेर सबै दिन समागम गर्न सकिन्छ भनिएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै ऋतु समागममा गर्भाधानलाई पनि कतिपय धर्मशास्त्रकारहरूले आर्यहरूको संस्कारहरूमध्येमा एउटा गनेका छन् ।

आर्य ब्राह्मण, क्षत्रिय, वैश्य, तीन वर्णको लागि १० दश संस्कार अनिवार्य मानिन्छन् । ती हुन् पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकर्म अन्नप्राशन, चूडाउपनयन (व्रतवन्ध) वेदारंभ, समावर्तन र विवाह । यी दश कर्महरू नेपालभित्र पनि आर्यपरंपरामा आजसम्म गरिदैछन् ।

कुनै धर्मशास्त्रकारले यी संस्कार (कर्म) १४ भनेका छन् कसैले १६ कर्मको परिगणन गरेका छन् । गौतम आदि प्राचीन महर्षि सम्प्रदायमा चालीस संस्कारको लेखा गरिएको छ । ती हुन्–गर्भाधान, पुंसवन, सिमन्तोन्नयन, जातकर्म, नामकरण, अन्नप्राशन, चौल (क्षौर) उपनयन, वेदाध्ययनका चारव्रत १२ जम्मा भए । कसैले कर्णभेद (कान छेड्ने) लाई पनि एक संस्कार मानेका छन् ।

दैवयज्ञ, पितृयज्ञ, मनुष्ययज्ञ, भूतयज्ञ, ब्रह्मयज्ञ, यी पाँच संधैं गरिने कर्म हुन् र यिनको अनुष्टानलाई पनि संस्कारमा लिइएको छ ।

यस्तै सात पाक यज्ञ (मुंसीरे पूर्णिमा पछिका तीन अष्टमी, मासिक (महिना दिनमा गरिने श्राद्ध) मार्गशीर्ष पूर्णिमा, श्रावणी पूर्णिमा चैत्र पूर्णिमा आश्विन पूर्णिमामा गरिने पाकयज्ञ जम्मा सात) यस्तै अग्न्याधेय, अग्निहोत्र, दर्श पौर्णामास आग्रहायण, चतुर्मास्य निरूढपशुबन्ध, सौत्रामणी यी सात हविर्यज्ञ पनि संस्कार भनिन्छन् । अग्निष्टोम, अत्याग्निष्टोम, उक्थ, षोडशी, वाजपेय, अतिरात्र, आप्तोर्याम, यी सात सोमयज्ञ पनि संस्कार नै मानिन्छन् । यसरी चालीस संस्कार पुग्दछन् ।[५]

ब्रह्मचर्य आश्रमबाट गृहस्थाश्रममा प्रवेश गर्दा नङ, कपाल दाह्री जुंघा मुण्डल गरेर गरिने कर्म समावर्तन र आश्रम प्रवेशमा गरिने गौदान कर्मलाई पनि संस्कारमा लिएको छ । यसरी विवाहसमेत गरी ४२ संस्कार पनि पुग्दछन् । तर गौतमले गोदान र कर्णवेधको गणना गरेका छैनन् ।

उपर्युक्त संस्कारमा पुंसवनदेखि विवाहसम्म अनिवार्य संस्कार हुन् । पंचयज्ञ र सात पाकयज्ञ, सात हविर्यज्ञ, सात सोमयज्ञ, संस्कारमा परिगणित गर्नुभन्दा सदाचारमा गणना गर्नु उपयुक्त देखिन्छ । गर्भाधानको विधि व्यवहारिक मानिदैन । यो अनिश्चित र असंयमित विषय पनि हो । यसकारण, कत्यन धर्मशास्त्रकारले यसलाई गनेका छैनन् । पुंसवनदेखिका कर्म, गर्भ रहेको थाहा पाएपछि गरिने कर्महुँदा संभव देखिन्छन् । सीमन्तोन्नयन गर्भिणीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्भको सुरक्षा र सहजप्रसवको कामनाले गरिने तीन महीना अथवा ६ महीना भित्रको कर्म हो । यसकर्ममा गर्भिणीको शिरमा सिउधो उठाएर अथवा अगाडि उठेको जुरो बनाउने गरिन्छ । जसबाट गर्भको बालकको सुरक्षा हुन्छ भन्ने आधार हो ।

यसवाहेकका कर्म जात संस्कार, नाम संस्कार, पास्नी र क्षौर सबै जातिमा गरिन्छ । उपनयन संस्कार ब्राह्मण र क्षत्रियमा अनिवार्य रूपले हुन्छ । वैश्य जातिमा पनि गरिने चलन पाइन्छ । तर ब्रतवन्ध पछि वा त्यस वेला जनै लगाउनु पर्ने वाध्यता भने वैश्यहरूलाई छैन । जातसंस्कारका साधारण कर्म न्वारन, पास्नी र क्षौर, शूद्र तथा अन्य जातिमा पनि गर्ने चलन छ ।

चालीस संस्कार पूर्ण भएका व्यक्तिको आठ आत्मगुण हुनु जरुरी छ भन्ने गौतमको मत छ ।[६] ती हुन्--सम्पूर्ण प्राणीमा दया, क्षमाशीलता, अनसूया (अर्काका उन्नतिको डाह नगर्नु) पवित्रता, अनायास (जुनकुराले आत्मपीडा हुन्छ त्यो नगर्नु) मङ्गल (असल कर्म) अकार्पण्य (कसैसँग केही नमाग्नु वा कृपणी नहुनु) अस्पृहा (अर्काको चीजमा लालचा नगर्नु) यी पनि धर्मसंस्कार भित्र नै मानिन्छन् ।

गौतमको विचारमा चालीस संस्कार भए पनि आठ गुण भएन भने व्यर्थ छ र ब्रह्मलोक पाउदैन । थोरै संस्कार गरिएको व्यक्ति पनि यी आठ गुणले पूर्ण छ भने ब्रह्मसायुज्यको अधिकारी हुन्छ ।[७]

आर्य परम्पराका आचार्यहरूले आश्रमधर्म सम्बन्धको विशेष वर्णन गरे तापनि ब्रह्मचर्य गृहस्थ दुईलाई नै मुख्य मानेका छन् । वैखानस (वानप्रस्थ) यति (सन्यास) लाई गौण रूपमा स्वीकार गरेका छन् । ब्रह्मचर्यको नियमले संयमी र अनुशासित गराउछ भने, स्वाध्यायले विद्वान् र विवेकशील बनाउने हुनाले तथा स्वास्थ्यको दृष्टिले पनि २५ वर्षको उमेरसम्म ब्रह्मचर्यको ब्रत पालना गर्नु अत्यावश्यक छ । त्यस पछिको आश्रम प्रवेशमा प्राचीन आचार्य-हरूले आफ्नो इच्छा भनेका छन् । तथापि सम्पूर्ण धर्म, कर्म, यज्ञ यागादि गर्न पाइने र सबै आश्रमको जनक गृहस्थाश्रम भएकोले एवं सन्तान उत्पादन गर्ने कर्तव्य तथा अधिकार गृहस्थलाई मात्र भएकोले पनि गृहस्थाश्रमलाई नै प्रधानता दिएका छन् । विवाह गरेर गृहस्थ बन्न योग्य छैन भने मात्र अन्य आश्रममा प्रवेश गर्न योग्य छ भन्ने मन्तव्य पाइन्छ ।[८] ब्रह्मचार्यश्रम त्यागेर समा-वर्तन कर्म गरेपछि विवाह कर्म बाँकी रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिन्दू संस्कारअन्तर्गत विवाह

आर्य परम्परामा विवाह आठ किसिमका छन् । ती हुन्–ब्राह्म-विवाह प्राजावत्य, आर्ष, दैय, गान्धर्व, आसुर, राक्षस पैशाच ।

वेदविद्या पढेको बाबुको कुल, तथा मातृकुल, दुवै भएको योग्य वरलाई दुई वस्त्रले सजाएकी कन्या दान गर्नुलाई ब्राह्मविवाह भनिन्छ ।

तिमीहरू दुई जम्मा भएर सँगै गृहस्थाश्रमको धर्म गर भनी मन्त्र पढेर दिइएको तथा पुनर्विवाह नगर्ने प्रतिज्ञा गरिएको विवाहलाई प्राजापत्य भनिन्छ ।

कन्याका बन्धुहरूलाई दुइटा गाई दिएर मागेकी कन्यासँगको विवाह आर्षविवाह भनिन्छ । आर्ष नाम आएकोले यो प्रथा ज्यादै पुरानो हो भन्ने पनि थाहा हुन्छ । उत्तरवैदिक कालमा यो प्रथा धेरै कम थियो ।

यज्ञ सम्पादन भएपछि यज्ञको ऋत्विज (यज्ञ गराउने पुरोहित) लाई दक्षिणास्वरूप सालङ्कार सहित दानदिइएकी कन्याको विवाहलाई दैव विवाह भनिन्छ ।

दुवैको इच्छाले भएको संयोग (प्रेम विवाह) लाई गान्धर्व विवाह भनिन्छ तर यो समान कुल अर्थात् जातीय स्तर भित्रै हुनुपर्छ ।

कन्याका अभिभावकलाई शुल्कदिएर तथा कन्यालाई जिउनी दिएर गरिएको विवाहलाई आसुरी विवाह भन्दछन् ।

कन्यालाई जवर्जस्ती हरण गरेर ल्याई गरिने विवाहलाई राक्षसी भनिन्छ ।

सुतेकी, लागू पदार्थ खाएर मातिएकी, कुनै कारणवश मूर्छित वा विहोसको अवस्थामा संगम गरेर वाध्यतासाथ गरिएको विवाह पैशाची भनिन्छ ।

नेपालमा आर्य परम्पराभित्र ब्राह्म–विवाह र प्राजापत्य विवाहको नै बहुलता छ । नेपालका कतिपय अन्य जातिमा गान्धर्व, आसुर, राक्षस, विवाहकै पनि प्रचलन छ । पैशाच विवाहचाँहि अपवादको रूपमा पाइने विषय हो ।

उपर्युक्त आठ प्रकारका विवाहमध्ये चार विवाह, ब्राह्मण, प्रजा-पत्य, आर्ष र दैव सबै वर्णको निम्ति उचित विवाह मानिन्छ । कुनै आचार्य छ ओटा विवाहलाई अर्थात् गन्धर्व र आसुर पनि उचित हो भन्दछन् । यसरी गौतम आदि र अन्य आचार्यहरू क्रमशः मत भिन्नता दर्शाउछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्य-परम्परामा आसुर विवाहले उल्टो रुपलिएको छ र गान्धर्व विवाह बहु प्रचलित भएको छ । तराई (नेपाल) का ब्राह्मण, राजपुत, भूमिहार, कायस्थ र अन्य जातिमा पनि केटी किन्नु पर्ने सट्टा तिलक दिएर वर किन्नु पर्ने प्रचलन छ । यो प्रचलनले आसुरी विवाहलाई मात गरेको छ । यसलाई अर्को नाम दिने हो भने "द्रव्य पिशाच विवाह"को संज्ञा दिन सकिन्छ किनकि वरलाई तिलक दिने कुराको दलाली गोरु किने जस्तै हुने गर्छ ।

नेपालमा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, चार वर्णको अतिरिक्त ३६ जात छन् भनेर साधारण गणना गरिएको छ । त्यो नेपालका शासक जयस्थिति मल्लले स्थिति वाध्दा नै यो परिगणन गरेको भने होइन । अष्टादश प्रकृतयः भन्ने र प्रजातिसमेत ३६ को गणना छैटौं शतीभन्दा पहिले नै थियो । उनले नेपाल उपत्यकावासी खासगरेर नेवारी भाषाभाषी समाजभित्र ६४ श्रेणीको विभाजन गरेका थिए । यसको आवश्यकता किन पऱ्यो भन्ने विषयमा विचार गर्दा नेपालमा वज्रयान तथा सहजयानी सिद्ध सम्प्रदायको प्रवेश भएको थियो । त्यस निकायभित्र सिद्ध परम्पराको प्रभावले गर्दा जातीय विशेषता र तत् सम्बन्धी आचारविचार समाप्त प्राय थियो र उपत्यकामा दक्षिणबाट वसें आउनेहरूको जाति प्रथामा आधारित समाज भएकोले बुद्ध धर्मको नाउँमा बढेको अनाचारलाई रोकेर त्यस वेलाका छिमेकी राज्यका वासिन्दाको वैदिक धर्मको वर्ण व्यवस्थाको समकक्ष पुऱ्याउने प्रयास गरेको अनुमान हुन्छ । शैव ब्राह्मण र क्षेत्रिय समाज भने त्यसवेला पनि बाँकी नै थिए भन्ने कुरा थाहा पाइन्छ । जुन उपत्यकाको घना आवादी वाहिर थिए र वज्रयानको प्रभावमा परेनन् । यी वाहेकका शहरवासीकै जाति व्यवस्था स्थिति मल्लले बाँधेका थिए । नेपालमा ब्राह्मण, क्षत्रिय, वैश्य, समाज त छदैछन् । तथा यिनका अतिरिक्त किराँत परिवारका जाति उपजाति र प्रजातिहरू तिब्बतीयन मंगोलमूलका जाति प्रजातिहरूको बाहुल्य भएकोले वर्तमान कालमा नेपालीहरूमा विवाह प्रथामा विभिन्नता पाइन्छ । जारीविवाह, विधवा विवाह, राक्षसी विवाह, गान्धर्व विवाह, चोरी विवाह, आदि विवाह पनि प्रजातिहरूमा प्रशस्तै चलेको छ र उनीहरूको समाजमा मान्यता पनि प्राप्त छ ।

ब्राह्मण र क्षेत्रियको अन्तर्जाति विवाह, विधवा विवाह र धेरैको जारी विवाहलाई पनि प्राचीनकालदेखि नै मान्यता प्राप्त छ । उपाध्याय वा कुमाउनी ब्राह्मणले सधवा वा (बाल विधवा) ब्राह्मणी विवाह गरेर ल्याएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा बैकल्य (वाग्दानद्वारा एउटालाई दिइसकेको र अर्कासँग विवाह हुने अवस्था परेका) कन्याबाट जन्मेको सन्तान जैसी ब्राह्मण कहिन्छन् । यिनीहरू-को ठूलो समाज भइसकेको छ । खानपान विहावारीमा उपाध्यायसँग निम्न स्तरमा गनिए तापनि यिनीहरूलाई वेदविद्या पढ्ने, आफ्नो वर्गको पुरोहित्याँई गर्न पाउने तथा ब्रह्मगायत्री पाउने अधिकार प्राप्त छ ।

ब्राह्मणले उपर्युक्त ब्राह्मणी र कन्या ल्याएर जन्मेको जातकबाहेक अन्य वर्ण क्षत्रीय, वैश्य र उच्च शूद्रवर्गकी स्त्रीसँग सहवास गरी जन्मेका जातक क्षत्रिय वर्गमा गनिन्छन् । यस्तालाई शुद्ध कुलमा मिल्न ३ पुस्ता लाग्ने प्रचलन थियो र आज पनि विहावारीमा विचार गरिन्छ । क्षत्रियले ब्राह्मणी, क्षत्रिय वैश्य तथा उच्च शूद्रवर्णका स्त्रीसंसर्ग गरी जन्मेका जातक पनि क्षत्रीय मानिन्छन् । अन्य व्यवस्थामाथि जस्तै हो ।

वैश्य वर्णले ल्याएका अछुतबाहेकका स्त्रीबाट जन्मेका जातक पनि आफ्नै जातमा मिलाउँछन् ।

अन्त्यजातिका स्त्री वा पुरुषसँग भएको समागमले भने त्यही जातिमा मिलान हुनुपर्छ । त्यस्ती स्त्री ल्याउने पुरुष पनि स्त्रीकै जातिमा मिल्दछ ।

स्मृतिकारले व्यवस्था गरेको सूत, मागध, अम्वष्टम्म, पाराशव आदिको परिगणन गर्ने व्यवस्था भारतमा पनि समाप्त भएको र नेपालमा यसको विभाजन रेखा पहिले देखिनै पाइँदैन ।

उपर्युक्त कुरा धर्मसूत्र तथा स्मृतिशास्त्रहरूको आधारमा उल्लेख गरियो । नेपालमा हिन्दूधर्म तथा दर्शनको महत्त्वलाई मान्यता प्राप्त भएको एवं स्मृति धर्म-शास्त्रअनुसार नै संस्कार, आचार, विधिविधान, सम्पादन गरिने हुँदा र उपर्युक्त विषय नेपालको सांस्कृतिक परम्परा भित्रै पर्ने भएकोले यहाँ उल्लेख गरिएको हो ।

हिन्दू समाजका दैनिक कृत्य तथा नैमित्तिक चाड-पर्व, विविध श्राद्ध यज्ञ, व्रत, पूजा, आचार, र संस्कारहरू, जेजति प्रचलित छन् र समय समयमा समर्थ भएर यज्ञ तीर्थ व्रत आदि कर्महरू गरिन्छन्, ती सबै धर्म मानेर नै गरिन्छन् ।

आर्य सिद्धान्तअनुसार खानु, सुत्नु, डरमान्नु, मैथुन, यी कुरामा मानिस र पशुमा पनि भेद छैन । धर्म (विवेक युक्त कर्तव्य) द्वारानै मानिस-लाई फरक गर्न सकिन्छ । यदि धर्महीन छ भने मानिस पनि पशु नै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त कथनबाट सत् कर्म नै धर्म हो र विवेकद्वारा सत्य र असत्य छुट्याएर सत्यको पालना गर्नुपर्छ । सत्य विवेक नै मानवता हो भन्ने कुरा जानिन्छ ।

आर्यपरम्पराका सम्पूर्ण दार्शनिक पक्ष-जैन, बुद्ध, उपनिषद्को माध्यमद्वारा प्रतिपादित वैष्णव, शैव दर्शन, तथा मीमांसा, न्याय वैशेषिक, सांख्य, वेदान्त, योग आदि जुन पक्षको विवेचना र व्याख्या गरे तापनि धर्मको जवर्जस्त पक्ष देखापर्छ–आचार, अर्थात्, चरित्रबल । आचारमा शुद्धता नभई विचारमा पवित्रता संभव छैन, विचार शुद्ध नभइकन कुनै पनि साधना पक्ष सफल हुँदैन भन्ने धारणा प्रबल छ । व्यक्तिगत जीवनका कृत्य निजी हुन् र त्यो पक्ष जे जस्तो भए पनि कर्तव्यपक्षमा क्रियाशील छ भन्ने व्यक्ति ठीक छ भन्ने पनि आधुनिक पाश्चात्य विचार पाइन्छ । जुन कुरा हामीलाई मान्य छैन ।

प्रो० मैक्समुलर आफ्नो "ह्वाट् क्यान इन्डिया टिच अस्" पृ. १०७ मा भन्दछन्-प्राचीन भारतवासीको धर्म अनेक विषयको बीचको एक रुचिको विषय मात्र थिएन, यो सबैको आत्मार्पण गरिने रुचि थियो । यसको अन्तर्गत केवल पूजा र प्रार्थना मात्रै थिएन कि ती सबै विषय पर्दछन्-जसलाई हामी दर्शन, नैतिकता कानून, तथा शासन भन्दछौं, सबै धर्मले व्याप्त छन् । उनीहरूको सम्पूर्ण जीवन नै एक धर्म थियो । अन्य वस्तुहरू,मानौ यो जीवन-को भौतिक आवश्यकताको निम्ति निर्मित सुविधा मात्र हो ।" उपर्युक्त विवेचनाबाट पनि आर्य परम्परामा धर्म अविभाज्य र जीवनको घनिष्ठ सम्बन्ध भएको पक्ष हो भन्ने ज्ञात हुन्छ ।

कुनै पनि दार्शनिक पक्षको धार्मिक उपलब्धिको लागि साधना पक्षमा शीलको आवश्यकता पर्दछ । शील, सदाचार हो । बुद्ध तथा महावीरले आफ्नो धर्म दर्शनमा यो पक्षलाई प्राथमिक महत्त्व दिएको पाइन्छ ।

"धर्मो रक्षति रक्षितः" आर्यहरूको मूलमन्त्र हो । अर्थात् धर्मको रक्षा गर्नाले धर्मले हाम्रो रक्षा गर्छ भन्ने विचार सर्वमान्य छ । आजको विश्वमा मानवको अधिकारबारे चर्चा गर्दा वाँच र बाच्न देऊ भन्ने सिद्धान्त-लाई सर्वमान्य ठहराइन्छ ।

आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्, अर्थात् आफ्नो प्रतिकूल हुने (आफूलाई असल नगर्ने कुरा) अर्काको निम्ति पनि नगर भन्ने हिन्दू धर्मको मर्यादा हो । यस्तै वसिष्ठ धर्मसूत्रमा भनिएको छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मं चरत माऽधर्मं सत्यं वदत मानृतम्
दीर्घं पश्यत मा ह्रस्वं परंपश्यत मापरम् ।

अर्थात् धर्मको आचरण गर अधर्मको होइन, सत्य बोल झुट्टा होइन, टाढासम्म हेर (पछि सम्मको बाटो हेर, अगाडि परेको कुरा मात्रै नहेर) हीन वस्तु देखेर मन नखुम्च्याऊ, लक्ष्य सधैं उंचा राख । यिनै कुरा हिन्दूका आदर्श हुन् ।

आचार्यकुलमा शिक्षा पाएका स्नातकलाई दीक्षान्त भाषणमा भनिन्थ्यो-मातृदेवो भव । पितृदेवो भव । आचार्यदेवो भव । अतिथिदेवो भव । सत्यंवद, धर्मं चर, अनृतं माब्रूयात् । यान्यवद्यकर्माणि, तानि सेवितव्यानि नो इतराणि । संगच्छध्वं संवदध्वं इत्यादि ।

अर्थ– मातृभक्ति, पितृसेवा, गुरुसेवा, र अतिथिसत्कार गर, साँचो बोल, धर्माचरण गर । झुट्टा नबोल । निर्दोष कर्म मात्रै गर, खराब काम नगर । सँगै हिडौ, सँगैबोलौ, यौटै मन चित्त विचार होस् आदि ।

यसरी मानवीय कल्याणमा निरन्तर चिन्तन गर्ने महर्षिहरूद्वारा निर्धारित गरिएका सदाचार नै आर्य सनातन धर्मको मूल थियो । दार्शनिक विचार धाराको उद्गममा पनि सदाचारको महत्त्व झन् बढ्यो । भगवान् महावीर तथा पार्श्वनाथले पनि यिनै सदाचार–अहिंसा, सत्य, अस्तेय, अपरिग्रह लाई नै मुख्य माने । पछि महावीरले यसमाथि ब्रह्मचर्य पनि थपे । यिनै पाँच कुरा जैन धर्मका आचार भित्ति हुन् ।

भगवान् बुद्धले पनि आफ्नो पञ्चशील र भिक्षुहरूको निमित्त छुट्टै पञ्चशीलको निर्देशन गर्दा पनि आर्य परम्पराले मान्दै आएको सदाचार अथवा मनुले बताएका धर्म लक्षण नै रूपान्तरित गरेका छन् । सत्य भाषण, अहिंसा, अस्तेय, ब्रह्मचर्य, नशाको सेवन नगर्नुलाई पञ्चशील मानेका छन् । भिक्षुको निम्ति, अपराह्न भोजन (१२ बजे पछिको) मालाधारण, संगीत नृत्य, सुन चाँदीको संकलन, असल शैय्यामा सुत्नु त्याज्य बताएका छन् । (दी. नि. पृ. २४–२८) त्यस्तै साधनाको अष्टाङ्गिक मार्गमा पनि आर्य धर्मकै रूपान्तर पाइन्छ । सम्यक् ज्ञान (विवेकयुक्त रहनु) सम्यक् संकल्प (दृढ निश्चय) सम्यक् वचन (सत्य भाषण) सम्यक् कर्मान्त (हिंसा, द्रोह दुराचार रहित कर्म) सम्यक् आजीव (न्यायपूर्ण जीविका) सम्यक् व्यायाम (खराब कुरा त्यागेर असल मात्र शोच्नु) सम्यक् स्मृति (विवेक र स्मृतिलाई सधैं सजग राखेर खराब काम कुराबाट बच्नु) सम्यक् समाधि, (राग द्वेष,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रोध, भय आदिलाई दमन गरेर समाधिमा एकाग्रता प्राप्त गर्नु) यिनै आचार धर्म अथवा साधना मार्गलाई बुद्धले मुख्य रूपमा बताएको पाइन्छ ।

यसरी मानसिक र शारीरिक दुवै पक्षका खराबीलाई नियन्त्रणमा राखेर अन्य प्राणीको अहित नहुने व्यवहार गर्नु, पवित्र आचरणद्वारा धर्मको सेवन गर्नु, तथा धर्मलाई हानि नहुने गरी अर्थोपार्जन, कामसेवन गर्नु र मोक्ष साधनामा संलग्न रहनु नै हिन्दू धर्मको लक्ष्य हो ।

चतुर्वर्ग साधना

आर्य सन्तानको धर्मसम्बन्धी चर्चा गरियो । धर्म जीवनको अनिवार्य विषयमानिए तापनि दर्शन कालमा आएर जीवन निर्वाहको साधनको निम्ति आर्जन, विषयको उपभोग (सन्तानको निम्ति काम) र धार्मिक आचरणद्वारा नै गरिएको चिन्तन र उपासना तथा साधनाद्वारा मोक्ष प्राप्ति (पुनर्जन्म र मरणको दुःख नहुनु) आदि जीवनको लक्ष्य निर्धारित गरेको पाइन्छ । गृहस्थीहरूका लागि धर्म, अर्थ, काम मोक्ष यी चतुर्वर्ग साधना गरिनु अनिवार्य मानिन्छ । यसमा धर्म नै प्रधान हो । अर्थोपार्जन पनि धर्मद्वारा नै गरिनु पर्छ । अर्थात् आउँछ भन्ने ढाँट, ठगी, द्रोह, चोरी, न्यासापहरण (नासो, धितो पचाउनु) आदि निन्दनीय कर्मद्वारा अर्थोपार्जन गर्न पाइन्न । त्यस्तै काम सेवन पनि शास्त्रविहित र धर्मानुकूल हुनुपर्छ । मोक्ष साधना पनि धर्मानुकूल आचरण राखेर गरिएका उपासना चिन्तनद्वारा नै प्राप्त हुन्छ । निर्वाण (जीवन मुक्तको स्थितिमा पुग्न महावीरले जैन दर्शनमा तथा बुद्धले बुद्ध दर्शनमा जुन साधना मार्गको निर्देशन गरेका छन्, ती आर्य धर्मको परिभाषा बाहिरका छैनन् भन्ने कुरा उल्लेख भइसकेको छ । जैन तथा बौद्ध दर्शन तथा धर्म पनि भारतीय आर्य-परम्पराभित्र नै उद्भावित विचार भएको र त्यस्को विशेषता नेपालको धर्म, इतिहास, वास्तु विधा तथा मूर्तिकला आदि विभिन्न सांस्कृतिक पक्षमा जीवित रहेकोले त्यसको छुट्टै प्रसङ्गमा विचार गर्नुपर्ने आवश्यक भएको छ । उत्तरवैदिककालमा विकसित आर्य सभ्यताको रूप, उपनिषद् तथा दर्शनका सूत्र साहित्यले निर्देशन गर्दछन् भने धर्मसूत्रहरूले पनि कतिपय समाजरचना र सभ्यताका विविध पक्षमा प्रकाश पार्दछन् । तर त्यसको निखरा रूप–इतिहास र कतिपय पुराणका प्राचीन कथाको अनुशीलनबाट देख्न पाइने हुँदा इतिहास, पुराणसम्बन्धमा पनि केही प्रकाश पार्नु आवश्यक भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादटिप्पणी

१) पितुं नस्तोषं महो धर्माण तविषीम् (ऋ. १।१८७।१), इममञ्जस्मा मुभये अकृण्वन्त धर्माण मग्निं विदथस्य साधनम् । आप रजांसि दिव्यानि पार्थिवा श्लोकं वेदः कृणुते स्वाय धर्मयो । द्यावा पृथिवी वरुणस्य धर्मणा विष्कंभिते अजरे भूरिरेतसा ।५।६३।७, सनता धर्माणि (ऋ. ३।३।१) प्रथमा धर्मा ऐ ३।१७।१। तानि धर्माणि प्रथमान्यासन् (१०।९०।१६)

२) धर्म शास्त्रको इतिहास भाग १२ पृ ८ अनु. काश्यप

३) वैदिक वाङमयका इतिहास भाग १ पृ. २०३ पं. भगवद्दत्त (पंजाब) प्रकाशन

४) ऋतु स्वाभाविकं स्त्रीणां रात्रयः शोडष स्मृता । चतुर्भिरितरैः सार्धमहोभिसद्विगर्हितैः । तेषामाद्याचतस्त्रस्तु निन्द्या एकादशी तु या । त्रयोदशी च शेषास्तु प्रशस्ताः दश रात्रयः । अमावास्यामष्टमी च पौर्णमासीं चतुर्दशीम् । ब्रह्मचारीमवेन्नित्यम् पृत्यौ स्नातको द्विजः । मनुस्मृति

५) हरदत्त–गौतमसूत्रको व्याख्या

६) इत्येते चत्वारिशत्संस्काराः (१।५।२२) गौतम धर्मसूत्र ।

७) यस्येते चत्वारिशत्संस्कारा न चाष्टा वात्म गुणा न स ब्रह्मसायुज्यं गच्छति । यस्यतु खलु संस्काराणां एक देशो प्यष्टा वात्मगुणा स ब्राह्मणः सायुज्यं सालोक्यं गच्छति । गौ. धर्म. सू. १।८।२५।२६। तथा मिताक्षरा (हरदत्त)

८) ऐकाश्रमं त्वाचार्याः प्रत्यक्ष विधानात् गार्हस्थस्य (१।३।३५) तथा मिताक्षरा (हरदत्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो परिच्छेद

अध्याय एक

इतिहास र पुराणहरूको समीक्षा

वैदिक साहित्य आर्यहरूको धर्मग्रन्थ हो । ऋग्वेदमा देवताहरूको स्तुतिका मन्त्रहरूकै विशेषता छ । यजुर्वेदमा विशेष यज्ञपरक मन्त्रहरू छन् । सामवेदमा यज्ञमा गाउने स्तोत्रहरूको संगालो पाइन्छ भने अथर्ववेदमा तन्त्र-मन्त्र, औषधी, अभिचार क्रिया र केही विधि-विधान र ब्रह्म चिन्तनका विषयहरूको सङ्कलन छ । यस्तै ब्राह्मण ग्रन्थमा यज्ञयागादिको विस्तार पूर्वक वर्णन, सानातिना आख्यान, उपाख्यान पाइन्छन् भने आरण्यक ग्रन्थहरूमा चिन्तन-मन्थनद्वारा निःसृत ज्ञानविज्ञानको सञ्चयन र सङ्कलन पाइन्छ । यसै चिन्तन परम्परामा व्यापक ज्ञानार्जनको विधि, व्याख्या उपनिषद्-साहित्य हुन् र यसै वेलातिर नै अन्य सांख्य, वैशेषिक, योग, वेदान्तका सूत्र–साहित्यको पनि सिर्जना भयो । उपनिषद् तथा आरण्यक ग्रन्थमा प्रतिपाद्य विषयहरूको आफ्ना आफ्ना किसिमको तर्कसम्मत व्याख्या-लाई अध्ययन र अध्यापनको निम्ति छोटो, छरितो रूपले सूत्रहरूको रचना भएको हो भन्ने जानिन्छ । आवश्यक आचार संस्कार र विधि संहिता पनि सबैले जान्नुपर्ने र तदनुकूल आचरण पनि गर्नुपर्ने भएकोले विषयको पृथक्करण गर्दै श्रौत, गृह्य, धर्म सूत्रको रचना भएको कुरा भनिसकिएको छ ।

उपर्युक्त वर्णन गरिएका धार्मिक साहित्यको अन्वेषण र परिशीलन-बाट कतिपय सामाजिक अवस्था, विकासक्रम र सभ्यताको दिग्दर्शन भएता पनि पूर्णरूपले व्याख्या गर्ने इतिहास समाजशास्त्र, आर्थिक पक्षका उद्योग, व्यापार, अर्थशास्त्र, भूगोल खगोल, नक्षत्रविद्या (ज्योतिष) शास्त्रहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विज्ञान र शिल्पका प्रविधिहरू र यस्तै समाजका निम्ति नभइनहुने शस्त्र-विद्या, गान-विद्या, विष-विद्या र औषधी उपचारका ग्रन्थहरूको रचना नै भएको थिएन भनेर मान्न सकिंदैन । यद्यपि प्रारम्भिक युगका शोचाई र आवश्यकता आज अनुपयोगी हुने थिए होलान् । परन्तु वैदिकसाहित्यको अनुशीलनबाट पाइने ज्ञान, विज्ञान र चिन्तन धाराको क्रमबद्ध विकास र निष्कर्ष आज पनि सम्पूर्ण रूपमा अमान्य छैनन् । उपनिषद् साहित्यको दाँजोमा आजको विकसित विश्वले पनि नयाँ कुरा दिन सकेको छैन भने आर्यहरूका अन्य शास्त्र थिएनन् भन्ने कुरा निश्चयनै भूल हुन्छ । जुन प्राप्य छन् ती अमान्य छैनन् ।

आर्यहरूको प्राचीन ग्रन्थ वेदमा पनि इतिहास र पुराणको अस्तित्व बोध हुन्छ ।[१] ब्राह्मण ग्रन्थका उपाख्यानले पनि इतिहासको परम्परालाई औंल्याउँछ ।[२] सूत्र साहित्यले पनि इतिहास पुराणको उल्लेख गरेका छन् ।[३] उपनिषद्मा नारदले आफूले पढेका विद्याको गणनामा सर्पविद्या, भूतविद्या देवयजनविद्या, गान्धर्वविद्या, आदि समाजलाई आवश्यक, सम्पूर्ण विद्याको अध्ययन गरेको कुराको उल्लेख भएको पाइन्छ ।[४] रामायणमा बाल्मीकिले भविष्य पुराण सुनेको कुरा उल्लेख गरेका छन् ।[५] महाभारत (इतिहास ग्रन्थ) मा वेदसँगै इतिहास र पुराणको अस्तित्व भएको वर्णन पाइन्छ । यस्तै पुराणले पनि एक स्वरले उपर्युक्त कुरालाई स्वीकार गर्दछन् ।[६] पुराण साहित्यमा अनुसन्धान गर्ने विद्वान्हरूको विचारमा पनि पुराणको प्राचीन अंश वायु पुराणमा पाइन्छ, भनिएको छ । त्यसमा चारै वेद, उपनिषद्हरू र साङ्गोपाङ्ग वेदाङ्ग मानिएका शिक्षा, व्याकरण, निरुक्त छन्द, कल्प, ज्योतिष सबै पढे तापनि इतिहास र पुराण पढेको छैन भने विद्वान् ठहरिंदैन भनिएको छ । इतिहास र पुराणको आधारमा वेद जान्नुपर्छ, अल्पश्रुत - (इतिहास पुराण नजान्ने) सँग, वेदहरू मलाई मारिनै दिन्छन् भनेर भयभीत रहन्छन् । यही कुरा महाभारतमा पनि उल्लेख भएको पाइन्छ ।[७]

उपर्युक्त वेद, इतिहास, पुराण र धर्मशास्त्र आदि जति पनि प्राचीन र अर्वाचीन आर्य साहित्यहरू छन्, ती सबै एक स्वरले इतिहास र पुराणको अस्तित्वलाई वेद कालीन मान्दछन् ।

एउटा सत्य कुरा हामीले बिर्सनु हुँदैन, त्यो के भने – इतिहास र पुराण एकै किसिमको रहिरहने विषय होइन । समय समयका घटना, वंश चरित्र, नयाँ विकसित विचारधाराहरू, चिन्तन र मन्थनद्वारा प्रतिपादित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दार्शनिक पक्षहरू इतिहास लेख्नेक्रममा थपिंदै जान्छन् । पुराण पनि प्राचीन कुरा, वंशविस्तारका आख्यानहरू लेखिने र नयाँ विषय एवं वंश – कथा थपिंदै जाने साहित्य भएकोले नयाँ पीढीलाई क्रमबद्ध इतिहास र उपदेशात्मक आख्यानहरू सिकाउन, बुझाउन, समय समयमा परिवर्धित र संशोधित हुँदै आएको कुरा पुराण इतिहासबाट नै जान्न पाइन्छ । बेला वेलामा यी विशाल साहित्य दुर्बोध भए र व्याख्या गर्नु परेको तथा कतिपय विषय लोप हुन लागेकोले पुनः अध्ययन र प्रत्याख्यान गर्नु परेको एवं प्राचीन कथा र वंश–विस्तारमा नयाँ नयाँ अध्याय जोड्नु परेको कुरा हाम्रै साहित्यले भनिरहेकै छ । राजा युद्धिष्ठिरको समयसम्म उपर्युक्त कारणले गर्दा समय समयमा वेदको प्रवचन गर्ने र इतिहास, पुराणको आकलन गर्ने अठ्ठाइस व्यास भएको कुरा पुराण र इतिहासबाटै जान्न पाइन्छ ।

समयको प्रवाहसँगै बिचारधारामा पनि परिवर्तन हुन्छ । सभ्यता विकसित हुन्छ र नयाँ नयाँ घटना चक्र घुम्दै जान्छन् । नयाँ आयाम थपिंदै जान्छन् । संभव छ वैदिककालीन इतिहास र पुराणको भाषा, व्याख्याक्रम र रहस्यात्मकता पनि वेदकै पाराको थियो । शिष्य प्रशिष्यले पढ्दै आए तापनि प्राचीन भाषाको क्लिष्टता, दुर्बोध्यताको साथै पछिपछिका क्रमबद्ध घटना छुटेकोले पनि इतिहास र पुराण संहिताको व्यास (व्याख्या) संशोधन, परिमार्जन र भाषा विकाससँग तादात्म्य राखेर सरलीकरण गर्नुपर्ने आवश्यकतालाई महसूस गरेर प्राचीन मनीषीहरूले यो कार्य शुरू गरे । तिनीहरूलाई नै " व्यास" को संज्ञा दिइयो । पुराण इतिहासका उपाख्यानहरू समाजका अर्ध शिक्षित वर्गले पनि जान्नु बुझ्नु पर्ने विषय भएकोले नै भाषा शैली, सरल गरिए, कथानक र उपयोगी विषय वस्तुको शिक्षा दिन पनि यसमा रोचकता, चमत्कारिता ल्याउनु जरुरी थियो र केही अति रन्जना पनि थपिए ।

यसरी २७ व्यास (पुराण इतिहासका संशोधक र परिवर्धक) ऋषिले बेला वेलामा ग्रथित पुराण संहिताको बृहद् संस्करणलाई नयाँ वंश-कथा समेत जोडेर विषयगत विभाजन गरेर अठ्ठाइसौं कृष्णद्वैपायन (व्यास) ले अठ्ठार पुराण र भारत इतिहासग्रन्थको निर्माण गरे । वेदलाई पनि मन्त्रगत विषय हेरेर छुट्टा छुट्टै विभागको गरेका र पुराण संहिताको पनि विभाजन गरेको कारणबाट उनको वेदव्यास भन्ने चर्चित नाउँ भयो । १० पुस्ताको नालिवेली लेख्ने र वंश-विस्तार जम्मा गर्दा पनि ठूलै ठेली हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋग्वेदकालदेखिका वंश र घटना एवं अन्य धार्मिक राजनीतिक, सामाजिक, उत्थान पतनका कथाहरूको संगालो र त्यो बेलासम्म समाजले अपनाएका शिव, विष्णु, दुर्गा, आदि देवताका चरित्र, महत्ता देखाउने, विषयवस्तु एकत्र ठाउँमा जम्मा गर्नु पनि व्यवहारिक थिएन। वेदेव्यासको शोचाइ र विभाजनले तथा नयाँ आयामका विषयको समावेशले गर्दा "कृण्वन्त्वो विश्वमार्यम्" भन्ने वैदिक उद्गारलाई सार्थक तुल्याउन ठूलो मद्दत पुऱ्यायो। वेदव्यासका रचनाले भारतीय उप-महाद्वीप मात्रै होइन, इण्डोनेशिया, हिन्दचीन, श्याम, मलया, वर्मादेखि लिएर लङ्का र पश्चिमेशियाका विभिन्न देश र जातिमा आफ्नो सभ्यता संस्कृति तथा धर्म दर्शन, फैलाउन समर्थ भएको कुरा इतिहासले बताएकै छ।

विशाल पुराण साहित्य र इतिहासका व्याख्याता वेदव्यासको पछि पनि उनका चेला प्रचेलाले पुराण संहिताको क्लेवरमा हेरफेर गरे। वेद-व्यासले पुरातन इतिहाससँग जोडेर महाभारत युद्धको वर्णनसम्म २४ हजार श्लोकको "जय" नामक ग्रन्थको रचना गरेका थिए, जसलाई भारत पनि भनिन्थ्यो।

यसलाई उनका चेला बैशम्पायन, रोमहर्षण, तथा सौतिले विभिन्न उपाख्यान र कथाहरू थपेर एक लाख श्लोक संख्याको महाभारत ग्रन्थ रचना गरेको कुरा स्वयं महाभारतले नै बयान गरेको छ। यस्तै मौर्य र शुङ्गकाल तथा गुप्तकालको उत्कर्षमा आएर प्राचीन पुराण संहितामा पनि संशोधन परिवर्द्धन, परिमार्जन गरिएछ भन्ने कुरा पुराण साहित्यकै अन्वेषणवाट थाहा पाइन्छ। प्राचीन कथानक कै डोरो समातेर गरिएको यो संबर्धनले न व्यासको कीर्ति नै लोप भएको छ न अन्वेषकहरूका दृष्टिमा प्राचीन विषय वस्तु एवं विचार धाराको पूर्णतः लोप नै भएको छ। वैदिक संहिता, उपनिषद्, ब्राह्मण ग्रन्थहरूले प्रसङ्गवश इङ्गित गरेका कुरा नै पुराण र इतिहासले विस्तृत रूपमा वर्णन गरेका छन्। वेद विरुद्ध पुराण छैनन्। इतिहास लेख्ता समय समयमा घटेका घटनाक्रम र वंश चरित्रको साथै त्यो वेलाका लौकिक जीवनका धर्म, संस्कृति, सभ्यता, कला, साहित्य, सबै पक्षको विशदीकरण (व्याख्या) हुनु पनि जरुरी थियो र ती संमग्रपक्ष महाभारतमा सङ्कलित भएको पाइन्छ। आर्य धर्म र संस्कृतिको सम्पूर्ण व्याख्या गर्ने उक्त ग्रन्थलाई पाँचौंवेद भनिन्छ। "यन्न भारते, तन्न भारते", अर्थात् जुन धर्म, संस्कृति, व्यवहार,नीति, न्याय, भारतमा वर्णन गरिएको छैन, त्यो भारत वर्षमा पनि छैन। महाभारत नै हिन्दू - धर्म संस्कृतिको महत्तम ग्रन्थ हो, जसले हिन्दू संस्कृतिलाई जीवन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखेको छ र विदेशीहरूले पनि आश्चर्यका दृष्टिले हेरेर प्रशंसा गरेका छन् ।

ऋग्वेदकालीन-आर्यहरू सप्तसिन्धु प्रदेशमा वस्तथे र कसरी अन्य भूभागमा ढाक्नपुगे भन्ने कुराको ऐतिहासिक श्रृङ्खला जोड्न र विभिन्न क्षेत्रका जाति, धर्मसँगको आर्य सम्पर्कको जानकारी लिन पनि क्रमैसँग वेद, ब्राह्मण, उपनिषद्, कल्पसूत्र, तथा इतिहासपुराणको संयमपूर्वक परिशील नै गर्नुपर्छ ।

ब्रह्मावर्त, आर्यावर्त, हिमाञ्चल, दक्षिणावर्त आदि विशाल भूभागमा छरिएका आर्यजन-समुदायको लेखाजोखा, धर्मसंस्कृतिको विकास र नवीन मान्यता, सभ्यताका विविध पक्षको उद्भव र विकासको संक्षिप्त परिचय दिने साहित्य निर्माण अवश्यनै भएका थिए । हाम्रा ती प्राचीन पुर्खाले रचना र सङ्कलन गरेर छाडेका लाखौं महत्वपूर्ण ग्रन्थहरू तक्षशिला, मगध, काशी, नालन्दा, बिक्रशिला आदि विश्व प्रसिद्ध विश्वविद्यालयका पुस्तकालयमा भरिएका थिए । ती सबै विदेशी आक्रामकका क्रूरतामा परेर स्वाहा भए । ५०,००० मुस्लिम सैन्यलाई नालान्दापुस्तकालयका पुस्तक बालेर १ वर्षसम्म भात पकाएर खान पुगेको थियो भनिन्छ । त्योभन्दा प्राचीन र महत्वपूर्ण तक्ष-शिलाको संग्रह कल्पना नै गर्न सकिन्न । स्वाध्याय र चिन्तन जीवनको अनिवार्य धर्म र संस्कार मान्ने आर्य जातिले के के रचना गऱ्यो, के के विज्ञान प्रविधि आविष्कार गऱ्यो त्यसको लेखाजोखा गर्ने हामीसँग आज साधन छैन ।

फाट्टफुट्ट वरपर छरिएर बचेका आर्य साहित्यका सामानहरूकै लेखाजोखा गर्न र त्यसैलाई नै संचित राख्न पनि हामीलाई धौ धौ परेको छ ।

उपर्युक्त कुरा यहाँ उल्लेख गर्नुको कारण समय समयका आख्यान र उपाख्यानलाई सुन्दर ढङ्गले बयान गरेर जन - मानसलाई आकर्षण र प्रभावित गर्नु र मनोरन्जनका साथै त्यसैबाट जान्नु पर्ने नियम नीतिका असल कुरा जानेर स्वाध्यायद्वारा प्राप्त हुने ज्ञानविज्ञानका विषय वस्तुहरूको अशिक्षित, अर्धशिक्षित, स्त्री, शूद्र, अनार्य कुललाई पनि बोध गराउनुपर्ने आवश्यक थियो । यसकारण सत्य घटना, इतिहास र अन्य वास्तविक कुरामा पनि रूपक, अतिशयोक्तिद्वारा अतिरञ्जना गरेर व्याख्या गरिएको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयवस्तुको विन्यासमा लाक्षणिकता र शैलीको रोचकताले नै मानव-मनलाई आकर्षण गर्दछ भन्ने कुरा आजका साहित्य, इतिहासका पुस्तक पढ्दा पनि हामी थाहा पाउँछौं ।

उपर्युक्त तथ्यलाई विचार नै नगरी वर्तमानकालमा उपलब्ध इतिहासपुराणलाई अतिरन्जना भनेर छानविन र अन्वेषण नै नगरीकन छाडिदिनु विद्वान्हरूको ठूलो भूल हो भन्न सकिन्छ ।

ऋग्वेदकाल देखिकै घटना, वंशविस्तार, सामाजिक, राजनीतिक, आर्थिक र धार्मिक पक्ष तथा सभ्यता, संस्कृतिको विकासक्रमका साथै चिन्तन पक्षमा बहुदेववाद, सर्वेश्वरवाद, एकेश्वरवादी विचार, सगुण र निर्गुण ब्रह्म-सम्बन्धी चिन्तन, भक्तिवादी दर्शन – शैव – वैष्णव, शाक्त सम्प्रदायको उद्भव र विकास तथा जैन दर्शन र बुद्ध दर्शनको उद्भवका कारण र उत्कर्ष एवं अवसानका कारणहरू दर्शनका शाखा प्रशाखा र धर्म विकृतिका अवशेषहरूको यथार्थ ज्ञानको लागि पनि इतिहास, पुराण र अन्य ऐतिहासिक आर्यसाहित्यको अध्ययनबाट नै सम्भव छ ।

इतिहासको घटनाक्रम जोड्ने परम्परामा महाभारतकालमा वर्तमान रहेका वेदव्यास पछिका इतिहासकार र पौराणिक विद्वान्हरूले महावीर बुद्ध, मौर्य, शुङ्ग, कण्व, वंशी राजाको चरित्र र विक्रमको तेस्रो शदीका गुप्त राजाका कालसम्म पनि थपेर इतिहास र पुराण संहितामा संशोधन संवर्धन गर्दैगए ।

अठार पुराणका विभाजक र निर्माता मुख्य कृष्णद्वैपायन व्यास नै सूत्रधार भएकोले पछि पनि जेजति क्षेपक थपिए वा संशोधन गरिए, ती सबै वेदव्यासकै नाउँमा गरिए । किनकि मूलकृति उनैको थियो र अरूलाई उनको मूल संहितामा थपघट गरेको आधारमा आफ्नो कृति भन्ने अधिकार पनि थिएन र समाजले प्रामाणिकतामा पनि सन्देह गर्दथ्यो ।

विक्रमपूर्व तेस्रो चौथो शतीमा पाइएका शिलापत्र वा ताम्रपत्र शासनमा पनि वंशावलीको क्रम जोड्न थिनै इतिहास र पुराणको सहारा लिइन्थ्यो र सबै हिन्दूहरूले आफ्ना कुल पुर्खालाई सूर्यवंश तथा चन्द्रवंशसँग जोडिएको पाइन्छ । यो हिन्दू परम्परा आजसम्म पनि अविरल र अविच्छिन्न रूपमा आएको छ । यस्तै अन्य ब्राह्मण, क्षत्रिय, वैश्य तथा इतर कुलका जाति प्रजाति पनि गोत्र र प्रवरद्वारा आफ्ना कुलपुरुषको पुरातन ऋषिसँगको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परम्परागत सम्बन्धलाई नै दर्शाउँछन् । विना प्राचीन कुल–गोत्रको समाज हिन्दू परम्परामा पाइँदैन भने पनि हुन्छ ।

इतिहासको निर्माणमा वंशावली, वंशचरित मुख्य विषय मानिन्छ । यस पक्षको उत्तमत्ता दर्शाउनको निम्ति अतिशयोक्तिले अतिरन्जना गरिएको छ । विषयगत घटनाचक्रलाई रोचक बनाउन तथा मानव जीवनका उत्तम पक्षलाई प्रभावशाली बनाउन पनि बढाई–चढाई व्याख्या गर्नु कलात्मक पक्षमा राम्रो मानिन्थ्यो । यूनान र रोमका इतिहास, पुराण, काव्य साहित्य पनि सम्पूर्ण रीतिले यथार्थताका धरातलमा उभिएका छन् भन्न मिल्दैन । यसकारण यो प्रक्रियालाई हामी समयगत लेखनविधा मान्न सक्तछौं र त्यसमा वर्णित घटना, वंशचरित एवं अन्य विषयवस्तु अनर्गल प्रलाप वा तथ्यहीन उक्ति भन्न सकिदैन ।

होमरको इलियट महाकाव्यमा कथाको डोरोभित्र इतिहासको सत्यता पनि छ भन्ने कुरा उत्खननबाट प्राप्त पुरातात्त्विक सामग्रीले साबित गरिदिएको छ । त्यस्तै अतिरन्जना, होमरको समयगत विधाको काव्यात्मक गुण हुन् । मिश्री (इजिप्ट) प्राचीन पुराणहरूमा पनि उपर्युक्त गुणहरू देख्न पाइन्छ र क्रिश्चियन धर्मको पवित्र ग्रन्थ बाइबिल र इस्लाम धर्मका कुरानमा पनि पौराणिक अतिरन्जनाका साथै तथ्य सत्य पनि समावेश छन् ।

आर्यहरू बाहिरबाट भारत आए भन्ने वेद विषयमा अन्वेषण गर्ने पाश्चात्य तथा पौरस्त्य विद्वान्को मन्तव्य उल्लेख भइसकेको छ । यो तर्क उठ्नुको कारण पतञ्जलिले आफ्नो महाभाष्य भन्ने व्याकरणको ग्रन्थमा ब्राह्मणको लक्षण बताउँदा भनेका छन्– गौरः शुच्याचारः कपिलः पिङ्गलकेशः इत्येतान् अभ्यन्तरान् ब्राह्मण्ये गुणाः कुर्वन्ति, अर्थात्– गोरोवर्ण, पवित्र आचार विचार कैलो वा सुनौला केश, ब्राह्मणका लक्ष्यण हुन् । यस्तै ऋग्वेदको सूक्त (७।३३।१) अथवा गृत्समदले ऋ. (२।३।९ मा) बर्णन गरिएको गौर वा पीत (कनक) वर्ण, सुनौला केशराशि, ध्रग्लो नाक लम्वाशरीरको वर्णन, संस्कृत साहित्यको अनुशीलन गर्ने विद्वान्ले पढ्न पाए-पछि यूरोपीय विद्वान्हरूले आफ्नो जाति पनि आर्यशाखा भित्रकै हो भन्ने कुरा थाहा पाए । भारतबाट सुदूर यूरोपका देशहरूमा आर्यहरू पुगेहोलान् भन्ने कल्पना गर्न उनीहरूलाई गाह्रो पऱ्यो । त्यसवेला यूरोपीय दासतामा जकडिएको भारतका आर्यहरू कै हामी सन्तति रहेछौं भन्न पनि उनीहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वाभिमानले दिएन र यस्तो संभवहुने थलो खोज्दा मध्येशिया पश्चिमैशिया, यूरोपसम्म छरिन पाइक्रपर्ने ठाउँको परिकल्पना गर्दा दक्षिण रूसको क्षेत्रनै बढी उपयुक्त देखियो र त्यहींबाट सबै छरिएका र आर्यहरू पनि फुटेर भारत पसेका होलान् भन्ने तर्कले प्रमुखता पायो । प्रायशः इतिहासका अन्वेषकहरू यही धारणालाई समर्थन गर्दै आएका पाइन्छन् ।

उपर्युक्त कुराको पुनः दिग्दर्शन यहाँ किन गरियो भने प्राचीन मानिएका पौराणिक साहित्यमा भूगोल सम्बन्धी के कस्तो धारणा पाइन्छ भन्ने विषयमा यहाँ विचार गर्नु आवश्यक भएको छ ।

प्राचीन भूगोल र आर्यनिवास

ऋग्वेदको नदी सूक्तसम्बन्धी विवेचना पहिले गरिसकिएको छ । ऋग्वेदमा पाइने ९९ नदीको नाउँमा वहुशः सिन्धुभन्दा पूर्व एवं पश्चिमका र गङ्गा पश्चिमका कतिपय नदीहरू पर्दछन् । आर्यनिवास नभएको भए सिन्धु पश्चिमका नदीहरूको नामोल्लेख र स्तुति पनि आर्यहरूले गर्दैनथे । ऋग्वेदको मंत्रमा आर्यनिवासको चारैतिर चतुः समुद्र भएको उल्लेख छ । मार्कण्डेय पुराण, जसको धेरै अंशको अन्वेषण गर्दा विद्वान्हरूले प्राचीन अंश भएको ठहऱ्याएका छ– त्यसमा भनिएको छः यत्तत्तु भारतं वर्ष चतुः संस्थान-संस्थितम् ।

दक्षिणापरतो ह्यस्य पूर्वेण च महोदधिः ।। मार्कण्डेय पु० अ० ५४ अर्थात् भारतवर्ष चारपाटे छ, दक्षिणपश्चिम पूर्वमा समुद्रले घेरिएको छ । यस्तै वायु पुराणमा पनि आर्य भूमिको सीमाना वर्णन गर्दा भनिएको छ[१], पूर्व-पट्टि किराँत जातिहरू बस्तछन् पश्चिम सीमानामा यवन (यूनानी) हरू छन्, आन्ध्रहरू दक्षिणमा र वीर तुरुष्क जाति उत्तरमा बस्तछन् । यस्तै मानव धर्मशास्त्रमा भनिएको छ – पूर्वी समुद्रदेखि पश्चिम समुद्रसम्म दुईपर्वतको बीच (बिन्ध्यगिरि र हिमालयको बीच भाग) आर्यावर्त भनेर विद्वान्हरूले जानून् [२।९]

---

१. पूर्वे किराँता यस्यान्ते पश्चिमे यवना स्थिताः
आन्ध्रा दक्षिणतो वीर तुरुष्कास्त्वपि उत्तरे ।। (वायु पुराण)

२. आसमुद्रस्तु वै पूर्वादासमुद्रान्तु पश्चिमात् । तयो रेवान्तरं गिर्योरार्यावर्तं विदुर्बुधाः मनुस्मृ० २।३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त मनुस्मृतिको प्रमाणका साथै अन्य प्रमाणसमेत उपस्थित गरेर केही भारतीय मनीषीहरू भन्दछन्– सह्याद्रि पर्वतको पश्चिममा मात्र देखिन अरब–समुद्र आर्यावर्तको सीमा हुन सक्तैन। विन्ध्य–पर्वत शृङ्खला-भन्दा धेरै दक्षिणमा सह्याद्रि पर्दछ। ऋग्वेदको प्रमाण र प्राचीन संहिता मानिएको मनुस्मृति अनुसार पश्चिमी समुद्र भनेको भूमध्यसागर हो र पूर्वी समुद्र चीन समुद्र हो। यो बीचको भाग नै आर्यावर्त हो।[२]

उपर्युक्त कुरालाई माथि उल्लेख गरेका वायु पुराण र मार्कण्डेम पुराणका प्रमाणले पनि संकेत गरेको छ।

पद्म पुराण (सृ० ख० अ० ४) र मत्स्य पुराण (अ० १६९) मा पृथ्वीलाई चार दल (पत्र) भएको कमल भनिएको छ। भगवान्को नाभिबाट सूर्य जस्तै तेजिलो कमल निस्क्यो त्यसकै बीचमा ब्रह्मा जन्मे। त्यही कमल पछि पृथ्वी भइन्।

मार्कण्डेय पुराणले उपर्युक्त वर्णनलाई अझ स्पष्ट गरेको छ। तदेतत्पार्थिवं पद्मं चतुष्पत्रमयोदितम्। भद्राश्व, भारताद्यानिपत्रान्यस्य चतु-र्दिशम्॥ अर्थात्– त्यो चारपाते पार्थिव (पृथ्वीरूप) कमलका पातहरू नै भद्राश्व, केतुमाल, भारत र कुरुवर्ष हुन्। यसरी पृथ्वीलाई समानरूपले चार भाग लगाएको कुरा पुराणहरूको प्राचीन अंशमा पाइन्छ। भद्राश्व (पूर्वेशिया चीन जापान कोरियासम्म) केतुमाल पश्चिमेशिया रोम आदि र दक्षिणमा भारत लंका आदि द्वीप समूहसम्म तथा उत्तर कुरु (रसिया, साइवेरिया, उत्तर ध्रुवसम्म) भनिन्थ्यो भन्ने विद्वान्हरूको मन्तव्य छ।[३]

सूर्य सिद्धान्तको भूगोलाध्यायमा पनि भूमध्यरेखाबाट ४५% डिग्री पूर्व तथा पश्चिमको भूभाग भारतवर्ष हो भनेर मानेको पाइन्छ। भूमध्य-रेखा भारतीय ज्योतिष सिद्धान्तानुसार, लङ्काबाट सीधा उज्जयन हुँदै उत्तर ध्रुव पुग्ने रेखालाई भनिन्छ। रेखाबाट ४५% डिग्री पश्चिम भूमध्यसागरकै छेउछाउ पर्न आउँछ।

उक्त विवेचना गर्दै महामहोपा. ओझाजी भन्दछन् ऋ० १०।८६ सूक्तभन्दा अगाडि गएपछि एउटा झगडाको संकेत पाइन्छ। बाल्हिक देशमा सौत्रामणि यज्ञ गर्नेवेलामा प्रधान देवताको निम्ति झगडा शुरू भयो। इन्द्र-

---

३. इन्द्र विजय महामहोपाध्याय मधुसूदन ओझा तथा आद्यादन्त ठाकुर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई मुख्य मान्ने कि वरूणलाई मुख्य मान्ने भन्न झगडामा त्यहाँ उपस्थित ऋषिमध्ये नृमेधा, हिरण्यस्तूप, वामदेव, गार्ग्य, आदिले इन्द्रलाई मुख्य मान्ने भए। सुपर्ण, काण्व, भरद्वाज आदि वरूणका पक्षधर भए। वसिष्ठ आदिले आ-आफ्नो स्थानमा दुवैलाई मुख्य र समान माने। यो विवाद निकै चर्केपछि मनुष्यरूपी ब्रह्मा (प्रजापति) जो अत्यन्त विद्वान् र सबै आर्य समुदायमा प्रभावशाली थिए, उनले यो झगडा मेटाउन सिन्धुनदीको सीमाना बाँधिदिए र सिन्धु पश्चिम वरुण र सिन्धुपूर्व इन्द्रको आधिपत्यको विशेषता रहने पनि व्यवस्था गरे।

यसरी आर्यावर्त (आर्य समूहको निवासक्षेत्र) विभाजित भए-पछि सिन्धुपूर्वको देश र निवासीलाई सिन्धवः भनिन थाल्यो र पश्चिमलाई पार-स्थान भनियो। पारस्थानबाट पारस, फारस, पर्सिया, पारसी, फार्सी आदि स्थान, जाति, भाषाको नाउँ, विकास भयो।

पारली (पार्थियन) हरू 'स' को ठाउँमा 'ह' उच्चारण गर्दथे र सिन्धुको सट्टा हिन्दू तथा हिन्दवः बन्यो। यूनानीहरूको उच्चारणमा हिको पनि इ उच्चारण हुँदा हिन्दको इण्ड बनेको थियो र यूरोपको उच्चा-रणले इन्डिया बनाई दियो।

पूर्वी समुद्र र पश्चिमी समुद्र (भूमध्य सागर) को सीमा भित्रको भागलाई आर्यावर्तको संज्ञादिइएको कुरा पहिले नै भनियो। देश तथा क्षेत्र विभाजन भएपछि क्षेत्रको नाममा पनि पृथक्ता आउनु पर्ने हुँदा सिन्धु पूर्व मात्र आर्यावर्त नाउँ रहेर सिन्धु पश्चिमको भागलाई आर्यायण भनियो। दुवै शब्दको अर्थमा फरक छैन। दुवैले आर्यजनहरूको निवास तथा भ्रमण क्षेत्र बुझाउँछ। आर्यायण कै (आर्यहरूको निवासस्थल या घर) शब्द विकार वर्तमान ईरान र इराक हो भन्ने कुरामा विद्वान्हरूको सहमति पाइन्छ।[१०]

सिन्धु पूर्व र पश्चिममा बस्ने आर्यजनहरू कै बीचमा बढ्दो कलह र वैमनस्यले परम्परा सङ्घर्ष अतिक्रमण हुन थाल्यो। यसमा बढ्दो जनसंख्या युद्धबाट धनोपार्जन गर्ने आकांक्षा, दुवै पक्षको बढ्दो समृद्धिमा ईर्ष्याले गर्दा परम्परमा दोषारोपण गर्ने र लाञ्छना लगाउले क्रममा आर्यायणमा बस्नेहरू-लाई असुर, राक्षस, यातुधान, आदि नाउँले प्रकट गर्न थाले भने सिन्धुवारि बस्ने आर्यहरूलाई इरानीहरूले सिन्धव-हिन्दव, हिन्दू शब्दले अभिहित गर्न थाले। ऋग्वेदमा उत्तम बलवाचक तथा देव वाचक असुर शब्द पछि क्रुर राक्षसवाचक शब्द बन्यो तथा हिन्दू शब्द पनि घृणा सूचक शब्दमा इरानीहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयोग गर्न थाले । हिन्दूका वैदिक देवता इन्द्र पनि दुष्ट मानिए ।

विचारणीय कुरा के हो भने आर्यहरूको समाजमा न सबै ज्ञानी तत्वदर्शी ऋषि मुनि र राजाहरू मात्रै थिए, न पारसीहरूको असुर समाज नै त्यस्तो थियो । आर्य जातिवाचक शब्द पनि होइन । आर्य सनातन धर्ममा आस्था र विश्वास राख्ने काला, गोरा, पहेंला अग्ला, पुड्के सबै आर्य हुन्थे र वैदिक धर्म र परम्परालाई वास्ता नगर्ने, रूपरङ्गले आर्य सन्तति नै भए पनि अनार्य, दस्यु, व्रात्य, शूद्र शब्दले सम्बोधन गरिएको पाइन्छ ।

ऋग्वेद तथा पतञ्जलिको भाष्यबाट आर्य ब्राह्मणहरू गोरा वा पहेलो वर्णका अग्ला अग्लो सुलुक्क परेको नाक, सुवर्ण केशी, नीलो नानी भएको आँखा, विशाल छाती, प्रशस्त दाह्री जुँघा भएका सुन्दर रूपरङ्गका थिए भन्ने थाहा पाइन्छ । तर दाक्षिणात्य प्रदेशका द्रविड तथा वङ्ग, उत्कलका ब्राह्मणहरू विशेषतः कृष्ण वर्णका छन् र उनीहरूको पनि आर्य सभ्यता र संस्कृतिमा महत्त्वपूर्ण स्थान छ । यसकारण आर्य शब्द जाति वाचक होइन र सनातन धर्म मान्ने समूह वाचक हो भन्ने स्पष्ट हुन्छ ।

पछिपछि जरथ्रुस्तको धार्मिक विरोधले इरान तथा शाकद्वीप (इरानको पूर्वीभाग) बाट भागेर भारतको दक्षिण प्रान्त महाराष्ट्र, गुजरात, कोङ्कण आदि देशमा शरणार्थीका रूपमा प्रशस्त ब्राह्मणहरूले प्रवेश गरे, यो परम्परा इस्लामको प्रचार भएको वेलासम्म कायम रह्यो ।[११] बिहारका केही ब्राह्मणहरू आफूलाई शाक द्वीपीय मान्दछन् र दक्षिणमा यिनीहरू चित्पावन, ब्राह्मणको नामले अभिहित छन् । कतिपय विद्वान्हरूको मतमा पश्चिम आनर्तको नगर नामक शहरमा बस्ने नागर ब्राह्मणहरू पनि आर्यायणबाटै आएका ब्राह्मण हुन् भनिन्छ ।

बृहदारण्यक उपनिषद् (३।७) बाट यज्ञनिष्ठ ब्राह्मणहरू भद्रदेशमा थिए । भद्रदेश त्यस बेला ठूलो भूभाग थियो, जो आजको उत्तरमा पर्ने खुरासानलाई उत्तर भद्र र दक्षिण भद्रलाई पर्सिया भनिन्छ । किन्तु आजका कतिपय इतिहासकारहरू भद्र पंजाबको एक भागलाई भन्दछन् र शाकल (वर्तमान श्यालकोट) लाई भद्रदेशको राजधानी भन्दछन् । उत्तरभद्र भने हिमालय उत्तर भएकोमा विश्वास गर्दछन् । किन्तु पुराणकालतक भद्र, कैकेय, वाल्हीक देश ठूलाठूला प्रान्तमा थिए, वाल्हीक भित्रनै शाकद्वीप पर्दछ जहाँ क्षत्रिय शक जाति थिए र यसलाई हिजो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज "स्कीदिया" भनिन्छ।[१] यी उपर्युक्त विषय त भए विवेचनात्मक धारणा। किन्तु इतिहास विद्हरूले पुराणकाल भनिएको समयचाहिं पछिल्लो संशोधन काललाई भनिन्छ। यस वेला भौगोलिक वर्णन, युगवर्णन र अन्य कतिपय विषयहरूमा प्राचीन अंशको सूत्रनै मेटेर संशोधन गरिएकोले कल्पना शास्त्रको नाउँ पाउन पुराणहरू सफल भएका छन्।

१. वेदोमें भारतीय संस्कृति, पं० आद्यादत्त ठाकुर (पृ० ३८०–९२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादटिप्पणी–

१. अथर्ववेद (११।७।२३)
२. शतपथ ब्राह्मण तथा ऐतरेय ब्राह्मण
३. तस्यच व्यवहारो वेदो धर्मशास्त्र साङ्गा न्युपवेदा पुराणम् इति ।
गौतम धर्मसूत्र (२।२।१९) इं० पू० ६०० तिरको मानिएको ।
यस्तै– वाकोवाक्येतिहास पुराण कुशलः (गौ० ध० सू० १।८।६)
४. छान्दोग्योपनिषद् (७।१।२)
५. पुराणेहि महत्कार्यं भविष्यं हि मया श्रुतम् । दृष्टं मे तपसा चैव श्रुत्या च विदितं मम (वाल्मीकि रामायण कि० का ४।६२।३)
६. इतिहास पुराणानि पञ्चमो वेद उच्यते (श्रीमद्भागवत)
७. यो विद्याश्चतुरो वेदान्साङ्गो पनिषदो द्विजः । नचेत्पुराण संविद्यान्नेव संस्थाद् विचक्षणः । इतिहास पुराणाभ्यां वेदं समुपवृंहयेत् । विभेत्यल्प श्रुताद् वेदो मामयं प्रहरिष्यसि ।
–वायु पुराण (१।२००–२०१) एवं महाभारतेऽपि ।
८. पूर्वे किराँता यस्यान्ते पश्चिमे यवना स्थिताः ।
आन्ध्रा दक्षिणतो वीर तुरुष्कास्त्वपि उत्तरे । वायु० पुराण ।
९. आसमुद्रात्तु वै पूर्वादासमुद्रातु पश्चिमात् ।
तयोरेवान्तरं गिर्योरार्यावर्तं विदुर्बुधाः (मनुस्मृति अ० २।३)
१०. इन्द्र विजय, महामहोपाध्याय मधुसूदन ओझा तथा आद्यादत्त ठाकुर-द्वारा वेदोमें भारतीय संस्कृतिमा उद्धृत ।
११. वेदोमें भारतीय संस्कृति पं० आद्यादत्त ठाकुर (पृ०३८०–९२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय दुई

पौराणिक सृष्टि

हिन्दू इतिहास र पुराणको अन्वेषणबाट राजसंस्था सृष्टिकालीन व्यवस्था हो भन्ने थाहा पाइन्छ। सृष्टिको शुरूमा हिरण्यगर्भ (ब्रह्मा) भए, जो ईश्वरकै सृष्टिकर्ता रूप हो। उनबाट प्राकृत र वैकृत सृष्टि भयो। पृथ्वी, जल, वायु, आकाश तेज यिनलाई पञ्चतत्व भनिन्छ। सत्व, रज, तम तीन गुण, तथा पाँच ज्ञानेन्द्रिय–नाक, आँखा, कान, मुख, त्वचा, पाँच कर्मेन्द्रिय हात, गोडा, गुदा, उपस्थ (इन्द्रिय) र वाक्। मन, बुद्धि, चित्त अहङ्कार, तथा यिनका गुण पंचतन्मात्रा–रूप, रस, गन्ध, श्पर्श, शब्द, आदिलाई प्राकृतिक सर्ग भनिन्छ र रूख, पात, लहरा आदि र सम्पूर्ण प्राणी सृष्टिलाई वैकृतिक सृष्टि भनिन्छ।

वैकृतिक सृष्टिमा आठ किसिमको देवयोनि सर्ग ब्रह्माले गरे। यी आठ हुन्–देवता, पितृ, असुर, गन्धर्व, यक्ष राक्षस, भूतप्रेत–पिशाच, सिद्धचारण र मनुष्य। कुनै पुराणहरू मनुष्यलाई देवयोनि सृष्टिभित्र गन्दैनन् तथा यक्षराक्षसजस्तै गन्धर्व र अप्सरा एकै योनिमा गनेको पाइन्छ। मार्कण्डेय पुराणले देवयोनिमा–देवता, पितृ, असुर, मनुष्य, नाग, गन्धर्व अप्सरा, भूत योनिगण (भूत-प्रेत-पिशाच(रक्ष यक्षको परिगणन गरेको छ। ऋषिहरू स्वयं ब्रह्माका विभिन्न अङ्गबाट उत्पन्न भएका मानिन्छन्। तीनमा मुख्य हुन्–भृगु, अत्रि, अंगिरा, पुलस्त्य, पुलह, क्रतु, वसिष्ठ, मरीचि, दक्ष र नारद। एकादश-रुद्र (जसलाई वृहदारण्यक उपनिषद् मनसमेत ११ इन्द्रियको प्रतीक मानेको छ) ब्रह्माकै पुत्र मानिन्छन्।

मानव समुदायको प्रशासन गर्न ब्रह्माले आफ्नै शरीरबाट स्वायंभुव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुको सृष्टि गरे, वायाँ अङ्गबाट शतरूपा नामकी कन्या जन्माए जो मनुकी धर्मपत्नी भइन् । यिनै मनु र शतरूपाको मैथुनी सृष्टिबाट मानव वंशको विस्तार भएको कथा पुराण इतिहासमा पाइन्छ । मनुलाई मानव जातिका आद्यपिता तथा आदि राजाको रूपमा आर्य साहित्यले वर्णन गर्दछन् । उनलाई स्वायंभुव (आफै भएका) मनु भन्ने उल्लेख भएकोले यिनी ब्रह्मा स्वयं (प्रजापति) हुन् कि भन्ने पनि तर्क उठ्दछ । मनुको नामबाट धर्मशास्त्र–मनुस्मृति, मानव–सूत्र आदि सर्वाङ्गपूर्ण धर्म, अर्थ, काम, मोक्ष, चारै वर्गको साधना गर्ने आचार, नियम, संस्कार, तथा सामाजिक न्याय कानूनको व्यवस्थित रूप पाइन्छ र उनी आर्य साहित्यमा सर्वमान्य धर्म शास्ताको रूपमा आज पनि प्रतिष्ठित छन् । मनुलाई पितर भनेर ऋग्वेदमा सम्बोधन गरिएकोले र मनुको वंश–विस्तारको ऐतिहासिक परम्परा आज पनि प्राप्त भएकोले मनु निश्चय नै आदि मानव, धर्म शास्ता, आदि राजा हुन् भन्ने कुरामा शंका गर्ने ठाउँ छैन ।

आर्य परम्पराका वेद पुराण इतिहासको अन्वेषण गर्दा आर्यजातिको ऐतिहासिक सामाजिक व्यवस्था भित्र दुई किसिमका नियामक तथा प्रशासकको अस्तित्व पाइन्छ । प्रजापति र मनु दुई शास्ता छन्, सम्पूर्ण प्राणी नाग, यक्ष, गन्धर्व असुर आदि सम्पूर्ण जाति र ऋषि महर्षिहरूले पनि धर्म शास्ताको रूपमा प्रजापतिलाई मान्दथे । सृष्टिक्रमका नियम उपनियम बनाएर प्रजाको सृष्टि विकास गर्ने जिम्मा पनि प्रजापतिको थियो भन्ने जानिन्छ । प्रजापति-लाई नै ब्रह्मा भन्ने र ब्रह्माको पौराणिक अर्थ–प्रजाको सृष्टिकर्ता प्रजापति भएकोले मानवीय शरीर धारी धर्मशास्ता प्रजापतिको ऐतिहासिकतालाई पनि नकार्न सकिदैन । मनु-धर्मशास्ता र व्याख्याताको रूपमा देखिए तापनि राजाको काम–युद्ध, संधि, समाजको प्रशासन, अर्थोपार्जन र न्यायोचित वितरण तथा सम्पूर्ण प्राणीको संरक्षण, दण्ड नीति आदि राज्य व्यवस्थाको काम गर्थे । मनुको प्रशासनमा ब्राह्मणवर्ग ऋषि मुनिले संरक्षण पाए तापनि दण्ड नीति (ब्राह्मणलाई सजाय गर्ने र धर्म शिक्षा गर्ने) प्रयोग गर्ने अधिकार मनुलाई थिएन । यसको ठीक वेठिक हेर्ने र नियन्त्रणमा राख्ने काम ब्रह्मा (प्रजापति) को थियो । धर्मसूत्र, स्मृतिग्रन्थ तथा अन्य धार्मिक साहित्यहरूले ब्राह्मण, राजाबाट अदण्डनीय छ भने उल्लेख गर्दछन् । जो पुरानो परंपरा हो भन्ने जानिन्छ । पछि पछिका समयमा सर्वगुण सम्पन्न प्रजापतिको व्यवस्था मिल्न नसकेर होला यो काम ब्रह्म (वेद विद्याका जानकार ब्राह्मणको समिति) ले संचालन गरेको कुरा पनि पुराणको परिशीलनबाट थाहा पाउन सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कतिपय अन्वेषक विद्वान्हरू ब्रह्म नै विद्वत् गोष्ठी हो र त्यसको सभापति प्रजापति कहिन्थे भन्ने कुरामा पूर्ण विश्वास राख्दछन् ।

मूलमा सृष्टिकर्ता ब्रह्मा प्रजापति पछिपछि अनेकन प्रजापति भएको कथा पुराणहरूमा पाइन्छ । दक्ष, कर्दभ वीरण, कश्यप, अत्रि, आदि प्रजापति भएको उल्लेख पौराणिक गाथाहरूमा पाइन्छ ।

यस्तै मनुको कथामा पनि आजसम्म छओटा मनुको पालो वितिसकेको र सातौं वैवश्वत मनुको वंशविस्तार भएको वर्णन इतिहास र पुराणमा भेटिन्छ ।

मनुको अस्तित्व थियो भन्ने कुरामा उपर्युक्त विवेचनले शंका गर्न सकिदैन । तथापि मनुको राज्यकाल वर्ष र युगमानको पौराणिक व्याख्याले गर्दा आर्य इतिहासको अन्वेषण गर्नेहरूको निम्ति ठूलो भ्रम जन्माएको छ । पुराणमा वर्णित राजा, राजवंश र कतिपय अन्य कुरामा ऐतिहासिक तथ्य प्राप्त भए तापनि अकल्पनीय आयु, करोडौं वर्षको युगमान, व्याख्या र गाथामा अतिरञ्जनाले गर्दा पश्चिमी अन्वेषक विद्वान्हरू पुराणलाई काल्पनिक गाथा (मायथोलजी) भन्ने निष्कर्षमा पुगेका छन् ।

आर्यसभ्यता तथा संस्कृतिका कट्टर अनुयायी र प्रकाण्ड विद्वान् तथा वेदका विशिष्ट व्याख्याता श्री स्वामी दयानन्द सरस्वती पुराणका उपाख्यानलाई प्रमाण मान्न तयार छैनन् । साथै अन्य भारतीय मनीषीहरू पनि पौराणिक कथाका कतिपय अंशहरूलाई ऐतिहासिक महत्त्व दिए पनि सम्पूर्ण उक्तिलाई प्रमाण मान्न तयार छैनन् । यसको कारण, विश्वसभ्यताको विकासको दाँजोमा भारत वीषय सभ्यता तथा संस्कृति जतिसुकै पुरानो माने तापनि यसको इतिहास अहिलेको सात आठ हजार वर्षभन्दा माथि पुरातात्त्विक अन्वेषण र वैदिक साहित्यको परिशीलनबाट लैजान सकिदैन । त्यो पनि पाश्चात्य पुराविद्हरू पूर्णरूपेण मान्न तयार छैनन् ।

वर्तमान पुराणअनुसार, आद्यमनु स्वायंभुव थिए र दोस्रो मनु स्वारोचिष भए । यिनीपछि स्वायंभुव मनुकै वंशका औत्तम, रैवत, तामस, तथा चाक्षुष मनु भएको कथा पुराणमा पाइन्छ । त्यसपछि वर्तमानयुगका वैवश्वत(सावर्णि) मनुको पालो आउँछ ।

वर्तमानमा उपलब्ध पुराणहरूले एक मनुको पालो ७१ चतुर्युग दिएका छन् । यसलाई संध्या र संन्ध्यांशको भाग नजोडीकन हिसाव गर्दा पनि तीस करोड सतसठ्ठीलाख बीस हजार वर्ष हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वायंभुव पहिला मनु थिए उनको पालोमा उपर्युक्त वर्ष बिते, त्यसपछि दोस्रो मनु स्वारोचिस हुन्छन् र उनले पनि ७१ चतुर्युग, अर्थात् तीस करोड सतसठ्ठीलाख बीसहजार वर्षसम्म आफ्ना सन्तानको शासन चलाउँछन्, त्यसपछि तेस्रा मनु औत्तमको पालो आउँछ । औत्तम आदि मनु (स्वायंभुव) का चौथो वा पाँचौ पुस्ताका व्यक्ति भनिएको छ । केही पुराणअनुसार चौथो पुस्ता र ब्रह्मपुराणअनुसार स्वायंभुव, उनका छोरा वीर वीरका छोरा प्रियव्रत, यिनका छोरा उत्तम र उत्तमका छोरा औत्तम पाँचौ पुस्ताका व्यक्ति तेस्रो मन्वन्तरका मनु हुन पुग्दछन् ।[१]

स्वायंभुवदेखि पाँचौ पुस्ताका औत्तम मनुको शास शुरू हुन पूरा दुई मनुको पालो बित्नु पर्छ । अर्थात् १४२ चतुर्युगको हुने वर्ष एकसठ्ठी करोड ३४ लाख ४० हजार वर्ष वितेपछि स्वायंभुवका खनाती मनु हुन्छन् । उनीभन्दा अगाडिका चार पुस्ता कति वर्ष बाँचे भनेर हिसाब गर्दा एक पुस्ताको आयु पन्ध्र करोड तेत्तीसलाख छत्तीस हजार वर्ष चाहिन्छ । जुन कुरा आजको वैज्ञानिक युगमा विचारवान् व्यक्तिले पत्याउन सक्दैनन् र धार्मिक आस्थावान् हिन्दूलाई पनि अपत्यारिलो नै हुन्छ ।

युगमानसम्बन्धी शास्त्रीय विवेचना

पुराण र वर्तमानकालमा प्रचलनमा ल्याइएको युगमान ऐतिहासिक अन्वेषणमा कोरा कल्पना मात्र ठहरिन्छ । यो भ्रम पार्ने काम पुराणको संशोधन र परिवर्द्धन गर्ने कार्य ऐतिहासिक कालमा विद्वान्हरूबाट भयो । यो भ्रमपूर्ण आख्यानले भविष्यका विचारकहरूलाई कति निराश र विश्वासरहित तुल्याउँछ भन्ने कुरा उनीहरूले शोचिदिएनन् । अथवा यो दैवीयुगलाई कल्पना गरिएको युगको परिमाणलाई मानवको निम्ति पनि मानिदिएर जुन अविश्वसनीय रूपमा गथासो गरे, तथा प्राचीन परिपाटी र गणनालाई मेटाउने कोशिस गरे, त्यो सर्वसाधारण जनताको निमित्त अपराध नै साबित हुन्छ ।

यहाँ प्राचीन गणना पद्धतिको निम्ति वैदिक साहित्य, तथा कौटिल्यको अर्थशास्त्र र वेदाङ्ग ज्योतिषको युगमानसम्बन्धी प्रमाण पनि केलाउनु जरूरी भएको छ ।

पाँच वर्षको अवधिलाई पनि लघुयुग भनिएको छ, दोस्रो युगमान

---

१. वैराजात्पुरूषं वीरं शतरूपा व्यजायतः । प्रियव्रतोत्तान पादो वीरात्काम्या व्यजायतः ।। ब्रह्म पुरा. (२।५) तथा अ. २ र३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाह्र पाँच, अर्थात् साठी वर्षको तेस्रो बाह्र साठीको अर्थात् १२×६०= ७२० सातसय बीस वर्षको तेस्रो युगमान थियो । त्यस्तै ६ सय युगको पनि चार पाउवाला युग हुन्छ ।

यो गणना वि. पू. १४०० वर्षमा आचार्य लगधद्वारा रचित वेदाङ्ग ज्योतिषको युगमान हो । त्यसमा यस्तो उल्लेख भएको पाइन्छ–

पञ्च सम्वत्सरैरेकं प्रोक्तं लघुयुगं बुधैः
लघु द्वादशकेनेकं षष्टिरूपं द्वितीयकम् ।
तद्द्ववाश मतैः प्रोक्तं तृतीयं युग संज्ञकन् ।
युगानां षट्शती तेषां चतुष्पादि कलायुगे ।
(सिद्धान्त शिरोमणिका टीकाकार मुनिश्वर)

यस्तै वायु पुराणको कथनानुसार २६० वर्षको एक युग मानेको पनि प्रमाण पाइन्छ । काशीको इतिहास वर्णन गर्दा निकुम्भ दानवको आक्रमणले तीन युगसम्म काशी नगर उजाड रहेको र तीन युगको प्रमाण एकहजार वर्ष मानिएको छ ।

शप्ता हि सा पुरी पूर्वं निकुम्भेन महात्मना ।
शुन्या वर्ष सहस्त्रं वै भवित्रीति पुनः पुनः ।।
बायु पु. (९२।२४)

उपर्युक्त उल्लेखबाट ३०० वर्ष या ३६० वर्षको एक युग परिवर्त मानिन्थ्यो । ३ युगको ३०० वर्षले हिसाब गर्दा नौसये वर्ष र ३६० वर्षको युग मानेमा एक हजार असी वर्ष समय हुन्छ ।

युगमान माथिको प्रमाणबाट चारै युगको प्रमाण बराबर हुँदो रहेछ पन्ने कुरा पनि बुझिन्छ । ससै क्रमलाई आर्य भट्ट (वि. सं. ४३३) ले पनि मानेका छन् । तर त्यस पछिका अर्का ज्योतिषाचार्य ब्रह्म गुप्त चाँहि आर्य भट्टले भनेको युगमान, कल्पमान, ठीक भएन भन्दछन्–

न समा युग मनुकल्पाः कल्पादि मतं कृतादि युगानि च
स्मृत्युक्तैरार्य भट्टा ना तो जानाति मध्य गतिम् ।।
(ब्रह्म सिद्धान्त)

आर्य भट्टको युगपाद गणना हुनु ठीक होइन भन्ने ब्रह्म गुप्तको मतबाट त्यो वेलासम्म दैवीयुग गणनालाई नै मान्यता दिइएको कुरा थाहा पाइन्छ । तर प्राचीन युगमान समान अनुपातमा नै रहेछ भन्ने कुराचाँहि उपर्युक्त कथनबाट नै सिद्ध हुन आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराणमा अर्को किसिमको युग विभाजन पनि पाइन्छ । जो चतुर्युगी विभाग पनि भनिन्छ । त्यो यस प्रकार छ–कृतयुग ४८०० वर्ष, त्रेता-युग ३६०० द्वापर, २४०० वर्ष र कलि १२०० वर्ष । यो पनि प्राचीनकालमा चलेको ऐतिहासिक गणना हो भन्ने बुझिन्छ । यसको जम्मा परिमाणको हिसाब १२००० वर्षको हुन्छ ।

उत्तर पौराणिककालमा वेद, ब्राह्मण, उपनिषद् कल्पशास्त्रको साथै व्याकरण, शिक्षा, निरूक्त, आदि वेदाङ्ग शास्त्रको पनि गम्भीर विवेचना भइसकेको थियो । सृष्टिको क्रम, पृथ्वीको आयु, तथा ईश्वरीय सत्ता आदि विविध पक्षमा गरिएका चिन्तन र मन्थनले आर्य ऋषिहरूलाई कतिपय विषयको निष्कर्षमा पुऱ्याएकोले प्राचीन शास्त्रहरूमा संशोधन र परिमार्जन गर्नु आवश्यक ठानियो र गरियो पनि । यसैबेला आद्यसृष्टिकर्ता स्वयंभु ब्रह्माको पनि निश्चित आयु हुनुपर्छ र त्यो यो सृष्टिकी अधिष्ठात्री पृथ्वीकोसँगै ब्रह्मको पनि विश्रान्ति हुनुपर्छ र सम्पूर्ण जगत्को विलयपछि पनि एक ब्रह्म सत्ता चाहिं बाँकी रहन्छ भन्ने तथ्यमा उपनिषद्कालमा नै आर्यहरू पुगिसकेका थिए ।

शतंजीवेम शरदः भन्ने वेदोक्तिलाई ध्यानमा राखेर मनुष्यको परमायु सय वर्षको कल्पना गरेको छ भने ब्रह्माको परमायु पनि सय वर्षकै हुनुपर्छ । सूर्यको उदय अस्तले पृथ्वीमा कालगणना गरिन्छ । तर सूर्यकै सृष्टिकर्ताको आयु गणना गर्ने यो नियम पनि उचित ठहरिएन । यसकारण ब्रह्मा–अर्थात् दृश्य जगत्को लय हुन र यसको सयवर्ष आयुको लेखा पुऱ्याउन दिन, वर्ष, युगमान र त्यसबाट सयवर्षको आयु कल्पना गर्दा मनुष्य वर्षभन्दा छुट्टै देव वर्षको हिसाब तयार गरियो । यस्तै युगमान पनि दैव वर्षबाट निर्धारण हुनुपर्ने हुँदा वर्तमान अवस्थामा प्रचलित युगको परिमाणलाई गणितज्ञ तथा विचारकहरूले मान्यता दिए ।

हिन्दूहरूको वर्तमानमा प्रचलितकाल विभाजनअनुसार मानिसको एक महीना पितृहरूको एक अहोरात्र हुन्छ । मानिसको एक वर्ष अर्थात्-साधा-रणतया ३६० दिनको देवताको एक अहोरात्र हुन्छ र मान्छेको ३६० वर्षको देवताको एक वर्ष हुन्छ । यसलाई दिव्य वर्ष भनिन्छ । बाह्रहजार दिव्य वर्षको एक चर्तुर्युग हुन्छ । यो दैवीयुगको मानिसको वर्षमा परिणत गर्दा त्रिचालीस लाख बीस हजार वर्षको एक चतुर्युग हुन्छ । यस्तो ७१ चतुर्युग वित्ता एक मनुको समय पूरा हुन्छ । १४ मनुको समय अर्थात् २००० युग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वितेपछि ब्रह्मा (दृश्यरूप ब्रह्माण्ड) को एक अहोरात्र हुन्छ । यसलाई नै कल्प भनिन्छ ।

वैदिक संहिताकाल तथा ब्राह्मण कालमा उपर्युक्त किसिमको युगमान निर्धारण गरेको पाइदैन । त्यसबेला पछिप्राप्त भएको वेदाङ्ग ज्योतिषको परिमाणअनुसार नै मानव युगको लेखा गरिन्थ्यो । तर देव वर्षको परिकल्पना र देवताको युगमानको पनि विचार भइसकेको सङ्केत भने पाइन्छ । परन्तु सत्य, त्रेता, द्वापर कलिको वर्ष विभाजन समान थियो र आर्य भट्टको समयसम्म पनि त्यही नै थियो । एक शताब्दी पछिका ब्रह्मगुप्तको समयमा भने आधुनिक गणना प्रणालीले मान्यता पाइसकेको थियो । इतिहास शिरोमणि बाबुराम आचार्य (ने. अं. ४२) मा युगको यो भ्रम पार्ने गणना प्रणाली शकद्वीपीय ब्राह्मणहरूले ल्याएको हो भन्नु हुन्छ र केही भारतीय अन्वेषकहरू पनि यो कुरा नै मान्दछन् ।

ब्रह्माण्ड सृष्टिको आयु र सृष्टि कर्ताको आयुदा विचार नभएसम्म देवयुगको गणना पद्धति पनि बनेको थिएन । बनेपछि पनि मानवयुग र देवयुगको छुट्टाछुट्टै लेखा पद्धति थियो भन्ने प्राचीन साहित्यको परिशीलनबाट थाहा पाइन्छ । ऋग्वेदकालमा सय वर्षको आयुको कामना गरिन्थ्यो र यसैलाई युग पनि भनिन्थ्यो । ऋग्वेदको एउटा मन्त्रमा भनिएको छ-"दीर्घतमा मामतेयो जुजुर्वान् दशमे युगे," अर्थात् दीर्घतमा मामतेय गौतम दश युगसम्म बाँचे । यसैलाई शांख्यायन आरण्यकमा भनिएको छ-तत् उ ह दीर्घतमा दश पुरुषायुषाणि जिजीव "अर्थात् ती दीर्घतमा दश पुरूषको आयु (एकहजार वर्ष) बाँचे यसबाट वैदिककालमा सयवर्षको युग मानिन्थ्यो भन्ने कुरा स्पष्ट थाहा पाइन्छ । वास्तविक मानव युग पनि यही हो र साना युग (आवर्त) पाँच वर्षको, बाह्र वर्षको, साठी वर्षको पनि मानिन्थ्यो ।

मनुस्मृतिकारले वर्तमान युगको गणना पद्धतिलाई स्पष्ट रूपमा देवयुग भनेका छन् ।[१] देवताको वर्षले चार हजार वर्षको सत्ययुग, तीन हजार

---

१. चत्वार्याहुः सहस्त्राणि वर्षाणि तु कृतं युगम् । तस्या तावच्छती सन्ध्यासंध्यांशश्च तथा विधः । । मनुस्मृ. अ. १ श्लो. ६९ ।
एतत् द्वादश साहस्त्रं देवानां युगमुच्यते, मनुस्मृ. अ. १ । श्लो. ७१
तत्प्रमाणै शतैः सन्ध्या पूर्वं तत्रा भिधीयते ।
सन्ध्यांशकश्च तत्तुल्यो युगस्यानन्तरो हि स । संन्धा सन्ध्यांशकश्चैव य कालो मुनि सत्तम । युगाख्य सतु विज्ञेयः कृत त्रेतादि संज्ञकः ।
विष्णु पुराण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षको त्रेता, दुई हजार वर्षको द्वापर, एक हजारवर्षको कलियुग हुन्छ र जति हजारको युग हुन्छ, त्यति सय वर्षको सन्ध्या वा (संधि) र त्यति नै वर्षको संन्ध्यांश हुन्छ । यस आधारमा ४०००+३०००+२०००+१०००= १०,००० वर्ष युगमान भयो । सत्य युगको संध्या चारसय वर्ष, संध्यांश चार सय वर्ष जम्मा आठसये, त्रेताको तीन सय संध्या, तीन सय सन्धांश जम्मा छसय वर्ष, द्वापरको दुईसय, दुईसय वर्ष, जम्मा चारसय र कलिको एक एक सयले दुईसय गर्दा ८००+६००+४००+२००=२,००० (दुईहज्जार) वर्ष हुन्छ र दिव्य (देवताको वर्ष) ले बाह्र हजार वर्षको एक चर्तुर्युगी हुन्छ ।

उपर्युक्त देवयुगको परिमाणलाई मानव वर्षमा परिणत गर्दा सत्य-युगको सत्रलाख अठ्ठाइस हजार वर्ष, बाह्र लाख छयान्नब्बे वर्षको त्रेतायुग, आठलाख चौसठ्ठी हजार वर्षको द्वापर र चारलाख बत्तीस हजार वर्षको कलियुग हुन्छ । देवयुग वर्ष र त्यसको संध्या सन्ध्यांशको समेत सम्पूर्ण मान-वर्षमा परिणत गर्दा ४३ लाख बीस हजार वर्ष हुन्छ । त्यसमा पनि अर्वाचीन पुराणका संशोधन कर्ताहरूले सन्धिकाल भनेर मन्वन्तरपछि अर्को मनुको शासनकाल शुरू हुनु एक संधिकालको कल्पना गरे, जसको परिमाण सत्य युगको बराबर अर्थात् सत्रलाख अठ्ठाइस हजार वर्ष राखेका छन् । यसरी युगमानमा बृद्धि गरिनुको कारण पृथ्वी तथा ब्रह्मा (ब्रह्माण्ड) को आयु निर्धारण गर्न मात्र यस्तो संख्यात्मक पद्धतिको रचना गरिएको हो । किन्तु यही परिमाणलाई मुख्य मानेर मानवयुग र मनुको आयु पनि यही दैवयुगी परिमाणले नापने अव्यावहारिक प्रयासले पौराणिक कथाको निर्माण तथा संशोधन गरे, त्यसले ऐतिहासिक तथ्यलाई नै मायथोलजी (कल्पना शास्त्र) को धरातलमा उभ्यायो ।

अथर्ववेदको शतं तेअयुतं हायनान्द्वे युगे त्रिणी चत्वारि कृष्मः (८।२।२१।१) को मन्त्रलाई व्याख्या गर्दै वेदका वरिष्ठ विद्वान् दयानन्द सरस्वतीले ४, ३, २ अङ्क पछि दश लाखको संख्याका शून्य (सातवोटा शून्य) थपेर पृथ्वीको आयु बन्दछ भनेका छन् । यो परिमाण ४३२०००००० अर्थात् चारअरब बत्तीसकरोड वर्ष हुन्छ र पश्चिमी भूगर्भ वेत्ताले अडकल गरेको साडे चार अरब वर्ष पृथ्वीको आयुको अडकलसँग मेल खान्छ ।

पाश्चात्य विद्वान्हरूले भूगर्भ परीक्षणद्वारा पृथ्वीको वितेको आयु दुई अरब वर्षको अनुमान गरेका छन् । हाम्रा पूर्वजले पनि उपर्युक्त देवयुग, मन्वन्तरले बितेका वर्षलाई मानव वर्षमा परिणत गर्दा २०४० सालसम्म पृथ्वीको आयु एक अरब सन्तान्नब्बे करोड उनन्तीसलाख उनान्चास हजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौरासी वर्ष हुन आउँछ । यसरी देवयुग, देववर्षले ब्रह्मा (ब्रह्माण्ड) को आयु गन्न र विगत सृष्टिका वर्षहरूको संख्या निर्धारणमा महत्त्वपूर्ण मानिएको काल विभाजनलाई नै मानिसको पुस्तामा गणना गर्दा लाखौं, करोडौं वर्षको अन्तर पर्ने भएको छ । एउटा व्यक्तिको शासनकाल तथा जीवन साठीहजार वर्ष, लाखवर्ष, आदि उल्लेख भएकोले नै इतिहासक्रम अविश्वसनीय कल्पना बन्न गएको छ र यसको ऐतिहासिक पक्षलाई नै केलाउन छाडिदिएका छन् । समस्त पुराण इतिहास र वैदिक साहित्य केलाउँदा मनुको ऐतिहासिक अस्तित्व देखा पर्दछ । आदिमनु (स्वायंभुव) अवश्य नै मानव सभ्यताका प्रवर्तक हुन् । वैज्ञानिकहरूको विवेचनानुसार भन्ने हो । भने–मानवले ढुङ्गे युगबाट धातु युगमा प्रवेश गरेपछिको आदिम सभ्यताका प्रवर्तक, नियामक र व्यवस्थित समाज रचयिताको रूपमा यिनलाई मान्नु पर्दछ । यसैकारण आर्य सभ्यतामा यिनको ठूलो महत्त्व छ ।

यिनका छोरा प्रियव्रत र उत्तान पाद थिए । प्रियव्रतको कथा पुराणमा असंभाव्य घटनाले भरिएको छ । उनका छोरा नाभि र नाभिका छोरा भगवान् ऋषभदेव जैन सम्प्रदायका आदि तीर्थङ्कर मानिन्छन् र पौराणिक कथामा पनि निर्वाङ्ग भएर बस्ने अवधूत धर्मका प्रवर्तक नै देखिन्छन् । यिनका पुत्र प्रतापी चक्रवर्ती भरत भए । जसको नाउँबाट भारत-वर्ष नाउँ रह्यो । यो वंश दश प्राचेतसका पुत्र दक्षबाट टुङ्गिन्छ ।

दोस्रा मनु स्वारोचिस ऋषि र अप्सराको संयोगबाट जन्मेका प्रतापी मनु भए । जसको वंशवर्णनमा त्यति विशेषता पाइदैन । सारा इतिहास र पुराणले स्वीकार गरेका मनु भएकोले यिनको पनि ऐतिहासिकता-लाई नकार्न सकिदैन ।

यसपछि तेस्रा मनु–औत्तम हुन्छन् । यी आदि मनुका पाँचौं पुस्ताका व्यक्ति हुन् । आदिमनुका चौथो वा पाँचौं पुस्ताका मनु भए पनि आदिमनु पछिका दोस्रा मनुको वाद यो अधिकार पाएका हुनाले, अर्वाचीन युग परिमाणका कल्पनाले जे भए तापनि मनुको ऐतिहासिकता बारे सन्देह गर्न सकिदैन ।

यसै वंशका अरू रैवत र तामस पनि मनु भनिएका छन् र यी ध्रुवै औत्तमका भाइ पनि भनिएकोले ७१ चतुर्युगी भोगेका मनु पछिका मनु भन्ने कल्पना स्वतः निःसार हुन्छ । यसपछि छैटौं मनु आदि मनुका सातौं पुस्ताका व्यक्ति चाक्षुषको पालो आउँछ । यिनका वंश-विस्तारले शासन गर्दै रहेको वेलामा एउटा असंभाव्य घटना घट्दछ, त्यो हो जल प्रलय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी पौराणिक साहित्यकै अनुशीलनबाट के थाहा पाइन्छ भने आदि मनुका सातौं पुस्ता छैटौं मनु भएका र मनु भनिने व्यक्ति ज्यादै दीर्घ-जीवि थिए र वैदिक साहित्यले आशीर्वाद दिंदा र लिंदा प्रयोग गरिने शरदम् शतम् नै बाँचे भन्ने हो भने पनि सातसय वर्षभन्दा बढ्ताको इतिहास भन्न मिल्दैन ।

वैदिक साहित्यका अन्वेषक र भारतीय साहित्यका विशिष्ट ज्ञाता पं. भगवद्दत्त जी भारतीय पुराण इतिहासको अन्वेषणबाट वैवश्वत (सातौं मनु) मनुलाई त्रेतायुगको शुरुमा भएको मान्दछन् ।[1] यो तथ्यलाई स्वीकार गर्ने हो भने वितेका छ मनुको पालो सत्ययुगमा थियो र वर्तमान मनु त्रेता युगमा भए, द्वापर र कलियुगका केही वर्ष उनका सन्तानले भारतीय उपमहा-द्वीपमा राज्य गरे भन्नु पर्छ ।

ऋग्वेदको अनुशीलनबाट मनुको अस्तित्व निकै पुरानो हो भन्ने कुरा उल्लेख भइसकेको छ । ऋग्वेदका कतिपय मंत्रहरू मनु पूर्वका र बहुशः मनु पछिका देखिन्छन् ।

पुराण र इतिहासका अन्वेषक पार्जिटर तथा अल्तेकर आदि विद्वा-न्ले पौराणिक कथामा वर्णित मनुको वंशपरम्परा जोडेका छन् । यस्तै ऋग्वेदको परिशीलनबाट मनुका वंशज सन्तनुका दाज्यु देवापि पनि मंत्रद्रष्टा ऋषिमा देखिन्छन् र यिनको वंश गणना गर्दा मनुबाट ७५ पुस्ता हुन आउँछ । उपर्युक्त विद्वान्हरूले इक्ष्वाकु वंशका ८० पुस्ताका राजाले अयोध्यामा राज्य गरेका बेला महाभारत युद्ध भएको मानिन्छ । सरदर यत्तिनै पुस्ता चन्द्र वंशीको पनि वितेको मानेमा, युधिष्ठिर अथवा अभिमन्युसंग महाभारतकालका पुस्ता गन्दा पाँचौं पुस्तामाथि अर्थात् ७५ पुस्ता मनुपछिका देवापि हुन आउँछन् । यस बेलासम्म ऋग्वेदका मंत्रहरूको दर्शन हुँदै थियो र ७५ पुस्ता र त्योभन्दा पनि अति प्राचीन युगका मंत्रहरूको संगालो ऋग्वेद–संहिता ठहरिन्छ ।

इतिहास र पुराणबाट ऋग्वेदका राजा दिवोदास, सुदास तथा कुरुश्रवणहरू मनुकै सन्तान हुन् । पुराण र इतिहासले यो असी पुस्ताभन्दा बढीको वंशावली दिन सक्तैनन् । यही असी पुस्ताको नापोलाई अगाडि राखेर युगमान निर्धारण गर्नु पर्ने हुन आउँछ ।

मनुदेखि युधिष्ठिरसम्मको कालमा सूर्य वंशी राजाहरूको ८०

---

१. वैदिक वाङ्मयका इतिहास भाग २ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्ता बितेको कुरा भनियो । आजकल विद्वान्हरूले पुस्ताको वर्ष गिन्ति गर्दा १ पुस्तालाई २५ वर्षको समय दिन्छन् । किन्तु प्राचीन समाजका मानिसहरू धर्माचरण गर्दथे तथा नियमित खानपान, आचार र साधना युक्त हुने भएकोले बढ्ता बाँच्न सक्तथे भन्ने हो भने पनि प्रत्येक पुस्तालाई ३० वर्षको समय दिने हो भने ८० × ३० = २४०० वर्षको समय लाग्दछ र ३५ वर्षको दरले हिसाब गर्दा ८० × ३५ = २८०० (अठ्ठाइस सये) वर्ष हुन्छ । योभन्दा बढ्ता समय दिनु व्यवहारिक र मान्य हुँदैन ।

हामीले वेदाङ्ग ज्योतिषको युग गणना बताई सक्यौं । त्यसमा उल्लिखित अन्तिम संख्या देववर्षको युगमानलाई छाडिदिएर ७२० वर्षको मानव युगमा हिसाब गर्ने हो भने युधिष्ठिरसम्मको कालमा सत्य, त्रेता, द्वापर व्यतीत भएको मानेमा ७२० × ३ = २१६० (एक्काइस सय साठी) वर्ष बितेको हुन्छ । दुई युगको सन्धिकाल–सन्ध्या सन्ध्याश भन्ने परिपाटि पनि मनुले उल्लेख गरिएको देवयुग गणनामा देखिएकोले प्राचीन मान्नु पर्छ र यसको गणनाक्रम जतिहजार वर्षको युग छ त्यति नै सये सन्ध्या र त्यति नै सन्ध्यांस हुन्छ भनिएकोले २०% प्रतिशत हिसाब गरिएको थाहा हुन्छ । एक्काइस सय साठीको बीसको प्रतिशतले चार सय बत्तीस अरू थपिन्छ । २१६० + ४३२ = २५९२ (पच्चीस सय बयान्नब्बे) वर्ष हुन्छन् ।

अथवा युधिष्ठिर कलियुगको ६५३ छसय त्रिपन्न वर्ष बितेपछि भएका थिए भनेर बृहतसंहितामा बराह मिहिरले उल्लेख गरेका छन्[1] र त्यसलाई राजतरङ्गीणीका लेखक कल्हणले (एघारौं शती) समर्थन गरेका छन् । यी प्राचीन गणितज्ञ र इतिहासकार भएकोले त्यस बेलासम्म प्रमाणित ग्रन्थ थिए र उल्लेख गरे भन्ने कुरामा सन्देह गर्न सकिदैन । उपर्युक्त २५९२ + ६५३ = ३२४५ अर्थात् युधिष्ठिरभन्दा बत्तीस सय पैंताली वर्ष पूर्व बैवश्वत मनुको राज्यकाल मान्नु पर्छ । यो प्रमाण मानेमा मनुपछिका असी राजालाई चालीस वर्ष प्रतिव्यक्तिको दरले गणना गर्दा ठीक बत्तीस सय वर्ष हुन्छन् ।

हाम्रो कर्म गर्दा संकल्प पढिन्छ । त्यसमा बैवश्वत मन्वन्तरे अष्टा विंशतितमे युगे कलियुगस्य प्रथम चरणे ··· आदि भन्ने चलन छ । तर यो संकल्प विधान अर्वाचीन पौराणिककालभन्दा पछाडिको हो । तथापि त्यस

---

१. शतेषु षड्रषु सार्धेषु त्र्यधिकेषु च भूतले । कलेर्गतेषु वर्षाणां अभवन् कुरु पाण्डवाः (वृ. सं.) तथा शब्दकल्पद्रुम भा. २ पृ. ६० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्र केही सत्यांश छ होला भन्ने तर्क गरे पनि अठ्ठाइसौं कलियुगको सट्टा अठ्ठाइसौं युग मात्र त्यसको वास्तविक अर्थ हो र यो अठ्ठाइसौं युगको परिमाण मानेमा वेदमा वर्णित सय वर्षको युगको गणना हो भनेर मान्नुपर्छ । साथै देवयुगको गणना पद्धति स्वीकार्य भएपछि पनि उक्त कथनमा परिवर्तन नगरेर यथावत् चल्दै आएको हुन सक्छ । अथवा पृथ्वी सृष्टिदेखिनै गन्ने हो भने संकल्प ठीक नै हुन्छ ।

स्मृति, धर्मशास्त्र पुराण, इतिहासका कुराहरू परम्परामा बाझे भने श्रुति (देव) नै प्रमाण हुन्छ भनिएको छ । यसकारण इतिहास र पुराणमा जे जस्तो लेखिए तापनि शंकास्पद स्थिति भएमा वेदबचन नै प्रमाण मान्नु पर्ने भएको र वेदमा सयवर्षको युग नै मानिएकोले यस विषयमा अन्य विचार मात्र आवश्यक छैन ।

पुराण र इतिहासलाई पनि वेदले मान्यता दिएको छ । परन्तु वेदमा उल्लिखित पुराणहरू आज वास्तविक रूपमा उपलब्ध छैनन् । भाषा परिवर्तन गर्दा वा नवीन चिन्तनका विषय वस्तुहरूको, तथा नयाँ वंशचरित्रको, समावेश गर्दा भएको संशोधन र परिवर्द्धनले ऐतिहासिक सत्यताको अन्वेषण गर्न मुश्किल पर्दछ । तथापि कतिपय प्राचीन अंशमा बाँकी रहेका श्लोक, ऐतिहासिक घटना, वंशचरित्रको वर्णनको छानवीन गर्ने हो भने र अति रन्जनाले भरिएका र नयाँ युगमानलाई सामन्जस्य गर्न कल्पना गरिएका आयु, तपस्याका वर्षहरूलाई, छाडिदिएर इतिहासको सोझो बाटो समात्ने हो भने आर्य सन्तानको क्रमबद्ध ऐतिहासिक शृङ्खला जोड्न सकिन्छ ।

इतिहासको उत्तरकालमा पुराणहरू संशोधन गरिएका एवं नयाँ विषय र पछिका वंशचरित्र समावेश भएका रहेछन् भन्ने कुरा अन्वेषकहरूलाई स्वयं पुराणले नै बताउँछन् समसामयिक प्राप्त अभिलेख, पुरातात्त्विक सामग्री र वैदिक साहित्यको परिशीलनले पनि सत्य, असत्य छुट्याउने बाटो दिन्छन् । प्राचीन साहित्यमा पुराणको नाउँबाट उद्धरण दिएका श्लोकहरू वर्तमानमा उपलब्ध पुराणमा नपाइनुले पनि पुराण संहिताको नवीकरण र परिवर्द्धन भएको प्रमाणित हुन्छ । पुराण इतिहासको अन्वेषण वेद सापेक्ष गरिने हो भने पनि क्षेपक र प्राचीन अंश छुट्टिन्छ । यस दिशामा पनि विद्वान्हरूबाट प्रशस्तै प्रयत्न भएको छ ।

अन्य विषयमा जे जस्तो थपघट भए पनि मनुदेखिका वंशक्रममा त्यति अन्तर आएको पाइदैन । वायु पुराणका वंशावली र हरिवंशको वंश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णन समान छ र यो विक्रम सम्बत् शुरू हुनुभन्दा पछिको हुन सक्तैन । पहिलो शताब्दीभन्दा यता यसको संशोधन पनि भएको छैन भन्ने अन्वेषक, इतिहासकारको मत पाइन्छ ।[१]

यस्तै वेदाङ्ग ज्योतिषको युगमानमध्ये बीचको साठी वर्षको युग मानेर अठ्ठाइसौं चतुर्युगी माने र विभाजन गर्ने हो भने पनि एक चतुर्युग दुईसय चालीस वर्षको हुन्छ र त्यसलाई सत्ताइस चतुर्युग बनाउन गुणन गर्दा २४०×२७=६४८० (छ हजार चारसय असी) वर्ष हुन्छ र अठ्ठाइसौं चतुर्युगको ३ युगको वर्ष १८० त्यसमा जोड्दा छहजार छसय साठी वर्ष हुन्छ । यसलाई असी पुस्तामा बाँडदा त्रियासी वर्ष चानचुन एक पुस्ताको पर्न आउँछ । त्यसमा बराहमिहिरको कथन ६५३ वर्ष कलियुग बितेपछि युधिष्ठिर भएको मान्ने हो भने सवा एकानब्बे वर्ष एक पुस्तालाई पर्न आउँछ र युधिष्ठिरसम्मको जम्मा वर्ष ७३१३ सात हजार तीनसये तेह्र वर्ष हुन्छन् । प्राचीन राजाहरू दीर्घजीवी हुन्थे भन्ने मानेमा यो गणनासम्म मान्न सकिन्छ र ऋग्वेदमन्त्र संहिताका कतिपय मन्त्रहरूको आविर्भावकाल साढे नौ हजार बिक्रम पूर्व नै मान्नु पर्ने हुन्छ । यो समयलाई अन्तर्राष्ट्रिय सभ्यताको विकासक्रमको दाँजोमा हेर्नखोज्ने इतिहासज्ञ र पुरातत्त्व विद्हरू मान्न तयार हुने छैनन् । भारतीय विद्वान्हरूलाई भने आपत्ति हुने छैन ।

वायु पुराण, जसमा पुराणको प्राचीन अंश बडी पाइन्छ भन्ने विद्वान्हरूको धाराणा छ, त्यसको युग प्रमाण ३६० (तीनसय साठी) वर्षको युगमानेमा पनि वर्तमान युगलाई अठ्ठाइसौं चतुर्युगी भन्ने हो भने युधिष्ठिर सम्ममा छत्तीस हजार नौ सय साठी वर्ष बितिसकेको मान्नु पर्छ । जुन समयभित्र मनुको ८० पुस्ता मात्रको गणनाले भ्याउँदैन । एक पुस्तालाई चारसये बयसठ्ठी वर्षको आयु दिनुपर्छ र त्यो कुरा वेदको प्रमाणले पनि मान्न मिल्दैन । सत्ताइस युग मात्र युधिष्ठिर पूर्व बितेको मानेमा पनि प्रतिपुस्तालाई एकसय साढे एकाइस वर्षको आयु दिनुपर्ने हुन्छ ।

पुराणमा अर्को युग प्रमाण सत्ययुग ४८०० वर्ष त्रेतायुग ३६०० वर्ष र द्वापर २४०० वर्ष एवं कलियुग १२०० वर्षको प्रमाण पनि पाइन्छ । यसअनुसार पं. भगवद्दत्तको मतलें वैवश्वत मनुदेखि त्रेतायुग शुरू भएको मानेमा युधिष्ठिरकाल पूर्व दुइयुग मात्र व्यतित हुन्छन् र । त्यसको संख्या छ हजार

---

१. पुराण साहित्यका इतिहास ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्ष बितेको हुन्छ। यो संख्यामा असी पुस्ताको उमेर विभाजन गर्दा पचहत्तर वर्षको प्रतिव्यक्ति भाग पर्न आउँने हुँदा त्यति नमिल्दो चाहिं देखिदैन। यो विचारलाई मान्यता दिएमा सत्ययुग (नव पाषाणकाल) स्वाग्रंभुवदेखि चाक्षुष मनुसम्मका छ मन्वन्तर, ४८०० वर्ष भित्रका ऐतिहासिक पुरुष हुन आउँछन्। वैज्ञानिकहरूले पनि दश बाह्र हजार ईसवी पूर्वदेखि नव पाषाण-काल शुरू भएकोमा विश्वास राख्दछन् र यो गणना पनि ईसापूर्व बाह्र हजार वर्षको तथ्य बताउने हुँदा त्यति अन्तर देखिदैन। किन्तु सर्वसम्मत भने हुँदैन।

यो उपर्युक्त विवेचना यहाँ किन गर्नु पऱ्यो भने पुराणको कथामा पाइने अतिशयोक्तिका गाथाहरूलाई केलाएर निष्कर्षमा पुग्न विद्वान्हरूलाई सजिलो होस् भनेर हो। विज्ञानवादी युगमा प्रत्येक व्यक्ति सुने जानेका कुरा-लाई तौलेर, जाँचेर प्रत्यक्ष प्रमाणद्वारा साबित हुने कुरामा मात्र विश्वास मान्दछन्। विश्व सापेक्षमा सभ्यता र विकासक्रम जाँचिन्छन्। विश्वका कुना कुनामा छानबीन गरेर पत्ता लगाएका ढुङ्गे हतियार, तांवा र पित्तलका हतियार तथा भाँडावर्तनले युगबोध गरिन्छ। वेदको मंत्र, ब्राह्मण साहित्य, र इतिहास, पुराण रचना एवं विकास भएको ठाउँ, भारत, नेपाल, पंजाब, सिन्धु प्रवेश, जो वर्तमान पाकिस्तानको राज्यसीमाभित्र पर्दछ, त्यहींको उत्खननबाट प्राप्त पाषाण युगीन हतियार र ताम्रयुग, पित्तल तथा कास्य युगका भाँडावर्तन हतियार, मूर्तिकलाले प्रमाणित गरेको कुरालाई नकार्न सकिदैन। पृथ्वीमा पहिले आर्यहरू नै जन्मेर सभ्यताको विकास गरे भनौं भने पनि र जन्मदै ज्ञान विज्ञान सम्पन्न जन्मे भने पनि आर्यहरूका निवासस्थान तिर ढुङ्गे युगका हतियार नपाइनु पर्ने हो। अन्य विश्वको पुरातात्त्विक सामग्रीसँग यहाँको उपलब्ध सामग्रीले समानता नराखेर छुट्टै विशेषता देखा-उनु पर्थ्यो, कुरा प्राप्त छैन। यसकारण पनि वैज्ञानिक अन्वेषणलाई पनि स्वीकृति दिनुपर्छ।

वर्तमान पुराणले नै बताएको वंशावलीसँग युग मानको तुलना गरियो र यथासंभव सामन्जस्यको प्रयत्न पनि भएको छ।

नयाँ युगमानलाई मान्ने हो भने अरू मनु त कुरा परैराखौं, वैवश्वत मनुको पालाको पनि अठ्ठाइसौं चतुर्युगीको अन्तिम कलियुग चल्दैछ र जसको यो बेला पाँचहजार चौरासी वर्ष बितेको लेखा गरिन्छ। एक चतुर्युगमा त्रिचालीस लाख बीस हजार वर्ष हुन्छन्, यसलाई सत्ताइसले गुणा गर्दा एघार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करोड छयसठ्ठी लाख चालीस हजार वर्ष हुन्छ। अठ्ठाइसौं चतुर्युगका पनि तीन युग वितिसके । यसको जम्मा वर्ष–अठतीस लाख अठासी हजार हुन्छ । सबै योग गर्दा बाह्रकरोड पाँचलाख अठ्ठाइस हजार वर्ष महाभारतको युद्धभन्दा पहिले नै बिते । यसै संख्यालाई वैवश्वत मनुका युधिष्ठिरसम्म बितेका असी पुस्तालाई बाड्ने हो भने–एक पुस्ताको आयु पन्ध्रलाख छ हजार छ सय वर्ष पर्न आउँछ, जुन कुरा न व्यवहारले ठीक छ, न शास्त्रीय प्रमाणले नै मान्न सकिन्छ ।

निष्कर्ष

उपर्युक्त विवेचनाबाट वर्तमान युगगणना प्रणाली देवयुगको गणना हो, अर्थात् सृष्टिकर्ता ब्रह्मा र ब्रह्माण्डको आयु गन्नमा मात्र काम लाग्छ भन्ने र देवताको अगाडि आफूलाई तुच्छ र अस्तित्वहीन मान्ने आर्यहरूको विचार भएकोले गणना पद्धतिमा दैव युगलाई नै मान्यता दिए भन्ने कुरा ज्ञात हुन्छ । साथै संकल्प पढ्दाका वाक्यहरू–ब्रह्माण्डको आयु परिकल्पनामा गणनालाई नै मानेर प्रयोग गरिए । सातौं वैवश्वत मनु भन्ने र अष्टाविंशतितमे युगे भन्ने वाक्यको परम्परामा सम्बन्ध छैन भन्ने पनि बोध हुन्छ । अन्यथा ऐतिहासिक मनुहरूको अस्तित्व असंभाव्य कल्पना मात्र हुन्छ । साथै दैवयुगको विभाजनमा मन्वन्तरको माध्यम, पृथ्वीको आयु तथा सृष्टिको गत वर्षलाई नाप्न यौटा पद्धति मात्र खडा गरिएको हो र पछिहुने भनेर बताइएको मनुको नाम र संख्याले पनि यो ब्रह्माण्डको आयु गणना गर्ने नापो कल्पना गरिरहेको रहेछ भन्ने थाहा पाइन्छ । जुन कुरालाई सत्य मान्नु नै इतिहास गडबडको कारण हो र पुराणले कल्पना शास्त्रको नाउँ पाउनु पनि यस्तै कारणले हो ।

वैदिक साहित्यको परिशीलनबाट १४ मनुको अस्तित्व पाइदैन । ऋग्वेदका मनु–सावर्णि (वैवश्वत) मनु देखिन्छन् । स्वयंभु (ब्रह्मा) प्रथम मनु थिए र उनका सन्तति मध्येबाटै अन्य मनु देखिएका तथा एउटा मात्र अर्को वंशका मनु भनिएको हुँदा आदिमकालका राजालाई मनु भनिन्थ्यो र केही समय सात–आठ पुस्तासम्म यो चक्रवर्ती किसिमको पद प्रचलन रह्यो भन्ने कुराको अनुमान हुन्छ । त्यसपछि सातौं मनु वैवश्वत (सावर्णि) भए जसको शुरूमानै एउटा असंभव घटना घट्यो, त्यो थियो जल प्रलय । जसमा पृथ्वीको निम्न भागमा वस्ने साराजलचर र थलचर प्राणी समाप्त भए । यो बेला सम्मको साहित्य, इतिहास, कला र त्यसका विशेषज्ञहरू पनि यसैमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वहा भए । इतिहास पुराण तथा प्राचीन गाथाका जानकार पनि समाप्त भए-कोले जल-प्रलयपछिका प्राणीले २।४ बाँचेका व्यक्तिहरूबाट सुनेका मुख्य मुख्य घटनाका पात्र र केही उपाख्यानको संकलन गरी पुराण र इतिहासका केही अंश निर्माण गरेका थिए र त्यसैलाई वैदिक साहित्यले पुराण इतिहासको नामले संकेत गरको रहेछ भन्ने कुरा थाहा हुन्छ । किनभने इतिहास पुराण-हरू, जो वर्तमान अवस्थामा उपलब्ध छन्, तिनमा वैवश्वत मनु र त्यसपछिका वंशविस्तारको साथै प्रमुख घटनाको उल्लेख पाइन्छ । किन्तु अरू मनुको साधारण नामोल्लेख र कुनै घटना मात्र संबद्ध छन् ।

विशाल साहित्यको निर्माणमा प्रयत्नशील प्राचीन महर्षिहरूले अन्यथा प्रत्येक मनुको पालाका घटना र वंशचरित्रका थुप्रै पुराण पनि बना-उने थिए । सात आठ पुस्ताका घटनाक्रम पनि प्रशस्तै हुन सक्थे ।

यसरी छानबीन गर्दा वैदिककालदेखिको इतिहासको धेरै नै प्रमाणित अंश वर्तमानमा प्राप्त इतिहास, पुराणमा फेला पर्दछ र त्योभन्दा अगाडिका घटना निर्देशन गर्ने पुराणलाई प्रमाण मान्ने आधार छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय तीन

जल प्रलय र वैवश्वत मनु

आर्य साहित्य–इतिहास र पुराणमा अन्य मनु तथा वंशचरित्र सम्बन्धमा उपाख्यान प्राप्त भए तापनि वास्तविक इतिहास, सभ्यताको विकासक्रम वंशचरित्र, राज संस्थाको मान्यता र आदर्श चरित्र, व्यवस्थित र समुन्नत समाजको लेखाजोखा वैवश्वत मनुदेखि नै शुरू हुन्छ। वैवश्वत विवश्वान्का पुत्र हुन् विवश्वान् कश्यप ऋषिका पुत्र कश्यप मरीचिका छोरा हुन्। मरीचि सृष्टिकर्ता ब्रह्माका दश छोरा मध्ये एक हुन्। आर्य साहित्यको अनुशीलन गर्दै जाँदा एउटा कुरा के निष्कर्षमा पुगिन्छ भने– जसको ऐतिहासिकक्रम भेटिदैन वा यशस्वी पुरुषका पुर्खाहरू उल्लेख गर्न लायक हुँदैनन्, तिनीहरूका पूर्व पुरुष ब्रह्मा हुन पुग्दछन्।

यस्तै मरीचिका पिता ब्रह्मा थिए। मरीचिको शाब्दिक अर्थ हुन्छ किरण वा तेजपुञ्ज। यिनैका पुत्र काश्यप ऋषि कुनै बेला प्रजापतिको आसनमा विराजमान थिए। कश्यपले स्वापंभुव मनुका अन्तिम वंशज दक्षप्रजापतिकी छोरीहरू विवाह गरेका थिए र छैटौं मन्वन्तरमा काश्यपी सृष्टि गरेर सारा लोक भरिभराउ पारे।

ऋग्वेद (९।९२) मा मरीचिका पुत्र कश्यपको नाउँ आएको छ। उनले पवमानको असल होस्, जहाँ सारा कविहरू एकत्र हुन्छन्, जसले दिनमा प्रकाश र लोक बनाए, जसले दस्यु पराजय गरेर मनुको रक्षा गरे भनेर स्तुति गाएका छन्। यसकारण उनको ऐतिहासिक अस्तित्वमा सन्देह छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कश्यप ऋषिको आश्रम पौराणिक व्याख्याअनुसार जन-लोकमा थियो। विशाल आर्यजनको समूह भएको लोकमा बस्ने कश्यपलाई पाश्चात्य इतिहासविद्हरू काश्पियन सागरका तटवर्ती इलाकामा बस्तथे भन्ने कुरा मान्दछन्। काश्पियन सागरको पश्चिम उत्तरमा ठूलो संख्यामा मसागित (महाशक) जातिको निवास थियो भन्ने कुरा राहुलले उल्लेख गरेका छन्।[१] यसको पूर्वमा पनि शकहरू थिए र त्योभन्दा पनि पूर्व दक्षिणमा कश वा कुश जाति भएको उल्लेख पाइन्छ। उपर्युक्त सबै जाति आर्यशाखा भित्रैका हुन्।

हुन त मरीचि (सूर्य किरण) ब्रह्मका सन्तान भनिएकाले तेज-रूपी वीर्य र अप (रजोमय) तत्त्वको संयोगबाट कश्यपको उत्पत्ति पनि मान्न सकिन्छ। यस्तै कश्यपका पत्नी दिति, दनु, अदिति, काष्टा, सूरसा, इला, खशा, क्रोधबसा, ताम्रा आदि गरिएका १३ पत्नीबाट विभिन्न सृष्टि गरे भन्ने पौराणिक कथा पाइन्छ।

कश्यपकी पत्नी अदितिबाट द्वादश आदित्य तथा देवगणको जन्म भएको मानिन्छ। अदितिका बारेमा ऋग्वेदको एउटा मंत्रले रहस्यमय व्याख्या गरेको पाइन्छ। ऋ० (१।८९।१०) मंत्रमा गौतम रहूगण भन्दछन् अदि-तिनै आकाश हुन्, अदितिनै अन्तरिक्ष हुन्, अदितिनै माता हुन्,अदितिनै पिता हुन्,अदिति नै पुत्र पनि हुन् र अदितिले सम्पूर्ण देवता पनि हुन्। अदिति नै पञ्चजन (चतुर्वर्ण र निषाद) हुन्। जो कोही उत्पन्न हुने र उत्पन्न भएको छ ती सबै अदिति हुन्।[२]

उपर्युक्त मंत्रार्थबाट अदिति एक विशिष्ट चैतन्ययुक्त सर्वव्यापक तेज (वीर्य तत्त्व) तथा सिर्जनाको आदि कारण हुन्, आद्यप्रकृति हुन् भन्ने कुराको ज्ञान हुन्छ। अदितिलाई भारतीय विद्वान् सौर मण्डलको तेज भन्दछन् र पश्चिमा वेदविद डा० मैकाडनल पृथ्वी र आकाशभन्दा पनि परको एक अनन्त सत्ताको नामनै अदिति हो भन्दछन्।[३] ऋग्वेदको यो मंत्रको समर्थनमा अथर्व

---

१. मध्य एशियाका इतिहास भा० १

२. अदिति द्यौरदितिरन्तरिक्ष मदिति माता स पिता स पुत्रः। विश्वे देवा अदिति पञ्चजना अदितिर्जात मदितिर्जनित्वम्॥ ऋ०१।८९।१०

३. Aradictlymns P. 32 मैकाडनल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८।९।२१) मा प्रकृतिमय अदितिको बारेमा भन्दछ ।[४] पहिलो सत्यबाट प्रथम आठ भूतपदार्थ जन्मे हे इन्द्र, यी आठ देवगण, अथवा परम पुरुषको उत्पत्ति, स्थिति, लयरूप यज्ञका ऋत्विग् (पुरोहित) हुन्, समय समयमा मिलेर सृष्टि गर्दछन् । आठ रूपवाली परम प्रकृति अहितिनै आठ पुत्रवाली हुन् । उनी अष्टमी रात्री संसारको अवस्थामा हव्य (होम सामग्री) को रूपमा प्राप्त गर्दछिन् ।

ईश्वरीय शक्तिले युक्त अष्टविकार (पञ्च महाभूत र तीन गुण) को संयोगद्वारा दृश्यमान जगतको सृष्टि हुन्छ, त्यो नै अदिति हो भन्ने व्याख्या शतपथ ब्राह्मणले पनि गरेको छ । वेदको यो व्याख्यालाई नमान्ने प्रश्न नै उठ्दैन । यसअनुसार दृश्यमान अनन्त सत्तारूपी तेजोमय अनन्त ईश्वरीय सत्ताको संगमले काश्यपी सृष्टि गर्ने परम प्रकृति अदिति हुन् । यसैलाई रूपकद्वारा ऐतिहासिक पुट दिएर पुराणहरूले व्याख्या गरेका छन् । यो सृष्टिको कश्यप प्रजापतिको रूपमा पालना गर्दछन् र यसैकारण देव, असुर, नाग, गन्धर्व, गरूड, यक्ष राक्षस, भूतप्रेत पिशाच, सबैका जनक (ब्रह्मा या प्रजापति) मानिन्छन् । उनी जनलोकका सम्पूर्ण जनजातिका पिता र सर्वेसर्वा छन् । अन्यथा दक्ष प्रजापतिका छोरीहरू विवाह गरेर मैथुनी सृष्टिबाट झारपात, रूख लहरा, सर्प, विच्छी, विभिन्न पशुपक्षी तथा देवगण र तमाम मनुष्य जातिका पुर्खा सृष्टि गरे भन्ने कुरा प्रकृतिको नियम विरूद्ध कुरा हो र वैज्ञानिक विश्लेषणद्वारा सत्य सावित भएको कुरालाई मात्र विश्वास गर्ने आजको समाजले पत्यार गर्दैन ।

संसारको सृष्टि विषयक आर्य साहित्यका ऐतिहासिक तत्त्व केला-उँदा एउटा निश्चयात्मक स्थिति के पाइन्छ भने– आज अस्तित्त्व विहीन भएका र पुराणले देवयोनि विशेष भनेर मानेका यक्ष राक्षस, असुर, नाग, गन्धर्व अप्सरा, गरूड, दानव, पिशाच आदि मानव जातिको अस्तित्व थियो र यी जातिहरू, आफ्नो गण (समूह) को आचरण, गणचिह्न, शारीरिक विशेषता, क्रियाकलापको विशेषताले गर्दा विभिन्न गणको नामले अभिहित हुन्थे र वैज्ञानिक आधारमा भन्ने हो भने यस्तोगणवाचक नाम, पाषाणकालीन आदिम सभ्यताकै वेलाको हो भन्न सकिन्छ ।

---

४. अष्ट जाता भूता प्रथमजर्तस्याष्टेन्द्रर्खिजो देव्या ये ।
अष्ट योनि रदिति रष्ट पुत्राष्टमी रात्रि मभि हव्यमेति ।। अथर्व (८।९।२१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचीनकालमा अश्वमेध यज्ञको अनुष्ठान गरेर बसेको समयमा 'पारिप्लवोपाख्यान' नामले प्राचीन कथाको प्रवचन गर्ने चलन थियो । त्यसको क्रम शतपथ ब्राह्मण काण्ड १३ अ० ४ ब्रा० ३ अनुसार निम्नकिसिमले प्रवचन गरिन्थ्यो ।

पहिलो दिन–वैवश्वत मनु राजा हुन्छन्,ऋग्वेदको व्याख्या गरिन्छ ।

दोस्रो दिन– वैवश्वत यम राजा हुन्छन्, प्रजागण पितृ हुन्छन् र यर्जुवेदको प्रवचन गरिन्छ ।

तेस्रो दिन– बरूण राजा हुन्छन् उनका प्रजा गन्धर्वगण हुन्छन् । अथर्ववेदको एक अध्यायको प्रवचन गरिन्छ ।

चौथो दिन– राजा सोम हुन्छन्, प्रजा अप्सरागण हुन्छन् र आँगिरसवेद (अथर्ववेद ब्रह्मज्ञान) को व्याख्या गरिन्छ ।

पाँचौ दिन– राजा अर्बुद काद्रवेय हुन्छन् नाग जाति (मानिसकै एकवर्ग) प्रजा हुन्छन् । सर्प विद्याको प्रवचन हुन्छ ।

छैटौं दिन– वैश्रवण (कुवेर) राजा हुन्छन् । यसदिन देवयजन विद्याको व्याख्या हुन्छ र प्रजा यक्ष तथा रक्षोणण हुन्छन् ।

सातौं दिन– असिधान्व राजा हुन्छन् । असुरगण उनका प्रजा हुन्छन् । माया वेदको प्रवचन हुन्छ ।

आठौं दिन– मत्स्यसांसद राजा हुन्छन् । मत्स्यजीवी (निषाद धीवर)प्रजा हुन्छन् । त्यो दिन इतिहासवेदको प्रवचन हुन्छ ।

नवौं दिन– तार्क्ष्य वैपश्यत राजा हुन्छन् सुपर्ण (गरूड जाति) उनका प्रजा छन् । यो दिन पुराण– कथाको व्याख्या हुन्छ ।

दशौं दिनका राजा– इन्द्र हुन्छन् र यो दिन सामवेदको प्रवचन गरिन्छ देवगण प्रजा हुन्छन् ।

उपर्युक्त उपाख्यानको क्रमले एउटा विशेष ऐतिहासिक तथ्यको पता पाइन्छ । प्राचीन युगमा दशकिसिमका प्रजा या जाति थिए । तथा मनुष्यगणका राजा मनु भए जस्तै सबै जातिका आफ्ना आफ्ना राजा पनि थिए । पुरातन इतिहासका अन्वेषक विद्वान्हरूले पनि उपर्युक्त जातिको ऐतिहासिक अस्तित्त्व स्वीकार गरेका छन् । उनीहरूको मतमा ईसापूर्व ५५०० सयदेखि ६५०० वर्षको बीच भारतमा गरुड जाति, नाग जाति, कच्छप जाति, यक्ष, राक्षस तथा गन्धर्व जातिको छ्याप्छ्याप्ति थियो, । यी जातिलाई पाश्चात्य विद्वान्हरूले पोलेनिरयन, यामलेनोरियन जातिका साथ पश्चिमा वेविलोन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिश्र क्रीटसम्म पुगेका तथा अमेरिकासम्म पनि फैलिन पुगेको मान्दन् ।

उत्तर भारत, इरान, इराक, काश्पियन सागर तथा पश्चिम एशियाका भूभागमा आर्य तथा देव जातिको विस्तार थियो र दक्षिण भारतमा द्रविड, दानव, यक्ष, नाग जातिको प्रसार भएको पनि यसैवेला अर्थात् ईसापूर्व ६६०० छयसठ्ठी सय र पचपन्न सय वर्षका बीचनै भएको अनुमान गरेका छन्। सुमेर सभ्यताको उदय तथा मिश्री सभ्यताको शुरुकाल पनि यसै बेला हो भन्ने इतिहासकारहरूको बिचार छ ।

त्यस्तै चारसहस्र ई०पू०देखि पाँच सहस्र वर्ष पूर्वसम्म पूर्वमा किराँत तथा दक्षिण पूर्वी भारतमा यक्ष गन्धर्व, वानर, ऋक्ष आदि जातिको प्रसार र आर्यहरू पूर्वतिर फैलदै जानु, देव दानव युद्ध तथा मिलन, सुमेर, नाग, गरूड जातिको समन्वय र दक्षिण भारतमा प्रवेश गरेका बिभिन्न जातिको आपसमा घुलमिल भएको मानिन्छ। चार सहस्रदेखि पैतीस सय वर्ष ई० पू० मोहन जोदरो हडप्पा संस्कृतिको विकास, दैत्य, दानव, द्रविड जातिको विकास, देव र असुरको सङ्घर्ष र विभाजन, जल प्रलयद्वारा विस्तृत निम्नतर भूभागमा फैलिएका बिभिन्न मानव जातिको विनाश तथा प्राचीन नाग, गरूड, यक्ष राक्षस, किन्नर, अप्सरा, गन्धर्व विद्याधर आदि जातिको अस्तित्व लोप हुँदै जानु र विविध जातिको परस्परमा विलयन हुनु एवं प्राचीन जाति देवयोनिमा गनिएर ऐतिहासिक कथा मात्रै बाँकी रहेर एक महनीय युगको पटाक्षेप हुनु आदि हुन्। इतिहासकारहरूको अन्वेषणमा सत्ययुगको अवसान पनि यही युगलाई भनिन्छ ।

जल प्लावन, पछि मनुद्वारा डाडाँ काडाँ पर्वताश्रयी भएर बाँचेका मानव जातिको समीकरण, आर्यत्व प्रदान, प्रलयबाट बच्न सकेका वेद, इतिहास पुराणको यथासंभव सङ्कलन भयो। नयाँ विकास युगको आरंभ पनि यसै वेला भयो भन्ने अभिमत पाइन्छ ।

पच्चिस सय ई० पू० मा मिश्रको प्राचीन राजवंशको समाप्ति, क्रीट सभ्यता (भूमध्य सागरीय) मिनाओनकालको अन्त्य, बेबिलोन, असेरिया, सुमेरमा पुनर्जागरण, भारतमा मध्यवैदिककाल त्रेतायुग। आर्यहरू पुनः सिन्धु प्रदेशबाट कुरु पंचाल, काशी-कोशल-विदेह, वंग,उत्कलसम्म फैलिनु आदि भयो ।

उपर्युक्त बिभाजन आधुनिक इतिहासकारको अन्वेषण र निष्कर्ष हो। यसमा समयको अघिपछि पनि हुनसक्छ। वर्तमान कालमा इतिहासको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरेटोबाट निष्कर्षमा पुग्नतथा समयसापेक्ष मान्यताको लागि पनि नयाँ र पुराना विचारधाराको यथासंभव समन्वय हुनसके मात्र तथ्यको नजीक पुग्न सजिलो पर्छ । वैदिक र पौराणिक आर्य– साहित्यले दिएको बाटो अन्धकार युक्त नै छ । विषयवस्तुको सोचाइ, कालनिर्धारण, तथा अन्य कतिपय कुरामा पनि इतिहासकारको मतैक्य छैन । तथापि आर्य साहित्यले सङ्केत गरेका कुरालाई पुरातात्त्विक अन्वेषण, विश्वसभ्यताको विकासक्रम, भाषा विकास र नृतत्त्व शास्त्रबाट छानबीन गरेर निश्चयमा पुग्न गरिएका अथक प्रयासहरूले निर्धारण गरिएका इतिहासका विविध पक्षहरूलाई अमान्य ठहराउनु पनि यो युगमा ठूलो मूर्खता ठहरिन्छ ।

वेदमा सङ्केत गरिएका विषयवस्तुलाई इतिहासका स्वदेशी–विदेशी विद्वान्हरूले नकारेका छैनन् । पौराणिक कथामा रोचकता ल्याउन जानिनजानीकन गरिएका प्रयास भनौं, उपकथा जोड्ने प्रयासले भएको विश्रृङ्खलतामा उतरकालीन पुराण–संशोधक विद्वान्हरूनै दोषी छन् । किनकि वेदव्यासले रचना गरेको चोबीस हजार श्लोकको जय वा भारत भन्ने ग्रन्थलाई सवालाख श्लोकको महाभारत ग्रन्थ बनाइदिए ।

आजको विज्ञानवादी युग (सबै कुरा परीक्षणद्वारा प्रमाणित भएको मात्र मान्ने) हुँदा आर्यधर्मका साहित्यप्रति अनास्था ल्याइदिएको छ तथा आर्यधर्ममा असीम श्रद्धा राख्ने विद्वान्हरूलाई पनि अन्तर्हृदयमा अविश्वासका झिल्काहरू जन्माइदिएको छ । यो कुरा इतिहासको गडबडीले भयो ।

जल प्रलयको सत्यता

संसारमा पुरातन मानिएका ग्रन्थ ऋग्वेदमा भने प्रलयको कथा पाइदैन । किन्तु ओल्ड स्टेष्टामेन्ट (पुरानो वाइबिल) शतपथ ब्राह्मण, पुराण– साहित्यमा र द्रविडहरूको प्राचीन ग्रन्थ एवं संसारका अन्य जातिका परंपरागत अनुश्रुतिमा पनि जल प्लावनको कथा बाँचिरहेको पाइन्छ । आर्य साहित्यमा भने प्रलय अनिवार्य हो । मनु बर्दलिंदा, ब्रह्माको रात पर्दा र आयु पूरा भएको दिन पनि प्रलय हुन्छ । प्रलय चार किसिमका छन्, नित्य, नेमित्यिक, प्राकृतिक र आत्यन्तिक । नित्यचाहिँ निद्रावस्थानै भने हुन्छ, नैमित्यिक वैवश्वत मनुका पालाको जल–प्रलय हो र प्राकृतिक प्रलय प्रकृतिको दृश्यसत्ता मासिनु हो । आत्यान्तिकलयमा ब्रह्मा–बिष्णु पनि सकिन्छन् र एक ब्रह्मसत्ता मात्रै रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारमा प्रकृति प्रकोपले भूकम्प, हिमपात, जलमय हुनु र डाडाँ भासिनु, नयाँ पाहाड–पर्वत जन्मनु, स्थल समुद्र बन्नु आदि घटना भएर नै पृथ्वी आजको रूपमा आइन् भन्ने भूगर्भशास्त्रीहरूको सिद्धान्त छ। मानव सृष्टि भएपछि पनि संसारमा तीन पल्ट ठूलो हिम–पात भएको र पछिल्लो हिमपातचाहिं पच्चीस हजारदेखि पचास हजार वर्ष ईसापूर्व भएको हुनु पर्छ भन्ने तर्क पनि वैज्ञानिक हरूले गरेका छन्।

ठूलो हिमपात अथवा महाभूकम्पद्वारा थर्तीको स्थिति, रूप पनि अवश्यनै बदलियो। हिम पातले नदी नाला स्तब्ध भए होलान्, हिउँ, पग्लदा ठूलो जल राशिले पृथ्वीका गहिरा भाग भरिएर समुद्र बने होलान्।

यस्तै हिमपातपछिको जलले भरिएको गङ्गाको मैदान, राजस्थानको मरूभूमि समुद्र भएका थिए भन्ने मत पनि वेदका अनुसन्धाताहरूको छ।

यहुदीहरूको धर्मग्रन्थमा जलप्रलयको कथा र आदिमानवनूहको हाम्रा मनुसँग नाम साम्य र कथा साम्य पनि पाइन्छ। यसकारण यो घटना अवश्य घटेको थियो र त्यो भयावह समयमा बाँच्न सफल भएका मनुले बाँचेका केही मानवहरूको संरक्षण गरे, नयाँ बस्ती बसाए। प्रलयमा सबै इतिहास पुराण साहित्य समाप्त भए पनि बाँचेका मानिस, उच्च हिमशैलमा आश्रम गरेर बसेका ऋषिहरूबाट केही वेदमंत्र, इतिहास पुराणका मुख्य मुख्य अंशहरूको पुनरुद्धार गरे। त्यो घटनाका प्रत्यक्षदर्शी मनु थिए र अन्य बाँचेका व्यक्तिले पनि यो घटनालाई ताजा राखेर सन्ततिहरूलाई सुनाउँदै गएकाले पछिपछिका धार्मिक ग्रन्थ, पुराणहरूमा तथा अनुश्रुतिमा आ-आफ्ना किसिमले संकलित भए छन् भन्ने थाहा हुन्छ।

हिन्दू साहित्यमा मनुसम्बन्धी धेरै कथा पाइन्छन्। ऋग्वेदको अन्वेषणबाट पनि मनु प्राचीन व्यक्ति हुन्। मनुकै संरक्षणमा बढेको समूहले देवताबाट आफूलाई मानव वंशमा खडा गऱ्यो। ऋग्वेदमा जल प्रलयको वर्णन नपाइएता पनि त्यसमा आएका कतिपय मंत्रहरूको परिशीलले यो दुःखद घटना-पछि पाहाडका कन्दरामा चढेका घरवास, खाद्यान्न, धन सम्पत्तिले रहित आर्य ऋषिहरूको घरवास देऊ, धन देऊ, अन्न देऊ र शत्रुको नाश गरिदेऊ भन्ने मंत्रोक्ति हो भन्ने र चारैतिर समुद्र भएको वर्णन पनि ऋग्वेदका मंत्रहरू पाइएकाले जलप्रलय पछिको मंत्र हो भन्ने पनि विद्वान्हरूले अडकल गरेका छन्।

यो जलप्लावनको कथा पाइने ठाउँको विचार गर्दा, यसै चपेटामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुमेरवेविलोन, इरान, इराक, असिरिया, फिनिशिया, यहुदीहरूको स्थल पेलेष्टाइन, दक्षिण भारतको निम्न प्रदेश, उत्तर भारतको समतल प्रदेश,आदि लगभग ८ हजार फिटभन्दा तल पर्ने भूभाग प्रभावित भएको थियो । नाउमा चढेर ज्यान बचाउने मनुले सात दिनपछि हिमालयको कुनै टाकुरामा आफ्नो नाउ लगेर बाँधेका थिए र जुन स्थानलाई हिन्दू साहित्यमा 'मनोरवसर्पण' भनेको पाइन्छ । यो प्रलय लगातार सात दिन, सात रातको निरन्तर मुसलधारे पानीको वर्षाबाट भएको कुरा वैदिक तथा पुराण साहित्यले बताउँछन् । कुनै कथामा चालीस दिनको लगातार वर्षा पनि भनिएको छ ।

हिमालयको उच्च भूभागमा त्यसैवेला असुर, गन्धर्व र यक्ष जातिको नै बसोबास थियो । यी जाति पनि आर्यशाखाकै प्रशाखा थिए र सबै कश्यप ऋषिकै सन्तान थिए । उनीहरूकै आश्रयमा आर्यहरूले शरण मागे । घरबास र अन्नको निम्ति उनीहरूलाई सङ्घर्ष पनि गर्नुपऱ्यो । ठूलो संख्यामा आर्यहरूलाई आश्रय दिन सक्ने कुरा थिएन । यसैबाट परस्परमा मनोमालिन्य बढेको र सङ्घर्ष शुरू भएको तथा आर्यबाट परास्त असुर जातिले पश्चिम एशियामा शरणलिनु परेको कुरा जेन्दावस्ताका अन्वेषकहरूले अनुमान गरेका छन् । जेन्दावस्तामा आफ्नो पूर्वस्थल छाड्नु परेकोमा दुःख मान्दै आर्यहरूलाई गाली गरेको वर्णन पाइन्छ ।

एक पटक भनौं वा अनेकौं पटक यस्तो प्राणी संहारकारी प्रलयले मानव वंशको विनाश गऱ्यो होला । आर्यहरूले वैवश्वत मनुभन्दा पूर्व ६ पल्ट प्रलय भएको कुरा स्वीकार गरे । किनकि प्रत्येक मन्वन्तरमा प्रलय हुन्छ र नयाँ मनुको शासन शुरू हुन्छ भन्ने कुरा जल प्लावनको घटनाले कल्पना गर्न सजिलो बनाई दिएको अनुमान हुन्छ ।

भूगर्भशास्त्री तथा नृतत्व शास्त्रीहरूको खोजीले पनि वर्तमान मानवका पुर्खाभन्दा पहिले लगभग छ किसिमका आदिमानवको अस्तित्व देखाएका छन् । त्यो मानववंश कसरी विनाश भयो र नयाँ मानव पृथ्वीमा आयो भन्ने तर्कमा पनि यस्तै प्राकृतिक प्रकोप, भूकम्प, हिमपात, जलप्लावन जस्ता घटना नै कारण हुनुपर्छ । प्रलय जलप्लावन मात्रै होइन, प्राणीसंहार र पृथ्वीको नाश, ब्रह्माण्डको नै विनाश पनि प्रलय हो । त्यो हिउँले होस्, आगोले होस् वा पानीले होस् ठूलो विनाशनै प्रलय हो ।

ती विभिन्न कल्पका मानवको उत्पत्ति र विकास तथा प्रकृति–प्रकोपद्वारा भएको विनाशलाई लक्ष्य गरेर नै प्राचीन महर्षिहरूले मन्वन्तरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिकल्पना गरेर रहस्यमय कथानकद्वारा ऐतिहासिक तथ्यलाई व्यक्त गरेका हुन् भनेर पनि मान्न सकिन्छ। किनकि पृथ्वीको आयु तथा सृष्टिको शुरू भएको गणना वर्षसँग वैज्ञानिक मान्यता नमिल्दो देखिंदैन। किन्तु यसै पक्षलाई मान्यता दिएमा वैवश्वत मनुभन्दा पूर्वका छ मनुको ऐतिहासिक अस्तित्व भने सन्देहास्पद बन्दछ।

मनुको वंश

ब्रह्माका पुत्र मरीचि र उनका पुत्र कश्यप, कश्यपका अदितिबाट जन्मेका विवश्वान् (सूर्य) र विवश्वान्का छोरा वैवश्वत तथा वेदअनुसार सावर्णि मनु हुन्। यिनको अर्को नाउँ श्रद्धादेव पनि भनिन्छ। यिनै मनुका वंशजहरू सूर्यवंशी र चन्द्रवंशी भनिन्छन् यो परम्परा आर्य सभ्यतामा आज पनि जीवित छ।

पुराणहरूमा धेरै प्राचीन अंश सुरक्षित रहेको मार्कण्डेयपुराण पनि एक मानिन्छ। त्यसमा भनिएको छ – अदितिले आफ्ना सन्तान असुर जातिबाट पीडित भएकोले सूर्यको धेरै उपासना व्रत गरेर सूर्य जस्तै तेजस्वी छोरो पाइन् जसको नाउँ विवश्वान् राखियो। सूर्यजस्तै तेजस्वी भएका र सूर्यको व्रत, उपासनाद्वारा जन्मेकाले यिनलाई सूर्यकै अंश वा प्रतीक मानियो र सूर्यलाई पनि मानव समूहले विवश्वान् भन्न थाल्यो। विवश्वान्की संज्ञा नामकी, त्वष्टा नामक असुरपुत्री, पत्नी थिइन्। यिनैबाट पछि यशस्वी पुत्र श्रद्धदेव मनु जन्मे। विवश्वान्का पुत्र भएकोले वैवश्वत र आमाको अर्को नाउँ सवर्णा पनि थियो र सावर्णि पनि भनिए। यिनै मनुका इक्ष्वाकु आदि जगत्प्रसिद्ध दश छोरा भए।[1] इला नाम गरेकी छोरी थिइन्, जसले सोमका पुत्र बुधसँग गान्धर्व बिवाह गरेर पुरुरवा भन्ने छोरो जन्माइन्। पुरुरवा का सन्तान चन्द्रवंशी कहलाए। यसरी मनुका छोरा पट्टिका सन्तान सूर्यवंशी र छोरीका सन्तान चन्द्रवंशी भएको कथा इतिहास र पुराणले वर्णन गरेका छन्। पुरुरवाले उर्वशी अप्सरासँग प्रेम गरेको कुरा ऋग्वेद (१०।९५) को सूक्तमा पनि वर्णित छ र कुरुश्रवणलाई ऐक्ष्वाकव भन्ने उक्ति पनि ऋग्वेदमा आएकोले उपर्युक्त कुराको ऐतिहासिक महत्व छ भन्ने स्पष्ट छ।

---

१. वेनं धृष्णुं नरिष्यन्तं नामागेक्ष्वाकुमेव च। कारुषं अथ शर्यातिं यथा चैवाष्टमी मिलाम् पृष्ध्वं नवमं प्राहु : क्षत्र धर्मपरायणम्। नामागेदिष्ट दंशमान् मनोः पुत्रान्प्रचक्षते।। महाभारत आदि प. अ. ६९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदमा विभिन्न राजा तथा राजकुलको चर्चा पाइए तापनि क्रमबद्ध इतिहास पाइँदैन । वेद इतिहास ग्रन्थ पनि होइन । वेदमा इतिहास पुराणको उल्लेख भएकोले यसको जन्म वेदकालीन समाजमानै भएको थियो । यद्यपि त्यही वेलाकै रचना जस्ताको तस्तै आज उपलब्ध छैन । पुराण संशोधन र विस्तार गरिएको कारण पहिलेनै भनिसकिएको छ । तथापि इतिहास पक्षको डोरेटो अझ पनि सुरक्षित नै छ, केवल अनुसन्धाताको खाँचो छ । छानवीन गर्दा प्राचीन अंश र क्षेपक छुट्याउन सकिन्छ ।

वर्तमानकालमा उपलब्ध पुराण संहिता, इतिहास ग्रन्थको रूपमा उपलब्ध महाभारत तथा रामायणको छानवीन गर्ने विद्वान्हरूले प्राचीन साहित्यमा वेद ब्राह्मण उपनिषद्का केही ग्रन्थपछि रामायण, अनि महाभारत र त्यसपछि पुराण संहिताहरू वनेको मान्दछन् । यसको कारणचाहिं छैटौं शताब्दी पूर्वका बुद्ध तथा महावीरको उपाख्यान रामायण र महाभारतमा नपाइनु र पुराणमा बुद्धलाई दश अवतारमध्ये एक अवतारको रूपमा मान्यता दिनु र बहुशः पुराण साहित्यमा विक्रम शती पूर्व दुई तीनसय वर्षदेखि विक्रमको चार पाँचसय वर्ष पछिसम्मको राजवंशको उल्लेख पाइनुले अड्कल गरिएको हो । साथै रामायणमा भारतको कथा नपाइनु र भारतमा रामायणको कथाको उल्लेख हुनु पनि प्राचीनता छुट्याउने एक मापदण्ड विद्वान्हरूले मानेका छन् ।

यद्यपि रामायण र महाभारत ग्रन्थमा पनि प्रशस्त क्षेपक नभएको होइन । तथापि बुद्ध महावीरसम्बन्धी परिचर्चा नपाइनुले प्राचीनताको बोध हुन्छ र यसका क्षेपक अंश पनि पुराणकाभन्दा प्राचीन मानिन्छन् । फेरि महाभारतकारले त वेदव्यासको चौबीस हजार श्लोकको जय नामक ग्रन्थलाई एक लाख श्लोकको महाभारत ग्रन्थ बनाएको स्वयं उल्लेख गरेका छन् ।

मनु रामायण, भारत, पुराण, ब्राह्मण ग्रन्थ तथा वैदिक संहितामा पनि प्राचीन मानिएका छन् । ऋग्वेदमा पिता भनिएका मनुको नाम सावर्णि आएको छ, जसलाई वैवश्वत मनु हुन् भनेर मानिन्छ । ऋग्वेदका प्राचीन मनु नै वैवश्वत हुन् भने त्योभन्दा पूर्वका छ मनुको पौराणिक गाथाको आधार वैदिकालमा प्रचलित इतिहास र पुराणका अनुश्रुतिनै हुनुपर्छ । जसको रूप आजका लोक कथा अथवा भाट चारणका वंशावली उपाख्यानजस्तै भएर त्यो वेला रहेको हुनुपर्छ । वैवश्वत मनुभन्दा अगाडिका चाक्षुष मनुको वंशपरम्परामा स्वायंभुव–मनु पुत्र प्रियव्रत र उत्तानपाद, उत्तानपाद पुत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्रुव, यिनका पुत्र श्लिष्टि, उनका पुत्र रिपु, रिपुका चक्षु र उनका पुत्र चाक्षुष सातौं पुस्ताका हुन्छन् । ब्रह्मपुराणअनुसार मनुका पुत्र वीर र वीरका पुत्र उत्तानपाद भनिएको छ । यसप्रकारले पनि चाक्षुष आठौं पुस्ताभन्दा टाढाका हुँदैनन् । यिनीहरूलाई युगमानको सानु संख्या पाँच वर्ष युगले एकहत्तर चतुर्युगी हिसाव गर्दा पनि एक मनुको समय १४२० (चौध सय बीस) वर्षको हुन्छ र छमनुको जम्मा समय १४२० × ६ = ८५२० (आठहजार पाँच सय बीस) वर्षको अवधि चाहिन्छ र आठ पुस्ताले यतिको समय भोग गर्न सम्भव छैन । किनभने एक पुस्ताको आयु नै चौध सय बीस वर्ष चाहिन्छ ।

यसकारण प्राचीन मनुको अस्तित्व विशिष्ट व्यक्तित्व र चक्रवर्ती रूपको हुन्थ्यो, साधारण राजालाई मनुको पदवी प्राप्त थिएन भन्ने थाहा हुन्छ र यो वैदिककाल पूर्वको चर्चा भएकोले वैदिक युगमान सय वर्षको नै युग दिएर एकहत्तर युगको सट्टा एक एक युगको समय दिनु उचित देखिन्छ र छ सय वर्ष आठ पुस्तामा बाँड्दा पनि पचहत्तर वर्ष एक पुस्तालाई पर्न आउँछ ।

उपर्युक्त धारणाबाट वैवश्वत मनुभन्दा पूर्व आर्यहरूको इतिहासको विवेचना गर्दा छ वा सात सय वर्ष पूर्वभन्दा अगाडि जान सकिंदैन । यसमा पनि स्वायंभुव मनुका वंशमा भएका राजा पृथु, जसको नाउँबाट भूमिको नाउँ पनि पृथ्वीरहेको हो भन्ने मानिन्छ, पार्थियाका राजा थिए र पृथुबाटै पार्थिया, पार्थिव वा पल्हव जाति भएको हो भन्ने कतिपय इतिहासकारको विचार पाइन्छ तर वैन्य पृथुको उल्लेख वेदमा पनि पाइने हुनाले ऐतिहासिक पुरुष होइनन् भन्न सकिंदैन ।[१]

यसरी माथि सृष्टि, युगमान, मनुबारे संक्षिप्त विवेचना गरियो । सृष्टिको आयुको गणना आर्य परम्पराले पनि दुई अरब वर्ष लगभग दिएको स्वीकार गरेर पनि मनु र मन्वन्तरको हिसाव गर्न सङ्कीर्णता अपनाउनु परेको कारण पनि आर्यसाहित्य एवं त्यसमा कमवेस गरेर सबैमा वर्णन गरिएको वंश बिस्तारनै हो । विश्वमा भएको मानव-सृष्टि, अन्वेषणमा प्राप्त भएका विभिन्न कालका मानव जातिको अश्मीभूत अस्थिपञ्जरहरू तथा ती मानवहरूले प्रयोग गरिएका अविकसित ढुङ्गे हतियार र विकसित पाषाण हतियारहरू, ताँबो, पित्तल र कांश्य हतियारहरूको यथाक्रमले प्राप्ति हुनु नै प्रत्यक्ष प्रमाणका आधार भएकोले मान्य छन् र लिखित साहित्यले पनि आप्त प्रमाण-

१. ऋग्वेद १०।१४८ सूक्त, (वैन्य पृथु उद्गाता छन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई पुष्टि गरेका छन् । संसारको विकास प्रक्रिया समकालीन छैन तापनि लाखौं हजारौं वर्षको अन्तराल पनि छैन । मिश्र, वेविलोन, सिन्धुघाटी, सुमेर, सभ्यता एकै सहस्राब्दीका हुन् । यी सभ्यता चाहे आर्यको भनौं चाहे अनार्यको भनौं विश्वका प्राचीन सभ्यता मानिन्छन् र मानव उत्पत्तिका लाखौं वर्ष विते पनि सभ्यताको शुरू समय विक्रम पूर्व पाँच छ हजार वर्ष पूर्व जान सक्तैन । यस समयलाई नै हाम्रा वेद, पुराण, इतिहासका वंशचरित्र र कतिपय मन्त्रगाथा आख्यानहरूले प्रत्यक्ष र परीक्ष रूपमा व्याख्या गर्दछन्, सङ्केत गर्दछन् । यसभन्दा अगाडिको युग ब्रह्मयुग हो किनकि पुस्तावली गन्न नसकिएका वा थाहा हुन नसकेका पुर्खाका आदिपिता ब्रह्मा हुन् । यहाँभन्दा माथि ईश्वर मात्रै छ ।

महाभारत्त शान्ति पर्वअनुसार यसरी सृष्टि गर्ने ब्रह्मा पनि आज-सम्म सातओटा वितिसके । तिनको नाउँ यस प्रकार छ–मानस ब्रह्मा १, चाक्षुष ब्रह्मा २, वाचस्पत्य ब्रह्मा ३, श्रावण ब्रह्मा ४, नासिक्य ब्रह्मा ५, हिरण्यगर्भ ६, कमलोद्भव ब्रह्मा ७,(शा. प. अ. ३८५) यी सात ब्रह्मालाई नै विगत युगका सात किसिमका मानवका आदिपुर्खा वा सृष्टिकर्ता पनि मान्न सक्तछौं । वर्तमानयुगका नृतत्व शास्त्री वा विकासवादीसँग आर्यहरूको नमिल्ने धारणाचाहिं, सृष्टिकर्ता ब्रह्मा सर्वज्ञ, अनन्तशक्ति युगज्ञान - विज्ञानका परमज्ञाता मानिन्छन् तर विकासवादीको आदिमानव विवेक रहित, अज्ञानी, जङ्गली र असभ्य थियो । वानरबाट मानिसमा विकसित भएको ।

आर्यसाहित्यअनुसार वर्तमान सृष्टि कमलोद्भव ब्रह्माबाट भएको मानिन्छ । संसार जलमय रहेको बेलामा पहिले जलज वनस्पति कमल आदि जन्मे, त्यसपछि प्रथम जीव सृष्टि भयो जो चैतन्य तत्वस्वरूप ब्रह्मा हुन् । भारतीय दर्शनअनुसार चैतन्यस्वरूप ब्रह्म सर्वज्ञ हो र अज्ञानी भन्न मिल्दैन । त्यसपछि वनस्पति लतौषधीको सृष्टि भयो र त्यसपछि अन्य जीवको सृष्टि ।

विकासवादीहरूको कल्पनासँग मेल खाने हाम्रो अवतारवाद हो । जुन कुरा हाम्रा ऋषिमुनिले रहस्यमय कथामा पहिल्यै भनेका छन् ।

विकासवादीका अनुसार जलचरमा माछो पहिलो सृष्टि हो र हाम्रो पनि पहिलो अवतार मत्स्यावतार हो । दोस्रो अवतार कुर्म (कछुवा) हो जो पानी र स्थल दुवैमा वस्नसक्छ । विज्ञानवादीहरू पनि दोस्रो सृष्टि सरिसृप, जलचर थलचर, दुवै शक्तियुक्त नै मान्दछन् । तेस्रो अवतार बराह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो । यो स्थलमा बस्ने भए पनि हिलो पोखरीमा आहाल बस्न मन पराउँछ । यसको पालामा धेरै पृथ्वीको भाग पानी बाहिर आयो र पृथ्वीको उद्धारक अवतार मानियो । त्यसपछिको अवतार नृसिंह हो । यो सिंहको जस्तै शक्ति आचरण क्रोध भएको हिंस्रक आदि मानव हो । त्यसपछि सानु काया भएको बाउन्ने मानिस आयो । तर यो सानु आकार भएपनि विवेकशील थियो । यो छाता ओड्ने (घरमा बस्ने) खराउ लाउने (गोडाको रक्षा निम्ति जुत्ता) कमण्डलु (जलपात्रको संग्रह गर्ने) बोक्ने र मृगचर्म बोक्ने (छालाको ओढ्ने विछ्याउना र कपडा प्रयोग गर्न जान्ने) मानव थियो । यसले सर्वत्र स्थलभाग ढाक्यो (यायावर भएर यत्रतत्र घुम्यो) । यसपछि विकसित मानवको जनपद युगमा परशुराम अवतार भयो । यसको काम युद्ध गर्ने, शत्रु संहार गर्ने थियो । सर्वत्र क्षत्रिय (ठाउँ ठाउँमा बसेका अविकसित जातिलाई) ध्वंश पार्‍यो । यो धातुयुगको मानवपुर्खा थियो र यसको धातुको बन्चरो सर्वत्र विजयी भयो । यसपछि हिन्दू समाज ज्यादै उन्नत, विवेकशील, मर्यादा युक्त तथा आदर्श चरित्रले विभूषित भएको बेला आयो । त्यस युगको आदर्शको प्रतिनिधित्व वैवश्वत मनु कुलका राजा रामले गरे । उनले पितृआज्ञा लिएर असभ्य र वर्वर युगीन अनार्य जातिले भरिएको दक्षिण भारत तथा विन्ध्यप्रान्तको जङ्गलमा प्रवेश गरे । आर्य धर्ममा नआउने राक्षस उग्रकर्मा जातिलाई मारेर वानर जातिका मानिस तथा ऋक्ष जातिका मानव समूह एवं अन्य भिल्ल शबर, मूतिक आदि जातिलाई आर्य धर्ममा दीक्षित गर्दै सहयोगी बनाए । यो दिग्विजयमा लङ्कासम्मको भूभागमा सनातन हिन्दूधर्मको झण्डा गाडेर अयोध्या फर्के । रामभन्दा पनि अगाडि प्रवचन, शिक्षा दीक्षा र आचारले अनार्य जातिलाई वंश पारेर आर्य बनाउन महर्षि अगस्त्य जस्ता अनेकन ऋषिहरू आफ्ना चेलाचेली शान्तिसेना लिएर दक्षिणभारत पसिसकेका थिए र धेरै सफलता पनि प्राप्त गरेका थिए । जो कुनै प्रकारले पनि वंशमा आउँदैनथे र आफ्नो दस्यु-आदत बदल्न चाहँदैनथे त्यस्तालाई रामले सखाप पारिदिए ।

यसपछि समुन्नत र विवेकशील मानवको मष्तिष्कले आसमुद्रान्त पृथ्वी आफ्नो धर्ममा दीक्षित गरेपछि हिंसाजनित भयावह स्थितिमाथि विचार गर्‍यो । यो चिन्तनधारा पहिले देखिनै आएको थियो र सर्वत्र मान्यता प्राप्त भने थिएन । यसको समष्टिगत चिन्तन धारालाई मान्यता दिने सात्वत कुल (यदु वंशी) थिए र यसलाई अगाडि बढाउन कृष्ण अवतार भयो । यो युग हिन्दूदर्शनको विकसित युग थियो । वेदका तेत्तीस देवता, विभिन्न जातिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवतासँग मिलेर अनगिन्त पुगेका थिए। तेत्तीसबाट तेत्तसकोटि पुगेका देवताको समन्वय एक वेदमा हुनु अत्यन्त जरूरी थियो र यो काम उपनिषद् र त्यसको निचोड गीताले गऱ्यो। कृष्णले आफ्नो बाल्य जीवनमा नै महत्वपूर्ण जल, विद्युत, मेघका, वैदिक देवता इन्द्रलाई उपेक्षा गर्न आफ्नो संरक्षक गोपकुललाई निर्देशन गरे। तर पछि समस्त भारत वर्षले मानेको धार्मिक परम्परालाई उच्छिन्न गर्न उचित नठानेर वैदिक धर्म (यज्ञ यागादि) सँग समन्वय रूपमा नै उपनिषद् धर्म अगाडि बढाउन उपयुक्त ठानेको कुरा पौराणिक साहित्यको अन्वेषणबाट थाहा पाइन्छ। गीताको अध्ययन र अनुशीलनबाट पनि यो कुरा स्पष्ट हुन्छ।

आठौं अवतार उक्त कृष्ण अवतार थियो, जसको अवतारमा विशिष्ट महत्ता यसकारणले पनि मानिन्छ कि हिन्दूधर्मभित्र एक विशिष्ट दर्शन र भक्तिवादको विकसित रूप दिएर सनातन वैदिक धर्मलाई विभिन्न धार्मिक आघातबाट बच्न सशक्त बलको सिर्जना गरे।

एक पटक भारतवर्षको कुना कुनामा आफ्नो विचार धाराले व्याप्त गर्न सक्ने तथा विश्वमानव समुदायमाथि पनि प्रभावशाली हुन सक्ने विचार र दर्शनशास्त्र दिने महात्मा बुद्ध पनि आर्यावर्तका आर्य पुरुषनै थिए। यस-कारण उनलाई पनि ईश्वरीय विभूति नवौं अवतार मानेर आर्य साहित्यले सम्मान प्रकट गऱ्यो।

दशम अवतार कल्की भन्ने कल्पना गरिएको छ। जो पापाचारको समूल अन्त गरेर नयाँ युग ल्याउने अवतार मानिन्छ। यो अर्वाचीन कल्पना हो। प्राचीन महाभारत जस्ता ग्रन्थमा राम, कृष्ण, बुद्ध, कल्की आदिलाई अवतार मानेको पाइदैन। मत्स्य, कुर्म, बराह, नृसिंह, वामन, पाँच अवतारको मात्र गणना पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय चार

मनुको आदि निवास स्थान

ऋग्वैदिक मन्त्रहरूको अनुशीलनबाट मनु प्राचीन हुन् भन्ने कुराको दिग्दर्शन गरियो । कश्यपको आश्रम जनलोकमा थियो । उनको काश्यपी सृष्टि चाक्षुक्ष मनुको अन्तिम प्रहरमा भएको कुरा पुराणले वर्णन गरेका छन् । कश्यपका नाति विवश्वान् पुत्र मनु विद्या बुद्धि र अन्य क्षात्रगुणले मनुका उत्तराधिकारीको रूपमा पहिलेनै नियुक्त भइसकेका थिए । उनको तपस्या तथा साधना स्थान कृतमाला नदीका तटमा थियो । वर्तमानमा कुन नदीको नाउँ हो, निश्चय भन्न सकिदैन । भीषण वर्षाले पृथ्वीको निम्न भाग जलमग्न हुन थाले पछि नाउमा खाने पिउँने सामान राखेर चढे । पुराणमा सप्तर्षियुक्त नाउ कतै भनिएको छ भने, कतै मत्स्यद्वारा निर्देशन पाएर आफैले यो नाउ तयार गराएका थिए भनिएको छ ।

वेदका कथाको सङ्केतबाट कामयानी महाकाव्य तयार गर्ने जयशङ्करप्रसाद मनुलाई एक्लै अथाह जलराशिबाट हिमालयको कुनै पर्वत शिखरमा ओरालेर कथा शुरू गर्दछन् । जे जस्तो कथानक वर्णन भएको होस् भीषण संहारकारी जल प्रलयबाट त्रस्त, लस्त र निःसहाय मनु भोकै, प्यासै हिमालयको अग्लो भूभागमा पुगेर नाउ पार लगाउन सफल भए । संसारका जाति, सभ्यता साहित्य समस्त वैभव, धनधान्य प्रलयमा स्वाहा भए । डाँडा-काँडामा भागेका उच्च पर्वत श्रृङ्खलामा आश्रम बनाएर साधना गर्ने ऋषिमुनि, पशुचारक जङ्गली जातिहरू जो उच्च स्थानमा घुम्थे, ती र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमालय प्रान्तमा बस्ने असुर जाति, समतलमा नझरेर बाँकी बसेका यक्ष, नाग, किन्नर जातिहरू नै यस भीषण संहारबाट बाँचेको अनुमान हुन्छ ।

भाग्यवश उच्चस्थानमा बस्न पुगेका आर्यसन्तानहरू पनि यो डाँडाबाट ऊ डाँडा चहारेर आश्रय खोज्दै उन्नत हिमशिखरका अन्तरालतिर जम्मा हुन पुगे । गुफा कन्दरामा शरणागत हुँदा पनि बाँच्ने ठूलो समस्या थियो खाद्यान्नको । पहिले पहिलेत शरणागत पाहुनालाई अन्न, बास दिएर असुर जातिहरूले मद्दत गरे तर सँधै यो सम्भव थिएन । अनि बाँच्नको निम्ति सङ्घर्ष आवश्यक भयो । मनुका नेतृत्वमा जम्मा भएका आर्य जनहरूले पानी घट्तै गएपछि तलतल झरेर सिन्धु प्रदेश – (वर्तमान पंजाब) मा आफ्नो बस्ती बसाए । पश्चिम तथा उत्तरबाट पनि आर्य मूलका अन्य जातिहरूको आगमन भयो होला तथा यसैभन्दा पूर्व युगका कश्यप वंशज नाग, यक्ष, गन्धर्व गरुड पनि प्रजामा सम्मिलित भए होलान् ।

पूर्ववर्ती युगमा विशाल साम्राज्यका प्रशासक मनुको स्थान चक्रवर्ती राजाको थियो । यो चाहिं जलप्लावनले नर–संहार भएपछि बाँकिरहेका आर्य जनको गाउँ वस्ती मनुले बसाए । गाउँ ठूलो नै होस् वा धेरै गाउँको समूहनै होस् तर पहिलेको स्थितिलाई हेरेर राज्य भन्न सुहाउने थिएन । यसकारण मनुलाई ऋग्वेदमा ग्रामणी भनिएको छ । ग्रामणी ग्राम नेता र जननेता दुवै रूपमा देख्न पाइन्छ भन्ने कुरा पहिलो परिच्छेदमा उल्लेख भइसकेको छ ।

ग्रामणीको रूपबाट विस्तार विस्तार मनु राजाको स्थानमा पुगे । नरसंहारले खाली भएका ठाउँमा विभिन्न जनसमूह आएर आवाद भए । उपर्युक्त खेतीको जमीन, घरवास, पशु र अन्य धन-धान्यको निम्ति देवतासँग गुहार मागियो । देवताले पनि सुने बुझे जस्तै गरेर आर्यजनको मद्दत गरे,सर्वत्र विजय हुँदै गयो । मनुका सन्तानले विभिन्न जनपदमा राजाको स्थान पाए । नयाँ राजधानी बसाए ।

ऋग्वैदिक मन्त्रहरूमा सरस्वती नदीको महिमा गाएको पाइन्छ । यस्तै शतपथ ब्रा. (१।७।२।८) मा कुरुपञ्चाल देशको यज्ञ विधान सर्वश्रेष्ठ बताइएको छ । यस्तै शतपथ (५।५।२।३) मा यो देशका राजाहरू पनि वीर पराक्रमी राजसूय, आदि यज्ञ गर्ने थिए भनिएको छ ।

ऐतरेय ब्राह्मणमा कुरु र पञ्चाल दुई भिन्नाभिन्नै जाति थिए भन्ने र उत्तर कुरु हिमालयभन्दा उत्तर थियो र यहाँ ब्राह्मणहरू पनि कर्मनिष्ठ थिए, विशुद्ध संस्कृत बोल्दथे, कुरू पञ्चालको बोलीचालीमा फरक थिएन भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उल्लेख पाइन्छ ।[1] किन्तु ब्राह्मण ग्रन्थको कथन भयो अलि पछिल्लो कालको कुरा । ऋग्वेदअनुसार पीडित जिन्दगी र पहाड, कन्दरा निवासी असुर, दास, दस्यु जातिसँगको चालीस वर्षको लामो सङ्घर्ष, मनुपछिका मनुवंशजले सिन्धु प्रदेश मानै गरेका थिए ।

यद्यपि मनुपुत्र इक्ष्वाकुको राजधानी अयोध्या सरयू नदीको किनारमा थियो भन्ने पुराण इतिहासको कथन छ । तथापि यो ऋग्वेदकालमा सम्भव छैन । सरयूको नाम ऋग्वेदमा आए तापनि सिन्धु पश्चिमकी सरयू भनेर विद्वान्हरूले अनुमान गरेका छन् । यसकारण मनुका ज्येष्ठ पुत्रको राजधानी सिन्धु प्रदेशमै अयोध्या नामले अभिहित थियो भन्ने विद्वान्हरूको तर्क उचित देखिन्छ । बसै सर्ने व्यक्तिहरूले नयाँ ठाउँ आवाद गरी बस्ती बसाउँदा पुर्खाको थात-थलो संझाउने वा आपनो मन परेको गाउँ शहरको नाउँनै अन्यत्र सरेको ठाउँमा पनि नामकरण गरेका थुप्रै उदाहरणहरू पाइन्छन् । दुई सय इस्वी पूर्वसम्म पंजावमा आवाद भएका मालव गणहरूले नयाँ जङ्गल फाँडेर वस्ती बसाएको ठाउँ (हाल मध्य प्रदेश भारत) मालवा प्रान्तको नाउँलेनै आजसम्म प्रसिद्ध छ । यस्तै सरयू किनारमा रहेको सूर्यवंशी राजाहरूको प्रसिद्ध राजधानीको रूपमा रहेको अयोध्या शहरको प्रतीक थाइल्याण्ड (श्याम) को अयोध्या नगरलाई लिनसकिन्छ । आर्यहरू सिन्धु प्रदेशबाट पूर्वतिर वसै सर्दै अगाडि वडेपछि नयाँ बसाएको शहरलाई पुरानै नाम राखे । जुन जुन ठाउँमा पुगेर जुन जुन जातिले आफ्नो जनको बस्ती बसाए, त्यो ठाउँ पनि आवाद गर्ने जातिकै नाउँबाट प्रसिद्ध भयो । काशिगण, जो ऋग्वेदका मन्त्रहरूमा उल्लेख भएको छ, तिनै गणको बसोबास भएकोले काशी शहर प्रसिद्ध भयो त्यस्तै कोशल जातियो नाउँले कोशल गण, मत्स्य जातिको नाउँले मत्स्य देश, मगध जाति वा कीकट जातिको वस्ती मगध (जसलाई कीकट पनि भनिएको पाइन्छ) नामाकरण भयो । प्रसिद्ध पुरुषको नाउँले, जातिको नाउँले, देवताको नाउँले, नदीको नाउँले ठाउँको नामकरण गर्ने परम्परा आज पनि पाइन्छ ।

मनुको राजधानीलाई प्रतिष्ठानपुर भनेको पाइन्छ । यो कहाँ थियो निश्चय रूपमा भन्न नसकिए तापनि जलप्लावनको भीषण मारले सन्त्रस्त मनुले हिमालयको मध्य निम्न भागमा नै यो राजधानी बनाएका थिए । मनुकी

१. पथ्यया स्वस्त्या प्राजानन् तस्मा दन्नोत्तरा हि वाग् वदति कुरुपञ्चाला वाग्ध्येषा शत पथ ब्रा. ३।२।३।१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुत्री इलाका पुत्र पुरुरवा पनि एउटा गणका राजा थिए र यिनैका सन्तानमा दिवोदास, सुदास आदि राजा भएको कुरा पुराण साहित्यमा पाइन्छ र ऋग्वेदका प्रसिद्ध राजाहरू हुन् । यिनीहरूको राजधानी वा वस्ती सरस्वती आपया, दृषद्वती नदीको किनारमा थियो भन्ने वेदका अनुसन्धाताहरूले मान्दछन् ।[१] पुराणमा मनुकी पुत्री इलाले पुरुरवा छोरो पाइसकेपछि यौन परिवर्तन गरेर पुरुष भएको र प्रतिष्ठान पुरको राजगद्दी प्राप्त गरेको एवं उनका उत्तराधिकारीको रूपमा पुरुरवाले त्यो गद्दी पाएको कथा पुराणले बर्णन गर्दछन् । चन्द्रवंश, पुरुरवा र उर्वशी उपाख्यान (ऋ. १०) ले प्रमाणित गर्दछ भने यो वंशमा भएका दिवोदास सुदासको चरित्र एवं अवस्थिति रावीको किनार भएको र सिन्धु पूर्व तथा पश्चिमका जनपदको वर्णनले गर्दा सुदासका पालासम्म आर्यहरूको यो कुल यमुनाभन्दा पूर्व विस्तार भएको मान्न सकिंदैन । तथा आर्य जातिको बढ्ता सम्बन्ध र आवादी त्यो बेलाभन्दा पूर्वसम्म सिन्धुभन्दा पश्चिमका भूभागसम्म बढीरहेको थाहा पाइन्छ । मनुको राजधानी प्रतिष्ठान, सरस्वती र दृषद्वतीको संगममा थियो भन्ने निश्चय हुन्छ । पछि यही नाउँले प्रयागको राजधानी बन्यो, जुन पुराणमा छ ।

ऋग्वेदका दश राजासँगको युद्धमा सुदास विजयी भएपछि पराजित आर्यका विभिन्न कुल (गण समूह) गङ्गा यमुनाको अन्तर्वेदी र गङ्गाभन्दा पूर्व तथा दक्षिण पश्चिमका भूभागमा फैलिएर बसे । काशी, कोशल, मगध, विदेह, पूर्वमा पश्चिम, दक्षिणमा मत्स्य, विदर्भ, आनर्त आदि जनपदहरू खडा भए । प्रसिद्ध भारतकुल (चन्द्रवंशी) हरूको र ऋषि महर्षिहरूको जमघट भने कुरु पञ्चालमा नै भयो । यसैलाई मनुले ब्रह्मावर्त भनेका छन् । सरस्वती र दृषद्वती देवनदीहरूको बीचको भूभाग देव निर्मित हो र ब्रह्मावर्त भनिन्छ ।[२] उपर्युक्त कथनबाट आर्यहरूको आदिस्थल यही रहेछ भन्ने थाहा पाइन्छ र जल प्लावन अगाडि पनि यो स्थान आवाद हुँदो हो र प्राचीन मनुहरूले पनि यहीं राज्य गरेका थिए होलान् । यहींबाट फुटेर गएका आर्यगणका शाखा प्रशाखाहरूले नयाँ नयाँ वस्ती बसाएर र तथा पहिलेदेखि आवाद भएका आदिम अनार्य जाति (निषाद्, धीवर, कोल–मुण्ड, शवर आदि) लाई परास्त

१. ऋ. ३।२४।४

२. सरस्वती दृषद्वत्यो देवनद्यो यदन्तरम् । तं देवनिर्मितं देशं ब्रह्मावर्तं प्रचक्षते । मनु स्मृ. अ. २।१७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेर वा भगाएर आफ्नो महाजनपद (राज्य) कायम गरेको कुरा अनुसन्धान-बाट थाहा हुन्छ ।

त्यो वेला भारतवर्षको पूर्व दक्षिणका अधिकांश भूभाग भयानक घनाजङ्गल थिए र ठाउँ ठाउँमा जङ्गल भित्र अनार्य जातिका साना साना बस्ती थिए भन्ने कुरा ब्राह्मण साहित्यको अन्वेषणबाट थाहा हुन्छ । आर्यहरू कुरु, पञ्चालमा फैलिंदासम्म पनि वेदका मन्त्रहरू दर्शन हुँदै थिए र केही ब्राह्मण ग्रन्थको प्रवचन, उपनिषद् चिन्तन पनि भएका थिए । विद्वान्हरूको विचारअनुसार, ऋग्वेद पछिको यजुर्वेद संहिता र त्यसपछिको अर्थववेद मानिए पनि यसको निर्माण काललाई अलगअलग समय दिन भने मिल्दैन । यज्ञ यागादि ऋग्वेदको शुरूकाल देखिनै हुन्थे र सुदासको साम्राज्यपछि ठूला ठूला यज्ञ विधान गरिन थाले । दस्युबाट निश्चिन्त आर्यहरूको हौसलाले देवता र यज्ञ प्रतिको आस्थामा नयाँ नयाँ विधिविधानको तर्जुमा भयो । सर्वसाधारणले यज्ञ सम्पादन गर्न धेरै धनको अभावमा नसक्ने भए । पशुवलि, प्राणी-हिंसा तथा धेरै धन खर्चबाट मात्र स्वर्ग प्राप्ति हुने यज्ञ विधानप्रति चिन्तनशील ऋषिहरूको अन्तर्विरोध बढ्दै गयो । सर्वसाधारणले पनि स्वर्ग मोक्षको अधिकारी वन्नपाउनु पर्छ तथा देवता साझा भएकोले सबैले रिझाउने बाटो हुनु पर्छ भन्ने धारणाले बलियो जग लगायो । 'एक सद् विप्रा बहुधा वदन्ति' (ऋ. १।१६४।४६) सत्य (ब्रह्म) एक हो, उसैबाट सब चेतन अचेतन वस्तुको उत्पत्ति हुन्छ । यम, अग्नि, वायु, आदि देवता उसैका भिन्न भिन्न रूप हुन्भन्ने ऋग्वेदका मन्त्रकोपहिले नै चिन्तन भइसकेको थियो र दाशराज्ञ युद्ध पछिको आर्यहरूको शान्तिमय उत्कर्ष कालमा चिन्तनद्वारा दर्शन भएका ऋग्वेदको दशौं मण्डलको पुरुषसूक्त (१०।९०) तथा (ऋ. १०।१२।१५) आदि मन्त्रले उपनिषद्को मौलिक रूप मात्र होइन कि विकसित अवस्था प्राप्त गरिसकेको थियो । एक थरी वैदिक सनातन धर्ममा आस्था राख्ने भए पनि पेशागत स्थितिले गर्दा वेदविद्याको गहन चिन्तन, मनन गर्न नपाउने र नसक्ने आर्य समुदायकै जनता र अनार्यजातिका जनताको लागि पनि देवताप्रति शरणागत भएर भय, दुःख, कष्टबाट मुक्ति पाउन तथा इष्ट लाभ गर्ने कुनै उपाय र आधार हुनु जरुरी थियो । यसैकारण देव प्रतिमा र देव मन्दिरको विकास भयो । अनार्यहरू ढुङ्गा, माटो, वृक्ष, नदी तथा उच्च शैल शिखरमा देवताको परिकल्पना गर्दथे तथा प्रतीक मानेर पूजा एवं वलिदान गर्दथे । यस देवत्वप्रति समर्पित हुने भावनालाई आर्यहरूले पनि राम्रो माने । मेघ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजुली, हावा, पानी, सूर्य, अग्नि त आर्यहरूकै देवता हुन् तर तीनको उपासना पद्धति अग्निमा आह्वान गरिएका देवतालाई मिष्टान्न हवन गर्नु, वलि (पशु मारेर) हवन गर्नु आदि नै प्रमुख थिए। देवताको रूप कल्पना तथा प्रतीक (मूर्ति) निर्माणको सङ्केत ऋग्वेदमा पनि प्रशस्तै पाइन्छ, किन्तु मूर्ति पूजाको क्रमभने गौण रूपमा थियो। अथवा आर्यमध्येका विश (शिल्पी-वर्ग) ले मात्रै गर्दथे। यसैकारण कतिपय विद्वान्हरू शिवलाई अनार्यहरूका देवता मान्दछन् तापनि शिव अनार्य देवतानै हुन् भन्ने निश्चित प्रमाण भेटिदैन र यसको विवेचना पछि छुट्टै अध्यायमा गरिने हुँदा यहाँ बढी भन्नु पनि आवश्यक छैन।

उपर्युक्त संक्षिप्त दिग्दर्शनबाट के थाहा पाइन्छ भने मध्य तथा उत्तर वैदिक कालमा आर्यसनातन धर्मका तीन स्रोत देखा पर्दछन्–वैदिक कर्मकाण्णद्वारा यज्ञ–अनुष्ठान, मूर्तिपूजा र उपनिषद्को ब्रह्मचिन्तन। यी धर्मका तीनै धारा आजसम्म अविरल रूपले बगेका छन्।

ऋग्वेदका मन्त्रहरू पनि वैदिक साहित्यकै आधारमा भन्ने हो भने मनुपूर्व र मनुपछिका पचहत्तर पुस्ताका देवापिसम्म बन्दै गरेको प्रमाण पाइन्छ। यो बेला आर्यहरूको सभ्यता, अत्युच्च रूपमा विकसित भइसकेको हुँदा र यसको केही समय पछिनै वेदव्यासले वेदको सङ्कलन र विभाजन गरे भनिएकोबाट ऋग्वेद, यजुर्वेद, अथर्ववेद पनि बनिसकेका थिए तथा प्राचीन मन्त्रहरूको अस्पष्टता स्पष्ट गर्न र उपादेयता बताउन आवश्यक परिसकेकोले मुख्य ब्राह्मण ग्रन्थहरूको पनि कतिपय भाग रचना भइसकेको थियो। भारतीय ज्योतिषका विद्वान् शङ्कर बालकृष्ण दीक्षितका अन्वेषणअनुसार शतपथ ब्राह्मणको प्रारम्भिक रचनाकाल विक्रम पूर्व ती सहस्र लगभग भएको कुरा उल्लेख भइसकेको छ। ऐतरेय एवं अन्य ब्राह्मणका कतिपय अंश पनि शतपथकै हाराहारी र केहीपछि पनि बनेका छन्। ब्राह्मण ग्रन्थमा नै आरण्यक सम्मिलित भएको र उपनिषद्का मूल वाक्यहरू संहितामानै संलग्न भएकोले यसको प्रारम्भ पनि सँगसँगै भएको हो भन्नु पर्नेछ र कतिपय अंश-चाहिं बुद्धभन्दा पछिका रचना पनि हुन्। शतपथ ब्राह्मणमा (१।४।१।१०) भनिएको छ। विदेघ माथवले मुखमा अग्नि लिए। घिउको नाउँ लिने वित्तिकै अग्नि पृथ्वीमा झरे र झार, पात, लहरा जलाउँदै पूर्वतिर लागे। त्यो बेला विदेघ माथव सरस्वती नदीका तीर – कुरूमा बस्तथे र "तर्हि विदेघो माथव आस सरस्वत्याम्", विदेघ माथव सरस्वती किनारमा बस्तथे, भनिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्व लागेका अग्निको पछिपछि विदेघ माथव र उनका पुरोहित गौतम रहुगण गए। सानातिना नदी तट पार गर्दै जङ्गल जलाउँदै बढेका अग्नि सदानीरा (गण्डकी) को तीरमा पुगे। जुन नदी हिमालयबाटै बग्दथिन् र धेरै पानी तथा फराकिलो हुँदा उनलाई जलाउन (पार हुन) सकेनन्। म कहाँ बस्ने ? भनेर अग्निसँग प्रश्न गर्दा गण्डकी पारिपट्टीको देश देखाइ दिएकोले गण्डकी पारि तरेर र पारिपट्टि विदेघ माथवले नयाँ राज्य (विदेह अथवा मिथिला) खडा गरेको उल्लेख शत प. (१।४।१।१०) मा पाइन्छ।

अग्नि प्रवेश नभएको देश–गण्डकी पूर्वतिर विदेघ माथव जानुभन्दा अगाडि ब्राह्मणहरूलाई जान निषेध थियो भन्ने कुरा पनि शतपथमा नै उल्लेख भएको छ। यसकारण योभन्दा पहिले त्यहाँ जनजाति मात्रै थिए।

यस्तै ऐतरेय ब्राह्मण (७।१८) मा विश्वामित्रले हरिश्चन्द्रले यज्ञमा बलिदिन ल्याइएका शुनः शेफ नामक ब्राह्मण कुमारलाई बचाएर धर्मपुत्र बनाएपछि जुन जुन छोराले यो कुराको विरोध गरे ती छोराहरूलाई विश्वामित्रले जातिच्युत गरेर अनार्यमा मिल्ने श्राप दिए भनिएको छ। तीनै छोराका सन्तानहरू आन्ध्र, पुण्ड्र, शवर, पुलिन्द, मूतिक, आदि गरेका उपान्त बासी दस्यु जातिमा परिणत भए भन्ने उल्लेख छ। किन्तु, वैदिक कालमा यी जातिको थातथलो कहाँ थियो भन्न सकिदैन। पछाडिको भने भेट्टाउन सकिन्छ। यी जङ्गलबासी भएको अनुमान हुन्छ।

यसरी कुरुक्षेत्र पंचालबाटनै "कृण्वन्तो विश्वमार्यम्" को नारा दिने आर्यहरू, घना जङ्गल फाड्दै, आगो लगाउँदै, बस्ती बसाउँदै, रैतीरसाउँदै, पूर्वसमुद्रसम्म छरिएका रहेछन् भनेर जान्न सकिन्छ।

ऋग्वेदको अन्तिम रूपका साथै यजुः, अथर्ववेद, ब्राह्मणग्रन्थ, उपनिषद् र अन्य आर्य साहित्यको रचना पनि कुरु पञ्चालमा नै भएको थियो। किन्तु कुरु पञ्चालमा आवाद भएका आर्यहरूले अङ्ग, बङ्ग, कामरूपसम्म पुगेर देश जातिको पूर्ण परिचय प्राप्त गरिसकेका थिए। यजुर्वेदमा किर किलात शब्द आएको छ। यसबाट भारत वर्षका पूर्ववर्ती इलाकामा बस्ने किरात जातिको परिचय पाइसकेका थिए, जसको ऋग्वेदमा उल्लेख छैन। यस्तै अथर्ववेदमा–ज्वरो झार्ने मंत्रमा अङ्ग, वङ्ग, मगध देशमा ज्वरोजा भन्ने उल्लेख पाइएकोले यी देशको परिचय आर्यहरूले पाइसकेका थिए भन्ने र यहाँ जङ्गल र खराब हावापानी भएको तथा अनार्य बस्ती थियो भन्ने थाहा हुन्छ। किनकि–आर्यबस्ती एवं महर्षि र राजाको अस्तित्व भए, त्यस ठाउँमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्वरो जस्तो रोगलाई त्यहाँ जा भन्ने मंत्र रचना हुँदैनथ्यो । यसकारण अथर्व-वेदको रचना पनि कुरूपञ्चालको पहिलो निवासकाल तिर नै बनेको मान्नु पर्छ ।[१] शतपथ, (१३।४।५।४।) अनुसार आर्यहरूको सूर्यवंशी शाखा, चन्द्रवंशी शाखाभन्दा पूर्वमा यमुनाको किनारमा बस्तथ्यो । पुरुकुत्स, त्रस दस्यु आदि राजा सूर्यवंशी थिए । यिनीहरूलाई ऐक्ष्वाकव (इक्ष्वाकु कुलका) भनिएको छ । यी पौराणिक वंशावलीअनुसार मनुभन्दा चौवीस पुस्ता पछिका हुन् भन्ने थाहा हुन्छ ।

वेदकालीन आर्य वस्तीको नक्शा पनि इतिहासकारहरूले तयार पारेका छन् । सिन्धु प्रदेश, पंजाब, वर्तमान अफगानिस्तान, बलुच र पूर्वमा पश्चिम उत्तर प्रदेशसम्म यो नक्शामा देखिन्छ ।

ऋग्वेदको दाशराज्ञ युद्ध, आर्य वंशको विस्तारमा एक प्रमुख घटना हो । यसबेलासम्म मेद, अज, शिग्रु, यक्षु, यमुनाका किनारमा आवाद थिए भन्ने कुरा ऋ (७।१८।१८ मा) उल्लेख पाइन्छ । यस्तै भरतराजा (चन्द्रवंशी) काशिगणलाई जितेर गङ्गा यमुनाको तटमा यज्ञ गर्दथे भन्ने उल्लेख शतपथ ब्रा. मा पाइन्छ ।[२] यस्तै तैत्तिरीय सं. (१।८।१०।२) ऐ ब्रा. (१।७।४।२ मा) भरता राजा भन्ने उल्लेख पाइन्छ भने यजुः वाज सं. (११।३) मा कुरवः पंचालाः कुरुपंचाला भन्ने र विकल्पको रूपमा भरता (आपस्तंव) भन्ने उक्ति पाइएकोले कुरु (सरस्वती दृषद्वतीको क्षेत्र) पंचाल गङ्गा यमुनाको मध्यभागमा भरतहरूले राज्य गर्थे भन्ने थाहा पाइन्छ र कुरुवंशीलाई महाभारतमा भरता नै भनिएको छ । यसकारण यो क्षेत्र र पछि गङ्गा पूर्वको केही भाग पनि पंचाल राज्य भित्र परेको थाहा हुन्छ । यमुनाका तिरबाट लखेटिएको काशी जातिले काशी शहर बसाए । चन्द्रवंशी-भन्दा पूर्वबस्ने सूर्यवंशीले कोशल (एक जनजाति) को क्षेत्रमा राज्य कायम गरे, जुन पंचालभन्दा पूर्व पर्दथ्यो । सरस्वतीकै किनारबाट फुटेका सूर्य-वंशीको एक शाखा विदेघ माथव विदेह(वर्तमान गण्डकी पूर्व कोशी पश्चिमको क्षेत्र) राज्य कायम गर्न पुगे । यस्तै यदुकुल (चन्द्रवंशी) मानर्त, कुशस्थली (मथुरा) मा आवाद भए । पौराणिक कथानुसार चन्वंशी मनुका वंशमा अङ्ग, बङ्ग, कलिङ्ग, सुह्म, पौन्ड्र, आन्ध्र आदि प्राचीन, दिशामा आफ्ना नाउँका जन पद खडा गरेर राज्य गरेको वर्णन पाइन्छ । द्रुह्यु लाई उत्तर

---

१. अथर्ववेद (५।२२।१४) मगध, अङ्ग,

२. वैदिक इन्डेक्स भा. २, पृ १०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिशाका अधिपति थिए भनिएको छ र यो वंश गान्धारमा राज्य गर्थ्यो र म्लेच्छाधिपति भए भनिन्छ । मद्र, केकय, सौविरमा पनि यही कुलको राज्य थियो ।

तुर्वशगणका राजा तुर्वशु थिए र पश्चिम दिशाको केही पुस्ताले राज्य गरेपछि यो राज्य भरतकुलकै हातमा गयो भनिन्छ ।

उत्तर वैदिककालमा विशाल भूभागको राज्य कुरु दुई भागमा विभाजित भएको उल्लेख पाइन्छ, उत्तर–दक्षिण कुरु । उत्तर कुरु हिमालय उत्तरको भागलाई भनिन्थ्यो भन्ने प्रमाण पाइन्छ । यस्तै भद्र पनि उत्तर र दक्षिण थियो ।

यसरी सूर्यवंशी र चन्द्रवंशी मनुका सन्तानहरू, जहाँ जहाँ पुगे र नयाँ वस्ती बसाए, अनार्यहरूलाई जितेर राजा बने, त्यहाँ वैदिक सनातन धर्मको प्रचार गरे । रूप, रङ्ग, आकार–प्रकारले आर्य मूलका व्यक्तिहरू, जो संस्कार नभएर स्वेच्छाचरण गर्दथे, तिनीहरूलाई पनि संस्कार र शिक्षाद्वारा आर्य सन्तानमा परिणत गर्दै गए, दीक्षित गर्दै गए । धर्म संस्कार, आचार र शिक्षाले आर्यपनमा ढालेपछि शत्रुता र पृथक्ताको लोप हुँदै जान्छ र विश्वलाईनै आर्य बनाऔं भन्ने वेदको बचन पूरा हुन्छ भन्ने कुरा राम्ररी बुझेका राजाहरू र सहयोगी ब्राह्मणहरूको यस कुरामा सधैं एकता र सत्प्रयास रह्यो । शस्त्रबल राजाको थियो शास्त्रवल (साम, दान, भेद शिक्षा आदि) ब्राह्मणको रह्यो ।

विभिन्न जातिको आवासस्थल दक्षिण भारत वर्ष तथा विन्ध्य पर्वतमालाको दुरन्त जङ्गल, डाँडा, पाखामा बस्ने जङ्गली जातिलाई आर्य धर्मले दीक्षित गर्न महर्षिहरूले ठूलो त्याग र बलिदान गरे । विन्ध्यको अनकन्टार दुर्गम पथबाट दक्षिणमा धर्म प्रचारको लागि जाने महात्मा अगस्ति हुन् । उनले उद्देश्य पूर्ति मात्रै गरेनन् र त्यहाँको जनजीवनलाई नयाँ चेतना व्याकरण, साहित्य, ज्ञान, विज्ञान पनि दिएर सबै समाजलाई आत्मसात् गर्न पनि सफल भए । दक्षिणमा अगस्तिको जो महत्ता छ, जसरी पूजनीय छन् त्यो कुरा उत्तरलाई साधारणभए पनि प्राचीन पुराणाचार्यहरूले एउटा महत्त्व पूर्ण रूपक कथामा अगस्त्यलाई उभ्याइदिएका छन् । त्यो यसप्रकार सूर्यपुराणमा वर्णन गरिएको छ। विन्ध्याचल पर्वत बढेर सूर्यको बाटो छेक्ने प्रयास गरेर विन्ध्य सफल पनि भयो । दक्षिण अन्धकारनै रह्यो सूर्यको बाटो रोकिएकोले प्राणीमा हाहाकार भयो । देवता र मानव कुल जम्मा भएर यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाटो खुलाउन अगस्त्यसँग प्रार्थना गरियो र उनले स्वीकार गरे। विन्ध्याचल अगस्त्यको शिष्य थियो र गुरु आएको थाहा पाएर अभिवादन गर्न निहुरिए। यही मौका छोपेर सूर्यले आफ्नो रथ बढाए। पुनः विन्ध्यको प्रयास सफल हुने देखेर अगस्त्यले भने मलाई दक्षिण जानुछ, तिमी अंग्ला भयौ भने म बूढो नाघ्न सक्तिन। त्यसकारण म नफर्कुन्जेल; तिमी निहुरेरै बस। विन्ध्यले गुरुको आज्ञा स्वीकार गऱ्यो, अगस्त्य दक्षिण गएका फर्केनन् विन्ध्याचल गुरु-लाई पर्खेर निहुरिरहेको छ। सूर्यको उज्यालो छेकिएन।

यस्तै महाभारत वनपर्वमा लोमश ऋषि राजा युधिष्ठिरलाई तीर्थ यात्राको प्रसङ्गमा अगस्त्यको महात्म्य बखान गर्दछन्–अगस्त्यलाई पत्नीको निम्ति धन चाहियो। अरू राजाले दिन सकेनन् किनभने राज्यमा प्रजा पालना गर्न चाहिनेभन्दा बढ्ता धन थिएन। त्यस्तो धन अगस्त्य ऋषि लिन चाहदैनथे। वातापि नामक राक्षस राजसँग फाजिल धन छ भनेर माग्न गए, उसले धन दिन कबूल गर्दै भोजन गर्न आग्रह गऱ्यो। आतापि भन्ने उसको भाइ थियो, त्यसको मासु पकाएर यस्ता पाहुनालाई खुवाउने काम गर्थ्यो र खाइसकेपछि ए आतापि; निस्की भनेर बोलाउँथ्यो। त्यो सुनेर पेटमानै जिउँदो भएर आतापि पाहुनाको भुंडी फोरेर निस्कन्थ्यो। यसरी धेरै ऋषि-मुनि र महापुरुषको उसले प्राण लिन्थ्यो र सर्वस्व जम्मा गर्थ्यो। यही दाउ अगस्त्यलाई पनि लगायो, तर भाइ बोलाउँदा अगस्त्यले एक पालि डकारे र अपान वायु छाडे, अनि उसको दाजुलाई भने तिम्रो भाइ मेरो भेटमा परेर पची सक्यो ऊ अब निस्कदैन र बाँच्तैन। यसपछि त्यसको पनि संहार गरेर धनलिएर फर्के। यस्तै अर्को राक्षस समुद्रमा लुक्न गएकोले समुद्र नै आचमन गरेर सुकाइदिए र पछि लघुशंका (पिसाव) गरेर समुद्र भरिदिएकोले समुद्रको जल नुनिलो भयो।

उपर्युक्त कथाको सोझो अर्थ विश्वास योग्य नहोला तर यस भित्रको रहस्य सत्य छ। अगस्ति गएको बेला दक्षिणा पथमा जान कसैको तागत थिएन। विन्ध्याचल नै यस्तो दुर्लङ्घ्य पर्वत थियो, जसको परतिर सभ्यता, संस्कृति शिक्षा र धर्मरूपी सूर्यकिरण छेकिएर अन्धकारमय थियो र कोही पनि जान हिम्मत गर्दैनथे। त्यो दुर्लङ्घ्य पहाडलाई निहुराएर सभ्यता र संस्कृतिको सूर्यको बाटो खोलिदिने (दक्षिणमा पसेर धर्म संस्कृतिको प्रचार गर्ने) अगस्त्य हुन्। उनले उहीं आश्रम बनाए, उहीं रमे, उहींका सर्वमान्य ऋषि भए र समर्पित भए। उनी वा उनका सन्तान उत्तर फर्केनन्। अनार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सभ्यता, संस्कृति, आचरण आदि समुद्रजस्तै पारपाइनसक्ने वस्तुलाई आचमन गरिदिए, अथवा समुद्र जस्तो त्यो मानव मेलनै अचाए जस्तै गरेर शान्त पारे ।

धन सम्पति मात्रैको प्रभुत्व मानेर योग्य महापुरुषलाई मार्ने राक्षस जातिलाई पनि खाएर पचाए ।

आर्यहरू उत्तर भारतमा फैलनुभन्दा अघिनै हिमालय प्रान्तमा बस्ने राक्षस दानव जाति दक्षिण भारतमा पसेर फैलिएको थियो र यो हिंस्रक तथा नरमांस भक्षी भएकोले द्रविडप्रजा पीडित थिए । त्यस जातिलाई पनि खाएर पचाउन (तह लगाउन) अगस्त्य सफल भए । अगस्त्यद्वारा प्रचार प्रसार गरिएको आर्य सनातन धर्मको ज्योति आज दक्षिण भारत नै भएको छ ।

ज्ञान, विज्ञान, तन्त्र मन्त्र, रसायन, एवं उच्चतम भारतीय संस्कृति दक्षिणले नै दिएको छ । शंकराचार्य, गौडपाद, रामानुज, आनन्दतीर्थ आदि महान् दार्शनिक र साधक दक्षिणले नै जन्मायो भने विदेशी आक्रमणको मार-बाट हिन्दूको धर्म, साहित्य, संस्कृति बचाएर राख्ने र आज उत्तरलाई प्रत्यर्पण गर्ने त्यही अगस्त्यको कर्मभूमि छ ।

सरस्वतीका किनारमा अथवा पंजाव प्रदेशमा बसेर जल प्रलय-पछि जनसङ्गठन गरेर शासन गर्ने मनुले जुन धर्मशास्त्रको शिक्षा दिएका थिए त्यो मानव–धर्म शास्त्रको नामले आज पनि विख्यात छ । मनुको यो धर्मशास्त्र कस्तो रूपमा थियो त्यो त आज प्राप्त छैन, तथापि त्यसका मूलभूत कुरालाई परम्परागत, लेख्न, भाषण, प्रवचनद्वारा बचाएर राख्ने मानव–धर्म संप्रदायले जुन पछिल्लोरूप दिएको छ र जसका प्रवचन कर्ता मनु संप्रदायका भृगु छन्, त्यो पनि इसापूर्व दोस्रो शताब्दीभन्दा पुरानो नै मानिन्छ । त्यसमा ब्रह्मावर्त, आर्यावर्त, ब्रह्मर्षिदेशको सीमाना बताइएको छ, जसमा दक्षिण भारतलाई समावेश गरिएको छैन । इतिहासकालका प्राचीन ग्रन्थहरूमा पनि दक्षिणका तीर्थ स्थलको वर्णन कम नै पाइन्छ । आर्य साहित्य-मा धर्म विषयक संहितामा मूर्द्धन्य मानिएको मनुस्मृतिमा हिमाल दक्षिण, विन्ध्य उत्तर र पूर्व समुद्र पश्चिम समुद्रसम्मको देश आर्यावर्त हो । यसको विवेचना पहिले पनि भएको छ । हिमालय र विन्ध्य पर्वतको बीच बिनशन (हिन्दूकुश) भन्दा पूर्व र प्रयागभन्दा पश्चिमलाई मध्यदेश भनिन्छ । यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरूक्षेत्र, मत्स्य, पान्चाल शुरसेन (मथुरा) यी देशहरूलाई ब्रह्मर्षिदेश भनिन्छ र ब्रह्मावर्तभन्दा छुट्टै महत्त्व शाली छन् ।[1]

उपर्युक्त मनुस्मृतिको कथनबाट के थाहा पाइन्छ भने आर्यहरूले उत्तर पूर्व र पश्चिमका समुद्रान्त भागको ज्ञान हासील गरिसक्ता पनि र यो ठाउँमा आर्य सन्ततिको विस्तार भइसक्ता पनि दक्षिणको भाग अज्ञात र दुर्गमनै थियो । साथै यसमा हिमालयको सीमाबद्ध भएकोले ब्राह्मण ग्रन्थको रचना-भन्दा पछिको हो भन्ने पनि ज्ञात हुन्छ र मध्यदेशको सीमाना उल्लेख गर्दा पनि प्रयाग पश्चिम हिमालय उत्तर भनिएको हुँदा प्रयागको सीधा उत्तर हिमालयसम्मको भाग अर्थात् काली गण्डकीभन्दा पश्चिम पट्टिको वर्तमान नेपालका रापती, भेरी, कर्णाली र सेती, महाकाली अञ्चलको भूभाग पनि छामी सकेका थिए र आर्य निवास नै मान्दथे ।

शतपथ ब्राह्मण (३।२।३।१५) मा उत्तर कुरु (हिमालयभन्दा उत्तरको देश) का ब्राह्मणहरू पनि विशुद्ध संस्कृत बोल्दथे तथा विद्वान् र कर्मनिष्ठ थिए भनिएको छ । दक्षिण कुरु र पंचालको बोलीसँग फरक थिएन भन्ने र शतपथ ब्रा. (१।७।२।८) मा कुरुपंचालको यज्ञ विधान सर्वश्रेष्ठ बताइएको छ । यो उत्तरकुरु उत्तरमद्र हिमालय उत्तर पर्ने भनिएकोले सम्भवतः हिन्दूकुश पर्वतका आस पासका देश, कशगर, खोतन, कुचा, आदि देशका कश (खश) जातिलाई भनिएको पनि हुन सक्दछ । किन्तु प्राग्इतिहासकालमा भने भाषा संस्कृत बोल्दथे भन्न सकिदैन ।[2] विद्वान्को भाषा संस्कृत र साधारण भाषा खश प्राकृत नै हुन सक्छ र ब्राह्मण ग्रन्थमा विद्वान्कै सम्पर्कको कुरा मात्र सकिन्छ । यस्तै पंचालदेशको पनि उत्तर र दक्षिणको विभाजन भएको कुरा पौराणिक कथा तथा अन्य साहित्यले पनि उल्लेख गरेका छन् । याता-यातको कठिनाइ, ठूलो देशको प्रशासन गर्न असुबिधा र राज्य विभाजन (अंश वण्डा) ले पनि दुई भाग भएको हुनसक्छ । दक्षिण पंचालको राजधानी

---

१. हिमवद् विन्ध्ययोर्मध्यं यत्प्राग् विनशनादपि । प्रत्येगेव प्रयागाच्च मध्य देशप्रकीर्तितः । कुरूक्षेत्रं च मत्स्याश्च पंचाला, शूर सेनकाः । एष ब्रह्मर्षि देशोवै ब्रह्मावर्तादनन्तरम् । मनुस्मृति अ. २।१७-२२ । तथा १९ ।

२. पथ्यया स्वस्त्या प्राजानन् तस्मा दत्रोत्तराहि वाग् वदति कुरु पंचालमा वाग्ध्येषाशतपथ ३।२।३।१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काम्पिल्य थियो र यो चन्द्रवंशी काम्पिलले बसाएको कुरा पुराणले भन्दछन्। उत्तर पंचालको राजधानी अहिच्छत्र थियो। यो वर्तमान बरेलीनिर फरूखावाद जिल्लामा थियो भनेर इतिहासकारको अडकल छ।

उत्तर पंचालको साम्राज्य भित्रनै शायद वर्तमान कुमाउँ, गढवाल र नेपालका सेती, काली, कर्णाली अंचल पनि परेको हुनु पर्छ। अन्यथा आर्यावर्तको सीमाना भित्र उल्लेख हुने थिएन। दोस्रो शताब्दी वि. पू. का महाभाष्यकार पतञ्जलिले आर्यावर्तको उल्लेख गर्दा यमुना पश्चिमका पाहाडी भूभागलाई आर्यावर्तमा गन्दैनन् तर त्यसभन्दा पूर्वका हिमाली भेकलाई आर्यावर्तभन्दा बाहिर पारेका छैनन्।

महाभारतकालमा युधिष्ठिरको तीर्थयात्रा प्रसंगमा गढवालको वर्णन पाइन्छ र जहाँका राजा कुडिन्द (कुलिन्द) सुबाहुले युधिष्ठिरको स्वागत गर्दछन् र नजराना चढाउँछन्। यसबाट चन्द्रवंशी (कुरुवंशी) राजाको आधिपत्य हिमालय प्रान्तसम्म रहेको थाहा हुन्छ।

पुरुवंशका राजा हस्तिले हस्तिनापुर (वर्तमान दिल्ली) राजधानी बसाए। त्योभन्दा आठ नौ पुस्ता माथिका राजा दौष्यन्ति भरत बडा पराक्रमी चक्रवर्ती राजा भएका थिए। यसै बंलासम्म पुरुवंशीको राजधानी सरस्वती हषद्वतीकै बीचको क्षेत्रमा थियो तथा ऋग्वेदका राजा सुदास यही भरतकुलका मानिन्छन्।

पुराण र इतिहासमा वर्णित मनु–सन्तति सूर्यवंश (इश्वाकु) र चन्द्र-वंश (पुरुरवा वंश) का राजाहरूको राजधानी र आर्य सभ्यताको प्रसारका विषयमा छोटो दिग्दर्शन गरियो। यो वंशको राजसत्ताका महनीय आदर्श र सभ्यता, संस्कृति विषयमा पनि केही दिग्दर्शन गर्नु आवश्यक भएकोले त्यसको विवेचना प्रस्तुत गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय पाँच

रामायण युग र हिन्दू संस्कृति

बैवश्वत मनुका ज्येष्ठ पुत्र अत्यन्त प्रतापी र प्रसिद्ध राजा इश्वाकु थिए। जसको विवरण ऋग्वेदमा नपाइए तापनि उनको अस्तित्त्वको बारेमा सङ्केत पाइन्छ। आर्यइतिहास र पुराणमा प्रसिद्ध सूर्यवंशी राजाहरूको महत्त्व र मान्यताको बारेमा कुनै पनि आर्यधर्माबलम्बीलाई भनिरहनु पर्दैन।

यस वंशको प्रारंभिक राजधानी अयोध्या जसलाई साकेत पनि भनिन्छ। पछिल्लो कालमा सरयूनदी(कर्णाली)को किनारमा वर्तमान उत्तर प्रदेश (भारत) मा पर्दछ।

वैदिक सनातनधर्मका पक्षपाती र संरक्षक तथा आदर्श चरित्र भएका सूर्यवंशी राजाहरू ऋग्वेदकालमा पनि अयोध्यामा राज्य गर्थे, किन्तु यो अयोध्या सप्तसिन्धु प्रदेश भित्र नै कहीं थियो भन्ने विद्वान्हरूको तर्क छ। मध्य-वैदिक कालमा पञ्चाल र कुरूमा चन्द्रवंशी राजाहरूले राज्य विस्तार गरेपछि सूर्यवंशीले पनि कोशलजनपदका वासिन्दालाई वशगरी अयोध्यालाई राजधानी बनाए। यो घटना ऋग्वेदको प्रसिद्ध दाशराज्ञ युद्ध पछाडिको हो भन्ने अनुमान गर्न सकिन्छ।

जनसंख्याको कमीले भारतवर्षको विशाल भूभाग जङ्गल नै थियो, ठाउँ ठाउँमा आर्येतर जातिहरूले आवाद गरेर वस्ती बसाएका थिए। तिनै जातिलाई आफ्ना प्रजा बनाएर मनुका सन्तान सूर्यबंशी र चन्द्रवंशी क्षेत्रीहरूले विभिन्न राज्यको स्थापना गरे। सारा भारतीय उपमहाद्वीप यिनै दुई कुलका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्रीय वंशको राज्यमा बाँडियो ।

महाभारत आदि इतिहास ग्रन्थ र पुराणहरूले ऋग्वेदकालीन सप्त सिन्धुको महत्त्वलाई नै विर्सेको भन्नु पर्छ । गङ्गा यमुनाको उर्वरा मैदान, नर्मदाको तट,सरयूको किनाराको उपत्यका तथा कोशी गण्डकीको अन्तरालको समतल भूभागमा नयाँ,नयाँ राज्य स्थापना गरेर वैदिक धर्मको प्रचार प्रसारमा लागेका ऋषिकुल र क्षेत्रीयकुलको विजय, ऐश्वर्य प्राप्ति, सभ्यता संस्कृतिको विकास,मान-मर्यादा जेजति प्राप्त भयो,त्यो सबै कुरु पञ्चालमा जमेर त्यसपछि पूर्व, दक्षिण फैलिएर गरेको उपलब्धि भएकोले यो महान् संप्राप्तिको अगाडि आदिम सभ्यताको संस्मरण दिलाउने सप्तसिन्धुको इतिहास नगण्य नै थियो । जहाँ वसेर सुख समृद्धि प्राप्त हुन्छ, मान मर्यादाको साथै सबै पक्षको उत्कर्ष हुन्छ, त्यही नै ठाउँको विशेष मान्यता र महत्त्व दिने सबै मानव–प्रवृत्ति भएकोले सप्तसिन्धुको घटनाक्रम र इतिहासलाई पछाडिको मानव समुदायले विर्स्यो वा उपेक्षा गऱ्यो । पछाडिका इतिहासकार र पुराण व्याख्याकारहरूले विर्सिसकिएको सप्तसिन्धुको अयोध्या, जो पछिल्लो कालमा अनार्य जातिको प्रसारले ढाकिसकेको थियो, त्यसको उल्लेख गर्नु आवश्यक थिएन । अर्को आदर्श राजा, आदर्श प्रजा भएको आदर्श राजधानी अयोध्यालाई नै मनुकै पालाको तथा इक्ष्याकुको राजधानीको रूपमा वर्णन गरिएको पाइन्छ ।

मनु विश्वमान्य अदि पुरुष थिए । उनको क्षत्रीयकुल आर्यहरूको संमान्य राजघराना थियो । जहाँ जहाँ आर्यहरू गए त्यहाँ त्यहाँ यिनै घरानाका क्षत्रियहरू नै राजा स्थापना गरिए । अथवा यसै क्षत्रियकुलले जहाँ नयाँ क्षेत्रआवाद गऱ्यो या अनार्यहरूलाई विजय गऱ्यो, त्यहाँ धर्म, संस्कृति र सभ्यताको प्रसारको निम्ति आर्यजनहरू पनि पुगे । ऋषिमुनि, वाणिज्य व्यवसायी वैश्यगण,शिल्पी वर्ग,युद्ध गर्ने सेना तथा सेनापति क्षत्रिय गणहरू पनि त्यस ठाउँमा पुगे । कृषि,पशुपालन,वाणिज्य,शिल्प व्यवसायमा विजित क्षेत्रका अनार्यहरूले जुन दक्षता प्राप्त गरेका थिए, ती कुरा आर्यहरूले पनि सिके । सांस्कृतिक आदान प्रदान भयो । धार्मिक आस्था र विश्वासमा वैदिक सनातनधर्म नै मान्न कर लाग्यो, किनकी यो राजधर्म थियो । जनतासँग घुलमेल गरेर आफ्नो वशवर्ती बनाउनु आवश्यक भएकोले उनीहरूका उचित मान्यता र आस्थामा स्थान पाएका देव, देवी, मूर्तिपूजा, धार्मिक चाडपर्व आदि राम्रा कुराहरूलाई आर्य सन्तानले पनि माम्यता दिए। उनीहरूलाई अनुश्रुति र परम्परागत लोक कथामा आधारित कतिपय पक्षमा धार्मिक ग्रन्थहरूको रचना गरेर आर्यहरूले आत्ससात् गरे । तंत्र,मंत्र, औषधी, झारफूक, टूना टोड्का आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाजमा उपयोगी ठानिएका तथा काकतालीले महत्त्वपूर्ण हुन आएका अनार्य पद्धतिले मान्यता प्राप्त गरेकोले सांस्कृतिक समन्वय भयो। जुन कुराले गर्दा आर्यहरूको सभ्यता अत्युन्नत र लोकप्रिय पनि हुन सक्यो।

कौशलजातिको जनपदमा स्थापित सूर्यवंशी क्षत्रियहरूको यही उदारता र आर्य तथा अनार्य किसिमका प्रजा वर्गलाई पुत्रवत् समान रूपमा प्रतिपालन गरेको आदर्श नै अन्य कुलका क्षत्रियहरूले पनि अपनाए। यसरी हिमालय दक्षिण र विन्ध्य उत्तर समुद्र पूर्वका देशमा आर्यहरू फैलिनुभन्दा अगाडि आवाद भएका व्रात्य आर्यकुल तथा अनार्यकुलका सबै प्रजा र राजाहरूको लागि सूर्यवंशी राजाको चरित्र आदर्श भयो।

मनुको राज्य व्यवस्था नै आदर्श थियो। धर्म संस्कृति सभ्यता र मानव समाजमा विधि नियमको प्रथम उपदेष्टा मनु भएकोले र उनको कानूनले मानव समाजमा स्थिरता, शान्ति मैत्री, काम गर्न सफल भएकोले पनि सबैको निम्ति अनुकरणीय थियो। यसैकारण मनुले भनेका छन्– यस देशमा जन्मेकाहरूसँग संसारकै मानव समुदायले आफूलाई चाहिने चरित्र (धर्म संस्कृति विधि नियम) सिकुन्।[1] मनुको आर्दशलाई मनुवंशका सूर्यकुल, चन्द्रकुलका राजाहरूले नमान्ने कुरै थिएन। साथै शिक्षा, दीक्षाले चेतनाको विकास भएपछि र देश परिस्थितिले जन्माएका नयाँ काम कुरामा बनि विद्वान् ब्राह्मण वर्ग, योग्य मंत्री, शिक्षित र विवेकी जनप्रतिनिधिहरूको राय सल्लाहबाट नीति नियमको तर्जुमा र पालना गर्ने व्यहस्था भएकोले पनि उक्त राजवंशप्रति श्रद्धा निष्ठा बढ्दै गएको थाहा पाइन्छ।

सूर्यवंशी राजहरू सबै नै पराक्रमी वीर, यज्ञकर्ता धर्म संस्कृतिका पोषक, आदर्शशासक थिए। त्यसमा पनि युवनाश्व, मान्धाता, सगर, भगीरथ रघु, राम चन्द्रको इतिहासमा विशिष्ट स्थान छ। यस वंशका मान्धाता यौवनाश्व, पुरुकुत्स, त्रसदस्युको ऋग्वेदमा नाम आएको छ। यी राजा इक्ष्वाकुदेखि बीस एक्काईस् र बाईस पुस्तामा पर्दछन्। छत्तीसौं पुस्ताका राजा सगरका पुत्रहरू दिग्विजय गर्दै पूर्वी समुद्रको किनारसम्म पुगेका थिए र कपिलदेवका योगाग्निले भस्म भए। यिनको उद्धार गर्न त्यसपछिका अंशुमान्, दिलीप र भगीरथले गङ्गाजी ल्याउन तपस्या गरे र भगीरथ सफल भएकोले

---

१. यतत् देशः प्रसूतस्य सकाशादग्र जन्मनः। स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः।। मनुस्मृ० अ० २ श्लो०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गङ्गाजीको नाउँ भागीरथी भयो भन्ने कथा पुराण, इतिहासले वर्णन गर्दछन् ।

उपर्युक्त कथाको रूपक रहस्यमा दृष्टिपात गर्दा के कुरा थाहा पाइन्छ भने, सगरले पूर्वी समुद्रसम्म पुग्ने प्रयास गरे पनि सम्पूर्ण गङ्गाको बहाव क्षेत्रको आधिपत्य प्राप्त गर्न सकेका थिएनन् उनका संततिहरू, यो आसमुद्रान्त गङ्गाको मैदान र पर्वतीय भाग पनि आफ्नो प्रभुत्वमा ल्याउन प्रयत्नशील रहे र तेस्रो पुस्ताका राजा भगीरथ हिमशैलदेखि गङ्गा सागरसम्मको भूभागका स्वामी बन्ने तपश्चर्यामा सफल भए । यसै कथालाई अघि अघि रथारूढ भगीरथ र पछिपछि गङ्गाको धारा पूर्वी समुद्रमा पुगेको पौराणिक कथाले रहस्यमय रूपमा व्याख्या गर्दछ । जसको आधिपत्य हिमशैलदेखि समुद्रसम्म, वृहत् भारतको समतल भू–भागमा रह्यो, यस्ता बीर र निरन्तर प्रयत्नशील राजाको नाउँबाट गङ्गाको नाउँ रहनु आश्चर्यको कुरा भएन। गङ्गाजी सधैं भागिरथी नामले प्रसिद्ध भइन् ।

मनुभन्दा एघार पुस्तापछिका सूर्यवंशी श्रावस्त राजाले श्रावस्ती नगर वसाएको कथा पनि हरिवंश पुराणमा वर्णित छ । मनुका एक्काइसौं पुस्ताका राजा यौवनाश्व मान्धाता ऋग्वेदका मंत्रद्रष्टा ऋषि पनि हुन् । जसलाई आसमुद्रान्त पृथ्वीका चक्रवर्ती सम्राटको रूपमा वर्णन गरिएको छ ।

पौराणिक वंश वर्णनबाट राजा मान्धाताको दिग्विजयको वेला चन्द्रवंशका राजा मनुभन्दा एक्काईस् वा बाईस पुस्ताका हुनु पर्छ । किन्तु मान्धाताका पुत्र पुरूकुत्स र नाति त्रसदस्युको उल्लेख ऋग्वेदमा भएकोले र वेदको अनुशीलनबाट चन्द्रवंशी राजा दिवोदास नै पुरुकुत्सका समसामयिक देखिन्छन् । इतिहास पुराणको वंशगणनाअनुसार भने मनुभन्दा ३२ पुस्तामा बध्र्यश्व तेत्तीस्मा दिवोदास चौतीसमा पीजवन र छतीसौं पुस्तामा सुदास देखिन आउँछन् ।[1] यद्यपि पुराणमा पीजवनको नाउँ मित्रयु र सुदासको अर्को नाउँ मैत्रायण पनि थियो भन्ने थाहा पाइन्छ । समसामयिक राजाहरूको पुस्तामा भने दश एघार पुस्ताको फरक देखिन्छ । हरिवंशको सूर्यवंश वर्णनमा मुख्य मुख्य राजाको चरित्र वर्णन गरिएकोले साधारण चरित्र भएका-राजाहरूको नामोल्लेख छुट्न गएको हुन सक्छ र जेठो कान्छो हाँगामा पनि चार पाँच पुस्ताको अन्तर पर्न आउँछ ।

चन्द्रवंशी राजाहरू जो कुरुपञ्चालमा राज्य गर्दथे, मनुका छव्वीसौं

---

१. वैदिक इन्डेक्स भा० १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तामा अजमीढ भएका थिए। यिनका तीन रानीमध्ये केशिनीबाट विश्वामित्रको कुल जन्म्यो। मनुका तेतिसौं पुस्तामा विश्वामित्र भएको पौराणिक वंशगणना पाइन्छ र सुदासका समकालीन मान्न सजिलै सकिन्छ। सुदासकै समकालीन काशी नरेश दिवोदास पनि हुन सक्छन्। अजमीढकी दोस्री रानी नीलिनीका सन्तानमा दिवोदास सुदास पर्दछन् भने कान्छी रानी धूमिनी पट्टिबाट कुरुवंशीको कुल चल्यो। मनुको चौतीसौं पुस्तामा इतिहासप्रसिद्ध राजा वसु परिचर भए, जसबाट चेदिदेशको चौधवंश चल्यो। ऋग्वेदका राजा दिवोदास सुदासलाई भारत कुल भनिएको र दौष्यन्ति भरत पछिकै पुस्तामा उनीहरूको नाम पुराण इतिहासमा पाइएकोले पौराणिक कथालाई प्रमाण मान्न बाधा पर्दैन।

यहाँ हाम्रो प्रसंग रामायणकालीन संस्कृति भएकोले यसमै विचार गर्नुपर्ने थियो। किन्तु पुराण र इतिहासमा वर्णित राजा, राष्ट्र,तथा सांस्कृतिक उत्थानको निम्ति लाग्ने समयको लेखाजोखा गर्न सूर्यवंशी, चन्द्रवंशी राजाहरूको भारतवर्ष व्यापी प्रसारण र त्यसमा वितेका पुस्ताको पनि दिग्दर्शन हुनु पर्ने ठानिएकोले इतिहासको क्रमलाई यथासंभव आबद्ध गर्न खोजिएको हो।

हरिवंश पुराणको वंशावलीअनुसार मनुबाट साठी पुस्तापछि दशरथ पुत्र रामको गणना आउँछ। यस बेलासम्म विन्ध्यपर्वत उत्तर पूर्वी समुद्रसम्म आर्यकुलका सूर्यवंशी र चन्द्रवंशी राजाहरूले विभिन्न राज्यको स्थापना गरिसकेका थिए। जेठो छोराले बाबुको राज्य प्राप्त गर्दथ्यो भने अरू छोराहरू विभिन्न भूभागमा फैलिएर नयाँ ठाउँ आवाद गरी बस्ती बसाउँथे, नयाँ राज्यको स्थापना गर्दथे। वरपर बसेका आदिवासी अनार्यकुललाई विजय गरी राज्यवृद्धि गरेको तथा प्रशासनको दृष्टिले र धर्म संस्कृतिमा दीक्षित गर्नुपर्ने आवश्यकता महसूस गरिएको ठाउँमा अरू छोरालाई अंश दिएर राज्य स्थापना गर्न लगाएको कुरा पुराको णअन्वेषणबाट ज्ञात हुन्छ। यसरी स्थापना भएका राज्य स्थानीय जस्ता, ठाउँको नाउँ, अथवा राजाको नाउँबाट जनपद तथा राजधानीको नामकरण भएको थाहा पाइन्छ। अङ्ग, वङ्ग, पोण्ड्र, कलिङ्ग, सुम्ह, केरल, चोल, विदर्भ, मत्स्य, केकय, कोशल, मगध, विदेह आदि जनपद र राज्य यसै गरी खडा भएका हुन्।

उत्तर भारतको हिमालयको काखसम्मका उर्वरा भूभागमा रामायण कालसम्म पूर्णरूपेण आर्यसत्ता जमिसकेको थियो। यी क्षेत्रभित्रका जनजातिका धर्म, संस्कृति, कला शिल्प, वाणिज्य, व्यवशायहरूले आर्य सभ्यतामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभाव पारेका थिए भने धेरथोर रूपमा आर्य सभ्यता एवं धर्म संस्कृतिले सम्पूर्ण उत्तर भागलाई प्रभावित तुल्याइसकेको थियो ।

यो सांस्कृतिक आदान प्रदानले याज्ञिक कर्मकाण्ड जत्तिकै देवता, मूर्ति पूजा, मठ, मन्दिरको मान्यताले सर्वसाधारणमा ठाउँ बनायो भने चिन्तनशील ऋषि मुनिका दिव्य चक्षुले उपनिषद्का ब्रह्मको अस्तित्व ठम्याइ-सकेका थिए । यज्ञ विधान सर्वसाधारण जनताको माझबाट उठेर राजा महाराज ठूला ठूला महर्षिहरूको पेवा हुन पुगेको थियो । आफूले गरेको कामबाट अरूलाई असुबिधा हुने छ भने त्यो कुरा नगर । अर्थात्– आफ्नो स्वतंत्रताको उपभोग गर्दा अरूलाई दुःख कष्ट नहुने गरी मात्र गर भन्ने मान-वीय आदर्शको मूल्यले सर्वत्र मान्यता पाइसकेको थियो ।

शक्तिले मात्र गरिएको विजय दिगो हुँदैन । विजित जातिलाई वश गर्न प्रेम, सद्भावना र उनीहरूको धार्मिक र सांस्कृतिक आस्थालाई पनि मान्यता दिनु, सामाजिक प्रचलनका रीति स्थितिलाई पनि चल्न दिए विस्तार विस्तार आफ्नो सभ्यता संस्कृतिले प्रभावित पार्नु तथा उनीहरूका असल र उपयोगी काम कुरा, चाड-पर्व, जात्रा मात्रा, देवी, देवता उपासना र राम्रा साधना पद्धतिलाई केही हेरफेर गरेर या यथावत् नै स्वीकार गरेर अङ्गीकार गरिएकोले विश्वलाईनै आर्य बनाऊ भन्ने वेदको महाबाणीलाई सफल प्रयोग गर्न सके ।

उत्तर भारतमा सर्वत्र विजय दुन्दुभि बजाए तापनि दक्षिण भारत-का आदिवासी तथा विन्ध्याटवी, दण्डकारण्यका अनार्य र नृशंसक जातिलाई वश गर्न र आर्य सनातन धर्मका यस वेलासम्म विकसित उच्च आदर्शहरू, मानवीय उदात्त भावनानुरूप गरिने क्रियाकलाप तथा चरित्र निर्माणका शिक्षा दिक्षाहरू पनि त्यस क्षेत्रका वासिन्दाहरूमा पुऱ्याउन आवश्यक ठानेर धेरै ऋषि मुनिहरूले यो अभियान शुरू गरिसकेका थिए । हज्जारन शिष्य, प्रशिष्यले सहित महर्षि अगस्त्य,भारद्वाजकुल गौतमकुल आदिले दण्डकारण्यमा आश्रम बनाएर विभिन्न शिक्षण पद्धति प्रवचन,व्याख्यानका साथै आफ्ना संयमित जीवनले उच्च आदर्श, विद्या कोशल र पराक्रमले प्रभावित गर्न शुरू गरे तापनि जङ्गलमा यत्रतत्र भ्रमण गरेर नरसंहार गर्ने राक्षस जातिलाई प्रभावित गर्न सकेका थिएनन् । बरू राक्षसले हज्जारन ऋषिपुत्र, शिष्य, प्रशिष्यलाई मारेर मासु खाए । मांस भक्षण गरेर फ्याकेका हज्जारन मानव अस्थि पञ्जर बनवासी राम लक्ष्मणले देखेका थिए । त्यो जङ्गली प्रदेशमा ठाउँठाउं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वानर जातिका मनुष्य, ऋक्ष (भालू) जातिका मनुष्यको पनि बस्ती थियो र यो अर्धसभ्य जाति वीर लडाकू भएकोले राक्षस जातिको बीचमा पनि अस्तित्व कायम राख्न सफल भएको थियो ।

वृद्ध राजा दशरथले शिक्षा दिक्षाले योग्य वीर पुत्र रामलाई राज्य कार्यमा सहायक बनाउने इच्छाले युवराज पदमा अभिषेक गर्ने विचार गरे। राजा वृद्ध भइसकेका हुँदा राज्यसञ्चालनको पूर्ण दायित्व युवक राजाकै काँधमा पर्दथ्यो । युवराजको पदमा प्रतिष्ठित हुनु नै भावी राजाको स्थानमा नियुक्त हुनु हो । यसर्थ युवराज बनाउन पुरोहित, मंत्री, प्रमुख राज्य सहायक कर्मचारीको स्वीकृति चाहिन्थ्यो भने उत्तराधिकारीको छनौटमा जनमतको पनि विचार गरिन्थ्यो । बल, विद्या बुद्धि चरित्रले अयोध्यावासी जनतालाई रामले पूर्ण प्रभाव पारेका थिए । मंत्री गुरू र अन्य सभा समिति पनि रामकै पक्षमा थियो । सबैको विचार बुझेर नै महाराज दशरथले युवराज पदको अभिषेक गर्न तयारी गरे ।[१]

रामायणको अनुशीलनबाट त्यस बेला युवराजको पद राजाकै तुल्य थियो र युवक राजाले वृद्ध राजाको निर्देशनमा रहेर राजकाज चलाउँथे भन्ने कुरा ज्ञात हुन्छ । केही समय राज्य सञ्चालनको दक्षता हेरेर त्रुटि भए सुधार्ने र आवश्यक निर्देशनद्वारा दायित्त्व वहन गर्ने क्षमता बुझेपछि राज्य सुम्पेर वानप्रस्थ आश्रममा राजाहरू जाने परम्परा भएकोले सुयोग्य शासक रामको काँधमा यो दायित्त्व सुम्पने कार्यक्रमको योजना गरिएको थियो ।

जनता, पुरोहित, राज कर्मचारी, मंत्रीगण सबैको मंजुरी लिएर राज्यभार सुम्पन तयार भए तापनि कान्छी रानी कैकेयीको माँगले प्रतिज्ञा बद्ध राजाको हुकुमबाट रामलाई चौध वर्षको बनवास र आफ्नो छोरा भरतलाई राज्य दिलाउने कार्य भएकोले यसबेला विशेषाधिकार राजामा निहित थियो भन्ने थाहा हुन्छ ।

अन्यथा सभा, समिति, पुरोधा एवं जनताको मन्तव्य नै राजाको वरणमा प्रमुख मानिने वैदिककालको परम्पराको उल्लेख माथि नै भइसकेको छ ।

---

१. तस्य धर्मार्थं विदुषो भावमाज्ञाय सर्वशः । ब्राह्मणा बल मुख्याश्च पौरैर्जानपदैः सह । समेत्य ते मंत्रयितुं समता गत बुद्धयः इत्यादि, अयो० २ सर्ग १६५४ ।
अयोध्यायां त्वमेवाद्य भव राजा निगृह्य माम् । अयो ३४।२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरदिने प्रतिज्ञा गरेर पूरा नगर्नु क्षत्रियको लागि मरण तुल्य थियो। राजा दशरथले कठिन मृत्युतुल्य वेदना बोकेर रामलाई बनवास जाने आज्ञा प्रसारित गरे। राजाको प्रतिज्ञा पालनको मर्यादालाई जीवन्त राख्न गुरु, पुरोहित मंत्री र जनता रामकै पक्षमा भए पनि यो राजाज्ञाको उल्लङ्घन भएन। राज्यशक्ति आफ्नो पक्षमा बनाई बाबुलाई बन्दी बनाई सतासीन भएको घटना विभिन्न देशका राजवंशमा नपाइने होइन। यी कुरा पुत्रप्रति अथाह स्नेह राख्ने दशरथले पनि चाहेका थिए। किन्तु रामचन्द्र राज्यको निम्ति यस्तो कलङ्क बोक्न चाहदैनथे। मातृदेवो भव, पितृदेवो भव भन्ने हिन्दू धर्म र शिक्षाको गरिमालाई अक्षुण्ण राखेर जुन कीर्तिगाथा कमाउन सकिन्थ्यो तथा यो देशका राजा प्रजाबाट पृथ्वीका सबै मानिसहरूले धर्म, संस्कृति चरित्रबल सिकुन् भन्ने मनुको ओजस्वी बाणीको मर्यादा कायम रहेर हिन्दू धर्मको उच्चता र महत्ता पनि विश्वले थाहा पाउँथ्यो, त्यो आदर्श मर्यादाको उल्लङ्घन गर्नु सूर्यवंशी नरेशको निम्ति अपराध नै हुने कुरा रामले ठहराए। भातृप्रेम, मान्यजनको स्नेह र ममता, जुन आदर्श चरित्र र व्यवहारले प्राप्त गरेका थिए, त्यो पनि सत्ता लोलुप भएर राख्न सकिदैनथ्यो। सूर्यवंशी क्षत्रियप्रति, यिनै आदर्श गुण, पितृमातृ तथा गुरु भक्ति, धर्म संस्कृतिको रक्षा, जनतालाई पुत्रवत् स्नेह गर्ने चरित्रले सर्वोच्च शासकको रूपमा आर्यहरूले स्वीकार गरेका थिए।

राज्यका सप्तङ्ग आफ्नो पक्षमा भएको र आफूलाई वन्दी बनाएर पनि रामले राज्यगरोस् भन्ने पितृइच्छा भएर पनि सत्ता त्याग गर्न सकेकोले नै राम मर्यादा पुरूषोतमको नामले प्रसिद्ध भए। आदर्श पुत्रको आचरणले नै ईश्वरीय विभूतिको रूपमा राम चर्चित भए। मानवको स्वभाविक प्रवृत्तिले आफ्नो अनुकूल भएको सत्ता अस्वीकार गरेर बनवास रोज्ने कुरा असम्भव नै थियो।

राजा दशरथले मृत्यु कबुल गरेर प्रतिज्ञा पूरा गरे। रामले पितृ आज्ञालाई नै सर्वोपरी माने। सीता आदर्श पत्नीको रूपमा दरवारको सुखशयल छाडेर रामको पछि लागिन्। लक्ष्मण यद्यपि विमातृभाइ हुन्, तथापि जेठा छोराले पाउने गद्दीको हक हननहुँदा क्षत्रियोचित आक्रोश व्यक्त गर्दछन्।[१] तापनि भातृप्रेमले वंशीभूत भएर चौध वर्षको कठिन ब्रह्मचर्य

१. प्रोत्साहितो ऽयं कैकेय्याः संतुष्टोयदिनः पिता। अग्निप्रभूतो निःसङ्गं वध्यतां वध्यतामपि। अयो० २१।१२–१३
र अहं राघव कैकेय्या वरदानेन मोहितः। ई०(वाल्मीकि रामायण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्रतको पालना गर्दै रामकैपछि लाग्दछन् । आमाको प्रयत्नले गद्दीको हकदार बन्न पाएका भरतको निम्ति पनि यो सत्ताको लाभ, अन्याय र मर्यादारहित ठहरिन्छ । गद्दीका हकदारको बनवास, पुत्रशोकले पिताको मृत्यु, जनभावनाको खिलाप, व्यतिक्रमले प्राप्त हुन आएको राजपाठ, भरतको लागि असह्य भार हुन्छ । कुलोचित मर्यादाको हनन र जनभावनाको विपरीत स्वार्थको नङ्गापनले आकूल भएका भरत आफ्नी आमाप्रति पनि आक्रोश व्यक्त गर्दछन् । उनले रघुकुलको मर्यादा, आर्यहरूको परम्परागत धर्म संस्कृतिको घात गरेकी थिइन् । धर्म विरुद्ध आचरण गर्ने स्वार्थी व्यक्ति मान्यजन भए पनि प्रताडना योग्य हुन्छ ।

आर्य धर्ममा उदात्त चरित्र कायम गर्ने रामचन्द्रको त्याग र निस्वार्थ भावनाले भरतलाई झन् प्रभावित गर्दछ र अगाध भातृस्नेहमा डुबेर राम नफर्केसम्म रामको अनुचरको रूपमा राज्य सञ्चालन गर्न वाध्य हुन्छन् । राज्यको सिंहासनमा रामकै खराउ राखिएको हुन्छ ।

सरयूकिनारको राजधानीबाट वनवास जाँदा उत्तराखण्ड पनि जान सक्तथे । हिमालय नै तपोभूमि पनि मानिएको हो । तर रामचन्द्र यो चौध वर्षमा पनि केही काम गर्न चाहन्थे । त्यस बेलासम्म दक्षिण आर्य धर्म संस्कृतिले ढाक्न सकेको थिएन । राक्षस जातिको विचरणभूमि भएकोले उत्तरी भागमा दक्षिणात्य भयानक ठाउँ मानिन्थ्यो । धर्म संस्कृति प्रचार गर्न समर्पित ऋषि मुनिहरू पनि धेरै संख्यामा राक्षसको आहारा भएका थिए। यो कुरा रामलाई राम्ररी थाहा थियो । उत्तरमा चन्द्र, सूर्यवंशी राजाहरूले राज्य स्थापना गरी आर्यावर्त बनाइसकेका थिए । अब बाँकी थियो विन्ध्यको दुर्लङ्घ्य पर्वतमाला र त्यसको दक्षिण उत्तरका अधित्यका र उपत्यकाहरूमा रहेको भयावह जङ्गलहरू तथा त्यसक्षेत्रमा आवाद भएका दुर्धर्ष जङ्गली जातिको जनसमूह । ती जातिलाई युद्धद्वारा परास्त गरेर धर्म संस्कृति फैलाउनु, नयाँ क्षत्रिय राजवंशको स्थापना, ऋषि मुनिको संरक्षण गरेर धर्म प्रचारमा सहयोग पुऱ्याएनु नै महत्त्वपूर्ण कार्य थियो । राक्षस जातिलाई बलिष्ट र विद्वान् राजा रावणको संरक्षण प्राप्त थियो । यसकारण पनि ऋषिहरूको प्रभावदेखि मुक्त थिए ।

राजा भएर ठूलो सैन्य बलले युक्त अभियानद्वारा यस बेहद, अनकन्टार, खोच, खोल्साले पारपाउन नसकिने क्षेत्रका लुकिछिपी आक्रमण गर्ने बनैया जातिलाई विजय गर्न सकिन्नथ्यो । उनीहरू फेलै पर्दैनथे र सामु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दैनथे । यसकारण असीम बल बुद्धिका धनी भगवान् रामले तपस्वी जीवनले एकाकी बिचरण गर्दा नै यो जातिसँग भेट हुने र शस्त्रबल, शास्त्र-बलद्वारा वशगर्न सकिने विचार गरेर यो महान् कार्य सम्पन्न गर्न दक्षिणको बाटो लिए ।

धर्मप्रचारक ऋषिहरूको सुरक्षा आवश्यक थियो । शूर्पणखा(नाङ्लो जस्तो चेप्टो नाक भएकी) राक्षसी स्त्रीको नाक-कान गरेर राक्षसीसमूहलाई युद्धको निम्ति आह्वन गरे । यसै निहुँको युद्धमा शास्त्रबलले तह नलाग्ने चौधहजारखर, दूषण आदि नेतासहित, राक्षस समूह बिनाश भए । त्योक्षेत्र हिंस्रक जाति रहित भयो । राक्षसी सेनाको संहारमा रावणको प्रतिक्रिया हुन्छ भन्ने कुरा रामलाई थाहा थियो र भयो पनि । सीताहरणपछि सहायता खोज्दा वानर जातिका मनुष्य ऋक्ष जातिका मनुष्यसँग रामको भेटभयो । यो जाति ऋषिमुनि-सँग प्रभावित थियो तथा आर्यसंस्कृतिका कतिपय काम कुराहरू अपनाउँथ्यो । आर्यधर्ममा नमिल्ने केही परम्परागत चलन भने बाँकी थियो ।

मर्यादा पुरुषोत्तम रामले लुकेर बालिमाथि बाण हानेर हत्या गरे । यो आर्यमर्यादाको प्रतिकूल थियो र बालिले यो अधर्मप्रति आर्य धर्मावलम्बी रामलाई दुत्कार्‍यो पनि । रामले बुहारी राखेको अनाचरणको अभियोग लगाएर पापी जसरी भए पनि वध्य हुन्छ भन्ने सङ्केत गरे । बालिले हाम्रो जातिमा यो प्रथाबर्जित छैन भन्यो र तिम्रो कार्यसाधन म नै गरिदिन्थे, मेरो हत्यागर्नु पर्दैनथ्यो भन्यो ।

किन्तु सुग्रीबबाट रामले जुन सहयोग पाउन सक्थे र रामको धर्म मर्यादामा सुग्रीव बाँधिन सक्दथे, बालिबाट सम्भव थिएन । ऊ वीर उदण्ड र जातीय संस्कृतिको पक्षपाती थियो । सुग्रीवकी पत्नी फिर्ता गर्ने थिएन र अन्य वैदिकधर्मका आचरण पनि मान्ने थिएन । फेरि बालिलाई गुन लगाउने बाटो पनि थिएन र बालिले रामले भनेको मान्नु पर्ने अर्को कारण पनि छैन ।

धर्माचरण नगर्ने बलिष्ट व्यक्तिलाई आफ्नो संस्कार आचरणमा ल्याउन सम्भव हुँदैन । तमाम बानर, ऋक्षजाति मात्रै होइन अन्य जनजाति पनि बालिको दवदवामा थिए । यसकारण बालिको हत्याले जति डर त्रासद्वारा जनजातिलाई वश गर्न सकिन्थ्यो त्यति बालि जीवित राखेर हुने थिएन । दूरदर्शी रामले यी कुराहरू राम्ररी बुझेका थिए र तदनुकूल कार्य सम्पादन पनि गरियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक सनातनधर्मको प्रचार प्रसारका लागि नै गरिएको यो अभियान भएकोले बालिको पापाचार भातृपत्नी हरणनै मूल कारण हो भन्ने रामायण कर्ताको मन्तव्य छ । यसबाट सामाजिक नैतिकताको पालना गराउने कार्यका डर पनि ठूलो सहायक बन्ने कुरा स्पष्ट हुन्छ । दक्षिण भारत वर्षको एकछत्र विजयी बालिको बधले अन्य अनार्यकुलका व्यक्तिले पनि विरोध गर्न साहस गरेनन् ।

दोस्रो परमवीर विद्वान् ब्राह्मण भए तापनि भौतिक साधनमा आकृष्ट राक्षसी आचरण युक्त रावणको पराजय भएपछि मात्र दक्षिणमा वैदिक धर्मको विरुद्ध शिर उठाउने अन्य व्यक्ति कोही हुने थिएन । उसको विरुद्ध अभियान गर्ने निहुँ सीता हरण थियो । राक्षसी धर्ममा अर्काकी पत्नी हरण गर्नु अपराध थिएन । यौनतृप्तिको निम्ति बलियाले जे पनि गर्न सक्दथ्यो । तर आर्य धर्ममा सतीत्व तथा एकपत्नीव्रत जस्ता महत्त्वपूर्ण आदर्श कायम गर्नु अत्यन्त आवश्यक थियो । सन्तानको कामनाले तीन पत्नी जम्मा गर्ने महाराज दशरथले बुढेसकालमा अत्यन्त प्यारो र योग्य पुत्रलाई उत्तराधिकारी बनाउन पाएनन् । यो ताजा घटनाले बहुपत्नीत्व कति अनिष्टकारी हुन्छ भन्ने कुरा रामलाई शिक्षा दियो ।

पतिप्रति समर्पित भावना र पातिव्रत्य एक आदर्श हो भन्ने कुरा चाहिं राक्षसी कुलमा पनि मान्य हुन लागेको थियो ।

किन्तु रामायणका समीक्षक इतिहासकारको भनाइ छ–रामायण कालमा सतीदाह प्रथा भने थिएन र महाभारतकालमा भने यो चलन चलिसकेको थियो । मेगास्थनिज (ईसवी पू. तेस्रो शती) को उल्लेखमा भने सतीप्रथा प्रचलित थियो । वैदिककालमा यसको संकेतसम्म पनि पाइदैन । श्री हाप किन्स जस्ता समीक्षक भने रामायणको कलाकृतिलाई हेरेर रामायण महाभारत पछिको हो भन्दछन् । किन्तु–रामायणका लेखक छुट्टै भएकोले लेखन कला तथा शैली एवं अभिव्यक्तिमा भिन्नता हुनु आश्चर्य हुँदैन । रामायण एक व्यक्तिको आदर्श र मर्यादाको अभिव्यक्ति गर्ने कृति हो र महाभारत युद्धरत आर्यको चरित्र, युद्धको कारण, भारत वर्षका विभिन्न कालका नायकको चरित्र, ऐतिहासिक आर्य मर्यादाको विकास क्रमको दिग्दर्शन र विवेचना गर्ने महाकाव्य ग्रन्थ हो जसमा आर्यजनका इतिहासको कुनै पक्ष छुटेको छैन । जसको विवेचना अन्यत्र गरिनेछ ।

महाभारतमा रामकथा पाइन्छ तर रामायणमा भारत युद्धको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उल्लेख छैन । पाटलीपुत्रशहर कालाशोकले स्थापना गरेको (ई. पू. चौथो शती) मानिन्छ यसको उल्लेख रामायणमा छैन ।

रामचन्द्र, पुरानो अंश बाँकी रहेका भनेर मानिएको पुराण तथा हरिवंशअनुसार, मनुका ६१ पुस्ताका व्यक्ति हुन् । युधिष्ठिरका समकालीन अयोध्याका राजा ८५ पुस्ताका देखिन्छन् । प्रत्येक पुस्तालाई २५ वर्ष अवधि दिएर लेखा गर्दा महाभारतकालभन्दा ६ सय वर्ष पहिलेका रामचन्द्र हुन आउँछन् । वैदिक साहित्यअनुसार युगगणना गरी सयवर्षे युग मानेको खण्डमा सत्ताइसौं चतुर्युगीको त्रेतायुगमा रामचन्द्र भएका थिए । अठ्ठाइसौं चतुर्युगीको द्वापरको अन्त्यमा राजा युधिष्ठिर भए । अथवा युगगणना गर्दा संध्या दश प्रतिशत र सन्ध्यांश दश प्रतिशत लेखा गर्दा रामदेखि युधिष्ठिर-सम्म ७२० वर्षको समय हुन आउँछ र चौबीस पुस्तालाई उक्त समय बाँड्दा एक व्यक्तिलाई तीस वर्षको समय पर्न आउँछ ।

हिन्दू परम्परामा आशिर्वाद दिंदा विलासय आयु होस् भन्ने चलन छ । सय वर्षको युगमान मानेर १०% (प्रतिशत)सन्ध्या र १०% (प्रतिशत) सन्ध्यांश जोडी एकसय बीस वर्षको एक युग मानिएकोले एक युग नै बाँचेस् भन्ने आशीर्वचन तथ्य युक्त छ । यहाँ फेरि पनि के आवश्यक परेको छ भने यो मानवीय युग गणना हो । देवताको अथवा ब्रह्मा (सृष्टि) यो आयु गणना गर्ने वर्तमान युगप्रणाली दैवयुग प्रमाण हो, जुन सृष्टि र पृथ्वीको आयु गणना गर्ने कामलाई मात्र उपयुक्त छ । किनकि वेदको प्रमाण नै हाम्रो वास्तविक प्रमाण हो । मानवीयुग सय वर्षभन्दा बढीको वेदमा उल्लेख छैन ।

आर्य परम्परामा अयोध्याका राजा रामको राज्यकाल हिन्दू सभ्याताको अत्युच्च शिखरमा पुगेको अवस्थालाई व्यक्त गर्दछ । आदर्श राजा, आदर्श भातृप्रेम, आदर्श पत्नीको चरित्र र विकसित वैदिक सनातन-धर्मको सामाजिक मान्यताहरू हामी रामराज्य कालमा देख्न पाउँछौं । जुन कुरा हाम्रा ऋषि महर्षिहरूका कल्पना भिन्न थिए, त्यो साक्षात् रूपमा रामा-राज्यभिन्न थियो ।

आदर्श रामको चरित्रमा शंकास्पद स्थितिको चित्रण गर्ने बौद्ध साहित्यमा दशरथ जातक भन्ने ग्रन्थ पाइन्छ । यसैको आधारमा रामायण लेखिएको हुनुपर्छ भन्ने केही विदेशी विद्वान्हरू पनि छन् । बुद्ध धर्म जातिवाद नमान्ने, र सनातधर्म, वर्ण व्यवस्थाको पक्षपाती भएकोले जातिवादको अस्तित्व नमान्ने पाश्चात्य विद्वान्हरूको भावना र कलममा बुद्धधर्म प्रति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेष आस्था रहेको पाइन्छ ।

यसकारण हिन्दूधर्मका इतिहास, पुराण, आगम र दर्शन साहित्य तथा रामायणलाई पनि बुद्धभन्दा पछिको उल्लेख गर्दछन् । नमिल्दो कुरा के छ भने, वेद र वैदिक साहित्यका ब्राह्मण, आरण्यक र केही उपनिषद्लाई भने बुद्धभन्दा अगाडिको मान्दछन् । वेदमा इतिहास र पुराणको उल्लेख छ । वेद पुरानो भएपछि त्यसमा उल्लिखित इतिहास र पुराण गाथा बुद्धपछिका कसरी भए ? आश्चर्य छ र यो पूर्वाग्रहबाहेक केही होइन । पुराण पनि इतिहासकै डोरेटोमा हिड्ने भएकोले आधुनिककालका घटना समय समयमा थपिने र संशोधन भए भन्ने कुरामा भने हामी पनि सहमत छौं ।

दशरथ जातकमा कथा प्रसङ्ग के छ भने राजा दशरथ जङ्गलमा गएको वेला कुनै ऋषि पत्नीसँग समागम गर्दछन् । उनीले गर्भ धारण गर्दछिन् र लोक लज्जाले बालक पैदा भएपछि राजाजनकले हलो जोत्ने गरेको बन्जर भूमिमा लगेर छोपछाप पारी राखी दिन्छन् । जनकले फेला पारेर सालनाल समेतकी बालिकालाई पुत्रीका रूपमा पालना गर्दछन् हलोको सियामा पाइएकी हुनाले उनीको नाउँ सीता रहन्छ ।

हिन्दूशास्त्रअनुसार सालनाल सहितको बालक जसले पाएर नाल बेडाई जातसंस्कार गर्दछ, त्यही जातिको पुत्र वा पुत्री मानिन्छ । जन्मसँग सम्बन्ध रहँदैन । यसकारण सीता राजा जनककै छोरी मानिइन् । आदर्श पुरुषोत्तम रामले सीताको उपाख्यान थाहा पाएर पनि कुल, गोत्र थाहा नभएकी भन्न सकेनन् । विश्वामित्रले पनि रामसँग विवाह सम्बन्ध गराउन नै चाहे । यो कुरामा कसैको आपत्ति भएन ।

दशरथ जातकको कथानुसार सीताले दान धर्म गर्न लाग्दा पुगेकी ऋषि पत्नीले छोरी भन्ने बुझेर माया गर्छिन् । यसको कारण खोतल्दै जाँदा दशरथकै वीर्यज सन्तान सीता भएकीले रामले सीतालाई त्याग गर्दछन् । रामले बोलाइ पठाउँदा अथवा भेटन चाहँदा उनी पृथ्वी गर्भमा लीन हुन्छिन् याने आत्म त्याग गर्दछिन् । किनकि वास्तविकता सीताले पनि थाहा पाएकी थिइन् ।

यो जातक कथाको रचना गर्नुपर्ने आवश्यकता किन पऱ्यो ? यसबाट बुद्धधर्म सम्बन्धी के विशेषता पाइन्छ ? भन्ने कुराको विश्लेषण गर्दा वैदिक सनातन धर्मका अनुयायीले आदर्श पुरुषोत्तम भनेका रामको चरित्र-हत्या गर्ने र बहिनीसँगको सम्पर्क गर्ने इक्ष्वाकु वंशका सन्तान आफूलाई मान्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाक्य कुलमा बौद्धहरूले ईश्वरावतार मानेका बुद्धको जन्म भएकोले उनप्रति प्रतिस्पर्धा गर्ने ब्राह्मण कुललाई जवाफ दिनको लागि नै यो जातकको रचना भएको हो भनेर किट्न सकिन्छ ।

आदिमानव समाजमा दाजु बहिनीको विवाह भएका उदाहरण नपाइने होइन । मिश्रका राजवंशको प्राचीन इतिहास हेर्दा रक्तशुद्धि र वंशशुद्धिको निम्ति बहिनीहरूसँग नै विवाह गर्थे । पश्चिमैशियामा साम्राज्य जमाउने मितनी राजवंश (आर्यहरूकै एक शाखा) ले मिश्रको देखासिकी गरेको इतिहास पाइन्छ । अरब बेविलोनको इतिहास मात्र होइन, आज पनि यो प्रथा स्वीकार्य नै छ दूध बारेपछि ।

किन्तु आर्यहरूको इतिहासमा ऋग्वैदिककाल देखिनै यो प्रथा घृणास्पद मानिएको छ । यम र यमीको सम्वाद सूक्तमा अन्य जनजातिमा चलेको यो प्रथालाई संकेत गर्दै दाजु यमलाई पति बनाउन चाहने यमीलाई यमले निषेध गर्दै अन्य व्यक्तिलाई पतिरूपमा वरण गर्ने सल्लाह दिन्छन् (ऋ.(१०।१०) मा यो सूक्त पाइन्छ ।

यो सूक्तको उल्लेख गर्नु र सर्वप्राचीन मानिएको ऋग्वेदमा नै यो कुरा पाइनुले आर्यहरूमा यस कुराको प्राचीनकालदेखि नै निषेध थियो भन्ने कुरा सनातन धर्मका छिद्रान्वेषी तथा बुद्धधर्म र साम्यवादका घोर पक्षपाती राहुल सांस्कृत्यायन जस्ता व्यक्तिले पनि आफ्नो ऋग्वैदिक आर्य भन्ने पुस्तकमा स्वीकारेका छन् । यसकारण इक्ष्वाकुवंशसँग आफ्ना पुस्ता जोडने शाक्यकुल के ऋग्वेदकालभन्दा पहिले नै छुट्टिएको थियो ? यो समाज बहिस्कृत भएर जङ्गल पसेको थियो ? भन्ने प्रश्न अन्वेषकको मनमा सहजै उब्जन्छ । बुद्धकालीन समाजमा यो प्रचलन हराइसकेको थियो ।

इक्ष्वाकुका साठी एकसठ्ठी पुस्ताका राम-दशरथको बेलामा आर्यहरूको समाजरचना, ज्यादै उन्नत र धार्मिक थियो । उक्त घटना सत्यको नजीक भए रामले पत्नी मात्र होइन, सन्तान पनि स्वीकार्न सक्तैनथे । यो कुरा थाहा पाएकी सीताले पहिले नै आत्महत्या गर्ने थिइन् । अथवा हिन्दुदर्शनअनुसार सालनालसहित प्राप्त गर्ने जनक कै छोरी मानिएकी सीतासँगको सम्वन्ध त्यति गर्हित पनि मानिन्नथ्यो होला ।

दशरथ जातकको रचनाबाट उपर्युक्त दुई कुराको उद्देश्य थाहा हुन्छ, अर्थात् ब्राह्मणवादका आदर्श पुरुषको चारित्रिक हत्या र शाक्य कुलको समर्थन । साथै बौद्धधर्मको प्रचारमा रामको आदर्श चरित्र पनि बाधक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो । बुद्ध र उनका अनुयायी गणतंत्रका समर्थक हुँदा आदर्श चरित्र भएका रामलाई, जो राजतंत्रका महान् विभूति मानिन्थे, उनको महत्त्व घटाउनु थियो ।

बुद्ध ब्राह्मणवादका घोर विरोधी थिए र सनातन धर्मका पक्षपातिले बुद्धको घोर निन्दा गर्थे भन्ने कुरा इतिहास, दर्शन, र बुद्ध साहित्यको पाठकहरूले सजिलै थाहा पाउँछन् ।

उपर्युक्त प्रसङ्गबाट रामायणको रचना बुद्धभन्दा निकै पहिले भइसकेको थियो र राम कथाले समाजमा व्यापकता पाएकोले दशरथ जातकको आवश्यकता बुद्धिष्टहरूलाई परेको बोध हुन्छ । साथै आर्येतर जाति र आर्यर भन्दा टाढा जङ्गलमा बस्ने आर्य सन्ततिहरूमा विवाह बन्धनको सामाजिकता शिथिल थियो भन्ने थाहा पाइन्छ ।

महाभारत कालको प्रतिस्पर्धा, अहं मन्यता, आपसी द्वेष कलह, रामको समयमा थिएन । आर्यहरूलाई बस्न, राज्य गर्न नयाँ ठाउँ प्रशस्त थियो । विन्ध्योतर भारतवर्षमा पूर्व समुद्रसम्म भरखरै आर्यहरूले विजय गरेका थिए र दक्षिणमा यत्र तत्र प्रयास भइरहे तापनि सफल भएको थिएन र जुन काम रामबाट सम्पन्न भयो । रामका भक्त सनातन धर्मका अनुयायी विभीषणले लङ्काको राज्य पाए तथा सुग्रीवले किष्किन्धाको । नयाँ आवादी बढ्दै थियो । जङ्गलवासी निषाद, भिल्ल शबर, आदि स्त्रो लाइड जाति पनि प्रभाव क्षेत्रभित्र आइसकेको थियो र आर्य ऋषि मुनिलाई धर्म संस्कृतिको शिक्षा दीक्षा गर्न, कला, ज्ञान विज्ञानको प्रचार प्रसार गरेर आर्य बनाउन, अब कुनै तागो-तगारो थिएन । ब्राह्मणहरू पसेर सर्वत्र प्रभुत्व जमाएपछि क्षत्रिय कुललाई विनालडाई झगडा राज्य गर्नको निम्ति आह्वान गरिन्थ्यो । विना युद्ध नयाँ ठाउँ वशवर्ती बनाउने यो शस्त्र, सेन वंशी र श्री ५ वडा महाराजाधिराज पृथ्वी नारायण शाहले पनि प्रयोग गरेका थिए भन्ने कुरा इतिहासको अन्वेषण गर्दा थाहा पाइन्छ ।

रामराज्य कालमा कोशल राज्य बाहेक अन्यत्रका राजा पनि आफ्नो आफ्नो देशको निर्माण विकास गरी नयाँ नयाँ आदर्शको स्थापना गर्ने होडवाजिमा लागेका थिए । जसका निम्ति अयोध्याको राज्य र सूर्यवंशी राजाको आदर्श चरित्र अनुकरणीय थियो । आर्यसन्तान फिजिएका मुलुकमा राम कथा र आदर्श चरित्र नपुगेको ठाउँ थिएन । अशिक्षा, अज्ञान, हिंसा, द्वेषले पीडित समाजको लागि रामचरित्र आनन्द दायक र अनुकरणीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएकोले हिन्द–एशिया, हिन्द चीनदेखि पश्चिम एशियासम्म रामकथाले व्यापकता पायो। दशरथ जातक बोकेरपछि लागेका बुद्ध भिक्षुहरूले पनि रामायणको आदर्श पक्षलाई मेटाउन सकेनन्। यसकारण अनेक रामायण, राम कथा काव्य, नाटक, उपन्यास, भाण चम्पू, स्तोत्रहरू बन्दैरहे आज पनि राम कथामा काव्य नाटक बन्दैछन्। हिन्दूहरूको यो साझा संस्कृतिले सर्वत्र ढाकेकै छ। संस्कृत, प्राकृत, दुर्बोध भएपछि पनि तुलसी दास जन्मे हिन्दूस्थानमा। नेपालीहरूलाई हिमालको काखमा भाषा र सांस्कृतिक एकताको शंखध्वनि गरेर ब्युझाउन एक शताब्दी अगाडि भानुभक्त जन्मे। आधुनिक कालमा पं. सोमनाथले आदर्श राघव महाकाव्य लेखे, गुणराज खनालले भरत मिलाप महाकाव्य लेखे। उमानाथ शास्त्रीले विदेह बाला महाकाव्य दिएर राम-राज्यको सांस्कृतिक बिगुल फुकेका छन्। नेपालले जनकपुरमा राम जानकी विवाह मण्डप हजारौं वर्षपछि पनि रचना गर्दैछ। रामचरित्र हिन्दू संस्कृतिको महान् आदर्श युक्त समुज्वल पक्ष हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैटौं अध्याय

महाभारतकालीन संस्कृति

महाभारत ग्रन्थ हिन्दू सम्प्रदायको विशालकाय ग्रन्थ हो । 'यन्न भारते तन्न भारते,' अर्थात् महाभारतमा जुन कुरा उल्लेख भएको छैन त्यो भारतवर्षमा नै छैन भनेर यसका विवेचकहरूले भनेका छन्, जुन कुरा सत्य पनि छ । महाभारतमा हिन्दूमर्यादाको, राजतंत्रात्मक इतिहासको मात्रै लेखा-जोखा नभएर प्रजातन्त्रबाट समाजबाद, साम्यबाद र अराजकताबाद समेतको विशद वर्णन र समालोचना पाइन्छ ।

धर्म संस्कृतिका महत्तम आदर्श, संमान्य मर्यादा, अत्युच्च सामाजिक स्थिति, गम्भीर राजनीतिक चिन्तनका साथै चिन्तन मननका उच्चतर पक्ष–न्याय, वेदान्त, वैशेषिक सांख्य, योग, मीमांसा जस्ता दर्शनको व्याख्या पनि महाभारतमा उल्लेख भएको छ । क्रोध, द्वेष, अहं मन्यता, धनलोलुपता, मोह, मद, मात्सर्यका अभिभूत व्यक्तिहरूको परिणतिको अवलोकन गर्न पाइन्छ भने सदाचारी र धर्मनिष्ठ व्यक्तिबाट जुवा खेल्नु, पत्नीलाई व्यक्तिगत सम्पत्तिको रूपमा बाजी थापेर हार्नु, विजेताद्वारा गरिएको अपमानजनक कृत्यबाट विनाशकारी युद्धको बीजारोपण हुनु आदि कुरापनि पाइन्छन् । महाभारतका चरित्र नायकको राम्रो र नराम्रो दुवैपक्ष महर्षि व्यासले हाम्रा सामुमा राखिदिएका छन् ।

महाभारतको युद्ध र ग्रन्थ रचनाको समयमा पनि विद्वान्हरूको मतैक्य पाइदैन । हाम्रा सबैजसो पुराणहरूले कृष्णलाई द्वापर युगको अन्तमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको उल्लेख गरेका छन् भने हाम्रा नै इतिहासकार कल्हण (एघारौं शदी) र वृहत्संहिताका लेखक वराहमिहिर ६५३ वर्ष कलियुग बितेपछि युधिष्टिर भए भन्दछन्, महाभारतको युद्धमा अयोध्या नरेश वृहद्वल दुर्योधनका पक्षबाट लडेका थिए र अर्जुनको हातबाट मरे।[1] इक्ष्वाकुवंशको हरिवंश पुराण-अनुसार गणना गर्दा ८५ पुस्ता हुन्छ। किन्तु चन्द्रवंशीको गणनामा कम पुस्ता अर्थात् ७५ पुस्ता मात्र पाइन्छ। थोरै र धेरैको हिसाब गरी विद्वान्हरूले युधिष्ठिरसम्मलाई असी पुस्तामा राखेका छन्।[2]

अहिले वि. सं. २०४० मा कलिगत वर्ष ५०८४ हुन्छ। यसमा पुराणका हिसाबले द्वापरको अन्त्य कलिको शुरुमा युधिष्ठिर भएको मानेमा वि. पू. ३००० वर्षमा महाभारत युद्ध भयो। वरामिहिरको उक्तिलाई मानेको खण्डमा २३९१ वर्ष वि. पू. राजा युधिष्ठिर भए र उनी लग—भग-४८ वर्षको हुँदा महाभारत युद्ध भएको र युद्धपछिको कालमा वेद व्यासले महाभारतको कथालाई लिएर उत्तराखण्ड बदरीनाथको नगीच पर्ने ठाउँमा बसेर 'जय' भन्ने नामको ग्रन्थ लेखे। यो हिसाब गर्दा २३४३ वि. पू. तिर महाभारत युद्ध भएको थियो र २३४० वि. पू. तिर व्यासले २४००० श्लोक-को भारत अथवा जय भन्ने इतिहास ग्रन्थ बनाए। यस आधारवाट महाभारत युद्ध तथा जय भारतको समय आजभन्दा लगभग ४३८० वर्षपूर्व हुन आउँछ।

कतिपय विद्वान्हरू माहाभारतको युद्ध ईसा पू. ९५० मा भएको अनुमान गर्दछन् भने कसैले ईसापूर्व १८०० वर्ष पनि भनेको पाइन्छ। यो तर्क—ऋग्वेदकाललाई ईसापूर्व १२०० वा २००० वर्षको अनुमान गर्नेहरूले महाभारतकालको समय निर्धारण गरेको हो। यसका अन्य ठोस प्रमाण केही छैनन्। ऋग्वेदलाई जब धेरैजसो पाश्चात्य विद्वान् ईसापूर्व ३००० वर्षको हुनुपर्छ भन्ने अनुमान गर्दछन् र ऋग्वेदमा युधिष्ठिरभन्दा ४ पुस्तामाथिका शन्तनुका दाज्यू देवापिको मंत्रसूक्त पनि संकलन भएको पाइन्छ। तर यो वेदको सङ्कलनकर्ता द्वैपायन व्यास शन्तनुको बुढेसकालमा युवक देखिन्छन्। यसकारण ऋग्वेद ३०००वर्ष ई. पू. र कतिपय मंत्र त्योभन्दा पनि प्राचीन

---

१ ततः प्रसेन जितस्मात् तक्षको भविता पुनः। ततो बृहद्वलो यस्तु पित्रातें समरेहतः। भाग ९।१३।८।

२. डा० अल्तेकर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिन्छन् भने शन्तनुका पनातीका पालाको महाभारत युद्ध ईशा पूर्व एक हजार वर्षको हुनै सक्तैन । त्यस्तै १८०० वर्ष पूर्वको भन्ने प्रमाण पनि गलत छ । भारतीय ज्योतिर्विद्हरूले दिएको समयको उल्लेख गरियो । कलिगत वर्षको विषयमा भारतीय गणितज्ञ र अन्वेषक विद्वान्हरूको मत भिन्नता छैन । वराहमिहिर (ई. ६००) को समयमा दैवी युगमानलाई नै अगाडि राखेर हिसाब गर्ने तथा यही युगमानको आधारमा पुराण इतिहासको पनि संशोधन र परिवर्तन भइसकेकोले कलियुगमान चारलाख बत्तीस हजार वर्षको मानेर युधिष्ठिरको समय निर्धारित गर्दा ६५३ कलि बितेको उल्लेख गरेका हुन् । यो आधार मान्दा युधिष्ठिरभन्दा नौलाख वर्ष पूर्वका रामचन्द्र हुन आउँछन् र पुस्ता भने युधिष्ठिरका समकालीन सूर्यवंशी अयोध्यानरेश रामचन्द्रभन्दा २४ पुस्ता पछिका मात्र देखिन्छन् । चौविस पुस्तालाई उक्त वर्ष बाँड्दा एक व्यक्तिलाई सैंतीस हजार पाँच सय वर्ष पर्न आउंछ र जो सत्य मान्न सकिदैन । यहाँ पनि सत्यको नजीक पुग्न मानवीय युगको गणना; अर्थात् वैदिक युग सय वर्षको मानेको खण्डमा भारत युद्ध या युधिष्ठिरको समय र रामचन्द्रको समयमा ६ वा सात सय वर्षको अन्तर पर्छ । प्रत्येक पुस्तालाई २५ वर्षको समय दिएमा ६०० वर्ष र ३० वर्षको समय दिएमा सात सय बीस वर्षको अन्तर पर्दछ । प्रत्येक युगलाई सन्ध्या सन्ध्यांस राखेमा १२० वर्षको युग हुन्छ । जो मानवीय परमायु भनेर ज्योतिष शास्त्रले स्वीकार गर्दछ । युगसम्बन्धी विवेचना पहिले पनि गरिसकिएको हुँदा प्रसङ्गवश कतिपय अंशको पुनरुक्ति गरियो ।

महाभारत युद्ध सकिएपछि राजा युधिष्ठिरको राज्यकालमा व्यासले वदरीकाश्रममा बसेर तीन वर्षमा जय नामक इतिहास ग्रन्थ लेखे[1] यसबाट शुरूमा युद्ध कालको र त्यसभन्दा पूर्व कथाको डोरो मात्र रचना गरे भन्ने थाहा हुन्छ र यसैलाई अझ बिस्तार गर्ने काम भयो र भारत भन्ने नामकरण गरियो, जो चौवीस हजार श्लोकको ग्रन्थ थियो ।[2] यसै ग्रन्थलाई केही

---

१. जय नामेतिहासोऽयं श्रोतायं विजिगीषुणा (उद्योग प. १३६।१८)

२. त्रिभिर्वर्षैः सदोत्थायी कृष्णद्वैपायनो मुनिः । महाभारतमाख्यानं कृतवानिदमुत्तमम् । आदि पर्व ५६।३२
चतुर्विंशति साहस्रं चक्रे भारतसंहिताम् । उपाख्यानं बिना तस्मात् भारतं प्रोच्यते बुधैः । इदं शतसहस्रंतु श्लोकानां पुण्यकर्मणाम् । उपाख्यानैः सहज्ञेयं महाभारत मुत्तमम् । आदि प. १०१–१०२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको उल्लेख गरेका छन् भने हाम्रा नै इतिहासकार कल्हण (एघारौं शदी) र वृहत्संहिताका लेखक वराहमिहिर ६५३ वर्ष कलियुग बितेपछि युधिष्टिर भए भन्दछन्, महाभारतको युद्धमा अयोध्या नरेश वृहद्वल दुर्योधनका पक्षबाट लडेका थिए र अर्जुनको हातबाट मरे।[1] इक्ष्वाकुवंशको हरिवंश पुराण-अनुसार गणना गर्दा ८५ पुस्ता हुन्छ। किन्तु चन्द्रवंशीको गणनामा कम पुस्ता अर्थात् ७५ पुस्ता मात्र पाइन्छ। थोरै र धेरैको हिसाब गरी विद्वान्हरूले युधिष्ठिरसम्मलाई असी पुस्तामा राखेका छन्।[2]

अहिले वि. सं. २०४० मा कलिगत वर्ष ५०८४ हुन्छ। यसमा पुराणका हिसाबले द्वापरको अन्त्य कलिको शुरुमा युधिष्ठिर भएको मानेमा वि. पू. ३००० वर्षमा महाभारत युद्ध भयो। वरामिहिरको उक्तिलाई मानेको खण्डमा २३९१ वर्ष वि. पू. राजा युधिष्ठिर भए र उनी लग—भग ४८ वर्षको हुँदा महाभारत युद्ध भएको र युद्धपछिको कालमा वेद व्यासले महाभारतको कथालाई लिएर उत्तराखण्ड बदरीनाथको नगीच पर्ने ठाउँमा बसेर 'जय' भन्ने नामको ग्रन्थ लेखे। यो हिसाब गर्दा २३४३ वि. पू. तिर महाभारत युद्ध भएको थियो र २३४० वि. पू. तिर व्यासले २४००० श्लोक-को भारत अथवा जय भन्ने इतिहास ग्रन्थ बनाए। यस आधारबाट महाभारत युद्ध तथा जय भारतको समय आजभन्दा लगभग ४३८० वर्षपूर्व हुन आउँछ।

कतिपय विद्वान्हरू माहाभारतको युद्ध ईसा पू. ९५० मा भएको अनुमान गर्दछन् भने कसैले ईसापूर्व १८०० वर्ष पनि भनेको पाइन्छ। यो तर्क—ऋग्वेदकाललाई ईसापूर्व १२०० वा २००० वर्षको अनुमान गर्नेहरूले महाभारतकालको समय निर्धारण गरेको हो। यसका अन्य ठोस प्रमाण केही छैनन्। ऋग्वेदलाई जब धेरैजसो पाश्चात्य विद्वान् ईसापूर्व ३००० वर्षको हुनुपर्छ भन्ने अनुमान गर्दछन् र ऋग्वेदमा युधिष्ठिरभन्दा ४ पुस्तामाथिका शन्तनुका दाज्यू देवापिको मंत्रसूक्त पनि संकलन भएको पाइन्छ। तर यो वेदको सङ्कलनकर्ता द्वैपायन व्यास शन्तनुको बुढेसकालमा युवक देखिन्छन्। यसकारण ऋग्वेद ३०००वर्ष ई. पू. र कतिपय मंत्र त्योभन्दा पनि प्राचीन

---

१ ततः प्रसेन जितस्मात् तक्षको भविता पुनः। ततो बृहद्वलो यस्तु पित्रातें समरेहतः। भाग ९।१३।८।

२. डा० अल्तेकर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिन्छन् भने शन्तनुका पनातीका पालाको महाभारत युद्ध ईशा पूर्व एक हजार वर्षको हुनै सक्तैन । त्यस्तै १८०० वर्ष पूर्वको भन्ने प्रमाण पनि गलत छ । भारतीय ज्योतिर्विद्हरूले दिएको समयको उल्लेख गरियो । कलिगत वर्षको विषयमा भारतीय गणितज्ञ र अन्वेषक विद्वान्हरूको मत भिन्नता छैन । वराहमिहिर (ई. ६००) को समयमा दैवी युगमानलाई नै अगाडि राखेर हिसाब गर्ने तथा यही युगमानको आधारमा पुराण इतिहासको पनि संशोधन र परिवर्तन भइसकेकोले कलियुगमान चारलाख बत्तीस हजार वर्षको मानेर युधिष्ठिरको समय निर्धारित गर्दा ६५३ कलि बितेको उल्लेख गरेका हुन् । यो आधार मान्दा युधिष्ठिरभन्दा नौलाख वर्ष पूर्वका रामचन्द्र हुन आउँछन् र पुस्ता भने युधिष्ठिरका समकालीन सूर्यवंशी अयोध्यानरेश रामचन्द्रभन्दा २४ पुस्ता पछिका मात्र देखिन्छन् । चौविस पुस्तालाई उक्त वर्ष बाँड्दा एक व्यक्तिलाई सैंतीस हजार पाँच सय वर्ष पर्न आउंछ र जो सत्य मान्न सकिदैन । यहाँ पनि सत्यको नजीक पुग्न मानवीय युगको गणना; अर्थात् वैदिक युग सय वर्षको मानेको खण्डमा भारत युद्ध या युधिष्ठिरको समय र रामचन्द्रको समयमा ६ वा सात सय वर्षको अन्तर पर्छ । प्रत्येक पुस्तालाई २५ वर्षको समय दिएमा ६०० वर्ष र ३० वर्षको समय दिएमा सात सय बीस वर्षको अन्तर पर्दछ । प्रत्येक युगलाई सन्ध्या सन्ध्यांस राखेमा १२० वर्षको युग हुन्छ । जो मानवीय परमायु भनेर ज्योतिष शास्त्रले स्वीकार गर्दछ । युगसम्बन्धी विवेचना पहिले पनि गरिसकिएको हुँदा प्रसङ्गवश कतिपय अंशको पुनरुक्ति गरियो ।

महाभारत युद्ध सकिएपछि राजा युधिष्ठिरको राज्यकालमा व्यासले वदरीकाश्रममा बसेर तीन वर्षमा जय नामक इतिहास ग्रन्थ लेखे[1] यसबाट शुरूमा युद्ध कालको र त्यसभन्दा पूर्व कथाको डोरो मात्र रचना गरे भन्ने थाहा हुन्छ र यसैलाई अझ बिस्तार गर्ने काम भयो र भारत भन्ने नामकरण गरियो, जो चौवीस हजार श्लोकको ग्रन्थ थियो ।[2] यसै ग्रन्थलाई केही

---

१. जय नामेतिहासोऽयं श्रोतायं विजिगीषुणा (उद्योग प. १३६।१८)

२. त्रिभिर्वर्णैः सदोत्थायी कृष्णद्वैपायनो मुनिः । महाभारतमाख्यानं कृतवानिदमुत्तमम् । आदि पर्व ५६।३२
चतुर्विंशति साहस्रं चक्रे भारतसंहिताम् । उपाख्यानं बिना तस्मात् भारतं प्रोच्यते बुधैः । इदं शतसहस्रंतु श्लोकानां पुण्यकर्मणाम् । उपाख्यानैः सहज्ञेयं महाभारत मुत्तमम् । आदि प. १०१–१०२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपाख्यानहरू थपेर व्यासका चेला वैशम्पायनले युधिष्ठिरका नाति जनमेजयलाई सुनाएका थिए। रोमहर्षण र उनका छोरा सौतिक, जो सूत (प्रशस्ति गाउने जाति) को परम्परामा उपाख्यानहरूको अनेकन प्रसङ्ग थपिएर शौनकादि ऋषिहरूलाई सुनाउँदा लगभग एकलाख श्लोकले युक्त महाभारत ग्रन्थको रचना भएको कुरा महाभारतकै उक्तिबाट थाहा पाइन्छ।

त्यसपछि पनि यसका कतिपय अंशहरू हराए होलान् र यसमा नयाँ आख्यान थपिए होलान्। परिमार्जन, परिवर्धन र संशोधनका कामहरू पछि-सम्म भएको अनुमान अन्वेषण गर्दा थाहा पाइन्छ।

कुनै पनि इतिहासग्रन्थ अथवा इतिहासलाई औंल्याउने र समय सापेक्ष अनुभवलाई समावेश गर्ने पुराणसंहिताहरू यथावत् रहेका थिए भन्नु चाहीं अनुसन्धातालाई मान्य हुने कुरा होइन। साथै प्राचीन अंश तथा पुराना कुरा सबै मासिए वा संशोधन गरिए भनेर मान्न पनि सकिदैन। पछिपछि थपिएका विषयवस्तुले महत्ता घटेको वा अनुपयुक्तता बढेको भन्न पनि सकिदैन।

महाभारतको परिवर्धन र संशोधन बुद्धको समयभन्दा अगाडि नै मान्नु पर्छ। बुद्धपछि भएको भए समग्र भारतीय सभ्यता, दर्शन, धर्म, संस्कृतिलाई समेट्ने महाभारत ग्रन्थले बुद्ध र महावीरका क्रान्तिकारी विचार-को अवश्य नै उल्लेख गर्ने थियो। यद्यपि वैदिक धर्मको विरोधी नै किन नहोस्।

जसरी कलियुगको वर्णन गर्दा समय सापेक्ष स्थितिको अनुभवले पछिको परिकल्पना गरेको र कतिपय विषयहरू कल्पनासँग सादृश्य राख्ने पनि छन्। त्यस्तै राम्रो नराम्रो उचित र समाजमा अनुचित ठहरिने विषय वस्तुलाई सबै समेट्न सक्ने महाभारतले विरोधीकै रूपमा पनि बुद्ध चरितको उल्लेख गर्ने थियो।

परम्परागत इतिहास पुराणको अस्तित्व वेदमा नै वर्णन भएको पाइन्छ र वेद सबै प्राचीन ग्रन्थ हुन् भन्ने कुरामा पूर्वीय र पश्चिमका विद्वान्-हरूको पनि मतभिन्नता छैन। वेदको परिधि जस्तै पुराण इतिहासको घेरा सीमा बद्ध भएन र इतिहासको विषयवस्तु बाधिने पनि होइन। ई. पू. दोस्रो शताब्द, तिरको पतञ्जलिको समयमा महाभारतको वर्तमान रूप, अथवा शत साहस्त्री संहिताको रूपमा भएको उल्लेख पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्चिमा विद्वान्हरू र उनको अनुसरणगर्ने भारतीय विद्वान्हरू पनि विश्वसभ्यताको सापेक्षमा भारतीय सभ्यतालाई प्राचीन भनेर मान्न हिच्किचाउछन् । किन्तु यूरोपीय सभ्यताको विकासक्रमलाई हेरेर भारतीय सभ्यता धेरै अगाडि विकसित थियो । उनीहरूकै दाँजोमा सबैको इतिहास बन्नु पर्ने आधार पनि छैन । आर्यभन्दा अगाडिको जाति भनेर इतिहासकारले मानेको निषाद जाति अथवा निगृतो र अस्त्रोलाइदका सन्तानहरू आज पनि अविकसित जनजातिको रूपमा देख्न पाइन्छन् र मिश्र, बेबिलोन सभ्यताको अस्त कहिले भयो र नयाँ सभ्यतामा आइपुग्न वर्तमान भूमध्य सागरीय जातिलाई कति समय लाग्ने हो भन्ने कुरा प्रत्यक्ष लेखिएको छ । मिश्र, बेबिलोन, तथा सुमेर सभ्यताको जस्तै उथल पुथल र नयाँ विकास भारतवर्षीय सभ्यतामा भएको छैन र पुरानो वैदिककाल देखिकै सभ्यता र वंशविस्तार मासिएको पनि छैन ।

रामराज्यको विषयमा पहिले नै चर्चा गरियो । त्यो युग उत्तर भारतीय सभ्यताको उन्नत अवस्था थियो । किन्तु महाभारतकालको विवेचना गर्दा अध्यात्म चिन्तनको उन्नतावस्था र उपनिषद्कालको गहन चिन्तन एवं परिचर्चाको युग थियो । साथै भौतिक पक्षको पनि विकास भएको र राज्य विस्तारको निम्ति नयाँक्षेत्र पनि अब बाँकी थिएन । सूर्य तथा चन्द्रवंशी र अन्य सशक्त जातिले कुन राज्य स्थापनागरेका थिए, त्यसै परम्परा भित्र नै अटाउनु परेको थियो । रामको राज्यकालमा भरत र शत्रुघ्नले छुट्टै जङ्गल आवाद गरेर राजधानी बनाउन सफल भएका थिए । तर युधिष्ठिरको पालामा एउटा राज्यको उत्तराधिकारी ज्येष्ठ पुत्र एक्जना नै हुन्थ्यो । कुरुवंशमा राजा पाण्डु पनि भएका थिए र पछाडि पाण्डुले वनवास लिए पछि धृतराष्ट्र राजा भएकोले युधिष्ठिरहरूको अंशमा दावी रह्यो । राज्य अंश दिंदा खाण्ठव वनका क्षेत्रमा रहेका केही गाउँ पाएकोले खाण्डव वन फाँडेर डढेलो लगाएर इन्द्रप्रस्थ राजधानी बनाएका थिए र वैधराजा हुनको निम्ति वैदिक परम्पराअनुसार राजसूय यज्ञ सम्पादन गरेका थिए । यो नभएसम्म राजा युधिष्ठिर हस्तिनापुर राज्यका आश्रित सामन्त राजा मात्रै हुन्थे । राजसूय यज्ञद्वारा वैधानिक राजा भएकोमा नै दुर्योधनले ईर्ष्या गरेको र जूवाद्वारा युधिष्ठिरको राज्य हस्तगत गरेको थियो ।

बाह्र वर्षको वनवास र एक वर्षको गुप्तवासपछि राज्य माग्दा दिइएन । धर्मले युधिष्ठिरको राज्य फर्काउनु पर्ने थियो । तर हस्तगत भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राज्य फर्काउने कुरा पनि कायरता नै थियो । अन्यत्र जङ्गल फाँडेर राज्य गर्ने ठाउँ भएको भए शायद पाण्डवले यो विवाद चर्काउने थिएनन् ।

सर्वत्र राज्यको सीमा निश्चित थियो, नयाँ क्षेत्र थिएन । यसकारण कुनै राज्यको पराजय नभईराज्य क्षेत्र नपाइने हुँदा आफ्नै हकभित्र मान्ने र नदिएमा युद्ध गर्ने निर्णयमा पुगे । यसमा पुरानो प्रतिशोधको भावना पनि कारण थियो ।

दुर्योधनको मयदानवले बनाएको सभा भवनमा जल र थलको भ्रमले वन्चक लागेका दुर्योधनलाई भीमसेनले व्यङ्ग नगरेको भए कपट जूवा हुने थिएन । सर्वस्व वाजीमा हारेका पाण्डवका अगाडि नै ल्याएर सभामा द्रौपदीको वेइज्जत नगरेका भए शायद युद्धको विभीषिका पनि त्यति चम्कने थिएन । प्रतिशोधको भावनाले त्यति उग्ररूप लिने थिएन ।

यसबाट त्यो बेलाको राजचरित्र आवश्यकभन्दा बढी उदण्ड र अभिमानी भएको अनुमान हुन्छ । वैदिककालमा राजालाई नियन्त्रण गर्ने धर्म थियो । धर्मको व्याख्या गर्ने विवेकशील ऋषि थिए । रामराज्यसम्म जनमत र धर्माचरणको महत्त्व थियो । मातृदेवो भव, पितृदेवो भव भन्ने वैदिक वाक्यले समाज अनुशासिति थियो । यद्यपि वैदिककालको सभा, समिति, पुरोहितको सर्वोपरि मान्यतामा केही परिवर्तन भएको बोध हुन्छ । राजाज्ञा सर्वोपरि थियो । किनकि जनमतले स्वीकार गरिएका रामलाई वनवासको आज्ञा दिंदा सभा, समितिको मन्तव्य लिइएको पाइँदैन । ब्राह्मण पुरोहित हुने वशिष्ठ कुलको मान्यता थियो । तथापि राजालाई मन्त्रणा दिने र अन्य राजकाजमा सघाउने अन्य मन्त्री गण थिए । सेना, सेनापति, तथा राज्यका बिविध पक्षमा हेर विचार पुऱ्याउने मन्त्रीगण थिए भने न्याय पक्षमा सल्लाह दिने प्राड्विपाक (न्यायाधीश) गुरु अथवा पुरोहित वसिष्ठ थिए । वेदविद्या धर्मशास्त्रका ज्ञाता भएकोले यो कार्य धर्म शासन गर्नेको हातमा रहनु उचित पनि थियो । अन्य प्रशासनमा राजाज्ञा नै सर्वोपरि थियो ।

महाभारतकालमा धन ऐश्वर्यको बाहुल्य भएको र परम्परागत आएको राजकुलको स्थिरताले गर्दा धर्माचणलाई शक्ति र ऐश्वर्यले दवाउँदै आएको थाहा पाइन्छ ।

वैज्ञानिक उन्नति, उद्योग, व्यापार, कृषि, पशु पालन आदिको उत्कर्ष भएको र राज्यविस्तार गर्ने वा नयाँ आवाद गर्ने ठाउँको अभाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदै गएकोले महाभारतकालमा युद्ध अनिवार्य भइसकेको थियो । एउटासँग शत्रुता छ भने अन्य चार मित्र पनि हुन सक्ने र राज्य विजय गरे पनि वंश परम्परागत आएका राज्यलाई करदसम्म तुल्याउने आपनो राज्यगा गाभ्न नपाइने नैसर्गिक परम्परा पनि चल्दै आएकोले उद्दण्ड र युद्धपिपासु राजाहरू-को जमात शक्ति परीक्षण गर्न लालायित थिए ।

जनसंख्या कम भएको र राज्य निर्माण गर्न प्रशस्त ठाउँ भएसम्म सूर्य तथा चन्द्रवंशी राजाहरूका सबै छोराले नयाँ राज्य स्थापना गरेर राजा हुन पाउँथे । युधिष्ठिरको राज्यकालमा त्यस्तो ठाउँ बाँकी नभएकाले र जनसंख्या वृद्धिले पनि एउटा संहारकारी युद्धलाई आह्वान गरिरहेको थियो । सीमित क्षेत्रमा उपजीव्यका सबै साधन जम्मा गर्नुपर्दा धर्माचरणको प्रतिकूल चल्नुपर्ने वाध्यता पनि आयो होला । शक्तिको मदमा धर्मको उपेक्षा पनि गरियो । एउटाका अधर्माचरणले अर्कालाई पनि गलत बाटो हिडाउँन वाध्य गर्छ । सबैतिर पूर्ण दृष्टि दिएर निर्देशन गर्ने ब्राह्मणकुल पनि अब अकिञ्चन थिएनन् । उनीहरूको संख्याभन्दा विभिन्न आर्येतर जाति पनि आर्य धर्मका अनुयायी भएका र राष्ट्रका अङ्ग भइसकेकोले पनि वहुमतको जमात ठूलो थियो ।

वेदविद्या पढेका ब्राह्मणहरूले यज्ञ विधानमा जटिलता थप्दै गएका र सर्वसाधारणले यज्ञ गर्न नसक्ने भएकोले पनि धार्मिक कुण्ठालाई बढाएको थियो । यज्ञको हिंसा वृत्तिलाई उपनिषद्ले नजानिदोसँग विरोध गरेको थियो र उपनिषद्का चिन्तक भनौ ब्रह्मज्ञानका विशेष अन्वेषक क्षेत्रीय राजा-हरू नै थिए । राजर्षि जनक, आरूणि, योगेश्वर कृष्ण तथा काशीराज आदि क्षत्रिय कुलका नै हुन् । उपर्युक्त राजाहरूसँग अध्यात्मविद्या पढ्न विद्वान् ऋषि, महर्षिहरू पनि जान्थे । वेदविहित यज्ञको महिमा ब्रह्मचिन्तनले जसरी घटायो त्यस्तै सबै प्राणीका घटघटमा ईश्वरको वास छ भन्ने सिद्धान्तले मान्यता पाएपछि अप्रत्यक्ष रूपमा पशुहिंसाको विरोध नै भयो । उपनिषद्को विकास, मूर्ति पूजा, एवं देवमन्दिरको व्यापकता, अनार्यले आर्यत्व प्राप्त गरेको समाजको वाहुल्यले गर्दा वैदिककालीन समाजको मर्यादामा उपेक्षा भाव जागृत भएको थियो । जहाँ धार्मिक आस्था र निष्ठाको उपेक्षा गरिन्छ त्याहाँ लोभ, मोह, मद, मात्सर्य आदिले वढ्ता प्रश्रय पाउँछन् । यसैकारण यो युगलाई द्वापरको अन्त्य अथवा कलि (अधर्म) युगको शुरू भनिएको पाइन्छ । 'यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत···तदात्मानं' सृजाम्यहम्'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने गीतामा श्री कृष्णको उक्तिलाई मान्यता दिने हो भने–माहाभारत युग-वैदिक सनातन धर्मको ह्रास भएको युग मान्नु पर्छ । साथै यो वेला–आश्रम-धर्म, वर्णाश्रम धर्म, पनि हीन अवस्थामा थियो । यो युग वास्तवमा भौतिक उत्कर्षको युग थियो, विज्ञानको चरमोन्नतिको युग थियो ।

विद्वान्हरू श्री कृष्णको भगवद् गीतालाई परोक्ष रूपमा वैदिक वादको विरोधी दर्शन हो भन्ने तर्क दिन्छन् । हिन्दूदर्शन वा धर्म अन्ध भक्ति र अन्धविश्वासमा जन्मेको धर्म पनि होइन । यसका विभिन्न पक्षमा वाद-विवाद तर्क-वितर्क गर्न पाइने भएकोले नै यो धर्मका विविध पक्षका दर्शनको विकास भएको छ ।

महाभारतकालीन राजधर्म

यस ग्रन्थको विषयवस्तु राजमुकुटसँगको सांस्कृतिक परम्पराको विवेचना गर्नु आवश्यक भएकोले महाभारतकालीन अन्य पक्षको सारांश-माथि उल्लेख गरियो र यहाँ राजधर्म एवं व्ववस्थाको दिग्दर्शन गर्न लागिएको छ ।

महाभारतकालभन्दा पूर्व विशालाक्ष, वृहस्पति, उशना, महेन्द्र, भरद्वाज, गौरशिरा आदि ब्रह्मवेत्ता तथा व्यवहार कुशल मुनिहरू राजधर्मका प्रवर्तक एवं विशेषज्ञ मानिन्थे ।

वृहस्पति हि भगवान् नान्यं धर्म प्रशंसति (शान्ति प. ५८।१–३) अर्थात् वृहस्पति राजधर्मबाहेक अन्य धर्मको महत्त्व दिनुहुन्न । किनकि

अराजकेषु राष्ट्रेषु धर्मो न व्यवतिष्टते । शान्ति. ६८।३–८
राजा चेन्न भवेल्लोके पृथिव्यां दण्डधारकः
जले मत्स्यानिवा भक्ष्यन् दुर्बलं बलवत्तराः । शा. ६७।१६, १७

राजा नभएको राज्यमा धर्म व्यवस्थित रहँदैन । दण्डधारक राजा नभए साना माछलाई ठूला माछाले खाए जस्तै बलियाले दुर्बललाई खान्छन् ।

उपर्युक्त वाक्यबाट राजाविनाको समाजको परिकल्पना महाभारत-कालमा पनि गरिएको थिएन । त्यस्तै (आदि पर्व ४१।२७–३१) मा अराजक जनपदमा अनेक दोष जन्मन सक्तछन् भनेको पाइन्छ ।

समाजमा अराजकता भएकोले मनुलाई पहिलो राजा नियुक्त गरेको कुरा (शान्ति. ५९) पहिले पनि उल्लेख भइसकेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचीन युगमा नराज्य थियो नराजा थिए । धर्मद्वारा नै परस्परमा जनता मिलेर रक्षा व्यवस्था गर्दथे (शा. ५९।१४–११९) यसपछि राजा वेन भएका र उनी ज्यादै निरङ्कुश भएकाले जनता मिलेर उनको हत्या गरे । पुनः अराजकता भएकोले ब्रह्माको निर्देशनले वेनको दक्षिणहस्तको मथन गरेर पृथु धर्मात्मा राजा जन्मे ।

वेन र पृथुको उपाख्यान श्रीमद्भागवत्मा पनि आउँछ । किन्तु वेन वा वैन्य (पृथु) लाई आद्य राजा नभनेर स्वायंभुव मनुकै वंशमा भएको कथा आउँछ ।

अनुसन्धाता विद्वान्हरू पृथुलाई पार्थिया (ईरान) का राजा हुन् र पृथुवंश नै पार्थववंशी आर्य हुन् जसको राज्य पश्चिमी ईरानमा थियो भन्दछन् । आदिकालमा सप्तसिन्धु र ईरान (आर्यायण) को सम्बन्ध अवश्य नै थियो । वेनकी माता असुर पुत्री थिइन् र मावलीको उग्र गुणले युक्त वेन जन्मे । उनबाट शासन नचलेपछि उनकै अङ्गज पृथुबाट आर्य धर्मानुकूल शासन चलेको र विशाल साम्राज्यका अधिपति पृथुको नामबाटै धराको नाम पनि पृथ्वी भयो ।

महाभारत शान्तिपर्वमा आदि राजा मनु र आदि राजा पृथु दुवैको कथा वर्णन छ ।

उल्लिखित दुवै राजा एकै ठाउँका आद्यराजा हुन सक्तैनन् यस-कारण सप्तसिन्धु पूर्वका राजा मनु र पश्चिमका राजा पृथु हुन सक्तछन् । पार्थियन शक पनि आर्य शाखा भित्रकै भएकोले र धर्मात्मा तथा वेदमन्त्र द्रष्टा पनि भएकोले पृथुको चरित्र अविस्मरणीय रूपमा रह्यो । ऋग्वेदमा पनि वैन्य (पृथु) मन्त्र द्रष्टा ऋषिमा आएका छन् ।

उपर्युक्त कथनबाट राजा प्रजाहितैषी, धर्मात्मा र सर्वगुण सम्पन्न व्यक्ति हुनु पर्थ्यो । महाभारतको अनुशीलनबाट प्राचीनकाल अथवा यायावरी युगको जनपद (कविला) मा राज्य वा राजा थिएनन् भन्ने र वैदिककालको शुरूमै आर्य परम्परामा राजाको अनिवार्यता भइसकेको कुरा ज्ञात हुन्छ । प्राचीन परम्परामा सर्वगुणसम्पन्न व्यक्ति छानेर राजा बनाउने चलन वैदिक साहित्यको अनुशीलनबाट ज्ञात हुन्छ । परन्तु महाभारतकाल तथा त्योभन्दा पूर्वको रामराज्यकालमा पैतृक परम्परा भित्रनै जेठो छोरो राजा हुने परम्परा कायम भइसकेको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा इन्द्र-वायु, सूर्य, अग्नि, वरुण, चन्द्रमा कुवेर यम आदि दश दिक्पालको अंशले बनेको हुन्छ भनेर मनु (८७-५) ले उल्लेख गरेका छन् । इन्द्रको बलवान्, वायुको सर्वव्यापी, सूर्य अग्निको तेजस्वी, यमको दण्डधर, चन्द्रको आह्लादकारी, वरुणको सत्यनिष्ठ, कुवेरको ऐश्वर्यशाली गुणहरू राजामा निहित भएको मानिन्छ ।

महाभारत शान्ति पर्व तथा अनुशासन पर्वको अध्ययनबाट आर्य-वैदिक धर्मको परम्परामा राज्य तथा राजाका कर्तव्यहरू निश्चित भइसकेका थिए । सत्य निष्ठा, मौका हेरेर मृदुता र कठोरता अपनाउन सक्ने, कुनै पनि व्यसन नभएको, धैर्यशाली, प्रजाहितको निम्ति कठोर त्याग गर्न सक्ने, अनुचरसँगको व्यवहारमा आफ्नो मर्यादा नत्याग्ने, विचारवान्, क्षत्रिय धर्मले युक्त (वीर र ओजस्वी) समयानुवर्ती (अर्थात् देशकाल परिस्थितिको विचार गरेर काम गर्न सक्ने) जितेन्द्रिय, प्रजाको विश्वास पात्र, प्रियवादी हुनुपर्ने कुरा महाभारत शान्ति पर्व अ. ५६,तथा५७, ६४, ५८ मा विस्तृतरूपले वर्णन गरिएको पाइन्छ ।

गर्भिणी धर्म (अर्थात् कुन कुरा खानाले र कसरी बस्ने, खाने, सुत्ने गर्नाले गर्भस्थ शिशुको रक्षा हुन्छ) को पालना प्रजाहितको निम्ति गर्नु-पर्ने निर्देशन महाभारतले गरेको छ ।

अधिक विश्वास, अधिक भोग विलास, नगर्नु भनिएको छ र शुचिता उद्योगी, धर्म निष्ठ, अर्थचिन्तक, आर्यसेवित कर्ममा रुचि, आलस्य त्याग आदि विषयमा (शान्ति प. अ. ९१, ९२ तथा ९४) मा विस्तृत निर्देशन गरिएको छ ।

आदर्श गृहस्थीका गुण-शास्त्र विशारद, धीर अमर्षी (डाहा नगर्ने) क्षमाशील दानी, अनहंकारी, धर्मकुशल, उदारचित, न्यायी, प्रियभाषी, सुखदुःख सहिष्णु, अक्रोधी, प्रजावत्सल, प्रसन्नवदन, मन्त्रिगणद्वारा सम्मान्य, अर्तिगरण, समुचित दण्डदाता, श्रद्धालु, सुसङ्गत, प्रिय, श्रुतवान्, युक्तिविद्, विवेकवान्, शूरवीर, नित्य नयाँकुरा संग्रह कर्ता, अर्थ संग्रहकर्ता मित्र वृद्धिमा संलग्न, गुप्त मन्त्रण गर्न दक्ष, समयोचित कार्य गर्न सिपालु, दण्डदिने बेलामा कठोर र अनुग्रहमा शान्त स्वभावको राजा अजेय र सर्वमान्य हुन्छ । (शान्ति प. अ. ११८।१६-२३ तथा २७)

"राजा कालस्य कारणम्" अर्थात् राजा नै युग स्रष्टा हुन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाको सच्चरित्रता र उपर्युक्त गुणवताले नै सत्ययुग आउनसक्छ ।[१] समयले राजा बनाउँछ कि राजाले समय बनाउँछ भन्ने कुरामा हे युधिष्ठिर ! तिमीलाई संशय नहोस्, किनकि राजाले नै समय बनाउँछन् ।[२]

यस्तै प्रजाजन सुरक्षित र धर्माचरण गर्ने भए भने प्रजाको धर्मको चतुर्थांश फल राजालाई प्राप्त हुन्छ । अन्यथा यस्तै पापको भागी पनि बन्नु पर्छ । यो ख्याल राखेर राजाले सँधै प्रजाहित र कल्याणमा संलग्न रहनुपर्छ ।[३]

आत्मरक्षा–राजाले दर्प तथा अधर्मको त्याग गर्नुपर्छ । दण्ड पाएको मन्त्री, अपरिचिता स्त्री, विषमपर्वत, हात्ती-घोडा, सर्प आदि विषालु जन्तुको नजिक जानु हुँदैन । नगइनहुने भएमा पनि रात्रिमा अवश्यनै जानुहुँदैन ।[४]

त्यस्तै राजाको शीलको विषयमा (इन्द्र प्रहलद–संवाद) विस्तृत विवेचना गरिएको छ । शीलवान् पुरुषको निम्ति केही कुरा पनि असाध्य र अप्राप्य हुँदैन । शीलवान् राजाको नजीक लक्ष्मी स्वयं बस्न आउँछिन् (शान्ति प. अ. १२४)

राजामा माताको, पिताको, गुरुको, रक्षकको, अग्निको, वैश्रवण (कुवेर) को र यमराजको गुण हुनुपर्छ । अर्थात् वात्सल्य, रक्षक, उपदेशक, पालक, अग्निजस्तै तेजस्वी, कुवेरजस्तै धनी र दाता, यमराजजस्तै पापीको निम्ति दण्डधर हुनु पर्छ भनेर मनुले भनेका छन् (शान्ति १३९–११०)

यस्तै राजधर्मको शिक्षा दिने भीष्मले युधिष्ठिरलाई भनेका छन्– वयोवृद्ध ज्ञानी विद्वान्सँग उपदेश लिनू, आयव्ययका कर्मचारीसँग विहान भेट्नू, कपडा लगाएर त्यसपछि सेनापतिहरूसँग भेट्नू, दूत गुप्तचरसँग साँझमा भेट्नू, विश्रामपछि चतुर्थ प्रहर रात बाँकीमा उठेर

---

१. राजा कृतयुग स्रष्टा त्रेताया द्वापरस्यच । शा. ६९।९८। उद्योग १३२।१७–२०

२. कालो वा कारण राज्ञो राजा वा काल कारणम् ।
इति ते संशयो माभूतू राजा कालस्य कारणम् । शान्ति प. अ. ६९।७९

३. यं हि धर्म चरन्तीह प्रजा राज्ञा सुरक्षिताः । चतुर्थस्तस्य, धर्मस्य राजा भारत विन्दाति ।। शान्ति ७५।६८

४. शान्ति पर्व–अ. ९.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोलिपल्टको कार्यक्रम बनाउनू, (आश्रम वा. प. अ ५।१०-१३ तथा ५।३२-३५)

अनागतविधाता च प्रत्युत्पन्न मतिश्च यः ।

द्वावेव सुख मेधेते दीर्घसूत्री विनश्यति । शान्ति प. अ. १३७

भविष्य चिन्तन गरेर आउने विपत्तिमा जो सावधान हुन्छ त्यसलाई अनागत विधाता भनिन्छ । आइपरेपछि काम टार्न सक्नेलाई प्रत्युत्पन्नमति भनिन्छ । यी दुई समर्थवान् हुन् । दीर्घ सूत्री गरौंला भन्दैमा समय बिताइदिने व्यक्तिको विनाश हुन्छ ।

राजधर्मसम्बन्धमा राजा, राज्य र प्रजाको सम्बन्धमा महाभारत-कालीन राजनीति व्यवस्था कति उच्च र आदर्श थियो भन्ने कुरा माथिका उद्धरणबाट दिग्दर्शन गरियो । आर्यजनहरूको हज्जारन वर्षको अनुभवजन्य राजनीतिको विशद वर्णन जुन महाभारत ग्रन्थमा भएको छ, त्यो विस्तृत वर्णन गर्ने कुरा यहाँ संभव छैन । महाभारतकालीन समाज सुसभ्य, विकसित र हज्जारन वर्षको इतिहास, सुख दुःख, कर्तव्याकर्तव्य, फाइदा, नोक्सानको अनुभवले सर्वगुण सम्पन्न थियो । हामी यस युगको शासनलाई धर्म शासन भन्न सक्छौं ।

आर्य साहित्यमा समाज राज्य र राजाको नियामक सर्वोपरि धर्म रहेको छ । धर्मको उल्लङ्घन गर्ने अनुमति राजादेखि रङ्कसम्म कसैलाई छैन ।

यसकारण हिन्दू-आदर्शमा टिकेको राज्य तथा राजा निरङ्कुश हुन सक्तैनन् । समाजको नियामक राजा र राजामाथि अङ्कुश राख्ने धर्मविधान छ ।

धर्मविधानका निर्माता निष्पृह अकिञ्चन (केही नभएका) निर्लोभ, समाजका हितसाधक, राष्ट्रप्रिय र आदर्शप्रिय विद्वान् ऋषिमुनि हुन्थे । आफ्ना निम्ति केही नचाहने, निष्पक्ष, निर्लोभ र तपस्या मात्र धन भएका सर्वज्ञ विवेकशील विद्वान्लाई नै हाम्रा शास्त्रले ब्राह्मणको संज्ञा दिएको छ । विद्या पढ्ने र पढाउने, यज्ञ गर्ने र गराउने, कसैले दान दिए लिने र आफूले पनि दान दिने यी ६ कर्म मात्रै ब्राह्मणका हुन् । उनीहरूको वृत्ति – अयाचन (नमाग्ने दिएकोबाट मात्र निर्वाह गर्ने) उञ्छ वा शिलोञ्छन् (वाली उठाइ सकेपछि शिला खोजेर जङ्गली फल फूल र धान्यले निर्वाह गर्ने) यसबाट पनि निर्वाह नचलेमा भिक्षा माग्ने तर असंचय (जम्मा नगर्ने) वृत्ति ब्राह्मणको थियो । यस्ता निर्लोभी, परोपकारी विद्वान्बाट निर्माण गरिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धार्मिक विधान (धर्मसूत्र, स्मृतिशास्त्र) अर्थशास्त्र (राजनीति वा सर्वाङ्गपूर्ण दण्ड नीति) नै आर्य समाजका निम्ति सर्वमान्य थिए, आदर्शयुक्त गुरुको उपदेशलाई उल्लङ्घन गर्ने साहस समाजको थिएन । आफ्नो चरित्र बलले नै समाजको चरित्र निर्माणमा शिक्षा दीक्षा दिन्थे । हिन्दू आदर्श नै चरित्र हो, सत्य, शुचिता, धर्मनिष्ठा र नैतिकता आदि गुणले युक्त चरित्रबलद्वारा नै आर्यहरूले विश्वविजय गरे । निकट भूतकालका चरित्र नायक महात्मा गान्धी हुन् । उनको चरित्र बलले महान् आर्य समूहलाई मात्रै होइन, अन्य जातिलाई पनि प्रभाव पारेको इतिहास छ ।

राज्यव्यवस्थाका अन्य तत्त्वहरू

वैदिककालका राज्यहरू साना-साना जनपदमा विभाजित थिए । उत्तर वैदिककालमा सगर, मान्धाता, रघु, रामचन्द्र जस्ता कतिपय वीर र चक्रवर्ती राजा भए पनि साना राज्यलाई अधीनस्थ मात्रपारी कर मात्र असूलगर्ने व्यवस्था भएकोले राज्य संचालनका लागि कर्मचारीको विशेष बढी आवश्यकता थिएन । अवस्था परेमा ऋषिकुल, राजकुल र प्रजागण सामूहिक रूपमा शस्त्रग्रहण गर्थे । प्रशासनलाई सजाउन समिति (जनसभा) र सभा (वृद्ध विद्वद् परिषद्) को व्यवस्था थियो । ग्रामणी (मुखिया) करअधिकृत, वनाध्यक्ष, सेनापति आदि सामान्य पदाधिकारी भएको पाइन्छ । पुरोहित वा गुरु नै प्रधानमन्त्री तथा न्यायाधीशको काम गर्थे ।

धार्मिक विधान अन्तर्गत राजा, राज कर्मचारी र अन्य विश (प्रजागण) रहने भएकोले समाज नियमबद्ध थियो । समाज वृद्धि भएपछि अनार्यकुल आर्य प्रजामा सम्मिलत भएपछि धर्माचरणमा राख्न बढ्ता राजकर्मचारीको आवश्यकता पऱ्यो साथै धार्मिक विधानमा पनि हेरफेर गरी कडा नियम तर्जुमा गरियो । राज्य–राज्यमा प्रतिस्पर्धा, युद्ध, राज्यवृद्धिमा आक्रमण, प्रत्याक्रमण' कोषवृद्धि, खेती र पशु पालन तथा उद्योग एवं वाणिज्य व्यवसायमा भएको अभिवृद्धिले वैदिककालको राज्य व्यवसायका कर्मचारीको सङ्गठनले मात्र पर्याप्त हुन सकेन । विभिन्न पक्षको जिम्मालिने सचिवहरू, प्रान्तपाल, विषयपति (जिल्लाधीश) अश्वसेना, गजसेना, जलसेनाका सेनानी त्यसमाथिका महासेनाधिपति, न्यायाधिकरणका न्यायाधीश आदि विभिन्न राजकर्मचारीको नियुक्ति आवश्यक पऱ्यो । पुरोहित वा राजगुरु जो मुख्य मन्त्री, सल्लाहकार, उपदेष्टा र धर्माधिकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(न्यायपति) हुन्थे, त्यो पनि अब एउटै व्यक्तिबाट सम्भव भएन । सेना र प्रहरीको कार्य पनि विभाजित भयो ।

यसरी वेदकालीन राज्य व्यवस्थाबाट महाभारतकालमा आइपुग्दा धार्मिक शासनका दुइखुट्टा भाँचिइसकेका थिए । पहिले धर्मको डरले हुने सुशासनमा रामचन्द्रको युगमा १ पाउ दण्डविधान र ३ पाउ धर्मशासन थियो र यस युगको नाउँ त्रेतायुग भनियो । यसको लगभग छ सात सय वर्ष पछिको महाभारतकालमा वैज्ञानिक प्रविधिको विकास र भौतिक साधनको अभिवृद्धि, जनघनत्व र राज्यको निश्चित सीमा बाहिर भूभाग वृद्धिगर्न अर्काको अधिकार क्षेत्र नै खोस्नुपर्ने स्थितिले गर्दा द्वापर युगको (आधा दण्ड विधान र आधा धर्मले शासन चल्ने युग) पनि अन्तिम चरण भइसकेको थियो ।

आर्थिक, बौद्धिक, औद्योगिक, प्राविधिक, अभिवृद्धिका साथै समाजको जनसंख्या वृद्धिले गर्दा अब धर्माचार्यका विधिविधानहरू दण्डनीतिमा अवलम्बित भए । त्यस वेलाका राजनीतिशास्त्रका विद्वान् बृहस्पति, उशना आदिलाई पनि "दण्ड एवं हि श्रेयांसि, बृहस्पतिर्हि भगवान् नान्यं धर्म प्रशंसति" आदि भनेर (दण्डनीति नै सबै धर्ममा मुख्य हो) भन्न बाध्य हुनु परेको थियो ।

देश, काल, परिस्थितिले पनि नयाँ विषय शोच्न बाध्य तुल्याउँछ । महाभारत विशालग्रन्थमा आर्यजनहरूको हज्जारौं वर्षको अनुभव र इतिहास सोदाहरण प्रस्तुत गरिएको छ । विगतका घटनाक्रमले, अनुभव र इतिहासले आगामी युग निर्माणमा सही बाटो देखाउन सक्छ तथा विश्रृङ्खल समाज व्यवस्थालाई विद्या, बुद्धि, कौशल, धर्मनीतिले पनि कतिपय पक्षमा मद्दत गर्दछ र यसले काम नगरेमा सम्पूर्ण रूपले दण्डनीतिको अवलम्बन गर्नु पर्ने हुन्छ भन्ने कुराको राम्रो शिक्षा कलियुगीन समाजको नियन्त्रणका लागि व्यवस्था गरेको हामी महाभारतमा पाउँछौं ।

उपर्युक्त कारणले पूर्ण विकसित भएको राज्यव्यवस्था सञ्चालन गर्न के आवश्यक पर्छ भन्ने कुरा पनि महाभारतमा पाइन्छ ।

एक्लै राज्य चलाउन सम्भव हुँदैन । मित्र, शत्रु, प्रजागणको गुण अवगुण व्यवहार बुझ्नको निम्ति विशेष व्यक्ति, स्थानमा, दृष्टि पुऱ्याउनको निम्ति धेरै मानिसको आवश्यकता पर्दछ । यशकारण असल गुण चरित्र भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राज्य सहायक (कर्मचारी खोजेर राख्नुपर्छ ।[1])

शीलवान्, कुलीन, विद्वान्, विनीत, धर्मार्थकुशल ब्राह्मणलाई मन्त्री बनाउनु असल हुन्छ । विद्वान् ब्राह्मणको सल्लाहबिना क्षत्रीय राजा दीर्घकालतक राज्य गर्न समर्थ हुँदैनन् । अथवा ऐश्वर्ययुक्त हुन सक्तैनन् । अतः राम्रो परीक्षा गरेर मन्त्री नियुक्त गर्नुपर्छ । अकुलीन, अनाचारी सचिवको नियुक्तिले विपत्ति आइलाग्न सक्छ । सत्कुलको मन्त्री छ भने अपमानित भए पनि, दुःख पाए पनि राज्यको अहित गर्दैन । दुष्कुलको व्यक्ति सत्यसङ्ग पाए पनि थोरै कुराबाट रिसाएर शत्रुता गर्नसक्छ ।[2]

जुन राजाको मन्त्री, सत्कुलोत्पन्न निर्लोभ, जितेन्द्रिय मिठो बोल्ने देश, काल, परिस्थितिको ज्ञान राखेर काम गर्ने, जनताले पत्याएको, जो पाइन्छ त्यसैमा सन्तुष्ट रहने, सन्धि विग्रहमा दक्ष, धैर्यशाली, राजा र राष्ट्र-को हित चिन्तक व्यक्तिको राम्रो परीक्षा गरेर राखिएको हुन्छ त्यस्ता मन्त्रीले शुक्ल पक्षको चन्द्रमाको कलाझैं गुण, यशको वृद्धि गर्दछ ।[3]

शूर, वीर, बुद्धिमान्, गुणी एउटै मन्त्री भए पनि राजालाई ठूलो ऐश्वर्यले युक्त गराउन सक्तछ । परन्तु मन्त्री विना तीन दिन पनि राजसुख भोग्न सकिंदैन (सभा. प. ५।३७ तथा शा. १०६।११,१२) भनिएको छ । महाभारतकालमा मन्त्रीको संख्या तीन, पाँच अथवा आठ मन्त्री नियुक्त गर्ने विधान पाइन्छ । शा. ८३।४७ तथा ८३।२२ एवं शान्ति ९३।२४ उक्त व्यवस्थाको उल्लेख छ ।

---

१. नह्यकोको भृत्यरहितो राजा भवति रक्षिता । शा.११५।१२
यदप्वल्पतरं कर्म तदप्येकेन दुष्करम् ।
पुरुषेणासहायेन किमुराज्यं पितामह । ८०।१ शा.
अन्वेष्टव्या सुपुरुषाः सहाया राज्य धारणे शा. ११८ अ. २४–२७
मन्त्रिणश्चैव कुर्वीथा द्विजान् विद्याविशारदान् । आश्र. प.अ. ५।२०–२१

२. नाब्राह्मणं भूमिरियं विभूति वर्णं द्वितीयं भजते चिराय । वन प. २६।१४
मा परीक्ष महीपाल : सचिवं कर्तुमर्हति । शा. ११८।४–१५
मन्त्रिणा यस्य कुलजा असंहार्या सहोषिताः । शा. ११५।१६
कुलीनान् शीलसम्पन्नान् नीतिज्ञानविनिष्ठुरान् । शान्ति ८३।८–१०

३. यदा कुलीनो धर्मज्ञ प्राप्नोत्यैश्वर्य मुत्तमम् ।
योग क्षेम स्तदा राज्ञः कुशलायैव कल्पते ।। शान्ति प० ७५।३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आठ मन्त्रीमा पनि कुन, कुन, वर्ण जातिबाट राख्ने भन्ने विषय पनि निर्धारण गरेको पाइन्छ ।

महाभारत कालमा एउटा राजसभाको पनि व्यवस्था थियो । यसले राजकार्यमा सघाउ पुऱ्याउँथ्यो । सभामा चार विद्वान् गुणी ब्राह्मण, यस्तै बलवान् शस्त्र तथा शास्त्रमा पारंगत आठ क्षत्रिय, एक्काईस धनी, कुलीन वैश्य (व्यापारी पशुपालक र ठूलो भूमिपति) बाट नम्रताले युक्त धर्म कर्मका आचरणशील तीन जना शूद्रजातिबाट राजसभा बनाइन्थ्यो । यी छत्तीसबाहेक पनि श्रवण, ग्रहण, धारण, अयोहन, विज्ञान, तत्त्वज्ञान, तथा सेवाव्रत युक्त स्मृति पुराण ज्ञाता, समदर्शी, कार्यपटु निर्व्यसनी राम्रो सल्लाहदिने पचास वर्ष नाघेको सूत जातिको व्यक्तिबाट एउटा अमात्य (मन्त्री) बनाउनु पर्छ (शान्ति, ८५।७-१०-११) भनिएको छ । यसरी राज्यका सहायक ३७ सभासद्मध्येबाट चार ब्राह्मण, तीन शूद्र र एक सूत (रथकार) जातिबाट जम्मा आठ मन्त्री राख्न भनिएको छ ।

यसमा विवेच्य विषय केहो भने क्षत्रिय वर्ग र वैश्य वर्गबाट मन्त्री लिइएको छैन । कारण मन्त्रीको कार्य-सन्धि विग्रहिक, भेद, दण्ड, दान आदि कूटनीतिपरक भएकोले क्षात्र धर्मका पालक, शूर वीर क्षत्रिय मार या मर भन्ने सिद्धान्तमा बढ्ता विश्वास राख्ने हुँदा समयानुसार लत्रने, केही दिएर सन्तोष गराउने, भेद नीतिले शत्रु देशमा पसेर फुटाउने आदि कूटनीतिमा बढी विश्वास राख्तैनथे र युद्धवीरहरूलाई छलछामले गरिने शाम, दान भेद नीतिमा सरीक गराउन उचित नठानिएको प्रतीत हुन्छ । त्यस्तै वैश्य वर्ग पनि व्यापार गर्न शत्रु देशमा पनि जान्थे । गुप्त मन्त्रणा गर्ने कार्यमा संलग्न रहँदा वाणिज्य व्यवसायमा हानि हुने काम पनि पर्थ्यो । युद्धमा संलग्न रहँदा वाणिज्य, कृषि, व्यवसायबाट यिनीहरूले मद्दत गर्न सक्तथे । दैनिक गुप्त मन्त्रणामा संलग्न नरहे पनि मुख्य नीति निर्धारण गर्ने सभामा सभासद्को स्थान छदै थियो ।

यस्तै चार प्रकारका मित्र, सहार्थ (परेको बेलामा सहायता दिने) भजमान (कुलक्रमले एउटै राजपरिवारको सेवक रहेको) सहज-फुपू. मामा, का सन्तान, भाइ भतिजा आदि र कृत्रिम (धन खाएर काम गर्ने) शा. ८०। २५। हुन्थे ।

पाँच बल-प्रज्ञा, वंश, धन, अमात्य, वाहु, यी पाँच प्रकारका बलले युक्त राजा बलवान् मानिएको छ । उद्योग पर्व (३७।५२-५५) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै मन्त्रणा पद्धतिमा पनि अत्यन्त गोपनीयता राख्न भनिएको पाइन्छ । एकै समयमा वा सबै मन्त्रीसँग एकैचोटि मन्त्रणा नगर्ने (सभा प. ५।३०) तथा पशुपक्षी नभएको ठाउँ, वामन, कुजो, कांनो, मूर्ख, स्त्री, नपुंसक अंगहीन व्यक्ति वरिपरि कुरा सुन्ने ठाउँमा हुनुहुँदैन । यिनीहरूले तिरस्कृत भएको वेलामा गुप्तभेद खोलिदिने भय हुन्छ ।

सभासद्-सभासद्को निर्वाचन प्रथा पनि पहिले भनियो । सत्य वादी सरल स्वभाव विषयवस्तुको राम्रो अभिव्यक्ति गर्ने, न्याय अन्यायको छानवीन गर्न सक्ने हुनुपर्छ ।[1] यस्तै मन्त्री, राजसहायक कर्मचारी, सेनानायकहरू, कुलीन आफ्नै देशका, विद्वान् राम्रा धेरै सुनेबुझेका, उमेरले परिपक्व राज-संस्थाप्रति आस्था र अनुराग (प्रेम) राख्ने सहायकहरू हुनुपर्छ । यो भीष्मद्वारा युधिष्ठिरलाई गरिएको राजधर्मको उपदेशबाट त्यस वेलाको राज्यव्यवस्थामा कति पक्षमा विचार पुऱ्याइन्थ्यो भन्ने ज्ञात हुन्छ ।

शत्रुमित्र-शत्रु मित्रको धेरै प्रकारले विवेचना गरेको पाइन्छ । विद्या, शौर्य, बल, दक्षता, धैर्य, यी पाँच मित्रसहजात हुन् । घरद्वार धन, खेत, पत्नी र अन्य उपार्जित सुहृद्वर्ग कृत्रिम मित्र हुन् । कृत्रिम (बना-इएका) मित्र टुट्न पनि सक्छन् र समयले यस्ता उपाधिभित्र छाड्न पनि सकिन्छ ।

जैले पनि खराब नशोच्ने र गाली गर्दा अपमान गर्दा पनि अहित नगर्ने व्यक्ति नै असली मित्र हो । (शान्ति १३९।८५–८६ तथा ८३।३२-३४) विनाकारणले कोही मित्र हुँदैन तथा कुनै शत्रु पनि हुँदैन । भाइ भाइमा पत्नी र पतिको मित्रता पनि सकारण नै हुन्छ । यिनीहरू रिसाए पनि पुनः मित्रता हुन सक्तछ । परन्तु अरूको निम्ति यो सम्भव हुँदैन । मित्रता गर्दा लम्बा परीक्षाद्वारा मात्रै गर्नुपर्छ ।

पुरोहित- महाभारत तथा पौराणिककालमा पनि पुरोहितको राज्य सहायकमा ठूलो भूमिका रहेको थाहा हुन्छ । वैदिककालमा पुरोहित नै मुख्यमन्त्री हुन्थे । किन्तु पछिल्लो कालमा पुरोहित विद्वान् मन्त्रविद्, बहुश्रुत तथा अनिष्टको समन गरेर इष्टसाधन गर्नमा सिपालु, संशितव्रत, तपस्वी

---

१. ह्रीनिषेवास्तथा दान्ता सत्यार्जवसमन्विताः ।
शक्ताः कथयितुं सम्यक् ते तव स्युः सभासदः । शा. ८३।२
कुलीना देशजाः प्राज्ञा रूपवन्तो वहुश्रुताः
प्रगल्भाश्वानुरक्ताश्च ते तवस्युः परिच्छदाः । शा. ८३।६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाको कल्याण गर्न समर्थ पुरोहित राख्नू भनेको पाइन्छ ।

सेनापति– इमान्दार, रणकुशल, शूरवीर, राजभक्त, कुलीन, शस्त्र शास्त्र दुवै विषयको ज्ञाता, सैन्य संचालन, व्यूह रचनामा दक्ष क्षत्रिय कुलोत्पन्न सेनापतिको उल्लेख पाइन्छ ।

द्वारपाल अथवा दुर्गरक्षक– प्राचीन कालमा द्वारपालको पद मर्यादा पनि संमानित तथा महत्त्वपूर्ण थियो । पुर शब्द वैदिककालमा दुर्ग वाचक थियो । वरिपरि खावा (खाडी) जल पर्खालले घेरेर दुर्ग बनाइन्थ्यो दुर्गभित्रै सेना, कोष, राजदरवार, अमात्यगृह, व्यापारी, शिल्पी, श्रेणी आदि हुन्थे । पछिपछि पनि सहर दुर्गकै रूपमा बसाइन्थे र चारतिर राखेका ढोकामा द्वारपाल नियुक्त हुन्थे । कुलीन, सम्पन्न कुलको, वाक्पटु, सिपालु, मिठो बोल्ने, समयोचित बोल्न जान्ने, स्मृतिमान्, दूत (चर) अवथा राजदूत राख्नू । यस्तै सात गुणले युक्त द्वारपाल पनि हुनुपर्छ । द्वारपाल शिर रक्षक भनिएको छ अर्थात् चारैतिर आँखा पुऱ्याएर गढको रक्षा गर्ने द्वारपाल हुन्थे । अग्ला पर्खालमाथि बनेको बुर्जाबाट चियोचर्चो गर्ने काम, आएगएका व्यक्तिको परीक्षण गर्ने र सम्माननीय व्यक्तिको प्रवेशलाई मर्यादा पूर्वक पठाउने, राजद्वारमा खवर पुऱ्याउने काम पनि द्वारपालको थियो ।

महाभारतमा दूत, द्वारपाल, र मन्त्रीको तथा सेनापतिको पनि समान गुण हुनुपर्ने वर्णन पाइन्छ ।[१]

गणक र लेखक (लेखापाल)– हिसाबको लेखाजोखा राख्न गणक (हिसाब गर्ने) र लेखक (वही–खाता राख्ने) योग्य र इमान्दार व्यक्तिको नियुक्ति गर्न भनिएको छ ।

निदान आदि अष्टाङ्ग मार्गको ज्ञाता चिकित्सक (वैद्य)–महाभारतकालमा योग्य वैद्यहरू नियुक्त गरेर काम लगाइन्थ्यो । विशेषज्ञ नै राजवैद्य हुन्थे ।

स्थपति– शिल्पकार (सिकर्मी) शिल्पी (डकर्मी) आदि पनि

---

१. कुलीनकुल सम्पन्नो वाग्मी दक्षः प्रियंवदः । यथोक्तवादी स्मृतिमान् दूतः स्यात्ः सप्तभिर्गुणैः । एतैरेव गुणैर्युक्तः प्रतिहारोऽस्य रक्षिता । शिरोरक्षश्च भवति गुणैरेतैः समन्वितः ।। धर्मशास्त्रार्थतत्वज्ञः सन्धिविग्रहिको भवेत् । मतिमान् धृतिमान् ह्रीमान् रहस्यविनिगूहिता : कुलीनः सत्व सम्पन्नः शुक्लो मात्यं प्रशस्यते । । शान्ति प. ८५।२७–३१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्मान साथ वस्तथे । ६ किसिमका दुर्ग बनाएर सहर, राज्यको रक्षा गर्नु, बजार उद्योग धन्दाको विकास, घोडा हात्ती पनि फैलिने ठाउँमा राख्नु । भाण्डागार, आयुधागार, कोष, धान्य, वनौषधी उपयोगी रूख, लहरापात, इनार कुवाको राम्रो व्यवस्था र रक्षा गर्नु भनिएको छ । (शा. ८६)

प्रत्येक कामको निम्ति दक्ष, योग्य बुद्धिमान्, आलस्यरहित र इमान्दार व्यक्तिको चयन गरेर नियुक्त गर्न भनिएको छ ।

अन्तपुर रक्षकः–भित्री राजदरवारको हेर्चाह गर्ने बुद्धिमान् वृद्ध व्यक्तिहरू राख्ने व्यवस्था थियो भन्ने (वन प. ५६।२५) थाहा हुन्छ ।

कर्मचारीको योग्यता, दक्षता हेरेर प्रमुख ठाउँमा राजाले नै नियुक्ति गरिनु तथा वृत्ति (तलव) पनि राजाले नै निर्धारण गर्नु भनिको पाइन्छ । महाभारत युद्धपछि राज्य सिंहासनमा वसेका राजा युधिष्ठिरले पदाधिकारी मन्त्रीहरू स्वयं नियुक्त गरेको उल्लेख (शा. प. अ. ४१) पाइन्छ ।

राजदरवारमा सेवकका रूपमा वस्दा कसरी व्यवहार गर्नुपर्छ भन्ने कुरा पाण्डवहरू गुप्तवास वस्न जाने वेलामा कुलपुरोहित धौम्य ऋषिले विस्तार पूर्वक (वनपर्व) मा बताएका छन् सम्मान प्राप्त पक्षमा आसीन भए पनि राजसभामा प्रवेश गर्दा प्रतिहारीको सम्मति विना प्रवेश नगर्नु । अर्काको निम्ति ठीक पारेको आसनमा नवस्नू, यान, वाहन, पर्यङ्क (पलङ) आदि अर्काको ठाउँमा विनाअनुमतिले नवस्नू, प्रयोग नगर्नू, जुवाघर, वेश्यालय, भट्टीमा कहिल्यै नजानू ।

राजसभामा कसैले नसोधी नबोल्नू, राजाले प्रश्न गरेमा मर्यादा युक्त शिष्ट भाषामा ठीक आवश्यक मात्र उत्तर दिनु, धेरै खुसामद नगर्नू (बढी खुशामद गर्ने व्यक्ति घृणाको पात्र हुन्छ) अन्तःपुररक्षकसँग वार्तालाप नगर्नु, रानीका साथ वार्तालाप गर्नु पनि अनुचित हुन्छ । राजाज्ञाविना आसन ग्रहण नगर्नू, अधिकार र मर्यादा उल्लङ्घन गर्ने व्यक्ति, उच्च नै भए पनि आदरपात्र हुँदैन । ज्यादा नजीक जानाले अग्निजस्तै राजाबाट दहन हुने डर हुन्छ तथा थोरै अवज्ञाले पनि सर्वस्व हुनसक्छ । राजाका अगाडि तत्थ्यपूर्ण र हितकारी वचन मात्र बोल्नु, हितकारी वचन यदि अप्रिय नै छ भने पनि मौका हेरेर राजहितैषीले भन्नुपर्छ । म राजाको प्रियपात्र हूँ भन्ने कुरा बिर्सेर राजसेवा गर्नु उचित हुन्छ । राजाको दायाँ, बायाँ आसनमा वस्नू, पछाडि र सामुन्ने वस्न योग्य हुँदैन । इनाम, वक्स पदलाभ, प्राप्त भएमा पनि अतिहर्षित भावना नदेखाउनू, राजाका अगाडि पाखुरा, ओठ, जांघमाथि, हातनराख्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाबाट कुनै हास्यास्पद आचरण भएमा झूटोबोलेमा पनि नहास्नू, बाहिर नभन्नू। हाइगर्ने, थुक्ने आदि काममा पनि सावधान रहनू।

राजाको अगाडि बढी बुद्धिमत्ता नदेखाउनू, तथा कुनै विषयमा पनि प्रतियोगिता नगर्नू। रक्षायुद्ध वा कुनै कार्यको निम्ति राजाज्ञा भएमा तुरुन्त पालना गर्नू, तुरुन्त प्रस्थान गरिहाल्नुपर्छ। राजा खुशी भएर यान, वाहन, वस्त्र धन दिएकोमा अनादर नगर्नू। घूस, कोशेली नखानू, अभिप्राय बुझेर सतर्कता साथ जो राजकर्मचारी काम गर्छ, त्यो राजाप्रसाद पाएर सुखसँग दिन बिताउँछ। (उद्योग ३७।२५) तथा विराट प. ४।१३–५०)

हिन्दूनरेशद्वारा प्रतिपालित राज्य प्रशासनमा उपर्युक्त कुरा सर्वमान्य हुँदै आएको परम्पराबाट सिद्ध छ। राज मर्यादाको प्रतिपालन कसरी गरिनुपर्छ वा महाभारतकालमा कस्तो प्रचलन थियो भन्ने कुरा यहाँ उल्लेख गर्नु आवश्यक भएको छ। किनकि महाभारतमा वर्णित विषय वस्तुहरूले, हिन्दू परम्पराको अत्युच्च विकसित अवस्थाको ज्ञान गराउँछ र जुन मर्यादा आज पनि हिन्दू परम्परामा सर्वमान्य छ।

चाणक्यको अर्थशास्त्र, मानव धर्मशास्त्र, धर्मसूत्रका नियम कानूनबाट जे जति जान्नसकिन्छ, त्योभन्दा बढ्ता व्याख्या रूपमा नै महाभारतले प्रस्तुत गरेको छ। वास्तवमा हिन्दूहरूको इतिहास, दर्शन, धर्म, संस्कृति, मान्यता मर्यादाको विशद वर्णनको समष्टिरूप यस ग्रन्थमा भएको छ।

नेपालको पुरातन युगमा अन्य धर्मशास्त्र अर्थशास्त्रको प्रवेशभन्दा पहिले महाभारत पसेको थाहा हुन्छ। यसको तुलनात्मक अध्ययन उत्तरार्धमा गरिने छ।

महाभारतकालीन संस्कृतिमा अन्य विषयको पनि दिग्दर्शन हुनु वान्छनीय भएकोले अन्य विषयमा पनि केही कुरा प्रस्तुत गरिएको छ।

राजाको मान्यता, मर्यादा पालन, राज्य सहायकको नियुक्तिबारे केही इङ्गित गरियो। राष्ट्रको पाँच बलमध्ये तेस्रो स्थान कोषको छ र यहाँ त्यस सम्बन्धमा पनि केही भन्नु उचित होला।

कोष बल–धनविना राज्य चल्दैन। निर्धन व्यक्तिको कसैले आदर पनि गर्दैन।

धनमाहुः परंधर्म धने सर्वं प्रतिष्ठितम् (उद्योग ७२।२३-२७) भनेर धनको विशेषता बताइएको छ। धन संचय न्यायद्वारा गरिन्थ्यो। धृतराष्टले वानप्रस्थ लिने वेलामा राजा युधिष्ठिरलाई (आश्र प. ५।३६,३७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेका छन्, न्यायद्वारा नै कोषको वृद्धि गर्नू, अन्यायद्वारा कोष वृद्धिको चेष्टा पनि नगर्नू ।

न्याय र अन्यायको बारेमा (शान्तिपर्व ८८ अ) मा भनिएको छ –राजाले सदा प्रजाको कल्याण कामना गर्नुपर्छ । कर संग्रह गर्दा देश, काल, पात्रको ख्याल राख्नुपर्छ । भ्रमराले जसरी फूललाई नोक्सान नपुऱ्याईकन रसपान गर्छ, माहुरीले जसरी मधु संचय गर्छ, गाई दुहुँदा जसरी बाछाको भागको ख्याल राख्नुपर्छ, कर संग्रह गर्दा पनि यही उदाहरण अगाडि राख ।

बघिनीले तीखा दाँतले च्यापेर डमरुलाई ठाउँ सार्दछे र बच्चाले जसरी कष्ट या दुःखेको अनुभव गर्दैन, त्यसरी नै प्रजाले कष्ट दुःखको अनुभव नगर्ने गरी कर संचय गर्नु योग्य छ । जसरी मूषाले थाहा नपाउने गरी पाइ-तालाको छाला खान्छ ।[1] जुकाले जसरी नदुःखाई, थाहा नहुने गरी रक्तपान गर्छ, त्यसरी नै कर असूल गर्नू फेरि अलि अलि गरेर कसैसँग कोष वृद्धि गर्नू । कर निर्धारण गर्दा देश, काल, पात्रको ख्याल राख्नु पर्छ । समृद्धिशालीन माथि प्रतिवर्ष आय हेरी कर बढाउँदै जानुपर्छ ।

साधारणतया उत्पादित वस्तु धान्यादिमा षष्ठांश कर लिने नियम थियो । शिल्पीवर्ग, जो श्रेणीवद्ध (संघवद्ध) थिए, उनीहरूबाट पनि वार्षिक आयको छैटौंभाग कर लिइन्थ्यो ।

क्षात्रधर्म युक्त, महोत्साही राजा भए दशौं भाग कर लिएर सन्तोष गरोस् । अन्यथा दशभागभन्दा फरक अष्टमांश या षष्ठांश कर लिइयोस् । उपर्युक्त (शो. अ. ३२०।१५८) बाट कर प्रणालीमा घट-बड पनि हुन्थ्यो । कतिपय धर्मशास्त्रमा द्वादशांश, अष्टमांशको उल्लेख पनि पाइन्छ ।

वाणिज्य शिल्पीको आयअनुसार र जो जसले जीवन निर्वाहको लागि पेशागर्दथे, तिनीहरूको स्थिति, आय, विचार गरेर करनिर्धारण गरेको थाहा पाइन्छ ।

करभारले प्रजा पीडित भए भने अनर्थ हुन्छ । राष्ट्रलाई सहयोग

---

१. मधुदोहं दुहेद्राष्ट्रं भ्रमरा इव पादपम् । वत्सापेक्षी दुहेच्चैव स्तनांश्चन विकुहयेत् । जलौकावत् पिवेद्राष्ट्रं मृदुनैव नराधिपः । व्याघ्रीव च हरेत् पुत्रान् संदशेन्नच पीडयेत् । यथा शल्यकवानाखुःपदं धूनयते सदा । अती क्ष्णेनाभ्युपषेन तथा राष्ट्रं समापिवेत् । अल्पेनाल्पेन देयेन वर्धमानं प्रदा-पयेत् । ततो भूयस्ततो भूयः क्रमवृद्धिं समाचरेत् । (शा. ८८।४-८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दैनन् र चाँडै राज्य लोप हुने डर हुन्छ (शा. १३९·१०९-१०) भनिएकोछ ।

अपराधीसँग दण्डमा असूल भएको धन, बनियाद्वारा व्यापारको आयमा दिएको कर, खेती वालाले दिएको षष्टांश धान्यादि करबाट कोष वृद्धि गर्नु किन्तु कर दिएर बाँकिरहेको उत्पादनले वर्ष दिन खान पुग्दैन भने खानेखर्च राज्यबाट दिनुपर्थ्यो ।[१]

प्रजा सुरक्षित रहे, उद्यमशील तथा व्यापार कृषिमा संलग्न रहेभने राष्ट्रले ऐश्वर्य लाभगर्छ । अन्याय हुन नदिनु सत्कर्ममा प्रश्रयदिनुले राजाको निम्ति पृथ्वीले अतुल ऐश्वर्य प्रदान गर्दछिन् ।

नगर तथा ग्रामवासी दरिद्रसँग करनलिनु, सामर्थ अनुसार दरिद्र-माथि कृपागर्नु ।[२]

प्राकार निर्माण (दुर्ग वा सहरको पर्खाल बनाउन) तलव दिन, युद्धमा र अन्य राजकार्यमा प्रयुक्त हुने धनको निम्ति समर्थ वैश्य वर्गमा कर लगाउनू । जङ्गली गोपाललाई हेर्चाह नगरे उन्नति गर्न सक्तैनन् । अतःउनी-हरूप्रति सदय व्यवहार गर्नू । अन्य वैश्यवर्गद्धारा राज्यको विकास र कल्याण हुन्छ यसकारण कर निर्धारणमा विवेक युक्त निर्णय गर्नुपर्छ ।

जनपद (ग्रामीण समाज) मा कर असुल गर्न तथा अन्य प्रवन्धको निम्ति पाँच जना कर्मचारीको नियुक्ति गर्नु भनिएको छ । उनमा एक जना कर असुल गरून्, एकजना गाउँको प्रशासन गरून्, कर अधिकृत र प्रशासक दुवैको कुरा प्रजाले र प्रजाको कुरा उनीहरू मानून् । यो दुवै थरीको साम-न्जस्य गराउने एक व्यक्ति रहून् । चौथा व्यक्ति लेखापाल हिसाब राखुन् र पाँचौं सबै काममा साक्षीको रूपमा रहुन् । (सभा प. ५।८०)

खानि विभाग, नून विभाग, कर विभाग, नदीको घाट, हात्ती खेदा, आदि कामको हेरविचार गर्न अमात्यवर्ग अथवा योग्य इमान्दार कर्मचारी राख्नुपर्छ (शा. ६९।२९) लोभी मूर्खलाई यस्ता कार्यमा नियुक्त नगर्न (शा.

---

१. वलिषष्ठेन शुक्तेन दण्डे नाथापराधिनाम । शास्त्रानीतेन लिप्सेथा वेतनेन धनागमम् । दापयित्वा करं धर्म्य रोष्टं नीत्या यथाविधिः । (शा. ७१। १०–११)

२. पौरजानपदान् सर्वान् संगितोपाश्रितांस्तथा । यथा शक्यानुकम्पेत सर्वान् स्वल्प धनानपि । शा. ८७।२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७१।८–९) मा उल्लेख छ ।

ब्राह्मण (जो अकिञ्चन, आश्रमवासी वेदविद्यावान् छ) सँग कर लिन निषेध गरिएको छ । किन्तु असदाचारी र ब्रह्मकर्मबाहेक अन्य कर्मबाट धनोपार्जन गर्छ भने त्यससँग पनि कर लिनु भनिएको छ ।

न धनं यज्ञशीलानां हार्यं देवस्वमेव च ।

दस्यूनां निष्कृपाणां च क्षत्रियो हर्तुमर्हति । १३६।२–३ शा. प.

अर्थात् यज्ञनिष्ठ वेदविद्यावान् ब्राह्मण र देवस्वमा करलिनु हुदैन । असदाचारी लुटेरा चोरी कर्म गर्ने कृपणी (कुनै पनि सत्कार्य नगर्ने लोभी र नीच) को धन राजाले लिनुहुन्छ । किन्तु यसरी जवर्जस्ती लिएको धन कोषमा जम्मा नगर्नू र प्रजाको कल्याण कार्यमा प्रयोग गर्नू ।

मत्त. उन्मत्त, अर्धपागल र पागलको धन राज्यले लिएर नगर विकासको काममा लगाउनुपर्छ, किन्तु यस्ता व्यक्तिको चिकित्सा र भरण पोषण राज्यकै तर्फबाट गरिनुपर्छ । (शा.९६।२६)

राज्यमा आपत्ति आइपरेको वेला उपर्युक्त नियमको उल्लङ्घन पनि गरिन्थ्यो । आपत्कालमा अधर्म पनि धर्म मानिएको (शा. १३०।१६) उल्लेख पाइन्छ ।

बालक, वृद्ध, अंध, अनाथको धन राज्यले लिनुहुदैन । राष्ट्रमा जस्तै विपत्ति परेपनि उक्त व्यक्ति तथा मजदूरको सम्पत्तिमा दृष्टि दिनुहुदैन । दारूण विपत्तिमा प्रजाबाट ऋण लिनसकिन्छ ।

उपयुक्त अर्थसंचय र कोष निर्माण विधानको दिग्दर्शन गरियो । महाभारत ग्रन्थ नै राजनीति, दण्डनीति, धर्म, दर्शन र सांस्कृतिक व्याख्याको विशाल ग्रन्थ भएकोले ठाउँ ठाउँको टिप्पणी मात्रगर्न पनि यस ग्रन्थमा संभव छैन । हिन्दू–संस्कृतिका परम्पराहरू यहाँ अद्यापि जीवन्त छन्, यो दिग्दर्शनले पछिल्लो समयको विवेचना गर्न सजिलो पर्नेछ । महाभारतको अनुशीलन गर्दा त्यो वेलाको राज्यव्यवस्था प्राचीन कालको भन्दा अत्यन्तै विकसित अवस्थामा रहेको दृष्टिगोचर हुन्छ । प्रजा रञ्जन नै राजाको कर्तव्य थियो राजा प्रजा दुवैनै धर्माचरणमा रहन्थे । आ-आफ्ना धर्मको शास्त्रोक्त सीमा थियो । राजा राजामा कलह, युद्ध भए पनि आफ्ना प्रजागणसँग राजाको राम्रो सम्बन्ध भएको ज्ञात हुन्छ ।

जसरी राजाबाट प्रजाको सुरक्षा शान्ति व्यवस्था, भरणपोषण आदिमा सतर्क दृष्टि रहन्थ्यो त्यस्तै प्रजागणले पनि राजाप्रति अनन्य श्रद्धाभक्ति, आस्था, मर्यादा राख्दथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा प्रजाका बीचको सम्बन्ध

पाण्डवहरू वनगमन गर्ने बेलामा शोकार्त जनता क्रन्दन गर्दै पछि-पछि वनसम्म गएथे र युधिष्ठिरको विशेष आग्रहपछि घर फर्केका थिए।

त्यस्तै धृतराष्ट्रले वानप्रस्थको बेलामा पनि सारा पौर, जानपद जम्मा भएका थिए र धृतराष्ट्रले कुरूवंशी राजाहरू र प्रजाका बीचको प्राचीन कालदेखिकै हार्दिक सम्बन्धको उल्लेख गर्दै राज्यप्रशासनमा गल्ती भएको भए क्षमा याचना गर्दै बिदा मागे। राजा दुर्योधनको उल्लेख गर्दै उनले भनेका छन्-मेरो पुत्र दुर्योधन मन्दबुद्धि भएपनि तपाईंहरूको सेवामा शिथिलता देखाएन। यो बेला वृद्ध र पुत्र शोकले सन्तप्त भएकोले व्यथित छु। मेरी सहधर्मिणी पनि वानप्रस्थको निम्ति तपाईंहरूको अनुमति चाहन्छिन्। तपाईं-हरूको राजा युधिष्ठिरलाई तपाईंहरूको जिम्मा सुम्पेको छु, तपाईंहरूले उनलाई सुमार्गमा चलाए अवश्य आफ्नो कर्तव्यको पालना गर्नसक्ने छन्। प्रसन्न चित्तले तपाईंहरू मीलाई वानप्रस्थको अनुमति दिनोस्।

यसरी प्रार्थना गर्ने राजा धृतराष्ट्रलाई प्रजाको तर्फबाट प्रति-निधि चुनिएका ब्राह्मण साम्वले निवेदन गर्दछन्-महाराज प्रजाको अनुमतिले बहाहरूका तर्फबाट म निवेदन गर्दछु, हजुरलाई आज्ञा भएका कुरा सत्य हुन्। कुरूवंशी राजा र प्रजाका बीचको सुमधुर प्रीति चिरप्रसिद्ध छ। प्रजाले राजाबाट बाबुआमाको जस्तै स्नेह र वात्सल्य पाएका छन्, युवराज दुर्योधनले पनि हामीसँग नराम्रो व्यवहार गर्नुभएन। कुरूवंशी समस्त राजाहरू करूणा-पूर्ण हृदय भएका र न्यायवान् नै रहे। हामीहरू हजुरको इच्छामा बाधा दिन चाहंदैनौ। कृष्णद्वैपायन र राजा युधिष्ठिरले जुन संकल्पको अनुमोदन गर्नु भएको छ, त्यो अवश्यनै कल्याणकारी होला। अतः मुनिधर्ममा दीक्षित भएर शान्तिलाभ गर्नुहोस् हाम्रो यही शुभकामना छ। (आश्रम वा. प. ८ तथा १० अ) को उपर्युक्त विस्तृत वर्णनबाट राजा-राजामा आपसी द्वेष ईर्ष्या, वैमनस्य भएपनि राजधर्मानुसारको आचरणले प्रजापालन गरेको बोध हुन्छ।

यस्तै शिक्षा, स्वाथ्य, कृषि वाणिज्य, शिल्पविकास, वृत्तिदान, निष्करभूमि दान, ऋणदान, प्रजाहित र धर्मवृद्धि कै निम्ति राजसूय तथा अश्वमेध आदि यज्ञसम्पादन आदि कार्यको पनि राजधर्म अन्तर्गत नै उल्लेख भएको छ।

दुःखी, अनाथ, वृद्ध, जीविकारहित विधवाको भरण पोषणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निम्ति राज्य जिम्मेदार हुन्थ्यो तथा राज कोषबाट नै जीवन वृत्ति दिइन्थ्यो ।[1]

महाभारतबाट अतिप्राचीनकालमा राजाको चयनमा प्रजाको अनुमति चाहिन्थ्यो भन्ने कुरा थाहा हुन्छ । राजाययातिले कान्छा छोरा पुरूलाई राज्यसिंहाशनमा राख्न ब्राह्मण तथा अन्य प्रजाबाट अनुमति मागिएको (आदि प. ८५ अ.) बाट ज्ञात हुन्छ । वैदिककाल र त्यसपछि पनि समय समयमा चलेको यो नियम महाभारतकालमा टुटिसकेको थियो । राजा वंशपरम्परागत आउने भएकोले विशेष राजगुण युक्त हुन्थे र शूर, वीर, नीतिज्ञ, धर्मात्माको साथै कर्तव्य बोधको शिक्षा खान्दानी हुनेहुँदा सम्पत्तिको आवश्यकता पनि रहेन ।

हिन्दू राज्य व्यवस्थामा सर्वोच्च शक्ति राजामा निहित रहेता पनि राजामाथि धार्मिक विधान अनिवार्य रूपमा रहेको थियो । यसका निर्माता निस्पृह अकिञ्चन वनवासी ऋषिहरू थिए । धर्म, राजा प्रजा दुवैको लागि अनुल्लङ्घनीय मर्यादा भएकोले हिन्दूराज्य शासनलाई धर्मशासन भन्न सकिन्छ ।

महाभारतकालमा बढेको समाजअनुसार नै धर्म, संस्कृति राज्य व्यवस्था आदिमा पनि विस्तार भएको अवगत हुन्छ । राजाको मान्यतामा प्रभावकारीतामा विशेष विकास भएको छ तापनि वैदिक विधिविधानद्धारा नै राज्याभिशेष आदि कर्म हुन्थे र आज पनि तदनुरूप नै हुँदैछन् । आधुनिक राजनीति शास्त्रका विवेचकहरूले अनुबन्धवादको महाभारतकालमा विकास भएको पाइन्छ भन्दछन् । किन्तुमहाभारतको अनुशीलनबाट राजनीतिक अनुबन्ध नभएर, राजाको प्रजारञ्जन तथा रक्षा मुख्य धर्म मानिएको तथा प्रजाले राजालाई विष्णु (व्यापक) स्वरूप मानेकोले राम्रो सम्बन्ध रहेको चाँहि पाइन्छ । तर जनता र राजाका बीचको अनुबन्ध, वैदिककालभन्दा विकसित भएको पाइदैन ।

नीति शास्त्रको ज्ञान हुनु आवश्यक

समाजमा बाच्नको निम्ति जीविकाको साथै नीतिशास्त्र पनि

---

१. कृपणानाथ वृद्धानां विधवानांच योषिताम् ।
योग क्षेमञ्च वृतिञ्च नित्यमेव प्रकल्पयेत् ।शा. ८६।२४
... तदाश्रया वहव कुब्ज खन्जाः । उद्योग. ३०।३९, ४० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवहारको निम्ति सबैले जान्नु आवश्यक थियो । महाभारत ग्रन्थमा नैतिक उपदेशको बाहुल्य छ । पछिल्लाकालका नीति ग्रन्थमा यसैबाट कैयन श्लोकहरू लिइएका छन् ।

ब्रह्मा, इन्द्र, शिव, वृहस्पति, मनु, उशना नीति शास्त्रका मुख्य व्याख्याता मानिएका छन् । व्यवहार तथा राजनीतिमा उशना (शुक्रनीति) को मान्यता थियो ।[1] हिजोआज पाइने शुक्रनीतिपछि संशोधित रूपमा लेखिएको मानिन्छ । महाभारतामनुसंहिताको पनि उल्लेख छ । यद्यपि मनुका सबै आचार तथा आदर्शहरू समाजले स्वीकृत गरेको देखिदैन ।

वयोवृद्ध, ज्ञानवृद्धको साहचर्य नीति धर्मशास्त्र व्यवहार जान्नको निम्ति सर्वोत्तम उपाय भनिएको छ । वृद्धजनको संगतविना मानिस पक्का ज्ञानी, व्यवहार कुशल बन्न सक्तैन । चञ्चलचित्त भएका व्यक्तिहरू वृद्धसेवा संगतद्धारा ज्ञानलाभ गर्न सक्छन् ।[2] बिहान बेलुका भनेपनि वृद्धज्ञानी जनको साथमा बस्नु स्वाध्यायले भन्दा सुनेर नै बढी ज्ञान प्राप्त गर्न सकिन्छ ।[3]

---

१. मार्गं वो नीति शास्त्रं तु जगाद जगतो हितम् । शा. २१०।२०

२. चल चित्तस्यवै पुंसो वृद्धाननुपसेवतः । उद्योग प. ३६।३९ नवै श्रुति मविज्ञाय वृद्धा ननुप सेव्य वा
धर्मार्थी वेदितुं शक्यौ वृहस्पतिसमै रेपि । उद्यो. ३९।४०-७५।

३. सायं प्रातश्च वृद्धानां श्रुणुयात पुष्काला गिरः ।
श्रुतमाप्नोति हि नरः सततं वृद्ध सेवया । । अनुशा. प. १६२।४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सातौं अध्याय

महाभारतकालीन सामाजिक धरातल

महाभारतकालमा दार्शनिक पक्ष, अध्यात्मचिन्तनमा जति गहनता र सार्वभौमिक तत्वको प्रतिपादन भएको पाइन्छ त्यतिनै भौतिक जगत्का भोग्य पदार्थ, साहित्य, संगीत, चित्रकला, मूर्तिकला र अन्य धातु, शिल्पको प्रचुर मात्रामा विकास भएको थियो। महाभारत युद्धका हतियार, अस्त्र शस्त्र र प्रयोगात्मक विधिविधान एवं युद्ध कौशल र व्यूहरचना जस्ता विषय वस्तुलाई केलाउँदा वर्तमान युगको क्षेप्यास्त्र र अणु–हतियारको विभीषिका-सँग तुलना गर्नसकिन्छ। त्यस बेला र अहिलेको समाजमा तुलना गर्दा एउटा सबल मानवीय भावना र सर्वोपरि ईश्वर र धर्मको त्यो बेला डर थियो भने आजको विज्ञानवादी विचारमा उक्त दुवै पक्षको महत्त्वलाई पनि अनास्था गरिन्छ।

महाभारतकालको समाज समुन्नत थियो, ऐश्वर्यशाली थियो। उपभोगका सामग्री पर्याप्त भएकोले शिक्षा, ज्ञान, विज्ञान, कला, शिल्प, वाणिज्य व्यवसायमा पनि प्रशस्त उन्नति गरेको थियो।

भौतिक साधनको प्राचुर्यले मानव जीवनमा विषय वासना, सुख भोगको अतृप्त लालसा जगाउने मात्र होइन कि यसको अर्कोपक्ष पनि छ भन्ने कुरा विर्साइदिन्छ र निवृत्ति भावनाको पक्ष नै मर्छ। धन ऐश्वर्यको अत्यधिक प्राप्तिले आलस्य, दुर्व्यसन, व्यभिचार र अहमन्यता जस्ता दुर्गुण जन्मछन्। तर्कबुद्धिद्वारा धर्म, नियम सदाचारको विरूद्ध निस्केका मतवादले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐश्वर्यशालीलाई बढ्ता प्रभावित गर्नसक्छ, किनभने–यस्ता लोकायतवादी दर्शनले सुखभोगको निम्ति प्रश्रयदिन्छ व्यभिचारमा बढावा दिन्छ । यसरी विश्रृङ्खल र अनाचारमा रत भएको समाजले अहङ्कारको आडमा अनागतमा युद्धको विभीषिकालाई आमन्त्रण गर्छ । यसरी भौतिक उत्कर्षमा अन्धो, बहिरो भएर प्रवृत्त भएको समाजलाई बेलैमा नियन्त्रण गरेर नैतिक मार्गमा हिडाउन सकिएन भने त्यसको परिणति हो भयावह विध्वंस ।

यसको छोटो रूपमा भन्ने हो भने धर्म, ईश्वर र सदाचार (नैतिकता) मा मानिसको श्रद्धा एवं विश्वास भएन भने आत्महत्या नै उसको अन्तिम उपाय हो ।

उपर्युक्त विवेचनाको यहाँ किन आवश्यक पऱ्यो भने महाभारत-कालकी भूमि सांगुरिएकी थिइन् । न्याय, वैशेषिक, सांख्य, वेदान्त, दर्शनको साथै लोकायत दर्शन, पनि जन्मेका थिए ।

यावत् जीवेत् सुखं जीवेत् ऋणं कृत्वा घृतं पिवेत् ।
भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः । चार्वाक दर्शन,

अथवा

ईश्वर, प्रेरितो गच्छेत् स्वर्गो नरक एव वा ।
स सदैव पराधीनः पशुरेव नसंशयः ।।

अर्थात् बाँचुन्जेल सुख गर ऋण गरेर पनि घिउनै खाऊ, खरानी भएको देह फेरि जन्मदैन ।

ईश्वरको प्रेरणाले मान्छे स्वर्ग जान्छ अथवा नर्कमा पर्छ भन्ने कुरा झुट्टा हो । ईश्वरको डरमान्ने व्यक्ति संधै पराधीन रहने पशु हो यसमा सन्देह छैन ।

उपर्युक्त किसिमका अवैदिक र अतिभौतिक विचारले पनि महा-भारतकालमा निकै ठाउँ बनाएको थियो भन्न सकिन्छ । जनसंख्याको वृद्धि, राज्य बढाउने ठाउँको अभाव, सम्पन्नताले जन्माएका दुर्गुण सबै जम्मा भएर महाभारत युद्धको आह्वान गरे ।

वेदव्यासजस्ता महर्षिहरू, जसले अगाडिको राज्यव्यवस्थामा पूर्ण आधिपत्य राख्दथे, तिनीहरूको सदुपदेश पनि कोही सुन्न तयार भएनन् । शस्त्रबल र शास्त्रबल दुवैमा अद्वितीय मानिएका योगेश्वर कृष्णको सल्लाह मान्न पनि कोही तयार भएनन् । यो प्रकृतिको अवश्यंभावी घटनाको आह्वान थियो, धर्म, सदाचार, नैतिकता सत्यता दबेका थिए । जङ्गलवासी ऋषि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुनिका उपदेश गरीबले दिएको अर्ती-बुद्धि जस्तै ठानेर हेला गरियो । यसको परिणाम, महाभारत युद्ध भयो । आर्यहरूको कला, कौशल, योग्यता, दक्षता, वीरताका साथै उच्च शिखरमा पुगेको सभ्यता धराशायी भयो ।

भारतीय उपमहाद्वीपका योग्य, कर्मठ, वीर, वैज्ञानिकहरूको यो महाविनाशपछि धर्मप्राण राजा युधिष्ठिरको मन आतंकित भयो । भयङ्कर संहारको विभीषिका झल्झली आँखा अगाडि घुमेको र संधै सास फेर्दा युद्धको दुर्गन्धको अनुभव हुन थाल्यो । उनको मानवीय भावनाको यो हाहाकारबाट उनलाई जोगाउनु आवश्यक थियो । धर्मनिष्ठ, विवेकी, न्यायी राजाको यो बेला भारतवर्षमा अत्यन्त आवश्यक थियो ।

नर संहारबाट संत्रस्त्र भएका राजा युधिष्ठिरलाई पुनः प्रतिस्थापना गर्न समस्त वैदिकधर्मका विकसित पक्ष, विपक्ष सम्झाएर प्रवृत्ति मार्गमा लगाउनु परेको थियो । यस्तै नरसंहारबाट संत्रस्त भएका राजा अशोकले अहिंसावादी बुद्धधर्मको आश्रय लिएर जम्बुद्वीपमा एक पटक धर्मशासनको दुन्दुभिघोष गरेका थिए । इतिहासका यी दुवै राजाले हिन्दूधर्मका दुईपक्षलाई जीवन्त तुल्याएर आफू पनि अमर भएका छन् ।

महाभारतभन्दा अघिको इतिहास, धर्म, संस्कृति, मानव समुदाय-भित्र फस्टाएका विश्वास, तर्क, मान्यताको व्याख्या महाभारत ग्रन्थमा पाइन्छ भने समकालीन सभ्यता, बौद्धिक भावना, नीति, न्याय, मर्यादा आदिको साथै त्यसपछिको मानव समाजका विकसित तथा संकीर्ण विविध पक्षमा पनि महाभारतले दिग्दर्शन गराउँछ ।

'जय' भन्ने ग्रन्थको विस्तार महाभारतमा आइपुग्दा समस्त वैदिक धर्मका विकसित पक्ष र संस्कृति समन्वयको विशाल फाँट सिर्जना भइसकेको हुन्छ । यसैकारण यन्न भारते, तन्न भारते, भन्ने कुरा चरितार्थ भएको छ । यसकारण यसका सबै पक्षमा प्रकाशपार्न सम्भव छैन तापनि केही पक्षमा दिग्दर्शन गर्नु आवश्यक भएको छ । किनभने विगत इतिहासले नै पछाडिको सभ्यता संस्कृतिमा छाप पारेको हुन्छ र तुलनात्मक अध्ययनको निम्ति पनि उपादेय हुनसक्छ ।

समाज तथा धर्म

महाभारतकालमा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, चार वर्णमा समाज विभाजन मात्र थिएन कि अनेकन जाति, श्रेणी, वर्गमा, समाज विभाजित थियो । आर्यहरूको व्यापक बिस्तारर अनार्यवर्गसँगको सम्पर्क तथा सहवासले वैदिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मका विभिन्न पक्ष विकसित भए र अन्य धर्म र सांस्कृतिक मान्यतालाई पनि अंगालिसकेको थियो । धारणात् धर्ममित्याहु अर्थात् धारणा, पालना गरिने सदाचार नै धर्म हो भन्ने परिभाषाले व्यापकरूप लिइसकेको थियो । कुनै ठाउँमा सत्य नै धर्म हो भनिएको छ भने कहीं सदाचारलाई नै धर्म मानिएको छ । सदाचार, विद्वान् बूढाहरूको शिक्षा, विशिष्ट पुरुषहरूले हिडेको बाटो, आचार, सद्विचार पनि धर्म हो । वेद र स्मृति शास्त्रले बताएको कुरा नै धर्म हो ।[1] महाभारतकालको धर्मसम्बन्धी व्याख्यामा अन्य विशेषता केहो भने जातिधर्म, (वर्ण धर्मबाहेक) श्रेणीधर्म, कुलाचार, समयाचार पनि अनिवार्य रूपले पालना गर्नुपर्ने धर्ममा गणना गरिएको छ ।

जाति धर्म र कुलाचार धर्म छाड्नेहरूको धर्मनाश हुन्छ भनिएको हुँदा विभिन्न अनार्य वा आर्य जातिका वर्णसंकर जाति, श्रेणीमा सङ्गठित र विभाजित समाजका आर्येतर धर्म, संस्कृति, स्वतन्त्र सत्ता पनि स्वीकृत भइसकेको मान्नसकिन्छ । देश विशेषको आचार, कुलपरम्पराको आचार, जाति र श्रेणीगत मान्यतालाई पनि अपरिहार्य धर्मको परिभाषाभित्र पारेकोले महाभारतकालीन राज्यव्यवस्था धर्म निरपेक्षको प्रारूप थियो भन्न सकिन्छ ।

आफूले गरिने धर्माचरणवाट अरूलाई दुःख नहुने तथा सम्पूर्ण प्राणीहरू खुसीहुने धर्म नै धर्म हो भनिएकोले धर्मको व्यापकता एवं उदारतामा सन्देह रहँदैन ।[2]

आधुनिक राजशास्त्रका व्याख्याताहरूले प्रजातांत्रिक प्रणालीमा व्यक्तिगत स्वतन्त्रताको उपभोग गर्दा अर्को व्यक्तिलाई हानिहुनु हुँदैन या गर्न पाइदैन भन्ने जुन मान्यता हो, त्यो कुरा महाभारतकालीन धर्मको परिभाषाभित्र परेको पाइन्छ । हिन्दूराज्य, राजा तथा वैदिकधर्म अन्योन्याश्रयी हुन् । हिन्दूराज्यको अर्को परिभाषा धार्मिकशासन हो । यसकारण आजको राज-

---

१. श्रुतिप्रमाणको धर्मः स्यादिति वृद्धानुशासनम् । वन प. २०५।४१
सदाचारः स्मृतिबेदा स्त्रिविधं धर्म लक्षणम् । शान्ति. २५८।३
ब्रह्मचर्य तथा सत्य मनुक्रोशो धृति, क्षमा ।
सनातनस्य धर्मस्य मूलमेतत् सनातनम् । आश्व. प. ९१।३३

२. जाति श्रेण्याधिवासानां कुलधर्माश्च सर्वतः ।
वर्जयन्तिच ये धर्मं तेषां धर्मो न विद्यते । शान्ति. ३६।१९··· देशाचारान् समयान् जाति धर्मान् । उद्यो. ३३।११८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नीतिक शास्त्रले गरेको व्याख्या हिन्दूराजाले धार्मिक मर्यादाको परिभाषाभित्र पारेर मान्यता दिई आएका छन् ।[1]

महाभारतले देश, काल, परिस्थितिलाई हेरेर धार्मिक नियम र नीतिमा साधारण हेरफेर गर्ने अनुमति पनि प्रदान गरेको छ । महाभारत शान्तिपर्वको आपद्धर्म वैदिक सनातनधर्मको मौलिकताभित्र खलल नपारीकन समयानुकूल नीति, सदाचार हेरफेर गर्न सकिने अनुमति प्राप्त भएकोले वैदिक धर्मको उदारता स्पष्ट हुन्छ, जो अरू धर्ममा पाउन असम्भव छ ।

त्यस्तै धर्मका व्यापारीहरू, अर्थात् धनोपार्जनको निम्ति धर्मको पाखण्डीपन (वाह्याडम्बर) देखाएर वक्तृता छांट्नेहरूको पनि वनपर्व ३१।५ तथा अनुशा. प. १६२।६२ मा ज्यादै निन्दा गरिएको पाइन्छ ।

धर्म यस्तो विषय हो जसको पालना गर्नाले काम (विषयभोगका वस्तुहरू) अर्थ, विभिन्न सम्पदा, तथा मोक्ष पद तीनै कुरा सजिलै उपलब्ध हुन्छन् भनेर हातउठाएर चिच्याएर म भन्छु, तर कोही सुन्न तयार छैन भनेर स्वयं वेदव्यासले स्वर्गारोहण पर्व ५।६३ मा भनेका छन् । यसरी धर्मसम्बन्धी व्यापक चिन्तन र विवेचना गरिएका थुप्रै प्रसङ्ग महाभारतमा छन् ।

कर्म अथवा संस्कार

आर्य वैदिकधर्ममा जन्मदेखि मृत्युसम्मका संस्कार पनि धर्ममा न गणना गरिएको पाइन्छ । गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकर्म आदि गरिका १० कर्म वा संस्कारलाई हिन्दूसंस्कार भनिन्छ । यी संस्कारहरू ब्राह्मण, क्षत्रि, वैश्य, वर्णहरूले पूरा नै गर्छन् भने उपनयन (व्रतबन्ध) वेदारम्भजस्ता केही संस्कारलाई छाडेर अन्य संस्कारहरू महाभारतकालमा अन्य जातिले पनि गर्दथे तथा आजसम्म गर्दैछन् ।

भगवान् कृष्णले श्रीमद्भगवद्गीतामा गुणकर्म विभागशः अर्थात् जात गुणले र कर्मले नै हुन्छ भनेका छन् । यही नै वेदको परिशीलन गर्दा पनि थाहा पाइन्छ । परन्तु महाभारतकालमा जन्मद्वारा जाति निर्णय

---

१. मानसं सर्वभूतानां धर्ममाहु मनीषिणम्: ।

तस्मात् सर्वेषु भूतेषु मनसां शिवमाचरेत् । शा. १९३।३१ धर्मं यो वाधते धर्मो न स धर्मः कुवर्त्म तत् । अविरोधोत्तु यो धर्मः स धर्मः सत्यविक्रम ।। वन प. १३१–११–१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुने चलन चलेको उल्लेख छ ।[१]

अनुलोम तथा प्रतिलोम विवाह–प्रथालाई त्यति मान्यता नदिए पनि समाजमा यो कुरा रोकिन सकेन । यसकारण पछिल्लाकालमा प्रतिलोम (तल्लो जातिको वर र माथिल्लो जातकी कन्या) विवाहबाट जन्मेका सन्तानलाई सूत, मागध, अम्बष्ठ, पाराशव आदि नाम दिइयो र समाजमा स्थान एवं कार्यक्षेत्र पनि पाए ।

प्रायशः बाबुबाजेले गरेको धर्म, सदाचार, पढेको वेदविद्या र अपनाएको पेशा नै छोरा नातिको निम्ति सजिलो, रुचिकर र उपयोगी हुने भएकोले ब्राह्मण पुत्र ब्राह्मण, क्षत्रिय कुमार क्षत्रिय, वैश्यसन्तान वैश्य जाति नै हुन्थे तथा परम्परागत पेशा नै अपनाउँथे । क्षत्रिय वा वैश्यले वेदविद्या पढेर पवित्र आचरणद्वारा ब्राह्मणत्व प्राप्त गर्ने वा गरेको कुरा शास्त्रमा नपाइने होइन । किन्तु यो थोरै अपवादको रूपमा मात्र पाइन्छ । जस्तै विश्वामित्र, मेधातिथि, कण्ववंश, मुद्गलवंश आदि परन्तु त्यो प्राग् ऐतिहासिककालको व्यवस्थामा ब्राह्मण र क्षत्रिय एवं वैश्यको वर्णविभाजन पनि निश्चित रूपमा भइसकेको थिएन । धेरैजसो पैतृकपेशामा नै लाग्ने हुँदा र वैदिककालदेखि अविच्छिन्न रूपले आएको परम्परा, महाभारतकालमा हजारौं वर्षको अन्तराल पारगरिआएकोले जन्मगत जातिको व्यवस्थाले मान्यता प्राप्त गर्नु स्वाभाविक नै थियो । विभिन्न वर्णको धर्मगत पेशा पनि महाभारतकालभन्दा अगाडि नै निश्चित भइसकेको थियो । ब्राह्मणको कुलमा जन्मेर ब्राह्मणको आचरण नगर्ने तथा संस्कार नभएमा शूद्र वा व्रात्य हुन सक्थ्यो । यस्तै व्रतबन्ध आदि संस्कार नभएका आर्यहरू पनि व्रात्य कहिन्थे । किरात, खश, शक, कुषाण आदि जातिलाई व्रतबन्ध नभएको कारणले व्रात्य क्षत्रियको संज्ञा मनुले दिएका छन् । सम्पूर्ण प्राणीमाथि दया राख्ने, सबै मानिससँग मिता राख्ने, अध्ययन र अध्यापन गर्ने, तपस्या गर्ने काम ब्राह्मणको हो, क्षत्रियको होइन भन्ने उल्लेख पाइन्छ ।[२]

विवाह प्रथा र नारीसमाज

महाभारतमा धर्मशास्त्रले बताएअनुसार आठ प्रकारका

---

१. यदेतज्जायतेअपत्यं स एवायमिति श्रुतिः । शा. २९६।२
ब्राह्मणो नाम भगवान् जन्म प्रभृतिपूज्यते । शा. २६८।१२
जन्मनैव महाभाग ब्राह्मणो नाम जायते ।
नमस्यः सर्वभूतानां अतिथिः प्रसृताग्रभुक् । अनु शा. ३५।१

२. ब्राह्मणस्यैव धर्मस्यान्नराज्ञो राज सत्तम । इत्यादि शा. ।१४।१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाहको नै चलन थियो । परन्तु यीमध्ये–ब्रह्मविवाह, अर्थात् अविभावकले योग्य वर खोजेर कन्यादान दिने विधि नै उत्तम मानिन्थ्यो । क्षत्रिय कन्याहरूले स्वयंवरमा पति छान्दथे । यो एक प्रकारको गान्धर्वकै (प्रेम विवाह) अर्को रूप हो । तथापि समाजमा स्वयंवर र प्रेम विवाहलाई पनि सम्मानको दृष्टिले हेरिदैनथ्यो भन्ने बुझिन्छ । कन्या माग्नको निम्ति ब्राह्मणलाई पठाउने वा स्वयं उपस्थित भएर माग्ने चलन थियो । अगस्त्य ऋषिले विदर्भ नरेशका दरवारमा उपस्थित भएर राजकन्या लोपामुद्रालाई मागेर विवाह गरे ।

उच्चवर्गले तल्लो वर्गकी कन्यासँग गरिने विवाहलाई अनुलोम विवाह भनिन्छ । महाभारतकाल र त्यसभन्दा अगाडि पनि यस्ता विवाह प्रशस्तै हुन्थे । पराशरको सत्यवतीसँग सम्पर्क (आदि. ६३ अ.) ऋचीक ऋषिको गाधिराजकन्यासँग विवाह (अनु शा. ४।१९) च्यवनको सुकन्यासँग विवाह (वन प. १२२ अ.) ऋष्यश्रृङ्गको शान्तासँग विवाह (वन ११३) जमदग्निको रेणुकासँग विवाह (वन ११६।२) इत्यादि अनेक उदाहरण पाइन्छन् । यी क्षत्रिय कन्याबाट जन्मेका सन्तानहरू ब्राह्मण कुलकै हुन्थे । केवल शूद्र कन्या मात्र ब्राह्मणको लागि निषेध गरिएको पाइन्छ ।

महाभारतको कथाका प्रसङ्गमा हामी ऋग्वेदकालीन समाजभन्दा पनि धेरै अगाडिको समाज (नव पाषाणकालीन) व्यवस्थाको चित्रण पाउन सक्दछौं । किन्तु सर्वप्राचीन मानिएको ऋग्वेदकालमा कतिपय आदिम मानव सभ्यतामा चलेका प्राकृतिक न्यायका परम्पराहरूलाई प्रतिबन्धित गरिएको प्रमाण प्राप्त भएकोले विश्वसभ्यताको प्राचीन प्रथाको विवेचना गर्ने आँखाले हेरेर आर्यसभ्यताको पनि समान व्यवहारको कल्पना गर्नु उचित मान्न सकिदैन ।

परन्तु महाभारतको अनुशीलनबाट प्राचीनकालमा अन्य मानव समुदायमा जस्तै आर्यजातिमा पनि विवाह बन्धनको प्रथा थिएन । यसको परिचर्चा गर्दै महाभारतको (आदि प. १२२।४–२८ ऐ १२२।७ तथा वन प. ३०६।१५ मा भनिएको छ–प्राचीन युगमा ससाजमा केवल प्राकृत न्याय थियो । स्वैराचार थियो, यौन समागममा कुनै नियम थिएन । यो नै प्राकृत–न्याय हो र जुन कुरा पशुपक्षीमा आज पनि विद्यमान छ ।[1] वैदिक साहित्यमा

१. अनावृताः किलपुरा स्त्रिय आसन् वरानने । उत्तरेषु च रम्मोरुकुरुष्वद्यापि पूज्यते । स्त्रीणामनुग्रहकरः स हि धर्म सनातनः । (आ. प. १२२।४–८)
अनावृता स्त्रिय सर्वा नराश्च वरवर्णिनी ।
स्वभाव एष लोकानां विकारोन्य इतिस्मृतः । वन प. ३०६।१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि उक्त कुराको प्रतिध्वनि पाइन्छ । वामदेव्य व्रतको उपासनाकालमा पुरुष समागमको निम्ति प्रार्थना गर्ने नारीको इच्छा पूर्ति गरिदिनु धर्म कृत्य मानिन्थ्यो । किन्तु महाभारतकालभन्दा धेरै वर्ष अगाडि यस किसिमको स्वैराचार पूर्ण नियन्त्रण भइसकेको थियो । विवाहबन्धन समाजमा लागू भइसकेको थियो तथा पातिव्रत्य धर्मको विशेष महत्त्व मानिएर त्यसको विशेष माहात्म्य पनि उल्लेख भएको पाइन्छ ।

परन्तु महाभारतकालसम्म उत्तर कुरु देशमा बस्ने आर्यशाखामा स्वैराचार वा सामूहिक विवाह प्रथा लागू थियो भन्ने कुरा (आदि पर्व १२२।७ बाट) थाहा पाइन्छ । उत्तरकुरु देश वैदिक साहित्यको अनुशीलनबाट हिमालय तथा हिन्दूकुशपर्वतमालादेखि उत्तरको क्षेत्रलाई भनिन्थ्यो भन्ने कुरा थाहा पाइन्छ । यस्तै प्राचीनअंश बाँकी रहेको वायुपुराण, मार्कण्डेय पुराणबाट पनि चतुर्दलाकार पृथ्वीको उत्तर भाग उत्तरकुरु भनिन्थ्यो र यो उत्तरी समुद्रान्त (साइबेरियासम्म) विशाल भूभागलाई भनिन्थ्यो । यो चार पत्राकृति पृथ्वीको मध्य विन्दु मेरु मन्दर (कैलाश मान सरोवरको हिम शैल) थियो । उत्तरकुरु मध्य एशियाको सप्तनदको भूभाग, हिन्दूकुश पर्वत-मालाको उत्तर पश्चिम, कास्पियन सागर, अराल समुद्रको तटवर्ती प्रदेशलाई मान्न सकिन्छ । यस क्षेत्रमा बस्ने आर्यमूलका (रूप, रङ्ग, वर्ण, धर्म मिल्ने) कश वा कुश जाति, शक, सुग्द, कुपन, सरमाइत भनिएको जाति सम्पूर्ण आर्यसन्तान थियो । पुराणमा वर्णित, कश्यप र अदितिका सन्तान—असुर, नाग गन्धर्व, सुपर्ण, दानव, रक्षस, यक्ष, देव तथा मनुष्य सम्पूर्ण आर्यमूलकै मानव जाति थियो । यी सम्पूर्ण जातिको आदिनिवास भनी अथवा सृष्टि क्षेत्र हिमालकै आसपास मानिएको र शतपथ ब्राह्मणको कथनबाट पनि उत्तर कुरु निवासी ब्राह्मणहरू आचार निष्ठामा रहेका र वैदिक यज्ञ विधानमा विशेष ज्ञाता, दक्षिणकुरु पञ्चालका ब्राह्मण जस्तै शुद्ध संस्कृत बोल्दथे भन्ने उल्लेख भएकोले उत्तरकुरु भनिने क्षेत्र पनि वैदिक कर्म मान्ने क्षेत्र थियो तथा उत्तर वैदिककालसम्म पनि प्रशस्त आवागमन भइरहेको कुरा सिद्ध हुन्छ ।

अर्को कुरा के पनि थाहा हुन्छ भने–ब्राह्मणहरू शुद्ध संस्कृत बोल्दथे भनिएकोले ब्राह्मण वा अन्य पठितव्यक्तिवाहेक सर्वसाधारणको भाषा छुट्टै थियो भन्ने थाहा हुन्छ । यो भाषा—संस्कृतको ज्यादै नजीकको प्राकृत भाषा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो। उक्त उत्तर कुरुका (मध्य एशिया, वर्तमान दक्षिण रूस) पुरोहित-वर्ग शुद्ध आचार भएका ब्राह्मण थिए। ब्राह्मणबाहेक अन्य वर्गमा शायद सामूहिक विवाह (धेरै भाइले यौटी कन्यासँग विवाह गर्ने) प्रथा थियो। हाम्रा पौराणिक साहित्यमा उल्लेख भएका गन्धर्वगण, अप्सरा, यक्ष, राक्षस जातिमा पनि विवाह बन्धन खुकुलो थियो, या स्वैराचार निन्दनीय थिएन। आज पनि हिमालयका उच्च काखमा बस्ने जाति, कर्णाली उत्तर क्षेत्रका जातिहरूमा, यूथ विवाह र यौनाचारको शिथिलता पाइन्छ। लोग्ने मरेपछि, सन्तान छैनन् भने भाउजुले देवरलाई द्वितीय पतिको रूपमा वरणगर्न सक्ने प्रथा समस्त आर्य जातिमा थियो र धर्मशास्त्रले पनि यस कुरालाई समर्थन गरेको पाइन्छ। आज पनि विशिष्ट ब्राह्मण क्षत्रियवर्णबाहेक अन्य जातिमा यो प्रथा चलेकै छ।

उत्तरी क्षेत्रमा बस्ने व्रात्य, खश जाति तथा मंगोलियन जातिमा मान्यता प्राप्त गरेको धेरै भाइले एउटी विवाह गर्ने, देवर जेठाजुसँग विवाह गर्ने, प्रथा अब मात्र विस्तारै लोप हुँदैछ र कानूनले रोक लागेको छ।

प्राग्ऐतिहासिककालको विश्वमानव सभ्यताको अनुशीलन र अध्ययन गर्दा स्वतन्त्र यौनाचार, यूथ विवाह, भगिनी विवाह आदि अनेकौं चलन रहेको थाहा हुन्छ। मिश्रको प्राचीन राजवंशमा रक्तशुद्धिको ख्याल राखेर दिदी बहिनीसँगमात्र विवाह गर्ने चलन थियो। यसैको देखासिकीमा पश्चिम एशियामा शासन गर्ने आर्य मूलको मितन्नी शाखाले पनि भगिनी विवाह चलाएका थिए भन्ने कुरा पुरातत्त्व विद्हरूले उल्लेख गरेका छन्। आर्यहरूमा भने धेरै समय पूर्व ऋग्वेदकालमा नै यो भगिनीविवाह निषेध गरिएको कुरा (ऋ. १०। मण्डलको यम–यमी सम्वादबाट थाहा हुन्छ। साथै यो सूक्तको मन्त्रमा यमीको इच्छा र आह्वानले के भन्न सकिन्छ भने आर्य-कुलका वरिपरि बस्ने अनार्यकुलमा यो प्रथा वैध थियो।

यस्तै महाभारत (आदि प. १२२।१०-२०) मा प्राचीन कथाको उल्लेख गर्दै भनिएको छ–मध्यवैदिक कालका ऋषि उद्दालकको पत्नीलाई पति र पुत्र श्वेत केतुकै सामुन्ने कुल गोत्र अपरिचित ब्राह्मण आएर हात समाउदै यौन समागमको निम्ति आह्वान गरे। यो देखेर श्वेतकेतुले विरोध गर्दा बाबु उद्दालकले स्त्रीहरू स्वैराचारिणी गाई जस्तै हुन्छन् भनेकोमा पनि कठोर विरोध गरे। श्वेतकेतुले क्रुद्ध हुदै भने-अब म यो नियम बनाउँछु कि समाजमा स्त्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुष कुनै पनि यौन व्यापारमा स्वच्छन्दाचरण गर्न पाउँदैन। जसले यो उल्लंघन गर्छ त्यसलाई भ्रूणहत्याको पाप लाग्नेछ। किन्तु सन्तान भएनन् भने पतिको आज्ञा लिएर पुत्रको निम्ति नियोग (अन्य असल पुरुषसँग समागम) गर्न यो नियम बाधक हुने छैन। यस्तै अन्य कथनबाट पनि प्राचीनकालमा विवाह प्रथा लागू भएता पनि ऋतुकालबाहेकका दिनमा नारीहरू स्वैराचारिणी हुन सक्थे।

श्वेतकेतु प्राचीन उपनिषद्मा उल्लेख भएका वैदिककालका ऋषि मानिन्छन्। त्यो बेला समाजधर्मको व्यवस्था गर्ने, विदथ,–विद्वत् परिषद् हुन्थ्यो। शायद त्यसैका अध्यक्ष त्यो बेला श्वेतकेतु थिए होलान् र यस्तो नियम बनाउँछु भन्न सके तथा उनले बाँधेको नियम समाजले स्वीकार गऱ्यो।[१]

यस्तै दीर्घतमा मामतेय भन्ने अन्धा ऋषि ठूला विद्वान् योगी र दीर्घजीवी पनि थिए। यिनले विद्याको प्रभावले गर्दा एक सुन्दरी कन्यासँग विवाह गरेका थिए। यिनी अन्धा भएको हुँदा गोवृत्ति (गाईमा साँढे लागे जस्तै) जुनसुकै बेलामा पनि यौन समागममा प्रवृत्त भएको देखेर वरिपरिका छिमेकीले घृणा गरी एक्लै छाडिदिए। उनकी पत्नीले एकदिन दिक्क मानेर ऋषिसँग भनिन् अब म तपाईंलाई भरण पोषण गर्न सक्तिन। क्रुद्ध भएका दीर्घतमाले भने–अब उप्रान्त कुनै पनि स्त्रीले एउटा भन्दाबढी पति राख्न पाउने छैन भन्ने नियम बउाउँछु तथा स्त्रीले पतिजिउदै छदैमा अर्कोविवाह गर्ने र मरेपछि पनि अर्को विवाह गरी भने नारी समाजमा निन्दित हुनेछ तथा ऐश्वर्यको उपभोग (लोग्नेका धनको उपभोग) गर्न पाउने छैन।

उपर्युक्त एक अन्धा तर विद्वान् ऋषिको समाजको नियम कानून बनाउने कति ठूलो हात थियो भन्ने ज्ञात हुन्छ। यी ऋषि पनि धर्म शास्त्रका प्रवर्तक कुलपति थिए होलान्, अन्यथा यस्तो नियम बनाउने घोषणा गर्न सक्दैनथे।[२] तथापि महर्षि दीर्घतमाले बाँधेको नियम महाभारतकालीन समाजमा सर्वमान्य अवस्थामा रहेको पाइदैन। त्यो बेला जनसंख्या वृद्धि गर्नु पनि एउटा मुख्य सामाजिक धर्म मानिएकोले पनि दीर्घतमाका नियमहरू सबल नभएका हुन सक्छन्।

सन्तान नभएमा पत्नीलाई अन्य सज्जन पुरुषबाट नियोग धर्मद्वारा पुत्रोत्पादन गर्न मानिन्थ्यो। यसरी जन्मेका पुत्र क्षेत्रज पुत्र भनिन्थे र यो वैध

---

१. मर्यादेयं कृता तेन धर्मात्मश्वेतकेतुना। आदि १२२।१०-२०

२. जात्यन्धो वेदवित् प्राज्ञः पत्नीलेभे सविद्यया। आदि १०४।२३-२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्तान मानिनुको साथै जसका निम्ति नियोग गरिएको हो उसैकै पुत्र मानिन्थ्यो । धृतराष्ट्र, पाण्डु, तथा पान्डुका पुत्र युधिष्ठिरहरू, यस्तै नियोग-द्वारा जन्मेका क्षेत्रज पुत्र हुन् । यस्ता सन्तानको राज्याधिकार तथा दाय भाग (सम्पत्तिको उत्तराधिकार) सम्बन्धमा अवैधताको प्रश्न उठदैनथ्यो । तथापि यो प्रथा समाजमा श्रद्धेय थिएन तथा पछिल्ला युगमा पूर्ण निषेध गरियो ।

महाभारतको अनुशीलनबाट त्यस वेलासम्म सामाजिक स्थिति पूर्ण विवाह बन्धनमा बाँधिएको थियो र पातिव्रत्य धर्मको विशेष महत्त्व थियो भन्ने थाहा पाइन्छ । महाभारतमा सीता, सावित्री, दमयन्ती जस्ता पतिव्रता नारीको चरित्र गाथा प्रचलित थिए ।

महाभारतकी चरित्र नायिका द्रौपदीको भने पाँच पतिसँग एकै चोटि विवाह हुनु चाँहि समयगत मर्यादामा उल्लङ्घन नै थियो । तथापि समाजले यसलाई पनि अपवादस्वरूप स्वीकार गऱ्यो ।

युधिष्ठिरले पाँचै भाइले द्रौपदीसँग विवाह गर्ने प्रस्ताव राख्दा राजा द्रुपदले आश्चर्य साथै शंका प्रकट गरे ।[१] युधिष्ठिरलाई द्रुपदले-तपाईं जस्तो धर्मज्ञ भएर लोकविरुद्ध यस्तो प्रस्ताव राख्नसक्नु भयो भन्दा युधिष्ठिरले आमाको आज्ञा हो, धर्मको सूक्ष्म गति हुन्छ, त्यो म जान्दिन भनेका छन् ।

राजा द्रुपद पंचाल नरेश हुन् । पंचालराज्य उत्तर तथा दक्षिणमा विभाजित भएको पाइन्छ । उत्तरपंचालको क्षेत्रभित्र वर्तमान गढवाल, कुमाउँ र नेपालको काली, सेती, कर्णाली अञ्चलसम्मको भूभाग पनि पर्दथ्यो होला अन्यथा यो उत्तराञ्चललाई आर्यावर्तभित्र गणना गरिने थिएन । यसरी उत्तर पंचालका क्षेत्रभित्रकै हिमालय प्रान्तमा समूह–विवाहको प्रथा हुनु पर्ने हो तथा उत्तर कुरुको यस्तो यूथविवाह प्रथाबाट पनि अवश्य नै अवगत हुँदा हुन् ।

तर यस्तो कुरा पहिलेदेखि नै जानिएको सुनिएको छैन भनेर आश्चर्य प्रकट गरेको देखिएकोले आर्यगणमा यो चलन वन्द थियो तर पूर्ण निषेध थिएन भनेर तर्क गर्न सकिन्छ ।

यसैवेला राजा द्रुपदको दरबारमा उपस्थित भएका महर्षि व्यासले यस्तो पनि हुन सक्तछ भनेर पुराना उदाहरण गर्दछन् । पहिलेको युगमा जटिला नाम गरिएकी कन्यासँग सात जना ऋषिहरूले एकैचोटि विवाह

---

१. लोकवेद विरुद्धं त्वं नाधर्मं धर्मविच्छुचिः ।
कुर्तुमर्हसि कौन्तेय, कस्मात्ते बुद्धि रिहशी ।। आदि प.१९५।२८
नपाप्माचरितः पूर्वं रयं धर्मो महात्मभिः ।। आ. १९६।८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेका थिए। यस्तै दश प्रचेताहरूले वार्क्षीनाम गरेकी एउटै कन्यासँग दशै भाइले बिवाह गरेका थिए। उपर्युक्त उदाहरणबाट पनि सन्तोष नभएका राजालाई द्रौपदीको पूर्व जन्मको वृत्तान्त बताएर पाँच पति हुने वरदान प्राप्त गरेको कथा भन्नु पर्‍यो।[1] यसकारण यस्तो कुरा महाभारत कालमा नियोग प्रथा जस्ता यौन समागमको शिथिलता देखाउने प्रचलन जीवन्त रहेपनि यूथ-विवाहचाँहि गर्हित मानिन्थ्यो र व्यासलाई पनि समर्थन गराउन पसीना छुटेको अनुभव हुन्छ। महर्षि नै धर्म नियम प्रणेताका रूपमा रहेका र उनीहरूको मन्तव्यलाई अष्ठ्यारो माने तापनि स्वीकार गर्नै पर्ने भएकोले मात्र यो विवाह हुन सक्यो किन्तु लोकले यसलाई श्रद्धाले नहेरेको कुरा पनि महाभारतबाटै थाहा पाइन्छ। यस्तै महाराज ययातिकी पुत्री माधवी नामकी थिइन् यिनले बाबुको आज्ञाले गालव ऋषिको निम्ति गुरू दक्षिणा जुटाउन श्याम कर्णघोडा चाँहिदा श्याम कर्णघोडाको निम्ति एउटा राजासँग प्रेमसम्बन्ध गरी एक छोरो भएपछि श्याम कर्णघोडा शुल्क लिने र छाडिदिने फेरि त्यस्तै शर्तमा अर्कोसँग विवाह गर्ने र छोरो जन्माइदिएपछि घोडा शुल्क लिएर छाडिदिने गरी चार राजासँग विवाह गरेको कथा पनि महाभारत मा पाइन्छ। किन्तु राजा ययातिको कथा ऋग्वेदकालीन थियो। ऋतुकालमा विवाहित पतिको व्रतमा रहेपनि त्यसपछि स्त्रीहरू स्वैराचारिणी थिए भन्ने कुरा महाभारतमा उल्लेख छ। श्वेतकेतुको नियम नलागेसम्म अर्थात् मध्य वैदिककालसम्म यस्तो यौन स्वतंत्र थियो। "रजसा सुध्यते नारी नदी वेगेन शुध्यति" भन्ने वृहस्पतिको वाक्यलाई पनि समाजले शुरूमा अंगीकार गरेको थियो। छोराछोरी जन्माएकै भरमा स्त्रीको विवाह गर्ने अधिकार सकिदैनथ्यो। तीन वर्ष, पाँच वर्ष र आठ वर्षसम्म प्रतीक्षा गर्दा पनि पुरुष फर्केन भने स्त्रीलाई पुनर्विवाह गर्ने अधिकार धर्मशास्त्र तथा राजनीति शास्त्र-कारले दिएका छन्। नल राजा विपत्ता भएपछि पुनः दमयन्तीले स्वयंवर गर्ने हल्ला चल्यो र निम्तो पनि बाँडियो तथा राजाहरू स्वयंवरमा गए पनि। यो बेला दमयन्ती दुई सन्तानकी आमा भइसकेकी थिइन्।

---

१. श्रूयते हि पुराणेऽपि जटिला नाम गौतमी।
ऋषीनध्यासितवती सप्त धर्मभृतां वरा।
तथैव मुनिजा वार्क्षी तपोभिर्भावितात्मनः
संगताभूत् दश भ्रातृनेकानाम प्रचेतसः। आदि १९६।१४-१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी भए महाभारतकालभन्दा निकै प्राचीन कुरा। यो समयमा श्रद्धाको दृष्टिले हेरिंदैनथ्यो भन्ने कुरा द्रौपदीलाई जूवामा हारेपछि सभामा ल्याइएको समयमा कर्णको वाक्य, दुःशासनको र दुर्योधनको दुर्व्यवहारवाट पनि थाहा हुन्छ।[1] यो वेला पाँचपति हुने स्त्री वेश्याजस्तै मानिन्थे।[2] नियोग व्यवस्थामा पनि बढीमा तीन चार पटकभन्दा बढी समागम गर्ने अनुमति थिएन। ऋतुकालबाहेक नियोग कर्मको लागि नियुक्त व्यक्तिले त्यो स्त्रीसँग पुनः यौनसम्बन्ध कायम गर्ने अपराध मानिन्थ्यो।

महाभारतकालीन समाजको विवेचना गर्दा एक दुई प्राचीन परंपरा अपवादको रूपमा रहेका देखिए पनि अन्य सामाजिक मर्यादा, नैतिक मूल्य, व्यक्तिको परपीडन नगरीकन बाच्ने अधिकार, तर्क र विवेचनाद्वारा निष्कर्षमा पुगेर धर्मको पालना गर्न पाउने स्वतंत्रता, विभिन्न दार्शनिक मतवाद, ब्रह्मा, विष्णु, महेश्वर, श्री, लक्ष्मी तथा देवीहरूका विभिन्न रूपको उपाशना, पूजा पद्धति योगसाधना, तपस्या, तंत्र–मंत्र आदि समस्तपक्षमा आर्यहरूको गती र विकास भएको पाइन्छ।

महाभारतकालमा बहु पत्नीत्व प्रथा, रखौटी तथा दासीसँगको सम्पर्क आदिको पनि व्यवस्था चलेको पाइन्छ। कुरूवंशका राजा विचित्रवीर्य निःसन्तान मरेपछि वेदव्यासलाई बोलाएर नियोगद्वारा बुहारीहरूमा सन्तानोत्पादन गर्न सत्यवतीले आज्ञा दिइन्। ऋतुकालमा समागम गर्न जाँदा यौटीले डरले आँखा चिम्लिन् र अन्धा धृतराष्ट्र जन्मे। अर्की डराएर फुस्री भएकीले पाण्डुरोगी पुत्र पाइन्। दुवै राज्यको लागि त्यति उपयुक्त नहुँदा पुनः नियोगमा पुत्रोत्पादन गर्ने आज्ञा सत्यवतीले दिइन्। यस पटक दुवै रानी नगएर आपना कपडा अलङ्कारले सजाएर दासी पठाइदिए। दासीले निर्भीकतासँग व्यासलाई सन्तोष दिलाएकोले दासीको गर्भबाट विदुर जन्मे। दासीबाट जन्मेका विदुर पनि कौरववंशी तथा धृतराष्ट्र, पाण्डुका भाइ भनिएकोले विदुरकी आमा केवल दासी मात्र नभएर विचित्रवीर्यकी भित्रिनी (नानी) पनि रहिछन् भन्ने थाहा पाइन्छ। यसभन्दा बढी विवरण विदुरको बारेमा पाइदैन।

---

१. उद्योग प. ११६ देखि २१ अ.

२. इयं त्वनेकपतिका वंधकीति विनिश्चिता। सभा. ६८।३५-३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाभारतकालीन नारीहरूमा दासीको भने त्यति उच्चस्थान थिएन र दासी मालिकको निम्ति सर्व भोग्याकै रूपमा थिए। उनीहरूका निम्ति पातीव्रत्यको महत्ता थिएन।

दासी वा अन्य कुनै नारीले ऋतुमती भएको वेला सन्तानको कामना गरेर समागमको निम्ति प्रार्थना गरेमा ऋतुदान दिनु धार्मिक कृत्य ठानिन्थ्यो। राजा ययातिकी रानी देवयानीकी दासी शर्मिष्ठाको प्रार्थना राजाले स्वीकार गरेकोले यिनीपट्टिबाट तीन छोरा जन्मे। शर्मिष्ठा, दासीको कार्यमा शुक्राचार्यको शर्तअनुसार, दाइजोमा दिइएकी हुँदा मात्र नियुक्त थिइन्। नत्र उनी असुरराज वृषपर्वाकी छोरी राजकन्या नै हुन्। यसकारण यिनैपट्टिका कान्छा छोरा पुरूले बाबुको गद्दी पाए र प्रतापी पुरुवंश चल्यो।

महाभारतकालमा विधवा विवाहको पनि प्रचलन थियो भन्ने कुरा अनुशा. प. ८।२२ आदि. १२०।३५ तथा अनु. ४४।५२ र शान्ति. ७२।१२ थाहा पाइन्छ। सन्तानहीन विधवाहरूलाई पुनर्विवाह गर्ने तथा देवरलाई पतिरूपमा वरण गर्ने अनुमति दिएको पाइन्छ। भाउजूलाई पत्नी रूपमा स्वीकार गरिने परम्परा निम्न जातिमा अद्यावधि वैध छ। क्षेत्रीय जातिमा यो परंपरा बीसौंशताब्दीका केही दशकसम्म पनि रहेको पाइन्छ। ब्राह्मण समाजमा भने यो धेरैपहिलेदेखि नै उल्लेख्य खालको नभएको र विधवा ब्राह्मणीले मातृकुल र आफ्नो कुलबाहेक भिन्न गोत्रका ब्राह्मणसँग पुनर्विवाह गर्न सक्ने र यस्तावाट जन्मेका सन्तानलाई वेदविद्या पढ्ने, पढाउने, यज्ञ गर्ने र समानस्तर तथा त्योभन्दा निम्न वर्ण एवं जातिमा पौरोहित्य कर्म गर्न पाउने अधिकार, नेपाली ब्राह्मणसमाजमा लगभग २००० वर्ष पहिले देखि नै दिइएको पाइन्छ। किन्तु, यस्ता ब्राह्मणहरू जातीय परिचय दिंदा भने ज्योतिषी, जोशी, जोइसी वा जैसी ब्राह्मण लेख्दथे। उपाध्याय लेख्ने अधिकार दिइएको थिएन।

भारतवर्षका ब्राह्मणवर्गमा भने यो प्रथा पाइदैन। दक्षिण भारतका चारै वर्णमा मामाकी छोरीसँग विवाह गर्ने परंपरा थियो र बाँकी नै छ। किन्तु उत्तर भारतका धर्मशास्त्रकारले मातृकुलमा विवाह निषिद्ध गरे। किन्तु यो प्राचीन परंपराभित्रको चलन भएकोले ब्राह्मणले त्याग गरेपनि क्षत्रियवर्गमा यो प्रथा महाभारतकालमा पनि मान्य भएन। कृष्ण पुत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रद्युम्नको मामाकी छोरीसँग विवाह, अर्जुन सुभद्रा विवाह अनिरूद्धको विवाह आदि प्रशस्त उदाहरण पाइन्छन् । यो परंपरा क्षत्रियवंश राजपुत, ठकुरीहरूमा आज पनि सर्व मान्य छ ।

देशाचार, कुलाचार, समयाचार परंपरा पनि अनुल्लंघनीय धर्म हो भनेर स्वीकार गरिएको छ । यसकारण उत्तर भारतका धर्मशास्त्री तथा प्रवक्ताहरूले दक्षिणको बहुप्रचलित प्रथालाई मान्यता नै दिए ।

मिश्रको प्राचीनपरंपरा बहिनीसँगको विवाह थियो र यो परंपरालाई अरबले अपनायो । अरबबाटै प्रचलित इस्लाम धर्मका अनुयायी मुशलमान-हरूले भारतमा पनि यो प्रथालाई अंगीकार गरे ।

स्त्रीरत्नं दुष्कुलादपि (शान्ति. १६५।३२) अर्थात् स्त्रीरूपी रत्न दुष्टकुलबाट पनि ग्रहण गर्नु भन्ने सिद्धान्तलाई आर्यहरूले स्वीकार गरेको पाइन्छ । यसबाट अनार्यकुलका सुन्दरी कन्याहरू आर्यहरूले विवाह गरे । यसबाट रक्तशुद्धि, वर्णशुद्धि भन्ने कुराचाहिँ बाँचेन । तथापि सम्पूर्ण भारत-वर्ष र त्यसभन्दा पनि बाहिरका देशमा आफ्नो धर्म, शिक्षा, संस्कृति, फैलाउन चाहिँ सफल भए । विशाल संस्कृति समन्वयबाट आर्य विश्वविजयी बन्न पुगे । वास्तवमा भन्ने हो भने आर्य वैदिकधर्मका प्रतिपालक, प्रचारक, र कर्तव्य-शील व्यक्ति आज रूपरङ्गले प्राचीन युगमा आर्येतर भनिएका मानवसमूह नै छन् । ई. पू. दोस्रो शतीका पतञ्जलिका व्याख्यानुसारका ब्राह्मण खोज्न आज यूरोप नै जानु पर्छ ।

नारी मर्यादा

माहाभारतमा नारीजातिको संमान्य स्थान छ । प्रत्येक परिवारमा स्त्रीको मर्यादायुक्त स्थान थियो । स्त्रीविना शुभकार्य सफल हुँदैन । धर्म, अर्थ, काम, मोक्ष, सन्तान, पितृतृप्ति आदि पत्नीद्वारा मात्र संभव हुन्छ । भार्या, पुरुषकी अर्धाङ्गिनी, सखा, त्रिवर्गको मूलहुन् । स्त्रीहरू जुन घरमा पूजिन्छन्–अर्थात् मानमर्यादा युक्त रहन्छन् त्यहाँ देवता रमाउछन् इत्यादि भनिएको छ । महाराज युधिष्ठिरले द्रौपदीकोबारेमा भनेका छन्–यी प्राण-भन्दा पनि प्यारी द्रौपदी आमा जस्तै पालना गर्न योग्य, दिदी जस्तै पूज्य, तथा श्रेष्ठ छन् । सम्मान गर्नू, माया गर्नू, स्त्री नै घरका श्री (लक्ष्मी) हुन्;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसकारण विशेष प्रकारले रक्षणीय छन् ।[१]

यसरी महाभारतकालमा नारीहरूका महत्त्वका बारेमा प्रशस्त वर्णन गरेको पाइन्छ । पतिव्रता स्त्रीको महात्म्य पनि वर्णन गरिएको छ । पातिव्रत्य धर्म एक प्रकारको योग जस्तै हो, योग साधनाले विचार नियन्त्रण गरेर चित्तको एकाग्रताले सिद्धि प्राप्तिको अवस्था प्राप्त हुन्छ, त्यस्तै पतिप्रतिको एकाग्र चिन्तन र भक्तिद्वारा प्राप्त हुने सिद्धि नै महात्म्य हो । यसैकारण साकारको भक्तिद्वारा गरिने उपासनाको महत्त्व मानिएको छ । अखण्डभक्ति-द्वारा साधु महात्माले सिद्धि प्राप्त गरेका छन् ।

सावित्री, दमयन्ती, शकुन्तला अनसूया, गान्धारी जस्ता पतिव्रता; कुन्ती, विदुला, द्रौपदी आदि ओजस्विनी नारीको चरित्र र महात्म्य महा-भारतमा वर्णन गरिएको छ ।

यस्तै कतिपय ब्रह्मवादीनी, विदुषी, ब्रह्मचारिणी महिलाको वर्णन पनि महाभारतमा उल्लेख छ । योगिनी सुलभाले विदेहराज जनकलाई जाँच्न योगबलद्वारा स्तंमन गरेकी थिइन् । त्यस्तै शाण्डिल्य दुहिता आवाल ब्रह्म-चारिणी रहेर तपस्याद्वारा सिद्धिलाभ गरेकी थिइन् । शिद्धा शिवानामकी अर्की ब्राह्मणकन्याले समस्त वेद, उपनिषद् पढेर साधनाद्वारा सिद्धिलाभ गरेकी थिइन् । यी उपाख्यानबाट स्त्री शिक्षा तथा वेदविद्या पढ्ने अधिकार नारी जातिलाई थियो भन्ने देखिन्छ ।[२]

---

१. पूज्या लालयितव्याश्च स्त्रियो नित्यं जनाधिप ।
स्त्रियो यत्रश्च पूज्यन्ते रमन्ते तत्र देवताः । अनु शा. ४६।५
पूजनीया महाभागाः पूण्याश्च गृहदीप्तयः ।
स्त्रियः श्रियो गृहस्योक्ता स्तस्माद्रक्षा विशेषतः । उद्यो. ३८।११०
इयं हि नः प्रिया भार्या प्राणेभ्योऽपि गरीयसी ।
मतेव परिपाल्याच पूज्याज्येष्ठेव च स्वसा । विरा. ३।१७
अर्धं भार्या मनुसस्य भार्या श्रेष्टतमसखा । भार्या मूलं त्रिवर्गस्य भार्या मूलं तरिष्यत आ. प. ७४।४१
धर्मं कामार्थ कार्याणि सुश्रुषाकुल सन्ततिः । दारेध्वधीनो धर्मश्व पितृणा-मात्मन स्तथा । । आश्च. प. ९०।४७

२. अत्र सिद्धा शिवानाम ब्राह्मणी देवपारगा । अधीत्य साखिलान् वेदान् लेभे स्वंदेहमक्षयम् । (उद्यो. १०९।१९) एवं शल्य ५४।६–८ शान्ति. ३२० अ. आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारीहरूले विविध क्षेत्रमा काम गरेको उल्लेख पाइए तापनि युद्धमा भाग लिएको भने देखिदैन। नारीबारे विभिन्न आक्षेप र आलोचना पनि महाभारतमा नभएको होइन। किन्तु ती विषय वस्तु मोक्षधर्मको साधन एवं निवृत्ति मार्गमा प्रवृत्त गराउने हेतुले उल्लेख भएकोले सामाजिक स्थितिको विवेचना गर्दा त्यति महत्त्व राख्दैनन्।

वहुश: स्थानमा नारीको मानमर्यादा विषयमा प्रशंसा नै पाइन्छ। किन्तु महाभारतकी कथा नायिका द्रौपदीलाई राजा युधिष्ठिरले जूवाको खालमा वाजीथापेर हार्नू तथा यो वाजी र हारलाई सभ्य सभासद्हरूले विना विरोध मौन भएर हेर्नू आदिले स्त्री जातिको अस्तित्व, पुरुषको वैयक्तिक सम्पत्तिभन्दामाथि थिएन कि भन्ने प्रश्न सजिलै उठ्दछ। हिदू परंपरामा प्रजाको तन, धन सर्वस्व राजाको वा राष्ट्रको मानिन्थ्यो र यसै अधिकारको विश्वासमा द्रौपदीलाई वाजीथापे त ?। यसोभए अधिकारको दुरूपयोगचाहिँ अवश्य नै भयो। हिन्दू राजाको मर्यादा र गरिमामा अवस्य नै युधिष्ठिरले क्षति पुऱ्याए भन्नुपर्छ। व्यासले यसबाट भएको दुःख कष्ट र कुपरिणामको व्यापक चर्चा गरेर नै यो कुरा योग्य थिएन भन्ने दर्शाए।

हिन्दू परंपरामा विवाहमा कन्यादान गर्ने परंपरा छ। दानवाट उपलब्ध सम्पत्ति निजी प्रयोगमा आउन सक्छ। परन्तु कन्यादानपछिका विवाह पद्धतिमा अग्निसाक्षी राखेर समान अधिकार, सहभागिनी, सहधर्मिणी-को प्रतिज्ञा गरिने हुँदा अन्य दानको सम्पत्ति जस्तै कन्यादान मान्न सकिदैन। पाँच पति र जूवामा वाजी थाप्नु दुवै कुरा महाभारतकालीन आर्य सभ्यताम विवादास्पद विषय हुन्। हिन्दूविवाह पद्धतिअनुसार नारी न पुरुषको व्यक्ति-गत सम्पत्ति नै हो, न पुरुषभन्दा तल्लो श्रेणीमा राखेको नै पाइन्छ।

महाभारतकालीन दार्शनिक पक्ष

वेदसाहित्य, सम्पूर्ण हिन्दू शास्त्रको प्रामाणिक ग्रन्थ मानिन्छ। वेदलाई नै आधार मानेर इतिहास, पुराण, उपनिषद्, धर्मशास्त्रका, कर्मकाण्ड तथा ज्ञान काण्डका विषय वस्तुहरूको प्रतिपादन र व्याख्या भएको छ। धर्म-शास्त्र तथा पुराण आदिमा मतभिन्नता भयो भने वेद नै मुख्य प्रमाण मान्नुपर्छ। ब्राह्मणग्रन्थ, आरण्यक तथा उपनिषद् श्रुतिशास्त्र नै मानिन्छन्।

महाभारतमा वायुपुराणको नाउँ आएको छ। वेदमा पनि इतिहास पुराणको उल्लेख भएकोले प्राचीनकालका महर्षिहरूले इतिहास, पुरावृत्त एवं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्य विविध विषयमा गहन चिन्तन मनन गरी पुराण संहिता रचना गरेका थिए भन्ने प्रमाणित हुन्छ ।

महाभारतकालसम्म यज्ञविधान र कर्मकाण्डको जटिलतालाई व्याख्या गर्ने ब्राह्मण ग्रन्थ, आरण्यक, उपनिषद्हरूको प्रचुर मात्रामा रचना भइसकेको थियो । पशु, रोग, व्याध वनौषधीका रुद्र देवताले जगत्का कर्ता, धर्ता सर्वेश्वर, परमेश्वर शिवको रूप लिइसकेका थिए । जगत्मा व्यापक भएर रहने विष्णु जलीय तत्त्वका विशेष देवता नारायणको सर्वोपरि महत्ता उपनिषद् साहित्यले प्रस्तुत गरिसकेको थियो ।

वैदिककालका विशिष्ट शक्ति सम्पन्न इन्द्र, नैतिक सत्यका पालक वरुण, सबैका कल्याणकारी मित्र, भास्कर, सविता, आर्यमा, नासत्यौ आदिको महत्त्व अब साधारण मात्र थियो । सम्पूर्ण देवताकी जननी परमसत्ता रूप माता अदिति श्री, ऐश्वर्यकी अधिष्ठात्री, लक्ष्मी, उमा, हैमवती आदि प्रकृति स्वरुपिणी पराशक्तिको पनि विशेष महत्त्व वैदिककालमा नै थियो श्रीसूक्त, रात्रीसूक्त, नदीसूक्त आदि वैदिक संहिताकै अन्तर्गत पाइने भएकोले चैतन्य स्वरूपिणी तथा महाप्रकृति, महामायाका विविध रूप कल्पना, महत्त्व, प्राचीन कालमा नै भइसकेको थियो । महाभारतकालीन समाजको अध्ययन गर्दा यज्ञ वादकोभन्दा महत्त्वपूर्ण स्थान दर्शन-ज्ञान, भक्ति, कर्म (देव पूजाध्यान, योग, साधना) ले प्रमुखता पाइसकेको थियो । अब पशुहिंसाद्वारा साधना गरिने यज्ञभन्दा अहिंसावादी ज्ञान, देवपूजन, भक्तिमार्गद्वारा नै स्वर्ग, मोक्ष प्राप्तिमा जनभावना बढेको पाइन्छ । महाभारतलाई विद्वान्हरूले वर्गीकरण गर्दा वैष्णव मतवादको पोषक मानेका छन् ।

महाभारतमा आन्विक्षिकी (न्याय, वैशेषिक) योग सांख्य, मीमांसा, वेदान्त, हेतुवाद र लोकायत (अनीश्वरवादी) दर्शनका साथै पाञ्चरात्र मत (वैष्णव सम्प्रदाय) आदि दर्शनको विकास भएको र वाद-प्रतिवाद हुने गरेको पनि थाहा हुन्छ । सांख्य र योग दर्शनको घनिष्ठ सम्बन्ध रहेको छ भने न्याय र वैशेषिक दर्शनको समानता नै छ भने हुन्छ ।

महाभारतमा मुख्य श्रीमद्भगवत्गीता सम्पूर्ण उपनिषद् साहित्यको निचोड हो भनिन्छ भने भारतीय दर्शनपक्षको विषयवस्तु पनि प्रतिपादन गर्छ । महाभारतमा मोक्षधर्मसम्बन्धी व्याख्या गर्ने अरू पनि अनेक गीता छन् । गीताको अध्ययनबाट महाभारतकालीन चिन्तन धारा कति उच्च स्थान राख्ने भइसकेको थियो भन्ने कुरा गीताले विश्वमा प्राप्त मानप्रतिष्ठाबाट पनि अनुभव गर्न सकिन्छ । यसैलाई आधारग्रन्थ मानेर उत्तरकालीन मनीषिहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो आफ्नो पक्षको समर्थनमा व्याख्या गरेका छन् । शङ्करको अद्वैतवाद र अन्य आचार्यका विशिष्टा द्वैत, शुद्धाद्वैत, द्वैताद्वैत आदि मतवादको आधार गीता नै हो । यथार्थमा भन्ने हो भने दर्शनपक्षको सर्वोच्चता महाभारत कालमा भइसकेको थियो । पछिका व्याख्याता रामानुज, मध्वाचार्य, वल्लभाचार्यले वैष्णवपक्षको भक्तिवादलाई अगाडि बढाए भने शङ्करले अद्वैतको कुमारिलले मीमांसा शास्त्रको मतप्रति स्थापन गरेका छन् ।

यहाँ उपर्युक्त विवेचना गर्नुपर्ने आवश्यक किन पऱ्यो भने नेपालको सांस्कृतिक परंपरामा उल्लिखित सबै विषय वस्तुको गहिरो छाप परेको छ । उक्त दर्शन पक्षका मतवादलाई स्वीकार गर्ने सम्प्रदाय, मठ, मन्दिर, सभा परिषद्का साथै तत्सम्बन्धी साहित्यमा चिन्तन, मनन, वाद-विवाद र लेखन-प्रवचन आजसम्म पनि चल्दै आएको छ ।

महाभारतकालीन धर्म,दर्शनसम्बन्धी विवेचना गर्न एउटा छुट्टै ग्रन्थलेख्नु पर्ने हुन्छ । यसकारण यहाँ नेपाली सांस्कृतिक पक्षको धरातल खोज्ने यो सानो प्रयास मात्र हो । हिन्दूराष्ट्र नेपालमा राष्ट्रिय धर्म तथा राजधर्मको रूपमा वैदिक धर्म नै मुख्य रहेको र यसका मान्यता, मर्यादाहरू जीवन्त रूपमा रहिरहेकोले पनि यो पक्षको विस्तृत चर्चा आवश्यक भएको हो । वर्तमान नेपालको सांस्कृतिक पक्षको विश्लेषण गर्न पुरातत्व, इतिहास, जाति, धर्म, भाषाका अन्यतम पक्ष पनि महत्त्वपूर्ण छन् । आजको नेपाल मेची-महाकाली मात्र भए पनि त्यसभित्रको सांस्कृतिक धरातल हिमालय जस्तै अगम छ । यसको सांस्कृतिक अनुदानले एशियाको विशाल भूभाग नै प्रभावित छ । वेद, पुराण र इतिहासको अनिश्चितप्राय समय मानिए तापनि काल गणना गर्ने युगभन्दा अगाडिको चरित्र एवं सभ्यताको व्याख्या गर्ने भन्ने कुरा विद्वान्हरूले मानेकाले बुद्धभन्दा अगाडिको सभ्यताको परंपरा यहाँ प्रस्तुत गरियो ।

बुद्धधर्म र दर्शनका कतिपय पार्थक्य देखिए तापनि सांस्कृतिक पक्षको विवेचना गर्दा पूर्वोक्त सभ्यता भित्र नै फूलेफलेका हुन् । वैदिक तथा पौराणिक कथाका सूर्यवंश इक्ष्वाकु राजवंशभित्रै शाक्यकुल पनि थियो । दासी पुत्र बसेको ठाउँ शुद्ध गर्न दूधले धुने शाक्यहरू, ब्राह्मण धर्मको चर्को जातिवाद, जुन धर्मसूत्रहरूमा पढ्न पाइन्छ, त्यसको झन् कठोरतासँग पालना गर्थे भन्ने कुरा पाली साहित्यबाटै थाहा पाइन्छ । साथै बुद्धले उक्त कट्टरताको उच्छेदन गर्न प्रयत्नशील हुँदाहुँदै पनि शाक्यकुलको विध्वंस भयो । बुद्ध साहित्यले आर्य संस्कृतिको ठूलो भूमिका पूरा गरेको छ र जुन दर्शनका प्रवक्ता वर्तमान नेपालभित्र नै जन्मेका थिए भन्ने हामीलाई गौरव छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्छेद तीन

अध्याय एक

बुद्धकालीन संस्कृति एवं जैन दर्शन

विश्व सभ्यता र मानवीय धर्मका महान् विभूति शान्तिका अग्रदूत भगवान् बुद्धको पवित्र जन्मभूमि हुने सौभाग्य नेपालले पाएको छ । महात्मा बुद्ध एक ऐतिहासिक पुरुष हुन् । बुद्धको जन्मकालदेखि आर्य सभ्यताको तिथि मितियुक्त इतिहास शुरू हुन्छ । भारतीय क्षेत्रमा व्यापकता पाएर फिजिएको आर्य सनातन धर्म, सभ्यता, संस्कृति र दार्शनिक मतवादको उर्वरा भूमिमा नै बुद्धधर्म तथा दर्शनको जन्म भएकोले यो आर्यधर्मभित्र नै गणना गरिन्छ र यस धर्मसम्बन्धी दर्शन पनि पूर्वीय दर्शनभित्रै पर्छ ।

पुराण, इतिहास, रामायण तथा महाभारतकालीन संस्कृतिको केही विवेचना पहिलेका परिच्छेदहरूमा गरियो । जसमा वर्णन भएका गाथा एवं चरित्र नायकहरू बुद्धभन्दा प्राचीन भएका र इतिहास र पुरातत्वका अन्वेषकहरूका मन्तव्यमा पनि वेद, ब्राह्मण, उपनिषद्कालपछि रामायण र महाभारतकालको नै गणना हुन्छ । यद्यपि तत्सम्बन्धी साहित्य रचना कालको निश्चितिमा भने विद्वान्हरू एक मत छैनन् ।

महात्मा बुद्धको धर्म, दर्शन र समसामयिक समाजको स्थिति, नगर तथा जनपद सभ्यताको विषयमा पाली साहित्यको अनुशीलनबाट धेरै कुरा जान्न पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको सांस्कृतिक परम्पराको चर्चा गर्दा वैदिक तथा पौराणिक साहित्य एवं धर्मशास्त्र र तत्सम्बन्धी दर्शनको पनि संक्षिप्त समीक्षा गर्न्यौं। किनभने वैदिक सनातनधर्म राष्ट्रिय धर्मको साथै नेपालका चाड, पर्व, रीति, स्थिति, नियम, कानून र अधिकांश मान्यताहरू वैदिकधर्म र सभ्यतामा नै आश्रित छन्।

दोस्रो पक्ष, यहाँ बुद्ध धर्मको छ। यद्यपि बुद्धका उपदेश, दार्शनिक पक्ष, विनय (सदाचार) पक्षमा अन्तर-प्रत्यन्तर आइसकेको पाइन्छ तथापि यो बुद्धधर्मकै विकासपक्ष र अन्य धर्म, दर्शनसँगको समन्वयपक्ष भन्न सकिन्छ। बुद्धधर्मका अनुशीलन कर्ता कतिपय विद्वानहरू बुद्धधर्मको महायान सम्प्रदायपछि परिवर्तित रूप लिंदै गएको मन्त्रयान, सहजयान र वज्रयानलाई धर्मको घोर विकृति पक्ष भन्दछन्। परन्तु ती पक्षको विकासले पाएको व्यापकता र साँस्कृतिक पक्षमा दिएको योगदान एवं नेपालका कला, साहित्य तथा समाजरचना आदिमा पारेको प्रभावलाई पनि नकार्न सकिंदैन।

बुद्धका जीवनकालमा वर्तमान नेपालको उच्च तथा निम्न शैल प्रदेशका अधित्यका एवं उपत्यका भित्र के कस्तो सामाजिक अवस्था थियो, त्यो कुरा स्पष्ट रूपमा भन्न सकिने साधन हामीसँग अहिले उपलब्ध छैन। किन्तु नेपालको समतल प्रदेश–विदेह, कपिलवस्तु, वज्जिगण, पिप्पली वनका र मल्ल, मोरिय एवं कोलिय गणराज्यका अधिकतम भूभागको सभ्यता र संस्कृतिका सम्बन्धमा भने पालीसाहित्यबाट धेरै कुरा जान्न सकिन्छ।

बौद्धसमाजको सांस्कृतिक चर्चा गर्नुभन्दा पहिलेको सामाजिक अवस्थामा पनि दृष्टिपात गर्नु आवश्यक हुन्छ। किनभने रामराज्यकालमा अत्युच्च शिखरमा पुगेको आर्य-सभ्यता, भौतिक तथा आध्यात्मिक विकास र त्यसपछिको जन घनत्व, राज्यविस्तारका क्षेत्रको अभावले परस्परमा बढेको वैमनस्य, प्रचुर सम्पदाले गर्दा बढेको अहंमन्यता, धनलिप्सा र राज्यश्रीवृद्धि लिप्साले राजाहरूको मनमा अङ्कुरित युद्ध पिपासाको समष्टिरूपमा विस्फोटन महाभारतका युद्धमा भयो। यो भीषण युद्धको समाप्तिले आर्यावर्तमा श्रीहीन मूर्दा शान्ति छायो। वीरता, कर्मण्यताका साथै शिक्षा, दीक्षा, कला, साहित्य, शिल्प, विद्या एवं अन्य भौतिक उत्कर्षको अवनतिकाल शुरू भयो। महाभारत युद्धमा कैयन नारीहरूले वीरपति, उन्नति कर्ता युवापुत्र, भाइ, भतिजा, बाबु, काका, मामा आदि सम्बन्धी गण गुमाए। अगणित सिंदूर पुछिएका विधवा नारी र असहाय युद्धमा काम नलाग्ने लुला, लङ्गडा पुरुष र अबोध बाल-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालिकाको समूहबाहेक अन्य युवाजनहरू बाँकी रहेनन् र युद्धमा भाग नलिने जङ्गलवासी तथा आश्रमवासी, ऋषि-मुनि, केही व्यापारी, टाढा गएका सार्थवाहहरू बाँकी बचेहोलान् ।

कमाएर भरण पोषण गर्ने व्यक्ति नहुँदा असहाय नारीहरूले बाँकी बचेका पुरुषवर्गसँग पुनर्विवाह गर्नुपर्‍यो होला कतिपय आर्यनारीहरूले निम्न कुलका आर्येतर जातिसँग सम्बन्ध जोडेहोलान् । महाभारत युद्धको शुरू भएको बेला युद्धबाट हुने नर-संहार र त्यसपछिको परिणामको चिन्ता गर्ने अर्जुनले जेजति तर्कना गरे, ती सबै कुराको अनुदान महाभारत युद्धले दियो । विभिन्न जाति, वर्णको सम्मिश्रणले विशाल वर्ण सङ्करको उपजाति, प्रजातिको सिर्जना भयो । यो अवश्यंभावी र आवश्यक पनि थियो । त्यसपछिको इतिहास र विकासको गतिलाई हेर्‍यौं भने रक्तशुद्धिको निम्ति चिन्तित ऋषिहरूद्वारा कठोर जातिवादमा आधारित धर्मसूत्र, स्मृतिशास्त्र, कठोर दण्डविधान तथा आर्यवंशी क्षत्रियकुलको महाविनाशपछि बाँकी बचेका बहुसंख्यक दासवर्ग, शूद्रवर्णसँग प्रच्छन्न तथा प्रकट रूपमा विधवा नारीको यौनसम्पर्कलाई कडादण्ड विधान व्यवस्था गरिएको प्राचीन धर्मशास्त्रमा देख्न पाइन्छ ।

नियम, कानूनको निर्माण जे जस्तो रूपमा गरिए तापनि बहुसंख्यक समाजले कारणवश मान्न तयार भएन भने त्यस्तो नियम, कानून निष्क्रिय हुन्छ । अनावश्यक र कठोर दण्ड विधानले समाज केही नियन्त्रित भए तापनि त्यस्तो नियमप्रति आस्था रहँदैन र मौका पाउने वित्तिकै बन्धन चुँडालेर स्वतन्त्र हुन खोज्दछ ।

महाभारतको युद्धपछिको समाज व्यवस्थामा दृष्टिपात गर्ने हो भने उपर्युक्त कुराकै पुष्टि हुन्छ । पुराण, इतिहासले पनि जति प्राचीन गाथाको वर्णन गर्दछन्, त्यति स्पष्ट रूपमा उत्तरकालीन राज्य व्यवस्थाको वर्णन गरेको पाइँदैन । महाभारत युद्धपछि कलियुग शुरू हुन्छ । धर्मका तीन पाउ लङ्गडा हुन्छन्, समाज अनाचाररत हुन्छ । लूट, पिट, चोरी, जारी, ठगी आदि अधर्मको बाहुल्य हुन्छ । क्षत्रियबाहेक वर्णसङ्कर जाति बलियो भएर राजसत्ता समाल्दछ । धार्मिकशासन व्यवस्था, राजाहरूबाट हुन नसकेकोले गणतन्त्रात्मक राज्य व्यवस्थाले बढ्ता ठाउँ लिन्छ । धर्मशास्त्रका निर्माता ब्राह्मणहरू सकेसम्म कडा नियम बनाएर वर्णव्यवस्था, जातिव्यवस्था, बाँध्न खोज्दछन् । किन्तु ब्राह्मणको धर्मबाहेक युद्धजीवी, कृषि, पशुपालन र वाणिज्यजीवी भएर धनी भएकाहरू ब्राह्मणहरूको नियममा बाधिन मान्दैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मद्वारा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र भनेर बाँधिएको वर्ण व्यवस्थाले उभिने ठाउँ पाउँदैन । अनि जातिप्रथा कर्मणा नभएर जन्मले हुन्छ । वेदविद्या पढेर संस्कार र उत्तम आचार पालना गरेर ब्राह्मण बन्नेतिर अरू जातिको इच्छा पनि हुँदैन । ब्राह्मण वेदविद्याका धनी, निस्पृह, त्यागी, समाजका हितचिन्तक बन्न नसकेका र वर्णव्यवस्था, वर्णाश्रम व्यवस्था पनि खँदिलो नभएकोले ब्राह्मणको प्रभुत्व राज्यव्यवस्थामाथि रहेन । जातीय कट्टरता, यज्ञ यागादिमा धेरै धन खर्च हुने र विधिविधानको जटिलता, पशुघात, नरमेध, सर्वमेध जस्ता हिंसामूलक यज्ञको विधिले मुक्तिमिल्दैन, मोक्ष प्राप्ति हुँदैन भन्ने कुरा अप्रत्यक्ष रूपमा उपनिषद् साहित्यले नै भनिसकेको थियो । भक्ति, ज्ञान र सात्विक कर्मद्वारा नै मोक्ष पाउन सकिने र हिंसा निन्दनीय हो भन्ने कुरा वैदिक संहितामा पनि बीजरूपमा रहेको पाइन्छ । उपनिषद्कालमा अहिंसाको स्पष्ट व्याख्या नै गरिएको पाइन्छ । वेद प्राचीन शास्त्र भएको र यज्ञविधान आरण्यक (उपनिषद्) को पनि मूल वेदकै मन्त्रसंहिता भएकोले वेदको खुला विरोध गर्न नसकी यज्ञविधिबाहेकको हिंसालाई निन्दा गरियो । महाभारतको जस्तो नरसंहारले पछिपछिका चिन्तकहरूलाई झन् बढी अहिंसावादी बन्न प्रेरणा दियो । यज्ञको आडम्बर र खर्चिलो व्यवस्थालाई राजन्य वर्गले पनि त्यति रुचिकर मानेको पाइदैन । यज्ञविधान वेत्ता ब्राह्मणलाई दार्शनिक उपनिषद्को शिक्षा दिने प्रवहण जावालि, विदेह जनक जस्ता राजाहरू नै थिए ।

उपनिषद् दर्शनको चरम विकासपछिका प्रवक्ता योगेश्वर श्री कृष्णको गीतादर्शन पनि यज्ञवादको परोक्ष विरोधमा प्रवचन गर्छ । ब्राह्मण-वादका अन्य शास्त्र विधानले समाजलाई महत्त्वपूर्ण बाटो लगाएको थियो । यसकारण वेदको व्याख्यानरूप प्रतिपादन भएको भनिने यज्ञलाई एकाएक विरोध गर्नु समुचित थिएन र समाज त्यो सुन्न पनि तयार थिएन । योगदर्शन सबैले बुझ्ने विषय पनि होइन । गीताका वक्ता र श्रोता पनि दुबै क्षत्रिय थिए । यो जान्न र बुझ्न पनि शिक्षाको आवश्यकता थियो । महाभारत-कालपछि वर्णाश्रम धर्म, ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास, धर्म आर्य सभ्यताको मुख्य जीवन-पद्धति मानिएको भए तापनि विशाल आर्य साम्राज्य-भित्र उपलब्ध भएका ऐश्वर्य र भोग्य सामग्रीले पनि परम्परागत आश्रम धर्म पद्धतिमा शिथिलता आएको र नयाँ नयाँ आर्येतर जाति पनि सनातनधर्मभित्र संलग्न भएको कारणले पनि वर्णाश्रम धर्म अनिवार्य रूपले पालना हुन सकेन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मण, क्षत्रिय, वैश्य जातिले सम्पूर्ण रूपमा ब्रह्मचर्य, वानप्रस्थ र यति धर्म पालना गरेको महाभारतकालमा पनि पाइदैन। अल्प संख्यामा भने यो परम्परा चलेकै थियो।

द्वापरयुग नै सत्य निष्ठ र चरित्रवान् व्यक्तित्व कम भएको धार्मिक आस्थामा शिथिलता आइसकेको कुरा आर्यहरूका धर्म ग्रन्थले नै समर्थन गर्दछन्। कलियुगको प्रारम्भ भएपछिको आर्यराजा, ब्राह्मण र अन्य समाजको चित्रणमा प्राचीन युगीन सत्य मर्यादा र वैभवको प्रशंसा पाइदैन।

कुल परम्पराको मर्यादालाई सम्झेर राज्यसञ्चालन गर्ने सूर्यवंशी तथा चन्द्रवंशीराजकुल निस्तेज भएर अन्य जातिको उत्कर्ष बढेको वेलामा भगवान् बुद्धको जन्म भयो। यो वेला धन सम्पदायुक्त ब्राह्मणवर्ग वेदविद्या पढेर यज्ञयागादिको महत्त्व बखान गर्दथे भने कुनै ब्राह्मण तथा अन्य क्षत्रिय कुलका व्यक्तिहरू विभिन्न तर्कवादी सिद्धान्तमा लागेका थिए। नियमित ब्रह्मचर्य, गृहस्थपछि ग्रहण गरिने वानप्रस्थ र सन्यास धर्मको नियम पनि परिवर्तित रूपमा देखिन्छ। पाली ग्रन्थको अध्ययनवाट थाहा पाइने आजीवक जैन, बुद्ध आदि अनेक दार्शनिक सम्प्रदाय प्रचलित थिए।

ईसाको ६ सय वर्ष पूर्वको यो युगलाई दार्शनिक चिन्तनको युग भन्न सकिन्छ। यो समयभन्दा पूर्व नै कतिपय उपनिषद् साहित्यको विकास भएकोले भारतीय षड्दर्शनको पनि विकास भइसकेको थियो। प्राचीन आर्यदर्शनशास्त्रमा सांख्ययोग, न्याय, वैशेषिक, मीमांसा, वेदान्तलाई आस्तिक षडदर्शन भन्दछन्। यस भिन्न लोकायत आदि नास्तिक दर्शनका साथै अन्य दर्शन सम्प्रदायको पनि प्रचार-प्रसार भएको थियो भन्ने थाहा हुन्छ।

जैन सम्प्रदायका आदितीर्थङ्कर भनिएका भगवान् ऋषभदेवलाई पुराणहरूले पनि विष्णुको अवतार मानेका छन्। उनी भरतलाई जम्बुद्वीपको राज्य जिम्मा दिएपछि अवधूत, योगीको भेष लिएर यत्र तत्र घुमेर जीवन लीला समाप्त गर्दछन्। यो योगी परम्परा तेइसौं तीर्थङ्कर ईसापूर्व आठौं शताब्दीतिर श्री पार्श्वनाथ भएको अनुमान विद्वान्हरूले गरेका छन् र चौवीसौं अथवा अन्तिम तीर्थङ्कर महावीर युद्धभन्दा केही अगाडि छैटौं शती ईसापूर्वमा भएका थिए।

यसकारण यसै सम्प्रदायले विस्तृतरूप महावीरका पालामा धारण गरे पनि यसको शुरूआत निकै सहस्राब्दी पूर्वमा भएको थियो। त्यस्तै हेतु-वादी भनिएको दर्शनपक्षका चिन्तकहरूको वारेमा बुद्ध साहित्यको भनाइ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान्ने हो भने सिद्धार्थ गौतमभन्दा पूर्व पनि अनेकौं बुद्ध भएका थिए तथा यो मार्ग ईसापूर्व दोस्रो सहस्राब्दीदेखि नै एउटा परम्परा कायम गर्दै आएको थियो र त्यसैलाई व्यापक रूपमा व्याख्या गर्ने र प्रचार गर्ने काम मात्र गौतम बुद्धले गरे ।

महाजनपद युग

जुनबेला वर्तमान नेपाल भित्रको कपिलवस्तु गण-राज्यका राजा शुद्धोदनका छोराको रूपमा गौतम बुद्धको जन्म भयो त्यसबेला चन्द्रवंशी र सूर्यवंशी राजकुलका क्षत्रियहरूले विभिन्न ठाउँमा खडा गरेका राज्यहरूको उथलपुथल भएर १६ ओटा विशाल राज्य महाजनपदको रूपमा खडा भएका थिए । यसबाहेकका सानातिना जनपद (नगर राज्य) गणतन्त्रात्मक राज्य व्यवस्थामा परिणत भएका थिए । गणतन्त्रात्मक राज्यव्यवस्था पनि वैदिक-कालदेखि नै ठाउँ ठाउँमा चलेको शासन विधा हो भन्ने कुरा वैदिक राज्य व्यवस्थाको चर्चा गर्दा भनिसकिएको छ । उत्तर वैदिककाल अथवा ब्राह्मण ग्रन्थको व्याख्यानकाल र इतिहासकालको बेलाको राज्यव्यवस्था धार्मिक अनुशासनको परिधिभित्र रहेर गरिने शासन हुँदा प्रजागण सुखी सम्पन्न थिए । आर्थिक, सामाजिक, धार्मिकपक्षमा ज्यादै उन्नति भएकोले वैदिककालीन विभिन्न राज्यव्यवस्थाले दुइटा रूप मात्र लिएको थियो । एउटा स्वराज्य र अर्को प्रभुत्वशाली राजा भएमा सर्वत्र दिग्विजय गरी अन्य राजाहरूलाई करद राज्य तुल्याएर चक्रवर्तीत्व प्राप्त गर्ने चक्रवर्ती राजा सबैकालमा हुँदैनथे । साम्राज्यको शक्ति घटेको बेला अरू राजा स्वतन्त्र हुन्थे । चक्रवर्तीत्व प्राप्त गर्ने राजाहरूमा इक्ष्वाकु, सगर भगीरथ, मान्धाता रघु, रामचन्द्र आदि सूर्यवंशी र पुरु, दुष्यन्त, भरत, मगधाधिपति जरासन्ध, युधिष्ठिर आदि चन्द्रवंशी राजाहरू लिन सकिन्छ । महाभारतकालपछि शक्तिशाली मगध साम्राज्य नन्दवंशले कायम गऱ्यो । त्यसपछि मौर्य युग र गुप्त युगमा विशाल भारत वर्षको साम्राज्य कायम भएको इतिहास छ ।

बुद्धकालीन भारतमा १६ महाजनपदको निकै महत्त्व थियो । पाली साहित्यमा १६ जनपदको नाम धेरै ठाउँ उल्लेख भएको पाइन्छ । ती हुन्– अङ्ग (चम्पा) १, मगध (पाटली पुत्र वा राजगृह) २, काशी ३, कौशल (अयोध्या) ४, वज्जि (वैशाली) ५, मल्ल (कुशीनारा) ६, चेदि ७, वत्स, ८ कुरू९, पञ्चाल१०, मत्स्य, ११ शूरसेन (मथुरा)१२, अश्मक, १३ अवन्ती१४;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गान्धार १५, काम्बोज १६ । यी १६ महाजनपदमध्ये वज्जि, शूरसेन, गणतन्त्र महाजन पद थिए । बिदेह (मिथिला) वज्जिसङ्घभित्रै थियो । यी महाजनपदमध्ये उक्त तीनलाई छाडेर अन्य काशी, कोशल, चेदि आदि राजतन्त्रात्मक शासनका जनपद मानिन्छन् ।[१]

यीभन्दाबाहेक शाक्य, कोलिय, मोरिय, यौधेय अर्जुनायन, अग्रायण आदि अनेक जनपद तथा गणतन्त्रात्मक सानातिना राज्यको अस्तित्व भएको पनि ऐतिहासिक तथ्य छ । जैन ग्रन्थअनुसार २४ महाजन पदको नाम गनिएको छ जसलाई अशोक या चन्द्रगुप्त मौर्यकालीन हुनुपर्छ भन्ने विद्वान्हरूको तर्क छ ।

यसबाहेक पौराणिक अनुशीलनबाट भूवनकोष सूचिको उल्लेख गर्दै उत्तरमा काम्बोज (मध्येशिया) देखि पूर्वमा अङ्ग,वङ्ग, कलिङ्गतक र पश्चिममा सौवीर (सिन्धुको दक्षिण प्रदेश) दक्षिणमा अपरान्त भूमितक लगभग १७५ देशको नामोल्लेख डा. वासुदेव शरणले गरेका छन् ।[२]

पुराण सूचिको विशाल जनपद (राज्य) को अस्तित्व भए पनि पाली साहित्यमा १६ मात्रको महाजनपदको उल्लेख हुनुले के अर्थ दिन्छ भने यी जनपद विशाल र विकसित एवं सम्मान्य अवस्थामा थिए भन्ने बुझिन्छ । साथै कपिलवस्तुमा जन्मेका बुद्धको धर्म प्रचारको मुख्य क्षेत्रभित्र धेरैजसो महाजनपद पर्दथे । गान्धार त्यो वेला महान् विद्याकेन्द्र भएकोले विश्वप्रसिद्ध थियो भने व्यापारिक मालसामान, घोडा, आदि काम्बोजका प्रसिद्ध थिए र यो देशको पनि प्रसिद्ध फैलिएको थियो भनेर मान्नु पर्दछ । गौतम बुद्ध शूरसेनभन्दा पश्चिमोत्तर आफ्नो समयमा पुग्न सकेको बुझिदैन । किन्तु यी १६ देशको कुनै न कुनै रूपमा प्रसिद्धि तथा सम्पर्क थियो भन्ने कुरा निर्विवाद नै छ ।

महाभारत उत्तरोत्तरकालमा भएका अल्पवीर्य राजाहरूको कदाचारले पनि गणतंत्र प्रणालीले जन्म लिएको र धर्मले सर्वोपरि स्थान पाएको हिन्दूराज सत्तामा अनार्य बहुल जनपदहरूले धर्मको सर्वोपरि सत्तालाई स्वीकार नगरेकोले पनि गणतंत्रको विकास भयो । सम्पूर्ण समाजका निर्वाचित

---

१. डा. सत्यकेतु, प्राचीन भारत वर्षका सांस्कृतिक इतिहास,पृ.१७२

२. डा. वासुदेव शरण अग्रवाल – पाणिनिकालीन भारतवर्ष अ. २ पृ. ४८–७४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिनिधिहरूको निर्णय नै सर्वोपरि हुने र अकाट्य हुने भएपछि भौतिक विकास नै मुख्य भयो एवं अर्थ र काम साधना नै लोकधर्म भयो भन्ने कुरा वज्जिसङ्घको भौतिक उत्कर्ष, मद्यपान, गणिकाको सम्मान्य स्थिति, राष्ट्रकी सर्वसुन्दरी नगर बधू हुने परिपाटी, युवकहरूको मदान्धता, र वैदिक सदाचारदेखि विमुख (व्रात्य) लिच्छविहरूको वर्णनले थाहा हुन्छ। एकातिर हिंसामूलक यज्ञको मान्यताको प्रचार गर्ने धनीमानी र लोभ तृष्णाग्रस्त ब्राह्मणवर्ग, क्षत्रिय धर्म र आचार विरुद्ध निरङ्कुश राजसत्ताको प्राबल्य, धनी श्रेष्ठी, सार्थवाहको भोगविलासले युक्त जीवन र शिल्पकार, कृषक र आर्येतरजाति तथा शूद्र वा दासवर्गको नीरीह स्थितिको सहजै कल्पना गर्न सकिन्छ।

पाश्चात्य कतिपय विद्वान्हरूले रामायण तथा महाभारतको वर्णनले ई० पू० तेस्रो चौथो र पाँचौं शतीको सामाजिक चित्रण गर्छ भनेको पाइन्छ। किन्तु यो युग–क्षत्रियेतर वर्णसङ्करजातिको राजतंत्रात्मक युग थियो। तथा धर्म, श्रद्धा र राजकुलको प्रचीन मर्यादाको विपरीत, पितृहन्ता (बाबुलाई बन्दी बनाएर, हत्या गरेर) षड्यन्त्रद्वारा सत्ताहस्तगत गर्ने युग र रामायणमा वर्णित जनता, सामन्त, श्रेष्ठी, गुरु, मंत्रीवर्गको सभासँग अनुमति मागेर युवराज पदमा अभिषिक्त गर्न ठीक पारिएका रामलाई प्रतिज्ञामा हारेका राजा दशरथले मलाई बन्दी बनाएर राज्य गर[1] भन्ने बाबुको वात्सल्यलाई पनि धर्म र कर्तव्यको बन्धनमा बाधेर बन–गमन नै गर्ने रामचरित्रसँग ती अन्वेषकहरूले कसरी सामन्जस्य स्थापित गरेर त्यो कालको समाजचित्रण महाभारत र रामायणमा पाउन सके, आश्चर्य छ। अन्याय भयो, स्त्रीबशमा परेका राजा विवेक शून्य भए जनमत हाम्रो छ भन्ने लक्ष्मणलाई बुझाएर मर्यादा कायम गर्ने तथा धर्म एवं पितृआज्ञा सर्वोपरि भन्ने रामचन्द्रसँग पितृहन्ता, अजात शत्रु, विडुडम, उदायि, महानन्द, तथा ९९ भाइको हत्या-गरेर राज्य गर्ने धर्मात्मा अशोक, कुनसँग रामचरित्र तुलना गर्ने ?

उपर्युक्त विवेचनाबाट बुद्धकालीन राजतंत्रको अवस्था धर्मानुशासन नभएर केवल निरङ्कुश राजसत्ताको अस्तव्यस्त अवस्था देखिन्छ। किन्तु

---

१. अहं राघव कैकेय्या वरदानेन मोहितः।
अयोध्यायां त्वमेवाद्य भव राजा निगृह्य माम्। वाल्मीकि रा० अयो० ३४।२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भौतिक विकास व्यापार, कृषि, वाणिज्यको तथा शिल्पव्यवसायको निकै उन्नतिचाहिं भएको थियो र राज्यहरू धनी थिए। केवल प्रधानामात्यको पदमा भने विद्वान् तथा कूटनीतिज्ञ ब्राह्मण नै रहेको पाइन्छ।

भगवान् महावीर तथागत बुद्धको नयाँ दर्शनको प्रादुर्भाव नभएसम्म वैदिक धर्मको अखण्ड मर्यादा कायम थियो। यसको सदाचार संस्कार यज्ञ-विधान त छँदै थियो, त्यसमा उपनिषद्ले एकेश्वरवादी विचारधारा प्रस्तुत गर्नुको साथै विष्णु, शिव, उमा, लक्ष्मी, दुर्गा, अदिति आदि मातृकागणको साथै सर्वव्यापक ईश्वर र परा–प्रकृतिरूपिणी शक्तिको वर्णन गरेर आगम पक्षको विस्तार गरेको पाइन्छ। मन्दिर, मूर्ति कल्पना एवं भक्ति, अर्चना बन्दनाको सरल मार्गलाई पनि आत्मसात् गरेकोले आर्यसंस्कृतिले व्यापक क्षेत्र ओगटेको थियो।

कुनै पनि समाजको विविध पक्षको प्रतिबिम्ब तत्कालीन साहित्यमा नै भएको हुन्छ। बुद्धकालीन समाज संस्कृतिको अध्ययन, बुद्ध साहित्य–पाली भाषामा सङ्कलित त्रिपिटकबाट गर्न सकिन्छ। त्रिपिटक पनि तीन भागमा विभाजित छ (क) विनय पिटक (ख) सुत्त पिटक (ग) अभिधम्म पिटक। विनय पिटकमा भिक्षुधर्मसम्बन्धी नियम सदाचारको संग्रह, सुत्त पिटकमा बुद्ध बचनको संग्रह र अभिधम्म पिटकमा धर्मसम्बन्धी दार्शनिक विवेचनाको संग्रह भएको छ।

विनय पिटकमा तथा सुत्त पिटकमा तत्कालीन समाज, धर्म, रीति परम्पराको प्रासङ्गिक उल्लेख पाइन्छ। भिक्षुसङ्घको निम्ति बुद्धले जुन नियमको विधान गर्नु भयो त्यसमा तत्कालीन समाज र धर्मको गहिरो छाप परेको छ। जुन जुन कुराले समाजमा नराम्रो असर पर्दथ्यो ती तुरुन्तै संशोधन गरिन्थे। समाजमा असर पर्ने, भिक्षु सङ्घको निन्दा हुने, राजनियममा अवरोध हुने कुराहरू तुरुन्त संशोधन भएको पाइन्छ किनकि बुद्धधर्म लोक-प्रिय बनाउनु थियो।

तत्कालीन युगको प्रतिबिम्ब खासगरेर कथा साहित्यमा पाइन्छ। बुद्धकाल र त्योभन्दा अगाडिको सामाजिक स्थितिको बोध हुने कथा जातक कथा हुन्। खुद्दक निकाय भन्ने ग्रन्थमा ५४७ कहानीको संग्रह भएको छ। यी लोककथाहरू बुद्धकालमा प्रचलित थिए र त्यसैलाई बुद्धको पुनर्जन्म, पूर्व जन्मका घटनासँगसम्बद्ध गरी उपदेश गर्न तथा प्रचारको लागि बुद्ध भिक्षुहरूले उपयोगी बनाएर संकलन गरे। यसभित्र तथ्य पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घटना सबै नभए पनि तत्कालीन समाजका विविध पक्षमा प्रकाशपार्ने इतिहास सामग्री भने प्रशस्त छ ।

प्राच्य पुरा इतिहासविद् रिचार्ड फिक, रीस डेविड, वूलर आदि-का विचारमा जातक ई० पू० तेस्रो शताब्दीको समाजचित्रण गर्दछ भन्ने छ । तर भारतीय विद्वान् डा० मदनमोहन आदि उक्तकुरा मान्न तयार छैनन् । जातक कथामा मगधको राजधानी राजगृह, काशी, कोशलको राजधानी श्रावस्तीको उल्लेख भएको छ भने ई० पू० तेस्रो शताब्दीमा राजधानी प्रसिद्ध भइसकेको पाटली पुत्र जातकमा पाटली ग्रामको नाउँले अभिहित छ । साथै जातक कथामा विम्बिसार, अजातशत्रु, प्रसेनजित्, वत्सराज उदयन, अवन्ती नरेश प्रद्योतको उल्लेख पाइन्छ, किन्तु नन्दमौर्यको पाइदैन । जातक कथा बुद्धकालीन इतिहासको निम्ति उपयोगी सावित हुन्छ यद्यपि यसको सङ्कलन बुद्ध महापरिनिर्वाणपछि नै होस् ।

बुद्धभन्दा धेरै अगाडिका प्रचलित लोककथा वैदिक परम्पराका इतिहास र पौराणिक कथालाई पनि बौद्धमतलाई समर्थन हुने आवरण चढाएर तत्कालीन समाजको लागि मान्यहुने गरी उपयोगी बनाइयो तथा पूर्व कथाका कतिपय सत्यांश निकालिने र परिवर्तन गरिने कार्य पनि भयो । तथापि बुद्ध-कालीन घटनाको साथै प्राचीन कथाकै रूपमा ई० पू० पहिलो शताब्दीसम्मको सामाजिक दशाको चित्रण पनि भयो होला, परन्तु बुद्धपूर्वको साहित्य र ईसा-को प्रथम शताब्दीभन्दा पछिको भन्नचाहिं मिल्दैन ।

यद्यपि बौद्ध पिटकमा मध्यदेश–स्थानेश्वरदेखि पूर्व कजङ्गल (संग्याल प्रगन्ना) देखि पश्चिम दक्षिणमा सलिलवती नदीतक र अवन्ती-सम्मको वर्णन पाइन्छ । यसैभित्र वर्तमान नेपालको सीमाभित्र पर्ने कपिल-वस्तु, कोलिय, लुम्बिनी, विदेह, मल्लगणको उत्तरी भाग पनि पर्ने भएकोले र नेपालका महान् बिभूति बुद्धको अनुगामीको रूपमा केही नेपाली जनताको धर्म, संस्कृति जीवन्त रहेकोले यहाँ बुद्धधर्म एवं तत्कालीन समाजको स्थिति-वारे दिग्दर्शन गर्न लागिएको हो ।

विद्वान्हरूको विचारमा पालीत्रिपिटकको साथै धर्मसूत्र,गृह्यसूत्र,पाणि-निको अष्टाध्यायी,कौटिल्यको अर्थ शास्त्र,मेगास्थनिजको यात्रा विवरण,स्मृति-शास्त्रसमेतको अध्ययन र परिशीलनबाट बुद्धकालीन समाजको अध्ययन पूर्ण हुन्छ भन्ने पाइन्छ । हुन पनि धर्मसूत्रकार एवं स्मृतिकारहरूको कट्टर जातिवाद,श्रौत-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत्रको यज्ञवाद,गृह्यसूत्रको संस्कारवादको प्राबल्य भएको वेलामा पनि अनार्य-मूलक समाजको बाहुल्य भएको मगध, अङ्ग,बङ्गमा जाति सम्मिश्रणद्वारा अनेक उपजाति प्रजातिको उत्पत्तिले सानो ठूलोको झगडा खडा गरेको थियो। वैदिककालको कर्मद्वारा विहित्त वर्णव्यवस्था, अस्तव्यस्त भएकोले जाति, कर्मणा नभएर जन्मद्वारा निश्चय गर्नु पर्ने स्थिति देखापऱ्यो। अन्तर्जातीय विवाहले उत्पादित केही जातिको परिगणन गर्न सकिए तापनि उपजातिभिन्न-को अनुलोम प्रतिलोम विवाहले उत्पन्न प्रजातिको स्थिति र कर्तव्य निर्धारण गरेर सामाजिक गठन ठीक राख्न कठिन थियो। पेशागत श्रेणीविभाजन पनि सर्वत्र एकै किसिमको मान्य थिएन। गणतन्त्रवादीहरूको सङ्घले वैदिक धर्मका आचार, विचार र संस्कारलाई त्यति मान्यता दिएको पाइदैन।

राजा र सम्राट्हरूमा ब्राह्मणहरूको मान्यता थियो। राज्याभिषेक जस्ता कर्म, वैदिक परम्पराअनुसार नै हुन्थे। साम्राज्यका अधिपति शुद्ध क्षत्रिय नभइदिएकोले पनि वैदिक परम्पराको पालना गर्न सकिने स्थिति थिएन तापनि राज्याभिषेक हुनु अनिवार्य नै थियो अन्यथा ब्राह्मण धर्मको प्रभुता रुन् कम हुन्थ्यो। अर्कातिर एकेश्वरवादी दर्शनले, शुनिचैव स्वपाकेच पण्डिताः समदर्शिनः भन्ने विचार प्रकट गरेर आत्मारूपी ईश्वरको सबै प्राणीमा वास छ, जातिले उच नीच गरिनु आवश्यक छैन, सबै ईश्वरकै सन्तान हुन् यसकारण हिंसा अधर्म हो भन्ने सिद्धान्त निकालिसकेका थिए। जातीय कट्टरताले उच्च-वर्ग अभिमान गर्दथे भने नीच जातिको दशा शोचनीय भएको अनुमान हुन्छ।

मगधका आदिवासीहरूलाई प्राच्य इतिहासविद्हरू आर्येतर जाति मान्दछन् तथा आर्यहरूको विस्तार हुनुभन्दा पहिले नै मगजाति अथवा आर्य मूलकै शक शाखाको यो जाति मगधवासी भइसकेको थियो। यसकारण आर्यहरूले यो जातिलाई वैश्यवाट क्षत्रिय कन्यामा जन्मेको जाति मानेका छन्। सूत, मागध, वन्दी, चारण, जातिको पेशा गीत प्रशस्ति गाएर समाजसेवा वा राजसेवा गर्ने भनिएको छ (याज्ञ० स्मृ० १।९४) तथा मनु-स्मृति कारको यो जाति परिगणनले पनि बुद्धकालीन समाजमा अनेक विवि-धता ल्याएको थियो।[१]

---

१. क्षेत्रियाद् विप्रकन्यायां सूतो भवति जातितः।

वैश्यान्मागधवैदेहौ राजविप्राङ्गना सुतौ। मानव धर्म शा० १०.११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभिन्न ब्राह्मण क्षत्रिय, वैश्य, शूद्र चारवर्णले आफूभन्दा माथिल्लो वर्णकी कन्यासँग सम्पर्क गर्दा कडा कानूनी व्यवस्था भए पनि यो रोकिएन। माथिल्लो वर्णले तल्लो वर्णकी कन्यासँग यौन सम्पर्क राख्दा त्यति ठूलो अपराध नगनिए तापनि जन्मना जातिप्रथाको सिद्धान्त मान्य भइसकेको हुँदा धर्मशास्त्र कारहरूलाई जाति बिभाजन गर्न कर लागेको थाहा पाइन्छ।[१]

मानव धर्मशास्त्रअनुसार वैदेह वा विदेह जातिनै पाली प्राकृतमा वज्जिभएको अनुमान हुन्छ। आज पनि तराइमा बस्ने धानुक, कुर्मी, कोइरी आदि जाति समूहलाई उत्तरीक्षेत्रमा वस्ने थारू जातिहरू वाजी भन्दछन्। क्षत्रिय जातिले व्रात्य क्षत्रिय कन्या विवाह गरेर जन्मेका जातिको परिगणन गर्दा र संस्कार नभएको कारणबाट व्रात्य क्षत्रियहरू भएको जाति निम्नस्थ छन्।

पौण्ड्रका, श्चोड्रद्रविडा, काम्वोजा यवनाः खशाः।
पारदाः पल्हवा श्चीनाः किराता दरदाः शका। मानव ध. १०।४४
झल्लो मल्लश्च राजन्याद् व्रात्यान्निच्छिविरेवच
नटश्च करण श्चैव खशो द्रविड एव च। मानव ध० ।१०।२२
शनकैस्तु क्रिया लोपाद् इमा क्षेत्रीय जातयः
वृषलत्वं गतालोके ब्राह्मणादर्शने नच।

अर्थात्–पौण्ड्र, उड्र, द्रविड, काम्बोज, यवन, खश, पारसी, पार्थियन, चीन (मध्येशिया निवासी) किरात, दरद, शक, यी जातिहरू आर्य जातिको गर्नुपर्ने दश कर्म, अथवा व्रतबन्ध कर्म हुन नसकेको कारणले क्षेत्री जाति भए पनि मतवाली क्षेत्रीय भए। कारण यी जातिलाई शिक्षादीक्षा दिने र संस्कार गरिदिने ब्राह्मणहरू साथमा नभएर मात्र यस्तो भयो। यस्तै व्रात्य क्षेत्री (व्रतबन्ध भएर जनै नलगाएका) कन्या क्षत्रियले विवाह गरेर जन्मेको हुनाले झल्ल (चल्ल) मल्ल नि (लि) च्छवि, नट र करण जाति पनि व्रात्य क्षेत्री कहिन्छन्। (मनुस्मृति)

उपर्युक्त किसिमको जाति परिगणन गरेर एउटा बृहत्तर समाजभित्र विभेद उत्पन्न गरेको कारणबाट पनि युगपुरुष महावीर तथा बुद्धको प्रादुर्भाव, एक आवश्यकताको रूपमा भएको भन्नसकिन्छ।

---

१. मनुस्मृति अ० १०।१–७४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईशापूर्व छैटौं शताब्दीको युग दार्शनिक चिन्तनको युग थियो, साथै मगधसाम्राज्यको पुनः विकासको युग पनि। राजाहरू साम्राज्यविस्तारले चक्रवर्ती बन्ने धूनमा संलग्न थिए। पाली साहित्यमा यस्ता धर्मसम्प्रदायको छोटो विवरण पाइन्छ। जैन र बुद्धग्राहेक नियतिवादी आजीवक सम्प्रदाय विशेष उल्लेखनीय छ।

वज्जिराज्यसङ्घमा विभिन्न आठ कुलका मानव समूह एउटा वैभवशालीगण राज्यको स्थापना गरेका थिए। त्यसमा लिच्छवि, वज्जि, ज्ञातृ आदि कुल मुख्य थिए। प्रत्येक गणपति राजा कहिन्थे। वज्जिसङ्घ अन्तर्गत रहेको ज्ञातृकुलका राजा सिद्धार्थका कान्छा छोराको रूपमा महावीर तीर्थङ्करको जन्म भएको हो।

वर्धमान महावीर

बालक कालको नाम वर्धमान थियो। यी लिच्छविकुलका तत्कालीन राजा चेटककी बहिनी त्रिशलाका पुत्र थिए। बाल्यकाल राजकुमारको जस्तै वित्यो। बालकालमै शिक्षा शुरू भयो र पूर्वसंस्कारले उनी सवविद्यामा निपुण भए। यौवनावस्थामा यशोदा नामक कन्यासँग विवाह पनि भयो। यिनबाट एउटी छोरी पनि जन्मिन्। छोरीको विवाह जमालि नामक क्षेत्री कुमारसँग भयो, जोपछि महावीरकै मुख्य चेला भए। गृहस्थी जीवनमा तीस वर्षको आयु विताए। यही बेला बाबु परलोकगामी भएकोले दाजु नन्दीवर्धन आफ्ना कुलका गणपति (राजा) भए। यसपछि परिवारको अनुमति लिएर महावीर जैन सन्यासी भए। उनको परिवार पहिलेदेखि नै जैन धर्मका अनुयायी तथा पार्श्वनाथका अनुगामी थिए। भिक्षुको रूपमा कठिन तपस्यारत महावीरका कपडा १३ महीनामा जर्जर भएर फाटे। स्वयं फाटेर शरीरबाट वस्त्र झरेपछि पुनः कहिल्यै महावीरले बस्त्र धारणा गरेनन्। उनले गरेको कठिन तपस्या समाधिरत रहदा कीरा फट्याङ्ग्राले टोकेको, पशुपक्षी शरीरमा चढेको वास्ता गर्दैनथे। सधैं ध्यानमग्न रहन्थे र घुमेको बेला मानिसहरूले घेरेर प्रश्न गर्दा जबाफ दिदैनथे। कुटेपिटे पनि केही नबोल्ने, प्रमाणको वास्ता पनि नगर्ने यस्ता अवधूत महावीरले बाह्रवर्ष-कठिन तपस्याद्वारा जीर्णशीर्ण भएर तेह्रौं वर्षमा सिद्धि प्राप्त गरे। सुख दुःखको अनुभवभन्दा माथि उठेर मोक्षपदका अधिकारी भएका वर्धमान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केवलिन्, अर्हत्, महावीर आदि नामले पुकारिए। महावीरको तपस्या तथा बाल्यजीवनको विषयमा जैन ग्रन्थ (आचाराङ्ग सूत्र) मा सुन्दर बर्णन गरिएको छ।

तपस्यावाट सिद्धिप्राप्त गरेपछि यत्रतत्र घुमेर सत्य ज्ञानको प्रचार शुरू गरे। चाँडै नै टाढा-टाढासम्म ख्याति फैलियो। यिनले बुद्धको जस्तो धर्मप्रचारको लागि कुनै केन्द्रको स्थापना गरेनन्। आफ्ना शिष्य मण्डली साथ घुमेर प्रचार गर्दै हिंडे। जैन साधुलाई निर्ग्रन्थ भनिन्छ र यसको अर्थ हो बन्धन मुक्त। सांसारिक बन्धनयुक्त नभएकाले अर्हत् जिन, केवलिन्, निर्ग्रन्थ आदि सम्मान सूचक पदले महावीर अभिहित हुन्थे र शिष्य पनि जिन वा जैन कहलाए। पहिले आफ्नो कुलमा धर्मप्रचार गरेर पछि मगधको राजधानी राजगृह गए। त्यहाँका राजा श्रेणिकले ठूलो सम्मान गरे। ७२ वर्षको उमेरमा धर्मप्रचार गर्दागर्दै राजगृह नजीकको पावापुरीमा दिवंगत भए जुनठाउँ आज पनि जैनहरूको पवित्र तीर्थ मानिन्छ।

जैनधर्मको विशेषता एवं साहित्य

जैन धर्मसम्बन्धी विशाल साहित्यभण्डार उपलब्ध छ। यसलाई ६ भागमा बाँडिन्छ, द्वादश उपाङ्ग, दश प्रकीर्ण, षट् छेद सूत्र, चार मूलसूत्र र विविध।

१. आयारङ्ग सूत्र जैन भिक्षुको तपस्या साधना जीवन चर्या जीव रक्षामा तत्परता आदिको उल्लेख छ।

२. सूत्र कृदङ्गमा जैन भिन्न मतको विवेचना एवं विरोधीलाई दिएका उत्तरहरू छन्।

३. स्थानाङ्ग– जैनधर्मसम्बन्धी सिद्धान्तको वर्णन छ।

४. समवायाङ्ग– यो पनि सिद्धान्तकै प्रतिपादन गर्दछ।

५. भगवती सूत्र– यो जैन धर्मको महत्त्वपूर्ण ग्रन्थमध्येको हो।

यसमा जैनधर्म, सिद्धान्त, स्वर्गनरकको विस्तृत बर्णन उल्लेख छ। नरकको भीषणकष्ट स्वर्गको आनन्दसम्बधी जैन विचार बुझाउन यो ग्रन्थले मद्दत गर्दछ। साथै महावीर र समकालीन अन्य धर्म तथा व्यक्तिको विषयमा पनि महत्त्वपूर्ण गाथा यस ग्रन्थमा सङ्कलित छ।

प्रसङ्गवश, जैनधर्म वैदिक धर्मको सन्निकट मानिएको र यसले बुद्धधर्मसँग पनि कतिपय कुरामा समानता राख्ने हुँदा यहाँ यसको दिग्दर्शन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरियो। जैन मतावलम्बीहरू वर्तमान अवस्थामा नेपालभित्र केही भए तापनि यसको प्राचीन सांस्कृतिक परम्परा यहाँ पाइदैन ।

जैनग्रन्थको उक्तिबाट जैनभिक्षु भद्रबाहु धननन्दको मगधमा राज्य भएको वेला बाह्र वर्ष अनिकाल परेकोले शिष्यसहित दक्षिण भारत पसेका र पछि फर्कदा जैन सम्प्रदाय मगधमा शिथिल भइसकेकोले तपस्या गर्न नेपाल पसेको र उनको यहीं मृत्यु भएको कुरा थाहा पाइन्छ । पछि जैन सम्प्रदायको प्रामाणिक ग्रन्थको खोजीमा भद्रबाहुका सतीर्थ्य संभूति विजयका शिष्य स्थूलभद्र नेपाल आएको अनुश्रुति पनि जैन परम्परामा पाइन्छ । प्रो० लेवीले भद्रबाहु-को नेपाल आगमन लगभग ३०० ई० पू० अनुमान गरेका छन् ।[1]

जैनाचार्यहरू अहिंसावादी र दिगम्बर थिए । त्यसकारण नेपालको शीत प्रदेशमा उनी कहाँ बसे भन्न सकिंदैन । दिगम्बरपन र अहिंसा नेपाल जस्तो त्यो वेला हिउँ पर्ने ठण्डा मुलुकको निम्ति प्रभावकारी नहुँदा जैन धर्मको यहाँ कुनै प्रभाव नपरेको अनुमान हुन्छ ।

जैनधर्मका मुख्य अङ्ग पाँच महाव्रत

अहिंसा महाव्रत कुनै प्रकारका प्राणीहरूको जानिनजानी हिंसा गर्नु महापाप हो । यसका पनि पाँच अङ्ग छन् इर्या समिति, भाषा समिति, एषणा समिति, आदान प्रेक्षणा समिति, व्युत्सर्ग समिति यसको अर्थ क्रमशः यस्तो छः– हिंड्दा हिंसा नहोस् भनेर सफा बाटो हिंड्नू; बोल्दा सधैं मिठो प्रिय बोली बोल्नु; किनकि कठोर बाणी बोल्नाले वाचिक हिंसा हुन्छ । भिख लिंदा कुनै हिंसा गरिएको वस्तु छकि कीराहरू छन्कि भन्ने ख्याल राख्नु; आफ्नो धार्मिक कृत्यको लागि राखिएको कुनै वस्तुमा हिंसा हुने कुनै कीरा फठ्याङ्ग्रा, जीव, छन् कि भनेर हेर्दै रहनू; शौचक्रिया गर्दा पनि कुनै क्षुद्र जीवहिंसा हुन्छ कि भन्ने ख्याल राख्नू; यी पाँच प्रकारका हिंसाबाट पनि जोगिनु पर्ने जैनधर्मको अहिंसाव्रत हो ।

यस्तै असत्य त्याग महाव्रत पनि पाँचै प्रकारबाट बच्नु भन्ने छ। अर्थात् सत्य र मृदु भाषण, कटु सत्य नलबोनु; राम्रो विचार पुऱ्याएर मात्र सत्य बोल्नु; जब क्रोध र अहंकार युक्त हुन्छ त्यो बेला भाषण नगर्नु; लोभको भाव प्रबल भएको वेला पनि नबोल्नु, त्यस्तै डरले पनि असत्य नबोल्नू र

---

१. लेभी–निपाल भो० २ पृ० ६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिहास (ठट्टा गर्दा) मा पनि असत्य भाषण नगर्नू नै सत्यव्रत भनिएको छ ।

अस्तेय महाव्रत– कसैको कुनै पनि वस्तु उसको अनुमतिविना ग्रहण नगर्नू तथा कुनै वस्तुको लालच पनि नगर्नू अस्तेय हो । यसमा पाँच प्रकारको विधान छ– अनुमतिविना कसैको घरमा नपस्नू, प्राप्त भिन्ना तवतक भोजन नगर्नु जबतक देखाएर गुरुको अनुमति प्राप्त गरिदैन । गृहपतिको अनुमतिविना कुनै घरमा वास नवस्नू, तथा अनुमति बेगर आसन, शय्या, भोजनादि ग्रहण नगर्नू, र एउटा भिक्षुनिवास गरेकै ठाउँमा अर्को भिक्षु पुगेर वस्न चाहेमा पनि गृहपतिको अनुमति लिनुपर्ने नियम छ ।

अपरिग्रह महाव्रत– कुनै वस्तु व्यक्तिविशेषसँग घनिष्ठता नराख्नू सञ्चय नगर्नू, सबै कुरामा निर्लिप्त रहनू, कुनै वस्तु पदार्थमा ममता नगर्नु रूप, रस, गन्ध, स्पर्श, शब्दको अनुभववाट पनि विरत रहनू अपरिग्रह हो ।

ब्रह्मचर्य महाव्रत– कुनै स्त्रीसँगको वार्तालाप, कुनै स्त्रीलाई नहेर्नू; गृहस्थ जीवनमा प्राप्त स्त्री सुखको पनि कल्पना, भावना नगर्नू; कायिक, वाचिक, मानसिक संसर्गबाट दूर रहेर ब्रह्मचर्य खण्डित हुने तीतो पीरो उत्तेजक मसलादार भोजन नगर्नू; स्त्रीमात्र भएको ठाउँमा नवस्नू आदि ब्रह्मचर्य व्रत अन्तर्गत पर्दछन् ।

यस्तै प्रकार जैनधर्ममा आस्था राख्ने भिक्षु तथा गृहस्थको लागि पनि पाँच अणुव्रतको विधान जैन धर्ममा गरिएको छ ।

उपर्युक्त सबै विधानको परिशीलन गर्दा वैदिक धर्मअन्तर्गत पर्ने यति धर्मका विशेषता नै जैनधर्ममा पाइन्छन् । सन्यास जीवनका त्याग, अपरिग्रह, अस्तेय, शौच, निर्लोभ, सत्य भाषण, क्रोध, मोह, लोभ, मद, मात्सर्य आदिलाई विजय पर्नुपर्ने परम्परा वैदिक धर्मकै अन्तर्गत मानिएको धर्म हो । अहिंसाबाहेकका सबै कुरा ब्रह्मचर्य, वानप्रस्थ र सन्यास धर्ममा पालना गरिने नियम भित्रै पर्दछन् । केवल गृहस्थीहरूको निम्ति यज्ञमा हिंसा विहित छ । किन्तु त्यो पनि पछिल्लो कालको व्याख्यामा अहिंसात्मक सामग्रीद्वारा पनि यज्ञ सम्पादन गर्न सकिन्छ ।

कतिपय कुरामा जैन र बौद्ध दर्शनको सामञ्जस्य भएकोले बौद्ध दर्शन र तत्कालीन व्यवस्थाको चर्चा भित्रै जैनमतको पनि दिग्दर्शन यहाँ गरिएको छ दुवै प्रचारयुग पनि एउटै भएकोले साधारण धार्मिक मान्यताको पक्षमा मात्र यहाँ चर्चा गरियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धको जन्म र उनको युग

वर्तमान नेपालमा पर्ने कपिलवस्तु जिल्लामा एउटा सानो तर राजसी ठांटबाटले युक्त शाक्यगण थियो। यिनीहरू आफूलाई इक्ष्वाकुका सन्तान सूर्यवंशी क्षत्रिय मान्दथे। यस कुलका गणपति (राजा) शुद्धोदनको जेठा छोराको रूपमा मायादेवीका गर्भबाट ईसापूर्व ५६३ मा लुम्बिनीको शालवनमा गौतम सिद्धार्थको जन्म भयो। गर्भिणी अवस्थामा माइत जान हिंडेकी मायादेवी लुम्बिनीको शालवनमा आइपुग्दा प्रसव वेदनाले पीडित भएर त्यहीं बालक जन्माइन्। बुद्धको जन्म भएको एक सप्ताहपछि मायादेवी परलोक भइन्। बुद्धको लालनपालन मायादेवीकी बहिनी प्रजावतीले गरिन्। उनको नामकरण गर्दा सिद्धार्थ नाम राखियो तथा गौतम पनि अर्को नाम हो। परन्तु गौतम गोत्रहुनु पर्छ भन्ने विद्वान्हरूको विचार छ। बालक सिद्धार्थको पालन पोषण राजसी ढाँचामा नै भयो तथा क्षत्रियोचित शिक्षाको व्यवस्था गरियो, धनुर्वाण चलाउने तरवार आदि हतियारको प्रयोग गर्ने घोड सवारी, मल्ल युद्ध तथा अन्य पठन–पाठनमा पनि दक्ष बनाइयो। उनको बाल्य जीवन ठूलो सुख ऐश्वर्यमा बित्यो। बाबुको इच्छा थियो ठूलो भएर शाक्या गणको प्रतिष्ठित गणपति बनून् र ठूलो उन्नति गरून्।

युवकभएपछि सुन्दरी कन्या यशोधराको साथ विवाह भयो। यसपछि उनको जीवन सुखमय व्यवहारमा बित्न थाल्यो। केही समयबाद पुत्र उत्पन्न भयो जसको नाम राहुल राखियो।

क्षत्रियोचित शिक्षा प्राप्त गरी सुख सयलमा बसे पनि सिद्धार्थभित्र दयालु प्रवृत्तिका थिए। भोग ऐश्वर्यमा त्यति अभिरूचि नराख्ने र विरक्त प्रवृत्तिका देखिदा राजा शुद्धोदनलाई छोरो जोगी हुन्छ कि भन्ने डर पनि थियो र अनेक भोग्य सामग्री जुटाएर नृत्य, गान, रसरङ्गमा डुबाइरहने व्यवस्था गरेका थिए।

एकदिन कुनै उत्सवमा कपिलवस्तु नगर खूब सजाइएको थियो। नगर शोभा हेर्नको निम्ति सिद्धार्थ पनि सवारी चढी निस्के। बाटामा नगर शोभा हेर्दै जाँदा सडकको छेउमा बिरामीभइ अन्तिम सास लिइरहेको एक व्यक्तिलाई देखे। सारथीलाई सोद्धा उसले बतायो यो बिरामी भएर सडकको छेउमा अन्तिम सास लिइरहेको छ थोरै समयपछि नै यो मर्नेछ। यसपछि अगाडि बढेका सिद्धार्थले लठ्ठीको भरमा थर्थराएर हिंडेको एउटा बृद्धलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखे । यसपटक प्रश्न गर्दा पनि सबै मानिस यस्तै जराजीर्ण भएर मर्नुपर्छ भन्ने कुरा सारथीले बतायो ।

त्यसपछि अगाडि बढेका सिद्धार्थले श्मसानमा लैजान लागेको अर्थी देखे, यसबाट पनि मृत्यु सबैको निम्ति अनिवार्य छ भन्ने कुरा थाहा पाए । त्यसपछि शान्त र गम्भीर मुखमुद्रा भएका सन्यासीलाई देखेर सारथी-सँग सोधे, उसले अनित्य संसारदेखि वैराग्य लिएर ईश्वर चिन्तनमा लागेको कुरा बताए । उपर्युक्त सबै घटना संसारमा दिनहुं भइरहने कुरा हुन् र यसमा कसैलाई पनि आश्चर्य हुँदैन र प्रभाव पनि पर्दैन । तर सिद्धार्थको निम्ति यी चारै कुराले अत्यन्त प्रभाव पार्‍यो तथा मनमा ठूलो वैराग्य जगाइदियो । यो क्षण भङ्गुर शरीरको अवस्था बुझेर सन्यासी हुने इच्छा प्रबल भएर जाग्यो । बौद्धदर्शनअनुसार यो उनको पूर्व जन्मको संस्कार पनि थियो । सिद्धार्थ यस-पछि वैरागी भएर चिन्तन मननमा घोरिन थाले । यो देखेर राजा शुद्धोदन-लाई झन् मनमा चिसो पस्यो । उनी के कसरी हुन्छ सिद्धार्थलाई संसारी विषय वस्तुमा अलमल्याउ नै साधन जुटाउन थाले । नाच-गान र अनेक रूपले शालिनी वेश्याहरूको बीचमा एक्लै छाडिदिएर भुलाउने प्रयत्नहरू भए । सिद्धार्थ यी कुरामा निस्पृहजस्तै रहे । नृत्य गीतले थाकेका र मधु पानले लुटिएका रूपाजीवाहरू यत्र–तत्र लडेर निदाए । त्सपछिको असुन्दर दृश्य हेरेर सिद्धार्थको हृदयमा झन् वैराग्य बढ्यो ।

उनले यसपछि संन्यास लिने पक्का विचार गरे । एकदिन अंधेरी रातमा शयानागारबाट बाहिर आएर परिवार त्याग्ने विचार गरे । सानो पुत्र राहुल र यशोधराको अनन्य प्रेमभावले उनलाई बिचलित पार्‍यो । उनी एक पटक पुनः शयनागारमा पसेर पत्नी र पुत्रलाई हेरे । यशोधरा मस्त निन्द्रामा थिइन् तथा बालक राहुल आमाको घाँटी च्यापेर सुतेको थियो । यो दृश्यले करुणाद्र हृदयी सिद्धार्थलाई दुर्बलताले सतायो । तथापि मनलाई बलियो पारेर वैराग्यमा आकर्षित भएका सिद्धार्थले २९ वर्षको आयुमा गृह-त्याग गरे । तबेलाबाट घोडा लिएर जङ्गलको बाटोलागे, उज्यालो भएपछि घोडा पनि छाडिदिए । घोडा रित्तै घर फर्क्यो ।

यसपछि ज्ञानको खोजीमा विभिन्न तपस्वीको आश्रम र सन्निधिमा यताउति घुम्दै रहे । शुरू शुरूमा दुइटा तपस्वीको शिष्यत्वमा रहे तथा उनीहरूको निर्देशनअनुसार मोक्ष प्राप्तिको उपाय तपस्या भनिएकोले घोर तपश्चर्याले शरीर जीर्ण शीर्ण पारे । यसबाट आत्मिकशान्ति प्राप्त नभएकोले त्यसलाई ठाउँ छाडेर सिद्धार्थ उरूवेला पुगे । त्यहाँका शान्त र रमणीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वातावरणमा पुनः तपस्या शुरू गरे । यहाँ अन्य पाँच तपस्वीसँग उनको भेट भयो । उनीहरू पनि कठिन तपद्वारा नै मोक्षप्राप्तिमा विश्वास गर्दथे । पद्मासन कसेर अन्नजल समेत त्यागगरी कठोर तपस्यामा संलग्न रहँदा पनि आत्मिक उन्नतिको केही चिह्न पनि अनुभव भएन । शरीर सुकेर उठबस गर्न नसक्ने स्थितिमा पुग्यो । आखिर शरीरलाई कष्ट दिएर मात्रै मोक्षप्राप्ति नहुने विश्वासले पुनः अन्नजल ग्रहण गरे । यो देखेर तप भ्रष्ट भएको ठानी अरू पाँच जना साथीले पनि उनलाई छाडी अन्यत्र गए ।

तपस्याको मार्गबाट निराश भएका सिद्धार्थ घुम्दै बोधगया पुगेर थाकेका हुँदा पीपलको छायाँमा बसे । यहीं उनले आफ्ना विगतज्ञान–तपस्याद्वारा प्राप्त अनुभवमा विचार गरी ध्यान मग्न भए । सात दिन सात रात त्यसैठाउँमा बसी ध्यान गर्दा अन्त्यमा उनलाई हृदयमा ज्ञानमय प्रकाश उद्भासित भयो । उनको साधना सफल भयो उनी सम्यक् सम्बोधि (सत्यज्ञान) का ज्ञाता भए । बोध अर्थात् सत्यज्ञान प्राप्त गरेकोले उनी बुद्ध कहलाए । बुद्धले ज्ञान प्राप्त गरेको ठाउँ बोधगया र पीपल वृक्ष बोधीवृक्ष कहलायो । जुनठाउँ बौद्धहरूको आज पनि परम तीर्थ मानिन्छ ।

बुद्धको जीवनी गृहत्याग, तपस्या, सम्बोधिप्राप्तिको विशद वर्णन पाली साहित्यमा पाइन्छ । बुद्धको ज्ञान–मनुष्य मात्रको कल्याणगर्नु सम्पूर्ण प्राणीको हितसाधन, अहिंसा, सत्याचरण परमलक्ष्य भएकोले उनी स्वान्तः सुखायमा रमेनन् र यत्रतत्र घुमी आफ्नो प्राप्त ज्ञान मानव जगत्मा प्रचार गर्न लागे ।

महात्मा बुद्ध सम्बोधिप्राप्त गरेपछि गयाबाट काशी पुगे जहाँ आजकाल सारनाथ भनिन्छ, त्यहीं पहिलेका पाँच तपस्वी साथीसँग बुद्धको भेट भयो । बुद्धको अनुपम ज्योतियुक्त रूप देखेर उनीहरूले बुद्धको स्वागत गरे । बुद्धले बोध गयामा प्राप्त गरेको ज्ञानको पहिलो उपदेश यिनै पाँच जनालाई गरे । पाँचै तपस्वीहरू बुद्धका चेला भए । पहिलो उपदेश धर्म चक्रप्रवर्तन गरेको यो ठाउँ पनि बौद्धहरूको पावन तीर्थस्थाल मानिन्छ । त्यसपछि बुद्ध उरूवेला गए । त्यो ठाउँ कर्मकाण्डी श्रोत्रिय ब्राह्मणहरूको गढ थियो । यज्ञाहुतिमा संलग्न यी ब्राह्मणहरूका नेता कश्यप थिए, जो बुद्धको उपदेशले शिष्य बने पछि प्रमुख चेलामा यिनको नाउँ पाइन्छ ।

यसपछि सशिष्य बुद्धमगधको राजधानी राजगृह गए यहाँ पनि उनको धर्मोपदेश सुनेर धेरै शिष्य भए । राजा बिम्बिसार पनि बुद्धदेखि अत्यन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभावित भए। राजगृहमा दुई यस्ता चेला बुद्धका अनुयायी भए जसको नाम शारि पुत र महामौद्गल्यायन हो। यी दुवै परममित्र ब्राह्मण कुमार वेदविद्याका ज्ञाता थिए। बुद्धका चेला श्रामणेर देखेर उत्सुक भएका यी दुवै कुमार बुद्धको दर्शन गर्न गए तथा उपदेशले प्रभावित भएर भिक्षु बने। पछि यी दुईज्यादै प्रसिद्ध भए तथा बुद्धधर्म प्रचारमा यिनको ठूलो हात रह्यो। बुद्धको मुख्य कार्यक्षेत्र मगध रह्यो, अन्यत्र पनि घुमेर बुद्धले धर्म प्रचार गरे। मगध नरेश विम्बिसार अजात शत्रु, कोशल नरेश प्रसेन जित्, वत्स नरेश उदयन बुद्धका समकालीन मानिन्छन्। काशी, कोशल, वज्जिसङ्घको राजधानी वैशाली कुशिनारा कपिलवस्तु पनि बुद्ध गए। अवन्तीबाट निम्ता आए पनि बुद्ध पुग्न सकेनन् र शिष्य टोली पठाए। लगभग चालिसवर्ष मध्य देशमा घुमेर बुद्धले आर्य–धर्मको प्रचार गरे। असी वर्षको आयुमा वैशालीबाट कुशीनगर जाँदा बिरामी परे। वेणुवनमा बसी केही स्वास्थ्य लाभ गरी पुनः प्रस्थान गरे र कुशिनगर पुगेर हिरण्यवती नदीको किनारमा विश्राम गरे। स्वास्थ्य झन् खराब भयो। महात्मा बुद्धको अन्तिम अवस्था बुझेर कुशिनगर र वरिपरिका असंख्य नर- नारीले बुद्धको दर्शन गरे कुशिनगर मल्ल गणको राजधानी थियो, उनीहरूले पनि ठूलोसंख्यामा आएर बुद्धको दर्शन गरे।

बुद्धको अन्तिम अवस्था देखेर शोकाकुल भएका भिक्षुगणलाई बुद्धले सम्झाउँदै भने–तिम्रो आचार्य नरहे पनि तिमी हामीले जो नियम बनायौं, जुन कुरा मैले उपदेश गरें त्यही नै तिमीहरूको आचार्य रहने छ, यो संघै जीवित रहने छ। जो जन्मन्छ त्यो मर्दछ पनि, तिमीहरू आफ्नो प्रयत्नमा लाग्दैरहनू। महात्मा बुद्धका यी अन्तिमशब्द थिए यसपछि उनले महानिर्वाण प्राप्त गरे। कुशीनाराको नजीक बुद्धदिवंगत भएको ठाउँमा उनको विशाल मूर्ति विद्यमान छ।

बुद्धको धर्म र दर्शन

महात्मा बुद्ध सच्चा समाजसुधारक हुन्। जातिवादको विभीषिकाले उत्पीडित रागद्वेष, क्रोध ईर्ष्या, कलह, झूट, ठगी, चोरी, जातीय-आधारमा उच्चवर्गद्वारा शोषित समाजलाई दृष्टिगत राखेर नै बुद्धले आफ्नो धर्मको व्याख्या गरे। ब्राह्मणधर्मको यज्ञवाद, पशुहिंसा र प्रचण्ड जातिवादलाई मात्र बुद्धले कडा विरोध गरे। साथै विभिन्न अनार्य जातिमा चलेको रूढिगत अन्धविश्वासमा आधारित लोकधर्मको पनि आफ्नो तरिकाले विरोध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरे । वास्तवमा प्राणी समान हुन्, सबैको घटघटमा ईश्वरको बास छ। विद्या, विवेक, सच्चरित्र र साधनाले मनुष्यले मोक्ष प्राप्ति गर्न सक्छ, हिंसा खराब हो भन्ने दर्शनको प्रादुर्भाव भइसकेको थियो । उपनिषद्ले यज्ञवाद विरूद्ध आवाज उठाइसकेका थिए तथा विनाहिंसाको पनि यज्ञ हुन्छ भन्ने व्याख्या पनि भइसकेको थियो ।

बुद्धले आफूले नयाँ धर्मको प्रतिपादन गरेको छु कहिले भनेनन् । एष धम्मो सनातनः भनेर आफ्नो सिद्धान्तको बारेमा बराबर भनेकाछन् । जुन सनातनदेखि चलिआएको धर्म हो, त्यसैको स्थापना गरिरहेको छु भन्ने उनको कथन हो ।

सबै हिन्दू दर्शनको आधारशिला सच्चरित्र हो । चरित्र बलले नै समाजमा प्रतिष्ठा प्राप्त गर्न सकिन्छ । चरित्रहीन व्यक्तिले भनेका कुरा जतिसुकै राम्रा भए पनि कोही सुन्न चाहंदैन । सच्चरित्रद्वारा नै कल्याण गर्नसकिन्छ । भन्ने कुरा धर्मप्रवर्तकहरूले राम्ररी बुझेका थिए । बुद्धले सकेसम्म सरलबाटो अपनाएका थिए । उनले आफ्नो धर्मलाई मध्यम मार्गको संज्ञा दिएका छन् । अति चरम नगर्नू, अर्थात् अति भोग लिप्साको त्याग र अत्यन्त कठिनव्रत तपस्याद्वारा शरीरलाई कष्ट दिनु, दुवै छाडेर बीचको बाटो मध्यम मार्ग हो । यसको अर्को पनि अर्थ सङ्गति खान्छ, त्यो के भने चार्वाक दर्शनजस्ता भोगवादी नास्तिक दर्शन र न्याय वैशेषिक वेदान्तजस्ता तर्कवादी दर्शनको बीचको बाटो । तर्कद्वारा ईश्वर सिद्धि गरेपनि भोगवादी हुनसक्छ तथा सर्व-साधारणको बुद्धिले यो भ्याउने पक्ष होइन । यसकारण ईश्वरबारेको प्रश्नमा बुद्ध सधैं मौन रहे । तर्कमा अल्झिन चाहेनन् । घोर भोगवादी दर्शनले समाजमा जो अनाचार अत्याचार, झूट, छलछाम, चोरी जारीजस्ता दूषित भावना जगाउँछ, त्यो पनि सर्वथा त्याज्य छ ।

अष्टाङ्गिक मार्ग

बुद्धले उपदेश दिएका अष्टाङ्गिक मार्ग केवल भिक्षुका निम्ति मात्र नभएर समाजको लागि पनि अत्यन्त हितकारी छन् । ती हुन् सम्यक् दृष्टि १, सम्यक् संकल्प २, सम्यक् वचन ३, सम्यक् कर्म ४, सम्यक् आजीविका ५, सम्यक् प्रयत्न ६, सम्यक् विचार ७, सम्यक् ध्यान वा समाधि ८ ।

यी आठ प्रकारका सचेतमनले गरिने उपाय गर्नाले मनुष्य आफ्नो जीवन आदर्शमय, कल्याणकारी बनाउन सक्छ भन्ने कुरामा सन्देह रहँदैन । दृष्टिमा संयम, सजग भएर असल कर्म गर्न अठोट गर्नु, सचेत भएर राम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोल्नु, सजग भएर राम्रा काम गर्नु, ठगी चोरी हिंसा आदि दुष्कर्म नगरीकन सत्य, सदाचारले जीविका चलाउनु, इन्द्रिय दमन गरेर सत्कार्यमा चित्त स्थिर गर्नु, सधैं राम्रो, असल सबैको भलो हुने कुरामात्र विचार गर्नु र स्थिरचित्त भएर राम्रो ध्यान गर्नु जीवनका उच्च आदर्श र सरलतम उपाय हुन् । संयम पूर्वकको सदाचारमय जीवन नै बुद्धधर्मको सारतत्त्व हो ।

चार आर्य सत्य

बुद्धका ४ आर्य सत्य छन् । ती हुन्-(१) दुःख, (२) दुःख समुदाय (दुःखको हेतु). (३) दुःख निरोध, (४) दुःख निरोध गामिनी प्रतिपदा ।

दुःख सत्यको व्याख्यामा भनिएको छ–जन्म पनि दुःख मृत्यु पनि दुःख जरा, रोग, भोक, तिर्खा पनि दुःखको नै रूप हो । अप्रिय संयोग, प्रियजनको वियोग, इच्छाको अपूर्ति सबै दुःख हुन् । दुःखको कारण (हेतु) तृष्णा हो । इन्द्रिय सुखको चाहले तृष्णाको जन्म हुन्छ । तृष्णाद्वारा युद्ध, झगडा, क्रोध, ईर्ष्या, द्वेषको जन्म हुन्छ । तृष्णा त्यागले दुःखको निरोध हुन्छ । दुःख निरोधको उपाय पहिले बताइएका अष्टाङ्गिक मार्ग हुन् । सदैव सचेत रहेको विवेकले अष्टाङ्गिक मार्गको सेवन गर्दा दुःख तृष्णाबाट बच्न सकिन्छ र मनुष्य निर्वाण पद प्राप्त गर्न सक्तछ ।

महात्मा बुद्ध उपर्युक्त अष्टाङ्गिक मार्गको अनुसरण गरेर बुद्ध धर्ममा दीक्षित हुन सम्पूर्ण मनुष्यको अधिकार र कर्तव्य मान्दथे । उनको विचारमा कोही जन्मदैमा ठूलो र सानो हुन्छ भन्ने भावना थिएन मनुष्य मात्रमा समान भावना राख्ने, मानवीय धर्मका उपदेष्टा, जातिवादका कट्टर विरोधी तथा यज्ञमा पशु बलिका घोर विरोधी थिए ।

बुद्धधर्म आस्तिक वा नास्तिक दर्शन हो ?

वेदमा यज्ञको विधान, देवस्तुति वा आह्वान गरेर अग्निमा हवन गर्ने विधानको बढ्ता चर्चा छ । प्राचीन आर्यहरूले यसलाई आवश्यक आचारको रूपमा मान्दै आए । पछिल्लोकालमा सरल यज्ञपद्धतिमा अनेक जटिलता थपिदै गए पशुबलि दिने प्रथामा वृद्धि भयो । ऋग्वेदमा घिउ, गवाशिर, दध्याशिर, सोम आदि हवनीय वस्तुको प्रधानता छ तर यजुर्वेदकालमा गोमेध, अश्वमेध, सर्वमेध जस्ता हिंसात्मक यज्ञ विधानको प्रभुता बढ्यो । एक पक्षको चिन्तन धारामा एकेश्वरवाद सर्वव्यापक ईश्वरको अस्तित्व, (एकं सद्विप्रा वहुधा वदन्ति) सत्य एउटै छ. किन्तु ब्राह्मणहरू त्यसैलाई वहुरूपमा व्याख्या गर्छन् जस्ता ऋक्मन्त्र पनि नभएका होइनन् । जन्मदेखि मृत्युसंम संस्कार र सदाचारमा बाँधिएको जीवन पद्धति भएका प्राचीन आर्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू अब थिएनन् । जन्मले नै ब्राह्मण क्षत्रिय हुन पाउने परम्परा नराम्रो पनि होइन किनकि बाबुको संस्कार र चरित्र छोरामा सजिलैसँग सर्न सक्ने पनि हो । तर अब ज्यादै बढेको समाजमा अपठित, अज्ञानी, र लोभी ब्राह्मण, सदाचार विहीन उदण्ड र कर्तव्य विमुख क्षत्रिय सम्पत्तिको तुलाले तौलेर आफैमा श्रेणीभेद खडा गर्ने तथा धनको मदमा अनाचाररत वैश्य भएकोले वैदिक वर्णव्यवस्था (वर्णअनुसारको कर्तव्य) छिन्न भिन्न भइसकेको थियो । पठित, त्यागी, निस्पृह, सदाचारी ब्राह्मणको, क्षत्रियोचित कर्ममा रहेका क्षत्रिय र धनीभए पनि सदाचारी, कर्तव्य निष्ठ वैश्यको बुद्धले कहिल्यै निन्दा गरेनन् ।

वासत्य, भारद्वाज नामक दुई ब्राह्मण बुद्धको नजिक गएर सोधे-हामीमा यो विवाद उठ्यो, जात जन्मले हुन्छ कि कर्मले हुन्छ भन्ने यसमा तपाईं के भन्नु हुन्छ भन्दा बुद्धले यसरी जवाफ दिएका छन् । हे वासत्य, मानिसमा जो गाईचराउँछ उसलाई गोठालो भन्छौं, ब्राह्मण भन्दैनौं, जो कलाले जीविका गर्छ त्यो कलाकार हुन्छ, ब्राह्मण भनिदैन, जो व्यापार गर्छ व्यापारी भनिन्छ, ब्राह्मण भनिदैन, जो नोकरी गर्छ त्यसलाई अनुचर भनिन्छ, ब्राह्मण कहलाउँदैन, जो चोरी गर्छ चोर भनिन्छ, जो शस्त्र धारण गरेर जीविका गर्छ सैनिक भनिन्छ, ब्राह्मण भनिदैन । कुनै बाहुनी आमाको पेटबाट जन्मेको कारणले मात्र म ब्राह्मण भन्दिन । जुन व्यक्तिको कुनै विषय-वस्तुप्रति ममता छैन, जसको साथमा केही पनि छैन, निस्पृह छ, त्यसलाई ब्राह्मण भन्छु । जसले इन्द्रिय दमनगरेर सबबन्धन काटिसकेको छ, क्रोध रहित छ, राम्रो काम मात्रै गर्छ, सत्याभिलाषी छ म त्यसैलाई ब्राह्मण भन्छु । न कोही ब्राह्मणको घरमा जन्मनाले मात्रै ब्राह्मण हुन्छ, न अन्यकुलमा जन्मना-ले मात्रै अब्राह्मण हुन्छ । आफ्नो कामले नै किसान, शिल्पी, व्यापारी, सेवक, क्षत्रिय वा ब्राह्मण हुन्छ ।

उपर्युक्त पाली साहित्यको ब्राह्मणसम्बन्धी बुद्धको उत्तर ठीक वैदिक परम्परामा व्याख्यात ब्राह्मणको परिभाषासँग मेल खान्छ ।

यज्ञसम्बन्धी बुद्धको विचार

श्रावस्तीमा बुद्ध बसेको ठाउँमा उज्जय ब्राह्मण पुगेर सोधे तपाईं पनि यज्ञको प्रशंसा गर्नु हुन्छ कि ?

बुद्धले उत्तरमा भन्नु भयो–म सबै यज्ञको प्रशंसा गर्दिन । जुन यज्ञमा गाई, बोका, अश्वको तथा अन्य जीवजन्तुको बलि दिइन्छ म त्यस्तो यज्ञको प्रशंसा गर्दिन । जुन यज्ञमा हिंसा हुँदैन, त्यस्ता यज्ञलाई नित्यदान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुकुल दान (अन्न सत्र) लाई म प्रशंसा गर्दछु । मेधावीहरूले यस्तो यज्ञ गर्नुपर्छ । यस्तो यज्ञको फल महान् हुन्छ, पाप पनि हुँदैन, ठूलो फलदिने र देवता पनि खुशी हुन्छन् ।[1] त्यस्तै वासत्थ ब्राह्मणलाई उपदेश गर्दा भनेका छन्–अजिरावती (रापति) नदी भरि भएर बगेकी छन् । कुनै मानिस पारि जान चाहन्छ र वारिपट्टि खडा भएर भन्छ हे पल्लो किनारा, यसपार आऊ मलाई पारि जानु छ । हे वासत्थ, ठीक यसै प्रकारले तीनै वेदमा निष्णात ब्राह्मण, ती गुणको पालना गर्दैन, जुन कर्मबाट उ पूर्ण ब्राह्मण बन्न सक्छ तथा अब्राह्मणको आचरण गर्छ भने उसको मुखले म इन्द्रलाई बोलाउँछु ब्रह्मा, महेश्वरलाई बोलाउछु, वरुण तथा प्रजापतिलाई बोलाउछु भनेर मन्त्रद्वारा आव्हान गर्दैमा देवताहरू त्यो यज्ञमा आउलान् त ? यो प्रार्थनाबाट केही लाभ हुन सक्ला ?

यी उपर्युक्त कथनबाट के थाहा हुन्छ भने बुद्ध न वेद निन्दक थिए न ब्राह्मण निन्दक र यज्ञ निन्दक हुन् । उनी ब्राह्मणमा पूर्ण ब्राह्मणत्व देख्न चाहन्थे । विगलित भइसकेको समाजलाई पूर्ण सदाचारी बनेको हेर्न चाहन्थे र हिंसा विरोधी थिए । हिंसा अधर्म हो गर्नुहुँदैन भन्ने बुद्धको नयाँ सिद्धान्त होइन । हिंसा विरुद्ध आख्यक उपनिषद्का चिन्तक मुनिहरू, पार्श्वनाथ आदि जैन तीर्थङ्करहरू, आजीवक आदि दार्शनिकहरूको हिंसा विरोधी आवाजले धर्मशास्त्रकारलाई पनि हिंसा, यज्ञदेखि बाहेक गरिनु हुँदैन भन्ने सूत्रहरू निर्माण गर्न कर लागेको थियो । वास्तवमा यज्ञस्वर्यको निम्ति मात्रै हुन सक्छ र मोक्ष धर्म, एकेश्वरवादी चिन्तन योग, ध्यान, धारणा समाधिबाट मात्रै सम्भव छ भन्ने कुरामा विद्वान् ऋषिहरू पुगिसकेका थिए । यस्तै अर्को प्रसङ्गमा बुद्ध र वासत्थको संवाद पनि मननीय छ ।

---

१. अस्स मेधं पुरिष मेधं सम्मा पासं वाजपेय्यं निरग्गलं ।
महा यञ्ञा महारम्भा नते होन्ति महप्फला ।
येच यञ्ञा निरारम्भा यजन्ति अनुकुलं सदा
अजेलका र गावो च विविधा नेत्थ हञ्ञरे ।
तन्च सम्मग्गता यञ्ञं उपयन्ति महेसिनो ।
एतं यजेथमेधावी यसो यञ्ञो महप्फलो ।
एतं हि यज मानस्स सेच्चो होलि न पापियो ।
यञ्ञंच विपुलोहोति, पसीदन्ति च देवता, ति । अ. नि. उज्जय सुतं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के ईश्वरका साथमा धन र स्त्रीहरू छन् वासत्य !

छैनन् ।

ईश्वर क्रोधयुक्त छ कि क्रोधरहित छ ?

क्रोधरहित छन् ।

उसको अन्तः स्करण मलिन छ या पवित्र छ ?

पवित्र छ ।

ईश्वर स्वयं आफ्नो स्वामी होकि होइन ?

हो ।

अब भन त वासत्य ! यी ब्राह्मणहरूसँग धन र स्त्री छन् कि छैनन् छन् ।

क्रोधी छन् कि क्रोधरहित छन् त ?

क्रोधी छन् ।

यी ईर्ष्यालु छन् की ईर्ष्यारहित छन् ?

ईर्ष्यालु छन् ।

अन्तः करण के पवित्र छ ?

अंहँ; पवित्र छैन ।

यी स्वयं आफ्ना स्वामी हुन् कि होइनन् ?

होइनन् ।

अब भन त वासत्य ! तिमी नै यतिको स्वभाव वैषम्य भन्दैछौ के यिनिहरूको (ईश्वर र ब्राह्मण) साम्य र एकता हुन सक्ला ?

उपर्युक्त कथननबाट के थाहा हुन्छ भने, बुद्ध न वेदको न ब्राह्मण आदिवर्गको बुद्ध पूर्णरूपेण विरोध गर्न चाहन्थे, न लोक धर्मका असल मान्यताहरूलाई नै अस्वीकृत गर्दथे । उनी ब्राह्मणलाई ब्राह्मणकै स्तरमा क्षत्रियलाई क्षेत्रीके परम्परागत धार्मिक क्षेत्रभित्र र अन्य जातिलाई पेशागत रूपमा रहेर काम गर्न पाउने, हीन भावनाले नहेर्न, एवं आचार विचारमा आएका विकृतिलाई सुधारेर पूर्ण मानवीय रूपमा समाज सुधार्को हेर्न चाहन्थे । वैदिक धर्मले मानेका स्वर्ग, नरक, पुनर्जन्मवादमा विश्वास भएको तथा पूर्व संस्कारले नै जीवन सुधर्ने हुनाले असल संस्कारको भावना जगाउन चाहन्थें । ईश्वर वा आत्मा विषयक दार्शनिक पक्षमा जो ऊहापोह खडा भएको थियो, त्यसबाट सर्वसाधारणको कल्याण सम्भव थिएन । यो निरस विषयमा सबैको चासो नहुनु र नबुझ्नु स्वाभाविक थियो । बुद्धद्वारा निर्देशित बाटोबाट समाधिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवस्थामा पुगेपछि स्वयं अनुभव गरिने कुरा बताउन सकिने पनि होइन र भने पनि केही माने राख्दैन भन्ने कुरा स्वतः सिद्ध छ । यसकारण बुद्ध अनीश्वरवादी होइनन् र वेदका विरोधी पनि होइनन् । बुद्धले जुन पक्षलाई लिएर यज्ञवाद र जातिवादको विरोध गरे, त्यो उपनिषद्ले नै निर्देशित गरेको र विरोधमा आवाज उठाई सकेको पक्ष हो ।

ऋग्वेदको दशौं मण्डलले निर्देशन गरेको चातुर्वर्ण्य समाज र ईसापूर्व छैटौं शताब्दीको जातिवादमा महान् अन्तर आएको पाइन्छ । बुद्ध पछिका बौद्ध न्यायवादी (शून्यवादी) दर्शन तथा वेदको अप्रमाण्यजस्ता कुरा पछिल्लो कालको दार्शनिक विकास हो । बुद्ध यस्तो तर्कमूलक पक्षमा संधैं मौन रहे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय दुई

बुद्धकालीन विभिन्न सामाजिक अवस्था

बुद्धको समयमा ब्राह्मण-क्षत्रिय बीच पनि तँ ठूलो कि म ठूलो भन्ने भेदभाव उग्र थियो । क्षत्रियहरू आफूलाई उच्च ठान्दथे । त्यस्तै ब्राह्मणहरू आफूलाई उच्च हौं भन्थे । मधुर अवन्ति पुत्रले [१] ब्राह्मण ब्रह्माका प्रतिनिधि शुक्लवर्ण श्रेष्ठ हुन् भन्ने दावी गरेको र कोशल नरेशले ब्राह्मण पोक्खर सातिसँग कुरा गर्दा पर्दा हालेको उल्लेख पाइन्छ ।

बुद्धले जाति जन्मले श्रेष्ठ हुँदैन कर्मले अरू पनि स्वर्गको अधिकारी हुनसक्छन् भनेर ब्राह्मण आश्वलायनलाई स्वीकार गर्न वाध्य तुल्याएको कुरा पाली साहित्यमा वर्णित छ ।[२] त्यस्तै उछालक जातकमा ब्राह्मणको मुखबाट ब्राह्मण, क्षत्रिय शूद्र, चाण्डाल, पुल्कस आदि नीचजाति पनि सत्कर्मद्वारा निर्वाण (मोक्ष) पद प्राप्त गर्नसक्छन् भन्ने कुरा भनाउन बुद्ध सफल भएका छन् । जातिवादलाई लिएर ब्राह्मण लगायत सबै मरणधर्मी छन् । सबैको अन्त उस्तै हो भने जन्मले कसैलाई ठूलो मान्ने र कसैलाई किन होच्याउने भन्ने तर्क पनि (विमान वत्थु ५।१३।१५) उल्लेख भएको पाइन्छ । वर्णको कार्य विभाजन पनि ब्राह्मणले स्वार्थवंश गरेका हुन् यो किन मान्ने भन्ने कुरा पनि जातक कथामा उल्लेख छ ।

यद्यपि बुद्ध जातिवादका बिरोधी थिए र सत्कर्मद्वारा सबै उत्तम हुनसक्छन् भन्ने तर्क दिएर दुष्कर्मकारीलाई पनि साथ लिएर सुधार्न चाहन्थे ।

---

१. चुल्ल वग्ग १३।१।१

२. विन्टरनिज, हिष्टोरि अप इन्डियन लि. पृ. २।३ भाग २ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथापि सात पुस्तासम्म निष्कलंक विद्या व्यवसायी ब्राह्मण कुल ७ पुस्ता-सम्म निष्कलङ्क आफ्नो धर्ममारत क्षत्रिय कुल पनि अत्युत्तम मानिन्थ्यो। (अङ्गुत्तर निकाय प्रोण सुत) मा निष्कलङ्क पाँच प्रकारका ब्राह्मणको व्याख्या गर्दा बुद्धले अन्य ब्रह्मचर्य गृहस्थ र सन्तान जन्मेपछि प्रव्रज्या (सन्यास) लिने दुई थरीलाई ब्रह्म समान र देव समान तथा स्वधर्मनिरत रहने गृहस्थलाई मर्यादी संज्ञा दिएका छन्। त्यस्तै मझ्झिम निकाय चङ्कीसुत तथा अठ्ठ कथामा पनि सात पुस्तासम्म [१] सवर्ण विवाहबाट जन्मेका निष्कलंक ब्राह्मण कुलका चङ्की र त्यस्तै निष्कलङ्क ७ पुस्तासम्म सावर्ण्य विवाहबाट चलेको शाक्य कुलका बुद्धको विशेषता बखान गरिएकोले विवाह बन्धनमा विविधता देखिन्छ। साथै शुद्ध कुलोत्पन्न स्वधर्ममा निरत ब्राह्मण क्षत्रिय एवं श्रेष्टी कुलको समाजमा विशेष मर्यादा थियो।

बुद्धले आचारधर्म सत्यनिष्ठलाई प्रमुखता दिएर जन्मद्वारा हुने जातिको श्रेष्ठताबारे विवेकपूर्ण तर्कद्वारा विरोध गरे तापनि भिक्षुसङ्घ बाहेक अन्य समाजमा जातिप्रथाको उन्मूलन हुन सकेन। बुद्धप्रतिको विशेष आदर भावना पनि सात पुस्तासम्मको निष्कलङ्क सवर्ण विवाहद्वारा जनित सन्तान भएकोले पनि श्रद्धेय भएको कुरा पाली साहित्यको अनुशीलनबाट थाहा पाइन्छ। ब्राह्मणत्व सम्पन्न ब्राह्मण तथा उच्च कुलोत्पन्न क्षत्रियको निन्दा गरिएको पाइदैन। आफ्नो कुलधर्ममा नरहेका ब्राह्मणका भने बुद्ध विरोधी थिए।

वैशालीगणको चरित्र तथा मगध वासीहरूको आचरण एवं अनुलोम प्रतिलोम विवाहद्वारा उत्पन्न जाति र धार्मिक प्रवृत्तिको अभावका साथै वैदिक धर्मप्रति उदासीन समाज मगधमा नै भएकोले बुद्धको धर्म प्रचारको मुख्य क्षेत्र यही नै रह्यो। वैशाली, कोशल, काशी, विदेहका जाति-हरूलाई स्मृतिकारले निम्न कोटीमा गणना गरेकोले पनि बुद्धधर्म यिनै क्षेत्रमा बढी प्रभावकारी हुन सक्यो। त्यो बेला वैदिकधर्मको बढ्ता बोलवाला अवन्ती, कुरुपञ्चालमा थियो भन्ने थाहा पाइन्छ। स्त्री रत्नं दुष्कुलादपि भन्ने उक्तिअनुसार अनार्य र व्रात्य बहुल पूर्वी क्षेत्रको विवाहादि व्यवहार र अन्य आचरणदेखि सशंकित उत्तरका ब्राह्मणहरू यसै बेलादेखि आफूलाई श्रेष्ठ ठान्न लागेका थिए।

दीघनिकाय ब्राह्मजाल सुतमा ब्राह्मणको निम्ति निषिद्ध

---

१. मझ्झिम निकाय २ पृ. १५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काममा लागेका दश प्रकारका ब्राह्मण जातिहरूको लम्बा विवरण पाइन्छ । चिकित्सक, परिचारक, निग्गाहक (धर्ना कसेर माग्ने) काठ बेच्ने बनियाँ कर्म, अम्बष्ठ तथा वैश्य कर्म, गोघातक, लब्धक, गोप, निषद, बड्ढकी (काष्ट कर्म गर्ने), अजपाल धुमुर्धारी, सामुद्रिक (भविष्य वक्ताको पेशा गर्ने) आदि छन् । यसमा अतिरञ्जना पनि छ, जस्तै गोघातक र लुब्धक (व्याधा)कर्ममा लाग्नु स्वाभाविक मान्न सकिंदैन ।

अन्य तत्कालीन वैदिकपक्षका ग्रन्थमा ब्राह्मणको विशिष्टता पाइन्छ भने पाली साहित्यमा क्षत्रियको ।[१] स्वयं बुद्धले अम्बष्ठ ब्राह्मणसँग क्षत्रियको विशेषता तथा वरिष्ठता बताएका छन् । ब्राह्मण अम्बष्टलाई शाक्यहरूले संस्थागारमा बस्न आसन दिन ता परै जाओस्, कुरासम्म गर्न चाहेनन् ।[२] तथा कोशल नरेश प्रसेनजितलाई शुद्ध क्षत्रिय नमानेर आफ्ना कुलकी कन्या नदिएर झुक्याइ दासीबाट जन्मेकी कन्या दिए तथा राजकुमार नाति आउँदा बसेको खाएको ठाउँ अपवित्र भएको मानी दूधले धुन लगाए, जसको फल नाति राजा भएपछि पहिले मावली शाक्यकुलमै आक्रमण गरेर ध्वस्त पारिदिए ।

ब्राह्मण स्नातकको अन्य जाति ब्राह्मणबाहेकका पाक्य न खानु भनेका छन् ।[३] फेरि ब्राह्मणको रेखदेखमा शूद्र पात्रक राख्न सकिने अनुमति दिएको पनि विद्वान्हरूले संकेत गरेका छन् ।[४]

बौद्धसाहित्यमा ब्राह्मणको नष्ट धर्मावस्थाको चित्रण र आदर्श पालन नगरेकोमा निन्दा गएिको छ । धेरै दासदासी, धन, वितालि युक्त, रईस ठूलाठूला घरमा बस्ने ब्राह्मणको चरित्र बुद्धसाहित्यमा पाइन्छ । यस्ता ब्राह्मणहरू महाशाल (ठूलो महलवासी) कहिन्थे । कोशलराज गुरु चङ्की ब्राह्मण, उनकै पुरोहितमध्येका पुक्खर साति, सोण दण्ड, कूटदन्त, तारूक्ख, कसिभारद्वाज आदि महासाल (धनीमानी) र विद्वान् पनि थिए । यिनीहरू मगध तथा कोशलवासी जनताका दृष्टिमा श्रद्धेय रहेको पनि पाली ग्रन्थमा पढ्न पाइन्छ ।

यसै समयमा राजकर्मचारी तथा सेना र सेनानायक प्रायः क्षत्रिय

---

१. दीघनिकाय १, पृ. ९८–९९ अंगुतर निकाय ५, पृ. २१८–२९

२. दीघनिकाय जि. १, पृ. ९०–९१

३. आपस्तंभ धर्मसूत्र १।६।१८।९–१०

४. डा. काणे धर्मशास्त्रको इतिहास भा. १, जि. २,पृ. १६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै हुन्थे । किन्तु मन्त्री महामन्त्रीको पदमा अधिकतर ब्राह्मणकै नियुक्ति भएको पाइन्छ ।

वैश्यवर्ग–विश वा वैश्यको अर्थमा वैदिककालमा ब्राह्मण र क्षत्रिय कर्म गर्ने बाहेक कृषि, पशुपालन, वाणिज्य शिल्पकारहरूको समूह नै विश (प्रजा) कहिन्थ्यो । किन्तु उत्तरवैदिककालमा अनुलोम प्रतिलोम विवाह र त्यसबाट नाना उपजाति प्रजातिको उत्पत्ति हुनु र उनीहरूको काम पनि हीनता बोध हुने छ भने नीच जाति वा शूद्र जातिमा गणना हुन थालेकोले अब वैश्य व्यापारी भए पनि सम्मान्य वस्तुको क्रय विक्रय तथा कृषि र गाईपालन गर्ने पठित र यज्ञोपवीत संस्कार हुने सेठ्ठी (श्रेष्टिन्) कहलाए । गृहपति शब्द घरहुने मुख्य व्यक्तिवाचक शब्द हो । किन्तु बुद्धकालीन समाजमा गहपति (गृहपति) शब्द वैश्यको निम्ति रूढ भइसकेको पाइन्छ । सेठ्ठी शब्दबाटै आजको सेठ शब्द बनेको छ । यो पहिले र अहिले पनि धनाढ्य व्यक्तिलाई कहने शब्द हो । यसमा पनि मुख्य दुईवर्ग थिए, सेट्ठी र सार्थवाह । सार्थवाह शयौं गाडा, घोडामा माल सामान लदाएर देश विदेश घुम्थे तथा जुन मालको जहाँ माग हुन्थ्यो, त्यो त्यहाँ पुऱ्याएर बेच्ने तथा अन्यत्र माग भएको वस्तु त्यहाँ किन्ने गर्दथे । देश, विदेश, समुद्रयात्रा, महावाणिकपथयात्रा गरेर धनोपार्जन गर्ने वर्ग थियो ।[१] सेट्ठीहरू निगम (बैंक) व्यवस्थाको सञ्चालन गरी शिल्पकारको विभिन्न श्रेणी (सङ्घ) खडा गरी काम लगाउँथे तथा मुद्रा (छाप) बाट (हुण्डी) चलाउने व्यवस्था थियो भनेर इतिहासकारहरूले मानेका छन् । वैशालीको उत्खननबाट यस्ता मुद्रा प्रशस्त फेला परेका छन् ।[२]

धन वैभवको महत्ता जहिले पनि हुन्छ । बुद्धकालमा सेट्ठी, महासेट्ठी, नगर सेट्ठीहरूको ठूलो इज्जत सम्मान भएको जातक कथाहरूमा पढ्न पाइन्छ । महावग्गका अनुसार राजगृहका एक जना सेट्ठीले राजा तथा व्यापारनिगमको ठूलो उपकार गरेका थिए । अर्का मगधवासी सेट्ठीले भिक्षुसङ्घलाई ८० करोड कार्षापणको दान दिएका थिए । श्रावस्तीका अनाथपिण्डिक सेट्ठीले राजकुमार-को जेतवन किन्दा भूमिभरी असर्फी छापेर किनेका थिए तथा विहार बनाएर भिक्षुसङ्घलाई दान दिएका थिए । यस्ता धनी सेठहरू राजसभाका सदस्य पनि हुन्थे र प्रतिदिन ठाँटबाटसाथ राजाको दर्शनार्थ राजसभामा जान्थे । ब्राह्मण

१. दीघनिकाय २, पृ. ३४२ तथा अपण्डक जातक १ किंपक्क जातक ८५

२. वैशालीको इतिहास तथा महावग्ग ८।१।१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षत्रिय सदस्य मन्त्रीमण्डलका साथ समान आसन पाउंथे ।[1] यिनीहरू सजातिय वर्णमा विवाह गर्दथे । महावग्गमा सेट्ठीपुत्र यसलाई कुलपुत्र भनिएकोले सम्मानितवर्ग मानिन्थ्यो भन्ने थाहा हुन्छ ।

शूद्र जाति–वैदिककालमा शूद्रको स्थान चारवर्णमध्येमा थियो यिनीहरू मुख्य दासवर्ग थिए । असुर, अनार्य जातिलाई विजय गरेपछि पक्रिएका युद्धवन्दीहरू दास कहिए । समाजसेवा, शिल्पकर्म, घरको कामकाजमा सेवा पुऱ्याउने आदिमा यो वर्ग उपयोगी भयो । यसैकारण ईश्वरको पाउबाट जन्मेको (अर्थात् अनन्तस्सृष्टिमय ईश्वरीय सत्ताको) पाउ भएकोले समाजमा यो वर्ग ज्यादै उपयोगी मानियो । पाउ नभएको व्यक्ति निरीह तथा निष्काम हुन्छ । विनापाउको शरीरले केही काम गर्न सक्तैन । यसकारण वैदिक वर्ण विभाजनमा शूद्रवर्ग सेवक भए पनि समाजका पाउ थिए तथा खानपान अन्य सुविधामा पनि त्यति भेद थिएन ।

केही विद्वान्हरूले वैदिक दासप्रथाको चित्रण गर्दा रोम साम्राज्यको अत्यन्त उत्पीडित दासवर्गको इतिहासलाई अगाडि राखेर चित्रण गरेका छन् । वैदिक साहित्य तथा पुराण एवं कोटिल्यको अर्थशास्त्रको अध्ययनले पनि दास-वर्गलाई उत्पीडन नगर्ने, गरेमा दण्डको भागी हुने व्यवस्था गरेका छन् ।

सूत्रकालमा शूद्रवर्गप्रति कडाई गरिएको पाइन्छ । किन्तु यो बेला शूद्रवर्गको विशाल समूहभित्र आर्यहरूले वर्णचरित्र, रक्तशुद्धि राख्न कडा नियमको व्यवस्था गर्नु परेको थाहा हुन्छ । यो बेला आर्यहरू गृहदास, शूद्रका अधिपति मात्रै थिएनन् । दासताबाट अलग प्रजावर्गमा गणना हुने आदिवासी, अनार्य उद्दण्ड मानव समूहभित्र कानून र राजसत्ताको बलमा बाच्नु परेको बोध हुन्छ । अन्तरजातीय विवाहले उपजाति प्रजातिको विशाल समूह बनेको थियो भने पेशाकर्मले गर्दा समाज बहिष्कार गरेर नीच श्रेणीमा राख्न बाध्य हुनु परेको पनि ज्ञात हुन्छ ।

यद्यपि समाजको आवश्यता पूर्ति गर्ने कुलाल, कर्मार, तक्षा, रथकार आदि शिल्पीवर्गको विशाल सूचि वैदिकसाहित्यमा पनि पाइन्छ । बुद्धकालमा यसबाट पनि अनेक विभेद भए र प्रजातिको तथा चाण्डाल (अछूत) वर्गको ठूलो जमात बनिसकेको थियो । वैदिककालमा एउटा परिवारकै सदस्य विभिन्न काम गरेर जीवनयापन गर्दथे । पछिपछि बाबु–

---

१. जातक (१) ३४५ (३) २९९ जातक (५) ३८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाजेले गरेको पेशा कुलपरम्परामा सीमित हुँदै गएकोले यस्ता शिल्पकारको विभिन्न जाति बनेको पाइन्छ ।

पालीसाहित्य अनुसार तन्तुवाय [१] (कपडा बुन्ने), त्वच्चक (बडही) [२] काष्ठकर्मी, लोहार कम्मार [३], दन्तकार [४], कुम्हार [५] आदि छुट्टाछुट्टै जातिको जन्म भयो तथा विवाह पनि पेशा मिल्ने कुलमा नै हुन थाल्यो । यसबाहेक भ्रमणशील जातिको अर्को ठूलो वर्गको पनि पालीसाहित्यमा उल्लेख छ । जस्तै लङ्घ नटक [६] (चटकी), मायाकार [७] (जादूगर्ने), अहिगुण्डिक [८] (संपेरा), गन्धव्व (नृत्य गायक) भेरिवादक, नडकार [९] (नर्कटको माल बनाउने), शंख वादक, नटकुल, गोपालक, तृण हारक (धंसियारा), आराम गोपक (माली) आदि अनेक जातिको उल्लेख पाइन्छ ।

पालीसाहित्यमा चन्डाल, नेसाद, पुक्कुस, वेणा, रथकार यी जातिलाई नीच जातिमा गणना गरेको पाइन्छ ।[१०]

बुद्धकालमा यी हीन जातिको दशा शोचनीय थियो । यी सबै शहर बाहिर बस्तथे तथा यिनको दर्शन पनि अपशकुन मानिन्थ्यो ।[११] यही पेशागत आधारमा मध्यकालका नेपाली राजा स्थिति मल्लले पेशागत थर दिएर जाति विभाजन गरेका र नीच जातिलाई अस्पृश्य मानेर शहर बाहिर बसाएको पाइन्छ ।

यी निम्न जातिहरू खराब पेशा तथा समाजमा अक्षम्य अपराध मानिएको कार्य गर्दा समाज बहिष्कृत भएका र झन् झन् उग्रकर्म गर्ने फोहोर

---

१. दीघ निकाय १,पृ. १८ (२)
२. धम्मपद ८०
३. जातक ६,पृ. १८९
४. दीघ नि.
५. मज्झीमनिकाय २,पृ. १८ जातक २,पृ. ७
६. जातक १,पृ. ४३० ।
७. जातक ४,पृ. ३८९
८. जातक १,पृ. १७०, २ पृ. २६७
९. जातक २,पृ. १६७
१०. मज्झिमनिकाय २,पृ. ५२, १८३–८४ अंगुत्तरनिकाय २,पृ. ८५
११. मातङ्ग जातक तथा धितसंभूत जातक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैला रहने भएकोले अछूत गनिए ।

मनु स्मृतिकार चाण्डालवर्गलाई गाउँ बाहिर बसाउने, माटाका भाँडा प्रयोग गर्ने, कुकुर गदहा पाल्ने, फलामका गहना लगाउने, फोहोर साफ गर्ने भनेर व्यवस्था गर्दछन् भने अस्पृश्य अदर्शनीय भन्दछन् ।[१]

मृतकलाई जलाउनु, सडक बढार्नु, बेवारिस लाश बोक्नु, अपराधीलाई कोर्रा लगाउनु, मृत्युदण्ड पाउनेलाई हत्या गर्नु आदि काम खटाइएको बुद्धकालीन धर्मशास्त्र र जातक कथाबाट ज्ञात हुन्छ ।

कारुणिक बुद्धले जातिको विभाजन तथा हीन जातिको दुर्दशा देखेर एउटा यस्तो आश्रयदायक संस्थाको परिकल्पना गरे, जसमा बिना भेदभाव सबै जातिलाई अटाउन सकिन्थ्यो त्यो थियो भिक्षुसङ्घ । तर शुद्ध रहनसहन, पवित्र विचार, साधना, गर्नुपर्थ्यो । सबै आचरण सुधार्नुपर्थ्यो ।

जातिवाद र हिंसावादी यज्ञवादको तर्कपूर्ण विरोध गरे पनि बुद्धका सबै आदर्श समाजले अपनाउन सकेन । बुद्धले अनुशासित भिक्षुसङ्घमा पनि तँ सानो, म ठूलो भन्ने संस्कारगत भावना नभेटिएर वादविवाद उठेको प्रसङ्ग पालीसाहित्यमा पाइन्छ । यो ब्राह्मण भिक्षु, कुलीन क्षत्रिय भिक्षुले विशेष सुविधा मान्यता पाउनुपर्छ भन्ने भावना भगवान् बुद्धकै अगाडि उठेको थियो ।

पालीसाहित्यमा अनेक श्रोत्रिय ब्राह्मण, माणवक वटु या शिष्यावस्था भित्रका) ब्राह्मणसँग वादविवाद भएको र आफ्नो सरल तर्कसम्मत उपदेशद्वारा चित्त बुझाइदिएको तथा त्यसपछि बुद्धका उपासक भएको कथा पालीसाहित्यका विभिन्न निकायमा सँग्रहीत छन् । किन्तु उपासक बन्ने वर्ग जो भावनाले बुद्धलाई निर्वाण पद (मोक्ष) प्राप्त गरेका महात्माको रूपमा मान्दथे) छुट्टै थियो जो श्रद्धाभाव राख्तथ्यो । यस्ता उपासकहरू पूर्ण जाति बन्धन चुडालेर उनको धर्म स्वीकार गर्दैनथे । जो भिक्षु बन्दथे उनीहरू मात्र जातिवाद छुवाछुत मान्दैनथे तथा सहभोजी र श्रद्धायुक्त आमन्त्रण गरेको ठाउँमा जुनसुकै जातिको होस् गएर भोजन ग्रहण गर्थे ।

विभिन्न विकृतिले ग्रस्त समाजमा परंपरादेखि जरो जमाइसकेको जातिप्रथा उन्मूलन गर्न र सामूहिक सुधार गर्न तुरून्तै सम्भव थिएन । यसकारण आदर्श जीवन बिताउने र सच्चरित्रता, पवित्रताको शिक्षादीक्षा निरन्तर चलाउने एउटा ठूलो जमातको आवश्यकता थियो । सन्यास तथा वानप्रस्थ

---

१. आपस्तंव धर्मसूत्र २।१।२।८ तथा मनुस्मृति १०।५१–५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन बिताउने आर्यपरंपरा वैदिककालदेखि विकसित हुँदै आएकोले बुद्ध-भन्दा निकै पुरानो हो। यस्ता भिक्षुहरू आत्मा सुधारको लागि एकाकी विचरण गर्थे, जसको नाउँ नै परिव्राजक (घुमक्कड) थियो। यसरी एक्लो जीवनले समाजको कुरीति बदल्न सकिदैन र चरित्रबल विकास गर्न तथा सुधार गर्न सकिदैन भन्ने हेतुले सङ्घखडा गरे। जातिवादको मूलोच्छेदन गर्न पनि सङ्घबल नै चाहिन्थ्यो। जहिलेसम्म वेदलाई ईश्वर प्रदत्त र सर्वोपरि प्रमाण मानिन्थ्यो, तबसम्म यज्ञवादको हिंसा र वेदलाई उपमान बनाएर विस्तार गरिएको जातिवादलाई पन्छाउन नै सकिन्नथ्यो। उपनिषद्ले नै मधुरो स्वरले उठाएको आवाजलाई बुद्धले भेरीघोष गरे। प्रणव, पुनर्जन्म, अहिंसा, शुचिता, ध्यान, धारणा, समाधि, आर्यअष्टाङ्गिक मार्ग, बुद्धका दश धर्म कुनै पक्षलाई पनि समीक्षा गर्दा बुद्धदर्शन आर्य दर्शन तथा चिन्तन परंपराबाट पटक्कै परगएको मान्न सकिदै।

दासप्रथा– पालीसाहित्य तथा तत्कालीन धर्मशास्त्रबाट त्यो बेला दासप्रथा थियो भन्ने देखिन्छ। दाससम्बन्धमा पालीग्रन्थमा प्रचुर सामग्री पाइन्छ। दास जातिको खरीद बिक्री पनि हुन्थ्यो, दान, दातव्य तथा दाइजो-मा पनि दासदासी दिने परंपरा थियो। दास त्यो बेला निम्न शूद्रवर्गका हुन्थे, कौटिल्य तथा मनु, म्लेच्छ तथा शूद्र जातिको संतान बिक्री गर्न सकिने उल्लेख गर्दछन्।[1] धन लिएर दासको रूपमा बन्धक राख्ने परंपरा पनि थियो प्राचीन तथा मध्यकालीन भारतवर्षमा दासप्रथा थियो। किन्तु रोमको दासप्रथा यूनानको दासजीवन र अठ्ठारौंशतीको दासप्रथाको अमेरिकन चित्र जुन बर्बर क्रुश्तम व्यवहारको इतिहास बताउँछन्, त्यस्तो अमानवीय व्यवहार आर्यहरूमा थिएन। पाश्चात्यहरू भौतिकबादी थिए र आर्यहरू अध्यात्मवादी भएकोले सम्पूर्ण मानव पूर्व जन्मको कर्म र संस्कारले नीच कुलमा जन्मे पनि ईश्वरकै सन्तान ठान्थे 'शुनि चैव स्वपाकेच, पण्डिताः सम दर्शिनः' भन्ने पूर्वीय दर्शनको गरिमा, व्यवहारमा पूरा आउन नसके पनि बीजरूपमा पान्चभौतिक शरीर-धारी ईश्वरकै अंश परमात्माको रूप हो भन्ने धारणा राख्दथे। दास कुनै पनि उद्दण्ड हुँदैनथे तथा क्रूर व्यवहार गर्ने मालिक हुँदैनथे भन्ने चाहिं होइन। तर यो अपवाद रूपमा मात्रै थियो।

---

१. म्लेच्छानाम दोषः प्रजां विक्रेतुम् आधातुम् वा, नतु एव आयस्य दासभावः (कौटिल्य अ. ३।१३ तथा मानव धर्मशास्त्र ८।४१३।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मौर्ययुगमा आएर पाटली पुत्रमा बस्ने मेगास्थनिजले आफ्नो भारत-सम्बन्धी विवरणको उल्लेख गर्दा, दास प्रथाको उल्लेख कहीं पनि गरेका छैनन् । त्यो बेला यूनान र रोममा यो प्रथा उग्र शोषणको रूपता भएकोले अभिजातवर्ग र दास स्पष्ट छुट्टिन्थे । किन्तु, भारतमा दास घरकै परिवारमा गणना हुने, लाउने खानेमा पनि विभेद नपाइने भएकोले यो वर्ग भए पनि उनले छुट्टचाउन सकेनन् ।

पाली त्रिपिटकमा आठ किसिमका दासको उल्लेख छ ।[१] अर्थ-शास्त्रमा पाँच प्रकार र मनुस्मृतिमा ७ प्रकारको वर्णन पाइन्छ ।[२] यस प्रथाको उत्पति वारेमा विवेचना गर्नेहरूले युद्ध, निर्धनता, दुर्भिक्ष, ऋण ग्रस्तता आदि कारण मानेका छन् । युद्ध र पराजित वन्दीबाट नै विश्वसभ्यतामा यो शुरू भएको पाइन्छ । यस्ता दासहरू ध्वजहृत कहिन्थे ।

नेपालमा पनि १९८१ सालसम्म यो प्रथा जीवित थियो । १९८१ सालदेखि अमलेख गर्ने कार्यशुरू भयो । पुरानो मुलुकी ऐनमा मासिने र नमासिने दुईथरी जातिको उल्लेख भएको छ । नमासिने जातमा उच्च शूद्र वर्ण र मासिनेमा केही निम्न मानिएका जाति पर्दछन् । मासिने (विक्री–हुने) जात बेचिएपछि दासजाति हुन्थे जसलाई कम्मारको नेपाली रूप कमारा थियो । ऋणमा बेचिएको वा बन्धक परेकोलाई नेपालीमा बाँधा भनिन्थ्यो । यसको जीवन दासजस्तै सेवक भए पनि ऋण सकेपछि आफ्नै जातमा फर्कन पाउँथ्यो । अब यो प्रथाको पनि अन्त भएको छ । नेपालको वर्तमान संविधा-नले समस्त नेपाली जनता राष्ट्रको दृष्टिमा समान छन् ।

दाससंज्ञा पराधीनता बोधक हो । एक युगमा हरेक जातिभित्र यो प्रथा विद्यमान थियो । शेरपा, तामाङ राईवर्गभित्र पनि आफ्ना अलग्गै दास हुन्थे । खानपानको छुवाछुतमा भेद नभए पनि विवाहाबारीमा यो भेद थियो ।

दासदासी सुन्दर हुन्थे तथा रूपले मात्र वर्ग छुटचाउन सकिदैनथ्यो । दासी रखौटी रूपमा पनि हुन्थे तथा यिनीहरूको मर्यादा अन्य दासीभन्दा छुट्टै

---

१. जातक १ पृ. २००, ऐ ४, २२, ९९ पृ. । जातक ६ पृ. २८५, ५४५,-४८ । तथा Fick, R. सोशियल अर्गनाइजेशन इन एन. ई. इन्डिया बुद्धिष्ट टायम पृ. ३०७

२. अर्थशास्त्र कौटि, ३।१३ तथा मानव ध. ८।४१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्थ्यो । यस्तै दासीका छोरा विदूर हुन् तथा उनलाई क्षेत्रजकै नाताले कौरव-वंशी र धृतराष्ट्रका अमात्य वर्गमा ठाउँ मिल्यो ।

बौद्ध पण्डितहरू समाजका विधिकर्ता ब्राह्मण नै भएका र ब्राह्मण-को विरोध नगरी बौद्धधर्म फुल्ने फल्ने नभएकोले कट्टर विरोधी रूपमा देखिन्छन् तथा दासप्रथाको उत्पीडनका कैयन कथा जातकमा उल्लेख गरेका छन् । युवक गृहस्वामी युवती दासीको प्रेमकथा[1] कटाह जातकअनुसार दास पुत्र मालिकसँगै पढेर योग्य भएपछि भाण्डागरिक (भंडारे) हुनु[2] नन्द जातक-मा नन्ददास स्वामीको विश्वास पात्रभएर मर्यादा पाउनु [3] दासदासीको स्वामी भक्ति तथा उद्दालक जातकमा एक राजपुरोहितको प्रेमीका दासीबाट पुत्र भएकोले उद्दालक नाम राखिनु तथा वेदविद्या पढेर ठूलो विद्वान् भएपछि बाबु छोराको भेट हुँदा तिमी अवश्य नै ब्राह्मण नै हौ यसमा सन्देह छैन भनेर बाबुले स्वीकार गर्नु आदि अनेकन विवरण पालीसाहित्यमा पाइन्छ ।[4] चुल्लक सेठ्ठी जातकमा सेठ्ठी पुत्रीको दाससँग प्रेम भएकोले भागेर अन्यत्र गए । दुई सन्तान भएपछि छोराले कुल गोत्रखोज्दा इतिहास थाहा पाएर मावली जान जिद्दी गऱ्यो, दुवै छोरा लिएर राजगृह आए, नातिलाई भेट्न पठाइदिए । सेठ्ठीले नाति राखेर धेरै धन दिएर छोरी जुवाईं बिदा गरे, भेट भने गरेनन् ।

उपर्युक्त विवरणबाट तत्कालीन समाजको चित्रणको दिग्दर्शन हुन्छ । विधिसंहिता निर्माताहरूले पनि दासजीवनको निम्ति विधिसंहिता तर्जुमा गरेका थिए । कौटिल्यले दासीले मालिकबाट पुत्र पाइभने स्वत दासत्व मोचन हुने नियम दिएका छन् । त्यस्तै मूल्य तिरेर, मालिकबाट मुक्त भएर पनि दास स्वतंत्र हुन्थे । नेपालीमा दासमोचन भएका व्यक्तिहरू घर्ती भनिन्थे । जस्तै–दामेघर्ती (पैसा तिरेर र पार भएको) पारेघर्ती (स्वामीबाट मुक्त गरिएको) भुजेलघर्ती (स्वतन्त्रता प्राप्त गरेका, दामे पारे बाबु–आमाबाट जन्मेका सन्तान) पाइन्छन् । ८३ सालमा अम्लेख (दासत्व मोचन) भएका दासलाई शिवभक्ति घर्ती भनियो । चन्द्रशमशेरले ऋण मोचन गर्दा श्रीपशु-पतिको धनद्वारा गरेका थिए भन्ने सुनिन्छ । उनीहरूको नामकरणबाट पनि यो सत्यता नै मान्नु पर्ने हुन्छ ।

---

१. जातक ४, पृ. ४४
२. जातक ६, पृ. ५४८–७३
३. नन्द जातक
४. उद्दाल जातक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौटिल्यले दासलाई मारपीट गरेमा, निम्न स्तरको काम लगाएमा पनि अऋणि हुने र बन्धक दिएकी कन्या, दासी कन्यासँग बलात्कार गर्छ भने शुल्क नतिरीकन कन्या स्वतन्त्र हुने र बलात्कार वापत राजदण्ड दिनु पर्ने नियम बताएका छन् ।[१]

दासहरूले गर्नुपर्ने गृहकाजमा–पाचक (भान्से) पानी ल्याउने, भाँडा माझ्ने, बिस्कुन सुकाउने, भन्डारे काम, वस्त्रधुने काम, मालिक र मालिक्नीकासाथ जाने र रखवारीको काम, कृषक भए खेतीको काम, पर्मा लगाउने कार्य गर्नु पर्थ्यो ।[१] नीच कर्म–मुर्दा बोक्ने, मलमूत्र साफ गराउने, जूठो खान दिने, नग्न स्नानमा दासी अगाडि राख्ने वा काम लिने आदि गर्हितकर्म दासदासीबाट गराउन हुँदैन भन्ने कौटिल्यको कानून छ ।[२]

दास पनि भिक्षु बन्दछ भने उच्चासन अभिवादन, चीवर धारण, पिण्ड पात्र आदिको अधिकार पाउँछ भनेर दीघनिकायमा भनिएको छ । किन्तु दास जीवनबाट मूल्य चुकाएर वा मुक्तिपाएर स्वतन्त्र भएको हुनु पर्थ्यो ।[३]

वास्तवमा दास जीवन व्यक्तिगत सम्पत्ति जस्तै मालिकको अधीन हुन्थ्यो र उसको इच्छामा नै काम, माम, र मुक्ति निर्भर रहन्थ्यो । कामले रिझाएर, सुखद सम्वाद सुनाएर अन्य लाभका वेलामा पनि पुरस्कार स्वरूप दास मुक्त हुन सक्थे भन्ने कुरा मज्झिम निकाय रठ्ठपाल सुत्त तथा नारदस्मृति-बाट पनि थाहा हुन्छ ।[४]

विवाह–प्रथा– आर्यहरूको ऋग्वेदकालदेखि नै सन्तानको लागि विवाह प्रथाको अनिवार्यता स्वीकृत थियो । शतपथ ब्राह्मणमा नारीलाई अर्धाङ्गिनीको रूपमा मानेको र विवाह नगरुञ्जेल तथा सन्तानोत्पादन नगरे-सम्म पुरुष अपूर्ण रहने वर्णन छ ।[५]

ऐतरेय ब्राह्मणमा जायाको अर्थ आफूपुत्र रूपमा पत्नीको गर्भबाट

---

१. चुल्ल वग्ग ४।४।७। कुणाल जातक, अन्य जातक १ पृ. ४५३, ऐ पृ. ४८४, (३) पृ. १६३

२. कौटिल्यको अर्थशास्त्र ३।१३।२ वहीं ३।१३

१. दीघ निकाय १, पृ. ६०–६१ ।

४. मज्झिम निकाय २, पृ. ६२ तथा नारद स्मृति ५।२९–३४

५. ऋ. ३।५३।४ तथा १०।८५।३६ एवं शतपथ ब्रा. ५।१।६।१०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्मने भएकोले भनिएको हो भन्ने छ ।[१] पालीसाहित्यले पनि विवाहको आवश्यकतामा यस्तै विचार व्यक्त गर्छ । परन्तु पुरुषको भन्दा नारीको निम्ति अनिवार्य रूपमा विवाह हुनु पर्ने देखाएको छ । अंगुतर निकायमा स्त्रीको आच्छादन (लज्जा ढाक्ने वस्त्र नै) पति हो भनिएको छ । जातकमा पनि पतिहीनलाई नाङ्गी नै भनिएको छ ।[२]

हिन्दूसमाजमा बहुपत्नी प्रथा, ऋग्वेदमा सौताप्रतिको द्वेष भावबाट नै प्रचलित थियो भन्ने थाहा पाइन्छ । यो परंपरा बुद्ध पूर्वकालमा पनि जीवन्त रह्यो । मज्झिम निकाय रट्ठपाल सुतमा ब्राह्मण गृहपति पुत्रको अनेक पत्नी भएको वर्णन छ ।[३] अंगुतर निकायमा चार सुन्दरी पत्नीवाला गृहस्थको वर्णन, जातक कथामा चारैओटी छोरीको एक गुणी ब्राह्मणसँग विवाह गरिदिएको वर्णन छ ।[४]

धर्मशास्त्रकारले एउटी पत्नी बाँझी, असल, धर्म कार्यमा साथ दिन अयोग्य भएमा मात्र पुर्नविवाह गर्ने अनुमति दिएको पाइन्छ । क्षत्रिय राजालाई मित्रता बढाउनको निम्ति राजनीतिक विवाह गर्नुपर्दा धेरै पत्नी भएको र सेठ्ठीहरूको पनि धन, व्यापारको निम्ति बहुपत्नीत्व भएको बुझिन्छ । समाजका उच्च वर्गले अंगीकार गरेको कुरा निम्न वर्गमा स्वतः मान्यभयो होला । एक पत्नी व्रत, आचारनिष्ठ तथा अकिञ्चन ब्राह्मण र गरीववर्गमा मात्रै सीमित रहेको बुझिन्छ ।

विवाह त्यो बेलामा पनि अभिभावकद्वारा नै परस्परको वार्तालाप-द्वारा तय गरिन्थ्यो । अनुलोम विवाह (उच्च वर्णनले तल्लो वर्णकी कन्यासँग गर्ने विवाह) धर्मशास्त्रद्वारा अनुमोदित थियो र यस्तो विवाह हुन्थ्यो पनि । किन्तु समाजले हेय दृष्टिले हेर्थ्यो । सेनापति अहिपारक (क्षत्रिय) ले श्रेष्टी कन्यासँग एउटा राजाले सागबेच्ने कन्यासँग विवाह गरेको उदाहरण जातक कथामा पाइन्छ ।[५]

जाति, कुल, गोत्र विचार–जातीय भावना प्रबल भएको र रक्त

---

१. ऐतरेय ब्रा. ३३।१
२. अंगुत्तर निकाय ४ पृ. ४७ तथा जातक १ पृ. ७ ।
३. मज्झिम नि. रट्ठपाल सूत, अंगुत्तर नि. ।
४. जातक कथा २ पृ. १३८, आपस्तंब गृह्य सू. ३।९।८ ।
५. जातक ५ पृ. २११, जातक ३ पृ. २१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुद्धिको विशेष ख्याल राखिनुपर्ने ऋषि मुनिको विचार रहेकोले पनि सवर्ण जातिमा कुलीन कन्या एवं कुलीन वरका बीचको विवाहसम्बन्ध उत्तम मानिन्थ्यो । ब्राह्मण, क्षत्रिय, श्रेष्टी, भाण्डागारिक आदि अभिजातकुल आफ्ना सन्तानको विवाह समान जाति, प्रतिष्ठायुक्त भिन्नगोत्रमा गर्दथे । सजातीय र समान कुलमा विवाह गर्ने विधान धर्मशास्त्रकारले दिएका छन् । ७ पुस्ता-सम्म निष्कलंक र सवर्ण विवाहद्धारा उत्पन्न व्यक्तिहरूको समाजमा समादर थियो भन्ने कुरा पहिले नै उल्लेख गरियो । जातककथामा जहाँ विवाह प्रसङ्ग आएको छ, सर्वत्र जाति तथा कुलको उल्लेख पाइन्छ । कन्याको खोजी गर्दा पहिलो कुल, दोस्रो रूप, तेस्रो शील, चौथो गुण र त्यसपछि शिक्षा आदि अन्य कुराको विचार हुन्थ्यो ।

प्राचीनकालको समाजमा प्रचलित स्वभगिनी विवाह, आजको समाजमा अग्राह्य मानिन्छ । प्राचीन मिश्र, इरान, सामी (अरबियन) जातिमा यो प्रथा रक्तशुद्धिको आधार मानेर प्रचलित थियो । आर्यहरूमा वैदिक-कालमै यसको निषेधको संकेत पाइन्छ । बौद्धसाहित्यमा इक्ष्वाकु (सूर्यवंशी) शाक्य कुलले वंशरक्षाको निम्ति भगिनी विवाह गरेको उल्लेख पाइन्छ ।[१] परन्तु यो आपत्कालीन व्यवस्था हो । विशाल भारतीय उपमहाद्वीपका कुना काप्चामा रहेका अनेक जाति, आप्रवासीहरूमा के कस्तो रीति रिवाज थियो त्यसको ठेक्का लिन सकिदैन । तथापि भारतीय क्षत्रिय कुलमा र ती वंशहरू जो नेपालमा पूर्व युगमै प्रवेश गरे, ती क्षत्रिय (ठकुरी) कुलमा पनि (मामा तथा फुपुकी छोरी) विवाह गर्ने परम्परा बौद्धपूर्वकालदेखि आज पनि चलेको छ । एउकै आमा बाबुका छोरा छोरी र सगोत्रमा भने यो प्रथा छैन । शक वा खश जातिमा प्राचीन अवस्थामा बहुपति विवाह प्रथा भाउजूसँगको पनि सम्बन्ध रहेको इतिहासकार मान्छन् र हिमाञ्चल प्रदेशका निवासी केही जातिमा आज पनि विद्यमान छ । जातिको नाममा (शक शाक्य,) सादृश्य भएको र मूलतः यो शक वा खश जाति आर्य नै हुनाले इक्ष्वाकुका उत्तर प्रदेशमा शासन गर्ने कुल नै शक वा खश हुन् र ती नै वंश हिमाली भेकबाट तराईमा झरेको बेला शाक्यको यो भगिनी विवाह भएको हुनुमा धेरै संभव छ । धर्मशास्त्रकार दक्षिण भारतमा व्यापक रूपमा चलेको मामाकी छोरी बिहागर्ने प्रथालाई मान्यता दिदै उत्तर भारतमा निषेध गर्दछन् ।[२] किन्तु,

---

१. जातक ५ पृ. ४१३, उदय जातक (४५८) दशरथ जातक ४६१

२. बौधायन धर्मसूत्र १।१।१९-२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षत्रियमा परापूर्वदेखि चल्दै आएको तथा बौद्धकालमा पनि निषेध नभएकोले उत्तर भारतमा पनि ब्राह्मणवर्गबाहेकमा निषेध कानून लागू भएन।

गोत्रको उद्भव र विकास– ऋग्वेदकालमा गोत्र शब्द गोठ वाचक छ। घर भिन्नाभिन्नै भए पनि गाईगोठ एउटै हुने तथा गौचर एक कुलको एउटै हुने चलन भएकोले गोत्र शब्दले कुल जनाउने भयो। तराइका थारू तथा अन्य जातिमा आज पनि एक गाउँ भरिको गोठालो एउटै हुन्छ तथा गौचर, जेर (समूह) यौटै भएर जङ्गलमा राखिन्छ। यो प्राचीन प्रथाकै अवशेष मान्नुपर्छ। यौटा कुलको एउटा गाउँ एउटा गोठ, एउटै जेर एउटै गौचर हुने भएकोले कुल छुट्टयाउन गोत्र शब्द सजिलो भयो।

एउटै गोत्र भन्ने बित्तिकै मूल एउटै हो भन्ने थाहा हुन्छ। सो ज्ञान भएपछि मूल पुरूषबाट शाखा छुट्टयाउन प्रवरको विधान छ। त्यसपछि शाखोच्चारणमा ३ वा चार पुस्ताको नामोच्चारण गर्ने वैदिक विधान हो।

विवाहको निम्ति उमेर– यौवन प्राप्त भएका वर–वधुको विवाह बौद्धपूर्वको युगमा प्रचलित थियो र बुद्धकालमा पनि। रजस्वला भएको तीन महीना भित्र अथवा तीन वर्षभित्र कन्याको विवाह हुनु पर्ने प्राचीन धर्म-शास्त्रकारको विचार छ। गृह्यसूत्रहरूमा विवाह योग्य कन्यालाई नग्निका भनिएको छ। यसको अर्थ पछिल्ला टीकाकारले कपडा स्याहार्न नसक्ने बालिका भनेका छन् भने, कुनै व्याख्याकार, रजस्वला नभएकी भन्दछन्। हिरण्यकेशी गृह्य सूत्रमा नग्निकाको साथ अक्षत कौमार्य हुनु पर्ने उल्लेख छ। विना यौवन, अक्षतयोनि नहुने शंकै हुदैन तथा महाभारतमा नग्निकाको अर्थ १६ वर्षको गरिएको छ।[१]

वसिष्ठ, बोधायन मनुको मन्तव्यबाट पनि रजस्वला भएको तीन वर्षभित्र विवाह गरिसक्नु भनेको पाइन्छ।[२] गौतमले रजोवतीको ३ महीना-भित्र बाबुले विवाह नगरिदिएमा कन्या स्वयं पति छान्ने अधिकारीणी हुन्छे भनेका छन्।[३] गृह्यसूत्रमा विवाहको चौथो रात पति पत्नीको समागमको

---

१. गोभिल गृह्यसूत्र ३।४।६ हिरण्यकेशी गृह्यसूत्र १।६।१९।२ मानव गृह्यसूत्र, १।७।८ महा भा. शा. प.

२. वसिष्ठ धर्मसूत्र १७।६७-६८। बोधायन धर्म सू. ४।१।१५ तथा मनुस्मृति ९।९०

३. गौतम धर्मसूत्र १८।२१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधान गरेको छ। यसबाट विवाहित कन्या, यौवन युक्त, समागम ग नें उमेर भएकी हुनु पर्थ्यो भन्ने स्पष्ट छ।[1]

यस्तै दुम्मेध जातकमा १६ वर्षको उमेर हुँदा राजकुमारलाई तीन वेद १८ शिल्प (कला) को ज्ञान गराइन्थ्यो भन्ने उल्लेख छ। ८ वर्षमा ब्राह्मण ११ वर्षमा क्षत्रिय १२ वर्षमा वैश्यको व्रतवन्ध हुने विधान धर्मसूत्रमा भएको र १२ वर्ष २४ वर्ष ३६ वर्ष ४८ वर्ष विद्याध्ययन गर्ने कुरा पनि उल्लेख छ।[2] यसबाट उच्चशिक्षाको निम्ति अध्ययन गर्ने मात्र लामू अवधि-सम्म गुरूकुलमा वस्थे र यस्ता व्यक्ति समाजमा केही ब्राह्मणवर्ग मात्रै थियो। व्यवहारिक समाजमा १२ वर्ष कै विद्याध्ययन पर्याप्त हुन्थ्यो। मिलिन्द पन्होकाअनुसार ७ वर्षमा ब्राह्मणको विद्यारंभ हुनुपर्छ भनिएको छ।

धर्मशास्त्रमा आठ किसिमको विवाह मानिएको पहिले नै उल्लेख भइसकेको छ। पालीसाहित्यममा ब्राह्म, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस पाँच प्रकारको मात्रै वर्णन पाइन्छ। दैव विवाह ब्राह्मणमै अन्तर्भाव हुन्छ, पैशाच विवाह नै होइन भने पनि हुन्छ। आर्ष र आसुरको भेद पनि नमानेमा फरक नपर्ने देखिएकोले पालीसाहित्यमा उल्लेख नभएको हुनसक्छ। विधि-विधान ब्राह्मणग्रन्थ, गृह्यसूत्रानुसार नै हुन्थ्यो। अन्य जारी, चोरी, अपहरण तथा युद्धमा विजयी भएर विजितकी रानी पुत्री पत्नी बनाउने चलनको उल्लेख पनि पाली साहित्यमा पाइन्छ।

विवाहविच्छेद तथा पुनर्विवाह

वैदिककालीन आर्यहरूले विधवाको निम्ति नियोग प्रथा द्वितीयो वर देवरः आदि कथनअनुसार समस्या समाधान गरेका थिए। साथै यो पद्धति बाहेक पुनर्विवाहको व्यवस्था पनि थियो भन्ने प्रमाण पाइन्छ। पुनर्भू नारी नयाँ पतिको साथ देवतालाई पञ्चौदन अर्पण गर्छे भने भविष्यमा ती दुईको बिछोड हुनेछैन भन्ने अथर्व (९।५।२७-२८) मा उल्लेख भएकोले विधवा विवाह हुन्थ्यो भन्ने निश्चित छ। बौद्धको प्रादुर्भावकाल र धर्मसूत्रको निर्माणकाल विद्वान्ले सँगसँगै मानेका छन्। किन्तु यस्ता कुरामा विचार गर्ने पूर्वपरम्परा थियो भन्ने कुरा स्वयं धर्मसूत्रकारले पूर्वाचार्यका रूपमा उल्लेख

---

१. आश्वलायन गृह्यसूत्र १।८ १० आपस्तम्व गृह्य सू. ३।८।१० पारस्कर गृ. १।८।२१

२. आश्वगृह्य १।१९, आपस्तं धर्म. १।१।१।१९ पार. गृ. २।२।१-३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेका छन् । बुद्धकाल समाजको अस्तव्यस्तता, दर्शनपक्षको विविधता र अन्य विसङ्गतियुक्त समय भएकोले, धर्मशास्त्रकारमा पनि मतभिन्नता पाइन्छ । बुद्धकालीन समाजमा अध्ययन गर्न पाली साहित्य संगै धर्मसूत्र, गृह्यसूत्रको तुलनात्मक अध्ययन जरूरी छ । अन्यथा एकाङ्गी र अधुरो हुन्छ । धर्मशास्त्र आदर्श समाज रचनाको विधि-शास्त्र र पाली साहित्य, लोक-प्रचलित धर्म, कर्म, एवं समाजको गतिविधिको चित्राङ्कन गर्ने गाथा हो । धर्मशास्त्रमा प्रायश: विधवा विवाह निषेध पाइन्छ । किन्तु समाजमा बाल विधवाविवाह, सन्तानवती विधवाविवाह आदि चलेको थाहा पाइन्छ । यद्यपि कतिपय स्मृतिकारले बालविधवालाई विवाहको अनुमति पनि दिएका छन् । वसिष्ठले विवाह भए पनि अक्षत योनि, विधवालाई ७ पटक रजोवती भएपछि विवाह गर्ने अनुमति दिएका छन् ।[१] यही कुरा कौटिल्य पनि भन्छन् र सन्तानवाली विधवाले एक वर्ष पर्खेर विवाह गर्न सक्छे भन्दछन् ।[२] तर मनु भने यो कुराको विरोधी छन् ।

सधवा विवाह- लोग्ने संन्यासी भएमा, विदेश गएर हराएमा, निश्चित अवधि पर्खेर पतिकै बन्धुभित्रमा तुर्नविवाह गर्न सक्ने अनुमति दिएको छ । पाँच वर्ष पर्खेर सन्तान भएकी ब्राह्मणीले पनि पुर्नविवाह गर्न सक्ने वसिष्ठ भन्दछन् ।[३] कौटिल्यको विचारमा-ससन्तान विधवाको निम्ति एक वर्षको प्रतीक्षा काफी छ । किन्तु उसको भरण पोषण गर्ने बन्धु छन् भने दुईदेखि ८ वर्षसम्म प्रतीक्षा गर्न सक्छे ।[४] मनुको विचारमा पति विदेशियो भने तीन वर्षदेखि आठ वर्षसम्म पर्खेर मात्र अर्को विवाह गर्न सक्छ भन्ने छ ।[५] पति-पत्नीको सहमतिले सम्बन्धविच्छेद गर्ने कुरा पालीसाहित्यमा पाइन्छ । धर्मशास्त्रमा कारणवंश मात्र अपवाद रूपमा मात्र अनुमति दिइएको छ । कौटिल्यले निरन्तर पतिपत्नीमा वैमनष्य भएमा दुवैको सहमतिले मात्र सम्बन्ध विच्छेद गर्ने अनुमति दिएका छन् । वसिष्ठले पनि नपुंसक, चरित्र-

---

१. वसिष्ठ धर्मसूत्र १७।७४

२. अर्थशास्त्र ३।४

३. वसिष्ठ धर्मसूत्र १७।७८-८०

४. अर्थशास्त्र ३।४

५. मनुस्मृति ९।७६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हीन, विक्षिप्त, क्षयरोगी भएमा लोग्ने छाडेर अर्को विवाह गर्ने अनुमति दिएका छन् ।

वास्तवमा उपनिषद्कालपछि संन्यासी जीवन बिताउनेको संख्या बढेको थियो । साथै जैन आजीवक आदि अन्य दार्शनिक सम्प्रदाय पनि श्रामणेर नै हुन्थे र कैयन युवती नारीहरू अलपत्र पर्दथे । देश विदेश गएर व्यापार गर्ने सार्थवाह, साथमा जाने रक्षक सैनिक तोकिएको अवधिमा नफर्कने र बाटामा दुर्घटना, रोग व्याध, तथा डाकावाट मृत्यु पनि हुन्थ्यो । यसकारण, समाजमा समस्या नै थियो । विधवा, सन्यासीका पत्नी र प्रोषितभर्तृका नारीहरूको र त्यसमा पनि बुद्धको धर्मप्रचार र भिक्षुसङ्घको व्यवस्थाले कैयन युवती पत्नी छाडेर भिक्षु हुन थालेकोले पतिहीना नारीको समस्या नै खडा भयो । बुद्धको विरोधमा राजागृहका ब्राह्मणहरूले विधवाका अग्रदूत बनेर आवाज पनि उठाए । किन्तु यो विरोधले भिक्षुबन्ने क्रम रोकिएन । कुनै भिक्षुपत्नीले पुनर्विवाह गरे कोही भिक्षुणी नै बने । यो पनि समयको प्रवाहको एक भेल थियो । यो सङ्घमा ब्राह्मण कम र अन्य वर्ग नै बढी भिक्षुभएकाले विधवा विवाह, सधवा विवाह, सम्बन्ध विच्छेदको निषेध ब्राह्मणवर्गमा मात्रै लागू हुन सक्यो । अरू जातिमा अनुमतिको आवश्यकतै नपरी स्वयं चलन चल्यो । आज पनि विधवाको समस्या साधारणतया ब्राह्मण समाजमा मात्रै छ । अरू जातिमा वास्ता गरिदैन ।

नेपाली ब्राह्मण समाजमा भने अनुमति दिने लिने चलन नभए तापनि शताब्दीऔं पहिलेदेखि विधवाले पुनर्विवाह (ब्राह्मणसँगै) जन्मेका सन्तानलाई ब्राह्मणभन्दा निम्न कोटिको ब्राह्मण जाति नै मानेर साधारण शिक्षाकर्मकाण्ड गर्ने गराउने र ज्योतिषी, वैद्यको पेशा कृषि कर्म, आदि गर्ने जैसी ब्राह्मण (ब्रह्मगायत्री ब्राह्मण सरहकै संस्कारयुक्त) को नयाँ श्रेणी खडा गरेर मान्यता दिइयो । यो भारतीय आर्य–परंपरामा नौलो कुरा हो ।

उपर्युक्त विवेचनावाट ब्राह्मणेतर जातिमा विधवा विवाह, जारी, सधवाको पुनर्विवाह, शूद्रवर्गमा देवरसँगको विवाह आदि सबै चलन चलेको थाहा पाइन्छ । समीक्षकको रूपमा भन्ने हो भने बौद्धकालको सामाजिक स्थिति विवाहबन्धन, गुप्तव्यभिचार, विवाहविच्छेद आदिमा र अखण्ड दाम्पत्यको सुखमय जीवन बिताउनेहरूको स्थिति आजकै सभ्यतासँग मिल्दो जुल्दो देखिन्छ । यो २५।२६ सय वर्षको अवधिमा कैयन नियम हेरफेर भए । नियोगप्रथा देवरसँगको विवाह, विधवाविवाह कलिवर्ज्य भनेर बाह्रौं शताब्दीको केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अघिपछि निषेध भयो । वैदिक सनातन धर्मकै अनुयायीभित्र पनि स्थानगत र परंपरागत नियमलाई धर्मशास्त्रका नियमले बाध्न सकेका थिएनन् । जाति र स्थानगत परंपरा यस्तो सांस्कृतिक धरातल हो, जसको परिवर्तनको भूकम्पमा पनि सम्पूर्ण अस्तित्व बिलाउँदैन ।

नागरिक सभ्यता तथा वेश्याजीवन

बुद्धकालमा महापरिनिर्वाण सूतअनुसार ६ प्रमुख महानगरको नाम पाइन्छ । ती हुन्–चम्पा, राजगृह, साकेत, श्रावस्ती कौशाम्बी, वाराणसी । वैशाली, कुशीनगर, कपिल वस्तु, उज्जयनी आदि गणतंत्रका राजधानीको विलास वैभव पनि पाली साहित्यमा पाइन्छ ।

नेपालको सांस्कृतिक परंपराको समीक्षा गर्नबस्दा उक्त भारतीय नगर महानगरको उल्लेख गर्नु अनावश्यक पनि ठहरिन्छ । किन्तु हाम्रा नदी दक्षिण बगेका छन् भने सभ्यता संस्कृतिको मनसुनी हावा हिमालयको स्पर्श गर्न उत्तर बहेका छन् । वैदिक संस्कृति र बुद्ध संस्कृतिको संगम स्थल बनेको नेपालले अरूलाई केही बाडेको छ भने केही केही सग्लो रूपमा लिएको पनि छ । विश्वमा यो सांस्कृतिक आदान–प्रदान दुर्गम महापथको यात्रा गर्दै सुदूर देशमा पुग्न सकेको थियो भने, आज बाह्रवर्षको बाटो १२ घण्टा पनि नलाग्ने साधन युक्त भएकोले द्रुतगतिले देनलेन गर्दैछ । हिजो निर्यात बढी गथ्यौं, आज आयात बढी छ ।

समाजमा गणिका जीवन बिताउनेलाई हिन्दूशास्त्रीय मर्यादामा उच्च स्थान छ भन्नमिल्दैन । तथापि नृत्य, गायन, वादन आदि मनोरञ्जनका विषय हुनाले सानो ठूलो सबैवर्गमा यसको श्रवण, दर्शनमा रुचिहुनु स्वाभाविक थियो । नटजातिको यायावरी वृत्ति र गानद्वारा लोक मनोरञ्जन गर्ने वृत्ति निकै पुरानो देखिन्छ । पौराणिक कथामा गन्धर्व जाति, जसको गाउने नै पेशा थियो र संमानित स्थान पनि थियो । सौन्दर्यले परिपूर्ण यौवनवती नृत्य तथा गीतमा पारंगत प्रसिद्ध अप्सरा जातिको वर्णन पनि प्राचीन वैदिककालदेखि नै भएकोले र यिनीहरू मातृसत्तात्मक, यौन स्वातंत्र्य भएका देवयोनि विशेष आदि सृष्टिकै जाति भएकोले गणिकावृत्ति गर्ने परंपरा पुरानो देखिन्छ । निम्नस्तर जातिमा नाच–गान र वेश्यावृत्तिले जीविका चलाउने वर्ग आज पनि छँदैछ । किन्तु अप्सराको जहाँ वर्णन छ, त्यहाँ उचनीचको भावना र निन्दा गरिएको नपाइएकोले विवाह बन्धन नमान्ने, स्वैराचारिणी भए पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संमानित स्थान प्राप्त गरेका थिए । यिनीहरूले कसैसँग प्रेम सम्बन्ध राखेर सन्तान जन्माए भने पनि सन्तान उच्च कुलकै मानिन्थ्यो । चन्द्रवंशी ब्राह्मण क्षत्रियकुल अप्सराकै सन्तान हुन् । यिनीहरू ज्यादै सुन्दरी र कलाकार भएकाले पनि आदरणीय थिए ।

यी अप्सरा जातिको प्रतिनिधित्व गर्ने गणिकाहरू धेरथोर रूपमा सबै युगमा पाइन्छन् राजनर्तकी, गायिका, राजकुलका निम्ति अनिवार्य अङ्ग जस्तै हुँदै आयो । यिनीहरू बेलाबेलामा उपहार, पुरस्कार राज्यबाट वृत्ति पाउने हुँदा वैभव शालिनी हुन्थे ।

पाली साहित्यको अनुशीलनबाट गणिका वृत्तिगर्ने अनेकौं नारी बुद्धकालीन समाजमा थिए । वैशाली गणराज्यकी विश्वसुन्दरी राजगणिका आम्रपाली, लिच्छवि गणको निम्ति गौरवको विषय भएकी थिइन् । राज्य-भरकी सबै सुन्दरीको चयन गरेर राजगणिकाको पद र राजकीय सम्मान वैभव दिइएकोले तथा उनको दर्शन, स्पर्शन र संगत पाउन अभिजात वर्गका युवकहरू संधै लालायित रहने हुनाले यो स्थानको महत्त्व देखिए तापनि समाजको दृष्टिमा हेय नै पाइन्छ ।

राजगृहका एउटा श्रेष्टी वैशालीकी आम्रपाली राजगणिकाको रूप, गुण, वैभव देखेर आश्चर्य भए । राजगृहमा फर्केर महाराज श्रेणीय विम्बि-सारमा विन्ति गरे महाराज, वैशाली नगर अत्यन्त समृद्धिशाली सुन्दर र ऐश्वर्य युक्त छ त्यहाँ अत्यन्त सुन्दरी गायन, वादन, नृत्यमा विशारदा राज गणिका छन् जसको दर्शनाभिलाषी जनसमूहको भीड लाग्छ । जसको रूप-गुणले नगरको शोभा बढेकोमा लिच्छविरू गर्व गर्दछन् । हुकुम होस् महाराज हामी पनि एक परम सुन्दरी चयन गरेर राजगणिका पदमा अभिषेक गरौं ।[1]

नगर शोभाको होडवाजीको निम्ति प्रस्ताव स्वीकृत भयो । राजगृह भरिको सुन्दरीको चयनमा परम सुन्दरी रमणीया, सुन्दर वर्ण नवयुवती सालवती फेला परिन् । उनैलाई मगधराज्यको शोभा निम्ति राजगणिका पदमा विधिवत् अभिषेक गरियो ।[2] यो प्रसङ्गबाट राजगणिकाको पदमा आसीन हुनु रूपगर्वा नारीको निम्ति अप्रतिष्ठा सूचक थिएन भन्ने बुझिन्छ । पाली साहित्यको अनुशीलनबाट तत्कालीन समाजमा गणिकालाई

१. महा वग्ग ८।१।२
२. ऐ. ८।१।३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि सम्मान मिलेको र अभिजातवर्गको सौन्दयोपभोग, संतुष्टिको साधन मात्रै नभएर गायन, वादन नृत्य कलाको संरक्षण पनि भयो । त्यस समयको निम्ति मनोरञ्जनको मुख्य साधन पनि गणिकालय नै भयो । बुद्धद्वारा अम्बपालीको आतिथ्य सत्कार स्वीकार गर्नु बुद्धको दर्शनार्थ राजसी ठाँटबाँट साथ कोटी ग्रामप्रस्थान गरेको वर्णन, अम्बपाली आरामको बुद्धभिक्षुलाई दान दिनु आदिले पनि राज गणिका पद अनिन्दनीय देखिन्छ ।[१] गणिकाको गर्भबाट जन्मेको व्यक्ति पनि योग्यताले उच्चस्थान, मान प्राप्त गर्न सक्दथ्यो भन्ने कुरा प्रख्यात राजवैद्य जीवकको मान्यताले देखाउँछ । उनी राजगृहकी राजगणिका सालवतीका पुत्र थिए ।[२]

यस्तै सामा[३] सुलसा[४] काली[५] आदि सामान्य गणिका, किन्तु वैभवशाली पुरूषको संसर्गले प्रख्यात र धनी भएका थिए । यिनीहरू प्रतिरात्री एक सहस्र कार्षापण शुल्क लिन्थे । यद्यपि यो युग, वैभवशाली थियो, तथापि एक सहस्र कार्षापण शुल्क लिन्थे । यद्यपि यो युग वैभवशाली थियो तथापि एक सहस्र कार्षापग दिएर वेश्यासँग रात विताउने कुरा अतिशयोक्ति देखिन्छ । किनकि प्रसिद्ध गणिका आम्रपालीको रात्रिशुल्क पचास कार्षापण देखिन्छ ।[६] र सालवतीको रात्रिशुल्क एक सय कार्षापण थियो ।[७]

वेश्याजीवन समाजका दृष्टिमा प्राचीन युगमा पनि हेय नै थियो र आज पनि निन्दित मानिन्छ । आश्चर्यचाहिँ के भने–वैदिक युगको इतिहास र पौराणिक युगमा पनि यो निर्मूल रहन सकेन र त्यसपछि पनि प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा आज पनि विद्यमान छ । धनसम्पत्ति, मानमर्यादाले युक्त राज गणिकाप्रति समाजका विलासी वर्गले आस्था राखेपछि उनीहरूमा पनि हीनताभास भएको पाइन्छ । चेतनशील मानवको भावपक्षमा प्यार, स्नेह, ममता दिने र पाउने, जुन अभिलाषा अन्तर्निहित रहन्छ, त्यो पशुमय जीवन-को व्यापार तथा मन नपरे पनि सम्पत्ति प्राप्त गर्न गरिने अभिनयले

---

१. महा वग्ग ६।३०।३ तथा ६।३०।५
२. महा वग्ग ६।३०।१
३. कण वेर जातक (३१८)
४. सुलसा जातक (४१९)
५. तक्कारिम जातक (४८१)
६. महा वग्ग ८।१।१
७. ऐं ८।१।३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हीनताबोध र वैराग्य उत्पन्न हुनुमा मद्दत गर्दछ । महात्मा बुद्धका शिष्य हुन लायक दुईथरी मानवसमूह थिए । एकथरी ज्ञान पिपासु, धनी तथा विद्वान् वर्ग र एकथरी उत्पीडन, शोषणले वैराग्य प्राप्त गरेको वर्ग । धनी, मानी भए पनि आम्रपाली, दोस्रो वर्गमा पर्दथिन् र यिनको निवृत्ति मार्ग शिक्षित हुँदा र घृणाबोध हुने जीवनले गर्दा स्थायित्व प्राप्त गर्न सक्थ्यो । यी कुरा बुझेका बुद्धले राजकुलको निम्तालाईभन्दा आम्रपालीको आमन्त्रण स्वीकार गर्नु लाभयुक्त र आदर्श ठहराए । आम्रपाली बुद्धकी प्रमुख उपासिका बनिन् ।[१]

जातक कथामा गुणवती, वैभवशालिनी गणिकाको साथै लोलुप अविश्वसनीया क्रूर वेश्याको वर्णन पनि पाइन्छ । चाँदी, सुनका टुक्रामा शील बिक्री गर्ने वेश्यालाई समाजले हेय दृष्टिले नै हेर्‍यो ।[२] गणिकाघर [३] मदिरालय, जूवाघर, सभ्य र धनी समाजका लागि जुनसुकै युगमा पनि आवश्यक अङ्ग बने । किन्तु समाजको दृष्टिमा नहिजो मान्य थियो न आज ।

बौद्धयुगको भोज्य सामग्री

जुन ठाउँमा जुन वस्तु बढी उत्पादन हुन्छ, भोज्य सामग्रीका विविध प्रकार पनि त्यसैबाट बनेका हुन्छन् । बुद्धको प्रचारक्षेत्र मध्यदेश थियो जहाँ धानको उत्पादन बढी हुन्छ ।[३]

पाली साहित्यमा सालीविही (व्रीही) तण्डुल आदिको उल्लेख पाइन्छ । पाणिनिले अष्टाध्यायीमा शालि, व्रीही, महाव्रीही धानको उल्लेख गरेका छन् । ई. पू. दोस्रो शतीका पतञ्जलिले मगधको शालिधानको प्रशंसा गरेका छन् भने [४] ई. पू. एकहजार वर्ष पूर्वका सुश्रुत आचार्यले महाशाली धानको उल्लेख गरेका छन् ।[५] हुयन साङ्ग, ह्वुइलीले पनि महशाली धानको वर्णन गरेका छन् । आज पनि नालन्दा (मगध) विहारको वासमती चामलको

---

१. महा वग्ग ६।३०।२ तथा ६।३०।५ (२) जातक ३ पृ. ६०

२. जातक ३ पृ. ६१ जातक ४ पृ. २४९ तथा जातक ६ पृ. २२८

३. मज्झिम निकाय १ पृ. ५७, ३ पृ. ९० तथा अंगुतरनिका. ५ पृ. २१३, जा. १

४. महाभाष्य १।१९।

५. अष्टाध्यायी सू. ५।२।२ तथा ६।२।३८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिस्पर्धी चामल अन्यत्र पाइदैन भन्ने उक्ति पाइन्छ ।[१] यसबाहेक षष्टिका (६० दिनमा पाक्ने) हायन, नीवार (जङ्गली) धानको उल्लेख पनि पाइन्छ ।[२] यव (जौ) कगु (कागुनु) गोधूम (गहूँ) गवेधू, आदिको उल्लेख पाइन्छ भने दालमा कलाय (गुराँस मस्याङ) मुग्ग वा मुड्डा (मूंगी) मास, मसूर, कोलत्थिकुलथी–(गहतको) उल्लेख छ ।

धनी व्यक्ति तीन वर्ष पुरानो चामल मन पराउँथे भने सर्वसाधारण मोटो नयाँ अथवा जे पाइन्छ खान्थे । पाली तथा संस्कृतको भक्त शब्द भात वाचक हो र आजको जस्तै भात खाँदा दाल, तरकारी आदि परिकार युक्त खान्थे भन्ने उल्लेख पाइन्छ । मासु, भात, माछा भात, घिउ भात, दाल, सक्खर, घिउ, दूध, दही पनि खाद्य पदार्थ थियो । यभागू (जौको फाँडो, नून हालेको सातु जस्तो) कसैले भनेका छन् भने पानीले भिजाएको बासीभात विहान तेल, नून, खुर्सानी तित्री (अमिली) मिलाएर खाइने वस्तु हो भन्छन् जुन आज पनि पूर्वी भारतका गरीब जातिको आहारा छंदैछ ।[३] यस्तै पालीमा सातुको पनि उल्लेख छ ।[४] पाणिनिले पलल एक मिठाईको उल्लेख गरेका छन् ।[५] यसको व्याख्या तिलौरी (तीलको लड्डु) सँग मिल्छ । वेदमा गवाशिर (दूध र जौको सातु) दध्याशिर (दही सातु) को प्राय उल्लेख छ । उत्तर वैदिक-कालमा (आर्यहरू गंगा यमुनाको मैदानमा फिजिएपछि) क्षीरौदन (खीर) दध्यौदन (दही भात) (दहि भात) घृतौदन र मुग्दौदन (खिचडी) खाद्य पदार्थ थिए । बुद्धले विहानको आहारमा खीरको गुण बताएका छन् ।

ऋग्वैदिक आर्य सप्तसिन्धु (वर्तमान पंजाबको उत्तरी भाग) मा बस्तथे । त्यो बेला हिउँ पर्ने र ठण्डा हुने भएकोले आर्यहरू मांसभोजी थिए । यज्ञविधानमा अश्वमेध, गोमेध आदिको वर्णन भएको र अवि (भेडो) अज (बोका) तथा अन्य जङ्गली पशुपंक्षीको मासु खान्थे भन्ने प्रमाण पाइन्छ । किन्तु दयानन्द सरस्वती वेदको व्याख्या गर्दा मेधको अर्थ बलिदान होइन

---

१. सूत्रस्थान ४६।७

२. पाणिनिकालीन भारत पृ. १०३। तथा बेल लाइफ अफ हुएन सां

३. मज्झिम नि. १ पृ. १७।८०, ३- पृ ८० अं. नि. ४ पृ. १०८ सूत्त निपात ३।१०

४. सत्तु भस्त जातक (४०२)

५. अष्टाध्यायी ४।३।१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दछन् । यद्यपि अग्नि पूजक आर्यहरू सबै देवताको आवाहन गरेर अग्निमा नै खाद्य सामग्री हवन गर्थे तथा मांसाहार गर्ने भएकोले मांसहवन गर्थे होलान् । किन्तु हवन गर्ने बस्तु सबै खान्थे भन्ने तर्क चाँहि युक्तिसंगत देखिंदैन । जस्तै समिधा हवनीय द्रव्य हो खाद्यवस्तु होइन । आज पनि पंचवलि सबै जातिले गर्छन्, किन्तु बलि दिइएका राँगा, हाँस, कुखुरा सबैले खान्छन् भन्ने कुरा होइन । चर्म (छाला) ठण्डी प्रदेशमा बस्ने हुँदा कपडाको साटो र तम्बूको निम्ति तथा ओछ्याउने काममा प्रयोग गरिन्थ्यो ।

कतिपय विद्वान्हरूले हवनीय द्रव्यमा घोडा, गोरू, गाई, भेंडा, बोका तथा अन्य जीवजन्तु पनि प्रयोग हुने भएकोले आर्यहरू खान्थे भनेर तर्क दिएका छन् । शुक्ल यजुर्वेदको सर्वमेध यज्ञमा सम्पूर्ण प्राणीहरू हवनीय द्रव्यमा उल्लेख भएको पाइन्छ, जसमा काना, खोरण्डा, नट, शैलुष (गाउँका नचनियाँ) सबै मनुष्य पनि त्यसभित्र पर्दछन् र यस्तै अन्य जीव सर्प, गोहोरो, छेपारो, माउसुली, गिद्ध, काग, पनि पर्दछन् । अग्नि सर्वभक्षी भए पनि होम गर्ने बस्तु सबै आर्यहरूको खाद्य सामग्री हुन संभव छैन । गाईलाई अहन्या (मार्न अयोग्य) भनेको पाइन्छ र क्रव्याद, राक्षस, शब्दको मांस-भक्षी, काँचो मासु खाने तथा नर भक्षीमा गनेर घृणास्पद व्यवहार गरेको पाइएकोले मांसाहार सर्वमान्य थियो भन्न सकिंदैन । यस्तै गोरू, अश्व खाने काममाभन्दा अन्य कार्यमा अत्यावश्यक उपयोगी प्राणी भएकोले पनि खाने काममा आउँथे भन्न सकिंदैन । तथा यस्तो मांसाहारी समाजको अभाव थियो होला भन्ने तर्क पनि युक्तिसंगत देखिंदैन ।

गर्मीदेशमा मांसाहार स्वास्थ्यकर हुँदैन । साथै कुरू, पंचाल, कोशल, मगधमा फैलिएको आर्य सभ्यतामा उपनिषद, आरण्यक, साहित्यको सिर्जना भइसकेकोले सम्पूर्ण प्राणी ईश्वरीय विभूति भइसकेका थिए र अहिंसा उत्तमधर्म मानिन लाग्यो । जसको प्रत्यक्ष प्रभाव महवीर र बुद्धमा पऱ्यो तथा यिनीहरू अहिंसाका महतम प्रचारक बने ।

किन्तु बौद्ध साहित्यमा गो घातक, मेष घातक, अज घातक, शूकर घातक, मृग लुब्धक (व्याधा) शाकुनिक (चिडी मारका नाउँले आज पनि प्रसिद्ध नीच जाति विशेष) तथा सूना (हत्यागृह) को उल्लेख भएकोले मासु खाने विभिन्न जाति वर्गको समाज थियो भन्ने ज्ञात हुन्छ ।[1]

---

१. मज्झिम निकाय १ पृ.३६४ तथा ऐ २ पृ.१९३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बौद्ध युग सयौं जाति, उपजाति, प्रजातिको युग भएको कुरा पहिले नै भनिएको छ। सहर र निगम (श्रेष्ठी समूह तथा शिल्पी समूहको घना वस्ती) जो निगम वा संस्थानरूपमा विकसित थियो, यस्ता ठाउँमा शकट (गोरूले तान्ने गाडा) मा भरी भरेर विभिन्न किसिमका मांसहरू विक्रिको निम्ति लगिन्थे। चाड, पर्व, विवाह, आदिमा पनि माछा मासुको भोज हुन्थ्यो भन्ने उल्लेख पाइन्छ।[१]

महापरिनिव्वान सुत्तमा भगवान् बुद्धले पावामा चुंदकम्मार (चमार) कहाँ शूकर मार्दव खानु भयो। यो भोजनले वहाँको रूग्ण र जीर्ण शरीरलाई अतिसारको रोग लाग्यो। यही निहुँले वहाँको निर्वाण पनि भयो। शूकर मार्द्वको अर्थ, सुंगुरको मासुको सुरूवा भन्ने बुझिन्छ।[२]

बुद्धको मुखबाट भनाइएको पाइन्छ–मांस खान केही दोष छैन, दोषी त्यो हो, जसले हत्या गर्छ। बौद्ध साहित्यको यो उक्ति युक्तिसंगत मान्न सकिदैन। मासुनखाने भएमा हत्या गर्ने आवश्यक नै पर्दैन। यसकारण मांसभोजी पनि पापको सहभागी नै ठहर्छ! बुद्धकालीन वैदिकधर्मका सूत्रग्रन्थहरूमा पनि ब्राह्मण जातिसमेत मासुखान्थे भन्ने देखिन्छ। आपस्तंवले उपाकर्म तथा उत्सर्गको बीच वैदिक आचार्यले मासुखान निषेध पाइन्छ।[३] यसको अर्को अर्थ हुन्छ–अरू महीनामा मांसाहार गरिन्थ्यो। अथवा श्रोत्रिय (वेदाध्यायी) ब्राह्मण र पुरोहितवाहेक अन्य ब्राह्मण कुललाई मासु खान निषेध थिएन।

पारस्कर आदि गृह्यसूत्रमा तथा आपस्तंव धर्मसूत्रमा मधुपर्कमा (अतिथि सत्कार गर्दा) मांसु दिनु पर्ने उल्लेख पाइन्छ। मांसविना नो मधुपर्कम् (मासुविनाको मधुपर्क हुँदैन) भनिएको पनि पाइन्छ।[४]

श्राद्धमा तथा यज्ञमा ब्राह्मणहरू मासु खान्थे भन्ने कुरा जातक कथामा पाइन्छ।[५] पुराण र धर्मशास्त्रमा पनि श्राद्धमा मांस प्रयोगको बयान

---

१. मांस जातक (३१५), जातक कथा– १ पृ.२४२।
२. दीघ निकाय २ पृ.१२७ तथा उदान (८।५) जातक २ पृ.२६२।
३. आपस्तंव धर्मसूत्र २।२।५।१६
४. आपस्तंव धर्म. २।३।७।४
५. जातक १ पृ.१६६ जातक ३पृ .४२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइन्छ। किन्तु यो क्षत्रियको श्राद्धमा मात्रै पनि भनिएको छ।[१] युनानी लेखक स्ट्रेवो (St R a b o) पनि ब्रह्मचर्याश्रमपछिका गृहस्थ स्नातक-हरूले मासु खान्थे भन्दछन्।

जातक कथाअनुसार बौद्धकालीन समाजमा परेवा, हाँस क्रौञ्च, मुजुर, काग र कुखुराको मासु खाने जात पनि थिए।[२] धर्मशास्त्रमा-बिष्टा भोजी र मांसभक्षी पन्छीको मासु खान निषेध गरिएको छ।[३] जातक कथामा सर्प, गोहोरो, पनि खान्थे।[४] विरालो खाने बन्जरा जाति आज पनि तराईमा पाइन्छन्।

धर्मशास्त्रमा गोहोरो, सर्प, बिरालो, कुकुर आदि अभक्ष मानिएको छ। जातक कथामा तपस्वी पनि गोहोरो खान्थे भनेको पाइन्छ। यी कस्ता तपस्वी हुन् भन्न सकिदैन, तर गोध जातक (१३८) मा गाउँलेले मारेको गोहोराको मासु खुब मिठो मानेर तपस्वीहरूले खाए तथा मिठो लागेकोले आफै पनि मारेर खाने निश्चय गरे भनिएको छ (गो. जा. ३२५)।

उपर्युक्त कथन ब्राह्मण तथा अन्य धर्मावलम्बी तपस्वीको निन्दा तथा लालची, हिंसक देखाउन गरेको प्रयास भन्न सकिन्छ। बुद्धभन्दा पछिका भिक्षु जसले जातक कथा लेखे, ब्राह्मणवादका घोर विरोधी थिए त्यस्तै अन्य दार्शनिक सम्प्रदायवादी तपस्वीको पनि विरोधी थिए।

बौद्धहरू यद्यपि अहिंसावादी हुन्, तर भिखमाग्दा कसैले मांस दियो भने फ्याक्दैनथे र खान्थे पनि। अहिंसक भिक्षुका (मासुको स्वाद नजानेका) सन्तान भिक्षु हुँदैनथे। मासु चाखेकै जातिबाट भिक्षुहुने हुँदा वेस्वादिलो हुदैनथ्यो र त्याज्य मानिदैनथ्यो। भोजनको निम्ता पाएका सारि-पुत्रले बिम्बा देवीले दिएको भात, लाल माछा र घिउ स्वादसँग खाएको सुपुत्र जातक (२९२) मा वर्णन गरिएको छ।

पाली साहित्य ब्राह्मणवादको विरुद्ध रचना भएको सामग्री युक्त भएकोले ब्राह्मणप्रति लगाइएका कतिपय आक्षेपहरू प्रमाण मान्न सकिदैन।

---

१. मनुस्मृति ३।२२७

२. पुण्णन्दि जातक (२१४) रोमक जातक २७७ तथा जातक २ पृ.४१२

३. आपस्तंभ धर्मसूत्र १।५।१७।३२।-३६ गौतम ध. सू.१७।२९,३४,३५ वसिष्ठ ध. सू. १४।१८। विष्णु ध. सू. ५१।२९।३१ मनु ५।११-१४

४. गोध जातक (१३८) शंखपाल जातक (५२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किनभने पुराइतिहासविद्, प्राच्यतथा प्रातीच्य विद्वान्हरूले परिश्रम साथ अनुशीलन गरेर बुद्ध र ब्राह्मणहरूका धर्मसूत्र, गृह्यसूत्रहरूलाई पाली साहित्यको समकालीन मानेका छन् । परम्परा र धर्माचार्यहरूको सम्प्रदाय प्राचीन भए तापनि वर्तमानमा उपलब्ध सूत्र साहित्यको काल निर्धारण ठीकै देखिन्छ । उनीहरूले पूर्वाचार्यहरूको मत उल्लेख गरेको र प्राचीन वैदिक परम्पराको वर्णव्यवस्थाको सरल पथमा बौद्धकालीन उपजाति र प्रजातिको विविधतालाई अगाडि राखेर संशोधन, परिवर्धन र परिवर्तन गरेको कुरा आर्यसाहित्यको सर्वेक्षण गर्दा थाहा पाइन्छ ।

हिन्दू परम्पराको सांस्कृतिक विकासको लेखाजोखा गर्न धर्मशास्त्र, र पाली त्रिपिटकको तुलनात्मक अध्ययन अत्यावश्यक छ । धर्मशास्त्र समाजको गतिविधिलाई ध्यानमा राखेर निर्माण गरिएको कानून हो र वैदिकधर्ममा पसेको कटरजातिवाद, हिंसात्मक यज्ञ, तथा ब्राह्मणको समाजमा रहेको महनीयताप्रति विरोध जनाउँदै बुद्धको अहिंसावादी दर्शनको प्रचारप्रसार गर्नु पाली साहित्यको लक्ष्य थियो । यसकारण वादी प्रत्यवादीको कुरा नसुनी निर्णय गर्नु उचित हुँदैन । वादी प्रतिवादी र साक्षीको रूपमा तत्कालीन साहित्यले नै काम गर्दछन् ।

आर्यधर्म, बुद्धधर्म यो वेलादेखि समानान्तर रेखामा अगाडि बढ्दै एउटा नयाँ संस्कृतिको जन्म दिन्छन् । जुन संस्कृति संगमको विकास भएको छ, त्यसकै अवशेष र शाखा प्रशाखाका फूल र फल नै वर्तमान नेपालको सांस्कृतिक धरातल भएकोले धर्म र संस्कृतिको निर्णायक गर्न बुद्धकालीन पाली तथा वैदिक साहित्यको समीक्षात्मक आलोचना गर्न विशेष प्रयत्न गरिएको छ ।

बौद्धयुगमा सुरापान

धर्म शास्त्रकारले ब्राह्मणको लागि सुरापानको कडा निषेध गरेको पाइन्छ । मांसाहार जस्तै सुरापान पनि प्राचीनकालदेखि नै इतिहासको गोरेटो पक्रन्छ । ऋग्वेदमा दुई किसिमको पेयको उल्लेख छ, सोम र सुरा । सोम बनौषधीबाट बन्ने पेय वस्तु हो, देवार्पण गरेर ब्राह्मणहरू पिउँथे । यो अनुशीलनबाट सात्विक, स्फुर्तिदायक, रोग नाशक र मस्ती दिने मर्यादित पेय हो भने सुरा ब्राह्मण भिन्नजातिको अतिप्रिय पेय वस्तु हो । युद्ध, श्रम र मस्तीको निम्ति सेवन गरिन्थ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथर्ववेदअनुसार स्वर्गमा घिउ महका ताल छन् र सुराको झर्ना नदी छन् भनेको पाइन्छ ।[१] ब्राह्मण ग्रन्थमा सुरा बनाउने विधि पाइन्छ । सोत्रामणि यज्ञमा अर्पित सुराको उच्छिस्टांश प्रसादरूपमा पानगर्न ब्राह्मणहरू नियुक्त हुन्थे ।[२] काठकसंहितामा भनिएको छ– ब्राह्मणहरू सुरापानदेखि टाढा रहनु पर्छ, परन्तु क्षत्रियले पान गरेमा दोषी हुँदैन । बुद्धपूर्वकालमा ब्राह्मण-को निम्ति सधैं निषिद्ध सुरा अन्य जातिको निम्ति प्रतिबन्धित थिएन ।

सोम र सुरासम्बन्धी विश्लेषणात्मक अध्ययन गर्दा सोम मस्ती स्फूर्तिदायक भए पनि विवेकहीन हुन नदिने सात्विक पेय हो । सुरा तामसी प्रवृतिलाई बढाउने, विवेकशून्य उग्रताको स्थितिमा पुऱ्याउने पेय हो भन्ने थाहा पाइन्छ ।

त्रिपिटक, जैन आगम, वैदिक धर्म शास्त्रको अध्ययनबाट सुनापान-को व्यापक प्रचार रहेको थाहा हुन्छ । ब्राह्मण, तपस्वी, संन्यासी, पुरोहित, ब्रह्मचारी, श्रमण (जैन) भिक्षुको निम्ति त्याज्य थियो । अन्य गृहस्थ,सेना, व्यापारी, शिल्पकार, राजन्यवर्गको निम्ति प्रतिबन्ध पाइदैन । गृह्यसूत्रका अनुसार श्राद्धमा पितृको निम्ति सुराको तर्पणको उल्लेख पाइन्छ ।[३] जातक कथामा मधु शालामा पियक्कडहरूको भीड लागिरहन्थ्यो भन्ने उल्लेख भएको छ ।[४] मेरय (मेरेय (सं)) मदिरा घडामा भरेर राखिन्थे । मधुशालाका स्वामीका कर्मचारी, विक्री गर्दथे । भट्टीका स्वामीहरू धनी हुन्थे तथा प्रायशः श्रेष्ठीहरू नै मधुशालाका मालिक हुन्थे पिउने जातिमा पनि सर्वसाधारण तथा करोडपति सेठ् हुन्थे ।[५] सुरा पानको लागि सपत्निक जाने गरेको उल्लेख पनि पाइन्छ ।[६] वर्तमान पश्चिमी सभ्यतामा पाइने सादद पान–गोष्ठीको रूप, त्यो बेलाको समाज चित्रणमा देखिन्छ कैय्यन चाडपर्वमा खुलेर सुरापान हुन्थ्यो ।[७] एक

---

१. अर्थववेद ४।३४।६

२. शतपथ ब्राह्मण १२।७।३।५ तैत्तिरीय ब्राह्मण १।८।६ काठक संहिता २२।१२

३. आश्वलायन गृह्यसूत्र २।५।५ तथा पारस्कर गृ० सू० ३।३।११

४. वारुणी जातक ४७ इल्लिस जातक (७८)

५. इल्लिस जातक (७८)

६. जातक ४ पृ० ११४

७. जातक १ पृ० ४८९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नक्षत्रकै नाउँ, सुरा नक्खत (सुरा नक्षत्र) थियो. तथा यो पर्वमा अनियन्त्रित रूपमा सुरापान, भोजन, नृत्य, गायन हुन्थ्यो ।[१] यो पर्वमा सर्वसाधारणको त के कुरा तापसहरू पनि मद्यपान गर्थे भन्ने उल्लेख छ ।[२] कुम्भजातकमा (५१२) एक राजाले आँगनको मण्डपमानै बसेर मदिरा पान गरेको र प्रजागणको जमघट रहेकै बेला भएकोले पानगोष्ठीमा जनताले पनि साथदिएको वर्णन छ। किन्तु, यसको दोष वर्णन पनि भएको छ ।

बुद्ध, जैन, साधु, ब्राह्मण तथा पुरोहितवर्गले यसको निषेध गरेका छन् । औषधीका रूपमा भने थोरै सेवन गर्ने अनुमति दिएको पाइन्छ ।[३]

महासुत सोम जातक (५३७) अनुसार ब्राह्मणहरू मद्यपानलाई दुष्टकर्म मान्दथे । धर्मशास्त्रकारले ब्राह्मणको लागि सुरापान सर्वथा निषेध गरेका छन् । गौतम, क्षत्रि, वैश्यको लागि पौष्टिक नामक सुरा पान गर्ने अनुमति दिन्छन् ।[४] गौतम र मनु ब्राह्मणले सुरापान गरेमा कठोर प्रायश्चितको विधि बताउँछन् ।[५] विष्णु दशप्रकारका मद्य ब्राह्मणको निम्ति निषेध गर्दछन् ।[६] जैन सूत्रमा, सुरापान हुने जात्रा पर्वमा जान ब्राह्मणलाई निषेध गरिएको छ ।[७]

उपर्युक्त जैन, बौद्ध, ब्राह्मण साहित्यबाट श्रवण, भिक्षु तथा ब्राह्मण वर्गबाहेक अन्य जातिमा सुरा पान गर्ने चलन थियो। किन्तु सदाचारी, सज्जन वर्गसँग यो व्यसनमा नलाग्ने आशा गरिन्थ्यो ।

जब मद्य पानबाट ज्यादै झगडा, मारपीट र अन्य दुराचार बढ्यो, त्यसपछि तागाधारीवर्गको निम्ति नै सुरा पानको निषेध गरियो ।[८] तथापि ब्राह्मण, तापस, ब्रह्मचारी, भिक्षुबाहेक अन्यवर्गले पूर्णतः मद्यपान छाडेनन् । केही नियन्त्रण अवश्य भयो होला ।

---

१. जातक १, पृ० ३६२ तथा ४८९ ।
२. जातक १, पृ० ३६२
३. सिक्रेट बुक्स अफ द इष्ट पे० १३,२२१,२२५ तथा महा वग्ग ६।१४।१
४. गौतम धर्म सूत्र० २।६
५. गौतम धर्म सू० १३।१ मनुस्मृ० ११।९०–९२।
६. विष्णु स्मृ० धर्म सू० २१।८४
७. जैन सू० सं० पृ० ८५ ।
८. मनुस्मृ० ११।९३, आपस्तंव ध० सू० १।१।२।२३ मनु २।१७७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धकालीन वस्त्राभूषण

कपास, रेशम, ऊन अन्य रेशावाट बुनेका वस्त्र धोती, शाल, ओड्ने आदिको प्रचलन भएको तथा सिलाइ कताइ–बुनाइको पेशाको विकास भएको कुरा बौद्धसाहित्य,पाणिनिको अष्टाध्यायी आदिवाट पाइन्छ ।[१]

चुल्लवग्गमा सूचिकारले सिउने तथा पसलको बर्णन छ । भिक्षुहरू आफ्नो चीवर आफैं सिउँथे । काट्ने कैंची राखिएको हुन्थ्यो ।[२]

वाराणसेय्यक, वस्त्रको ठूलो प्रशंसा गरिएकोले उत्तम र मिहीन कपडाको निम्ति बनारस प्रख्यात रहेको बुझिन्छ । महापरिनिव्वान सुतमा बुद्धको शव ढाक्ने कपडा, अत्यन्त मिहीन पानी नछिर्ने (तेल नछिर्ने) बनारसमा तयार भएको बस्त्र थियो भन्ने वर्णन पाइन्छ ।[३] सूती, रेशमी, क्षौम, ऊनी कपडा बनारसमा तयार हुन्थ्यो तथा जसरी हेर्दा पनि नीलो झलक (धूप छाँया) देखिन्थ्यो ।[४] उड्डियान (काश्मीर) गान्धारको रातो कम्वल, शिवि राज्यको (सीव्वेयक दुस्स) दोशाला प्रसिद्ध थिए ।[५] कोटुम्बर (पठान कोट) को पस्वीना, उनीवस्त्र, रांकव पश्विनाको बर्णन पनि पाइन्छ । ऊन, रेशम, क्षौम (आलसको रेसा) शाण (सन) वाट कपडा बुनिन्थ्यो ।

पाली साहित्यमा राजारानी धनी–मानी, साधारण गृहस्थ स्त्री–पुरुष, ब्राह्मण, श्रमण, भिक्षु, भिक्खुनी आदिको वस्त्र आभूषणको वर्णन पाइन्छ । सूत्रग्रन्थ, अष्टाध्यायी, चौथो शती ई० पू० को कौटिल्यको अर्थशास्त्रमा वस्त्राभूषणको बर्णन पाइन्छ ।

परिधानको प्रकार, ठण्डी गर्मी ठाउँ, जातीय परम्परामा निर्भर गर्दछ (देश गुनाको भेष) प्राचीन उखानले पनि वास्तविकता बयान गर्छ ।

---

१. महा वग्ग ८।३।११। दीघ निकाय २ पृ० ३५६–५७ तथा पेत बत्थु २।१।१७ तथा अग्रवाल–पाणिनिकालीन भारत वर्ष ।

२. चुल्ल वग्ग ५।११।१।२

३. महा निव्वान सू० ५।२६।

४. ऐ ।

५. मोती चन्द्र– प्राचीन भारतीय वेश भूषा पृ० ३०–३१ तथा महावणिक जातक ६ पृ० ५०० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचीन परिधानको बारेमा साहित्यिक सामग्री प्रचुर मात्रामा उपलब्ध भए पनि ठीक ठीक पहिरनको विशेषता आक्न सकिदैन । यसको निम्ति चित्रकला, मूर्तिकलाले अनुमान गर्न सजिलो पर्छ ।

पारखमको यक्ष मूर्ति (ई० पू० तेस्रो शती बडौडाबाट प्राप्त यक्ष मूर्तिहरू दीदारगंज बेसनगरका यक्ष-यक्षिणी मूर्तिहरू, साँची र भरहुतका वेदिका र तोरणमा बनेका चित्र मूर्तिहरू (ई० पू० दोस्रो तेस्रो शती) माटाका पुराना मूर्तिहरूको निरीक्षणबाट स्थानगत वेषभूषाको अन्दाज गर्न सकिन्छ ।

नेपालमा यस्ता मूर्तिहरू ईसाको पहिलो शतीदेखिका मात्र फेला पर्दछन् । मथुरामा विकसित कलाशैलीको आधारमा बनेका नेपाली कला र मूर्तिको सूक्ष्म निरीक्षणबाट मात्र पृथक्ता छुट्याउन सक्छौं ।[1]

रातो, नीलो पहेंलो, सुनौला, इन्द्रधनुषी परिधानको शुरुआत हामी ऋग्वेदकालमै पाउँछौं । यसको सँगसँगै कश (खश) शक जातिको पहिरनबारे पनि पुराविद्हरूले उल्लेख गरेका छन् । चोंगा, कुर्ता, सलवाल, (केही परिष्कृत पञ्जावी, पठानीको परिधान) हिमाली क्षेत्रमा आज पनि पाइन्छ । ओपस् र द्रापि (जाकेट र कोटको पूर्वरूप) ऋग्वेदकालीन वर्णनमा उल्लेख भइसकेको छ । सारी, धोती, लहंगा वैदिककालदेखि नै चल्दै आएको परिधान हो ।

बौद्धयुग, विभिन्न शिल्प विधाको विकसित रूपको परिचय दिने युग हो । पाली साहित्यबाट विभिन्न आभूषण, बस्त्रको रङ्ग विधान र छनोट, मोती, मणि, माणिक्य आदिको श्रृङ्गारमा प्राचुर्य, गन्ध, अत्तर, सुगन्धी तेल, कस्तुरी, कुंगको लेपन, पुष्पमाला, केश–सज्जा आदिको व्यवहार हुन्थ्यो भन्ने जान्न सकिन्छ ।

महापरिनिव्वान सूत्रको बर्णनअनुसार भगवान् बुद्ध वैशाली नगरमा जाँदा रङ्गीचङ्गी पोसाक लगाएका नागरिकहरूले स्वागत गरेका थिए । वैशालीवासीहरूले आफ्नो रङ्गसँग मेल खाने बस्त्राभूषण पहिरेका थिए । आजकलको जस्तै (म्याचलर) मेलखाने रङ्गको नारी समुदाय बढी

---

१. च्यासल हिटीको गज लक्ष्मीको मूर्तिको केश–कलाप (ई०प्रथम शदी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख्याल राख्दथे ।[1]

सिरिकाल कण्णि जातकमा काल कण्णि नामकी युवतीले एउटा सेट्ठीसँग भेट्न जाँदा नीलोबस्त्र, नीलै विलेपन र नील-मणिको आभूषण लगाएकी थिइन् ।

मैगास्थनिजको उद्धारण गर्दै प्रो० क्रान्डिल लेख्छन्- मौर्यकालीन भारतीयहरू वस्त्राभूषणको विषयमा विशेष शौकीन थिए । कपडा उत्कृष्ट कोटिको मलमल (मिहीन) को हुन्थ्यो, जसमा सुनचाँदीको जरीको काम र बहुमूल्य पत्थर (रत्न) जडेको हुन्थ्यो । दार्शनिकहरू पनि अनेक किसिमको रङ्गीचङ्गी कपडा लगाउँथे र पगरी (फेटा) बाँद्धथे अत्तर छर्कन्थे ।

गृहस्थको पहिरनमा साधारण मोटो कपडा, धोती (अन्तर्वासक) उपर्ना (उत्तरीय वा उत्तरासँग) दुई कपडा हुन्थे भन्ने कुरा तत्कालीन मृण्मयमूर्तिको परीक्षणबाट ज्ञात हुन्छ । कुनै व्यक्तिहरू केवल धोती मात्र लगाएका हुन्थे । अथवा एउटै बस्त्रबाट सम्पूर्ण अङ्ग ढाकिने तवरले लगाउँथे । आज पनि शहरी क्षेत्रलाई छाडेर ग्रामीण जनजीवन हेर्ने हो भने स्त्री अथवा पुरुष एउटै वस्त्र लगाएका पाइदैछन् । स्त्रीवर्ग अलि ठूलो (लामू) कपडाले नै माथिल्लो अंग पनि ढाक्दछन् । तर पुरुष धोती कम्मर तलै राख्दछन् र काँधमा शाल, उत्तरीय, गंछा मात्रले घुमिरहेका पाइन्छन् । अधोबस्त्र (धोती) घुंडासम्म लामो पुरुषले लगाउछन् । किन्तु स्त्रीको सारी कुर्कुच्चा सम्मकै लगाएको देखिन्छ ।

दीदारगंज भारतमा प्राप्त यक्षी मूर्तिको शिल्पविधामा तत्कालीन पहिरनको कल्पना गर्ने हो भने सारीको पहिरनमा अनौठोपन देखिन्छ तथा कम्बरमा काँन्ची वा मेखला (सुन वा चाँदीको कम्मर पेटीको आकारको चेप्टो शृङ्खल',खुकुलो गरी बाँधिएको र नितम्बको उच्चभागसम्म झोलुङ्गिएको लगाउने चलन भएको थाहा हुन्छ । यस प्रकारको गहना माडवारी स्त्रीहरू, जो प्राचीनताको अनुसरण गर्दै छन्, उनीहरूले लगाएको देख्न पाइन्छ । उष्णीष (पछिल्लो युग, गर्मी प्रदेशमा आएपछिको हलुका रूपको टोपी जस्तै लगाउने) पगरी अथवा पञ्जावीले बाँध्ने फेटालाई भनिन्छ । फेटा वैदिककालको उष्णीष परिधान हो स्त्रीहरूको पनि उष्णीष परिधानको रूपमा

---

१. महापरि निव्वान सुत्त । तथा Mc Crindle–Ancient–India, P. 97 Frg xii

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक साहित्यमा पाइएकोले प्राचीन परम्पराकै परिवर्तित रूप आजकलको ओढ्ने हो। यसलाई टम्म कसेर बाँधी पछाडि फुर्का छोड्ने चलन आज पनि पहाडी प्रदेशमा देख्न पाइन्छ।

पाली साहित्यमा परिधानमा विविधता पाइन्छ। धोती पहिरने तरिकाको नाममा हस्तिशौण्डिक, मत्स्यबालक, चतुष्कर्णक, तालवृन्तक, शतवल्लिकको उल्लेख मोतीचन्द्रले प्राचीन भारतीय वेश–भूषा ग्रन्थमा (३८ पृ.) गरेका छन्। धोती वा सारी लगाउँदा एक फुर्को अगाडिबाट घुमाई पछाडिको कम्मरमा सिउरने चलन थियो। सारीको फुर्काको सप्को पछाडि लगेर सिउरने चलन दक्षिण भारतका नारी समाजमा देख्न पाइन्छ। साँचो र भरहुँतका फलेक–पाटीमा उत्कीर्ण चित्रले तत्कालीन परिधानको लक्ष्य गर्न सकिन्छ। माथि उल्लेख गरिएका अधोवस्त्रका विविध नाम पहिरने कला-अनुसार रहेका छन्। साँची भरहुँतका स्त्रीचित्रमा धुडातकका सारीलाई कम्मर पेटी, पटुकाको बाँधेको कान्ची नामक चेप्टो शिक्री त्यसमाथि बाँधेको र खुकुलो भए पनि पृथुल जघन तथा पुष्टनितम्ब भागले गर्दा खस्न नपाएको जस्तो देखिन्छ। पटुका (कायाबन्ध) बाँध्ने पनि अनेक विधि थियो। कलाबूक, डेड्डुभक रशना, मेखला, यसै प्रकारमा आउँछन्। कलाबूक डोरी बाटे जस्तै बाटिएको वा डोरीकै हुन्थ्यो र डेड्डुभक जल सर्प (ढोडिया सर्पको आकार) को हुन्थ्यो भन्ने उल्लेख पाइन्छ। पाट बाँसको रेशा, चर्म पट्ट (छाला) ऊर्णपट्ट (ऊनको) बाटिएको चोलबस्त्र सिएको सूतीवस्त्र आदि-बाट कम्मरपेटी बनाइन्थ्यो र रङ्गविरङ्गको कमरबन्ध स्त्रीहरू पहिरन्थे।[१]

उत्तरीय ओड्नेकला पनि विभिन्न देखिन्छ। बाँया काँधबाट छाती छोप्ते तल लगेर अगाडि पछाडिका फुर्का जोडेर नाभि तल गाँठो बाँधिन्थ्यो। कुनै कुनै दाहिने हातले छाती छोपेर देब्रे पट्टि सप्को हालेर ओढेको पनि प्रस्तर मूर्तिकलामा देख्न पाइन्छ।

परखम (मथुरा) मा प्राप्त यक्ष मूर्ति घुंडातलसम्म धोतीको सप्कोले छोपेको तथा कलात्मक कमरबन्धी बाँधेर अगाडिपट्टि फुर्को छाडिएको देखिन्छ। कानमा ठूलाकुण्डल. छातीमा चेप्टो कण्ठा, तीनकुने पारिएको हार देखिन्छ। दुवैहात टुटेका छन् अन्य प्रतिमाको आकलन एवं अलङ्करणबाट

---

१. चुल्ल वग्ग १०।१०।१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाखुरामा अँगद, मणिबन्धमा वलय हुनुपर्छ ।[१]

कनक वलय भ्रंशरिक्त प्रकोष्ठः दुव्लाएर नाडीबाट बाला झरेको यक्षको बर्णन प्रथमशतीका कवि कालिदासले यक्षको बर्णन गर्दा मेघदूत काव्यमा भनेका छन् । यसबाट र हात बाँकी बचेका यक्षप्रतिमाबाट पनि बाला लाउने चलन पुरुषमा पनि भएको बोध हुन्छ ।

हिमालय प्रान्तमा बस्ने मानिसको निम्ति यस्तो पोशाक उपयुक्त हुँदैन । यसकारण वर्तमान तिब्बतीय परिधानको सर्वाङ्ग ढाक्ने ऊनी कपडा नै हुनु पर्छ । शक जातिको वेश–भूषाको प्रकरणमा यसको व्याख्या गर्नु प्रासङ्गिक हुने भएकोले यहाँ अन्य चर्चा गरिएन ।

उष्णीषको चर्चा गर्दा २४ प्रकारको मोती चन्द्रले बर्णन गरेका छन् र कनिङ्घमले फेटाको शिर ढाकेपछि छाडिएका दुवै फुर्का कम्मरमा घुसार्ने प्रथाको उल्लेख गरेका छन् ।[२]

पादपोश (जुत्ता)

ऋग्वेदमा जुत्ताको परिकारबारे त्यति थाहा पाइदैन । तर पाउरक्षाको लागि बूट जस्तै जुत्ता लगाउने चलन भएको अनुमान गर्नसकिन्छ । यजुर्वेदमा उपानह शब्द पाइन्छ । उत्तर वैदिककालमा निश्चय नै जुत्ताको रङ्ग रोगन, आकार प्रकारमा विविधता हुनुपर्छ ।

बुद्धकालीन भारतमा जुत्ता, चप्पल, पादुका (खराउ) को राम्रो प्रचलन भएको पाइन्छ । जुत्ताको प्रकारमा–लोहित,मंजीठ,कृष्ण,पहेंलो सुन्तला रङ्ग, एकतलुवावाला, २, ३, ४ तलुवा भएका जुत्ताको वर्णन पाइन्छ । सिंह, व्याघ्र, मृग, चितुवा बनढाडे, लोखर्के, बोका आदिको छालाबाट जुत्ता बनाइन्थे । महावग्गअनुसार पुटबद्धक (घुंडासम्म आउने जुत्ता) गुंठिम (पयर मात्र ढाकिने) खल बद्धक पेशावरी चप्पल, मेण्ड विषाण भेडाको सिंग जस्तो मोडिएको वा सिंगवाला, अजविषाण बद्धिक, बोकाको सिंगवाला, वृश्चिकालिक, विच्छिको पुच्छर उठे जस्तै टुप्पो (नोख) उठेको, मोरपिच्छ परिसिव्वित, (मुजुरको प्वाँखले सजिएको) तूलपुण्डिक, (भित्र

---

१. यक्ष मूर्ति परखम (मथुरा) तथा मेघदूत श्लोक, डा० भगवत शरण–भारतीय कला पृ० १२४। तथा मोतीचन्द भारतीय वेशभूषा ।

२. सरकनिङम् भरहुत प्लेट–१५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूवा भरेको) तितिर पट्टिक, (तित्राको प्वाँख युक्त वा त्यस्तै चित्रे जुत्ताको वर्णन महावग्ग भन्ने बौद्ध ग्रन्थमा बर्णन पाइन्छ ।[१] आभूषण– बौद्ध, जैन-साहित्य तथा सूत्रसाहित्यवाट के ज्ञात हुन्छ भने त्यो बेलाका स्त्रीपुरुष दुवै आभूषणका प्रिय थिए । मणिकार, स्वर्णकार, वैदिक युगमा पनि थिए । परन्तु उत्तरोत्तर विकास क्रममा कलात्मक वस्तुको निर्माण भयो । बुद्धकालमा ज्यादै उन्नतावस्थामा पुगेको अनुमान गर्न सकिन्छ । पट्टिका मुद्रिका (औठी-का प्रकार) कुण्डल, 'वल्लिका' कानको गहना, केयूर, ग्रैवेयक, सुवर्णमाला कण्ठहार, कर्णफूल (टप) केगण (ओवत्तिका) चुरी (हत्थरण) मेश्व ला, कान्ची रशना, सुन जाँदीका डोला.चेप्टा शिक्रीजस्ता कम्मर पेटीको चलन थियो । सुन, चाँदी, मुक्ता (मोती) वैडूर्य (पन्ना) भद्रक, शंख, पत्थर गोमेद्ध आदि (यो विभिन्न रङ्गको हुन्छ) लोहितक–माणिक, प्रबाल (मुंगा) मसारगल्ल, आदि रत्नहरू सुन चाँदीमा जडेर लगाउँथे । यस्तै पुष्पमाला, गुच्छा, पुष्पहार बुनेर मालीहरूले शौकीनहरूलाई बेच्दथे । अतर आदि सुगन्धी द्रव्यको उल्लेख पनि पाली साहित्यमा पाइन्छ । महावग्गमा चन्दन (श्री खण्ड) तगर कुष्णनुसारि (कालागुरू ?) भद्रमुक्तक, आलेपनले शरीर सुगन्धी बनाउने बर्णन पनि पाइन्छ ।[२] यहाँ चन्दन तथा तगर आदि काष्ट नभएर रसदार पदार्थ, अतरको बोध हुन्छ ।

कासिक–चंदन शब्दले काशीको अतर उत्तम थियो भन्ने बुझिन्छ ।[३] वस्सिका, (वासन्ती) मल्लिका (वेली) कमल, तगर, प्रियंगु आदिबाट अत्तर बनाइन्थे ।[४] सव्वसंहारक नामको (संपूर्ण सुगन्ध मिश्रित) अत्तरको नाउँ पनि पाइन्छ ।[५]

उपर्युक्त उपभोगका सामग्री परिधान, आभूषण, शृङ्गार साधन, आदिको समीक्षाले आर्यसभ्यताको केही पक्षलाई प्रकाशपार्दछ । सौन्दर्यको कलात्मक अभिव्यक्तिको सजीवता, सांस्कृतिक आर्दश तथा परिवेशको अथार्थता

---

१. महा वग्ग ५।२।२, ५।१२९।, ५।२, ४ तथा ५।२।२३, ५।८
२. मज्झिम निकाय ३ पृ० ६–७ संयुक्त निकाय ३ पृ०१५६, २५१–५२ ।
३. संयुक्त निकाय ५ पृ० ४०७ अङ्गुतर निकाय ३ पृ० ३९१
४. मज्झिम नि. ३ पृ० ६, संयुक्त निकाय ३ पृ० १५६, जातक ६ पृ० ३३६ ।
५. जातक कथा- ६ पृ० ३३६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मौर्यकालका ललितकलायुक्त पाषाण कृतिले र महाकवि कालिदास जस्ता आर्यसंस्कृतिका मर्मज्ञ साहित्यकारले व्यक्तगरेका छन् ।

भावात्मक अभिव्यक्तिको मूर्तता चित्रकला तथा पाषाणकला वस्तु शिल्प विधामा देखन पाइन्छ । कुशल, मर्मज्ञशील्पीद्वारा नै युगको सौन्दर्य वोधको वास्तविक अभिव्यक्ति हुन्छ, चाहे त्यो कुचोले होस् या छिनुले होस् अथवा कलमले होस् । किन्तुभौतिक पदार्थद्वारा कलाको उपासना गर्नेका कला अमर छन्, कलाकारको नाउँ थाहा छैन । वाणीद्वारा कलाको सिर्जना गर्ने कालिदास जस्ताको इतिवृत थाहा नभए पनि कृतिका साथै नाउँ पनि अमर छ । युगको धर्म संकृतिका अमर व्याख्याता तथा हिन्दूआदर्श प्रतीक कालिदासका कृतिले जो मर्यादित र पूर्णतायुक्त वैदिकसनातन धर्मकारूपमा विकसित सभ्यताको इतिवृत्त बताउँछन्, त्यो नै "सत्यम्, शिवं, सुन्दरम्"को रूपमा हिन्दूआर्दशको रूपमा हामीले पाएका छौं । विकसित सभ्यताको धरातल त्यो वाहिर बाँकी रहदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेस्रो अध्याय

बुद्धकालीन दार्शनिक सम्प्रदाय र लोकधर्म

बुद्धकालीन प्रचलित धर्ममा प्रधानता वैदिक यज्ञवादको नै देखिन्छ । यस धर्मका उपदेष्टाद्वारा निर्धारित जातिवाद, विधिसंहिता, कर्मकाण्ड, संस्कार, दण्डविधान आदिमा अनादिकालदेखि आस्थारहेको र यसअनुसार चातुर्वण्यमध्ये मुख्यमन्त्रणादिने पुरोहित, राजगुरुको पदमा ब्राह्मण नै भएका र प्रशासनमा सदैव क्षत्रियको स्थान यस व्यवस्थामा रहेकोले पनि राजधर्मको रूपमा वैदिक धर्मको नै मान्यता थियो । तेस्रो वर्ण वैश्य, सेठ्ठी, महासेठ्ठीहरू-को राजसभामा अमात्यवर्ग सरह नै स्थानरहेकोले परम्परागत कुलीनवर्गको जुन मान्यता र श्रेष्ठता समाजमा रहेको थियो त्यसलाई छाडेर यो अभिजात-वर्ग निम्न जातिसँग सहभागितागर्न तयार थिएन ।

यसकारण महात्मा बुद्धको त्याग, साधाजीवन, धर्माचरण, तर्क-पूर्ण व्यवहारवादी दर्शन आदिले गर्दा उनको व्यक्तित्वले समाजका निम्न र प्रतिष्ठितवर्गलाई प्रभाव पारेको थियो । बुद्धले पनि तत्कालमा खलल पर्ने कुरा प्रवचनमा चित्तबुझ्ने तरिकाले उपदेश गरे पनि ठाडै हात हालेनन् । राजदण्डकाभागी भएका व्यक्ति ज्यान बचाउने उद्देश्यले भिक्षु सङ्घमा प्रवेश गरेकोमा समाजमा नराम्रो प्रतिक्रिया परेकोले आफ्नो विनयमा तुरुन्त संशोधन गरे । दासभिक्षु बन्नआउँदा पनि मालिकको स्वीकृति चाहिने भयो । यसरी व्यवहारमा खलल नपार्ने गरी मध्यमार्गी दर्शनको प्रतिपादन गरेकोले बुद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मौर्यकालका ललितकलायुक्त पाषाण कृतिले र महाकवि कालिदास जस्ता आर्यसंस्कृतिका मर्मज्ञ साहित्यकारले व्यक्तगरेका छन् ।

भावात्मक अभिव्यक्तिको मूर्तता चित्रकला तथा पाषाणकला वस्तु शिल्प विधामा देख्न पाइन्छ । कुशल, मर्मज्ञशील्पीद्वारा नै युगको सौन्दर्य वोधको वास्तविक अभिव्यक्ति हुन्छ, चाहे त्यो कुचोले होस् या छिनुले होस् अथवा कलमले होस् । किन्तुभौतिक पदार्थद्वारा कलाको उपासना गर्नेका कला अमर छन्, कलाकारको नाउँ थाहा छैन । वाणीद्वारा कलाको सिर्जना गर्ने कालिदास जस्ताको इतिवृत थाहा नभए पनि कृतिका साथै नाउँ पनि अमर छ । युगको धर्म संकृतिका अमर व्याख्याता तथा हिन्दूआदर्श प्रतीक कालिदासका कृतिले जो मर्यादित र पूर्णतायुक्त वैदिकसनातन धर्मकारूपमा विकसित सभ्यताको इतिवृत्त बताउँछन्, त्यो नै "सत्यम्, शिवं, सुन्दरम्"को रूपमा हिन्दूआर्दशको रूपमा हामीले पाएका छौं । विकसित सभ्यताको धरातल त्यो बाहिर बाँकी रहदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेस्रो अध्याय

बुद्धकालीन दार्शनिक सम्प्रदाय र लोकधर्म

बुद्धकालीन प्रचलित धर्ममा प्रधानता वैदिक यज्ञवादको नै देखिन्छ । यस धर्मका उपदेष्टाद्वारा निर्धारित जातिवाद, विधिसंहिता, कर्मकाण्ड, संस्कार, दण्डविधान आदिमा अनादिकालदेखि आस्थारहेको र यसअनुसार चातुर्वण्यमध्ये मुख्यमन्त्रणादिने पुरोहित, राजगुरुको पदमा ब्राह्मण नै भएका र प्रशासनमा सदैव क्षत्रियको स्थान यस व्यवस्थामा रहेकोले पनि राजधर्मको रूपमा वैदिक धर्मको नै मान्यता थियो । तेस्रो वर्ण वैश्य, सेठ्ठी, महासेठ्ठीहरू-को राजसभामा अमात्यवर्ग सरह नै स्थानरहेकोले परम्परागत कुलीनवर्गको जुन मान्यता र श्रेष्ठता समाजमा रहेको थियो त्यसलाई छाडेर यो अभिजात-वर्ग निम्न जातिसँग सहभागितागर्न तयार थिएन ।

यसकारण महात्मा बुद्धको त्याग, साधाजीवन, धर्माचरण, तर्क-पूर्ण व्यवहारवादी दर्शन आदिले गर्दा उनको व्यक्तित्वले समाजका निम्न र प्रतिष्ठितवर्गलाई प्रभाव पारेको थियो । बुद्धले पनि तत्कालमा खलल पर्ने कुरा प्रवचनमा चित्तबुझ्ने तरिकाले उपदेश गरे पनि ठाडै हात हालेनन् । राजदण्डकाभागी भएका व्यक्ति ज्यान बचाउने उद्देश्यले भिक्षु सङ्घमा प्रवेश गरेकोमा समाजमा नराम्रो प्रतिक्रिया परेकोले आफ्नो विनयमा तुरुन्त संशोधन गरे । दासभिक्षु बन्नआउँदा पनि मालिकको स्वीकृति चाहिने भयो । यसरी व्यवहारमा खलल नपार्ने गरी मध्यमार्गी दर्शनको प्रतिपादन गरेकोले बुद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवहारवादी थिए । कर, बल, छलले, भिक्षु सङ्घमा प्रवेशगर्ने गराउने काम भएन । श्रद्धायुक्त प्राप्तभएको भिक्षा जे जस्तो होस् प्रेमपूर्वक स्वीकार गरेकोले समाजका साना ठूला सबैवर्गका श्रद्धापात्र बने । प्रकृति युगदेखि धेरै अगाडि बढेको सभ्य समाजमा दिगम्बर रहनुपनि श्रद्धेय हुँदैन । यद्यपि यस्ता केवलिनू-हरूको निम्ति लज्जा, घृणा, शोक, हर्ष, प्रेम, द्वेष कुनै कुराको महत्त्व रहदैन । तथापि संसारको विषय–वासनदेखिमाथि साधुमात्रै त उठ्छन् सबै श्रमणहरू यो स्थितिमा पुग्न सक्तैनन् । लज्जा उत्पन्न हुने मानवीय अङ्गमा पनि केवलिनू हुने बित्तिकै परिवर्तन भएर दिव्यरूप बन्ने होइन । यसकारण दिगम्बर जैनाचार्यको मत, सिद्धान्ततः उच्च आदर्श तथा कठिन व्रत–पालनले सर्वत्र अहिंसावादी धारणाले महत्तम भए पनि समाज श्रद्धा प्रकट गर्न मात्र-सक्यो, साथदिन सकेन ।

बुद्धको मध्यम मार्ग सामाजिक मान्यताका दूषित पक्षको विरोध गर्ने भएपनि स्वीकार्य हुनसक्ने व्यवहारिक पक्षमा सामञ्जस्य स्थापना गर्ने खालको थियो । अरूले पुराना भने र फ्याँकेका कपडा टालेर, सिएर, जोड–जाड गरी चीवर बनाउने, सुन, चाँदी, रत्न जस्ता मूल्यवान् वस्तु भिक्षामा पनि नलिने र वस्तुसंचय पनि नगर्ने, शुद्ध श्रद्धापूर्वक दिइएको भिख जम्मा गरेर छाक पुग्ने भएपछि स्थगित गर्ने, श्रद्धालुको निम्ता ग्रहण गर्ने र दिएको भोज्य पदार्थमा यो खाने, त्यो नखाने जस्ता कुरा नगर्ने, शरीररलाई तपस्याको नाउँमा बढ्ता सास्ती, कष्ट नदिने, सरल तरिकाले दोहन्याई तेहन्याई सर्व-साधारणले बुझ्नसक्ने किसिमले उपदेशगर्ने, अनावश्यक तर्क र सारवस्तु नपाइने वादविवादमा नपस्ने आदि धर्मप्रचारका आधारभूत कुराले गर्दा बुद्धसङ्घको ठूलो ख्याति भयो । ठूलो सङ्गठनमा भिक्षुहरू एकत्र भए । जैन दर्शन र आचार पद्धतिमा बुद्धको पनि आस्था थियो र कैयन कुराहरूमा समानता पनि छन् । परन्तु बुद्ध सामाजिक मर्यादाभन्दा टाटा नगएर रुढि, अन्धविश्वास तथा विकृतिहरू हटाउन चाहन्थे । जैन साधुहरू कठोर चर्या-द्वारा साधुजीवन यापन गर्ने हुँदा व्यवहारबाट टाढा देखिन्थे बुद्धको साधना मार्ग सरल थियो, महावीरका उपासना मार्ग कठिन थिए । समाज सजिलो पक्ष छाडेर कठिन जीवन विताउन कमै मात्रामा तयार हुन्छ । यसकारण समकालीन र आदर्शसिद्ध दुवै भए पनि धर्म प्रचारमा बुद्धले बढ्ता सफलता पाए । बुद्धधर्मका उत्तरकालीन आचार्यहरूले महायान सम्प्रदायको जन्म दिएपछि त एशियामहाद्वीपका लौकिक पक्षसँग सामञ्जस्य कायम गर्दै अगाडि बढेकोले बुद्धधर्मले विश्वधर्मकै रूपमा एक पल्ट उभिने मौका पायो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वको मानव सभ्यताको विकासमा देश, काल, परिस्थिति, स्थानीय आर्य तथा अनार्यहरूको लोकधर्ममा आधारित, देवी, देवताप्रति रहेको विश्वास आदिलाई यथासम्भव आफ्ना धार्मिक भावनानुरूप दर्शनको कसीमा घोटेर बाधा विरोध नपर्ने तथा आफ्ना परम्पराका देवतासँग अन्य देवत्वको शक्ति एवं क्रियाकलापसँग मेल खाने पाराले संशोधन गरिएको धर्मसंस्कृति नै हिन्दू-धर्म, तथा संस्कृतिको जीवनी पक्ष हो भन्ने कुरा निर्विवाद रूपमा स्वीकार्नु पर्ने भएको छ ।

समाज, व्यक्तिविशेष र जातिविशेषले मात्रै बन्दैन । विभिन्न नदी समूहको भेल ठूला नदीमा मिलेर एकाकार भएपछि एउटै नामले पुकारिन्छ । सागरमा मिलेपछि विशालनदीको पनि अस्तित्व विलोप हुन्छ । त्यस्तै आजका मानव-समूदायको समष्टिगत रूपको नाउँ हो समाज । त्यस भित्रको सानु ठूलो विभाजनचाहिं विशेषबोधको निम्ति भनिन्छ । जस्तै सागर, रूप, गुण, आदिले समान भए पनि परिचयको निम्ति प्रशान्त महासागर, हिन्द महा-सागर, अरब समुद्र, अरालसमुद्र' भने जस्तै विशेष परिचयको निम्ति हो ।

हिन्दूधर्म अथवा दर्शन तर्कवादी हो । अन्य धर्मको जस्तै मेरो गोरुको बाह्रै टक्का भन्ने भावना सनातनधर्म भित्र पाइँदैन र यस्तो विचार राख्नेसँग सामाजिक सम्बन्ध राखेपनि धार्मिक मेल खादैन । आर्यधर्म र संस्कृतिभित्र नै जन्मेका विभिन्न पूर्वीय दर्शनले पनि तर्कै आधारमा विकास गरे तर्कको कसीले जाँचेर ठीक लागेमा स्वीकार गर्न लगाए । यसको लागि हतियार र बलको प्रयोग आवश्यक भएन । मौलिकपक्ष एउटै हो, हिमालबाट सहस्रधारा बगे जस्तै भाव-धारा बगेका छन् । कसैले संकीर्ण अर्थमा भन्लान्-बुद्ध, जैन, वैष्णव सम्प्रदाय भिन्नै हुन् वैदिक धारासँग मेल खाँदैनन् । किन्तु जैनीहरूको सदाचार, बुद्धका सदाचार धर्म र वैदिक बौधायन, आपस्तंब, मनु, वसिष्ठ, याज्ञवल्क्य, आदिले व्याख्या गरेका धर्म, आचार संहिताका, सत्य, शौच, यम, नियम, ब्रह्मचर्य, अहिंसा, अस्तेय, अपरिग्रह, दया, क्षमा, आदिको व्याख्यामा आवश्यकता र दार्शनिक शब्दावलिमा नामान्तर गरेर धेरै बनाउनु वा थोरैमा धेरैमा अन्तर्भाव गरेर छोटो रूपदिनु बाहेक मौलिक अन्तर पाइन्न ।

पूर्वीय विचारधारा र पश्चिमी विचारधारामा एउटा गतिलो अन्तर पनि छ-त्यो हो अध्यात्म प्रधान र भौतिक प्रधान । पाश्चात्यहरूका सोचाइमा, कार्य पद्धतिमा तथा चिन्तनपक्षमा गतिलो छ भने त्यो मान्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ र उसको चरित्र व्यक्तिगत रूपमा जे जस्तो भए पनि वास्ता गरिन्न। कामसँग मत्लव छ, व्यक्तित्वका अन्यपक्षसँग मत्लव छैन। किन्तु—पूर्वीय धर्मदर्शनमा चाहे त्यो जैन, बुद्धवादी होस् अथवा वैदिकपरम्पराका न्याय, वैशेषिक, सांख्य, योग, मीमांसा र वेदान्त दर्शनमा कुनै एक पक्षको समर्थक होस्, त्यसको सर्वप्रथम चरित्रबल हुनै पर्छ। सत्य शौचादि सदाचार हुनैपर्छ। अन्यथा उसको कुरा जतिसुकै राम्रो भए पनि, ऊ आफैं शुद्धाचारी छैनभने त्यसलाई मान्न र कुरा गुन्न पूर्वीय समाज तयार हुँदैन। यसकारण जैनतीर्थङ्करले आफ्ना श्रमणहरूको निम्ति आचार संहिता बनाए। बुद्धले विनय (भिक्षु धर्मको नियम) उपदेश गरे। वैदिक ऋषिहरूले पनि आचारः परमो धर्म, एष धर्म सनातनः भने। शंकर, रामानुज, आनन्दतीर्थ, मध्व, बल्लभ, चैतन्य, तुलसी, रामानन्द, आदिले पनि आचार संहितालाई नै धर्मको मूल माने।

चरित्र बलको महत्त्वलाई नमान्ने, सदाचार संहिताको उपेक्षा गर्ने, धर्म वा दार्शनिक सम्प्रदाय यस महाद्वीपमा नउम्रेका होइनन्, तर अस्तित्व बाँच्ने जग भएन। बुद्धयुग पूर्वदेखि लिएर बुद्धभन्दा २५०० वर्ष पछिका महात्मागान्धीको विशाल भारतका जनतालाई एकताको सूत्रमा बाँधेर आन्दोलन गर्ने क्षमताको उपार्जन पनि चरित्रबलले नै गरेको थियो। गीताको कर्मयोग र अहिंसाको हतियार लिने उत्कट चरित्रबल भएका गाँधीले विश्व साम्राज्यका अधिनायक अंग्रेजहरूलाई परास्त गरे।

सनातन वैदिक धर्म–आरव्यक, उपनिषद् ब्राह्मणग्रन्थ, धर्मसूत्र, गृहयसूत्र श्रौतसूत्र आदि ग्रन्थबाट सनातन वैदिकधर्मको विस्तृत र पूर्ण परिचय पाइन्छ। किन्तु यसको पूर्णरूपेण ब्राह्मणहरूले पालना गरे तथा क्षत्रिवर्गले यथासम्भव संरक्षण दिएर अनुसरण गरे।

त्रिपिटक र जैनसूत्रमा वैदिक धर्मको रीति परम्पराको उल्लेख गरेका छन्, परन्तु सम्पूर्ण रूपमा होइन। जुन जुन पक्षलाई उनीहरू आलोचना गर्न चाहन्थे, त्यसकै मात्र उल्लेख गरेका छन्।

ब्राह्मणग्रन्थ र आरव्यक तथा उपनिषद्को समीक्षकका दृष्टिमा असमानता देखिन्छ। ब्राह्मणग्रन्थ, बाह्य आचरण तथा कर्मको व्याख्या गर्दछन् भने उपनिषद् आभ्यन्तर पक्ष–तत्वज्ञानको। तत्वज्ञान प्राप्त गर्नैको निम्ति आन्तरिक अनुशासन, मानस यज्ञविधान र ध्यानयोगद्वारा तत्वचिन्तनको पक्षमा बढता जोड दिन्छन्। उपनिषद् दर्शनको चिन्तन र कथनको सार हो,–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समस्त सृष्टि ब्रह्ममय हो, ब्रह्म नै आत्मा हो, जो सम्पूर्ण जगत्मा व्याप्त छ। समस्त विश्वरचना ब्रह्ममय देखने दृष्टिले अहिंसा र सबै प्राणीमा समान व्यवहार गर्ने, समदृष्टि राख्ने भावनाको जन्म दिन्छ। परन्तु, चिन्तकलाई पनि प्राणी मात्रमा प्रेमको उद्भावना गर्न नैतिकबल चाहिन्छ, त्यसको निम्ति सदाचार एवं बाह्य कर्मको आवश्यक पर्ने हुँदा कर्म–सिद्धान्तको विशेष महत्त्व बाँकी नै रह्यो। कर्मानुसार–फल भोगगर्ने तथा पूर्वजन्मका आचार, संस्कार-द्वारा इहलोकको जन्मकर्मको फलभोग हुन्छ भन्ने कुरा जैनदर्शन तथा बुद्धले पनि मानेका छन्। हिंसारहित गरिने यज्ञको पाली साहित्यमा उल्लेख छैन। सुधारवादी बुद्धको दृष्टिमा पशुबलि गरिने हिंसात्मक यज्ञ र त्यसका समर्थकहरूको कटु आलोचना गर्नु नै मुख्य उद्देश्य थियो। हिंसामा कसैले वेदको प्रमाण दिन्छन् भने वेद प्रमाण मान्न बुद्ध तयार छैनन्। वेदलाई प्रमाण मानेर नै विशेष चिन्तनद्वारा अहिंसावादी विचार प्रकट गर्ने उपनिषद्ले, व्यापकता नपाएको कारण वेद प्रामाण्य भन्नुले पनि हो भन्ने बुद्धले विचार गरेको अनुभव हुन्छ। वेदलाई सर्वोपरि राखेसम्म पशुबलिद्वारा गरिने यज्ञमा निष्ठा भएका ब्राह्मणहरूको प्रभुत्वसमाजबाट हटाउन सकिंदैनथ्यो। उपनिषद्-का ज्ञाता योगेश्वर कृष्णको गीतादर्शनको समीक्षा गर्दा पनि ब्राह्मणको हिंसा-वादी यज्ञको विरोध नै पाइन्छ। कृष्णका अगाडि महाभारतको अवश्यंभावी युद्ध पनि एकातिर थियो भने–परम्परागत सम्पूर्ण भारतवर्षले स्वीकार गरेको ब्राह्मणवादको खुलारूपमा विरोध गर्नु एकाएक सम्भव थिएन। समाजलाई सँगसँगै डोऱ्याएर नयाँ बाटो लगाउनु पर्ने आवश्यकता कृष्णले विचार गरे। बुद्धकालीन समाजमा उपनिषद्ले प्रतिपादन गरेको बाटो सर्वहिताय नभएर समाजबाट विरत भएका ब्राह्मण, क्षत्रिय कुलका वानप्रस्थी र सन्यासीवर्गमा-मात्र सीमित रह्यो। स्वान्तःसुखाय, मात्रै भयो अर्थात् त्यो बाटो लाग्ने व्यक्तिको निम्ति मात्रै भयो। समाजको निम्ति केही फाइदा भएन। बाह्य कर्मवादी यज्ञवादकै जटिलतामा समाज अल्झियो। वर्गभेद, जातिभेदले उग्ररूप लियो। फलतः तलतिर खस्नेको समाजको बहुमतवर्ग, झन्झन् गिर्दै गयो, पतित र अनैतिक आचरणमा भासिंदै गयो। उच्च समाजका विधिकर्ताहरूले कडा दण्डविधानको तर्जुमा गरे। दण्डसंहिताद्वारा नै समाज नियन्त्रण गर्न सकिन्छ भन्ने भावना रहेको पाइन्छ।

दण्डविधानले सम्पूर्ण समाजको हृदय परिवर्तन हुने होइन, केवल त्रासद्वारा बाह्य रूपमा देखिने अपराध नियन्त्रित हुने हो। प्रत्यक्ष रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ र उसको चरित्र व्यक्तिगत रूपमा जे जस्तो भए पनि वास्ता गरिन्न। कामसँग मत्लव छ, व्यक्तित्वका अन्यपक्षसँग मत्लव छैन। किन्तु—पूर्वीय धर्मदर्शनमा चाहे त्यो जैन, बुद्धवादी होस् अथवा वैदिकपरम्पराका न्याय, वैशेषिक, सांख्य, योग, मीमांसा र वेदान्त दर्शनमा कुनै एक पक्षको समर्थक होस्, त्यसको सर्वप्रथम चरित्रबल हुनै पर्छ। सत्य शौचादि सदाचार हुनैपर्छ। अन्यथा उसको कुरा जतिसुकै राम्रो भए पनि, ऊ आफैं शुद्धाचारी छैनभने त्यसलाई मान्न र कुरा गुन्न पूर्वीय समाज तयार हुँदैन। यसकारण जैनतीर्थङ्करले आफ्ना श्रमणहरूको निम्ति आचार संहिता बनाए। बुद्धले विनय (भिक्षु धर्मको नियम) उपदेश गरे। वैदिक ऋषिहरूले पनि आचारः परमो धर्म, एष धर्म सनातनः भने। शंकर, रामानुज, आनन्दतीर्थ, मध्व, बल्लभ, चैतन्य, तुलसी, रामानन्द, आदिले पनि आचार संहितालाई नै धर्मको मूल माने।

चरित्र बलको महत्त्वलाई नमान्ने, सदाचार संहिताको उपेक्षा गर्ने, धर्म वा दार्शनिक सम्प्रदाय यस महाद्वीपमा नउम्रेका होइनन्, तर अस्तित्व बाँच्ने जग भएन। बुद्धयुग पूर्वदेखि लिएर बुद्धभन्दा २५०० वर्ष पछिका महात्मागान्धीको विशाल भारतका जनतालाई एकताको सूत्रमा बाँधेर आन्दोलन गर्ने क्षमताको उपार्जन पनि चरित्रबलले नै गरेको थियो। गीताको कर्मयोग र अहिंसाको हतियार लिने उत्कट चरित्रबल भएका गाँधीले विश्व साम्राज्यका अधिनायक अंग्रेजहरूलाई परास्त गरे।

सनातन वैदिक धर्म–आरव्यक, उपनिषद् ब्राह्मणग्रन्थ, धर्मसूत्र, गृहयसूत्र श्रौतसूत्र आदि ग्रन्थबाट सनातन वैदिकधर्मको विस्तृत र पूर्ण परिचय पाइन्छ। किन्तु यसको पूर्णरूपेण ब्राह्मणहरूले पालना गरे तथा क्षत्रिवर्गले यथासम्भव संरक्षण दिएर अनुसरण गरे।

त्रिपिटक र जैनसूत्रमा वैदिक धर्मको रीति परम्पराको उल्लेख गरेका छन्, परन्तु सम्पूर्ण रूपमा होइन। जुन जुन पक्षलाई उनीहरू आलोचना गर्न चाहन्थे, त्यसकै मात्र उल्लेख गरेका छन्।

ब्राह्मणग्रन्थ र आरव्यक तथा उपनिषद्को समीक्षकका दृष्टिमा असमानता देखिन्छ। ब्राह्मणग्रन्थ, बाह्य आचरण तथा कर्मको व्याख्या गर्दछन् भने उपनिषद् आभ्यन्तर पक्ष–तत्वज्ञानको। तत्वज्ञान प्राप्त गर्नैको निम्ति आन्तरिक अनुशासन, मानस यज्ञविधान र ध्यानयोगद्वारा तत्वचिन्तनको पक्षमा बढता जोड दिन्छन्। उपनिषद् दर्शनको चिन्तन र कथनको सार हो,–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समस्त सृष्टि ब्रह्ममय हो, ब्रह्म नै आत्मा हो, जो सम्पूर्ण जगत्मा व्याप्त छ। समस्त विश्वरचना ब्रह्ममय देख्ने दृष्टिले अहिंसा र सबै प्राणीमा समान व्यवहार गर्ने, समदृष्टि राख्ने भावनाको जन्म दिन्छ। परन्तु, चिन्तकलाई पनि प्राणी मात्रमा प्रेमको उद्भावना गर्न नैतिकबल चाहिन्छ, त्यसको निम्ति सदाचार एवं बाह्य कर्मको आवश्यक पर्ने हुँदा कर्म–सिद्धान्तको विशेष महत्त्व बाँकी नै रह्यो। कर्मानुसार–फल भोगगर्ने तथा पूर्वजन्मका आचार, संस्कार-द्वारा इहलोकको जन्मकर्मको फलभोग हुन्छ भन्ने कुरा जैनदर्शन तथा बुद्धले पनि मानेका छन्। हिंसारहित गरिने यज्ञको पाली साहित्यमा उल्लेख छैन। सुधारवादी बुद्धको दृष्टिमा पशुबलि गरिने हिंसात्मक यज्ञ र त्यसका समर्थकहरूको कटु आलोचना गर्नु नै मुख्य उद्देश्य थियो। हिंसामा कसैले वेदको प्रमाण दिन्छन् भने वेद प्रमाण मान्न बुद्ध तयार छैनन्। वेदलाई प्रमाण मानेर नै विशेष चिन्तनद्वारा अहिंसावादी विचार प्रकट गर्ने उपनिषद्ले, व्यापकता नपाएको कारण वेद प्रामाण्य भन्नुले पनि हो भन्ने बुद्धले विचार गरेको अनुभव हुन्छ। वेदलाई सर्वोपरि राखेसम्म पशुबलिद्वारा गरिने यज्ञमा निष्ठा भएका ब्राह्मणहरूको प्रभुत्वसमाजबाट हटाउन सकिंदैनथ्यो। उपनिषद्-का ज्ञाता योगेश्वर कृष्णको गीतादर्शनको समीक्षा गर्दा पनि ब्राह्मणको हिंसा-वादी यज्ञको विरोध नै पाइन्छ। कृष्णका अगाडि महाभारतको अवश्यंभावी युद्ध पनि एकातिर थियो भने–परम्परागत सम्पूर्ण भारतवर्षले स्वीकार गरेको ब्राह्मणवादको खुलारूपमा विरोध गर्नु एकाएक सम्भव थिएन। समाजलाई सँगसँगै डोऱ्याएर नयाँ बाटो लगाउनु पर्ने आवश्यकता कृष्णले विचार गरे। बुद्धकालीन समाजमा उपनिषद्ले प्रतिपादन गरेको बाटो सर्वहिताय नभएर समाजबाट विरत भएका ब्राह्मण, क्षत्रिय कुलका वानप्रस्थी र सन्यासीवर्गमा-मात्र सीमित रह्यो। स्वान्तःसुखाय, मात्रै भयो अर्थात् त्यो बाटो लाग्ने व्यक्तिको निम्ति मात्रै भयो। समाजको निम्ति केही फाइदा भएन। बाह्य कर्मवादी यज्ञवादकै जटिलतामा समाज अल्झियो। वर्गभेद, जातिभेदले उग्ररूप लियो। फलतः तलतिर खस्नेको समाजको बहुमतवर्ग, झन्झन् गिर्दै गयो, पतित र अनैतिक आचरणमा भासिंदै गयो। उच्च समाजका विधिकर्ताहिरूले कडा दण्डविधानको तर्जुमा गरे। दण्डसंहिताद्वारा नै समाज नियन्त्रण गर्न सकिन्छ भन्ने भावना रहेको पाइन्छ।

दण्डविधानले सम्पूर्ण समाजको हृदय परिवर्तन हुने होइन, केवल त्रासद्वारा बाह्य रूपमा देखिने अपराध नियन्त्रित हुने हो। प्रच्छन्न रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिने अनाचार, अत्याचार, व्यभिचार, नैतिकपतनको नियन्त्रण गर्न समाजको हृदय परिवर्तन गर्नु जरूरी थियो। यसको निम्ति आफू सदाचारी, संयमी भएर प्रचार गर्नु पर्ने, सत्यको बाटो देखाउनु पर्ने भएकोले महावीर र बुद्धले यो कामलाई अघि बढाए। यो कार्य एक्लै गर्नु दुष्कर थियो। व्यापक प्रचार प्रसारको लागि आत्मसंयमी, सदाचारी भिक्षुहरूको विशाल सेना आवश्यक थियो, जो सर्वत्र घुमेर सदाचार र नैतिक शिक्षादिऊन्। यसै कारण बुद्धले भिक्षुसँघ खडा गरे। यसको निम्ति आचार संहिता, चिन्तन मननको बाटो, वैराग्य प्रतिपादन गर्ने उपदेशको आवश्यकतानुसार प्रचार गरे। सत्य, शौचादि धर्मको पहिले नै समाजमा व्याख्या भए पनि उच्च जातिको लागिमात्रै निर्देशित थियो निच् जातिको निम्ति फोहोर, मैलारहनु, अनैतिक आचरण, अभक्ष्यको सेवन, दुष्ट कर्म, हिंसाआदि नै जातिगत धर्म स्वीकृत भएकोले यसको सुधार गरेर प्राचीन आचार धर्मलाई नै सार्वजनिक रूप दिएर नयाँ व्याख्या गर्नु थप, घटगर्नु पनि आवश्यक थियो। यही कुरा बुद्धले आफ्नो धर्म तथा दर्शनको आधार बनाएर प्रचार गरे।

ब्राह्मण धर्ममा पशु बलिदिने बाहेक अन्य यज्ञको विधान पनि छ। त्यसको बुद्धले विरोध गरेका छैनन्। ब्राह्मण, साधु, सन्यासी, श्रमण तथा भिक्षुलाई दिइने भोजन तथा दानको पनि पाली साहित्यमा विरोध पाइदैन। राष्ट्रलाई अहित हुने काम, राज्यानुशासनमा बाधा पर्ने काम, बहुसंख्यक समाजलाई अहित हुने कार्यको पनि बुद्धले समर्थन गरेनन्। पुत्रले बाबुआमा गुरुजनको मान्यता गर्नुपर्ने, स्त्रीले पतिप्रति प्रेम गर्ने आज्ञानुकारिणी भएर रहने, घरको सुख–दुःख व्यहोरेर सन्तोष भएर रहने समाजको निम्ति उपयोगी उपदेश दिएको, पाली साहित्यमा पढ्न पाइन्छ। यसकारण बुद्धको धर्मोपदेश समाज सुधारको निम्ति थियो। यसकारणले पनि बुद्धलाई सिद्धमहात्मा पुरुषको रूपमा समाजका अभिजात वर्ग र विद्वान् वर्गले हेरेका थिए भन्ने कुरा पाली साहित्यबाट थाहा पाइन्छ।

बुद्धकालीन अन्य तापस सम्प्रदाय र तिनको दर्शन

सन्यास जीवनको प्रमाण ऋग्वेदकालमै पाइन्छ। ऋग्वेद (१०।१३६।२–४) मा मुनिहरूको उल्लेख छ भने (ऋ. ८।३।९ तथा ८।६।१८ एवं १०।७२।७) मा यतिहरूको उल्लेख भएको छ। लामा, लामा केश, दाह्री, नङ, बढाएका शरीरको स्वच्छताप्रति उदासीन हुन्थे। तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृगचर्म धारण गर्थे, संसारी सुखबाट वैराग्य लिएका तपस्वी जीवन बिताउनेहरू समाजमा लोकप्रिय मानिदैनथे भन्ने ऐतरेय ब्राह्मण (७।१३) को उक्तिलाई लिएर आर्येतर तापस हुन् कि भनेर शंका गरेको पाइन्छ ।

हडप्पा संस्कृतिमा प्राप्त पशुपति मूर्ति एवं योगी भन्ने कल्पना गरिएको मूर्तिलाई लक्ष्य गरेर तापस-भेष तथा योग आर्येतर पन्थ हो, पछि वैदिक आर्यहरूले अपनाए भन्ने पाश्चात्य मनीषीहरूले तर्क गरेको पाइन्छ । किन्तु, हडप्पा संस्कृति कसको हो, भन्ने कुरा निश्चय नभएसम्म यस किसिमको तर्क गर्नु व्यर्थ छ । वैदिक ऋचाका द्रष्टा ऋषिलाई हाम्रा पूर्वीय आचार्यहरू कर्ता नभनेर द्रष्टा मात्र मान्दछन् । वैदिक ऋचाको परिशीलन र अध्ययन गर्दा यो गम्भीर चिन्तनबाट मानस तहमा प्रत्यक्षीकृत अलौकिक अनुभूतिको संकलन हो भन्ने तर्कलाई पनि स्वीकार गर्न सकिन्छ । यस्ता अप्रत्याशित रहस्य युक्त मन्त्रहरू पनि नभएका होइनन् । यसकारण ध्यानयोग आर्येतर संस्कृतिबाटै आएको भनेर किट्ने गतिलो प्रमाण हामीसँग छैन । उत्तर वैदिककालपछि योगविद्या पूर्णरूपले भारतीय परम्पराको विषय हो भन्ने निश्चित प्रमाणहरू छन् ।

आर्येतर जाति थिएनन् वा उनीहरूमा योग, ध्यान, देवपूजा थिएन भन्ने कुरा होइन, तर थियो भन्ने कुराको पनि कल्पना अथवा तर्कबाहेक हामीसँग ठोस प्रमाणहरू छैनन् । ऋषि मुनिको उल्लेख ऋग्वेदमा नै भएकोले ऋषि र मुनिमा भेद थियो भन्न सकिन्छ । मुनि, तापस जीवन बिताउने योगी र ऋषि विशिष्ट बिद्वान् मन्त्र द्रष्टा एवं गृहस्थ पनि हुन्थे ।

याज्ञवल्क्य ऋषिले गृहस्थ जीवनपछि सन्यास लिएका थिए ।[१] मुण्डकोपनिषद् (१।२।११) तथा (३।२।६) मा तपस्यालाई ब्रह्मज्ञान प्राप्तिको साधन भनिएको छ । यस्ता तपस्वीको भिक्षान्नबाट जीवन निर्वाह गर्ने कुरा पनि त्यसैमा उल्लेख छ । अन्य उपनिषद्मा चारै आश्रमको क्रमिक विधान गरिएको पाइन्छ भने कुनैमा मनमा वैराग्य उत्पन्न हुने बित्तिकै सन्यास लिने विधान पनि छ ।

अनन्त भोग लिप्सावाट जीवन नथावने अथवा तृष्णा जरा-जीर्ण नहुने कुरा बुझेर आध्यात्मिक चिन्तनमा लागेका तापसहरूको साधनाले ब्रह्मसत्यम्, ब्रह्मएव हि केवलम् जस्ता विचारको तर्कयुक्त व्याख्या एवं योग-

१. बृहदारण्यक उपनिषद् ४।५।३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिने अनाचार, अत्याचार, व्यभिचार, नैतिकपतनको नियन्त्रण गर्न समाजको हृदय परिवर्तन गर्नु जरूरी थियो। यसको निम्ति आफू सदाचारी, संयमी भएर प्रचार गर्नु पर्ने, सत्यको बाटो देखाउनु पर्ने भएकोले महावीर र बुद्धले यो कामलाई अघि बढाए। यो कार्य एक्लै गर्नु दुष्कर थियो। व्यापक प्रचार प्रसारको लागि आत्मसंयमी, सदाचारी भिक्षुहरूको विशाल सेना आवश्यक थियो, जो सर्वत्र घुमेर सदाचार र नैतिक शिक्षादिऊन्। यसैकारण बुद्धले भिक्षुसंघ खडा गरे। यसको निम्ति आचार संहिता, चिन्तन मननको बाटो, वैराग्य प्रतिपादन गर्ने उपदेशको आवश्यकतानुसार प्रचार गरे। सत्य, शौचादि धर्मको पहिले नै समाजमा व्याख्या भए पनि उच्च जातिको लागिमात्रै निर्देशित थियो निच् जातिको निम्ति फोहोर, मैलारहनु, अनैतिक आचरण, अभक्ष्यको सेवन, दुष्ट कर्म, हिंसाआदि नै जातिगत धर्म स्वीकृत भएकोले यसको सुधार गरेर प्राचीन आचार धर्मलाई नै सार्वजनिक रूप दिएर नयाँ व्याख्या गर्नु थप, घटगर्नु पनि आवश्यक थियो। यही कुरा बुद्धले आफ्नो धर्म तथा दर्शनको आधार बनाएर प्रचार गरे।

ब्राह्मण धर्ममा पशु बलिदिने बाहेक अन्य यज्ञको विधान पनि छ। त्यसको बुद्धले विरोध गरेका छैनन्। ब्राह्मण, साधु, सन्यासी, श्रमण तथा भिक्षुलाई दिइने भोजन तथा दानको पनि पाली साहित्यमा विरोध पाइदैन। राष्ट्रलाई अहित हुने काम, राज्यानुशासनमा बाधा पर्ने काम, बहुसंख्यक समाजलाई अहित हुने कार्यको पनि बुद्धले समर्थन गरेनन्। पुत्रले बाबुआमा गुरुजनको मान्यता गर्नुपर्ने, स्त्रीले पतिप्रति प्रेम गर्ने आज्ञानुकारिणी भएर रहने, घरको सुख–दुःख व्यहोरेर सन्तोष भएर रहने समाजको निम्ति उपयोगी उपदेश दिएको, पाली साहित्यमा पढ्न पाइन्छ। यसकारण बुद्धको धर्मोपदेश समाज सुधारको निम्ति थियो। यसकारणले पनि बुद्धलाई सिद्धमहात्मा पुरुषको रूपमा समाजका अभिजात वर्ग र विद्वान् वर्गले हेरेका थिए भन्ने कुरा पाली साहित्यबाट थाहा पाइन्छ।

बुद्धकालीन अन्य तापस सम्प्रदाय र तिनको दर्शन

सन्यास जीवनको प्रमाण ऋग्वेदकालमै पाइन्छ। ऋग्वेद (१०।१३६।२–४) मा मुनिहरूको उल्लेख छ भने (ऋ. ८।३।९ तथा ८।६।१८ एवं १०।७२।७) मा यतिहरूको उल्लेख भएको छ। लामा, लामा केश, दाह्री, नङ, बढाएका शरीरको स्वच्छताप्रति उदासीन हुन्थे। तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृगचर्म धारण गर्थे, संसारी सुखबाट वैराग्य लिएका तपस्वी जीवन बिताउने-हरू समाजमा लोकप्रिय मानिंदैनथे भन्ने ऐतरेय ब्राह्मण (७।१३) को उक्ति-लाई लिएर आर्येतर तापस हुन् कि भनेर शंका गरेको पाइन्छ ।

हडप्पा संस्कृतिमा प्राप्त पशुपति मूर्ति एवं योगी भन्ने कल्पना गरिएको मूर्तिलाई लक्ष्य गरेर तापस-भेष तथा योग आर्येतर पन्थ हो, पछि वैदिक आर्यहरूले अपनाए भन्ने पाश्चात्य मनीषीहरूले तर्क गरेको पाइन्छ । किन्तु, हडप्पा संस्कृति कसको हो, भन्ने कुरा निश्चय नभएसम्म यस किसिमको तर्क गर्नु व्यर्थ छ । वैदिक ऋचाका द्रष्टा ऋषिलाई हाम्रा पूर्वीय आचार्यहरू कर्ता नभनेर द्रष्टा मात्र मान्दछन् । वैदिक ऋचाको परिशीलन र अध्ययन गर्दा यो गम्भीर चिन्तनबाट मानस तहमा प्रत्यक्षीकृत अलौकिक अनुभूतिको संकलन हो भन्ने तर्कलाई पनि स्वीकार गर्न सकिन्छ । यस्ता अप्रत्याशित रहस्य युक्त मन्त्रहरू पनि नभएका होइनन् । यसकारण ध्यानयोग आर्येतर संस्कृतिबाटै आएको भनेर किट्ने गतिलो प्रमाण हामीसँग छैन । उत्तर वैदिककालपछि योगविद्या पूर्णरूपले भारतीय परम्पराको विषय हो भन्ने निश्चित प्रमाणहरू छन् ।

आर्येतर जाति थिएनन् वा उनीहरूमा योग, ध्यान, देवपूजा थिएन भन्ने कुरा होइन, तर थियो भन्ने कुराको पनि कल्पना अथवा तर्कबाहेक हामीसँग ठोस प्रमाणहरू छैनन् । ऋषि मुनिको उल्लेख ऋग्वेदमा नै भएकोले ऋषि र मुनिमा भेद थियो भन्न सकिन्छ । मुनि, तापस जीवन बिताउने योगी र ऋषि विशिष्ट बिद्वान् मन्त्र द्रष्टा एवं गृहस्थ पनि हुन्थे ।

याज्ञवल्क्य ऋषिले गृहस्थ जीवनपछि सन्यास लिएका थिए ।[१] मुण्डकोपनिषद् (१।२।११) तथा (३।२।६) मा तपस्यालाई ब्रह्मज्ञान प्राप्तिको साधन भनिएको छ । यस्ता तपस्वीको भिक्षान्नबाट जीवन निर्वाह गर्ने कुरा पनि त्यसैमा उल्लेख छ । अन्य उपनिषद्मा चारै आश्रमको क्रमिक विधान गरिएको पाइन्छ भने कुनैमा मनमा वैराग्य उत्पन्न हुने बित्तिकै सन्यास लिने विधान पनि छ ।

अनन्त भोग लिप्सावाट जीवन नथावने अथवा तृष्णा जरा-जीर्ण नहुने कुरा बुझेर आध्यात्मिक चिन्तनमा लागेका तापसहरूको साधनाले ब्रह्मसत्यम्, ब्रह्मएव हि केवलम् जस्ता विचारको तर्कयुक्त व्याख्या एवं योग-

१. बृहदारण्यक उपनिषद् ४।५।३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वारा परमानन्दको अनुभूति प्राप्त गरे तथा सिद्धिद्वारा अलौकिक शक्तिको प्रदर्शन गरे, त्यसले गर्दा सर्वसाधारणको आस्था सन्यासीपट्टि बढेको अन्दाज गर्न सकिन्छ ।

अलौकिक तेजस्विता, अचिन्तनीय चमत्कारी शक्ति, अपार ज्ञान-राशिलेयुक्त योगी सन्यासीहरूको दर्शनले आकर्षित मानवसमाजमा बुद्धभन्दा पूर्व युगमा नै तापस, सन्यासी, जटिल मुनिहरूको संख्यामा वृद्धिभएको थाहा पाइन्छ ।

वैदिकआर्यहरू चिन्तन, मनन र अध्ययनले उपार्जित ज्ञानलाई वादविवादद्वारा समाजसम्म पुऱ्याउन चाहन्थे र उपदेश पनि गर्थे । किन्तु प्रवृत्तिवाट विरत वृद्धावस्थाको साधनाद्वारा हासील भएको तथ्य प्रचारको निम्तिभन्दा आत्ममोक्ष, स्वान्त-सुखाय, भएकोले र कठिन साधना र चिन्तन-द्वारा प्राप्त अनुभूति स्वयं अनुभव गरिनेमात्र विषय भएकोले एकान्त र शान्ति-प्रिय जीवन विताउनपट्टि नै वैदिक परम्पराका सन्यासीहरू लागे । उपनिषद्को व्याख्या र साधना-पथ सर्व साधारणका निम्ति आकर्षणको विषय पनि भएन ।

उपनिषद्को सार गीतादर्शन, अन्य भारतीय षड्दर्शनका विषय-हरू सूत्ररूपमा प्रतिपादित भए पनि यसको विशद व्याख्या गर्ने भाष्य-कर्ताहरूको प्रयास नभएसम्म व्यापक प्रचारप्रसारको विषय हुन सकेको थिएन ।

सन्यासी वा परिव्राजक भएर गृहत्याग गर्ने परम्परा तथा विभिन्न विचारका चिन्तकहरू बुद्धपूर्वका कालमा थिए । ऋषिहरू प्रायः जङ्गलमा कुटी बनाएर साधनारत रहन्थे । रामायण आदि इतिहास ग्रन्थमा यस्ता आश्रम-वासी जङ्गल नै मङ्गल ठान्ने ऋषिकुलको चर्चा पाइन्छ । प्रायः साधनस्थल, तथा ब्रह्मचर्यव्रत लिएर अध्ययन गरिने गुरुकुल (ऋषि आश्रम) जङ्गलमा नै हुन्थे । नागरिक जीवनको कोलाहलमा न चिन्तन मनन हुन सक्छ, न राम्रो स्वाध्याय नै । दर्शन, स्पर्शन, सम्भाषण, चिन्तन, आदि आठ प्रकारका मैथुनिक क्रियाबाट बचेर ब्रह्मचारी जीवन बिताउन पनि सहरिया वातावरणमा उपयुक्त थिएन ।

उपर्युक्त कथनको तात्पर्य के हो भने—तापसजीवनको आविर्भाव नै यही अरण्यवासी ऋषिहरूबाट शुरू भयो ।

मानिसको मन जहिले पनि नयाँ कुरातिर आर्षित हुन्छ, त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राम्रो होस् अथवा नराम्रो होस् । बुझ्नेभन्दा अनुकरण गर्नेहरूको भीड लाग्दछ, परिणाम जे जस्तोसुकै होस् ।

ईशापूर्वको छैंटौं शताब्दी पनि यस्तै परिव्राजक जीवनतिर लहसिएको जाने पनि नजाने पनि आफ्ना मन्तव्यहरू दार्शनिक सिद्धान्तको रूपमा पोख्ने नानाभेषधारी, भस्मधारी, जटावल्कलधारी, नग्न, मुण्डितकेशा, तापस सम्प्रदायको बाहुल्य भएको कुरा जैन, पाली साहित्यको अनुशीलनबाट थाहा पाइन्छ ।

यस कालमा जैन, आजीवक सम्प्रदाय बुद्धभन्दा पूर्वको देखिन्छ ।

बुद्धकालीन प्रमुख तापस सम्प्रदाय

पाली साहित्यको सामन्ज फल–सुत्त, महापरिनिब्बान सुत्तका अनुसार छओटा तापस–सम्प्रदाय प्रमुख थिए । यिनीहरूको जीवनपद्धति पनि श्रमण (सन्यासी) हरूको जस्तै थियो । यी ६ सम्प्रदायलाई छुट्टयाउने जटासम्म वल्कल, जीवर, गेरुवावस्त्र, नग्न आदि दृश्यभेद पनि हुनुपर्छ । किन्तु–त्यसको ठीक ठीक विवरण दिनकठिन छ ।

यी ६ सम्प्रदायका आचार्यहरू हुन्– (१) पूरण कस्सप (पूर्ण काश्यप) (२) मक्खलि गोशाल (३) पकुध कच्चायन (प्रकुध कात्यायन) (४) अजित केश कम्बस (५) सञ्जय वेलट्ठितुत्त (६) निगण्ठ नात पुत्त (निर्ग्रन्थज्ञातृपुत्रमहावीर)

उपर्युक्त छ सम्प्रदाय समाजका दृष्टिमा आदरणीय थिए । जनता श्रद्धा, भक्ति, राख्दथे भनिन्छ । आज पनि बहुभेषधारी योगी, वैरागी, सन्यासीलाई सम्प्रदायको सोधपुछ नगरीकनै श्रद्धा र आस्थाको दृष्टिले हेर्ने चलन छ । उनीहरूलाई दान दिनु, भिख दिनु, मानव जातिको धार्मिक कर्तव्यभित्र भनिन्छ ।

उपर्युक्त ६ सम्प्रदायबाहेक मुण्डसावक, परिव्राजक (घुमन्ते) मागन्दिक, तेदण्डिक (दण्डधारी ?) अविरुद्धक, देवधम्मिक, पिसाचिल्लिक, अचेलक (दिगम्बर ?) एक शाटिक नामको उल्लेख पाइन्छ ।[१] नवौं शतीका एक जैन टीकाकारको अर्धश्लोकको उल्लेख गर्दै डा० मदनमोहन भन्दछन्– निर्ग्रन्थ, शाक्य, तापस, गैरिक, आजीवकको नाम उल्लेख भएको पाइन्छ ।

निर्ग्रन्थ (दिगम्बर जैन) शाक्य बुद्ध तथा तापस (वानप्रस्थी

---

१. संयुक्त निकाय (१) पृ. ७८ तथा उदान ६।२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधु) गैरिक (गेरू वस्त्रधारी सन्यासी) र आजीवक (नग्न साधु) हरूको नै मुख्यता थियो भन्ने अनुमान हुन्छ।

अशोकको धर्मलेखमा-बौद्ध, जैन, आजीवकको नाम उल्लेख भएको पाइन्छ। ब्राह्मण र श्रमण शब्दले ब्राह्मण र ब्राह्मणबाहेकका सन्यासी भएका साधुको बोध हुन्छ।

उपर्युक्त तालिकाको क्रम एकै नभएकोमा डा० सुकुमार दत्त सेन भन्दछन्-आंशिक र दोषयुक्त ज्ञान, जाति र वर्ग विशेषको पर्याप्त विश्लेषण नहुनु तथा व्यक्तिगत ज्ञान र परम्पराका बीच अस्पष्टताले पनि क्रम नमिलेको हो।

पाली साहित्यमा तपस्वीहरूको निम्ति परिव्राजक, भिक्षु, श्रमण, यति, सन्यासी आदि नाम प्रयुक्त छन्। निकायमा परिव्राजक र जातकमा तापस शब्दको उल्लेख छ।

जैन साहित्यअनुसार तापसको विवरणबाट वानप्रस्थीहरूको नाम नै तापस हो भन्ने बुझिन्छ। किनभने—अरण्यवासी अग्नि पूजक, भूमि-शयन तपश्चरण, अन्त्येष्टी क्रिया आदिको उल्लेख पाइन्छ। वानप्रस्थ वैदिक परम्पराको तेस्रो आश्रम हो। यो वृद्धजीवनमा सपत्निक पनि हुन सक्थ्यो।

आधुनिक विश्लेषण कर्ताहरूको विचारमा वानप्रस्थ र सन्यास एकवर्ग र परिव्राजकको अर्कोवर्ग हुनुपर्छ भन्ने छ। परन्तु सन्यासधर्ममा ग्रामवास, तीनरातभन्दा बढी एक ठाउँमा वासनगर्नुभन्ने उल्लेख पाइनुले परिव्राजक (घुमक्कड) को अर्थ सन्यास नै हो भन्न सकिन्छ। रीस डेविडको तर्क घुमी-घुमी दार्शनिक वादविवाद गर्नेवर्ग परिव्राजक हो भन्ने कुराको परम्परा नै पाइदैन।[1] यज्ञमा, अन्य ठूला सत्रमा, तीर्थ स्थलको पर्व-यात्रामा, भेलाभएका विद्वान्हरूको, योगीहरूको बीच, वादविवाद, प्रवचन, उपदेश हुन्थे र आज पनि यस्तो परम्परा जीवित छ। पहिले विद्वान् ब्राह्मणहरूमा यो परिपाटी थियो भनै आजकल साधु सन्यासी समाजमा बढी देखिन्छ। यसकारण भिक्षु, श्रमण, सन्यासी नै परिव्राजक हुन् भन्ने कुरा निश्चित छ। परिव्राजक वर्ग दुई किसिमपो थियो, ब्राह्मण सन्यासी र अन्य वर्गका सन्यासी।

वैदिक धर्मको परिगणनअनुसार-वानप्रस्थ र सन्यास आश्रममा भेद छ। साधक अवस्था वानप्रस्थ हो र साधना सिद्ध अवस्था नै सन्यास हो।

---

१. रीश डेविड-टी डब्लू. बुद्धिष्ट इन्डिया पृ. ६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी दुवै तपस्वी किसिमका नै देखिने हुँदा जातक कथा–साहित्यमा तापस शब्द दुवै थरीलाई अभिहित भएको पाइन्छ ।

जातक साहित्यअनुसार ब्राह्मण तापस (आश्रमवासी तपस्वी वा आचार्य) का साथमा पाँच पाँच सय शिष्य मण्डली रहन्थे भन्ने उल्लेख छ । यसबाट यो प्राचीन ऋषिकुलको अनुसरण हो भन्ने थाहा हुन्छ । उरूवेल काश्यपका पाँचसय शिष्य थिए । उनका अरू दुई भाइका साथमा क्रमशः ३०० तथा २०० चेला थिए । यस्तै सञ्जय परिव्राजक २५० शिष्यसहित राजगृह (मगध) नजीक वस्तथे । तापसका प्रधान आचार्य 'गण सत्था' कहिन्थे भन्ने पाली साहित्यमा देख्न पाइन्छ ।

पालीसाहित्यमा बुद्धका प्रमुख शिष्य मध्ये ४५ को नाउँ पाइन्छ । यिनमा अधिकतर, वेदविद्या पढेका दर्शनमा बढीचाख राख्ने ब्राह्मण वर्ग नै भएको विद्वान्हरूले अनुमान गरेका छन् ।

जैनसूत्र, धर्मशास्त्र, एवं पाली विनयमा परिव्राजक जीवनको प्रशस्त विवरण पाइन्छ । यी धर्मानुयायीहरूको दार्शनिक पक्षमा मतमतान्तरको अधिकता देखिए पनि सन्यास, श्रमण तथा भिक्षु जीवनका अनुशासन, नियममा पर्याप्त समानता पाइन्छ । वैदिक धर्म अन्तर्गतको आश्रमधर्म ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ पछिको चौथो आश्रम सन्यास मानिन्छ । सन्यास-को अर्थ सबै बाह्यपूजा संस्कारहरू थन्क्याएको भन्ने हुन्छ र यो जीवन अहिंसा, सत्य, अस्तेय,शौच, इन्द्रियनिग्रह आदिको पालना गर्ने भए तापनि जातिवादको कट्टरतावाट मुक्त भएको हुन्थ्यो । तामसी, गर्हित र पर्युषित (सडेगलेको दुर्गन्धी) भोजन, अग्राह्य मानिन्थ्यो । यसबाहेक शुद्ध र सफा भोजन ग्रहण गर्न जाति बन्धनले सन्यासीलाई बाधा दिंदैनथ्यो ।

परन्तु वर्णाश्रम व्यवस्थामा सन्यास आश्रमको विधान, ब्राह्मण, क्षत्रिय, वैश्य जातिलाई मात्र पछिका धर्मशास्त्रकारले दिएका छन् । शूद्र जातिलाई सन्यास जीवनको अनुमति नदिए पनि शूद्रवर्गबाट तापस अथवा सन्यास जीवन व्यतित गर्ने व्यक्ति थिएनन् भन्न मिल्दैन । ज्ञान, चिन्तन कुने जातिको पेवा हुने विषय पनि होइन । पाली साहित्यको मातङ्ग जातकमा मातङ्गचाण्डाल ज्ञानी भएकोले समाजमा पूज्य भएको उल्लेख पाइन्छ । ज्ञानार्जन गर्ने मनुष्य मात्रको अधिकार हो भन्ने उदारमना ऋषि–महर्षि तथा चिन्तकहरू बुद्ध पूर्वको युगमा नै भइसकेका थिए भन्ने कुरा इतिहास पुराणको अनुशीलन-बाट पनि जान्न पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धधर्मको बारेमा केही कुरा पूर्व प्रसङ्गमा भनियो। साथै जैनदर्शन सम्प्रदायको दिग्दर्श पनि भइसकेको छ। केही बाँकी विषयहरू प्रसङ्गवश फेरि पनि गरिने छ। पालीसाहित्यबाट जान्न पाइने अन्य तापसहरू-को सम्प्रदाय बारे यहाँ केही चर्चा गर्नु आवश्यक भएको छ।

आजीविक सम्प्रदाय जैनधर्म जस्तै आजीवक सम्प्रदाय पनि बुद्ध-भन्दा प्राचीन समयदेखि नै चल्दै आएको बुझिन्छ। बुद्धकालमा आजीवक मता वलम्बीहरूको बिहार (आवास गृह) गृहावास आदि भएको प्रमाण, वर्तमान बिहार र उत्तर प्रदेश प्रान्तमा पाइएको छ। यो मतका प्रचारक मुख्य आचार्य मक्खलि-गोशाल मानिन्छन्। जैन तीर्थङ्कर महावीर, गोशाल र बुद्ध समकालीन मानिन्छन्। केही वर्षअगाडि गोशालको निधन भएको यसको १६ वर्षपछि महावीर र त्यसको वाद गौतमबुद्धको परिनिर्वाण भएको प्रमाण पाइन्छ।[१]

मक्खलि गोशाल प्रायः श्रावस्तीमा वस्तथे र मगधसम्मको भ्रमण गर्थे। यसै घुम्ने क्रममा महावीरसँग भेट हुँदा दुवै कैयन वर्षतक नालन्दामा साथसाथै रहेको वर्णन पनि पाइन्छ।[२] कुनै कुनै विद्वान्हरूको मतमा आजीवक मतको प्रचार नै पहिले अर्धमागधि प्राकृत (पाली) भाषामा शुरू भएको मानिन्छ।[३] मगधवासी कैयन आजीवक मतका तपस्वीहरूसँग बुद्धको भेट भएको वर्णन पनि पाली निकायमा पाइन्छ।[४] राजगृहको एक रथकारको पुत्र आजीवक भएको प्रमाण पनि उल्लेख भएको छ। यस्तै आजीवक तापसहरू मगध, विदेह (मिथिला) चम्पा, (भागलपुर) आदि नगरमा घुम्थे।[५] बुद्धको परिनिर्वाणको सम्वाद एक आजीवक साधुबाट भिक्षु महाकस्सपले सुनेका थिए।[६] अशोकले ब्राह्मण, श्रमण (जैन सन्यासी) तथा आजीवकहरूको पनि सादर उल्लेख गरेका छन्।

---

१. भगवतीसूत्र १५।५४९–५३ तथा वासम ए. एल. हिस्टोरी एण्ड, आजीवक पृ. २०।

२. ऐ ऐ।

३. ऐ पृ. २४–२६।

४. महावग्ग १।६।७-९। मज्झिम निकाय १ पृ. १७०। जातक १ पृ. ८१

५. वासम्, ए. एल. हिस्टोरी एण्ड डाक्ट्रीन अफ द आजीवक पृ. ९५

६. चुल्लवग्ग ११।१।१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुण कस्सप नाम गरेका आजीवक साधुले मिथिलामा एक आश्रम स्थापना गरेका थिए ।[1] उपर्युक्त पालीसाहित्य अशोकको धर्मलेख र त्यसपछिका पुरातात्विक प्रमाणले पनि मौर्यकालको अन्तसम्म आजीवक मतको अस्तित्व पाइन्छ । बौद्ध तथा जैन मतको जस्तै आजीवकको पनि दुई वर्ग पाइन्छ, उपासक (गृहस्थ जीवनमा नै बसेर पनि त्यसकोप्रति विशेष रुचिराख्ने) तथा तापस, परिप्राजक ।

राजगृहनिवासी रथकार पुत्र उपासक (स्वकर्ममा निरत रहेर पनि त्यस सम्प्रदायको भक्त) भएको कुरा मज्झिम निकायमा पाइन्छ तथा बिन्द्रुसारको राजसभाका ज्योतिषी आजीवक थिए ।[2] अन्य तापसहरू दिगम्बर जैन जस्तै नाङ्गो जीवनमा रहन्थे ।

पालीसाहित्यमा आजीवकलाई मिथ्याजीव, मिथ्यातपस्वी आदि संज्ञाले विरोध प्रकट गरेका छन् ।

मक्खलि गोशाल - यिनको विषयमा पालीनिकायको व्याख्यामा नियति (भाग्य) वादी थिए भनिएको छ । सम्पूर्ण प्राणी निर्वीर्य तथा निसत्व छन् । यसको न कुनै हेतु छ, न जीवजन्तुले क्लेश पाउनमा नै कुनै कारण छ । ४८ लाख योनि (कल्प) छन्, त्यसमा पंडित, मूर्ख, साधु, सज्जन सबैले घुम्नै पर्छ । यी सबै कुरा पूर्व नियत छन् । जसको जेजति सुख दुःख भोग्ने कुरा भाग्यले नियत गरेको छ, त्यो त्यति नै भोगेर मात्र दुःखको अन्त गर्न सक्छ ।[3]

महानारद कस्सप-जातकमा पनि नियतिवादी तापसको वर्णन पाइन्छ । विदेहनगर नजीकको मृगवनमा बस्ने गुणकस्सपले विदेहराज अंगितिलाई उपदेश गर्दा भनेका छन् - धर्माचरणले राम्रो वा खराब फल मिल्छ भन्ने कुरा होइन, त्यस्तै परलोक नामको कुनै वस्तु छैन । उहाँबाट को फर्केर आएको छ ? कसले देख्यो ? सबै प्राणी समान छन् न कसैको सत्कार लिनु छ, न कसैलाई दिनु छ । शौर्य, वीर्य आदि कसैको छैन, सबै नियतिको वशमा छन्, जस्तै नाउमा बाँधिएको डोरी ।

जसलाई जो मिल्नु पर्छ त्यो नियतिद्वारा मिल्छ । यसकारण दान

---

१. जातक ६ पृ. २२२–२३

२. महावंश टीका १ पृ. १९० तथा दिव्या वदान पृ. ३७०-७१ ।

३. दीघ नि. सामन्ज फल सूत्त पृ. ५३-५४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिंदा केलाभ ? दान दिने मूर्ख हो, दान लिने बाठो ।[1]

गुणकस्सपको नियतिवाद पनि आजीवकै समान हो भन्ने पाली-साहित्यको मन्तव्य छ । यो नियतिवादको खण्डन, विदेहराज कन्या रूजावाट गरेको पाइन्छ । उनी भन्छिन्, यदि जीव सत्व संसार (८४ लाख योनि घुमेर) द्वारा नै शुद्ध हुन्छ भने तपस्याको के काम ? नियतिद्वारा नै सवकुछ हुन्छ बदल्न सकिंदैन भन्नेले तपस्या गर्छ भने वत्तीलाई पुतलीले अङ्कमाल गरे जस्तै हो, किनकि उसले आफ्नो कर्मको पनि विनाश गर्छ तथा पूर्व जन्मको पापले बल्छीमा माछो परे जस्तै आफ्नो रक्षा गर्न सक्तैन ।[2]

पूरण कस्सप तथा पकुध कच्चायनको मत - यिनीहरू दुवैको विचार पनि मख्खलि गोशालको नियतिवाद जस्तै थियो भन्ने कुरा दीघ निकायमा उल्लेख पाइन्छ ।[3] तामिलसाहित्यमा यो मतलाई पनि आजीवक नै भनेर उल्लेख गरेको छ भन्ने अन्वेषकहरूको कथन छ ।[4] सम्भव छ विभिन्न आचार्यद्वारा भएको मतान्तरले आजीवक सम्प्रदायमा धेरै शाखा सम्प्रदाय जन्मेको हुनु पर्छ भन्ने विद्वान्हरूको मन्तव्य छ ।

पाली निकायअनुसार पूरण कस्सप ख्यातिप्राप्त आचार्य थिए तथा उनको मत अक्रियावादी थियो । उनको विचारमा मनुष्यको कुनै उत्तर-दायित्व छैन । चोरी प्राणीहिंसा परस्त्री गमन, मिथ्याचार मिथ्याभाषणमा न कुनै पाप छ, न यज्ञ, दान, संयम, सत्यभाषणमा कुनै पुण्य पाइन्छ ।

यस्तै पकुध कच्चायनले पनि अकृतवादको प्रतिपादन गरेका थिए भनिन्छ । उनको विचारमा न कुनै स्रष्टा छ, न उसद्वारा गरिएको सृष्टि नै छ । यिनका मतमा सात काय - पृथ्वी, जल, तेज, वायु, सुख, दुःख र जीवन नै मुख्य हुन् । यहाँ न कोही हन्ता छ न हत्या गराउने वाला, नसुन्ने कोही छ, न सुनाउने छ । कसैले तरवारले शिरकाटी दियो भने यो शस्त्र यिनै सात कायको खाली ठाउँमा पर्दछ । कोही कसैको प्राण मार्दैन यसकारण सातकाय (समूह) अकृत (अनियमित) अवश (कूटस्थ) तथा स्तम्ववत्

---

१. जातक कथा ६ पृ. २२५ ।

२. जातक ६ पृ. २३४

३. दीघ नि. सामन्ज फल सूत्त पृ. ५३-५४ ।

४. दी नि. सामन्ज फल सुत्त पृ. ५२-५३ तथा वाशम, ए.एल. हिष्टोरी एण्ड डिक्ट्री अफ द आजीवक चिप् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अचल) छ ।[1]

सन्जय वेलट्ठिपुत्तको दर्शन–उनीलाई पालीसाहित्यले अनिश्चितवादी भनेको छ । उनी परलोकको अस्तित्वलाई न स्वीकार गर्दथे न अस्वीकार नै । परलोक न छ न छैन । सबै प्राणी अयोनिज हुन् अथवा होइनन् । राम्रो र नराम्रो कर्मको फल छ पनि, छैन पनि । अर्थात् उनको विचारमा न कुनै कुराको स्वीकृति नै थियो न अस्वीकृति ।[2]

अजित केशकम्वली–यिनलाई त्रिपिटक साहित्यमा जडवादी अथवा उच्छेदवादी भनिएको पाइन्छ । यिनको विचारमा - राम्रो - नराम्रो कर्मको कुनै फलाफल हुन्छ । न दान, न यज्ञ, न धर्म न पाप छ । न इहलोक न परलोक नै छ । न बाबु आमा छन्, न अयोनिज सत्व नै छ । न यस्ता ब्राह्मण वा श्रमण नै छन् जसले इहलोकको साक्षात्कार गर्न सकेका होउन् । मनुष्य अथवा प्राणी चतुर्महाभौतिक छन् । जब काल-कवलित हुन्छन्, त्यतिखेर पृथ्वीको अंश पृथ्वीमा, जलको जलमा, तेजको तेजमा, वायुको वायुमा र इन्द्रियहरू आकाश (शून्य) मा लीन हुन्छन् । आस्तिकवाद मिथ्या हो । शरीर नष्ट भएपछि मूर्ख होस् वा ज्ञानी सबैको उच्छेद हुन्छ ।[3]

उपर्युक्त कथनबाट यी चार्वाक दर्शनका अनुयायी देखिन्छन् । पालीसाहित्यको अनुशीलन गर्दा प्रायः सम्पूर्ण उल्लिखित जैन तथा बुद्ध दर्शन–बाहेक, तत्कालीन मतवादलाई नास्तिक दर्शनमा नै गन्न सकिन्छ । उनीहरूको विचार न व्यवहारिक थियो न समाजको निम्ति हितकर नै मान्न सकिन्छ । फेरि यिनीहरू किन तापस जीवन बिताउँथे आश्चर्य छ । किन्तु मक्खलि गोशाल अबधूत तथा अष्ट सिद्धि प्राप्त थिए ।

देश, काल, परिस्थितिलाई विचार गरेर समाजको असल पक्षलाई न खल्बलाईकनै अनावश्यक विडम्बना र रूढिगत अन्धविश्वासलाई विस्तारै पन्छाएर स्वच्छ समाजको सिर्जना गर्न सहायक तथा सबैले सजिलैसँग हृदङ्गम गर्न सक्ने माध्यमिक दर्शनको पक्ष भगवान् बुद्धले ग्रहण गरे । बुद्ध जस्ता व्यवहारवादी र अन्तर्दृष्टि भएका व्यक्तिलाई उपर्युक्त विभिन्न सम्प्रदायका आचार्यको मतले तथा तापस जीवनले न प्रभाव पार्न सक्थ्यो न

---

१. दीघ निकाय १ पृ. ५८ (सामन्ज फल सूत्त)
२. ऐ. पृ. ५८ - ५९
३. ऐ. पृ. ५५ (सामन्जफल सूत्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्तुष्टि नै दिन सक्थ्यो ।

बुद्धभन्दा प्राचीन जैन सम्प्रदाय भए पनि कठोर तपश्चर्या, दिगम्बर पन, अतिकठोर अहिंसा व्रतहरू तत्कालीन समाजलाई व्यापक पार्ने र सहज स्वीकृत हुने विषय थिएनन् । कठोर तपस्याबाट कुनै उपलब्धि नभएकोले र यस्तो नियम सबैबाट पालना हुन नसक्ने पनि बुद्धले त्यो पक्षलाई स्वीकार गरेनन् ।

जैन मतमा स्यात्वाद अथवा सप्त भङ्गी नयको जुन व्याख्या छ, त्यो पनि तर्कवादी दर्शनको उल्झन नै हो ।[1] किनकि महावीरको स्याद्वाद उपनिषद्को प्रभाव हो । उपनिषद्मा ब्रह्म कहीं सत् कहीं असत् र कहीं सत् असत् (व्यक्ताव्यक्त) रूपमा वर्णन भएको छ । यसकारण जैन दर्शन उपनिषद्को सन्निकट वा रूपान्तरित भने हुन्छ । किन्तु - बुद्ध र वैदिक धर्मका व्याख्याताहरूको आचारधर्म - सत्य, अस्तेय, ब्रह्मचर्य, शौच तथा इन्द्रियनिग्रह, असंचय आदिकै अनुसरण गर्छन् तापनि ईश्वर, आत्मा, ब्रह्म जस्ता तर्कवादमा आधारित दर्शनद्वारा सर्वसाधारणको कल्याण गर्न कठिन पर्ने र बुझाउन मुस्किन बुझेर नयाँ बाटो खोज्नपट्टि लागे ।

अनुमान, उपमान, प्रमाणबाट सिद्ध गरे तापनि ब्रह्मज्ञान सहज प्राप्य विषय होइन । सदाचारमय जीवनको ध्यान, धारणा, समाधिबाट स्वयं अनुभूत हुन सक्ने कुरालाई बाटोबाट क्रमैसँग नहिंडाएर केवल लक्ष्यको तर्क-युक्त वर्णनले मात्र समाजलाई डोऱ्याउन सकिंदैन भन्ने र प्रभावोत्पादक हुन सक्तैन भन्ने कुरा बुद्धले राम्ररी बुझेका थिए । यसकारण बुद्धको दर्शन व्यवहारवादी थियो तथा मानवतावादी थियो भन्न सकिन्छ । तत्वज्ञान प्राप्त गर्ने र योग समाधिद्वारा कैवल्य वा अर्हत्को अवस्थामा पुगेका आश्रमधर्मका पालक सन्यासीको कमी थिएन । तर यिनीहरूको पथ, अन्तर्मुखी थियो स्वान्त सुखाय मात्रै थियो । यसकारण भिक्षु तथा तापस एवं परिव्राजकहरू-लाई त्यागी, सम्यमी, अनाशक्त, सच्चरित्रको रूपमा समाजले श्रद्धा र भक्तिले हेरे पनि अनुगमन गर्ने वा साथ दिने कार्य हुन सकेन । समाज आफ्ना ठाउँमा थियो, सन्यासीहरू आफ्ना ठाउँमा थिए ।

यसकारण बुद्धले साधना मार्गको उपदेशलाई मुख्य ठहराए ।

---

१. भगवती सूत्र तथा वलदेव आचार्य भारतीय दर्शनमा जैन दर्शन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जंसबाट साध्य पाउन सहज थियो । यो पथमा अग्रसर हुन विनय (सदाचार) आवश्यक थियो र बुद्धले साधनाको निम्ति विनयको शिक्षा दिए ।

मनुको धर्म लक्षणलाई केही बढ्ता परिभाषित गरे, उपनिषद्को अहिंसालाई मूल अस्त्र बनाए तथा परम्परागत चिन्तन मननको साधना पक्ष योग (ध्यान, धारणा, समाधि) लाई परम लक्ष्य बनाएर बुद्धले आफ्नो माध्यमिक मार्गको प्रचार प्रसार गरे ।[१]

बुद्धदर्शन आस्तिक वा नास्तिक - बुद्धदर्शनत्रिपिटकका मुख्यमुख्य विषयवस्तुको समीक्षा गर्ने हो भने बुद्धनास्तिक दर्शनका प्रतिपादक भित्र पर्दैनन् । वेदको हिंसामूलक यज्ञवाद र दुष्टकर्म पनि जन्मले नै ब्राह्मण हुने जस्तो प्रथालाई भने अवस्य नै मानेनन् र वैदिकसाहित्यअनुसार कर्मणा जातिको मान्यतालाई स्वीकार गरेका छन् । आत्मा र ईश्वर जुन अदृश्य वस्तु हो र ज्ञान चक्षुद्वारा मात्र अनुभूति हुन्छ, त्यस्तो विषयको तर्कद्वारा प्रतिपादन गर्नु पनि निरर्थक ठाने ।

एष धम्म सनातनः भनेर बुद्धले जो व्याख्या गरेका छन्, त्यो वैदिक सनातनधर्म भित्र पर्दैन भन्न सकिंदैन । यस्तै बुद्धका दशशील [२], धर्म, सामाजिक पक्षका असल कर्तव्य, गुरुजनको मान्यता, पतिभक्ति तथा सेवा, गृहस्थ धर्म, गृहिणी-धर्म आदिको विवेचना गर्दा वैदिक धर्मकै मान्यतालाई स्वीकार गरेको पाइन्छ । पुनर्जन्मवाद, प्रणव, अहिंसा पनि वैदिक धर्मबाटै ग्रहण गरिएका छन् । उनी आफूलाई आर्य भन्छन्, कुलीन भन्दछन् र शाक्य कुलका पुर्खा इक्ष्वाकुनै थिए । बुद्धका उत्तरकालीन आचार्य भिक्षुहरूले बुद्धलाई ईश्वरको अवतारमा पुऱ्याए तथा तर्कवादको आधारमा बुद्धको न्याय दर्शनको विकास भएपछि नानावादविवादको सिर्जना भएको र खण्डन-मण्डन

---

१. भरत सिंह उपाध्याय बौद्ध दर्शन तथा अन्य भारतीय दर्शन, भा. १ ।

२. दीघनिकाय सामन्जफल सुत्त-गृहस्थका पञ्चशील, प्राणातिपात विरति (१) अदत्तादान विरति (२) काम मिथ्याचार विरति (३) मृषावादविरति (४) सुरा मैरेय प्रमत्त स्थान विरति (५) यस्तै शील (आचार) समाधि (योग, ध्यान) प्रज्ञा (समाधिको चरम अवस्था) प्रज्ञापनि ३ प्रकारको छ - श्रुतमयी, चिन्तामयी र भावनामयी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको पाइन्छ । यो उत्तरपक्षले विश्व सभ्यतामा गहकिलो प्रभाव पारे तापनि धर्मचक्र प्रवर्तन भएको ठाउँमा अस्तित्व विलोप गर्न पनि मद्दत गऱ्यो भन्नुपर्ने भएको छ । शून्यवादी न्यायले नास्तिकवादी परम्पराभित्र बुद्धदर्शनलाई पुऱ्याउन सफल भयो र आर्य सभ्यतामा बाँचेन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो अध्याय

बुद्धकालीन वैदिक तथा लोकधर्मको बुद्धधर्ममा प्रभाव

यज्ञप्रधान वैदिकधर्ममा अग्निदेवको सर्वोपरि महत्त्व थियो। सम्पूर्ण देवताको आह्वान गरेर हवनीय द्रव्य अग्निमा समर्पित गरिन्थ्यो। वैदिक परम्परामा प्रत्येक संस्कार गर्दा अग्नि प्रज्वलित गरेर हवन गरिन्छ। गृहस्थका निम्ति गार्हस्पत्य अग्नि संधै प्रज्वलित राखिन्थ्यो। पाली साहित्य-बाट पनि यसको पुष्टि हुन्छ। सुन्दरिक भारद्वाज, जटिल काश्यप-बन्धुहरूको आश्रममा पनि अग्निहोत्रको आगो ननिभाईकनै राखिन्थ्यो।[1]

आदिममानव जातिले जुन बेला अग्निको परिचय पायो तथा उपयोग गर्न जान्यो, त्यो दिन ठूलो वरदान प्राप्त भएको ठान्यो होला। शीत, वात, पशु पक्षीको भयावह आक्रमणबाट बचाउन र स्वादिष्ट भोजन दिने अग्निदेव मानव सभ्यताको विकासमा कति सहायक भए होलान् त्यो सहजै कल्पना गर्न सकिन्छ।

देवता केवल देवताको नै संतुष्टि निम्ति उपासना गरिदैन। आफ्नो प्रत्येक पक्षका सहायकको रूपमा अनुभव गरेकोले पूजा, वन्दना, संझना गरिन्छ। आर्यहरूको चिन्तनमा पञ्चतत्त्वको समष्टिगत रूप नै जीवन तत्त्व तथा प्राणतत्त्व हो भन्ने र तेजोमय तत्त्व नै सृष्टिको अखण्ड चैतन्य रूप व्यापक तत्त्व रहेको एवं त्यसको स्थूल रूप सूर्य, सूदूर र अस्पृश्य भएकोले

१. नागुण्ठ-जातक (१४४) सन्थव जातक (१६२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूतलमा रहेको तद्भवरूप अग्निदेवलाई इष्टदेव मानेको अनुभव हुन्छ। विराट् विश्वमा व्यापक तेजोमय रूप अग्निमा भोज्य सामग्री हवन गरेर तेजोमय रूपमा रहेका विभिन्न शक्ति सम्पन्न देवताको मुखमा हवि पुऱ्याने कल्पनामा यज्ञको जन्म भएको मान्न सकिन्छ। यसकारण आर्यहरूको धार्मिक जीवनमा अग्नि पूजाको महत्त्व थियो। बुद्ध, यज्ञको सात्विक पक्षका विरोधी भएको प्रमाण त पाइदैन। हिंसात्मक पशुबलि गरिने यज्ञको विरोधी भएकोले बौद्ध साहित्यमा अग्नि परिचर्याको उपहास गरेको पाइन्छ।[1] अग्नि र यज्ञको घनिष्ठ सम्बन्ध भएकोले अग्नि पूजकको उपहास गरेका रहेछन् भन्ने तर्क किन उपस्थित हुन्छ भने अन्य वैदिक देवताको मान्यता समाजमा जस्तो चलेको थियो, त्यसलाई स्वीकार गर्न उनीहरूलाई कुनै आपत्ति परेन। वैदिक युगका आराध्य देवतामा ब्रह्माको पनि उल्लेख पाइन्छ। बुद्धयुगमा ब्रह्माको पूजा हुन्थ्यो र यसको बौद्धहरूले विरोध गरेको पाइदैन। देवतामा ब्रह्माको सर्वोपरि स्थान पालीसाहित्यमा पाइन्छ। बुद्धले संबोधि प्राप्त गरेपछि स्वयं ब्रह्मा (सहंपति) ले धर्मोपदेश गर्न बुद्धलाई भने जुन कारणले बुद्धलाई प्रेरणा मिल्यो। पालीसाहित्यमा ब्रह्माको उद्भावना अथवा नामन्तरमा सनत् कुमार, प्रजापति र सहंपतिको वर्णन छ।[2]

इन्द्र– वैदिक देवता इन्द्र बुद्धकालीन समाजमा सर्वाधिक लोकप्रिय देवताको रूपमा देखिन्छन्। वैदिक धर्मानुयायी जस्तै बुद्धधर्मीहरू पनि इन्द्रलाई देवराज नै मान्दछन् तथा पालीग्रन्थमा शक्र, वासव, मघवा[3] आदि इन्द्र वाचक शब्दले नै वर्णन गरिएको छ। जातक कथामा इन्द्रको काम दुष्ट दमन, दुःखीको मद्दत गर्नु, कष्टबाट उद्धार गर्नु आदि छन्। इन्द्र पौराणिक कथाका सहस्रचक्षु, सर्वत्रदर्शी कै रूपमा पालीसाहित्यमा पनि वर्णित छन्। उनी तेत्तीस देवताको अधिपतिको रूपमा सुन्दर स्वर्गको प्रासादमा वस्तछन्। उनको दरबारको नाम हो–सुधर्मा, वैजयन्त, मस्सकसार। उनी पापीलाई दण्डदिन स्वर्गबाट पृथ्वी लोकमा आउँछन्। उनको विहारको लागि स्वर्गमा

---

१. दीघ नियाय १ पृ. १४१–४२

२. महावग्ग १।५ तथा महावग्ग १।५।४, दीघ नि. १ पृ. २४४, संयुत्त नि. १ पृ. २१९ अंगुत्तर निकाय २ पृ. २१

३. दीघ नि. महा गोविन्द सुत्त तथा मज्झिम नि. १ पृ. २५१ तथा जातक ६ पृ. १२७–२८९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्रलता, नन्दन, फारूसक, मिस्सक नामका अत्यन्त सुन्दर बगैचा छन् तथा मातली र पंचशिख उनका सहयोगी हुन् । मातली सारथी र पंचशिख गन्धर्व हुन् । उनको रथ वैजयन्त हो । विस्तृत चर्चा भएको इन्द्र वैदिक धर्मावलम्वी-हरूको जस्तै पालीसाहित्यमा पनि संमानित छन् ।[1]

सूर्य- सूर्य महत्त्वपूर्ण वैदिक देवता हुन्, जो तेजोमय रूपले द्यौः (स्वर्गमा) मा विराजमान छन् । उनका पाँच रूप छन् चन्द्रमा वेदमा संमान्य देवता नभए पनि पाली साहित्यका देवता हुन् । यस्तै पर्जन्य (विद्युत् युक्त मेघ) वृष्टिका देवता वैदिककालमा थिए र वर्षाको निम्ति वौद्धकालीन समाजमा पनि पूजित थिए । यिनको मान्यतामा पनि विरोध पाइँदैन ।

श्री अथवा लक्ष्मी– लक्ष्मी अथवा श्री वैदिक देवी हुन् । बुद्धकाल-मा श्री सिरिमाको रूपमा पूजित भइन् । पाली जातकमा यिनलाई धृतराष्ट्रकी पुत्री, ऐश्वर्य एवं भाग्यकी अधिष्ठात्री देवी भनिएको छ । जातककथाअनुसार वस्त्र, अनुलेपन, आभरण, स्वर्णमय थिए, भरहुंतमा कमलासना सिरिमाको मूर्ति उत्कीर्ण छ । मणिमेखला (श्री) को समुद्राधिष्ठात्रीको रूपमा समुद्र यात्री, नाविक र बनियाँ विशेष उपासक थिए । यस्तै पालीसाहित्यमा श्रद्धा, आशा र हिरि देवीको पनि पूजा उपासना गरिन्थ्यो भन्ने (जातक ५ पृ. ३९२ मा) पढ्न पाइन्छ । श्रद्धा आशा वैदिक देवी हुन्, हिरि पालीमा मात्र उल्लेख भएकी छन् ।

चार लोकपाल– चातुर्महाराजिक देवको रूपमा चार दिक्पालको नाम पालीसाहित्यमा पाइन्छ । ती हुन्–पूर्वका धृतराष्ट्र, पश्चिमका विरूढक, दक्षिणका विरुपाक्ष र उत्तरका वैश्रवण (कुवेर) ।[2]

यक्ष, नाग, वृक्ष,

तत्कालीन समाजमा अन्य लोकदेवताको रूपमा यक्ष पूजा, नाग-पूजा, र वृक्ष पूजा पनि गरिन्थ्यो भन्ने कुरा पाली ग्रन्थबाट थाहा हुन्छ । वृषभ पूजाको परंपरा पनि रहेको उल्लेख छ । यिनका अतिरिक्त बुद्धकालीन्

---

१. दीघ नि. २ पृ. २२० तथा अं. गु. नि. ३ पृ. ४० विमान वत्थु १।१३।६, ११४।६, तथा सं. नि. ४ पृ. १०३ । जातक २ पृ २५४ आदि ।

२. महावग्ग १।६।३०, दीघ नि. २ पृ. २२०–२१ म. नि. २ पृ. १९४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाजमा अन्य कतिपय देव-देवीहरूको पूजा उपासना गरिन्थ्यो भन्ने थाहा हुन्छ । परन्तु स्पष्ट विवरण नपाइने हुनाले गणना गर्न सकिंदैन ।

यक्षपूजा– यक्षको पूजा गर्ने परंपरा कहिलेदेखि चल्यो र यसका सशक्त उपासक आर्य वा आर्येतर जातिमध्ये को थिए, त्यो निश्चय रूपमा भन्न विद्वान्हरू असमर्थ छन् । परन्तु, बुद्धकालीन समाजमा यक्षपूजाले व्यापक रूप लिएको थियो । त्रिपिटकमा सूचिलोम, खर, इन्द्रकूट, मणिमाल, अजकपाल, मणिभद्र आदि तीस–पैंतीस यक्षको नाम आएको छ ।[१]

ऋग्वेद, अथर्ववेद, ब्राह्मणग्रन्थ, उपनिषद्मा यक्षको नाउँको उल्लेख छ ।[२] पुराण–साहित्यमा यक्ष-राक्षस जाति कश्यप ऋषिकै सन्तान हुन् ।[३] पछिल्लो कालमा यक्षको मूल जातिको अस्तित्व रहेन वा अन्य जातिमा मिल्यो । प्रभावशाली महाकाय, बलिष्ठ तथा मायावी र धनी मोजमज्जामा संलग्न यक्षको प्रभाव मनुष्य जातिले बिर्सन सकेन । वैदिक संस्कृतमा यक्षको अर्थ, अलौकिक अथवा प्रेत जस्तै प्राणी विशेषको अर्थ गरिएको छ ।[४] पुराणमा उत्तर दिशाका दिक्पाल कुवेरका अनुचर अथवा प्रजा यक्ष हुन् । पाली साहित्यमा यक्ष–प्रेतात्मा राक्षस, पिशाच जस्तै मानवेतर प्राणी विशेष देखिन्छ । कहीं कहीं बलि खाने, पूजा गरिने देव विशेष भनेको पाइन्छ भने कहीं यक्षलाई देवता पनि भनिएको छ र कही देवपुत्र पनि उल्लेख छ ।[५] कार्य कलापमा यक्ष स्वभावतः दयालु छन् प्राणीको कल्याण गर्दछन्, सुन्दर र बलिष्ठ छन् भने कहीं भयानक पनि देखिन्छन् ।[६] पापीलाई पापकर्मबाट हटाउने, तथा यमपुरीका मार्गदर्शक पनि यक्ष छन् ।[७] यक्षभन्दा यक्षिणी

---

१. संयु. नि. १ पृ. २०६-८, सुत्त, निपाल २।५ उडान १।७।
२. वैदिक इन्डेक्स भा. २ पृ. १८२ तैत्तिरीय ब्रा. ३।१२।३।१ शतपथ ब्रा. १४।८।५।१
३. मार्कण्डेय, ब्रह्म पु. भागवत आदि ।
४. पालि डिक्शनरी
५. सं. नि. १ पृ १०५ तथा पेतवत्थु-अह कथा ११३-१३९ तथा संयु नि. १ पृ. २०५ पेत वत्थु अ. क. ११३-१३९
६. दीघ नि. १ पृ. ९५
७. पेत वत्थु ४।१ तथा ४।११ एवचरिया पिटक ४।३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डरलाग्दी हुन्छिन् । यात्रीलाई माया जालमा फंसाएर हत्या गर्दछिन् ।[१]

यक्षको महत्त्वपूर्ण पर्याय ब्रह्म थियो । महाभारतमा यक्ष पूजामा लाग्ने जात्रालाई ब्रह्ममह भनिएको छ ।[२] यसमा सबै वर्ण र जातिले भाग लिन्थे । विराटनगर मत्स्य देशमा लाग्ने यो मेलाको तयारी राज्यबाट गरिन्थ्यो । प्राचीनकालदेखि नै सुस्वास्थ्य, दीर्घजीवन, अमरताका प्रतीक यक्षको पूजा प्रचलित भएको पाइन्छ । विवध ठाउँमा प्राप्त यक्षमूर्तिको उल्लेख गर्ने कलाविद् डा. वासुदेव शरणले यक्षको मूर्तिको हातमा अमृतघटको वर्णन गर्दछन् । महाभारत शान्तिपर्वमा यक्ष सदनलाई अवध्यपुर भनिएको छ भने अथर्ववेदमा यक्ष नगरलाई अपराजिता पुरी भनिएको छ । अथर्व (१०।२।२९-३३) मा महद्ब्रह्म, भुवनको बीच पानीमाथि तपस्याद्वारा भुवनलाई आक्रान्त गरेर रहेका भन्ने अर्थको स्पष्ट अभिव्यक्ति यक्ष प्रतिमा निर्माण पाइन्छ ।

ऐतिहासिककालको यक्षपूजा र जात्रालाई महत्त्व दिएकोले नै विरही यक्षद्वारा यक्षपुरी अलकाको स्वर्गीय जीवन, सम्पन्नता, अमरता या चिरयौवन, सौन्दर्य, विलासिताको वर्णन कालिदासले आफ्नो अमर लघु काव्य, मेघदूतमा गराएका छन् ।

ऋग्वेद (५।७०।४) मा भनिएको छ, - अद्भूतकर्म गर्ने मित्र, वरूण, देवता छंदाछंदै यक्षपूजाको आवश्यकता छैन । त्यस्तै (ऋ. ७।६१।५) मा मित्र, तथा वरूणका उपासकहरूलाई यक्षको प्रभावबाट बच्नको लागि भनिएको छ र (ऋ. ७।५६।१६) मा मरूत्देवताको तुलना यक्ष जस्तै सुन्दर भक्तसँग गरिएको छ ।

उपर्युक्त ऋग्वेदको कथनबाट यक्षदेवता आर्यका पूज्य देवताभित्र पर्दैनन् । तैपनि विद्वान्हरू आर्यजनभन्दा अन्य जनतामा यक्षको विशेष महत्त्व भएको र पूजा, अर्चना, वन्दना गर्ने परम्परा विद्यमान थियो भन्ने थाहा हुन्छ । वेदत्रयी पछिको अथर्ववेदले भने लोकधर्मका रूपमा समाजमा प्रचलित जादू-टूना मंत्रतन्त्र, औषधी, अभिचारक्रिया (मारण मोहन, उच्चाटन वशीकरण) आदि समस्त लोक धर्मका प्रक्रियाहरू समेटेर वेदको रूप

---

१. जातक १ पृ. २०६-७ ।

२. ततस्ते ब्राह्मणा सर्वे क्षत्रियाश्च सुविस्मिताः । वैश्या शूद्राश्च मुदिता चक्रुब्रह्म महं तदा (वन प. १५२।१८) तथा विराट पर्व ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिएकोले त्यस बेलासम्म लोकप्रचलित धर्मका कतिपय पक्षहरू आर्य सभ्यतामा समाविष्ट भइसकेका थिए भन्ने बुझिन्छ । त्यसपछिका रचना गोभिल गृह्यसूत्र (३।४।२८) तथा द्राह्यायण गृह्यसूत्र (३।१।२५) मा यक्ष जस्तै आँखाका प्यारा (अत्यन्त सुन्दर) होऊ भनेर आचार्यले चेलालाई भनेको पाइन्छ ।

वैदिककालमा कुन जाति विशेषको पूज्य देवता यक्ष थिए भनेर निश्चय गर्न नसकिए तापनि यक्षपूजाको परम्परा आर्यसभ्यतासँगसँगै फस्टाएको थाहा हुन्छ । पछिल्लो कालमा ता यी बहुप्रचलित तथा आर्य, अनार्य सबैको लोकदेवता ग्राम देवताको रूपमा पूजित भए । राष्ट्रका प्रमुखहरूबाट पनि यक्ष देवतालाई बलि चढाइने गरेको उल्लेख (अथर्व १०।८।१५) पाइन्छ ।

यक्ष धर्मज्ञ, विद्वान् अथवा सर्वज्ञको रूपमा (महाभारत वन प. ३।२९७।४६-४७) चर्चित छन् । प्यासा पाण्डवहरू, पानी खोज्दै एक तलाउमा पुग्दछन् र यक्षद्धारा गरिएको प्रश्नको उत्तरदिन नसक्ता मृत्यु पाउँछन् । भाइ खोज्दै जाने युद्धिष्ठिर पछि पुग्छन् र यक्षद्धारा गरिएका सबै प्रश्नको ठीक उत्तर दिन्छन् । यसबाट खुशीभएका यक्षले सबै भाइलाई जिउँदो पारिदिन्छन् । उक्त कथनबाट यक्षवेदविद्याका ज्ञाता; सर्वशक्तियुक्त, देवयोनि देखिन्छन् । यक्षको प्रश्न र युधिष्ठिरको जवाफको महाभारत वर्णित श्लोक र यजुर्वेदको (२३।९।४५-४६) मंत्रमा अर्थ साम्य मात्रै होइन कि शब्द साम्य पनि पाइन्छ ।[1] यक्षलाई वैदिक देवतासँग राखेको वा पौराणिककालमा र उत्तरवैदिककालदेखि नै विकसित भएका अन्य देवता-शिव, विष्णु, गणेश, कुमार आदिको गणनामा पनि नआउने यक्षलाई शास्त्रीय देवताको रूपमा आर्यहरूले मानेनन् । परन्तु आर्य अनार्य सबैका ग्रामरक्षक देवताको रूपमा यक्षको विशेष महत्त्व रहेको पाइन्छ । यक्षको अतुलनीय शक्ति, नयनाभिराम

---

१. कः स्विदेकाकी चरति क उ स्विज्जायते पुनः । किं स्विद्धिमस्य भेषजं किं वा वपनं महत् ।। यजु. सं. २३।९।४५।
सूर्य एकाकी चरति चन्द्रमा जायते पुनः । अग्निर्हिमस्य भेषजं भूमि रावपनं महत् । यजु. २३।१०।४६।
तुलना गर्नोस्-किं स्विदेको विचरति जातको जायते पुनः ।
किं सिद्धि मस्य भैषज्यं किं स्विदावपनं महत् । महा. वन, २९७।४६ सूर्यएको विचरति चन्द्रमा जायते पुन :
अग्नि हिमस्य भैषज्यं भूमि रावपनं महत् । ऐ. २७९।४७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप सौन्दर्य, भीमकाय, भए पनि सौष्टव, तथा वलिमुजी आदि कल्पना गरिएको र ऋग्वेद (१०।८८।१३) मा यक्षस्याध्यक्षं तविशं वृहन्तम्, अर्थात्-यक्षका पनि अध्यक्ष हुन अग्नि योग्य छन् भन्ने अर्थ गरिएकोले साधारण जन-भावनामा गहिरो छाप पारेको यक्षपूजकलाई आर्यहरूको चिन्तन र उपदेशले पनि असर पार्न सकेन भन्ने र उनको भयाबह शक्तिको कल्पनाले आर्य जनता-लाई पनि भित्र भित्रै सन्त्रस्त पारेको थियो भन्न सकिन्छ । यक्षसदनलाई यक्ष सदम्, भनिएको छ र यो खुलाचौर, जङ्गलको बीच, पानीको तलाउ, तालका नजीक यक्षको वासको कल्पना गरिएको पाइन्छ । ऋ (४।३।१३) मा भनिएको छ, जहाँ मूढात्मा प्रतिवेशीहरू जान्छन्, त्यो यक्षसदनमा हे अग्नि तिमी नजाऊ । यो उल्लेखले प्राचीन आर्यहरू यक्ष पूजाका विरोधी देखिन्छन् ।

ऋग्वेदकालीन र त्यसपछिका बहुसंख्यक अपठित समाजको धारणामा आसन जमाइसकेका यक्षले अनेक रूपमा विकसित हुँदै गएर बुद्ध-कालीन समाजमा विभिन्न वर्गको इष्टदेवताको रूपमा यक्षसम्प्रदाय जन्माउन सफल भए । यसकारण पुराण तथा महाभारत र पालीसाहित्यमा अनेक नाम र गुण तथा अनेक शक्तियुक्त यक्षको वर्णन पाइन्छ । डा. वासुदेव शरणको विचारमा वैदिक देवता इन्द्र, वरुण, अर्यमा, पनि पछिल्लो इतिहासकालमा तल झरेर यक्षसँग मिले भन्ने छ । पाणिनि (अ. ३।८४) सेवल, सुपरि, विशाल, नामक यक्ष, नामकरण (न्वारन गर्दा) कर्मको निम्तिमा आएको छ । तथा यिनीहरूकै साथ वरूण र अर्यमाको नाम आएकोले यक्षकै सूचिमा गणना गरेको अनुमान गरेका छन् । स्थानको नाउँले पनि यक्षको नाउँ रहेको अनुमान हुन्छ । जस्तै कपिलवस्तुका यक्ष, शाक्य वर्धन, चम्पाका पूर्णभद्र, तथा वैशालीका विशाल यक्ष, राजगृहमा मोग्गरपाणी (गदाधारी) राजगृह नजीकमा इन्द्रशैल यक्ष, राजगृहमा नै (हारती) जराको आयतन (स्थान) अथवा चत्वर (चौतारो) रहेको कुरा पढ्न पाइन्छ । यस्तै अनेक प्रकारका विभिन्न नाम र काम भएका यज्ञको मूर्ति देख्न पाइन्छ र पाली साहित्यमा महत्त्वपूर्ण यज्ञ जीवनको वर्णन पढ्न पाइन्छ ।

वेदमा मुख्य रूपमा गरिएका ३३ देवता छन् । वृहदारण्यक् उपनिषद् अनुसार, वाह्र आदित्य, आठवसु, एकादश रुद्र, इन्द्र र प्रजापति समेतको गणना गर्दा ३३ देवता हुन्छन् । आजभोलिको शाब्दिक अर्थ वा व्यवहारमा तेत्तीसकोटि भन्ने चलन छ । कोटिको अर्थ करोड पनि हुन्छ र वर्ग, श्रेणी, विभाजन, आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थमा पनि संस्कृत कोटी शब्दको प्रयोग हुन्छ ।

विभिन्न लोक देवताको अस्तित्वको स्वीकृतिको साथै ठाउँ, गाउँ-अनुसार रूप कल्पना, विभिन्न किसिमको शक्तिको प्रतीक मान्ने परम्पराले गर्दा, देवताको संख्या अगणित मानिएको र यस्तै देवयोनि विशेषमा गनिएका अनेक यज्ञ, नाग, गन्धर्व, आदिको नानाविध नामकरण र रूप कल्पनाले पनि लोकधर्ममा असंख्य देवताहरू बने । अब तेत्तीस किसिमको अर्थ बुझाउने कोटी शब्द करोडको अर्थमा नमाने पनि अगणित अर्थवाचक छ भन्न अत्युक्ति हुँदैन । वृहदारण्यक उपनिषद्मा तीन, तेत्तीस, तीन सय, तीनहजार देवताको उक्ति वेद मन्त्रमा भएको वर्णन छ ।[१]

यक्षको लोकधर्ममा मान्यता र विविधता बारेमा वैदिक, पौराणिक इतिहासकालको चर्चाको साथै बुद्धकाल र त्यसपछि बनेका यक्ष । यक्षीको प्रतिमाको विश्लेषण गर्न यहाँ यो भन्दा बढी सम्भव छैन । संयुक्त निकाय (भा १, पृ. २०६–८) तथा सुत्त निपात (२।५) र उदान १।७ मा बुद्धसँग सम्भाषणरत यक्षको वर्णन पाइन्छ साथै खर तथा शुचिलोम यक्षसँग बुद्धको वार्तालाप भएको विवरण पनि पाली साहित्यमा पाइन्छ ।[२]

नेपाली संस्कृतिमा यक्ष परम्परा– वर्तमान नेपालको दक्षिणी सीमा भारतसँग जोडिएको छ । साथै शाक्यहरूको कपिलवस्तु, देवदहका कोलिय, मोरिय, तथा मल्लगणको विस्तृत भाग र वज्जि सङ्घको विदेह (जनकपुर मिथिला) को क्षेत्र नेपालभित्र परेको छ । छिमेकमा जुन जाति रहन्छन्, तिनीहरूको सम्बन्ध छिमेकको भूभागसँग अवश्यनै रहेको हुन्छ । नेपालको उपत्यका तथा पाहाडी भागमा शतीऔंदेखि शाक्य, कोली, मल्ल, वज्जि वैदेहक, आभीर, आदि जातिपसेको प्रमाण, लिच्छविकालीन शिलापत्रद्वारा थाहा पाइन्छ । काठमाडौं शहरको प्राचीन नाम कोलीग्राम थियो तथा उत्तर कोलिग्राम र दक्षिण कोलिग्रामभित्र नै शाक्य, बज्जिगण पनि थिए । दक्षिण भेकमा आभीर तथा गोपाल जातिको अस्तित्व पनि शिलापत्रद्वारा नै प्रमाणित भएको छ । लिच्छविवंशका राजाहरूले ईसाको पहिलो शतीदेखि आठौं शती-सम्म राज्य गरे । त्यस बीचमा पनि छिमेकी देश भारतवर्षका कैयन जाति यहाँ आए र यहाँको जातिमा आफूलाई एकाकार गरे तथा नयाँ संस्कृतिको

---

१. वृहदारण्यक उपनिषद् पृ. २११–१३ प्रज्ञा प्रकाशन ।

२. संयुक्त निकाय १ पृ. २०७, सुत्त निपात २।५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्म दिए। नेपालको सांस्कृतिक इतिहास लेख्ने सामग्रीको अझै पनि अभाव छ। किनभने–यहाँ सत्य तथ्यको उद्घाटन गर्ने उत्खनन हुन सकेको छैन, जसबाट वैज्ञानिक इतिहास लेख्न सकियोस् र पुरानो संस्कृति जान्न सकियोस्।

तथापि उपत्यकाको संस्कृति पक्षको परिचय दिने यहाँ मूर्तिकला छन्। वैदिक परम्पराका मातृका, शिव, विष्णु, नारायण, श्री, लक्ष्मी, दुर्गा, यक्ष, आदिका मूर्तिकलाले ईसाको पहिलो शताब्दीदेखिको संस्कृति उद्घाटित हुन्छ।

यहाँ पहिलो शताब्दीका श्री लक्ष्मी, मातृकाका मूर्तिहू र यक्ष मूर्तिले आर्य धर्मावलम्बी तथा अन्य लोक धर्मका जानकारहरू पहिलो शतीमा यहाँ प्रवेश गरिसकेको पुष्टि हुन्छ।

नेपाल उपत्यकाका पुराना बासिन्दालाई नेवार जाति भनिन्छ। यस समाजभित्र कुन जाति ज्यादै पुरानो, कुन त्यसपछिको भनेर छुट्याउने साधन हामीसँग अझै जम्माभएको छैन। शिलापत्रमा उल्लिखित लिच्छवि, कोलि, वज्जि र आभीरका सन्तति आजको कुनवर्ग हो भन्न सकिने प्रमाण पनि छैन। यहाँ पाइएको यक्षमूर्तिले यक्ष पूजाको परम्परा पनि यहाँ पस्यो भन्न सकिन्छ। यहाँको संस्कृतिमा एउटा नौलो पाराका देवता देखिन्छन् र ती सर्वमान्य, सर्वपूज्य तथा अनन्तशक्ति युक्त छन्, ती हुन् भीमसेन देवता। यिनी यक्षकै प्रतिमूर्ति हुन् भन्नेमा शंका गर्न सकिने धेरै कारणहरू छन्।

आर्यपरम्परामा भीम नामका कैयन राजा भेटिन्छन्। भीमसेन नाउँ गरेका युधिष्ठिरका भाइ पञ्चपाण्डवमध्ये माहिला तथा वायुकापुत्र महावली व्यक्ति थिए। परन्तु, उनी देवता वा देवयोनिमा कहिल्यै गनिएका छैनन् र तीनको पूजा पनि हुँदैन।

भीमको अर्थ हुन्छ डरलाग्दो र सेनको अर्थ हुन्छ सैनिक युक्त। अथवा डरलाल्दो सेनायुक्त भन्ने अर्थ पनि गर्न सकिन्छ। भीमसेन नेवारी समाजका इष्टदेवता तथा ग्राम देवता हुन्। रोगव्याधको निवारणको लागि तथा बलमाग्न, शान्ति पौष्टिक कर्ममा यिनको पूजा गरिन्छ तथा इच्छित फल प्राप्तिको निम्ति बलिचढाउने र भाकल पनि गरिन्छ।

यक्षलाई पनि राँगो, बोका, हाँस, कुखुराको बलि दिइन्थ्यो। शक्तिका प्रतीक र महाकाय, अजेय, अमर यक्षको कल्पना गरिन्छ। त्यस्तै नेपालको पाहाडी इलाकाहरूमा पनि भीमसेनलाई यक्षको मान्यता जस्तै पूजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलिदान गर्दछन् । इष्टसिद्धिको निम्ति भाकल गरिन्छ । भीमसेन स्वयं यक्ष नभए पनि यक्षको प्रतिनिधित्व गर्ने उत्तराधिकारी हुन् भन्नेमा शङ्का छैन ।

प्राचीन परम्परामा यक्षायतन (यक्षको निवास स्थान) गाउँ बाहिर एकान्त चौरमा, जङ्गलको बीचमा, तथा जलाशय, पोखरी, नदीको छेउछाउका चौतारामा हुन्थ्यो ।[१] ठूलो रूखको फेदमा बनेका चौतारा नै यक्षको घर हुन्थ्यो । यसको निम्ति मन्दिर, छानुको जरुरत थिएन ।

यहाँ पनि भीमसेन स्थानको निम्ति खुला ठाउँ, गाउँबाहिर, वृक्ष-मुनि चौतारा वा उच्च ठाउँमा शिला (चुच्चे ढुंगाहरू) स्थापना गरेर आवाहन गरिने ग्रामीण परंपरा छ । यद्यपि उपत्यका भित्रका शहरमा वस्तीका बीच सुन्दर मन्दिरभित्र भीमसेनको स्थापना गरिएको पाइन्छ । परन्तु ती ठाउँहरू प्राचीनकालमा वस्ती बाहिर नै थिए । पछि आवादी बढेकोले मात्र शहरको भागभित्र देखिन्छन् । उपत्यका बाहिरका गाउँमा भीमसेन अलग्गै स्थापित छन् ।

भीमेश्वरलाई (दोलखा) शिवरूप मानेर पूजागर्ने चलन पनि देखिन्छ । परन्तु दोलखाका भीमसेनलाई पञ्चवलि, भाकल गर्ने र इष्टापूर्ति भएपछि, बलिदिने पनि चलन छ । मन्दिरको ठाउँ र रूप पनि प्राचीन यक्षा-यतन (खुला र वस्तीभन्दा पर चौतारोको रूप वा ओरिपरि पर्खालले घेरेर, अरू भूईंबाट अलग गरिएको) जस्तै पाइन्छ । यक्षको वास चैत्य गृह (चिता या श्मसान नजीकको एकान्त ठाउँमा) हुन्थ्यो । चिताको निम्ति वेदी (चौतारो) निर्माण गरिने आर्यहरूको प्राचीन परंपरा हो । त्यस्तै चौतारामा शूनसान ठाउँमा यक्षको चैत्य भएको वर्णन पालीसाहित्यमा पाइन्छ । चिताको अवशेष (शव पोलेको खरानी) राखेर वा चितामा बनाइने स्तूप (ढिस्को) को नाउँ, चैत्य हो । बुद्ध वा अर्हत्को भस्म अस्थि (हाड) राखेर स्तूप बनाउने परंपरा सशक्त रूपमा बौद्ध युगपछि विकास भएको पाइन्छ । तथा अब त्यस्तो ठाउँ श्मशान नभएर पवित्रधार्मिक स्थल मानिन्छ । श्मशानमा स्तूप (माटाको ढिस्को) वैदिक साहित्यमा पनि उल्लिखित छ ।

नेपालका तराईमा यक्षपूजा

शुरू-शुरूमा चौतारामाथि, एकान्त ठाउँमा शिला वा माटाको

---

१. भारतीय कला पृ. १२९ डा. वासुदेव शरण अग्रवाल, तथा जातक २ पृ. १२७। जातक १ पृ. २४०, ऐ पृ. ३९९ एवं जातक २ पृ. १६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चुच्चे थुंको बनाएर यक्षको आवाहन र पूजा गरिन्थ्यो । पछि पहिलो ढुंगे मूर्तिकलाको शुरू नै यक्षप्रतिमा निर्माणमा गरियो । विशालकाय तथा सशक्त यक्ष प्रतिमाको निर्माण सबै गाउँमा हुनु सम्भव थिएन । किन्तु यक्षपूजा गाउँ घरको सुखशान्तिको निम्ति आवश्यक थियो । यसकारण चुच्चे माटाको मूर्ति कल्पना गरेर वा ढुङ्गो पाइने ठाउँमा चुच्चे ढुङ्गा, ठूलो वृक्षको मनि एकान्त र गाउँ बाहिरको खाली ठाउँमा स्थापना गरी यो परम्परा चलाइएको थाहा पाइन्छ ।

यक्षको पर्याय ब्रह्म वा ब्रह्मा अथर्वदेवमा पाइन्छ भन्ने चर्चा गरिसकिएको छ । यक्षलाई ब्रह्माको नाउँले पुकार्न थालियो । ब्रह्माबाट अपभ्रंशरूप बरमको आज पनि तराईका गाउँ–गाउँमा मान्यता छ । गाउँ बाहिरका ठूला वृक्ष–शिमल, पीपल, पाकड (काभ्रो) शमी, बेल, शाल, आदि वृहत्काय रूखको फेदमा बरम स्थापना गरिएका हुन्छन् । भारतका कैयन ठाउँमा वीर, बुल्लावीर भनेर पुज्ने चलन छ ।

यादवहरू प्रायः वैष्णव र कण्ठीधारी हुन्छन् र यिनीहरूको गाउँमा र ब्राह्मणहरूको वस्तीमा, ग्रामदेवता बरमको पूजा सात्विक नै हुन्छ । दूध, दही, खीर, चढाइन्छ । गाउँ भरिको दूध, दही जम्मा गरेर पूजापछि प्रसाद बाँडिन्छ । अन्य पक्वान्न, फलफूल पनि अर्पण हुन्छ । नृत्य, गीत, वाद्यवादन, पनि पूजाकै अङ्ग हो ।

कतिपय ठाउँका बरम, बलिखाने हुन्छन् । यिनलाई जङ्गलका देवता, गोठका देवता, रोगव्याधि निर्मूल गर्ने तथा गाउँको संरक्षण कर्ताको रूपमा मान्यता प्राप्त छ । सन्तान नहुनेले सन्तान माग्ने र कार्यसिद्धिको निम्ति विशेष पूजा, पञ्चबलि (बोका, हाँस, कुखुरा, राँगो, भेडो) को दान गर्ने परम्परा पनि पाइन्छ । बरमथानमा रुद्री पाठ, सत्यनारायणको पूजा लगाउने, अन्य उत्सव मनाउने चलन पनि देख्न पाइन्छ । कतिपय ठाउँका बरमको ख्याति टाढा–टाढासम्म पुगेको हुन्छ । इच्छित फलदिने बरमको पूजागर्न, चालीस कोश टाढावाट मानिसहरू आएका उदाहरण पनि प्रशस्तै छन् । बरम कुन देवता हुन् भन्ने शास्त्रीय आधार ग्रामीण समाजमा थाहा छैन ।

उपत्यका र त्यसको छेउछाउ तथा महाकालीदेखि मेचीसम्म नै बस्न पुगेका नेवार समाजमा यक्षका प्रतीक भीमसेनको स्थापना र पूजा हुन्छ तथा यो परम्पराका पालना नेवार जातिको अतिरिक्त अन्य जातिमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइन्छ । हनुमान् जस्तै महावली भीमसेनको पूजा वीरपूजा हो ।

भारतीय कलाका लेखक डा. वासुदेव शरण अग्रवाल यक्षको अर्को रूप वीर हो भन्दछन् । भारतका कतिपय ठाउँमा यक्षलाई वीर भन्ने चलन छर वीरको स्थान पनि गाउँ बाहिरकै चौर, वृक्षमनि गरिन्छ । वलिदान र अन्य प्रकारका पूजा पनि 'परम' जस्तै हो । किन्तु नेपाली परम्परामा भने वीर, श्मसानदेव (भूत) लाई भन्ने चलन छ । तांत्रिक विधिविधान गर्नेहरू वीर-साधना गर्दथे भनिन्छ । यसको उपाख्यान, श्मसान देवता, भूतप्रेत गणको रूपमा नै सुन्न पाइन्छ । यक्षनामधारीको पूजा भने आजको लोक देवताको रूपमा पाइँदैन ।

नागपूजा– वैदिकधर्ममा नागको देवतारूपमा पूजा गरिने परंपरा थिएन । पौराणिक साहित्यमा नागजातिको उत्पत्ति पनि कश्यप ऋषिकै सन्तानको रूपमा भएको छ । नाग विषयुक्त सर्प जातिको एक विशेष शाखा हो । यसको उपासना गर्ने नागको सन्तान आफूलाई मान्ने वा नागको चिह्न धारण गर्ने एक विशेष मानवजाति भएको पनि विद्वान्हरू मान्दछन् ।

हिन्दूहरूका पुराण र इतिहासमा मनुष्य जस्तै क्रियाकलाप भएका पानी भित्रको दरवारमा बस्ने, मणि, रत्न, धन, दौलतले परिपूर्ण राजाधिराज नाग जातिको कथाले धेरै ठाउँ ओगटेको छ । यिनका कन्या अत्यन्त सुन्दरी हुन्थे भन्ने पनि उल्लेख पाइन्छ । इतिहासकालमा पनि नागवंशी मानव जातिले राज्य गरेका थिए, साम्राज्य जमाएका थिए ।

शक, कुषाणको प्रभुसत्ता ध्वस्त पारेर ईसाको दोस्रो शतीतिर उत्तर भारतको ठूलो भू-भागमा नागवंशी राजाहरूले राज्य गरको कुरा भारतीय इतिहासमा उल्लेख छ ।

नागपूजक जाति आर्यभिन्न जाति हो । यिनहरू नागको पूजा गर्थे, नागको चिह्नयुक्त मुकुट धारण गर्थे र आफूलाई नागको सन्तान मान्दथे । इष्टदेवका नै सन्तान आफूलाई मान्ने परम्परा अन्य जातिमा पनि पाइन्छ ।

वैदिक साहित्यको अनुशीलनवाट के थाहा पाइन्छ भने आर्य र नाग जातिमा वैरभाव थियो ।[1] आर्यदेवता नागहरू विरोधी थिए । वृत्रलाई अहि (सर्प) भनिएको छ र पानी वादल रोक्ने वृत्ररूप नागराजको इन्द्रले

१. ऋग्वेद (१।३२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वज्रद्वारा वध गरे। यो उपाख्यानको वास्तविकता के हो, निश्चयले भन्न सकिदैन। किन्तु, यो आर्य र नाग जातिको युद्धको रूपक (प्रतीक) हो भन्ने धारणा धेरै विद्वान्को पाइन्छ। मगधवासीहरू नागपूजक थिए। महाभारतको कथाअनुसार अर्जुनले नागभूमि खाण्डववन दग्ध गरेर राजधानी बनाए।[१] कृष्ण र अर्जुन जरासन्धको राजधानी राजगृहमा पुगेको बेला मणिनागको पूजा गरेका थिए।[२] महाभारतको उल्लेखअनुसार मगधमा थुप्रै नागमन्दिरहरू थिए। परीक्षित् राजाको तक्षक नागद्धारा मृत्यु भयो। उनका छोरा जनमेजयले सर्पसत्र भनेर धेरै नागजातिको विनाश गरे।

उपर्युक्त आर्य साहित्यको अनुशीलन गर्दा नागपूजक जाति अनार्य थिए। यिनको पनि आर्य जातिमै विलय मयो नागजाति आर्यजातिमा मिले-पछि नागपूजाको परम्परा आर्यहरूले पनि चलाए। संस्कृतिसंगमको यो एक उदाहरण हो। बहुसंख्यक आर्येतर जातिको बीचमा शासन गर्न र आर्यधर्ममा उनीहरूलाई पनि समावेश गर्न केही दिनु र केही लिनु पर्थ्यो। यसरी नै कैयन पूजा विधान, नयाँ देवता पनि आर्य सभ्यतामा समावेश भए।

जैन साहित्यबाट पनि मगधमा विशेषरूपमा नागपूजा गरिने परम्परा रहेको थाहा हुन्छ। बुद्धजातक कथामा पनि अनेक ठाउँमा नागपूजाको वर्णन गरिएको छ। मगधको राजधानी राजगृहमा मणिनागको मन्दिरको अवशेष अझै बाँकि छ।[३]

नागपूजाको प्रचलन भएको कारण सर्पदंशको भय हुनुपर्छ भन्ने इतिहासविद्हरूको भनाइ छ। प्राचीन इतिहासकारहरूको विचारमा नाग-जातिका मनुष्य समुद्रतट, नदीका किनारा, तथा ठूलाताल, पोखरीका नजीक बस्तथे। शिकार र माछा नै भोजन थियो। पानीमा पौरने, लुक्ने तथा धेरै वेर डुबिरहन सक्ने क्षमता पनि यो मानव समूहले अर्जित गरेको हुनुपर्छ। विषाक्त नागहरू पानीभित्र बस्तथे, तथा जङ्गल नदीकिनार मुख्यनिवास भएकोले नागजातिका सहचारी मनुष्य पनि नाग कहलाए। विभिन्न नाम-धारी नागराज, इष्टदेवता मान्ने र नागचिन्ह धारणा गर्ने मानवजातिले भय

१. महाभारत सभापर्व ११।९।

२. ऐ.

३. जातक १ पृ, ४९८ ऐ २ १४९। तथा बुद्धकालीन समाज और धर्म पृ. १३२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र मृत्युका देवताको रूपमा नागपूजाको आरंभ गरेको हुनुपर्छ । यस्तै सौपर्ण (गरूड) जातिको पनि आदिमयुगमा अवश्य नै अस्तित्व थियो । नाग र गरूड जातिको पनि आपसी वैमनस्य भएको कुरा हाम्रा पौराणिक साहित्यले प्रतीकात्मक रूपमा वर्णनगरेका छन् । यी दुवै नाग र गरूड जातिको आर्य जातिमा नै विलय भयो । एघारौं शतीका इतिहासकार कल्हणले राजतरङ्गिणी नामक आफ्नो ऐतिहासिक पुस्तकमा कर्कोटवंशी नागराजाले काश्मीरमा राज्य गरेको वर्णन लेखेका छन् । शिशुनागवंशले मगधमा राज्य गरेको इतिहास छ । कुषाण साम्राज्य ध्वस्त गर्ने तथा काशीमा दश अश्वमेध यज्ञ गरेको कीर्तिगाथा बखान गर्ने, दशाश्वमेध घाटको उल्लेख डा काशीप्रसाद जायसवालले गरेका छन् ।[१] पद्मावती तथा कान्तीपुरमा शासन गर्ने नागवंशी राजाहरूले उपत्यकामा पनि राज्य गरेको कुरा इतिहास शिरोमणि बाबुरामले पनि उल्लेख गरेका छन् ।[२] पाली साहित्यमा बुद्धले भिक्षुहरूलाई भनेका छन्- हे भिक्षु हो ! तपाईंहरू नागको राजकुलको पूजा गर्नुहोस् । यसबाट नाग दर्शनबाट मुक्त रहन सक्नुहुन्छ ।[३] गृह्यसूत्रका अनुसार-लाजा, भुटेको जौ, दूध र पीठो मिसाएर बलि दिनुपर्छ र फूल, सूत्र, चढाएर नागदेवलाई जलको अर्घ्य दिनू भनिएको छ ।[४]

बौद्ध जातकमा नागको पूजा गर्दा दूध, खीर, माछा, मासु, सुरा, आदि बलिदिने कुराको उल्लेख पाइन्छ ।[५] आठ नागकुल पुरुषको नाम तथा नागको चित्रलेखेर ढोकामाथि टाँस्ने र पूजागर्ने चलन आज पनि आर्यहरूमा विद्यमान छ । यो विधि र नागपूजा प्रतिवर्ष श्रावण शुक्ल पंचमी (नागपंचमी) को दिन गरिन्छ । कौटिल्यको अर्थशास्त्रमा फणायुक्त नागमूर्तिको उल्लेख भएको छ तथा महाभारतमा नागमन्दिर तथा नागचैत्यको उल्लेख भएकोले ऋग्वेदकालपछि नै नागजातिसँगको मित्रता र नागपूजाको परम्परा शुरू भएको मान्न सकिन्छ । अब आर्य सभ्यतामा नाग पूजा एक अनिवार्य अंग भइसकेको छ ।

---

१. जायसवाल भा.प्रा.इ. ।
२. वासुराम, नेपाली (४३ अंक)
३. अगुत्तर निकाय २ पृ. ७२ ।
४. एस बि इ २९ पृ. १२८-२९, २०१-२, ३२८-३० ।
५. जातक १ पृ. ४९८ । महाभारत, तथा कौटिल्यको अर्थशास्त्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृक्षपूजा-वृक्षपूजाको परम्परा पनि अति प्राचीन मानिन्छ तथा यसको श्री गणेश पनि नागपूजा जस्तै आर्येतर जातिबाटै शुरू भएको हो भन्ने अन्वेषकहरूको धारणा छ। ऋग्वेदमा अरण्यानीको पूजाको उल्लेख भएको छ।[१] किन्तु, अरण्यानि (महाजङ्गलकी अधिष्ठात्री) वनदेवीको पूजा हुनुपर्छ। जुन परम्पराको आज पनि पालना गरिदैछ। ठूला वृक्ष ढालेर यज्ञयूप (मौलो) बनाउँदा यो पूजा गरिन्थ्यो भने आज इन्द्रमह (इन्द्र जात्रा) को निस्ति लिङ्गो काट्ता वनदेवीको पूजा र बलिदान गरिन्छ।[२] कर्णाली प्रदेशको सभ्यतामा कुलदेवता मष्टाको निम्ति चाँचर (लिङ्गो) काट्ने चलन छ र यसमा पनि वृक्षपूजा-वनदेवीको पूजा गरिन्छ।[३] आर्यहरूको वैष्णव सम्प्रदायमा तुलसी अत्यन्त पवित्र वृक्ष हुन्। पुराणमा तुलसी विष्णुकी पत्नी लक्ष्मीको अवतार मानिन्छिन् र पीपल विष्णुको रूप।

ऋग्वेदमा अश्वत्थ (पीपल) वृक्षको उल्लेख भए पनि पूजाविधान पाइंदैन। अथर्ववेद।[४] ब्राह्मण ग्रन्थ।[५] र उपनिषद्मा।[६] भने वृक्षपूजाको उल्लेख पाइन्छ। अथर्ववेदको संग्रहकाल, आर्येतर अनेक जाति, लोकधर्म, लोकदेवताको समन्वय भएपछि नै हुनुपर्छ। पाली साहित्यमा पनि वृक्ष-पूजाको उल्लेख छ। गयाको बोधिवृक्ष (पीपल) बुद्धको ज्ञानप्राप्ति स्थल भएकोले अत्यन्त पवित्र मानिन्छ। सर जान मार्शल (मोहन जोदरो ऐण्ड इन्डोज सिविलाइजेशन) को कथन छ-हडप्पावासी पीपलको पूजा गर्थे। हट्टनको विचारमा वृक्षपूजा आदिम निगृतो जातिबाट आर्यहरूले लिएका हुन् भन्ने छ।[७] अण्डमान द्वीपसमूहका आदिवासी वृक्षपूजा गर्छन्। यिनीहरूको रक्त सम्बन्ध आदिम निगृतो जातिसँग रहेको कुरा प्रमाणित भइसकेको छ।

वृषभपूजा- कृषिप्रधान देशमा वृषभपूजाको चलन हुनु स्वाभाविक

---

१. ऋग्वेद
२. देवी पुराण अ. तथा कालिका पु. अ.
३. सेती अंचल दिग्दर्शन, यात्री।
४. अथर्व. ५।४।३
५. ऐतरेय ब्रा. ७।३०-३३
६. छान्दोग्य उपनिषद् (८।५।३) तथा कौषितकी १।३
७. इन्डियन हिस्टोरिकल क्वार्टली (हट्टन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो भन्ने विद्वान्हरूको मन्तव्य छ ।[1] शैवले वृषभलाई शिववाहन (नन्दी) अथवा शिवकै प्रतीकका रूपमा मान्दछन् । पाली साहित्यमा वृषभलाई श्रद्धास्पद मानिएको छ ।[2] शिवको वाहन वृषभ भएको चित्र कुषाणकालीन मुद्रामा सर्वप्रथम पाइन्छ ।[3]

वर्तमान आर्यहरूको सांस्कृतिक परम्परामा कार्तिक कृष्ण चतुर्दशी वा औंसीका दिन सांझमा लक्ष्मीपूजा र भोलिपल्ट औंसी वा प्रतिप्रदाको दिन लक्ष्मीपूजा गरिन्छ । लक्ष्मीपूजाका भोलिपल्ट गाईपूजा, गाईपूजा परेवाका दिन परे त्यसै दिन गोरू–गोवर्धन पूजा गरिन्छ । नेपाल र भारत वर्षका कुना–कुनासम्म लक्ष्मीपूजाको महत्त्व छ तथा गाईलाई पनि गोधन लक्ष्मीकै अवतार भनिएकोले पूजा गर्ने चलन चलेको छ । महाराष्ट्रमा आषाड पूर्णिमाको दिन वृषभ पूजाको व्यापकता पाइन्छ । भारतीय लोकपरम्परामा वृषभपूजाको दिन देखि नै नयाँवर्ष शुरू हुन्छ ।

वर, पीपल, बेल, डुम्री, तुलसी, नरिवल आदि वृक्ष तथा फल पवित्र मानिए पनि तुलसी र पीपलको पूजा गर्ने चलन व्यापक रूपमा पाइन्छ। अन्य वृक्ष केवल पवित्र मानिन्छन् ।

चाड पर्वहरू– बुद्धकालीन समाजमा विभिन्न ऋतुमा चाडपर्व मनाइन्थे । प्राचीन साहित्यमा देवपूजा अथवा यज्ञ महोत्सवलाई मह शब्दको व्यवहार गरिन्थ्यो । डा० बासुदेव शरणले आफ्नो लोकधर्म भन्ने पुस्तकमा यक्ष मह (पूजा जात्रा) इन्द्र मह (इन्द्र जात्रा) नाग मह (नाग पूजा र जात्रा) आदि तीस चाड पर्वको उल्लेख गरेका छन् । वसन्तोत्सव (वसन्त पञ्चमीका दिन) कौमुदी महोत्सव (कार्तिक शुक्ल पूर्णिमाको दिन) इन्द्र-महोत्सव (भाद्र वा आश्विनमा) शालमञ्जिका वसन्त ऋतु (शाल फूल्ने वेलामा) मा वडो धूम धामका साथ मनाइन्थ्यो । त्यस्तै अन्य पर्वमा– सुरा नक्षत्र (मद्य पान गर्ने दिन) हस्तिमङ्गल, हात्ती शिंगारेर जुलूस निकाल्ने पर्व पनि चाडकै रूपमा मनाइन्थ्यो । यो पर्व राजाहरूले गर्थे ।

कर्षगोत्सव, – पहिले हलो चलाउने (खेवारा गर्ने) दिनलाई कर्षणोत्सव भनिन्थ्यो । ज्योतिषशास्त्रअनुसार जेठको पहिलो रोहिणी नक्षत्र

---

१. डा. मदन मोहन-बुद्धकालीन समाज ।

२. पंच पोसथ जातक (४९०,

३. डा. मदन मोहन, बुद्ध कालीन समाज र धर्म ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परेको दिन पूजा विधिविधान गरेर खाना पृथ्वीनाथ बलिअर्पण गरेपछि ब्राह्मणले पहिलो हलो छोएपछि राजाबाट हलो जोत्ने काम हुन्थ्यो । पाली-साहित्य (काम जातक ४६७) तथा सांख्यायन गृह्यसूत्र (४।१३) पारस्कर गृह्यसूत्र २।१७।९ अनुसार यो पर्वको विशेष महत्त्वको बोध हुन्छ ।

पालीसाहित्यबाट बुद्धकालीन समाजमा प्रचलित धर्म संस्कृति दर्शन, साहित्य, लोकजीवन, देवीदेवता, जात्रा–पर्व, खानपान, वेषभूषा आदिको दिग्दर्शन यहाँ प्रस्तुत गरियो । इतिहासको शुरूकाल तथा समन्वयात्मक आर्यसंस्कृति एवं मर्यादाको प्रारंभको समय भएकोले र तिनैसभ्यता संस्कृतिका अन्य विकसित रूप र रूपान्तरित आचार, व्यवहारहरू यथास्थितिमा र कतिपय परिवर्धित रूपमा आजको समाजभित्र पनि पाइने हुनाले नेपालको सांस्कृतिक धरातलको समीक्षात्मक प्रस्तुति गर्न उक्त चर्चा यहाँ पेश गरियो । वर्तमान युगमा आइपुग्न अझै अथाह नदीनालाले भरिएको समुद्र पारगर्नु जस्तै कठिन छ ।

बुद्धकालीन गणतंत्र र अन्य सांस्कृतिक पक्ष

बुद्धकालीन भारत वर्षमा महाभारतको युद्धपछि साना–साना राज्यमा विकसित भएको गणतंत्र प्रणालीले व्यापकरूप लिएको थियो । स्वतंत्ररूपमा हुर्केका गणराज्यले शक्ति अर्जित गर्न धेरैगण मिलेर एउटा सङ्घको स्थापना पनि गरेका थिए । यस्तै आठ साना गणराज्यको समूह वज्जि सङ्घको नाउँले वैशाली (गङ्गा र गंडकीको संगम स्थल नजीकको गङ्गाभन्दा उत्तरको क्षेत्र, वर्तमान वैशाली जिल्लाको बसौढ गाउँ) राज्य बनेको थियो । यहाँको धनधान्य ऐश्वर्यले परिपूर्ण जीवनको वर्णन पालि–साहित्यमा पढ्न पाइन्छ । यो सङ्घका अष्टराज नै कुल राजा कहिन्थे । यो सङ्घको प्रमुख समूह लिच्छविहरूको थियो ।

प्रत्येक राज–कुलबाट सञ्चालन, व्यवस्था, युद्ध, संधि र अन्य राज कार्यमा सहयोग गरी शासन चलाउन सभासद्को बैठक बस्तथ्यो । सभाको बहुमतले वा सर्वसम्मतिले महत्त्वपूर्ण कुराको निर्णय गरिन्थ्यो । सभाभवनलाई संस्थागार भनिन्थ्यो । महत्त्वपूर्ण काम कुराको निर्णय संस्थागारमा जम्मा भएका सभासद्द्वारा गरिन्थ्यो । राज्याङ्ग,–मन्त्रीगण,सेनापति,न्यायाधीश, नगरपाल आदि महत्त्वपूर्ण पदमा योग्यतानुसार व्यक्तिहरूको नियुक्ति संस्थागारको अनुमतिबाट हुन्थ्यो । संस्थागारमा जम्मा हुने सदस्य कुलीनवंशका हुन्थे र सबै-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई राजानै मानिन्थ्यो ।वैशाली गणराज्यका सभासद्७७०७थिए । ललितवि-स्तर भन्ने बौद्ध ग्रन्थमा वैशाली-गणराज्यको वैभव,उच्चरहन-सहन,आपसी मेल-मिलापको विषयमा विस्तृत जानकारी दिइएको छ । तिब्बती अनुश्रुतिअनुसार वैशाली नगर तीन भागमा विभक्त थियो । पहिलो भागमा सुनका बुर्जा(गजुर) वाला प्रासादहरू थिए । दोस्रो भागमा चाँदीका बुर्जा भएका महलहरू थिए र तेस्रो भागमा ताँवा र पीत्तलका बुर्जावाला भवनहरू थिए ।

गणराज्यको शासन प्रणाली– छैटौं शतीमा विकसित भारतीय गण राज्यको निर्वाचन पद्धति तथा मताधिकारको विषयमा विद्वान्हरूको मत मतान्तर छ । कसैको विचारमा– गणराज्यका सम्पूर्ण वयस्क व्यक्ति शासन व्यवस्थामा भाग लिन्थे भन्ने छ भने कसैको विचारमा केवल क्षत्रिय कुल मात्र भाग लिन्थे । कसैकसैको विचारमा संयुक्त परिवारका मुख्य व्यक्ति मात्र भाग लिन्थे भन्ने कथन छ ।

डा० काशीप्रसाद जायसवालयको उक्तिमा– तत्कालीन गणराज्य तीन श्रेणीमा विभक्त थिए – पूर्वा जनतंत्र (जसमा सबै वयस्क नागरिक भाग लिन्थे)कुलीनतंत्र–(जसमा निश्चित कुलका व्यक्तिहरू मात्र भाग लिन्थे) मिश्रिततंत्र– (शासन व्यवस्थामा मिश्रित प्रणाली) पनि थियो । किन्तु अर्का भारतीय विद्वान् डा० भण्डारकरको विचारमा– गणराज्यमा मुख्यतया क्षत्रिय कुलीनतंत्र र गणतंत्र दुई किसिम थियो भन्ने छ ।

तत्कालीन साहित्यमा गणराज्यको दुई किसिम थियो । राजशब्दो-पजीवी (जसको गणपति राजा कहिन्थ्यो) वार्ता शस्त्रीय जीविनः (कृषि वाणिज्यको साथै युद्धमा सबै नागरिकले भाग लिने व्यवस्था तथा गणपति सेनापतिको योग्यतानुसार निर्वाचन गर्ने) गणराज्य थिए । तर राजशब्दोपजीविहरूको गणराज्यमा सेना तथा अन्य प्रशासनिक अधिकारी वैतनिक हुन्थे । लिच्छवि, मल्ल, पांचाल आदि ठूला गणराज्य राजशब्दो-पजीवी अर्थात् निर्वाचित सदस्य सबै नै राजा कहलाउँथे ।

महाभारतअनुसार गणराज्यका सबै नागरिक समान थिए । योग्यता, क्षमताअनुसार प्रशासनिक पदमा नियुक्त हुन्थे । परन्तु उच्चस्तरीय पदमा कुल पुत्रहरूको नै नियुक्ति हुन्थ्यो । गणराज्यका नागरिक उत्तम चरित्रका हुन्थे ।'शिक्षा, दीक्षामा सबैको समान अधिकार भए पनि उच्चशिक्षा लिन 'तक्षशिला विश्व विद्यालय' जस्ता सूदूर क्षेत्रमा जान सक्ने छात्र कुलीन वर्गक हुन्थे अथवा प्रतिभाशाली तथा तेजस्वीले मात्र यो मौका पाउँदथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणराज्यका नायक गणपति राष्ट्रपति वा राजा भनिन्थे र यो निर्वाचन पनि कुल परम्परागत जस्तै भइसकेको थियो तथा निर्वाचन जीवन पर्यन्तलाई गरिन्थ्यो ।

मन्त्रीपरिषद्– प्रशासन सुचारू रूपले सञ्चालनको निम्ति एउटा मन्त्रीपरिषद् छानिन्थ्यो । यो संख्या गणराज्यको विस्तारको आधारमा हुने गरेको बुझिन्छ। लिच्छवि गणराज्यमा मन्त्रि-परिषद्को संख्या नौ भनेको पाइन्छ भने मल्ल गणराज्यमा मन्त्रीहरू चारजना हुन्थे । आपसमा यिनीहरूको कार्य-विभाजन (विभागको बाँडफाँड) हुन्थ्यो । संस्थागार–निर्वाचित प्रतिनिगिको सभा (व्यवस्थापिका) संस्थागार भनिन्थ्यो । सर्वोच्च शक्ति, यसैमा निहित थियो र यसबाट पारित नियमहरू नै मन्त्रीपरिषद्द्वारा गणपतिले व्यवहारमा ल्याउँथे । उच्च पदाधिकारीको नियुक्ति संस्थागारकै बहुमतले गर्दथ्यो ।

संस्थागारको अधिवेशन राजा (गणपति) अथवा विनयाधारको अध्यक्षतामा हुन्थ्यो । संधि, विग्रह आदि पनि संस्थागारकै बहुमतद्वारा निर्णय हुन्थ्यो ।

कोशल नरेश विडुडभले प्रतिहिंसामा उग्र भएर शाक्य गणमा आक्रमण गरेको बेला संस्थागारको बहुमतले नै निर्णय गरेर आत्मसमर्पण गरेको उल्लेख पाइन्छ ।

सभाको कार्य संचालन विधि–सभा भवनमा सदस्यहरू बस्ने व्यवस्था मिलाउने व्यक्ति आसन पन्नायक भनिन्थ्यो । सभामा विचार विमर्शको निम्ति प्रस्तुत गरिने विषयलाई ज्ञप्ति भनिन्थ्यो । ज्ञप्ति अथवा सूचनापछि सभामा निर्णय लिनु पर्ने प्रस्ताव पेश गरिन्थ्यो,जसलाई पाली साहित्यमा प्रतिज्ञा (प्रस्ताव) भनेको पाइन्छ ।

सभालाई सम्बोधन गरेर प्रस्तावकले भन्दथे– मेरो कुरा सुन्नुहोस् यदि सङ्घलाई यो प्रतिज्ञा मंजूर छ भने सङ्घ चुप रहोस्, जसलाई यो मंजूर छैन वहाँ बोल्नुहोस् । यसरी तीन पटकसम्म प्रस्तावको विषय दोहोऱ्याउँदा पनि सभा चुपचाप रहेमा प्रस्ताव स्वीकृत भएको मानिन्थ्यो र भनिन्थ्यो– यो प्रतिज्ञा (प्रस्ताव) सङ्घलाई मंजूर छ यसकारण सभा चुप छ, यो मेरो धारणा हो ।

यसरी प्रस्ताव पेशगर्दा प्रस्तावित विषय स्पष्टसँग सभाको समक्ष तीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पटक दोहोरो तेहोरो, भन्नु पर्थ्यो जसलाई प्रस्तावित विषय उचित जंच्तैनथ्यो, उसले उठेर आफ्नो तर्कयुक्त राय सभाको सम्मुख व्यक्त गर्नुपर्थ्यो, वादविवाद-मा तर्क-वितर्क भएपछि प्रस्तावलाई निर्णयार्थ मतदानमा राखिन्थ्यो र बहुमत-द्वारा निर्णय गरिन्थ्यो । यस्तो निर्णयलाई 'भुयस्सिकम्' या 'भूयसीयम्' भन्दथे ।[१]

मतदानको प्रथा तीन किसिमको थियो गूढक १, सकर्ण जल्पक २, विवृतक ३ ।

चुल्ल वग्गमा उक्त तिनै पद्धतिको व्याख्या गरिएको छ । सभामा प्रस्तावको पक्ष-विपक्ष तथा जाति अन्य पक्षमा विभाजित हुन्थे सबैको लागि छुट्टा छुट्टै रङ्गको सलाका बनाइन्थे । यसको निम्ति पनि एकजना सभासद्मध्ये-बाट नै उपर्युक्त प्रस्ताव प्रस्तुत गर्ने विधि बमोजिम नै सभाको अनुमतिले कुनै व्यक्ति छानिन्थ्यो । अर्थात् सङ्घले मेरो कुरा सुनोस्, अमुक व्यक्तिलाई शलाकाग्राहक पदमा नियुक्त गरियोस् भन्ने यो ज्ञप्ति छ । मंजूर भए सङ्घ चुप रहोस् । यसरी तीनपल्टभन्दा सङ्घ चुपरहेमा सर्वसम्मतिले प्रस्ताव स्वीकृत भएको मानिन्थ्यो र शलाकाग्राहक नियुक्त हुन्थ्यो ।

यस्तो व्यक्तिको नियुक्तिमा निम्नस्थ कुराको ख्याल राखिन्थ्यो । (१) आफ्नो मनलागी नगर्ने (२) राग द्वेषको बाटो नहिड्ने (३) मोह-माया नगर्ने (४) पहिलेको बाटा मै हिड्ने कोशिस् नगर्ने (५) डरले काम नगर्ने (६) नियमानुसार काम गर्ने र स्वच्छन्दाचरण नगर्ने (७) पक्षपातरहित तथा कुनै पक्षसँग द्वेषभाव नभएको । अर्थात् रिस, राग, भय, द्वेष, घृणा, पक्ष, मोह आदिले रहित पूर्णनिष्पक्ष व्यक्ति नै शलाकाग्राहक (निर्वाचन अधिकृत) सङ्घले नियुक्त गर्थ्यो भोट (मत) लाई ' छन्द ' भनिन्थ्यो । छन्दको अर्थ स्वतंत्र भन्ने हुन्छ ।

प्रत्येक सभासद् (भोटरलाई) शलाकाग्राहकले फलानो पक्षको फलानो रङ्गको शालाका भनेर सम्झाइदिन्थ्यो । शलाका उठाउनेलाई शलाकाग्राहकले अर्को सदस्यलाई आफूले उठाएको शलाकाको बारेमा नभन्ने निर्देशन गर्थ्यो । पछि बाँकी रहेका शलाकाको गन्तीबाट बहुमत कुन पक्षमा गयो भन्ने थाहा हुन्थ्यो र विधिवत् घोषणा गरिन्थ्यो । यो विधि गुप्त रहने हुँदा गूढक भनिएको छ । सकर्णजल्पक– मतदाताले शलाकाग्राहकको कानमा सुटुक्क भनेर मत प्रकट-

१. डा० सत्य केतु, भा०सं० और इतिहास पृ० १८५ तथा चुल्ल वग्ग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने र पछिसंख्या गन्ती गरी बहुमत अल्पमतको घोषणा गर्ने विधिलाई "सकर्णजल्पक" भनिएको छ ।

विवृतक– जुन मतदान खुलारूपमा हुन्छ, त्यस विधिलाई "विवृतक" भनिन्छ । यसमा बोलेर, हात उठाएर, व्यक्ति उठेर, मत व्यक्त गरिन्थ्यो ।

सङ्घमा पेशभएको विषय [प्रस्ताव] मा घोर वादविवाद मत–मतान्तरले अनिर्णित अवस्था भएमा यस्तो विवादग्रस्त प्रस्तावको विचारार्थ उब्बहिका [उपसमिति] को जिम्मादिने व्यवस्था पनि थियो । यसको लागि पनि समिति बनाउन तथा समितिमा योग्यव्यक्ति राख्न पनि पहिले उल्लेख गरिएको विधिअनुसार ज्ञप्तिद्वारा प्रस्ताव पेश गरेर सङ्घसँग अनुमति मागिन्थ्यो र तीन पटकसम्म उक्त प्रस्ताव भन्दा सभा चुप भएमा उद्वाहिका– [उपसमिति] गठन भएर प्रस्तावमा विचारार्थ जिम्मा दिएको कुरा मान्य हुन्थ्यो । यसरी समितिले विचारगरी संशोधित, परिवर्तितगरी उपस्थित गरेको प्रस्तावमा पनि परम्पराको विवाद नटुङ्गिएमा [भूयसीयम्] अर्थात् बहुमतद्वारा निर्णय गरिन्थ्यो ।

गणपूरक– सभामा आवश्यक संख्या[कोरम]को पनि ख्याल राखिन्थ्यो र यसकार्यको निम्ति नियुक्त भएको व्यक्तिलाई गणपूरक भनिएको छ। आज भोलिको व्यवस्था पिकामा पनि सचेतक [Whip] राख्ने चलन छ जसले गणपूरकको पनि काम गर्छ ।

सङ्घको कार्य तथा वाद–विवादको टिपन गर्ने [माइनट बूक] कार्यको निम्ति पनि व्यक्तिहरू नियुक्त हुन्थे । दीघनिकाय– [महागोविन्द सत्तान्त]अनुसार तात विंशदेव सुधम्म सभामा एकत्रित भएर आसनमा बसे । त्यस सभामा चार महाराव सभासद्को भाषण,प्रस्ताव र वाद-विवादको उल्लेख गर्न विराज मान थिए ।

उक्त कुराको उल्लेख गर्दै इतिहासकार डा० सत्यकेतु भन्दछन्– सुधर्मा देवसभामा चार महाराज लेखक नियुक्त हुन आश्चर्य छैन । मानिसले उत्तम ठहराएको व्यवस्था सङ्घ जस्तै देवसभाको पनि कल्पना गरियो । त्यो वेला बुद्धसङ्घ र अन्य राजनीतिक सभा–सङ्घमा पनि यसप्रकारका सम्मानस्पद लेखकहरू भाषण, प्रस्ताव र अन्य कार्य विधि उल्लेखगर्न नियुक्त हुन्थे ।

---

१. डा० सत्य केतु भा० सं० और इतिहास पृ० १८४–१८६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाली साहित्यको अनुशीलनबाट गणराज्यका सभापद्हरूलाई राजा भनिने गरिएकोले यस्तै व्यक्तिहरू लेखक [सभाको कार्य विधिको खाता लेख्ने] नियुक्त हुन्थे भन्ने पनि तर्क उपस्थित हुन्छ । वाद-विवाद र गुप्त निर्णयको निम्ति सभासद्बाहेक अरूलाई बस्ने अनुमति नदिन पनि सकिन्थ्यो । अथवा यस्तो कार्यको निम्ति पनि कुलीन [राजवंश] व्यक्तिहरू नै नियुक्त हुन सक्थे होलान् ! यहाँ उल्लेखको आवश्यकता– नेपालको सांस्कृतिक परम्परामा भारतीय गणराज्यको विधिविधानको बारेमा लेख्नु पर्ने कारण किन पऱ्यो भने गणतंत्र पद्धतिको परम्परा वैदिक साहित्यमा पनि उल्लेख भएको छ । यद्यपि वैदिक सनातनधर्म राज्य व्यवस्थामा राजतंत्रात्मक व्यवस्थाको पक्षपाती मात्रै होइन कि कट्टर समर्थक छ तथापि जनमतको उल्लङ्घन गर्ने अधिकार कसैलाई छैनभन्ने धारणा पनि हाम्रा पुराण धर्मशास्त्र र इतिहासमा पाइन्छ। साथै गणतंत्रका पक्षपाती एवं आफ्नो भिक्षुसङ्घको प्रशासन पनि गणतंत्र पद्धतिअनुसार नै व्यवस्था गर्ने भगवान् बुद्ध नेपालभित्र नै जन्मेका थिए । वर्तमान नेपालमा बुद्धकालीन गणराज्यहरू पनि पर्दथे र लिच्छविगणका व्यक्तिहरू यहाँ पसेर ७।८ शय वर्षसम्म नेपालको शासन गरे । उनीहरूको राज्यव्यवस्था राजतंत्रात्मक भए पनि स्वायत्त शासनमा ग्राम पाँचालिका खडा गरेका थिए । वर्तमान राज्य व्यवस्थामा पनि निर्दलीय निर्वाचित प्रतिनिधिहरूको व्यवस्थापिका [राष्ट्रिय पञ्चायत] रहेको छ र जसको निर्णयले नै नेपालीहरूको भाग्य निर्धारण गर्छ । राष्ट्रिय पञ्चायतको बहुमतको निर्णयलाई श्री ५ बाट स्वीकृति बवसन्छ र कानून बन्दछ । यो परम्परालाई पाश्चात्यहरूले पछि अपनाए । हामीले अरूसँग यो सापट मागेका पनि होइनौं र अनुकरण वा अनुसरण गरेका पनि होइनौं ।

जाति वर्ग र आचार-विचारमा समानता राख्ने बुद्धका चेलाहरूको ठूलो समूह जम्मा भएपछि यिनीहरूका बीच अनुशासन कायम गर्न र आचार विचारमा समानता ल्याउन विनय[नियम]बनाउन आवश्यक थियो । धर्मानुशासनको साथ–साथ ठूला जमातसँगै बस्ने भएपछि खान–पान, रहन–सहन, मान–मर्यादा र अन्य आइपर्ने त्रुटिमा सुधार गर्नु तछँदैथियो समाजमा आघात पर्ने, राज्यको नीतिमा मेल नखाने कार्यहरू नियमभित्र परेकामा तुरुन्त संशोधन गर्नुपर्ने र भिक्षुहरूबाट अनाचार, नियमभङ्गका कार्य भएमा उच्छृ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ङ्गल र अमर्यादित भिक्षुलाई सजाय गर्नुपरेमा वा निस्काशन गर्नुपरेमा पनि विशेष व्यवस्था हुनुपर्ने भएकोले गणतंत्र पद्धतिको नियम कानूनकै अनुरूप भिक्षुसंघको सर्वसम्मत्ति वा वहुमतले निर्णय गर्ने परम्परा बुद्धले चलाए।[१] बुद्धभिक्षुहरू यत्रतत्र घुम्थे, घना जङ्गल र बगैंचा, पर्वत, गुफा, ओडारमा बस्ने गर्दथे। वर्षा-वास [असारदेखि आश्विनसम्म] एकै ठाउँमा बस्ने चलन थियो। यसको निम्ति खर घाँस पातका पर्णशाला बनाइन्थे।[१] भिक्षु-सङ्घ तथा भगवान् बुद्धमा श्रद्धा राख्ने ठूला-ठूला धनी सेठ्ठी तथा राजाहरूले पछिपछि राम्रो ठाउँ हेरेर विहारहरू बनाइदिन थाले। सहर र गाउँहरू-भन्दा अलग रहेका तर सहर गाउँका श्रद्धालुभक्त जनहरूलाई जान टाढा नपर्ने बगैंचा, वनवाटिकाभित्र बुद्धनिवासको निम्ति विहार [सामुहिक कुटी] बने।[२] यसलाई संघाराम भनिन्थ्यो। कुवा, तलाउ, बगैंचा, आदि आवश्यक कुराहरू संघारामको निम्ति बनाइएका हुन्थे। संघाराममा कसैले दानदिएका बस्तुहरू भिक्षु-सङ्घको साझा सम्पत्ति मानिन्थ्यो। चीवर, भिक्षापात्र पनि सङ्घकै सम्पत्ति ठानिन्थ्यो।

पहिले पहिले चेला भनाउँदा वन, वृक्षमूल, पर्वतका कन्दरा, खुला मैदान, श्मशानभूमि खुला मैदानमा रहन्थे भन्ने उल्लेख छ।[३] श्रावस्तीमा अनाथपिण्डिक सेठले जेतक राजकुमारको सहर बाहिरको बगैंचा असर्फी ओछ्याएर किने र बुद्धभिक्षुसङ्घलाई दान दिए। कुटी अथवा धेरै कोठा भएका भवनलाई सङ्घाराम भन्दथे भन्ने कुरा उल्लेख गरियो। पछिपछि यी सङ्घा-रामलाई विहार भनियो र नेपालीमा विहारबाट बहाल भन्ने चलन चल्यो। उपत्यकाभित्र यस्ता बहाल टोलको रूपमा देख्न पाइन्छ।

शुरू शुरूमा बुद्धभिक्षु बन्न कृत-संकल्प व्यक्तिलाई भिक्षु बनाइन्थ्यो। स्त्री जातिलाई भने भिक्षुबन्न निषेध थियो। पछिपछि चोर, डाँकू, दासहरू पनि भिक्षु बन्न आउन थाले। समाजमा यसको विरोध भयो। अनि बुद्धले

---

१. भारतीय संस्कृति और इतिहास, डा० सत्यकेतु विद्यालंकार।

२. मज्झिमनिकाय १ पृ० २६९ ऐ पृ० २७४, ४।२ संयुक्त निकाय ३ पृ० ११६–११७ तथा थेर गाथा ५९ एवं उदान ४।२

३. चुल्ल वग्ग ६।४, ८–१०

४. जातक १ पृ० १०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता व्यक्तिहरूलाई भिक्षु बनाउन निषेध गरे ।[१]

प्रव्रज्या र उपसम्पदा– बौद्धभिक्षु बन्न प्रव्रज्या र उपसम्पदा दीक्षा लिन अनिवार्य थियो र पहिले पहिले महात्मा बुद्ध स्वयंले यी दीक्षा दिन्थे । यसको निम्ति टाढाबाट व्यक्तिहरू आउनु पर्ने कठिनाई देखेर विभिन्न प्रदेशमा पुगी प्रव्रज्या र उपसम्पदा दिने अधिकार वरिष्ठ भिक्षुहरूलाई प्रदान गरियो ।[२]

यसले गर्दा धेरै चेला मुड्ने होड चल्यो । अयोग्य व्यक्ति पनि भिक्षु बन्न थाले तथा सङ्घमा अव्यवस्था फैलिन थाल्यो । यसपछि जुन भिक्षु दशवर्ष भिक्षुजीवन व्यतित गरेको हुन्छ त्यसैले उपसम्पदा दिने नियम बन्यो । दश वर्ष बिताउँदैमा पूर्णयोग्य हुनु पर्ने कुरा सबैको निम्ति उचित थिएन । यसकारण यो नियम पनि पनिवर्तन गरियो । शुरूमा चार महीना प्रव्रज्या लिएका भिक्षुले परिवास [परीक्षण काल] जीवन बिताउनु पर्थ्यो र त्यस-पछि उपसम्पदा दिने चलन थियो ।[३] पछि यसलाई बढाएर पाँच वर्ष श्रामणेर जीवन व्यतित गरेकालाई मात्र उपसम्पदाको दीक्षा दिने नियम बन्यो । नियम संशोधन र परिवर्धन गर्ने आवश्यकता तब महसूस हुन्छ, जब पूर्वनियम दोष-युक्त हुन्छ । विभिन्न आचरणमा रहेका र भिन्न भिन्न आचार संस्कार र दर्शनले प्रभावित व्यक्तिहरू भिक्षु बने पनि पूर्वसंस्कारबाट मुक्त नभएको कारणले नै समयवृद्धि गर्ने आवश्यकता पऱ्यो ।[४]

भिक्षु पदको प्रत्याशी व्यक्ति केश-श्मश्रु मुण्डन गरी कषायवस्त्र धारण गरेर टुक्रुक्क बस्तथ्यो रहात जोडेर तीन पटक भन्दथ्यो-"बुद्धं शरणं गच्छामि, धर्मं शरणं गच्छामि,संघं शरणं गच्छामि"अर्थात् बुद्ध,धर्म,सङ्घको शरणमा जान्छु भनेर तीन पटक भनेपछि उपसम्पदाको विधि पूरा हुन्थ्यो ।[५] पछिपछि यो विधि विधान लम्बियो । प्रव्रज्यालिएर पाँच वर्षको अवधिमा भिक्षुनियमको पूर्ण पालना गरी साधनारत श्रमणेरले दश वरिष्ठ भिक्षुको अनुमति प्राप्त गरेपछि उपसम्पदा पाउँथ्यो । यसको निम्ति भिक्षु–सभामा श्रद्धापूर्वक झुकेर

---

१. एस०बि०ई० १३ पृ० ११४,पृ० १९९ र २३०
२. एस० बि० ई० १३ पृ० ११४
३. ऐ भा० १३ पृ० १७७–७८
४. मज्झिम निकाय १ पृ० ३९१ तथा सुत्तनिपात ३।६
५. एस० बि० ई० भा० १३ पृ० ११५ तथा १६९–७०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अञ्जलिबद्ध हात माथिउठाई भिक्षुपदका अभिलाषी श्रामणेरले भन्नु पर्दथ्यो। भन्थे–सङ्घसँग उपसम्पदा पाउन याचना गर्दछु, संघले दया गरेर मेरो उद्धार गरोस्।[1] यसरी तीनपल्ट प्रार्थना गरेपछि ऊसँग अनेक प्रश्न सोधिन्थे तिमी ऋणमुक्त छौ?, राजकर्मचारी त होइनौ?, तिमी स्वतंत्र छौ? के तिमीलाई आमाबाबुको आज्ञा प्राप्त छ?, उमेर वीस वर्ष पुग्यौ? इत्यादि।

उक्तकुराको सही उत्तर पाएपछि एउटा वरिष्ठ भिक्षुले सङ्घलाई ज्ञापन गर्थे। भन्थे–सङ्घले मेरो कुरा सुनोस्! अमुक नाम गरेका भिक्षुको उपाध्यायकत्वमा अमुक नामका आयुष्मान्का शिष्य अमुक नामका यी व्यक्ति उपसम्पदा चाहन्छन्, यदि सङ्घ उचित ठान्दछ भने अमुक नामका भिक्षुको उपाध्यायकत्वमा उपसम्पदा प्रदान गरियोस्।

यी वाक्य ज्ञप्ति (सूचना) पछि तीन पटक बाक्य पूरै भनेर यसमा भिक्षुसङ्घको अनुमति छ भने चुप रहनोस् नभए बोल्नोस् भनी सभामा मत मागिन्थ्यो र सङ्घ चुप रहेपछि घोषणा गरिन्थ्यो–सङ्घ चुप छ यसकारण सङ्घलाई स्वीकार छ भन्ने मेरो धारणा छ। यसपछि उपसम्पदा प्राप्त हुन्थ्यो।[2]

टाढा टाढाका प्रदेशबाट आउन नसक्ने श्रामणेरहरूले उपसम्पदाको निम्ति अनुरोध गरी पठाएमा सङ्घको अनुमति प्राप्तगरी कुनै वरिष्ठ भिक्षु गएर उपसम्पदा दिने चलन भएको पनि पाइन्छ।[3]

पाली साहित्यमा उपसम्पदाको दीक्षा दिने व्यक्ति उपाध्याय भनिन्थ्यो जो आध्यात्मिक गुरु हुन्थ्यो। आचार्य भिक्षुकलाई भनिन्थ्यो, जसले पढाउँथ्यो।

वैदिकधर्ममा उपाध्याय वेदविद्या पढाउनेलाई भनिन्छ भने आचार्य दीक्षान्तक अथवा गूढरहस्यको मर्म बुझाउने विशिष्ट व्यक्तिलाई भनिन्थ्यो। पालीग्रन्थमा आचार्य केवल शिक्षक हुन्छ, उपाध्याय साधनापथको निम्ति मुख्यगुरु। आध्यात्मिक साधनामा गुरुको ठूलो महत्त्व भएकोले उपाध्यायको स्थान आचार्यको भन्दामाथि रहेको देखिन्छ।[4] बुद्धघोषको उक्तिअनुसार उपाध्याय वन्न दशवर्षको भिक्षुजीवन व्यतित हुनुपर्थ्यो, तर आचार्यको निम्ति

१. एस० वि० ई० १३ पृ० ११५ तथा महा वग्ग १।३१।२, ९।४१
२. बुद्धकालीन समाज, डा० मदन मोहन पृ० १६८–६९।
३. महा वग्ग ५।१३।११–१२
४. एस. वि. ई. १३ पृ. ५१ तथा मनुस्मृति २।१४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६ वर्ष भिक्षुजीवन विताएको भए हुन्थ्यो । बुद्ध–भिक्षुको जीवन चर्या र ब्रह्मचारीको आचरणमा धेरै साम्य देखिन्छ । साथै वैदिक परम्पराका वानप्रस्थ र सन्यास आश्रमका नियमहरू पनि केही हेर–फेरका साथ बुद्ध-सङ्घमा लागु गरिएको पाइन्छ ।[1]

ब्रह्मचारीको निम्ति गुरुसेवाको जति महत्त्व छ, जति अनुशासनको तथा मर्यादा पालनको आवश्यकता मानिन्छ, त्यो बुद्धभिक्षुहरूको निम्ति पनि पालनीय थियो । अहिंसा, अस्तेय, ब्रह्मचर्य, शुद्धाचार आदि विनयपिटकमा उल्लेख नियम र गुरुसेवासँग मनुस्मृतिको अथवा धर्मसूत्र आदिमा वर्णित ब्रह्मचारीको कर्तव्यमा आश्चर्य जनक साम्य पाइन्छ ।

भगवान् बुद्धले गुरुजन (मान्यजन) को आदर सत्कारको उपदेश दिएका छन् । उपासक (बुद्धभक्त गृहस्थी) लाई पनि बाबुआमा, दाजु, अन्य मान्यजनको आदर-सत्कार गर्न तथा स्त्रीहरूलाई पतिको मान-मर्यादा, सेवा, तथा सासू-ससुराप्रति सम्मान, भृत्यवर्गप्रति दया, माया गर्ने उपदेश दिएको पाइन्छ । यसकारण बुद्धको दर्शन मात्र व्यवहारवादी थिएन कि उनको आचरण, उपदेश, विनय (नियम) तथा सङ्घीयव्यवस्था सबै पक्षमा व्यवहार कुशलता पाइन्छ । बुद्धको धम्मपद (१०९) सँग मनुस्मृतिको (२।१२१) श्लोकको अर्थ एउटै छ ।[2] बुद्धको अभिवादन, सेवा, मर्यादा गर्नेहरूको आयु, विद्या, कीर्ति र बल बढ्दछ भन्ने कुरामा बुद्ध र मनु सहमत छन् ।

भिक्षुणीहरू–नारीजाति माया, मोह, घृणा, द्वेष, आदि मानवीय गुणहरूमा पुरुषभन्दा बढ्ता हुन्छन् भन्ने उक्ति शास्त्रमा पाइन्छ । वास्तवमा स्त्रीहरू माया, ममता गर्दा पनि पूर्णसमर्पित भावले गर्दछन् र घृणा, द्वेष आदि पनि उग्ररूपले प्रकट गर्दछन् । यसकारण नारीको माया मोहबाट अध्यात्म चिन्तन गर्ने योगी, वैरागी, सन्यासीहरूले स्त्रीजातिलाई संधै बन्धनको रूपमा माने । स्त्रीप्रति घृणा, द्वेषगर्न सिकाउन अनेक अवगुणपक्ष मात्र देखाउने प्रयत्न गरियो । नारीको मायाबन्धनबाट उम्कन पुरुषले जहिले पनि आफूलाई असमर्थ पायो । महावीरले तपस्याद्वारा शरीर सुकाएर मात्र काम शक्तिको विजयगरे तथा पार्श्वनाथका चार व्रतमा ब्रह्मचर्य महाव्रत थपेर नियम बनाए । बुद्धले पनि आफ्नो तरुणावस्थामा पत्नीद्वारा जुन असीम

---

१. वैखानस धर्म प्रश्न १।२६ तथा एस. बि. ई. १३ पृ. २११

२. अभिवादन शीलस्य नित्यं वृद्धोपसेविनः ।
चत्वारि तस्य वर्धन्ते आयुर्विद्या यशो बलम् (बुद्ध धम्मपद तथा मनु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्यार र ममता पाएका थिए त्यो विर्सन कठोर तपश्चर्यलि शरीर सुकाउँदा पनि मार (कामदेव) विजय गर्न घोर सङ्घर्ष गर्नुपरेको थियो । यसकारण अध्यात्म चिन्तनमा नारीको साहचर्य एवं सन्निकटता अनर्थकारी हुन्छ भन्ने कुरामा ब्राह्मण, ऋषि, मुनि तथा सन्यासी, जोगीहरूका विचारसँग बुद्ध पनि सहमत थिए ।[१]

बुद्धभिक्षुहरूको शील सदाचार जस्तै अर्को महान् धर्मपक्ष हो करुणा । बुद्धकी पालनकर्तु माता प्रजावतीको वृद्धावस्थाको करुण पुकारले द्रवित भएका बुद्धका प्रमुख शिष्य आनन्दले बुद्धसँग बराबर भिक्षुणी बनाउन अनुरोध गरे । आनन्दको सामुमा जर्जर वृद्धाको आत्मिक पुकार र दृढसंकल्प मात्रै थियो । किन्तु, बुद्ध दूरगामी परिणामसँग परिचित थिए । करुणा त उनको पनि मुख्य धर्म हो । किन्तु, सोद्देश्य साधना–पथमा आउने अन्तराय-सँग सतर्क रहनु पनि आवश्यक थियो । आनन्दको तर्कयुक्त अनुरोध र प्रव्रज्या काँक्षिणी नारीहरूको संकल्पका अगाडि बुद्ध झुके तथा सकेसम्म नियमका कठोर बन्धनमा बाध्न र अपमानजनक स्थितिमा रहनु पर्ने कुरा पनि दर्शाए । परन्तु सबै नियम पालना गर्ने नारीहरूको संकल्पले गर्दा भिक्षुणी बन्न अनुमति दिनै पऱ्यो । यसको परिणाममा उनी सचेत थिए भन्ने कुरा निम्नस्थित बुद्ध वचनबाट स्पष्ट हुन्छ ।

हे आनन्द, यदि स्त्रीहरूलाई गृहस्थजीवन त्यागेर तथागतद्वारा प्रतिपादित धर्म तथा विनयअनुसार प्रव्रज्या लिने अनुमति नदिएको भए हे आनन्द, यो विशुद्ध धर्म चिरस्थायी हुन्थ्यो, अनि यो धर्म हज्जारौं वर्षसम्म स्थिर रहन्थ्यो । परन्तु, हे आनन्द, अब स्त्रीहरूलाई यो अधिकार दिइयो, अतः यो विशुद्ध धर्म केवल पाँच सय वर्षसम्म स्थिर रहला ।[२]

स्त्रीहरूलाई संन्यासधर्ममा दीक्षित गर्न समस्त तापसवर्ग नै विरुद्ध थियो । कामविजय गर्न, कठोर तपस्याको विधान, जङ्गलवास, एकठाउँमा एकरातभन्दा बढी नबस्ने नियम वैदिकधर्मका व्याख्याता धर्मशास्त्रीहरूले पहिले नै बनाएका थिए ।[३] फेरि वैदिकधर्ममा सन्यासमार्ग वृद्धावस्थामा लिइन्छ । वानप्रस्थ पत्नीसहित पनि हुन्छ । परन्तु बुद्धधर्ममा दीक्षित हुने

---

१. विनयपिटक ।

२. चुल्ल वग्ग १०।१।६ तथा अंगुत्तरनिकाय ४, पृ. २७८

३. धर्मसूत्र, आपस्तंव वौधायन मनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उमेर १५ वर्ष मानिन्थ्यो र २० वर्षमा उपसम्पदा प्राप्त गर्थे ।[१] यौवनको प्रथम, प्रमातमा नै शुरूहुने भिक्षुजीवनमा दुर्जय कामवासनाको उद्दीपन गर्ने नारीको सन्निकटता कति हानिकारक हुन्थ्यो, तथा युवक-युवतीको सान्निध्यले दलित वासनाको वेगलाई कसरी प्रज्वलित गर्न सक्थ्यो एवं यसको परिणाम भिक्षुसंघमा के हुन्थ्यो र समाजले के भन्थ्यो भन्ने कुरा शोचेर पनि समयको प्रवाहलाई रोक्न बुद्ध असमर्थ भए ।

युवक पति भिक्षु भएपछि नारी पतिकी अनुगामिनी किन नहुने ? विधवा र वेश्या जीवनबाट विरक्त भएका, परित्यक्ता, पति—पुत्रहीना, वृद्धा, स्त्रीजातिहरूको शरणदाता यो समयमा बुद्धसङ्घ नै भयो ।

कुनै पनि विषयवस्तुको उच्चता प्राप्तिपछि अवनति शुरू हुन्छ । बुद्धधर्मको शालीनता र उच्चतामा आकर्षित समाजको बाढीले बुद्धसङ्घ भरियो । दाताहरूको उदारताले अपार ऐश्वर्य सङ्घाराममा जम्मा हुन थाल्यो । भिक्षुको निवासस्थल वास्तमा आरामगृह बनेर भोग सामग्रीको ढुकुटी बनेकोले र नवयुवती भिक्षुणीको बराबर साहचर्य हुने गरेकोले बुद्धको जीवन-कालमा नै विकृतिका लक्षणहरू देखापरिसकेका थिए ।

अरण्यवास बसेर साधना गर्ने भिक्षुणीमाथि गुण्डाहरूको बलात्कार ।[२] दस्युहरूबाट एकान्तवास गर्ने भिक्षुणीको अपहरण, स्नानगर्न लागेकी भिक्षुणीको कामुक अवलोकन आदि घटनाको वर्णन पाली साहित्यमा प्रशस्त पाइन्छ ।[३]

सुन्दरी तथा नवयुवती भिक्षुणीप्रति युवक श्रामणेरको आसक्तिलाई अव्यवहारिक भन्न सकिदैन । विनय पिटकमा कुन्तक नामको श्रामणेरद्वारा एक भिक्षुणीसँग व्यभिचारको कथा पाइन्छ । कैयन मानसिक चञ्चलताको कारण पुनः गृहस्थी बनेको अनेक भिक्षुणीको भ्रष्टाचार कथा पनि पाली साहित्यमा कम छैन । यस्तै राजगृहको एकमात्र सेठीपुत्रले प्रव्रज्या लिएको र उनका वाबुआमा विचलित भएको देखेर घरकी दासीले भिक्षु तिष्यलाई आसक्त गरी पुनः गृहस्थजीवनमा फर्काएको कथा पनि जातकमा उल्लेख छ ।[४]

---

१. चुल्ल वग्ग १०।२५।१
२. विनय पिटक पृ. ५३७ राहुल
३. ऐ पृ. ५४०
४ वात मिग जातक (१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त विवेचनबाट बुद्धधर्मको जति विकास भयो त्यति वेला नै विकृतिका लक्षण पनि देखापर्न थाले । तथापि बुद्धका अनुयायी तथा प्रतिभाशाली चेलाहरूको ठूलो संख्या भइसकेकोले बुद्धको निर्वाणपछिका सवासय वर्षसम्म बुद्धधर्म राम्रै नै चल्यो ।

बौद्ध प्रथम सङ्गीति

बुद्धको ८० वर्षको आयुमा कुशिनारा (कशिया, गोरखपुर) मा अवसान भयो । वैशाखपूर्णिमाकादिन जन्मेका बुद्धले त्यही तिथिमा निर्वाणप्राप्त गरेका थिए । त्यसपछि आषाढ महीनामा शुरू हुने वर्षावासमा मगधको राजधानी राजगृहमा ५०० भिक्षु जम्मा भएर बुद्धका उपदेशको पुनर्वाचन गरे । बुद्धका पट्टशिष्य आनन्दको सहयोगले सुत्तपिटक, नापित कुलोत्पन्न भिक्षु उपालिको वाचनबाट विनय पिटकको सङ्कलन गरियो । सुत्तपिटक अन्तर्गत मातिका = दार्शनिक अंशको विकास भएर पछि अभिधम्म पिटकको रचना भयो । यसैलाई त्रिपिटक भनिन्छ र बुद्धधर्मका मुख्य ग्रन्थ यसैमा सङ्कलित छन् ।[1]

यी त्रिपिटकभित्र, साना ठूला अनेक ग्रन्थ छन् । सुत्तपिटकमा पाँच निकाय छन् ।(१)दीघनिकाय,(२)मज्झिम निकाय,(१५२ सूत्र),(३)संयुक्त निकाय, (५६ संयुक्त,)(४) अङ्गुत्तर निकाय (११ निपात) (५) खुद्दक निकाय (सानाठूला ९५ ओटा ग्रन्थ) छन् । यसमा ४२३ उपदेश युक्त, धम्मपद, बुद्धका पूर्वजन्मका कथाहरूको सङ्गालो ५५० जातक कथा र अन्य खुद्दक पाठ, उदान, इतिवृत्तक, सुत्तनिपात, विमान वत्थु, पेत वत्थु, थेरगाथा, थेरी गाथा, निद्देश, पटिसम्मिदा मग्ग, अपदान, बुद्धवंश, एवं चरियापिटक छन् ।

विनय पिटक-विनयमा तीन अङ्ग छन् (१) सुत्तविभङ्ग, भिक्खुपाति मोक्ख, भिक्खुनी पाति मोक्ख, (२) खन्धक–महा वग्ग, चुल्ल वग्ग, (३)तथा परिवार ।

अभिधम्म पिटक—यसभित्र सात ग्रन्थ छन् । पुग्गल पञ्ञति, धातुकथा, धम्म सङ्गणि, विभंग, पट्ठान, पकरण, कथावत्थु, एवं यमक । यस्तै पछिल्लो कालको भिक्षु नागसेनको मिलिन्द फञ्हो पनि त्रिपिटक जस्तै प्रामाणिक मानिन्छ ।[2]

---

१. भारती दर्शन, आचार्य वलदेव उपाध्याय ।
२. ऐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो सङ्गीति र परिणाम

बुद्धको निर्वाणपछि बुद्ध धर्मको शासन र उपदेश गर्ने यिनै त्रिपिटक धर्म ग्रन्थ हुन् । जसरी बुद्धधर्मले विभिन्न जनपदका आर्य, अनार्यजाति समेटेर भिक्षु सङ्घमा सामेल गऱ्यो, तथा जनपदमा प्रचार, प्रसार भयो । त्यसको परिणाम धार्मिक धारणामा आचार, विचारमा, आमूल परिवर्तन भएर परम्परागत आएको संस्कार विश्वासको लोप हुन सक्नु सम्भव थिएन । नयाँ धर्मको ग्रहण र स्वीकृति मात्रले सम्पूर्ण नयाँपन दिन सकेको कहीं पनि पाइदैन । नयाँ धर्मले परम्रागत संस्कार र विश्वाससँग मिलेर मात्र नयाँ रूप लिएको छ, नयाँ संस्कृति जन्माएको छ । बुद्धले पनि सर्वत्र सम्पूर्णरूपले समाजको आस्था र विश्वास बदल्न सकिदैन भन्ने कुरालाई राम्ररी बुझेका थिए । आफ्नो जीवनमा शुरू गरेको प्रयासलाई विस्तारै अघि बढाउन समय लाग्दथ्यो । यसको, निरन्तर प्रयासको निम्ति नै उनले अलग्गै भिक्षुसङ्घको स्थापना गरे । लाखौं व्यक्तिको समूहलाई भिक्षु बनाएर समाज नै मेटाउनु पनि थिएन र एक दुई जनाको प्रयासले मात्र समाजको हृदय परिवर्तन गरेर नयाँ युग शुरूगर्न पनि सकिदैनथ्यो । यसकारण जमातको मनोभावनालाई बदलेर नयाँ बाटो हिडाउन जमातकै आवश्यकता महसूस गरे । उनको उपदेश र आचरणले नयाँ युवकलाई आकर्षण गरेपनि समष्टिरूपमा मानिसहरू भिक्षु मात्र हुँदैनथे । समयले ल्याएको भेललाई रोक्न पनि सकिदैनथ्यो । अन्यथा प्रत्येक व्यक्तिलाई संपरीक्षण गरेर मात्र उपसम्पदा दिने थिए र सङ्घमा अनाचार, व्यभिचार पनि हुने थिएन । युगस्रष्टाले आफ्नो परिवेशलाई फैलाउँछ र केही सत्य, तथ्य दिएर जान्छ । त्यही नै पछिल्लो युगको निम्ति वरदान पनि हुन्छ ।

ऋषि मुनिले वेद, उपनिषद् दिए । कैयन आचार्यले धर्म, संस्कार, आचार, विचार दिए । कृष्णले गीता दिए, बुद्धले माध्यमिक पन्था दिएर समाजको नयाँ निर्माणमा बल दिए । जैनहरूको महाव्रतले पनि समाजलाई धेरै कुरा दिएको छ ।

बुद्ध निर्वाण भएको सवासय वर्षको लगभगमा बुद्धधर्मभित्र मुख्यतया दुई विचारधारा बलिया भएर हुर्किएका थिए । यी विचारधाराको नाम हो स्थविरवाद र महासांघिक ।[1] बुद्ध महामानव हुन् भन्ने सिद्धान्त र

१. भारतीय दर्शन, आचार्य बलदेव उपाध्याय तथा प्रा. भा. इतिहास, डा. सत्यकेतु पृ. २२८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्ध बिचार त्यति वेलैमा पछि परिसकेका थिए । बुद्धलाई अलौकिक अथवा ईश्वरीय अवतारको रूपमा परिकल्पना गर्ने जमातको बढी संख्या थियो भन्ने कुरा नाउँले नै संकेत गर्दछ । यही नयाँ विकसित महासांघिक निकायले पछि महायानको रूप लियो । विकृति र सुधार दुवै युग सापेक्ष हुन्छन् ।

बैशाली नगरमा कालाशोक राजाको पालामा दोस्रो बौद्ध संगीति भयो । यसको आयोजन यश नामक महास्थविरको अध्यक्षतामा भएको भनिन्छ । यस बेलासम्म बुद्धधर्मका विभिन्न सम्प्रदाय जन्मेका थिए तापनि मुख्य रूपमा दुइटै देखिन्छन् । यसमा मुख्य प्रश्न आचार सम्बन्धमा थियो । स्थविरवादीहरू, बुद्धद्वारा निर्देशित नियममा बाँधिएर बस्न चाहन्थे तर ठूलो जमात नियममा सशोधन र खुकुलोपन चाहन्थ्यो ।[१]

संशोधन गर्न खोजेको दश धर्म

बुद्धको समयमा एकातिर साना ठूला गणराज्यहरू आफ्नो स्वतन्त्र अस्तित्वमा बाँचेर ऐश्वर्य वैभवको इच्छानुकूल उपभोग गरिरहेका थिए । अर्कातिर कोशल, वत्स, अवन्त मगधका राज्यहरू साम्राज्य विस्तारको महत्वकांक्षा बोकेर हात-पाउ पसार्न लागेका थिए । कोशल नरेश प्रसेनजित र श्रेणीय विम्बिसार मगधमा प्रभुत्वशाली राजा थिए । सीमा जोडिएका यी दुई राज्य आपसी सम्बन्धमा बाँधिएका हुनाले राज्य विस्तारको निम्ति नयाँ ठाउँ खोजिरहेका थिए ।

बुद्धका समकालीन तथागतभन्दा पाँच वर्ष मात्रै कान्छा राजा विम्बिसार बुद्धको निर्वाणभन्दा आठ वर्ष अगाडि नै परलोकवासी भइसकेका थिए । बृद्ध पिताको हत्या गरेर [वन्दी गृहमा राखेर] छोरा अजात शत्रुले मगधको साम्राज्य हस्तगत गरे ।

साम्राज्यवादी अजात शत्रुले वैशाली गणतन्त्र विजय गर्न कसरी सकिन्छ ? भनेर बुद्धसँग आफ्ना प्रधानमन्त्री वर्षकारलाई सोध्न पठाएका थिए, त्यो वेला वैशाली गणतन्त्रमाथि विजय गर्न सात अपरिहारणीय धर्म पालन गरुञ्जेल सकिंदैन भनेका थिए । सङ्घशासनको निम्ति आवश्यक ठानिएका यी सात कुराको पालना गर्न प्रधानमन्त्री वर्षकार [वत्सकार] ब्राह्मण फर्कने वित्तिकै भिक्षुहरूलाई उपस्थानशालामा जम्मा गरेर उपदेश गरेका थिए ती सात कुरा निम्नस्थ छन् ।

---

१. भिक्षु अमृतानन्द, बुद्ध शासनको इतिहास, प्र. भा. पृ. ३३-६० हे.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. भिक्षुहरू हो, जबसम्म तिमीहरू एकत्रित भएर धेरैजसो आफ्नो सभा गरिरहने छौ, त्यहाँसम्म भिक्षु हो, वृद्धि नै ठान्नु हानिहुँदैन।
२. जहिलेसम्म भिक्षुहरू एकभएर सभा गर्दै रहनन्, उत्थान गर्दै रहनन्, एकमत भएर सङ्घको काम गर्दै रहनन्, तहिलेसम्म भिक्षु सङ्घको वृद्धि नै हुन्छ हानि हुने छैन।
३. भिक्षु हो, जहाँसम्म सङ्घमा विहित [नियम] को पालना गर्दै रहनन्, जो अविहित छ, त्यसको अनुसरण गर्ने छैनन् र जुन पुराना भिक्षुहरूको नियम चलिआएको छ, त्यसको पालन गर्दै रहलान्, त्यहाँसम्म सङ्घको वृद्धि नै हुन्छ हानि हुँदैन।
४. भिक्षुहरू हो, जबसम्म आफूभन्दा बढ्ता धर्मानुरागी, चिरप्रव्रजित सङ्घका पितास्वरूप नायक, स्थविर भिक्षुहरू छन् र उनको सत्कार गर्दै रहलान्, आफूभन्दा मान्य ठानेर उनीहरूको पूजा [मर्यादा] गर्दै रहलान् एवं उनीहरूको कुरा सुन्ने, ध्यानदिन योग्य ठानेर मान्यता दिने गर्लान् तबसम्म उनीहरूको वृद्धि नै होला हानि हुनेछैन।
५. जबसम्म भिक्षुहरू बारबार उत्पन्न हुने तृष्णाको वशमा पर्ने छैनन् तबसम्म वृद्धि नै हुन्छ हानि हुनेछैन।
६. भिक्षु हो, जबसम्म भिक्षुहरू वनको झुपडीमा बस्न मन पराउलान् तबसम्म उनको वृद्धि नै हुन्छ हानि हुनेछैन।
७. जबसम्म भिक्षुहरू यो कुराको स्मरण गरिरहलान् कि भविष्यमा सुन्दर ब्रह्मचारी सङ्घमा सम्मिलित हउन्, सम्मिलित भएका व्यक्तिहरू ब्रह्मचर्य पालना गर्दै सुखसँग बस्लान्, तबसम्म सङ्घको वृद्धि नै हुनेछ हानि हुनेछैन।

महात्मा बुद्धका यी सात अपरिहार्य धर्ममध्ये पहिलेका चार कुरा वैशालीको निम्ति एकदम मिल्दछन्। बाँकी तीनमा आफ्नो धार्मिक सङ्घको निम्ति केही हेरफेर गरेर भनेका छन् तापनि आत्मा उही छ।

बुद्धले वज्जी सङ्घको अजेय हुनुको कारण आपसी मेल, वृद्धजनको मान्यता, परम्परागत मर्यादाको पालना, गुरुजनको वचन सुन्नु र मान्नु, असल आचरण, बढ्ता लोभ लाल्चा नगर्नु नै बताइदिएकोले कूटनीतिज्ञ वत्सकारले आफू निर्वासित भएको अभिनय गरेर वज्जिसङ्घमा पसेर भेद नीतिको प्रयाग गरे। आपसी फूट र कलहले जर्जरित वज्जिसङ्घमा आक्रमण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेर वैशालीगणलाई ध्वस्त पार्न अजात शत्रुलाई निम्त्याएर वज्जिसङ्घको पतन गरे ।

यसपछि सम्पूर्ण ऐश्वर्य वैभववाट हात धुनु परेका वज्जिसङ्घका कुल पुत्रहरूको जमात भिक्षुसङ्घमा प्रवेश गरेको अनुमान हुन्छ।

राजसी ठाँटबाटमा बसेका वज्जियुवकहरू भिक्षु बन्दा पनि कठोर नियमबाट केही सहुलियत चाहन्थे, आवश्यकता पूर्तिको निम्ति सुन, चाँदी दान लिन चाहन्थे, मिठो भोजन प्राप्त भएको बेला छाड्न पनि चाहँदैन थे । नून नभएको बेस्वादिलो खाना पनि मन्जूर थिएन तथा सुखमय जीवनमा लागेको मद्यपानको आदतलाई सन्तोष पार्न रक्सी नबनेको लागू-पदार्थ ताडी आदि खाएर पिपासा शान्त गर्न चाहन्थे। बुद्धले बेलाबेलामा उपदेश गर्दा भिक्षु सङ्घको निम्ति निषिद्ध गरेका दश वस्तु - सिंगमा नून हुन्छ [१], दुई अंगुल बितेपछि हुन्छ [२], ग्रामान्तर हुन्छ [३], आवास हुन्छ [४], अनुमति हुन्छ [५], गरिराखेझैं गर्नु हुन्छ [६], दही नजमेको हुन्छ [७], रक्सी नभएको हुन्छ [८], संजाप नभएको गद्दामा बस्नु हुन्छ [९], असर्फी रुपियाँ लिनु हुन्छ [१०] उपर्युक्त दश कर्म जो बुद्धले निषेध गरेका छन्[१], त्यसलाई हेरफेर गरी नियमभित्र पार्न खोज्ने वज्जिसङ्घका युवक भिक्षुहरूको विरोधमा भिक्षु सङ्घले निर्णय दिएकोले युवकहरूको ठूलो जमातले यो अनुशास मान्न तयार भएन । सात सय भिक्षुको यो दोस्रो भेलालाई सत्तसतिक भनिन्छ ।

---

१. नून नभएको ठाउँमा सिंगमा नून हाली लगेर खान हुन्छ भन्ने [१], मध्याह्न बितेपछि खान हुन्छ भन्ने [२], बुद्धले १२ बजेपछि भोजन निसिद्ध गरेका छन् । गाउँमा गएको भिक्षुले एक पटक पुग्यो भनी छाडेको पुनः खान पाउनुपर्छ भन्ने [३], एकै बिहारमा बस्ने भिक्षुले उपोसथ गर्दा [विनयपाठ गर्ने कर्म] भिन्नाभिन्नै ठाउँमा बसेर पनि गर्नु हुन्छ भन्ने [४] ,उपोसथ गर्दा पछि आउने भिक्षुको अनुमति लिउँला भनेर अलग्ग एक समूह भेला भएर उपोसथ गर्न हुन्छ भन्ने [५], आचार्य उपाध्यायले गर्ने गरेको गर्न हुन्छ भन्ने [६], दूध एक पल्ट पुग्यो भनेपछि दही नजम्दै फेरि खान हुन्छ भन्ने [७], रक्सी नबनेको जाँड, कट, ताडी खानु हुन्छ भन्ने[८],सेप्टी नलगाएको डसना-मा बस्न, सुत्न हुन्छ भन्ने[९] र सुन चाँदी दान लिनु हुन्छ भन्ने[१०]।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वज्जिपुत्र भिक्षुहरूको ठूलो समूहले बहिष्कार गऱ्यो र मण्डली भन्ने [सामन्त राजा] को आश्रय पाएर दशहजार भिक्षुको भेलाले दोस्रो सम्मेलन गऱ्यो र यसपछि महासांघिक नामले विख्यात भयो ।

यो महासांघिकहरूको सम्मेलनको अध्यक्षता गर्ने आचार्यको थियो भन्ने विषयमा पालीसाहित्यबाट स्पष्ट नभए पनि बसुमित्रको चीन भाषामा अनुदित ग्रन्थ निकायावलम्बनशास्त्र नामक ग्रन्थमा महास्थविर महादेवको नाम उल्लेख भएको छ । हुएन शाङ्गको यात्रा वर्णनमा पनि यही नाम पाइन्छ र जापानका किमुरा बौद्ध पण्डितले पनि महासांघिक निकायका मूल आचार्य महादेवलाई नै भनेको पाइन्छ ।

तेस्रो बौद्ध सङ्गीति र बुद्धधर्मको प्रचार

बुद्धको महापरिनिर्वाणको करीब २२८ वर्षपछि मौर्यसम्राट् चन्द्र गुप्तका नाति अशोक राजाको पालामा पाटलीपुत्र शहरको अशोकाराम विहारमा तेस्रो बौद्धसंगीति भयो । यो स्थेरवादी भिक्षुहरूको सम्मेलन थियो र यसका प्रमुख आचार्य, मौग्दली पुत्र तिष्य थिए । क्षीणास्रव, अर्हत्पद प्राप्त गरेका १००० भिक्षुलाई जम्मा गरेर पुनः तेस्रो पटक बुद्धधर्म र विनयको संगायन गरी धर्म र विनयका विरोधी मत-मतान्तरलाई खण्डन गरेर बुद्धको निर्देशन-अनुसार धर्मको स्थिरीकरण गरियो । यो वेलासम्म बुद्धधर्मभित्र १८ किसिमका सम्प्रदायहरू जन्मेका थिए ।[1] यसमध्ये ११ निकाय स्थविरवादका शाखा थिए र पाँचचाँहि महासांघिकबाट फुटेका थिए । दुई मुख्य स्थविरवाद र महासांघिक समेत १८ संख्या दिइएको छ ।

अशोकको छत्रछाया पाएको बुद्धले तिष्यको अध्यक्षतामा जुन सभा गऱ्यो, त्यसमा भएको धर्म तथा विनयसम्बन्धी तिष्यको भाषण कथावत्थु

---

१. अठ्ठार निकाय - महिंसासक (१) वज्जिपुतक (२) सव्वत्थिवादी (३) धम्मगुत्तिक (४) धम्मुत्तरीय (५) मद्दयानिक (६) छन्नागारिका (७) सम्मीत्तिय (८) कस्सपिक (९) संकन्तिक (१०) सुत्तवादी (११) महासांघिकतर्फका पाँच-गोकुलिक (१) एक व्वोहारिक (२) फलत्तिवादी (३) चेतियवादी (४) वहुस्सुत्तिक (५) एसमा मूल थेरवादी १ र महासांघिक [मूल] १ समेत जम्मा १८ । दीपवंश तथा बुद्धशासनको इतिहास भा., पृ. ६५ भिक्षु अमृतानन्द [नेपाल]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थको नाउँले त्रिपिटकमा नै सम्मिलित गरियो । नौ महीनासम्मको यो सम्मेलनले पुनः बुद्धधर्मको एकपटक संस्कार गऱ्यो यसका धेरैजसो मतवाद समाप्त भए । परन्तु महासांघिक सम्प्रदायले बुद्धवचन विनय आदि संशोधन र परिवर्तन गरेर आफ्ना विचारको अनुकूल प्रशस्त शास्त्र निर्माण गरिसकेकोले यो शाखा तिष्यको सभामा सम्मिलित भएन । आफ्नो अलग्गै अस्तित्व बचाइरह्यो । यसपछि बुद्धधर्मका अनुयायी अशोकले विशाल साम्राज्यभित्र र प्रत्यन्त देशमा पनि धर्मप्रचारको निम्ति विद्वान् भिक्षुहरूलाई पठाए तथा आफूले पनि शिलास्तंभ शिला पाटीमा धार्मिक लेख कुँदाएर यत्रतत्र राख्न लगाए । आफ्ना छोराछोरीलाई पनि भिक्षुभिक्षुणी बनाएर धर्मप्रचारार्थ विदेश पठाए । सिंहल (लङ्का) को प्राचीन अनुश्रुतिअनुसार बुद्धधर्मको प्रचारार्थ खटिएका भिक्षुहरूको नामको र काम गरेको देशको तालिका निम्नस्थ छ ।

देश	भिक्षु
१. काश्मीर र गान्धार	मडझन्तिक [मध्यान्तिक]
२. महिश मण्डल	महादेव
३. बनवास	थेर रक्खित [रक्षित]
४. अपरान्तक	योनक धम्म रक्खित
५. महाराष्ट्र	महाधम्म रक्खित [महाधर्म रक्षित]
६. योन लोक [यवन देश, वलख आदि]	महारक्खित [महारक्षित]
७. हिमवन्त [त्रिगर्त गडवाल जालन्धर]	थेर मज्झिम र कस्सप
८. सुवर्णभूमि [वर्मा]	थेर शोण र उत्तर
९. लङ्का	महामहीन्द्र [राजकुमार महेन्द्र]

उपर्युक्त प्रचार मण्डलको नामावलीलाई प्रमाणित गर्ने सामग्री साँचीमा भएको दोस्रो स्तूपभित्र रहेको, पत्थरको बाकसभित्र रहेको, धातु-मञ्जुषाभित्र रहेको, अस्थि-अवशेष फेला परेको छ । जुन मञ्जुषामा "मोग्गलिपुत्त" उत्कीर्ण भएको थियो । अर्को एउटा धातुमञ्जूषामा हारिति पुत्त मज्झिम तथा सवहिमवत चरिय [सम्पूर्ण हिमालयका आचार्य] कासप-गोतको नाम विर्कोमा कुंदिएको थियो । यस्तै साँचीभन्दा पाँच माइल टाढा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेको अर्को एउटा स्तूपमा प्राप्त धातुमञ्जूषाभित्र एउटामा कासप गोत्र र अर्कोमा हिमालय प्रान्तमा जाने दुन्दुभिसरको जुवाई गोतिपुत्तको उल्लेख थियो भनिन्छ । यी दुवै मज्झिम भिक्षुका साथीहरू थिए, जो हिमालय प्रान्तको प्रचारकार्यमा सहयोगी थिए । विदेशमा प्रचार कार्य गरेवापत बुद्धको जस्तै यिनीहरूको अस्थिधातु राखेर स्तूप निर्माण गरेकोले कार्यको सफलता र परिश्रमप्रति रिझिएर यो श्रद्धा अर्पण गरेको मानिन्छ । मध्यदेशभित्र सीमित रहेको बुद्धधर्मले अशोकको संरक्षण र प्रयासबाट भारतीय उपमहाद्वीप र त्यो-भन्दा पनि बाहिर पश्चिम एशिया तथा मध्यएशियासम्म बुद्धधर्मको प्रचार भयो । यहींबाट यो चीन र मङ्गोलियासम्म फैलनसक्यो । रामचन्द्रको बाहुबलको सहायताले दक्षिणभारत र लङ्कामा वैदिकधर्मको दुन्दुभि–घोष भएको लगभग तीनहजार वर्षपछि अर्को आर्य-सम्राटको धर्मशासन दक्षिण भारत र लङ्कामा पुगेर जरो गाढ्यो ।

हिमवन्त प्रदेशको प्रचारकार्य अन्तर्गत वर्तमान नेपालको शैल-प्रदेश पनि थियो भन्ने प्रमाणचाहिं पाइदैन । हिमवन्त-प्रदेशको नाउँमा गङ्गायमुनाको उत्तरी भाग र काश्मीर, अफगानिस्तानको उत्तरीभाग वर्तमान लद्दाख क्षेत्र पनि थियो होला । किन्तु महाकालीवारि तथा काठमाडौं उपत्यका एवं पूर्वी पहाडमा बुद्धधर्म अशोकको पालामा पसेको कुनै साहित्यिक प्रमाण र पुरातात्त्विक सामग्री पाउन सकिएको छैन ।

चौधौं शतीभन्दा पछि लेखिएका नेपालका वंशावलीले जेजति कपोल कल्पनाद्वारा पौराणिक कथाको सिर्जना गरेका छन्, त्यसमा सत्य मान्न सकिने आधार छैनन् । वाह्रौं, दशौं शतीका कुरा तथा राजवंशावलि पनि ठीकसँग भन्न नसक्ने वंशावलीकारको लेखलाई लोककथाभन्दा बढी महत्त्व दिन सकिदैन ।

अशोक, बुद्ध जन्मेको ठाउँ लुम्बिनीमा आएको प्रमाण जीवन्त छ । तर उपत्यकामा अशोक आइपुग्ने कारण नभएको र पालिसाहित्यले पनि बुद्ध घुमेको मगध, उत्तरप्रदेशका राज्य, जनपद, गणराज्यको उल्लेख गर्दा नेपालको आगमनको चर्चा गरेका छैनन् । अशोकको स्तूप पाटनमा बनेको, चारूमती [अशोकपुत्री] देवपाटनमा आएर चारूमतिविहार बनाएको कुरा पनि ऐतिहासिक अवलोकनमा सत्य छैनन् । अशोककालीन नेपालका शासक किराँतहरू थिए भनेर मान्ने हो भने उपर्युक्त बुद्धको आगमन तथा अशोकको

[६] भारतीय संस्कृति और इतिहास-सत्यकेतु, भारतका प्रा. इतिहास-मनराल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आगमनका कथा झन् असत्य ठहरिन्छन् । किनकि लिच्छविको आगमनपछि पूर्वी क्षेत्रमा खाँदिएका किराँत [राई लिम्बू] तथा चुरे पर्वत मालाको घाँचमा बस्ने थारू, धीमाल, कछडिया, दनुवार, माझी आदि जातिमा बुद्धधर्मको लेश सम्म पनि छैन । पछिम गण्डकी प्रदेशका मगर तथा कर्णाली प्रदेशका खश, राजपूत, ब्राह्मणमा पनि बुद्धर्मको प्रभाव छैन । खसान तथा जडान प्रदेशका पछिल्लो काल शाके ११।१२ सयतिर शासन गर्ने चल्लमल्ल राजाहरू मानसरोवरको उपत्यका खारी प्रदेश, गुंगे, लद्दाखका शासक हुन पुगेका र मध्यएशियाबाट मुश्लिमधर्मको प्रचार [६२२ ईसा] पछि भागेर पूर्व लद्दाख एरियामा पसेका [१] बुद्धधर्मानुयायी, केही पारसी र वैदिक धर्मानुयायीद्वारा प्रभावित भएका र सातौं शतीपछि पूर्वी तिब्बतबाट भागेर पश्चिम तिब्बतमा शरणार्थी बन्न पुगेका बौद्धहरूको प्रभावको कारण चल्लमल्लहरू बुद्धधर्मका समर्थक भएका देखिन्छन् । पछिल्लोकालमा जुम्लेश्वर भएपछि धर्मसमन्वयको उदाहरण प्रस्तुत गर्दछन् । शिवालयमा त्रिशूल राख्न वैदिक-देवताको स्थापना र मान्यता गर्न पनि चुकेनन् र बुद्ध गयामा बुद्धप्रति श्रद्धावनत भएर शिलापत्र राख्न पनि पछि परेनन् । प्रजागणको धर्मलाई समान रूपले संरक्षण र मान्यता दिने हिन्दू राजाको परम्परा हो । हिन्दूहरूले विधर्मी भनेर उत्पीडन गरेको इतिहास छैन । 'कृण्वन्तोविश्वमार्यम् [विश्वलाई नै आर्य [सभ्य] बनाऊ'] भन्ने वैदिक मूलमन्त्रलाई हृदङ्गम गरेर नै अघि बढे । धर्मशासन प्रचारप्रसारद्वारा नै पहिलो दिगन्त व्यापी विजय लाभ गरे । अशोकले पनि प्रवचन, व्याख्यान, धर्मशासनपट्टद्वारा नै बुद्धधर्मलाई अघि बढाए ।

अशोकको धम्मलिपि [शिलापत्र, प्रस्तर स्तम्भ, गुहालेख आदि] धार्मिक कानूनको रूपमा साम्राज्यभित्र र सीमान्त प्रदेशमा पनि उत्कीर्ण भएको पाइन्छ । कपिलवस्तु तथा लुम्बिनीमा प्राप्तस्तम्भलेखमा पनि केवल श्रद्धाप्रकट गरेको, पूजा गरेको र केही कर माफी गरिएको मात्र छ ।[२] नेपाल, जो सीमान्त देश थियो, त्यहाँभित्र यस्ता अभिलेख प्राप्त छैनन् । वर्तमान नेपाल राज्यभित्र लुम्बिनी र निग्लिहवाका दुई स्तम्भलेख पर्दछन् । नेपालको

---

१. मध्य एशियाका इतिहास भाग १, राहुल सांस्कृत्यायन, विहार अकादमी

२. लुम्बिनी शिलास्तम्भ, प्राचीन भारतका इतिहास, डा. सत्यकेतु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सीमान्तमा, जुन पटनाबाट नेपाल पस्ने मूलबाटो पर्दथ्यो, त्यहाँ लौरिया अरशज स्तम्भ [१] लौरिया नन्दन गढ [२] रामपुर वा स्तम्भ [३] प्राप्त भएका छन् यी तीनै स्यम्भहरू वर्तमानमा भारतका चम्पारन जिल्ला नेपाल सीमानाबाट नजीक पर्दछन् ।

मौर्यकालीन शासनव्यवस्था: संस्कृति एवं सभ्यता

मौर्यकालीन भारतीय प्रशासनको रुप वैदिक राजतन्त्रात्मक पद्धतिमा नै आधारित थियो । राज्यशासन के कस्तो हुनुपर्छ भन्ने बारेमा विशद व्याख्या, चन्द्रगुप्त मौर्यलाई सम्राट्पदमा प्रतिष्ठापित गर्ने मुख्य सहयोगी र महामन्त्री आचार्य कौटिल्य [चाणक्य] ले आफ्नो अर्थशास्त्रमा उल्लेख गरेका छन् । वर्तमान अर्थशास्त्रको परिभाषाले कौटिल्यको अर्थशास्त्र-को व्याख्या हुँदैन । प्राचीन अर्थशास्त्रभित्र राजनीति, दण्डनीति, समाज रचना, प्रशासनिक इकाई, वित्तीय व्यवस्था, कृषि, वाणिज्य, पशुपालन, करनिर्धारण आदि राष्ट्रका प्रत्येक पक्षमा विचारपूर्वक विवेचना र निर्देशन गरेको पाइन्छ ।[१] राज्य सञ्चालनका सम्बन्धमा विधिसंहिता, निर्देशिका, तथा कानूननियमका सबै अङ्गको दिग्दर्शन अर्थशास्त्रमा पाइन्छ ।

अशोकको विशाल साम्राज्य पञ्चचक्र [पाँच प्रदेश] मा विभाजित थियो । प्रायः राजपुत्रहरू नै राजुक [प्रान्त पाल] हुन्थे । यिनीहरूलाई कुमार पनि भनिन्थ्यो । यिनको सहयोग निम्ति अमाल्यगण रहन्थे । यसलाई सघाउ पुऱ्याउन सभा-समितिको पनि व्यवस्था थियो ।

प्रदेशको अन्तर्गत अनेक मण्डल [जिल्ला] हुन्थे र मण्डलभित्र अनेक जनपद [ग्रामहरू] हुन्थे भन्ने थाहा पाइन्छ ।

प्रशासनको विभाजन यसप्रकार थियो–गाउँ, संग्रहण [१० गाउँ] बीस संग्रहण [२०० गाउँ] को खार्वटिक, दुई खार्वटिक [४०० गाउँ] को द्रोणमुख, दुई द्रोणमुख [८०० गाउँ] को एक स्थानीय, [थाना ?] इलाका हुन्थे ।

गाउँको शासक, ग्रामिक, संग्रहणको गोप, स्थीयको स्थानिक सम्पूर्ण जनपदको शासक समाहर्ता [जिल्लाधीश] र महामात्य, त्यसमाथि कुमार र सहयोगी अमात्यगण र सर्वोच्च शासक सम्राट् भएको उल्लेख पाइन्छ ।

---

१. कौटिल्यको अर्थशास्त्र, चौखम्बा प्रकाशन ।

Nepal Sanskrit University, Balmeeki.Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मौर्यसाम्राज्यको विशेषता अर्को के थाहा पाइन्छ भने–साना ठूला प्राचीन गणराज्य, जो मौर्य सम्राट्का अधीन भएका थिए, तिनीहरूको आन्तरिक शासन प्रणाली [स्वायत्त शासन व्यवस्था] मा साम्राज्यको हस्तक्षेप थिएन । यसबाट असन्तोषको खल्बली नभएको तथा राष्ट्रव्यापी प्रशासन एकै किसिमको नभएर साम्राज्यको छत्रछाँयामा आफ्नै प्राचीन परम्पराको पालना गर्दै स्थानीय स्वयत्तताको उपभोग गरेको थाहा हुन्छ । कुनकुन जनपद, गणराज्यमा के विधिले प्रशासन चल्थ्यो त्यसैगरी नै चल्न दिइयो ।

अन्य राजकर्मचारी जसलाई 'पुरुष' भनिएको पाइन्छ, ठाउँ र कामको आवश्यकता हेरी नियुक्त गरिन्थे ।[१]

गणराज्य [राजाविहीन व्यवस्था] विजय गरेपछि साम्राज्यमा मिलाउन सजिलो पर्थ्यो । राजा भएको राज्य, विजय गरे पनि राजाको उन्मूलन गर्न सजिलो थिएन । उनीहरूलाई अधीनस्थ पारेर करदराज्य तुल्याउने प्राचीन परम्परा हो ।[२] मौर्य साम्राज्यपछि बीचमा टुटेर पुनः गुप्तवंशको साम्राज्य खडा हुँदा पनि समुद्रगुप्तले राजा भएका देशलाई करद-राज्य तुल्याएर उत्तर पश्चिमी भारतका गणतन्त्र राज्यलाई मात्र आफ्नो साम्राज्यमा मिलाएको कुरा उनको स्तम्भ लेखबाट थाहा हुन्छ ।[३]

---

१. कौटिल्यको अर्थशास्त्र, वाचस्पति गैरोला चौखम्बा प्रकाशन ।

२. ऐ .

३. समुद्रगुप्तको प्रयाग स्तम्भ लेख, समतट डवाक–कामरूप नेपाल कर्तृपुर · · ·

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाँचौ अध्याय

बुद्धधर्मको दार्शनिक विकास

सम्राट् अशोकको पालामा भएको तेस्रो बुद्धधर्म सङ्गीतिको समय पाली साहित्यअनुसार अशोकको राज्याभिषेकको १७ वर्ष पूरा हुँदा सङ्गीति पनि नौमहीनाको वादविवादपछि सम्पन्न भएको थियो । यो सङ्गायनका आचार्य तिष्य तथा उनका अनुयायीहरू स्थेरवादी भिक्षुहरू नै थिए ।

अशोक जन्मतिथिको वारेमा ऐतिहासिक प्रमाण पाइदैन । उनको राज्य शुरूभएको समय ई० पू० २७२ मानिएको छ । गृह-कलह शान्त गर्न चार वर्ष लाग्यो २६८ ई० पू० तिर उनको राज्याभिषेक भयो र पाली साहित्यअनुसार २५१ ई० पू० मा तेस्रो बौद्ध सङ्गीति भयो । बुद्धको जन्म-तिथिमा इतिहासकार एकमत छैनन् । सिंहली परम्पराअनुसार बुद्धको निर्वाण, ५४४ ई० पू० मा असीवर्षको आयु हुँदा वैशाख पूर्णिमाको दिन कुशीनगरमा भयो । ५४४+८०=६२४ ई० पू० बुद्धको जन्म भएको कुरा पाली साहित्यले बताउँछ । किन्तु महापण्डित राहुल, बुद्धको जन्मतिथि ५६३ ई० पू० मा भएको मान्दछन् र डा० रमाशङ्कर त्रिपाठी पुरातात्त्विक प्रमाणको आधारमा राहुलकै समर्थन गर्दछन् । अधिकांश विद्वान्को मत ५६३ ई० पू० नै छ । यो प्रमाणले भगवान् महावीरभन्दा बुद्ध ३६ वर्ष कान्छा ठहरिन्छन् ।

अशोकपछि मौर्य्य साम्राज्यको अस्तित्व घट्तै जान्छ । बुद्धधर्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थेरवादी सम्प्रदाय सँगसँगै महासांघिकहरूको पनि उत्तरोत्तर विकास हुँदै गएको पाइन्छ ।

१८४ ई० पू० मौर्यवंशका अन्तिम राजा बृहद्रथको हत्या गरेर सेनापति पुष्यमित्र शुङ्गले मगधको गद्दी हात पारे । यिनलाई ब्राह्मणवंशी भनिन्छ र शुङ्गहरूको पालामा बुद्धधर्ममा पसेको विकृतिलाई औंल्याएर पुनः वैदिकधर्मको उद्धार गरियो तथा सर्वतोमुखी विकास गर्न पनि सहयोग पुऱ्याईएको कुरा इतिहासकारहरूले स्वीकार गरेका छन् । बुद्धभिक्षुहरूको विशाल समूह भएको र विभिन्न मत–मतान्तरहरू पनि विकसित हुँदै गएकोले अनेकन विकृतिहरू पैदा भएका थिए । राजाश्रय पाएकोले बौद्धविहारहरू धनी भएका थिए । धनले सुखभोग खोज्दछ र भोगलिप्सा नै भिक्षुहरूको पतनमा मूल कारण भएको छ । बुद्धले सञ्चयको विरोध गरेका थिए । महा-सांघिकहरूले यो नियम पहिले नै तोडिसकेकोले प्रतिस्पर्धामा धनसञ्चय र सुखभोग स्थेरवादीको निम्ति पनि आकर्षण नै भयो । यद्यपि विशाल भिक्षु-समूहमा विद्वान्, त्यागी, अर्हत्हरूको कमी थिएन । परन्तु बहुमत साधारण भिक्षुको हुनु आश्चर्य थिएन ।

मूर्तिपूजा, शैव, वैष्णव सम्प्रदायको विकास, अवतारवादका कथा र विभिन्न रूपमा पूजाहुने देव देवीको उपासना, चाडपर्व, उत्सवको महत्ता, श्रद्धा–भक्तिभाव प्रकट गर्ने ठाउँमा अनेकन देवायतनले गर्दा सर्वसाधारण जनताको भावना, ब्राह्मणधर्मतिर पुनः आकर्षित भयो । बौद्धभिक्षुसङ्घमा भएका विकृतिपूर्ण घटनाले अश्रद्धा उत्पन्न गरेको थियो भने बुद्धधर्मको अहिंसा, तथा आध्यात्मिक चिन्तनको उपदेश, दार्शनिक जटिलताले गर्दा अब जनमानसमा बुद्धधर्मले प्रशस्त ठाउँ पाउन सकेन ।

मानिसलाई भौतिक सुख साधनले जति आकर्षण गर्छ, त्यति त्याग तपस्या रुचिकर हुँदैन । साथै नयाँ नयाँ कुराप्रति बढी आकर्षण रहनु पनि मानव स्वभाव हो । काषाय वस्त्रधारी, मुण्डितशिर भिक्षुहरूको विशाल समूह शतीऔंदेखि हेर्दै आएको जनसमाजलाई अब बुद्धधर्मको साधारण गतिले हिड्दै आएको बाटो आकर्षक थिएन । यसकारण, अब यस धर्मप्रति जनआस्था जगाउन नयाँ कुरा दिनुपर्थ्यो, सहज र साधारण क्रियाबाट भौतिक र आध्यात्मिक दुवै फलदिन सक्ने धर्मोपासनाको बाटो दिनु पर्ने भएको थियो ।

अब वैदिक देवदेवताहरूले पनि सेवा गरिएका मानव बुद्धको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चरित्रले तथा उपदेशले पनि आकर्षण गर्न नसकिने जनतालाई सर्वसिद्धि दिने देवता चाहिएको थियो । छोटा मन्त्र, तन्त्र, स्तोत्र पाठगरेर भुक्ति–मुक्ति प्राप्त हुने पौराणिक कथा र आगम शास्त्रका जप, पूजा, पाठले इच्छित फल प्राप्त हुने वैदिक धर्मको परम्पराले जनतालाई आकर्षित गरेको देखेर बौद्ध पण्डितहरूले पनि अनेकन प्राचीन कथा पौराणिक आख्यानलाई काँटछाँट गरेर जातक कथाको निर्माण गरे । बुद्धका लामा, लामा धर्मोपदेशक सूत्रलाई छोटयाएर धारणी मन्त्रहरूको रचना गरे । अब स्मृतिचिह्नको रूपमा निर्माण गरेका साधारणस्तूपहरूमा दम थिएन । भक्तिभावना प्रकट गर्न सुन्दर मूर्तिहरूको आवश्यक थियो । देवमन्दिरमा पुगेर अलौकिक रूप भएका अनेकन अवतार लिने देवताको पूजा गर्ने, भाकल गरेर वरदान माग्ने, सुन्दर मूर्तिको अगाडि नतमस्तक भएर श्रद्धाप्रकट गर्ने, भक्ति गर्न पाइने वैदिक देवतापट्टि नै मानिसहरू लहसिए ।

बौद्धविद्वान्हरू पनि कम बाठा थिएनन् । बुद्धको परिनिर्वाण भएको तीन चार सयवर्ष बितिसक्दा पनि बुद्ध मानव नै रहनु र उनको चरित्रमा सहभागी बनेका प्रतीकको मात्र संस्मरणको लागि स्थापना हुनु पनि उपयोगी भएन ।

वैदिकधर्मका कैयन पक्षहरू बौद्धधर्मको निम्ति पनि उपयोगी थिए । फेरि भिक्षु बन्ने व्यक्तिहरू पुरानै संस्कारमा हुर्केका व्यक्ति नै हुन्थे र अनन्तकालदेखि आएको संस्कार बुद्धभिक्षु बने पनि अबचेतनमनमा सुतिरहेकै हुन्थ्यो । थाहा नपाइकनै ती संस्कारगत भावनाहरूले नयाँ नयाँ विचार एवं तर्कको जन्म दिन्थे । अश्वघोष, असंग, वसुबन्धु, नागार्जुन आदि प्रकाण्ड बौद्धपण्डितहरूको बाल्यजीवन वैदिक संस्कारमा नै हुर्केको थियो । शिक्षा–दीक्षा पनि वेद, व्याकरण, छन्द, कल्प, ज्योतिष, वैद्यक ग्रन्थबाटै हुन्थ्यो । यसकारण उपमा दिंदा, चरित्रगत आदर्श बखान गर्दा, पौराणिक कथाकै चरित्रकै दिइन्थे । अश्वघोषका कृति बुद्धचरित्र र सौन्दरानन्द महाकाव्यका उपमा उदाहरणहरू ब्राह्मणहरूका पुराण इतिहासबाटै दिइएका छन् ।किनभने यस्ता कथा चरित्रहरू सर्वसाधारणले पनि जानिराखेका हुन्थे र बुझ्न सजिलो पर्दथ्यो । ब्राह्मणधर्मका कमजोर पक्षमा आघातपार्न, खण्डन–मण्डन गर्न पनि त्यसका विषयवस्तुहरू पढ्न अनिवार्य थियो । विद्याको निम्ति काव्य, कोष, व्याकरण पढ्नु पर्थ्यो र ती पनि वैदिकधर्म परम्परा भित्रकै पाठ्य ग्रन्थ थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनै उपर्युक्त कारणले गर्दा बुद्धलाई अलौकिक सर्वसत्व सम्पन्न देवताको रूपमा प्रतिष्ठापित गर्न आवश्यक भयो तथा मानवबुद्ध अवतारी बुद्ध भए । पञ्चध्यानी बुद्धको परिकल्पना वैदिकधर्ममा आकृष्ट भएका जनता-को निम्ति बुद्धधर्मप्रति चाख बढाउन गरिएको भए तापनि यो सनातन धर्मको महासागरमा गङ्गाको रूपलिएर आयो ।

भगवान् बुद्धले तत्त्वसम्बन्धी तर्क-वितर्क अनिर्वचनीय सत्तालाई अव्याकृत भनेर संधै रोके । परन्तु उत्तरकालीन बौद्धपण्डितहरूले बुद्धका उपदेशभित्र तिनै सूक्ष्म विद्वतापूर्ण सिद्धान्त खोजेर निकाले । बुद्धको धर्म एउटा कुनामा थन्किर्यो । तत्त्व ज्ञानको तर्क-वितर्कको नै पछिका विद्वान्हरूको विशेषता रह्यो ।

तार्किक विकास– बौद्धदर्शनमा महायान सम्प्रदायको विकास महत्त्वपूर्ण मानिन्छ । नेपाल, तिब्बत, चीन, जापान, कोरिया, मङ्गोलिया आदि देशमा यसको विशेष प्रचार छ । महासांघिक नै महायानको नाउँले प्रसिद्ध भयो र यिनीहरूबाट नै पछि बुद्धको मुख्य उपदेश मान्ने थेरवादीलाई संकीर्ण विचारका भनेर हीनयानीको संज्ञा दिइयो । अर्थात् आफै मात्र निर्वाणको पद प्राप्त गर्ने साधना, हीन कहलायो । महायानको महत्त्वपूर्ण पक्ष हो बोधिसत्व । (बोधो सत्वम् अभिप्रायो अस्य) अर्थात्–संबोधि प्राप्त गरेका महामैत्री महाकरूणाले युक्त बोधिसत्वहरू समस्त प्राणीको दुःख अनुभव गरेर उनीहरूको उद्धारगर्न यत्नशील रहनु तथा आफू मात्र मुक्त हुन न चाहनु नै बोधि सत्वको कर्तव्य हो । बोधिसत्वको आकांक्षा बारेमा "बोधि चर्यावतार" भन्ने ग्रन्थमा आठौं शतीका महायानी आचार्य शान्तरक्षितले सुन्दर व्याख्या गरेका छन् ।[१] हीनयानको आदर्श हो अर्हत् र महायानको आदर्श बोधिसत्व । एकान्त साधनाद्वारा स्वयं मात्रैको उद्धार गर्ने मोक्षले के फाइदा ? संबोधिको स्थिति प्राप्त गरेपछि सम्पूर्ण प्राणीको परमार्थ सत्यमा स्थापित गर्नु, सबैको दुःख मोचनगर्न सततः प्रयत्नशील रहनु बोधिसत्वको परम लक्ष्य हो ।[२] हीन-यान कोरा निबृत्ति मार्ग हो । ऊ एउटा आत्माको दमन गरूँ र एउटा

---

१. एवं सर्वमिदं कृत्वा यन्मया साधितं शुभम्
तेन स्यां सर्वसत्वानां सर्वदुःख प्रशान्ति कृत् ।
मुच्यमानेषु सत्वेषु ये ते प्रामोद्य सागराः ।
तैरेव ननु पर्याप्तं मोक्षेनार सिकेन किम् ।। बोधी च. तृ. परिच्छेद ।

२. प्रज्ञापारमिता (अष्ट साहस्रिका)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माको निर्वाण गराऊँ भन्ने ठान्दछ । सबै साधन प्रयत्न यही लक्ष्य प्राप्तिको निम्ति अग्रसर रहन्छ । एकान्त जीवन बिताएर आफै मात्र आनन्दानुभूति गर्न चाहन्छ । यसको विपरीत बोधिसत्व समस्त प्राणीको उद्धार चाहन्छ ।

ज्ञानसाधना मात्र हीनयानको लक्ष्य हो र महायान भक्तिको विशिष्टता राख्दछ । भक्तिको निम्ति पूजा, अर्चना, बन्दनाको महत्त्व हुन्छ र यसको निम्ति अलौकिक ईश्वरीय सत्ता युक्त देवताको आवश्यक पर्दछ तथा मूर्ति कल्पना पनि भक्तिको लागि आवश्यक पर्दछ । यसकारण स्मृति चिह्नको रूपमा श्रद्धालु शिष्यले स्थापना गरेका बुद्ध चैत्यमा बुद्धका मूर्तिहरू राख्नु आवश्यक भयो । वैदिकधर्मको प्रतिस्पर्धामा बुद्ध र बोधिसत्वका मूर्तिहरू बने । मूर्ति पूजाका विरोधी मानव बुद्ध महायानी बौद्धहरूको सत्प्रयासले ईश्वरीयसत्ता युक्त भएर मूर्तिमा स्थापित भए । भक्तिका आश्रय बने । यसकारण महायान सम्प्रदायलाई प्रवृत्ति मार्गी भनिन्छ । ईसाको दोस्रो शती पूर्वको युगमा महायानी विचारधाराको उदय भयो र यसका अनेकन शास्त्र बने । ई. पू. दोस्रो शतीदेखि नै मूर्ति स्थापनाको शुरू भएर पहिलो शतीका सम्राट् कनिष्कको समयमा बुद्धमूर्तिले व्यापकता पायो तथा ब्राह्मणधर्मको समानान्तर रूपमा धर्म, दर्शन, भक्ति, मूर्तिपूजा, अवतार कल्पना, अनेक शक्तिको कल्पना पनि खडा भयो ।

चतुर्थ संगी

१६५ ईसापूर्व चीनको उत्तर पश्चिमी प्रदेश कानस नामको प्रान्तमा यूची नामको जाति बस्तथ्यो । यसलाई हयु–गु–नु (हूण) जातिले परास्त गरेर लखेटेकोले जन्मभूमि छाडेर अन्य ठाउँमा शरण लिनु पऱ्यो ।[1] इला नदीको किनारामा बस्ने वु–सुन जातिलाई युद्धमा पराजित गरेर केही त्यहीं वसे, कुनै दक्षिण बढेर तिब्बत (पश्चिमी) मा बस्न पुगे । दुई शाखामा विभाजित यूची जातिको ठूलो शाखा अगाडि बढेर गएर सिर नदीको उत्तर भागमा बस्ने शक जातिसँग टक्कर लिएर त्यहाँबाट भगायो । पराजित शक जाति दक्षिण र पश्चिमतिर भाग्न विवश भयो । त्यसपछि अगि बढेर बैक्ट्रिया (वलख) र आक्सस नदी किनारमा बस्ने शान्तिप्रिय व्यापारमा लागेका शकजातिलाई परास्त गरेर यूची त्यहीं बसे । आमू-नदीको उत्तरमा पर्ने आधुनिक

---

१. भारतका प्राचीन इतिहास, डा. डी. पी. एस. मनराल पृ. ३४७–३६२ मध्य एशियाका इतिहास भा. १, राहुल सांस्कृत्यायन (विहार अकादमी प्रकाशन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुसारामा यूची जातिले आफ्नो राजधानी कायम गरे । यायावर जीवनबाट विश्रान्ति लिएका यूचीहरू पाँच शाखामा विभक्त भएर छुट्टै राज्य कायम गरेका थिए । पछि कुए इ-चु आङ्ग (कुषान) शाखाले अन्य चार शाखालाई पराजित गरेर एउटै साम्राज्य कायम गरे तथा कुजुल कदफिस सम्राट् बने । यी महत्वाकांक्षी र सबै शाखालाई सङ्गठित गर्न सफल भएकाले त्यहाँबाट अघि बढ्दै पार्थियामा आक्रमण गरे तथा काबूलको घाटी (अफगानिस्तान) र गान्धार विजय गरे ।

चीनिया इतिहासकारको भनाइमा कुजुल कदफिस असीवर्ष बाँचे । उनीपछि बिम कदफिस, सिंहासनारूढ भए । यी पनि बाबु जस्तै महत्वाकांक्षी र बलशाली भएकोले पैतृक साम्राज्यको विस्तार गर्दै लगे र सिन्धु, पंजाबको सम्पूर्ण भाग तथा पश्चिमीउत्तर प्रदेश पनि जिते । उनका प्राप्त सिक्कामा माहेश्वर शब्द अङ्कित भएको र अर्कापट्टि नन्दी (वृषभ) को चित्र भएकोले यी शैव धर्मावलम्बी थिए भन्ने बुझिन्छ । रोम र चीन साम्राज्य-सँग सीमा जोडिएको विशाल भूभागमा राजाधिराज पदवी लिएर राज्य गर्ने बोम कदफिसका उत्तराधिकारी सम्राट् कनिष्क थिए । भारतको विशाल भूभाग विजय गर्ने सम्राट् कनिष्क सांस्कृतिक दृष्टिले पनि महत्वपूर्ण मानिन्छन् । चन्द्रगुप्त मौर्य तथा अशोक जस्तै बहुचर्चित राजा कनिष्कको राज्यकालको विषय र बिम कदफिससँग कनिष्कको के सम्बन्ध थियो भन्ने विषयमा प्राचीन इतिहासकारको प्रशस्त मत भेद छ । कोही बिमलाई ठूलो कुषान शाखाका अधिपति र कनिष्कलाई सानो शाखाको मान्दछन् । चीनि इतिहासकार भने ठूलै शाखाका कनिष्क हुन् भन्दछन् । कुनै बिमका क्षेत्रप कनिष्क हुन् भन्दछन् र कुनै छोरा नै हुन् भन्ने इतिहासकार पनि छन् ।

यस्तै समय निर्धारणमा पनि मतभिन्नता छ । फर्गुसन, ओल्डेन वर्ग, गमस, बनर्जी तथा डा. त्रिपाठी आदि इतिहासकारहरू कनिष्कको राज्या रोहण वर्ष ई. पू. ५८ मान्दछन् भने रमेशचन्द्र ईसाको २४८, डा. भण्डारकर २७८ मार्शल टेनकोनो तथा स्मिथ ई. १२५ अनुमान गर्दछन् । परन्तु, उत्तर भारत र नेपालमा चलेको प्रसिद्ध शक सम्बत् ईसाको ७८ वर्षदेखि शुरू हुन्छ र अधिकांश इतिहासकारहरू यो कनिष्कद्वारा चलाएको सम्बत् नै मान्दछन् । जसरी शक सम्बत् शुरू गर्ने प्रसिद्ध प्रभावशाली व्यक्ति हुनुपर्ने आवश्यक ठानिन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्तै व्यक्तित्वको खोजी गर्दा कनिष्क नै अगाडि देखिन्छन् ।[1] शक, कुषाण, तथा आर्यहरूको मूल एउटै हो, जसमा पछि विवेचना गरिने छ । समस्त उत्तर भारत र नेपालमा प्रभावकारिता शक सम्वत्कै देखिन्छ । भारतीय सम्राट्हरूले आफ्ना पालामा विभिन्न सम्वत् चलाउने प्रयत्न गरे । जस्तै विक्रम सम्वत्, गुप्त सम्बत्, हर्ष सम्वत्, लक्ष्मण सम्बत्, र मुश्लिमकालमा हिजरी सम्वत्को महत्त्व पनि नभएको होइन, परन्तु शक सम्वत् नै यस्तो सम्वत् छ, जसलाई भारतीय ज्योतिषीहरूले पनि आफ्नो गणनाको माध्यम बनाएका छन् ।

लगभग तेस्रो शतीको शुरू दशकसम्म भारतको अधिकांश भूभागमा शासन गर्ने कुषाणहरूको पतन भयो । भारत पसेका सबै शक, कुषाणहरूले आर्यधर्म स्वीकार गरेका र रूप, रङ्ग, आदिले पनि आर्य मूलभित्रैका हुँदा आर्य राजपूत र अन्य जातिमा मिलेर एकाकार भए । आज इतिहासको धूमिल रेखाबाहेक शक, कुषाणहरूको जाति गतअस्तित्व पाइदैन ।

कुषाण साम्राज्यका बहुचर्चित सम्राट् कनिष्क हुन् । त्यस बेला मध्यएशिया र पार्थियाका शकजाति पनि वैदिक देवता नै मान्दथे तथा शिव, सूर्य, अग्निका विशेष उपासक थिए । मध्य एशियाको विस्तृत भूभाग, पार्थिया (उत्तर पश्चिमी इरान) इरानको पूर्वीभाग (शक स्थान वा शकद्वीप) भारतको कास्मीर, सिन्धु, पंजाब, उत्तर प्रदेश र मगधसम्म एकछत्र राज्य गर्ने कनिष्कले बुद्धधर्म ग्रहण गरेको इतिहासकारले उल्लेख गरेका छन् । उनका बाबु बाजे शैव थिए । कुषाण (शक) शाखा सूर्य पूजक शाखा मानिन्छ । यायावर (घुमन्ते) पशुचारक जाति भएकोले पशुका संरक्षक रुद्र, शिव, महेश्वरका उपासक थिए । रोम साम्राज्य र चीन साम्राज्यसँग सीमा जोडिएको राज्यभित्र आर्य, शक, पारसी, युनानी आदि जाति पर्दथे र सबैको सम्राट् भएको नाताले सबै जातिका देवताहरू पनि कुषाणहरूले स्वीकार गरेका थिए । जुन कुरा प्राप्त मुद्रा चिह्न एवं अन्य अभिलेखद्वारा प्रमाणित हुन्छ ।

चीनिया तथा तिब्बती साहित्यको साक्ष्यानुसार मगधको धावामा जाँदा प्रसिद्ध बुद्धभिक्षु अश्वघोषलाई लिएर पुरुषपुर (वर्तमान पेशावर)

---

१. भारतका प्राचीन इतिहास, डा० डी० पी० एस् तथा भारतका सांस्कृतिक इतिहास डा० सत्यकेतु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजधानीमा कनिष्क फर्के तथा उनीबाट प्रभावित भएर बुद्धधर्म ग्रहण गरे। कनिष्कका गुरु प्रसिद्ध विद्वान् भिक्षु पार्श्व थिए। बुद्धधर्मको विभिन्न मत-मतान्तरको बाहुल्य देखेरगुरुको सल्लाहले कनिष्कको संरक्षणमा चौथो बुद्ध सङ्गीति गरियो। जसको अध्यक्ष बौद्ध पण्डित वसुमित्र र उपाध्यक्ष अश्वघोष थिए। प्रसिद्ध विद्वान् पाँचसय भिक्षु चम्मा गरेर यो सङ्गीति शुरू भयो।[१] सङ्गायन भएको स्थानको विषयमा इतिहासकारहरूमा विवाद छ। यो सङ्गीति भएको ठाउँ कोही गान्धार भन्दछन् र कुर्नको मतमा पेशावरमा भएको भनिन्छ। परन्तु प्राप्त साक्ष्यको अनुसार यो सम्मेलन काश्मीरको कुण्डल बनमा भएको मानिन्छ। छ महीनासम्म चलेको यो सम्मेलनले मतमान्तरको धेरै पक्षलाई समाधान गरेर बौद्धत्रिपिटकमा संस्कृत भाषामा प्रामाणिक टीका लेखियो। ठूला ठूला भाष्यहरू तयार भए। महाविभाषा नामक बौद्ध–ज्ञानकोश तयार गरियो। यो भाष्य सबै सामापत्रमा लेखेर एउटा स्तूपमा सुरक्षित राखियो भनिन्छ।

चतुर्थ सङ्गीतिको महान् उपलब्धि महायान सम्प्रदायको मान्यता हो। बुद्धलाई अलौकिक अवतारी भगवान्को रूपमा पूजा अर्चना गर्नु, मूर्ति निर्माण गर्नु र बोधिसत्वको महत्ता एवं बुद्धको अवतारकै रूपमा बोधिसत्वको अस्तित्व स्वीकार गर्नु आदि विषयहरू महायान सम्प्रदायका विशेषता हुन्।

कनिष्क धर्मात्मा विद्यानुरागी सम्राट् भएकोले उनका सभामा स्थविर पार्श्व, वसुमित्र, अश्वघोष, नागार्जुन र अन्य विद्वान्, मातृचेट, चरक (वैद्य) आदि साहित्यिक, दार्शनिक, रसायन शास्त्री, वैद्य आदि विशिष्ट विद्वान्हरूको जमघट थियो भन्ने कुरा विद्वान् इतिहासकारहरू उल्लेख गर्दछन्।

कतिपय विद्वान्हरू नागार्जुन (विदर्भ ब्राह्मण) दक्षिणभारतको श्रीशैलमा बसेर तन्त्र, मन्त्रको व्याख्यान र साधना गर्थे भन्दछन् र उनको समय तेस्रो शती मान्दछन्। एउटै नाम गरेका व्यक्ति एकै समयमा पनि धेरै हुन सक्ने र शतीहरूको अन्तरमा देखापर्ने नाम सादृश्यले व्यक्तित्व र कृतिमा भ्रम उत्पन्न हुनु आश्चर्य हुँदैन। कोही दोस्रो शतीका नागार्जुनको उल्लेख गर्ने पनि छन्।

हीनयानको प्रचार–प्रसारमा सम्राट् अशोकले गरेको योगदान जति महत्त्वपूर्ण मानिन्छ त्यति नै वा अझ बढी महायानको प्रचार–प्रसार

---

१. प्राचीन भारतका इतिहास, डा० डी० पी० एस्०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न मठ, स्तूप, नयाँ सन्देश पुऱ्याउने काम कनिष्कले गरे भनिन्छ। पाषाण शिल्पको उत्तम नमूना अशोककालीन कलामा दृष्टि गोचर हुन्छ तापनि स्थेरवादीहरू बुद्धको मूर्ति बनाउन चाहँदैनथे। पूजा बन्दनाको निम्ति बुद्धका जीवनीसँग सम्बन्धित प्रतीकहरू नै पर्याप्त थिए। परन्तु कनिष्कको समयमा पाषाण मूर्तिकलाको प्रशस्त विकास भयो। बुद्धका मूर्तिको विस्तारले भारतीय उपमहाद्वीप र मध्येशिया एवं पश्चिम एशियाको भूभागका साथै चीन, मङ्गोलियाका भूमि पनि ढाकिए। श्रमण–भिक्षुका नियम आदर्शहरू सम्पूर्णरूपमा पालना गर्न नसक्ने व्यक्ति तथा गृहस्थ धर्ममा रहेका परिवारहरू पनि अन्य वैदिकधर्मका अनुयायीहरू झैं बुद्धको पूजा, उपासना गरेर बौद्ध हुन सक्थे।

महायानको यो उदारताले भिक्षु बन्न नचाहनेहरूको निम्ति पनि बौद्ध बन्ने बाटो खुलाइदियो। आफ्ना परम्परागत अन्य धार्मिक मान्यतासँग मिसाएर बुद्धको सेवागर्न पाउँथे। अखण्ड ब्रह्मचर्य, असंचय, शुचिता आदिको मान्यता बाँकी नै भए पनि त्यसको पालना गर्ने बाध्यता अब थिएन। यसैकारण महायानले कन्फूसियस, बोन सिन्तो आदि धर्मसँग हात मिलाएर नै आफ्नो प्रभाव जमायो। दार्शनिक वाद-विवादमा ब्राह्मण धर्मका कतिपय पक्षमा प्रहार गरे तापनि मूर्तिपूजा, देवत्व–कल्पना, अवतारवाद, पूर्व संस्कार, पुनर्जन्म, उच्चचरित्र निर्माण आदि विषयमा वैदिकधर्मसँग समन्वयकै बाटो हिँडेकाले आपसी कलहले महाभारतको रूप लिन पाएन।

कनिष्ककालीन कलाको उत्कर्षले नेपाललाई पनि केही हदसम्म प्रभाव पारेको छ। खासगरेर पाषाण मूर्ति निर्माणको विकासमा कनिष्कयुगको निकै ठूलो देन रहेको छ। यही बेला गान्धारकला र मथुराकलाको उत्कर्ष भयो तथा आफ्ना आफ्ना किसिमका शिल्प–विधाहरू प्रस्तर कलामा अङ्कित भएर शैली विशेषताको परिचय दिन सफल भए।

चौथो सङ्गीति र त्यसपछिको विकास

बौद्ध दर्शनको छोटो परिचय पहिले उल्लेख गरिएकै हो। वैदिक दार्शनिकहरूले विकसित बौद्धदर्शनका सिद्धान्त अथवा मतलाई चार भागमा बाँडेका छन्।

(१) वैभाषिक–बाह्यार्थ प्रत्यक्षवाद (संसार सत्य, निर्वाण सत्य)
(२) सौत्रान्तिक–बाह्यार्थानुमेयवाद (संसार सत्य, निर्वाण असत्य)
(३) योगाचार– विज्ञानवाद (संसार असत्य, निर्वाण असत्य)
(४) माध्यमिक–शून्यवाद, (संसार असत्य, निर्वाण सत्य)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त चार सम्प्रदायमा वैभाषिकलाई मूल स्थेरवादी भनिन्छ। यिनीहरूको दार्शनिक पक्ष के हो भने—जुन जगत्को अनुभव हामीलाई इन्द्रियद्वारा हुन्छ, त्यसलाई बाह्यसत्ता भनिन्छ। भित्रको पनि चित्तको स्वतन्त्र सत्ता छ। भित्री चित्त वृत्तिद्वारा बाह्य सत्ताको प्रत्यक्ष अनुभव हुन्छ। यसकारण बाह्य तथा आन्तरिक सत्ता स्वीकार गर्नुपर्छ भन्ने विचारलाई वैभाषिक वा मूल स्थेरवादी भनिन्छ।

सौत्रान्तिक–बाह्य सत्ता अवश्य छ परन्तु त्यसको ज्ञान इन्द्रियद्वारा प्रत्यक्ष हुँदैन। समस्त पदार्थ क्षणिक छन् त्यसकारण कुनै पनि वस्तुको प्रत्यक्ष ज्ञान सम्भव छैन। जुन बेला बाह्य पदार्थको हाम्रो इन्द्रियसँग सम्पर्क भएर ज्ञान प्राप्त हुन्छ, त्यो बेलासम्म बाह्य पदार्थ परिवर्तन भइसकेको हुन्छ। इन्द्रियद्वारा प्रत्यक्षको अनुभव भएको बेला कालो, नीलो, पहेंलो आदि जुन चित्र चित्तमा खिचिन्छ, त्यो नै बाँकी रहन्छ र बाह्य सत्ता क्षणिक परिवर्तन-शील भएकोले अनुभूतिकालसम्म बदलिइसकेको हुन्छ। यसकारण बाह्य सत्ता प्रत्यक्ष नभएर अनुमान गम्य हुन्छ। यसैलाई अनुमेयता सिद्धान्त भनिन्छ।

यी दुवै विचारहरू (वैभाषिक र सौत्रान्तिक) दुवैमा चित्तवृति-द्वारा बाह्य पदार्थसत्ता मान्ने हुँदा त्यति अन्तर देखिँदैन र यो विचारलाई सर्वास्तिवादी भनिन्छ। यिनीहरूको मतमा वैभाषिकको चित्तनिरपेक्ष बाह्य सत्ता छ भने सौत्रान्तिक मतमा बाह्य सत्ता चित्त सापेक्ष छ।

योगाचार या विज्ञानवाद– यो मतमा बाह्य सत्ता कसैगरी पनि मान्न उचित हुँदैन भन्ने छ। चित्तमा बेला बेलामा उत्पन्न हुने आकार–प्रकार नै त बाह्य सत्ता हो। यसकारण बिनाचित्त संयोगले बाह्य पदार्थको ज्ञान हुँदैन भने ज्ञान नै त वास्तविक सत्ता भयो नि! अतः विज्ञान या (विज्ञप्ति) एक मात्र परमार्थ सत्य हो भनेर किन नमान्ने?। विज्ञानकै चित्त, मन विज्ञप्ति शब्द पर्याय हुन्। चेतन क्रियायुक्त हुँदा चित्त नाम रह्यो, मनन क्रिया युक्त मन भयो। त्यस्तै विषय ग्रहण गर्दछ भने विज्ञान हुन्छ। यस-कारण विज्ञप्ति मात्र सत्य हो भन्ने विचारलाई योगाचार या बिज्ञानवादी भनिन्छ।

शून्यवादी वा माध्यमिक मत–बौद्धदर्शनको उच्चतम विकास शून्य-वादमा भएको छ। शून्यवादीहरू न बाह्य पदार्थ सत् मान्दछन्, न विज्ञान। उनीहरूको दृष्टिमा दुवै सत्ता क्षणिक हुन्। यसकारण सम्पूर्ण दृश्य तथा अनुमेय सत्ता नै क्षणिक भएपछि नित्यता केवल शून्यको रहन्छ। यसकारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शून्य नै परमार्थ सत्य हो । शून्यवाद अभाववादी विचार होइन, किनकि, भावसापेक्ष नै अभाव हुन्छ । त्यस्तै शून्यवाद लोकायत दर्शन पनि होइन । यहाँ शून्य के हो त भन्ने प्रश्न उठ्दछ । यो अनिर्वचनीय सत्ताको द्योतक नै शून्य हो । नसत् छ न असत्छ, न सदसद् छ न योभन्दा भिन्न नै छ । यो चारै किसिमदेखि भिन्न विलक्षण भएकोले नै शून्य शब्दले व्यवहृत परमार्थ हो ।

यसरी बाह्य सत्, अनुमेय सत्पछि विज्ञान सत्को सिढी नाघेर निः स्वभाव, अनिर्वचनीय, विलक्षण, आदि शब्दले निरूपित शून्य नै परमार्थ सत्य भएकोले शून्यावस्थामा पुग्नु नै साधनाको अन्तिम लक्ष्य वा फल हो भन्ने दार्शनिक मतलाई माध्यमिक वा शून्यवादी भनिएको पाइन्छ ।[१] यी चारै दार्शनिक मतको प्रतिस्थापना गर्ने साहित्यको विशाल ग्रन्थराशि बौद्धधर्मको उत्तरकालीन विकासको देन हो ।

यसै मतवादमा हाँगा फाटेर मन्त्रयान, सहजयान र बज्रयानको प्रादुर्भाव भयो । बज्रयानको विकासले कला, संस्कृति, स्थापत्यमा हामीलाई ठूलो योगदान गरेको छ भने भारतबाट बुद्धधर्म भगाउने काममा पनि यसले ऐंजेरूको काम गरेको छ । हिनयान र महायानको शुद्ध रूपका पक्षपाती यद्यपि बज्रयानलाई धार्मिक निकायमा गणना गर्न तयार भएको पाइदैन । तथापि यसको महत्त्वले तिब्बती लामावाद जन्म्यो भने नेपालको कला कौशलहरूलाई पनि प्रभाव पारेको छ । बज्रयानका अनुयायीहरू नेपालमा निकै नै छन् ।

बौद्ध दर्शनका विवेचक र समर्थकहरू महायानसम्मको विकास-पथमा पुगेर अगाडि बढ्न चाहँदैनन् । रूढिमूलक अन्धपरम्परा र अमानवीय धार्मिक पक्षका क्रियाकलापको बिरोधमा सुधारवादी दृष्टिकोणले प्रतिपादन गरिएको बुद्धको माध्यमिक दर्शनले पुनः समाजको अहित गर्ने र अन्धविश्वास-का खाडल तयार पार्ने विकृति जन्माउँछ भने निश्चय नै विद्वान्हरूको दृष्टिमा त्यो विचारधाराले मान्यता पाउँदैन । तथापि यो पक्षले तत्कालीन समाजमा मान्यता प्राप्त गरेन भन्न सकिदैन । शुद्ध साधना पक्षबाट अज्ञान र अन्ध-विश्वासका दागलाई मेटेर विशुद्ध मानवीय जीवनले जिउनका लागि बुद्धद्वारा निर्देशित बाटोलाई अनेकन तर्क र युक्तिद्वारा व्याख्या गर्दा गर्दै पुनः घुमेर पहिलेकै ठाउँमा पुग्नलाई धार्मिक विकासले बाध्य गराएको मात्र होइन कि उच्चसाधना पथमा पुगेका भर्नी वा पूर्णसमाधिद्वारा प्रज्ञाबल लाभ गरेका

१. बुद्धदर्शन तथा भारतीय दर्शन, भरतसिंह उपाध्याय, भा. १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्ध पुरुषको निम्ति मात्र अभेद बुद्धिले हेर्नुपर्ने भौतिक वस्तुलाई योग सिद्धिको लागि आवश्यक भनेर वर्णन गरिएका तन्त्र–साहित्यले विकसित समाजको अवस्था पुनः प्राकृत जीवनभन्दा पनि दयनीय स्थितिमा पुऱ्यायो ।

हुनत विश्वका हरेक धार्मिक सम्प्रदायको जन्म तत्कालीन समाजको दयनीय पक्षलाई दृष्टिगत गरेर नै भएको हुन्छ । परन्तु पछिपछिका आइपर्ने सामाजिक स्थितिको समाधान गर्न निर्मित शास्त्रको धार्मिक व्याख्या र तार्किक बुद्धिले मूल उद्देश्यभन्दा पर पुगेर नै विकृति जन्माएको पाइन्छ । कुरान, बाइबिल, बौद्ध, जैन तथा वैदिक धर्महरूको मूल उद्देश्य यस्तै रहेको छ । उत्तरोत्तर विकासको प्रक्रियामा कट्टरता, संकीर्णता, र भौतिक लोलुपताले गर्दा अनेक विभीषिकाको जन्म दिएको पाइन्छ । प्रायशः धर्मका विकृतिहरू भौतिक लालसामा आसक्त भएर नै जन्मन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैटौं अध्याय

नेपाली संस्कृतिमा मन्त्रयान, वज्रयानको प्रभाव

ऋग्वेदका (१०।१४५।१-६) मन्त्रहरूमा पनि अधिकार क्रियाको केही हदसम्म प्रयोग हुन्थ्यो भन्ने कुराको सङ्केत पाइन्छ। सौतालाई पिर्ने आफूतिर लोग्नेको मन फर्काउन दिव्यौषधीको प्रयोग गर्ने आदि कुराको चर्चा उक्त मन्त्रहरूमा आएको छ।

मारण, मोहन, वशीकरण, उच्चाटन आदि कार्य सम्पन्न गर्नको निम्ति वैदिक मन्त्रहरूमा अगाडि ॐ र पछाडि वौषट्, श्रौषट् आदि शब्दको साथै पछाडि स्वाहा, नमः आदि शब्दहरू जोडिन्थे। जादू टूना, चटकमा पनि जनताको विश्वास थियो। यातुधान शब्द वेदमा मायावी (जादूगर्ने) व्यक्तिलाई भनिन्थ्यो। पछिपछि राक्षस वा दानवहरूलाई यातुधान शब्दले व्यवहृत गरेको पाइन्छ। ऋ० मा वसिष्टको निम्ति पनि यातुधान शब्द आएकोले जादूगरीमा उनी सिद्धहस्त थिए भन्ने कुराको बोध हुन्छ।

मनुष्य समाजमा अदृश्य शक्तिको भय-त्रासले नै चिन्तन शक्तिको विकास भयो तथा देवताको भावना जागरित गर्ने पहिलो पक्ष पनि भय नै हो भन्ने पुराविद्हरूको तर्क छ। भय निवारण, शत्रुमाथि विजय, मनोकामना सिद्धि धन-धान्य, सुख-सुविधाको आशा, इहलोकको सफल भोगपछि परलोकको पनि ऐश्वर्य भोगका लागि स्तुति पाठ, मन्त्र जप, यज्ञविधान, देवपूजा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलिदान आदि कर्महरू आज पनि गरिन्छन् । आदिम युगका मनुष्य-समाजले पनि प्रकृति-विजयको लागि असीम शक्तिका दाता देवताको भावना गऱ्यो होला र उनको सेवा सुश्रुषाद्वारा ढुक्क भएको मनले आत्मबल बढाएर इष्ट लाभ गर्न मद्दत पुऱ्यायो होला । ऋग्वेदका मन्त्रहरूको अनुशीलन र अध्ययनले देवप्रसादबाट नै सबै कुरा पाएको वा पाउन सकिने विश्वास गरेको थाहा हुन्छ । इन्द्र, बरुण, मरुत्, आदित्य, अग्नि, सोम रुद्र, बसु, अग्नि आदि देवता गुहारेर शम्वर, धुनि, वृत्र, चुमुरि आदि अनन्त बलशाली असुरराज-हरूलाई वैदिक आर्यहरूले परास्त गरे । असंख्य आर्य सेनाको विनाश र सुदास जस्ता बलशाली राजाको नेतृत्वमा भरत, तृत्सुगणको सतत प्रयासबाट उनान्सयपुर(गढ)ध्वस्त पारेर शत्रु विजय गरे तापनि यो सारा श्रेय त्यो वेलाको समाजले युद्धका देवता इन्द्रलाई दियो इन्द्रको नाउँ पुरन्दर भयो । सुदास इन्द्रका मित्रसम्म हुन पाए । देवतामा आश्रित बलद्वारा भएको विजय हुनाले देव–कृपा ठान्नु आश्चर्य भएन । यस्ता सर्वशक्ति दाता, त्राता, देवताको सादर नपाएको भए आदिम युगको मानव–समाजले विकास गर्न सक्ने थिएन ।

आर्यपरम्परामा मात्रै होइन प्राचीन युगका सुमेर, बाबेरु, मिश्र, असिरिया क्रीट आदिका मानव समूहमा पनि देवताको सर्वोपरि मान र स्थान रहेको थियो । विराट् प्रकृतिको गर्भमा अकिञ्चन, अज्ञानी मानवले देवताकै आश्रयमा उन्नति गऱ्यो । आशा, तृष्णा, माया मोहको पूर्ति गर्दिने अनन्त सत्ताका धनी पनि देवता नै थिए ।

देवताहरू स्तुति, मन्त्र, प्रार्थना, पूजाबाटै रिझिन्छन् भन्ने विश्वास विश्वभरि नै आज पनि छ । ऋक्, यजु, साम आदि वैदिक मन्त्रहरूमा उक्त कुरा नै पाइन्छ । मन्त्र, तंत्र, प्रार्थनाद्वारा उपासना गर्ने, देवताको आराधना गर्ने प्राचीन परम्परा विश्व–मानव सभ्यताभित्र समान रूपले व्याप्त थियो । आज पनि ईश्वरको पुकार, प्रार्थना, संस्मरणले नै भारतीय भावना बचाएको छ ।

भूत, प्रेत, पिशाच, यातुधानको छल–कपट र दुष्टताबाट बच्न र मारण, मोहन, बसीकरण आदि कार्यमा सफलता पाउन विश्वकै मानवले मन्त्रको सृष्टि गरे । झारफुक, औषधी, उपचारमा मन्त्रको प्रयोग गर्ने परम्परा अनार्य जातिमा बढी भए पनि व्यवहारमा आर्यहरूले पनि यस पक्ष-लाई तिरष्कार गर्न सकेनन् । यो पक्षप्रति सर्वसाधारण जनताको आस्था, विश्वास बढ्दै गएपछि वैदिक ऋषिहरूले पनि यस कुराको अभ्यास बढाए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथर्वा र आंगिरस यस पक्षका विशिष्ट ज्ञाता भएकोले लोकको श्रद्धानुसार यस्ता तन्त्रन्मत्र, अभिचार क्रियाको संहिता सङ्कलन गरेर अथर्ववेदको संज्ञा दिइयो । यसकारण पहिलेको वेदत्रयीमा अथर्वको नाउँ आउँदैन ।

ऋग्वेदभन्दा पनि प्राचीन अवस्थादेखिकै मानव–समूहले अङ्गीकार गरेको जादू टूना र झारफुक पद्धतिलाई अथर्ववेदको नाउले स्वीकृत भएपछि ॐ र स्वाहा लागेका वैदिक मन्त्रद्वारा नै अभिचार क्रिया हुन थाले । ज्वरो भगाउने, कुकुर, श्याल, आदिले टोकेमा झारफूकले निको पार्ने, सर्पको विष झार्ने, मन्त्र बलले शत्रुलाई मार्ने, बौलाहा बनाउने, स्त्री आदिलाई मोहनी लगाउने उदण्ड शत्रुलाई वश गर्ने, भूतप्रेत बाधा हटाउने, ग्रहदशा, अनिष्ट-कारी जोग हटाउने आदि कार्यमा मन्त्रशक्तिको ठूलो प्रभुत्व रहेको कुरा अथर्ववेदको परिशीलनबाट थाहा हुन्छ । यस प्रक्रियाको विश्वजयी रूपको व्याख्या कौशिक सूत्रमा देख्न पाइन्छ ।

मन्त्र जपगर्ने विधान आर्यहरूको निम्ति अनिवार्य अङ्ग हो । गायत्री मन्त्र, जसमा विश्वका प्राणशक्ति भएर रहेका मनुष्य जीवनका प्रेरक तथा कल्याणकारी सविता (सूर्य) देवको स्तुति गरिएको पाइन्छ, त्यो चित्त वृत्तिलाई नियन्त्रण गरेर एकाग्रता प्राप्त गर्ने, ध्यान, धारणा, समाधिको अवस्थामा पुग्न साधनाको प्रारंभिक सोपानको रूपमा आर्यहरूले स्वीकृत गरेको मन्त्र हो । जसको निरन्तर साधनाले अखण्ड सत्ताको परम तत्त्वको बोध हुन्छ ।

यसरी संसार भरिनै मनुष्यले अपनाएको मन्त्रतन्त्रको महत्त्व र मान्यता प्रतिदिन विकसित हुँदैरह्यो । पाली साहित्यको अध्ययनबाट पनि बुद्धभन्दा पूर्वकालदेखि नै जन–मानस व्यापकता पाएको यसपक्षले बुद्धकालीन समा-जमा पनि गहिरो रूपले जरा गाडेकै थियो भन्ने थाहा हुन्छ । नयाँ सिर्जनाले पुरानो रूपलाई छोप्दै गए तापनि मौलिक अस्तित्वको विलोप भएको हुँदैन । साथै समय पाएर त्यो पल्हाउन सक्छ,परिवर्तित रूपमा फेरि जन्मन सक्छ ।

भगवान् बुद्ध मानव–समाजभित्रकै व्यक्ति हुन् । साधना र चिन्तनद्वारा प्राप्त ज्ञानचक्षुले सत्यासत्यको छानवीन गरेर नयाँ विचार दिए पनि पुरातन संस्कारलाई सर्वथा त्याज्य गरेनन् । साथै समाजभन्दा बाहिर नगएर नयाँ संस्कारित सभ्यतामा सम्पूर्ण मानव समूहलाई ढाल्ने प्रवासमा उनी लागेका भए पनि पुरातन समाजको विघटनकारी प्रवृत्ति उनमा थिएन । दूषित प्रभावबाट बचाएर मानवीय भावनामा अग्रसर गराउनु-उनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्य थियो र यसको निम्ति प्रभावकारी नेतृत्वको आवश्यक पनि थियो । आफू बितेपछि पनि सक्षम नेतृत्व दिनसक्ने उत्तराधिकारी भएमात्र लक्ष्य प्राप्ति हुने ठानेर नै उनले भिक्षुसङ्घको परम्परा बसाएका हुन् । आर्यसभ्यतामा प्रभावकारी नेतृत्व दिने व्यक्तिको बौद्धिक क्षमताको साथै चरित्रबलको अपेक्षा गरिन्छ । यसकारण भगवान् बुद्धले उपदेशको साथसाथै चरित्र निर्माणको निम्ति विनय (अनुशासनको नियम) बनाए । जुनबेलादेखि बुद्धद्वारा निर्देशित विनयमा हेरफेर गरियो, मूलधर्मको विकृति पनि शुरू भयो । यद्यपि पछिका विद्वान्हरूले विकृति पक्षलाई सुधारगरेर नयाँ रूप दिए तथा संशोधन र परिवर्तन गरेको पक्षले हाँगाबिंगा फिजायो पनि । परन्तु मौलिक पक्षकै विनाशले विकृतिमाथि विकृति बढ्दै गयो र जन्मेको ठाउँमा अस्तित्व गुमायो पनि । बुद्धदर्शन हेतुवादी (कार्य कारणवाद) तथा परिवर्तनवादी मानिन्छ । उनको धार्मिक विकासको प्रक्रिया पनि निरन्तर परिवर्तनद्वारा नयाँ नयाँ रूपमा प्रकट हुनु आश्चर्य होइन ।

बुद्धको स्थेरवादी सम्प्रदायभित्र जन्मेका अनेकौं निकायकाबारेमा पहिले नै चर्चा भइसकेको छ । साथै चार किसिमको मतवादको पनि दिग्दर्शन भइसकेको हुँदा महायान सम्प्रदायको विकसित पक्षको यहाँ दिग्दर्शन गर्न खोजिएको छ ।

महायान निकायमा बुद्ध अलौकिक र ईश्वरको अवतारको रूपमा गनिएपछि वैदिक सनातनधर्मको विरोध गर्दागर्दै उसैका विकसित रूपसँग प्रतिस्पर्धा गर्न भनौं अथवा हातमिलाउन पुग्छ । अवतारवाद, मूर्तिपूजा, मन्त्रयानका सिढी बढ्दै वज्रयानको नामले प्रकृति युगको मानव सभ्यता अङ्गाल्न पुग्दछ ।

बौद्धहरूमा मन्त्रयान र वज्रयानको कसरी प्रवेश भयो भन्ने विषयमा बौद्ध महापण्डित राहुल सांस्कृत्यायन भन्दछन्–"पाली ब्रह्मजाल सुत्तमा अन्वेषण गर्दा बुद्धका समयमा पनि शान्ति, सौभाग्य प्राप्तगर्ने पूजाप्रकार र कल्पहरू प्रचलित थिए । गान्धारी विद्या, आवर्तनी (झारफुक) विद्यामा समाजको विश्वास थियो ।"बुद्धले यो पक्षलाई मिथ्याजीव (झूटो व्यवसाय) भनेर निषेध गरेका थिए ।

बुद्धपरिनिर्वाणका जति–जति वर्ष बित्तै गए,बुद्धका मानुषीगुण पनि बिसिंदै गए । जति–जति मानव बुद्धको ऐतिहासिकता लोप हुँदै गयो त्यति नै बुद्धको अलौकिकता र सर्वशक्तिमान् ईश्वरीय रूपको परिकल्पना पनि गरियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलौकिक बुद्धको जीवनी र आश्चर्य भयो कथा गाढिन थाले। अनेक पौराणिक रोचक गाथा बनेर प्रभावशाली ईश्वरीय व्यक्तित्व देखा पऱ्यो। वास्तविकता बिर्सेर बहुसंख्यक समाज यतैपट्टिलागे किनकि ईश्वरवाद आर्य-हरूको मौलिक पक्ष हो।

वैदिककालदेखिनै एक पक्षमा विकसित भएको मन्त्रतन्त्र र अभिचार क्रियाको धारा बगेकै थियो। यसको विकसित रूप आगम साहित्यको पनि सिर्जना हुँदै गयो। उपनिषद् साहित्यले पनि एक देववादमा शिव, विष्णु शक्तिको महत्ता गाएकै थियो। वैदिक मन्त्रका अनुकरणमा बौद्धजगत्मा पनि अनेकन मन्त्रको रचना हुँदै गयो। बुद्धभन्दा अगाडिकै समयदेखि शिक्षा, व्याकरण, कल्प, छन्द तथा दर्शनहरूको सूत्ररूमा निर्माण गर्ने परम्पराले जग बसाइसकेकै थियो। बुद्धवचनको सम्झनाका निम्ति पाली साहित्यले पनि सूत्ररूपमा ग्रन्थ रचना गऱ्यो। जुन कुरा समयानुकूल थियो।

बुद्धकालीन स्थितिलाई इङ्गित गर्दै राहुलजी भन्दछन्–"त्यो वेला भूत, प्रेत,पिशाच यक्षवाधा यति धेरै थिए कि ऐले त्यो परिणाममा पुग्न शताब्दीयौं मिहिनेत गर्नुपर्छ। कय्यन् मानिसलाई भूत, प्रेतको निम्ति निकै चिन्ता रहन्थ्यो। यसकारण तिनीहरूलाई वशगर्न केही सूत्रहरूको रचना हुन थाल्यो।"

स्थेरवादीहरूले (जो मानव बुद्धका पक्षधर हुन्) आटानाटीयसुत-बाट यसको श्रीगणेश गरे। अरू निकायको निम्ति झन् वाटो खुल्यो। अनि स्थेरवादी भिक्षुहरूले देखे–यो घोडदौडमा मानव बुद्धले काम चल्दैन, जवसम्म अलौकिक बुद्ध जन्मदैनन्। किन्तु उनीहरूका निम्ति यो ज्यादै तीतोगोली थियो।

अर्कातिर अन्यधर्मका सम्प्रदायहरूले तन्त्र, मन्त्र, अभिचार निकै तरक्की गरिसकेका थिए। आगमशास्त्रहरूको खलियो लागिसकेको थियो। तांत्रिक पक्षको चमत्कारी रूपमा जनताको वैरो लागेको देखेर बुद्धभिक्षुहरूले पनि यस दिशातर्फ उत्साह देखाए। यसको फल, बुद्धनिर्वाणको चारसय वर्ष-पछि नै वैपुल्यवादीहरूले बुद्धपृथ्वीमा जन्मेका थिए भन्ने कुरा नै इन्कारगरि-दिए। सौकिन पुरुषको रूपमा बुद्धलाई मान्ने हो भने अद्भूत शक्तिका धनी कसरी हुन सक्थेर !

---

१. पुरातत्त्व निवन्धावलि, राहुल सांस्कृत्यायन पृ० ९३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्ध निर्वाणपछिका प्रथम, द्वितीय, तृतीय र चौथो बौद्धसँगीतिका बारेमा चर्चा भइसकेको छ । दाताहरूको दानले अतुल ऐश्वर्य र राजसी वैभव जम्मा भएको विहारमा बस्ने युवक भिक्षुहरूलाई कष्टसहन गर्ने नियम मन नपर्नु स्वाभाविक थियो । साथै वैभव शालीको प्रतिष्ठामा धक्का लाग्नु पनि राम्रो थिएन । जनता तन्त्रमन्त्रका अभ्यासी सिद्धकापछि दौडेको देखेर ईर्ष्या हुने नै भयो । साथै जनताको सुख दुःखमा रक्षक बनिदिने तथा भक्ति, श्रद्धा, सेवा, स्तुति–पूजा–पाठले खुशी भएर भक्तको कल्याण गर्ने सर्वशक्तिमान् शिव, विष्णु, देवीका अगणित महिमायुक्त चरित्र गाथाले भरिएका पुराण, संहिता तन्त्रले जनमानसलाई निरन्तर आकर्षण गरिरहेकै हुँदा आफ्नो पक्षमा जनमत आकर्षित गर्न केही न केही गरिहाल्नु पर्ने स्थिति बुद्ध भिक्षुहरूले अनुभव गरे । बुद्धलाई मानवबाट देवता बनाउने शास्त्र–रचना यसै सन्दर्भमा भएको मान्न सकिन्छ । यसपछि राम, कृष्ण,शिव, विष्णुको नाम सङ्कीर्तन, पूजा-पाठ मन्त्रजप, स्तुति गर्नाले अनिष्टको नाशभएर स्वर्ग मोक्ष प्राप्ति हुने र इहलोक-को सुख भोग एवं मनोकामनाको पूर्ति पनि हुने भएकोले देवताको रूपमा बुद्धको पनि उपासना पद्धतिको शुरूआत भयो । यिनै कुरालाई लिएर राहुल जी भन्दछन्- "अठार बौद्ध सम्प्रदायले सूत्ररचना गरे तथा बुद्धमा अद्भूतशक्ति भएको कल्पना पनि गरे । फेरि वैपुल्यवादीहरूले लामा लामा सूत्रपाठ गर्न ढिलो हुने र पटचार पनि लाग्ने विचार गरेर छोटा छोटा धारणी मन्त्रहरूको रचना गरे । मानिसहरू बयलगाढाबाट रेल गाढीमा पुगेपछि हवाईजहाज चढ्ने किन इच्छा नगरून् ? पछिपछि अरू विद्वान् जन्मे जसले लामा धारणी मन्त्रहरूलाई छोटयाएर ॐ मुने मुने महामुने स्वाहा, ॐ आ हुम् । ॐ तारे तूत्तारे तूरे स्वाहा, आदि छोटा मन्त्रहरू बनाएर जनतामाथि अपार कृपा गरे । यसपछि त अक्षरकै मोल बढ्यो । मन्त्राक्षरको खोजीमा मान्छे यत्रतत्र दौडेको देखेर 'मन्जुश्री नाम सँगीति शास्त्रले भनेकै अनुसार सबै स्वर, व्यञ्जन-वर्णलाई नै मन्त्रको संज्ञा दिए। अब अगाडि ॐ र पछाडि "स्वाहा" जोडेपछि जे जस्तो मन्त्र पनि बनाउन सकिने भयो । भन्नु हुँदैन कि- यो मिहिनेतको पुरष्कार रूपिया-पैसा अन्य अनेकन सुख सामग्रीको रूपमा नमिलेको भए बौद्धहरूको यो आश्चर्यजनक कृतिबाट दुनियाँ वञ्चित रहन्थ्यो होला ।

बुद्धधर्मको मूल सिद्धान्तको विपरीत ब्राह्मणधर्मको प्रतिस्पर्धा गर्दै आगम शास्त्रको होडबाजीमा उभिन पुगेको बौद्ध परम्परालाई लक्ष्य गरेर बौद्ध पण्डितहरू नै यसरी विषाद प्रकट गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिकपरम्पराभित्रैको भए पनि आफ्नो छुट्टै अस्तित्व कायम गरेर विकसित भएको आगम (मंत्र, शास्त्र को मान्यता र जनसाधारणमा रहेको भूत, प्रेत, डाकिनी, साकिनी, वेताल, यक्ष यक्षिणीप्रति, रहेको गहिरो विश्वास नै बुद्धधर्मभित्र मन्त्रयानको सिढी चढाउने प्रेरकशक्ति भएको अनुमान हुन्छ। किनकि भिक्षुको वंशपरम्परा हुँदैन र भिक्षु बन्न आउने व्यक्तिहरू त्यही लोकधर्म, लोकविश्वासमा हुर्के बढेका व्यक्तिहरू नै थिए। ब्राह्मण वा क्षत्रिय वर्गबाट आएका भिक्षुहरू वैदिकसंस्कार, शिक्षा र बाल्यजीवनमा बनिसकेको आस्था, विश्वास, धारणाहरू बोकेर नै आउँथे जसले गर्दा बुद्धले आफ्नो उपदेशमा बहिष्कार गरेका वैदिक धर्म र लोकआस्थाका मान्यताहरूको उत्तरकालीन बुद्धधर्ममा पुनरावर्तन हुँदै गयो। राहुलजीले बुद्धधर्मको विकासक्रमलाई निम्न प्रकारले विभाजन गरेका छन् र यसलाई अन्य विद्वान्हरू पनि स्वीकार गर्दछन्।[१]

सूत्ररूपमा मन्त्रहरूको आविष्कार ई० पू० ४००–१०० ई. सम्म
धारणी मन्त्रहरूको रचनाकाल– ई. पू. १००–४०० ई. सम्म
मन्त्रैमन्त्रको सँगालो (मन्त्रयान) ई. ४०० देखि ७०० ई.
बज्रयान (उग्र प्रवृत्तिले साधना) ई. ७०० देखि१२०० ई.सम्म

यही धारणी मन्त्रयुगमा बुद्धदर्शनको महायान सम्प्रदायको उत्कर्ष भयो। महायानका अलौकिकबुद्धका सहायक र अनुयायी अवलोकितेश्वर, मन्जुश्री आदि अलौकिक बोधिसत्वको पनि आविष्कार भयो। योभन्दा अगाडिदेखि नै वैदिक धर्मको एकपक्ष अथर्ववेदको स्वीकृतिपछि तन्त्रमन्त्रको विकासमा लागेकै थियो। योग–साधनासँग तन्त्रको समीकरण गरेर मानसिक शक्तिको एकाग्रता र वैचारिक तीक्ष्णताले चमत्कारिक सिद्धि लाभ गरी जनसाधारणमा ठूलो प्रभाव जमाइसकेका थिए।

उपर्युक्त कारणले तन्त्रमन्त्रको महात्म्या प्रतिदिन बढ्यो। मानिसले यसमा श्रम र धन खर्च गर्न थाले। मन्त्रका आविष्कर्ताहरूले फलदायिनी मन्त्रक्रिया र साधना पक्षतिर बढ्ता शोच्न थाले। जनताको बढ्दो अभिरूचि र सिद्धको चमत्कारले बौद्ध श्रामणेरहरू पनि अप्रभावित रहन सकेनन्। जीवनको निरन्तर साधना पक्षमा संलग्न रहिरहेर अर्हत्पद प्राप्त गर्नुभन्दा मंत्रसिद्धिको थोरै

१. पुरातत्त्व निबन्धावलि, पृ० १११, राहुल तथा भरतसिंह उपाध्याय, बौद्ध दर्शन र अन्य भारतीय दर्शन, भाग १।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालको श्रम र साधना नै उपादेय मानिनु र चमत्कारप्रति आकर्षण हुनु, अस्वाभाविक भएन ।

योगसाधनाको प्रक्रिया आर्य परम्परामा ज्यादै पुरानो हो । सिन्धु-घाटी सभ्यतामा यसको प्रचलन भएको विद्वान्हरू शङ्का गर्दछन् । वैदिकऋषि, महर्षिहरू पनि योगद्वारा चित्तवृत्तिलाई निरोध गरी एकाग्र चिन्तनद्वारा वैचारिक तीक्ष्णताले अनन्त आकाशमा निरन्तर गुञ्जायमान रहने शब्द ब्रह्मको अस्तित्वलाई साक्षात्कार गरी वेदमन्त्रका तत्वहरूको प्रख्यापन गर्दथे । यसैकारण ऋषिहरूलाई भारतीय परम्परामा मन्त्रकर्ता नभनेर मन्त्रद्रष्टा भनेको पाइन्छ । वैदिककाल र त्यसपछिका समयमा तपस्वी मुनिवर्गको रूपमा चर्चित योगाभ्यासीहरूको संख्या बढ्दै गएको तथा यज्ञयागादि कर्म-काण्डभन्दा बढ्ता महत्त्व तपश्चर्याको भएको थाहा हुन्छ । मानसिक शक्तिको एकाग्रताद्वारा ध्यान, धारणा, समाधि अवस्थामा पुगेर चिन्तनशक्तिमा जुन सूक्ष्मता, तीक्ष्णता र सर्वज्ञता प्राप्त हुन्छ, त्यो शक्तिलाभद्वारा नै नयाँ नयाँ विषय वस्तुको ज्ञानप्राप्त हुन्छ । तथा चमत्कारी सिद्धिलाभका साथै प्रस्फुरित विचारधाराले नयाँ कुराहरू आविष्कार गर्न सकिन्छ भन्ने कुरा आर्यहरू जान्दथे र मान्दथे पनि । यस्तै एकान्त चिन्तनको प्रतिफल आरण्यक, उपनि-षद् साहित्य र दर्शनहरू हुन् । मनको एकाग्रताले प्राप्तहुने तीक्ष्णविचारशक्ति-लाई बुद्धले पनि स्वीकार गरे । ध्यान, धारणा, समाधिको अन्तिम दशामा पुगेर जुन प्रज्ञा प्राप्त हुन्छ त्यसैलाई "निर्वाण पद" भनेको पाइन्छ । यो मान-सिक एकाग्रताले नै आजका वैज्ञानिकहरू पनि नयाँ नयाँ आविस्कार गर्न सफल भएका छन् ।

पाश्चात्य विद्वान्हरू तन्त्र, मन्त्रका अभिचार क्रियाहरूलाई इरानी परम्परा हो भन्दछन् । अथर्ववेदमा पाइने असंस्कृत शब्द आलिगी, विलिगी आदिलाई हेरेर तिलक जस्ता विद्वान् पनि बाहिरकै आयात हो भन्ने शंका गर्दछन्[१] र वासुदेवशरण उपाध्याय यी शब्दलाई प्राचीन अरवी भाषाका शब्द हुन् भन्ने प्रमाण दिन्छन् ।[२]

राहुल सांस्कृत्यायन पनि तन्त्र,मन्त्र, भैरवी चक्रको साधना पर-

---

१. ओरायन, तिलक

२. भगवतशरण उपाध्याय, बाल और कला (निबन्ध)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म्परालाई वेबिलोन, मिश्र, असिरियाकै देन हो भनेर मान्दछन् ।[1] ईसा-पूर्वका धेरै शताब्दीदेखि नै दक्षिण भारत र मिश्र, वेविलोन, क्रीट आदि देश-को व्यापार चलेको र परस्परको सांस्कृतिक सम्बन्ध एवं आवागमन थियो भन्ने कुरा पुरातात्त्विक प्रमाणले पनि साबित भएको छ । तन्त्रमन्त्रको बाहुल्य र यससम्बन्धी ग्रन्थको आविष्कार भएको क्षेत्र पनि दक्षिण भारत नै मानिन्छ । यसकारण सिन्धु-प्रदेशका आर्यसँग इरान, इराकको सम्पर्क हुनु र अथर्वसंहितामा कतिपय बाह्य जगत्का मान्यताको समावेश हुनु आश्चर्य हुँदैन । त्यस्तै चक्रपूजा र तन्त्रमन्त्रको साधना पद्धति वेविलोन र मिश्रबाट दक्षिण भारतमा पैठारी गरिए भन्नमा पनि आपत्ति हुनु हुँदैन । बाहिरी जगत्को मान्यता, विभिन्न प्राचीन जातिको परम्परा, लोकधारणामा आधा-रित विश्वासको समन्वयले पनि आगम साहित्यको विकास भएको मान्न सकिन्छ। वैदिक परम्पराबाट हाँगा फाटेर फले फूलेका तन्त्र शास्त्रले उत्तर वैदिक-कालमा महत्त्वपूर्ण मानिएका शिव, विष्णु, सूर्य, स्कन्द, गणपति, लक्ष्मी, सर-स्वती, पार्वती, दुर्गा आदि देवतालाई संहिता, यामल, डामर तन्त्रहरूले तांत्रिक साधनाका आधार बनाए ।

वैदिककालमा पनि आयुर्वेद, गान्धर्वदेव देवपूजन, भूतविद्या, सर्प-विद्या, वास्तुविद्या, शिल्पविद्या आदि अनेकन विषयमा चिन्तन मनन गरेर शास्त्र बनाइएका थिए र यस्ता विद्याको पनि पठन-पाठन हुन्थ्यो भन्ने प्रमाण पाइन्छ ।[2] आसुरी विद्याको नामले पौराणिक साहित्यमा चर्चित भएको विद्या पनि जादू, टूना हो भन्ने बुझिन्छ । भगवान् महावीर र भगवान् बुद्धले पनि ज्ञानप्राप्तिको लागि कठोर तपस्या नै गरेका हुन् ।[3] बुद्धले समाधि दशामा पुगेर ज्ञानज्योति प्राप्त गर्न शरीर सुकाएर होइन, सदाचार र सच्चरित्रद्वारा वैचारिक एकता प्राप्त गरी समाधिअवस्थामा पुग्न सकिने अनुभव गरेर तप-स्याको नाउँमा व्यर्थ शरीरलाई दुःख दिनुले लाभ छैन, ज्ञानको निम्ति इन्द्रिय-जयी हुनु नै मुख्य हो भन्ने थाहा पाए । आन्तरिक भवनामा आश्रित इन्द्रियको विजय गर्न मानसिक एकाग्रता चाहिने र यसको निम्ति सचेत मनले गरिने

---

१. राहुल, पुरातत्व निबन्धावलि

२. छान्दोग्य-उपनिषद् (७।१।२) शतपथ ब्रा० ११।५।७।६ अथर्व सं० ११।७।१४

३. जैन धर्मका वृहत् इतिहास तथा बुद्ध जीवनी-भिक्षु अमृतानन्द ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टाङ्गिक मार्ग नै साधना पथ हो भन्ने बुझेकोले शरीर सुकाउनु वा मोटाउनु-ले केही फरक पर्दैनथ्यो ।[1]

बुद्ध र उनका उत्तम चेलाहरूले मानसिक एकाग्रताद्वारा शक्तिको विकास गरेकोले चमत्कारिक शक्तिलाभ गरेका कुरा पछिल्ला कालका श्रामणेरहरूले सुनेका थिए । साथै योगको पथमा लागेका सिद्धहरूले सिद्धिलाभ गरी चमत्कार देखाउँदा उनीहरूका पछाडि श्रद्धावनत भएर मानिसहरू दौडेको देखेका हुनाले शान्त जीवन विताएर साधनारत रहनुपर्ने भिक्षुहरूलाई पनि तांत्रिक साधना पक्ष नै आकर्षणको केन्द्र बन्यो ।

हिप्नाटिज्म तथा मेसमेरिजम (जादू–टूना) प्रति असीम श्रद्धा आजको युगमा पनि देख्न पाइन्छ भने योगको चमत्कारले प्रभावित नहुने कुरै भएन । बुद्धदर्शनका निर्देशित साधना मार्गमा लागेका भिक्षुहरूले मानसिक एकाग्रता प्राप्तगरी तीव्ररूपमा मनशक्तिको विकास गरेकोले सानातिना चमत्कार देखाउन सफल भए । यसलाई बढ्ता सिद्धियुक्त बनाउन योग क्रियामा अझ बढी नै सफलता प्राप्त गर्नुपर्थ्यो ।

आर्यपरम्परामा हुर्केको योग-विद्यालाई विकसित गरेर शैव सम्प्र-दायका योगीहरूले नाना किसिमका हठ-योग र त्राटक-क्रियाले सिद्धिलाभ गरेका थिए । राजयोग अथवा बुद्धद्वारा निर्देशित साधनापथ सरल भए पनि धेरै समय लाग्ने भएकोले तुरुन्त सफलता प्राप्तगरी जनमानसलाई आकर्षण गर्न लालायित बुद्धभिक्षुहरूले हठयोगलाई अपनाए । मन्त्रयानी बौद्धहरूमा यो साधना पद्धतिको गहिरो छाप पऱ्यो । यसपछि त उनीहरूले पनि अनेकौं मंत्रको रचना गरे, अगणित देवदेवीहरूको सृष्टि पनि गरे ।[2]

राहुलजीको विचारमा मंत्रसाधक सिद्धहरू दुई किसिमका थिए । एकथरी स्वान्तः सुखाय साधना गर्दथे र अर्काथरी झटपट सिद्धिप्राप्त गरेर चमत्कारी बन्न चाहन्थे । श्रद्धालु भक्तजनलाई श्रद्धाको चूलीमा पुऱ्याएर लाभ पनि हुन्थ्यो र मानमर्यादा पनि पाइन्थ्यो । नयाँ मंत्र, नयाँ-नयाँ साधनापद्धति, नयाँ-नयाँ देवताका आविष्कर्ताहरू दोस्रो पक्षका भिक्षुहरू नै थिए । सिद्धियुक्त भिक्षुको मानभाउ बढ्ने नै भयो । श्रद्धालुभक्तजनले अर्पण गरेको धन, धान्य, ऐश्वर्यले विहारहरू भरिए । धन नै व्यभिचारको सृष्टि-

---

१. बुद्धचर्या, राहुल

२. पुरातत्त्व निवन्धावलि (राहुल सांस्कृत्यायन) पृ. १२-१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ता पनि भएकोले अब मद्य, मांस, मैथुनको आवश्यकता पन्यो । किनकि भौतिक जगत्को अरू सुख नै के हुन्छ र ? यसैकारण भैरवी-चक्रको चक्र चलाउने तथा यसको अविष्कार गर्ने महात्मा भारतीय उपमहाद्वीपका लागि यिनीहरू नै भए भन्नु पर्छ ।[१]

हुनत विद्वान्हरू पश्चिम एशियाका मुलुकहरूमा सहस्रौं वर्षपूर्व नै भैरवीचक्रको चमत्कार चलेकोमा विश्वास गर्दछन् । यो कुरा नै सत्य हो भने त्यहाँबाट यो परम पवित्र र अनमोल चक्र यहाँ भित्याउने श्रेय महायानी भिक्षुलाई नै दिनुपर्छ ।

विशुद्ध बौद्ध साधना पद्धतिमा मंत्र,तंत्र, हठयोग, मद्य, मांस, मत्स्य, मुद्रा, मैथुन, यी पाँच प्रकारको सर्वोपरि मान्यता बज्रयानको उदयपछि नै भयो भन्ने कुरामा विद्वान्हरू सहमत छन् । अहिंसा, सत्य, शौच, अस्तेय, ब्रह्मचर्य आदि दशशील धर्मको देशना गर्ने बुद्धधर्मभित्र प्राणीहत्या, झूट बोल्नु, चोरी, जारी आदि बज्रमार्गले नै बज्रयानी (बज्रसत्व) भिक्षुहरू साधना गरून् । सम्पूर्ण बौद्धहरूको शाश्वत्बाटो यही हो । दुष्कर नियम (त्याग, संयम, ब्रह्मचर्य, अहिंसा, अस्तेय) पालना गर्नेले सिद्धिलाभ गर्दैन, परन्तु सर्वकाम भोगीले (मद्य, मांस, मैथुन, मत्स्य, मुद्रासेवीले) चाडै सिद्धि पाउँछ भन्ने नयाँ दर्शनको बोलवाला चल्यो । यस्तो शिक्षा दिने उत्तराधिकारी जन्मलान् भन्ने कुरा बिचरा बुद्धले शोचेकै थिएनन् ।[२]

मंत्रयान सम्प्रदायका आविष्कर्ता पहिला आचार्य नागार्जुन नै मानिन्छन् । वेद, विद्या पढेका तीक्ष्णबुद्धियुक्त सर्वतोमुखी प्रतिभा भएका नागार्जुन, दक्षिणभारतका ब्राह्मणकुलमा जन्मेका थिए र वैदिकधर्मका शास्त्रमा निष्णात भएपछि नै बुद्धधर्ममा दीक्षित भएका थिए भन्ने कुरा इतिहास विद्हरूले उल्लेख गरेका छन् । यिनीलाई रसायन शास्त्रका ज्ञाता

---

१. पुरातत्त्व निबन्धावलि, राहुल सांस्कृत्यायन ।

२. प्राणिनश्चत्वया घात्या वक्तव्यं च मृषा वचः । अदत्तं च त्वया ग्राह्यं सेवनं योषितामपि ।। अनेन वज्रमार्गेण वज्र सत्वान् प्रचोदयेत् । एषोहि सर्वबुद्धानां समयः परम शाश्वतः । गुह्य समाजतन्त्र पृ. १२०
दुष्करै नियमै स्तीव्रैः सेव्यमानो नसिध्यति ।
सर्व कामोपभोगांस्तु सेवयं चाशु सिध्यति । ऐ, पृ. १३६-ओरियंटल सिजिज वडौदा प्रकाशन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं आयुर्वेद शास्त्रका धुरन्धर विद्वान् थिए भनेर पनि मानिएको छ र कनिष्कको राजसभा (ई. सं. ५८-१२५) का सभापंडितको रूपमा पनि इतिहासकारहरूले नागार्जुनको स्थिति मानेका छन् । शून्यवादका पनि यिनी आद्याचार्य मानिन्छन् ।[1] परन्तु राहुलजीको विचारमा तेस्रो शतीमा अर्कै नागार्जुन भएका थिए । जसले मंत्रयानको सिर्जना गरे ।

तिब्बतीय परम्पराको आधारमा महापण्डित राहुलजी निम्न प्रकारले कालविभाजन गर्दछन् ।[2]

१) मंत्रयान (नरम पंथ) ई. ४०० देखि ७०० ई. सम्म
२) वज्रयान (गरम पंथ) ई. ७०० देखि १२०० ई. सम्म ।

वैदिकधर्मकै एक अङ्गको रूपमा आगम शास्त्रको विकास भएको कुरा पहिले नै भनियो । साथै तंत्र, मंत्रको उद्भव र विकासमा दक्षिण भारतवर्ष नै मुख्य गढ थियो भन्ने चर्चा पनि भएकै छ । विदर्भ देशमा जन्मेका नागार्जुन प्रकाण्ड पण्डित थिए र यिनको माध्यमिक सूत्रमा सृष्टि सिद्धान्त (सापेक्षवाद) को व्याख्या छ । यसकारण यिनीलाई वैज्ञानिक, तार्किक, तन्त्र मन्त्रका ज्ञाता आदि विशेषण दिइएको छ । यिनी ई. प्रथम शतीका मानिएको पक्षमा मन्त्रयानको शुरू प्रथम शताब्दी नै मान्नुपर्ने हुन्छ र राहुलजीको कालविभाजन युक्तियुक्त देखिदैन । संभवतः यी आगम शास्त्रका विद्वान् र अनुयायी भएकोले नै बुद्धधर्ममा प्रवेश गरेपछि बौद्ध आगम शास्त्रको प्रतिपादन गरेर मंत्रयानका आविष्कर्ता बने । आचार्य बलदेव पनि नागार्जुनको समय पहिलो शताब्दी नै मान्दछन् ।[3] किन्तु बौद्धतंत्रवादको जन्म तेस्रो शदीको अन्त्य चौथो शतीको आरम्भमा भएको कुरा विद्वान्हरूले मानेकोले दोस्रा नागार्जुन हुन संभव छ ।

राहुलजी दोस्रो छैटौं र सातौं शताब्दीका नागार्जुनको उल्लेख गर्दछन् । संभवतः नागार्जुन विभिन्न शतीमा छुट्टाछुट्टै जन्मेका मान्नमा आपत्ति छैन तापनि मंत्रयान, विज्ञान शून्यवादी महायान शास्त्रका प्रवर्तक र रसायन

---

१. प्राचीन भारतका इतिहास, डा. पी. एस. मनराल १९८३ नयाँ दिल्ली प्रकाशन.
२. पुरातत्त्व निवन्धावलि, पृ. १।२, राहुल ।
३. भारतीय दर्शन, आचार्य बलदेव, चौखम्बा प्रकाशन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्री नागार्जुनको समय केही विद्वान्ले पहिलो शताब्दी नै राखेका छन् ।[१]

वैपुल्यवाद र त्योभन्दा पूर्वको अन्धक निकायमा विशेष अभिप्रायले मैथुनको अनुज्ञा भएको पाइन्छ । तथापि खुलारूपमा आनन्दको लागि यो अगाडि आउन सकेको थिएन । मन्जुश्री मूलकल्प मंत्रयानको पुरानो ग्रन्थ मानिन्छ तथा वैपुल्य सूत्रमा पनि यस ग्रन्थको नाम आएको छ । यसकारण महायानको वैपुल्यवादबाटै मंत्रयानको विकास भएको हो ।[२] वैपुल्यवाद सूत्रमा (एकाभिप्रायेण) मैथुनको अनुज्ञा शायद छ । युवक, युवती, भिक्षु-भिक्षुणीले जब काम पिपासा जित्न नसकेर साधना मार्गमा चित्त लगाउन सक्तैनन् त्यो बेलाको निम्ति नै मैथुन अभिहित थियो । खुला समर्थन गर्न तैपनि सकेको पाइदैन । लामा-लामा सूत्रमा रहेका बुद्धवचनको धारणी मंत्र यिनीहरूले नै बनाए । भक्तजनको सुविधाको निम्ति पछि झन् छोटा मंत्रहरू बने । मन्त्रयानको विकासमा अनेकौं तंत्र-मंत्रको विधान भए तापनि सदाचारलाई छाडेको पाइदैन । आर्यपरम्पराको आगामी प्रतिस्पर्धामा मात्र बौद्ध मंत्रको विकास भएको भन्नु पर्ने हुन्छ । वैदिक परम्पराको आगममा भिक्षुजीवनको आवश्यक नहुने र गृहस्थीले पनि साधना गरिने हुँदा मैथुनधर्म निन्दनीय हुने तथा मद्य, मांस सेवनको निम्ति विशेष अनुमति दिने शास्त्र-निर्माण गर्नु पर्ने जरुरत थिएन । यद्यपि साधनापद्धति गोप्य नै राखिन्थ्यो र उग्ररूपमा अनर्गल उपासना विधानको आवश्यकता पनि परेको थिएन । वज्रयानको उदयमा भैरवी चक्र-सेवनले बुद्धधर्मलाई अन्तिम चरणमा पुऱ्याइदियो ।[३]

राहुलजी भन्दछन्- "यो युगलाई गुप्त साम्राज्यमा शुरू र हर्ष साम्राज्यमा मन्त्रयानको समाप्ति मान्नु पर्दछ । यसको उत्पत्ति उत्तर भारत नभएर दक्षिण भारत नै हो । वैपुल्यवाद तथा मन्जूश्री मूलकल्पको रचना दक्षिण भारतको धान्यटक तथा श्रीपर्वतमा नै भएको हो । यो ठाऊँ आन्ध्र

---

१. पु. त. नि., पृ.१३ तथा भारतका प्राचीन इतिहास, ऐ. भा. सां. इ., डा. सत्य केतु, पृ. ४०१ ।

२. कथा वत्थु (२३-१) तथा पु. नि. पृ. १३, राहुल ।

३. राहुल-पुरातत्त्व नि. पृ. ११५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रदेशको गुन्टूर जिल्लामा पर्दछ ।[१]

तिब्बती साहित्यमा बुद्धले पहिलो बोधि प्राप्त गरेको वर्षमा धर्मचक्र प्रवर्तन ऋषिपतन (सारनाथ) र तेह्रौं वर्षमा राजगृहको गृद्धकट पर्वतमा महायान निकायको धर्मचक्र प्रवर्तन गर्नु भयो; सोह्रौं वर्षमा धान्य-कटकमा मन्त्रयान धर्मचक्रको प्रवर्तन गर्नु भयो भनिएको छ ।[२]

तन्त्रमन्त्र–शास्त्र र साधनापथको निमित्त श्रीपर्वत प्रसिद्ध थियो भन्ने कुरा 'मालती माधव' भन्ने नाटक [३] (अङ्क १ अङ्क ८ र १०) मा उल्लेख भएका कुराबाट ज्ञात हुन्छ । त्यस्तै छैटौं शताब्दीका बाणभट्टले (हर्ष चरित्र-प्रथम उच्छ्वास) मा पनि उल्लेख गरेका छन् ।[४] बंगालमा जादू-टूनाको र श्रीपर्वतमा तन्त्रमन्त्रको विकास र मान्यता मुसलमानको आक्रमण कालसम्म रहेको इतिहासकारहरूले उल्लेख गरेका छन् । श्रीपर्वतको स्थिति, वर्तमान श्रीशैल नभएर नागार्जुनी कोंडाको 'नहरल्ल–वडु' पहाड हो भन्ने कुरा कोण्डा-को उत्खननबाट ज्ञात भएको छ ।

ब्राह्मणहरूले वेदविद्याको अभ्यास गरी ब्रह्मकर्मद्वारा मात्र ब्राह्मण हुन पाउने वैदिक प्रथा उत्तर कालमा समाप्त भयो । कर्मद्वारा मात्र जाति मान्ने हो भने महाभारतको युद्धकालतिर नै ब्राह्मणको संख्या नगण्य हुने थियो तथा क्षत्रिय पनि वैश्यमा मिलिसकेका हुन्थे ।

विशाल अनार्य जातिको समूहमा पसेका आर्यहरूले ब्राह्मण तथा क्षत्रियले जातिको कामले मात्र जिऊ पालन कठिन भएर वैश्यवृत्ति ग्रहण गरि-सकेका थिए । यसकारण कर्मणा जातिको मान्यता नै मान्दै गएमा ब्राह्मण र क्षत्रियको संख्या सीमित हुने स्थिति देखेर जन्मना जातिको मान्यतालाई बढी स्वीकार गरियो । यसले अशिक्षित ब्राह्मण क्षत्रियको पनि अस्तित्वचाहिं बचायो साथै जातिवादको कट्टरतालाई पनि प्रश्रय दियो । शिक्षितको निम्ति कर्तव्यबोध गराइनु पर्ने आवश्यक थिएन । परन्तु अशिक्षितलाई कडा नियमले

---

१. श्रीपर्वते महाशैले दक्षिणा पथ संज्ञके । श्री धान्य कटके शैले जिन धातुधरे भुवि । सिध्यन्ते तन्त्रमन्त्रान्वै क्षिप्रं सर्वार्थ कर्मसु । मूल कल्प पृ. ८८

२. ब्रुग–प–पद्म द्–क र्–पो, छोस् व्युङ, पृ. १४ क १५ क, राहुल, पु. नि.

३. मालती माधव नाटक, महाकवि भवभूति सातौं शदी ई.

४. हर्ष चरित, वाणभट्ट ६०० ई.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नबाँधिदिए खस्तै–खस्तै यिनको स्थिति तल पुग्थ्यो र ब्राह्मणेतर वृत्ति गर्नेहरू स्वयं पेशागत अन्य जातिमा गएर मिल्ने थिए । उपर्युक्त विषय र अन्य विविधकारणवाट कडासँग लागू गरिएको जाति प्रथाको दूषित पक्षको विरोधमा बुद्ध र महावीर खडा भएका थिए । वैदिकधर्मकै सदाचार पक्षलाई आफ्नो पनि विनय (नियम) भिन्न समावेश गरेर सन्यास, वानप्रस्थ, ब्रह्मचर्य धर्मका सत्पक्षको ग्रहण गरेर दूषित पक्षलाई हटाउन बुद्धले धार्मिक संगठन खडा गरेका भए तापनि युवक भिक्षु र युवती भिक्षुणीको सङ्घ प्रवेशले प्राकृत जीवनका नैसर्गिक पक्षको सर्वथा दमन हुन सकेन ।

बौद्धभिक्षुणी बनेको भए पनि सर्वश्रेष्ठ सुन्दरी उत्पलवर्णा चारिका पछि अन्धकवनको एकान्तकुटीमा साधनारत रहँदा उनकै मामाका छोरा नन्दले बलात्कार गरेको कुरा पालीसाहित्यबाट ज्ञात हुन्छ ।[१] यस्तै ऋषि महर्षिहरू पनि इन्द्रियजयी हुन नसकेको कथा पुराण इतिहासमा पाइन्छन् । सदैव सचेतनमनले संयम जीवन बिताउने उपदेश बुद्धले दिएका थिए तापनि ठूलो समूह बनेको भिक्षुसङ्घमा यो संयम र नियम चिरस्थायी रहन सम्भव थिएन । एकपटक जानि नजानी खसेपछि बराबर खसिरहन आपत्ति हुँदैन । वैपुल्यवादले विशेष कारणमा मैथुनको आज्ञा दिएपछि यस्ता कारण बराबर परि नै रहे । भैरवी–चक्र पनि विनाकारण आएन । बज्रयानी साधकको लागि साधनाकै सोपान भएर देखा पऱ्यो ।

राहुल आदि विद्वान् बज्रयानको अभ्युदय आठौं शतीमा भएको मान्दछन् । कुनै पनि सम्प्रदायको एक्कासि उदय हुँदैन । विकासक्रमले निकै समय लिन्छ । मत्सेन्द्रनाथको समयमा चरम सीमामा पुगेको वज्रयानको प्रारंभ छैटौं शतीको शुरूमै भएको थियो । तन्त्रसाधना पद्धति गोप्य रहने हुँदा भिन्नभिन्न गुह्यसमाजले व्यापकता पाउँदै गयो र सातौं आठौं शतीमा पूर्ण

---

१. उप्पल वण्णा··· जनपद चारिकं चरित्वा पच्चागता अन्धवन पाविसि । तथा भिक्खुणिनं अरञ्ञवासो होति । अथ सा तत्थ कुटिकं कत्वा मन्चकं पञ्ञ पेत्वा साणिया पारेक्खिपिसु ।··· मातुल पुत्तो पनस्सा नन्द माणवो··· अभिभवित्वा अत्तना पत्थित कम्मं कत्वा पायासि ।··· सो पठविं पविट्ठो··· सत्यापन राजानं पसेदिकोसलं सपित्वा भिक्खुणी सङ्घस्स अन्तो नगरे वसन ठानं काजुं वट्टतीति···धम्मपद अट्ठकथा ३३७–२३९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकसित रूपमा प्रकट भयो। सामाजिक क्षेत्रमा दुराचार मानिने पन्थको कडा विरोध हुने र घृणास्पद मानिने हुँदा समर्थक समाजको बहुमत नभए-सम्म देखा परेन। सिद्धि र चमत्कारमा विश्वास गर्ने जनसमूहको बहुमत देखेपछि मात्र गरमपक्षले आफ्नो रूप देखायो भन्नु पर्छ।

१४ धौं शताब्दीमा सिंहली भाषामा बनेको निकाय संग्रह भन्ने ग्रन्थमा बज्रयानलाई बज्र पर्वतवासी निकाय भनिएको छ र यो श्रीपर्वत नै हो भन्ने अनुसन्धाताले मानेका छन्। बज्रपर्वतवासीहरू नै निम्नस्थ ग्रन्थकर्ता हुन् भनिएको छ। राहुलले यो गणना दिएका छन्।

१) गूढ विनय।
२) मायाजालतन्त्र (भोट कंजूर ८४।१०)
३) गुह्य समाजतन्त्र (कंजूर ८३।२)
४) महासमय तत्त्व
५) पद निक्षेप
६) तत्त्व संग्रह (कंजूर)
७) भूत या (डा) मरतन्त्र (कंजूर ४३।८)
८) बज्रामृत (क. ८०।१)
९) चक्रसम्वर (क. ८०।१)
१०) द्वादश चक्र (काल चक्रयान) (क. ७।९।३–४)
११) भेरुकाद्बुद (हेरुकाद्भूत) (क. ८१।२)
१२) महामाया (क. ८२।३)
१३) पदनिः क्षेप
१४) चतुष्पिष्ट (चतुः पीठतन्त्र) (क. ८२।६–८)
१५) परामर्द (महा सहस्र प्रमर्दनी) (क. ९१।१)
१६) मारीच्युद्भव।
१७) सर्वबुद्ध (सर्वबुद्ध समायोग (क. ८९।६)
१८) सर्वगुह्य (क्रोधराज सर्वमन्त्र गुह्यतन्त्र (क. ८२।११)
१९) समुच्चय (बज्रयान समुच्चय) (क. ८३।५)
२०) माया मारीचि कल्प (कः ९१।६)
२१) हेरम्व कल्प।
२२) त्रिसमय कल्प (त्रिसमूह व्युह राजतन्त्र) (क. ८८।४)
२३) बज्रगान्धार कल्प। मारीचि कल्प।
२४) राज कल्प (परमादि कल्प राज) (क. ८६।५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५) वज्रगान्धार कल्प, मारीच कल्प ।
२६) गुह्य कल्प (गुह्य परम रहस्य कल्प राज (क. ८९।१७)
२७) शुद्ध समुच्चय कल्प (सर्वकल्प समुच्चय) (क. ७९।७)

उपर्युक्त ग्रन्थहरू बज्रयान सम्प्रदायका प्रामाणिक शास्त्रको रूपमा मानिन्छन् । तिब्बती साहित्यमा बज्रयान धर्मचक्र प्रवर्तन बुद्धवाट भएको भन्ने र यस निकायको धर्मग्रन्थको परिगणन गर्ने 'निकाय संग्रह' भन्ने ग्रन्थको रचना पनि दक्षिण भारत मै भएकोले यसको उत्पत्ति र विकास आन्ध्रमा नै भयो । त्यतैबाट उडिसा हुँदै बंगाल र विहारमा आएका विद्वान्हरूले अनुमान गरेका छन् । यी शास्त्रहरूको विस्तृतीकरण, संक्षेप, भाष्य र अन्यविशेषताका साथै नयाँ ग्रन्थको रचना नालन्दा विक्रमशिला विश्वविद्यालयमा भएका हुँदा हुन्, ती सबै मुस्लिम आक्रमणमा परेर स्वाहा भए । यो सम्प्रदाय तिब्बतसम्म पुग्ने बाटोमा नेपाल भएकोले र आक्रमणकारीको मारबाट भागेका बौद्ध पण्डितहरू नेपाल आउँदा बोकी ल्याएका ग्रन्थहरू जो विक्रमशिला (बंगाल) र नालन्दा (बिहार) का उत्पादन–साहित्यहरू थिए, ती खोजिएमा यहाँ अझै प्रशस्त पाइनसक्छन् ।

उपर्युक्त बज्रयानका ग्रन्थहरूले हठयोग–साधना भैरवीचक्र (मैथुन क्रिया) मद्यपान, मांस भक्षण, मन्त्र जपलाई नै विशेष साधनाका साध्य मानेका छन् ।[1] सिद्धिलाभ गरेका महायोगीहरूको निम्ति उक्त सांसारिक वस्तुहरूको उपभोगले कुनै असर पार्दैन । उनीहरू समदृष्टि हुन्छन् र सबै विषय-भोग गरे पनि विनिर्मुक्त भएका मानिन्छन् । तर समाजमा सभ्यताको शुरू भएदेखि नै अकर्तव्य मानिएको र अनियमित प्राकृत जीवनका धरातलमा फेरि पुऱ्याउने काम कुराहरू यो पन्थमा शुरू भए । प्राणीको बध गर्नु झूटो बोल्नु, नदिएको लिनु (चोरी गर्नु), आमा, बहिनी, छोरी, भाञ्जी, बाहुनी, धोबिनी, डुमिनी, चाण्डालनी जुनसुकै जातिको भए पनि र जे जस्तो नाता-लाग्ने भए पनि स्त्री सेवन (मैथुन) गर्नु हुन्छ भन्ने यी तन्त्रका वचनहरूले बुद्धधर्मको शाश्वत मर्यादालाई कसरी उल्लङ्घन गरियो भन्ने थाहा हुन्छ। योगी सिद्धहरूको अनुगमन गर्ने त्यो बेलाको सामाजिक प्राणीले कस्तो सामाजिक मर्यादा कायम गऱ्यो होला भन्ने कौतुहल पनि सहजै उत्पन्न गर्दछ। विष्टा, मूत्र, रज, वीर्य, पनि खाद्यपदार्थ भयो । साधकहरूले खान नघिनाउनु

---

१. नीलोत्पलदलाकारं रजकस्य महात्मनः । कन्यांतु साधयेन्नित्यं बज्रसत्व-प्रयोगतः । गुह्य समाजतन्त्र पृ. ६४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने वचनहरूले [1] समदृष्टि राखे सिद्धको परमसतासीन अवस्थाको द्योतन गर्ने भए पनि साधनाका अङ्गमा नै यस्ता कुराको गणना गरिंदा चमत्कार र सिद्धिप्राप्त गर्न इच्छुक व्यक्तिहरूको ठूलो समूह नै यो अघोर पन्थको पथिक भयो होला । १४ औं शतीमा उपत्यकाभित्र शासन गर्ने राजा स्थिति मल्लले पुनः जाति विभाजनको निम्ति कदम उठाउन किन आवश्यकता पऱ्यो भन्ने कुरालाई उपर्युक्त धर्माचरणमा संलग्न समाजको कल्पना नै सही उत्तर हुनसक्छ ।

बज्रयानका आचार्यहरूमा सिद्धअनङ्ग बज्र पनि एक आचार्य हुन् र ८४ सिद्धमध्येका उक सिद्ध पनि । उनको प्रज्ञोपाय विनिश्चय सिद्धि भन्ने ग्रन्थमा निम्नस्थ वचन उल्लेख भएको छ—

प्रज्ञापारमिता सेव्या सर्वथा मुक्तिकांक्षिभिः ।
ललनारूप मास्थाय सर्वत्रैव व्यवस्थिता ।
ब्राह्मणादि कुलोत्पन्नां मुद्रां वै अन्त्य जोद्भवाम् ।
जनयित्रीं (आमा) स्वसारं (दिदी-बहिनी) च स्वपुत्रीं, भागिनेयकाम् ।
कामयेत् तत्त्वयोगेन लघु सिध्येति साधकः । २५। पृ. २२-२५

अर्थ– मोक्षको इच्छा गर्ने साधनारत व्यक्तिले ब्राह्मण आदि कुलकी कन्या अथवा चाण्डाल कुलकी कन्यालाई मुद्रा (साधना गर्ने भैरवी रूप) मा स्थापना गरेर साधना गर्नू । आमा, बहिनी आपनै छोरी, भाञ्जीलाई पनि मुद्रा (मैथुन) मा प्रयोग गर्ने साधकले चाँडै सिद्धि लाभ गर्दछ ।

उक्त अनङ्ग बज्रका चेला सिद्ध राजा ज्ञानभूतिको ज्ञानसिद्धि भन्ने ग्रन्थमा लेखिएको छ–

घातयेत् त्रिभवोत्पत्ति परवित्तानि हारयेत् ।
कामयेत् परदारान् वै मृषावाद मुदीरयेत् ।। १४।।
कर्मणा पेन वै सत्वा कल्पकोटि शतान्यपि ।
पच्यन्ते नरके घोरे, तेन योगी विमुच्यते ।। १५ ।।
भक्षाभक्ष विनिर्मुक्तो पेयापेय विवर्जितः ।

---

१. विण्मूत्र शुक्ररक्तानां जुगुप्सा नैव कारयेत् । भक्षयेत् विधिना नित्यं इदं गुह्यं त्रिवज्रकम् । गुह्य समाज तं. पृ. १३६ वडौदा प्रकाशन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गम्यागम्य विनिर्मुक्तो भवेत् योगी समाहितः ।।१८।।
चाण्डालकुलसम्भूतां डोम्बिकां वा विशेषतः ।
जुगुप्सितकुलोत्पन्नां सेवयेत् सिद्धि माप्नु यात् ।।८२।।
शुक्रं वैरोचनं ख्यातं रजं बज्रोदकं तथा
स्त्रीन्द्रियं च यथा पद्मं बज्रं पुंसेन्द्रियं तथा ।२।४२।।

अर्थ– तीनै लोकमा जन्मेका प्राणको वध गरोस्, अर्काको सम्पत्ति हरण गरोस्, (चोरोस्) परस्त्री गमन गरोस्, झूट्टा कुरा मात्रै बोलोस् । जुन काम गर्नाले करोडौं वर्षसम्म प्राणीको नरक बास हुन्छ, त्यो कुरा गर्नाले योगी मुक्त हुन्छ । खानपानमा विवेक नगर्ने, गम्यागम्य स्त्रीको विचार नगरी गमन गर्ने नै मुक्त योगी हो । चाण्डाल कुलकी स्त्री, डुमिनी, अथवा नीच कुलकी स्त्री सेवन गरोस्, चाँडै सिद्धि प्राप्त हुन्छ ।

उपर्युक्त घोर व्यभिचारवादी सिद्धान्त समदृष्टि राख्न सक्ने सिद्ध योगीहरूको निम्ति नै भनिएको भए पनि सिद्धि प्राप्त गर्ने योग साधनाको निम्ति पनि यिनै कुराको सेवन गर्नुपर्ने हुँदा समाजमा स्वभावतः विकृति पैदा भयो । चमत्कारी सिद्धि, चाँडै लाभ गरेर धन, ऐश्वर्य प्राप्त गर्ने आकांक्षामा दौडेको मानव समूहले र युवक भिक्षुगणले उक्त व्यभिचारका सबै अङ्ग अँगाल्यो ।

वीर्यलाई वैरोचन भनिन्छ, रज बज्रोदक (सिद्धको पवित्र पेय वस्तु) हो । स्त्रीको इन्द्रिय कमल (पवित्र अर्थमा) हो पुरुषेन्द्रिय बज्र हो । यस व्याख्याले भक्ष्याभक्ष, पेयापेय र गम्यागम्यका सम्पूर्ण नियमलाई च्वाट्टै तोडिदियो । धनी हुने जहाँ पनि पुग्न सक्ने, हराउन सक्ने, जे पनि दिनलिन र गर्न सक्ने सिद्धि प्राप्त हुन्छ भनेपछि मान्छेलाई योत्राहेक अरू के चाहियो ? अरू धर्म कर्मको के आवश्यक ? मनलागेको कुरा खान पाइने, जे पनि गर्नु हुने र समाजमा नियमले निषेध गरेका कुराको बन्धन नै टुटेपछि निर्मुक्त हुन के बाँकी रहन्छ र मानवहरू यतापट्टि नदौडुन ?

बज्रयानको बाहुल्य पछिल्लो कालमा भए पनि ईसाको ५०० वर्ष तिर नै आचार विचारमा विकार आइसकेको देखिनाले यसको उद्गम र विकास पनि भइसकेको थियो भन्न सकिन्छ ।

राहुलजीले निबन्धावलिमा भनेका छन्–तिब्बतीय चित्र परंपरा जसले देखेको छ, उसले अतिशा (दीपङ्कर श्री ज्ञान) आदि बज्रयानी भिक्षुको चीवरभित्र नीलो गंजी वा भोटो देखेको हुनुपर्छ । यसको परंपरा चलेको कथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निकाय संग्रह भन्ने ग्रन्थमा यसरी लेखिएको छ–जुन समयमा कुमार दास (ई. ५१५–५२५) सिंहलमा राज्य गर्थे, त्यो वेलातिर दक्षिण भारतको मदुराईमा श्रीहर्ष नाउँका राजा थिए । उसवेला सम्मितीय निकायका (हीन-यान पक्षकै) एक जना भिक्षु नीलो कपडा लगाएर (नचिनिने भेष बनाएर) रात्रिमा वेश्याको कोठीमा गएछन् । बिहान बिहारमा फर्कदा चेलाहरूले पहेंलो चीवरको बदला नीलो कपडा लगाएको देखेर सोधे छन् । गुरुले अनित नीलो बस्त्रको धेरै धेरै महात्म्य वर्णन गरे । त्यसपछि त महात्म्य भएको बस्त्र शिष्यहरूले पनि लगाउन थाले ।

उनको 'नील पटदर्शन' भन्ने पुस्तकमा लेखिएको छ–

वेश्यारत्नं सुरारत्नं रत्नं देवो मनोद्भवः ।
एतद् रत्नं त्रयं वन्दे अन्यत् काँचमणि त्रयम् ।

अर्थात् वेश्या रत्नको सेवन, सुरा रत्नको सेवन र कामदेवको सेवन नै त्रिरत्न सेवन हो । अन्य त्रिरत्न (बुद्ध, धर्म, सङ्घ) सेवन गर्नु काँचलाई मणि भन्नु जस्तै हो ।

भनिन्छ कि यस्ता बौद्ध भिक्षुको क्रिया कलापबाट क्षुब्ध भएका राजा हर्षले बहाना बनाएर एकै ठाउँमा यस्ता भिक्षुहरू जम्मा पारी आगो लगाएर 'स्वाहा' पारे ।

उपर्युक्त कथा सबै सत्य हो भन्न त सकिंदैन । तर छैटौं शतीमा उपर्युक्त क्रिया-कलापको जन्म भइसकेको थियो तथा सम्मितीय निकायसँग महायानीको घनिष्ठ सम्बन्ध चाहिं थियो भनिन्छ । राहुलजी यसै अघारमा बज्रयानको माथिल्लो हद छैटौं शतीलाई मान्न सकिन्छ भन्दछन् । मध्यकाल ८४ सिद्धमध्येका केही सिद्धिहरूको अभ्युदय र पछिल्लो काल ८४ सिद्धको पूर्णता र भारतवर्षमा मुस्लिम आक्रणको समयसम्म मान्न सकिन्छ ।[१]

बज्रयानका ८४ सिद्ध तथा नाथ सम्प्रदाय

चौरासी सिद्धको परंपरा बताउने अनेक ग्रन्थ पाइन्छन् । तीनमा सिद्धहरूको नाम, शिष्य परंपरा, धार्मिक समन्वय र मत भिन्नता (जस्तै मत्स्येन्द्रनाथ, गोरक्षनाथ, आदिनाथ सम्प्रदाय) को पूर्ण रूपमा विवेचना गर्न निकै गाह्रो छ । नाथ परंपरा शैव सम्प्रदायका योगीहरूको हो र 'पा' अथवा 'पाद' सम्प्रदाय बज्रयानको हो । ८४ सिद्ध परंपराभित्र नाथ सम्प्रदाय

---

१. पुरातत्त्व निबन्धावलि, पृ. ११८ राहुल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि पर्दछन् । शैवतन्त्र र बौद्धतन्त्रमा वर्णित साधना पद्धतिमा हठयोग, मानसिक एकाग्रता, ध्यान, समाधि जस्ता कतिपय कुराको समानता पनि पाइन्छ र बाह्य साधनामा भने नाथ पन्थीभन्दा गरम पन्थीको रूपमा वज्र-यानी सिद्ध परंपरा देखिन्छ ।

आज पनि नाथपन्थीहरूको ठूलो समुदाय भेटिन्छ तथा यिनीहरूका मठ, मन्दिर, आश्रमहरू पनि भारत र नेपालभरि नै व्याप्त छन् । किन्तु, वज्रयानी साधना पक्ष भने भारतमा शून्य छ र नेपालमा वज्राचार्यहरूको एउटा जमात भने बाँकी छ । यिनीहरू तान्त्रिक विधिविधानले अद्यावधि पूजा पाठ, जप हवन आदि गर्दै छन् र सबै गृहस्थ छन् । तर नाथपन्थीहरू गृहस्थ र साधुभेष दुवैमा पाइन्छन् । तिब्बतीय लामाबादभित्र भने भिक्षु जीवन व्यतित गर्ने (वज्रयानी पक्षका पनि) भिक्षुहरू पाइँदैछन् ।

नेपाली समाजका चाड, पर्व, जात्रा र मठ, मन्दिरमा वज्रयानको प्रभाव अझै पाइन्छ र नाथ पन्थको व्यापकता र महत्त्व भने सम्पूर्ण नेपालको जनजीवनमा व्याप्त भएकाले यो सम्प्रदायको कमी सहसूस हुँदैन । प्रत्येक नेपालीका दैलो–दैलोमा घुमेर नाथपन्थी जोगीहरूले वराँठको सिंग फुकेर फेरि लगाउँछन् । प्रायः यो कार्तिक-मंसीर महीनामा लगाउने चलन छ । त्यस्तै नाथ सम्प्रदायका अनगिन्ती मठ–मन्दिरहरू पनि नेपालभित्र छन् । नाथपन्थी योगीहरूको राष्ट्रियता, राष्ट्रबासीहरूको निम्ति गरिएका सहयोग एवं राष्ट्रिय एकतामा खेलिएको भूमिका र गहेको योगदानको चर्चा गोरखनाथ पन्थको बारेमा उल्लेख गर्दा पछि विवेचना गरिने छ ।

सिद्ध परंपरामा गोखरनाथका गुरु सिद्ध मत्स्येन्द्र नाथको नाम दुवै पक्ष (नाथ सम्प्रदाय र बज्रयान सम्प्रदाय) मा श्रद्धाका साथ लिइन्छ । मत्स्येन्द्र शैव थिए वा बौद्ध अथवा उभयपन्थी थिए भन्ने विषयमा पनि पछि चर्चा गर्नु नै छ । मत्स्येन्द्रको महिमा भारतमा अस्ताइसकेको छ र उनी त्यहाँ इतिहासको धमिलो पक्षमा मात्रै देखिन्छन् । परन्तु नेपालमा सिद्ध मक्ष्येन्द्रनाथ आज पनि राष्ट्रिय देवताको रूपमा जीवन्त छन् । शैव, वैष्णव, शाक्त, बौद्ध सबैका निम्ति पूज्य र सम्मानित मत्स्येन्द्रसँग नेपालीहरूको गांठो जोरिएकै पाइन्छ । शायद समन्वयवादी सिद्ध भएकोले नै उनको विशेषता पनि रहेको छ भन्नुपर्छ ।

राहुल सांस्कृत्यायनको विचारमा ८४ सिद्धको गणना गर्न र काल निर्धारणको निम्ति पनि तिब्बती पुस्तक नहेरी सकिदैन भन्ने छ र अन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वान्हरूले यस सन्दर्भमा गरेको प्रयत्न स्तुत्य भए पनि प्रमाणको निम्ति मान्य भएको पाइदैन । आरण यसको भलिभांती अध्ययन गर्न सकिने सामग्री जति नालन्दा र विक्रमशिलाका विश्वविद्यालयमा संकलित थिए, ती जम्मै मुश्लिम आक्रमणकारीका अग्नि ज्वालामा भस्मिभूत भए । त्यहाँबाट तिब्बत पुगेका सामग्री मात्र सुरक्षित छन् । जसको अध्ययन र परिशीलन सबैबाट हुँदैन ।

प्राचीन र अर्वाचीन दुवैखाले विद्वान्हरू बुद्धदर्शन तथा साहित्यमा राहुलजीलाई प्रमाण मान्दछन् र उनले प्रस्तुत गरेको तिब्बती परम्पराका चौरासी सिद्धको तालिका यहाँ प्रस्तुत गरेर अन्य स्रोतबाट प्राप्त प्रमाणसँग तुलनात्मक अध्ययन गर्नु वान्छनीय भएको छ ।

नेपालको सांस्कृतिक पक्षको विवेचना गर्न बस्दा साधारणतया तीन स्रोत महत्त्वपूर्ण छन् । ती हुन्-वैदिकसंस्कृति, खशसंस्कृति र बौद्ध-संस्कृति । जातिगत आधारमा विभाजन गर्ने हो भने वैदिक परम्पराका आर्य र खश तथा किराँत एउटा धर्मसंस्कृतिभिन्न पर्दछन् र मंगोल संस्कृति (तिब्बतीयन मूलका मात्र) र मिश्रित जातिहरूमा केही बौद्धधर्मभिन्न पर्दछन् । धर्मा-बलम्बी केही जातिलाई यहाँ मिश्रित जातिमा गन्नुपर्नेकारण दिन पऱ्यो भने बुद्धधर्मले जाति बन्धन नमानेको कारणबाट विवाहबन्धन खुकुलो भयो र यहाँ रक्त सम्मिश्रण अधिक भएको पाइन्छ । स्थितिमल्लपछि बाँधिएको जाति बन्धनले यहाँ केही विशेषता जन्माएको भए पनि लिच्छविपछि र स्थिति मल्ल अगाडिको समय. जुनबेला वज्रयान चरम चूलिमा थियो, त्यति बेलाको नेवारी संस्कृतिले नयाँ रूप लिएको कुरालाई नै यहाँ इङ्गित गरिएको हो । जाति विभाजनपछि पनि यो वर्ग अलग्गै छ ।

चाडपर्व, वास्तुकला, मूर्तिकला, तंत्रमंत्र, आदिमा यो उपत्यका-भिन्न वज्रयान परम्पराको पनि गहिरो छाप परेको छ । जहाँ जन्म्यो हुर्क्यो बढ्यो, त्यहाँ समाधिस्थ भए पनि वज्रयान यहाँ भने बाँचेकै छ । ठूलो कुरा के भयो भने-उनी ईश्वरवादी र अनात्मवादी दर्शनका उपदेश भनिएका बुद्धको धार्मिक परम्परा जन्मेका महायान र वज्रयानले देवी, देवता, तंत्र, मंत्र, योग, ध्यान, पाठ पूजा र ईश्वरीय अवतारवादको कल्पना गरेर कैयन पक्षमा वैदिक सनातन धर्मका विकसितपक्षसँग हात मिलाएको पनि छ साथै समा-नान्तर रेखा कोरेर बुद्धधर्मको विशेष उदारतापक्ष देखाएको पनि छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त संस्कृति समन्वयको चर्चा यहाँ गरिनुको अर्थ हो–नेपालको अनौठो संस्कृतिपक्षको विश्लेषण गर्नु र यहाँ प्रभावित गर्ने सिद्ध-परम्पराको पनि विवेचना प्रस्तुत गर्नु। अतः चौरासी सिद्धको तालिका पनि नेपालसँग घनिष्ठता राख्ने भएकोले यहाँ उल्लेख गरिएको छ।

तीब्बती परम्परामा

नाम	जाति	देश	समकालीन राजा वा सिद्धहरू
(१) लुइपा (द)	कायस्थ	मगध,	राजा धर्मपाल (ई.७६९-८०९) का समकालिक
(२) लीलापा (द)	...	...	सहरपा (६) देखि तेस्रो पिंढी।
(३) विरुपा (द)	...	...	मगध, देवपाल राजा (८०९-४९ ई.) समकालीन
(४) डोम्बिपा (द)	...	क्षत्रिय	मगध, लुहपा (१) का शिष्य।
(५) शबरपा (द)	...	क्षत्रिय	विक्रमशिला–सरहका (६) शिष्य लुइपाका गुरु।
(६) सरहपा (द)	...	ब्राह्मण	नालन्दा, ... राजाधर्मपाल (७६९-८०९) ई. का समकालीन
(७) कङ्कालिपा (द)	...	शूद्र	मगध...।
(८) मीनपा	...	माझी	कामरूप (आसाम) जालन्धरका शिष्य गोरखका गुरु मत्स्येन्द्रका पिता।
(९) गोरक्षपा (द)	...	...	देवपाल (८०८-४९ ई.) समकालीन
(१०) चौरङ्गीपा (द)	राजकुमार-मगध,		(गोरक्षका गुरुभाइ)
(११) वीणापा (द)	राजकुमार-गौंडा		(कण्हपाका (१९) चेला, भद्रपाका पनि शिष्य।
(१२) शान्तिपा (द)[1]	ब्राह्मण	मगध	महीपाल (९७५-१२६ ई.) समकालीन
(१३) तान्तिपा	तंतवा	सोंधोनगर	जालन्धरका शिष्य।

१. रत्नाकर शान्ति (विक्रमशिला)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४) चमरिपा···	सार्की	विष्णुनगर	(पूर्वदेश)
(१५) खड्गपा	शूद्र	मगध	चर्पटीका (५४) चेला
(१६) नागार्जुन	ब्राह्मण	काञ्ची	(सरहपाका चेला)।
(१७) कण्डपा (चर्पपा)	कायस्थ	सोपपुरी[1]	देवपाल (८०९-४९) ई. का समकालिक
(१८) कर्णरिपा (आर्यदेव)		नालन्दा	नागार्जुनका चेला (१६) का
(१९) धगनपा	शूद्र	पूर्वभारत	शान्तिपाका (१२) शिष्य
(२०) नारोपा[2]	ब्राह्मण	मगध	महीपाल (९७४-१२६) ई.
(२१) शलिपा (शीलपा[3])	शूद्र	विधसुर	
(२२) तिलोपा (तिल्लोपा)	ब्राह्मण	भिगुनगर	(नारोपाका (२०) शिष्य।
(२३) छत्रपा	शूद्र	संधोनगर	(सरहपाका (६) शिष्य।
(२४) भद्रपा	ब्राह्मण	मणिधर[4]	(ऐंका शिष्य।
(२५) दोसंधि (द्विखण्डीपा)	···	गंधपुर।	
(२६) अजोगिपा	गृहपति	(वैश्य)	शालिपुत्र।
(२७) कालपा (द)	···	राजपुर	अवधूतिपाका तेस्रो पुस्ता
(२८) धोम्वीपा (द)	धोबी	शालीपुत्र।	··· (दशौंशदी)
(२९) कङ्कणपा (द)	राजकुमार	विष्णुनगर	
(३०) कमरि (कंवलपा)···		उड्डिसा	घण्टापाका (५२) शिष्य।
(३१) डैंगीपा	ब्राह्मण	उडिसा	(शालिपुत्र) लुइपाका (१) शिष्य।
(३२) भदेपा	···	श्रावस्ती	(कण्डपाका (१७) शिष्य
(३३) तँधे (तंतेपा)	शूद्र	कोशाम्वी	···
(३४) कुकुरिपा	ब्राह्मण	कपिलवस्तु	(मीनपाका (८) गुरु।
(३५) कुचि (कुशुलिपा[5])	शूद्र	करि	···

---

१. पहाडपुर (बङ्गलादेश)
२. १३९ ई. मा देहान्त
३. संभवतः श्रृगालिपा (वौद्ध गान
४. बघेलखण्ड मैहर।
५. सम्भवतः टंडन (वौद्धगान दोहा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३६) धर्मपा	ब्राह्मण	विक्रमशिला	(कण्हपा (१७) र जालन्धरका शिष्य ।
(३७) महोपा (महीवात)	शूद्र	मगध	कण्हपा (१७) का शिष्य ।
(३८) अचिन्तिपा	लकडीवेचा,	धनीरूप	... ।
(३९) भलह (भेनपा)	क्षत्रिय	धन्जूर ।	
(४०) नलिनपा	...	शालिपुर	... ।
(४१) भुसुकुपा	राजकुमार,	नालन्दा	देवपाल (८०९-४९) ई. ।
(४२) इन्द्रभूति	राजा	श्रीलंका,	अनङ्गवज्र (८१) कंवलपा ३० का शिष्य ।
(४३) मेकोपा (द)	वणिक्	भङ्गलदेश[1]	... ।
(४४) कुण्ठाली (कुदालिपा)	रामेश्वर	शान्तिपाका	(१२) शिष्य ।
(४५) कर्मार (कम्वरिपा)	लोहार	शालिपुत्र	अवधूतिका चेला ।
(४६) जालन्धरिपा[2]	ब्राह्मण	नगर र भो	कण्हपाका (१७) मत्स्येन्द्रपाका गुरु ।
(४७) राहुलपा (द)	शूद्र	कामरूप	(सरहका तेस्रोपिढी ।
(४८) धर्वरि (धर्मरिपा)	बोधिनगर		(विरूपा (३) का चौथो पुस्ता ।
(४९) धोकरिपा	शूद्र	शालिपुत्र	...
(५०) मेदिनिपा[3]	...	लाखपुय	लीलापाका (२) चौथो पुस्ता ।
(५१) पंकजपा	ब्राह्मण	...	नागार्जुनका (१६) शिष्य ।
(५२) वज्र (घण्टा) पा	क्षत्रिय	वारेन्द्र[4]	देवपाल (८०९-४९) ई. स.का.
(५३) जोगीपा	डोम	उडन्तपुरी	शवरपाका (५) चेला ।
(५४) चेलुकपा	शूद्र,	भंगलपुर	अवधूति, मैत्रिपाका शिष्य ।

१. भागलपुर ।

२. जालधारक ।

३. संभवतः हालिपा पनि ।

४. तंजूरमा, नालन्दा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५५)	गुंडरिपा (गोरुरपा)	चिडीमार	डिसुनगर	लीलापाका (२) चेला।
(५६)	लुचिकपा	ब्राह्मण	भंगलदेश	(भागलपुर) ...
(५७)	निर्गुणपा	शूद्र	पूर्वदेश	... ।
(५८)	जयानन्त	ब्राह्मण	भंगलपुर	...
(५९)	चर्पारिपा (पचरी पा)	कहार	चम्पा	मीनपाका गुरु।
(६०)	चम्पकपा	राजकुमार	...	
(६१)	भीखन पा	शूद्र	शालिपुत्र	...
(६२)	भलिपा	कृष्णधृतवणिक[1]	सततपुरी	
(६३)	कुवरिपा	...	जोमन श्रीदेश।	
(६४)	चवरि(जवरि, अज पालिया)		...	कण्हपाका तेस्रो पुस्ता।
(६५)	मणिभद्रा (योगिनी)	गृहदासी	मगध	कुकुरिपाकी चेली।
(६६)	मेखलापा (योगिनी)	वैश्य कन्या	अगचेनगर	कण्हपा (१७) की चेली
(६७)	कनखलापा (योगिनी)	...	देवीकोट	ऐं की चेली।
(६८)	कलकला पा	शूद्र	भीरलीनगर।	
(६९)	कंथालिपा	दर्जी	मणिधर ऐं का चेला। (मेहर)	
(७०)	धडुलिपा (उधारिपा[2])	शूद्र	धेरकदेश।	
(७१)	उधलिपा	वैश्य	देवीकोट	कर्णारिपाका (१८) चेला।
(७२)	कपालपा (कमलपा)	शूद्र	राजपुरी	
(७३)	किलपा	राजकुमार	प्रहर (सहर ?)	

१. तेली

२. संभवतः दवडीपा (चर्यागिति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७४) सागरपा राजा काँची
(७५) सर्वभक्षपा शूद्र महर शवरिपाका (२) चेला तथा भुसुक ४१ का पनि चेला।
(७६) नाग बोधिपा ब्राह्मण पश्चिम भारत, नार्जुनका (१६) चेला।
(७७) दारिकपा राजा उडिसा लुडूपा (१) का शिष्य।
(७८) पुतुलिपा शूद्र भंगलदेश
(७९) पनह (उपानह) पा चमार संधोनग
(८०) कोकालिपा राजकुमार चम्पारन।
(८१) अनंगपा शूद्र गौड (विहार) डोम्बिपा (४) का तेस्रो पिढी
(८२) लक्ष्मीकरा राजकुमारी सम्भलनगर[1], राजा इन्द्रभूतिकी बहिनी। (योगिनी)
(८३) समुदपा··· सर्वडीदेश[2]।
(८४) भलि(थालि) पा ब्राह्मण अपत्रदेश,

उपर्युक्त तालिका प्रस्तुत गर्दै राहुलजी भन्दछन् – चौरासीसिद्धको गणनामा पहिलो नम्बर लुइपाको पाइन्छ। तर पनि आदि पुरुष उनी होइनन्। त्यो कुरा तालिकाबाट पनि थाहा हुन्छ।

यो वंश वृक्षमा पचासभन्दा बढ्ता सिद्धहरू आए। तथापि छुटेका सिद्धमध्येमा सरहको वंश (चेला, प्रचेला) भन्दा अर्को कोही देखिंदैन। यसकारण सरह नै चौरासी सिद्धका पहिला पुरुष हुन्। यीमध्ये सरह, शवर, लुई, दारिक, बज्रघण्टा, जालन्धर, कण्हपा, शान्तिमाको खासस्थान छ। वज्रयानको प्रचार प्रसारको श्रेय यिनीहरूकै हो।

डा. विनयतोष भट्टाचार्यले सरहको समय ६३ ई. निश्चय गरेका छन्[3] किन्तु भोटका ग्रन्थहरूबाट के थाहा हुन्छ भने बुद्धज्ञान सरहका

---

१. संभलपुर विहार।
२. सर्वार (गोरखपुर वस्ती)
३. विहार उडिसा रिसर्च शोशाइटी जर्नल, खण्ड १४ भाग ३, पृ. ३४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहपाठी र शिष्य थिए ।[१] दर्शन शास्त्रमा हरिभद्रका पनि शिष्य थिए । हरिभद्र शान्तरक्षितका चेला थिए र जसको देहान्त ८४० ई. मा तिब्बतमा भयो । उहींबाट यो पनि थाहा पाइन्छ कि बुद्धज्ञान र हरिभद्र बङ्गाल नरेश धर्मपालका (७६९-८०९ ई.) समकालीन थिए ।[२] सरहपाका शिष्य शवरपा लुइपाका गुरु थिए । लुइपा धर्मपालका लेखन्दास (कायस्थ) थिए भनिएको छ ।

शान्तरक्षितको जन्म ७४० ई. को करीबमा विक्रमशिलाको नजीक सहोर राजवंशमा भयो ।[३] यसकारण सरहपाको महाराज धर्मपालको (७६९–८०९ ई.) समकालीन मानेको पक्षमा सबै प्रमाण मिल्न आउँछन् । यो विवेचना अनुसार आठौं शतीको अन्तिम समय नै चौरासी सिद्धको प्रारंभिक काल मान्न सक्छौं ।[४] उपर्युक्त चौरासी सिद्धको परंपरामा अन्तिम सिद्ध कालपाद (२७) चेलुकपाका (५४) शिष्य थिए । अर्का कालपाको पनि अस्तित्व भेटिन्छ र पहिला नभए दोस्रा पनि ८४ भित्र पर्न सक्छन् । चेलुकपा मैत्रीपाका शिष्य थिए र यी तिनै मैत्रीपा हुन्, जो दीपङ्कर श्रीज्ञानका विद्यागुरु हुन् । यी एघारौं शतीको प्रारंभमा विद्यमान थिए ।

उक्त छानवीनबाट अन्तिम सिद्धको समय ११ औं शतीको अन्तिम दशकभन्दा केही पूर्व हुन आउँछ । तदनुसार चौरासी सिद्धको युग ७५० ई. देखि ११७५ ई. सम्म मान्न ठीक देखिन्छ ।

उपर्युक्त सिद्धको तालिका महापण्डित राहुलले प्रस्तुत गरेको वज्रयान परम्पराको सूचीबाट यहाँ उल्लेख गरियो ।[५] परन्तु, राहुलजीको सूचीका सिद्धहरूको कालनिर्धारण सम्बन्धी विवाद भने निश्चय रूपमा टुङ्गिएको छैन ।

हठयोगद्वारा साधना गर्ने शैवसम्प्रदायका पाशुपत, कालामुख, तथा कापालिकका साथै नाथपन्थीहरूको र वज्रयानी सिद्धहरूको कतिपय कुरामा तालमेल देखिने हुनाले ठीक ठीक धार्मिक सम्प्रदाय छुट्टयाउन गाह्रो छ । चौरासी सिद्धमा मत्स्येन्द्र, गोरख, जालन्धरको नाउँ समावेश भएको

---

१. स-स्क्य. व्कंऽवूम्-क् पृष्ट २१२ खण्ड २१७ क. राहुल, पु. नि. ।
२. दिनेशचन्द्र मजुमदारको गणनाले धर्मपाल (७४४–८०० ई.)
३. राहुल-पुरातत्व निबन्धावलि, सहोर भागलपुर जिल्ला ।
४. राहुल–पुरातत्व निबन्धावलि, सहोर भागलपुर जिल्ला ।
५. पुरा नि, राहुल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइन्छ भने महाराष्ट्रका सन्त परम्परामा ई. १३०० तिरका सन्तज्ञानेश्वरले आफूलाई नाथपन्थी सिद्धहरूको तालिकामा राखेका छन् – आदिनाथ (?) मत्स्येन्द्रनाथ, गोरक्षनाथ, गैनीनाथ, निवृत्तिनाथ र ज्ञानेश्वर। यो परम्परालाई प्रमाण मान्ने हो भने मत्स्येन्द्रनाथ ११ औं शतीतिरका मात्र हुन्छन्।[१]

आर्य–साहित्य परम्परामा ८४ संख्याले विशेष अर्थ राखेको पाइन्छ। चौरासी सिद्ध, चौरासी जुनी, चौरासी वा चौरासी लाख नरक आदि गणना पद्धति पुराणमा, लोकोक्तिमा र अन्य व्यवहारमा पनि प्रयोग भएको देखिन्छ। यसकारण विभिन्न ग्रन्थमा पाइने चौरासी सिद्धको गणनामा तालमेल रहेको पाइदैन। आफ्ना आफ्ना सम्प्रदायको सूक्ष्म मतभेदले गर्दा पनि यो तालिकामा विभिन्नता देखा परेको अनुमान हुन्छ। साथै चौरासी संख्याका सिद्ध मेलैसँग भएको शिष्य परम्परा पनि होइन र एउटै नाउँका व्यक्ति विभिन्न कालमा भएको आभास पनि पाइन्छ। नागार्जुन सिद्ध प्रथम शतीको मध्यतिर भएको प्रमाण पाइन्छ[२] भने छैटौं शतीका नागार्जुन र सातौं शतीका नागार्जुन[३] आठौं शतीका सिद्ध नागार्जुन[४] एउटै थिए वा भिन्नै थिए भन्ने खोजी गर्दा अनेकौं नागार्जुनको अवतार भिन्न भिन्न शतीमा भएको मान्नु पर्ने भएको छ। यस्तै गोरखनाथको समय निर्धारणमा पनि छैटौं शतीदेखि तेह्रौं शतीसम्म विद्वान्हरूले राखेका छन्। मत्स्येन्द्र र गोरखको विशेष विवेचना उत्तरार्धमा गरिने छ।

---

१. आचार्य रामचन्द्र शुक्ल, हिन्दी साहित्यका इतिहास, पृ. १० संशो. संस्करण

२. भारतका प्रा. ई. मनराल पृ. ३५५

३. राहुल पु. नि.

४. शुक्ल हि. सा. ई. पृ. १०–११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्छेद चार

पहिलो अध्याय

नेपाली संस्कृतिको दोस्रोपक्ष

वर्तमान नेपालका वासिन्दाहरूको प्राचीन–इतिहास, धर्म, संस्कृतिको विवेचना गर्नबस्दा एउटा ज्वलन्त पक्षको उद्घाटन नगरी अगाडि बढ्न सम्भव छैन। धार्मिक दृष्टिकोणले मात्रै समीक्षा गर्दा नेपालमा मुख्यतः दुई-वर्ग छन् वैदिक धर्मका अनुयायी र बौद्धधर्मका अनुयायी। समाजको ठूलोसंख्या आर्यधर्मावलम्वी–शैव, वैष्णव, शाक्तहरूको छ र बौद्धहरूमा महायानको शाखा वज्रयान र वज्रयान तथा महायानका धर्मदर्शनले अनुप्राणित लामावाद पनि नेपालभित्र पाइन्छ।

सातौं शताब्दीको दोस्रो दशकतिर साना साना गाउँले राज्यमा विभाजित तिब्बतमा प्रतापी व्यक्ति स्रङचङ गम्पोको उदय भयो। उनले साना, ठूला कविलामा बाँडिएको भोटलाई एकसूत्रमा बाँधेर एउटा विशाल-साम्राज्यको जग बसाए। राज्यनिर्माण भएपछि त्यसलाई राजनीति, मानमर्यादा कायम गर्नु पनि आवश्यक थियो। साथै बिभिन्न अन्धविश्वासमा बाँधिएको र जङ्गली अवस्थाको उग्रस्वभाव भएको जातिमाथि अनुशासन गरी एक सूत्रमा बाँध्नु पनि अत्यावश्यक थियो।

यी उपर्युक्त कुराको पूर्तिका लागि नेपालले सहयोग गऱ्यो। भोटको साहित्यवाट तत्कालीन नेपालका राजा अंशुबर्माकी छोरी भृकुटीसँग स्रङचङ गम्पोको विवाह भएको तथा बौद्धधर्मको महायान सम्प्रदायका भिक्षु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू राजकुमारी भृकुटीका साथमा गएर बुद्धधर्मको प्रचार गरेको कुरा ज्ञात हुन्छ ।

भृकुटीको तिब्बतनरेशसँग विवाह भएको ऐतिहासिक प्रमाण–अभिलेख र साहित्यिक कृतिहरू, हामीलाई यहाँ उपलब्ध छैनन्, तथापि तिब्बती साहित्यको उल्लेख र त्यहाँको अनुश्रुतिलाई मान्न नहुने कारण पनि छैन। तिब्बतसँग नेपालको सम्बन्ध भएको तथा नेपालबाट बुद्धधर्म तिब्बत गएको, वाणिज्य–व्यवसाय पनि दुवै देशमा चलेको कुरा मान्ने हो भने भृकुटी भन्ने राजकुमारीको विवाह अवश्य नै भएको मान्नुपर्ने हुन्छ । अर्कोकुरा अंशुवर्माको शेषपछि राज्यच्युत भएका उदयदेव तथा उनका पुत्र नरेन्द्रदेव नेपालबाट भागेर जाँदा तिब्बत जानुभन्दा दक्षिणको छिमेकी देश हर्षवर्धनको राज्यमा शरणार्थी हुन सजिलोथियो । सजिलोबाटो नगएर तिब्बतको दुर्गम पथको यात्रा गरेर तिब्बत पसेकोले पनि अंशुवर्मा र स्रोङ्चङ गम्पोको सम्बन्धको पुष्टि हुन्छ । दिदीको राज्यमा शरणार्थी हुँदा अन्य कठिनाई भोग्नु नपर्ने र राज्य प्राप्तिको निम्ति सहयोग पाउन सजिलो पर्दथ्यो ।

अंशुवर्मापछि उदयदेव राजा भए भएनन् भन्ने कुरा अझै खोजीको विषय छ । तर भोटमा शरणार्थी हुन पुगेका उदयदेव बाँचेकै भए तुरून्तै स्रङ्चङ गम्पोको सहायताद्वारा राज्य फर्काउने थिए ।

लिच्छविकालका अभिलेखका संग्रहकर्ता धनवज्रजीको कथन–अनुसार–टुँडिखेलको ढुंगेधारा (जो हाल भोटाहिटीको सडकखन्दा फेला परेको छ) अंशुवर्माका पालाको अन्तिम अभिलेख भनिएको छ। त्यसमा सम्वत् ४५ र जेष्ट शुक्लको मिति दिइएको छ र यसपछि चितलाङमा प्राप्त भनिएको उदयदेवको अभिलेख (सं० १०४) सम्वत् ४५ आषाढ कृष्ण द्वादस्याम् भन्ने उल्लेख भएको छ ।

उक्त अभिलेख पत्यार लाग्दो छैन । एक त उदयदेवको धनवज्रजी ले प्रतिलिपि गर्नुभएको छैन साथै ज्येष्ट शुक्लसम्म अंशुवर्मा जीवित छन् भने, आषाढ कृष्ण द्वादशीमा उदयदेवले बाबुले दिइराखेको वितालाई थमौती गरिदिनु पर्ने कारण पर्दैन । अथवा अंशुवर्माले बाँधेको स्थिति बन्देजलाई अन्यत्र पनि थमौती गरेको प्रमाण पाइनु पर्ने हो, त्यो प्राप्त छैन । अंशुवर्माको अन्तिम अभिलेख र उदयदेवको अभिलेखको मिति बढीमा २४–२५ दिनको मात्र फरक भएकोले पनि अभिलेख पढ्नमा नै गल्ती भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुमान हुन्छ । किनभने राज्यमा गडबडी पर्ने संभावना पनि शुरूमा नै हुन्छ ।

अंशुवर्माको निधनपछि के स्थिति यहाँ भयो भन्ने कुरा अन्धकार नै छ तापनि सम्वत् ४५ पछि सम्वत् ६७ पौषमा नरेन्द्रदेवको भन्सार चोकको (सं० १२३) को अभिलेख प्राप्त हुन्छ । अंशुवर्माको निधनपछि निर्वासित उदयदेवको पनि मृत्यु भएकोले नरेन्द्रदेवले पूर्ण वयस्क भएपछि मात्रै नेपालको राज्य फर्काए भन्ने कुरा सहजै अनुमान हुन्छ । उदयदेवको निधन र नरेन्द्रदेव बालकै भएकोले पनि ध्रुवदेव, भीमार्जुनदेव तथा गुप्त माहामत्यलाई निर्धक्क भएर शासन गर्ने मौका मिल्यो ।

तिब्बतमा बुद्धधर्मको व्यापक प्रचार-प्रसारपछि नेपालको भूभागमा आउने तिब्वती मूलका जातिहरूले बुद्धधर्मको लामावादलाई यहाँ ल्याए, तथा सीमावर्ती इलाकामा बस्ने सेर्पाहरूको पनि विहावारी नातागोता तिब्वततिर नै भएकोले उनीहरू बुद्धधर्ममा दीक्षित भए । तिब्वती मूलका-सेर्पा, गुरूङ र तामाङजातिलाई यसकारणवाट सातौं शताब्दीपछि नेपाल प्रवेश गरेको मान्नु पर्दछ । अधिकांश बौद्धहरूको निष्काशन स्रङचङ गम्पोपछिको कालमा भयो । बुद्धधर्मका कट्टर विरोधी राजा लाङदरमाले राल-पाचन राजालाई मारी राजा भएपछि नै निर्वासित बौद्ध लामाहरूले नेपालको शरणलिए होलान् भन्ने अनुमान गर्न सकिन्छ । यो समय ई० ७२० पछि ७४१ सम्मको थियो । यसवेला अधिकांश लामाहरू भागेर पश्चिमी तिब्वतको एरियामा पसेको पनि इतिहास पाइन्छ । त्यसपछि पश्चिमी तिब्वत बौद्धहरूको गढ बन्यो ।

नेपालका प्रमुख जातिहरू

वैज्ञानिक आधारमा जातिहरूको बिभाजन गर्नेहरूले नेपालमा मुख्यत: दुई मूलका जातिहरूलाई औल्याउँछन्, ती हुन्- आर्यमूलका जातिहरू र मङ्गोलियन मूलका जातिहरू ।

आर्य- आर्य मूलका जातिहरूमा ब्राह्मण, क्षत्रिय,राजपुत, ठकुरीका साथै केही शूद्रवर्ण भनिएका जातिहरू तथा अन्त्यज भनिएका दर्मे, कामी, सार्की आदि र तराई भागमा बस्ने ब्राह्मण, राजपुत, भूमिहार, यादव, धानुक, कुर्मी, बनियाँ आदि जातिहरू पर्दछन् ।

मङ्गोलियन-- मङ्गोलमूलमा सर्वप्रथम किरांत जातिहरू पर्दछन्, जसको प्राचीन शाखामा राई, लिम्बू, याखा, सुनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वार, हायू, मगर जातिहरू पहाडमा बस्तछन् भने तराईमा थारू, दनुवार, धीमाल, कछडिया, कोचे, मेचे आदि प्रजातिहरू पनि लिन सकिन्छ। यी जातिहरूको यहाँ कहिलेदेखि प्रसार भयो भन्ने कुराको वैज्ञानिक आधारहरू प्राप्त भइनसकेता पनि प्राचीन साहित्यिक साक्ष्यको आधारमा र नेपाल बाहिरका हिमालीप्रान्तमा पाइएका समाधिस्थल, मृत्भाण्ड र अन्यवस्तुका आधारमा पुरातत्वविद् र प्राचीन इतिहासका विद्वान्हरूले जे जति उल्लेख गरेका छन् त्यो नै अहिलेको आधार हो। यसकारण त्यसको यहाँ केही चर्चा गर्नु आवश्यक भएको छ।

नेपालभित्र पहिले कुन मूलका जातिहरूको आगमन भयो भन्ने कुरा पनि विवादकै विषय छ। परन्तु यहाँका प्राचीन वंशावली र प्राप्त वैदिक, पौराणिक साहित्यका आधारमा जुन कुरा इतिहासमा लेखिएको छ त्यसलाई नै आधार मान्नु परेको छ।

श्री ५ को सरकार र सोभियतसङ्घ रूसका बीचभएको सांस्कृतिक सम्झौताअनुसार लेलिनग्राद विश्वविद्यालयका प्राग्ऐतिहासिक पुरातत्वविद् डा० एनातोली याकोब्लेभ शेटेन्कोले ०३४ साल हिउँदको अन्त्यमा (अर्थात् १५ जनवरीदेखि मार्च २४ ता० १९७८ सम्म) नेपालको पुरातात्त्विक अन्वेषण भ्रमणमा पुरातत्त्व विभाग नेपालको सहयोगमा पुरातात्त्वि स्थलहरूको अध्ययन गर्दा काठमाडौं उपत्यकाको उत्तरी भाग बुढानीलकण्ठको दक्षिण पूर्वतिरको बनियाँ पाखा र पण्डित गाउँको बीचमा बग्ने धोवी खोलाको किनारमा केही पाषाणकालीन हतियारहरू फेलापरेका थिए। समीक्षा वर्ष १९ अङ्क ११ को अन्तर्वाताको कथनानुसार ईसापूर्व ३० हजार वर्षतिरका विनापालिशका तर चोट दिएर ताछेर बनाइएका पाषाण उपकरणहरू हुन्। उनको भनाइअनुसार यी हतियारहरू तीन किसिमका छन्।

(१) गोवी नमूनाका धार नभएका
(२) दुइधारे प्रिज्म्याटिक
(३) तीन चुच्चे।

उपर्युक्त तीन किसिममध्ये गोवी नमूनाका पाषाण खण्ड मङ्गोलियाको गोवीबाट शुरूभएर सुदूरपूर्व एशिया हुँदै अमेरिकासम्म पुगेको छ। काठमाडौं उपत्यकामा त्यसै किसिमका पाषाण उपकरणको उपलब्धिले मङ्गोलहरू तिब्बत भएर वा पूर्वी एशियाको भूभाग हुँदै नेपाल आइपुगेको मान्नु पर्ने भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्य दुईकिसिमका हतियारहरू यूरोपीय जातिका (आर्यमूलका) मानिसहरूले उपयोग गरिने मध्येका छन् र काश्मीरतिरबाट नेपाल आएका हुन् । किनकि ती दुई नमूनाहरू काश्मीर र पाकिस्तानमा फेला परेका छन् ।

उपर्युक्त कथनबाट काठमाडौं उपत्यकाभित्र ईसापूर्व ३० हजार वर्षदेखि मानवहरूको विचरण भएको थियो भन्ने थाहा हुन्छ । हालसालै यस उपत्यकाभित्र सृष्टिकालकै भने हुने गोवंश प्राणीको दांत फेला परेको छ र जसलाई पुनाले परीक्षण गरी ३ लाख वर्ष पुरानो साबित गरेको छ ।

नेपाल उपत्यकामा बस्ने पहिलो जाति मङ्गोल हुनुपर्छ र ती शायद नेपालका तामाङ जाति हुन सक्छन् भन्ने नेपालका पुरातत्वविद् श्री जनकलाल शर्माजी शंका गर्दछन् । किन्तु उनको यो कथनलाई पुष्टिगर्ने कुनै प्रमाण छैन । नेपालका प्राचीन वंशावली र पौराणिक कथनहरूले यहाँ जल-मग्न भएको बेलामा कृष्ण आएर जल निष्कासन गरेको कथा वर्णन गर्दछन् भने बौद्धहरूले मञ्जुश्री बोधिसत्व चीनबाट आएको उल्लेख गर्दछन् । मन्जुश्रीको अस्तित्व छैटौं शताब्दीमा पाइने र बोधिसत्वको कल्पना महायान सम्प्रदायको जन्मपछि भएकोले यो कथा नेपालमा महायानको प्रवेशपछि जोडिएको भन्ने थाहा हुन्छ । चीनजाने बौद्धहरूको र चीनबाट भारत आउने यात्रीहरूको मध्यएशिया भएर नै आवागमन हुन्थ्यो । स्रङचङ गम्पोद्वारा तिब्बत एकीक-रण भएर बुद्धधर्मको प्रवेश नभएसम्म तिब्बतको बाटो चीनजाने प्रश्न नै थिएन । नृशंस र बर्बर जातिको निवास भएको मुलुक र दुर्लङ्घ्य शैलघाटी एवं विस्तृत शीतप्रदेशको बाटो यात्रीको लागि कल्पना बाहिरको कुरा थियो । श्री हर्षवर्धनको समय (६२९ ई०) तिर भारतको यात्रामा आउने चिनियाँ यात्री हुएन–शाङ्ग पश्चिमकै बाटो मध्यएशिया हुँदै आएका थिए । उनले नेपालको बारेमा पनि उल्लेख गरेकोले नेपाल उपत्यकामा आएको शंका हुन्छ र यसैलाई आधार बनाएर बौद्ध पण्डितहरूले मन्जुश्रीको कल्पना गर्दै पछिल्ला कालमा वंशावली तयार गरेका हुनसक्छन् ।[१]

---

१. मञ्जुश्री भारतीय नाम भएको र मञ्जुश्री मूलकल्प (त्रिवेद्रम् संस्करण (१९२०) मा भनिएको छ– भविष्यति तदा काले उत्तरांदिशिमाश्रितः नेपाल मण्डले ख्याते हिमाद्रे कुक्षिमाश्रिते । राजा श्री मानवेन्द्र (मान देवस्तु) स्तु लिच्छविनां कुलोद्भवः । सोपि मन्त्रार्थ सिद्धस्तु महाभोगी भविष्यति । ५४९–५०) यसमा लिच्छवि कुलोत्पन्न मानदेव (४६४ ई०) को वर्णन आएकोले मञ्जुश्री मूलकल्पका मञ्जुश्री बोधिसत्व छैटौं शताब्दीभन्दा अगाडिको मान्न सकिएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिलेको ४ दशक अगाडिसम्म नेपाल यही उपत्यकालाई भनिन्थ्यो। प्राचीन कालदेखिकै कथा र अनुश्रुतिकै आधारमा रचना गरिएका भए पनि वंशावलीहरू इतिहासको डोरी गांस्न आधार बनेका छन्, भारतीय साहित्य-अथर्व परिशिष्ट [१] कौटिल्यको अर्थशास्त्र [२], महाभारत वनपर्व, अ० ८४ स्कंदपुराण नागरखण्ड (१०२।१६) ऐ, सहयाद्रि खण्ड (३९।९) गरूड-पुराण (८०।६) वाराहपुराण उत्तर खण्ड, स्कंदपुराणको रेवाखण्ड, हिमवत्खण्ड, देवीपुराण, बृहन्नील तन्त्र, वाराही तन्त्र, शक्तिसंगम तन्त्र, बराहमिहिरको बृहत्संहिता, (अ० ४) राजनिघण्टु, ईसाको पहिलो शतीतिरको भरत नाट्यम् (ई०पू० २००) ई० पू० एक हजार वर्ष तिरको वैद्यग्रन्थ सुश्रुतसंहिता आदि अगणित ग्रन्थहरूमा नेपाल शब्दको प्रयोग भएको पाइएको छ। यसकारण बुद्धभन्दा शतीऔं अगाडि नै भारत–प्रसिद्ध भइसकेको नेपालको इतिहासको प्रारम्भ, बुद्ध वा बोधिसत्वको प्रयत्नले नागह्रदको जल निकाली बस्ती लायक बनाएको कथामा कुनै सार छैन। त्यस्तै कृष्णको कथा पनि नेपालमा ऐतिहासिक हुँदैन ।

३० हजार वर्ष पूर्वका काष्ठ तथा पाषाण हतियार प्राप्त भएको कुरालाई प्रमाण मानेमा पनि पाषाणयुगीन मानिसहरू यायावर जीवन बिताउने हुँदा यहाँ–स्थायी बसोवास गरेहुनन् भन्ने कल्पना पनि युक्तिसँगत देखिदैन ।

काठमाडौं दुमाखालमा प्राप्त काष्ठ हतियारको जापानमा रासायनिक परीक्षण हुँदा २७००० वर्ष पुरानो सावित भएकोले यहाँ काष्ठ हतियार, पाषाण हतियारको युगदेखि नै मानव अस्तित्व रहेको कुरामा भने अविश्वास गर्ने ठाउँ छैन ।[३] नेपाल खाल्डामा पानि रहेको वेला यसलाई नागह्रद भनिएको पाइन्छ । आर्य र मङ्गोलहरूको प्रसार हुनुभन्दा पनि पहिले पौराणिक कथा र ऐतिहासिक अस्तित्व पनि भएका नागजातिहरू यस उपमहाद्वीपमा छरिएका थिए । समुद्रयात्रा गर्ने, नदी, समुद्र तथा ताल र सरोवरका किनारामा बसेर जल शिकार गर्न मनपराउने नागजाति यस उपत्यकामा

---

१. अथर्व परिशिष्ट कुर्म विभाग (८०० ई० पू० ?)
२. कौटिल्य अ० (४०० ई० पू०)
३. यो प्रमाणित प्रतिवेदन उप प्रा. मोहन खनालसँग छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि वस्न आइपुगेको अनुमान गर्न सकिन्छ। समुद्री किनाराको साथै वर्तमान हिमाञ्चल प्रदेश (यमुना र सतलजको बीचभाग) काश्मीर, गान्धार, राजस्थानको दक्षिणमा पनि नागजाति भएको विद्वान्हरू अनुमान गर्दछन् ।[१] यो जातिलाई आग्नेय (अस्त्रोलाइड्) जाति मध्येको हो भन्ने पनि विद्वान्हरूको मन्तव्य पाइन्छ। आर्य, खश, मङ्गोलको प्रसारभन्दा पहिले यो जातिले हिमालयको काख पनि ढाकेको थियो।[२] आर्य साहित्यमा भने नागजाति आर्यमूलकै जाति र देवयोनि विशेष जाति हो। ऋग्वेदका अनेकन मन्त्रमा अहि वृत्रलाई इन्द्रले मारेको वर्णन पाइन्छ। अहि शब्द सर्प (नाग)वाचक हो र नागलाई पानीमा बस्ने, रिसाएमा वर्षाहुन नदिने, नागले छाडेको ठाउँमा पानी सुक्ने आदि लोकधारणा र पौराणिक कथा पनि पाइन्छन्। ऋग्वेदको अनुशीलनबाट वृत्र पराक्रमी नागजातिका मुखिया रहेछन् भन्न सकिन्छ। हाम्रा विश्वास र कथाले पनि यो कुराको पुष्टि नै गर्दछन्। आर्यहरूलाई संत्रस्त पार्ने पानीरोक्ने नागराज वृत्रको वध इन्द्रले गर्दछन्, आर्यहरू इन्द्रको स्तुति गाउँछन्।

राजतरङ्गिणीकार (११ शती) कल्हण काश्मीरमा कर्कोटवंशी नागराजाहरूले राज्य गरेको उल्लेख गर्दछन् र नागको अस्तित्व पानीमा रहेको पनि वर्णन गर्दछन्। नागकन्याहरू अद्वितीय सुन्दरी हुन्थे र नागकन्याहरू ऋषिले र राजाहरूले विवाह गरेको इतिहास पनि हाम्रा पौराणिक साहित्यमा प्रशस्तै पाइन्छ। जरत्कारूले नागकन्यासँग विवाह गरेका थिए।[३] यिनका पुत्र आस्तिकले जनमेजयको नागसंहारक यज्ञबाट मावलीहरूको रक्षा गरे। अर्जुनले नागकन्या उलुपीसँग विवाह गरेका थिए।[४] आर्यजातिको र नागजातिको प्राग्ऐतिहासिक काल(वैदिक काल)तिर ठूलो वैमनस्य भयो। युद्धद्वारा वृत्र मरेपछि नागहरू आर्यका वशवर्ती भए तथा पछि आर्यहरूको विलय भयो। मगधमा राज्यगर्ने शिशु नागवंश।[५], काश्मीरको कर्कोटक वंश।[६] पद्मा-

---

१. हिमाञ्चल...
२. ऐ०
३. महाभारत आदिपर्व
४. महाभारत आदिपर्व
५. प्रा० भा० इ०
६. राज तरङ्गिणि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिलेको ४ दशक अगाडिसम्म नेपाल यही उपत्यकालाई भनिन्थ्यो। प्राचीन कालदेखिकै कथा र अनुश्रुतिकै आधारमा रचना गरिएका भए पनि वंशावलीहरू इतिहासको डोरी गांस्न आधार बनेका छन्, भारतीय साहित्य-अथर्व परिशिष्ट [१] कौटिल्यको अर्थशास्त्र [२], महाभारत वनपर्व, अ० ८४ स्कंदपुराण नागरखण्ड (१०२।१६) ऐ, सहयाद्रि खण्ड (३९।९) गरूड-पुराण (८०।६) वाराहपुराण उत्तर खण्ड, स्कंदपुराणको रेवाखण्ड, हिमवत्खण्ड, देवीपुराण, बृहन्नील तन्त्र, वाराही तन्त्र, शक्तिसंगम तन्त्र, बराहमिहिरको बृहत्संहिता, (अ० ४) राजनिघण्टु, ईसाको पहिलो शतीतिरको भरत नाट्यम् (ई०पू० २००) ई० पू० एक हजार वर्ष तिरको वैद्यग्रन्थ सुश्रुतसंहिता आदि अगणित ग्रन्थहरूमा नेपाल शब्दको प्रयोग भएको पाइएको छ। यसकारण बुद्धभन्दा शतीओं अगाडि नै भारत–प्रसिद्ध भइसकेको नेपालको इतिहासको प्रारम्भ, बुद्ध वा बोधिसत्वको प्रयत्नले नागह्रद्रको जल निकाली बस्ती लायक बनाएको कथामा कुनै सार छैन। त्यस्तै कृष्णको कथा पनि नेपालमा ऐतिहासिक हुँदैन।

३० हजार वर्ष पूर्वका काष्ठ तथा पाषाण हतियार प्राप्त भएको कुरालाई प्रमाण मानेमा पनि पाषाणयुगीन मानिसहरू यायावर जीवन बिताउने हुँदा यहाँ–स्थायी बसोवास गरेहुनन् भन्ने कल्पना पनि युक्तिसँगत देखिदैन।

काठमाडौं दुमाखालमा प्राप्त काष्ठ हतियारको जापानमा रासायनिक परीक्षण हुँदा २७००० वर्ष पुरानो सावित भएकोले यहाँ काष्ठ हतियार, पाषाण हतियारको युगदेखि नै मानव अस्तित्व रहेको कुरामा भने अविश्वास गर्ने ठाउँ छैन।[३] नेपाल खाल्डामा पानि रहेको बेला यसलाई नागह्रद भनिएको पाइन्छ। आर्य र मङ्गोलहरूको प्रसार हुनुभन्दा पनि पहिले पौराणिक कथा र ऐतिहासिक अस्तित्व पनि भएका नागजातिहरू यस उपमहाद्वीपमा छरिएका थिए। समुद्रयात्रा गर्ने, नदी, समुद्र तथा ताल र सरोवरका किनारामा बसेर जल शिकार गर्न मनपराउने नागजाति यस उपत्यकामा

---

१. अथर्व परिशिष्ट कुर्म विभाग (८०० ई० पू० ?)
२. कौटिल्य अ० (४०० ई० पू०)
३. यो प्रमाणित प्रतिवेदन उप प्रा. मोहन खनालसँग छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि वस्न आइपुगेको अनुमान गर्न सकिन्छ। समुद्री किनाराको साथै वर्तमान हिमाञ्चल प्रदेश (यमुना र सतलजको बीचभाग) काश्मीर, गान्धार, राजस्थानको दक्षिणमा पनि नागजाति भएको विद्वान्हरू अनुमान गर्दछन्।[१] यो जातिलाई आग्नेय (अस्त्रोलाइड्) जाति मध्येको हो भन्ने पनि विद्वान्हरूको मन्तव्य पाइन्छ। आर्य, खश, मङ्गोलको प्रसारभन्दा पहिले यो जातिले हिमालयको काख पनि ढाकेको थियो।[२] आर्य साहित्यमा भने नागजाति आर्यमूलकै जाति र देवयोनि विशेष जाति हो। ऋग्वेदका अनेकन मन्त्रमा अहि वृत्रलाई इन्द्रले मारेको वर्णन पाइन्छ। अहि शब्द सर्प (नाग)वाचक हो र नागलाई पानीमा बस्ने, रिसाएमा वर्षाहुन नदिने, नागले छाडेको ठाउँमा पानी सुक्ने आदि लोकधारणा र पौराणिक कथा पनि पाइन्छन्। ऋग्वेदको अनुशीलनबाट वृत्र पराक्रमी नागजातिका मुखिया रहेछन् भन्न सकिन्छ। हाम्रा विश्वास र कथाले पनि यो कुराको पुष्टि नै गर्दछन्। आर्यहरूलाई संत्रस्त पार्ने पानीरोक्ने नागराज वृत्रको वध इन्द्रले गर्दछन्, आर्यहरू इन्द्रको स्तुति गाउँछन्।

राजतरङ्गिणीकार (११ शती) कल्हण काश्मीरमा कर्कोटवंशी नागराजाहरूले राज्य गरेको उल्लेख गर्दछन् र नागको अस्तित्व पानीमा रहेको पनि वर्णन गर्दछन्। नागकन्याहरू अद्वितीय सुन्दरी हुन्थे र नागकन्याहरू ऋषिले र राजाहरूले विवाह गरेको इतिहास पनि हाम्रा पौराणिक साहित्यमा प्रशस्तै पाइन्छ। जरत्कारूले नागकन्यासँग विवाह गरेका थिए।[३] यिनका पुत्र आस्तिकले जनमेजयको नागसंहारक यज्ञबाट मावलीहरूको रक्षा गरे। अर्जुनले नागकन्या उलुपीसँग विवाह गरेका थिए।[४] आर्यजातिको र नागजातिको प्राग्ऐतिहासिक काल(वैदिक काल)तिर ठूलो वैमनस्य भयो। युद्धद्वारा वृत्र मरेपछि नागहरू आर्यका वशवर्ती भए तथा पछि आर्यहरूको विलय भयो। मगधमा राज्यगर्ने शिशु नागवंश।[५], काश्मीरको कर्कोटक वंश।[६] पद्मा-

---

१. हिमाञ्चल...
२. ऐ०
३. महाभारत आदिपर्व
४. महाभारत आदिपर्व
५. प्रा० भा० इ०
६. राज तरङ्गिणि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वती (कान्तिपुर) को नागवंश, भारशिव–नागवंशी राजाहरूको अस्तित्व ।[१] ऐतिहासिक सत्य हो । ईसाको तेस्रो चौथो शतीसम्म, नागवंशी क्षत्रियहरूको सत्ता लोप भइसकेको थिएन ।

खश जातिको आगमन र नेपालमा जीवित अस्तित्व

नेपालको प्राचीन इतिहास लेख्ने साधन आजसम्म पुराना वंशावलि मात्र छन् । त्यसमा लेखिएका सबै कुरा प्रमाणमान्न सकिदैन भन्ने चर्चा पहिले नै गरियो । परन्तु यो लेखिने आधार जनश्रुति र केही लिखित परम्परा पनि हुनसक्छ । अनेक रोचक पौराणिक आख्यान जोडेर वंशावलीलाई पनि अविश्वसनीय बनाउनु समयको दोष हो । त्यो बेलाका मानिसहरू यस्तै कथा मनपराउँथे । त्यसमा केही कल्पना, केही सत्य–तथ्य, केही उल्टो–पाल्टो भने अवश्य छ । अन्वेषकहरूको प्रयासबाट सत्यको उद्घाटन हुँदै जाने छ ।

वंशावलीकारहरूले जे जस्तो कल्पना गरेका भए पनि मन्जुश्रीले स्वयंभुदेखि गुह्येश्वरीसम्म बस्ती बसाएको, स्वयंभु बुद्धको साथै गुह्येश्वरीको पनि दर्शन गरेको र त्यसपछि आउने क्रकुच्छन्द बुद्धले पनि स्वयंभु गुह्येश्वरी-दर्शन गर्न आएका ब्रह्मा, बिष्णु, महेश्वरको पनि दर्शन पाएको कथाले महायानको नेपालमा प्रवेश भएपछिको धर्म समन्वयको निम्ति गरिएको प्रयासलाई बुझाउँछ ।

मञ्जुश्री महाचीन फर्केर गएपछि यहाँको राज्य गर्ने राजा धर्माकर निःसन्तान मरेकोले क्रकुच्छन्द बुद्धका साथमा आउने धर्म पाललाई राजा बनाएको कथन छ । उनी मरेपछि उनका वंशका सुधन्वा राजा भएको र यी सीताको स्वयंवरमा जाँदा मरेकोले विदेहराज जनकका भाइ कुशध्वज यहाँ आई शासन गरेको र उनको वंशका केही पुस्ता बितेपछि खाली भएको राजगद्दीमा गौड देशका शक्तिदेवले नेपालको राज्य गरेको कुरा वंशावलीमा पाइन्छ ।[२] यो उपाख्यानमा भने कल्पनाबाहेक केही तथ्य छैन । किन्तु–राजा जनकसँग युद्धगर्ने सुधन्वा मरेकोले भाइ पठाएर जनकले संकाश्यको राजा बनाएको कथा एवं सीता स्वयंवरपछि विवाहलाई खवर गरी ३ दिन

---

१. डा० काशीप्रसाद जायसवाल, इम्पेरियल हिष्टोरी अफ इन्डिया ।
२. नेपालको ऐतिहासिक रूपरेखा, पृ० ५६–६३ बालचन्द्र शर्मा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगाएर संकाश्यबाट जनकपुर पुगेको कथा वाल्मीकि रामायणमा उल्लेख छ । यो संकाश्य काठमाडौं पूर्वको शंखु हो अथवा सांखु हो अनुसन्धेय छ ।

यस वंशमा गुणकामदेव र तिनैका वंशमा सत्यकेतु राजा भए। त्यसपछि सिंहल देशबाट आउने व्यापारी सिंहलले राज्य गरे । उनी निःसन्तान मरेकोले सवानन्द राजा भएको वर्णन छ । विक्रमादित्य, राजा भोज, सुप्रभा, कान्ची-बाट आउने धर्मदत, ने-मुनि, दानासुर आदि सुनेका र कल्पना गरिएका कथाको तानाबानायुक्त वंशावलिको गथासोभित्र त्यति सत्यता नपाइए पनि एउटा कुराचाहिं के निश्चय गर्न सकिन्छ भने- यो उपत्यकामा शासनगर्ने र विभिन्न बुद्धसँग नेपाल आउनेहरूमा आर्य ब्राह्मण, क्षत्रिय एवं व्यापारी (वैश्य) नै थिए ।

वंशावलीकारले दानासुरले थुनेर पुनः जलमग्न पारेको नागह्रदलाई कृष्ण आई फोरेको र उसकी कन्या वरण गरेको कथा जोडेर नेपालमा अंशुवर्मा-भन्दा पूर्वका भूमगुप्त र पछिका जिष्णुगुप्त, विष्णुगुप्त आभीरहरूलाई कृष्ण-सँग आएको अहीरकुल देखाउन प्रयत्न गरिएको छ। कृष्ण, आभीर होइनन् र उनका संसर्गमा रहेका गोपाल (आभीरहरू) वैष्णव थिए । नेपालको गोपालवंश शैव थियो । यो भ्रमले पाँचौं-छैटौं शताब्दीमा शक्तिसम्पन्न देखि-एका गुप्तचर हुने आभीरहरूको अनुश्रुतिसँग मिलेर मल्लकालीन वंशावली-कारलाई कल्पनाको भरेङ चढाएको अनुमान हुन्छ र आभीरशब्दले महिषपाल-को कल्पना पनि जोड्न सजिलो भएको छ । ईसाभन्दा करीव ३ हजार वर्ष पहिले विश्वका धेरै भागमा अधिकांश घुमन्ते जिन्दगी विताउने जातिहरू थिए । शक, खश, मङ्गोल, किरांतहरू पनि पशुपालक जाति नै हुन् । गाई, भेंडा, बाख्राको चरन खोज्दै यत्रतत्र घुम्ने जातिहरू भएकोले त्यो युग नै गोठाले युग थियो । यो युगको अस्तित्व विश्वमा ईसाका धेरै शताब्दी वित्ता पनि बाँकी थियो । जापान, इन्डोचीन, वर्मा, आसाम हुँदै पूर्वतर्फबाट प्राचीन मङ्गोल मूलका किरांतहरू पश्चिमपट्टि आफ्ना पशुहरू चराउँदै बढेका थिए भने पश्चिम उत्तरबाट खश शाखाका आर्यहरूको ठूलो जमात पूर्वतर्फ बढेको थियो । जुन जाति सुदूर पूर्वसम्म पुगेको छ र खशिया जातिकै नाउँले चिनिन्छ। खशिया पाहाडमा यो जाति छदैछ ।

नेपाल उपत्यकामा पहिले प्रवेश गर्ने गोपाल भनिएको जाति पनि कश (खश) मूलको पशुचारक जाति थियो । यो जाति वैदिक देवी-देवता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को साथै शिवोपासक जाति भएकोले पशुपति (शिव) सँग इतिहास जोडिएको पाइन्छ र यो सत्यको नजीक पनि छ ।

गोपाल सर्दारकी 'ने' नाम गरेकी गाईले पुरिएका पशुपति नाथलाई सधैं दूध चढाउँथिन् । दूध दुहुन नपाएका सर्दार चियो बसे । उक्त गाईले त्यस ठाउँमा दूधको धारा चुहाउँथिन्, त्यो ठाउँ खन्दा पशुपतिको ज्योतिर्लिङ्ग प्रकट भयो । त्यसैको तेजले भस्म भएर सर्दार मरे । यसपछि तिनका छोरालाई राजा थापे । मातातीर्थको क्षेत्रमा बसेर भूरिमाद्य आदि आठ गोपालक राजाले राज्य गरेको कुरा वंशावलीमा लेखिएको छ । यो उपाख्यानमा बौद्ध र आर्य कथाकारको मत भिन्नता छैन ।

यो वंशका अन्तिम राजा अपुत्र नै मरेपछि दक्षिणबाट आउने दोस्रो आभीर वंशले राज्य गरेको इतिहास पाइन्छ र यीमध्येका राजा वरसिंहको प्राचीन मुद्रा पनि प्राप्त भएकोले विद्वान्हरूले वंशावलीको यस वर्णनलाई सत्यको नजीक मानेका छन् । वरसिंह, पर्सा—धनुषाको बीच आवाद भएका आभीर राजा हुन् भन्ने पनि अनुमान गरेको पाइन्छ । यो कति सत्य हो भन्न सकिदैन ।

वरसिंहको भनेर मानिएको तथा ब्रिटिस म्यूजियममा सुरक्षित तीन मुद्रामा एकापट्टि गाईको चिह्न र क्रमादित्य छ, अर्कापट्टि वीर (सिंह) अंकित भएको छ भनिन्छ ।[1] वरसिंह र भुवन सिंहसमेत तीन राजाले १११ वर्ष राज्य गरेको कुरा कर्कपैट्रिकले पाएको वंशावलिमा उल्लेख भएको छ । डा०काशीप्रसाद जायसबाटन वर सिंहलाई ईसा० पूर्व ७०० भन्दा अगाडि राख्न चाहँदैनन् । साथै कर्कपेट्रिकको, गोपाल (गुप्त) वंशको यो दोस्रो शाखालाई अर्कै जाति भनेर मान्नु पनि भूल हो भनिठान्छन् । उनको विचारमा एउटै जातिको दोस्रो शाखा हो भन्ने छ । वास्तवमा पछि आएका आभीर जाति भए, यिनीहरू शैव नभएर वैष्णव हुन्थे ।

यो गोपालहरूको दोस्रो वंशलाई महीष वा महिषपाल भन्ने उल्लेख गरी दोस्रो वंश महिषपाल (भैंसीपाला)गृहारहरूको थियो भन्ने पनि कतिपय इतिहासकारलाई वंशावलिको कल्पनाले गलत धारणा भएको छ । पछिल्लो कालमा अहीरहरू भैंसी पाल्न मन पराउथे तापनि प्राग्ऐतिहासिक कालमा यिनीहरू गोपाल मात्रै थिए । साथै त्यो वेलाको हिउँ–पर्ने ठण्डी मुलुक

---

१. डा. काशीप्रसाद जायसवाटन तथा नेपालका इतिहासकार प्रा. ढुण्डीराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा न भैंसीपालन नै संभव थियो, न भैंसीपाल्न थालेपछिका अहीरहरूले यहाँ राज्य गरेको नै इतिहास पाइन्छ । यसकारण महिषपालको राज्य थियो भने तराईक्षेत्रमा नै थियो भन्न उचित हुन्छ ।

अहीर (गुप्त) गोपाल को थिए ? भन्ने प्रश्नमा आभीरहरूलाई पनि आर्यमूलकै शाखा हो भनेर विद्वान्हरूले ठहराएका छन् । अहुर, कस्सी, हिती, काशि आदि जाति आर्यकै अर्को शाखाहो भन्ने कुरा प्रायः निश्चय भइसकेको छ ।

गुप्तवंशी अन्तिम राजा भुवनसिंहपछि नेपालमा २९ पुस्तासम्म किराँत जातिले शासन गरेको वर्णन वंशावलिमा पाइन्छ । डा० जायसवालले अशोकका समकालीन चौधौं किराँत राजा थुंकोलाई आधारमानेर काल विभाजन पनि गरेका छन् तर त्यो प्रयासचाहिं अरूको वंशावलिका कालगणनासँग मेल खाँदैन र सर्वमान्य हुन सकेन ।

नेपालको वंशावलिका पौराणिक कथा जस्तै किराँत शासनको अस्तित्वलाई प्रमाणित गर्ने वंशावलिवाहेकका साहित्यिक र पुरातात्त्विक सामग्री अझै पाउन सकिएको छैन । तथापि मनःशिला, चिराईतोको पर्याय किराँत शब्द भएकोले र चिराईतोको अर्को नाम 'नेपाल' भएकोले पनि किराँत जातिको नेपालभित्र अस्तित्व रहेको कुरा अमान्य हुने ठाउँ छैन ।[1] परन्तु, किराँतभन्दा प्राचीनतर जातिको (गोपाल) उल्लेख सबै वंशावलि र पुराण साहित्यमा पनि प्राप्त भएकोले त्यो जातिको बारेमा अझै विस्तृत अध्ययन प्रस्तुत गर्नु पर्ने भएको छ । मध्य एशिया र पश्चिम एशियामा ई. पू. ३००० वर्षतिर नै देखापरेको एउटा विशाल जाति छ, जो भारतमा पनि वैदिककाल पूर्व नै विद्यमान् थियो र यसलाई कश, कुश वा खश मानिन्छ

विश्वका अन्वेषक प्राचीन इतिहासकार र पुरातत्त्वविद्हरू अब निश्चित रूपमा एउटा निष्कर्षमा पुगेका छन्, त्यो हो, आर्यमूलको बलिष्ठ र यायावर जिन्दगीमा रमेको खश जाति । प्रो. मैक्समूलर त्यसपछिका अन्वेषक इतिहासविद्, भाषाशास्त्री र नृतत्त्व शास्त्रीहरूले विभिन्न पक्षमा अध्ययन

---

१. किराँतकोऽन्यो नैपालः सार्धतिक्तो ज्वरान्तिकः । किराँत सरिको रूक्षः शीतल स्तिक्तको लघुः । भाव प्रकाश निघण्टु । किराँतिः=जटामासी, दुर्गा, गङ्गा, कुहिनी नाम इतिमेदिनी कोषः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेर आर्यजातिकै शाखा यूरोपियन जाति हो भन्ने जुन निष्कर्ष निकालेका थिए, त्यो कुरा पछिपछिका पुरातात्त्विक र नृतत्त्व शास्त्रले खश जातिलाई दिएको छ ।

आर्यमूलका खश जाति

ऐतिहासिक सामग्रीको उपलब्धिले इतिहासविद्हरूको विचार परिवर्तन गरिदिएको छ । किन्तु-आर्यसाहित्य-पुराण इतिहासका कथालाई कतिपय विद्वान्ले काल्पनिक (माइथालजी) भन्ने संज्ञादिएका थिए । त्यसका कतिपय अंशहरूले इतिहासको डोरोलाई भने सत्यको नजीक पुग्न मद्दत गरेका छन् ।

हाम्रा सम्पूर्ण पुराणले सातौं वैवश्वतमनुका पालाको प्राणी-सृष्टिलाई काश्यपी सृष्टि (कश्यप ऋषिद्वारा भएको सृष्टि) भनेका छन् । देवता, मनुष्य, यक्षरक्षस, नाग, गन्धर्व, सौपर्ण, अप्सरा, शक वा खशलाई कश्यपका सन्तान भनेको पाइन्छ ।[१]

मध्य एशियामा काश्पियन सागर नामक प्राचीन एउटा भूमध्य सागरको अस्तित्व जीवन्त छ । यसैका किनारमा महर्षि काश्यपको आश्रम थियो । प्रसिद्ध प्रजापति दक्षका कन्याहरू यिनले विवाह गरेका थिए, जसबाट असुर, देव, दानव आदि मानिसका आदि पुर्खाहरूको जन्म भयो ।[२] यिनकी पत्नी अदिति (वेदमा परम सत्तारूप तेज तत्त्व मानिन्छिन्) तिनका सन्तान देवताहरू भए । यिनैका पुत्र सूर्यजस्तै तेजस्वी विवश्वान् भए ।[३] विवश्वान्का पुत्र वैवश्वत मनु र यम दुइटा थिए । वैवश्वत मनुबाटै मानव कुलको जन्म भयो । छोरापट्टिबाट सूर्यवंश र छोरी इलापट्टिबाट चन्द्रवंशको विस्तार भएको कथा पुराण र इतिहासमा पाइन्छ । सर्वप्राचीन ऋग्वेदमा सूर्य र चन्द्रवंशको उल्लेख नभए पनि मनु र तिनका सन्तति इक्ष्वाकुवंशी राजाहरू र चन्द्रवंशी पुरुरवा र उर्वशीको प्रेमकथा ऋग्वेदकै सामग्री हुन् । वेदका रचनामा हजारौं वर्ष लागेको भए पनि इतिहासको शिलशिला वेदमा सुलभ छैन तर

---

१. अदिति र्दिति र्दनु श्चैव अरिष्टा सुरसा खशाः
सुरभि विनता श्चैव ताम्रा क्रोधवसा इरा (ला) ।। हरिवंश १।३।५४–५५

२. खशांस्तु यक्षरक्षांसि मुनि रप्सरस स्तथा
अरिष्टा तु महासत्वा गन्धर्वा नमितौजसः । इत्यादि । हरिवंश ११८–११९ श्लो इरा वृक्ष लता वल्ली स्तृण जातिश्व सर्वशः । ऐ

३. मार्कण्डेय पु. । सूर्य नै नभएर सूर्य तुल्य भएको कथा मा. पु. मा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दैवेका सांकेतिक चरित्र नायकको कथालाई इतिहास पुराणले विस्तृत व्याख्या गरेको पाइन्छ । पौराणिक कथाका आधार ब्राह्मण ग्रन्थ हुन् । यी ग्रन्थलाई पनि श्रुति नै भनिन्छ । पौराणिक कथा सूत्रले वास्तविक इतिहासको अभावलाई पूरा गर्न नसके तापनि वर्तमान अवस्थामा पनि अस्तित्व भएको आर्य जाति र परंपरा एवं पुरातात्त्विक सामग्रीले विद्वान्हरूलाई एउटा निष्कर्षमा पुऱ्याइ-दिएको छ । यसबाट इतिहासको नयाँ पक्षको समुद्घाटन पनि भएको छ ।

मध्य एशियाका अनुसन्धाताहरूको प्रयत्नबाट आर्यमूलक 'शक' खश जातिको आवादी भएको कास्पियन सागरको पूर्व पश्चिम र पूर्व दक्षिणको उत्खननबाट ईसापूर्व २००० वर्षको इतिहासलाई प्रकाश पारेको छ भने मेसापोटामिया, वेविलोन (अक्काद) सुमेर, सुसा, असिरिया, लघुएसिको, बोधजकोई, भू-मध्य सागरको तटवर्ती क्रीट आदिको पुरातात्त्विक उत्खननबाट ईसापूर्व ४ हजार वर्षको इतिहास, धर्म, संस्कृति र जातीय अस्तित्वलाई उद्घाटन गरिदिएको छ जसमा अधिकांश आर्यमूलका खश जातिको भूमिका नै पाइन्छ । ऐतिहासिक खोजले यूरोपका निवासीहरूका पूर्वज र वैदिक भारतीय आर्यहरूका पुर्खाहरू एउटै छानामनिका हुन् भन्ने प्रो. मैक्स-मूलरको विचारलाई अघि बढाउँदै खशजातिको विस्मृत अस्तित्वलाई रोचक तवरले उपस्थित गरेको छ । अब वैदिक आर्य नै यूरोप पुगे भन्नु परेन ।

प्राग् ऐतिहासिक कालमा 'खश' जातिले एशिका, यूरोप र उत्तरी अफ्रिकाका प्रदेशमा विशाल साम्राज्य खडा गरेका थिए । उनीहरूको गति-विधिले प्रशान्त महासागरदेखि अन्ध महासागरसम्मका प्राचीन जातिहरूमा आतङ्क मच्चाइदिएका थिए । इतिहासकारहरूको विश्वास छ, आजभन्दा छ हजार वर्ष पूर्व नै खश जातिले कृषि, पशु–पालन युद्धकालमा कांस्य युगका हतियारहरूको उपयोग आदिमा दक्षता प्राप्त गरिसकेका थिए ।

आर्यहरूको वैदिक संस्कृतिलाई पाश्चात्य विद्वान्हरूले निर्धारण गरेको समयलाई नै मान्यता दिने हो भने उनीहरू यो बेलामा पाषाणयुगीन सभ्यताभित्रै थिए भन्नु पर्ने हुन्छ । किन्तु आर्य र खश जातिका प्राचीन देवता एकै भएकोले मूल एउटै हो भन्ने कुराचाहिं निश्चित छ ।

शक या खश जातिको बारेमा अनुसन्धान गर्नेहरूको उपर्युक्त विचारलाई पुरातात्त्विक सामग्रीले नै पुष्टि गरेको छ । रसियन पुराविद्हरू-को अन्वेषणको आधारमा राहुलले उल्लेख गरेका कतिपय कुराहरू यहाँ प्रस्तुत गर्नु उपयुक्त नै होला । मध्य एशियाको दून पूर्व, काश्पियन सागरभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तर, अराल समुद्र तथा सीरनदीको मध्य भागतक मसगित (महाशक) जातिको क्रीडाभूमि थियो ।

अराल समुद्रको निकट वंक्षुनदीको तल्लो उपत्यका र ख्वारेजमा पनि शक जाति नै फैलिएको थियो । योभन्दा दक्षिण काश्पियन सागरको तटवर्ती इलाकासम्म 'दहा' नामक घुमन्ते शक जाति पशुचारकको रूपमा वस्तथ्यो । जुन जातिले पछिल्लो कलमा पार्थ (पार्थियाका पल्हव जाति) भन्ने जातिको जन्म दियो ।[१]

मसगितक्षेत्रभन्दा पूर्व सीर नदीको उपरि-उपत्यकाको उत्तरी भाग तरिम नदी र इसिकुलसम्मको भूभागमा शकमोरा (प्राग् सइवङ) जाति निवास गर्थ्यो । अल्ताईमा प्राग् बुसुन जाति बस्थ्यो, जसबाट पछि बुसुन जाति पैदा भयो । योभन्दा पूर्व ह्वाङ–हो नदीको नजिक कानसुन प्रान्ततक यू-ची (कुषाण) जातिका पुर्खाहरू बस्तथे ।

तरिम उपत्यका (सिङ–कियांङ) भित्र शककै अर्को एक शाखा कश (खश) जाति बस्तथ्यो जुन जाति काराकुरम गिरिमाला पार गरेर गिलगित, काश्मीर क्षेत्रमा फैलिए । यिनै जातिहरू काश्मीरबाट हिमालयको दक्षिणी काखैकाख नेपालको पूर्वीक्षेत्रसम्म ढाक्न पुगे ।

मसगित या मसग (महाशक) जाति ठूलो संख्या भएको हुनाले महाशक भनिन योग्य थियो । दूनदेखि सिर-नदीसम्म र ख्वारेज्ममा फैलिएको भूभाग यही जातिले ढाकेको थियो ।[२]

मसगित जातिभन्दा पश्चिमीक्षेत्रमा सरमात (शक जातिकै शाखा) जाति बस्तथ्यो । यो जातिको तम्बु (छालाको पाल) घर वा डेरा हुन्थ्यो भनिन्छ । कांस्ययुगीन संस्कृति अथवा यित्तलयुगमा रहेको यो जातिको बन्चरो, पितलको तरबार, भाला बशिला, मुख्यहतियार थिए र धनुर्वाण पनि चलाउथे । विवाह अलग अलग भए पनि यौन स्वतन्त्रता थियो भनिन्छ । यी जातिका स्त्रीहरू पनि युद्धमा भागलिन्थे ।

उपर्युक्त शकमूलक जातिहरूको शाखा बिभाजन निम्नस्थ छ–

बु–सुन जाति····· शककै एक शाखा अल्ताई (स्वर्णभूमि) मा बस्तथे ।

कंग····· वर्तमान कज्जाकीस्तानका जातिका पुर्खा तथा शक

---

१. महापण्डित राहुल सांकृत्यायन–मध्यैशियाका इतिहास भाग, १ पृ. ७२ ।

२. ऐ. ऐ. पृ. ७३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जातिकै एक शाखा । बु–सुन जातिको पश्चिम उत्तर सीर-नदीको र अराल समुद्रको उत्तरमा कंगो जाति बस्तथे । महाभारतमा पनि कंगो जातिको उल्लेख पाइन्छ । ईसाको पाचौं छैटौं शतीसम्म पनि यो जाति बाँकी थियो र यस-पछि सुग्द र तुर्कमा मिल्यो । यिनको आदिस्थानलाई आज कंगो नै भन्दछन् ।

कंगोभन्दा पश्चिम दूनसम्म नै सरमात जाति फैलिएको थियो र यसैका वंशजहरू पछि अलान (अलिन ?) कहलाए । ऋग्वेदका मन्त्रमा अलिन जनजातिको नाम आएकोले यो जातिसँग ऋग्वैदिक आर्यहरू पनि परिचित थिए भन्न सकिन्छ ।

रसियन पुरातत्त्वविद् डा. बिनोदस्की भन्दछन्,–अलान नै अन्ति पनि हुन् । यस्तै स्कलाभ (शक लाभ) पनि पहिले एउटै नामधारी जाति थिए र यिनीहरूको रीति–रिवाज एकै थियो । भाषा पनि यौटै हो । रूप–रङ्ग, बोली–चाली, लम्बाई, चौडाई, एकै हो । अत्यन्त वर्वर (प्राचीन पैशाची प्राकृत) भाषा बोल्दथे । अग्ला हट्टा-कट्टा शरीर, कैलो केश, नीला आँखा एवं धुस्रे रङ्गको वर्ण हुन्थ्यो । महाशकजाति जस्तै कठोर जीवन यापन गर्दथे ।[१]

दस्की त्यसपछि भन्दछन्– सरमात तथा अन्ति जातिहरू कज्जाकबाट पश्चिम सर्दै ई. पू. दोस्रो शतीतिर दक्षिण रूसमा आए । उताबाट आउने जातिहरूमा यही(अलान) सरमात जाति बलियो थियो र दून-उपत्यका काकेशसलाई आफ्नो निवासस्थान बनायो । अलान≥अन्ति≥अस्सि≥अस्बाट अन, असु वा यासुको विकास क्रम हो । जसका वंशहरू आधुनिक ओस् सेती हो । पूर्वीस्लाव (आधुनिक रूसी) जातिको निर्माणमा उपर्युक्त जातिको ठूलो हात छ ।[२]

उत्तरा–पथ सिकि-याङ प्रान्तमा शुरूशुरूमा शक जाति नै बस्तथे । यू-चि (कुषाण) तुखार (तुषार) सइवङ, बु-सुन्, कङ्ग, अलान, सरमात, मसगित, कश, कुश, शक, नामधारी जातिहरू सबै शक नै हुन् । यी जाति रहेको मध्येशियाको क्षेत्रमा ई. पू. दोस्रो तेस्रो शतीतिर हूण (मंगाल)

---

१. मध्यैशियाको इतिहास भाग १ पृ. ७३ राहुल सांकृत्यायनको उद्धरणबाट ।
२. ऐ. ऐ. पृ. ७२–७३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फैलिए । अवार, जुजुन आदि तुर्कहरूले शक भूमिमा शासन गरे ।[१]

७६६ इसवीसम्म मध्यैशियाका अधिकांश भागमा तुर्कहरूको सत्ता रहँदा पनि तरिम-उपत्यकाचाहिँ शकवंशज तुषार जातिको अधीनमा विशाल भारतवर्षकै अङ्ग थियो भनिन्छ । यस बेलाका धेरै नै अभिलेखहरू 'तकला मकानका मरुभूमिको उत्खननमा प्राप्त भएका छन् । त्यहाँ तुषारी प्राकृत भाषा र भारतवर्षको ब्राह्मी लिपिको नै प्रधानता थियो । ईसापछिका शताब्दीहरूमा त्यहाँ बुद्धधर्मको प्रधानता रहेको थियो र त्यहाँका वासिन्दा सोग्दी (शक व्यापारी) वर्ग र अन्य व्यापारी वर्गमा नस्तोरी, ईसाई, जरस्थुत्री (पारसी धर्म) धर्मको पनि प्रचार थियो । सबै मिलेर बसेका विभिन्न धर्मका अनुयायीका क्षेत्रमा जब इस्लामी आक्रमण भयो, लाखौं करोडौं नरनारी मारिए र अनेकौं दास बनाइए । यस विभीषिकाबाट उम्कने बुद्धिष्ट र नेस्तोरी साधुहरू भागेर लद्दाख (पश्चिमी तिब्बतक्षेत्र) तिर शरण लिन पसे ।[२]

तरिम उपत्यका शकहरूबाट तुर्कहरूले खोसे । ६९२ ईसवीमा तुर्कबाट तिब्बतको हातमा शासन गयो । काशगर (खशगिरि) खोतन, अवसू-सम्मका आठ सहरहरू तिब्बतका अधीन भएका थिए भनिन्छ ।

वर्तमान पंजाब तथा सिन्धुक्षेत्रलाई वैदिक आर्यहरूले सप्तसिन्धु भनेजस्तै मध्यैशिया (वर्तमान दक्षिणरुस) भित्र पनि सप्तनद (सात नदीको क्षेत्र) थियो । त्यहाँ शक जाति नै आवाद थिए र शककै शाखा सोग्दी-जातिहरू कृषि, वाणिज्य व्यवसाय गर्दथे । यसलाई उत्तर पूर्वबाट आउने (मंगोल मूलका) तुर्क (तुरुष्क) जातिले हातलाएपछि धेरै कालसम्म उक्त क्षेत्र उनीहरूको अधीन रह्यो । सातौं शती (६२९ ई.) मा भारतवर्ष आउने चीनियाँ यात्री हुएन-शाङगले सप्तनद, चु-उपत्यकादेखि आमू नदीको उपत्यका-सम्म यौटै सोग्दी भाषा र लिपि थियो भन्ने उल्लेख गरेका छन् । हुएन-शाङ्गले त्यस ठाउँमा आउँदा बुद्धधर्मको प्रचुरता र ईसाई मानीधर्म (जरस्थुत्र धर्मकै एक शाखा) बढी प्रचलन भएको कुरा लेखेका छन् ।[३]

सप्तनद (पूर्वी दक्षिण मध्यैशिया) भन्दा पश्चिमपट्टिको भाग,

---

१. मध्यैशियाका इतिहास भाग, १ पृ. १३८ राहुल ।
२. मध्यैशियाका इतिहास राहुल ।
३. मध्यैशियाका इतिहास, पृ. ७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरापथ-मसागत, सरमात, कंग (शक परिवार) बसेको भूमिमा, जुनक्षेत्र-लाई हिजोआज कज्जाक (किपच) भनिन्छ, त्यो क्षेत्र हूणजातिको वंशज अवार, तुर्कको हातमा गएपछि विस्तार-विस्तार त्यहाँका आदिवासीहरू पनि तुर्कमा नै विलीन भए । यहाँबाट पनि पश्चिम फैलिएका हूण जातिहरू बुल्गार, खजार, अवार जाति कहलाए ।

पहिलो हूणलहर दन्युवको किनारसम्म चौथो शतीमा नै पुग्यो । यसले सरमात (शक) स्लाव, गाथ आदि शकमूलका जातिलाई काला सागरको क्षेत्रबाट उत्तरतिर भगायो । पछि हूणको एक शाखा 'अवार' हङ्गेरीसम्म पुग्यो । रोम आदि यूरोपीय क्षेत्रमा हूणको विग्बिगी रहेको इतिहास पाइन्छ । पछिल्लो कालमा (ई. पाँचौ शती) भारतवर्षमा पनि यो जातिले उत्पात मच्चायो । हूण तुर्कले धपाएका शकहरू दक्षिण पश्चिम झरेर इरान शकस्तान (पूर्वी इरान) भारतको पश्चिमी दक्षिणीक्षेत्रमा फैलन पुगेको कुरा इतिहासले बताउँछ ।[१]

रूपरङ्ग आकार प्रकारले उपर्युक्त खश वा शक जाति र भारतमा बस्ने आर्यजातिमा फरक छैन । नृतत्त्वशास्त्री, भाषाशास्त्रीहरू पनि यो तथ्यलाई स्वीकार गर्दछन् । भेद के भने- आर्य (सभ्य) र शक वा खशहरू आर्यहरूको दृष्टिमा असभ्य वा अनार्य भए । आर्य शब्द जातिवाचक पनि होइन । यसको अर्थ हुन्छ सभ्य र मान्य जाति । यो जातिले सङ्घर्षरत रहँदा पनि निर्वासित हुनु परेन । आफूभन्दा बलिया र ठूलो संख्यामा आइ-लाग्ने शत्रुहरूको सामना पनि गर्नु परेन । यसकारण यिनीहरूको चिन्तन मननले र एकै ठाउँमा शतीऔंसम्म बस्न पाएकोले पनि साहित्यिक र सामा-जिक विकास गर्न पायो । हातहाले जति ठाउँमा विजय लाभहुँदै गएकोले "क्रिण्वन्तो विश्वमार्यम्," (सबैलाई आर्य (सभ्य) बनाउ) भन्ने नारा चर्काएर विजित जातिलाई पनि आफ्ना कुरा दिएर केही-केही राम्रा कुरा उनी-हरूबाट पनि लिएर धार्मिक र सांस्कृतिक उदारता देखाएकोले विश्वजयीको रूपमा आफूलाई उभ्याउन सफल भयो । प्राचीन साहित्य भण्डारले आर्य-शाखा धनी छ । युद्ध, जय, पराजय र निर्वासनले आफ्नो साहित्यिक विकास गर्न नपाएको यायावर लडाका खश वा शक जाति वैदिक देवी, देवताकै

---

१. मध्यएशियाका इतिहास, पृ. ७२ राहुल तथा भारतका प्राचीन इतिहास, पृ. ३४८ तथा पृ. ४८४ डी. पी. एस. मनराल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुगामी भए पनि र एउटै मूलको भए पनि पछिसम्म पृथक् जातिको रूपमा गनियो ।

ऐतिहासिक अन्वेषण गर्दा आर्य, आर्यपुत्र, आर्यावर्त, ईरान (आर्यायण) आदि आर्यवाचक शब्दको गणना गर्न सकिन्छ भने–खश जातिलाई संझाउने काकेशश, काश्पियन, कज्गर, कज्जाक, कशगर हिन्दकुश, काश्मीर, कस्तवार रवश–बाहुन, कस्सौ, कस्साइट, कस्पोई आदि अगणित स्थानवाचक र जातिवाचक शब्दले खश जातिको संस्मरण गराउँछन् ।[१]

खशजातिको प्राचीनतम उल्लेख विक्रमपूर्व चौवीसौं शताब्दीको पुजुर शिशुनाक युगको अभिलेखमा पाइन्छ ।[२] बिक्रमको तीन हजार वर्षपूर्व-सम्म यो जातिको विशेषता रहेको देखिदैन । इतिहासकार स्ट्रैबोले यो जातिलाई कस्सेआई, कस्साइट, कस्सी नामले उल्लेख गरेका छन् । उनी भन्छन्–यो जातिको मूल निवासस्थान इरानको उत्तरमा रहेको कश्पियन सागरको तटवर्ती इलाका हो । कजवीन नगर र काश्पियन सागरसँग कस्सी जातिको सम्बन्ध छ । मेद जातिको क्षेत्रभन्दा पूर्व पर्ने हमदानको प्राचीन नाम 'अक्केसिया थियो जसलाई असिरियन जातिहरू करकस्सी (कस्सी नगर) भन्दथे । यस क्षेत्रमा 'टीन' पाइने हुँदा र यूनानी भाषामा टीनलाई कस्सपोई (कस्सी जातिको क्षेत्रमा प्राप्त) भन्दथे र यसैबाट जातिको नाम रह्यो ।[३]

इरानीपुरातत्त्वविद् हाना आफ्नो "कल्चर ऐण्ड कल्चररेस ओरिजेन्स" भन्ने पुस्तकमा उल्लेख गर्दछन्–खशजाति आर्यजातिभन्दा भिन्नै वर्णसंकर जाति थियो, जसको उत्पत्ति काकेशश प्रदेश, पश्चिमी एशिया एवं अरबमा फिजिएको 'मेलानकोई' जातिलाई दिनसकिन्छ । कस्सी जाति पर्वतीय जाति हो । कहिले कहिले मैदानमा झरेपनि आफ्नो प्रचारक्षेत्र भने मुख्य रूपले पुरानो आवादी भएको पर्वत मालालाई नै बनायो ।[४]

पूर्व पाषाण कालमा कस्सीजातिको एक शाखा काकेशिया अना-तोलियादेखि पश्चिम लागेर मध्य यूरोपमा पसेर बस्यो । यूरोपको इतिहासमा पहेंलो–गोरो, आयत–कपाल (एलोह्वाइट ब्रौड हेड्स) जातिको नामले

---

१. उत्तराखण्डका, इतिहास भाग १ पृ. १०६–शिवप्रसाद डवराल ।
२. घृश मैन–इरान, पृ. ६५ (उद्धरण उत्तराखण्डका इतिहास) ।
३. घृश मैन–इरान पृ.६५
४. हाना–पृ.३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसिद्ध भएको छ । नव–पाषाणकालीन यूरोपमा मृतकलाई जलाउने पितृको संकृनामा वृत्ताकार समाधि बनाउने यही जाति हो भन्ने र वृत्तकपाल, लघुकपाल, वर्गकपाल, अलपाइन, अनातोलियन, अर्मिनियम आदि नामले नृतत्त्ववेत्ता विद्वान्ले यो जातिको उल्लेख गरेका छन् ।[१]

यूरोपका देशमा हलचल पैदा गर्ने प्रसो–जर्मनजाति र स्लाभजातिलाई पनि कस्सी जातिकै सन्तान भनेर अब विद्वान्हरूले मानेका छन् । कस्सीकै अर्को शाखा एशिया माइनरमा तारसपर्वत मालाबाट सिरिया, फिलस्तिन हुँदै दक्षिण वढेर उत्तर अफ्रिकामा प्रवेश गऱ्यो तथा नीलनदीको ठूलो मोड नजीक 'बादीहल–फेह' तथा आबुहमीदको बीचमा विशाल 'कुश' साम्राज्यको स्थापना गरेको थियो ।[२]

यसै जातिको तेस्रो शाखा टर्की, इरान, इराकको मध्यवर्ती पर्वतीय प्रदेशमा रहेको करदूजीमा बस्न पुग्यो, जसलाई आज कुर्दजाति भनिन्छ र उक्त तीनै देशको निम्ति शिरपीडा बनेको छ ।[३]

हाना भन्छन्- उपर्युक्त पर्वतश्रृङ्खलाबाट अगाडि बढेको यो जातिको यौटा समूह नम-मा या हित्ति भाषामा सि-नम (मेडियाको देश) भनिन्थ्यो र पछि-पछि त्यसैलाई ए-लाम वा ए-इ लाम (उच्च प्रदेश) भनेको पाइन्छ, अथवा कुर्दुनिया भनिन्छ, त्यही यो कस्सी जातिको शाखा कुर्दनामले विख्यात छ ।

जाग्रौस पर्वतमालाबाट कस्सी जातिको यौटा समूह फारसका खाडी नजीक बस्न पुग्यो । जहाँ यो जाति सुमेर (बेबिलोन) मा करदा, कलदा, कशदा नामले अभिहित हुँदै गयो। यसैको नाउँबाट कालडिया वा चालडिया शब्द बनेको भनिन्छ ।[४]

कश वा खश जाति मध्यएशिया र पश्चिमएशिया एवं यूरोपको देशमा प्रवेश भएको बारेमा विद्वान्हरूले प्रस्तुत गरेका पुरातात्त्विक इतिहासको उल्लेख गरियो । ईसाभन्दा ४ हजार वर्ष पूर्वदेखि नै आफ्नो मूल थलोबाट यत्रतत्र छरिएर कृषिजीवी, आयुधजीवी, पशुचारक एवं

---

१. हाना–पृ.३५-,४१
२. हाना पृ.४२
३. ऐ ऐ पृ.४२
४. हाना–पृ. ४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मंजदूरको रूपमा फैलिदै गएको र अफ्रिकामा कुश साम्राज्य, वेविलोनमा कस्सी साम्राज्य, एशिया माइनरमा मितन्नी साम्राज्य, हित्ती साम्राज्य खडा गरेर पश्चिम एशियाका जातिलाई आतंकित गर्ने र यूरोपियन आदिवासीलाई बर्बरताले ध्वस्त पारेर साम्राज्य खडा गर्ने कस्सी जातिको विस्तार पूर्व-दक्षिणमा भएको इतिहासचाँहि प्रशस्त पुरातात्त्विक खोजको अभावमा निश्चय गर्न गाह्रो पर्दछ। तथापि आसाम, मनिपुर आदिमा पनि यो जाति पुगेको थियो। विशाल जातिको समूहले पशुचारक जिन्दगी बिताउन लागेको बेला पशुको निम्ति गौचर, खानाको निम्ति अन्न, फलफूल, कन्दमूल प्रशस्त पाउन सकिने ठाउँमा डेरा जमाउनु अथवा सुविधा खोज्दै यत्रतत्र भौतारिनु, हिन्दूकुश पर्वतमालादेखि सूदूर पूर्वी समुद्रसम्म छरिन पुग्नु, कुनै आश्चर्यको कुरा मानिदैन।

जन्मेबढेको ठाउँमा ऐतिहासिक अवशेष छाडे पनि छुट्टै कस्सी जातिको रूपमा यस जातिविशेषको अस्तित्व खोज्नुपर्दा काश्मीरदेखि आसाम-सम्मको हिमशैलका निम्नोन्नत काखमा नै घुम्नुपर्दछ। नेपालको पाहाडी भागमा यो जातिको अस्तित्व बाँचेकै छ।

खश जातिको पहिलो समूहको प्रसारको कालनिर्धारण गर्दा वि. पू. ४ सहस्राब्दीको पनि विद्वान्हरूले उल्लेख गरेका छन्।[१] नेपालमा गोपालको रूपमा पहिलो प्रवेश गर्ने पशुचारक जाति पनि खशजाति नै हो। गोपाल जाति र त्यसपछि मात्र किराँतहरू सत्तामा आएको कुरा नेपाली वंशावलीकारले उल्लेख गरेकोले वि. पू. ४ हजार वर्ष पूर्व नै खशहरू नेपालमा आएको चर्चा पहिले नै गरिसकिएको छ। यो समय प्राप्त अभिलेखात्मक साक्ष्य-ले प्रस्तुत गर्न संभव नभए पनि २४०० वर्ष ई. पू. को अभिलेखको प्राप्तिले उपर्युक्त खश जातिको विश्व विजयिनी शक्तिले गर्दा एशियाको ठूलो भू-भाग-लाई ढाकेका थिए भन्ने कुरालाई सावित गरेकोले यो कुरा अनुमान हुन्छ।

जाग्रौस पर्वतमालाबाट कस्सी आयुध-जीविहरू वेविलोनियाका धनी शहर, गाउँ, बजारहरूमा छापा मारेर लूटपाट गर्दथे।[२] सम्राट् हम्बुर-वीका छोराको प्राप्त अभिलेख (ई. पू. २३००–२१००) पढ्दा थाहा पाइन्छ

---

१. एशियाटिक रिसर्चेज जि. ६ पृ. ४५५ तथा उ. ख. इतिहास पृ. १०९ डवराल।

२. हाना-पृ.४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कि उनले कस्सी आयुधधारीको आक्रमणलाई विफल पारेर लखेटेका थिए । त्यसपछि लगभग डेढ-दुइसय वर्षसम्म यो पर्वतीय जाति कृषि मजदूरको रूपमा वेविलोनभित्र पसेर शान्तिपूर्वक बस्न थाल्यो । शहर र गाउँमा ठूलो संख्यामा कस्सी मजदूरको जमघट भएपछि विक्रम सं. पूर्व अठारौं शताब्दीतिर ठूलो दलवलका साथ आक्रमण गरी वेविलोनमा अधिकार जमायो। तथा ५७६ वर्षसम्म अर्थात् वि. पू. १६९६ देखि ११२० वि. पू. सम्म निरङ्कुश शासन गऱ्यो ।[1] यो कस्सी जातिले आफ्नो शासनकालमा पनि वरि-पङ्गिका जाति र वेविलोनवासी माथि पनि यस्तो आतङ्क जमायो कि कस्सी जाति नै साहस र वीरताको प्रतीक मानियो ।

वेविलोनबाट सत्ता हटेपछि पनि काकेशश तथा अनातोलिया प्रदेशमा चिरकालसम्म यो जातिको सत्ता जमिरह्यो । कव्व-कश, कप्पोडोशिया, केफाशिऊ आदि नामहरूले खशवाचक, कश, कुश, कव्व, कफ शब्दसँग घनिष्ठ सम्बन्ध देखाउँछन् । यो पठारमा बस्ने हित्ती जाति (हेत नाउँका-खश सर्दारका सन्तान) खत्ती, खेता, हित्ती, हित्तायत नाउँले इतिहास प्रसिद्ध छ ।[2] भनिन्छ कि यसै जातिको एक अर्को शाखा अतिप्राचीन कालमा पूर्वतिर बढ्दै गयो र ए-इ लाम तथा अ-इ-रान (वर्तमान इरानमा) पसेर अधिकार जमायो । तूरानमा यो जाति तूरानीहरूसँग मिलेर एकाकार भयो, तथा उच्चपर्वत (हिउँ पर्ने ठाउँ) मा बस्ने भएकोले यो जातिले तोख, तोखारी वा तुषारी जातिको नामले प्रसिद्धि पायो । यस्तै मध्यैशियाको कशगर (खश गिरी) कुचा (कुशा) कुस्तन आदि स्थानको नाउँ र त्यहाँका पर्वत, नदी नालाले पनि प्राचीन कश वा कुश (खश) जातिको संझना गराउँछ ।[3]

भारतमा आर्यजातिको विस्तार हुनुभन्दा अनेक शताब्दी पूर्वनै यो खश जाति हिन्दू-कुश पर्वतमालाको आसपासबाट तथा कशगर (खशगिरि) कुचा आदि ठाउँबाट अगाडि बढ्दै अफगानिस्तान, बलुच, काश्मीर, जालन्धर (हिमाञ्चल प्रदेश काँगडा) हुँदै नेपालको पर्वतीय भूभागमा फैलियो र यो पूर्वमा आसाम मणिपुर (पूर्वी समुद्रान्त) भागमा छरियो भनिन्छ । यस्तै भारतवर्षको समतल भूभाग तथा दक्षिण भारतको

---

१. घृशमैन-इरान पृ. ६५

२. हाना-पृ.४१

३. विफौड लेख । उद्धरण डवराल उ. ख. इ. पृ. १०९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पठारमा पनि ढाक्न पुग्यो भारतवर्षमा पहिलेदेखि निवास गर्ने निषाद जाति (प्राचीन निगृतो र आष्ट्रियन जातिको सम्मिश्रणले बनेको कोल-मुण्ड, निषाद) सँग सम्मिश्रण भएर अनेक वर्णसंकर जातिको जन्म भयो । भारतीय प्राचीन साहित्यमा यो जाति स्थानगत भेद, शाखा भेद आदिले तुषार, दरद, कश, कुश, खोसा, खोजा कुशन, खश आदि नाउँले प्रसिद्ध भएको पाइन्छ ।[१]

एडकिन्सनले आफ्नो हिमालयन गजेटियर भन्ने पुस्तकमा अशोकको पालामा वर्णन गरिएको यक्ष जातिलाई पनि खश जाति नै मानेका छन् । यक्ष>यकश>कश>खश भएको हुनुपर्छ भन्ने उनको विचार छ । यक्षको भाषागत विभेदले यकश, कश, खश, जख भएकोमा उनी विश्वास गर्दछन् । यदि यो तर्कमा सत्यता छ भने जख, जखनी, जखेर जखोली, जखमल आदि उत्तराञ्चलका अनगिन्ती ठाउँका नाउँले पनि खश जातिकै संझना गराउँछ ।[२]

महाभारतको द्रोणपर्व, उद्योगपर्व, तथा भीष्मपर्व आदिबाट थाहा पाइन्छ कि दुर्योधनको सहायतार्थ खश-सेना चारै दिशाबाट आएको थियो । पुराणमा प्राचीन अंश वाँकिरहेको भनेर मानिएको मार्कण्डेय पुराणमा आएको वर्णनअनुसार पर्वतीयक्षेत्र, दक्षिण, उत्तर, पूर्वमा मगधसम्म खश जातिको वसोवास थियो । हरिवंश पुराणअनुसार परशुरामको दिग्विजयको वेला खश क्षत्रियहरू भागेर मैदानबाट पर्वतीय जङ्गलमा लुक्न पुगे ।[३] एडकिन्सनको विचारमा आर्यहरू गगांको मैदानमा फिजिन थालेपछि खश जातिले हिमालय तथा विन्ध्याचलको बिरना क्षेत्रमा शरण लिनुपर्‍यो । विन्ध्य र विकानेरमा बस्ने खश जाति अब खोसा नाउँका-मुसलमान भएका छन् ।[४] खश जाति दरद-भाषा (पैशाची प्राकृत) बोल्दथे ।[५] ललितविस्तर ग्रन्थका-अनुसार खश लिपिको प्रसार दरदिस्तानदेखि सिन्धु नदीको शिर मानसरोवर घाटीसम्म नै थियो ।

---

१. हाना-पृ.४४

२. कुमाउँका इतिहास, वद्रीदत्त पाँडे-पृ.५३५ मा उद्धृत

३. मार्कण्डेय पुराण, अ.५४ हरिवंश अ.

४. एडकिन्सन – (हिमालियनगजेटियरको उद्धरण) वद्रीदत्त पाण्डे, कुमाउँका इतिहास, पृ. ५३७ ।

५. मोतीचन्द्र ओझा – स्टडिज, पृ. ७५–७६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दरदशब्द पनि भाषाको बोल्ने प्रकार (दाल दलेजस्तो अस्पष्ट) भएको कारणले नै नाम रहेको अनुमान हुन्छ र यो भाषाको प्रभाव पंजाबी, लहंदी भाषामा पाइन्छ। काश्मीरदेखि नेपालसम्मको भूभागमा बोलिने भाषामा अधिकांश पैशाची प्राकृतबाट उत्पन्न शब्दहरू पाइन्छन्। वर्तमान नेपाली भाषामा हिमाञ्चल, गढवाल, कुमाउँमा बोलिने भाषाबाट धेरै शब्दहरू त्यस्तै रूपमा र केही शब्द संस्कारित रूपमा आएका छन्।

काल्डवेल आफ्नो "तुलनात्मक व्याकरण र द्रविड भाषा" नामक पुस्तकमा उल्लेख गर्दछन् – उत्तर भारतका वर्तमान भाषाहरूमा यस्ता अनेक शब्दहरू छन्, जसको न संस्कृत, न कोल-मुण्ड तथा द्रविड भाषासँग नै सम्बन्ध जोड्न सकिन्छ। आर्यजातिको आगमनभन्दा धेरै पूर्व उत्तर भारतमा बस्ने सिथियन (शक) जाति-जो कोल-मुण्ड जातिभन्दा भिन्नै हो, बस्तथ्यो र यसैले द्रविड जातिलाई दक्षिण भगायो।[१]

काल्डवेल आदि धेरै पश्चिमी विद्वान् र उनीहरूको अनुसरण गर्ने भारतीय विद्वानहरू पनि उत्तर भारतमा द्रविड जाति भएको र खश वा आर्यहरूले दक्षिण भगाएको कल्पना गर्दछन्। एउटा विशालजाति समूहलाई ठूलो क्षेत्रबाट निर्मूल पारेर निर्वासित गर्नु संभव छैन। द्रविडभन्दा पहिले आउने जातिका वंशज कोल, मुण्ड निषादहरूको अस्तित्व उत्तर भारतमा बाँकि नै हुनु र द्रविडको अवशेष नहुनुले पनि द्रविडको ठूलो समूह पहिले-देखि नै दक्षिणमा थियो भन्ने अड्कल गर्न सकिन्छ। ब्राहुइ भाषाका फाटफुट द्रविड शब्द पाइनुले मात्र जातिको अस्तित्व मान्न सकिदैन। यस्तो शब्दको आगमनचाँहि व्यापारिक सम्पर्क केही व्यक्तिहरूको आवागमनबाट पनि अर्को भाषामा सजिलैसँग प्रवेश पाउन सक्छन् र पछि-पछि एक भएर मिल्न सक्छन्। एउटा भाषाको तत्त्व अर्को भाषामा पाइएको भरले मात्रै कुनै जाति त्यहाँ थियो भन्नु अथवा जातिको सम्मिश्रण भएको तर्क गर्नु निकै ठूलो गल्ती हुन्छ। नेपाली भाषामा आएका शब्द केलाएर हेर्‍यौं भने अंग्रेजी, फ्रेञ्च, पुर्तगाली, अरबी र फारसीका प्रशस्त शब्द पाइन्छन्। परन्तु ती भाषाभाषीले यहाँ न शासन नै गरे, न जाति सम्मिश्रण भएर वर्ण-संकर नै जन्मे। वास्तविक इतिहासको पत्ता नलगाई भाषामा पाइएका शब्दको भरमा इतिहास निर्माण गर्न खोजियो भने मूर्खताको नयाँ धरातलमा

---

१. काल्डवेल – कम्परेटिभ ग्रामर अफ द्राविडियन ल्याङ्गवेज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै इतिहासको जग लाग्दछ । भाषा शास्त्रले मात्रै जातिको मूलस्थान निर्णय गर्न सकिदैन ।

हानाको विचारअनुसार आर्यसभ्यताभन्दा पहिले आउने खश जातिले पूर्वको काशी, दक्षिणमा नर्मदासम्म फैलिएको कुरालाई पुरातत्त्व र नृतत्त्व शास्त्रीहरूको प्रयत्नले पुष्टि भएको छ ।[१]

यूरोपीय जातिहरूको सम्बन्धमा खोजी गर्ने 'कुन' भन्दछन्,-प्राचीन जर्मन जातिका प्राप्त गप्पर र पंजाब तथा पश्चिमोत्तर प्रदेशको पाहाडी भागमा बस्ने वर्तमानकालका मानिसहरूको खप्परसँग वैज्ञानिक आधारमा तुलनागरी हेर्दा यी धर्तीका सुदूर पूर्व पश्चिमका छेउमा बस्ने जातिहरू यौटै वंशका हुन् भन्ने कुरा सिद्ध भएको छ ।[२]

सदूधुर पश्चिममा काबुलको कटोर, कश्करको घाटीदेखि पश्चिमी नेपालको डोटी, कर्णाली प्रदेश, सल्यान बाग्लुङ आदि हिमालका तल्लो पर्वतीय भूभाग र उपत्यकाका वासिन्दा नब्बे प्रतिशत जनताहरू खसवंशज नै छन्, धर्मले हिन्दू बौद्ध र अन्य धर्मका अनुयायी भएका हुन सक्छन् ।[३]

हिन्दूकुश पर्वतमालाका तथा कनानका ढलान र घाटीमा बस्ने शिनाकी, चिलासी, कस्तुरी, हुँजा नागर, चित्राली, काफिर[४] जाति र सिन्ध

---

१. हाना - पृ. ४४ ।

२. Unpublished Series of living peoples from the mountainous regions of the Northern Panjab and North West Prontier Province which will be published by Dr. Gordon T, Bowles, Confirm closely to the Metrical and Morphological Specificalions of this tyPe. Further more it is very similar both Matrically and Morphologically to the early Germanic cranial uroup, and this virtual identity draws together the two geographically extremes of an originally United family: कुन पृ. २०१

३. एडकिन्सन जि. २ पृ. ४४०-४१ ।

४. लिटनर भा. २ पृ. ४५–४८ तथा उत्तराखण्डका इतिहास, भा, पृ. ११४ डबराल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र स्वात नदीका मध्यवर्तीक्षेत्र कोहिस्तानका निवासी कशकर [१], कुनारको घाटी तथा बाजौर र दीरका निवासीहरू जो आज पनि कशकर (खश) र दारदुई (दरद भाषा) बोली बोल्दछन्, खश जातिका सन्तान हुन् ।[२]

काफिरीस्तानका काफिर, दरवाज र त्यसको सन्निकट पर्वतका पशुचारक जाति गालचा [३], काश्मीरका काशू [४], जम्बू-कागडाका डोगरा, नूनको पहाडका फेदीतिर बस्ने कुक्कुर, खोहकर, खोकर [५] आदि पनि त्यही विशाल खश जातिकै सन्तति हुन् । विभिन्न अन्यजातिसँगको सम्मिश्रणले कालान्तरमा स्थानीय विशेषताले भिन्नता दर्शाउँछन् ।

यस्तै काँगडा [६], कुल्लू [७], सुराज, मण्डी [८], सुकेत [९], चम्बा, हिमाञ्चल प्रदेश [१०] मा बस्ने कनेत, कुनैत (प्राचीन कुणि(लि) न्द) जातिकै वंशज हुन् ।[११] आज यिनीहरू खशिया र रावमा बाँडिएका छन् । हिमालय र कांगडाका खश राजपुत, ठाकुर र राठी दुईवर्गमा विभाजित छन् [१२], त्यही क्षेत्रका खश ब्राह्मण धडेवार र शासनी वर्गमा , जौनसार, जौनपुरका खश ठाकुर ब्राह्मण र राजपूत वर्गमा , उत्तराखण्डका पठार प्रदेशवासीहरू राठी र पविला वर्गमा, नेपालका खश क्षत्रिय वर्गमा, ब्राह्मणहरू ठाकुर र उपाध्याय वर्गमा बाँडिएका छन् ।

उपर्युक्त कथन विभिन्न विद्वान् तथा स्थानीय प्रशासक भएर काम

---

१. एडकिन्सन भा १ पृ. ३५
२ ऐ पृ. ३५
३. एडकिन्सन भा १ पृ. ३६
४. सभापर्व ५२।१३।१७ तथा ग्रियर्सन जि. १ खण्ड १ पृ. १०९ ।
५. कांगडा गजेटिया पृ. १६७–६८ ।
६. मण्डी गजेटियर पृ. २८
७. सुकेत गजेटियर पृ. २० पंजाव ययनोग्राफी पृ २९० तथा सेन्सस रिपोर्ट १८८१
८. कनिङ्घम जि १४ पृ. १२९ ।
९. कागडा गजेटियर पृ. १६७–६८ ।
१०. वद्याल गजेटियर पृ. ४–५ ।
११. मजुमदार रूरल, प्रोफाइल्स पृ. ३३
१२. शिवप्रसाद उवराल उ. ख. इ. ११४–११५ पृ. ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने अंग्रेज विद्वान्हरूले प्रस्तुत गरेका गजेटियर, सेंसस रिपोर्ट, मुद्राशास्त्र, जातीय अध्ययनमा प्रस्तुत गरेका रिपोर्टहरूको आधारमा उत्तराखण्डका इतिहासकार डा० शिवप्रसाद डवरालजीले उल्लेख गरेका छन् । लेखकका उद्धरण र समीक्षात्मक विचारमा नेपालका जातिहरूको विश्लेषण केही मान्य र केही अमान्य पनि छन् । जसको विवेचना यसै सन्दर्भमा प्रस्तुत गरिने छ । साथै जातीय अध्ययन प्रस्तुत गर्ने विदेशी विद्वान्हरूको अन्य अध्ययन पनि यहाँ उल्लेख गरिनु कतिपय दृष्टिले आवश्यक देखिएकोले यहाँ त्यो विषयकै उल्लेख गरिन्छ । कुन भन्छन् – साइथ जातिको उल्लेख वि. पू. ७०० तिरको पाइन्छ । यो कालासागरभन्दा उत्तरतर्फ थियो । योभन्दा पूर्व सरमात र त्यसभन्दा पूर्व शक जाति थियो ।[१]

सिथियन जाति (शक, खश) को प्राचीन चित्र र इरानमा पाइएको शक जातिको चित्रमा पूर्ण समानता पाइएकोले शक र सिथियन जाति यौटै हो भनेर मानिएको छ ।[२] यस जातिको रङ्ग गोरो र सुन्दर चेहरा थियो तथा मङ्गोल जातिभन्दा विल्कुलै भिन्न थियो ।[३] वाक्ला दाह्री, लामा केश, डोलोलामू नाक, उठेको आँखिभौं, गहिरा आँखा भएको खश जातिले पूरा बाहुला भएको जाकेट (कुर्ता) र जाँघ फुकेको र गोडाको मोहता सानो भएको सुरूवाल (वर्तमान पंजावीको सलवार) तथा शिरमा टुप्पो तीखो भएको टोपी लगाउँथे ।[४] घोडचढी पशुचारक यो जातिलाई लडाका र आयुधजीवी पनि मानिन्छ । खड्ग सँधै बाँधिराखेका हुन्थे । छालाको जुत्ता लगाउँथे र घुंडासम्म आउने छालाको पट्टि पिड्युलामा बाँधेका हुन्थे । सलबारको मोहता जुत्ता(बूढ) र त्यसमाथिको छालाको फिता भिन्न घुसारेको हुन्थ्यो ।

भारतीय प्राचीन इतिहासविद्हरू वि. पू. पहिलो शताब्दीतिर वाल्हीकबाट शकहरू शाक (शक) द्वीप (पूर्वी इरान) मा बसेको उल्लेख गर्दछन् । यहींबाट शकजातिको तक्षशिला,मथुरा उज्जयिनीमा, विस्तार भएको मानिन्छ ।

---

१. कुन – पृ. १९६ ।
२. ऐ पृ ९७ ।
३. ऐ पृ. १९८–१९९ ।
४. कुन – पृ. १९८ को चित्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परन्तु वि० पू० पाचौं शतीदेखि आठौं शतीसम्मका बीचमा जन्मेका मानिने पाणिनिले आफ्नो अष्टाध्यायीमा शक जातिको उल्लेख गरेकाले पाँचौं शतीभन्दा पनि अगाडि भारतीय आर्यहरूको परिचयमा शकहरू आइसकेका थिए भन्ने थाहा पाइन्छ । यी पाणिनिकालीन शकहरू यू-ची (कुषाण) हरूले मध्यएशिया, खोतन, बलखबाट धपाएका शकहरू भन्न मिल्दैन । आर्यभन्दा पहिले नै उत्तर भारतका काशी, कोशल, कुशस्थलीमा आवाद भएका र वर्तमान नेपालको भूभागमा छरिंदै कामरूप, आसाम, खशियापाहाडसम्म पुगेको शक जातिलाई नै शायद पाणिनिले उल्लेख गरेका हुन् । यिनै खश वा शक जातिका विभिन्न शाखाले उत्तरीय क्षेत्रका काश्मीर, जालन्धर र नेपालका निम्नोन्नत पर्वतमालाका उपत्यकाहरू ढाकेका थिए भन्ने प्रमाण संस्कृत साहित्यका पुरातन ग्रन्थहरूबाट जान्न पाइन्छ ।

इतिहासविद्हरू पूर्वी भारतका काशी, कुशस्थली, कुशीनगर आदि ठाउँहरू खश, कश, कुश जातिसँग सम्बन्ध रहेको हुनुपर्छ भन्दछन् । झल्ल, मल्ल, खश आदि जातिलाई मनुस्मृतिकारले ब्रात्य क्षत्रिय भनेका र कुशीनाराका मल्ल जातिको उल्लेख पाली साहित्यमा पाइने हुँदा मल्ल जातिहरू पनि कश (कुश वंशी) नै थिए भन्नु पर्ने भएको छ । भारतको दक्षिण पठार नर्मदानदीको घाटीमा नवादा टोलीको उत्खनन हुँदा प्राप्त भएका पुरातात्त्विक अवशेषको अध्ययनले पनि खश जातिको प्राचीन अस्तित्व रहेको पाइन्छ ।[१]

महाभारत वनपर्वमा राजा युधिष्ठिरको तीर्थ यात्रा प्रसङ्गमा राजा सुबाहुको राज्यमा पुगेको वर्णन पाइन्छ । यो गङ्गा यमुनाको बीचभाग पाहाडी प्रदेश हो भन्ने अनुमान हुन्छ ।[२] सुबाहुका राज्यमा मोटा बलिया तुषार, दरद जातिभएको वर्णन छ ।[३] वायुपुराण र ब्रह्मपुराणमा सूर्यवंशी राजा सगरले हैहयवंशीहरूको सहायकको रूपमा आएका शक जातिलाई समाप्त गर्न खोज्दा वसिष्ठले बचाएको र शक आदि जातिलाई जातिच्युत गरेर ब्रात्य बनाएको वर्णन छ । यसबाट पनि शक, खश ब्रात्य क्षत्रिय हुन् भन्ने कुरा थाहा हुन्छ । काश्पियन सागरको तटमा बस्ने कश्यप ऋषिका ११

१. मोतीचन्द्रको पत्र । उत्तराखण्ड यात्रा दर्शनमा सम्मति डा० डवराल।

२. महाभारत वनपर्व अ० १४०

३. पीनां स्तुषरान्दरदांश्च सर्वान् ऐ १७७।११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पत्नी थिए । यी एघारको नाउँ उल्लेख गर्दा कर्य्यौं पुराणले एघार पत्नीमध्ये खशा नामकी पत्नीको पनि चर्चा गर्छन् र यिनको कोखबाट यक्ष, रक्षस गणको उत्पत्ति मानिन्छ ।[1] यो पौराणिक आख्यानबाट पनि यक्ष, राक्षस जाति खश शाखा भित्रैको हो भन्ने प्रमाणित हुन्छ ।

यस्तै मनुका पुत्रहरूको गणना गर्दा हरिवंशमा - इक्ष्वाकु, नाभाग, धृष्णु, शर्याति, नरिष्यन्त, प्रांशु, नाभागरिष्ट, करूष, पृषध्र नौ भाइको उल्लेख गरेको पाइन्छ ।[2]

यी नौ भाइमध्ये नरिष्यन्तका छोरा शक जाति भए भनिएको छ । कश्यपप्रजापति बसेको लोकलाई पौराणिक ग्रन्थमा जनलोक भनिएको छ । महाकवि कालिदासले 'शाकुन्तल नाटक'मा स्वर्गबाट पृथ्वी लोकमा आउँदा जनलोकवासी कश्यपको आश्रममा पुगेको र कश्यप ऋषिको दर्शन गर्न जाँदा त्यागिएकी पत्नी शकुन्तलाबाट जन्मेका पुत्र भरतको परिचय पाएर पत्नी-सहित पुत्रलाई साथ लिएर फर्केको वर्णन गरेका छन् । जनजाति (आदिम आर्य जाति) को लोक, काश्पियन सागरको तटवर्ती इलाका नै हो भन्ने कुरा प्राचीन आर्यहरूलाई ज्ञात थियो । जुनकुरा इतिहासका अन्वेषक र पुरातत्त्व वेत्ताहरूले पनि प्रमाणित गरिदिएका छन् भन्ने पुरातत्त्व विद्हरूको तर्क छ ।

जातिको परिगणन गर्दा शक र खशको मूल यौटै भए पनि छुट्टा छुट्टै उल्लेख भएको पाइन्छ ।[3] शक जातिको विशाल समूह, मध्यैशियामा नै भएको वेलामा खश जातिले भारत प्रवेश गरेको थियो । यसकारण

---

१. अदितिर्दिति र्दनुश्चैव अरिष्टा सुरसा खशाः । सुरभि विनताश्चैव ताम्राक्रोधवशा इ(ला) रा ।। हरिवंश अ० ३।५४–५५ ।
खशातु यक्ष रक्षांसि मुनिरप्सरसस्तथा । अरिष्टास्तु महासत्वा गन्धर्वा नमितौजसः । ऐ ११८–११९ ।

२. इक्ष्वाकुश्चैव नाभागोष्टष्णु : शर्याति रे व च । नरिष्यन्तं तथा प्रांशु नाभागरिष्ट सप्तमाः। करूषश्च पृषध्रश्च नवैते भरतर्षभ ।। अ. १०।२ हरिवंश । नरिष्यतः शका पुत्रा नाभागस्य तु भारत ११।२८ हरिवंशः।

३. शका यवन काम्बोजाः पारदाश्च विशांपते । कोलिसर्पा, समहिषा दार्वाश्चोलासकेरलाः ।। खशांस्तु पारा श्चोलांश्च मद्रा किष्किन्धकां स्तथा । कौन्तलांश्च तथा वङ्गान् साल्वान् कौकणकांस्तथा । हरिवंश अ. १४।१९–२० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शकद्वीपमा शक जातिको अस्तित्व छँदै काश्मीर जालन्धर, कांगडा, गढवाल आदि पाहाडी प्रदेश र उत्तर भारतका समतल मैदान हुँदै विन्ध्याचल र पूर्वी भारतमा पनि यो जातिको विस्तार भैसकेको कुरा प्रमाणित हुन्छ। महाभारत-को युद्धमा दुर्योधनको सहायतार्थ चारै दिशाबाट खश सेनाहरू आएका थिए।

प्राग् ऐतिहासिक कालका खश जातिको अनुसन्धान गर्ने विद्वान्-हरूको विचारमा शक या खश जाति अश्वपालक र पशुचारक जाति थियो भन्ने छ। यो जाति आदिकालमा मिश्रका निवासीहरूको जस्तै मृतकको समाधिमा उनीहरूको प्यारो वस्तु राखिदिने गर्दथ्यो। यस्ता समाधिहरू लद्दाख, लाहुल, चम्बा, बनौर, लिप्पा, स्यूभन्दा पनि अगाडि तिब्बतका सीमान्त गाउँ नमग्या, मलारीसम्म र मध्य तिब्बतको क्षेत्रमा पनि प्राप्त भएका छन्। यी प्राप्त समाधिहरूमा शक समाधिकै जसो विशेषता प्राप्त छन्।[1] असुर सभ्यतामा स्थल समाधि दिने र खाने पिउने वस्तु तथा प्रयोग गरेका वस्तु पनि चिहानमा राखिन्थे भन्ने कुरा छान्दोग्य उपनिषद्बाट पनि थाहा हुन्छ।[2]

शक र खश भनिएका दुवै जाति पशुचारक थिए। रूप, रङ्ग, आकार-प्रकारले अभिन्न देखिने हुनाले प्राचीन साहित्यमा शक र खशको त्यति भेद गरेको पाइदैन। खश जाति विद्वान्हरूको विचारमा आर्यहरूको विस्तार हुनुभन्दा अगाडि नै काश्मीरदेखि नेपालसम्मका सारा मध्यहिमालयको काख खशदेश बनिसकेकोले पछि पछि यहाँ आउने कश वा शक जाति खश-सागरमा विलीन भयो। रूप रङ्ग र जातिगत धर्म, संस्कृति स्वभावले पनि अभिन्न देखिने हुँदा आज शक र खशको विभेद गर्न सकिदैन। यिनीहरू लडाका र भौतिक उन्नतिमा लागेकाले नै असुर सभ्यताको पोषक भनिए। असुर शब्द वेदमा बलिष्ट–वाचक छ।

प्राचीन कशजाति अन्य पश्चिमैशियामा फैलिएका पशुचारक जातिले जस्तै सूरियस (सूर्य) मरुतस (वैदिक मरुत्) बुरियस (यूनानी बोरिज) नासत्यौ (वैदिक अश्विनिकुमार) आदि देवताको उपासना गर्दथे। यो जातिको देवचिह्न (गणचिह्न) अश्व थियो। पश्चिम–एशियामा पहिलो

---

१. राहुल, मध्यैशियाको इतिहास, भाग १, पृ. ७० तथा ७५।

२. असुराणां हयेषोपनिषद् प्रेतस्य शरीरं भिक्षया वसनेनालङ्कारेणेति संस्कुर्वन्त्येनेन हषमुंलोकं जेष्यन्तो मन्यन्ते। छान्दोग्य ८।५ तथा साध्वलङ्कृतौ सुवसनौ परिष्कृतौ इत्यादि ऐं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्वपालक जाति यही थियो । घोडा चढेका फौजले आक्रमण गरी युद्ध गर्दा यो जातिले । सर्वत्र विजय गरी साम्राज्य कायम गर्न सकेकोमा विश्वास गरिन्छ ।[१]

यस खश जातिको इष्टदेवता कश्शू थिए । जसलाई मुख्य देवताको रूपमा मानिन्थ्यो । विश्वका विभिन्न देशमा फिजिएको बेलामा यस जातिले कैयन नयाँ देवता ग्रहण गऱ्यो पुराना देव-देवता पूज्न छाड्यो । परन्तु आफ्नो इष्ट देवता कश्शूलाई पूजा गर्न भने छाडेन ।[२]

काश्मीरदेखि जौनसारसम्म महाशूको नामले चम्बा, काङ्गडा, गद्दी आदि ठाउँमा मणिमहेशको नाउँले, अन्यत्र महेश्वर वा महादेवको नामले आज पनि पूजा गर्दछन् । नेपाली संस्कृतिमा महारुद्र मुख्य गोष्ठ देवता हुन् र गोठ पूजामा यिनीपछि मात्र गैंडु, गैंया, गोसाईं ऐरा आदिको पूजा हुन्छ ।

यो कश वा खश जातिको इष्ट देवतावाचक 'शू' शब्दसँग अत्यन्त प्रेम भएको थाहा पाइन्छ । हिमालयका विभिन्न क्षेत्र गाउँ, ठाउँको साथमा कश, खश वा 'श' शब्द जोडिएका अनगिन्ती नाउँहरू प्राप्त छन्[३] भन्ने कुरा डा० डवराल उल्लेख गर्दछन् ।

इतिहासकार रैप्सन भन्दछन्-पश्चिम एशियामा प्रचलित मातृदेवीको उपासनामा खश जाति पनि सक्रिय भाग लिन्थ्यो । यो जाति शिमालीय देवी (हिमालयकी देवी) को उपासक थियो । यही शिमालय शब्दबाट इरानी भाषामा जिम बन्यो र आर्यभाषामा हिम र हिमालय शब्द बन्यो । खश जातिकै देवीशिमा जिमा हिमा बन्दै उमा बनिन् ।[४]

रैप्सनको यो विचार भाषाको तुलनात्मक अध्ययनको निम्ति महत्त्व राख्ने भए पनि शिमालयबाट हिमालयको परिचय पाउन आर्यहरूलाई आवश्यक थिएन । फेरि शको 'ह' उच्चारण इरानी हो, आर्यहरूको होइन । पाश्चात्य दृष्टिकोणमा विश्व-सभ्यताको सापेक्षमा आर्यसभ्यताको विकसित पक्षलाई हेरेर रैप्सनले उक्त विचार व्यक्त गरेका हुन् । परन्तु यहाँ विचार

---

१. घुशमैन पृ. ६५ ।

२. शिवप्रसाद डवराल, उत्तराखण्ड यात्रा दर्शन, भूमिका पृ. ६

३. शिवप्रसाद डवराल-उत्तरा खण्डका इतिहास, पृ. ११८ तथा राजेश्वरी-प्रसाद गढवाल अमलासू, उत्तरासू, कडासू, भयासू, मांगसू इत्यादि ।

४. रैप्सन-क्याम्ब्रिज हिष्ट्री अफ इन्डिया, पृ. ९५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नु पर्ने कुरा के छ भने–आर्य सभ्यतालाई पछिको माने पनि आर्य जातिको मूल नै नयाँ होइन न भाषाका शब्द नै अरूसँग ऋण लिनु पर्थ्यो । आर्यहरू पनि वेदकालभन्दा पूर्व पनि भाषा नै बोल्दथे, देवता मान्दथे र हिमालयबाट पनि अवश्य नै अपरिचित थिएनन् । इरानी भाषाबाट आर्यहरूले भाषा र शब्द ग्रहण गर्नु परेको भए जेन्दा अवेस्ताकै भाषिक रूप वेदको पनि हुनु पर्थ्यो । ऋग्वेद अवेस्ताभन्दा पछाडिको परिष्कृत रूप मान्न सकेमा रैप्सनको उक्तिलाई स्वीकार गर्न सकिने थियो । अवेस्ताभन्दा पछिको रचना ऋग्वेदलाई ठहराउन पाश्चात्य पण्डितहरू नै तयार छैनन् । यसकारण, शिमाबाट हिमाको कल्पना गर्नु सट्टा हिमाबाट इरानी उच्चारण जिमा बनेको अथवा हिमाको पर्याय जिमा बनेको मान्नु उपयुक्त देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय दुई

आर्य मूलका कश (खश) शक र आर्य (इरानी) शाखा

विभिन्न प्राचीन इतिहासकार, पुरातत्त्वविद्, तथा अनुसन्धाताहरू-को खोजपूर्ण विचार र साहित्यिक साक्ष्यको दिग्दर्शन गरियो ।

हिन्दूकुश पर्वतमालाको अगलबगल तथा काशगर (कशगिरि) मा बस्ने कुश, कश, खश शाखाको विशाल समूह पश्चिम एशियाका देशमा कस्सी जातिका नाउँले विस्तार हुन पुग्यो भने कुनै शाखा काराकोरम पर्वतमाला-लाई पारगर्दै काश्मीर, दरदिस्तान, कांगडा, कूल्लू हुँदै पूर्व दक्षिणमा फिजियो र खश कहलायो ।

यसकै पूर्व दक्षिण बढेको शाखा पश्चिमी तिब्बत लद्दाख क्षेत्र कैलाश मानसरोवरको क्षेत्र हुँदै मध्य तिब्बती क्षेत्रसम्म ढाक्न पुगेको कुरामा इतिहासविद्हरू विश्वास गर्दछन् । त्यस क्षेत्रमा पाइएका प्राचीन समाधिको अध्ययन गर्नेहरूले पनि खश समाधिको सादृश्य पाइनुले यस कुरालाई स्वीकार गरेका छन् । वैदिकधर्म पूर्णरूपले नमान्ने आर्यमूलकै शाखा असुर पनि हो । यो भौतिक उन्नतिमा आस्था राख्दथ्यो । सम्भवतः असुरशब्द खशकै पर्याय होस् ।

खश जातिकै नाउँबाट कश, मिहिर, कशमीर र काश्मीर नाउँ रहेको मान्न सकिन्छ र यो नाउँले त्यो क्षेत्र कहिलेदेखि प्रसिद्ध भयो भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निश्चय गर्न नसकिए तापनि पुराण र प्राचीन संस्कृत साहित्यमा काश्मीरको नाउँ पाइने भएकोले त्यस क्षेत्रमा खश जातिको अस्तित्व ऐतिहासिक कालमा नै भएको निश्चय हुन्छ। ऋग्वेदका मन्त्रहरूमा आर्य जातिको छिमेकीको रूपमा काशि जनजाति (गण) को नाउँ आएको छ। यो काशी नामधारी गण कश (खश) के थियो भन्न अब कुनै बाधा छैन।

पाँचौं शताब्दीका ज्योतिर्विद् बराहमिहिरले आफ्नो बृहत्संहिता भन्ने ग्रन्थमा कुलूत, तंगण, और काश्मीरवासीका साथ खशजातिको उल्लेख गरेका छन्।[1] ११ रौं शताब्दीका इतिहासकार कल्हणले राजतरङ्गिणी भन्ने ग्रन्थमा खशजाति कश्तबारदेखि वितस्ता घाटीसम्म फैलिएको र उनीहरूको स्वतन्त्र राज्य पनि ठाउँ ठाउँमा कायम भएको उल्लेख। गरेका छन्।[2] यस्तै नवौं शताब्दीका कवि राजशेखरले खश राजाले शर्मगुप्त (राम गुप्त) लाई पराजित गरी ध्रुवस्वामिनीको मांग गर्दा चन्द्रगुप्त विक्रमादित्यले स्त्री भेषमा गएर शकादित्यराजालाई मारी राम गुप्तकी पत्नी तथा आफ्नी भाउजू ध्रुव स्वामिनीको इज्जत बचाएको वर्णन गरेका छन्।[3] साथै यो खश राज्य कार्तिकेयपुर (कुमाउँ) थियो भन्ने पनि उनका पद्यबाटै थाहा पाइन्छ।

इतिहासकालदेखि दशौं शताब्दीसम्म खश नाउँले अभिहित जातिको काश्मीर आदि क्षेत्रमा आर्यसभ्यतामा विलयन भएपछि खशनाउँले परिचित हुन गर्वगर्ने राजा अशोकचल्ल वि. सं. १३४८ तिर जुम्लामा राज्य गर्दथे। धर्म र संस्कारले पछिल्लो युगमा खशहरू पूर्णरूपेण आर्यमा गणना हुन्थे।

नेपालको महाकाली, सेती र कर्णाली अञ्चलको भूभागमा बसोवास गर्ने जातिहरूमध्ये आफूलाई क्षत्री भन्ने आर्य धर्मावलम्बी जाति र हिमालयको दक्षिणी पानी ढलो उच्च शिखर प्रान्तमा बस्ने मतवाली क्षेत्रीहरूलाई आज पनि खश भनिन्छ। खश बाहुन, खशविनी (मालिकनी) खसम

---

१. वराहमिहिर बृहत्संहिता

२. कल्हण–राजतरङ्गिणी

३. दत्वा रूद्धगतिः खशाधिपतये देवीं ध्रुवस्वामिनीम्
यस्मात् खण्डितसाहसो निववृते श्रीशर्म गुप्तो नृपः।
तस्मिन्नेव हिमालये गुरुगुहा कोणक्वणत्किन्दरे
गीयन्ते तव कार्तिकेय नगरस्त्रीणां गणैः कीर्तयः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(मालिक लोग्ने) खास (शाख्य) आदि खश गणलाई सम्झाउने अनेकौं शब्द नेपाली भाषामा पाइन्छन् ।

कश (खश) कुषाण शाखाको ऐतिहासिक विशेषता

ऐतिहासिक तथ्यको विश्लेषण गर्दा कश वा खश गणको शाखा विभाजनमा यौटा विशेषता पाइन्छ । वेदमा वखानगरिएका इन्द्र, मरुत् अग्नि, वरुण आदि देवताहरू प्राचीन कालमा आर्यमूलक खश, शक आदि सबैका मान्य थिए । वेदमा तेजोमयरूप ईश्वरको कल्पना गर्दा त्रिस्थानी देवताको मान्यता पाउँछौं । स्वर्गका देवता सूर्य, अन्तरिक्षका देवता मरुत् र पृथ्वीका देवता अग्नि हुन् । आफूलाई मानववंशमा गणनागर्ने आर्यहरू पृथ्वीका देवता (सूर्य-रूप) अग्निको विशेष उपासना गर्दथे । इरानबासी आर्यहरू पनि अग्निपूजक नै हुन् र आज भारतवर्षमा पारसीको नाउँले प्रख्यात इरानीहरू अग्निपूजक नै छन् । शक वा कुषाण शाखा– कुशाग र शकहरू सूर्यको विशेष उपासना गर्दथे र शाक द्वीप (पूर्वी इरान) मा बस्ने मग ब्राह्मणहरू आफूलाई सूर्यको सन्तान नै मान्दछन् ।

भविष्य पुराणमा मग जातिका ब्राह्मणहरूलाई सूर्यका पूजारीको रूपमा भारतवर्षभित्र ल्याइएको वर्णन पाइन्छ । 'मग' शब्द शकजातिका ब्राह्मणलाई कहने शब्द हो । यस्तै क्षत्रियलाई मशक र वैश्यलाई मानस एवं शूद्रलाई मंदक भनिएको पाइन्छ । यसबाट शकगणमा पनि वर्णव्यवस्था थियो भन्ने थाहा हुन्छ । मग, मशकको यो वर्गीकरण महाभारतमा पनि छ ।[१]

ई. पू. पहिलोशताब्दीदेखि ईसाको तेस्रो शताब्दीसम्म भारतीय क्षेत्रमा सत्तासीन भएका कुषाण (यू-ची) जातिहरू पछिपछि विभिन्न धर्मा-वलम्बीको संसर्गले बौद्ध, माहेश्वर भएका देखिन्छन् तापनि गणका मुख्य देवता सूर्य नै थिए । उत्तर भारतीयक्षेत्रमा सूर्य मन्दिरको स्थापना, बूटधारी सूर्य मूर्तिको निर्माण, यिनै कुषाण जातिको आगमन पछि भयो । शकस्थानका

---

१. मङ्गाश्च मशका श्चैव मानसा मन्दगा स्तथा । महा भा. भीष्मपर्व ११।३६ तथा

तान् मगान् मम पूजार्थं शाकद्वीपादिहानय ।
आरूह्य गरुडं सांवं शीघ्रं गत्वा विचारयन् ।
भविष्य पुराण ब्रह्मपर्व– १३९।८२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक र कुषाणहरू सूर्य उपासक भएको नाताले खश समुदायभन्दा पछि छुट्टिएका भनेर मान्नु पर्ने हुन्छ ।

वैदिककालका रुद्र पशु र वनौषधीका देवता मानिन्छन् । यजुर्वेद-कालमा रुद्रको शिव, पशुपति, भव, रुद्र, मृड, गिरिश, शम्भु आदि नामले सम्पूर्ण प्राणीको अधिपतिको रूपमा मान्यता भएको पाइन्छ ।

शकजाति पशुचारक जाति भएकोले पशुका संरक्षक देवता पशुपति शिवको विशेष उपासना गर्दथे । पशुपति शिवको रूप सिन्धुघाटी सभ्यतामा पनि प्राप्त भएकोले शकजातिको इतिहाससँगै ई. पू. ४००० वर्षतिरमै शिवको विशेष मान्यता भएको ज्ञात हुन्छ ।

यजुर्वेदको मन्त्र (अ. १६।) द्वारा उत्तर पश्चिम दिशामा शिवको विशेष स्थान मानिएकोले शिव द्रविड जातिका आदिदेव होइनन् र व्रातपति, भूतपति आदि शिवको नाम यजुर्वेदमा आएकोले र यो जाति सिन्धुको किनारमा बस्तथ्यो भन्ने कुरा इतिहास विद्हरूले मानेकोले पनि आर्य सभ्यताको विस्तार हुनुभन्दा पहिले नै शिवको महात्म्य मानव समाजमा व्यापक थियो । शिव आर्येतर जातिमा अरब र यूनानी तथा मिश्रीहरूका देवता पनि होइनन् न सुमेर, क्रीट आदि सभ्यतामा शिव पाइन्छन् । यसकारण अनार्यदेव शिव भए पनि आर्य मूलकै शाखाका अनार्यका देवता शिव थिए । सिन्धु सभ्यतामा अस्तित्व भएका पशुपति महेश्वर शक, खशगणका देवता भएकाले आर्यमूलका जातिहरूकै इष्टदेवता शिव हुन् भन्ने कुरामा सन्देह रहँदैन । वैदिक आर्यले त्यति मान्यता नदिएको कुरा दक्षयज्ञले पुष्टि गर्दछ ।

कश वा खशका इष्टदेवता

कशगरमा आवादहुने खशको तेस्रो शाखा काराकोरम पर्वतमाला पार गरेर लद्दाखबाट पूर्वहुँदै कैलाश, मानसरोवरको घाटीमा (पश्चिमी तिब्बत) फैलियो र यहीं आफ्नो विचरण भूमि बनायो । हट्टाकट्टा, बलिष्ठ-शरीर भएका सुन्दर खशजाति नै प्राचीन कालमा यक्षराक्षस जाति भनिए र जसको अस्तित्व मानसरोवरकै नजीक कैलाशपर्वतको दक्षिणपट्टिको भूभाग अलका सहरमा भएको पौराणिक साहित्यबाट ज्ञात हुन्छ । सुवर्णको खानी भएको र पशुपति शिवको निवासस्थान कैलाशधामको महात्म्य आर्य साहित्यमा व्यापक छ ।

यो जातिले अन्तरिक्षका तेजोमय (विद्युत) देवता मरुत्को विशेष उपासना गर्थ्यो । हिमालयको उच्च भागमा आंधी बेहरीको प्रकोप भयावह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ र यस हावाबाट पीडित भएमा मानव जातिको मांशल शरीरका भागहरू सड्ने, गल्ने हुन्छन् । प्रचण्डवातको प्रकोपले पाल्तु पशुहरू पनि पीडित हुन्थे । यसकारण पनि शिवका सहचारीको रूपमा यस क्षेत्रका यायावर खशहरूले मरुत्देवतालाई आफ्नो कुलदेवता बनाए र एकादश रुद्रमा बाह्रौं भाइ हुन आएका मरुत् देवतालाई पनि सम्मिलित गरियो । ऋग्वेदमा मरुद्गण कहीं २१ छन् र कहीं सयको संख्या पनि पाइन्छ ।

हिमाली प्रान्तमा बस्ने कशजातिहरूले घाम, पानी, अग्निको पनि महत्त्व बुझेका थिए । परन्तु जोडदार हावा लाग्योभने पाल, तम्बू उडाएर घरबासबिहीन बनाइदिन्थ्यो र पशुहरूका साथै मानिसको पनि इहलीला समाप्त गरिदिन्थ्यो । मरुत् देवता उग्र भएको बेलामा अग्नि, सूर्य पनि रक्षा-गर्न सक्ने स्थितिमा हुँदैनथे । यसकारण मानसरोवरको क्षेत्रमा बस्ने आर्य-शाखाको इष्टदेव अथवा कुल देवताको रूपमा शिव–अंश भएका मरुत् देवताको विशेष महत्त्व रह्यो । शिवका अभिन्न रूप भए तापनि मरुत् वायुरूप थिए । जसको प्रताप थाहा हुन्थ्यो रूप थिएन ।

जसरी उत्तरभारतका पाहाडी प्रदेश पंजाब काश्मीर तथा सिन्धु प्रान्तमा आर्यशाखाभन्दा पछाडि आउने शक शाखा आफूलाई परम माहेश्वर भनाउन मन पराउँथ्यो, त्यस्तै कुषाणहरूले बुटजुत्ता लगाउने सूर्यमूर्तिको मानवाकार रूपमा मूर्ति बनाएर प्रस्तुत गरेका छन् । परन्तु– मानस खण्डमा पसेर आवाद हुने आर्यमूलको खश शाखाले शिवको महारुद्र रूप र मरुत्देवता-लाई आफ्नो इष्ट देवता बनाएको कुरा सांस्कृतिक अन्वेषणबाट जान-पाइन्छ ।

ऋग्वैदिककाल र त्योभन्दा अगाडिको समयमा अर्थात् जुनबेला आर्य शाखाको विभाजन भए पनि एकले अर्कोलाई अपरिचित मानिहाल्नु पर्ने स्थिति थिएन, त्यो बेला देवताको सर्वशक्तिसम्पन्न तेजोमय रूप नै मानिन्थ्यो । आवाहन गर्दा विभिन्नरूप कल्पना गरे तापनि पूजा, उपासनागर्दा मूर्ति नराखेर भावनात्मक रूपमा नै गरिन्थ्यो । प्रतिमा निर्माण र स्थापना गर्ने परम्परा सबैमा थिएन । तथापि आवाहन गरिने यौटा निश्चयात्मक ठाउँ र यज्ञको निम्ति वेदी बनाइए जस्तै देवताको निम्ति कुनै परिधि हुनु पनि आवश्यक थियो । यसको निम्ति गुफा, ओडार, ठूलो वृक्ष, अग्ला चुचुराको अनकन्टार ठाउँमा आवाहन गरिएमा त्यो ठाउँ सार्वजनिक घच्चाबाट बच्न सक्ने र सुरक्षित रहने भएकोले यस्तै दुर्गम ठाउँमा देवताको आवास हुने कल्पना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो । जुन परम्परा आजसम्म पनि मान्य नै छ । हिम शैलका दुर्गम घाटी, पहरा, सर्वदिन मानिसहरू पुग्न नसक्ने ठाउँ नै हजारौं वर्षदेखि देवताहरूको क्रीडाभूमि रहेको छ । वदरी, केदार, अमरनाथ, खेचरनाथ, दामोदरकुण्ड, मुक्तिक्षेत्र, गोसाइँकुण्ड, जटापोखरी, दूधपोखरी, मानसरोवर, कैलाश आदि विशिष्ट देवस्थलहरू दुर्गमक्षेत्रमा नै रहेका छन् । देव दर्शनको निम्ति लाखौं भक्तजनहरू यी ठाउँमा आज पनि जाँदै छन् ।

वैदिक र पौराणिक आर्यहरूले यक्ष र राक्षस गणको आदिभूमि भनेर मानिएको कैलाश मानसरोवर प्रदेशमा बस्ने जातिको रूप, रङ्ग, आकार-प्रकार भव्य र सुन्दर भएकोले देवयोनि विशेषमा पहिले नै गणना भए । यहाँ बस्ने आर्य मूलका खश शाखा, परिश्रमी, पृथुकाय र सुन्दर थिए भने सुवर्ण र विभिन्न मणि, रत्नको खानी भएको इलाकामा बस्ने भएकोले स्वर्गीय सुख-भोग गर्ने जातिको रूपमा आर्य साहित्यले बखान गरेका छन् । सुनखानी भएको ठाउँमा स्वर्गीय वैभव नहुनु पनि कसरी । प्राग्–ऐतिहासिक कालमा नै पश्चिम एशिया, यूरोप, पश्चिमी–तिब्बत आदि ठाउँमा विभिन्न गणमुख्यको नाउँले शाखा प्रशाखामा छरिएको यस जातिले अन्यत्र विभिन्न नाउँले परिचय दिने भए तापनि हिन्दुकुश पर्वतका अगलबगल र मानस खण्डको भूभागमा बस्नेहरू-ले आफ्नो कश वा खशभन्ने गणवाचक चिह्न–छाडेनन् । आज पनि यही नै नाम जीवन्त रूपमा पाइन्छ ।

सांस्कृतिक पृथक्ता

काश्मीर, जालन्धर (कांगडा) हिमाञ्चलप्रदेश र गढवाल, कुमाउँमा छरिएका खशजातिको बारेमा इतिहास, पुराण, प्राचीन काव्य–साहित्य तथा अन्यान्य ग्रन्थले पनि धेरै चर्चा गरेका छन् र यस कुरालाई प्रमाणित गर्ने मूद्रा, शिला पत्र, मूर्तिकला, एवं उत्खननबाट प्राप्त सामग्रीहरूले प्रशस्तै प्रकाश छरेका छन् र त्यस आधारमा प्राचीन ईतिहासका अन्वेषकहरूले थुप्रै पुस्तक पनि लेखेका छन् । भाषाको विकासक्रम, नृतत्त्वशास्त्रको विवेचना आदिले आर्य, शक, खश, कुषाण आदि भारतीय उपमहाद्वीपभित्र प्रवेश गर्ने जाति-लाई सामूहिक रूपमा यौटै मानेर इतिहास निर्माण भए पनि सांस्कृतिक र धार्मिक पक्षमा देखिने सूक्ष्म अन्तरालपट्टि आजसम्म कसैको ध्यान जान सकेको छैन । यो हो, कालीनदी यसपारको सांस्कृतिक भिन्नता जसले नेपाल-भित्रका समस्त खशमूलक आर्यजातिहरूलाई भारतीय सभ्यताबाट सूक्ष्मरूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलग्याएको छ। नेपालको पुरानो सीमा कहाँ थियो निश्चित छैन। किन्तु कुषाण,हूण र मुश्लिम आक्रमण नभएको देश यो हुनाले र गढवाल कार्तिकेयपुर-सम्म बेला बेलामा शक, कुषाण, हूण र मुसलमानको पनि आक्रमण भएकोले एवं त्यसमा नेपालको नाउँ नपाइएकोले महाकालीयता नै सीमा थियो भन्नु पर्छ।

महाकालीनदीको सीमारेखाको वारेमा अन्वेषण गर्दा यो महाभारतकाल, मौर्यकाल, गुप्तकालमा पनि नेपालको पश्चिमी सीमा–रेखाको रूप महाकाली नै थियो भन्ने ठाउँ छ। वनपर्वमा कर्णले दिग्विजय गर्दा हिमवान्क्षेत्र विजय गरेर नेपाल पस्तछन् र नेपालका राजाहरूलाई विजय गर्दै टिस्टापुगेर अङ्गदेशमा फर्कन्छन्।[१] हिमवान्क्षेत्र वदरी, केदार रहेको गढवालसम्मको क्षेत्रलाई भनेको पाइन्छ।

समुद्र गुप्तको स्तंभ लेखमा समतट, ड्वाक, कामरूप, नेपाल पछि कर्तृपुर कुमाउँको नाउँ आउँछ।[२] यो कर्तृपुर पाणिनिको अष्टाध्यायीमा पनि उल्लेख छ। कर्त्री, कर्तृपुर, कार्तिकेयपुर, कीर्तिपुर, कुर्माञ्चल हुँदै आज त्यो ठाउँ कुमाउँ हुन पुगेको छ भन्ने विद्वान्हरूको कथन छ। कालीको नाउँसँग जोडिएर आजभोलि काली कुमाउँ भनिएको पाइन्छ। कुनै विद्वान् कर्तृपुर पंजावको कर्तारपुर पनि हुन सक्तछ भन्दछन्। परन्तु यो स्वीकार गर्ने वित्तिकै विदेशी आक्रमण नेपालमा पनि भएको मान्नु पर्छ जसको प्रमाण पाइन्न। १८७२ को युद्धपछि सीमा निर्धारण गर्दा पनि एउटा गतिलो आधार लिइएको हुदो हो। त्यो बेला झन अन्वेषणको महत्त्वशाली युग थियो।

मध्य वैदिककालको कुरु-पञ्चालको पहिलो राजधानी अहिच्छमा

---

१. सहैमवती कान् जित्वा करं सर्वान् नदापयेत्।
नेपाल विषये यत्र राजा स्तानवाजयत्
अवतीर्य ततः शैलात् पूर्वा दिशमभिद्रुतः।
अंगान् बङ्गान् कलिङ्गाश्च शुण्डिकान् मिथिलानथ इत्यादि महाभारत वनपर्व अ. २५४ हुयनशाङ्गको ४००० लीले पनि महाकालीसम्म नै थियो भन्ने दर्शाउँछ।

२. समतटडवाक कामरूप नेपाल कर्त्रिपुर" गु. का. अभिख, डा. वासुदेव शरण उपाध्याय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो ।[1] यो पञ्चालदेश महाभारत कालभन्दा पहिले नै उत्तर र दक्षिण दुई भागमा विभक्त भएर दक्षिणको राजधानी काम्पिल्य बन्यो । जहाँ महाभारत-कालीन राजा द्रुपदले राज्य गर्दथे । यसको दक्षिणसीमा चम्बलघाटी थियो ।

उत्तर पञ्चालको राजधानी उत्तर वैदिककालमा नै अहिच्छत्रबाट कान्यकुब्जमा सरेको थाहा पाइन्छ । कन्याहरू वायुको प्रकोपले कूँजा भएका हुँदा राजधानीको नाउँ नै 'कान्यकुब्ज' रहेको कथा रामायणमा वर्णित छ ।[2] धार्मिक राजा र वैदिक विद्वान् ब्राह्मणको विशेष निवासले गर्दा कान्यकुब्ज-अति प्रसिद्ध छ ।

ई. पू. दोस्रो शतीका पतञ्जलिले आर्यावर्तको सीमाङ्कन गर्दा यमुनापारको देशलाई 'म्लेच्छ देश' भनेका छन् र प्रयागदेखि सीधा उत्तर विन्ध्य र हिमालयको बीचको भूभाग मनुस्मृतिअनुसार आर्यावर्त मानिन्छ ।[3] मनुले विन्ध्य र हिमालका बीचको भागलाई आर्यावर्त मान्नुको साथै प्रयागदेखि सीधा उत्तर हिमालयसम्मको भागलाई ब्रह्मर्षी देशमा गणना गरेका छन् ।[4] नेपालका प्राचीन वासिन्दा उपाध्याय ब्राह्मणहरूले आफूलाई कान्यकुब्ज[5] भन्ने गरेका र क्षत्रिय वर्गको वंशावली पनि बहुशः राजपूताना कन्नौज उज्जयनसँग सम्बन्धित पाइएकोले वर्तमान नेपालको कालीगण्डकी पारिको भाग पौराणिक कालमा उत्तर पञ्चालको अधीनमा रहेर यहाँ छुट्टै सामन्त हिन्दू राजाहरूले शासन गर्थे कि भन्ने कुरा अनुमान गर्न सकिन्छ । यसबाट वैदिक सभ्यताका सबै विषय वस्तुहरू पश्चिम नेपालमा मान्य थिए भन्ने पनि थाहा हुन्छ । साथै कान्यकुब्जका कर्मनिष्ठ ब्राह्मणहरू र नेपालका ब्राह्मणहरूमा शिक्षादीक्षा, ज्ञान-गुण, योग्यता, क्षमता आदिमा पनि भेद नभएको कुरा थाहा हुन्छ ।

---

१. आर. सी. मजुमदार

२. बाल्मीकि रामायण, बालकाण्ड ३२-३३ सर्ग ।

३. आसमुद्रान्तु वै पूर्वाद्रासमुद्रातु पश्चिमात् । तयो रेवान्त संगिर्योरार्यावर्तं बिदुर्बुधाः मनु. २।२२

४. हिमनद विन्ध्ययोर्मध्यं यत्प्राग्विनशना दपि । प्रत्यगेव प्रयागाच्च मध्यदेश प्रकीर्तितः । ऐ २।२१

५. कुरु क्षेत्रे च मत्स्याश्च पञ्चाला शूरसेनकाः । एष ब्रह्मर्षि देशो वै ब्रह्मा वर्तादनन्तरः । पञ्चालाः कान्यकुब्जदेशा इति कुलुक भट्ट टीकायाम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदविद्यामा निपुण आचार निष्ठ ब्राह्मणहरू भएको ठाउँमा अन्य संस्कारच्युत भएका जातिहरूको पनि संस्कार हुनु र लंड भीड गर्ने, प्रशासनमा कुशल आफ्नै मूलका खशजातिलाई क्षत्रिय जातिमा स्वीकार गर्नु नौलो कुरा थिएन। किनभने पशुचारक अवस्थाबाट स्थायी वसोबास र राज्य संचालन गर्ने अवस्थामा पुगेका खशजातिहरू विधर्मी थिएनन्। उनीहरू पनि वैदिक देवताहरू नै मान्दथे। नेपालका इतिहासकारहरूको नेपालमा आर्य जातिको प्रवेश बारेमा आजसम्म जुन भ्रमात्मक धारणा बाँचेको छ, त्यो सम्पूर्ण तथ्य होइन। भारतमा मुसलमानको आक्रमणपछि केही आर्य मूलका मानिसहरू भागेर यहाँ अवश्य नै पसे होलान्, परन्तु तिनीहरूको संख्या ज्यादै नगण्य छ। पुरानाका जस्तो कुलदेवता र गोष्ठ देवता पनि नयाँ आउनेका छैनन्। अतः स्पष्टै छुट्ट्याउन सकिन्छ।

नेपाली इतिहासकारहरूले लेख्ने आधार, विदेशी इतिहासकारहरूले समूहगत जातिको अध्ययन गरी लेखेका कुरा र नेपाली अनुश्रुति तथा भारतीय धर्म संस्कारसँग मेलखाने यहाँको पनि धर्म, संस्कार भएकोले मात्र अनुमान गरिएका कुराहरूलाई पर राखेर यहाँ चलेका परम्परा, स्थिति, रीति, धार्मिक मान्यताभित्रको निजी पृथक्ता कुलदेवता, इष्टदेवता, गोष्ठदेवता, दिवाली भनेर वैशाख पूर्णिमा अथवा मुंसीरे पूर्णिमामा बाहुन क्षेत्री, ठकुरीहरूले गरिने कुल देवताको पूजा, गोठको धूप (गोठ पूजा) कर्णाली अञ्चलमा हेरेको गाईगोठको महत्त्व आदि विषयलाई गहिरो गरी अनुशीलन र अध्ययन गऱ्यौं भने पृथक अस्तित्व स्पष्टै देखापर्दछ। महाकालीदेखि मेचीसम्म फैलिएका उपाध्याय ब्राह्मण, ठकुरी तथा अन्य क्षत्रिय वर्गका साथै अन्य वर्गका पनि कुल देवताको विशेष स्थान रहेको छ। कुलदेवताबाट कुन जाति वा वर्ग कहाँबाट आए भन्ने र पहिले कहाँ वसोबास गरे भन्ने कुराको लेखा जोखा समेत गरी सांस्कृतिक पक्षबाट नै नेपालमा अत्यधिक बासिन्दाहरूको इतिहास तयार गर्न सकिने कुरा पनि निश्चित छ। जुनसुकै जातिको पनि आफ्नो पुर्ख्यौली परम्परा र संस्कृति गौरवको विषय हो र यो लेखा–जोखाले हाम्रो सांस्कृतिक स्थिति कसैसँग फरक देखियो भने न दुःख मान्नु योग्य छ न पीर मानेर नै वस्तुस्थिति लुक्दछ। कसैसँग लगेर जोडिएको वंशचरित्रभन्दा स्वयं विकसित अस्तित्व नै गरिमा युक्त हुन्छ। जुन अस्तित्वले देश, जाति, स्वतंत्रता र पुरातन महत्ता प्रदर्शन गर्दछ।

यहाँ हामीले स्पष्ट बुझ्नु पर्ने कुरा के हो भने आफूलाई कान्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुब्ज भन्ने ब्राह्मणरू न सबै कन्नौजबाट नै आएका हुन् न क्षत्रियवर्ग सबै राजस्थानबाट नै आएका हुन् । मौर्य, गुप्त र हर्षका साम्राज्यमा यहाँका सामन्त राजाहरू पनि पर्न सक्छन् । गुप्त र हर्षको राजधानी कान्यकुब्ज भएकोले साम्राज्यभरिका प्रजावर्ग कान्यकुब्जी कहलाए ।

उत्तर वैदिककालको कुरु पञ्चालको क्षेत्रभित्र पनि नेपालको पश्चिमी क्षेत्र पर्दथ्यो । उत्तर पञ्चालको राजधानी अहिच्छत्राबाट कन्नौजमा सरेपछि पनि महाकालीभन्दा पश्चिमको क्षेत्र कन्नौजको छत्रछायामा रहेकोले यहाँ बस्ने ब्राह्मणहरू सजिलै कान्यकुब्जी नै कहलाए । पाहाड प्रान्तमा आफ्ना आचार नियममा बसेका ब्राह्मण र क्षत्रियवर्ग विदेशी आक्रमणको तहस नहस-बाट बचेका हुनाले आफूलाई श्रेष्ठ ठान्दथे । पाहाडी ब्राह्मणहरू शुद्ध र कर्मिष्ठ भएकोले मैदानवासीसँग पृथक्ता राख्दथे । वेदविद्याको अध्ययनका लागि जसरी आज पनि काशि, हरिद्वार, आदि ठाउँमा छात्रहरू जाँदैछन्, त्यो बेलामा पनि कान्यकुब्जना अवश्य जान्थे । विद्याध्ययनले सांस्कृतिक आदान-प्रदानको साथै विवाह सम्बन्ध पनि कन्नौजसँग भयो होला । राजघरानाको सम्बन्ध भारतका राजपूत जातिसँग रहेको इतिहास पाइन्छ र अद्यावधि यो परम्परा चल्दैछ । नाता कुटुम्ब भएपछि आवागमन पनि भयो । नयाँ-नयाँ ब्राह्मण, क्षत्रिय जाति यहाँ आएर यहाँको संस्कृतिसँग एकाकार हुँदै गए । यसै आधारमा वंशको शिर राजपूतानामा जोडिन पुग्यो । इतिहासकालमा वेदविद्याको अध्ययन, अध्यापन र कर्मनिष्ठ ब्राह्मणको बस्ती यशस्वी क्षत्रियको राज्य व्यवस्था भएकोले र पुराणकालदेखि नै कान्यकुब्जको विशिष्ट मान्यता रहेको पाइन्छ । तेस्रो चौथो शताब्दीमा भारतीय उपमहाद्वीपमा साम्राज्य खडा गर्ने गुप्त राजाहरूले पनि कान्यकुब्जलाई दोस्रो प्रमुख राजधानी बनाए-का थिए । पश्चिम उत्तरबाट भारतमा प्रवेश गर्ने जातिहरूमा विशेष ध्यान पुऱ्याउन कान्यकुब्ज नै मुख्य नाका थियो । सातौं शताब्दीको शुरुमा सम्राट् हर्षवर्धनले जुन साम्राज्य खडा गरे, त्यसको मुख्य राजधानी पनि कन्नौज नै हो । उनका चपेटामा पनि पश्चिमी हिमाञ्चलक्षेत्र परेको थियो र मगध साम्राज्यको ऐतिहासिक महत्त्व कन्नौजमा सरेको थियो । कन्नौज साम्राज्यका अन्तर्गत रहेका सामन्त पहाडी राजाका छत्रछायाँमा बसेका जनताले कन्नौजको नाम लिनु आश्चर्य हुँदैन । कन्नौज आदि उत्तर भारतमा बेला-बेलामा शासन गर्ने राजपूत वंशहरू राजपूतानाकै क्षेत्रबाट फैलिएका छन् र यी उत्तराञ्चलमा प्रवेश गर्दा राजपूतानाको नाम लिनु पनि आश्चर्य हुँदैन । साथै वर्तमान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालका पश्चिम क्षेत्रमा बस्ने ब्राह्मणहरूलाई कन्नौजिया हुन उहीं पुग्नु पनि परेन ।

वंशावलीकार तथा इतिहासकारहरूले नेपालभित्रका राजवंशको लेखा जोखा गर्दा चौधौं पन्ध्रौं शताब्दीतिर नेपाल पसेको कुरा तानतुन पारेर जोडेका छन् । यसलाई सत्य साबित गर्ने आधार पाइएको छैन । सबै वंशको कुलाचार, कुलदेवता, गोष्ठदेवताको अनुशीलन गरी हेर्यौं भने चौधौं पन्ध्रौं शताब्दीमा प्रवेश गरेका र त्योभन्दा अगाडि ईसाको पहिलो दोस्रो शताब्दी अथवा त्योभन्दा पनि अगाडि नै नेपालमा अस्तित्त्व भएका क्षत्रिय र ब्राह्मण-को वंश चिन्हे कुरा सजिलै जान्न पाइन्छ । पछि आउनेले कुलदेवता र कुलाचार छुट्टै लिएर आएका छन् । नेपालका उपाध्याय ब्राह्मण क्षत्रिको आगमन र पूर्व सम्बन्धको अन्वेषण गर्ने हो भने–काश्मीर पुगिन्छ, नकि कान्यकुब्ज । व्रतबन्ध गर्दा देशान्तर सुनाइन्छ । त्यसमा वटुले काश्मीर जान खोज्दा रोकिएको कथा छ । तैंपनि वटु भागेर जान्छन् ।

नेपालका ब्राह्मण, ठकुरी, क्षेत्री वंशहरूको संस्कृतिगत विशेषता र कुलदेवताको विषयमा छुट्टै अध्यायमा विवेचनात्मक वर्णन गरिने भएको हुँदा यहाँ विस्तार गरिएन । जातीय व्यवस्थाभित्र नेपाली समाजमा ऐतिहा-सिक कालदेखि नै स्वीकृत गरिएको कुरा के हो भने ब्राह्मणी त्याएर जन्मेका सन्तानलाई ब्रह्मगायत्री दिएर वेदविद्या पढ्न पाउने र आफ्नो समाजमा पौरोहित्य कर्म पनि पाउने अधिकार दिएर जैसी ब्राह्मणको अस्तित्वलाई स्वीकार गर्नु पनि हो । यद्यपि अक्षतयोनि विधवाको पुनर्विवाह गर्ने कुरा कुनै स्मृतिकारहरूले स्वीकार गरेका छन् । तथापि भारतीय समाजमा यस्तोवर्ग स्वीकृत गरिएको छैन । ब्राह्मणको त कुरै छाडौं अन्यवर्गमा पनि विधवा विवाह घृणित मानिन्छ । निम्न शूद्रवर्गमा मात्रै यस्तो चलेको छ । जाति-बन्धन खुकुलो भएको बेलामा भनौं जनसंख्या कमी भएको बेलामा आफ्नो समाज वृद्धि गर्ने ममसायले देवरलाई पति रूपमा स्वीकार गर्ने र सन्तान नभएको बेलामा लोग्ने मरेका विधवाले अथवा लोग्नेबाट सन्तान भएन भने उसको आज्ञा लिएर आफ्नै वंशका पुरुष अथवा कुल पुरोहितबाट नियोग प्रथाद्वारा क्षेत्रज पुत्र जन्माउने चलन माहाभारत कालसम्म पनि थियो । तर यो श्रद्धास्पद भएको भने पाइँदैन । पाण्डवहरूलाई स्पष्ट रूपमा केही नभने पनि हीनभावनाले दुर्योधनले हेरेको यो पनि एक कारण थियो । खुला विरोध गर्न नसकेको कारणचाहिँ बाबुहरू पनि क्षेत्रज पुत्र नै थिए । उत्तर वैदिक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालका स्मृतिग्रन्थको अध्ययनले सूत्रकालमा जाति प्रथाले निकै कडा रूप लिइसकेको थाहा हुन्छ। विभिन्न जातिको बीचमा बसेका आर्यहरूले जाति परिगणन गरेर सामाजिक स्तर छुट्याउन प्रयत्न गरेको कुरा मनुस्मृतिबाट पनि थाहा पाइन्छ। अरू सूत्रकारहरूभन्दा जाति विभाजनमा मनु निकै उदार देखिन्छन्। नियोगलाई परम्परागत भनेर स्वीकार गरिए तापनि पनि यो व्यवस्थालाई मानव धर्मशास्त्रकार पनि गर्हित नै ठान्दछन्। यो प्रथा नियन्त्रण नभएमा समाज व्यभिचारी हुन्थ्यो। भारतीय आर्यहरूको जाति प्रथा प्रतिको कडा व्यवहार नेपाली समाजमा पाइदैन। यहाँको लचिलोपनले पनि के अनुमान गर्न सकिन्छ भने नेपालका ब्राह्मण क्षेत्रीहरू या त उत्तर वैदिककालदेखि नै छुट्टिएका हुन् अथवा आर्यमूलका खशसमूहभित्रको प्रचलित परम्परालाई पनि स्वीकृत गर्दै आफ्नो छुट्टै परम्परा कायम गरेका हुन्, त्यो कुरा अझै अनुसन्धेय छ। नेपालको जाति प्रथाले भारतीय स्मृतिका कुरालाई पूर्ण समर्थन गरेको पाइँदैन। यी उपर्युक्त नेपाली परम्पराको सूक्ष्म-अध्ययनबाट भारतीय वैदिक आर्य परम्परा र नेपाली आर्य परम्पराको विभेद सजिलैसँग छुट्टिन्छ। दुईचार आफ्ना विशेषताबाहेक अन्य सम्पूर्ण कुरामा वैदिक सनातमधर्म नै यहाँ मान्य रहेकोले राज्य व्यवस्था, राजकुलको परंपरा, विधिविधान, राजा र प्रजाको सम्बन्ध वैदिक धर्मानुसार नै यहाँ पनि चलेको कुरा निश्चित छ। किन्तु भारतमा चलेका स्मृति शास्त्रका कैयनपक्ष यहाँ मान्य छैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय तीन

नेपालका किराँत जाति

कश वा खश जातिको भारतमा प्रवेश भएको कुरालाई ई.पू.सातौं शताब्दीको अनुमान राहुलले गरेका छन् । अन्य इतिहासकारहरू खश जातिको विस्तार ई.पू.तेस्रो सहस्राब्दी पनि मान्दछन् ।

इ.पू.२५०० वर्षतिर नै दजला फराँत घाटीमा छरिएको एवं भूमध्यसागरको किनारामा कुशसाम्राज्य स्थापना गर्न सफल भएको कुरा पुरातात्त्विक सामग्रीबाट पनि प्रमाणित भएको छ भने, भारतीयक्षेत्र काश्मीर; जालन्धर आदि पहाडी क्षेत्र हुँदै आसामसम्म र उत्तर प्रदेशको मैदानी भाग तथा विन्ध्याटवीको क्षेत्रमा पनि खश जाति फैलिएको कुरा इतिहासविद्हरू स्वीकार गर्दछन् । ऋग्वेदमा आर्यका छिमेकी काशीगणको नाम पाइन्छ । यो कश वा खश गण नै भएको कुरा प्राचीन इतिहासविद्हरू स्वीकार गर्दछन् तर ऋग्वेदमा किराँत जातिको उल्लेख पाइंदैन ।

राहुलले आर्यहरूभन्दा पुराना वासिन्दा किराँतलाई मानेर शम्वर, पिप्रु आदि असुर राजालाई किराँत ठहराएर किराँत राजाहरूसँग नै आर्य राजाहरूको संघर्ष भएको अनुमान गरेका छन् ।[1] यस कुराको खण्डन पहिले नै भइसकेको छ । यजुर्वेदमा पाइएको किलात, आकुलि शब्दलाई लक्ष्य गरेर किराँत जाति पश्चिमसम्म वैदिक कालमा नै पुगेको अनुमान केही विद्वान्-हरूले गरेका छन् । परन्तु यजुर्वेदको अन्तिमरूप तयार हुँदा आर्यहरू पूर्वीसमुद्रसम्मको ठाउँ र जातिसँग परिचित भइसकेका थिए । फेरि किलात

१. ऋग्वैदिक आर्य, राहुल सांकृत्यायन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकुलि शब्द असुर पुरोहितको निम्ति प्रयोग भएको छ, किराँत जातिको निम्ति होइन ।[1]

नेपालका प्राचीन वंशावलीहरूले पनि उपत्यकामा पहिलो शासन गर्ने गोपालहरू हुन् भनेको पाइन्छ । गोपालका उत्तराधिकारी बरसिंहको मुद्रा पनि पाइएकोले यो कुरा नकार्न सकिदैन । यी गोपाल जातिका राजा किराँत नभएर खशपशुचारक जाति थिए । त्यसपछि मात्र उपत्यकामा किराँतहरूले शासन गरेका थिए ।

खशगणका गोपालपछि उपत्यकामा आउने किराँत जाति बढ्दै, बढ्दै यमुनाका किनारा सम्म पुग्न एक दुई शताब्दी लाग्यो होला । खश जाति छयाप्छयाप्ति छोपेको ठाउँमा पुगेर अस्तित्व कायम गर्नु कठिन थियो र यी जातिहरू कशजातिबाट खाली रहेको ठाउँ ओगट्दै यमुनाको माथिल्लो घाटीसम्म फैलिए ।

कीर, किराँत-किन्नर, भिल्ल आदि नामको उल्लेख पाइएकोले विद्वान्हरू यी सबै जाति किराँत हुन् भन्दछन् । कीर, किराँत, किन्नर, किराँत जातिको प्राचीनतम शाखा भनेर अडकल गरेका छन् ।[2]

भिल्लजातिको पौराणिक साहित्यमा जहाँ उल्लेख भएको छ, त्यहाँ जङ्गली जातिको रूपमा देखिएको छ । कोल-मुण्ड जातिका सन्तान आज पनि आदिवासीको रूपमा जङ्गली अवस्थामा नै पाइने हुँदा कोल, मुण्ड, शबर, धीवर जस्तै भिल्लपनि मूल आष्ट्रियन जातिकै सन्तान हो भन्न सकिन्छ । किराँत जातिसँग आष्ट्रियन मूलका जातिको सम्मिश्रण भएर नयाँ नयाँ प्रजातिहरूको जन्म भएको छ भन्ने कुरा मैदानमा बस्ने किराँत मूलका जाति र आष्ट्रियन मूलका जातिको रूप, रंग, बनोटबाट पनि जान्न सकिन्छ । जातीय कट्टरता नहुने समाजमा यो नौलो कुरा पनि होइन । भिल्ल शब्दले बनेचर जातिलाई बुझाउँछ भन्ने कुरा पौराणिक साहित्यले थाहा हुन्छ । भिल्ल शब्दको समूहगत अर्थ बनेचर र त्यसबाहेक विशेष जातिको रूपमा किराँत शब्द आएको छ । मनुले खश, शक सँगै किराँतलाई पनि व्रात्य क्षत्रिय भनेका छन्, परन्तु भिल्ललाई भनेका छैनन् ।[3] हिमालयका घाटीमा शिकारी जीवन

---

१. शतपथ ब्राह्मण–

२. राहुल–गढवाल पृ. ४४१–४२

३. मनुस्मृति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिएर बस्ने किराँत जातिलाई मृगको मासुखाने, कालोकम्बलओढ्ने, काले वस्त्र पहिरने, खड्ग कम्मरमा बाँधेका, धनुर्धारी, सन्ध्यास्नान नगर्ने [१] भनेर वर्णन गरिएको छ। यिनै जातिको भेषमा किराँतेश्वर शिव पनि यही जाति समूहमा मिलेको उल्लेख छ।

उत्तराखण्डका इतिहासकार डवराल राहुल साँकृत्यायनको धारणालाई पुष्टि गर्दै काश्मीरमा ऋग्वैदिक आर्य र किराँतको संघर्ष भएको उल्लेख गर्दछन् जुन भ्रान्त धारणाको खण्डन भइसकेको छ। साथै राहुलजीको भनाइअनुसार वैदिक आर्यहरूको शुरूमा नै किराँत जाति गंगासम्म पुगेको भए ऋग्वेदमा उल्लेख पाइने थियो। डवरालको विचारअनुसार लघु हिमालयको पठारमा किराँत जातिको प्रसार भएको कैयन शताब्दी पश्चात् इरान, अफगानिस्तानको बाटोबाट दरद, खश नामक जातिको टोली पसेर दरदिस्तान कश्मीर हुँदै पूर्वतर्फ बढ्न शुरू गऱ्यो भनिएको छ।[२]

उपर्युक्त कथनलाई डवराल आफैंले खण्डन गरेका छन्। वैदिक आर्यहरूभन्दा पनि अगाडि खश जाति बढ्दै उत्तर भारत तथा विन्ध्यको जङ्गलमा पसेको कुरालाई पनि उनी स्वीकार गर्दछन् र फेरि खशजातिका अगाडि किराँतहरू टिक्नसकेनन्, खशजातिले विस्तार–विस्तार उनीहरूको चरनक्षेत्र खोसेर कश्मीर, काँगडा, हिमाञ्चल, गढवाल, कुमाउँ तथा पश्चिमी नेपालमा स्थित लघुहिमालयको पानीढलामा आफ्नो आधिपत्य जमाए पनि भन्दछन्। खशहरू भारतीय भूमिमा छँरिदा किराँत पूर्वीसमुद्रकै आसपास थिए।

खश जातिको बारेमा विधिवत् अन्वेषण गर्ने हाना, घृशमेन आदि विद्वान्हरू वेविलोन, इरान, अफगानिस्तान, एशियामाइनरमा खश आटविक जातिले संघर्ष गर्नुपरेको तथा ईसापूर्व ३००० वर्षतिर नै पश्चिम एशिया र भारतका उत्तरी क्षेत्रमा फैलिएको उल्लेख गर्दछन्[३] र त्यसपछि वैदिक आर्य-

---

१. रेमे सोपि किराँतैश्च संध्या स्नान पराङ्मुखः।
मृगमांसाशनो नित्यं कृष्णः कञ्चुककम्वलः।
धनुर्हस्तो वाणकरः कटिविन्यस्त खड्गकः।
मलसंदिग्धकायश्च·····केदार खण्ड २०६।४–५

२. डवराल-उत्तराखण्डको इतिहास, भाग १ पृ. १०८–१०९

३. घृशमैन पृ. ५२ तथा डवराल उ. ख. ई. भा १ पृ. १०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूको अस्तित्व स्वीकार गर्दछन् भने ऋग्वेदमा चर्चित नभएका किराँतलाई काश्मीर, कांगडा आदिबाट आर्यले भगाए भन्ने कुरा एकदमै मेल खाँदैन । ऋग्वेदमा खश जातिको पनि त उल्लेख छैन भन्ने प्रश्न उठ्दछ । तर दशराजाका युद्धमा पक्थ, भलानस, अलिन, काशि आदि गणहरू लड्न आएको उल्लेख पाइने हुँदा [१] कश वा खश गणको स्पष्ट उल्लेख नभए पनि खश मूलका नै यी जातिहरू हुन् र गणनायकको नाउँबाट अभिहित भएकाले सामूहिक रूपमा खश शब्द नआएको भन्न सकिन्छ । काशि जाति त प्रष्टै कश जाति हो भन्न सकिन्छ ।

उत्तर वैदिककालमा पूर्वी समुद्रसम्म पुग्ने आर्यहरूसँग किराँत जातिको भेट भयो । त्यसपछि हिमालयको काखैकाख र महाभारतको कछाडबाट अगाडि बढ्दै किराँत जातिहरू गंगाको उपल्लो भाग र तल्लो जङ्गल हरिद्वारसम्म छरिन पुगे । यो प्रसार ऋग्वेदपछि हो ।

कोरिया, बर्मा, मलया, हिन्दचीनमा आवाद भएको जाति र आसाम, भुटान, नेपालमा फैलिएका आदिकिराँत जाति एउटै मूलका भएकोले किराँतहरू पूर्वबाट नै पश्चिम बढ्दै गएको कुरा स्वतः सिद्ध छ । हिमालयको तल्लो पहाडी भागमा खेतीपातीमा लागेका खशहरूको बाहुल्य भएकोले त्यसभन्दा माथिको निम्नोन्नत पर्वतमाला र चुरे पहाडको घनाजङ्गल एवं विषाक्त हावापानी भएको कछाडमा पशुचारण र शिकार गर्दै किराँतहरू आवाद भएको कुरा निश्चय रूपले मान्न सकिन्छ ।

हाम्रा प्राचीन विषयवस्तुलेयुक्त मानिएका पुराण साहित्यले पनि पूर्वमा किराँत र पश्चिममा यवनहरूको स्थिति बताएका छन् ।[२]

पछिल्लोकालमा किराँत जातिका केही शाखा नेपालभन्दा पश्चिमको भू-भागमा आवाद हुन पुगेको कुरा संस्कृत साहित्यबाट जान्न पाइन्छ । परन्तु पश्चिम नेपाल र काश्मीर, कांगडा, गढवालका वस्तीहरूमा किराँतबाहेकका अनेकौं जाति पनि वस्तथे । विभिन्न जातिको नाम पुराण र महाभारतमा उल्लेख भएको छ र यी मूल खश,–आर्यसँग किराँत जातिको सम्मिश्रण भएर तथा किराँतको कोल–मुण्ड जातिसँग भएको सम्मिश्रणले

---

१. ऋग्वेद

२. पूर्वे किराँता यस्यास्ते पश्चिमे यवनास्थिताः । वायु पुराण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेकन प्रजातिको जन्म भएको कुरा पनि पुराणहरूबाटै थाहा पाइन्छ ।[1]

उत्तराखण्डका इतिहासकार डबराल भन्दछन्–किराँत जातिको अवशेष अब मुख्यतः उत्तरी सीमान्त प्रदेशमा तराईको जङ्गल किनारामा पाइन्छ । यी क्षेत्रमा पश्चिमको अपेक्षा पूर्वमा किराँतहरूको ठूलो जनसंख्या छ ।

"लद्दाखका भोटे, चम्बाका लाहुली, स्पीतिका सिपत्याल, कुल्लू मलाणा गाउँका मलाणी, सतलजको माथिल्लो घाटीमा बस्ने कनौर, नेलङ्का जाड, मारछा तोलछाका जोहारी, असकोटका राजी (राज किराँत) पश्चिम नेपालका मगर, गुरुङ, तामाङ नेवार, पूर्वी नेपालका तीनैओटा किराँत (याखा, राई, लिम्बू) सिक्किमका लेपचा, असमका नागा, तथा कामरूपका अनेक मोनपा जातिहरू उनै महाकिराँत (मोन ख्मेर) जातिका अवशेष मानिन्छन् ।[2] (राहुल)

राहुल सांकृत्यायनका उपर्युक्त विश्लेषणमा कतिसम्म सत्यता छ, त्यो अझै खोजीको विषय छ । उपर्युक्त सबै जातिलाई महाकिराँतको नै वंशज भन्न सकिदैन । यसभित्र तिब्बती मूलका मंगोल जाति पनि पर्दछन् र किराँत र शुद्ध मंगोल वंशजभित्र पनि अन्तर छ । पूर्वबाट पश्चिम बढ्दै हिमालयको दक्षिणी निम्नपर्वत श्रेणीमा बसोबास गर्ने किराँत मूलका प्राचीन जातिमा मगरलाई लिन सकिन्छ, यसपछि राई, याखा र लिम्बूहरूको गणना हुन्छ । मगर र तराईमा बस्ने थारू, दनुवार, कछाडिया करीब सँगसँगै छुट्टिएका हुनसक्छन् । पहेंलो वर्ण, छोटो कद, ढाडो केश, भएका यी जाति चीनिया र जापानीसँग बढी समता राख्दछन् । पश्चिमबाट खश, आर्य, शक, कुषाण पल्हवहरू जसरी पूर्व तर्फ बढ्दै भारतवर्षको पूर्वी समुद्रसम्म पुगे त्यस्तै किराँत मूलका गणहरू पनि पूर्वबाट पश्चिम बढ्दै गए । अघि-अघि मूल हाँगो

---

१ वाल्हीक वाटधान आभीर कालतोयक (असूर) सिन्ध पश्चिमका जाति भनिन्छ । काम्भोज, दरद, वर्वर, अंगलौकिक, चीन तुषार, वहिर्देशज (भारत वाहिरका) भनिन्छ । आत्रेय, भारद्वाज, पुष्कल, कशेरुक, लम्पाक, शूलकार, चुलिक, जागूड, औपध आदि हिमालय प्रान्तमा बस्तछन् र किराँतका भेद मानिन्छन् । (मार्कण्डेय पुराण अ. ५४)

२. ऋग्वैदिक–आर्य, पृष्ठ ८३ राहुल तथा उत्तरा खण्डके भोटान्तिक डा. उपराल.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गयो भने पछिपछि अन्य हाँगाहरू पनि आउँदै गरे । किराँत जातिको विषयमा ऐतिहासिक अन्वेषण र विश्लेषण गर्ने चेम्जोङको भनाइअनुसार-किराँत जातिको दोस्रो पशुचारक दल पूर्वी तिब्बतको क्षेत्रबाट नै अरुण र तमोरको क्षेत्रमा झन्यो भन्ने छ र यो छैटौं वा सातौं शतीको कुरा हो भन्ने पनि उल्लेख गरेका छन् । कुनै पनि अनुश्रुतिमा सत्यताको पुट पनि रहन्छ । यो वर्णन तिब्बतमा बौद्धधर्मको प्रवेश हुनुभन्दा अगाडिको गोठाले घुमन्ते युगको कुरा हो । बुद्धधर्म प्रवेश भएपछि हिमाल काटेर आउँने तिब्बती मूलका जाति बौद्ध छन् र किराँतहरू प्रकृति पूजक र शैव छन् ।

जुन वेला हिन्दचीन, बर्मा, आसाम हुँदै पहिलो र दोस्रो किराँत भनिने जाति नेपाल हुँदै गंगा, यमुनाका उद्गम स्थल र उपत्यकाहरूमा पनि फिजिन पुग्यो, त्यो जाति प्राचीन मूलको थियो भन्ने कुरा निश्चय छ । पहिलो हूललाई दोस्रो दलले हुत्याउँदै पश्चिम पुऱ्यायो-जुन दलमा आजका किराँत, किन्नर, राजा किराँत, मगरहरू थिए । दोस्रो दल, राई याखा र लिम्बूहरूको थियो जसले पहिलोलाई धपाएर नेपालको पूर्वीक्षेत्रमा बलोबास गऱ्यो तथा उपत्यकासम्म पनि शासन गर्न पुग्यो । उपत्यकामा शासन गर्ने किराँतहरूले आफूलाई त्यहीं बस्ने खश मूलका जातिसँग सम्मिश्रण गरेर नयाँ जातिको जन्म दियो तथा दक्षिण र पश्चिमबाट आउने आर्य मूलका जातिलाई पनि आफूमा मिलायो । यो रक्त संमिश्रणले नयाँ कुरा के भयो भने शुद्ध मंगोल मूलका व्यक्तिहरूलाई संस्कृत भाषाको उच्चारण र अध्ययन कठिन भएको कारणले तिब्बती भाषामा नै संस्कृत ग्रन्थको अनुवाद गर्नु पऱ्यो । तर उपत्यकाभित्रका मिश्रित जातिमा भने संस्कृतको पठन-पाठनका साथै भाषाको रूपमा पनि कुनै वेला यहाँ संस्कृतको प्रयोग भयो तथा तिब्बती भाषामा संस्कृत ग्रन्थको अनुवाद गर्ने काम पनि धेरै नेपाली विद्वान्-नेवारहरूले गरे । मातृ भाषाको रूपमा रहेको किराँत-मंगोल मूलको भाषा, जसलाई नेवारी भाषा भनिन्छ, त्यसमा पनि संस्कृत ग्रन्थ अनुवाद भए । नेवारी भाषाभित्र असी प्रतिशतसम्म प्राकृत, पालि र संस्कृत भाषाका शब्दहरू ग्रहण गरिए । चार पाँचसय वर्ष पूर्वको नेवारी भाषा आज दुरुह भएको छ । कारण शुद्ध रूपमा आयात गरिएका अन्य भाषाका शब्दलाई तद्भव बनाउँदा अन्तिम वर्णहरू लोप हुँदै जानु र झन् झन् छोटो गरिनुले पनि अस्पष्ट बनेका छन् ।

किराँत मूलका तराई घाँचमा बस्ने जातिहरू भने दक्षिणमा प्रसार भएका विभिन्न जातिहरूको सम्पर्कले धार्मिक, सांस्कृतिक एवं भाषामा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिवर्तित भए । आज पूर्वीक्षेत्रका थारू जातिको भाषा मैथिली छ वारा, पर्सा, रौतहटको भोजपुरी छ भने पश्चिमका थारूहरूको भाषा पनि यसै गरी आफ्ना दक्षिणका छिमेकीहरूको अनुरूप नै बनेको छ । धार्मिक आचरणमा पनि दक्षिणका छिमेकीकै छाप पाइन्छ । थारूभन्दा पनि उत्तर जङ्गलको कछाडमा बस्ने कछडिया जाति छन्, जसको भाषा तत्तत् स्थानका थारू जातिसँग मिल्दछ । किन्तु, धार्मिक भावनामा भने यिनीहरू स्थानीय लोकदेवतामा आस्था राख्दछन् । यिनीहरूको रक्तसंमिश्रण प्राचीन आष्ट्रियन जातिसँग भएको अनुमान हुन्छ । दनुवार पनि यसै मूलको जाति हो र यी भित्री मधेश तथा पाहाडमा ठूला नदी किनारका फाँटहरूमा बसेका पाइन्छन् । यिनीहरूलाई आदि किराँतका सन्तान मान्न कर लाग्छ ।

तामाङ जाति

नेपालका जाति विशेषमा तामाङ जाति पनि प्रभुख जाति हो र यो पूर्व पश्चिम सबै ठाउँमा पाइन्छ । तामाङ जातिको धर्म तथा सांस्कृतिक स्थिति हेर्दा यो तिब्बतबाट दक्षिण पसेको र शुरू–शुरूमा हिमालकै दक्षिणी पार्श्वमा अवस्थित थियो । यसकारण दक्षिण ढलानमा बस्ने किराँत जातिसँग पनि यो सम्पर्कमा आयो तथा उत्तरसँग बढ्ता सम्बन्ध रहेकोले बुद्धधर्ममा दीक्षित भयो । तिब्बतमा बुद्धधर्मको प्रवेश भएपछि नै यो जाति पनि बुद्धधर्म लिएर दक्षिण बढ्यो । नेपालका जातिको संसर्गले यो बौद्ध बनेको होइन । नेपालमा केवल उपत्यका क्षेत्रको शहरी इलाका मात्र बुद्धधर्मप्रति आस्थावान् थियो, त्यो पनि सीमित मात्रामा । यहाँका बौद्ध पण्डितहरू कि तिब्बत नै गए कि शहरभित्रै सीमित रहे । बुद्धधर्म प्रचारको निम्ति नेपालका डाँडा पाखा चढेनन् । यसकारण तामाङ जाति जो भोटको सीमावर्ती क्षेत्रमा थियो, विस्तारै सातौं शतीपछि नेपालका निम्नोन्नत पर्वतीय भूमितिर फैलियो ।

यो जातिलाई हामी किराँत मूलकै मान्न सक्दछौं तापनि विभिन्न मानव समूहको रक्तसंमिश्रण भएर एक प्रजातिको रूपमा यसको विकास भएको छ । पश्चिमको हिन्दुकुश पर्वतमाला पारगरी काश्मीर, काँगडामा पसेको खश जातिले सिवालिक पर्वतमालाका ऊर्वरघाटी ओगटिसकेपछि पूर्व-तिरबाट अगाडि बढ्दै पश्चिम लागेका किराँतमूलका जातिहरू चेपिएर हिमालय शृङ्खलाका दुर्गम घाटीतिर बस्न पुगेको कुरा विद्वान्हरू अनुमान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दछन् ।[१]

त्यस वेलातिर खशमूलका जातिहरूसँग अन्य आष्ट्रियन जातिको सम्मिश्रणले जन्मेका प्रजातिसँग पुनः किराँतमूलका जातिको सम्मिश्रण हुन पुगेकोले नयाँ नयाँ प्रजातिको जन्म भएको कुरा हामी सहजै अनुमान गर्न सक्दछौं । महाभारत र मार्कण्डेय पुराणमा उत्तराञ्चलमा बस्ने जातिको गणना गरिएको छ,[२] जसमा आर्यमूलका जाति र किराँत जातिको सम्मिश्रण भएर जुन प्रजातिको जन्म भयो, त्यसभिन्न ८।१० जातिको गणना गरिएको छ भन्ने कुरा उल्लेख भइसकेको छ ।

आर. सी. मजुमदारको विचारमा काश्मीर प्रान्तमा एउटा ताङ भाषा बोल्ने जाति थियो । । पछि यस जाति र भाषाको परिचय पाइदैन भन्ने छ । नेपालका नेवार जातिले बोलिने भाषालाई ताङ वा तारङगा भाषा भनेको पाइन्छ ।[३] ताङ, तारङा, तामाङ आदि शब्द साम्य भएकाले र तामाङ भाषा-सँग मिल्ने नेवारी भाषामा शब्द पाइने भएकाले पनि ताङ भाषाको निर्मूल भएन कि भन्ने शंका हुन्छ । यदि ताङ भाषाको मम्मिश्रण नेवारी भाषा हो भन्ने कुरा साबित हुन्छ भने र तामाङ जातिको यस भाषासँग सम्बन्ध छ भन्ने कुरा अनुसन्धानबाट पत्ता लगाउनसके, तामाङ जाति निकै प्राचीन जाति हो भन्न सकिन्छ । तर यो जाति आजको जस्तो मध्य पाहाडी शृङ्खलामा आवाद थियो भन्नचाहिं सकिदैन । यो जाति मुख्यतः तिब्बतको सीमावर्ती इलाकामा नै आवाद थियो र तिब्बती धर्म, संस्कृतिले पूर्ण प्रभावित रहेकोले सातौं शताब्दीमा तिब्बतमा बौद्धधर्म प्रचार भएपछि तामाङ (भोटान्तिक) जाति पनि बुद्धधर्मले पूर्ण दीक्षित भयो । भारतीय इतिहासकारहरूले भोटान्तिक जातिको नामले जुन जातिलाई सम्बोधन गर्दछन् र यो जातिलाई महाभारत-काल अथवा क्राइष्ट पूर्वका शताब्दीहरूमा तंगण, परतंगण नामले पुका-

---

१. आत्रेय, भारद्वाज, पुष्कल, कशेरूक, लम्पाक, शूलकार, चूलिक, जागुड, औषध, अनिभद्र यी जाति हिमालय प्रान्तमा बस्दछन् र किराँत जातिका विशेष भेद मानिन्छन् । मा. पु. अ. ५४

२. यस्तै–निहार, हँसमार्ग, कुरू, गुर्गण, कुन्त खश, प्रावरण ऊर्ण दार्व कृत्तक, म्रिगर्त, गालव, किराँत, तामस आदि जातिहरू उत्तर पर्वतीय प्रवेशमा बस्ने जाति हुन् । मार्कण्डेय पुराण अ. ५४

३. चाँगुनारायणको ऐतिहासिक सामग्री–मोहन खनाल तथा मे. ने. भा. ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रिन्थ्यो ।[1] मूलतः यो जाति खशगिरिबाट दक्षिण पूर्व लागेको खश जातिकै एक शाखा थियो । खस यायावर जातिको विवाह बन्धन शिथिल भएको कारणले किराँत जातिसँग सम्मिश्रण भयो र नयाँ प्रजातिको रूपमा तंगण र परतंगण नामले सीमान्तका व्यापारीको रूपमा विकास भयो ठङ्क (सुहागा) धातु गाल्ने काममा उपयोगी पदार्थ हो र यो पश्चिम तिब्बतीय क्षेत्रबाट पश्चिमैशिया, एवं भारतवर्ष आदि देशमा निर्यात गरिने भएकोले यसको व्यापार गर्ने जातिको नाउँ तंगण रह्यो । तंगण सीमान्त जाति भए परतंगण त्योभन्दा पर बस्ने जाति हो । तंगण र परतंगण मूलत एउटै नभए पनि रक्त-संमिश्रण राख्ने गर्दा पछिपछि भने फरक भएन । यो सीमान्त जातिलाई नै भोटान्तिक, भोटे, जाड, जाडे, भोटिया आदि नाउँले इतिहासकार पुकार्दछन् । तामाङ जातिलाई पनि यदाकदा भोटे भन्दछन् र भोट तिब्बतको पर्यायवाची शब्द बनेको छ । कर्णाली अञ्चलको उत्तरीभाग सीमान्त प्रदेशमा बस्ने जातिलाई आज पनि भोटे वा जाडे भनिन्छ । जड शब्दले संस्कृतमा मूर्ख, स्तंभित तथा शीतल ठण्डाले जमेको वस्तु आदि अर्थको द्योतन गर्दछ । जड शब्दबाट नै नेपालीमा जाडो भएको छ भने जाडे शब्दको अर्थ पनि शीतप्रदेशमा बस्ने व्यक्ति वा जातिलाई बुझाउने शब्द रहेछ भन्ने थाहा हुन्छ । यी दुवै शब्द तमाङ जातिलाई लोक व्यवहारमा प्रयोग गर्दछन् र आजको नेपालमा मध्यपाहाडी प्रदेशभित्र आवाद भएको यो जातिलाई उपर्युक्त शब्दहरू अपमान जनक जस्तो लाग्न थालेका छन् । किन्तु तंगण⩾तागन⩾टागन⩾तामाङ⩾आदि भाषा विकासलाई मानेमा तंगण र तामाङ, तारङ्गा भाषाको सम्बन्ध छ कि भन्ने शंका हुन्छ । जस्तै–वेदको कठ–कपिष्ठल एक प्रसिद्ध शाखा हो । कठ गणराज्य पनि प्रसिद्ध थियो र कठशाखाका अध्ययन-कर्ता ब्राह्मणवर्ग पनि प्रसिद्ध थिए । कठशाखाका ब्राह्मणहरू उत्तर पश्चिम भारतमा आवाद थिए भनिन्छ । काश्मीर, शाक द्वीप, कुशद्वीप, गान्धार

१. पशुपाश्च कुडिन्दाश्च तंगणा परतंगणाः । ते ये पिपीलकं नाम उधृतं यत्पिपीलकैः । जातरूपं द्रोणमेय महार्षु पुंजसो नृपाः । कृष्णाल्ललामांश्चमरां शुक्लांश्चापां शशिप्रभात् । हिमवत् पुष्पजं चैव स्वादु क्षौद्रं तथा बहुः ।उत्तरेभ्य कुरूभ्यश्चाप्य पीठं माल्यमंबुभिः । उत्तरादपि कैलासाद् औषधी सुमहावलाः । पार्वतीया वलिचान्य माहृत्य प्रणतः स्थिता अजात शत्रो नृपते द्वारि तिष्टन्ति वारिताः । सभापर्व ४८–३–७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि ठाउँमा कठशाखाको प्रचलन थियो र पश्चिम पाहाडबाट बढ्दै आएका ब्राह्मण जातिलाई अन्य जातिले शाखाको नाउँबाट कठाभन्थे र आज बाहुन-लाई कहिले काहिं काठा-भन्दछन् जुन शब्द आज अपमान जनक ठानिन्छ। सम्भव छ कठशाखा र अन्य शाखाको क्रियाकलापको भिन्नताले गर्दा यो शाखा सर्वमान्य भएन। अथवा यसका कुनै अप्ठ्यारापनले अवहेलित हुन आएकोले अपमान वाचक शब्दको रूपमा काठा प्रसिद्ध भयो। शाकद्वीपी ब्राह्मणलाई पितृकार्यमा भोजन दिनु असल हुन्छ भनिएको छ, कठशाखा-ध्यायी शक-ब्राह्मण नै महाब्राह्मण भएको पनि सम्भव छ।

मध्य-एशियाका अनेकन रत्न, पत्थर, चमर, कस्तुरी, ऊनीमालहरू र मानसरोवरको पठार तथा कैलाश क्षेत्रमा हुने अनेकन महत्त्वपूर्ण जरीबूटी औषधीहरूका साथै पिपीलिका सुवर्ण, (सुनको चूर्ण) भारतका दक्षिण समुद्र-सम्म पुगेर बेच्ने तंगणजाति महाभारत तथा पुराण कालमा अति प्रसिद्ध जाति थियो। हिमालयको मुख्य शृङ्खलाभन्दा उत्तरमा पर्ने सतलजको शीर्षस्थ घाटीको वारिपारिको क्षेत्रलाई हुणदेश भनेर इतिहासकारहरूले उल्लेख गर्दछन्। यी पशुचारक जातिबाट ऊन, चमर प्राप्तगरी यिनै तंगण भनिएका जातिहरू भारतमा लगेर बेच्दथे।[१] मानसरोवरदेखि १९ माइल उत्तरमा पर्ने कैलाश पर्वतमालाका छेउछाउमा रहेका सुनखानिमा खनेर सुवर्ण चूर्णका राशका राश झिकेर छालाका थैलामा बन्दगरी भारत, इरान र इराकदेखि रोमसाम्राज्यका पल्लोछेउसम्म बिक्री गर्ने तंगणजाति इतिहासको प्रसिद्ध जाति हो। दुर्गम नदीनाला, दुरन्त खोंच, खोल्सा, अगम्य भीर, पहरा, घाटीवारपार गरेर बराबर व्यापारमा संलग्न रहने सीमान्तवासी तंगण जाति प्राग् ऐतिहासिक कालको खशमूलको जाति भए पनि किराँत जाति र उत्तरी सीमान्त क्षेत्रमा बस्ने हूँण जातिको सम्मिश्रणले गर्दा मंगोलियन मुखमुद्रा भएको र ठण्डी प्रदेशमा बस्ने कारणले गर्दा खान-पान, रहन-सहन तथा वेश-भूषामा वर्तमान तिब्बतीयन जातिकै अनुरूप भएको कारणले आज यो जाति-को छुट्टै अस्तित्व लोपभइसकेको छ र व्यापक अर्थमा भोटे, जाडे भनिन्छन्। केही आज पनि सीमान्तवासिकै रूपमा पाइन्छन्।

उत्तरबाट आउने गरेका छोटा कदका बलिष्ठ र पाहाड चड्न सिपालु घोडालाई आज पनि टागन घोडा भन्ने नामकरण गरिन्छ। तंगणहरूले बेच्ने

---

१. उत्तराञ्चल के भोटान्तिक–डा. शिवप्रसाद डबराल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदा उनीहरूकै नाउँबाट घोडाको नाउँ रहेको प्रष्ट छ । कदम चालमा हिड्दा हातको पानी पनि न छचल्किने तथा सवार आनन्दसाथ पीठमा अडिने कुराको वर्णन हर्षचरितमा वाण भट्टले गरेका छन् ।[१] यिनै टंगण (टागन) घोडाले चलाउने एक्कालाई आज पनि टांगा भनिन्छ, जो टागनकै द्योतक हो ।[२]

चरक आदि आयुर्वेदका महान् आचार्यहरू तंगणद्वारा हिमालयका बुटिहरू चिन्दथे भनेर आयुर्वेदका इतिहासकारले उल्लेख गरेका छन् । ई.पू. १००० वर्षतिर असिरियामा राज्य गर्ने असुर राजाको इष्टिका लेखबाट यिनीहरूका माध्यमले जडीबूटी असिरियामा पनि पुग्दथे भन्ने थाहा पाइन्छ ।[३] जटामसी, कुष्ठ, वच, मोथा कस्तुरी गुग्गुल (गोकुल धूप) शिलाजतु (शिलाजित) आदि रोम तथा यूनानमा पनि प्रयोग गरिन्थे । सातौं शतीमा उपर्युक्त औषधीको मध्यैशियावासी तुर्कहरूमा पनि बढी माग थियो । सुहागा, पाखनवेद, भोजपत्र, अगुरू, ग्रंथिपर्णिका, तेजपात, केशर, वंशलोचन, टिमुर-कपडा रंगाउने बोक्रा, गेरू, हरिताल, मनःशिला, चिराइतो अभ्रक, छाला, चमर आदिको बिक्री गर्ने यी सीमान्त (भोटान्तिक) जाति र किराँत जातिको संमिश्रण भयो । सातौं शताब्दीपछि पूर्वबाट बढ्दै पश्चिम तिब्बतमा बस्न पुगेका तिब्बती मंगोल जातिको समागमले यो जाति बहुतायत मंगोल रक्तले युक्त भएको र भाषाले पनि तिब्बतीरूप पाएको कुरा इतिहासकारले स्वीकार गरेका छन् ।

संस्कृत–तंगण प्राकृत भाषामा टंकण, तिब्बती स्लचल, अंग्रेजी टिंकल, तुर्की टंखर आदि नामले पुकारिने सुहागा व्यापारीको भाषा नै तामाङभाषा हुनुपर्छ । यो भाषा बोल्ने तंगण जातिको र किराँत मूलजातिको संयोगबाट जन्मेको प्रजाति नै तामाङ जाति हुनसक्छ र यससम्बन्धी विशेष अनुसन्धान गर्न बाँकी नै छ । उपर्युक्त तंगण, भोटान्तिक जातिकै एक प्रजाति तामाङ भएमा यो प्राचीनजाति मान्न सकिन्छ र यस जातिको पूर्वी क्षेत्रमा अर्थात् वर्तमान नेपालमा प्रसार भएको चाहिं सातौं शताब्दीकै लगभग मान्नु पर्दछ । नेपालको ऐतिहासिक विश्लेषण गर्दा तामाङ जातिको मर्यादा लामा

---

१. हर्षचरित तथा कादम्वरी

२. उत्तराखण्डके भोटान्तिक – पृ.३०,डा. कवराज

३. आयुर्वेदका इतिहास – अत्रिदेव (बनारस प्रकाशन) पृ. ४३४ तथा पृ. १३७,५६९,४२५,२६१ आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहलाइनुमा भएको र किराँत जातिसँग यसको प्रतिद्वन्द्विता भएको पनि इतिहास देखिएकोले मूल किराँतकै शाखा भने यो जातिलाई मान्न कठिन पर्दछ ।

नेपाल उपत्यकाका नेवार जाति

नेपाल उपत्यकाका नगरवासी जातिलाई नेवार भन्ने चलन छ । भाषागत दृष्टिले समष्टिरूपमा नेवार भनिने समूहभित्र जातिगत विश्लेषण गर्न खोज्दा समुद्रमा मिसिएको नदीको पानी छुट्टयाउन खोजे जस्तो असंभव हुन्छ ।

नेवारको आकृति हेरेर नृतत्त्व शास्त्रीहरूले मंगोलियन भन्न सक्छन् । जातिको अध्ययन गर्ने समाज शास्त्रीहरूले बंगाली, मैथिली, यादव (आभीर) नायर, खश, आर्यका लिच्छबि, मल्ल, वज्जि, रायठोर, वैश्य आदि विभिन्न जातिको समूह भनेर मान्नु पर्ने हुन्छ । धार्मिक र सांस्कृतिक पक्षमा पूर्ण रूपले आर्यजाति भनेर मान्नुपर्छ ।

हामीले बंगाली भन्यौं भने–त्यसभित्र ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र यी चार वर्णका सम्मिश्रणबाट जन्मेका उपजाति र प्रजातिको एक समूह देख्दछौं । त्यस्तै माडवारी भन्दा माडवार देशमा बस्ने चारै वर्ण र अन्य उपजाति प्रजातिको समूहलाई भन्नुपर्छ । पंजाबी, द्रबिडी, आन्ध्र, चोल आदिजातिबाचक शब्द पनि वास्तवमा जातिलाई नबुझाएर देश वा ठाउँलाई बुझाउने शब्द स्पष्ट जानिन्छ ।

यस्तै नेवार पनि खास कुनै जाति होइन । न यहाँ नेवार भनिने कुनै जाति इतिहासकालमा कहिंबाट पसेको मान्न सकिन्छ । मंगोलियन मख-मुद्रा भए पनि नेवार जातिको न किराँत, महाकिराँतभित्र नै कुनै स्थिति पाइन्छ, न उनीहरूलाई शुद्धआर्य वा खशमूलका नै भन्न सक्ने अवस्था छ ।

नेवार भनिने कुनै जाति यहाँ न पूर्वबाट किराँतसँगै बढेर आयो न पश्चिमबाट पूर्वमा फैलिने आर्य, खश, यवन, पारसिक अरब जातिमा राख्न मिल्दछ । एकै समूहमा नमिलेका ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र वर्णका पृथक् अस्तित्व पनि नेवार भनिने समूहभित्र नपाइने होइन ।

मंगोलियन परिवारमा संस्कृत भाषाको अध्ययन र उच्चारणलाई कठिन मानिएकोले संस्कृत, प्राकृत भाषाका ग्रन्थलाई चीन, तिब्बत, मंगोलिया आदि देशले आफ्नै भाषामा अनुवाद गरे । परन्तु, नेपालका नेवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जातिलाई संस्कृतको पठन-पाठनमा कठिनता परेन । अनेक नेवार पण्डित-हरूले संस्कृत पढे । संस्कृतमा लेखे र संस्कृत भाषा पढाए । तिब्बत पुगेर तिब्बती भाषामा संस्कृत र पालीको अनुवाद पनि नेवार समूहका पण्डितहरूले गरेका छन् ।

नेपालका प्राचीन वंशावलिको अध्ययन गर्दा नेपाल उपत्यकामा पहिलो प्रवेश गर्ने जाति गोपालहरू हुन् । त्यसपछि महिषपालहरू यहाँ आएको वा यहाँशासन गरेका कुराको उल्लेख वंशावलिमा पाइए तापनि काठमाडौं जस्तो ठण्डी हिउँपर्ने मुलुकमा भैंसी पालन त्यति उपयोगी नहुँदा महिष-पालको नाउँले कुनै जातिको आगमन मात्र सकिदैन ।

यसकारण यो शाखा भए पनि गोपालकै अर्को शाखा आएको हुनु पर्छ । यो समयले यहाँ किराँतको आगमन कालभन्दा पहिलेको कुरा निदर्शन गर्ने हुनाले पशुचारक घुमन्ते खश जातिको शाखा काश्मीर, गढवाल वा मानसरोवर क्षेत्र हुँदै कर्णाली प्रदेशबाट पशुचराउँदै यहाँ आएको कुरा मान्नु पर्ने हुन आउँछ । किनभने ईसापूर्वको पहिलो सहस्राब्दीको मध्यभागसम्म आभीरहरू सिन्धुप्रान्त तथा गुजरातका आसपासमा नै सीमित थिए । श्री कृष्णको उदयसम्म आभीर जाति केवल पशुचारक मात्रै थिए र खेती किसानी गर्दैनथे । नेपालको दक्षिणी भागमा विदेह, लिच्छवि, वज्जि, ज्ञातृ, मल्ल, कुकुर, मौरेय, शाक्य कोलिय आदि जातिको गण-राज्य र त्यसभन्दा दक्षिणमा मगध, काशि, कोशल, क्रिवि, मत्स्य आदि गरिएका जाति थिए भन्ने साहित्यिक प्रमाण पाइने हुनाले उपत्यकाभित्र गोपालक जाति पछि यिनै दक्षिणका जातिहरूको प्रवेश भने यहाँ हुनसक्छ ।

शाक्य, मोरिय, कोलिय, वज्जि, मल्लहरू आर्यकुलकै शाखा थिए र बुद्धकालीन अजातशत्रु राजाको उत्तर दिग्विजयले तितरबितर भएको वेलामा उत्तरतिर यो गण-जातिले प्रवेश गरेको अनुमान हुन्छ । किनकि वज्जिगण र शाक्यगण तथा कोलिय गणका व्यक्तिहरू यहाँ पसेको प्रमाणित गर्ने अभिलेख प्राप्त छन् । कोलिग्राम आदि स्थानको पुरानो नाउँले पनि उक्त कुरा प्रमाणित गर्दछ । उपत्यकाभित्रको वर्तमान काठमाडौं शहरलाई प्राचीन कालमा दक्षिण कोलिग्राम तथा उत्तर कोलिग्राम नाउँले पुकार्दथे । जातिकै नाउँबाट गाउँ शहरको नाउँ रहेकोले यिनीहरूको संख्या पनि प्रशस्त भएको थाहा हुन्छ । आर्य धर्मका रीति-रिवाजहरू यहाँ ल्याउने जाति पनि यिनै हुन सक्छन् । महाभारतबाट पनि यहाँ आर्यहरूको ईसापूर्वकै शताब्दीहरूमा प्रवेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भइसकेको थाहा पाइन्छ।

वंशावलीमा बोधीसत्व मन्जुश्री यहाँ आएको कुरा र गोडदेशबाट राजाको आगमन तथा धर्माकर नाउँ गरेका राजाले आएर यहाँ राज्य गरेको प्राचीन उपाख्यानले पनि वैदिकधर्मले दीक्षित विभिन्न दक्षिणका जातिहरू र बुद्धधर्मका केही अनुयायीहरू पनि यहाँ पसेको कुरा अनुमान गर्न सकिन्छ। तिनीहरूले यहाँ जे जस्तो धर्म, संस्कृति, रीति, स्थिति ल्याए त्यो नै प्राचीन नेपालको सांस्कृतिक धरातल हो जुन कुरा उपत्यका बाहिर बस्ने अन्य जातिमा पाइंदैन।

प्राग्ऐतिहासिक कालमा यहाँ प्रवेश गरेका गोपालहरू शैव भएको र पछि आउने आभीरहरू वैष्णव भएकाले पनि पहिले यहाँ गोपाल (आभीर) जाति आएका होइनन्। यो गोपालका प्राचीन जातिको सन्तति आजका महर्जनहरू हुन् र यिनीहरू शैव छन्। त्यसपछि यहाँ किराँतीहरूको प्रवेश भएकोले र पहिले यहाँ आउने खश मूलका गोपाल जातिहरूको पनि विवाहसम्बन्ध शिथिल हुँदा किराँत जातिका स्त्रीको संगमले मंगोलियन मुखमुद्रा भएका केही प्रजातिको यहाँ जन्म भयो।

पछिपछि यहाँ आउने आर्य कोलि, शाक्य, वज्जिहरू पनि किराँतको भेलवाट बच्न सकेनन् र परस्परमा विवाहवारी हुँदै गएकोले अनेक उपजातिहरू बने। व्यापारको निम्ति यहाँ बस्न आउने जातिले स्थानीय स्त्रीसँग विवाह गर्नु बाध्यता थियो। दक्षिणवाट उत्तर आउने जातिमा गौड, बंगाल र दक्षिण भारतका नायर जाति पनि हुन सक्छन् धेरथोर संख्यामा उपत्यकाभित्र आउने यी विभिन्न जातिहरूको किराँत जातिको रक्तसमिश्रण भइसकेको प्राचीन जातिसँग सम्बन्ध जोड्नु पर्ने बाध्यता पऱ्यो होला। तथापि आफ्नो कुलक्रमागत रीति–रिवाज र धर्मलाई कायम राख्ने प्रयत्न भयो। यसले गर्दा शिव, विष्णु, देवी आदि देवताको उपासना गर्ने तथा आर्यहरूको परम्पराअनुसार नै न्वारन, पास्नी, चूडा, व्रतबन्ध आदि कर्म गर्ने र जनै लगाउने परम्परा भने नेवारी समाजभित्र जीवितै छ।

परस्परको रक्त संमिश्रणले शारीरिक गठन मंगोलमूलक भए पनि आफ्नै सांस्कृतिक पक्षमा रहेका र मूल जातीय रूप, रंगको अस्तित्व भने रक्तसंमिश्रणले गुमिसकेको हुँदा यसरी जन्मेका उपजाति र प्रजातिको नाउँ नै आजको थर भयो। प्राचीन इतिहासकालका कोलि, वज्जि, शाक्य, लिच्छबि आदि जातिहरू आजका कुन जातिलाई मान्ने भन्ने प्रश्ननिर्णय गर्ने आधार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन । किन्तु नेपाल उपत्यकावासी नेवार समाज मूलतः किराँत होइनन् भन्ने कुराचाहिं निश्चय रूपले भन्न सकिन्छ । ३०।३१ पुस्ता यहाँ शासन गर्ने किराँतहरूले आफ्नो प्राचीन धर्म, रीति, स्थितिहरू बदलेका छैनन् । मूल किराँत जातिबाट बनेका अन्य केही प्रजातिवर्ग भने तिब्बतीय प्रभावमा परेर बुद्धधर्मले दीक्षित छन् । आदि किराँत मूलको मगर जाति मात्र एउटा यस्तो जाति हो, जो अधिक संख्यामा शैव छन् र लोकदेवता मान्दछन् । उत्तरी सीमान्त प्रदेशमा बस्ने मगर भने केही बुद्धधर्मले दीक्षित छन् । यो तिब्बतीय प्रभावले भएको हो भन्ने कुरा स्पष्ट छ । गढवाल कुमाउँमा बस्ने केही मगर जाति जनै लगाउने क्षेत्रीवर्गमा पर्ने पनि पाइएको छ ।

इतिहासका अन्वेषकहरू मगर जातिलाई नाग जाति हो कि भनेर शंका गर्दछन् । जनकलाल शर्मा मगरलाई श्वेतहूण जाति हो भन्दछन् हूण वा हूँडिया भनिएको बर्बर जाति तिब्बतमा थियो । श्वेतहूण, कश र मंगोलको मिश्रणले बनेको बर्बर जाति हो र यो उत्तर पश्चिम भारतबाट पसेको थियो न कि नेपालको क्षेत्रबाट । मगर जातिसँग रूप, रङ्ग, कद र अन्य शारीरिक गठन वर्मा, श्याम, जापानमा भएका जातिसँग बढ्ता सादृश्य राख्ने हुँदा आदि किराँत मूलका जाति हुन् भन्ने कुरामा सन्देह छैन । अन्दाजकै भरमा छैटौं सातौं शतीमा भारत पस्ने हूण जातिसँग प्राचीन मगर जातिको सम्बन्ध देखाउनु उचित हुँदैन फेरि नेपालको भूभागमा कुनै पनि आक्रामक विदेशी जाति पसेको संकेत पाइँदैन ।

आज उपत्यकाभित्रका सांस्कृतिक परम्पराहरू र धार्मिक क्रिया-कलापहरू वैदिक र बौद्ध दुवै पक्षका छन् । किन्तु अन्य लोकव्यवहारका कतिपय पक्षमा भने एउटा अनौठो सांस्कृतिक धारालाई अंगालेको पाइन्छ । यो हो नेवार जातिको विवाह प्रथा ।

दक्षिण भारतमा बस्ने नायर जातिका कैयन विशेषताहरू यहाँका नेवारी संस्कृतिमा पाइन्छन् । विवाह उत्सवमा सुकुण्डा बालेर हिड्ने देव देवताको मठ मन्दिरमा पुग्दा अक्षता छर्ने तरिका, खान–पानकको वैविध्य आदिमा पनि महाराष्ट्री परम्परासँग अत्यधिक मिल्ने भएकाले इतिहासका अन्वेषकहरूले नायर जातिसँग नेवारको सम्बन्ध देखाएका छन् । तामिल, मराठी भाषा अथवा कन्नड र महाराष्ट्री प्राकृतसँग नेवारी भाषाले कतिसम्म सामञ्जस्य राख्दछ भन्ने कुरा भाषाशास्त्रीहरूले अध्ययन गर्ने विषय हो । परम्परागत सांस्कृतिक पक्षका कैयन कुराहरू हरेक जातिमा जीवित रहने र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसन्धान गर्दा यस्ता कुरालाई आधार मान्न सकिने हुँदा दक्षिण भारतका अधिकांश नायर जातिहरू नै वैदिकधर्मको साथमा आफ्ना निजी सांस्कृतिक मान्यता लिएर यहाँ आएका रहेछन् कि भन्ने कुराको अनुमान हुन्छ । दक्षिण-बाट उपत्यकाभित्र पस्ने जातिहरू कहिले कुन समयमा पसे भनेर निश्चय गर्ने र नायर जातिको सन्तति कुन हो भन्ने कुरा जान्ने साधन हामीसँग छैन । कुनै कुनै इतिहासकारहरूले नान्यदेवसँग आएका दक्षिण भारतीय सेना यहाँ आएर बसेको अडकल गरेका छन् । परन्तु, नान्यदेव न उपत्यकाभित्र आएको प्रमाण छ न उनका सेना आएर बसेको नै कुनै आधार छ । तर कर्णाटकवंशी राजा नान्यदेव र उनका सन्तानसँग घनिष्ठ नाता जोड्ने वंशावलिहरूको प्रयास तथा मल्ल राजाहरूको अभिलेख पढ्न पाउँदा भने शंका गर्ने ठाउँ पनि प्रशस्त छ । कर्णाटकलाई नेवारीमा डोय भनेको पाइन्छ यसको शाब्दिक अर्थ भने बुझ्न सकिएको छैन । सांस्कृतिक पक्षको अध्ययन गर्दा नेवारी संस्कृति दक्षिण भारतको संस्कृतिले प्रभावित छ र तामिल र कन्नड भाषाका शब्द पनि नेवारीमा प्रशस्त छन् यो भाषाशास्त्रीले खोज्नु पर्ने विषय हो ।

उपत्यकाको सांस्कृतिक नवीनता

तांत्रिक पक्षको उदय र विकास भएको क्षेत्र दक्षिण भारत नै हो । केरल, तामिलनाडु, महाराष्ट्र र गुजराँतमा पनि तांत्रिक पक्षको निकै नै विकास भयो । खास गरेर ईसाको तेस्रो शताब्दीपछि यसको बढ्ता शक्ति जमेको र बुद्धधर्मभित्र पनि तांत्रिक सम्प्रदाय 'मंत्रयान'को प्रवेश भएको मानिन्छ ।

प्रसिद्ध मंत्रयान सम्प्रदायका जन्मदाता नागार्जुन ईसाको तेस्रो शताब्दीमा भएको कुरा इतिहासकारहरू मान्दछन् । नागार्जुन वेदविद्याका धुरन्धर विद्वान् र तंत्रशास्त्रका ज्ञाता भएकोले र पछि बुद्धधर्ममा प्रवेशगर्दा पनि तांत्रिक साधनाद्वारा प्राप्त चमत्कार भनौं अथवा सिद्धिलाई उनले बिर्सन सकेनन् । धान्यकटकर श्री शैलम वसेर महायान बौद्ध समाजलाई 'मंत्रयानी' बौद्ध बनाए । यसबाट पछि वज्रयान सम्प्रदायको नाउँले उग्रसाधना पद्धतिको विकास भयो ।

काञ्ची कामकोटी पीठाधीश सन्यासीहरू पनि शिवशक्तिका परमो-पासक थिए । आद्यशंकराचार्यका गुरु परम्परामा पनि शिवशक्तिको उपासना एवं तांत्रिक साधना हुँदै आएको थियो । अद्वैतवेदान्तका व्याख्याता र अजेय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वान् शंकर भगवानका अवतार नै मानिने शंकराचार्यले पनि गुरु परम्परा-बाट आएको तांत्रिक साधनालाई पूर्ण स्वीकृति दिएका थिए। अझ भन्ने हो भने तंत्रशास्त्रका महान्ज्ञाता र शिवशक्तिका महान् उपासक सिद्धको रूपमा पनि शंकराचार्यको नाउँ लिनुपर्छ। उनको सौन्दर्य लहरी भन्ने सानो स्तोत्र ग्रन्थमा भरिएका तांत्रिक रहस्यका निगूढ अर्थ प्रकाशित गर्न महान् तांत्रिका-चार्यहरूले विभिन्न टीका (व्याख्या) लेखेका छन्। आज पनि तांत्रिक साधना, श्रीचक्र पूजा, शिवशक्तिको उपासना दक्षिण भारतमा नै जीवन्त छ।

ईस्वी आठौं शताब्दीका अन्तिम चरणतिर जन्मेका भगवान् शंक-राचार्य आफ्नो दिग्विजयी भ्रमण गर्ने सिलसिलामा नेपाल उपत्यकाभित्र पनि आएका थिए भनिन्छ। त्यस वेलामा या त्यसपछि पनि उपत्यकाको यो सुन्दर भूमिमा दक्षिणबाट वैदिक धर्मावलम्बी आर्यहरू यहाँ आएको कुरा स्वीकार गर्न सकिन्छ। वज्रयानको उग्रसाधना पद्धतिको नाउँमा आएको विकृतिलाई शंकराचार्यको प्रयत्नले केही हदसम्म सुधार गऱ्यो।

परन्तु सातौंशतीमा प्रतिलिपि गरिएको तंत्र शास्त्रनिश्वासतन्त्र यहाँ प्राप्त भएको र शंकराचार्यको युगमा तांत्रिक बौद्ध समाजको पनि यहाँ बोल-बाला स्थिति देखिएकोले पाचौं छैटौं शताब्दीतिर नै यहाँ तांत्रिक साधनापक्षले प्रवेश गरिसकेको कुरा जान्न सकिन्छ। बङ्गाल,उडिसा,आसाममा तांत्रिक साध-नाले व्यापकता नपाउँदै यहाँ आइपुगेको प्रमाणले पनि तांत्रिकपक्ष दक्षिणबाट सीधै यहाँ पसेको थियो कि भन्ने शंका उठ्छ। शंकराचार्यले बौद्ध समाजलाई ध्वस्त पारेको लाञ्छना पनि लगाएको पाइन्छ। किन्तु वादविवादको युद्धमा परास्त गरेर आफ्ना चेला बनाउनेबाहेक उनको अन्य विध्वंशकारी कार्यक्रम थाहा छैन र विक्रमशिला नालन्दा जस्ता विशाल विद्यापीठहरू शंकराचार्यका वेलामा पनि थिए र ११ रौं शतीसम्म महायान र वज्रयान सम्प्रदायका अभेद्य गढको रूपमा उक्त दुवै विद्यापीठ प्रख्यात थिए। यसकारण शंकराचार्यको विरुद्धमा बौद्धसमाजद्वारा जुन आक्षेप गरिन्छ, त्यसमा सारतत्त्व केही छैन भन्न सकिन्छ। वादविवाद र तर्कले भने उनले दिग्विजय गरे। नेपालमा पनि त्योभन्दा बढी उनबाट भएन। किन्तु वैदिक मार्गका देवदेवीको पूजाआजा चालु गराउने प्रयत्न भने गरेका थिए।

संस्कारहरू

नेवार भनिने जातिको छुट्टै अस्तित्व भएको पाइँदैन भन्ने कुराको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चर्चा भइसकेको छ । जोशी, दैवज्ञ, वैद्य आदि पेशालाई बुझाउने केही जाति छन् भने प्रधान, प्रधानाङ्ग, राजभण्डारी, अमात्य भनिने जातिचाहिं पद, मानवाचक थर बनेका जाति छन् । यी उल्लिखित दुवै खाले जातिका समाजिक स्थिति र स्थागत विशेषताहरूमा केही अन्तर भए पनि धर्मले शैव छन् अर्थात् वैदिकधर्म मान्ने नै छन् । प्रधानहरूको वंशावली अध्ययन गर्दा राय ठौरवंशी राजपूत क्षत्रियसँग मूल गासिन्छ । राजवंशी, मल्लहरू निश्चय रूपले क्षत्रियवर्णका हुन् । आचाजु ब्राह्मण कुल हो । राजभण्डारी अमात्य पनि क्षत्रिय वंशकै हुन् भन्न सकिन्छ । किनकि मध्यकालमा अमात्य मंत्री, सेनानायक, भण्डारे आदि राज्यसँग सम्बन्धित पदाधिकारीहरू क्षत्रियवर्णबाटै अधिकांश लिइन्थे ।

बाँडा शब्द शायद बनियाँबाट बनेको हो र बनियाँ ऋग्वैदिक पणिजातिका सन्तति हुन् । यस्तै अन्य श्रेष्ठ भनिने जाति पनि ऐतिहासिक कालका श्रेष्ठी सार्थवाहका सन्तान हुन् भन्न सकिन्छ । ईसापूर्वका शताब्दीहरूमा नै उपत्यकावासीहरू उनीगाल, चमर, कस्तुरी, जडी–बुटीको व्यापार गर्दथे । यो व्यापार चलाउन श्रेष्ठीहरू यहाँ बसोबास गर्न थाले । सार्थवाह (घुमन्ते व्यापारी) पनि यहाँ आएर कोठीथापी बस्न थाले । व्यापार निगम (व्यावसायिक सङ्घ) शिल्पकारसङ्घ आदि सङ्घ वा श्रेणीको अस्तित्व बुद्धकालीन मसाजमा पनि पाइन्छ । यो सँगठनले आजकालको बैंकको जस्तै लगानी–भुक्तानीको कारोबार गर्दथ्यो तथा विभिन्न नगर श्रेष्ठी (सेठ्ठी) हरूका आफ्ना मुद्रा (छाप) हुन्थे र यस्ता छाप लागेका हुण्डीद्वारा व्यापारिक कारोवार चल्थ्यो । लिच्छवि गणराज्य (वैशालीको) उत्खननमा यस्ता सेठ्ठीहरूका अनेकौं मुद्रा (छाप) पाइएका हुनाले व्यापार निगम (बैंक) को प्रारूप थियो भन्ने कुरा इतिहासकारहरू मान्दछन् । वैशालीको लिच्छविवंश नै नेपाल उपत्यकाभित्रको राजघराना भएका प्रमाणले पनि त्यहाँको व्यापारिक प्रगति गर्ने श्रेष्ठीकुल यहाँ आएका थिए भन्ने कुरा मान्न सकिन्छ । पाली वा प्राकृतमा 'सेठ्ठी' वर्तमानमा सेठ, संस्कृतमा श्रेष्ठी शब्दले चिनिने वैश्यजातिबाट नै नेपालका श्रेष्ठ भनिने जातिको जन्म भएको छ । श्रेष्ठीहरू लिच्छविकालमा प्रशस्तै आएका थिए भन्ने कुरा अभिलेखबाट थाहा पाइन्छ ।

यसरी ब्राह्मण, क्षत्रिय र वैश्य समाजको यहाँ प्रवेश भएपछि उनीहरूको सामाजिक क्षेत्रका मद्दतगार बनेका शिल्पकार, धोबी, लोहार, चमार, नाउँ बधिक, वर्धकि (कर्मी) बाजा बजाउने, लुगासिउने आदि विभिन्न पेशा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न जाजिको यहाँ प्रवेश भयो । कैयन जातिलाई समाजको आवश्यकता पूरा गर्न ठाउँ ठाउँबाट बोलाएर पनि ल्याइयो होला । यसरी विभिन्न जाति र वर्णको यहाँ प्रवेश भयो । किराँतशासन भएका बेलामा पसेका आर्यहरूले नै सबै लत्तोछाडेर उनीहरूसँगै मिल्ने किसिमको व्यवहारले गर्दा किराँतजातिसँग रक्तसम्मिश्रण भयो । आर्यकुलका नेपाली सन्ततिले आफ्नो रूप, रङ्ग, आकृति चोखो राख्न सकेनन् । किन्तु संस्कार, धर्म र सांस्कृतिक पक्ष भने यथा सक्य जीवित राख्न प्रयत्नशील रहेको पाइन्छ ।

यसरी काठमाडौं उपत्यकाभित्र प्रवेश गर्ने चारैवर्ण र अन्य जातिहरूका साथै किराँतभन्दा पहिले यहाँ आउने पशुचारक कश वा खश जातिहरूको पनि महाकिराँत जातिसँग घुलमिल भयो । खान–पान, वेश–भूषा,भाषामा यसरी किराँत मूलका प्रजातिसँग एकता कायम गरेपनि धार्मिक पक्षमा भने वैदिक वर्णव्यवस्थाकै अनुसरण गरेका हुँदा नयाँ संस्कृतिको जन्म भएको छ ।

नेपालमा शासक नै किराँत भएको बेलामा पस्ने आर्यहरूले चेली-बेटी किराँतलाई नदिई सुख पाएनन् होला र आफ्ना छोराको विबाह गर्दा पनि सुदूर दक्षिणमा पर्ने महाराष्ट्र र बङ्गालका जातिसँग सधैं सम्बन्ध जोडिराख्न सकेनन् । आर्यजातिको उत्तर वैदिक कालमा विकासभएको जातिप्रथा र वर्णव्यवस्थाको छाप यहाँ आउनेहरूमा बाँकी नै भएकोले वर्णव्यवस्था अनुरूपको जातकर्म, नामकरण, अन्न प्राशन, चूडा, उपनयन आदि संस्कारका साथै मरेपछि गरिने दाह प्रथा, सती–प्रथा र १३ दिनसम्म गरिने काजक्रिया एवं चोखीनीती पनि नेवार जातिमा वैदिकधर्म अनुकूल नै चलेको पाइन्छ । मुखमुद्राले मङ्गोलियन देखिए पनि संस्कार गर्दा महाकिराँत जातिको परम्परा नअपनाइकोले किराँतवंश होइनन् भन्ने कुरा स्वतः सिद्ध छ । किराँतहरूको शवसंस्कार आर्यहरूसँग मिल्दैन । यस्तै अन्य कार्यमा पनि भिन्नता छ ।

कन्यादानको शास्त्रीय महत्त्वलाई बचाउने उद्देश्यले त्यो बेलाका विद्वान्हरूले आठवर्षकी कन्यालाई विष्णु स्वरूप सुवर्ण प्रतिमाका कुमारसँग विवाह गरेर संस्कार पूरा गरिदिने र कन्यादानसम्बन्धी धर्म बचाउने प्रथा चलाए । यसरी दैवी विबाह संस्कार पूरा भइसकेका छोरीहरू मर्दा पूरा जूठो बार्नुपर्ने र काजक्रिया गर्नुपर्ने व्यवस्था पनि गरियो । यसपछि मानिससँग गरिने विवाहको निम्ति केवल खानपान, सौगातको आदानप्रदान आदि लौकिक व्यवहार मात्र बाँकीरहे । कन्याका शास्त्रीय पति सुवर्ण कुमार नै भए। लौकिकपतिसँग यौन–सम्बन्ध र गृहस्थाश्रम मात्र चल्ने भयो वास्तविक वर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्पित प्रतिमा नै मानिए । यो प्रथा वैदिकधर्ममा नौलो प्रयोग हो । धर्म बचाउने इच्छामा नेपालका नेवार जातिले शुरू गरेको यो चलन, सांस्कृतिक परम्पराको रूपमा जीवन्त छ ।

कन्या माग्न जाँदा सुपारी पठाउने र त्यो स्वीकार भएपछि लाखा (रोटी) पठाउने चलन छ । त्यो रोटी अष्ट मङ्गलीय चिह्नले युक्त हुनुपर्छ शंख, चक्र गदा, पद्म आदि आकार भएका नै लाखा पठाउनु पर्ने नियम बाँधियो। त्यसको रहस्य– तिमीसँग विवाह भएको विष्णुकुमार भनेको मैंहुँ र मेरा मुद्रा र आयुधको प्रतिरूप माङ्गलिक चिह्न यिनै हुन् भन्ने कुराको अभिव्यक्ति उक्त लाखाबाट गरिने भयो। शास्त्रीय विधिले विवाह कर्म सम्पन्न भइसकेका कन्याहरूले सौभाग्य चिह्नका अलङ्करणहरू पहिले नै लगाउने हुँदा मानवसँग जोडिएको वैवाहिक सम्बन्धमा विशेष विधि गर्नुपर्ने आवश्यकता पनि परेन । साथै यो दोस्रो सम्बन्धको वैवाहिक बन्धन अनुल्लङ्घनीय नभएकोले विवाह विच्छेद (पारपाचुके) जस्ता प्रथा पनि समाजमा स्वीकृत गरियो। पूर्ण यौवना वधू नै डोला ल्याउने हुँदा भिन्न पस्दा सासुले तालसाँचो जिम्मा दिने परम्परा चलेको बुझिन्छ ।

यसरी उपत्यकाभित्रका शरहमा बस्ने जातिको सांस्कृतिक अध्ययन गर्दा मङ्गोल जातिसँगको सम्मिश्रणले जन्मेका उपजाति र प्रजातिसँग वैवाहिक सम्बन्ध जोड्नु पर्ने बाध्यताले गर्दा मात्र आर्यमूलका जातिहरूको नयाँ सांस्कृतिक धरातल खडा भएको पाइन्छ । नायर वा नथ्यर मूलका जातिको बाहुल्य र उनीहरूले अपनाएका भाषालाई स्वीकार गर्ने आर्यहरूका टोली पनि समष्टिरूपमा नेवार भनिन थाले । यसकारण नेवार जातिको छुट्टै जातीय अस्तित्व आज पाइँदैन । नेवारी भाषा बोल्ने जातिलाई मात्र नेवार भन्न पनि मिल्दैन । नेवारको वास्तविक परिभाषा कसरी गर्ने हो, त्यो प्रश्न नै बनेको छ । मालावार प्रान्तका नायर जातिको सांस्कृतिक अन्वेषण गर्दा आजको ५०।६० वर्ष अगाडिसम्म इही प्रथा (विवाह) रहेको थाहापाइएको छ ।

जसरी बङ्गाली भन्दा बङ्गालमा बस्ने ब्राह्मण, क्षत्रीय, वैश्य, शूद्र, कायस्थ आदि जातिको बोध हुन्छ र विहारी, उडिया, महाराष्ट्री भन्दा पनि त्यहाँ बस्ने समस्त जातिको बोध हुन्छ त्यस्तै नेवार पनि उपत्यकावासी नेवारी भाषा मातृभाषा भएका समूहको नाउँ मात्र हो । बङ्गाली र मराठी जात नपाए जस्तै नेवारको पनि छुट्टै जाति पाइदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नायर जाति मात्रै हो भने पनि ब्राह्मण, क्षत्री, वैश्य, शूद्र एवं अन्य जाति पनि नायरभित्र पाइन्छन् । साथै यो जाति ई० पू० १००० वर्ष पहिलेदेखि नै समुद्रमार्गद्वारा वेविलोन, मिश्र र रोमसम्म नै व्यापार गर्थ्यो। यहाँ मात्र हुने चन्दन, चीडका, धरन र अन्य वस्तु पश्चिम एशियामा गएको कुरा यसै ग्रन्थमा उल्लेख भएको छ । यसकारण यहाँका राडीपाखी कस्तुरी चमर र वनौषधी जम्मा गर्न ईसापूर्व नै व्यापारी श्रेष्ठी कुलहरू यहाँ आएर बस्ने गरेका र यहाँ बस्ता भाषाको सजिलो र सुरक्षाको निम्ति यहीं विवाह गरेर बसोवास भएको मात्र सकिने पनि प्रशस्त आधारहरू छन् । सार्थहरूको विभिन्न समूह यहाँ आएर बसेको र बेलाबेलामा आफ्ना समूहको भेटघाट, चाडपर्वको मान्यता र अन्य सजिलोका निम्ति गुठीप्रथा चलाएको पनि हुनसक्छ ।

बुद्धधर्ममा महायान शाखाको विकास भएपछि विस्तारै वैदिक धर्मको आश्रमधर्म जस्तै भिक्षुजीवन र गृहस्थ जीवनमा पनि बुद्धधर्मको प्रवेश भयो । मन्त्रयान र बज्रयान सम्प्रदायको विकास भएपछि नै नेपाल उपत्यकावासीहरूमा बुद्धधर्मको बढी विस्तार भएको पाइन्छ । तेस्रो शताब्दीतिर यहाँ बुद्धधर्मको प्रवेश भएको अनुमान गर्न सकिन्छ तापनि व्यापक प्रभावचाहिं बज्रयानको उदयपछि नै भएको हो । गृहस्थाश्रममा बस्न पाइने, पञ्चमकारको सेवन गर्नु हुने आदि नियम बज्रयान सम्प्रदायभित्रकै हो । यसको उदय छैटौं शतीमा भारतमा नै भएको हो र सातौं शताब्दीको मध्यतिर नेपालमा पसेको कुरा अनुसन्धानबाट थाहा हुन्छ । बज्रयान सम्प्रदायको देखासिकीमा हीनयान सम्प्रदायका अनुयायी शाक्य भिक्षुहरूले पनि लुकीछिपी पत्नी ग्रहण गर्न थाले। यो प्रथा २।४ दशक अगाडिसम्म पनि प्रच्छन्न रूपमा छ भन्ने कुरा देखाइन्थ्यो । अथवा शाक्यवंशीका स्त्रीहरू, विवाह नभएको रूप प्रर्दशन हुने (विधवा जस्तै) स्थितिमा रहन्थे । विवाह पनि रातमा गएर रातमै ल्याउने चल थियो ।

नेवार जातिको संस्कृतिमा राजमुकुट

नेवारी समाजको धार्मिक तथा सांस्कृतिकपक्षको छोटो दिग्दर्शन गरियो । वास्तविक उपत्यकावासीको इतिहास लिच्छवि-कालदेखि शुरू हुन्छ । ईस्वी सम्वत्को शुरूतिर किराँत राजालाई परास्त गरेर लिच्छवि कुलका राजा जयदेव प्रथमले यहाँ सत्ता जमाएपछि नै पश्चिम तथा दक्षिणबाट आर्य ब्राह्मण, क्षत्रीय, वैश्य र अन्य शिल्पकार जातिको बढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संख्यामा प्रवेश भयो । भारतमा शक र कुषाणहरूको वर्वर आक्रमणले पीडित आर्य सन्तानीहरूको शरण स्थलको रूपमा यो देशको वस्ती बढ्यो । प्राचीन मूर्तिकलाको अध्ययन गर्दा पनि पहिलो शताब्दी ताकका शिल्पकलाका प्रतिमाहरू यहाँ देखन पाइएकोले लिच्छवि शासनसँगै धर्म, संस्कृति, कला यहाँ पसेको थाहा पाइन्छ । प्रथम शताब्दीका मथुराका मूर्तिकलासँग तादात्म्य राख्ने तथा वेशभूषा केशविन्यास आदिचाहिं अफ्नै पाराको अङ्कन भएका मूर्तिहरू यहाँ प्राप्त भएकाले आर्यजनको प्रवेशलाई पुष्टि गर्दछ । भारतमा नै कुंदिएका ती मूर्तिहरू नभएर यहीं बस्नआएका कलाकारका कलाकृति हुन् भन्ने कुरा नेपालीपन झल्काउने प्रयास गरिएकोबाट पनि थाहा हुन्छ ।

लिच्छविकालीन राजसत्ताका न्याय, नीति, धर्म, संस्कृतिहरू आर्यसभ्यताकै अनुकूल भएको कुरा विभिन्न स्रोतको अध्ययनबाट थाहा पाइन्छ । वैदिक तथा पौराणिक कालको राजसत्ता र मान्यतावारे पहिले नै विवेचना भइसकेको छ । लिच्छविहरू पहिले गणतंत्रका पक्षधर भए तापनि मगध तथा काशी, कोशलका साम्राज्यको चपेटाले सचेत भइसकेका हुँदा युगको मागअनुसार राजतंत्रका पक्षपाती भएका थिए । केवल गणतंत्रात्मक पद्धतिमा विकास भएको पाञ्चाली प्रथा (स्वायत्त शासन) प्रशासनिक सुविधाको लागि प्रयोगमा ल्याएका थिए भन्नुपर्छ । अन्य व्यवस्था वैदिक राजतंत्र कै अनुरूप थियो । त्यसपछिका मल्ल राजाहरूको शासन प्रणाली पनि हिन्दू-राजतंत्रकै अनुगामी थियो र धर्म समन्वयको नीतिलाई पूर्ण पालन गर्दै आफूले सनातन धर्मको विधिविधान नै गर्दै आए । नेपालको राजतन्त्रात्मक इतिहासमा गद्दीनसीन राजाहरू वैदिक धर्मावलम्बी मात्रै भए । बौद्धधर्म स्वीकार गर्ने राजाहरूले गद्दी छाडेर मात्र भिक्षुधर्म ग्रहण गरेको कुरा अन्वेषणबाट थाहा हुन्छ । राजा र प्रजाका बीच सुमधुर सम्बन्ध कायक गर्नु, पुत्रवत् प्रजाको पालला गर्नु र प्रजाको मनोनुकूल शासनगर्नु आदि गुण वैदिक राजतन्त्रभित्र पर्दछन् । नेपाल उपत्यकाभित्र शासन गर्ने लिच्छवि, चन्द्रवंशी, सूर्यवंशी ठकुरी राजाहरू एवं मल्लउपाधिधारी क्षत्रिय राजाहरूको प्रशासन सनातन धर्मका विधि, नियमभित्रकै पाइन्छन् ।

वैदिककाल र त्यसपछिको इतिहासकाल एवं पौराणिक कालको सामाजिक अवस्थाको दिग्दर्शनका साथै विभिन्न जातिको नेपाल आगमन,जाति,उपजाति र प्रजातिहरूको दिग्दर्शन गर्ने प्रयास गरियो, वैदिक सनातन धर्ममा राजाविनाको समाजको परिकल्पना गर्न नसकिने र प्राग्इतिहास कालमा वैदिकधर्मका अनुयायीहरूले अङ्गीकार गरेका गणतन्त्रात्मक व्यवस्थाको अध्ययन गर्दा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नायर जाति मात्रै हो भने पनि ब्राह्मण, क्षत्री, वैश्य, शूद्र एवं अन्य जाति पनि नायरभित्र पाइन्छन् । साथै यो जाति ई० पू० १००० वर्ष पहिलेदेखि नै समुद्रमार्गद्वारा वेविलोन, मिश्र र रोमसम्म नै व्यापार गर्थ्यो। यहाँ मात्र हुने चन्दन, चीडका, धरन र अन्य वस्तु पश्चिम एशियामा गएको कुरा यसै ग्रन्थमा उल्लेख भएको छ । यसकारण यहाँका राडीपाखी कस्तुरी चमर र वनौषधी जम्मा गर्न ईसापूर्व नै व्यापारी श्रेष्ठी कुलहरू यहाँ आएर बस्ने गरेका र यहाँ बस्ता भाषाको सजिलो र सुरक्षाको निम्ति यहीं विवाह गरेर बसोवास भएको मान्न सकिने पनि प्रशस्त आधारहरू छन् । सार्थहरूको विभिन्न समूह यहाँ आएर बसेको र बेलाबेलामा आफ्ना समूहको भेटघाट, चाडपर्वको मान्यता र अन्य सजिलोका निम्ति गुठीप्रथा चलाएको पनि हुनसक्छ ।

बुद्धधर्ममा महायान शाखाको विकास भएपछि विस्तारै वैदिक धर्मको आश्रमधर्म जस्तै भिक्षुजीवन र गृहस्थ जीवनमा पनि बुद्धधर्मको प्रवेश भयो । मन्त्रयान र वज्रयान सम्प्रदायको विकास भएपछि नै नेपाल उपत्यकावासीहरूमा बुद्धधर्मको बढी विस्तार भएको पाइन्छ । तेस्रो शताब्दीतिर यहाँ बुद्धधर्मको प्रवेश भएको अनुमान गर्न सकिन्छ तापनि व्यापक प्रभावचाहिं बज्रयानको उदयपछि नै भएको हो । गृहस्थाश्रममा बस्न पाइने, पञ्चमकारको सेवन गर्नु हुने आदि नियम वज्रयान सम्प्रदायभित्रकै हो । यसको उदय छैटौं शतीमा भारतमा नै भएको हो र सातौं शताब्दीको मध्यतिर नेपालमा पसेको कुरा अनुसन्धानबाट थाहा हुन्छ । वज्रयान सम्प्रदायको देखासिकीमा हीनयान सम्प्रदायका अनुयायी शाक्य भिक्षुहरूले पनि लुकीछिपी पत्नी ग्रहण गर्न थाले। यो प्रथा २।४ दशक अगाडिसम्म पनि प्रच्छन्न रूपमा छ भन्ने कुरा देखाइन्थ्यो । अथवा शाक्यवंशीका स्त्रीहरू, विवाह नभएको रूप प्रर्दशन हुने (विधवा जस्तै) स्थितिमा रहन्थे । विवाह पनि रातमा गएर रातमै ल्याउने चल थियो ।

नेवार जातिको संस्कृतिमा राजमुकुट

नेवारी समाजको धार्मिक तथा सांस्कृतिकपक्षको छोटो दिग्दर्शन गरियो । वास्तविक उपत्यकावासीको इतिहास लिच्छवि-कालदेखि शुरू हुन्छ । ईस्वी सम्वत्को शुरूतिर किराँत राजालाई परास्त गरेर लिच्छवि कुलका राजा जयदेब प्रथमले यहाँ सत्ता जमाएपछि नै पश्चिम तथा दक्षिणबाट आर्य ब्राह्मण, क्षत्रीय, वैश्य र अन्य शिल्पकार जातिको बढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संख्यामा प्रवेश भयो । भारतमा शक र कुषाणहरूको वर्वर आक्रमणले पीडित आर्य सन्तानीहरूको शरण स्थलको रूपमा यो देशको बस्ती बढ्यो । प्राचीन मूर्तिकलाको अध्ययन गर्दा पनि पहिलो शताब्दी ताकका शिल्पकलाका प्रतिमाहरू यहाँ देखन पाइएकोले लिच्छवि शासनसँगै धर्म, संस्कृति, कला यहाँ पसेको थाहा पाइन्छ । प्रथम शताब्दीका मथुराका मूर्तिकलासँग तादात्म्य राख्ने तथा वेशभूषा केशविन्यास आदिचाहिं अफ्नै पाराको अङ्कन भएका मूर्तिहरू यहाँ प्राप्त भएकाले आर्यजनको प्रवेशलाई पुष्टि गर्दछ । भारतमा नै कुंदिएका ती मूर्तिहरू नभएर यहीं बस्नआएका कलाकारका कलाकृति हुन् भन्ने कुरा नेपालीपन झल्काउने प्रयास गरिएकोबाट पनि थाहा हुन्छ ।

लिच्छविकालीन राजसत्ताका न्याय, नीति, धर्म, संस्कृतिहरू आर्यसभ्यताकै अनुकूल भएको कुरा विभिन्न स्रोतको अध्ययनबाट थाहा पाइन्छ । वैदिक तथा पौराणिक कालको राजसत्ता र मान्यतावारे पहिले नै विवेचना भइसकेको छ । लिच्छविहरू पहिले गणतंत्रका पक्षधर भए तापनि मगध तथा काशी, कोशलका साम्राज्यको चपेटाले सचेत भइसकेका हुँदा युगको मागअनुसार राजतंत्रका पक्षपाती भएका थिए । केवल गणतंत्रात्मक पद्धतिमा विकास भएको पाञ्चाली प्रथा (स्वायत्त शासन) प्रशासनिक सुविधाको लागि प्रयोगमा ल्याएका थिए भन्नुपर्छ । अन्य व्यवस्था वैदिक राजतंत्र कै अनुरूप थियो । त्यसपछिका मल्ल राजाहरूको शासन प्रणाली पनि हिन्दू-राजतंत्रकै अनुगामी थियो र धर्म समन्वयको नीतिलाई पूर्ण पालन गर्दै आफूले सनातन धर्मको विधिविधान नै गर्दै आए । नेपालको राजतन्त्रात्मक इतिहासमा गद्दीनसीन राजाहरू वैदिक धर्मावलम्बी मात्रै भए । बौद्धधर्म स्वीकार गर्ने राजाहरूले गद्दी छाडेर मात्र भिक्षुधर्म ग्रहण गरेको कुरा अन्वेषणबाट थाहा हुन्छ । राजा र प्रजाका बीच सुमधुर सम्बन्ध कायक गर्नु, पुत्रवत् प्रजाको पालला गर्नु र प्रजाको मनोनुकूल शासनगर्नु आदि गुण वैदिक राजतन्त्रभित्र पर्दछन् । नेपाल उपत्यकाभित्र शासन गर्ने लिच्छवि, चन्द्रवंशी, सूर्यवंशी ठकुरी राजाहरू एवं मल्लउपाधिधारी क्षत्रिय राजाहरूको प्रशासन सनातन धर्मका विधि, नियमभित्रकै पाइन्छन् ।

वैदिककाल र त्यसपछिको इतिहासकाल एवं पौराणिक कालको सामाजिक अवस्थाको दिग्दर्शनका साथै विभिन्न जातिको नेपाल आगमन,जाति,उपजाति र प्रजातिहरूको दिग्दर्शन गर्ने प्रयास गरियो, वैदिक सनातन धर्ममा राजाविनाको समाजको परिकल्पना गर्न नसकिने र प्राग्इतिहास कालमा वैदिकधर्मका अनुयायीहरूले अङ्गीकार गरेका गणतन्त्रात्मक व्यवस्थाको अध्ययन गर्दा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलपरम्परागत राजाको स्थानमा निर्वाचित गणपति राजा हुने तर त्यसै कुलभित्रका व्यक्तिलाई नै निर्वाचन गरिने परम्परा भएको पाइन्छ । बुद्धकालीन लिच्छवि गणतन्त्रमा लिच्छवि, वज्जि, विदेह, ज्ञात्र आदि १० क्षत्रिय कुल थिए र आफ्ना आफ्ना कुलका गणपति (राजा) छुट्टै थिए । सामूहिक रूपमा लिच्छविगणसँग सम्बन्धित रहेका यी आठ कुलका प्रतिनिधि (अभिजातवर्ग) बाटै छानिन्थे । प्रायशः निर्वाचित गणपति पनि सुयोग्य वाबुको छोरो नै निर्वाचित भएको कुरा अनुसन्धानबाट जान्न पाइन्छ

यसकारण सत्तासीन हुने प्रणाली र पारस्परिक हित चिन्तनमा सभाद्वारा निर्णित मतलाई मान्यता दिने परिपाटी भए तापनि वैदिक राजतन्त्रका अन्य विधि नियमसँग भिन्नता थिएन । सभा, समिति र त्यसको मन्तव्य लिएर प्रशासन गर्ने नियम वैदिककालमा थियो भन्ने कुरा उल्लेख भइसकेको छ ।

राजसंस्थाको मान, मर्यादा, अधिकार, उत्तराधिकार आदि कुराहरू विश्वकै राजसंस्थासँग मेल खाने भए तापनि हिन्दूराजतन्त्रमा के विशेषता छ र नेपालको राजसंस्था र सांस्कृतिक परम्परा के छ भन्ने कुरा यो प्रबन्धमा देखाउने चेष्टा गरिएको छ ।

वैदिककालदेखिको धर्म, संस्कृति, परम्परा आदिको समीक्षा गर्दा ग्रन्थको कलेवर बढेकोले साधारणतः विक्रमको पहिलो शतीसम्मको सांस्कृतिक परम्पराको ऐतिहासिक गोरेटो बनाउने प्रयास पूर्वार्धमा गरिएको छ ।

नेपाली धर्म, संस्कृति, लोकदेवताहरूको मान्यता, कुलदेवता र यी देवतासँग राजमुकुटको के कस्तो सम्बन्ध छ भन्ने कुरा उत्तरार्धमा विवेचना गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ ग्रन्थ-सूचि

१) महाभारत १८ रं पर्व– पुना प्रकाशन

२) अध्यक्षीय भाषण– डा. अल्तेकर इन्डियन हिष्टिकांग्रेस २२ सौं अधिवेशन ।

३) ऋग्वेद भाष्य भूमिका– चौखम्वा प्रकाशन ।

४) ओरायन – लोकमान्य तिलक

५) गीतारहस्य – लोकमान्य तिलक ।

६) हिष्ट्री अफ वैदिक लिटरेचर भा १-२ प्रो. मैकाडनल ।

७) हिष्ट्री अफ इन्डियन लिटरेचर भाग-१

८) भारतीय ज्योतिष शास्त्र– शङ्कर बालकृष्ण दीक्षित (पुना प्र.)

९) शतपथ ब्राह्मण, सायण भाष्य

१०) ऋग्वैदिक इन्डिया– अविनाश दास

११) इन्डियन इन्टि क्वैरी, प्रो. विन्टरनित्स ।

१२) छान्दोग्योपनिषद् शङ्कर भाष्य, चौखम्वा ।

१३) ऋग्वेद–सातवलेकर भाष्य १–६ भाग पुना प्रकाशन

१४) ऋग्वेद दयानन्द भाष्य
अथर्ववेद भाग १-४ पं. जयदेव विद्यालङ्कार आर्य साहित्य मण्डल अजमेर प्रकाशन ।

१५) एन्शीयेन्ट इन्डिया– रमेश चन्द्र मजुमदार

१६) वैदिक इन्डेक्स भाग १–२, डा. मैकाडनल, प्रो. कीथ, अनु. डा. रामकुमार, चौखम्वा प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७) ऐतरेय ब्राह्मण सायण भाष्य–
धर्मशास्त्रका इतिहास १–५ भाग डा. पी. वी काणे
अनुवादक काश्यप ।
१८) कौटिल्यको अर्थशास्त्र– वाचस्पति गैरोला, चौखम्वा प्रकाशन
१९) शुक्ल यजुर्वेद– उव्वट महीधर भाष्य– चौखम्वा–
२०) बृहदारण्यक उपनिषद्– गोरख पुर प्रकाशन ।
२१) शुक्रनीति– चौखम्वा प्रकाशन
२२) वैदिक वाङ्मयका इतिहास पाँच भाग पं. भगवद्दत्त (पञ्जाव प्र.)
२३) गौतम धर्मसूत्र– चौखम्वा प्रकाशन
२४) आपस्तंव धर्मसूत्र– चौखम्वा प्रकाशन
२५) वौधायन धर्मसूत्र– चौखम्वा प्रकाशन
२६) वाल्मीकि रामायण गीताप्रेस गोरखपुर ।
२७) मनुस्मृति (कुलूक भट्ट टीका) निर्णय सागर ।
२८) याज्ञवल्क्य स्मृति मिताक्षरा निर्णय सागर ।
२९) मार्कण्डेय पुराण– निर्णयसागर ।
३०) मार्कण्डेय पुराण– पुना प्रकाशन
३१) पद्मपुराण ,,
३२) मत्स्य पुराण बङ्गाल प्रकाशन
३३) विष्णु पुराण गीताप्रेस गोरखपुर
३४) श्रीमद् भागवत चौखम्वा प्रकाशन ।
३५) स्कन्दपुराण– काशीखण्ड, सहयाद्रि, रेवा, हिमवत्, केदार खण्ड ।
३६) लिङ्ग पुराण पुना
३७) शिवपुराण पुना
३८) इन्द्र विजय– महामहोपाध्याय मधुसूदन ओझा
३९) वेदोमें भारतीय संस्कृति– पं. आद्यादत्त ठाकुर ।
४०) वैदिक संस्कृतिका विकास– पं. लक्ष्मण शास्त्री जोशी, साहित्य एकेडेमी वम्बै प्रकाशन
४१) वेदमा के छ ? – डा. स्वामी प्रपन्नाचार्य
४२) वैदिक साहित्य और संस्कृति– आचार्य बलदेव उपाध्याय
४३) भारतीय दर्शन– ,, ,, ,,
४४) भारतीय संस्कृति और उसका इतिहास, डा. सत्यकेतु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४५) वेदकालीन राज्य व्यवस्था– डा. श्यामलाल पाण्डे
४६) वेदकालीन समाज– डा. शिवदत्त ज्ञानी ।
४७) प्राचीन भारत – डा. सत्यकेतु विद्यालंकार ।
४८) भारतीय कला – डा. वासुदेव शरण अग्रवाल
४९) भारतीय प्राचीन लोकधर्म– डा. वासुदेव शरण अग्रवाल
५०) प्रतिभा विज्ञान – डा. द्विजेन्द्रनाथ शुक्ल
५१) प्राचीन भारतीय मूर्ति विज्ञान– डा. नीलकण्ठ पुरुषोतम जोशी
५२) ताण्ड्यमहाब्राह्मण
५३) गोपथ ब्राह्मण एक सांस्कृतिक अध्ययन ।
५४) गरुड पुराण, चौखम्वा प्रकाशन
५५) काव्य मीमांसा– राज शेखर, चौखम्वा
५६) अथर्ववेद परिशिष्ट– सम्पादक डा. जार्ज मेल वील वोलिङ्ग तथा डा. जुलियस फान
५७) कौशिक सूत्र–
५८) प्राचीन भारतका राजनैतिक तथा सांस्कृतिक इतिहास– डा. पी. एस मनराल ।
५९) संस्कृत साहित्यका इतिहास, डा. बहादुरचन्द छावडा, चौखम्वा, प्रकाशन
६०) संस्कृत साहित्यका इतिहास– आचार्य बलदेव
६१) प्राचीन भारतीय कला एवं संस्कृति– डा. राज किशोर सिंह तथा डा. उषा यादव
६२) विश्वकी प्राचीन सभ्यताएं–
६३) ऋग्वैदिक आर्य राहुल सांस्कृत्यायन
६४) गढवाल – ” ”
६५) कुमाउँ – ” ”
६६) किन्नरोंकी देशमें – ” ”
६७) पुरातत्त्व निबन्धावलि – ” ”
६८) बुद्धचर्या – ” ”
६९) तिब्वत में बुद्धधर्म – ” ”
७०) मध्य एशियाका इतिहास भाग १–२ राहुल सांस्कृत्यायन
७१) नेपालको ऐतिहासिक विवेचना, प्रो. ढुण्डिराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७) ऐतरेय ब्राह्मण सायण भाष्य–
धर्मशास्त्रका इतिहास १–५ भाग डा. पी. वी काणे
अनुवादक काश्यप ।
१८) कौटिल्यको अर्थशास्त्र– वाचस्पति गैरोला, चौखम्वा प्रकाशन
१९) शुक्ल यजुर्वेद– उव्वट महीधर भाष्य– चौखम्वा–
२०) बृहदारण्यक उपनिषद्– गोरख पुर प्रकाशन ।
२१) शुक्रनीति– चौखम्वा प्रकाशन
२२) वैदिक वाङ्मयका इतिहास पाँच भाग पं. भगवद्दत्त (पञ्जाव प्र.)
२३) गौतम धर्मसूत्र– चौखम्वा प्रकाशन
२४) आपस्तंव धर्मसूत्र– चौखम्वा प्रकाशन
२५) वौधायन धर्मसूत्र– चौखम्वा प्रकाशन
२६) वाल्मीकि रामायण गीताप्रेस गोरखपुर ।
२७) मनुस्मृति (कुलूक भट्ट टीका) निर्णय सागर ।
२८) याज्ञवल्क्य स्मृति मिताक्षरा निर्णय सागर ।
२९) मार्कण्डेय पुराण– निर्णयसागर ।
३०) मार्कण्डेय पुराण– पुना प्रकाशन
३१) पद्मपुराण ,,
३२) मत्स्य पुराण बङ्गाल प्रकाशन
३३) विष्णु पुराण गीताप्रेस गोरखपुर
३४) श्रीमद् भागवत चौखम्वा प्रकाशन ।
३५) स्कन्दपुराण– काशीखण्ड, सहयाद्रि, रेवा, हिमवत्, केदार खण्ड ।
३६) लिङ्ग पुराण पुना
३७) शिवपुराण पुना
३८) इन्द्र विजय– महामहोपाध्याय मधुसूदन ओझा
३९) वेदोमें भारतीय संस्कृति– पं. आद्यादत्त ठाकुर ।
४०) वैदिक संस्कृतिका विकास– पं. लक्ष्मण शास्त्री जोशी, साहित्य एकेडेमी वम्वै प्रकाशन
४१) वेदमा के छ ? – डा. स्वामी प्रपन्नाचार्य
४२) वैदिक साहित्य और संस्कृति– आचार्य वलदेव उपाध्याय
४३) भारतीय दर्शन– ,, ,, ,,
४४) भारतीय संस्कृति और उसका इतिहास, डा. सत्यकेतु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४५) वेदकालीन राज्य व्यवस्था– डा. श्यामलाल पाण्डे
४६) वेदकालीन समाज– डा. शिवदत्त ज्ञानी ।
४७) प्राचीन भारत – डा. सत्यकेतु विद्यालंकार ।
४८) भारतीय कला – डा. वासुदेव शरण अग्रवाल
४९) भारतीय प्राचीन लोकधर्म– डा. वासुदेव शरण अग्रवाल
५०) प्रतिभा विज्ञान – डा. द्विजेन्द्रनाथ शुक्ल
५१) प्राचीन भारतीय मूर्ति विज्ञान– डा. नीलकण्ठ पुरुषोतम जोशी
५२) ताण्ड्यमहाब्राह्मण
५३) गोपथ ब्राह्मण एक सांस्कृतिक अध्ययन ।
५४) गरुड पुराण, चौखम्वा प्रकाशन
५५) काव्य मीमांसा– राज शेखर, चौखम्वा
५६) अथर्ववेद परिशिष्ट– सम्पादक डा. जार्ज मेल वील वोलिङ्ग तथा डा. जुलियस फान
५७) कौशिक सूत्र–
५८) प्राचीन भारतका राजनैतिक तथा सांस्कृतिक इतिहास– डा. पी. एस मनराल ।
५९) संस्कृत साहित्यका इतिहास, डा. बहादुरचन्द छावडा, चौखम्वा, प्रकाशन
६०) संस्कृत साहित्यका इतिहास– आचार्य बलदेव
६१) प्राचीन भारतीय कला एवं संस्कृति– डा. राज किशोर सिंह तथा डा. उषा यादव
६२) विश्वकी प्राचीन सभ्यताएं–
६३) ऋग्वैदिक आर्य राहुल सांस्कृत्यायन
६४) गढवाल – ” ”
६५) कुमाउँ – ” ”
६६) किन्नरोंकी देशमें – ” ”
६७) पुरातत्त्व निबन्धावलि – ” ”
६८) बुद्धचर्या – ” ”
६९) तिब्वत में बुद्धधर्म – ” ”
७०) मध्य एशियाका इतिहास भाग १–२ राहुल सांस्कृत्यायन
७१) नेपालको ऐतिहासिक विवेचना, प्रो. ढुण्डिराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७२) नेपालको ऐतिहासिक रूपरेखा, बालचन्द्र शर्मा
७३) नेपालको प्राचीन इतिहास, डा. जगदीशचन्द्र रेग्मी
७४) नेपालको धार्मिक इतिहास " " " "
७५) महाभाष्य भगवान् पतञ्जलि
७६) नेपालको भूगोल
७७) अष्टाध्यायी भगवान् पाणिनि
७८) पाणिनिकालीन भारत वर्ष- डा. वासुदेव शरण अग्रवाल
७९) पतञ्जलिकालीन भारत- अग्निहोत्री।
८०) ब्रह्मपुराण-साहित्य सम्मेलन प्रकाशन।
८१) वृहद् संहिता- आचार्य वराहमिहिर।
८२) शब्द कल्पद्रुम- भाग ५ राजा राधाकान्त बहादुर सिंह
८३) वाचस्पत्यम्- भाग ६ तारानाथ तर्कवाचस्पति
८४) पुराण साहित्यका इतिहास, गौरीनाथ शास्त्री
८५) एरेडिक प्रो, मैकाडनल।
८६) नाटच शास्त्र, आचार्य भरतमुनि, अनु. प्रो. गोविन्दप्रसाद भट्टराई- प्रज्ञा प्रकाशन।
८७) नेपाली (पत्रिका) अङ्क ४२ बाबुराम आचार्य।
८८) नेपाल उपत्यकाको मध्यकालीन इतिहास- सूर्यविक्रम ज्ञवाली
८९) निपाल भोलम २, सिलभ्यांलेभी
९०) विनय पिटक
९१) सूत्त पिटक
९२) अंगुत्तर निकाय सूत्त
९३) चुल्ल वग्ग
९४, दीघ निकाय
९५) वैशाली गणतन्त्रको इतिहास-मिश्र
९६) मज्झीम निकाय
९७) दशरथ जातक
९८) अपन्नक जातक
९९) किं पक्को जातक
१००) जातक १, २, ३, ४, ५, ६
१०१) धम्मपद- चौखम्वा प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०२) मातङ्ग जातक
१०३) नन्द जातक
१०४) उद्दाल जातक
१०५) मझीम निकाय रट्ठपाल सूत्त
१०६) उदय जातक
१०७) महाबग्ग
१०८) धित सम्भूत जातक
१०९) सोसियल अर्गनाइजेशन इन एन, ई–इन्डिया बुद्धिष्ट टायम । फिक, आर. ।
११०) कुणाल जातक
१११) कणवीर जातक
११२) सुलसा जातक
११३) तक्कारिय जातक
११४) संख जातक
११५) रोमक जातक
११६) गोध जातक
११७) वारूणि-जातक
११८) शंखपाल जातक
११९) पेतवत्थु
१२०) महानिव्वान सूत्र
१२१) महावणिक् जातक
१२२) उदान
१२३) सत्तमत्त जातक
१२४) विष्णु धर्मसूत्र
१२५) जैनसूत्र
१२६) नारद स्मृति
१२७) गौभिल गृह्यसूत्र
१२८) आपस्तंव गृह्यसूत्र
१२९) पारास्कर गृह्यसूत्र
१३०) हिरण्यकेशी गृह्यसूत्र
१३१) मानव गृह्यसूत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३२) आश्वलायन गृह्यसूत्र
१३३) वसिष्ठ धर्मसूत्र
१३४) सूत्र निपात
१३५) वेल लाइफ अफ···
१३६) पुण्णन्दी जातक
१३७) काठक संहिता
१३८) तैत्तिरीय संहिता
१३९) मैत्रायणी संहिता
१४०) सिक्रेट बुक्स अफ द इष्ट
१४१) प्राचीन भारतीय वेशभूषा, डा. मोतीचन्द्र
१४२) मेघदूत, महाकवि कालीदास।
१४३) संयुक्त निकाय
१४४) बुद्धिष्ट इन्डिया– टी. डब्लू. रीश डेविड
१४५) दिव्यावदान
१४६) भगवती सूत्र
१४७) महावंश
१४८) समञ्ज फल सूत्त
१४९) बौद्ध दर्शन तथा अन्य भारतीय दर्शन भाग १–२ भरत सिंह उपाध्याय
१५०) नागुण्ठ जातक
१५१) सन्थव जातक
१५२) महा गोविन्द सूत्त
१५३) विमान वत्थु
१५४) पाली डिक्शनरी
१५५) अट्टकथा
१५६) एव चर्या पिटक
१५७) बुद्धकालीन समाज और धर्म, डा. मदन मोहन
१५८) बुद्धदर्शन-आचार्य नरेन्द्रदेव
१५९) भारतीय प्राचीन इतिहास– डा. काशीप्रसाद जायसवाल
१६०) हिन्दू पालिटी १, २ भाग ६, डा. काशीप्रसाद जायसवाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६१) कौषितकी ब्राह्मण
१६२) कालीका पुराण
१६३) देवी पुराण
१६४) सेती अञ्चल दिग्दर्शन– पूर्णप्रकाश नेपाल
१६५) इन्डियन हिष्टोरिकल क्वार्टर्ली– हडसन
१६६) थेर गाथा
१६७) बैखानस धर्मसूत्र
१६८) वातमिग जातक
१६९) बुद्धशासनको इतिहास, भिक्षु अमृतानन्द
१७०) जैन धर्मका बृहद् इतिहास, भाग १–७
१७१) समूद्रगुप्तको प्रयाग अभिलेख– वासुदेव श. उपाध्याय
१७२) बुद्धजीवनी– भिक्षु अमृतानन्द
१७३) भारतीय समाजका ऐतिहासिक विश्लेषण– डा. भगवत शरण उपाध्याय
१७४) बोधीचर्यावतार
१७५) मालती माधव (नाटक) महाकवि भवभूति
१७६) हिन्दी साहित्यका इतिहास– आचार्य रामचन्द्र शुक्ल
१७७) मंजुश्री मूलकल्प
१७८) वाराह पुराण उत्तर खण्ड
१७९) बृहन्नील तन्त्र
१८०) हर्ष चरित, वाणभट्ट
१८१) वाराही तन्त्र–
१८२) राज निघण्टु
१८३) राज तरङ्गिणीकल्हण–
१८४) इम्पेरियल हिष्ट्री अफ इन्डिया– डा. काशीप्रसाद
१८५) इरान– घूश मैन
१८६) कल्चर एण्ड कल्चर रेश ओरिजिन– एच. बी. हाना
१८७) एशियाटिक रिसर्चेज खण्ड ६ (उद्धरणमा)
१८८) विलफोर्ड लेख (उद्धरण–डवराल)
१८९) कुमाउँका इतिहास– यमुनादत्त वैष्णव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९०) सांस्कृतिक संगम उत्तराञ्चल, यमुनादत्त वैष्णव
१९१) कांगडा गजेटियर
१९२) स्टडिज– मोतीचन्द्र ओझा
१९३) हिमालियन गजेटियर– एड्.किन्सन
१९४) कैम्ब्रीज हिष्ट्री अफ इन्डिया– रैप्सन ।
१९५) उत्तराखण्ड के भोटान्तिक– डा शिवप्रसाद उवराल
१९६) कम्परेटिभ ग्रामर अफ द्राविडियन लाङ्ग्वेज– काल्ड वेल
१९७) कुमाउँका इतिहास– वद्रीदत्त पाण्डे ।
१९८) मेदिनी कोष–
१९९) उत्तरा खण्डका इतिहास, भाग १–३, डा. शिवप्रसाद उवराल
२००) केदार खण्ड बम्बै प्रकाशन तथा हस्तलिखित प्रति
२०१) नेपाल माहात्म्य– प्रज्ञा प्रकाशन ।
२०२) गोरखनाथ और उनका युग– डा रांगेय राघव
२०३) कर्णाली अञ्चलको इतिहास, ने. रा. प्रज्ञा प्रतिष्ठान– काठमाडौं
२०४) " " संस्कृति " "
२०५) " " भूगोल " "
२०६) महाकाली दिग्दर्शन– पूर्ण प्रकाश नेपाल
२०७) भाषा विज्ञान, डा. भोला नाथ तिवारी ।

Acc. 22250
22290

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको सांस्कृतिक परम्परा र राजमुकुट

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
२	१६	आमीरहरू	आभीरहरू
"	१८	"	आभीररू
३	७	लानू र	जानु र
"	८	(देवी घाट)	(देवघाट)
४	१	वैदक सभ्यताको	वैदिक-सभ्यताको
"	२५	गर्नको मस्तिष्क	गर्नेको मस्तिष्क,
८	१	जनमा	जसमा
८	११	प्रो धुल्हर	प्रो. बुलहर
८	२३	धरुण रयीणाम्"	धरणं रयीणाम्"
१३	९	अध्येशिया	मध्येशिया
१३	२६	व्यवस्था	व्याख्या
१६	९	अन्म शाकल	अन्य-शाकल
"	१४	शालंल-शाखा	शाकल शाखा
"	"	सत्र मूत्र छन्	सत्र सूत्र छन्
"	१५	दुइरूप । इन्छ	दुईरूपमा पाइन्छ
"	१९	कुष्णा एजुर्वेद	कृष्ण यजुर्वेद
"	२२	वसमा पनि	यसमा पनि
"	"	पिष्ट तेषण	पिष्ट पेषण
"	२५	कपिटष्ल संहिता	कपिष्टल संहिता २
"	"	मैत्रायणी २ संहिता	मैत्रायणी संहिता ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६	२६	तेत्तिरिया संहिता ४	तैत्तिरीय संहिता ४
"	३०	रामायनीय १	राणायनीय १
"	"	कै थुमी २	कौ थुमी २
१७	६	गद्य मद्य शैली	गद्य पद्य शैली
"	११	प्रवन्धनको क्रम भेदले	प्रवचनको क्रम भेदले
१८	२४	नजीक वस्न	नजीक बस्नु,
१९	७	हिद्वान्हरूले	विद्वान्हरूले
२१	८	यस्तुप्रायो	यस्तुपायो
"	१७	पूजा प्रकाशन	पूनाप्रकाशन
२४	२२	गङ्गाको पढन	गङ्गाको नाउँ पढ्न
२४	३०	वर्तमान सतलज कालमा	वर्तमान कालमा सतलज
२६	९	द्वषदवती	दृषद्वती
२८	३	दुहयु	द्रुह्यु
२९	१	यदुवंशीका कुल पुरोहित कण्व वंशी ब्राह्म	(दोहोरियोकोले बढी भएको)
२९	४	विरुद्ध युद्ध र	विरुद्ध युद्धमा
"	९	दुह्यु	द्रुहयु
"	१५	श्रुत काष	श्रुत कवष
३०	१	प्रायशः संस्कृतिकै	प्रायशः वैदिक संस्कृतिकै,
३१	२३	श्रीयेदर	श्रोयोदर
३२	२२	दृविधनि	हविर्धानि-
"	२९	आवस्थ (पाहुनाघर)	आवसथ (पाहुनाघर)
३४	२५	छति छालाको	दृति=छालाको
३६	३०	मृगजिन	मृगाजिन
३८	१०	अभिचार (मरण)	आभिचार (मारण) र उच्चाटन आदि
३९	९	कपर्द (जूरी)	कपर्द (जूरो)
३९	२२	आपस्त्व	आपस्तम्व
४३	"	यज्ञियो देशी	यज्ञियोदेश
४७	७	युद्ध तुर्वश	यदु, तुर्वशु-
४९	४	जायिसँग	जातिसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५०	७	कुशिल कुल	कुशिक कुल
५०	८	पठाउँथे	पढाउँथे
५१	३२	योजाति सिन्धु	यो जाति सिन्धु या
५३	३०	आश्चर्य जनिक	आश्चर्य जनक
५५	८	पद्भ्यामुँ शूब्वे अजायत	पद्भ्या eo शुद्रो s अजायत
५९	२६	भइडि ।	भइदिए ।
६०	२५	युद्ध चलेको । देवतालाई	युद्ध चलेकोमा देवतालाई
६४	१४	मान-	मान्य
७८	५	र्या	यो
७८	९	मेला वा	भेला वा
७८	१६	परि गणित	परिगणित
७९	३१	सकिएको छ ।–	सकिएको छ भनिन्छ ।
८०	३	कार्थको	कार्यको
८५	१८	रैयत्वा पो वा यत्वा	रैयत्त्वा पोषायत्त्वा–
८६	६	धर्मो नित्यात्तो	धर्मो नित्यत्तो,
८६	१२	निर्भण भएर	निर्भय भएर
८७	२	अक्षावाम	अक्षवाप
८७	६	अभिषेक परम्परा छ	अभिषेक गर्ने परम्परा छ
९३	१५	नयमन	नियमन–
९५	१४	राजन्व	राजन्य
"	२५	विद्वानहरूको विचार अथवा	विद्वान्हरूको विचार छ । अथवा
९७	१	सारथी मान्दछ	सारथी मान्दछन् ।
९७	२१	यो विकर्ता	गो विकर्ता
१०४	१	अधिपत्य	आधिपत्य–
"	६	स्वावश्य राज्य व्यवस्था	स्वापश्य–राज्यव्यवस्था–
१०९	९	नाखेर	राखेर
११०	९	रनतन्त्र	स्वतन्त्र
"	१०	शूद्ध	शूद्र
"	१६	शुद्ध	शूद्र
१११	२	सम्म पन्नता	सम्पन्नता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६८	७	थर्ती को	धर्तीको
,,	१८	पुनरुद्वार	पुनरुद्धार
,,	२५	परिशीलले	परिशीलनले
१७०	१९	श्रद्धदेव	श्राद्धदेव
१७६	५	चाक्षुक्ष	चाक्षुष
१८१	१२	कर्मकाण्ण	कर्मकाण्ड
,,	२२	तौ सहस्र	तीन सहस्र
१९०	१८	अदि पुरुष	आदि पुरुष
,,	३०	माम्यता	मान्यता
१९१	२१	राजहरू	राजाहरू
१९३	१२	साकृतिक	सांस्कृतिक
,,	२४	पुराकोण अन्वेषण	पुराणको अन्वेषण
१९४	६	राजा महाराज	राजा महाराजा
,,	२३	शिक्षा दिक्षा	शिक्षादीक्षा
१९५	४	शिक्षा दिक्षाले	शिक्षा दीक्षाले
,,	टिप्पणी	पौरै जर्ान पदेःसह	पौरै जर्ान पदैःसह
१९७	२६	पुन्याए	पुन्याउनु
२००	१३	विलासय	विसासय
,,	३०	सना त धर्म	सनातन धर्म
२०१	९	आर्य र	आर्य
,,	१२	द्वेष	द्वेष
२०७	टिप्पणी	श्रोतायं	श्रोतोऽयं
२०९	३१	ब्राह्र	बाह्र
२१०	२८	धर्मा चण	धर्माचरण
२१०	१६	अनुशासिति	अनुशासित
२१२	२५	राष्ट्रेषु धर्मो	राष्ट्रेषु धर्मो
२१४	१७	महावारत	महाभारत
२१५	टिप्पणी	भारत विन्दाति	भारत विन्दति
२१८	३०	यशकारण	यस कारण
२१९	८	सत्यसङग	सत्सङ्ग
२१८	टि. २	यदप्वल्पतरं	यदप्पल्पतरं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२३	१०	भनिको	भनेको
,,	२५	आडरपत्र	आदरपात्र
२२४	३१	धृत राष्ट	धृतराष्ट्र
२२५	टि, २	विकुहयेत्	विकुट्टयेत्
,,	टि, ३	नाखुपढं	नाखूपदं
,,	टि, ४	क्ष्णेनभ्युपषेन	क्ष्णेनाभ्युपायेन
२२६	टि, २	रोष्टं	राष्ट्रं
२२८	१३	तपाइहरू । मीलाई	तपाईहरू हामीलाई
२३५	२०	गरिका	गरिएका
२३६	२४	मिता राख्ने	मित्रता राख्ने
३३१	२६	उद्दालक्की	उद्दालकको
,,	२८	आह्वावान	आह्वान
२४०	२	भूण हत्या	भ्रुणहत्या
,,	१७	बडाउछु	बनाउछु
२४३	१३	गती र	गति र
२४४	३१	मान्य	अमान्य
२४५	१८	पतज्जलि	पतञ्जलि
२४८	३२	मनीषिहरूले	मनीषीहरूले
२४९	२४	बुद्धधर्म र दर्शनका	बुद्धधर्म र अन्य दर्शनमा
२७३	१६	आख्यक	आरण्यक
२७६	११	उछालक	उद्दालक
,,	१६	विमानवत्थु	विमान वत्थुमा
२७८	४	धुमुर्धारी	धनुर्धारी
,,	१६	पात्रक	पाचक
२७९	१३	महावाणिक	महावणिक
२८०	१	सजातिय	सजातीय
२८३	१२	सकिदै	सकिदैन
,,	२१	क्रुश्तम	क्रूरतम
२८४	३	रुपता	रूपमा
,,	१६	जसलाई	जसको
२८८	२१	एउकै	एउटै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२८९	२२	वोधायनं	बौधायन
२९०	१९	नियोगप्रथा	नियोगप्रथा र "द्वितीयोवर
२९२	११	राजागृहका	राजगृहका
२९५	१	सौन्दयोपभोग	सौन्दर्योपभोग
२९५	२१	राखे पछि	राखेपछि पनि
३००	१८	मास	मांस
३०१	१२	कटर	कट्टर
३०२	३	सोत्रा माणी	सौत्रामणी
,,	१७	(मेरेय)	मैरेय
,,	२१	साददपान	सायं पान
३०६	५	उद्वारण	उद्धरण
३०९	८	मेश्वला	मेखला
,,	८	जादिका	चादीका
३०९	१५	कुष्णानुसारि	कृष्णानुसारि
३१२	८	केवालिनु	केवलिन्
,,	१०	समाज श्रद्धा	समाजले श्रद्धा
३१३	६	जीवनी पक्ष	जीवन्त पक्ष
३१४	१६	गीतको	गीताको
,,	१९	आख्यक	आरण्यक
,,	२६	,	,,
३१९	१२	जटासम्म	जटाभस्म
,,	१३	जीवर	चीवर
,,	१७	अजित केश कम्वस	अजित केश कम्बल,
३१९	३१९	एकप्पाराग्राफ नं	सम्पूर्ण छुटेको (मूल कपीमा पेज नं. ३२६
३२६	५	हुन नसकने पनि	हुन नसक्ने कारणले पनि
,,	१५	मुस्किन	मुश्किल
३३३	६	विवध ठाउँ	बिविध ठाउँ
,,	१३	प्रतिमा निर्माण पाइन्छ	प्रतिमा निर्माणमा पाइन्छ ।
३४०	५	परम	बरम
,,	२३	यिनहरूको	यिनीहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

३४१	११	विलय भयो	विलय भयो
३४२	१४	नाग दर्शनबाट	नाग दर्शनबाट
३४४	२२	शाल मज्जिका	शाल भज्जिका
३४६	१३	पूर्वा जनतंत्र	पूर्ण जनतंत्र
,,	२०	वार्ताशस्त्रीय जीविनः	वार्ता शास्त्रीय जीविनः
३४७	९	–गिको सभा	धिको सभा
३४९	२२	महाराव	महाराज
,,	२७	संमान-स्पद	संमानास्पद
३५२	२४	श्रमेणेर	श्रामणेर
३५३	२	भन्थे	भन्ने,
३५५	७	पालनकर्तु	पालन कर्तृ
३५९	१४	अवन्त	अवन्ती
३६१	१८	अनुशास	अनुशासन
३६२	१	ठूलो समूहले	ठूलो समूहले यो सभाको
,,	१४	मौग्दली	मौद्गली
,,	२१	वुद्धले	बौद्धसङ्घले
३६६	१९	अमात्यगण	अमात्यगण
,,	२६	स्थीयिक	स्थानीय
३६७	६	स्वयत्तता	स्वायत्तता
३७२	१७	चतुर्थसंगी	चतुर्थ संगीति
३७३	१	दुसाराभा	बुखारामा
,,	१५	वोम	वीम
३७५	५	चम्मा	जम्मा
,,	९	मत मान्तर	मत मतान्तर
,,	१२	सामापत्र	तामा पत्र
३८०	४	अधिकार क्रिया	अभिचार क्रिया
३८२	३०	प्रवास	प्रयास
४०१	१	आरण	कारण
,,	२५	उपदेश भनिएका	उपदेशक भनिएका
४०६	६	संघोनग	संघोनगर
४०६	२२	६३	६३३ ई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४१०	२२	(सं १०४)	(सं ६७८)
,,	२४	उदय देवको घनवज्र	उदयदेवको अभिलेखको
४११	८	महामत्यलाई	महामात्यलाई
४१५	२३	आर्यहरूको	आर्यहरूमा नै
४१७	१८	गुप्तचर	गुप्त थर
४२३	२६	मंगाल	मंगोल
४३२	७	गप्पर	खप्पर
४३७	९	बनौर	कनौर
४४१	५	(खश) के	(खश कै)
४४७	२७	टि ४ हिमनड	हिमवान्–
४४८	१८	हेरेको	रहेको
४५०	२५	ममसाथले	मनसायले
४५४	१८	पानी ढलामा	पानी ढलोमा
४५७	१४	वलोबास	वसोबास
४५९	४	स्थागत	स्थान गत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu